नेपाल मानवअधिकार वर्ष पुस्तक २००३

यस वर्षको उल्लेख्य

अन्यौलमा संविधान

मानवअधिकार वर्ष पुस्तक २००३

(०५८ पुस १७ गतेदेखि ०५९ पुस १६ गतेसम्म अर्थात् सन् २००२ भरिका घटनाहरुको संकलन)

सम्पादन मण्डल
कृष्ण गौतम
योगीश खरेल
प्रकाश ज्ञवाली

इन्सेक
insec

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. ४२७८७७०, फ्याक्स नं. ४२७०५५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np

मानवअधिकार वर्ष पुस्तक २००३

संयोजक

प्रेक्षा ओझा
(प्रमुख, मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्र)

प्रकाशन मिति

०५९ चैत २७ गते

संख्या

तीन हजार प्रति

प्रकाशक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार

इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामाग्री इन्सेकको श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ।)

आई.एस.बी.एन. ९९९३३-७५१-८-७

आवरण तथा ले-आउट

गोविन्द त्रिपाठी

तथ्यांक प्रशोधन

सुरेश रञ्जित
प्रमीन घिमिरे
विमलचन्द्र शर्मा

मूल्य

रू. २००/-

मुद्रक

इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन नं. ४७७१४४८

विषय सूची

पृष्ठ संख्या

भूमिका

सन् २००२ को मानवअधिकार स्थितिको समग्र मूल्यांकन क

परिच्छेदहरु

परिच्छेद १ यस वर्षको उल्लेख्य : अन्यौलमा संविधान १

परिच्छेद २ राज्य र मानवअधिकार

(क) न्यायपालिका २३

(ख) कार्यपालिका ४७

(ग) व्यवस्थापिका ७१

परिच्छेद ३ मानवअधिकार वर्ष पुस्तकका दश वर्ष : नेपालमा मानवअधिकारको स्थिति ८७

अनुसूचीहरु

अनुसूची १ सन् २००२ र मानवअधिकार उल्लंघनका तथ्यहरू

१. पूर्वाञ्चल १०५

२. मध्यमाञ्चल १७७

३. पश्चिमाञ्चल २८१

४. मध्यपश्चिमाञ्चल ३५३

५. सुदूर पश्चिमाञ्चल ४५५

अनुसूची २ मानवअधिकार उल्लंघन तथ्याङ्क २००२ ४९५

अनुसूची ३ सन् २००२ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीका धारणाहरू ५११

अनुसूची ४ सन् २००२ को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणाहरू ५२५

अनुसूची ५ क्रिया प्रतिक्रिया ५३५

अनुसूची ६ वर्ष पुस्तक २००३ तयारीका क्रममा संलग्न व्यक्तिहरू ५४५

अनुसूची ७ सन् २००२ मा राज्यद्वारा पीडित भएकाहरूको संख्या ५४७

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १०७
१.२ इलाम १११
१.३ पाँचथर ११५
१.४ ताप्लेजुङ १२०
१.५ मोरङ १२३
१.६ सुनसरी १२९
१.७ धनकुटा १३३
१.८ तेह्रथुम १३६
१.९ भोजपुर १३९
१.१० संखुवासभा १४२
१.११ सप्तरी १४९
१.१२ सिराहा १५३
१.१३ उदयपुर १५८
१.१४ खोटाङ १६५
१.१५ ओखलढुङ्गा १६९
१.१६ सोलुखुम्बु १७२

२. मध्यमाञ्चल

२.१ धनुषा १७९
२.२ महोत्तरी १८३
२.३ सर्लाही १८७
२.४ सिन्धुली १९२
२.५ रामेछाप २०२
२.६ दोलखा २०९
२.७ रौतहट २१४
२.८ बारा २२०
२.९ पर्सा २२३
२.१० चितवन २२५
२.११ मकवानपुर २३३
२.१२ ललितपुर २३७
२.१३ काभ्रे २४२
२.१४ भक्तपुर २४८
२.१५ काठमाडौं २५१
२.१६ धादिङ २६१
२.१७ सिन्धुपाल्चोक २६८
२.१८ नुवाकोट २७५
२.१९ रसुवा २७८

३. पश्चिमाञ्चल

३.१ तनहुँ २८३
३.२ गोरखा २८९
३.३ लमजुङ २९४
३.४ स्याङ्जा २९८
३.५ कास्की ३०२
३.६ मनाङ ३०७
३.७ नवलपरासी ३०८
३.८ रूपन्देही ३१३
३.९ पाल्पा ३१६
३.१० कपिलवस्तु ३१८
३.११ अर्घाखाँची ३२४
३.१२ गुल्मी ३२९
३.१३ बाग्लुङ ३३४
३.१४ पर्वत ३४१
३.१५ म्याग्दी ३४८
३.१६ मुस्ताङ ३५२

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ३५५
४.२ प्युठान ३६२
४.३ रोल्पा ३६६
४.४ सल्यान ३७८
४.५ रूकुम ३८४
४.६ बाँके ३९२
४.७ बर्दिया ४०३
४.८ सुर्खेत ४१३
४.९ जाजरकोट ४२३
४.१० दैलेख ४२८
४.११ डोल्पा ४३३
४.१२ जुम्ला ४३७
४.१३ कालिकोट ४४२
४.१४ मुगु ४४६
४.१५ हुम्ला ४४८

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ४५७
५.२ अछाम ४६४
५.३ डोटी ४६८
५.४ बाजुरा ४७१
५.५ बझाङ ४७४
५.६ कञ्चनपुर ४७७
५.७ डडेलधुरा ४८१
५.८ बैतडी ४८७
५.९ दार्चुला ४९०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ५० वटा आवद्ध संस्थाहरू मार्फत यसका कार्यक्रमहरू देशभर संचालित छन्। मानवअधिकार उल्लंघनका घटनाहरूलाइ अध्ययन अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ। पाँचवटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरू छन्।

०५६ चैत २८ गते सम्पन्न साधारण सभाले ३ वर्षका लागि चयन गरेको कार्यसमिति

सल्लाहकार	- बद्रीप्रसाद ख्यातवडा
	- सुशील प्याकुरेल
अध्यक्ष	- डा. शिव शर्मा
महासचिव	- सुबोधराज प्याकुरेल
कोषाध्यक्ष	- दिपकराज सापकोटा

सदस्यहरू

- प्रा. पवनकुमार ओझा
- सन्तोष प्याकुरेल
- हमिद अन्सारी
- विनयकुमार कसजू
- यमुना भट्टराई
- कुन्दन अर्याल
- सुजिता शाक्य
- जानु गुरुङ

निर्देशकहरु तथा निम्न केन्द्रहरु मार्फत् इन्सेकको दैनान्दिन कार्य सम्पादन गरिन्छ।

मानवअधिकार शिक्षा तथा तालिम केन्द्र (HRE)

साक्षरता सचेतना मार्फत ग्रामीण क्षेत्रमा मानवअधिकार शिक्षा, शान्ति र विकासका लागि द्वन्द्व व्यवस्थापन, मानवअधिकार सम्बन्धी तालिम, मानवअधिकारको सम्वर्द्धनमा स्थानीय क्षेत्रका मानवअधिकार संस्थाहरूसँग सहकार्य।

अलाभान्वित समुदायका लागि सामाजिक अभियान केन्द्र (DGC)

बालबालिका, महिला, दलित, कमैया मजदुर, जनजाति तथा अन्य पीछडिएका समुदायको अधिकार प्राप्तिका लागि उनीहरूलाइ नै सक्रिय बनाउँदै विभिन्न अभियान कार्यक्रम मार्फत सशक्तीकरण कार्यक्रम, बाल सचेतना समूह (२३५), महिला सचेतना समूह।

मानवअधिकार प्रलेख तथा प्रसारण केन्द्र (DDC)

मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरूको अध्ययन, अनुसन्धान, मानवअधिकार उल्लंघन तथा ज्यादतीका घटनाका सम्बन्धमा स्थलगत अध्ययन, दैनिक रूपमा मानवअधिकार सम्बन्धी घटनाहरूको अध्यावधिक विभिन्न प्रकाशनहरू मानवअधिकार वर्ष पुस्तक, मानवअधिकार स्थिति सूचक (त्रैमासिक), पाची (द्वैमासिक), इन्फरमल (त्रैमासिक), इन्सेक अभियान (मासिक) वेब पेज, इ-बुलेटिन (साप्ताहिक), मानवअधिकार रेडियो शिक्षा कार्यक्रम (प्रत्येक शनिवार बिहान ८.३५ बजे रेडियो नेपालबाट) मार्फत प्रसारण एवं वितरण, रेडियो स्रोता क्लब (६५०)।

मानवअधिकार सन्धी अनुगमन केन्द्र (TMC)

मानवअधिकार सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, नियम, नियमावली, सन्धी, सम्झौताका नियमित अध्ययन, अनुसन्धान, प्राथमिकता ६ महासन्धीहरू ICCPR, ICESCR, CAT, CRC, CEDAW,CERD चिनीहरूको सम्बन्धमा राज्य पक्षको दायित्व नियमित प्रतिवेदन पठाउने, जनचकालत, पठाइएका प्रतिवेदनको अनुगमन तथा वैकल्पिक एवं छाया प्रतिवेदन पठाउन अन्य मानवअधिकार एवं नागरिक समाजका विभिन्न संस्थाहरूसँग संयोजन सहकार्य, सञ्चारमाध्यमबाट राजनीतिक नागरिक, सामाजिक, आर्थिक र सांस्कृतिक पक्षहरूबाट प्राप्त सूचना, अभिव्यक्ति एवं लेख्य रचनाहरूको नियमित विश्लेषण।

व्यवस्थापन सहयोग केन्द्र

माथिका सबै कार्यक्रमहरूको व्यवस्थापनमा सहयोग।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय**, जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२५२०७, ५२८७२१
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय**, कलकी, काठमाण्डौ। फोन नं. ०१- ४२८८५६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, नागढुंगा, पोखरा। फोन नं. ०६१- ५२०५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, बाँगेसल्ली मार्ग, मुक्तिपुर, नेपालगञ्ज। फोन नं. [illegible]
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, हसनपुर, धनगढी। फोन नं. [illegible]

भूमिका

लगातार एघार वर्ष, प्रत्येक वर्ष प्रजातन्त्र प्राप्ति पछिको सूर्योदयको दिन हामी मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्न हामी सफल भएका छौं। अप्ठ्यारा र कठिनाईहरूका बावजुद मानवअधिकार र सूचना सम्प्रेषणको संघर्ष भूमीमा डटिरहनु भएका पचहत्तरै जिल्लाका जिल्ला प्रतिनिधि साथीहरूलाई सर्वप्रथम म सम्मान गर्न चाहन्छु। यो वर्ष पुस्तक सिंगो इन्सेक परिवार र गाउँ शहरका जनताको सुख, दुःखको मितेरीको प्रमाण हो। प्राथमिक सूचनाको संग्रह हो। अध्येता, अनुसन्धाताहरूकालागि जानकारी र आधारहरूको असिम भण्डारण हो। मानवअधिकारको संरक्षण र सम्वर्द्धनकालागि हर कोहीले यसको उपयोग गर्नु होस् भनी इन्सेक हार्दिक आग्रह गर्दछ।

प्रजातान्त्रिक राजनीतिको सम्पूर्ण पक्षलाई समेटेर नेपालको मानवअधिकार सम्बन्धी साङ्गोपाङ्ग प्रलेख, नियमित रूपमा प्रकाशन गर्ने उत्कट अभिलाषा राख्नु हुने इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेलाई यस घडीमा अभिवादन गर्दछौं।

सन् २००२- मानवअधिकारको विश्वव्यापी, सार्वभौम मान्यता अनुरूप स्वाभिमान, संरक्षण र विकासको अधिकारको दृष्टिकोणले असफल वर्ष रह्यो। न्यायपालिका, राज्य र विधायीका सबै असफल रहे। जनतालाई शान्ति, समृद्धि र स्वामित्वको सपना सबैले बाँडे तर व्यवहारमा अनुवाद गर्दा अशान्ति, मृत्यु, अपहरण र सन्त्रास मात्र जनताको घरदैलोमा पुग्यो। गाउँ, घर छाडेर हजारौंको संख्यामा मानिसहरू विदेशिए। कैयन गाउँ सुनसान भए। महिला, बालबालिका र बुढाबुढीहरूको स्थिति दयनीय भयो। संकटकाल थोपरेर हिंसा समाधान गर्न आतंककारी क्रियाकलाप विरुद्ध जाइलागेको सरकार आफैले कानुनको पालना गरेन। माओवादीहरूले हिंसात्मक क्रियाकलापको सिलसिलामा निर्दयिताको तमाम् सिमाना नाघे। जनताले आशा गर्न लायक कुनै पनि राजनीतिक शक्ति बाँकी रहेन। अन्तत : जनताको सार्वभौमसत्ता भन्दामाथि राजामा निहित राजकीय सत्ता बलशाली भयो। जननिर्वाचित प्रधानमन्त्री खोसुवा भए।

अहिले हाम्रो देशमा चुनाउ हारेकाले शासन चलाएका छन्। संविधानमा कतै प्रावधान नभएको- चुनाउमा नउठ्ने- शर्तवन्दी गर्नेहरू मन्त्री भएका छन् र धारा १२७ बाहेक संविधानको बाँकी सम्पूर्ण धाराहरू सुकेनासले अपाहिज भएका छन्। मूलधारका अगुवा राजनीतिक दलहरू "कुहिरोको काग" भएका छन् र घण्टा-घण्टामा र ठाउँ पिच्छे फरक-फरक कुरा गर्दैछन्। "आमूल परिवर्तन", "अग्रगामी सुधार", "संविधान सभा" जस्ता बौद्धिक कसरतका कुरा जनताकालागि भयानक शब्दजाल भएको छ। उनीहरू सोध्छन्- गाउँमा स्कूल, स्वास्थ्य चौकी, खानेपानीको व्यवस्था कसरी हुन्छ ? जनताकालागि शान्तिको अर्थ गाउँमा सेना र प्रहरी नपस्ने वातावरण हो। जनताकोलागि सम्मानको अर्थ- पुलिस र प्रशासनका कार्यालयमा छिर्दा डराउन नपर्नु हो! जनताकोलागि राजनीतिक अधिकारको अर्थ- भोट हालि दिएर नेतालाई बिदा गर्न (स्वागत गर्न होइन) पाउनु हो। जनता विना बाहिरी हस्तक्षेप शान्तिले मर्न चाहन्छ। यस्तो डरलाग्दो अवस्थामा पनि जनतामा छाएको निराशाको उपचार गर्ने चिन्ता राजनीतिक दलहरूमा छैन। उनीहरूमा एउटै मात्र चिन्ता छ- भोलीको सरकार कसले हाँक्ने ? सरकारको आधार यिनै जनता हुन् भन्ने सोच पलाएको कुरा, वर्षभरी कतै पनि सुँघ्न पाइएन। माओवादी र सरकार दुवैलाई शान्ति प्रक्रियामा आउन जनताले गाउँ-गाउँबाट व्यापक दवाव दिए। नागरिक समाजले अग्रणी भूमिका खेल्यो। शान्ति प्रक्रियाको शुरूआतमै आचार संहिता प्रस्तावित गर्‍यो।

जो सुकै पनि हिंसाको शिकार हुन सक्ने परिस्थितिमा पनि घटनास्थलमै पुगेर जानकारी ल्याउने र सार्वजनिक गर्ने काम मानवअधिकारकर्मीहरू र पत्रकारहरूले गरे। अन्तर्राष्ट्रिय मानवअधिकार समुदायले पनि नेपालमै आएर ऐक्यवद्धता जनायो। कुटाई, दमन, यातना र मृत्युको पिसाईमा नेपालको यो समुदाय पनि पर्‍यो। माओवादी र राज्य दुवैले मानवअधिकार, मानवीय कानुनमात्र होइन मानवताको धज्जी उडाए। मानव ढाल, हत्या, यातना, अपहरण, बेपत्ता, लुटपाट, बालसैनिक र महिलाउपर युद्धमाथि बलात्कारको दोहोरो युद्ध थोपर्ने जस्ता तमाम् कुकर्म यो देशमा भयो।

इतिहासको कठघरामा यो ज्यादती र अपमानकालागि राज्य र माओवादी दुवैले उभिनु पर्नेछ। बहुदलीय व्यवस्थाको विगत १२ वर्षमा अनेकन मामिलामा बाटो बिराएका, दृष्टिकोण हराएका, आचरण बिटुलिएका ०४६ को गौरवशाली जनआन्दोलनका सहकर्मी अगुवा राजनीतिक दलहरूले प्रत्युत्तर बुझाउनु पर्नेछ। हामी सबैलाई चेतावनीका औंला ठड्याउन चाहन्छौं- निरपेक्ष दण्डहीनता- मुर्दावाद। अभिलेख नबनाई, न्यायको कठघरामा नउभ्याई, सजाय नसुनाई र अपराध कबूल नगराई, कसैलाई पनि आम दण्डहीनताको बकस दिन पाइन्न।

सन् २००२ मा मानवअधिकारको रक्षाकालागि राष्ट्रिय मानवअधिकार आयोग आशाको पुञ्जका रूपमा रह्यो। अनेकन सवालमा सरकारको ध्यान आकृष्ट गर्ने र माओवादीलाई चेतावनी दिने काम पनि आयोगले गर्‍यो। प्रहरीद्वारा निर्घात कुटिएका, सेनाद्वारा धम्की दिइएका मानवअधिकारकर्मीहरूको संरक्षणकालागि, न्यायालयको सम्मानकालागि कानुनको शासन र जनताको जीवन रक्षाका खातिर, उनीहरूको मानवअधिकार संरक्षणको काममा, आयोग गाउँ-घरसम्म पनि पुग्यो। तर, थलोमा गएर मानवअधिकार समुदायसँग सहकार्य गरी बटुलिएको, मानवअधिकार र मानवीय कानुन उल्लंघनका घटना आधा वर्ष बित्दा पनि सार्वजनिक गर्न आयोगले सकेन।

राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले पनि सीमित अधिकार र श्रोतको बावजुद आ-आफ्नो ठाउँबाट भरमग्दुर प्रयत्न गरे। नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासंघ, रिपोर्टर्स विथाउट बोर्डर्स, एम्नेष्टी इन्टरनेशनल, ओएमसिटी, आईसीआरसी तथा संयुक्त राष्ट्रसंघको मानवअधिकार आयोगलाई उनीहरूको प्रयासकालागि हार्दिक धन्यवाद दिन चाहन्छु।

पेशागत क्षेत्रबाट केही चिकित्सक, पत्रकार, वकिल र स्वास्थ्यकर्मीहरूले मानिसको ज्यान जोगाउन र यथार्थ सार्वजनिक गर्ने काममा खतरा मोल लिएरै योगदान गर्नु भएको छ। विविध पेशा र क्षेत्रमा रहेका सर्वसाधारणले दयालुपन र मानवअधिकारको रक्षाकालागि बिर्सिनसक्नुको योगदान गरेका छन्। ती कामहरू जो कुनै पशंसा र अभिलेखकालागि भनेर गरिन्न, त्यस्तो महान कामका ज्ञात-अज्ञात सहकर्मीहरूलाई म सम्मानको सलाम अर्पण गर्दछु।

जनताले शान्ति चाहेका छन्। शान्तिका आधारहरु के के हुन सक्छन् ?

राजनीतिक दल

हरेक पटक राजनीतिक दलहरूको आन्तरिक विग्रहको पीडा राष्ट्रले भोग्नु परेको छ। जनतामा प्रजातन्त्रको कुरा गर्ने यी दलहरूभित्र कत्तिको प्रजातन्त्र छ ? निर्वाचित पदाधिकारी र मनोनित पदाधिकारीको अनुपात के छ ? आलोचना र विरोधको अधिकार यी दलमा छ ? सूचनाको हक छ ? निष्पक्ष सुनुवाइको हक छ ? वैचारिक मतभेदलाई वैचारिक तवरले समाधान नगरेर सांगठनिक बहुमतका आधारमा निरंकुश दमन गर्ने प्रवृत्ति हावी छ भन्ने गुनासो बारम्बार सुनिने गरिएको छ।

अतः राजनीतिक दलहरूका प्रजातान्त्रिकरण हुनुपर्छ, प्रजातान्त्रिकरण गर्न यिनलाई बाध्य पार्ने कानुन बनाउनु पर्छ। जनताको पहुँच र मूल्यांकनको घेरामा दलीय नेताहरूलाई पनि ल्याउनु पर्छ।

निर्देशक सिद्धान्त

नेपाल अधिराज्यको संविधानमा आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारका कुरा निर्देशक सिद्धान्तका रूपमा मात्र लेखियो। सर्वोच्च अदालतको आदेशलाई समेत नांगो उल्लंघन गर्नेहरूले निर्देशक सिद्धान्तलाई टेर्ने कुरै भएन। अतः कमसेकम वर्षमा एक पटक, प्रधानमन्त्रीले राज्यको निर्देशक सिद्धान्तको आधारमा सरकारको कामको प्रतिवेदन सदनमा प्रस्तुत गर्ने र सदनको निर्णय राज्यको निर्देशन सरह लागू हुने प्रबन्ध गर्नुपर्छ।

प्रधानमन्त्रीय पद्धति

हाम्रो सरकार प्रधानमन्त्रीय पद्धतिमा चल्छ भनिन्छ। तर, संसदभित्रको टाउको गन्ने खेलका कारण प्रधानमन्त्री सधैं धरापमा रहन्छन्। निर्वाचन पद्धति प्रधानमन्त्रीसँग नगाँसिएको अवस्थामा सरकार संचालनको पद्धति कसरी प्रधानमन्त्रीय हुन सक्छ ? अतः निर्वाचन प्रणालीको दोष हटाउनु पर्छ।

जनताको संविधान

०४७ सालको संविधान- पछि गएर सरकार चलाउनेले लेखे। त्यसैले, जनजाति, भाषा, महिला एवं उत्पीडित समुदायप्रति केन्द्रित समाधानका उपायबारे सोचिएन। चुनाउमा जिताउने बाहेक अरूलाई सिमान्तीकरण गरियो र अन्तरविरोधको बिउ रोपियो। शिल्पकार र श्रमजीवीहरूलाई सुनियोजित तवरले विस्थापित गर्ने आधार खडा गरियो। राज्यको आवरणमा राष्ट्र निर्माणको जिम्मेवारी पन्छाइयो। अब लेखिने कुनै पनि संविधान वा गरिने संशोधनले भोली सरकार नचलाउनेको कुरा पनि सुन्नु पर्छ। संविधानमा आवश्यक परिवर्तन गर्ने र ग्रहण गर्ने तमाम् ढोका खुला राख्नु पर्छ।

आधारभूत अधिकारको रक्षा र प्रवर्द्धन

जनताको आधारभूत अधिकारको रक्षा र प्रवर्द्धन गर्न नसक्नेलाई राज्य संचालनको अधिकार दिनु हुन्न।

जनताका आधारभूत अधिकारहरूका बारेमा सरल शव्दमा, किटानी परिभाषा गरिनु पर्छ। सीमान्तिकरणमा परेका वर्गीय, लिङ्गीय र जातिगत समुदायलाई प्राथमिकता दिएर आधारभूत अधिकार प्राप्तिको न्यायिक आधारहरू सृजना गरिनु पर्छ। सामाजिक न्याय र नागरिकको आत्मसम्मानको सवाललाई संसदीय वहुमतको भरमा अपहेलना गर्नेलाई पदच्यूत गर्न सकिने संवैधानिक व्यवस्था गर्नु पर्छ।

अन्तर्राष्ट्रिय मानवअधिकार

विश्वभरीका जनताको अधिकारहरूको रक्षा र विकासकालागि मानवअधिकार तथा मानवीय कानुनको अपहेलना गर्न नपाउने गरी संविधानमा प्रावधान राखिनु पर्छ।

यूवा र संस्कृति

१८ वर्ष मुनिका बालबालिकाको जनसंख्या ४५ प्रतिशतको हाराहारीमा छ। भविष्यको निर्णायक यो पुस्ताको बारेमा द्वन्द्व समाधानको कुरा गर्दा अथवा राष्ट्र निर्माणको कुरा गर्दा ध्यान पुग्न सकेको छैन। कम्प्युटर युगको यो पुस्ताले गर्ने व्यवहार नै सिद्धान्ततः हाम्रो भावी संस्कृति हो। समाचारभित्रको समाचार र घटनाभित्रको परिघटनाको विश्लेषण गर्न सक्ने यो पुस्ताका बारेमा नसोचिकन गरिने प्रत्येक निर्णयहरू निकट भविष्यमै असान्दर्भिक ठहरिने छन्।

सरकार

सरकार चल्ने र टिक्ने कुरालाई अल्पमत र वहुमतको मात्र विषय बनाइनु हुँदैन। वहुजातीय, वहुभाषिक र वहुसाँस्कृतिक मुलुकमा विविधतालाई राष्ट्र निर्माणको वहुआयामिक शक्तिका रूपमा ग्रहण गर्ने दायित्वहरूको किटानी गरिनु पर्छ।

केही अन्तर्राष्ट्रिय मानवअधिकार कानुनहरूको अनुमोदन राष्ट्रले गर्न बाँकी छ। बनेका कानुनहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप परिमार्जन गर्न बाँकी छ। जाति जनजातिको अधिकार, आत्मनिर्णयको अधिकार, हरक्षेत्रमा महिलाको समान अधिकारको सवालहरू हल गर्न बाँकी छ। राजनीति गर्ने र सरकार चलाउनेहरूले के बिर्सनु हुन्न भने उनीहरूले पाएको अभिमतभन्दा चार गुणाभन्दा वढी अभिमत सरकार बाहिर रहने गर्छ। सरदर ६७ प्रतिशले मतदान गर्छन् र त्यसको सरदर ३१ प्रतिशत अर्थात कूल मतदाताको २१ प्रतिशत मत पाउनेले सरकार चलाउँछ। छुटेकालाई अपहेलना गर्नाले अन्तरविरोध चर्किन्छ। त्यही अन्तरविरोधलाई शिक्षाको अवसरको रूपमा नलिएर प्रतिस्पर्धाको खतराको रूपमा बुझ्ने गल्ती गर्नाले विगतमा द्वन्द्व चर्कँदै गयो। त्यही द्वन्द्वले हिंसात्मक स्वरूप ग्रहण गर्न पुग्यो। श्रमजीवीको विकासको अधिकार उनीहरूको विकासका आधारसँग, विकासका साधन र श्रोतसँग अन्योन्याश्रित भएर गाँसिएको हुन्छ। सामुदायिक अधिकारको कुरा, अधिकारको, सरकारको र निर्णय प्रक्रियाको विकेन्द्रीकरणसँग गाँसिएको हुन्छ।

नागरिक समाज

नागरिक समाज, मानवअधिकार र मानवअधिकारकालागि प्रजातन्त्रको सम्वर्द्धनमा, प्रत्यक्ष संलग्न हुने सहजकर्ता

हो। जनअधिकारको सवालमा जनताको अभिमत मुखरित गर्नु र राज्य तथा राजनीतिज्ञहरूलाई उनीहरूको जिम्मेवारीप्रति घच्घच्याइ रहनु नागरिक समाजको प्रमुख काम हो। आम नागरिकमा सचेतना जगाउने, अन्तर्राष्ट्रिय ऐक्यवद्धता जुटाउने काममा नागरिक समाजभित्रको मानवअधिकार समुदाय क्रियाशील छ। मुलुकका अगुवा राजनीतिक दलहरूले बिर्सिएका उनीहरूको उद्देश्य र एजेण्डा, उनीहरूलाई पुनःस्मरण गराउनु अहिले नागरिक समाजकालागि नयाँ चुनौतीको रूपमा देखापरेको छ। यो चुनौतीलाई व्यापक एकतावद्ध प्रयासद्वारा समाधान गर्ने काममा नागरिक समाजले अग्रसरता देखाउनु पर्छ।

सन् १९९२ देखि यताका वर्ष पुस्तकहरूमा समेटिएका सारांश यस पटक पनि दोहऱ्याउनु पर्दा भैंसीको कानमा विणा वजाउन्जेल भैंसी पगुराई रहेजस्तो अनुभव भइरहेको छ। तथापी, सबै राजनीतिक दलहरूलाई उनीहरूले विर्सिएका उनीहरूकै गन्तव्य सम्झाउन सके मुलुकको कल्याण हुनेछ। आशा गरौं, मुलुकलाई राजनीतिक संकटले चपाएर खोस्टा पार्नु अघि उनीहरूले कुरा वुझ्ने छन्।

नेकपा (माओवादी) सँग हाम्रो आग्रह गर्दछौं, उनीहरूको सैन्य शक्ति र "लाल आतंक" लाई शान्तिपूर्ण राजनीतिक शक्तिमा रूपान्तरण गर्ने काममा उनीहरूले इमान्दारिता दर्शाए भने मुलुकले शान्तिपूर्वक अग्रगति लिनेछ।

सम्पूर्ण राजनीतिक दलहरूभित्र सबै मानवअधिकार नअटाउन सक्छ, तर मानवअधिकारभित्र सबै राजनीतिक अटाउँछन्। हिंसा र हस्तक्षेप बाहेक अरू कुरा सहन गर्न मानवअधिकारको विश्व समुदाय तयार छ।

यो वर्ष पुस्तक तयार गर्न आफ्नो वौद्धिक क्षमताको अधिकतम् उपयोग गरी परिच्छेद लेखन गर्नुहुने इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेल, इन्सेक कार्यसमिति सदस्यद्वय प्रा. पवनकुमार ओझा, कुन्दन अर्याल, लेखक शार्दूल भट्टराई, पत्रकार कृष्णमुरारी भण्डारी, इन्सेकका निर्देशक पद्म खतिवडा र तथ्यांक प्रशोधन कार्यमा सहयोग गरी गुण लगाउनु भएका विनोद नेपाल सबैलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु। इन्सेकको सिंगो परिवार विशेषतः मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्रका साथीहरू धन्यवादका पात्र छन्।

अभिलेख र मानवअधिकार वर्ष पुस्तकको काममा हामीलाई नैतिक, भौतिक तथा वौद्धिक सहयोग गर्ने नोराड, इको, इइडी तथा डानिडालाई विशेष धन्यवाद ज्ञापन गर्दछु। आ-आफ्नो राय एवं प्रतिक्रिया पठाएर सहयोग गर्नुहुने विविध क्षेत्र र निकायलाई पनि धन्यवाद ज्ञापन गर्दछु।

यस वर्ष हामीले विभत्स फोटाहरू छाप्न परहेज गर्ने कोशिश गरेका छौं। घटनाहरूलाई मानवअधिकारका ६ वटा अनुवन्धका आधारमा वर्गीकरण गरेका छौं। उल्लंघनकर्ताहरूलाई राज्य, गैरराज्यमा वर्गिकरण गरी गैरराज्यपक्षभित्र माओवादीद्वारा भएका घटनाहरूलाई बेग्लै सिलेसिलेवारमा प्रस्तुत गरिएको छ।

यो वर्ष भएका घटनाको संख्याका कारण पोहोरको दाँजोमा करिव एकसय पाना थपिएको छ। सन् २००२ मानवअधिकार उल्लंघनका दृष्टिकोणले सर्वथा दुःखदायी वर्ष रह्यो। सन् २००३ ले शान्तिको सूर्योदय देखेको छ। नववर्ष २०६० मा नेपालीले निर्धक्कसँग शान्तिको सास फेर्न पाउन्। **हार्दिक शुभ-कामना !**

पाठकहरूबाट रचनात्मक प्रतिक्रियाको अपेक्षा सहित।

धन्यवाद !

सुबोधराज प्याकुरेल
महासचिव

जनआन्दोलन दिवस ०५९, चैत २७ गते

समग्र मूल्यांकन

सन् २००२ को मानवअधिकार स्थिति

१. भूमिका

मानव विकाससँगसँगै, मानवीय आवश्यकता अनुरूप मानवअधिकारको परिधि पनि बढ्दै गएको हुन्छ। नागरिक, राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकार, यी पाँचले मानवअधिकारको अधिकतम क्षेत्र ओगटेको पाइन्छ।

नेपालमा मानवअधिकारको सुव्यवस्थित कानुन निर्माणको इतिहास त्यति पुरानो छैन। आधुनिक नेपालको एक सय चार वर्ष राणाकालीन शासन अवस्थामा बित्यो। २००७ सालपछिका आधा शताब्दीमध्ये ३० वर्ष निर्दलीय पञ्चायती व्यवस्थाले लियो। ०४६ सालपछि मात्र मानवअधिकारको संरक्षण, सम्बर्द्धन र वहालीको क्षेत्रमा क्रियाशिलता बढेको हो। मानवअधिकारलाई नागरिक तथा राजनीतिक अधिकारको पर्यायका रूपमा मात्र बुझ्नेहरूले नै विगत १२ वर्षमा सबैभन्दा बढी सरकार चलाए। त्यसले गर्दा, सरकारी स्तरबाट मानवअधिकारको क्षेत्रमा उपलब्धीमूलक कार्यहरू संचालन नभएता पनि, गैरसरकारी स्तरबाट भएका गतिविधिहरू उल्लेख्य साबित भएका छन्।

अहिले पनि मानवअधिकारलाई औपचारिक शिक्षाका रूपमा पाठ्यक्रममा समावेश गरिएको छैन। गैरसरकारी क्षेत्रबाट संचालित मानवअधिकार शिक्षा कार्यक्रमले प्रभावकारी परिणाम हासिल गरेको छ। विद्यालय तहदेखि नै मानवअधिकार शिक्षाको शुरूवात गर्नु राज्यको दायित्व हो।

नेपालका विभिन्न मानवअधिकार संस्थाहरूले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार प्राप्तिका लागि विभिन्न कार्यक्रमहरू संचालन गरिरहेका छन्। मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि प्रभावकारी वकालत हुँदाहुँदै पनि मानवअधिकार स्थिति दिन-प्रतिदिन गिर्दो छ। ०४६ सालको जनआन्दोलनको परिणामस्वरूप नेपालमा विभिन्न राजनीतिक पार्टीहरू अस्तित्वमा आए तर आजसम्म पनि उपयुक्त राजनीतिक संस्कृतिको विकास हुन सकेको छैन। जो राजनीतिक अधिकारको ज्ञाता छ, ऊ राजनीतिक पार्टीमा संलग्न हुनैपर्ने, जसले राजनीतिको वकालत गर्छ, उसले पनि राजनीतिक पार्टीको सदस्य बन्नैपर्ने वा पार्टी खोल्नै पर्ने चलन छ। कुनै पनि पार्टीसँग आवद्ध नरहने गरी राजनीतिक वकालत गर्ने परिपाटीको थालनी हुन सकेको छैन।

संवैधानिक राजतन्त्र, बहुदलीय प्रजातन्त्र तथा जनतामा निहित सार्वभौमसत्ता, ०४६ सालको जनआन्दोलनले स्थापित गरेको प्रजातन्त्रका प्रमुख उपलब्धिहरू हुन्। त्यसकारण नेपाल अधिराज्यको संविधान २०४७ मा मानवअधिकारका कुराहरू खुलेर रूपमा प्रस्तुत भएका छन्। प्रजातन्त्र प्राप्तिपश्चात् बनेको संविधानद्वारा नेपाली नागरिकहरूको आधारभूत मानवअधिकार सुनिश्चित गरिनुका साथै संसदीय प्रणाली अन्तर्गत सरकार गठन गर्ने तथा कानुनी शासनको अवधारणालाई मूर्तरूप दिन स्वतन्त्र तथा सक्षम न्याय प्रणालीको, व्यवस्था गरिएको छ।[1]

अन्तर्राष्ट्रिय क्षेत्रमा मानवअधिकार सम्बन्धी विभिन्न कानुन, अनुवन्ध तथा अभिसन्धिहरू निर्माण भएका छन्। तिनीहरूमध्ये नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR), सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकार सम्बन्धी अनुबन्ध (ICESCR), महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW), यातना विरूद्धको महासन्धि (CAT), बालअधिकार सम्बन्धी महासन्धि (CRC) तथा सबै प्रकारका जातीय भेदभावहरू उन्मूलन गर्ने महासन्धि (CERD) आदि प्रमुख छन्। यीबाहेक अन्य दुई वटा महत्वपूर्ण सिद्धान्तहरू, मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र (UDHR) १९४८ र जेनेभा महासन्धिहरू समेत छन्। नेपालले माथि उल्लेखितका साथै अन्य ८ वटा महासन्धिहरू पनि अनुमोदन गरिसकेको छ। यसरी, नेपाल कूल १६ वटा अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र बनिसकेको छ।

नेपालको सन्धि ऐन २०४७ को दफा ९ अनुसार, अनुमोदन गरिएका हरेक अन्तर्राष्ट्रिय महासन्धिहरूले राष्ट्रिय कानुन सरह मान्यता पाउँदछन्। राष्ट्रिय कानुनका प्रावधानहरू अन्तर्राष्ट्रिय महासन्धिहरूका प्रावधानसँग बाझिएको हदसम्म अन्तर्राष्ट्रिय महासन्धिकै प्रावधानहरू लागू हुन्छन्। दक्षिण एशियाली राष्ट्रका अन्य कुनै देशमा यस्तो किमिसको प्रावधान छैन।

तालिका १

सन् २००२ मा भएका मानवअधिकार उल्लंघनका घटनामा पीडित संख्या (महासन्धि अनुसार)

महासन्धि	घटना संख्या	पीडित संख्या			
		पुरुष	महिला	नखुलेको	जम्मा
CAT	४४८	६७५	६९	५१	७९५
CEDAW	५६३	१६	७४६	१	७६३
CERD	३५	३१	१२	०	४३
CRC	२१८	१२७	१४६	८१९	१०९२
ICCPR	६०४७	९१९५	९११	३४१२	१३५१८
ICESCR	१५६७	४२८	२९	४४१६	४८७३
जम्मा	८८७८	१०४७२	१९१३	८६९९	२१०८४

नोटः कतिपय अवस्थामा एउटा घटनामा पीडित भएकाको संख्यालाई दुई वा सोभन्दा बढी महासन्धिअन्तर्गत पनि गणना गरिएको छ। एउटा घटनामा पीडित भएकालाई एउटा मात्र महासन्धिमा मात्र गणना गर्दा जम्मा संख्या १८७६३ हुन्छ।

यसैगरी ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD हरूलाई कुनै राष्ट्रले अनुमोदन गरेपश्चात् संयुक्त राष्ट्रसंघ अन्तर्गतका सम्वन्धित निकायमा राज्यको स्थितिबारे समय-समयमा प्रतिवेदन प्रस्तुत गर्नुपर्ने हुन्छ। महासन्धिहरूको पक्षराष्ट्र सबै कानुनी व्यवस्थाहरूको कार्यान्वयन तथा क्रियाशील अन्य कानुनहरूमा सुधार ल्याउन विभिन्न संयन्त्रहरूको संरचना गर्न, उचित बजेटको व्यवस्था गर्न तथा अन्तर्राष्ट्रिय मानवअधिकारका कानुनी दस्तावेजहरूमा उल्लिखित अधिकारहरूको वहाली र त्यसको उचित अनुगमन गर्न बाध्य हुन्छन्।

यी महत्वपूर्ण जिम्मेवारीहरू हुँदाहुँदै पनि नेपालले हालसम्म CERD सँग सम्वन्धित १४ वटा प्रतिवेदनबाहेक अन्य पाँचवटा महासन्धिहरू सम्बन्धी एक-एक वटा मात्र प्रतिवेदन बुझाएको छ। नेपालले सन् २००२ को डिसेम्बरसम्म विभिन्न ६ वटा महासन्धिसम्बन्धी १० वटा प्रतिवेदन बुझाउन पर्ने छ।

नेपालले सबै महासन्धिहरूसँग सम्बन्धित प्रारम्भिक तथा केही आवधिक प्रतिवेदनहरू बुझाएता पनि धेरै प्रतिवेदनहरू बुझाउन बाँकी छन्। नागरिक समाजका तर्फबाट पनि केही वैकल्पिक प्रतिवेदनहरू प्रस्तुत गरिएका छन् तथापि तिनीहरू कुनै क्षेत्र विशेषसँग मात्र केन्द्रित भएका हुन्छन्। उदाहरणका लागि इन्सेक समेत संलग्न रहेको मानवअधिकार तथा सामाजिक न्याय मञ्च (Alliance) द्वारा तयार गरिएको सामाजिक, साँस्कृतिक तथा आर्थिक अधिकारहरू सम्बन्धी अनुवन्धसँग सम्वन्धित वैकल्पिक प्रतिवेदनले आवास तथा बसोवाससम्वन्धी अधिकारका कुराहरूलाई मात्र उल्लेख गरेको छ। तसर्थ, अनुवन्धमा उल्लेखित सबै महत्वपूर्ण अधिकारहरूको अनुगमन तथा प्रतिवेदन प्रस्तुत गर्ने काम, हालसम्म पनि सम्भव हुन सकेको छैन।

२. उद्देश्यहरु र विधि

मानवअधिकार वर्ष पुस्तक देशका ७५ वटै जिल्लामा रहेका प्रतिनिधिहरूद्वारा प्रेषित सूचनाका आधारमा तयार गरिन्छ। जिल्ला-जिल्लामा भएका मानवअधिकार उल्लंघनका घटनाहरूबारे स्थलगत अध्ययन, पीडित तथा पीडक पक्षसँग सम्पर्क, सम्बन्धित सरकारी, अर्धसरकारी निकाय, राजनीतिक दल, संघ-संस्था आदिबाट प्राप्त जानकारीहरूको आधिकारिक पुष्ट्याइँपछि जिल्ला प्रतिनिधिहरूले इन्सेक क्षेत्रीय कार्यालयमा सूचना प्रेषण गर्दछन्। क्षेत्रीय कार्यालयबाट ती सूचनाहरूको आधिकारिकता तथा महत्व मूल्यांकन गरी ठीक रहेमा केन्द्रीय कार्यालयस्थित मानवअधिकार वर्ष पुस्तक शाखामा पठाइन्छ। अन्यथा, जिल्ला प्रतिनिधिमार्फत् पुनर्पुष्ट्याइँ र थप जानकारी प्राप्त गरेपछि केन्द्रीय कार्यालयमा पठाइन्छ। केन्द्रीय कार्यालयमा पनि घटनाको पुनर्मूल्यांकन र पुष्ट्याइँका लागि अन्य श्रोतबाट प्राप्त सूचनाहरूलाई पनि आधार मानिन्छ र अन्त्यमा, जिल्ला प्रतिनिधिले पठाएको सूचनालाई आधिकारिक मानी त्यसमा थप बुझ्नुपर्ने भए क्षेत्रीय कार्यालयमार्फत् अनुगमन गराइन्छ। केन्द्रीय कार्यालयमा प्राप्त सूचनालाई कम्प्युटर प्रशोधनका लागि ओर्याकल सफ्टवेयरनिर्मित मानवअधिकार प्रलेख प्रोग्रामको प्रयोग गरिन्छ। ती सूचना र तथ्यांकले मानवअधिकार स्थितिको मापनका लागि आधार प्रदान गर्दछन्।

सन् २००२ मा देशको समग्र मानवअधिकार स्थितिको लेखाजोखा गरी तयार पारिएको मानवअधिकार वर्ष पुस्तक २००३ मा समाविष्ट तथ्यांक, सूचना र सवालहरूको सारांश प्रस्तुत गर्नु यो लेखको प्रमुख उद्देश्य हो। त्यसका लागि ६ वटा मुख्य अन्तर्राष्ट्रिय महासन्धिहरू (ICCPR, ICESCR, CAT,

तालिका २

सन् २००२ मा पीडित भएकाहरुको संख्या

(महासन्धि अनुसार)



CEDAW, CRC र CERD) मा उल्लेखित व्यवस्थाहरूको सन्दर्भलाई लिएर राज्यका वाध्यकारी पक्षहरू र मानवअधिकारको अवस्थाका बारेमा तुलनात्मक अध्ययन गर्नु यो लेखको अर्को प्रमुख उद्देश्य हो। पहिलो चरणमा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले सन् २००२ मा मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि निर्वाह गरेको भूमिकाबारे मूल्यांकन प्रस्तुत गरिएको छ भने त्यसपछि सन् २००२ को मानवअधिकार स्थिति विश्लेषण गरिएको छ।

विश्लेषणका आधार मुख्य ६ वटा सन्धिहरूलाई बनाइएको छ। कानुनमा व्यवस्था गरिएका अधिकारहरूका बारेमा यस आलेखमा व्याख्या गरिएको छ। त्यसैगरी राज्यका वाध्यकारी पक्षहरूलाई पनि उठान गरिएको छ। अन्त्यमा, मानवअधिकार वर्ष पुस्तक २००३ को सारांश प्रस्तुत गरिएको छ।

३. सन् २००२ का उल्लेख्य विषय तथा राज्य र मानवअधिकार

प्रजातन्त्र पुनर्वहाली भएपश्चात्का वर्षमध्ये सन् २००२ को मानवअधिकार स्थिति अत्यन्त निर्धन रहयो। विश्वकै संविधानमध्ये उत्कृष्ट भनी प्रशंसित नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्रत्याभूत मानवअधिकारको त कुरै छाडौं, संविधान स्वयम्को अस्तित्वमाथि प्रश्नचिन्ह खडा भएको छ। ०५९ जेठ ८ गते प्रतिनिधि सभा विघटन र असारमा स्थानीय निकायको म्याद समाप्त भएपछि जनइच्छा र जनआवाजको प्रतिनिधित्व गर्ने कुनै संवैधानिक निकाय मुलुकमा रहेनन्- देउवा मन्त्रिमण्डलबाहेक।

राजनीतिक र नागरिक समाज लगायत् सबै क्षेत्रबाट अत्यन्त आलोचित देउवा असोज १८ गते राजाबाट असक्षम ठहर गरी पदमुक्त भएपछि "बाह्रौं संविधान दिवसको अवसरसम्म आइपुग्दा-नपुग्दै वर्तमान संविधानको भविष्यसँग सम्बन्धित कैयन् प्रश्नहरू खडा हुन पुगे। कूल २३ वटा भाग, १ सय ३३ धारा र ३ वटा अनुसूचीमा समेटिएको विद्यमान संविधानका सबैजसो धाराहरूको प्रयोग बितेका १२ वर्षमा भए। तर, सबैतिरबाट यस संविधानको पालनाका निम्ति सैद्धान्तिक प्रतिबद्धता दर्शाईंदा-दर्शाईंदै पनि सन् २००२ को अन्त्यसम्म अन्यौलको अन्त्य हुन सकेन।" (परिच्छेद १)

प्रतिनिधिसभा विघटन विरुद्ध सर्वोच्च अदालतमा रिट दायर भयो। यस्तै विषयमा ०५२ भदौ १२ गते गरेको फैसलाको कारणले शंकालु नवरले हेरिन थालिएको सर्वोच्च अदालतले पुरानै अनुहार देखायो। "रमाइलो पक्ष के छ भने, प्रतिनिधिसभा विघटनसम्बन्धी चारवटै प्रश्नहरू अदालतमा गए। सर्वोच्च अदालतले प्रथम र चौथो पटकको विघटनलाई संविधानसम्मत ठहऱ्यायो भने दोश्रो र तेश्रो पटकको विघटन वा विघटनको सिफारिस संविधानसम्मत ठहरेनन्। सदर भएका प्रथम र चौथो विघटन नेपाली काँग्रेसको सरकारले गरेका थिए भने बीचका दुईवटा चाहीं नेकपा (एमाले) र राप्रपाका नेताको रूपमा प्रधानमन्त्री हुनेले गरेका थिए।" (परिच्छेद २:१)

माओवादी समस्या समाधान गर्ने भ्रयाली पिटेर प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले मुलुकमा विद्यमान संकट समाधान गर्नु त परै जाओस्, संसद, संविधान, प्रजातान्त्रिक मूल्य-मान्यता र अन्ततः आफ्नो पार्टीलाई समेत अप्ठ्यारोमा पारे। अविच्छिन्न भ्रष्टाचार, हत्या, हिंसाको निरन्तरता, कार्यान्वयन विनाको घोषणाको जगमा ठडिएको देउवा सरकारकै प्रतिलिपीको रूपमा चन्द सरकारले पनि नयाँ बाटो पहिल्याउनेतर्फ कदम चाल्न सकेन। निष्कर्षतः "यो वर्ष सरकारका तर्फबाट मानवअधिकारको क्षेत्रमा अत्यन्तै थोरै सकारात्मक र धेरै नकारात्मक काम भयो।" (परिच्छेद २:२)

नेपालको संसदीय इतिहासमा सबैभन्दा लामो भनिएको

तालिका ३ सन् २००२ मा कूल पीडित
(पीडकका आधारमा)



प्रतिनिधिसभाको २१ औं अधिवेशन ०५८ माघ २८ गतेदेखि ०५९ वैशाख ४ गतेसम्म चल्यो। संकटकाल अनुमोदन गर्नुपर्ने बाध्यताले बोलाइएको यो अधिवेशनले संकटकाललाई जेठ १० गतेसम्म बहाल राख्ने अनुमति मात्र होइन, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशलाई ऐनमा रूपान्तरण गरी संविधान प्रदत्त मौलिक हक, अधिकारलाई दुई वर्षका लागि बन्धक बनाउन, कानूनी मान्यता प्रदान गर्‍यो। यस अधिवेशनद्वारा पारित १६ विधेयकमध्ये मुलुकी ऐन एघारौं संशोधन विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग दोश्रो संशोधन विधेयक र भ्रष्टाचार निवारण विधेयक उपलब्धी मानिन्छन्।

राष्ट्रिय सभाको २२ औं अधिवेशन ०५९ जेठ ९ गते शुरू भई १० गते अन्त्य भयो। प्रतिनिधिसभा विघटन भएको १४ घण्टापछि आरम्भ भएको यस अधिवेशनमा "प्रधानमन्त्रीले रातारात प्रतिनिधिसभा विघटन गरेकोमा आपत्ति जनाउँदै सत्तापक्ष बाहेकका सांसदद्वारा औचित्य माग गरियो। सदनमा उपस्थित भई प्रतिनिधिसभा विघटनको औचित्य पुष्टि गर्ने माग सांसदहरूले गरेपनि मन्त्रिमण्डलका सदस्य पनि सदनमा सहभागी भएनन्।" (परिच्छेद २:३)

वर्षेपिच्छे प्रकाशित हुने वर्ष पुस्तकले मानवअधिकार उल्लंघनका तथ्यांक मात्र होइन, मुलुकमा छोपिएर बसेका समस्यालाई सबैका सामु छर्लङ्ग पार्नुका साथै तिनको निराकरणका उपाय पनि समेट्ने गरेको छ। मानवअधिकारप्रति गैरराज्य पक्षबाट भएका ज्यादतीका तथ्यांक र सूचनालाई पनि उत्तिकै महत्व, वर्ष पुस्तकले दिएको छ। किनभने, मानवअधिकारको संरक्षण गर्ने गुरुत्तर अभिभारा बोक्ने राज्य संयन्त्र आफ्नो भूमिकाप्रति लापरवाह हुनासाथ मानवअधिकार ज्यादतीका घटना वृद्धि हुन्छन्। मानवअधिकार ज्यादतीका तथ्यांकका आधारमा मानवअधिकारप्रति जवाफदेहिताको मापन गर्न सकिन्छ। त्यसैले, "वर्ष पुस्तकलाई प्रारम्भदेखि नै मानवअधिकारका विविध पक्ष समेट्ने एउटा समग्र शोध दस्तावेजको रूपमा प्रस्तुत गरिएको छ, जुन संसारका अन्य मुलुकबाट प्रकाशन गरिने मानवअधिकार सम्बन्धी प्रलेख/सूचना पुस्तक भन्दा पृथक छ।" (परिच्छेद ३)

तालिका ४

सन् २००२ मा मारिएका
(उमेर अनुसार)

उमेर	राज्यद्वारा	माओवादीद्वारा	अन्यद्वारा
०–४	२	१	३
५–९	१	९	१०
१०–१४	२१	१६	५
१५–१९	२२६	१५	२४
२०–२४	३८०	७१	४४
२५–२९	३९१	१००	३६
३०–३४	७२१	५६३	४३
३५–३९	१५९	१६३	२६
४०–४४	१०५	७१	२६
४५–४९	४२	६५	१६
५०–५४	३०	७०	२१
५५–५९	२६	३५	१०
६०–६४	४	१५	८
६५–६९	५	११	७
७०–७४	३	७	७
७५ माथि	२	२	२
थाहा नभएको	११७९	१४४	९
जम्मा	३२९७	१३५८	२९७

४. सन् २००२ मा मानवअधिकार उल्लंघन

०५८ साल मंसिर ११ गतेबाट शुरू गरिएको संकटकाल ०५९ साल भदौ १२ गतेसम्म कायम रह्यो। "आंतककारी" हरूलाई समाप्त पार्ने नाममा आंतककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेश (टाडो) जारी गरियो। पछि यसलाई ऐनको रूपमा संसदबाट २ वर्षका लागि पारित गरियो। यस ऐनको दफा ५ ले संविधानमा उल्लेखित आधारभूत अधिकारहरूलाई निस्क्रिय पार्दछ।

यस आलेखमा सन् २००२ मा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई राज्यले अनुमोदन गरेका प्रमुख ६ महासन्धिहरू ICCPR, ICESCR, CEDAW, CRC, CAT र CERD का आधारमा व्याख्या गरिएको छ। सर्वप्रथम उल्लिखित महासन्धिमा रहेको मुख्य अधिकार तथा राज्यको दायित्वबारे चर्चा गरिएको छ भने त्यसपछि मानवअधिकार उल्लंघनका सूचना प्रस्तुत गरिएको छ। हुनत छ महासन्धिहरूमा उल्लेख गरिएका अधिकारहरूको प्रत्याभूतिको जिम्मेवारी राज्य पक्षसँग सम्बन्धित छ, गैरराज्य पक्षबाट, विशेष गरी माओवादी पक्षबाट, भएका ज्यादतीका घटनाहरूलाई पनि यहाँ उल्लेख गरिएको छ। यसबाट राज्यपक्षलाई महत्वपूर्ण पाठ सिक्न मद्दत पुग्ने अपेक्षा गरिएको छ। माओवादी उच्च संविदाकारी पक्ष भएकाले अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्नु उसको दायित्व हुन आउँछ। हत्याका, श्रोतका आधारमा दुई खाले तथ्यांक यस वर्षको वर्ष पुस्तकमा प्रस्तुत गरिएका छन्। पहिलो- रक्षा मन्त्रालय/विभाग, गृह मन्त्रालय तथा अन्य छापा तथा विद्युतीय सञ्चार माध्यममा प्रकाशित एवं प्रसारित स्रोतका आधारमा र दोस्रो- ७५ वटै जिल्लाहरूमा रहेका मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिहरूद्वारा प्रेषित घटना विवरणका आधारमा। पहिलो स्रोत अनुसार यस वर्ष हत्याका घटनामा कुल ५ हजार २ सय १३ जना पीडित भएको देखिन्छ भने दोस्रो स्रोत अनुसार जम्मा ४ हजार ६ सय ५५ जना पीडित भएका छन्।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को स्मृतिमा १० डिसेम्बरका दिन मनाइने ५४ औं विश्व

मानवअधिकार दिवस यस वर्ष "शान्तिका लागि मानवअधिकार" भन्ने नाराका साथ सम्पन्न भयो। कुनै बेला शान्ति क्षेत्रका नामले चिनिने नेपाल सात वर्ष अघि माओवादीद्वारा "जनयुद्ध" का नाममा संचालित द्वन्द्वका कारण अत्यन्तै जटिल परिस्थितिमा भासिन पुग्यो। यसकै परिणतिस्वरूप यस वर्षको मानवअधिकार दिवसको नारा "शान्तिका लागि मानवअधिकार" राखिएको थियो।



४.१ **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR)**

संयुक्त राष्ट्रसंघको महासभाद्वारा १६ डिसेम्बर १९६६ मा पारित नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध (ICCPR) लाई नेपालले १४ मे १९९१ मा यसका अतिरिक्त २ प्रोटोकलसहित अनुमोदन गरेको थियो। ICCPR मा धारा १ देखि २७ सम्म नागरिक तथा राजनीतिक पक्षसँग सम्बन्धित अधिकारहरू, धारा २८ देखि ४५ सम्म सुपरिवेक्षण र अनुगमन प्रणाली, धारा ४६ र ४७ मा कानुनहरूलाई समायोजन गर्ने सवालहरू सम्बन्धी र धारा ४८ देखि ५३ सम्म हस्ताक्षर, अनुमोदन तथा असम्मति (Reservation) सम्बन्धी कुराहरू उल्लेखित छन्।[२] धारा १ देखि धारा २७ सम्म उल्लेखित अधिकारहरूमा बाँच्ने पाउने तथा व्यक्तिगत सुरक्षाको अधिकार (धारा-६) यातना मुक्तिको अधिकार (धारा ७), निष्पक्ष जाँचबुझ तथा सुनुवाइको अधिकार (धारा १४), धार्मिक स्वतन्त्रताको अधिकार (धारा १८), राजनीतिक जीवनमा भाग लिन पाउने अधिकार (धारा २५) पर्दछन्।

धारा २८ द्वारा व्यवस्थित मानवअधिकार समितिमा १८ सदस्य रहने व्यवस्था छ। पक्ष राष्ट्रसँग सम्बन्धित उच्च नैतिक आचरण एवं मानवअधिकारका क्षेत्रमा दक्षता हासिल गरेको विशेषज्ञहरू यस समितिका सदस्य रहन्छन्।

ICCPR को आवधिक प्रतिवेदन बुझाउने अवधि प्रत्येक ५ वर्ष रहेको छ। अहिलेसम्म ३ वटा आवधिक प्रतिवेदन बुझाउने म्याद गुज्रिसकेका छन्। नेपालले, ICCPR अनुमोदन गरिसके पछि संयुक्त राष्ट्रसंघ शुरूवातको प्रतिवेदन मात्र ३० मार्च १९९४ मा बुझाएको देखिन्छ। अरू आवधिक प्रतिवेदनहरू बुझाउने म्याद क्रमशः १३ अगष्ट १९९७ र १३ अगष्ट २००२ थियो।

जीवन र व्यक्तिगत सुरक्षाको अधिकार (धारा ६)

यस वर्ष राज्य र गैरराज्य दुवै पक्षबाट जीवनको अधिकारको व्यापक हनन भयो। गैरराज्य पक्षमा विशेषगरी माओवादीहरू अग्रसर थिए। यस वर्ष राज्यबाट कूल ३ हजार २ सय ९७ जना मारिए जसमध्ये १ हजार ८ सय ७२ पुरुष र २ सय ४१ महिला थिए भने १ हजार १ सय ८४ जनाको लिंग खुल्न सकेन। त्यसैगरी माओवादीद्वारा ३५ महिलासहित कूल १ हजार ३ सय ५८ जना मारिए, जसमध्ये १ हजार १ सय ७९ पुरूष थिए भने १ सय ४४ जनाको लिंग खुल्न सकेन।

बाँके जिल्ला स्थिति नौवस्ता गाविस ८, नेउलापुरमा ६५ वर्षीय भूमिसरा थापाको घरमा ०५९ भदौ २५ गते ३-४ जना सुरक्षाकर्मीहरू एक्कासी भित्र पसी सुतिरहेका दम्पतीलाई गोली हानी हत्या गरे। आफ्नी आमासँग सुतिरहेकी १० महिनाकी वालिका दीपा थापा पनि सख्त घाइते भइन्। इन्सेक, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयबाट गरिएको स्थलगत



अध्ययनको प्रतिवेदन अनुसार भूमिगत गर्ने कोठामा ३ वटा गोलीहरू पाइएका थिए। ओच्छयान रक्ताम्य थियो भने कोठाभरी रगतका टाटा देखिन्थे।

सरस्वती गाविस, टोखा, काठमाण्डौंका नेपाली कांग्रेस समर्थक एवं सिकर्मी कान्छा डंगोललाई सुरक्षाकर्मीले ०५८ चैत ५ गते पक्रिएर गोली हानी हत्या गरे। पीडित त्यस बखत चुरोट किन्न पसल जाँदै थिए। कान्छा डंगोलको परिवारमा ८५ वर्षीय आमा सहित ४ छोराछोरी छन् भने उनकी पत्नीको केही वर्षअघि मृत्यु भएको थियो।

जीवनको अधिकारको माओवादी पक्षबाट पनि व्यापक उल्लंघन भयो। ८५ वर्षीय वृद्धाले समेत आफ्नो जीवनको अधिकार गुमाउनु पर्‍यो। पथरैया गाविस १, कैलाली जिल्लाकी ८५ वर्षीय वृद्ध महिलालाई खाना नदिएको आधारमा माओवादीहरूले कुटपिट गरेर हत्या गरे। ०५९ जेठ २१ गते माओवादीहरूले पीडितको घरमा आई खाना पकाउने आदेश दिँदा आफ्नो घरमा चामल नभएकाले खाना पकाउन नसक्ने जवाफ दिँदा माओवादीहरूले उक्त पीडित महिलालाई पिटेर मारेका थिए।

गैरकानुनी गिरफ्तारी व्यक्तिगत सुरक्षा (धारा ९)

यस वर्ष राज्य र गैरराज्य दुवै पक्षबाट व्यक्तिगत सुरक्षाको अधिकारको व्यापक हनन भयो। राज्यको तर्फबाट कूल ३ हजार ४ सय ३० जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरेको जानकारी प्राप्त भयो। यसबाहेक अन्य ठूलो संख्यामा नागरिकलाई गिरफ्तार गरी एक-दुई दिनभित्र रिहा गरिएका घटनाहरू पनि व्यापक रूपमा वृद्धि भए।

धेरै जसो मानिसहरू "टाडा" अन्तर्गत गिरफ्तार गरिए। संविधानको धारा १४ संकटकालको समयमा निलम्बित नभएता पनि पीडितहरू कानुनी उपचारको बाटो खोज्न असमर्थ नै रहे। कैयौं मानिसलाई विना पूर्जी गिरफ्तार गरी थुनामा राख्ने र निर्मम यातना दिने काम भयो। पीडितका नातेदारलाई भेट्न नदिने तथा पीडितलाई बेपत्ता पार्ने काम राज्य पक्षबाट भएको पाइयो। यस वर्ष राज्यको तर्फबाट २ सय ३३ जनालाई गिरफ्तारीपछि बेपत्ता पारिएका घटना जानकारीमा आए। माओवादीहरूले १ हजार १ सय ७ जनालाई अपहरण गरेको पाइयो।

सामाखुसी, काठमाण्डौं-३ का पुष्प कपालीलाई आफ्नै घरमा सुतिरहेको अवस्थामा ०५९ जेठ २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। मध्यरातमा उनलाई कुटियो, ज्यान मार्ने धम्की समेत दिइयो र कागजमा सही गर्न लगाइयो। परिवारका सदस्यलाई समेत घटनाको बारेमा अरूलाई सुनाए ज्यानमार्ने धम्की दिइयो। घटनाको बारेमा कपाली भन्छन्: "म सुतिरहेको थिएँ। कसैले बाहिरबाट घण्टी बजायो। ढोका खोलेर हेर्दा ८ जना सुरक्षाकर्मीहरू जीपमा आएका थिए। उनीहरूले पुष्प कपाली को हो भनी सोधे। मैले आफै हुँ भनेर परिचय दिएँ। उनीहरूले मलाई माओवादी होस् भन्दै लुगा पनि फेर्न नदिइकन लगे। मलाई तीव्र यातना दिँदै उनीहरूले कागजमा सही गर्न लगाए। यो घटनाबारे सार्वजनिक गरेमा उनीहरूले मलाई मार्ने धम्की दिए।"

निष्पक्ष अदालती कारवाही तथा सुनुवाइको अधिकार (धारा १४)

अदालतले रिहा गर्ने आदेश दिएर छाडिएका बन्दीहरूलाई पुनः गिरफ्तारी गर्ने कार्य यस वर्षको उल्लेख्य घटनाको रूपमा देखा पर्‍यो। सर्वोच्च अदालतले रिहाई गर्ने आदेश दिए पश्चात सरकारले नारायण अधिकारी, चतुरमान गुरुङ, डम्बरबहादुर कार्की, हरिहर कुँवर, शान्तिराम भट्टराई लगायतका व्यक्तिहरूलाई यस वर्ष केही समयसम्म बेपत्ता पार्‍यो। अदालतको आदेशको ठाडो अवज्ञा गर्दै राज्यले कतिपय नागरिकहरूलाई पुनः गिरफ्तार गर्ने र बेपत्ता पार्ने क्रम तीव्ररूपमा जारी रह्यो।

तालिका ७

सन् २००२ मा पीडित संख्या

जातिगत आधारमा

जाति	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
क्षेत्री	२०७८	२८०३	३८४	७	३१९४
बाहुन	१५२०	२०६४	३०३	४	२३७१
जनजाति	१३४०	१९५५	३३०	७	२२९२
मुस्लिम	७७	७७	३१		१०८
दलित	६७३	७७५	१९६	१५	९८६
नेवार	२४१	५५५	७६	३	६३४
सन्यासी	५२	६५	५		७०
नखुलेको	२३८६	१४९५	१९०	२५०५२	२६७३७
जम्मा	८३६७	९७८९	१५१५	२५०८८	३६३९२

बन्दीहरुको अधिकार

मानवअधिकार वर्ष पुस्तकका अघिल्ला प्रकाशनहरूमा नेपालका जेलहरूको अवस्था अत्यन्त दयनीय भएको कुरा उल्लेख छ। तिनीहरू अन्तर्राष्ट्रिय मापदण्डका आधारमा अत्यन्त सुविधाविहीन छन्। बन्दीहरूलाई आधारभूत सुविधा समेत दिइएको छैन। तिनीहरूले अति सानो ठाउँमा गुजारा गर्नुपर्छ। संकटकालको समयमा थुप्रै गैरकानुनी गिरफ्तारीका घटनाहरू भए। बन्दीहरूलाई जेलमा नराखेर हिरासतमा र सैनिक ब्यारेकमा

राख्ने जस्ता घटनाहरू पनि भए। थुनामा नै कतिपय बन्दीहरूको मृत्यु भयो। लालपुर गाविस-५, कपिलवस्तुका ३५ वर्षीय शकुर मनिहार ०५९ वैशाख १९ प्रहरीको कुटपिटबाट हिरासतमा नै मृत्यु भयो।

राजनीतिक जीवनमा सहभागिताको अधिकार (धारा २५)

राजनीतिक जीवनमा सहभागिताको अधिकार दुरूपयोगबाट मुख्यतया माओवादीहरू नै पीडित भए भने राजनीतिक गतिविधि गरेको आधारमा सर्वसाधारण पनि पीडित भए। माओवादीहरूलाई "आतंककारी" घोषणा गर्दै देशभर संकटकाल लागू गरियो। माओवादीका नाममा करिब ३ हजारभन्दा बढी व्यक्तिको ज्यान गयो। माओवादीकै नाममा अन्य राजनीतिक पार्टीका मान्छेहरू पनि मारिए। देविस्थान गाविस, वाग्लुङमा संयुक्त जनमोर्चाका १० जना कार्यकर्ताहरूलाई ०५८ फागुन २८ गते सुरक्षाकर्मीहरूले आफ्नो कार्यालयमा बोलाए। तीमध्ये ७ जनालाई भोलिपल्ट छोडियो भने बाँकी रोशनध्वज मल्ल, डोरबहादुर छन्त्याल र शिक्षक टिका छन्तयाल गरी, ३ जनाको हत्या गरियो।

माओवादीले आफ्नो पार्टीको नीतिसँग असहमत अन्य पार्टीका मान्छेहरूलाई अकारण, यातना, धम्की तथा पिट्ने खालका घटनाहरू यस वर्ष भए। उनीहरूकै दबाबमा राजनीनिक गतिविधिहरू निस्तेज पारिए। कुरूले तेनुप्पा गाविस-४, धनकुटाका नेपाली कांग्रेसका कार्यकर्ता अग्नीप्रसाद बराललाई ०५८ माघ १५ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए। त्यसैगरी रुकुम जिल्लाका नेपाली कांग्रेस जिल्ला समितिका ५१ वर्षीय बलबहादुर विष्टलाई माओवादीहरूले ०५९ वैशाख १० गते सुराकी गरेको तथा आर्मी ब्यारेक राख्न लगाएको आरोपमा, खेतमा काम गरिरहेको बेला गोली हानी हत्या गरे। पीडितका भाइ ४५ वर्षीय धर्मराज विष्ट यस घटनामा सख्त घाइते भए।

गोपनीयताको अधिकार (धारा १७)

संकटकालमा गोपनीयताको अधिकारको व्यापक उल्लंघन भयो। राज्यले जनता न्यूनतम अधिकारहरूको सुरक्षा समेत गर्न सकेन उल्टै विना सूचना नागरिकको घर खानतलासी गर्ने जस्ता क्रियाकलापहरू यस वर्षका विशेष चर्चित घटना बन्न पुगे। माओवादी पक्षबाट पनि जो कोहीका घरभित्र विना सूचना पस्ने, बस्ने, खाने तथा जबरजस्ती चन्दा असूल्ने जस्ता कार्यहरू भए। राज्यले यस्ता क्रियाकलापलाई रोक्न सकेन।



धार्मिक स्वतन्त्रताको अधिकार (धारा १८)

कुपिण्डेदह गाविस-९, सल्यानका ६० वर्षीय तुलसीराम वालीलाई ०५९ जेठ ६ गते माओवादीहरूले धर्म परिवर्तन गरेको आरोपमा अपहरण गरी यातना दिए। पीडितको शरीर सुन्निएको थियो। उनीबाट ९ हजार रूपैयाँ लिई १८ दिनपछि मुक्त गरियो।

संगठन स्वतन्त्रताको अधिकार (धारा २२)

अधिवक्ता खिमलाल देवकोटालाई ०५९ जेठ २८ गते बागबजार स्थित आफ्नै ल फर्मबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। परिवारका सदस्यलाई समेत पीडितका बारेमा जानकारी दिइएन। लामो समयपछि सर्वोच्च अदालतको आदेशमा रिहा गरिएको थियो।

ग्रामीण विकास समूह (डायरिङ) चौतारा, सिन्धुपाल्चोकका अध्यक्ष तथा मानवअधिकारकर्मी कृष्णराज श्रेष्ठलाई सादा पोशाकमा आएका ७-८ जना सुरक्षाकर्मीले ०५९ जेठ २४ गते आफ्नै घरबाट गिरफ्तार गरे। पीडितका अनुसार ७-८ जना सुरक्षाकर्मी उनका घरमा साँझपख आई राजेन्द्रका बारेमा सोधे। राजेन्द्र को हो भन्नेबारे उनलाई थाहा थिएन। सो कुरा बताउँदा सुरक्षाकर्मीले राजेन्द्रलाई तुरुन्तै सुरक्षाकर्मीको जिम्मामा बुझाउन आदेश दिए। पीडतले राजेन्द्रका बारेमा थाहा

यस वर्षका ज्यादतीका केही नमूना घटनाहरु

(यी केवल उदाहरण मात्र हुन्)

- कालिका गाविस ५ डोल्पाका १९ वर्षीय लोकबहादुर रोकाया, सोही गाविस-६ का २० वर्षीय सर्वजित सार्की, २५ वर्षीय दले सार्की, १८ वर्षीय कन्ने सार्की र मनराज सार्कीलाइ ०५८ फागुन २ गते सर्चमा गएको सुरक्षा फौजले माओवादीको आरोपमा आ-आफ्नै घरबाट गिरफ्तार गरी कालिका मावि पुरानो भवनमा लगी गोली हानी हत्या गरे। सुरक्षा फौजले पीडितहरूलाई भिडन्तमा मारिएको बनाइए पनि गाउँ भरिका मानिसलाई चुट्दै सबैलाई कालिका माविको पुरानो भवनमा जम्मा गरी सबैलाई कुट्दै कोठामा लगी छानेर, ४ जनालाई हत्या गरेका थिए। पीडितहरू दुई जना माओवादी छोडेर दुइ महिनादेखि घरमा बस्दै आएका थिए भने अन्य तीन जना माओवादीबाट जबरजस्ती बनाइएका जनमिलिसिया थिए।
- खगेनकोट गाविस ४ काडादल्ली जाजरकोटकी १३ वर्षीय सीता सुनार ०५९ मंसिर ८ गते अपरान्ह ५ बजे सुरक्षा फौजले हेलिकप्टरबाट गरिएको हवाई फायरिङबाट गोली लागी घाइते भइन्।
- भिमापुर गाविस ४ वर्दियाका १४ वर्षीय राजु थारुलाई ०५९ कार्तिक २२ गते रातो सुराकी गरेको आरोपमा माओवादीले राजापुर गाविस २ बुढीकुलाकोपुलमाथि धारिलो हतियारले घाँटी काटेर हत्या गरे। पीडितलाई कार्तिक १७ गते अपहरण गरिउको थियो। घटनास्थलमा सुराकीलाई यस्तै कारवाही गरिने प्रेस वक्तव्य माओवादीले टाँसेका थिए।
- यस वर्ष सुरक्षाकर्मीहरू सर्वसाधारणका घरमा आगो लगाउन समेत पछि परेनन्। रोल्पा जिल्लाका ४७ घरहरू आगो लगाएपछि उक्त घरहरूमा बसोबास गरि आएका नागरिक विचल्लीमा परे।
- नारायण नपा-३ दैलेखका २० वर्षीय श्यामप्रसाद कोइरालाई ०५९ वैशाख ९ गते सुराकी गरेको आरोपमा माओवादीले अपहरण गरी सोही नपा-६ काँडाचौर चौबाटोमा ०५९ वैशाख १२ गते पछाडि फर्काइ हात बाँधी, जिब्रो समेत काटी, गुदद्वारबाट गोली हानी हत्या गरे।
- गुठु गाविस-५, सुर्खेतका १४ वर्षीय प्रेम जैसी (गर्तौला) लाई ०५८ फागुन १० गते विद्यालयमा पढिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।
- आठबिसकोट गाविस-२, रुकुमका शिक्षक ३५ वर्षीय वीरेन्द्रकुमार शाहलाई सुराकी गरेको आरोपमा ०५९ भदौ २८ गते आठबीस डाँडागाउँ गाविस गोडरीमा माओवादीहरूले काठ चिर्ने आराले चिरेर निर्मम यातना दिए। पीडितले "मार्ने नै हो भने गोली हानेर मार, गोलीको पैसा आफै दिन्छु" भनेपछि गोली हानेर हत्या गरे। घटनापछि पीडितको पत्नीबाट एउटा गोलीको १ सय ७५ रुपैयाँका दरले तीन गोलीका पैसा असूली गरे।
- तिलपुङ गाविस-४, रामेछापकी ४० वर्षीय हस्तमाया बुडाथोकीलाई ०५९ भदौ १७ गते माओवादीले पिटेर अगाडिका दाँत झाँर्चादिए। पीडित गम्भिर घाइते भइन्।

नभएको कुरा दोहोर्याउँदा उनलाई गम्भिर घाइते हुने गरी पिटियो। पिटाईको कारण पीडितको निधारमा ७ वटा टाँका लगाउनु परेको थियो।

शान्तिपूर्वक भेला हुने अधिकार (धारा २१)

संकटकालको समयमा शान्तिपूर्वक भेला हुने अधिकार

तालिका १०

सन् २००२ मा मारिएका

पीडक	पुरुष	महिला	नखुलेको	जम्मा
राज्यबाट	१८७२	२४१	११८४	३२९७
माओवादीबाट	११७९	३५	१४४	१३५८
अन्यबाट	२००	८७	१०	२९७
जम्मा	३२५१	३६३	१३३८	४९५२

हनन गरियो। हुन त "टाडा" ऐनले शान्तिपूर्वक भेला हुने अधिकारमा केही स्वतन्त्रता यसरी दिएको छ "शान्तिपूर्वक भेला तथा गोष्ठीहरू विना हातहतियार उपस्थित भएर विचार व्यक्त गर्ने तथा राज्यको एक स्थानबाट अर्को स्थानमा हिँडडुल गर्न पाउन"[3]।

स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने तथा बसोबासको अधिकार (धारा १२)

नेपाल अधिराज्यको संविधान-२०४७ द्वारा प्रदत्त "स्वतन्त्रतापूर्वक हिँडडुल गर्नपाउने अधिकार"लाई[4] संकटकालको समयमा निलम्बन गरियो। सर्वसाधारणमाथि खानतलासी गर्ने, एक ठाउँबाट अर्को ठाउँमा घुमफिर गर्न अवरोध खडा गर्ने तथा अनावश्यकक झगभट थोपर्ने कार्यमा राज्य पक्षमात्र होइन, माओवादीहरू नै सक्रिय रुपमा अधि

बढे। राजनीतिक कार्यकर्ताहरूलाई हिँडडुल गर्नबाट बन्देज गरियो। कतिपय राजनीतिक कार्यकर्ता यसकै कारणबाट विस्थापित समेत भए। यस वर्ष दोलखा जिल्लाबाट मात्र कम्तिमा ९ जना राजनीतिक कार्यकर्ता विस्थापित भए, जसमध्ये ५ जना नेपाली कांग्रेस (प्रजातन्त्रवादी) र ४ जना नेकपा (एमाले) का कार्यकर्ता भए।

विचार तथा अभिव्यक्ति स्वतन्त्रता (धारा १९)

विचार तथा अभिव्यक्तिको स्वतन्त्रताको यस वर्ष अत्यधिक उल्लंघन भयो। जनादेश साप्ताहिकका सम्पादक कृष्ण सेनलाई विचार तथा अभिव्यक्ति प्रकट गरेकै आधारमा ०५९ जेठ ६ गते प्रहरीद्वारा गिरफ्तार गरियो र हिरासतमा निर्मम यातना दिएकै कारणले मृत्यु भयो। पीडितलाई त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पतालमा मुठभेडमा मारिएको भन्दै ल्याइयो।[५] सुरक्षा दलका मानिसहरू आफैले पशुपति आर्यघाटमा उनको लासको सदगत गरे।

४.३ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध (ICESCR)

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR) नेपालले १४ मे १९९१ मा अनुमोदन गरेको थियो।

ICESCR मा पाँच भाग छन्। भाग १, धारा १ आत्मनिर्णयको अधिकारसँग सम्बन्धित छ। भाग २ (धारा २ देखि ५) ICESCR सँग सम्बन्धित विभिन्न प्रावधानहरूसँग सम्बन्धित छ। धारा २(क) अन्तर्गत पक्ष राष्ट्रले आफूसँग उपलब्ध भएसम्मका स्रोत र साधनहरूलाई परिचालन गर्दै यस अनुबन्धमा उल्लेखित अधिकारहरूको पूर्ण रूपले प्रत्याभूति गराउने कानुनी प्रावधानहरूको व्यवस्था गरिनुपर्ने कुरा उल्लेखित छ। त्यस्तै धारा २(ख) मा यसरी व्यवस्था गरिएका कानुनहरूलाई भेदभावरहित परिपालना गर्न गराउन पहल गरिनुपर्ने कुरा उल्लेखित छ भने धरा ३ ले महिला र पुरूषबीच आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी यस अनुबन्धमा उल्लेखित प्रावधानहरूलाई विना भेदभाव लागू गर्नुपर्ने किटान गरिएको छ। भाग ३ (धारा ६ देखि १५) आर्थिक, सामाजिक एवं साँस्कृतिक अधिकारसँग सम्बन्धित विभिन्न अधिकारहरू पर्दछन् जसमा कामको अधिकार (धारा ६), मजदुर संगठनहरू खोल्न तथा तिनमा आवद्ध हुने पाउने तथा हड्ताल गर्न पाउने (धारा ८), सामाजिक सुरक्षाको अधिकार (धारा ९), उपयुक्त जीवनस्तरको अधिकार जसमा वास, गाँस र कपास पर्दछन् (धारा ११)। भाग ४ (धारा १६ देखि २५ सम्म) मुख्यतथा प्रतिवेदन लेखन प्रणालीसँग सम्बन्धित छ। भाग ५ (धारा २६ देखि ३१ सम्म) हस्ताक्षर, अनुमोदन आदिसँग सम्बन्धित छ।[६]

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित समितिमा १८ जना स्वतन्त्र विशेषज्ञहरू रहने व्यवस्था छ। हाल आएर यो समिति ICESCR को ऐच्छिक प्रोटोकल बनाउने कार्यमा पनि संलग्न भइरहेको छ।

ICESCR को आवधिक प्रतिवेदन बुझाउने अवधी ५ वर्षको रहेको छ। यस वर्ष २ वटा प्रतिवेदन बुझाउने म्याद गुज्रिसकेका छन्। नेपालले २५ अक्टोबर १९९९ मा शुरूवातको प्रतिवेदन बुझाएको थियो। सन् १९९९ पछि यस अनुबन्धको प्रतिवेदन बुझाउने मिति ३० जुन २००३ रहेको छ।

नेपालको संविधान अन्तर्गत तथा ICESCR मा व्यवस्था गरिएका धेरै आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूलाई आतंककारी तथा विध्वंसात्मक नियन्त्रण र सजाय ऐनको दफा ६ ले प्रतिबन्ध लगाएको छ।

आर्थिकमा व्यवस्था गरिएका अधिकारहरूको उल्लंघन सम्बन्धी केही उदाहरणहरूलाई तल प्रस्तुत गरिएको छ।

जीवनयापनका लागि काम गर्न पाउने अधिकार (धारा ६)

यस वर्ष पनि विभिन्न वर्ग र पेशामा संलग्न मानिसहरू जस्तै शिक्षकहरू, सरकारी कर्मचारी, कानुन व्यवसायी, डाक्टर र अन्य पेशामा संलग्न व्यक्तिहरूले आफ्नो काममा संलग्न रहेको अवस्थामा अवरोधहरूको सामना गर्नु पर्‍यो।

दैलेख जिल्ला गौमदी-६, बदेगाउँस्थित पञ्चकोशी प्रस्तावित माध्यमिक विद्यालयका प्रधानाध्यापक ५६ वर्षीय का खगेन्द्रनाथ योगीलाई ०५९ वैशाख २७ गते माओवादीहरूले मोसो दली, जुत्ताको माला लगाई सार्वजनिक रूपमा बेइज्जती गर्ने काम गरे। माओवादीलाई सहयोग नगरेको आरोपमा ज्यान मार्ने धम्की समेत दिएका थिए।

झापाको खजुरगाछी गाविसस्थित लोकनाथ एण्ड सन्स टिस्टेटका कर्मचारीहरू तथा सोही जिल्लाको जिल्ला शिक्षा कार्यालयका श्रोत व्यक्तिहरूले, काम गरे बापतको पारिश्रमिक प्राप्त गर्न सकेनन्।

माओवादीहरूले हुम्ला जिल्लाको सदरमुकामसँग जोड्ने खैनाथ र नल्लमा अवस्थित झोलुङ्गेपुल भत्काई दिएका

तालिका ११

सन् २००२ मा हत्या

पीडक	सरकारी तथा अन्य सूचनाका आधारमा	वर्ष पुस्तकका आधारमा
राज्य	४१५१	३२९७
माओवादी	१०६२	१३५८
जम्मा	५२१३	४६५५

कारणले १८ वटा गाउँहरूका मानिसलाई जिल्ला सदरमुकाम पुग्न, वञ्चित रहे।

दासताबाट मुक्त हुन पाउने अधिकार (धारा ६)

कमैयाहरू कानुनी रूपले मुक्त भए पनि व्यवहारिक रूपमा भने हुन सकेका छैनन्। ०५७ साउन २ गते सरकारद्वारा कमैया मुक्तिको घोषणा अझै सार्थक हुन सकेका छैनन्। तिनीहरू अझै आफ्ना पूर्व मालिकहरूको घरमा काम गर्नुपर्ने स्थिति विद्यमान छ। समाजले अझैसम्म पनि उनीहरूलाई समान नागरिकको रूपमा स्वीकार गर्न सकेको छैन। तसर्थ, व्यवहारिक रूपमा तिनीहरूलाई मुक्त कमैया भन्दा पनि पूर्व कमैया भन्नुपर्ने अवस्था छ। पूर्व कमैयाहरूको पक्षमा काम गर्न बाँधा श्रम कानुनको निर्माण गरिएको भए तापनि यो कानुन सामाजिक रूपमा स्वीकार्य भएको छैन। त्यसैगरी हली प्रथा नेपालको ग्रामीण क्षेत्रमा विशेषगरी नेपालको मध्यपश्चिम क्षेत्रमा अद्यापि विद्यमान छ। यो वर्ष हली पेशामा संलग्न व्यक्तिहरूलाई अत्यावश्यक अधिकारहरूबाट राज्यले वञ्चित गराएको छ।

स्वास्थ्यको अधिकार (धारा १२)

माओवादीले प्रयोग गर्ने संभावना भएकोले औषधी वितरण एवं स्वास्थ्य परीक्षणमा धेरै ठाउँमा सुरक्षाकर्मीले व्यवधान खडा गरे। यसले विशेषगरी मध्यपश्चिमका हुम्ला, जुम्ला, कालिकोट, मुगु जस्ता जिल्लाहरू बढी प्रभावित भए।

त्यसैगरी, माओवादीहरूले कतिपय स्थानमा अस्पताल र स्वास्थ्य चौकीहरू समेत जलाएका छन्। ०५९ कार्तिक २१ गते, कपिलवस्तु जिल्लामा माओवादीले एकै रातमा ९ वटा स्वास्थ्य चौकीहरू जलाएका थिए। यसबाट महिला, बालबालिका तथा डट उपचार विधिबाट उपचार गराइरहेका क्षयरोगका बिरामीहरू उचित स्वास्थ्य सेवाबाट वञ्चित भए।स्वास्थ्य चौकी, सिंचाई सुविधा खानेपानी सुविधा र अन्य भौतिक संरचनाहरूमा गरिएका यस्ता आक्रमणले सामान्य मानिसको जीवनशैलीमा विभिन्न असर पुग्न गएको छ।

ओखलढुंगा जिल्लाको अत्तरखानी गाविसका मानिसहरू माओवादीहरूले पानीको लाइन भत्काएका कारणले गर्दा खानेपानी आपूर्तिका अभावका कारणले विचल्लीमा परेका छन्। ०५८ चैत १५ गते गाउलेहरूले पानी आपूर्ति गरिरहेको पाइप लाइन काटेर लगेका थिए।

साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार (धारा १५)

यस वर्ष राज्यद्वारा स्वयं जनताका साँस्कृतिक अधिकारहरूको चरम रूपमा उल्लंघन गरिएको छ। विभिन्न साँस्कृतिक गतिविधिहरूमा सहभागी हुँदाको बखतमा नागरिकहरूमाथि कुटपिट, धम्की र गिरफ्तारीका घटना भएका उदाहरणहरू छन्।

माओवादीले पनि मानिसको साँस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकारको गम्भीर उल्लंघन गरेका छन्। माओवादीहरूले अन्तिम संस्कारमा संलग्न भएका व्यक्तिहरूमाथि ज्यादतीका धेरै उदाहरणहरू छन्।

दाङका नागनाथ योगीलाई ०५८ फागुन २० गते बाबुको किरिया बसिरहेको अवस्थामा तथा पाल्पाका रवीकुमार थापालाई ०५९ असार १ गते आमाको किरिया बसिरहेको अवस्थामा माओवादीहरूले हत्या गरेका थिए।

कतिपय अवस्थामा सर्वसधारणलाई गाउँनिकाला समेत गरियो। हुम्ला जिल्लाको सिमीकोट गाविस-४ का ४० वर्षीय धनसिंह रोकायलाई ०५९ असोज १ गते आफ्नी आमाको किरिया बसिरहेको अवस्थामा माओवादीहरूले जवर्जस्ती गाउँनिकाला गरे।

शिक्षाको अधिकार (धारा १३)

माओवादी हिंसाका कारणले गर्दा, शैक्षिक क्षेत्रमा



गम्भीर प्रभाव पर्न गएको छ। शिक्षकहरूलाई कुटपिट गर्ने तथा मार्ने घटनाहरू भएका छन्। विद्यार्थीहरूको अपहरण तथा परीक्षाहरू विथोलिनं कारणले गर्दा वर्तमान शिक्षा प्रणालीको कार्यगत शैलीलाई छिन्नभिन्न तुल्याएको छ। माओवादीहरूले देशका विभिन्न क्षेत्रका विद्यालयहरूवाट विद्यार्थीहरूको अपहरण गरे। विभिन्न हड्तालहरूको आयोजना गरेर विद्यालयहरू बन्द गराइए। काठमाण्डौ जिल्ला स्थित इष्टपोल स्कूलका नौ वर्षीय राजन लामा, ३ वर्षीय ईश्वरी लामा, ११ वर्षीय बुढाथोकी, ७ वर्षीय विजय बुढाथोकी र ११ वर्षीय महेन्द्र आचार्यका साथ विद्यालयका प्रिन्सिपल महेन्द्र घिमिरे र शिक्षक शोभा उपाध्याय माओवादीहरूद्वारा गराइएको वम विष्फोटनमा परी गम्भीर घाइते भएका छन्। स्थानीय ढुंगराज पाठकको घर विद्यालयले भाडामा लिएको थियो।

खान पाउने अधिकार (धारा ११)

नेपालमा कूल जनसंख्याको ४० प्रतिशत मानिसहरू गरीबीको रेखामुनि छन्। सरकारले माओवादी प्रभावित, विशेष गरी मुगु, दार्चुला र जुम्ला जिल्लामा खाद्यान्न आपुर्ति गराउन सकेन। त्यसैले गर्दा त्यस क्षेत्रका मानिसहरू सिस्नो, कन्दमूल र अन्य जंगली खानेकुराहरू खान वाध्य भए।

भोकबाट मुक्त हुन पाउने अधिकार (धारा १२.२)

भोकबाट मुक्त हुन पाउने अधिकारको समेत राज्यले यस वर्ष उल्लंघन गरेको छ। मुगु जिल्लामा सरकारले खाद्यान्न आपूर्तिमा बन्देज लगाएको कारणले गर्दा उक्त क्षेत्रका वासिन्दाहरू महिनासम्म सिस्नो लगायतको जंगली कन्दमूल खान विवस भए। यस्ता किसिमका धेरै घटनाहरूमा माओवादीहरू पनि संलगन रहेका छन्। गत ०५८ चैत २७ गते सोलुखुम्बु जिल्लामा माओवादीले जिल्ला सदरमुकामतिर ल्याइदै गरेको १२ क्विन्टल खाद्यान्न जलाएर नष्ट पारेका थिए। उक्त खाद्यान्न ओखलढुङ्गा जिल्लाको बेनी गाविसका जनतालाई वितरण गर्ने लक्ष्य राखिएको थियो।

आवास तथा बसोबासको अधिकार (धारा ११.१)

माओवादी "जनयुद्ध"को शुरूवात भएयता झण्डै ७ हजार मानिसले ज्यान गुमाइसकेको स्थिति छ भने धेरै मानिसहरू आफ्नो घर छोड्न समेत वाध्य पारिएका छन्। नेपाल आन्तरिक विस्थापन सम्बन्धी अनुसन्धान संस्थाले सरकारी तथ्यांकलाई उद्धृत गर्दै तथा नेपाल रेडक्रस सोसाइटीले पनि आफ्नो तथ्यांकमा क्रमशः ७ हजार ३ सय ४३ तथा १० हजार ५ सय अधिकारिक विस्थापित व्यक्तिहरू रहेको उल्लेख गरेका छन्। द्वन्द्वका कारणले एकातर्फ आन्तरिक विस्थापितहरूको संख्या वढी रहेको छ भने अर्कातर्फ मुक्त कमैयाहरूको बहुमत संख्या घरवारविहीन रहेकोले मानिसहरूको आवास तथा बसोबास सम्बन्धी अधिकारबाट वञ्चित रहे। इन्सेकको प्रलेखमा सशस्त्र द्वन्द्वका कारण विस्थापितको संख्या १७ हजार ५ सय ६४ छ।

सामाजिक सुरक्षाको अधिकार (धारा ९)

कालिकोट जिल्लाको ओदानकु गाविसमा ११ महिनाको शिशु सहित ६ जनाको परिवारलाई माओवादीहरूले गत ०५८ चैत ११ गते अपहरण गरेका थिए। पीडित व्यक्तिहरूलाई माहुवुक पहाडवाट फेरी घर नफर्किने शर्तमा रिहा गरिएको थियो।

पन्ध्र जनाको सशस्त्र समूहले उदयपुर जिल्लाको पञ्चवाटी गाविसमा अवस्थित कृषि विकास बैंकमा आक्रमण



गरी, बैंकमा कार्यरत सबै कर्मचारीहरूलाई कोठामा बन्द गरी, कार्यालयमा रहेका सबै कागजपत्र जलाउने काम गरेका थिए। एक जना कर्मचारीले जीवन रक्षाका लागि ५ हजार रूपैयाँ आक्रमणकारीहरूलाई दिए। आक्रमण पश्चात उक्त बैंकलाई जिल्ला सदरमुकाममा सारिएको छ।

४.३ महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW)

नेपालले २२ अप्रिल १९९१ मा सम्मिलन गरेको महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने सम्बन्धी महासन्धि (CEDAW) संयुक्त राष्ट्रसंघको महासभाबाट १० डिसम्बर १९७९ मा पारित भएको हो। यसलाई ३ सेप्टेम्बर १९८१ देखि लागू गरियो। यो ऐच्छिक प्रोटोकल ६ अक्टोबर १९९९ मा पारित गरियो भने १० १९९९ मा हस्ताक्षरका लागि खुल्ला गरियो। CEDAW मा जम्मा छ भाग छन्। भाग १ (धारा १ देखि ६)मा महिला विरुद्ध हुने भेदभावको अर्थ, पक्ष राष्ट्रले यस्तो भेदभावको अन्त्य गर्दै पूरा गर्नुपर्ने दायित्व र तत्सम्बन्धी कार्य गर्ने विशेष व्यवस्थाहरु गर्ने उल्लेखित छ।

धारा १ मा भनिएको छ,

"यस धाराको प्रयोजनका लागि "महिला विरुद्ध हुने भेदभाव" शब्दले लिंगका आधारमा विवाहित वा अविवाहित कुनै पनि महिलालाई कमजोर तुल्याउने वा उनीहरुको कुनै पनि क्षेत्रमा उपस्थिति शून्य बनाउने उद्देश्यले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक तथा अन्य कुनै पनि क्षेत्रमा हुने भिन्नता, (Distinction), निष्कासन (Exclusion) वा प्रतिवन्ध (Restriction) लाई बुझाउँछ।"[७]

भाग २ (धारा ७ देखि ९), भाग ३ (धारा १० देखि १४), भाग ४ (धारा १५ र १६) राज्यले महिला विरुद्ध हुने सम्पूर्ण प्रकारका भेदभावहरुको अन्त्यका लागि राज्यले पूरा गर्नुपर्ने दायित्वसँग सम्बन्धित छन्। भाग ५ (धारा १७ देखि धारा २२) CEDAW को आवधिक प्रतिवेदन बुझाउने समय ४ वर्षको हुन्छ। यस वर्षको अन्त्यसम्म ३ वटा प्रतिवेदन बुझाउने म्याद गुज्रिसकेका छन्। नेपालले शुरुवातको प्रतिवेदन १६ डिसेम्बर १९९८ मा बुझाएको थियो। त्यसपछिको प्रतिवेदन बुझाउने म्याद २२ मे २००० मा थियो।

यस वर्ष राष्ट्रिय महिला आयोग गठन भयो। यो सकारात्मक उपलब्धी हो।

सन् २००२ मा आन्तरिक द्वन्द्वका कारणले हजारौं महिलाहरू विधवा भए। अन्धविश्वास, रुढीवादी धारणा र मान्यताका कारणले विधवाहरू समाजमा अपहेलित हुन पुगेका छन्। राज्यले यी महिलाहरुको समस्यालाई समाधान गर्नका लागि सन् २००२ मा कुनै पनि किसिमको नीति निर्माण गरेको छैन।

महिलामाथि हुने हिंसाहरु यस वर्ष पनि घट्न सकेन। जाजरकोट जिल्लाको झुप्रा गाविस-४ की २८ वर्षीय लिला स्वत्रीलाई खाना नख्वाएको आरोपमा माओवादीहरूले कुटपीट गरेका छन्। यी पीडितलाई सिस्नो र पानीले पिटिएकाले गर्भ तुहियो।

महोत्तरी जिल्लाको पर्सादेवाड् गाविसमा ०५९ जेठ ११ गते स्थानीय रामबाबु साफी र श्यामबाबु साफी लगायतका व्यक्तिहरूले बोक्सीको आरोपमा सुदामा देवीलाई कुटपीट गरी गम्भीर घाइते तुल्याए। सासुका रक्षाका लागि गएकी सुदामा देवीकी बुहारी अजहर देवीलाई समेत पीडकहरूले कुटपीट गरी गम्भीर घाइते तुल्याए। उक्त घटना भएको केही दिन अघि मात्र रामबाबु साफीको १० महिनाको छोराको आन्द्रा सम्बन्धी रोगका कारणले मृत्यु भएको थियो। पीडकहरूले सो घटनामा पीडित सुदामा देवीलाई आन्द्रा कुहाउने मन्त्र प्रयोग गरेको आरोप लगाएका थिए। पीडित व्यक्तिको टाउको, हात र शरीरका अन्य भागमा गम्भीर चोटपटक लागेको थियो। उपचारार्थ जिल्ला अस्पताल ल्याई पुर्‍याउँदा उनी बोल्न नसक्ने अवस्था रहेकी थिइनन्। महोत्तरीकै एक महिलालाई शसस्त्र प्रहरीले सामूहिक बलात्कार गरेको घटना सार्वजनिक भयो।

मोरङ जिल्ला कटमाहा गाविसकी ७० वर्षीय दयावती पासवानलाई गाउँलेहरूको एक समूहले बोक्सीको आरोप लगाएको थियो। गत ०५९ असोज १२ गते स्थानीय कमलकान्त सिंह, विक्कुप्रसाद सिंह र नन्दप्रसाद सिंहले निज महिलालाई दिशा खुवाउने प्रयास गरेका थिए।

४.४ बालअधिकार सम्बन्धी महासन्धि (CRC)

२ सेप्टेम्बर १९९० बाट लागू भएको बालअधिकार सम्बन्धी महासन्धि (CRC) संयुक्त राष्ट्रसंघको महासभाबाट २० नोभेम्बर १९८९ मा पारित भएको हो। यस महासन्धिलाई १४ सेप्टेम्बर १९९० मा नेपालले अनुमोदन गर्‍यो। यस महासन्धिका दुई वटा ऐच्छिक प्रोटोकलहरू (पहिला बालबालिकालाई सशस्त्र द्वन्द्वमा लगाउन नपाइने सम्बन्धमा (२५ मे २००० मा पारित भई १२ फेब्रुअरी २००२ मा लागू भयो) र दोस्रो बालबालिकालाई बेचबिखन गर्ने र यौन कार्यमा लगाउने विरुद्धको प्रोटोकल (२५ मे २००० पारित भई १८ जनवरी २००२ मा लागू भयो) बनिसकेका छन्। नेपालले यी दुवै ऐच्छिक प्रोटोकलहरूलाई ८ सेप्टेम्बर २००० मा हस्ताक्षर गरेको थियो।

CRC ले मानवअधिकार सम्बन्धी अन्य विभिन्न अधिकारहरूका अतिरिक्त बालबालिकाहरूका विशिष्ट आवश्यकता एवं इच्छाहरूलाई पनि अधिकारका रूपमा स्थापित गराएको छ। यस महासन्धिको भाग १ (धारा १ देखि ४१) राज्य पक्षको दायित्वका अतिरिक्त विभिन्न बालअधिकार उल्लेख गरिएका छन्। धारा १ मा "बालक" शब्दलाई "कानूनले तोके बमोजिम बाहेक १८ वर्ष भन्दा मुनिको उमेर भएको मानिसलाई बुझाउँछ।"[८] CRC मा बालबालिका नागरिक तथा राजनीतिक अधिकारका अतिरिक्त आर्थिक, सामाजिक, साँस्कृतिक र मानवीय अधिकारका बारेमा चर्चा गरिएको छ। यी मध्ये बाँच्ने

र विकसित हुने अधिकार (धारा ६) हिंसा र तिरस्कारबाट सुरक्षाको अधिकार (धारा १९), उच्चतम स्वास्थ्य सुविधा प्राप्तिको अधिकार (धारा २४), शारीरिक, मानसिक, संवेगात्मक, नैतिक एवं सामाजिक विकासका लागि पर्याप्त जीवन निर्वाहको अधिकार (धारा २७), बालबालिकाको साँस्कृतिक पहिचानतिर केन्द्रित शिक्षाको अधिकार (धारा २८ देखि २९) प्रमुख हुन्।

CRC सँग सम्बन्धित समितिमा जम्मा उच्च नैतिक आचरण एवं मानवअधिकारसँग दक्षता हासिल गरेका १० जना विशेषज्ञहरू रहने व्यवस्था छ (धारा ४३)। भाग तीन, धारा ४६ देखि ५४ हस्ताक्षर, अनुमोदन आदिसँग सम्बन्धित छन्।

CRC को आवधिक प्रतिवेदन बुझाउने समय ५ वर्ष रहेको छ। यस वर्षको अन्त्यसम्ममा ३ वटा प्रतिवेदन बुझाउने समय गुज्रिसकेका छन्। नेपालले शुरूवातको प्रतिवेदन १० अप्रिल १९९५ मा बुझाएको थियो। सन् २००३ पछि प्रतिवेदन बुझाउने अर्को समय १३ अक्टोबर २००७ तोकिएको छ।

सन् २००२ मा हजारौं बालबालिका आन्तरिक द्वन्द्वबाट प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। हिंसाबाट पीडित बालबालिकाहरूको सहयोगार्थ कुनै ठोस कार्यक्रमहरू आजसम्म संचालित हुन सकेका छैनन्।

सिन्धुली जिल्ला घर भएका १२ वर्षीय वुद्धवीर थिङलाई ०५९ कार्तिक ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेको छ। उनलाई सर्लाही जिल्लाको लालबन्दीस्थित प्रहरी कार्यालय र बैंकमा माओवादीद्वारा आक्रमण गरिएको घटनामा माओवादीलाई सघाएको आरोप लगाइएको थियो। पीडित बालक महोत्तरी जिल्लाको बर्दिवासस्थित एक होटलमा काम गर्न गत वर्ष त्यतातिर गएका थिए। काठमाण्डौ जेलबाट छोरालाई भेट्न आउनु भन्ने पत्र उनका बाबुले प्राप्त गरेपछि मात्र उक्त घटना प्रकाशमा आएको थियो। तर, प्रहरीले "टाडा" अन्तर्गत थुनामा राख्न उमेरको कुनै हदबन्दी नहुने जनाउँदै रिहा गर्न अस्वीकार गरेको थियो। सन् २००२ को अन्त्यसम्म पनि पीडितलाई रिहा गरिएको छैन।

बाल विवाह अद्यापि प्रचलनमा छ। हुम्ला जिल्ला मदना गाविसका ११ वर्षीय महादेव ढकाल र ८ वर्षीय सीता जैसीको उनीहरूका अभिभावकले विवाह गरिदिएको घटनालाई उदाहरणको रूपमा लिन सकिन्छ।

४.६ यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि (CAT)

यातना तथा क्रूर अमानवीय वा अपमानित व्यवहार वा सजाय विरुद्धको महासन्धि (CAT) संयुक्त राष्ट्रसंघको महासभाबाट १० डिसेम्बर १९८४ मा पारित भएको हो। यो महासन्धि २६ जुन १९८७ बाट लागू भयो। नेपालले यस महासन्धिलाई १४ मे १९९१ मा अनुमोदन गरेको हो।

महासन्धिको भाग १ (धारा १ देखि १६) मा "यातना" को अर्थ, यातना सम्बन्धी कुनै पनि प्रकारको क्रियाकलाप हटाउने सम्बन्धमा राज्यको दायित्व तथा यस्तो प्रकारको अपराधलाई पूर्ण रूपमा हटाउन क्षेत्राधिकार तोक्ने जस्ता कुराहरू उल्लिखित छन्। भाग २ (धारा १७-२४) मा यातना विरूद्धको महासन्धिसँग सम्बन्धित समितिका बारेमा चर्चा गरिएको छ भने भाग तीन (धारा २५ देखि ३३) मा यस महासन्धिको हस्ताक्षर, अनुमोदन तथा सम्मिलन सम्बन्धी व्यवस्था गरिएको छ।

धारा १ मा "यातना" शब्दको व्याख्या यसरी गरिएको छ -

"कुनै पनि व्यक्तिलाई उसबाट आफूलाई आवश्यक पर्ने सूचना लिनको लागि या तेस्रो व्यक्तिबाट सूचना प्राप्त गर्ने वा सावित गर्ने उद्देश्यले वा तेस्रो व्यक्तिले गरेको भन्ने शंका भएको भन्ने लागि ..... दिइने शारीरिक वा मानसिक दर्द वा पीडा" यातना भन्ने शब्दले कानुन अनुरुप पाउने दण्डको कारण हुने यातना वा दर्दलाई समेट्ने छैन।"[९]

यातना विरुद्धको समितिमा उच्च नैतिक आचरण र मानवअधिकार सम्बन्धी दक्षता हासिल गरेका १० जना विशेषज्ञहरू रहने व्यवस्था गरिएको छ। यी विशेषज्ञहरू राज्य पक्षबाट निर्वाचित हुन्छन्।

CAT को आवधिक प्रतिवेदन बुझाउने समय ४ वर्षको हुन्छ। यस वर्षको अन्त्यसम्म ३ वटा प्रतिवेदन बुझाउने म्याद गुज्रिसकेका छन्। नेपालले ९ अक्टोबर १९९३ मा शुरूवातको प्रतिवेदन बुझाएकोथियो। १९९३ पछि बुझाउन बाँकी मितिहरू क्रमशः १२ जुन १९९६ र १२ जुन २००० रहेका थिए।

यस वर्ष यातना तथा क्रूर, अमानवीय वा अपमानजनक घटनाहरूमा उल्लेख्य मात्रामा वृद्धि भयो। राज्यपक्ष र माओवादी दुवै क्रूर, ज्यादती तथा अन्य अमानवीय क्रियाकलापमा सामेल भएको देखियो।

मोरङ जिल्ला उर्लाबारी गाविस-४ स्थित उर्लाबारी बहुमुखी क्याम्पसका स्ववियु उपसभापति २१ वर्षीय निरज निरौला र २२ वर्षीय विनोद थापालाई माओवादीको आरोपमा ०५८ चैत १२ गते बिहान ४ बजे सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा इटहरीस्थित सैनिक ब्यारेकमा ३ दिन राखी खाडल खनेर उनीहरूलाई राखी गिट्टीले पुर्ने, त्यसमाथि सैनिक जवान वरीपरि कुद्ने जस्ता यातना दिए। पीडितहरूलाई यसअघि ०५८ माघ १० गते इलाका प्रहरी कार्यालय, उर्लाबारीले बम विस्फोट गराएको आरोपमा गिरफ्तार गर्दा बन्दुकको कुन्दा, पाइप, टायरको पञ्जाले हिर्काइएको थियो।

४.७ सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि

सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CERD) संयुक्त राष्ट्रसंघको महासभाबाट २१ डिसेम्बर १९६५ मा पारित भएको हो। यो

महासन्धि ४ जनवरी १९६९ बाट लागू भयो। नेपालले यस महासन्धिलाई ३० जनवरी १९७१ मा अनुमोदन गर्‍यो।

CERD मा जम्मा तीन भागहरू रहेका छन्। भाग १ (धारा १ देखि ७) मा "जातीय भेदभाव" को अर्थ तथा राज्यका विभिन्न दायित्वहरूको व्याख्या गरिएको छ। भाग २ (धारा ८ देखि १६) मा CERD को समिति सम्बन्धमा उल्लेख गरिएको छ भने भाग तीन (धारा १७ देखि २५) मा यस महासन्धिलाई हस्ताक्षर, अनुमोदन एवं सम्मिलन गर्ने सम्बन्धमा व्याख्या गरिएको छ।

धारा १ मा "जातीय भेदभाव" को व्याख्या यसरी गरिएको छ :-

"...कुनै जात, रङ्ग, वर्ण वा राष्ट्रिय तथा जातीय मूलका आधार कुनै पनि व्यक्ति उपर निजको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा सार्वजनिक जीवनमा गरिने भिन्नता (distinction), निष्कासन (exclusion), प्रतिबन्ध (restriction) तथा प्राथमिकता (preference) ..।"[10]

मोरङ जिल्लाको बयरबन गाविस-२ की सुनिता विश्वकर्मालाई ०५९ मंसिर ५ गते सोही ठाउँका हर्कबहादुर दाहालले सुनिताको कुकुर आफ्नो घरमा पस्दा "अछूत"को कुकुर घरमा पसेको भनी कुटपिट गरे।

CERD मा भएका विभिन्न प्रावधानहरूलाई राज्यले अनुमोदन गरेको ३५ वर्ष बितिसक्दा पनि लागू गर्न सकेको छैन। प्रत्येक वर्षको २१ मार्चलाई विश्वभर नै जातीय भेदभाव उन्मूलन दिनका रूपमा मान्ने गरिन्छ। सन् १९६० मा दक्षिण अफ्रिकाको सार्पभिलामा ६९ काला जातीका मानिसहरूलाई शान्तिपूर्ण जुलुसमा उत्रिएका बखत त्यहाँका शासकले मारेको सम्झनामा पाँच वर्ष पछि अर्थात सन् १९६६ बाट मनाउन शुरु गरिएको यो दिवस नेपालमा पहिलो पल्ट यस वर्ष मनाइयो।

मेची नगरपालिका-२, झापाका गणेश लम्साल र रमा विश्वकर्मालाई अन्तरजातीय विवाह गरेको आरोपमा ०५८ चैत २६ गते सामाजिक बहिष्कार गरिया। पीडितका परिवारलाई समेत गाउँ निकाला गरियो।

यस वर्ष राष्ट्रिय दलित आयोगको गठन भयो। आयोगको स्थापनालाई राज्यले जनताका मानवअधिकारको प्रत्याभूति, संरक्षण र सम्वर्द्धनप्रतिका प्रतिबद्धताका लागि एउटा स्वागतयोग्य कदमका रूपमा लिन सकिन्छ।

विस्थापितहरुको संख्या (विकास क्षेत्र अनुसार)

विकास क्षेत्र	**विस्थापित संख्या**
पूर्वाञ्चल	३९८
मध्यमाञ्चल	४९९४
पश्चिमाञ्चल	४९११
मध्यपश्चिमाञ्चल	३४०५
सुदूरपश्चिमाञ्चल	३८५६
जम्मा	१७५६४

४.८ विस्थापित एवम् शरणार्थीहरुको अधिकार

हालैका दिनहरूमा आन्तरिक विस्थापन एवम् शरणार्थी प्रमुख समस्याको रूपमा देखा परेको छ। आन्तरिक विस्थापनका विभिन्न कारणहरूमध्ये आन्तरिक द्वन्द्व प्रमुख कारण हो। धेरै मानिसहरू असुरक्षा महसुस गरी घर छोड्न बाध्य भएका छन्। कैयौं धनजनको नोक्सान भएको छ। सरकारी कार्यालयहरू ध्वस्त पारिएका ठाउँमा मानिसको सम्पत्ति, जग्गाको अभिलेख समेत छैन।

विगत १३ वर्षदेखि नेपालका पूर्वी भेगमा शरणार्थी जीवन बिताइरहेका भुटानी नागरिकलाई हाले पुनः फर्काउने सम्बन्धमा विभिन्न कार्ययोजना बनिरहेका छन्। तर, भुटानी शरणार्थीहरू आफू फर्कंदा भुटानको नागरिक भएर फर्कन पाउनु पर्दछ। उनीहरूलाई दुई वर्षसम्म नागरिकता नदिइकन काममा लगाउने कुरा त्यहाँको कानून अनुसार सरकारी नोकरी नपाउने हुँदा शरणार्थीहरूको उचित व्यवस्था नहुने देखिन्छ।

विस्थापितहरूको अधिकारबारे अहिलेसम्म कुनै दस्तावेज बन्न सकेको छैन। "आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरू"मा आन्तरिक रूपमा विस्थापित भन्नाले "त्यस्ता व्यक्ति वा समूहहरूलाई बुझाउँछ जो तिनीहरूको घरबाट तथा हालसाले बसिरहेको स्थानलाई छाडेर, कुनै विशेष परिस्थितिका कारणले वा सशस्त्र द्वन्द्वबाट हुने प्रभावबाट मुक्त हुनको लागि, हिंसाको सामान्यीकरण भएको अवस्था, मानवअधिकारको उल्लंघन वा प्राकृतिक र मानवीय प्रकोपहरूका कारणले पलायन भएका छन्। जसले, अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त राज्यको सिमाना पार गरेका छैनन्।"[11]

इन्सेकको मानवअधिकार प्रलेख केन्द्रमा यस वर्षको अन्त्यसम्ममा विस्थापितहरूको संख्या निम्नानुसार छ।

४.९ आदिवासी तथा अल्पसंख्यकहरुको अधिकार

हालसम्म आदिवासी तथा अल्पसंख्यकहरूको अधिकार सम्बन्धी कुनै पनि व्यवस्था गरिएको छैन। मानवअधिकारको विश्वव्यापी घोषणापत्र (UDHR) को धारा १ मा भनिएको छ -

"सबै मानिसहरू जन्मजात स्वतन्त्र हुन्छ र तिनीहरूको समस्त अधिकार र सम्मान हुन्छ। निजहरूमा विचार शक्ति र विवेक भएकाले उनीहरूले आपसमा भातृत्वको भावना विकास गर्नुपर्छ।"[12]

त्यस्तै ICCPR को धारा २७ मा भनिएको छ -

"जातीय, धार्मिक तथा भाषिक अल्पसंख्यक भएका राज्यहरूले यस्ता अल्पसंख्यकहरूको समुदायका अन्य सदस्यहरूसँग घुलमिल हुने, आ-आफ्नो संस्कृति, भाषा र धर्मको प्रयोग गर्न पाउने अधिकारलाई वञ्चित गरिने छैन।"[13]

राष्ट्रिय तथा जातीय, धार्मिक तथा भाषिक अल्पसंख्यक भएका राज्यहरूले यस्ता अल्पसंख्यकहरूको

अधिकारसँग सम्बन्धित छ। यस्ता अधिकारहरूमा अल्पसंख्यकले आफ्नो संस्कृति अनुसार आफ्नो धर्म, भाषाको उपयोग गर्दै साँस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक तथा सार्वजनिक जीवनयापन आफ्नो समूह बनाउन पाउने जस्ता कुराहरू उल्लेखित छन्।

नेपाल अधिराज्यको संविधान-२०४७ ले प्रत्येक नागरिकको बाँच्न पाउने अधिकारलाई प्रत्याभूत गरेको छ। धारा ११ अन्तर्गत समानताको अधिकारमा भनिएको छ।"

"सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिंग, जात, जाती वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन।"[१४]

यस वर्षको अन्त्यमा बनेको, नेपालको १० औं पञ्चवर्षीय योजनाको प्रमुख उद्देश्यहरूमध्ये, "महिला, केटाकेटी, अलाभान्वित समुदायका व्यक्तिहरू माझ व्याप्त गरिबी उनीहरूको सशक्तीकरण, रोजगारीका अवसर, जनशक्तिको विकास एवं सुरक्षाद्वारा हटाइनेछ।" विभिन्न कार्ययोजनालाई हेर्दा पनि विशेष गरी यहाँ उल्लेखित समुदायलाई नै समेट्ने खालका देखिन्छन्।

५. निश्कर्ष

नेपाल अधिराज्यको संविधान-२०४७ ले प्रत्येक नेपाली नागरिकलाई आधारभूत अधिकारको प्रत्याभूति, संसदीय प्रणाली तथा स्वतन्त्र र प्रतिस्पर्धी न्याय प्रणाली" को व्यवस्था गरेको छ। नेपाल विभिन्न मानवअधिकार सम्बन्धी १६ वटा अन्तर्राष्ट्रिय दस्तावेजहरूको पक्ष राष्ट्र बनिसकेको छ। नेपालको सन्धी ऐन २०४७ मा अनुमोदन गरिएका विभिन्न अन्तर्राष्ट्रिय कानुनहरू राष्ट्रिय कानुनको रूपमा लागू हुने प्रावधान छ, यस्तो ऐन भएको नेपाल दक्षिण एशियामा नै एक मात्र देश हो (धारा ९)।

अनुमोदित दस्तावेजहरूमा राज्यले पूरा गर्नुपर्ने विभिन्न दायित्वहरू हुँदाहुँदै पनि सरकारले रूपमा संयुक्त राष्ट्रसंघमा पठाउनु पर्ने नियमित प्रतिवदेनहरू पठाएको छैन। CERD जसको १६ औं प्रतिवेदन बुझाउनुपर्ने पालोमा १४ औं प्रतिवेदन बुझाएको भए तापनि सरकारले अन्य पठाउनुपर्ने प्रतिवदेन यस वर्षको अन्त्यसम्म १० वटा प्रतिवेदन पठाउन बाँकी रहेको देखिएको छ।

यहाँ एउटा प्रश्न उठ्न सक्छ, नियमित रूपमा संयुक्त राष्ट्रसंघमा प्रतिवेदन पठाउँदैमा के हुन्छ ? हामी मानवअधिकारकर्मी दावा गर्छौं, धेरै कुराहरूमा सुधार हुन्छ। उदाहरणका लागि ICCPR को प्रतिवेदन नियमित रूपमा तयार गर्ने हो भने, जो कोहीलाई देशको वास्तविक नागरिक र राजनीतिक अवस्थाका बारेमा थाहा हुन्छ। यदि सरकारले नियमित रूपमा नागरिक र राजनीतिक अधिकार सम्बन्धी प्रतिवेदन पठाउन ध्यान दिएको भए अहिलेको विकराल अवस्था सायदै आउँथ्यो। उक्त प्रतिवेदन धेरै हदसम्म अहिलेको समस्या समाधान गर्ने प्रमुख दैस्तावेज बन्न सक्दथ्यो। उक्त प्रतिवेदन राज्य पक्षलाई र विद्रोही पक्षलाई मात्र नभएर सम्पूर्ण नागरिक समाजका सदस्यलाई समेत, सन्दर्भ सामग्री बन्न सक्थयो।

सन् २००२ मानवअधिकारका दृष्टिकोणले सम्भवत सबैभन्दा धुमील वर्षका रूपमा देखा पर्‍यो। यस वर्ष संविधानका विभिन्न प्रावधानहरू समेत मिचिए। संविधान रक्षा सबैको सरोकार रहँदा-रहँदै पनि संविधान नै सबै भन्दा बढी क्षतविक्षत भयो।

राजनीतिक स्थिरता कायम राख्दै सुशासन तर्फ अघि बढ्ने कुरा यस वर्ष पनि पूरा हुन सकेन। बरू झन बल्झियो। मन्त्रीहरू नै भ्रष्टाचारमा मुछिई कारवाहीमा परेका घटनाहरू प्रशस्तै पाइए। भ्रष्टचार र अनियमितता झन बढेर गयो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा विघटन गरिएको प्रतिनिधि सभा कार्तिक १३ गतेको चुनाव पश्चात पुनर्जिवित हुनुपर्नेमा संविधानकै व्याख्या आ-आफ्नै तरिकाबाट गरिए पश्चात अन्यौलमा रहेको छ। स्थानीय स्वायत्तशासन ऐन २०५५ ले स्थानीय निकायका पदाधिकारीको म्याद १ वर्ष थप हुन सक्ने प्रावधान हुँदाहुँदै पनि म्याद थप नगर्ने निर्णय गरिए पछि, देश पूर्ण रूपमा निर्वाचित प्रतिनिधि विहीन बन्न पुगेको छ।

बाँच्न पाउने नागरिकको आधारभूत अधिकारलाई यस वर्ष राज्य र गैरराज्य दुवै पक्षबाट व्यापक उल्लंघन गरियो। गैरराज्यतर्फ माओवादीहरू नै यस्तो ज्यादतीमा खरो उत्रिए। धेरै मानिसहरू "टाडा" को नियम प्रयोग गरी यातनाका शिकार बने र उनीहरू कानुनी उपचार पाउन नसकेर हालसम्म पनि विचलित छन्। अदालतले रिहा गर्ने आदेश दिएका बन्दीहरूलाई पुनः गिरफ्तार गर्ने जस्ता गैरजिम्मेवार कार्यहरू यस वर्ष बढे।

अल्पसंख्यकहरूका हित तथा आन्तरिक विस्थापनको समस्या सवन्धमा पनि कानुनी व्यवस्था व्यवस्था गर्नु आवश्यक भइसकेको छ। आन्तरिक विस्थापन बढ्दो क्रममा रहेकाले यस सम्बन्धमा पनि कानुनी प्रक्रिया अघि बढाइनुपर्ने देखिन्छ। "टाडा" ले जनताका अधिकारको व्यापक रूपमा कटौती गर्ने भएकाले यो ऐन तुरून्तै खारेज गरिनुपर्छ। प्रतिवद्धता जाहेर गरिएका दस्तावेजहरू, विशेष गरी यस आलेखमा विश्लेषण गरिएका प्रमुख ६ वटा महासन्धिहरूको प्रतिवेदन नियमित रूपमा पठाउनु वाञ्छनीय देखिन्छ।

सन्दर्भ सामग्री
इन्सेक, १९९९, *मानवअधिकार वर्ष पुस्तक १९९९* (काठमाण्डौ : इन्सेक)
इन्सेक, २०००, *मानवअधिकार वर्ष पुस्तक २०००* (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००१, *मानवअधिकार वर्ष पुस्तक २००१* (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००२, *मानवअधिकार वर्ष पुस्तक २००२* (काठमाण्डौ : इन्सेक)
इन्सेक, २०५३, *मानवअधिकार संगालो* (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००२, *इनफर्मल*, भोल्युम, ११, न. १ (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००२, *इनफर्मल*, भोल्युम, १२, न. २ (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००२, *इनफर्मल*, भोल्युम, १३, नं. ३ (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००३, *इनफर्मल*, भोल्युम १४, नं. १ (काठमाण्डौ : इन्सेक)
इन्सेक, २०५९, *प्राची*, भोल्युम, ४१, नं. २ (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००२, *मानवअधिकार स्थितिसूचक*, नं. १ (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००२, *मानवअधिकार स्थितिसूचक*, नं. २ (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००२, *मानवअधिकार स्थितिसूचक*, नं. ३ (काठमाण्डौ : इन्सेक)
इन्सेक, २००२, *मानवअधिकार स्थितिसूचक*, नं. ४ (काठमाण्डौ : इन्सेक)
कार्की, गोरीबहादुर, २०५४, *नेपालको वर्तमान संविधान : विचार र व्याख्या* (काठमाण्डौः पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर)
इन्स्टिच्यूट अफ ह्युमन राइट्स एजुकेशन, २००२, *ह्युमन राइट्स स्टडी मटेरियल्स* (मदुराई, भारत, पिपल्स वाच)
पिपल्स वाच, २००२, *स्टडी मटेरियल्स अन सब-रिजनल ट्रेनिङ अन ह्युमन राइट्स इन्टरभेन्सन*, सुरेश्री)
(मदुराई, भारत : पिपल्स वाच)

नोट

१ खातिवडा पद्म, ह्युमण राइट्स एजुकेशन : टपमस्ट एजेण्डा फर पीस टक्स दि स्पेस टाइम टुडे, मार्च ६ २००३
२ सेन्टर फर इम्पावरमेन्ट, पुणे, महाराष्ट्र, भारतकी म्यानेजिङ ट्रष्टी डा. निर्मला पण्डितद्वारा प्रस्तुत कार्यपत्रका आधारमा, सुरेश्री २००२, मदुराई, भारत
३ आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐन, २०५८ दफा १० नं. १२
४ नेपाल अधिराज्यको संविधान २०४७, धारा १२ (घ)
५ जनआस्था साप्ताहिक, असार १२, ०५९
६ संयुक्त राष्ट्रसंघ, १९९३, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसंग सम्बन्धित अनुबन्ध, १९६६, संयुक्त राष्ट्रसंघ
७ संयुक्त राष्ट्रसंघ, १९७९, महिला विरुद्ध हुने सबै प्रकारका भेदभावहरु उन्मूलन गर्ने सम्बन्धी महासन्धि, संयुक्त राष्ट्रसंघ
८ संयुक्त राष्ट्रसंघ, १९८९, बालअधिकार सम्बन्धी महासन्धि, संयुक्त राष्ट्रसंघ
९ संयुक्त राष्ट्रसंघ, १९८४, यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि, संयुक्त राष्ट्रसंघ
१० संयुक्त राष्ट्रसंघ, १९६५, सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, संयुक्त राष्ट्रसंघ
११ आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरु
१२ संयुक्त राष्ट्रसंघ, १९४८, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, संयुक्त राष्ट्रसंघ
१३ संयुक्त राष्ट्रसंघ, १९६६, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६, संयुक्त राष्ट्रसंघ
१४ नेपाल अधिराज्यको संविधान-२०४७

परिच्छेद १

अन्यौलमा संविधान

नेपाल अधिराज्यको संविधान, ०४७ जीवित छ कि छैन भन्ने सवालमा उठ्ने गरेका जिज्ञासाहरूले ०५९ असोज १८ गतेको शाही घोषणाबाट ठोस रूप धारण गर्ने मौका पाए। प्रतिगमनको ठोस प्रमाण, संविधानलाई मृत तुल्याउने यस्तै कदम हुन सक्ने थियो। त्यतिबेलासम्म त्यस्तो भएको थिएन। तर त्यही घोषणाद्वारा भने बितेको बाह्र वर्षमा वर्तमान संविधानमाथि सबभन्दा ठूलो प्रहार गरियो। त्यसअघि नै प्रजातन्त्रोत्तर नेपालले कहिल्यै भोग्नु नपरेको समस्यासँग जुध्नु परिरहेको अनुभव गरिएको थियो। "प्रतिनिधिसभाको विघटन, स्थानीय जननिर्वाचित निकायहरूको म्याद समाप्ति, माओवादी समस्या र सङ्कटकालको घोषणाको सम्भावना जस्ता कारक तत्वहरूको कूलयोगबाट नेपालीहरू जटिलतम् स्थितिको सामना गर्दैछन् भन्ने स्पष्ट" रहेको विश्लेषण त्यसबेला गरिँदै थियो।[1] ०५९ सालको पुस मध्यसम्म पनि नेपाल अधिराज्यको संविधान, २०४७ मूर्छित अवस्थामै रह्यो।

असोज अठारको शाही घोषणामा नेपालका मुख्य मुख्य राजनीतिक पार्टीहरूप्रति संकेत गर्दै उल्लेख गरिएको थियो-"राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्ति सुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकोले हामीबाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी संविधानबमोजिम निर्वाचन समयमै सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरी मन्त्रिपरिषद् विघटन गर्न र आगामी कात्तिक २७ गते प्रतिनिधिसभाका लागि हुने निर्वाचनसमेत स्थगित गर्नुपर्ने परिस्थिति आइपरेको छ।"

शाही घोषणामा "संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धता एवं निष्ठामा हामी आँच आउन दिने छैनौं" पनि भनिएको थियो। नेकपा (एमाले) ले घोषणालाई संवैधानिक त्रुटी भन्यो।[2] नेपाली कांग्रेसले "शाही घोषणा नेपाल अधिराज्यको संविधान, २०४७ को मूल मर्म र भावना विपरीत भएको महसुस गर्दै यस कदमले संवैधानिक राजतन्त्र र जनउत्तरदायी बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई कमजोर पारेको" ठान्यो।[3] तर घोषणामा उल्लेखित त्यही एक पंक्तिका कारण एमाले र कांग्रेस वर्ष २००२ को अन्त्यसम्मै राजाबाट त्रुटी सच्याइने आशा गरिरहेका थिए।

राजा ज्ञानेन्द्रको, जननिर्वाचित सरकारलाई खारेज गर्ने ०५९ सालको शाही घोषणा स्वर्गीय राजा महेन्द्रको ०१७ सालको शाही घोषणासँगै मिल्दोजुल्दो देखिएको कुरा शुरूदेखि नै उठेको थियो।[4] ०१७ पुस १ को शाही घोषणामा भनिएको थियो- "उपरोक्त वातावरण हटाई शान्ति सुरक्षा कायम राख्न र देशलाई संक्रमण स्थितिबाट बचाउन विशेष व्यवस्थाको जरूरत पर्न आएकोले तथा देश र जनताको हितलाई मात्र ध्यानमा राखी संविधानको धारा ५५ को अधिकार प्रयोग गरी यो मन्त्रिमण्डल र संसदका दुवै सदनहरू समेत हामीबाट आज यो घोषणाद्वारा विघटन गरिबक्सेका छौं। कुनै नयाँ व्यवस्था गर्न केही समय लाग्ने हुँदा अर्को व्यवस्था नभएसम्म मुलुकको शासनभार हामीबाटै स्वयं ग्रहण गरिबक्सेका छौं।"

असोज १८ गतेको शाही घोषणाले "जनताको संप्रभुतालाई अपहृत गरेपछि नेपाली कांग्रेसले औपचारिक निर्णयद्वारा संप्रभुताको पुनः स्थापनाका निम्ति जनतामा जाने र जनमत निर्माण गर्ने कार्य प्रारम्भ" गरेको बताइयो।[5] यसै क्रममा नेपाली कांग्रेसले संविधानसभाका बारेमा प्राज्ञिक बहस खुला गर्ने निर्णय गरेको थियो।

नेपालको संवैधानिक कानुनको इतिहास

क) नेपाल सरकार वैधानिक कानुन, २००४

राजा त्रिभुवनको शासन कालको छब्बीसौं वर्षमा श्री ३ पद्मशमशेरद्वारा २००४ साल मंसीर १३ गते नेपाल सरकार वैधानिक कानुन जारी गरियो। तर, ००५ साल बैशाख १ गतेदेखि लागू भएको घोषणा गरिएको त्यो कानुन कहिल्यै प्रयोगमा आउन सकेन।

नेपाल सरकार वैधानिक कानुन.००४ नेपालको पहिलो संविधानले राणा प्रधानमन्त्रीका विशेषाधिकारहरूमा कुनै परिवर्तन गरेन। झन् यसले प्रधानमन्त्री पदको लागि राणाहरूको उत्तराधिकारलाई सदाको लागि अहस्तान्तरणीय र अपरिवर्तनीय रूपमा कायम राख्यो। तत्कालीन कार्यकारिणी, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकारहरू श्री ३ मा निहित राखिएको थियो।[६]

यसलाई नेपालको प्रथम लिखित संविधान एवं नेपाली जनतालाई उपहारको रूपमा प्रदान गरिएको संविधान पनि भनिन्छ। प्रकाश गुप्ता, डा. रामउग्र सिंह र रघुनाथ सिंह जस्ता भारतीय संविधानविद्हरूलाई बोलाई उनीहरूबाट मस्यौदा गराइएको थियो। यो संविधान सुझाव र विशेषज्ञहरूको टोलीबाट निर्माण भई श्री ३ को इच्छा अनुसार घोषणा भएको थियो। यस वैधानिक कानुनमा प्रस्तावना लगायत ६ भाग, ६८ धारा र १ अनुसूची थिए।[७]

ख) नेपाल अन्तरिम शासन विधान, २००७

राजा त्रिभुवनबाट नेपाल अन्तरिम शासन विधान, ००७ जारी गरियो। नेपाल अन्तरिम शासन विधान नयाँ आंगिक कानुन वा अन्तरिम संविधानले ००४ सालको वैधानिक कानूनलाई खारेज गर्नुका साथै राणा प्रधानमन्त्रीहरूको वि. सं. १९०३ यताका पञ्जापत्र र वैधानिक कानूनबाट प्राप्त अधिकारलाई सदाका निम्ति समाप्त गऱ्यो। कार्यकारिणी, व्यवस्थापिका तथा न्यायपालिकासम्बन्धी सम्पूर्ण राजकीय अधिकारहरू श्री ५ मा पुनः स्थापित भए। कार्यकारिणी अधिकार श्री ५ र मौसुफको मन्त्रिपरिषद्मा रह्यो। यसप्रकार यसले आधुनिक राजनीतिक प्रक्रियाको महत्वपूर्ण सिद्धान्तको रूपमा रहेको मन्त्रिपरिषद्मा श्री ५ प्रणालीको प्रादुर्भाव गऱ्यो। यसैबीच संविधान निर्माणको श्रोतका सम्बन्धमा शंका उठाइएकोले श्री ५ त्रिभुवनबाट ०१० साल माघ ७ गते अर्को घोषणा गरिबक्सी निर्वाचित संविधानसभाबाट संविधान तयार गरिनेछ भनी सो शंकाको समाधान गरिबक्सियो।[८]

ग) नेपाल अधिराज्यको संविधान, २०१५

नेपाल अन्तरिम शासन विधान केवल अन्तरिम कालमा अन्तरिम उद्देश्यका लागि जारी गरिएको हुँदा यसबाट निर्वाचित उत्तरदायी सरकार गठन बारे व्यवस्था गरिएको थिएन। अतः निर्वाचित उत्तरदायी सरकारको व्यवस्था गर्नसक्ने संविधानको तर्जुमा हुनु आवश्यक थियो। तर संविधान कुन श्रोतबाट निर्माण गर्ने भन्नेबारे श्री ५ त्रिभुवनको स्वर्गारोहण पश्चात् विवाद उठ्यो। श्री ५ महेन्द्रबाट मौसुफमा निहित राजकीय सत्ता तथा विशेषाधिकार अन्तर्गत संविधान जारी हुने निधो भएपछि सो विवादको अन्त्य भयो। फलस्वरूप यस्तो संविधानको मस्यौदा गर्न लोकसेवा आयोगका अध्यक्ष भगवतीप्रसाद सिंहको अध्यक्षतामा नेपाली कांग्रेसका महामन्त्री सूर्यप्रसाद उपाध्याय, नेपाली कांग्रेसके होराप्रसाद जोशी, गोरखा परिषद्का अध्यक्ष रणधीर सुब्बा, नेपाल ल कलेजका प्रिन्सिपल रामराज पन्त रहनुभएको संविधान मस्यौदा कमिसन बनाइयो। त्यस कमिसनको सल्लाहकारमा संवैधानिक कानुनका विशेषज्ञ बेलायती नागरिक आइभर जेनिङ थिए। ०१४ साल चैत ११ गते गठित कमिसनले राजासमक्ष प्रस्तुत गर्नुअघि मन्त्रिपरिषद्ले अनुमोदन गरेको थियो।

०१५ साल फागुन १ गते घोषणा गरिएको त्यस संविधानकै आधारमा नेपालको इतिहासमा सर्वप्रथम निर्वाचित तथा उत्तरदायी सरकार गठन भयो।

घ) नेपालको संविधान, २०१९

अघिल्लो संविधानको धारा ५५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ महेन्द्रबाट त्यही संविधानका अधिकांश धाराहरू ०१७ साल पुस १ गतेका दिन शाही घोषणाद्वारा निलम्बन गरियो। श्री ५ महेन्द्रद्वारा ०१९ साल वैशाख १६ गतेका दिन हृषिकेश शाहको अध्यक्षतामा महान्यायाधिवक्ता शम्भुप्रसाद ज्ञवाली, आय र कर अदालतका मूख्य न्यायाधीश प्रकाशबहादुर खत्री, पद्मकन्या कलेजका प्रिन्सिपल अंगुरबाबा जोशी, डम्बरनारायण यादव र सचिव कुलशेखर शर्मा रहनुभएको संविधान मस्यौदा आयोग गठन गरियो। सो आयोगले चढाएको मसौदामा मन्त्रिपरिषद्को समेत राय लिई सम्वत् ०१९ साल पुस १ गते नेपालको संविधान जारी गरियो।

०१७ साल पुस १ गतेदेखि ०१९ साल पुष मसान्तसम्मको अवधिमा शासन सञ्चालनार्थ ०१७ साल पुस २९ गते राजा महेन्द्रबाट नेपाल विशेष व्यवस्था ऐन, ०१७ जारी गरिएको थियो।

- पहिलो संशोधन, ०२३ साल माघ १ गते
- दोश्रो संशोधन, ०३४ साल मंसीर २६ गते र
- तेश्रो संशोधन, ०३७ साल पुस १ गते

०३७ साल वैशाख २० गते अधिराज्यभर सुधारसहितको पञ्चायती व्यवस्था र बहुदलीय

व्यवस्थावीच जनमत संग्रह सम्पन्न भयो। जनमत संग्रहमा कूल मतदाताहरूमध्ये सुधारसहितको पञ्चायती व्यवस्थाको पक्षमा ५४.७ प्रतिशत मत र बहुदलीय व्यवस्थाको पक्षमा ४५.२ प्रतिशत मत परेको घोषणा गरियो। सुधारसहितको पञ्चायती व्यवस्थाले अधिराज्यका ७५ जिल्लाहरूमध्ये ५४ जिल्लाहरूमा वहुमत पाएको घोषणा पनि गरियो। जनमत संग्रहको परिणामपश्चात राजा वीरेन्द्रद्वारा संविधानको तेश्रो संशोधन जारी गरिएको थियो।

जनआन्दोलनको उपलब्धी

छयालीस सालको ऐतिहासिक संयुक्त जनआन्दोलन सम्पन्न भएको सात महिनापछि प्रस्तावनामा "नेपाली जनताले केही समयअघि भएको जनआन्दोलनको माध्यमवाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेको" कुरा समेत उल्लेख गरी नयाँ संविधान जारी गरिएको थियो। नेपाल अधिराज्यको संविधान नेपाली जनतालाई चिरकालपर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुनसकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई जारी गरिएको कुरा पनि प्रस्तावनामै उल्लेख गरिएको छ।

वर्तमान संविधानले अंगीकार गरेका मान्यताहरूका आधारमा यो संविधानलाई पञ्चायती संविधानको व्यवस्थावाट छुट्याउने केही आधारहरू छन्। कानुनी राज्य, वहुदलीय प्रजातन्त्र, लोकसम्मति, वालिग मताधिकार, संसदीय शासन प्रणाली र कार्यपालिकामा प्रधानमन्त्रीय नेतृत्वको ढाँचाको मान्यता जस्ता कुराहरूका आधारमा नै हालको संविधानलाई पञ्चायती संविधानवाट छुट्याउन सकिन्छ।[९]

नेपाल अधिराज्यको संविधान, २०४७ नेपाली जनताको अनवरत प्रजातन्त्रिक आन्दोलनको परिणाम हो। संविधान निर्माणका क्रममा प्रस्तावनामा यसलाई जनआन्दोलनको उपलव्धीका रूपमा उल्लेख गर्न पनि जनआन्दोलनकारी शक्तिहरूले संघर्ष नै गर्नुपरेको थियो। निर्माण प्रक्रियामै यो संविधानले अनेक षडयन्त्रहरूको सामना गर्नुपरेको थियो। जारी भइसकेको अवस्थामा पनि यसलाई असफल तुल्याउने अनेक प्रयासहरू भएका थिए।

वर्तमान संविधानमा पहिलेका महत्वपूर्ण अनुत्तरित प्रश्नहरूको उत्तर खोजिएको छ। "सरकार स्वच्छ र सक्षम हुनसकेन, भने यसको उत्तरदायित्व कसले व्यहोर्ने ? यस अघिका हरेक संविधानमा यी प्रश्नहरूका उत्तर थियो लोकसम्मति। यस संविधानले पनि लोकसम्मतिमा नै उत्तर निहित राखेको छ। तर यसले त्यतिमात्रै भनेको छैन, यसले प्रस्तवनाका उद्देश्यहरूलाई अपरिवर्तनीय पनि घोषित गरेको छ। लोकसम्मति, वालिग मताधिकार, संसदीय शासन प्रणाली, वहुदलीय प्रजातन्त्र, कानुनी राज्य, नेपाली जनताको व्यापक सहभागिता इत्यादि शब्दहरूमा निहित अर्थ र भावनाहरू अनुरूप जनताको निर्णायकत्व स्थापित गरिएको छ।"[१०]

राजा-राजदरबार, नेपाली कांग्रेस र वाममोर्चा बीचको शक्ति सन्तुलनको परिणतिको रूपमा आएको यो संविधान बनाउँदा विभिन्न तीनवटा औपचारिक-अनौपचारिक मस्यौदाहरू तयार हुनु र यी प्रत्येक मस्यौदाका छाप वर्तमान संविधानमा रहनाले पनि वर्तमान संविधान शक्ति सन्तुलन तथा तालमेलको दस्तावेज हो भन्ने कुरा निर्विवाद पुष्टि हुन्छ। संविधान जस्तो महत्वपूर्ण लिखत तयार गर्दा शक्ति केन्द्रहरूबीच शक्ति सन्तुलन र नागरिक तथा सरकारबीचको सम्बन्धको दायराको लक्ष्मणरेखा कोर्ने क्रममा अपेक्षित छलफल तथा वादविवाद हुनु स्वभाविक नै मानिने हुनाले यस्ता मस्यौदा तयार हुनु आफैंमा अस्वभाविक नमानिन सक्दछ।[११]

नेपाल अधिराज्यको संविधान, २०४७ जारी हुनु पूर्व नेपालको संविधानको धारा २०(२)ले नेपालको सार्वभौमसत्ता राजामा रहेको उल्लेख गरेको थियो। तर नेपाल अधिराज्यको संविधान- २०४७ को धारा ३ ले भने सार्वभौमसत्ता जनतामा रहेको उल्लेख गरेको छ। (हेर्नोस नेपालका हालसम्मका संविधानहरूका प्रस्तावनाको तुलनात्मक तालिका-१)

राजाद्वारा ०४७ साल वैशाख २८ गते ७ सदस्यीय संविधान सुधार सुझाव आयोगको गठन गरिएको थियो। तर सो सात सदस्यीय आयोग राजाले मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा नवनाएकोमा व्यापक आलोचना भयो। त्यसपछि आयोगका सदस्यहरू र अध्यक्षले समेत राजासमक्ष राजीनामा प्रस्तुत गरे। राजावाट प्रधानमन्त्रीको परामर्शमा त्यसलाई विघटन गरियो। देशको परिवर्तित राजनैतिक व्यवस्था अनुकूल संविधानको तर्जुमा गर्न राजाले ०४७ साल जेठ १६ गते मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश विश्वनाथप्रसाद उपाध्यायको अध्यक्षतामा ९ सदस्यीय संविधान सुधार आयोग गठन गरियो। त्यही आयोगले तर्जुमा गरेको संविधान मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा ०४७ कार्तिक २३ गते राजाद्वारा जारी गरियो। संविधानले

छयालीस सालको संयुक्त जनआन्दोलनका उपलब्धीहरूलाई संस्थागत गर्‍यो

वर्तमान संविधानका मौलिक चरित्रहरु

- नेपालको राज्यशक्तिको स्रोत जनतालाई मान्नु पर्ने
- नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने
- बालिग मताधिकारलाई सुदृढीकरण गर्ने
- संसदीय शासनप्रणालीलाई सुदृढीकरण गर्ने
- संवैधानिक राजतन्त्रलाइ सुदृढीकरण गर्ने
- बहुदलीय प्रजातन्त्रलाई सुदृढ तुल्याउने
- स्वतन्त्र एवं सक्षम न्यायपालिकाको व्यवस्था गर्नुपर्ने
- कानुनी राज्यको अवधारणा साकार पार्ने
- संविधानको संशोधन राजा र संसदद्वारा गरिने

त्रिपक्षीय सम्झौताको उल्लंघन

छयालीस सालको जनआन्दोलनको परिणामस्वरूप राजा, कांग्रेस र वाममोर्चाको त्रीपक्षीय शक्ति सन्तुलनका आधारमा सत्चालीस सालको संविधानको निर्माण भएको थियो। असोज १८ गतेको शाही घोषणाले "दलहरूको भूमिकालाई पन्छाउन खोजेको" धारणा अघि सारियो।[१५]

नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माणका क्रममा सक्रिय राजतन्त्रका पक्षपाती, कांग्रेस र कम्युनिष्टहरूबीच व्यापक वादविवाद भएको थियो। त्यसबेला मस्यौदाका रेफ बिन्दु-विसर्ग, कमाका बारेमा पनि निकै छलफल हुन्थ्यो। सत्चालीस साल कार्तिक २३ गतेपछि वाममोर्चाको सबभन्दा ठूलो घटक तत्कालीन नेकपा (माले) ले संविधानको आलोचनात्मक समर्थन गर्ने घोषणा गर्‍यो। साथसाथै, त्यस पार्टीले संविधानको पूर्ण पालना गर्ने कुरामा समेत जोड दियो। पहिलो निर्वाचन अघि नै माले एमालेमा परिणत भयो। त्यतिखेर मालेको धारणा थियो "हामीले दुईतिहाइ बहुमत हासिल गर्‍यौं भने, यो संविधानमा भएका गलत प्रावधानहरूलाइ संशोधन गर्नेछौं। त्यस्ता प्रावधानहरूलाइ हटाएर प्रजातान्त्रिकरणको प्रक्रियामा गति थप्नेछौं।"[१६]

संविधानको निर्माणका क्रममा यसलाई यस रूपमा जारी गराउन पनि छयालीस सालका जनआन्दोलनकारी शक्तिहरूले निकै दबाबमूलक संघर्ष गरेका थिए। त्यतिबेला यो संविधानका निम्ति सडक संघर्षको नेतृत्व मदन भण्डारीद्वारा गरिएको थियो। उहाँ आफ्नो पार्टीका तर्फबाट तत्काल प्रश्नहरू उठाउनुहुन्थ्यो- "संविधान मस्यौदा आयोगले आफूले पाएको ३ महिनाको म्यादभित्रै आफ्नो काम सम्पन्न गरिसकेको भए पनि त्यसलाई तुरुन्त जारी गर्नुपर्ने ठाउँमा फेरि ५ दिन म्याद थप्नुको रहस्य के हो? आयोगमा आन्दोलनकारी पार्टीहरू र राजाका समेत प्रतिनिधिहरू छँदाछँदै अब मस्यौदा संविधानमा कसले के बुझ्नको निम्ति र के गर्नको निम्ति थप समयको आवश्यकता पर्‍यो ? दरबारभित्र विभिन्न व्यक्तिहरूलाई लिएर अर्को सुपर आयोग बनेको चर्चा पनि सार्वजनिक रूपमा बाहिर आइसकेको छ। यो कसको निम्ति कसले बनाएको आयोग हो ? जनआन्दोलनको जनादेश प्राप्त आयोग भन्दामाथि बसेर संविधान निर्माण गर्ने प्रक्रियामा हात हालिरहेका ती तत्वहरू को हुन् र कसको निम्ति संविधान बनाउन चुरिफुरी गरिरहेका छन् ? वैधानिक र जनादेश प्राप्त आयोगले बनाएको संविधान जारी गर्न ढिलो गर्ने, विभिन्न बहानामा म्याद बढाउँदै जाने, कुनै अवैधानिक र भूमिगत आयोगले भित्रभित्रै काम गरी संविधान निर्माण प्रक्रियालाई दुष्प्रभावित पार्ने तथा सामाजिक जनजीवनमा आतंक र संत्रासको वातावरण सृर्जना गरेर अन्यौल र अस्थीरता बढाउन खोज्नुको तात्पर्य के हो ? यसबाट दरबारभित्र र बाहिर रहेका निरंकुशतावादी तत्वहरू जसले बितेका तीस वर्षमा मुलुकमा एकाधिकारवादी ढंगले बम्फलूट मचाइरहेका छन् ले षडयन्त्र गर्न खोजिरहेका छन् भन्ने कुरालाई नै पुष्टि गरेको छ।"[१७]

छयालीस सालको संविधान जारी भइसकेपछि तत्कालीन नेकपा मालेको धारणा थियो- "हिंसात्मक स्थितिमा पुगिसकेको त्यो आन्दोलनको अवस्थामा अब राजनीतिक पार्टीहरूले या त सम्झौताको कार्यविधि अपनाउनु पर्थ्यो या त उनीहरूले राजतन्त्रलाई अन्त्य गर्ने आफ्ना कार्यक्रम र नाराहरूलाइ अघरेर गरेर लैजानु पर्थ्यो। बीचमा कुनै पनि बाटो थिएन। यो स्थितिमा कुनै पनि राजनीतिक शक्तिले त्यो ढंगले तत्काल राजतन्त्रको उन्मूलन गरेर गणतन्त्रको स्थापना गर्ने कुनै नारा र मागको साथमा आफ्नो तत्कालिक आन्दोलनको कार्यक्रमलाई अगाडि ल्याएका थिएनन्। र, त्यसको निम्ति खासगरी संयुक्त वाममोर्चा र नेपाली कांग्रेस पनि तयार थिएनन्। यो स्थितिमा सम्झौताको कार्यनीति अपनाउनु आवश्यक थियो। र, हाम्रो पार्टीले सम्झौताका कार्यनीति अपनाउनु बिल्कुल आवश्यक छ भन्ने आधारमा फैसला गरेको थियो।"[१८]

नेपाल अधिराज्यको संविधान २०१५	नेपाल अधिराज्यको संविधान २०१९	नेपाल अधिराज्यको संविधान २०१९ पहिलो संशोधन	नेपाल अधिराज्यको संविधान २०४७
आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्वी सुप्रसिद्ध श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज परमपूज्य राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेवबाट प्यारा प्रजाको अधिकार र हितको निमित्त एक महान् क्रान्तिको नेतृत्व गरिबक्सी संसारको इतिहासमा अमर हुंइबक्सेको मौसुफ बुवाज्यूबाट नेपालमा प्रजातन्त्र फलाउन प्रजाहरूलाई मौलिक हक प्रदान गर्ने उत्कट अभिलाषा राखिवक्सेकोले, र प्रजालाई सर्वतोमुखी प्रगति गर्न तथा आफ्नो व्यक्तित्वको उच्चतम विकास गर्न समर्थ तुल्याउन र सदा प्रजाको इच्छाको कदर गरी चल्ने एक कुशल तथा संवैधानिक राजतन्त्रात्मक ढंगको सरकारको व्यवस्थावाट राजनैतिक स्थिरता ल्याई राजनैतिक, सामाजिक र आर्थिक न्याय तथा राष्ट्रको एकता कायम गर्न हामीबाट पनि दृढ संकल्प गरिबक्सेकोले सार्वभौमसत्ता सम्पन्न नेपाल अधिराज्यको निमित्त एक संविधान वनाई जारी गर्न वाञ्छनीय भएकोले हाम्रा महान् तथा आदरणीय पूर्वजहरूका पालादेखि नै चलिआएको हाम्रा मुलुकको परम्परा र प्रथा अनुसार हामीमा नै निहित रहेको यस नेपाल अधिराज्यको राजकीय सत्ता र अन्तर्निहित शाही विशेषाधिकार प्रयोग गरिवक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान नामक यो मूल कानुन वनाई जारी गरिवक्सेका छौं। *(गृष्मबहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण दोश्रो भाग)*	नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोकसम्मतिको अनुकूल शासन व्यवस्था चलाउनु वाञ्छनीय भएको, र त्यस्तो व्यवस्था जन-जीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्ने पञ्चायत प्रणालीद्वारा सम्भव छ भन्ने हाम्रो दृढ विश्वास भएको, र प्यारा प्रजाको सुख र समृद्धि नै सदैव हाम्रो एकमात्र लक्ष्य भई सो लक्ष्य प्राप्त गर्नको लागि हामीबाट संकल्प गरिवक्सेकोले, नेपाल अधिराज्यको निमित्त संविधान बनाई जारी गर्नु वाञ्छनीय हुँदा हाम्रा महान तथा आदरणीय पूर्वजहरूका पालादेखि नै चलिआएको हाम्रो मुलुकको संवैधानिक कानुन, रीत र परम्पराअनुसार हामीमा अन्तर्निहित राजकीय सत्ता र विशेषाधिकार प्रयोग गरिवक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट संविधान बनाई जारी गरिवक्सेका छौं । *(टोपबहादुर सिंह, नेपालको संविधान र संवैधानिक कानुन)*	नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोकसम्मतिको अनुकूल शासन व्यवस्था चलाउनु वाञ्छनीय भएको, र त्यस्तो व्यवस्था जन-जीवनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अँगाल्ने दलविहीन पञ्चायत प्रणालीद्वारा सम्भव छ भन्ने हाम्रो दृढ विश्वास भएको, र प्यारा प्रजाको सुख र समृद्धि नै सदैव हाम्रो एकमात्र लक्ष्य भई सो लक्ष्य प्राप्त गर्नको लागि हामीबाट संकल्प गरिवक्सेकोले, नेपाल अधिराज्यको निमित्त संविधान बनाई जारी गर्नु वाञ्छनीय हुँदा हाम्रा महान तथा आदरणीय पूर्वजहरूका पालादेखि नै चलिआएको हाम्रो मुलुकको संवैधानिक कानुन, रीत र परम्पराअनुसार हामीमा अन्तर्निहित राजकीय सत्ता र विशेषाधिकार प्रयोग गरिवक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवबाट संविधान बनाई जारी गरिवक्सेका छौं । *(टोपबहादुर सिंह, नेपालको संविधान र संवैधानिक कानुन)*	स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न नेपालको राज्यशक्तिको स्रोत जनता नै हो भन्ने तथ्यलाई हृदयंगम गरी लोकसम्मति अनुकूल शासन व्यवस्था सञ्चालन गर्ने सङ्कल्प हामीबाट समय-समयमा अभिव्यक्त गरिबक्सेको र नेपाली जनताले केही समयअघि भएको जनआन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले सो अनुरूप नेपाली जनतालाई चिरकालपर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्याय प्राप्त हुनसकोस् भन्ने उद्देश्यबाट अभिप्रेरित भई, प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गरी स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बीच भ्रातृत्व र एकता कायम गरी वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा वहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानूनी राज्यको अवधारणालाई साकार पार्न नेपाली जनताको व्यापक सहभागिताबाट बनाइएको यस संविधानलाई घोषित गरी लागू गर्न वाञ्छनीय भएकोले, नेपाली जनताको इच्छानुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकार यसै संविधान बमोजिम प्रयोग हुने गरी हामीबाट प्रयोग भइआएको राजकीयसत्ताको प्रयोग गरीबक्सी मन्त्रिपरिषद्को सल्लाह र सम्मति अनुसार हामी श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट यो नेपाल अधिराज्यको संविधानको घोषणा गरी लागू गरिवक्सेका छौं । *(तालिका १)*

सत्चालीस सालको संविधान निर्माण गर्ने क्रममा नेपाली कांग्रेसले पनि धारा १२६ हटाउन दुईतिहाई बहुमतको माग गरेको थियो। त्यो धारामा रहेको प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँड सम्बन्धी सन्धि सम्झौताको अनुमोदन गर्न दुवै सदनको संयुक्त बैठकमा दुईतिहाई बहुमत चाहिने प्रावधानलाई हटाउने चाहना कांग्रेसले व्यक्त गरेको थियो। तर कुनै पार्टीको दुईतिहाई बहुमत आएन। संविधानको संशोधनका प्रस्तावहरू पनि लामो समयका निम्ति सेलाएर गए।

पछिका निर्वाचनहरूमा एमाले र कांग्रेसले संविधानको पूर्ण पालनको कुरा मात्र गरे। असहमतिका कुराहरू उठेनन्। सात वर्षअघि माओवादी समस्याको बिजारोपण हुँदा पनि शुरूवातमै संविधान संशोधनको कुरा उठेको थिएन। समयान्तरमा संविधानसभा किन आवश्यक छैन भन्ने प्रश्नको जवाफ दिने क्रममा एमालेद्वारा संशोधनको कुरा उठाउन थालियो।

तर छयालीस सालको जनआन्दोलनपछि कायम भएको त्रीपक्षीय सम्झौतालाई ०५९ असोज १८ गते तोडिएको विश्लेषण गरिएको छ। "त्यसबेला मन्त्री रहेका एकजना राजनीतिक विश्लेषकका अनुसार बाह्र वर्षअघि दरबारले संविधानमा जे-जे परिवर्तन चाहेको थियो असोज १८ को शाही सम्बोधनले तिनै कुरा प्राप्त गर्न खोजेको छ।"[१६] सन् २००२ को अन्त्यसम्मै पनि छयालीस सालको त्रीपक्षीय सम्झौताका तीन वटै पक्षबाट यही संविधानप्रति सैद्धान्तिक प्रतिबद्धता नदर्शाइएको देखिएन। नेपाली कांग्रेसले संविधान सभाका विषयमा प्राज्ञिक बहस खुला गऱ्यो। सत्चालीस सालमा यो संविधान लागू गरिँदा सबै राजनीतिक प्रश्नहरूको उत्तर वा विवादहरूको समाधान खोज्ने प्रयत्न नगरिएको थिएन। संविधानसभाको माग त्यसबेला पनि नभएको होइन। तर तत्कालीन वाममोर्चाको सबभन्दा ठूलो घटक माले सहित अविभाजित नेपाली कांग्रेस त्यस्तो मागका विरूद्धमा उभिएका थिए। त्यसबेला मालेको आधिकारिक धारणा थियो "बहुतै क्रान्तिकारी र प्रजातान्त्रिक लाग्ने खालका कुराहरू अघि सारेर यदि अहिले जनताको हातमा सर्वाधिकार ल्याउने संविधान बनाउने कुरामा विलम्ब गरियो भने निश्चित रूपमा षडयन्त्र हुनेछ र त्यो षडयन्त्रले फेरि जनतालाई पुरानै स्थितिमा पुऱ्याउने छ।"[१७] कांग्रेस र वाममोर्चाकै कारण राजाको सम्मान र जनप्रतिनिधिहरूको सक्रियताको नयाँ युग त्यसबेला प्रारम्भ भएको थियो।

वर्तमान संविधानमाथि माओवादी प्रहार

०५८ साल कार्तिक २८ गते सम्पन्न सरकार-माओवादीबीचको तेश्रो चरणको वार्ताका क्रममा उनीहरूले गणतन्त्रको नारालाई परित्याग गरी संविधानसभाको माग अघि सारेका थिए। (हेर्नोस् तत्कालीन वार्ताका क्रममा भएको लिखित आदान-प्रदान) त्यसअघि नेकपा (माओवादी) को ०५७ साल माघ-फागुनको दोश्रो राष्ट्रिय सम्मेलनद्वारा अन्तरिम सरकार र नयाँ संविधानको निर्माणजस्ता कार्यनीति आधिकारिक रूपमा अघि सारिएको थियो।

माओवादीद्वारा घोषित संयुक्त क्रान्तिकारी जनपरिषद्,नेपालका संयोजकका हैसियतले बाबुराम भट्टराईद्वारा ०५८ सालमा जारी गरिएको प्रेस वक्तव्यमा तत्कालीन नाराहरू शीर्षकमा एउटा बुँदामा भनिएको थियो- "वर्तमान संविधान र सरकार विघटन गर। अन्तरिम सरकार र संविधानसभाको निर्वाचन गर।"

०५८ सालमा चैत १४ गते प्रचण्डका नामबाट जारी गरिएको प्रेस वक्तव्यमा त्यही नारा संक्षिप्त व्याख्याका साथ दोहोऱ्याइएको थियो। सामन्ती निरंकुशतावादीको अन्त्यपछि बन्ने नयाँ राज्यसत्ता एकदलीय हुने छैन। आफ्नो वैचारिक आस्था अनुसार राजनैतिक दल खोल्ने, चुनाव लड्ने स्वतन्त्रताको ग्यारेण्टी गरिनेछ। त्यहाँ केवल सामन्तवादको पक्षपोषण गर्न तथा वैदेशिक थिचोमिचो निम्त्याउने तत्वहरूका विरूद्ध मात्र अंकुश लगाइने छ। हामी एक्काइसौं शताब्दीका जनताको जनवादी व्यवस्था स्थापित र विकसित गर्न प्रतिबद्ध छौं। त्यो जनवादी व्यवस्था परम्पराको यान्त्रिक नक्कल होइन, एक्काइसौं शताब्दीका जनताका आवश्यकताद्वारा निर्देशित हुनेछ। त्यसभन्दा अगाडि भनिएको छ- त्यो महान उद्देश्य प्राप्तिका लागि अन्तरिम सरकार, संविधानसभा र गणतन्त्रको संस्थागत विकासको नारामा एकजूट हुन राजा र सरकार बाहेक कुनै पनि राजनैतिक पक्षलाई आपत्ति हुनुपर्ने कुनै कारण नदेखिएको बताइएको थियो।[१८]

०५९ वैशाख २७ गते प्रचण्डको प्रेस वक्तव्यमा युद्धविरामको पक्षमा छौं भन्ने जनाउँदै भनिएको थियो- छयालीस सालको ऐतिहासिक जनआन्दोलनका उपलब्धीहरूको कटौति होइन, जनसमुदायलाई अझ व्यापक अधिकार सम्पन्न तुल्याउन नै हामीले संविधानसभाको कुरा गरिरहेका छौं।

नेकपा (माओवादी) केन्द्रीय समितिको पूर्ण

बैठकको मूल कार्यसूचीका रूपमा प्रचण्डद्वारा प्रस्तुत नयाँ परिस्थिति र नयाँ कार्यभार शीर्षकको राजनैतिक र संगठनात्मक प्रस्ताव करिब तीन दिनसम्मको गंभीर वहसपछि आवश्यक परिमार्जनसहित पारित भएको कुरा ०५९ साल असारमा प्रचण्डका नाममा जारी प्रेस विज्ञप्तिमा जनाइयो। प्रस्तावले देशको आजको निकास वार्ता, संवाद, अन्तरिम सरकार र संविधानसभाको चुनाव मात्र हुनसक्ने कुरालाई जोडदार ढंगले उठाएको पनि विज्ञप्तिमा जनाइयो।

०५९ साल असार २९ गते संयुक्त क्रान्तिकारी जनपरिषद्, नेपालका संयोजकका हैसियतमा डा. बाबुराम भट्टराईद्वारा जारी गरिएको अर्को वक्तव्यमा भनिएको थियो- "संगीन घडीमा देश र जनताप्रति उत्तरदायी र संवेदनशील सबै संसद्‌भित्र र बाहिरका राजनैतिक शक्तिहरू र आमजनसमुदायले विदेशीको आडमा बन्दुकको बलमा जनतालाई दमन गरेर थोत्रिइसकेको पुरानो राज्यसत्ता जोगाउन तम्सिएका सामन्ती निरंकुशतावादी तत्वहरूलाई नांगेझार पार्दै सकारात्मक राजनैतिक निकासद्वारा विद्यमान राष्ट्रिय संकटको सही समाधान खोज्न गंभीर पहल गर्नुपर्ने बेला आइसकेको छ। त्यस्तो न्यूनतम अग्रगामी निकास भनेको नेकपा (माओवादी) ले अघि सारेको र बहुसंख्यक बौद्धिक जमात तथा जनसमुदायले अनुमोदन गर्दै आइरहेको अन्तरिम सरकार, संविधानसभाको निर्वाचन र गणतन्त्रको संस्थागत विकासभन्दा अर्को कुनै हुनै सक्दैन।"

संविधान संशोधन, खारेजी कि जनमत संग्रह

०५७ सालको मध्यदेखि तत्कालीन प्रमुख प्रतिपक्ष एमालेले "राष्ट्रिय समस्याहरूको समाधानका लागि संविधान संशोधन"मा जोड दिन थाल्यो। एमालेका संशोधन प्रस्तावहरू सत्‌चालीस सालका सत्ताइस बुँदे आलोचनात्मक समर्थनका क्रममा उठाइएका असहमतिहरू भने थिएनन्। गिरिजाप्रसाद कोइरालाका तर्फबाट उपस्थित आधिकारिक प्रतिनिधिहरू र एमालेबीच ०५८ साल असार १८ गते "संविधानलाई देश र जनताको पक्षमा सुदृढ गर्न" सत्र बुँदे सहमतिमा हस्ताक्षर भएको थियो। वस्तुतः त्यसबेला यही संविधानमा केही संशोधन गरी माओवादीहरूलाई मूलधारमा ल्याउने प्रयास गर्न खोजिएको थियो।

एमाले केन्द्रीय कमिटीको ०५७ साल कार्तिक २७ देखि ३० गतेसम्म बसेको अठारौं बैठकले मुलुकका जल्दाबल्दा समस्याहरू समाधान गरी अग्रगति प्रदान गर्न नेपाल अधिराज्यको संविधान, २०४७ लाई संशोधन गर्नुपर्ने निर्णय गर्‍यो। त्यसबेला एमालेको धारणा यस्तो थियो- "नेपालको वर्तमान संविधान छयालीस सालको जनआन्दोलनका उपलब्धीहरूलाई संस्थागत गर्ने महत्वपूर्ण राजनैनिक दस्तावेज हो। प्रजातान्त्रिक अधिकारको पक्षमा हुने कुनै पनि व्यक्ति वा राजनीतिक शक्ति यो संविधानको विरोधमा जान सक्दैन। तर संविधान स्वयं एउटा जीवन्त र गतिशील राजनीतिक दस्तावेज भएको हुनाले राजनीतिक परिस्थिति र जनताको चेतनास्तरसँगै यसमा संशोधनको आवश्यकता पर्दछ। विगत दश वर्षका सकारात्मक तथा नकारात्मक अनुभवहरूले पनि हाम्रो वर्तमान संविधानमा संशोधन गर्नुपर्ने आवश्यकता देखा परिसकेको छ। तर मुलुकको सत्ता सम्हालेर बसेको नेपाली कांग्रेस संविधानमा कुनै पनि किसिमको संशोधन गर्नु हुँदैन भन्दै यथास्थितिवादको वकालत गरिरहेको छ। अर्कोतिर उग्रवामपन्थी र उग्रदक्षिणपन्थी दुवै कोणबाट वर्तमान संविधानलाई परिवर्तन वा खारेजै गर्नुपर्छ भन्नेसम्मका कुराहरू पनि उठिरहेका छन्। यस्तो स्थितिमा नेकपा (एमाले) ले पनि आफ्नो दृष्टिकोण अघि सार्नु जरूरी छ। हामी उपर्युक्त दुवै खाले विचार प्रवृत्तिको दृढतापूर्वक विरोध गर्दछौं। हामी ०४६ सालको जनआन्दोलनको भावनाबाट पछि हट्ने वा जनतालाई कमजोर बनाउने कुनै पनि परिवर्तन वा संशोधनको विरूद्ध छौं। हामी जनतालाई अझ बढी अधिकारसम्पन्न बनाउने अग्रगामी संशोधनको पक्षमा मात्र छौं। हामी प्रतिगमनको खतराप्रति पूर्ण सतर्कता अपनाउँदै संविधानको दायरभित्रै रहेर संसदबाटै संशोधन गर्न चाहन्छौं। संविधान संशोधनको प्रसंगमा अहिले संविधानसभाको कुरा पनि उठिरहेको छ। राजनीतिक शक्ति सन्तुलनको वर्तमान अवस्थामा हालको संविधानको ठाउँमा अर्को संविधान बनाउने कुरा गरियो भने त्यसले मुलुकमा अन्योल सृजना गर्दछ। त्यसबाट विगतका उपलब्धीहरू समेत संकुचित हुनसक्ने खतरा उत्पन्न हुन्छ। त्यसैले अहिले संविधानसभाको कुरा उठाउनु जनताको हितमा हुँदैन भन्ने हाम्रो ठम्याइ छ। अहिले हामी संविधान संशोधनको सन्दर्भमा निष्पक्ष निर्वाचनका लागि सर्वदलीय सरकार बनाउने र वर्तमान निर्वाचन क्षेत्रलाई यथावत् राख्ने ठोस प्रस्तावसहित विकेन्द्रीकरण र स्थानीय स्वशासनको भावनाअनुरूप स्थनीय निकायको व्यवस्था, क्रान्तिकारी भूमिसुधार, संवैधानिक निकायहरूको प्रभावकारी व्यवस्था, राज्यका महत्वपूर्ण अंगहरूका

बीचमा नियन्त्रण र सन्तुलनको व्यवस्था, भ्रष्टाचार नियन्त्रण र विभिन्न जाति, भाषा, धर्म एवं संस्कृतिको विकास जस्ता विषयहरूलाई उठाउन चाहन्छौं। यसबाहेक बहस र छलफलको क्रममा अन्य विषयहरू पनि देखा पर्न सक्छन्।[१९]

आमनिर्वाचन तोकिएकै मितिमा हुने कुरामा प्रशस्त आशंका गरिँदै थियो। तर चुनाव जहिले भए पनि जनमत संग्रहसम्बन्धी योजना भने छयालीसको जनआन्दोलनका दुवै सहयात्री पार्टीको घोषणापत्रमा देखिने संभावना बढेर गयो।

नेकपा (एमाले) ले असोज १८ पछि पनि माओवादीद्वारा उठाइएको संविधानसम्बन्धी विवादको अन्त्य गर्न "जनादेशको कुरा गर्ने हो भने हाम्रो पार्टी जनमत संग्रहका लागि समेत तयार छ" भन्ने प्रस्ताव अघि

तत्कालीन वार्ताको प्रस्ताव र सरकारी जवाफ

०५८ भदौ २९ गते वर्दिया जिल्लाको ठाकुरद्वारामा सम्पन्न वार्तामा नेकपा (माओवादी) का वार्ता टोली संयोजक कृष्णबहादुर महराद्वारा प्रस्तुत :

जनयुद्धको विगत ६७ महिनामा हाम्रातर्फबाट जनता र राष्ट्रको समस्याको नयाँ निकासका लागि वार्ताको प्रक्रियाबाट अघि बढ्न पनि तयार रहँदै आएका हौं। तर, यस दिशामा विगतका कुनै पनि सरकार इमान्दार र गम्भीर बन्न सकेनन्। अहिले सरकारले वार्ताको प्रक्रियाद्वारा समस्या समाधानमा देखाएको अग्रसरतालाई हामीले स्वीकार गर्दै छलफलद्वारा नयाँ निकासका लागि हाम्रातर्फबाट निम्नलिखित विषयवस्तुहरू प्रस्तुत गरेका छौं।

एक्काइसौं शताब्दीमा प्रवेश गरेको आजको युगमा हाम्रो मुलुक अग्रगति प्रदान गर्न अब पुराना सबै मूल्य मान्यतामा आधारित व्यवस्था र संरचनाभित्र हैन, त्यस घेराबाट मुक्त भएर मात्र नयाँ निकास सम्भव छ।

त्यसका लागि आजको वस्तुगत आवश्यकता र जनभावनालाई सम्मान गर्दै हामी आफ्नो अधिकतम लक्ष्यबाट धेरै लचिलो भएका छौं। विद्यमान राज्यसत्ता अन्तर्गतका सरकार र सबै राजनीतिक शक्तिहरूले पनि आजको यही यथार्थतालाई गम्भीरतापूर्वक आत्मसात गरी अघि बढ्न विशेष आग्रह गर्दछौं।

(क) वार्ताको वातावरण सहज बनाउन तत्काल गर्नुपर्ने कार्यहरु :

१. जनयुद्धपूर्व र पश्चात् विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दण्डपाणि न्यौपानेलगायतका व्यक्तिहरूको स्थिति सार्वजनिक गरिनु पर्दछ।
२. नेकपा (माओवादी) का केन्द्रीय सदस्य मातृका यादवलगायतका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनु पर्दछ।
३. जनयुद्धका विरूद्ध लक्षित गरेर बनाइएका सुरक्षा नियमावली, सशस्त्र सुरक्षा बललगायतका सम्पूर्ण ऐन कानुन खारेज गरिनु पर्दछ।
४. जनताका विरूद्ध षडयन्त्रमूलक ढंगबाट लागू गर्न खोजिएको एकीकृत विकास र सुरक्षा कार्यक्रम फिर्ता लिनुपर्दछ।
५. विभिन्न बहानामा जनतालाई आतंकित पार्दै परिचालन गरिएका शाही सेनालाई ब्यारेकमा फिर्ता गरिनु पर्दछ।

(ख) मुख्य राजनीतिक विषयहरु

१. देश र जनताका समस्या समाधानको निकास खोज्न बाधक भएको वर्तमान संविधान खारेज गरी नयाँ संविधान निर्माणका लागि जनतालाई अधिकार प्रदान गरिनुपर्दछ।
२. वर्तमान संसद र सरकार विघटन गरी नयाँ प्रक्रिया आरम्भ गर्ने अन्तरिम सरकारको गठन गरिनु पर्दछ।
३. परम्परागत राजतन्त्रको अन्त्य भइसकेको र जनताको हृदयमा गणतन्त्रको उदय भइसकेको परिप्रेक्ष्यमा गणतन्त्रको संस्थागत विकासको प्रक्रिया आरम्भ गरिनु पर्दछ।

(ग) जनसरकारका तत्कालीन विषयवस्तुहरु

१. सन् १९५० को नेपाल-भारतबीचको सन्धि, एकीकृत महाकाली सन्धि २०५२ लगायत्का सम्पूर्ण असमान सन्धि-सम्झौताहरू खारेज गरिनु पर्दछ। कालापानीबाट भारतीय सेना हटाइनु पर्दछ र सीमा अतिक्रमण बन्द गरिनु पर्दछ।
२. नेपाल-भारत खुला सिमाना नियन्त्रित र व्यवस्थित गरिनु पर्दछ। वर्क परमिट प्रणाली लागू गरिनु पर्दछ।
३. सबैखाले जाति र क्षेत्रीय शोषण-उत्पीडनको अन्त्य गर्नका लागि आत्मनिर्णयको अधिकार प्रदान गर्दै जातीय तथा क्षेत्रीय स्वायत्त शासन लागू गरिनु पर्दछ। धार्मिक निरपेक्षता कायम गरिनु पर्दछ।
४. कृषि क्षेत्रमा विकासका लागि जमिन जोत्नेको नाराका आधारमा क्रान्तिकारी भूमिसुधार लागू गरिनु पर्दछ। सामन्त, नोकरशाही पुँजीपतिहरूको र विभिन्न प्रकारका गुठीहरूको स्वामित्वमा रहेको जमीनविना मुआब्जा जफत गरेर भूमिहीन तथा गरिब किसानहरूमा वितरण गरिनु पर्दछ।
५. साम्राज्यवादी र भारतीय एकाधिकार मुक्त गरी देशमा

सार्‍यो।[२०] ०५९ पुस ४ गते पार्टी केन्द्रीय कमिटीको बत्तीसौं बैठकमा महासचिव नेपालले त्यो प्रस्तावलाई शर्त सहित दोहोर्‍याउनुभयो- "..माओवादीहरू वार्तामा आएर शान्तिपूर्ण रूपले राजनीतिक समाधान खोज्न तयार हुन्छन् भने हाम्रो पार्टी संविधानसभा वा संविधानमा अग्रगामी संशोधन भन्ने विषयमा जनमत संग्रह गराउन तयार रहेको छ।"

वस्तुतः असोज १८ गतेको घोषणापछि संवैधानिक सुधारको सवाल झन टड्कारो भएर देखा पर्न थाल्यो। त्यसपछि यस्ता धारणाहरू प्रकट हुन थाले- "बितेका एकाध वर्षका बीचमा नेपाली कांग्रेसभित्र पनि संवैधानिक सुधारका विषयहरू औपचारिक र अनौपचारिक रूपमा समय-समयमा प्रकट भइरहेकै छन्। यही पुस ३ गते झापामा आयोजित आमसभामा कांग्रेस सभापति

तीव्र औद्योगिकीकरणको मार्ग प्रशस्त गरिनु पर्दछ। देशका साना तथा घरेलु उद्यमीहरू र अल्पसंख्यामा रहेका राष्ट्रिय पूँजीपतिहरूको पूँजीलाई संरक्षण र प्रोत्साहन गरिनु पर्दछ।

६. देशको वाणिज्य क्षेत्रमा भारतीय एकाधिकार पूँजीपतिहरूको नियन्त्रण गरिनु पर्दछ र स्वदेशी व्यापारीहरूलाई राज्यले संरक्षण दिइरहनु पर्दछ, आपसी फाइदा र बराबरीको आधारमा सबैसँग व्यापारिक सम्बन्ध राखिनु पर्दछ।

७. सार्वजनिक खर्च बजेट प्रणालीअन्तर्गत व्यवस्थित गरिनु पर्दछ। आर्थिक पुनर्निर्माणलाई ध्यान राखी प्रगतिशील कर नीति लागू गरिनु पर्दछ।

८. शिक्षाको मूल चरित्र राष्ट्रिय र वैज्ञानिक हुनु पर्दछ। आम जनसमुदायमा देशप्रेम, विज्ञानमा विश्वास, श्रममा श्रद्धा, सार्वजनिक सम्पत्तिप्रति चासोको भाव पैदा गर्ने खालको शिक्षा नीति लागू गरिनु पर्दछ र शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरण बन्द हुनुपर्दछ।

९. जनताको साँस्कृतिक स्तर अभिवृद्धि गर्न सामाजिक तथा राष्ट्रिय पुनः निर्माण गर्न र दक्ष जनशक्ति उत्पादन गर्न सामन्ती, दलाल र जनविरोधी विचारधाराको सट्टा जनताको सेवा गर्ने प्रगतिशील संस्कृतिको विकास गर्न जोड दिनुपर्दछ।

१०. सम्पूर्ण न्यायपूर्ण युद्ध र विशेष गरेर जनयुद्धका क्रममा सरकारद्वारा हत्या गरिएका सम्पूर्ण नागरिकहरूलाई शहीद घोषणा गर्ने, शहीद परिवार, घाइतेहरूलाई क्षतिपूर्ति दिनुपर्दछ।

११. स्वास्थ्य उपचार जनताको मौलिक अधिकार मानिनु पर्दछ। स्वास्थ्य सेवा निःशुल्क सर्वसुलभ ढंगले उपलब्ध गराइनु पर्दछ। गाउँले क्षेत्रमा स्वास्थ्य सेवाको विस्तारमा विशेष ध्यान दिइनु पर्दछ।

१२. अन्धा, अपांग, बृद्ध, असहाय र बालबालिकाहरूको अधिकारको रक्षा गरिनु पर्दछ र उनीहरूको हेरचाहको विशेष व्यवस्था गरिनु पर्दछ।

१३. महिलाहरूमाथि भएका सामन्ती तथा पूँजीवादी शोषणका सबै स्वरूपहरूको अन्त्य गरिनु पर्दछ र महिलाहरूलाई सबै क्षेत्रमा पुरूषसरह समान अधिकार दिइनु पर्दछ। छोरीलाई छोरासरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनु पर्दछ। महिला बेचबिखन कडाइपूर्वक रोकिनुपर्दछ।

१४. दलित जातिहरूमाथि हुँदै आएका शोषण, उत्पीडनका सबै रूपहरूको अन्त्य गरिनु पर्दछ र दलितहरूलाई सम्पूर्ण रूपले अरूसरह समान व्यवहार गरिनु पर्दछ।

१५. मजदुरहरूको निम्ति हप्ताको ४० घण्टाको कार्य दिन र न्यूनतम ज्याला निर्धारण गरी त्यसको कडाइपूर्वक कार्यान्वयन मजदुरहरूको सहभागिताको ग्यारेण्टी गरिनु पर्दछ।

१६. जनताको अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरिनु पर्दछ। तथ्यपूर्ण समाचार सम्प्रेषण गर्ने पत्रपत्रिकाहरूको प्रकाशनलाई अभिप्रेरित गरिनु पर्दछ।

१७. युवाहरूको सर्वाङ्गीण विकासका लागि ठोस नीति बनाइ योजनाबद्ध ढंगले लागू गरिनु पर्दछ।

१८. बुद्धिजीवी, डाक्टर, वकिल, पत्रकार, लेखक, पाइलट, इन्जिनियर र साहित्यकारहरूलाई देश र जनताको सेवामा समर्पित गराउन उनीहरूको प्राज्ञिक स्वतन्त्रता तथा पेशागत संरक्षणको सुनिश्चित गरिनु पर्दछ।

१९. एनजीओ/आईएनजीओको नाउँमा भइरहेको साम्राज्यवादी वित्तीय घुसपैठ र अन्तर्ध्वंसको अन्त्य गरिनु पर्दछ।

२०. विदेशमा बस्ने नेपालीहरूको हित रक्षाको सुनिश्चित गरिनु पर्दछ।

२१. जेठ १९ गते भएको नारायणहिटी राजदरबारको हत्याकाण्डको सत्यतथ्य पत्ता लगाई सार्वजनिक गर्न जनस्तरबाट एउटा शक्तिशाली आयोग बनाइनु पर्दछ।

२२. राष्ट्रको पूर्वाधार विकासका लागि विशाल रूपमा रहेको ग्रामीण क्षेत्रमा कूल बजेटको ७० प्रतिशत छुट्याइनु पर्दछ।

२३. सम्पूर्ण तह र तप्काका जनसमुदायले राखेका न्यायपूर्ण मागहरू पूरा गरिनु पर्दछ। अन्त्यमा हामी फेरि पनि वार्ताद्वारा जनतालाई अधिकारसम्पन्न गराउन प्रयत्नरत छौं। श्री ५ को सरकार पनि यही अनुरूप अघि बढोस् भन्ने चाहन्छौं। जनता र देशका समस्याको कारण र समाधानको मूल केन्द्र राजनीतिक विषय बन्ने भएकाले वहस मूल राजनीतिक विषयमा केन्द्रित हुने स्पष्ट छ। साथै, विभिन्न वार्ताविरोधी षडयन्त्र गर्ने तत्वहरूबाट सरकार प्रभावित नहुन पनि विशेष आग्रह गर्दछौं।

कोइरालाले पनि संविधान सुधारका कतिपय प्रमुख विषयलाई अघि सार्नुभएको छ। काँग्रेसभित्रबाटै असोज १८ गतेको शाही घोषणाबाट जनताको संप्रभुतालाई अपहरण गरिएको छ भन्ने मान्यता राख्ने तर संविधानसभामा जान आवश्यक र उपयुक्त छैन भन्नेले जनताको संप्रभुता पुनः स्थापनाका लागि समुचित र विश्वसनीय अन्य विकल्प पनि प्रस्तुत गर्नुपर्ने अवस्था औंल्याउन थालियो।

बाधा अड्काउ फुकाउने नाममा भएको काम

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ मा बाधा अड्काउ फुकाउने अधिकार अन्तर्गत भनिएको छ– "श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गरिबक्सनेछ र यस्तो आदेश संसदसमक्ष राखिनेछ।" तर तत्कालीन संविधान सुधार सुझाव आयोगको व्याख्यात्मक टिप्पणीमा उक्त धाराका बारेमा कुनै व्याख्या गरिएको छैन। (हेर्नोस्, संविधान सुधार सुझाव आयोग ०४७ को व्याख्यात्मक टिप्पणी)

सरकारले गम्भीर र ठोस योजना तयार गरी आशंका र चर्चाहरूको निवारणका लागि तोकिएकै समयमा चुनाव हुन्छ भन्ने कुरामा पार्टीहरू र आममतदाताहरूलाई विश्वस्त पार्न सकेको थिएन। अवस्था झन्‌झन् बिग्रँदै गएको थियो। प्रतिपक्ष सरकारसँग आपसी विश्वासको वातावरण सृजना गरेर, समस्या र समाधानका विषयमा मन खोलेर कुरा गरेर र निष्कर्षमा

माओवादीद्वारा विषयवस्तु प्रस्तुत भएपछि श्री ५ को सरकारका वार्तटोली संयोजक चिरञ्जीवी वाग्लेद्वारा प्रस्तुत जवाफ :

(क) वार्ता वातावरणबारे

१. हराएका भनिएका व्यक्तिहरूका सम्बन्धमा श्री ५ को सरकारले थुनामा रहेका र जेलमा रहेका तथा हराएका भनिएका व्यक्तिहरूका बारेमा आफ्नो अभिलेखमा भएका विवरण एक साताभित्र यथार्थ रूपमा जानकारी गराउने छ।

२. गिरफ्तार व्यक्तिको रिहाइबारे वार्ताको वातावरण निर्माण गर्न श्री ५ को सरकारले आफ्ना तर्फबाट राखेका भनाइसँग तादात्म्य राख्दै गिरफ्तार व्यक्तिहरूलाई प्रक्रिया पुर्‍याई रिहाइ गरिने छ।

३. सार्वजनिक सुरक्षा नियमावलीबारे नयाँ ऐन कार्यान्वयन गर्ने सन्दर्भमा पुरानो नियमावली संशोधन गरी आएको सार्वजनिक सुरक्षा नियमावली, २०५८ का संविधान र ऐनका भावनासँग तालमेल नखाने अंश परिमार्जन गरिनेछ।

सशस्त्र प्रहरी बल मुलुकमा हुनसक्ने सम्भावित हिंसात्मक घटना, दंगा नियन्त्रण सार्वजनिक स्थलहरूको सुरक्षा, सीमा सुरक्षा आदि प्रयोजनका निम्ति कानूनबमोजिम गठन भएको निकाय हो। त्यसैले यसको विघटन सम्भव छैन। तर, यो बल कुनै पनि राजनीतिक पक्षका विरुद्ध लक्षित छैन र हुँदैन।

४. एकीकृत आन्तरिक सुरक्षा र विकास शान्ति सुरक्षाको प्रत्याभूति र विकास आयोजनाको कार्यान्वयनलाई सहयोग पुर्‍याउने सन्दर्भमा आफ्नो योजना विकास निर्माणको निर्बाध संचालन, शान्ति सुरक्षाको स्थितिमा सुधार हुने बित्तिकै स्वतः निष्क्रिय हुनेछ। साथै ५ नं. बुँदा पनि यसैसँग सम्बद्ध भएकोतर्फ ध्यानाकर्षण गराउँछौं।

यसका साथै वार्ताको वातावरण बनाउन नेकपा (माओवादी) पक्षले तत्काल गर्नुपर्ने कार्यका बारेमा श्री ५ को सरकारको दृष्टिकोणलाई पनि स्पष्टताका साथ राख्दछौं :

(१) नेपाल अधिराज्यभरि हतियारको प्रयोग, ओसारपसार, प्रदर्शन, चन्दा संकलन तथा लुटपाट तत्काल बन्द हुनुपर्ने।

(२) निर्वाचित प्रतिनिधिहरूलाई जबर्जस्ती राजीनामा गराउने, काम गर्न नदिने तथा कार्यालयमा तालाबन्दी जस्ता कार्य तत्काल रोक्नुपर्ने।

(३) जनसरकारको घोषणा र त्यसको आडमा भएका जनअदालतका सम्पूर्ण कारबाही तत्काल बन्द गर्नुपर्ने।

(४) जबर्जस्ती चन्दा असुल्ने, निजी र सार्वजनिक सम्पत्ति, साधनहरूलाई कब्जा र त्रासमा पारी प्रयोग गर्ने काम तत्काल बन्द गरिनुपर्ने।

(५) औद्योगिक–व्यापारिक, पर्यटन, शिक्षण संस्थालाई बलपूर्वक बन्द गर्ने र निर्बाध ढंगले संचालन हुन नदिने जस्ता बल प्रयोगका सबै घटना रोक्नुपर्ने।

(६) माओवादी पक्षद्वारा अपहरण गरिएका, बेपत्ता पारिएका सर्वसाधारण नागरिक, प्रहरी सुरक्षाकर्मी तथा विभिन्न राजनीतिक पार्टीका कार्यकर्तालाई मुक्त गर्नुपर्ने।

(७) वार्ताको अवधिभरि वार्तालाई प्रतिकूल प्रभाव पार्नेगरी कुनै पनि सभा, जुलुस प्रदर्शन नगर्ने।

(ख) राजनीतिक विषयहरुका बारेमा

१. नेपाल अधिराज्यको संविधान, २०४७ ले मुलुकको सार्वभौमसत्ता जनतामा निहित गर्दै जनताका आधारभूत मानवअधिकार कुनै पनि बहानामा खोसिन नसक्ने गरी प्रत्याभूत गरेको छ। संविधान जनताको चाहनाअनुरूप नै बनेको र वर्तमान अवस्थामा संवैधानिक विकासक्रमका लागि जनताले चाहअनुरूप आफ्ना प्रतिनिधिमार्फत् नयाँ

पुगौं भन्ने आह्वान गर्न थालिसकेको थियो। त्यही क्रममा ०५९ साल असोज १३ गते प्रधानमन्त्रीको पार्टी सहित आठ पार्टीले संयुक्त रूपमा चुनाव सार्न देउवालाई अधिकार सुम्पिए। त्यही सन्देश लिएर राजासमक्ष पुग्नुभएका देउवाले पद नै गुमाउनुपर्‍यो। राजालाई त्यसप्रकार "आवश्यक कदम" चाल्न ०५१ सालमा पनि नेपालमा पार्टीहरूले गुहारेका थिए। (हेर्नोस्, तुलना तालिका : २)

असोज १८ गतेको शाही कदम चालिँदा श्री ५ ज्ञानेन्द्रद्वारा हुकुम भएको थियो- "तोकिएको मितिमा नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन हुनसक्ने अवस्था नदेखिएबाट संविधानको धारा ५३ को उपधारा (४) को कार्यान्वयन गर्नमा बाधा-अड्काउ परेको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम बाधा-अड्काउ फुकाउन हाम्रा हजूरमा जाहेर गरेबाट संवैधानिक गतिरोध वा रिक्तताको असहज अवस्था देखा परेको छ।"

राजा ज्ञानेन्द्रद्वारा देशलाई बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि मौसुफमा भएकाले श्री ५ बाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरी नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी संविधानबमोजिम समयमै निर्वाचन सम्पन्न गर्न दुई वटा कदम चालिएको जनाइएको थियो। शाही घोषणामार्फत चालिएको पहिलो कदम थियो- मन्त्रिपरिषद्को विघटन र दोश्रो- आमचुनावको स्थगन। तर ती कदमहरू पनि नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम चालिएको कुरा शाही सम्बोधनमा उल्लेख भने गरिएको थियो।

ढंगबाट सुधार र परिमार्जन गर्नसक्ने संवैधानिक अधिकार जनतामा नै रहेको र त्यसैले वर्तमान संविधानको खारेजीको धारणासँग हामी असहमति प्रकट गर्दछौं।

सार्वभौमसत्ता जनतामा निहित भएको वर्तमान संविधानले सबै दार्शनिक-वैचारिक आस्थालाई प्रकट हुन दिने र जनतालाई संगठित हुन दिने र जनताको अभिमत माग्ने अवसर प्रदान गर्नाका साथै अहिले हाम्रा माझ छलफलमा उठेका आर्थिक, सामाजिक र साँस्कृतिक तथा राष्ट्रिय एकता र स्वाभिमानसँग सम्बन्धित सबै विषय र समस्याको निकास दिनसक्ने संविधानको गतिशील र लचिलो स्वरूपलाई नयाँ परिप्रेक्ष्य अनुकूल बनाई सबैले सदुपयोग गर्दछौं भन्ने हाम्रो प्रष्ट मान्यता प्रकट गर्दछौं।

२. नेपालको ऐतिहासिक एवं सामाजिक साँस्कृतिक पृष्ठभूमि र भूराजनीतिक परिप्रेक्ष्यमा संवैधानिक राजसंस्थाको आवश्यकतालाई हामीले गम्भीर रूपले स्वीकार गरेका छौं। नेपाल अधिराज्यको संविधान, २०४७ ले राजसंस्थाको ऐतिहासिक स्वरूपलाई संवैधानिक राजसंस्थाका रूपमा स्थापित र मर्यादित गरेको छ। यस प्रक्रियालाई विकसित र सुदृढ बनाउँदै लैजानेतर्फ हाम्रो पूर्ण प्रतिबद्धता रहेको छ। यसैले संवैधानिक मान्यताभित्र मर्यादित राजसंस्थालाई अस्थिर बनाउने गरी आएको गणतन्त्रको अवधारणासँग हामी पूर्णतः असहमत छौं।

३. संविधान र संवैधानिक राजसंस्थाका बारेमा माथि प्रकट भएका हाम्रा धारणाका सन्दर्भमा संवैधानिक प्रक्रियाअनुरूप संसदको गठन-विघटन, नयाँ सरकारको गठन र परिवर्तन जनताको अभिमत र मुलुकमा क्रियाशील राजनीतिक पार्टीहरूका माझ विकसित हुने समझदारीका साथै निश्चित एवं स्पष्ट उद्देश्यका निम्ति हुनसक्ने संभावनातर्फ ध्यानाकर्षण गर्दछौं।

(ग) जनताका सरोकारका तात्कालिक विषयबारे

यसबाहेक विभिन्न आर्थिक, सामाजिक-साँस्कृतिक एवं शैक्षिक क्षेत्र लगायत्का विषयहरूमा आपसी छलफलद्वारा एउटा साझा निष्कर्षमा पुग्न सकिन्छ भन्ने धारणा राख्न चाहन्छौं।

यहाँ उल्लेखित कतिपय सुधारका विषयहरू श्री ५ को सरकारका तर्फबाट कार्यान्वयनका चरणमा छन्, उपयुक्त कानुन निर्माणका लागि संसदमा विचाराधीन र छलफलका क्रममा छन्। सत्तारूढ पार्टी नेपाली कांग्रेस तथा संसदमा क्रियाशील प्रमुख दल एमालेलगायत अन्य राजनीतिक पार्टीहरूद्वारा समेत पृथक र साझा रूपमा उठाइएका विषयहरू पनि हाम्रो छलफलका विषय भएका छन्।

मुलुकको राष्ट्रिय स्वाभिमान र एकतालाई अझ बढी उच्च र सुदृढ बनाउने, कृषि र भूमि व्यवस्थामा सुधारलगायत् सबल राष्ट्रिय अर्थतन्त्रको निर्माणसँग सम्बन्धित विषयहरूमा, सामाजिक भेदभाव, शोषण समाप्त गर्ने मुद्दाहरूमा तथा स्थानीय निकायहरूलाई थप सुदृढ र अधिकारसम्पन्न बनाई स्थानीय जनसहभागिता, विकेन्द्रित पद्धति तथा संरचनाअनुरूप स्थानीय स्वशासनलाई विकसित गर्ने विषयहरूमा समेत सजिलैसँग सहमतिमा पुग्न सकिन्छ भन्ने हाम्रो धारणा छ।

जनताका प्रत्यक्ष चासो र सरोकारका विषयहरूमा एक-एक गरी विषयगत रूपमा उपलब्धीमूलक ढंगले वार्ता गरी हाम्रो मुलुकको आर्थिक, सामाजिक रूपान्तरण, जनताका अधिकारको अझ बढी सुदृढीकरण गर्ने प्रयोजनका लागि श्री ५ को सरकार सधैं धैर्यपूर्वक छलफल गर्न र निष्कर्षमा पुग्न तत्पर रहेकोतर्फ यस वार्तामा सहभागी नेकपा (माओवादी) का वार्ताकार मित्रहरूलाई ध्यानाकर्षण गर्दछौं।

कार्यकारी अधिकार आफ्ना हातमा ग्रहण गर्दै राजाको घोषणामा उल्लेख गरिएको थियो- "निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई आज ०५९ साल असोज १८ गतेदेखि पदमुक्त गरिबक्सी मन्त्रिपरिषद् विघटन गरिबक्सेका छौं।"

राजाद्वारा "नयाँ मन्त्रिपरिषद् गठन गर्नका लागि पाँच दिनभित्र स्वच्छ छवि भएका तथा आमनिर्वाचनमा उम्मेदवार नहुने व्यक्तिहरूको नामहरू सुझाव गरी पठाई राजनीतिक दलहरूबाट सहयोग हुनेछ भन्ने विश्वास" लिइबक्सेको थियो। तर राजनीतिक पार्टीहरूसँग त्यसप्रकार छलफल नभई असोज २५ गते नयाँ मन्त्रिपरिषद्को नाम सार्वजनिक गरियो। राजाद्वारा निर्दलीय चरित्रका व्यक्तिहरूलाई नै मन्त्री छानियो।

माओवादीहरूले आफ्ना हिंसात्मक र अराजक क्रियाकलापलाई विस्तार गर्दै लगेको, घोषित निर्वाचनलाई हुन नदिने घोषणा गरेको र सरकार-माओवादी समस्यालाई राजनीतिक वा अन्य उपायबाट समाधान गर्न गम्भीरताका साथ नलागेको र चुनावका लागि उपयुक्त वातावरण तयार गर्न नसकेको स्थितिले मुलुकमा घोषित मध्यावधि निर्वाचन हुननसक्ने अवस्था देखापरेपछि प्रधानमन्त्रीलाई संसदभित्र रहेका सात वटा दलहरूले संविधानसम्मत ढंगले राजनीतिक निकास खोज्न सहमति दिएका थिए।

त्यही सहमतिलाई आधार बनाएर देउवा सरकारले चौध महिना निर्वाचन सार्ने प्रस्ताव संविधानको धारा १२७ प्रयोग गरी सिफारिस गर्‍यो। प्रधानमन्त्रीको निर्वाचन सार्ने प्रस्ताव दरबार पुगेपछि विभिन्न दलका नेताहरूसँग सल्लाह गरिएको जस्तो देखाइए पनि अन्ततः राजाबाट निर्वाचित सरकारलाई बर्खास्त गर्ने गैर संवैधानिक निर्णय भयो।[२३] ०५९ साल कात्तिक २३ गते संविधान दिवसको अवसरमा राजाको सन्देशमा उल्लेखित प्रजातन्त्रको परिमार्जित अभ्यासको कुराले पनि प्रजातन्त्रप्रेमीहरूलाई झस्कायो।

वास्तवमा विगतका बाह्र वर्षमा संविधानको उल्लंघनका विषयमा पटक-पटक चर्चा-परिचर्चा नभएको होइन। तत्कालीन राजा वीरेन्द्रबाट ०५७ मंसिर २७ गते राजदूत नियुक्तिका सम्बन्धमा संवैधानिक व्यवस्थाको बेवास्ता गरिएको सवालमा सर्वोच्च अदालतले त्यही वर्ष चैत १७ गते फैसला गरी रिट निवेदन पत्र खारेज गर्‍यो। तर फैसलामा दुइ वटा महत्त्वपूर्ण सवाल उठाइयो। "यस सम्बन्धमा संविधानको धारा ३५ को उपधारा (२) को अध्ययन गर्दा यो उपधारा (२) निम्न लिखित रूप रहेको देखिन्छ।

(२) श्री ५ बाट मात्र वा मौसुफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिबक्सने भनी किटानीसाथ व्यवस्था भएकोमा बाहेक यो संविधान बमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरू मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट गरी बक्सने छ। यस्तो सल्लाह र सम्मति प्रधानमन्त्री मार्फत जाहेर हुनेछ।"

शाही नेपाली राजदूत नियुक्ति सम्बन्धी धारा १२० को उपधारा (१) मा त्यस्तो नियुक्ति श्री ५ बाट मात्र वा मौसुफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिबक्सने कुनै किटानी व्यवस्था भएको देखिन्न। तसर्थ यस्तो नियुक्ति धारा ३५ को उपधारा (२) बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट हुनुपर्ने देखिन आउँछ।"[२४]

यस विषयमा संविधानका मस्यौदाकारहरूले पनि संविधानको परिपालनको अवस्थाका बारेमा टिप्पणी गरेका छन्। "नेपाल अधिराज्यको संविधानको धारा ३५ को (२) मा गरिएको संवैधानिक व्यवस्थानुसार श्री ५ मात्र वा मौसुफको स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारको सिफारिसमा गरिबक्सने भनी किटानीसाथ व्यवस्था गरिएकोमा बाहेकका सब कार्यहरू मन्त्रिपरिषद्को सल्लाह र सम्मति अनुसार नै गर्नुपर्ने हुनाले संकटकालको घोषणा (संविधान जनआकांक्षानुकूलको राष्ट्रिय आवश्यकता तथा युगको माग अनुरूपको हुनुपर्दछ) गर्न र राजदूतको नियुक्ति गर्न समेत मन्त्रिपरिषद्को सिफारिस हुनु अनिवार्य छ। यो संविधानको धारा २८ को उपधारा (२) मा "मात्र" र धारा ३५ को उपधारा (५) तथा धारा ३५ (२) मा "स्वविवेकले" उल्लेख छ। ती धारामा उल्लेख भए अनुसार कामहरू बाहेकका श्री ५ बाट गरिबक्सने सबै कामहरू मन्त्रिपरिषद्को सिफारिस अनुसार गरिबक्सनु पर्दछ।"[२५]

संविधान पक्षधरहरुबाट संविधानमाथि भएका प्रहारहरु

नेपाली कांग्रेस र संयुक्त वाममोर्चाले जनताको राजनीतिक र आर्थिक अधिकारको प्राप्तिका निम्ति जनआन्दोलनको आह्वान गरेका थिए। तर जनआन्दोलनको सफलतापछि बनेका सरकारले त्यो मर्मलाई सम्बोधन गर्न सकेनन्। सबैले अपेक्षा गरेको "नयाँ सामाजिक, आर्थिक व्यवस्थातर्फ राज्यसत्ताले कुनै

प्रयास नै गरेन। पञ्चायती व्यवस्थाले जनताका समस्यालाई समाधान गर्न कुनै आधारभूत नीतिहरू नल्याएको र ०४६ सालका आन्दोलनकारी राजनीतिक पार्टीहरूले जनताको अपेक्षालाई बढाएको तर नयाँ व्यवस्थाको सरकारसमेत जनताको अपेक्षाविपरीत गएको हुँदा ०४६ सालको जनआन्दोलनका उपलब्धीहरूमाथि नै प्रश्नहरू खडा भए।"[२६]

वर्तमान संविधान नेपाली जनताको अनवरत प्रजातान्त्रिक आन्दोलनको परिणाम भएकोले कांग्रेस र एमालेद्वारा यो संविधानको विरूद्धमा संचालन हुने गतिविधिलाई प्रतिगमनको प्रयासका रूपमा चित्रण गर्ने गरियो। यद्यपि माओवादीहरूले संविधान सभाद्वारा यो भन्दा उन्नत संविधान बनाउने नारा दिएका छन्। तर कतिपय राजनीतिक विश्लेषकहरू वर्तमान संविधानको खारेजीको माओवादीहरूको मागसँग दरबारियाहरू सहमत हुने वातावरण बनेको बताउँछन्। "दरबारिया पुनरूत्थानवादी शक्तिलाई २०४६ सालका जनआन्दोलनका शक्तिहरूविरूद्ध गतिविधि हुनु सन्तोषको कुरा थियो।"[२७] ०५८ साल जेठ १९ गतेको दरबार हत्याकाण्डपछि माओवादीहरूको स्वर्गीय राजा वीरेन्द्रसँग अघोषित कार्यगत एकता भएको कुरा व्यक्त गरिएको थियो।[२८] माओवादी अध्यक्ष प्रचण्डद्वारा जारी गरिएको राजदरबार हत्याकाण्डपछिको पोलिटव्युरो बैठकको निर्णयसम्बन्धी प्रेस विज्ञप्तिमा भनिएको थियो- "हिजो राजा र राजतन्त्रमा देशको रक्षा देख्ने इमान्दार देशभक्तहरूले आज राजा वीरेन्द्रद्वारा उदार आँखाले हेरिएको माओवादी आन्दोलनबाट तर्सनुपर्ने कुनै कारण छैन्।[२९]

संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू समाविष्ट छ। धारा २५ मा राज्यका निर्देशक सिद्धान्तहरू अन्तर्गत उपधारा १ मा भनिएको छ जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी समाजिक, आर्थिक एवं राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिबृद्धि गर्नु राज्यको प्रमुख उद्धेश्य हुनेछ।

उपधारा २ मा भनिएको छ- देशको उपलब्ध आर्थिक श्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धीको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि वर्ग वा व्यक्तिउपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर

नेपाली कांग्रेसका सभापति श्री कृष्णप्रसाद भट्टराई तथा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनीनवादी) का अध्यक्ष श्री मनमोहन अधिकारीको संयुक्त वक्तव्य

यही श्रावण ८ गते नेपाली कांग्रेसका महामन्त्री श्री महेन्द्र नारायण निधिले वर्तमान सरकार भंग गरी संकटको समाधान गर्न राजाबाट संवैधानिक प्रक्रिया आरम्भ गरियोस् भनी जारी गर्नुभएको वक्तव्य तथा नेपाली कांग्रेसका महामन्त्री र नेकपा (एमाले) का महाचिव एवं अन्य केही वाम समूहहरूद्वारा जारी भएको संयुक्त वक्तव्यको भावना तथा मर्म अत्यन्त सामयिक छ। नवस्थापित वहुदलीय प्रजातन्त्रको रक्षा र सम्बर्द्धनको सवालमा देशले हाल भोग्नु परिरहेको गम्भीर चुनौतिलाई सम्पूर्ण देशभक्त एवं प्रजातन्त्रप्रेमी राजनीतिक दल र व्यक्तिहरूले एकजुट भएर सामना गर्ने दिशामा उक्त कदम स्वागतयोग्य छ।

प्रजातान्त्रिक मान्यता, संसदीय मूल्यहरू र राष्ट्रियताका सामु ठूलो संकट उत्पन्न भएको यथार्थलाई सम्बन्धित सवैले हृदयंगम गर्नु अत्यावश्यक छ। अतः श्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको मन्त्रिपरिषद् तत्काल भंग गरी त्रुटिपूर्ण सल्लाहको आधारमा श्री ५ बाट भएको निर्णयको फलस्वरूप देशमा उत्पन्न गम्भीर संकटको संवैधानिक समाधान अविलम्ब खोजिनु पर्दछ भन्ने कुरामा हामी पूर्ण सहमति व्यक्त गर्दछौं।

श्री कृष्णप्रसाद भट्टराई सभापति नेपाली कांग्रेस	**श्री मनमोहन अधिकारी** अध्यक्ष नेकपा (एमाले)

बुधवार, १२ श्रावण २०५१

(तालिका २)

गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ। यद्यपि "भृकुटी कागज कारखाना, हरिसिद्धि ईंटा टायल कारखाना र बाँसवारी छाला तथा जुत्ता कारखाना निजीकरण गर्ने कार्य गैर-कानुनी भएकोले बदर गरिपाउँ" भन्ने रीट निवेदनलाई सर्वोच्च अदालतले ०५४ साल साउन २४ गते खारेज गऱ्यो। तर त्यस सम्बन्धी मुद्दामा निवेदकका तर्फबाट सरकारको अन्धाधुन्ध निजीकरण अभियान संविधानको निर्देशक सिद्धान्त विपरीत छ भन्ने कुरा जोडदार रूपमा उठाइएको थियो।[३०]

जनआन्दोलनबाट आएको संविधान अनुसार स्थापित संसद्ले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बनायो। तर, यो ऐनले विभिन्न पद र निकायमा रहेका करिब एक हजार पदाधिकारी तथा कर्मचारीहरूउपर भ्रष्टाचारको कारवाही र अनुसन्धान गर्नबाट अदुअआलाई रोक लगाएको छ। अदुअआ कसैमाथि पनि भ्रष्टाचारको मुद्दामा सजाय वा कारवाही गर्ने निकाय होइन। यसले अनुसन्धान मात्र गर्ने हो। तर उक्त ऐनको दफा ४ को उपदफा (३), (४) र (५) ले विभिन्न संवैधानिक तथा कानुनी नियुक्ति पाएका व्यक्तिहरू उपर भ्रष्टाचारको अनुसन्धान गर्न अदुअआलाई रोक लगाएको छ। यसले करिब एक हजार जति पदका कर्मचारीलाई भ्रष्टाचार अनुसन्धान तथा कारवाहीबाट उन्मुक्ति दिएको छ। र अदुनिआको संवैधानिक कार्यक्षेत्रमा प्रत्यक्ष रोक लगाएको छ। यसरी भ्रष्टाचारीहरूका लागि सुरक्षा कवच प्रदान गर्ने ऐन बनाई संसद्ले पनि नेपाल अधिराज्यको संविधानको उपहास गरेको छ।[३१]

जनताको निर्णायकत्व क्रियाशील पार्ने उपायहरू संविधानमा छन्। त्यस अनुरूप नै जनताले आवधिक मतदानद्वारा आफ्नो निर्णय व्यक्त गर्दछन्। तर, कुनै नयाँ परिस्थिति उत्पन्न भएको देखिएमा जनतालाई अगावै पनि निर्णयको लागि गुहार्न पाउने अधिकारका साथ संवैधानिक अधिकारी पनि तोकिएको छ। संविधानले स्पष्ट शब्दमा जनतालाई दिएको निर्णयको हक न्यायिक व्याख्याद्वारा समाप्त भएपछिका विसंगतिहरू यो संविधान लागू भएपछिको प्रमुख समस्या भएका छन्। अल्पमतका अस्थिर सरकारका प्रधानमन्त्रीहरू एकपछि अर्को फेरिँदा मुलुकमा बढ्दै गएको राजनीतिक अस्थिरता र नेतृत्वको संकट यसैको स्वभाविक परिणाम भएको छ। त्यतिमात्र होइन, राजनीतिक समीकरणको निरन्तरताको सौदाबाजीमा चरम आर्थिक अनियमितता र भ्रष्टाचारका आरोपहरू संसद्भित्रकै एकपछि अर्को समूहद्वारा सार्वजनिक गरिँदैछ। संविधानले प्रधानमन्त्रीय नेतृत्वको ढाँचा निर्मित गऱ्यो। तर, व्याख्याले त्यो ढाँचा नै ध्वस्त पारिदिएकोले सम्पूर्ण संवैधानिक प्रक्रिया नेतृत्वहीन, अनुशासनहीन र अव्यवस्थित हुन पुगेको छ।[३२]

राजनीतिक क्षेत्रमा देखिएका विकृतिहरूको एउटा स्रोत नेपालको संविधानले परिकल्पना गरेको प्रधानमन्त्रीय नेतृत्वमा आधारित शासन प्रणालीको जग भताभुङ्ग हुनु हो। यसको स्रोत हो- ०५२ साल भदौ १२ गतेको संसद् विघटनसम्बन्धी मुद्दामा दिइएको महत्वाकांक्षी फैसला। संविधानले उसलाई दिएको संवैधानिक छडी उक्त फैसलाले खोसेको छ। निर्वाचन गराउनको लागि सर्वदलीय सरकार गठन गर्ने र संविधानले परिकल्पना गरे अनुरूप प्रधानमन्त्रीय ढाँचाको राज्य व्यवस्था प्रणालीमा ०५२ भदौ १२ गतेको फैसलाले ल्याएको विध्वंशलाई सच्याउनको लागि संविधानमा संशोधन गर्न आवश्यक भएको छ।[३३]

स्वर्गीय श्री ५ वीरेन्द्रद्वारा स्वतन्त्र र सार्वभौमसत्तासम्पन्न नेपालको राज्यशक्तिको श्रोत जनता नै हुन् भन्ने तथ्यलाई हृदयंगम गर्दै वर्तमान संविधानको घोषणा गरी लागू गरिएको थियो। वर्तमान संविधानको प्रस्तावनामै यही कुरा उल्लेख गरिएको छ। लोकसम्मति अनुकूल शासन व्यवस्था सञ्चालन गर्ने संकल्प मौसुफबाट समय-समयमा अभिव्यक्त गरिबक्सेको पनि जनाइएको थियो। बहुदलीय नेपालमा सांसदहरूको किनबेच र अपहरण जस्ता विकृतिहरू समेत भित्र्याइए। चुनावमा पैसा र शक्तिको समेत प्रयोग पञ्चायतकालमा झैं भए। कतिपय बहुदलवादी नेताहरूले यसबीच आफूलाई नयाँ शासक वर्गमा रूपान्तर गर्न खोजेर जनताबाट समेत टाढा पारे। बाह्र वर्षमा यस्ता यावत् विकृति र विसंगतिहरू भित्र्याउने कुरामा कांग्रेसले अन्य पार्टीहरूलाई धेरै पछाडि धकेल्यो। असोज १८ गतेको शाही घोषणापछि भने बहुदलीय व्यवस्थाका पक्षपाती राजनीतिकर्मीहरूको हाँस खुल्यो।

असोज १८ ले उत्पन्न गरेको अन्यौल र प्रतिगमनको संत्रास

असोज १८ गतेको शाही घोषणापछिको नेपाली राजनीतिको सबभन्दा उल्लेखनीय पक्ष संविधानका विषयमा उत्पन्न अन्यौल नै हो। संविधानको पालनाको विषयलाई लिएर देशमा राजनीतिक विवाद अघि बढिरह्यो। छयालीस सालको त्रीपक्षीय समझदारी

तोडिएको कुरा पनि उठ्न थाल्यो। अनि, संविधानसभाद्वारा नयाँ संविधान तयार पार्न सकिने कुरा त्रीपक्षीय समझदारीको अर्को पक्ष नेपाली कांग्रेसभित्रबाट समेत उठन थाल्यो। असोज १८ गतेको शाही सम्बोधनपछि नेपाली कांग्रेस जस्तो सधैं संवैधानिक राजतन्त्र र वहुदलीयता जस्ता यो संविधानका स्वम्वाहरूको रक्षाका निम्ति प्रतिवद्ध पार्टी समेत संविधानसभाका विषयमा छलफल गर्न सकिन्छ भन्ने अवस्थामा पुग्यो।

संविधान निर्माणका क्रममा प्रस्तावनामा यसलाई जनआन्दोलनको उपलव्धीका रूपमा उल्लेख गर्न पनि जनआन्दोलनकारी शक्तिहरूले संघर्ष नै गर्नुपरेको थियो। निर्माण प्रक्रियामै यो संविधानले अनेक षडयन्त्रहरूको सामना गर्नुपरेको थियो। जारी भइसकेको अवस्थामा पनि यसलाई असफल तुल्याउने अनेक प्रयासहरू भएको अनुभव गरिएकै हो। त्यति हुँदाहुँदै पनि वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा वहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्ने उद्धेश्यका साथ बनेको संविधानले नेपालको संविधानका सम्बन्धमा टुंगो लगाइसकेको ठानियो। तर पचास वर्षपछि फेरि नेपाली राजनीतिमा संविधानसभा ठूलो वहस र छलफलको विषय बनेर भित्रियो। सत्चालीस सालको संविधान नेपालमा आजसम्म बनेका संविधानहरूमध्ये सबभन्दा प्रगतिशील संविधान हो। सबै राजनीतिक पार्टीहरू यसको रक्षाका निम्ति प्रतिवद्ध पनि देखिएका छन्। तर त्यति हुँदाहुँदै पनि वर्तमान संविधानको मर्म र अक्षरमाथि शुरूवातदेखि नै सबैतिरबाट प्रहार भइरहेको देखिन्छ। "यो प्रजातन्त्रका प्रमुख सम्झौताकारी शक्तिहरू राजा, कांग्रेस र कम्युनिष्टमध्ये दैनन्दिन सत्ता संघर्षमा को माथि पर्‍यो वा को तल पर्‍यो भन्ने कुरा अत्यन्तै क्षणिक कुरा हो। समग्रतामा भन्ने हो भने यी तीनवटै शक्तिहरू मुलुकको संकटका लागि जिम्मेवार छन् र मुलुक सँगसँगै यिनीहरू पनि संकटग्रस्त वन्दै गएका छन्।"[३८] स्वभाविक रूपमा संविधान पनि मूलतः यसका निर्माताहरूकै कारण संकटमा परेको छ।

छयालीसपछिको संविधानले धेरै रस्साकस्सी पश्चात साँच्चै चिरकालपर्यन्त सामाजिक, राजनैतिक एवं आर्थिक न्यायको वाटो खोलेको ठानिएको थियो। तर "विगत पचास वर्षको छोटो अवधिभित्र लोकसम्मतिलाई आधार मानी जनताको नाममा शासन चलाउने वहानामा नेपालमा धेरै संविधान बनाउने, उल्लंघन गर्ने र मिच्ने, मिल्काउने र फेर्ने काम भएका छन्। सायद यति छोटो अवधिमा पाँचवटा संविधान बनाउने, मिच्ने र मिल्काउने

प्रधानमन्त्री सहित सात पार्टीका प्रतिनिधिहरूको वैठकले गरेको सिफारिस २०५९ असोज १३

प्रधानमन्त्री शेरबहादुर देउवाले आह्वान गर्नु भए अनुरूप आज प्रधानमन्त्री निवास बालुवाटारमा बसेको नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी, जनमोर्चा नेपाल, नेपाल मजदूर किसान पार्टी र नेपाली कांग्रेस (प्रजातान्त्रिक) पार्टीका प्रतिनिधिहरूको वैठकले देहाय बमोजिम निर्णय गरेको छ :

मुलुकमा हाल विद्यमान जटिल परिस्थितिलाई मध्यनजर राख्दा आगामी २०५९ साल कार्तिक २७ गते प्रतिनिधिसभाको निर्वाचन गर्न सम्भव नदेखिएकोले विभिन्न राजनीतिक दलहरूबाट व्यक्त विकल्पहरूलाई समेत ध्यानमा राखी संविधानसम्मत ढंगले उपयुक्त निकास खोज्न वैठकले प्रधानमन्त्रीलाई सिफारिस गरेको छ।

वैठकमा केही राजनीतिक दलहरूद्वारा प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा विशेष जोड दिइएको थियो।

१. प्रधानमन्त्री
२. नेपाली कांग्रेस
३. नेकपा (एमाले)
४. राष्ट्रिय प्रजातन्त्र पार्टी
५. नेपाल सद्भावना पार्टी
६. जनमोर्चा नेपाल
७. नेपाल मजदूर किसान पार्टी
८. नेपाली कांग्रेस (प्रजातान्त्रिक)

वा फेर्ने काम विश्वका अन्य प्रजातान्त्रिक देशमा भएको छैन होला। संवैधानिक व्यवस्थाहरू कार्यान्वयन नै नगरी वा हुन पनि नदिई संविधान फेरेकै कारणबाट प्रजातान्त्रिक व्यवस्थाको विकास तथा सुदृढीकरण हुने होइन रहेछ भन्ने कुराको उदाहरण पनि नेपालले प्रस्तुत गरेको छ।"[३५]

संविधानसभा र नेपालमा यसको नारा

आजसम्म पनि कायम रहेको बेल्जियमको संविधान संसारकै पुराना संविधानहरूमध्येको एउटा मानिन्छ। यसलाई स्थीर किसिमको संविधान मानिन्छ। वितेको एक सय ६० वर्षको इतिहासमा यसमा पाँच वटा संशोधनहरू भए। पहिलो चोटी सन् १८९३ मा संशोधित यो संविधानको निर्माण संविधानसभाद्वारा भएको थियो। सन् १८३० को सेप्टेम्बर विद्रोहताका अन्तरिम सरकारको गठन भयो। यसले राष्ट्रिय कांग्रेस वा बेल्जियमको संविधानसभाको निर्वाचन हुन्जेल स्वतन्त्रतापूर्वक काम पनि गऱ्यो। अन्तरिम सरकारले केही युवा र धेरैजसो उदार कानुन व्यावसायीहरूलाई संविधानको मस्यौदा गर्ने काम सुम्पियो। कूल एक प्रतिशत नागरिकले मात्र भोट खसाल्न पाएको चुनावबाट बनेको राष्ट्रिय कांग्रेसको अढाई महिना, उक्त मस्यौदालाई अन्तिम रूप प्रदान गर्न लगायो। यसले केही परिवर्तनहरू गऱ्यो। कांग्रेसले संसदको अर्को सदन-सिनेटको व्यवस्था गऱ्यो। सन् १८३१ को ७ फेब्रुअरीका दिन कांग्रेसले संविधानको घोषणा गऱ्यो। २५ फेब्रुअरीदेखि संविधान लागू गरियो। बेल्जियमको संविधानमा करिब ४० प्रतिशत कुरा नेदरल्याण्डको सन् १८१५ को संविधानबाट, पैंतीस प्रतिशत फ्रान्सको सन् १८३० को संविधानबाट र दश प्रतिशत कुरा फ्रान्सकै सन् १७९१ को संविधानबाट लिइएको थियो। केवल दश प्रतिशत कुरा मात्र नयाँ थिए। यसरी बेल्जियमको संविधानलाई नौलो बनाइयो। राजा विलियम प्रथमको शासनको अनुभवबाट सिकेर सन् १८३० को संविधानसभाले संवैधानिक राजतन्त्रको स्थापना गऱ्यो। जसअनुसार राजालाई कुनै राजनीतिक दायित्व प्रदान गरिएन। राजाले कुनै गल्ती गर्न सक्दैनन् भन्ने मान्यता अघि सारियो।[३६]

जापानी जनताको आकांक्षा बमोजिम नयाँ जापानको निर्माणको जग बसालिँदै गरेको यस क्षणमा म सुखद् अनुभूति गरिरहेको छु भन्दै सम्राट हिरोहितोद्वारा सन् १९४६ को ३ नोभेम्बरका दिन जारी गरिएको संविधानको प्रस्तवना नै "हामी जापानी जनता, विधिपूर्वक राष्ट्रिय डायटमा निर्वाचित प्रतिनिधिहरू मार्फत शान्तिको फलका रूपमा भविष्यको समृद्धि..." बाट शुरू गरिएको छ। उक्त संविधान प्रिभि काउन्सिलको सल्लाहमा शाही डायटको निर्णयअनुसार जारी गरिएको थियो। संविधान जारी गरिँदा सम्राटका साथ प्रधानमन्त्री लगायत अन्य मन्त्रीहरूले समेत हस्ताक्षर गरेका थिए। संविधानमा सम्राटको स्थान सार्वभौमसत्ता सम्पन्न जनताको इच्छामा अवस्थित रहेको कुरा जनाइएको छ। त्यही संविधानअनुसार राज्यका सम्पूर्ण मामिलाका निम्ति मन्त्रिपरिषदलाई जिम्मेवार ठहऱ्याएको छ। सम्राटलाई सरकारसँग सम्बन्धित मामिलामा कुनै अधिकार प्रदान गरिएको छैन्।[३७]

आधुनिक भारतीय पुनर्जागरणको संकेतका रूपमा आएको भारतको संविधान, सन् १९५० को जनवरीको २६ का दिनदेखि पूर्ण रूपमा लागू भएको थियो। सन् १९४६ को डिसेम्बर ९ का दिन बसेको पहिलो बैठकदेखि संविधानसभाले विधिवत संविधान बनाउने कामको थालनी गरेको थियो। तर त्यसबेलाका दुई प्रमुख पार्टीहरू– भारतीय राष्ट्रिय कांग्रेस र मुस्लिम लीगको विवादका कारण काम राम्रोसँग अघि बढ्न सकेन। राजनीतिक गतिरोध सन् १९४७ मा बेलायती संसद्ले भारत र पाकिस्तान दुई स्वतन्त्र राष्ट्रको अस्तित्व स्थापित गर्दै भारतीय स्वतन्त्रता कानुन पारित गरेपछि मात्र हुनसक्यो। त्यसपछि तीन वर्षको लामो मेहनतपछि भारतको संविधान सभाले सन् १९४९ को नोभेम्बर २६ का दिन संविधान जारी गऱ्यो। तर त्यसबेला सबै धाराहरू लागू हुन सकेका थिएनन्।[३८] संविधानसभा भनेको, संविधान लेख्ने प्रयोजनले बनेको, सार्वभौम प्रतिनिधिसभा हो। गएको दशकमा दक्षिण अफ्रिकामा यस्तो जनप्रतिनिधिसभाको गठन भएको थियो। हिजोआज, दक्षिण अफ्रिकामा त्यही संविधानसभाले निर्माण गरेको संविधान छ।

नेपालमा सात सालदेखि उठेको संविधान सभाको प्रसंग वा चर्चा-परिचर्चा र बहस पन्ध्र सालको आमनिर्वाचन र सत्र सालको राजनीतिक व्यवस्था परिवर्तनपछि थान्को लागेको थियो। राजा त्रिभुवनको ००७ साल फागुन ७ गतेको शाही घोषणामा भने भनिएको थियो-"अब हाम्रा प्रजाको शासन अबउप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होवस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले....।"[३९] समयान्तरमा यसरी हराएको विषय केही वर्षयता फेरि चर्चाको केन्द्रमा रहन पुगेको छ। तर सरकारले संविधानसभाका विषयमा कुनै पनि वार्ता नगरिने कुरा बारम्बार दोहोऱ्याउँदै आएको छ।

सर्वोच्च अदालतको फैसला र हुन नसकेको निर्वाचन

सर्वोच्च अदालतको ०५९ साल साउन २१ गतेको फैसलाले संसदलाई ब्युँत्याएन। अदालतले केही अगाडि बढेर संकटकालमा पनि चुनाव हुनसक्ने फैसला समेत गऱ्यो। देशमा संकटकालीन स्थितिको घोषणा लागू रहेको अवस्थामा संविधानको प्रतिनिधिसभाको गठनसम्बन्धी धारा ४५ अनुसार एक वर्षमा नबढ्ने गरी ऐनद्वारा प्रतिनिधिसभाको कार्यकाल बढाउन सकिने थियो। तर सरकारले चुनाव गराउने बाहेकको विकल्प सोचेन। प्रमुख प्रतिपक्षले समस्या समाधानका दिशामा आफ्नो पार्टीका सामु मौका आएको ठानी चुनावलाई अस्वीकार गरेन।

तर त्यसपछिका दिनमा पनि देशमा चुनावी वातावरण तयार हुन सकेन। सरकारले चुनावलाई प्रभावित गर्न केही काम कारवाही गरेको उजुरी निर्वाचन आयोगमा पुग्यो र राष्ट्रिय प्रजातन्त्र पार्टीले केही गृहकार्य शुरू गऱ्यो। त्यस अतिरिक्त यसबीच प्रमुख प्रतिपक्षलाई बाहेक अरूलाई, चुनाव खासै लागेन।

प्रतिनिधिसभा विघटनका विषयमा नेपाली कांग्रेस विभाजित हुने गरी विवाद मच्चियो। प्रहरी महानिरीक्षक प्रदीप शमशेर राणाद्वारा नै समयमा चुनाव गराउन नसकिने धारणा निर्वाचन आयोगद्वारा ०५९ साल भदौ २७ गते आयोजित सर्वदलीय बैठकमै राखियो। वरिष्ठ सुरक्षा अधिकारीद्वारा फागुनदेखि चरण-चरणमा निर्वाचन गर्दा के हुन्छ? भन्ने प्रश्न समेत उठाइयो। त्यसबेला सरकारले पनि आमनिर्वाचन चरणबद्ध रूपमा नै गराउने योजना सार्वजनिक गरिसकेके थियो। कति चरण भन्ने कुरामा निर्णय हुन मात्र बाँकी थियो। प्रतिनिधिसभा भंग भइसकेको थियो। त्यस्तै अवस्थामा नयाँ प्रतिनिधिसभा कहिले बन्ने हो भन्ने कुरामै अनिश्चय कायम रह्यो।

पहिले गिरिजाप्रसाद कोइरालाले चुनाव बहिष्कारको कुरा समेत गर्नुभएको थियो। ०५९ साल भदौ ३१ गते निर्वाचन आयोगको निर्णयको प्रतिक्षाको घडी सकियो। निर्वाचन आयोगले गरेको फैसलाका कारण देशमा केही न केही चुनावी सरगर्मी अवश्य छायो। तर पनि अघिल्लो निर्वाचनमा सबभन्दा ठूलो पार्टी भएको कांग्रेसका दुवै टुक्रालाई रत्तिभर चुनाव लागेको थिएन। चुनावका निम्ति तय गरिएको तिथिभन्दा दुई महिनाअघि छाउन थालेको अनिश्चयको बादल सरकारले पन्छाउन सकेन। यसभन्दा अघिको आमनिर्वाचनमा सबभन्दा ठूलो पार्टीका रूपमा जित्ने नेपाली कांग्रेस आन्तरिक विवादमै व्यस्त रह्यो। ०५८ साल मंसीर ११ गते मन्त्रिपरिषद्को बैठकले माओवादीहरूलाई आतंककारी ठहर गर्दै संविधानको धारा ११५ को उपधारा १ अनुसार संकटकालको घोषणा गरेको थियो। संकटकालको अनुमोदन गर्ने कुरामा एमालेले केही विवाद गरेपनि अनुमोदन भने गरेको थियो। तर संकटकाल तेहेऱ्याउने विषयमा सबभन्दा बढी विवाद कांग्रेसभित्रै चर्कियो। त्यसपछि प्रतिनिधिसभा विघटन गरियो र नेपाली कांग्रेस पनि फुट्यो। त्यस्तो निराशाजनक अवस्थामा दुवै कांग्रेसलाई चुनाव नलाग्नु स्वभाविकै थियो। एमालेले मतदानका निम्ति तोकिएको मितिभन्दा ठीक दुई महिनाअघि चुनाव घोषणापत्र जारी गर्ने कार्यक्रम तय गरेको थियो। तर त्यो कार्यक्रम पनि हुने कुरै भएन।

प्रधानमन्त्रीको शक्ति प्रतिनिधिसभा विघटन गर्ने कुरामा मात्र होइन, नयाँ प्रतिनिधिसभा निर्माण गर्ने कुरामा पनि उत्तिकै देखियो भने मात्र केही बिग्रिएको रहेनछ भन्ने सन्देश प्रवाहित हुन सक्ने थियो। तर ०५९ साल कार्तिक २७ गते आमचुनाव हुन सकेन। हेर्दा हेर्दै प्रतिनिधिसभाको विघटन भएको ६ महिनाभित्र आमचुनाव हुनु पर्ने कुराको उल्लंघन हुन पुग्यो। संविधान मुर्छित हुन पुग्यो। संविधान परास्त हुँदा लामो अनुभवका आधारमा प्रस्तावनामा उल्लेख गरिएका हाम्रा अपरिवर्तनीय सोचहरू पनि परास्त भए।

०५९ साल मध्यसम्म आइपुग्दा सरकार बाहेक सबै भन्न थालेका थिए- वार्ता तथा सम्वादद्वारा माओवादी समस्याको हल गरिनु पर्छ। त्यही उद्देश्यका निम्ति माओवादी पक्षसँग अविलम्ब युद्धविराम घोषणाको माग गरिएको थियो। अनि सरकार र माओवादी दुवै पक्षबाट अविलम्ब वार्ता तथा सम्वादको प्रक्रिया शुरू गरियोस् भन्ने आग्रह गरिएको थियो। सबै राजनीतिक पार्टीहरूले यही कुरा भनेका छन्। तर वार्ता र सम्वादका निम्ति उपयुक्त वातावरण बनाउन अग्रसर भएका राजनीतिक पार्टीलाई इमान्दार सहयोग गर्न माओवादीहरू तयार देखिएका थिएनन्। प्रतिपक्षीहरूद्वारा सरकारले वार्ताको ढोका खोल्नु पर्ने, माओवादीले युद्धविरामको घोषणा गर्नुपर्ने अनि कार्तिक २७ गते निर्वाचन हुनुपर्ने जस्ता मागहरू अघि बढाउँदै थिए। तर त्यहीबेला चुनाव घोषणा गरिएकै बेला माओवादीहरू गाउँ-गाउँमा अन्य पार्टीका राजनीतिक कार्यकर्ताहरूको हत्या गरिरहेका थिए।

शाही घोषणामा उल्लेख गरिएको थियो- "अब बन्ने सरकारले यथाशीघ्र शान्तिसुरक्षाको व्यवस्था मिलाई निर्वाचन सम्पन्न गराउनेछ।" तर स्थगित गरिएको

आमनिर्वाचनका विषयमा सरकारले सन् २००२ को अन्त्यसम्मै ठोस धारणा अघि सार्न सकेन। समस्या सामाधानका निम्ति जुटाइएको सबै पार्टीको सहीछापको दुरूपयोग गरेर राजाबाट अनिश्चितकालसम्म कार्तिक सत्ताइसलाई स्थगित गराउने निमित्तनायकका रूपमा शेरबहादुर देउवाको नयाँ छवि बन्यो।

अन्यौल यथावत्

असोज १८ गतेपछि पनि बहुदलीय व्यवस्थाका पक्षधर पार्टीहरूको अग्रगामी निकासका सम्बन्धमा एउटै धारणा कायम हुन सकेन। कांग्रेस प्रतिनिधिसभा पुनः स्थापना र कांग्रेस (प्रजातान्त्रिक) देउवा सरकारको पुनः बहालीको पक्षमा उभियो। एमाले वर्षको अन्त्यसम्मै निर्वाचनका निम्ति धारा १ सय २८ को मर्मबमोजिमको सर्वदलीय सरकारको मागमा अडिरह्यो भने अरू पनि आ–आफ्नै मागमा कायमै रहे।

नेपाल अधिराज्यको संविधान, २०४७ मै केही संशोधन गरी माओवादीहरूलाई मूलधारमा ल्याउने प्रयास छयालीस सालका जनआन्दोलनकारी शक्तिहरूले गरेका थिए। राजनीतिक विश्लेषकहरूका अनुसार त्यस्तो प्रयासका सामु असोज १८ गतेको कदमकै कारण विघ्न तेर्सिएको छ। एउटा संशोधन समेत नगरी आज यो संविधान नै पुरानो भएको निष्कर्ष स्थापित गर्न खोजिएको छ। माओवादीहरूले संविधानसभाको कुरा उठाएर हिंसा मच्चाउँदै यही संविधानका विरूद्ध हतियार उठाए। छयालीस सालको ऐतिहासिक जनआन्दोलनका उपलब्धीहरू संकटमा पर्न थालेपछि माओवादीहरूलाई कसरी ठीक बाटोमा ल्याउने भन्ने विषयमा सबै राजनीतिक पार्टीहरू चिन्तन गर्दै थिए। तर ठीक त्यसै बेला असोज १८ गतेको असंवैधानिक कदमद्वारा थप जटिलताहरूको सृजना गरियो।

०५९ साल कार्तिकमा नेपाल अधिराज्यको संविधान ०४७ लागू भएको बाह्र वर्ष पूरा भयो। बाह्रौं संविधान दिवसका अवसरसम्म आइपुग्दा नपुग्दै वर्तमान संविधानको भविष्यसँग सम्बन्धित कैयन् प्रश्नहरू खडा हुन पुगे। कूल २३ वटा भाग, १ सय ३३ वटा धारा र ३ वटा अनुसूचीमा समेटिएको विद्यमान संविधानका सबै जसो धाराहरूको प्रयोग बितेका बाह्र वर्षमा भए। तर सर्वेतिरबाट यस संविधानको पालनाका निम्ति सैद्धान्तिक प्रतिबद्धता दर्शाइँदा–दर्शाइँदै पनि सन् २००२ को अन्त्यसम्मै अन्यौलको अन्त्य हुन सकेन। संविधानको पालनका सम्बन्धमा राजनीतिक शक्तिहरूबीच उत्पन्न अविश्वासको वातावरणको अन्त्य फेरि पनि यसकै सम्मानबाट मात्र हुनसक्छ भन्ने मान्यता क्रमशः कमजोर हुन थाल्यो।

संविधानको धारा ८८ (२) मा मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रवाहहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई प्रदान गरिएको छ। तर बितेको बाह्र वर्षमा न संविधानको प्रस्तावना, मौलिक हक र निर्देशक सिद्धान्तका आधारमा विकास योजना प्रक्रियाका सम्बन्धमा कुनै किसिमको अनुगमन वा समीक्षा हुनसक्यो, न कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अपेक्षाकृत भूमिका देखियो। न्यायिक पुनरावलोकनको अधिकारप्राप्त न्यायालयको भूमिका बाह्र वर्षको अवधिमा निराशाजनक रह्यो।

नोट

१. राधेश्याम अधिकारी, राष्ट्रिय सभामा नेपाली कांग्रेसका सांसद् एवं अधिवक्ता
२. एमालेको स्थायी कमिटीको वैठकपछि ०५९ कार्तिक ७ गते जारी वक्तव्य
३. प्रवक्ता अर्जुननरसिंह केसीको नाममा प्रकाशित विज्ञप्ति, बुधवार साप्ताहिक ०५९ साल असोज २३ गते
४. गत असोज १८ गते राजाले संवैधानिक "कू" गरेपछि राजा त्यो (शान्तिपूर्ण राजनीतिक) निकास दिन सक्षम छन्- लीलामणि पोखरेल, जनएकता साप्ताहिक, ०५९ मंसिर २ गते
५. नरहरि आचार्य, केन्द्रीय सदस्य नेपाली कांग्रेस, राजधानी दैनिक, ०५९ पुस ५ गते
६. टोपवहादुर सिंह, नेपालको संविधान र संवैधानिक कानुन
७. गोरीवहादुर कार्की, नेपालको वर्तमान संविधान विचार र व्याख्या
८. टोपवहादुर सिंह, नेपालको संविधान र संवैधानिक कानुन
९. भरतराज उप्रेती, नेपालको संवैधानिक कानुन
१०. वरिष्ठ अधिवक्ता गणेशराज शर्मा, कानुन पूर्णाङ्क ६
११. भरतराज उप्रेती, कल्याण श्रेष्ठ, कनकविक्रम थापा, नेपालको संवैधानिक कानुन
१२. माधवकुमार नेपाल, ०५९ मंसीर ३ गते, राष्ट्रिय कार्यकर्ता भेला
१३. मदन भण्डारी, श्वेतशार्दूलको गर्जन, भाषण संग्रह-१
१४. २०४७ साल भदौ २० गते तत्कालीन नेकपा (माले), केन्द्रीय कमिटीको पोलिटव्यूरोले जारी गरेको विज्ञप्ति
१५. मदन भण्डारी, श्वेत शार्दूलको गर्जन, भाषण संग्रह-१
१६. शिव गाउँले, हिमालखवर पत्रिका, १६-३१ कार्तिक २०५९
१७. मदन भण्डारी, श्वेतशार्दूलको गर्जन, भाषण संग्रह-१
१८. जनप्रतिरोधका गौरवशाली चार सय दिनहरू, प्रकाशन विभाग विशेष केन्द्रीय कमाण्ड, नेकपा (माओवादी)
१९. नेकपा एमालेको केन्द्रीय कमिटीको अठारौं वैठकवाट पारित राजनीतिक प्रतिवेदन
२०. माधवकुमार नेपाल,०५९ साल मंसीर ३ गते, राष्ट्रिय कार्यकर्ता भेला
२१. नरहरि आचार्य, राजधानी दैनिक, ०५९ पुस ५ गते
२२. ऐ. ऐ.
२३. माधवकुमार नेपाल, ०५९ साल मंसीर ३ गते राष्ट्रिय कार्यकर्ता भेलामा गरिएको सम्बोधन
२४. अधिवक्ता राधेश्याम अधिकारी वि. मन्त्रिपरिषद् सचिवालय समेत, नेपाल कानुन पत्रिका, ०४८, अंक १२, पृष्ठ ८१०
२५. मुकुन्द रेग्मी, विगतका अभिव्यक्ति र वर्तमानका अनुभूति
२६. घनश्याम भूसाल, नेपालको अर्थ-राजनीतिः संकटको पुनरूत्पादन र रूपान्तरणको दिशा
२७. ऐ. ऐ.
२८. "हामी निर्धक्कसाथ के भन्न सक्छौं भने कतिपय राष्ट्रिय प्रश्नहरूमा राजा वीरेन्द्र र हाम्रो वीचमा समना सोचाइहरू थिए र त्यसले कतिपय प्रसंगहरूमा हामीलाई अघोषित कार्यगत एकता गराइरहेको थियो" डा. वावुराम भट्टराई, कान्तिपुर दैनिक, ०५८ जेठ २४ गते
२९. २०५८ साल जेठ ३० गतेको कान्तिपुर दैनिकमा छापिएको समाचार
३०. अधिवक्ता वालकृष्ण न्यौपाने विरूद्ध मन्त्रिपरिषद्को सचिवालय समेत, नेपाल कानुन पत्रिका, २०५४, अंक ६, पृष्ठ ३३५
३१. भरतराज उप्रेती, नेपालको संवैधानिक कानुन
३२. वरिष्ठ अधिवक्ता गणेशराज शर्मा, कानुन पूर्णाङ्क ६
३३. भरतराज उप्रेती, नेपालको संवैधानिक कानुन
३४. घनश्याम भूसाल, नेपालको अर्थ-राजनीतिः संकटको पुनरूत्पादन र रूपान्तरणको दिशा
३५. भरतराज उप्रेती , नेपालको संवैधानिक कानुन
३६. Ed. by Andre Alen, Treatise on Belgian Constitutional Law
३७. The Constitution of Japan
३८. M P Jain, Indian Constitutional Law
३९. गुप्तवहादुर देवकोटा, नेपालको राजनीतिक दर्पण, भाग-१

मस्यौदा संविधानमा प्रतिक्रिया, आलोचना र सुझाव

संविधान सम्बन्धी व्यापक बौद्धिक कसरत भइरहेको वर्तमान अवस्थामा यस वर्ष उल्लेख्य विषयको रुपमा संवैधानिक अन्यौलतालाई समावेश गरेकाले पनि तत्कालीन नेकपा (माले) द्वारा प्रस्तुत २७ बुँदे सुझाव सान्दर्भिक हुने भएकोले प्रकाशित गरिएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) पार्टीका केन्द्रीय प्रवक्ता श्री मदन भण्डारीले आयोगद्वारा प्रस्तुत संविधानको मस्यौदा प्रति सार्वजनिक टिप्पणी गर्दै २०४७ असोज ११ गते पार्टीको तर्फबाट २७ सूत्रीय सुझावहरु दिनु भएको थियो। उक्त सुझावमा भनिएको छ- थाहा भएको कुरा हो संविधान सुझाव आयोगले आम जनताबाट, सबै राजनीतिक पार्टी र संगठनबाट तथा प्रतिष्ठित व्यक्तिहरुबाट निर्धारित समय भित्र सुझाव संकलन गर्‍यो। वाम-कांग्रेस र राजाको गरी तीन पक्ष सम्मिलित भएको आयोगले त्यसमा अत्यन्त गम्भीर ढंगले छलफल, बहस संचालन गरी सन्तुलित दस्तावेज तयार पार्‍यो। तीन वटा भिन्नाभिन्नै दृष्टिकोण र स्वार्थ भएका पक्षहरु बीच संविधानको सवालमा पूर्णतः सहमत हुन संभव थिएन। त्यसैले अनेक सवालहरुमा लेनदेन गरी आयोगले एकमतले एकीकृत मस्यौदा तयार पार्‍यो। उक्त मस्यौदालाई औपचारिक समारोह गरी राजालाई बुझाई पनि सकेको छ। मस्यौदा बुझेको दिनदेखि त्यसमा षड्यन्त्र शुरु भएको छ। अहिले खासगरी राजा र कांग्रेसको बीचमा जनता, प्रजातन्त्र र राष्ट्र विरोधी अपवित्र गठबन्धन शुरु भएको छ र तिनीहरुको तर्फबाट विभिन्न खिचलो खडा गरिएको छ। आफ्ना थुप्रै सैद्धान्तिक, राजनीतिक र कार्यनीतिक मतभेदका बावजुद एउटा समझदारी र राजनीतिक मतभेदका बावजुद एउटा समझदारी र राजनीतिक सम्झौता भएको हुनाले हामीहरु त्यसको पक्षमा इमान्दारी पूर्वक उभिदै आयौं। तर यदी अरु पक्षले धोका र षडयन्त्र गर्दै त्यसलाई उल्लंघन गर्छन् भने हामीले मात्र सम्झौताको पक्षमा रहिरहनु कुनै अर्थ र औचित्य हुँदैन। अहिले पनि हामी आन्दोलनमा सार्वभौमसत्ता र सम्पूर्ण संवैधानिक अधिकार जनतामा हस्तान्तरण गरी संवैधानिक राजाको रूपमा रहने गरी राजासँग भएको राजनीतिक सम्झौताको पक्षमा कायम छौं। तर, संविधानको मस्यौदा तयार गर्दा त्यसका धारा, दफाहरुमा जे जस्तो समझदारी बनेको थियो, अब त्यो ती दुई पक्षको तर्फबाट तोडिइसकेको छ। यस्तो स्थितिमा प्रस्तुत संविधान प्रति आफ्ना धारणा, मान्यता, प्रतिक्रिया र आलोचनाहरुलाई आम जनतासमक्ष सार्वजनिक ढंगले प्रस्तुत गरी अघि बढ्न बाध्य भएका छौं। हाम्रा विचारहरु निम्न छन् :

१. मस्यौदा संविधानको धारा २ मा सार्वभौमसत्ता जनतामा निहित रहेको र यसको प्रयोग संविधानमा व्यवस्था भए बमोजिम हुने छ भनिएको छ। यस्तो अस्पष्टता हुनु हुँदैन। यसमा सुस्पष्ट रुपमा जनता र जनताबाट निर्वाचित प्रतिनिधिहरुद्वारा सार्वभौमसत्ताको प्रयोग हुने छ भनेर लेखिनु पर्छ नत्र फेरि घुमाउरो ढंगले त्यो अधिकार राजाकै हातमा पुग्न सक्छ।

२. धारा ४ अधिराज्यको (१) मा उल्लेख भएको "हिन्दू" शब्द हटाइनु पर्छ। राजा हिन्दू धर्मावलम्बी हुने छन् भन्ने कुरा धारा २७ मा लेखिएको हुनाले यहाँ अधिराज्यको परिभाषामा त्यसलाई राख्नु आवश्यक छैन। त्यसले अधिराज्यको सम्बन्धमा भ्रम खडा गर्न सक्छ। राजा हिन्दू हुनु वर्तमान यथार्थताको तस्वीर मात्र हो। अधिराज्यको सवालमा यस्तो कुनै भ्रम राखिनु हुँदैन।

३. धारा ६ मा नेपाली भाषालाई राष्ट्रभाषा र देशका सबै मातृभाषाहरुलाई "राष्ट्रिय भाषा" लेखेको हुनाले पक्षपात गर्न खोजिएको भ्रम उत्पन्न भएको छ। सबै भाषालाई समान ढंगले सम्मान गर्नको निमित्त एउटै मात्र शब्दको प्रयोग गरी नेपाली भाषालाई राजकीय वा सरकारी कामकाजको भाषा मात्र मान्नु पर्छ।

४. धारा ७ को ३ मा उल्लेख भएको निशाना छाप वर्तमान परिस्थिति अनुरूप फेर्नु पर्छ।

५. भाग ३ को मौलिक हक सम्बन्धी व्यवस्थामा प्रतिबन्धात्मक उपधाराहरू राखिएका छन्। तिनीहरुमा प्रयोग गरिएको "राजद्रोह तथा "हिंसात्मक कार्य गर्न" जस्ता शब्दहरू हटाउनु पर्छ त्यहाँ सुस्पष्ट रुपमा "राज्यद्रोह" तथा "हिंसात्मक कार्य गर्ने" जस्ता शब्द राख्नु पर्छ। नत्र शासकहरुले जहिले पनि विपक्ष माथि यस्तो आरोप लगाएर प्रतिबन्ध लगाउने खतरा रहन्छ। प्रतिबन्धात्मक विषयलाई अत्यन्त आवश्यक भएका ठाउँसम्म मात्र सीमित गर्नु पर्छ। एक हातले मौलिक हक दिए जस्तो गर्ने र अर्को हातले खोस्ने ढंगले गरिएको व्यवस्था आपत्तिजनक छ।

६. धारा १७ को सम्पत्तिको हक सम्बन्धी व्यवस्थामा लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप हुनुपर्छ। आमूल परिवर्तनकारी भूमिसुधार र अरु आर्थिक सुधारका कार्यक्रमहरु संचालन गर्ने, हदबन्दी निश्चित गर्ने र हदबन्दी भन्दा बढी जग्गालाई कानून बनाएर अधिग्रहण गर्ने संवैधानिक व्यवस्था हुनु पर्छ। श्रमिकहरुलाई आफ्नो श्रम र श्रमको उत्पादन माथि पूर्ण स्वामित्व प्रदान गर्ने कुरा उल्लेख गरिनु पर्छ।

७. भाग ५ को "श्री ५ सम्बन्धी महलमा धारा २७ को २ मा "श्री ५ लाई नेपालको राष्ट्रियता र नेपाली जनताको एकताको प्रतीक भनिएको छ। "श्री ५ भनेको संविधान अनुसार एउटा व्यक्ति हो र व्यक्ति राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्दैन। यसलाई हटाउनु पर्छ। बहुदलीय प्रजातन्त्र र प्रजातान्त्रिक संविधान मात्र राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्छ।

८. धारा २७ को ३ मा संविधानको संरक्षण श्री ५ बाट गर्ने भनिएको छ। संविधानको संरक्षण कर्ता जनता हुन्, श्री ५ वा कुनै व्यक्ति, राजनीतिक पार्टी वा संस्था हुन सक्दैन। श्री ५, राजनीतिक पार्टी र हरेक व्यक्तिले संविधानको पालना गर्नु पर्छ। सार्वभौम अधिकार भएका जनता मात्र त्यसका संरक्षक हुन सक्दछन्।

९ धारा २८ को १ र २ दुवैलाई हटाउनु पर्छ। श्री ५ का वंशजहरुको रीत र परम्परा बनेको स्वेच्छाचारी र निरंकुश तन्त्री रहँदै आएको छ। अब त्यस्तो स्थिति रहन पाउने छैन। राजा पूर्ण रुपमा संविधानको मातहत हुनु पर्छ। उत्तराधिकारीको क्रम

सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार श्री ५ को स्वीकृतमा संसदमा रहनु पर्छ।

१०. धारा २९ को श्री ५ र राजपरिवारका खर्च सम्बन्धी व्यवस्थामा प्रचलित कानूनमा व्यवस्था भएका खर्च र सुविधा घट्ने गरी कुनै कानून बनाउन पाइने छैन भन्ने प्रतिबन्धात्मक वाक्यांशलाई हटाउनु पर्छ। यस धारामा उल्लेख गरिएको श्री ५ शब्द पनि हटाउनु पर्छ।

११. धारा ३० मा राजपरिवारको आय वा निजि सम्पत्ति कर मुक्त र अतिक्रम्य नहुने व्यवस्था गरिएको छ। यसलाई पूरै हटाउनु पर्छ। श्री ५ र राजपरिवार जमिन, उद्योग, व्यापार, व्यवसाय, आदिमा पूरै लाग्न पाउने तर हदबन्दी र नियन्त्रण गर्ने केही पनि हुन नहुने संवैधानिक व्यवस्था हुनु हुँदैन। राजा राजपरिवारको सम्पत्तिमा पनि नागरिक सरह कर लाग्ने व्यवस्था गरिनु पर्छ।

१२. धारा ३० मा गरिएको स्पष्टीकरणलाई अलग र सिंगो धारा बनाएर सुस्पष्ट व्यवस्था गरिनु पर्छ र "राजपरिवार" भन्नाले के बुझिन्छ भन्ने किटान साथ उल्लेख हुनु पर्छ।

१३. धारा ३१ मा श्री ५ ले गरेका कुनै कामको सम्बन्धमा कुनै पनि अदालतमा सवाल जवाफ गर्न नपाइने व्यवस्था गरिएको छ यसलाई सच्याएर श्री ५ ले संविधान बमोजिम गरेको कामको बारेमा अदालतमा सवाल जवाफ नहुन सक्छ। संविधान मिचेर काम गरेको भएमा अदालतमा मुद्दा चलाउन, सवाल जवाफ गर्न पाउनु पर्छ।

१४. भाग ६ को राजपरिषद्ले गर्ने भनिएको काम संसदले नै गर्न सक्ने हुनाले राजपरिषद्को अलग व्यवस्थालाई पूरै हटाउनु पर्छ।

१५. धारा ४० मा उल्लेख गरिएको कार्यकारिणी अधिकारबाट "श्री ५" लाई हटाउनु पर्छ। यसैको उपधारा (क) लाई पुनर्लेख गरी "अन्यथा" शब्दले भन्न खोजेका व्यवस्थालाई स्पष्ट पार्नु पर्छ र बाँकी सबै श्री ५ ले गर्ने काम मन्त्रिपरिषद्को सल्लाह र सम्मतिबाट मात्र गर्ने व्यवस्था किटान हुनु पर्छ।

१६. धारा ४१ को (६) मा "प्रतिनिधि सभामा निजको विरुद्ध अविश्वासको प्रस्ताव पारित भएमा" भन्ने कुरा पनि थप्नु पर्छ।

१७. प्रतिनिधिसभा विघटन भई कार्यवाहक मन्त्री परिषद्ले निर्वाचन सम्पन्न गर्ने दायित्व निर्वाह गर्ने क्रममा प्रधानमन्त्रीको निधन भएमा राष्ट्रिय सभाको सिफारिसमा श्री ५ बाट अर्को कार्यवाहक मन्त्री परिषद्को गठन गरिने कुरा स्पष्ट पारिनु पर्छ।

१८. धारा ६१ को (१) मा "बहसमा बन्देज" गरिएको कुरा हटाउनु पर्छ। अनुचित आचरण भएको खण्डमा संसदमा बहस, छलफल गर्न पाउनु पर्छ।

१९. धारा ७३ को (२) मा विधेयकमा संशोधन पेश गर्न श्री ५ को पूर्व स्वीकृत लिनु पर्ने व्यवस्थालाई हटाउनु पर्छ।

२०. धारा ७७ को अध्यादेश सम्बन्धी व्यवस्थामा उपधारा १ को "श्री ५ सन्तुष्ट होइबक्सेमा" "मौसूफबाट आवश्यक सम्झी बक्सेको" भन्ने वाक्यांशहरू हटाउनु पर्छ र मन्त्री परिषद्को सिफारिसमा अध्यादेश जारी गर्नु पर्ने सुस्पष्ट व्यवस्था गरिनु पर्छ।

२१. धारा ८२ को (१) र धारा ८५ को (१) मा गर्नु पर्ने कामहरू श्री ५ बाट गराउने भन्ने प्रावधान हटाउनु पर्छ। धारा ८६ र धारा ८७ वा "श्री ५ को स्वविवेक, सन्तुष्टी स्वीकृत" भन्ने जस्ता वाक्यांशलाई हटाउनु पर्छ। यो मन्त्रिपरिषद्को अधिकार र कर्तव्यको विषय हो।

२२. भाग १८ बमोजिम संकटकालीन स्थिति उत्पन्न भएमा धारा १२२ को (८) अनुसार निलम्बित धाराहरू बाहेक धारा २३ को संवैधानिक उपचारहरू प्राप्त गर्ने हक समेत निलम्बन गर्नु हुँदैन।

२३. धारा १२५ मा राष्ट्रिय सुरक्षा समितिको व्यवस्था उल्लेख गर्नु आवश्यक छैन। देशको सेना पूर्ण रूपले मन्त्रिपरिषद्को मातहत हुनु पर्छ। सेनाको परिचालन कार्यकारिणी अधिकार हो र त्यो पूर्ण रूपमा मन्त्रिपरिषद्मा रहनु पर्छ।

२४. धारा १२९ मा बाधा अड्काउ फुकाउने अधिकारको व्यवस्था गरिएको ठाउँमा प्रधानमन्त्रीको सिफारिसमा श्री ५ बाट आदेश जारी गर्ने कुरा उल्लेख हुनुपर्छ। त्यो आदेशलाई प्रतिनिधि सभाबाट अनुमोदन गराउनु पर्छ। प्रतिनिधि सभाले अनुमोदन नगरे त्यो आदेश अमान्य र खारेज हुनु पर्छ। यो धारा संविधान लागू भएको एक वर्ष पछि स्वतः हट्ने छ।

२५. धारा १३३ मा संविधान लागू भएपछि पनि संविधानसँग बाझिएको भए पनि खारेज वा संशोधन नभएसम्म पुराना कानुनहरू एक वर्षसम्म लागू रहने व्यवस्था गरिएको छ। यसलाई बदल्नु पर्छ र संविधान लागू भएदेखि नै त्यससँग बाझ्ने ऐन कानूनहरू बाझिएका हदसम्म निष्क्रिय हुने र नबाझिएका कानूनहरू मात्र लागू रहने व्यवस्था गरिनु पर्छ। नत्र संविधान जस्तो सुकै भए पनि जनताको दैनिक जीवन माथि तानाशाही शासन बर्दालिएको अनुभव हुन पाउने छैन।

२६. "श्री ५ को सरकार मा श्री ५ हटाएर नेपाल सरकार" भन्ने व्यवस्था हुनु पर्छ। शाही सेना भनिएको ठाउँमा नेपाली सेना भन्ने व्यवस्था हुनु पर्छ। सरकारी सार्वजनिक संस्थानहरू र निकायहरू सबै ठाउँमा रहेको शाही शब्द हटाउनु पर्छ।

२७. श्री ५ ले संविधान विपरीत काम गरेको खण्डमा महाभियोग लगाउन पाइने अधिकारको व्यवस्था गरिनु पर्छ। यदी यस्तो प्रावधान भएन भने इतिहासमा जस्तै फेरि निरंकुशतन्त्र, स्वेच्छाचारी बढ्दै जान सक्ने खतराबाट जोगिन सकिन्न।

उक्त सुझावको अन्तमा प्रस्तुत संविधानको मस्यौदामा मोटामोटी असहमति र आलोचनाका विषयहरू यिनै हुन् भन्दै प्रवक्ता भण्डारीले भन्नु भएको छ- प्रजातान्त्रिक संविधान बनाउनको निम्ति यिनीहरूलाई माथि लेखिएकै सच्याउनु पर्छ। यी विषयमा बेवास्ता गर्दै मस्यौदामा भएका प्रजातान्त्रिक तथा राष्ट्रिय हितका प्रावधानहरूलाई हटाउने प्रयत्न हुन्छ भन्ने मुलुकले फेरि एउटा आँधीको सिर्जना नगरी अघि बढ्न सक्ने छैन। त्यस आँधि पछिको नेपाल पूर्ण रूपमा प्रजातान्त्रिक हुने छ भन्ने कुरामा मेरो शंका छैन। यदि सबै शक्तिका बीच समझदारी कायम राखेर शान्तिपूर्ण ढंगले मुलुकको प्रजातान्त्रिक पुनर्संरचनामा लाग्ने हो भने सबैले वचनबद्धता र साझा सहमतिलाई पालन गर्नु पर्छ। अन्यथा तिनै तत्वहरू जवाफदेही हुने छन् जसले साझा सहमति तोड्ने छन्। म सबै देशवासीलाई उपयुक्त प्रतिक्रियामा गम्भीरता पूर्वक ध्यान दिन अनुरोध गर्दछु।

(साभार : नवयुग, अंक ८, ३० नोभेम्बर १९९०)

परिच्छेद २

राज्य र मानवअधिकार

२.१ न्यायपालिका

मानवअधिकारको संरक्षण-सम्बर्द्धनमा न्यायपालिका

नागरिक अधिकारको मुख्य र अन्तिम संरक्षकको रूपमा रहेको न्यायपालिकाको जिम्मेवारी छिटो, छरितो, कम खर्चिलो र सर्वसुलभ न्याय प्रदान गर्नुका साथै तल्लो तहका जनतासम्म पुगी उनीहरूलाई समृद्धि एवम् प्रगतितर्फ उन्मुख गराउनु हो।

यस वर्ष राज्य र मानवअधिकारप्रति न्यायपालिकाको के-कस्तो भूमिका रह्यो भन्ने कुराको लेखाजोखा गर्ने प्रयत्न यस परिच्छेदमा गरिएको छ।

सन् २००२ को वर्ष न्यायपालिकाको इतिहासमा मानवअधिकारको वहाली र प्रचलनको दृष्टिबाट बढी चुनौतीपूर्ण रह्यो। नेपाल अधिराज्यको संविधान- २०४७ लागू भएपछि हुँदै आएका नयाँ-नयाँ संवैधानिक अभ्यासका क्रममध्ये संकटकालीन अवस्थाको घोषणा र यसको प्रचलन, यस वर्षको ऐतिहासिक एवं उल्लेख्य संवैधानिक घटना हो। राज्यका समस्त अंगलाई असर पार्ने संकटकालले न्यायपालिकाका न्यायिक काम कारवाहीमा पनि असर पार्‍यो। साथै, प्रतिनिधिसभा विघटन अर्को महत्वपूर्ण घटना हुन पुग्यो, यो वर्ष। अदालती क्षमतामा सुधार अर्को सशक्त पक्ष रहेको छ। यस वर्ष नेपाल बार एशोसिएसनले मिलापत्र मेलाको आयोजना गरेबाट न्यायपद्धतिमा एक नयाँ कार्य शुरू भएको छ। यिनै मुख्य-मुख्य घटनाक्रमसँगै न्यायपालिकाले मानवअधिकारको सम्बन्धमा के-कति योगदान गर्‍यो भनेर लेखाजोखा गर्ने काम गरिएको छ। नेपालको न्यायिक संरचना एवम् न्याय सम्पादनका सम्बन्धमा संक्षिप्त चर्चा गर्नु प्रासंगिक हुनेछ।

न्यायिक संरचना र न्याय सम्पादन

नेपालको न्यायपालिका केवल सर्वोच्च अदालतमात्र होइन, न त पुनरावेदन र जिल्ला अदालत समेत मात्र हुन्। सामान्यतः न्यायपालिका भनेर केवल सर्वोच्च अदालत र अन्य उल्लिखित अदालतलाई मात्र बुझ्ने प्रचलन छ। सर्वोच्च अदालतलाई उच्चतम (सर्वोच्च) तहमा राखेर जिल्ला, पुनरावेदन अदालत हुँदै अन्य न्यायिक, अर्धन्यायिक अदालत, न्यायाधीकरण, समिति तथा अधिकारी समेतको एक ठूलो सांगठनिक संरचनायुक्त न्यायपालिका रहेको छ। धेरैजस्तो मातहतका अदालत, न्यायाधीकरण वा अधिकारीको न्याय सम्पादन सम्बन्धी काम, कारवाही तथा निर्णयहरू सर्वोच्च अदालतद्वारा पुनरावेदन, दोहोर्‍याउने तथा अनुमति दिने जस्ता पद्धति अनुरूप पुनरावलोकन गर्ने काम हुन्छ। यस प्रयोजनकालागि कानुनी व्यवस्था गरिएका छन्। जुन अधिकारी तथा निकायको काम, कारवाही तथा निर्णयहरूको पुनरावलोकन सर्वोच्च अदालतबाट हुने कानुनी प्रावधान गरिएको हुँदैन, त्यस्तोमा सीमित दायरामा भए पनि असाधारण क्षेत्र अन्तर्गत रिटको माध्यमबाट पुनरावलोकन गरिन्छ। सर्वोच्च अदालत, न्यायपालिकाको उच्चतम् स्थानमा बसेर न्याय एवम् कानुनी प्रणालीलाई व्याख्याको माध्यमबाट परिमार्जन, प्रवर्द्धन गर्दै नेपालीका हक, हित एवम् सुविधा प्रवर्द्धन कार्य गर्दछ। यसरी न्यायपालिकाको एक ठूलो परिवार छ। यहाँ उनीहरूबाट सन् २००२ मा गरिएका काम कारवाहीको जानकारी लिने प्रयास भएको छ।

नियमित अदालत

जिल्ला, पुनरावेदन तथा सर्वोच्च अदालत

न्यायपालिकाका प्रमुख खम्बाको रूपमा रहेका नियमित अदालतहरू- जिल्ला अदालत, पुनरावेदन अदालत तथा सर्वोच्च अदालतका सन्दर्भमा विशेष चर्चा गर्न आवश्यक छैन। यहाँ केवल यी अदालतमा दायर एवम् फर्स्यौट भएका मुद्दाहरूको तुलनात्मक संख्या उल्लेख गरी प्रस्तुत गरिएको छ जसबाट न्याय सम्पादनको क्रम कसरी बढिरहेको छ भन्ने जानकारी लिन सकिनेछ।

(क) जिल्ला अदालत- नेपाल अधिराज्यका ७५ वटा जिल्ला अदालतमा परेका र फर्स्यौट भएका मुद्दाहरूको विगत तीन वर्षको तुलनात्मक तथ्यांक निम्नबमोजिम रहेको छ :

देवानी, फौज्दारी मुद्दा	०५५/५६		०५६/५७		०५७/५८		०५८/५९	
	लगत	फर्स्यौट	लगत	फर्स्यौट	लगत	फर्स्यौट	लगत	फर्स्यौट
	८७१९३	३७६१७	८४९७७	५०१३३	७१३३३	३८७९९	७९६६६	४८५९०

(ख) **पुनरावेदन अदालत**- नेपाल अधिराज्यका १६ वटा पुनरावेदन अदालतमा परेका र फर्स्यौट भएका मुद्दाहरूको गत दुई वर्षको तुलनासहित तथ्यांक निम्नवमोजिम रहेको छ :

मुद्दा	०५६/५७		०५७/५८		०५८/५९	
	लगत	फर्स्यौट	लगत	फर्स्यौट	लगत	फर्स्यौट
देवानी, फौज्दारी	३०६१४	१७१९१	२८०५८	१४२५७	२८३२०	१६९९७
वन्दीप्रत्यक्षीकरण	-	-	२३४	२१८	१५९	१५२
परमादेश	-	-	७०९	५०३	४८५	३५५
निषेधाज्ञा	-	-	२३७३	१५७०	२६०५	१७८२

(ग) **सर्वोच्च अदालत**- नेपाल अधिराज्यको सर्वोच्च अदालतमा परेका र फर्स्यौट भएका मुद्दाहरूको गत तीन वर्षको तुलनासहित तथ्यांक निम्नवमोजिम रहेको छ :

मुद्दाहरु	०५५ ५६		०५६/ ५७		०५७/ ५८		०५८/ ५९	
	लगत	फर्स्यौट	लगत	फर्स्यौट	लगत	फर्स्यौट	लगत	फर्स्यौट
अवहेलना	५३	२३	४५	१०	६२	१५	६१	१५
बन्दीप्रत्यक्षीकरण	११८	८३	१३४	१२१	१०२	८८	१२०	९३
परमादेश	१८४	-	७३	२६	३६	२५	२५४	७७
प्रतिषेध	४८	१६	३४	१८	३५	८	४५	१९
अधिकारपृच्छा	६	२	५	२	४	१	३	१
उत्प्रेषण	४०३७	११४६	४२५३	१६७०	३८४४	१२२८	३४६३	११८४
पूर्ण इजलास	४८	२३	६६	४८	७०	४७	६८	२९
पुनरावलोकन	५४३	१०५	७२१	२५९	७३५	३५१	६०६	४२८
दोहोऱ्याइपाउँ	६८४०	२२८०	७०२८	२७७७	६७२३	३१५८	५९०९	२९९६
अनुमतिको निवेदन	४०२	२१९	१९७	७७	१८६	७१	२६६	६८
निवेदन	६९८६	६७९१	७२४१	७०५१	८४२६	८१७७	९४०५	९०७५
पुनरावेदन	८६७५	१४१४	१०३०९	१५९७	११७१३	२१७२	१३३४०	२५९६
प्रतिवेदन	२१४	१७५	२१४	१७७	२०६	१४०	२६५	२२३

स्रोत: सर्वोच्च अदालत (०५९ असार मसान्तसम्मका तथ्यांकमा आधारित)

अन्य अदालत तथा न्यायाधीकरण

कानुनले विशेष अदालत, प्रहरी विशेष अदालत, सशस्त्र प्रहरी विशेष अदालत, वाल अदालत, विशेष ऐन- २०४२ अन्तर्गतको अदालतको व्यवस्था पनि गरेको छ। यी अदालतले निर्दिष्ट खास प्रकृतिका मुद्दाहरू हेर्ने गर्दछन्। यस वाहेक प्रचलित कानुनले प्रशासकीय अधिकारीहरूलाई न्यायिक काम गर्ने अख्तियारी प्रदान गरेको छ। त्यस्ता अख्तियारी पाएका प्रशासकीय अधिकारीहरूले अर्धन्यायिक प्रकृतिको न्याय सम्पादन गर्दछन्। यस्ता अधिकारीहरूमा प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृत, भूमिसुधार अधिकारी लगायत् अन्य छन्। (हेर्नुहोस् तालिका १)

३. सन् २००२ मा न्यायालयबाट भएका केही मुद्दाहरुको विश्लेषण

(क) क्षतिपूर्ति दाबी गर्दै परेका नयाँ मुद्दा

सन् २००२ को अन्तिम महिनामा नेपाल अधिराज्यको संविधान- २०४७ को धारा ११५ को उपधारा १० द्वारा प्रदत्त अधिकारको प्रचलनकालागि नेपालको न्यायपालिकाको तल्लो तह जिल्ला अदालत समक्ष एक नयाँ किसिमको न्याय गर्नुपर्ने मुद्दाको प्रवेश भयो। संविधानको उक्त धारा ११५ संकटकालसँग सम्बन्धित छ। र, त्यसमा संकटकाल कसरी, कुन अवस्थामा लगाउनु पर्दछ र संकटकालको अवस्थामा नागरिकका हकहरू कुन हदसम्म निलम्बित हुन्छन् र कुन हदसम्म निलम्बन हुँदैनन्, निलम्बन नहुने मौलिक हकको उल्लंघन भएका नागरिकले आफूलाई परेको यातनाविरूद्ध क्षतिपूर्ति दावी गर्न पाउने जस्ता अधिकार समेत व्यवस्थित गरिएका छन्। सो धारा ११५ को उपधारा १० ले संकटकालको बेलामा कुनै नागरिकलाई कानुन प्रतिकूल यातना दिएमा, त्यसबाट नोक्सानी पुग्नेले संकटकाल हटेको मितिले ३ महिनाभित्र सरकार विरूद्ध मुद्दा दायर गर्न पाउने व्यवस्था गर्दछ।

संकटकालको अवधिभर सुरक्षाकर्मी र माओवादी विद्रोहीबीच अनेकौं मुठभेडहरू भए। माओवादी हिंसाबाट अनेकौं निर्दोष नागरिक मारिए भने सुरक्षा फौजका तर्फबाट पनि अनेकौं निर्दोष नागरिक मारिए, पक्राउ परे, यातना आदि दिइयो।

यस अवधिमा राज्यका तर्फबाट गिरफ्तार गरिएका धेरै मानिसले राज्यपक्षबाट अमानवीय व्यवहार एवम् यातना भोगे। तर, तीमध्ये केही सीमित व्यक्तिले मात्र आफूलाई पुगेको शारीरिक एवम् मानसिक यातना विरूद्ध धारा ११५ को उपधारा १० द्वारा प्राप्त उपचार खोज्ने काम गरेका छन्। यो क्षतिपूर्ति पाउनकालागि अदालतसमक्ष जानेहरूमध्ये श्याम श्रेष्ठ (प्रधान सम्पादक, मूल्यांकन मासिक), डा. महेश मास्के (मानवअधिकारकर्मी) लगायत पत्रकार, मानवअधिकारकर्मी जस्ता अत्यन्त सचेत नागरिक छन्।

(ख) प्रतिनिधिसभा विघटन सम्बन्धी मुद्दा

अधिवक्ता श्यामकुमार खत्री समेत
(०५९ सालको रिट नं. ३५८०)

विघटित प्रतिनिधि सभा सदस्य तथा राष्ट्रिय जनमोर्चा पार्टीका अध्यक्ष चित्रबहादुर केसी समेत
(०५९ सालको रिट नं. ३५८१)

अधिवक्ता ध्रुव कोइराला (०५९ सालको रिट नं. ३५८४)
शंकरप्रसाद पाण्डे समेत
विरूद्ध
प्रधानमन्त्री शेरबहादुर देउवा समेत
मुद्दाः उत्प्रेषण परमादेश

०४६ सालमा बहुदलीय प्रजातान्त्रिक प्रणालीको पुनर्स्थापना पश्चात्, उदार प्रजातन्त्रको प्रयोग र प्रचलनको क्रममा राजनीतिक तहबाट आएका विकृति र विसंगतिलाई रोकी स्वस्थ एवम् संस्थागत ढंगबाट प्रजातन्त्रलाई संचालन गर्न नसक्दा, पटक-पटक संसद विघटनको क्रम बढेर गयो। पछिल्लो आमनिर्वाचन- ०५६ सालमा हुनु भन्दा पहिले प्रतिनिधिसभाको विघटन दुईपटक भए। अर्को एकपटक विघटनका लागि सिफारिस मात्र गरियो भने सबभन्दा पछिल्लो क्रम अर्थात चौथो पटक, ०५६ सालको आम निर्वाचनबाट गठन भएको प्रतिनिधिसभाको विघटन, तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले गरे। प्रत्येक पटकका विघटन या विघटनको सिफारिस तथ्यगत रूपमा फरक कारण र पृष्ठभूमिमा भएका छन्। पहिलो र अन्तिम (चौथो) विघटन संसदमा बहुमत प्राप्त दलको नेताको हैसियतले प्रधानमन्त्री बनेकाले गरेका छन् भने बीचको अर्थात् दोश्रो र तेश्रो पटकको क्रमशः विघटन र विघटनको सिफारिस प्रतिनिधिसभामा अल्पमतमा रहेका पार्टीका तर्फबाट प्रधानमन्त्री बन्नेहरूले गरेका थिए। रमाइलो पक्ष के छ भने, चारवटै प्रतिनिधिसभा विघटन सम्बन्धी प्रश्नहरू सर्वोच्च अदालतमा गए। सर्वोच्च अदालतले प्रथम र चौथो पटकका विघटनलाई वैध या संविधान सम्मत् ठहरायो भने दोश्रो र तेश्रो पटकको विघटन वा विघटनको सिफारिस संविधान सम्मत् ठहरेनन्। सदर भएका प्रथम र चौथो विघटन, नेपाली कांग्रेसको सरकारले गरेको थियो भने बीचका दुईवटा चाहिँ नेकपा (एमाले) र राप्रपाका नेताको रूपमा प्रधानमन्त्री हुनेले गरेका थिए।

प्रधानमन्त्री शेरबहादुर देउवाले ०५९ साल जेठ ८ गते प्रतिनिधिसभाको विघटन गरी आगामी ०५९ साल कार्तिक २९ गते निर्वाचन गर्ने गरी मिति तोक्न गर्नुभएको सिफारिस श्री ५ बाट स्वीकृत भएपछि प्रतिनिधिसभा विघटन भयो। तत्पश्चात् ०५९ जेठ १३ गते पुनः धारा ११५ अन्तर्गत थप ३ महिनाकालागि संकटकाल लगाइयो। प्रधानमन्त्री शेरबहादुरले गर्नुभएको प्रतिनिधिसभा विघटन विरूद्ध कानुन व्यवसायीको तर्फबाट दुईवटा, नेपाली कांग्रेस तथा नेकपा (एमाले) का तर्फबाट निर्वाचित भई

विघटित प्रतिनिधिसभामा सांसद रहेका पूर्व सांसदहरूले फरक-फरक दुईवटा मुद्दा दायर गरिएको थियो।

चारवटै मुद्दाहरूलाई एकठाउँमा राखी सुनवाई गरिएको थियो। प्रस्तुत मुद्दामा निवेदकहरूले प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्रीको कार्य असंवैधानिक हो भन्दै प्रतिनिधिसभा पुनर्स्थापना गर्ने माग दावी गरेका थिए।

यस अघिका नजिरहरू समेतलाई दृष्टिगत गरी निवेदकहरूलाई हकदैया भएको ठहऱ्याई मुद्दामा उठाइएका उपरोक्त अन्य प्रश्नहरूमा सर्वोच्च अदालतका सम्मानित प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय, कृष्णजंग रायमाझी, गोविन्दबहादुर श्रेष्ठ, अरविन्दनाथ आचार्य, हरिप्रसाद शर्मा, कृष्णकुमार वर्मा, हरिश्चन्द्रप्रसाद उपाध्याय, टोपबहादुर सिंह, दिलिपकुमार पौडेल, गोपालप्रसाद खत्री समेत ११ जना माननीय न्यायाधीशहरू रहेको बृहद् पूर्णबेन्चले सर्वसम्मत भएर प्रतिनिधिसभाको विघटन संविधानसम्मत ठहर गर्दै सर्वोच्च अदालतले

तालिका १

अन्य अदालत तथा न्यायाधीकरण

श्रम अदालत

श्रम अदालतमा सन् २००२ को अन्त्यसम्म नसिहत बदर ४०, अवकाश/निष्काशन बदर ४८, पुनर्वहाली ११, पारिश्रमिक २४, निलम्बन बदर ४, तलब भत्ता दिलाई पाउँ भनी ६, व्यक्तिगत दाबी उजुरी ३, निर्णय बदर २, संचयकोष, उपदान ३, ट्रेड युनियनसम्बन्धी २, तलबभत्ता वृद्धि रोक्का बदर ४ र अन्य १६ गरी कुल १ सय ६३ मुद्दा रहेका रहेकोमा १ सय २७ वटा फर्स्योट भए।

प्रशासकीय अदालत

निजामती सेवाका कर्मचारीहरूलाई विभागीय कारवाही तथा सजाय गर्ने व्यवस्था निजामती सेवा ऐन अन्तर्गत गरिएको छ। निजामती सेवा ऐन- २०१३ मा २०३९ सालमा भएको संशोधनले प्रशासकीय अदालत गठन हुने व्यवस्था गऱ्यो।

तर, सो अदालतको गठन भने ५ वर्षपछि २०४४ सालमा बनेको प्रशासकीय अदालत नियमावलीले मात्र गऱ्यो।

०४६ सालको परिवर्तन पश्चात् निजामती सेवालाई अझ बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन नयाँ निजामती सेवा ऐन- २०४९ बनाई लागू गरियो। र, सो ऐनले पनि प्रशासकीय अदालत गठन हुने व्यवस्थालाई यथावत राख्यो। सो ऐनले दिएको अख्तियारी प्रयोग गर्दै श्री ५ को सरकारले प्रशासकीय अदालत नियमावली- २०५१ बनाई प्रशासकीय अदालतलाई यथावत कायम राखेको छ।

यसरी नेपालमा ०४४ सालदेखि प्रशासकीय अदालत कार्यरत छ। सन् २००२ मा यस अदालतमा ७० वटा मुद्दा दायर गरिएका देखिन्छन्।

सामान्य विशेष अदालत

विशेष अदालत ऐन २०५९ बनेपछि सो ऐनअन्तर्गत विशेष अदालत काठमाण्डौं स्थापना भएको छ। यस अदालतमा हाल पुनरावेदन अदालतमा न्यायाधीश भइरहेका न्यायाधीशहरू ३ जनालाई न्यायाधीश मनोनीत गरिएको छ। यस विशेष अदालतलाई, विशेष गरी भ्रष्टाचारसम्बन्धी मुद्दामा न्याय निरोपण गर्ने गहन जिम्मेवारी दिइएको छ। भ्रष्टाचारबाहेक लागु औषध, जीउ मास्ने बेच्ने, आतंककारी/विध्वंसात्मक, विदेशी विनिमय एवम् राज्यविरूद्धका अपराधसम्बन्धी मुद्दाहरू समेत हेर्ने गरी, यस विशेष अदालतलाई जिम्मेवारी तोकिएको छ।

यस अदालतमा सन् २००२ को अन्त्य सम्म लागु औषध ९०, भ्रष्टाचार १ सय ७६, जीउ मास्ने बेच्ने २०, आतंककारी तथा विध्वंसात्मक कार्य ७, विदेशी विनिमय ३, राज्य विरूद्धको अपराध २ गरी जम्मा २ सय ९८ वटा मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएकामध्ये गरी ८४ वटा मुद्दा फर्स्योट भए।

राजस्व न्यायाधीकरण

राजस्व सम्बन्धी न्याय व्यवस्थामा सामयिक सुधार गर्ने उद्देश्यले राजस्व न्यायधीकरण ऐन- २०३१ लागू भएपछि आय र कर अदालत खारेज गरी, त्यसको सट्टामा राजस्व न्यायाधीकरणको स्थापना गरियो। नेपालमा हाल विराटनगर, काठमाण्डौ, पोखरा र नेपालगञ्जमा गरी चार ठाउँमा राजस्व न्यायाधीकरण स्थापना गरिएको छ।

राजस्व न्यायाधीकरण काठमाण्डौमा सन् २००२ मा आयकर सम्बन्धी १ सय २५, भन्सार सम्बन्धी ३ र मूल्य अभिवृद्धि कर (भ्याट) सम्बन्धी ७२ वटा गरी २ सय मुद्दा दर्ता भए। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष समेतका गरी ३ सय ७४ वटा मुद्दा फर्स्योट भए।

भनेको छ "संविधानको धारा ११५(५) को व्यवस्थाले प्रधानमन्त्रीलाई विघटनको सिफारिस गर्न नियन्त्रित गरेको छैन। संविधानको धारा ५३(३) र ५३(४) को व्यवस्था जस्तो संविधानको धारा ५३(४) र धारा ११५ (५) का बीच कुनै तादात्म्यता देखिँदैन।" बोलाइएको अधिवेशन बस्न नपाउँदै गरिएको विघटनको सिफारिसको बारेमा चुनौति दिइएकोमा या प्रश्न उठाइएकोमा सर्वोच्च अदालतले सो प्रश्नलाई समेत अस्वीकार गर्दै भनेको छ "विघटित प्रतिनिधिसभाको अधिवेशन धारा ५३(३) अन्तर्गत संसदद्वारा समावेदन गरी बोलाइएको विशेष अधिवेशन नभई, अल्प सूचनाको आधारमा धारा ५३(१) अनुसार आह्वान भएको अधिवेशन हो। यस अर्थबाट पनि संविधानको धारा ५३(४) र धारा ११५(५) बाट समेत कुनै रूपले पनि नियन्त्रित रहेको देखिँदैन। संविधानको कुनै पनि धाराले संकटकालको समयमा प्रतिनिधिसभाको विघटन गर्न नपाउने गरी धारा ५३(४) बमोजिमको प्रधानमन्त्रीको अधिकारमा बन्देज लगाएको नदेखिएको र संविधानका अन्य धाराहरूले समेत त्यस्तो बन्देजको परिकल्पना नगरेको हुँदा निवेदकहरूको जिकिर स्वीकार योग्य देखिएन।"

प्रधानमन्त्रीले दुराशयबाट विघटनको सिफारिस गरेको भनी उठाएको प्रश्नलाई पनि सर्वोच्च अदालतले अस्वीकार गर्दै भनेको छ "प्रतिनिधिसभा विघटन भएको राष्ट्रिय सभाबाट अनुमोदन हुन नसक्ने स्थिति देखिए पछि राष्ट्रिय सभाको अधिवेशन अन्त्य गरिएको कारणले मात्र प्रतिनिधिसभाको विघटन दुराशययुक्त भयो भन्न सकिने अवस्था देखिन्न। दुराशय प्रमाणित हुन तथ्ययुक्त र युक्तिसंगत आधार पनि हुनु पर्दछ।"

न्यायाधीश कृष्णजंग रायमाझीले आफ्नो छुट्टै राय लेखी विघटनको सिफारिसलाई उचित ठहऱ्याउनु भएको थियो।

(ग) बालअधिकार सम्बन्धी मुद्दा

१. कानुन विकास तथा श्रोत विकास केन्द्रका आशीष अधिकारी, विरूद्ध श्री ५ को सरकार समेत (०५८ सालको रिट नं. ३३९१)

बालबालिका ऐन- २०४८ को भावना र मर्मअनुरूप काम हुन नसकेको हुँदा, बाँके जिल्ला अदालतको ०५७ कार्तिक २७ गतेको आदेशबाट १४/१५ वर्षका बब्लु गोडिया जस्ता नाबालकहरू क्रूर वा पेशेवर प्रकृतिका उमेर पुगेका कैदी एवम् थुनुवासँग बस्न बाध्य भएका छन्। अतः बालबालिका ऐन- २०४८ बमोजिमका संस्था समितिहरू छिटो भन्दा छिटो गठन एवम् स्थापना गरी संचालन गरी, गराई बालअधिकारको संरक्षण गर्नु गराउनु भनी कानुन विकास तथा श्रोत विकास केन्द्रका आशीष अधिकारीले रिट निवेदन दायर गरेका थिए। उनले दायर गरेको उक्त रिट निवेदनमा सर्वोच्च अदालतले "दफा ४३ बमोजिमको अनाथालय तथा सुस्त मनस्थिति केन्द्र, दफा ३४ बमोजिमको बालकल्याण गृह, दफा ४२ बमोजिमको बालसुधार गृह जस्ता बाल कल्याणकारी संस्थाहरू साधन र श्रोतले भ्याएसम्म स्थापना गरी संचालन गरी संचालन गर्नेतर्फ आवश्यक व्यवस्था मिलाउनू" भनी श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेतका नाममा निर्देशात्मक आदेश जारी गरेको छ।

२. केशव खड्काको हकमा अधिवक्ता आशीष अधिकारी, विरूद्ध श्री ५ को सरकार गृह मन्त्रालय समेत (०५८ सालको रिट नं. ७०)

थुनामा रहेका केशव खड्का (कक्षा आठमा अध्ययनरत) लाई यसअघि सर्वोच्च अदालतले ०५७ सालको रिट नं ३६८५ को बन्दी प्रत्यक्षीकरणको मुद्दामा ०५८ वैशाख २८ गते उनी उपर भएको नकबजनी चोरी गरे उपर सजाय अनुरूप जेलमा थुनामा राख्ने विरूद्ध आदेश गरे पश्चात् जिल्ला प्रशासन कार्यालय, धनकुटाको पत्रबाट बालसुधार गृह सानोठिमीमा राखिएको थियो। केशव खड्काको वार्षिक परीक्षा आउँदो चैत महिनामा हुनेवाला थियो। सो भन्दा अगावै निज खड्काको उमेर १६ वर्ष पूरा भई १७ वर्ष लागेकोले कारागार शाखा जगन्नाथ देवल, काठमाण्डौमा सुरक्षा साथ पठाइदिनू भन्ने गृह मन्त्रालय, कारागार व्यवस्थापन विभागले पत्र लेखी अनुरोध गरे अनुसार बालसुधार गृहबाट हटाई कारागारमा लगी थुनियो। बालसुधार गृहसँग भएको सम्झौताको दफा ४ मा १६ वर्ष पूरा भएपछि कैद भुक्तान नभए पुनः कारागारमा लैजाने भन्ने शर्त रहेको र निजले नकबजनी मुद्दामा बिगोबापत ०६० जेठ १४ सम्म कैद बस्नुपर्ने भएको कारण कारागार लग्ने काम भएको थियो।

सो कार्य बालबालिका सम्बन्धी ऐन २०४८ को भावना र मर्मविपरीत हुनाको अतिरिक्त सो ऐनको दफा १२ ले आयोग्यता वा पटक कायम नहुने भन्ने स्पष्ट व्यवस्था प्रतिकूल हुँदा गैरकानुनी थुनाबाट मुक्त गरी बाल सुधार गृहमा बस्न दिनू भन्ने आदेश गरी पाउँ भनी केशव खड्काको हकमा अधिवक्ता आशीष अधिकारीले श्री ५ को

सरकार गृह मन्त्रालयसमेत उपर दिएको प्रस्तुत रिट मुद्दामा, सर्वोच्च अदालतले निवेदक केशव खड्कालाई नकवजनी मुद्दामा कैद र विगोवापत् ३ वर्ष ३ महिना २२ दिन कैद तोकिएकोमा, दण्ड सजायको महलको ३८ नं अनुसार नावालकलाई उमेर पुगेकाको आधा मात्र कैद ठेक्नु पर्नेमा सो नगरी कानुन वमोजिम थुनामा राख्नुपर्ने भन्दा वढी अवधि २ वर्ष १ महिना थुनामा राखेकोले थुनिनु पर्ने भन्दा वढी अवधि व्यतित भएपछि पनि थुनामा राखेको देखिएवाट उनी गैरकानुनी थुनामा रहेको भनी वन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी, थुनावाट मुक्त गरेको छ। तर, वढी थुनामा राखेको वारे सर्वोच्च अदालतले कुनै टिप्पणी गरेको छैन।

३. जनसरोकार मञ्चका तर्फवाट प्रकाशमणी शर्मा, जनसंरक्षण मञ्चका तर्फवाट अम्विकाप्रसाद कोइराला, जनहित संरक्षण मञ्च र आफ्नो आफैं अधिवक्ता शर्मिला पराजुली, विरूद्ध मधुसुदन मुनकर्मी समेत
(०५८/०५९ को स. फौ. दा. न. २८१, काठमाण्डौ जिल्ला अदालत)

कलिलो उमेरका वालक धीरज केसीलाई केही वर्षअघि विपक्षी मुधुसुदन मुनकर्मीले पढाईदिने प्रलोभनमा पारी काठमाण्डौमा ल्याई स्कूलमा नपढाई, घरमा भरपेट खान नदिने, सानोतिनो गल्तीमा कुटपिट गर्ने दुःख दिने, निधाउने औषधि खुवाएर सुताउने, कुकुर वाँध्ने फलामको साङ्लोले वाँधी घाँटीमा दुई र खुट्टामा दुईवटा ताल्चा लगाएर घरमा राखी आफूहरू काममा जाने जस्ता अनेकौं यातना दिइराखेको कुरा केही वर्षअघि वालअधिकार दुरूपयोगको निकृष्ट नमूनाको रूपमा चर्चित रहेको र निज मुनकर्मी उपर सार्वजनिक अपराध ऐन अन्तर्गत कारवाही र सजाय भएको थियो। त्यसै समयमा वालकलाई क्षतिपूर्ति दिलाई क्रूर व्यवहार गर्ने मुनकर्मीलाई सजाय गरी पाउन काठमाण्डौ जिल्ला अदालतमा जनसरोकार मञ्च, जनहित संरक्षण मञ्च र जनसंरक्षण मञ्च समेत तीन वटा संस्थाको तर्फवाट फिराद पत्र दायर भएकोमा, मधुसुदन मुनकर्मीको सर्वोच्च अदालतमा रिट निवेदन पर्दा प्रस्तुत मुद्दा मुल्तवी रहेको थियो। पछि मुल्तवी फुकुवा भएपछि काठमाण्डौ जिल्ला अदालतले वालअधिकार सम्वन्धी महासन्धि र यातना तथा क्रूर अमानवीय व्यवहार वा सजाय सम्वन्धी महासन्धि तथा नेपाल अधिराज्यको संविधान- २०४७ को प्रस्तावनामा मानवअधिकारको संरक्षण गर्ने उल्लेख भएको कुरा र धारा २० मा मानिसलाई वेचविखन गर्ने, दास तुल्याउन वाधा वनाउन कुनै किसिमले उसको इच्छा विरूद्ध काम लगाउने निषेध गरी, त्यस्ता कार्य दण्डनीय हुने भनिएको कुरालाई विश्लेषण गर्दै, अन्तर्राष्ट्रिय सन्धिहरूमा नेपालले हस्ताक्षर गरिसकेपछि ती सन्धिहरूमा उल्लिखित कार्यहरूको पूर्ण पालना गराउनुपर्ने र पालना नगरिएमा पालना गर्न लगाउने दायित्व राज्यको हुन्छ र सन्धि ऐन- २०४७ को दफा ९ ले यसलाई प्रष्ट गरेको समेत हुँदा, प्रतिवादीहरूले आफूले संरक्षणमा लिएको व्यक्तिलाई कानुन वमोजिमका आधारभूत सुविधा दिन नसकेको, एउटा वालकलाई पशुवत व्यवहार गरी सिक्रीले वाँधी क्रूर तथा अमानवीय व्यवहार गरेको प्रमाणित भएको देखिएको हुँदा, निजलाई राज्यले स्वीकार गरेका महासन्धिहरू वालवालिका सम्वन्धी ऐन वमोजिम सुविधा नदिई कसूर गरेकोमा ३ हजार रूपैयाँ जरिवाना गरेको छ। र, नावालक धीरज केसीको वाँच्न पाउने अधिकारमा परेको असर कलिलो उमेरमा भोग्नुपरेको क्रूर एवम् अमानवीय व्यवहारवाट पुग्न गएको पीडा तथा प्रतिवादी मुनकर्मीहरूको आर्थिक स्थिति समेतलाई मध्यनजर गरी, ७५ हजार क्षतिपूर्ति भराइदिने गरी फैसला गरेको छ।

यसरी, नेपालले अनुमोदन गरेको महासन्धिहरूको आधारमा राम्रो विवेचना गरी नावालकलाई क्षतिपूर्ति भराई दिने गरी भएको प्रस्तुत निर्णय मानवअधिकारप्रति सकारात्मक देखिएको छ।

(घ) बन्दीको अधिकार सम्बन्धी मुद्दा

१. जगतकृष्ण पोखरेलको हकमा जगत पोखरेल विरूद्ध जिप्रका धनकुटा समेत
(०५८ सालको रिट नं. ४३)

धनकुटा क्याम्पसका उपप्राध्यापक जगतकृष्ण पोखरेललाई ०५८ मंसिर ८ गते सोमवार, क्याम्पसवाट प्रहरीले विना पूर्जी पक्राउ गरी यातना दिएको भनी उनका भाइले गैरकानुनी थुनावाट मुक्त गरी पाउन सर्वोच्च अदालतमा वन्दी प्रत्यक्षीकरण रिट दायर गरे। अदालतको आदेश वमोजिम पठाइएको लिखित जवाफमा जिल्ला प्रहरी कार्यालय, धनकुटाले पोखरेल आतंककारी गतिविधिमा प्रत्यक्षरूपमा संलग्न भएकोले, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन- २०५८ ले दिएको अधिकार प्रयोग गरी पूर्जी दिई नजरवन्दमा राखिएकोले वन्दी प्रत्यक्षीकरणको आदेश जारी हुनु नपर्ने भनी प्रतिवाद गरेको थियो।

प्रस्तुत मुद्दामा सर्वोच्च अदालत समक्ष संकटकालको अवस्थामा संविधानको धारा ११५ को उपधारा ८ को प्रतिबन्धात्मक वाक्यांशले प्रदान गरेको बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्न पाउने संवैधानिक हक र आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन- २०५८ को दफा ९(१) अन्तर्गत पक्राउ गर्ने र दफा १३ अन्तर्गत पक्राउ पूर्जी दिई नजरबन्द राख्न सक्ने अख्तियारीका बीच गतिरोध उत्पन्न भएको कुरामध्ये अदालतले कसलाई मान्यता दिने भन्ने गम्भीर प्रश्न उपस्थित भएको थियो। यस प्रश्नमा माननीय न्यायाधीशहरूबाट "युरोपीयन कन्भेन्सन अन हयूमन राइट्सका" प्रावधानको विश्लेषण सहित भारत, बेलायत एवम् अमेरिकन संविधानले संकटकालमा त्यहाँका नागरिकलाई प्रत्याभूत मौलिक हकबाट वञ्चित गर्न सक्नेगरी गरेका व्यवस्थाहरूको समेत मूल्यांकन गरिएपश्चात् उक्त प्रश्नका सम्बन्धमा संविधानको व्याख्याको प्रश्न उपस्थित भएको ठहऱ्याउँदै पूर्णबिन्चमा सो प्रश्न समाधानार्थ पठाउने निर्णय गऱ्यो।

- सर्वोच्च अदालतका माननीय न्यायाधीशहरूले माथि उल्लिखित देशहरू र नेपालको संविधानले संकटकालको अवस्थामा मौलिक हकको स्थितिको बारेमा गरेको फरकतर्फ ध्यान पुऱ्याई विवेचना गरेको पाईदैन। यदि सो फरकलाई दृष्टि दिएर विवेचना गरिएको भए, निश्चयनै फरक निष्कर्ष निस्कन सक्ने संभावना उत्पन्न हुन सक्ने थियो। नेपालको संविधानको धारा ११५ ले किटानसाथ बन्दी प्रत्यक्षीकरणको उपचार र प्राप्त गर्ने हकलाई सकंटकालीन अवस्थामा पनि साधारण अवस्था सरह कायम राखेको छ। जबकि, भारत, अमेरिका र बेलायतमा सकंटकालमा मानिसका सबै हक वैयक्तिक स्वतन्त्रताको हक अन्तर्गत (बन्दी प्रत्यक्षीकरणको उपचार पाउने हक समेत) स्वतः निलम्वन हुन्छन्। यसै विषेशताको कारण नेपालको वर्तमान संविधानलाई विश्वको उत्कृष्ट संविधान भनिएको हो। यस कुराको विश्लेषण नगरिएको कारण प्रस्तुत सर्वोच्च अदालतको निर्णय संविधानको मर्म अनुरूप भएको छ भन्न सकिने गरी विश्वास गर्न सकिने स्थितिको नरहेको देखिएको छ।

ईश्वरचन्द्र ज्ञवाली, मनऋषि धिताल समेतको हकमा रेणु ज्ञवाली, गोविन्द आचार्य, दीपेन्द्र रोकाया र दीपक सापकोटाको हकमा सावित्री आचार्य, ओम शर्माको हकमा विजया शर्मा, खिलबहादुर भण्डारीको हकमा सदीक्षा भण्डारी र गोकुलकुमार खत्रीले सर्वोच्च अदालतमा गरेको बन्दी प्रत्यक्षीकरणको निवेदन उपर ०५८ को रिट नं. ४३ मा झैं पूर्णबेन्चमा पठाइदिने गरी निर्णय भएको थियो।

२. खिमलाल देवकोटाको हकमा उनकी श्रीमती लक्ष्मी

टाउकाको मूल्य विरूद्ध मुद्दा

०५९ वैशाख १० गते सरकारले नेकपा (माओवादी) का नेताहरूको जीवित या मृत टाउको बुझाउनेलाई १० लाखदेखि ५० लाख रूपैयाँ वा उनीहरूको सुराक दिने व्यक्तिलाई आधा रकम पुरस्कार दिने घोषणा गऱ्यो। त्यसको भोलिपल्ट गृहराज्यमन्त्री देवेन्द्रराज कँडेलले सार्वजनिक रूपमा "जोसुकैले पनि मारेर तिनको टाउको ल्याएर बुझाए हुन्छ र त्यही झोलामा इनाम लिएर गए हुन्छ" समेत भने।

मानवअधिकारको मर्म, कानुनको शासन र संविधानको विरूद्ध गई आतंककारी घोषित नेकपा (माओवादी) का नेताहरूलाई पक्राउ गर्ने वा नियन्त्रणमा लिई जीवित वा मृत रूपमा सुरक्षाकर्मीलाई बुझाउने व्यक्तिलाई पुरस्कार स्वरूप रकम उपलब्ध गराउने सरकारी निर्णय बदर गर्ने माग गर्दै ०५९ जेठ ३ गते सर्वोच्चमा रीट निवेदन दायर गरियो।

सरकारले गरेको उक्त निर्णय नेपालले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय कानुन, सन्धि-सम्झौता, मानवअधिकारको मूलभूत सिद्धान्त तथा न्यायको विरूद्ध रहेको कुरा उक्त रीट निवेदनमा जिकिर गरिएको छ। नेपालले मृत्युदण्ड उन्मूलन गरिसकेको, कुनै काम-कारवाही एवं सजाय समेत कानुनमा तोकिएको प्रावधान अनुसार गरिनुपर्ने व्यवस्था रहेकोमा सरकारले पूर्णतया गैरप्रजातान्त्रिक गैरकानुनी एवं स्वेच्छाचारी रूपमा गरेको उक्त निर्णयलाई बदर गराउन माग गरिएको छ। यस सम्बन्धमा सर्वोच्च अदालतले जेठ १३ गते सरकारलाई कारण देखाउ आदेश जारी गऱ्यो।

उक्त रीट मानवअधिकार तथा सामाजिक न्यायमञ्च (एलायन्स्) को तर्फबाट संयोजक रघुनाथ अधिकारीले गरेका थिए। श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय, प्रधानमन्त्री शेरवहादुर देउवा, गृहमन्त्रालय, गृहमन्त्री खुमबहादुर खड्का, गृहराज्यमन्त्री देवेन्द्रराज कँडेल र प्रहरी प्रधान कार्यालय, नक्साललाई विपक्ष बनाइएको छ।

विरुद्ध श्री ५ को सरकार गृहमन्त्रालय समेत (०५८ सालको रिट नं. ९९)

अधिवक्ता खिमलाल देवकोटालाई ०५९ जेठ २८ गते बिहान ९.३० बजेतिर प्रहरीहरूले पक्राउ गरेकोमा २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्ने नगराई आधारभूत मानवअधिकार एवम् कानुनी शासनको प्रजातान्त्रिक अवधारणामाथि चुनौति दिई नेपाल अधिराज्यको संविधान- २०४७ को धारा ११, १२(१), १४ (४), (५) र (६) द्वारा प्रदत्त मौलिक हकको उल्लंघन भएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी, गैर कानुनी थुनावाट मुक्तगरी वैयक्तिक स्वतन्त्रताको संरक्षण गरी पाउँ भनी देवकोटाकी श्रीमतीको निवेदन परेकोमा, विपक्षीले पक्राउ गरिएको छैन भनी जवाफ दिएकोमा, नेपाल वार एशोसिएसनका सचिवले हिरासतमा भेटेको भनी सर्वोच्च अदालतमा पत्र पठाई, थुनामा रहेको प्रमाण प्रस्तुत भएको र पछि ०५९ असार २१ का दिन माओवादीमा लागेकोले पक्राउ गरी नजरबन्द राखिएको भन्ने देखिने गरी जिल्ला प्रशासन कार्यालयवाट पूर्जी जारी गरी थुनालाई कानुनी बनाउने प्रयत्न गरिएको तथ्य रहेको पाइन्छ।

सर्वोच्च अदालतले उक्त थुनालाई क्षेत्राधिकारसम्वन्धी त्रुटी ठहऱ्याई गैरकानुनी थुनावाट मुक्त गर्ने आदेश गरी अधिवक्ता खिमलाललाई मुक्त गरिदियो। थुनावाट मुक्त गर्ने आदेश गर्दै सर्वोच्च अदालतले, आतंककारी तथा विध्वंसात्मक कार्य हुनसक्ने र त्यसलाई हुन नदिन निजलाई रोक्न पर्ने कुरा विश्वास गर्ने मनासिव आधार हुनु पर्नेमा माओवादीसँग आवद्ध रही हिंसालाई तीव्र बनाउने उद्देश्यवाट परिचालन भएको भन्ने बुझिन आएको भन्ने कुरा मात्रले विश्वास गर्न सकिने मनासिव आधार भएको भन्न वाञ्छनीय हुँदैन भनेको छ।

(ङ) निर्वाचन सम्बन्धी मुद्दा

केपी शर्मा ओली, विरुद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत (०५८ सालको रिट नं. ३०८७)

निवेदक केपी शर्मा ओली ०५६ जेठ ३ गते सम्पन्न आमनिर्वाचनमा झापा जिल्लाको क्षेत्र नं २ वाट प्रतिनिधिसभामा विजयी भई कार्यरत रहँदाको अवस्थामा सोही निर्वाचन क्षेत्रवाट नेपाली कांग्रेसका तर्फवाट उम्मेदवार हुनु भएकी पराजित उम्मेदवार गिरिजाकुमारी प्रसाईले निर्वाचन (अपराध तथा सजाय) ऐन २०४७ को दफा ८ समेतका विपक्षी केपी शर्मा ओली निर्वाचित घोषित गरिएको निर्वाचन बदर गरी, सोही ऐनको दफा २० बमोजिम पुनः मत गणना गरी मलाई विजयी घोषित गरिपाउँ भनी सो ऐन अन्तर्गत गठन भएको निर्वाचन विशेष अदालत, इलाममा मुद्दा चलिरहेको थियो। अदालतले समयभित्र निर्णय गर्न नसक्दा निर्वाचन (अपराध र सजाय) ऐन २०४७ को दफा २.३ ले दिएको अख्तियारी प्रयोग गरी ०५६ वैशाख २० गते सम्पन्न भएका निर्वाचन प्रयोजनका लागि गठन गरेको निर्वाचन विशेष अदालतको म्याद गठन भएको मिति २०५६ वैशाख २० ले एक वर्ष रहेको र सो म्याद ०५७ असार ६ को सूचनावाट थप ३ महिना बढाइएको थियो।

०५६ सालको आमनिर्वाचन ०५६ वैशाख २० गते र ०५६ जेठ ३ गते गरी दुई चरणमा गरिएको थियो। उल्लिखित निर्णय विशेष अदालतको म्याद बढाउने सूचनामा स्पष्टसँग ०५६ वैशाख २० गते भएका निर्वाचनसँग सम्बन्धित मुद्दाहरू हेर्ने गरी निर्वाचन विशेष अदालत गठन गरिएको भन्ने भाषा रहेकोले सो भाषाले ०५६ जेठ ३ गतेको निर्वाचनको क्रममा वा सोवाट उत्पन्न हुने मुद्दा हेर्ने निर्वाचन विशेष अदालत गठन भएकै होइन भन्ने सोचवाट ०५७ असार ६ गतेको थप म्यादको सान्दर्भिकता समेत पछिल्लो अर्थात जेठ ३ गते भएको निर्वाचनवाट उठेका मुद्दाका सन्दर्भमा रहन भने धारणा बनाई, निवेदक केपी शर्मा ओलीले आफ्नो निर्वाचनबारे उजूरी लिई हेर्ने समेतको अधिकार नै नपाएको हुँदा सो निर्वाचन विशेष अदालत अधिकारक्षेत्र विहीन हो भन्ने मूल धारणा राखी केपी शर्मा ओलीले श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत उपर दायर भएको रिट निवेदनमा निर्वाचन विशेष अदालतको गठन एवम् ३ महिना म्याद थप गर्ने सूचना लगायतका कुरावाट अधिकार क्षेत्र नभएको भन्ने कुराका अतिरिक्त नेपाल अधिराज्यको संविधान- २०४७ को धारा ८५ (५) को प्रतिवन्धात्मक वाक्यांशको आधारमा खास अदालत वा न्यायाधीकरण गठन गर्न नपाउने हुँदा धारा १ को व्यवस्था अनुसार निर्वाचन विशेष अदालत गठन अमान्य भएकोले त्यस्तो अमान्य अदालतवाट हुने वा भएका काम कारवाहीवाट धारा ११(१) द्वारा संरक्षित समानताको हक कुण्ठित भएको हुँदा, धारा ८५ सँग बाझिएको निर्वाचन (अपराध तथा सजाय) ऐन- २०४७ को दफा २३ तथा विशेष अदालत गठन गर्ने तथा म्याद थप गर्ने सूचना लगायत सबै कामकारवाही धारा ८८ (१) अनुसार अमान्य घोषित

गरिपाउँ भनी दावी लिनुभएको देखिन्छ। यस मुद्दामा सर्वोच्च अदालतले संविधानको धारा ८५ (२) प्रतिकूल विशेष अदालत गठन संवैधानिक ठहर गर्दै रीट खारेज गरेको छ।

राष्ट्रिय सभा सदस्य मोहनवहादुर बम, दुर्योधनसिंह चौधरी, प्रतिनिधिसभा सदस्य तीर्था गौतम र चक्रप्रसाद वास्तोलाले विशेष अदालतको गठन धारा ८५ (२) प्रतिकूल छ भनी सर्वोच्च अदालतमा वेग्लावेग्लै दिएको निवेदनमा पनि, केपी शर्मा ओली विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत (०५८ सालको रिट नं. ३०८७) मा झैं निर्णय भयो।

निवेदकहरूले उठाएका अन्य जिकिरहरू प्रतिनिधिसभासँग रहेका र प्रतिनिधिसभा विघटन भइसकेकाले विचार गरिरहन परेन भनी उठाएका संवैधानिक एवम् कानुनी प्रश्नवाट सर्वोच्च अदालत अलग भएको देखिएको छ।

(च) जनजातिका अधिकार सम्बन्धी मुद्दा

मैते तामाङ, विरूद्ध गुण्डु गाविस भक्तपुर समेत (२०५८ सालको रि.पु.इ.नं. १)

भक्तपुर जिल्लाको गुण्डु गाविस-३ मा रहेको कित्ता नं. ३९२ को १२ रोपनी जग्गा समेत अन्य पर्ति जग्गाहरू स्थानीय जनताले सार्वजनिक रूपमा प्रयोग गर्दै आएका छन् भने सो कित्ता नं. ३९२ को जग्गा जनताहरूले सार्वजनिक चरन एवम् गौचरनको रूपमा उपभोग गर्दै आएका र सोही जग्गामा रहेको पानीको मूललाई कुवा वनाई, म निवेदक मैते तामाङ सहितका करिव ५० घरजति तामाङ जातिका जनताले खानेपानीको रूपमा दैनिक उपयोग गरी आएका छौं। साथै, सोही जग्गामा तामाङ जातिले आफ्नो कुलपूजा एवम् कार्तिक महिनाको पूर्णिमाका दिन गरिने कार्तिक गुठी भोज गर्दै आएका छौं। त्यस्तो पूजा गर्ने स्थललाई विपक्षी गाविसले संरक्षण गर्नुपर्नेमा सो कर्तव्य पूरा नगरी, म निवेदक सहित तामाङ जातिका पर्व पूजालाई नै अप्ठयारो पार्ने गरी स्थानीय जनताले उपभोग गरी आएको चरण कुवा समेत वन्द गराउन विपक्षी ग्रीन हेडस रिसोर्टलाई १० वर्षका लागि भाडामा दिने निर्णय भएको हुँदा, सो निर्णय उत्प्रेषणको आदेशद्वारा वदर गरी, सो सार्वजनिक जग्गा भाडामा नदिनू भन्ने परमादेश समेत गरिपाउँ भनेर मैते तामाङ, विरूद्ध गुण्डु गाविस, भक्तपुर समेत विरूद्ध रिट निवेदन दायर गरिएकोमा, सर्वोच्च अदालतले उक्त निवेदन खारेज गरिदिएको छ।

सो निवेदन खारेज गर्दा सर्वोच्च अदालतले निम्न आधार लिएको छ : "स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गौचर, पानीघाट, निकास इत्यादिको मर्मत संभार र प्रवन्ध गर्नु पर्ने र दफा ६, ८, ९ (२) ले त्यस्तो सम्पत्ति श्री ५ को सरकारको स्वीकृतिले वाहेक वेच्न वा कुनै किसिमले हक छोड्न नपाउने गरेको छ। उल्लिखित उपयोग गरी आएको कुवा, धारा, इनार, गौचर, पानीघाट, निकास, वाटो जस्ता सम्पत्तिको रेखदेख मर्मत संभार तथा प्रवन्ध गाविसले गर्नुपर्ने र त्यस्तो सम्पत्ति वेचविखन गर्न वा अरू कुनै व्यहोराले हक भोग छोड्नु परेमा श्री ५ को सरकारको स्वीकृति लिनुपर्ने वाध्यात्मक कानुनी व्यवस्था रहेको देखियो। गुण्डु गाविस क्षेत्रभित्र रहेको विवादित सम्पत्ति गाविसले वेच विखन वा सदाकालागि हक भोग दिएको भन्ने नभई, दश वर्षकालागि तोकिएको शर्तमा रिसोर्टलाई वहालमा दिने भनी गाविसवाट भएको निर्णयले निवेदकको कुनै कानुनी हक, हितमा असर पारेको देखिन नआएवाट निवेदकको माग पुग्न सक्तैन।"

(छ) दलितका अधिकार सम्बन्धी मुद्दा

दिनेश कुमार गच्छामी, सुभद्रा विश्वकर्मा, रामकृष्ण टेउला, जहानसिंह परियार समेत चारजना विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत (०५६ सालको रिट नं.३२६५)

मुलुकी ऐन- २०२० को अदलको महलको १० (क) नं मा जातिपातिको आधारमा छुवाछूतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थानमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नवाट वञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना हुनसक्ने दण्डको व्यवस्था गरिएको भए पनि, देशभर छरिएर रहेका दलित जातीहरू अतिनै निर्धन, विपन्न, निरक्षर, निमुखा, असक्षम, अति पीडित अवस्थामा भई, राज्यले निर्धारण गरेका कानुनी हक अधिकार सम्वन्धमा व्यक्तिगत रूपमा अदालतमा मुद्दा मामिला गर्न समेत असमर्थ छन्। यस्ता मुद्दाहरू सरकारवादी मुद्दा सरह सरकारले कारवाही गर्ने, मुद्दा चलाउने उचित व्यवस्था गर्न सरकारी मुद्दा सम्वन्धी ऐन- २०४९ को अनुसूची १ मा समावेश गरिदिनू भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने निवेदकहरू दिनेश कुमार गच्छामी, सुभद्रा विश्वकर्मा, रामकृष्ण टेउला र जहानसिंह परियार समेत चारजना, विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय

समेत उपर प्रस्तुत गरेको निवेदनमा सर्वोच्च अदालतले सम्बन्धित प्रत्यर्थीहरुको समेत कुरा सुनी. श्री ५ को सरकारको कार्यकारिणी प्रकृतिको नीतिगत विषय भएको देखिएकोले, निवेदकको माग बमोजिम आदेश जारी गर्नु नपर्ने भनी निवेदन खारेज गरिदिएको छ।

(ज) महिला अधिकार सम्बन्धी मुद्दा

महिला कानुन र विकास मञ्चको तर्फबाट रूपनारायण श्रेष्ठ, विरूद्ध कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत

मुलुकी ऐन- २०२० को ११०(१) १०७,१५२ (१) तथा १६१(१) नं. का कानुनहरूमा समान हैसियतका महिलालाई अनुचित रूपमा पुरुषको दाँजोमा हेय बनाई अस्तित्व नभए सरहको व्यवहार गरिएकोले, यी प्रावधानहरू परम्परागत रूढीवादी विचार अनुरूप निर्मित कानुन भई वर्तमान समानतामा आधारित संवैधानिक सर्वोच्चतायुक्त राज्यमा संविधानद्वारा निर्दिष्ट लिङ्गको आधारमा भेदभाव गर्न नहुने भन्ने प्रावधानसँग स्पष्ट रूपमा बाझिएका र असमान व्यवहार गर्नका साथै सरकारी काम काजमा समानतापूर्ण व्यवहार नगरी दोश्रो दर्जाको नागरिकको व्यवहार गरी संवैधानिक मूल्य र मान्यता एवम् समानताविपरीत हुने भएकोले संविधानको धारा ,११ (१) बमोजिम अमान्य हुँदा धारा ८८(१) बमोजिम बदर गरी माग्न, महिला कानुन र विकास मञ्चको तर्फबाट रूपनारायण श्रेष्ठले कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत विरूद्ध दायर भएको रिट निवेदनमाथि सर्वोच्च अदालतले निवेदकले लिएको निवेदन जिकिर अस्वीकार गरी यस्ता खालका सामान्य कार्यविधिगत कुराहरू कानुन संशोधन हुँदा मध्यनजर राखी आवश्यकता अनुसार संशोधन हुन सक्ने भएकोले रिट खारेज गरेको छ।

महिला कानुन र विकास मञ्चको तर्फबाट अधिवक्ता मीरा ढुंगाना विरूद्ध श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत (०५८ सालको रिट नं. ५५)

नेपाल अधिराज्यको संविधानको धारा ११ ले सबै नागरिकलाई समानताको साथै समान संरक्षणको अधिकारको प्रत्याभूति दिएको छ। हाम्रो संवैधानिक व्यवस्था मात्रै होइन, मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ तथा महिला विरूद्ध हुने सबै प्रकारका भेदभावहरू अन्त्य गर्ने महासन्धि १९७९ लगायत्का विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन गरी ती दस्तावेजहरूको दायित्वलाई राज्यले स्वीकार गरिसकेको छ। सन्धि ऐन २०४७ ले त्यस्ता अनुमोदित सन्धि र नेपाल कानुन बाझिएमा उक्त सन्धिका प्रावधान लागू हुनेसम्मको प्रावधान गरेको अवस्था विद्यमान छ।

मुलुकी ऐन जबर्जस्ती करणीको महलको १ नम्बरमा रहेको व्यवस्थाले सोह्र वर्ष मुनी वा नाघेको कन्या वा महिलालाई जोरजुलुम, डरधाक देखाई वा अनुचित प्रलोभनमा पारी करणी गरेमा जबर्जस्ती करणीको अपराध हुने गरी परिभाषा गरिएको छ भने विवाहित महिलालाई आफ्ने लोग्नेले जबर्जस्ती करणी गरेमा त्यसलाई जबर्जस्ती करणीको अपराध मानिएको छैन। जबर्जस्ती करणी भनेको इच्छा विरूद्धको शारीरिक सम्बन्ध हो। यौन सम्बन्धमा दुई पक्षको सहमति महत्वपूर्ण आधार हो। तर, सो १ नं को व्यवस्थाले महिलाको आत्मसम्मानको अधिकार, वैयक्तिक स्वतन्त्रताको अधिकार, समानताको अधिकार, निर्णय गर्न पाउने अधिकार समेतको हनन भएको छ जुन नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि समेतले प्रदान गरेको छ। वैवाहिक जीवनमा यौन सम्बन्ध हिंसात्मक र इच्छा विरूद्ध हुन्छ भने त्यस सम्बन्धको कुनै मर्यादा र मान्यता रहँदैन। तसर्थ मुलुकी ऐन जबर्जस्ती करणीको महलको १ नं को व्यवस्था नेपाल अधिराज्यको संविधान- २०४७ ले प्रत्याभूत गरेको समान अधिकार तथा महिला उपर हुने सम्पूर्ण भेदभाव अन्त्य गर्ने महासन्धि लगायत अन्य माथि उल्लिखित महासन्धिहरूसँग बाझिएको हुनाले धारा ११ (१) बमोजिम अमान्य हुँदा धारा ८८ (१) बमोजिम बदर घोषित गरिपाउँ भनेर महिला कानुन र विकास मञ्चको तर्फबाट अधिवक्ता मीरा ढुंगाना, विरूद्ध श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय समेत उपर निवेदन दायर गरिएको थियो।

सर्वोच्च अदालतले प्रस्तुत मुद्दामा गम्भीरतापूर्वक विश्लेषण, चिन्तन मनन गरी वैवाहिक बलात्कारलाई दण्डनीय अपराध कायम गर्दै कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको नाउँमा आवश्यक कानुनी संशोधन ल्याउन निर्देशन दिएको छ।

(झ) परिवहन भत्ता सम्बन्धी मुद्दा

मेची नगरपालिका परिषद सदस्य डिल्लीराम घिमिरे, विरूद्ध मेची नगरपालिका समेत (०५६ सालको रिट नं.३२९३)

निवेदकले विपक्षी मेची नगरपालिकाको तेश्रो नगर परिषदको बैठकद्वारा भएका निर्णय मध्ये, परिषद सदस्य परिवहन भत्ता भनी ८,५०,०००।- र वोर्ड सदस्य परिवहन भत्ता भनी ३,६०,०००।- ठाडै ऐन नियम विपरीत निर्णय गरेकोमा बैठकमै असहमति जनाएपनि नगरपरिषदले पारित गरेको प्रति आपत्ति प्रकट गर्दै सो निर्णय अवैध भएकोले बदर गरी पाउनकालागि मेची नगरपालिका परिषद सदस्य डिल्लीराम घिमिरेले मेची नगरपालिका समेत उपर सर्वोच्च अदालमा प्रस्तुत मुद्दाको निवेदन दायर गरेका थिए। सर्वोच्च अदालतले निवेदकको मागलाई जायज ठहराउँदै रिट जारी गरी उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। निर्णय वदर गर्ने निष्कर्षमा पुग्नलाई सर्वोच्च अदालतले लिएका प्रमुख जिकिरमा ....."स्थानीय स्वायत्त शासन ऐन- २०५५ को दफा १३३(१)(२) ले बैठक भत्ता सम्म पाउने गरी तोकेको पाइन्छ। नर. परिवहन भत्ता पाउने विषयलाई समेटेको देखिँदैन। नगर परिषदले परिवहन भत्ता दिने सम्बन्धमा निर्णय गर्दा कुनै ऐन नियममा आधारित रही गरेको भन्ने देखिँदैन। ऐन नियमले अधिकार प्रदान नगरेको अवस्थामा नगरपरिषदले नगरपालिका कोषबाट परिवहन भत्ता दिने गरी खर्च गर्ने कार्य कानुनसंगत मिल्ने देखिदैन " भनिएको छ।

(ञ) संघ संस्थाको स्वतन्त्रता सम्बन्धी मुद्दा

काठमाण्डौं जिल्ला निर्माण व्यवसायी संघका तर्फबाट दलबहादुर कार्की, विरूद्ध
श्री ५ को सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय समेत (०५८ सालको रिट नं. ६१)

निवेदक काठमाण्डौं जिल्ला निर्माण व्यवसायी संघ काठमाण्डौंभित्रका निर्माण व्यवसायीहरू मिली संस्था दर्ता ऐन अन्तर्गत दर्ता भई कानुनी व्यक्तित्व प्राप्त संस्थाको रूपमा कार्यरत रहेको र निर्माण व्यवसायी महासंघ निर्माण व्यवसायीहरूका संघहरू मिलेर बनेको महासंघ हो। यस्ता संस्थाहरू नेपाल अधिराज्यको संविधान- २०४७ को धारा १२(२) अन्तर्गत संघ संस्थाको स्वतन्त्रता, मौलिक हक अनुरूपको कानुन अनुसार संघ एवम् महासंघ कार्यरत र सञ्चालित हुन्छन्।

यस्ता संघहरू हरेक वर्ष नवीकरण नभएमा तिनीहरूको अस्तित्व स्वतरामा पर्ने अर्थात् दर्ता मान्यता समाप्त हुन्छ। नवीकरणकालागि दिने दरखास्तको नमूना, निर्माण व्यवसायी नियमावली २०२५ को अनुसूची ५ मा दिइएको छ। जसको खण्ड ५ को (क) र (ख) मा महासंघको सदस्यता र नवीकरण लिएको हुन अनिवार्य गरिएको छ। यसरी संविधानको धारा १२(२) को विपरीत महासंघको सदस्य नबनेमा संस्था दर्ता नवीकरण नहुने गरी गरिएको उक्त कानुनी व्यवस्था संविधानको धारा १२(२) को खण्ड (ग) र (ङ) द्वारा प्रदत्त मौलिक हकमा असर परी बाझिएको समेत हुँदा धारा ८८ (१) अन्तर्गत आदेश जारी गरी अमान्य एवम् बदर गरी पाउन श्री ५ को सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय समेतलाई विपक्षी बनाई निवेदकद्वारा उठाइएको सार्वजनिक महत्वको गम्भीर कानुनी एवम् संवैधानिक प्रश्नबारे कुनै समाधान नदिई त्यसबाट पन्छिदै धारा ८८(१) अन्तर्गत निवेदन लिएर, सर्वोच्च अदालत आउने हक नेपाली नागरिकलाई मात्र भएको निवेदक संघलाई नभएको भन्दै रिट निवेदन खारेज गरेको छ।

(ट) उपभोक्ताको अधिकार सम्बन्धी मुद्दा

कल्पना अधिकारी, विरूद्ध वी एण्ड वी हस्पिटल प्रालि समेत (पुनरावेदन अदालत पाटन ०५९ सालको रिट नं. ५८२)

नेपालको न्यायिक इतिहासमा उपभोक्ता संरक्षण कानुनद्वारा प्रदत्त उपभोक्ता हकको प्रचलन र उपयोगकालागि स्वास्थ्य क्षेत्रविरूद्ध दायर गर्ने प्रयास गरिएको संभवत यो पहिलो मुद्दा हुनुपर्दछ। सम्वत् ०५४ सालमा बनेको उपभोक्ता संरक्षण ऐनले उपभोक्ता संरक्षणकालागि व्यापक हकअधिकारको परिभाषा, मान्यता एवम् प्रचलनकालागि उपयुक्त कानुनी व्यवस्था गरेको छ। उपभोक्ता संरक्षण नेपालमा नयाँ प्रयोगको रूपमा रहेको छ र सो सम्वन्धी न्याय प्रदान गर्ने कुरामा परम्परागत सोचबाट कार्यरत अदालत एवम् न्यायकर्मीहरू कति सक्षम हुनेछन्, हेर्न बाँकी नै छ। प्रारम्भिक संकेत भने नकारात्मक रहेको पाइन्छ। जसको ज्वलन्त प्रमाण प्रस्तुत मुद्दा हुन सक्छ।

यहाँ प्रस्तुत मुद्दाको मुख्य विषय वस्तु जाहेरवाला कल्पना अधिकारीको पतिको उपचार गर्ने वी एण्ड वी अस्पताल र यसका चिकित्सकहरूको चिकित्सकीय लापरवाही (Medical Negligence) का कारण Septicemia भई मृत्यु भएको हुँदा उपभोक्ता संरक्षण ऐन

२०५४ को व्यवस्था अन्तर्गत सजायको माग भएको कुरा रहेको छ। जाहेरवाला कल्पना अधिकारीका पति नरोत्तमसिंह अधिकारीको ०५९ असोज २५ गते बिहान करिब १० बजे मोटरसाइकलबाट भरतपुरबाट नारायणघाट जाँदै गर्दा पछाडिबाट आइरहेको ट्रकले ठक्कर दिई दुर्घटनामा परी, देब्रे काँधमा ठूलो काटिएको चोट लागेको र तत्काल ज्यान बचाउने कुरालाई ध्यानमा राखी भरतपुर अस्पतालमा आकस्मिक प्राथमिक उपचार गरेपछि, सोही दिन दिउँसो करिब ३ बजे काठमाण्डौको बी एण्ड बी अस्पतालमा पुर्‍याई भर्ना गरेपछि शुरू भएको उपचारको क्रममा, चिकित्सकीय लापरवाही भएको कारण नरोत्तम अधिकारीको ०५९ कार्तिक १७ गते निधन भयो। चिकित्सकीय सेवा प्रदान गर्ने कुरामा नौ वटा भन्दा बढी लापरवाही भएको कारण रोगीको मृत्यु भएकोले उपभोक्ता संरक्षण ऐन- २०५४ द्वारा प्रदत्त उपभोक्ता हकको उल्लघंन भई गम्भीर अपराध भएको हुँदा सो ऐनका व्यवस्था बमोजिम छानबीन गरी सजाय गरी पाउने माग गर्दै, निरीक्षण अधिकृत समक्ष जाहेरवाला कल्पना अधिकारीले बी एण्ड बी हस्पिटल प्रालि समेत उपर ०५९ मंसिर २३ गते जाहेरी दरखास्त दिएकी थिइन्। सो उजूरी परेपछि निरीक्षण अधिकृतले ०५९ मंसिर २५ गते पत्र लेखी सो अस्पताल र चिकित्सामा संलग्न डाक्टरहरूलाई ७ दिनभित्र उपस्थित हुन पूर्जी काटेको थियो।

यसरी उपभोक्ता हक हित लापरवाही साथ उल्लंघन भएको भन्ने विषयमा आरोप लगाई छानबिनको क्रम अघि बढिसकेपश्चात् आरोपित उक्त अस्पताल र डाक्टरहरूले पुनरावेदन अदालत पाटनमा सो अनुसन्धान छानबिनको प्रकृयालाई नागरिक अधिकार ऐन २०१२ को दफा ३, ६, (७), १२ र १३ द्वारा प्रदत्त हक को हनन पार्ने बदनियतले तोकिएको दायरालाई नाघी, अनावश्यक किसिमबाट हाम्रो समय लिने हामीलाई अनावश्यक दुःख हैरानी तथा मानसिक यातना दिने बदनियतपूर्ण कार्य गरी हामीलाई नोक्सान पुर्‍याउने किसिमको भएको भन्दै डाक्टरहरूलाई त्यस किसिमको बयान, हाजिर तथा बिना आधार र अधिकार क्षेत्रविहीन निकायबाट कुनै किसिमको कारबाही नगर्नू भनी निषेधाज्ञाको आदेश जारी गरिपाउँ भनी ०५९ मंसिर ८ गते पुनरावेदन अदालत पाटनमा निवेदन दायर गर्नुभएको रहेछ। त्यसरी निवेदन दायर गर्दा डाक्टरहरूले अन्तरिम आदेश जारी गरी तत्काल बयान लिने, बोलाउने कार्य रोकी पाउँ भनी माग गरेकोमा सो पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीश खिलराज रेग्मीले "निवेदकले अधिकार क्षेत्रको प्रश्न उठाएको परिप्रेक्ष्यमा सुविधा सन्तुलनको दृष्टिकोणले तत्काल अन्तरिम आदेश जारी गर्न वान्छनीय देखिँदा लिखित जवाफ परेपछि ठहरे बमोजिम हुने गरी सो अवधिसम्मकालागि उल्लिखित विषयमा कुनै कारवाही अगाडि नबढाउनू भनी ०५८ पुस ३ गते आदेश गर्नुभएको रहेछ।

स्वच्छ पूर्पक्ष एवं न्यायक्रमको पूर्वशर्तको रूपमा रहेको अनुसन्धान तथा छानबिन रोकिने गरी गरेको पुनरावेदन अदालतबाट भएको उक्त अन्तरिम आदेश हटाई पाउन सो आदेशद्वारा निर्धारित लिखित जवाफ फिराई सो शर्त पूरा गरी निवेदन दिइएकोमा, सो पुनरावेदन अदालतका माननीय न्यायाधीशहरू गौरी ढकाल, गोविन्द श्रेष्ठ भएको डिभिजन बेन्चले उक्त आदेश हटाउन अस्वीकार गर्‍यो। त्यसरी अस्वीकार गर्नमा उक्त बेन्चले लिखित जवाफ परिसकेको हुँदा निर्णय नै हुने भएको भन्ने कारण दियो।

यसरी उपभोक्ता कानुन अन्तर्गतको हक अधिकार उल्लघंन भएको भन्ने उजूरीमा छानबिन अनुसन्धानको कार्य रोकिएर न्यायको प्रकृया नै शुरू हुनु पूर्व नै अवरूद्ध हुन पुगेको देखिएको छ।

सृजना केसी, विरूद्ध ब्लु क्रस क्लिनिक समेत

उपभोक्ता संरक्षण ऐन- २०५४ ले उपभोक्ताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्न र उपभोक्ता वर्गलाई संरक्षण प्रदान गरी उनीहरूको हक हित र अधिकारको संरक्षण गर्ने प्रमुख उद्देश्य लिएको छ। यो वृहत्तर उद्देश्य अन्तर्गत सेवाको परिभाषाभित्र स्वास्थ्य सेवा पनि पर्दछ र अन्य अधिकारका अतिरिक्त उपभोक्तालाई अनुचित व्यापारिक क्रियाकलापबाट अर्थात उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण वा प्रदान गरेको कारणबाट हानि-नोक्सानी हुन गएमा क्षतिपूर्ति सम्बन्धित उपभोक्ता स्वयं वा उसको तर्फबाट कुनै उपभोक्ता संस्थाले दावी गर्न सक्ने व्यवस्था, सो कानुनद्वारा भएको छ।

प्रस्तुत ऐनको दायरामा चिकित्सक (मेडिकल डाक्टर) द्वारा प्रदान गरिएको सेवा पनि परेको छ। यस ऐनद्वारा प्रदत्त हकको उल्लघंन उज्ज्वल भविष्यतर्फ पाईला चाल्दै गरेकी र कक्षा ७ मा पढ्दै गरेकी वर्ष १४ की सुन्दर बालिका सृजना केसीको उपचारको क्रममा काठमाण्डौ, त्रिपुरेश्वर स्थित ब्लु क्रस क्लिनिक र सो क्लिनिकमा कार्यरत डा. डी. बी. शाहबाट भएको उपचारबाट भएको

हो। निज सृजना केसीलाई आँखा परीक्षण गराउने सिलसिलामा आँखा अस्पतालबाट सिफारिस गरिएपछि उक्त ब्लु क्रस क्लिनिकमा नाबालिकाकी आमाले लगी २२ कार्तिक ०५५ मा सीटि स्क्यान गरी आँखा अस्पतालमा देखाउँदा सो सिटी स्क्यानको रिपोर्ट हेरी निज डा. डी. बी. शाहकहाँ पुनः पठाइएको थियो। तत्पश्चात् लगातार डा. डी. बी. शाहको मातहतमा उपचार गरेपछि केही निको भएजस्तो भएपछि शरीर कालो भई, आँखा बढी दुखी, दाहिने आँखाको हेर्ने शक्ति समाप्त भयो भने शरीरभरी घाउ निस्की पिप बग्ने भई कालाटाटा परेर सृजना कुरूप बनिन्। पछि कान्ति बाल अस्पतालमा थप परीक्षण गराउँदा सृजना केसी क्षयरोगको बिरामी रहेकी तर, उपचार अर्कै रोगको भएको कारण सृजनाको जीवन बर्बाद भएको हुँदा उपचार भएको खर्च, निज बालिका एवम् निजकी आमालाई परेको पीडाको क्षतिपूर्ति भराई पाउँ भनी सृजना केसीले, ब्लु क्रस क्लिनिक समेत उपर सो ऐनको दफा २२ र २४ बमोजिम जिल्ला क्षतिपूर्ति समिति, मुकाम जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा उजुरीपत्र ०५६ साउन २३ गते दिएकोमा, हाल साढे ३ वर्षदेखि सो उजुरीमाथि छानबिन भई टुङ्गो लगाउने काम हुन सकेको छैन।

(ठ) वातावरण हक

जनहित संरक्षण मञ्चका भोजराज ऐर, बिरुद्ध श्री ५ को सरकार जनसंख्या तथा वातावरण मन्त्रालय (०५६ सालको रिट नं. ४१९३)

वातावरण संरक्षण ऐन- २०५३ को दफा ७(१) र वातावरण संरक्षण नियमावलीको नियम १५ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मापदण्डविपरीत हुने गरी कसैले पनि कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहोर मैला निष्काशन गर्न गराउन नहुने गरी कानुनी व्यवस्था गरिएको छ। मापदण्ड निर्धारित हुन नसकेसम्म कानुनी प्रावधानहरूको प्रयोग असम्भव प्रायः हुने र श्री ५ को सरकार वातावरण मन्त्रालयले त्यस्तो मापदण्ड नतोकिदिएको कारण आम नेपालीको स्वच्छ वातावरण पाउने अधिकारको उल्लंघन भइरहेको क्रममा श्री ५ को सरकार उपर मापदण्ड तोक्नकालागि परमादेश जारी गर्न लगाउन सर्वोच्च अदालतमा जनहित संरक्षण मञ्चका तर्फबाट ०५६ सालमा रिट निवेदन परेको थियो।

प्रस्तुत रिट निवेदनमाथि सर्वोच्च अदालतले सुनुवाई गरी श्री ५ को सरकार उपर मापदण्ड निर्धारण गर्नू भनी ०५८ माघ २६ गते परमादेश गरेको छ।

सर्वोच्च अदालतको उक्त निर्णय ०५८ माघ २६ (अर्थात् २००२ को शुरूमा) मा भएको र आगामी वर्षदेखि लागू हुने गरी (अर्थात् २००२ बाटै) मापदण्ड निर्धारण गर्न आदेश दिएको भए पनि हालसम्म अर्थात् सन् २००२ भित्र कुनै मापदण्ड निर्धारित भएको छैन। यसरी एकतर्फ अदालतले आदेश दिने तर त्यसको कार्यान्वयन नहुने कार्यले मानिसको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको उल्लंघन भइरहेको देखिएको छ।

४. मुद्दा हेर्ने क्रम र मानवअधिकार

मुद्दाको सुनुवाई गर्ने क्रम निर्धारण गर्न केही कानुन प्रचलनमा छन्, जस मध्ये मुलुकी ऐन- २०२० को अदालती बन्दोबस्तको ११ नं. प्रमुख रहेको छ। सो बाहेक जिल्ला अदालत नियमावली, पुनरावेदन अदालत नियमावली र सर्वोच्च अदालत नियमावलीद्वारा मुद्दा सुनुवाईकालागि पेशी चढाउने क्रम निर्धारण गरिएको छ।

मुलुकी ऐन २०२० को अदालती बन्दोबस्तको ११ नं. को कानुनी व्यवस्था निम्नबमोजिम रहेको छः

मुद्दा हेर्दा देहायका प्रथमिकताले कारवाही गर्दै जाँदा जुन मुद्दा पहिले छिन्न अंग पुग्दछ सोही मुद्दा पहिला किनारा गर्नु पर्दछ-

(क) थुनुवा कैदीको थुना वा कैद परेको मुद्दा।
(ख) बेवारिसे सोह्र वर्ष मुनिको नाबालकको मुद्दा।
(ग) तारेखमा रहेको पचहत्तर वर्षमाथिको बुढाबुढीको र शारीरिक अशक्तता भएको व्यक्तिको मुद्दा।
(घ) स्वास्नी मानिस बादी वा पुनरावेदक भएको न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा।
(ङ) माथि लेखिएको र त्यसपछि अरू मुद्दाको हकमा पुरानोको क्रमले।

मुद्दाको सुनुवाई गर्ने प्रयोजनकालागि हरेक मुद्दामा पेशीको तारेख तोकी सोही तारेखमा बहस छलफल पश्चात मुद्दामा निर्णय लिने काम हुन्छ। यसरी पेशी परेको कुरा र आफ्नो मुद्दा कुन क्रममा सुनुवाई हुने रहेछ भन्ने कुरा पक्षलाई अग्रीम थाहा होस् भन्ना खातिर कार्यविधि कानुन अन्तर्गत साप्ताहिक एवम् दैनिक पेशी सूची प्रकाशित गर्नुपर्ने व्यवस्था छ। साप्ताहिक पेशीको सूची हप्ता शुरू हुनुअगावै र दैनिक पेशी सूची सोही दिनको शुरूमा

प्रकाशित गरिन्छ। पेशी सूचीमा नपरेको मुद्दा सुनुवाई गरिँदैन।

दैनिक सूचीको प्राथमिक क्रम निम्नानुसार राख्ने प्रावधान रहेको छः

(क) अघिल्लो दिन हेर्दाहेर्दै बाँकी रहेको मुद्दा
(ख) थुनुवा भएको मुद्दा
(ग) संक्षिप्त कार्यविधि अनुरूप हेरिने मुद्दा
(घ) वेवारिसे बालबालिकाको मुद्दा
(ङ) पचहत्तर वर्षमाथिको बुढाबुढी वा शारीरिक अशक्तता भएको व्यक्ति तारेखमा रहेको मुद्दा
(च) पूर्व आदेश अनुसार पेशीको निश्चित मिति तोकिएको मुद्दा
(छ) मुद्दा दर्ताको क्रम अनुसार अन्य मुद्दाहरू

यस अतिरिक्त अदालतले सार्वजनिक सरोकार भएको वा परिस्थितिले प्राथमिकता दिई निर्णय हुनुपर्ने किसिमको मुद्दालाई अग्राधिकार दिएर सुनुवाई गर्न सक्तछ। कानुनको उपरोक्त क्रमलाई अदालतमा पालना गरिँदै आएको पाइन्छ।

५. अदालत सुधार कार्यक्रमहरु

नेपालको न्यापालिकामा सुधार

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम युएनडिपीले नेपालको कानुन तथा न्यायक्षेत्रको सुधारका निमित्त सन् २००१ देखि सन् २००३ सम्मका लागि युएस डलर ७ लाखको बजेटमा दुइवटा निम्नलिखित कार्यक्रम संचालन गर्दै आएको छ।

(क) न्यायपालिका सुधार कार्यक्रम
(ख) विधिको शासनको सुदृढीकरण कार्यक्रम।

(क) न्यायपालिका सुधार कार्यक्रम

न्याय छिटो-छरितो, सर्वसुलभ बनाउन र न्यायपालिकाको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले सर्वोच्च अदालत, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) र श्री ५ को सरकार अर्थ मन्त्रालयबीच त्रिपक्षीय सम्झौता सम्पन्न भई सन् २००१ देखि सन् २००३ सम्मकालागि युएनडिपीको आर्थिक सहयोगमा सर्वोच्च अदालतद्वारा न्यायपालिका सुधार कार्यक्रम लागू हुँदै आएको छ। यस कार्यक्रम अन्तर्गत अपेक्षित सुधार कार्यक्रमहरू मुलुकका ७५ वटै जिल्ला अदालतमा संचालन नगरी केही जिल्ला अदालतमा शुरुवात गर्ने र छानिएका जिल्ला अदालतलाई नमूना अदालतको रूपमा लिई त्यस्ता *नमूना जिल्ला अदालतमा मात्र लागू गर्ने कार्यक्रम* रहेको छ। यस अन्तर्गत नमूना जिल्ला अदालतको चयन, स्थापना र संचालन न्यायाधीश तथा अधिकृत (कर्मचारी) हरूको कार्य दक्षता अभिवृद्धि तथा आवश्यक ऐन नियमहरूमा सुधार गर्ने कार्यक्रम रहेको देखिएको छ।

सन् २००२ मा सम्पन्न कार्य

न्यायपालिका सुधार कार्यक्रम अन्तर्गत सन् २००१ मा नमूना जिल्ला अदालतको रूपमा कास्की जिल्ला अदालत, सिरहा जिल्ला अदालत, चितवन जिल्ला अदालत र कपिलवस्तु जिल्ला अदालत छानिए पश्चात सो कार्यक्रम अन्तर्गत सन् २००२ मा उपरोक्त चारै स्थानीय गोष्ठी संचालन :

(क) काठमाण्डौमा अदालतका कर्मचारीहरूलाई १५ दिनको कम्प्युटर साक्षरता कार्यक्रम संचालन,
(ख) देवानी कार्यविधि निर्देशिकासम्बन्धी अन्तरक्रिया,
(ग) सोह्र जना जिल्ला न्यायाधीशहरूलाई फिलिपिन्सको मनिलामा तालीम,
(घ) नमूना अदालतको बारेमा पोखरामा कार्यशाला संचालन,
(ङ) जिल्ला अदालतका न्यायाधीशहरूको निमित्त "फौजदारी कानुन तथा न्याय व्यवस्था" भन्ने विषयमा धुलिखेलमा तालिम सम्पन्न गरियो।

यस बाहेक सन् २००२ को पछिल्लो महिनामा छानिएका नमूना अदालतहरूमा भई रहेको परिस्थितिबारे आधारभूत तथ्यांक संकलन गरियो।

न्यायपालिका सुधार कार्यक्रम संचालन समितिमा सर्वोच्च अदालतका रजिष्ट्रारको अध्यक्षतामा गठित कमिटीले उक्त कार्यक्रमको व्यवस्थापन एवम् संचालन र व्यवस्थापन गर्दै आएको छ।

(ख) विधिको शासन सशक्तिकरण कार्यक्रम

सन् २००२ मा यो कार्यक्रम अन्तर्गत कार्यदललाई सिंगापुर, फिलिपिन्स, श्रीलंका र भारतको अध्ययन भ्रमणमा पठाइयो भने सरकारी कर्मचारीहरूले सिंगापुर, मलेशीया र फिलिपिन्सको १२ दिने अध्ययन भ्रमण गरे। जुलाई २६ देखि ३० सम्म पाँच दिने कानुन मस्यौदा तालिम धुलिखेलमा र फिलिपिन्समा सन्धि मस्यौदा तालीम सम्पन्न गरियो।

उपरोक्त बाहेक दुईजना विधि विज्ञहरूलाई

अमेरिका र भारत अध्ययन भ्रमण गर्न पठाइयो भने मध्यस्थता सम्बन्धमा र नेपाली कानुनलाई अन्तर्राष्ट्रिय सन्धि अनुकूल मिलान गर्ने बारेमा काठमाण्डौ एवम् धुलिखेलमा छुट्टाछुट्टै बैठक आयोजना गरिए।

(ग) न्यायिक क्षमता एवम् कानुन प्रचलन गराउने पद्धतिमा सुधार कार्यक्रम

धेरै समयदेखि न्यायाधीशहरूको क्षमता वृद्धि गर्न उनीहरूलाई तालिम दिन एक उपयुक्त निकाय हुनुपर्दछ भन्ने कुरा सम्बन्धित सबै क्षेत्रबाट उठ्दै आएको छ।

यस किसिमको व्यवस्था गर्न एशियाली विकास बैंकले नेपालको आर्थिक क्षेत्र सुधार योजना अन्तर्गत आर्थिक सहयोग गर्न मञ्जूर गरेबाट सन् २००२ देखि सन् २००४ सम्मकालागि न्यायिक क्षमता एवम् कानुनको प्रचलन गराउने पद्धतिको सुधार नामबाट एक कार्यक्रम संचालन भइरहेको छ।

यस अन्तर्गत राष्ट्रिय न्यायिक प्रतिष्ठान, कानुनी सूचना केन्द्र, सुरक्षित धितो कारोबार दर्ता प्रणाली, अदालतमा व्यापारिक बेन्च स्थापना गरिने भएको छ।

६. संकटकाल र अदालत

संकटकालले न्यायपालिकामा पारेको असर

सन् २००१ को अन्त्यमा नेपाल अधिराज्यभर नेपाल अधिराज्यको संविधान– २०४७ को धारा ११५ अन्तर्गत लगाइएको संकटकालको मुख्य प्रयोग र असर सन् २००२ भरि नै रह्यो। मुलुकमा कूल मिलाएर ९ महिना संकटकाल कायम रह्यो जसमध्ये पहिलो ६ महिना निर्विवाद अर्थात संविधानसम्मत् प्रयोगबाट लगाइयो भने पछिल्लो ३ महिनाको संकटकाल लगाइएको प्रक्रिया विवादास्पद रहन गएको भएपनि प्रस्तुत कुरा हाम्रो छलफलको विषय होइन।

संकटकालको घोषणा बहाल रहुन्जेलसम्म नेपाली नागरिकलाई नेपाल अधिराज्यको संविधान– २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क), (ख), (घ) र (ङ) द्वारा प्रदत्त विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, अधिराज्यभरि आवत जावत र बसोबास गर्ने स्वतन्त्रता र कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता, धारा १५ द्वारा प्रदत्त निवारक नजरबन्द विरूद्धको हक, धारा १६ द्वारा प्रदत्त सूचनाको हक, धारा १७ द्वारा प्रदत्त सम्पत्तिको हक, धारा २२ द्वारा प्रदत्त गोपनियताको हक र धारा २३ द्वारा प्रदत्त संवैधानिक उपचारको हक निलम्बन हुन पुगे। साथै धारा ११५ को उपधारा (९) ले उपरोक्त निलम्बित मौलिक हकको प्रचलनकालागि कुनै अदालतमा निवेदन दिने र प्रश्न उठाउन नपाउने गरी उपचारमा रोक लगाएकोले, उपरोक्त हकको प्रचलनकालागि सर्वोच्च तथा पुनरावेदन अदालतमा निवेदन गर्ने उपचार स्वतः निलम्बन हुन पुगेबाट, अदालतहरू न्याय प्रकृयामा सो हदसम्म प्रभावित हुन पुगे।

संकटकालको घोषणाको शुरूका दिनमा न्याय प्रक्रिया नै अवरूद्ध हुन पुग्यो भन्ने भान परेर निकै हलचल मच्चिन पुग्यो। तर, विस्तारै धारा २३ को असाधारण अधिकारक्षेत्र अन्तर्गत संवैधानिक उपचारको हक, सीमित निलम्बित हक जतिका कुरामा मात्र प्रयोग हुनसक्ने र निलम्बन नभएका मौलिक हकहरू तथा कानुनमा अन्य उपचार नभएका विषयमा संविधानको धारा २२ को प्रयोग गरेर उपचार पाउने हक निलम्बित नभएको कुरा महसुस भई अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग यथावत शुरू भयो। अदालतको अरू साधारण अधिकारक्षेत्र अन्तर्गतका मुद्दामामिला हेर्ने कुरामा संकटकालको घोषणाले कुनै प्रभाव पारेको देखिएन।

७. न्यायाधीश नियुक्तिको प्रश्न

सर्वोच्च अदालतमा न्यायाधीश नियुक्तिको प्रश्न

नेपाल अधिराज्यको संविधान– २०४७ को धारा ८६ को उपधारा ३ ले सर्वोच्च अदालतमा प्रधान न्यायाधीश सहित १५ जना न्यायाधीश रहने व्यवस्था गरेको छ। कुनै समयमा मुद्दाको संख्या बढ्न गई न्यायाधीशको संख्या अपर्याप्त हुन गएमा कुनै निश्चित अवधिकालागि अस्थायी न्यायाधीश नियुक्त गर्ने व्यवस्था पनि सोही उपधारामा गरिएको छ। यो संवैधानिक व्यवस्थालाई प्रयोग गर्दै ६ जना अस्थायी न्यायाधीश नियुक्त गरी काम चलाइएको थियो। यसरी सन् २००२ को शुरूमा स्थायी र अस्थायी गरी २० जना न्यायाधीश कार्यरत थिए।

सन २००२ भरि सर्वोच्च अदालतका स्थायी न्यायाधीशहरूमा ६५ वर्ष पूरा गरी अवकाश लिने क्रम चलि रह्यो। तर, खाली भएको ठाउँमा नियुक्ति भने हुन सकेन। सर्वप्रथम लक्ष्मणप्रसाद अर्यालले उमेरको कारण जेठबाट अवकाश लिनुभयो। त्यसपछि सो क्रम ज्ञाइन्द्रबहादुर श्रेष्ठ, उदयराज उपाध्याय, केदारनाथ आचार्य, टोपबहादुर सिंह र अन्त्यमा प्रधानन्यायाधीश

केशवप्रसाद उपाध्याय समेत गरी २००२ वर्षको अन्तमा ६ जना न्यायाधीशको पद रिक्त हुन पुग्यो भने न्यायाधीश भैरवप्रसाद लम्साल समेत जाँचबुझ आयोगमा जानुभएको कारण सात जना न्यायाधीशहरुको अनुपस्थितिले, सर्वोच्च अदालतको न्याय सम्पादन कार्य १४ जनाले मात्र गर्नु पर्दा न्याय प्रक्रियामा गम्भीर असर पुऱ्यायो।

सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायपालिका भन्नुको अर्थ नै त्यहाँ न्याय सम्पादन गर्ने न्यायमूर्ति नै हो। किनकि न्यायाधीश बाहेक अरूको भूमिका सहयोगी एवम् व्यवस्थापकीय मात्र हुने कुरामा दुईमत हुँदैन। पद खाली हुँदै जानु र तत् तत् पदहरूमा अझ बढी सक्षम जानकार एवम् न्यायप्रति प्रतिबद्ध व्यक्तिको छनौट हुनु एक नियमित प्रक्रिया हो। तर, यो वर्ष भरिनै एकपछि अर्को न्यायाधीशले उमेरको कारण अवकाश लिँदै पद खाली रहँदै गर्दा कुनै पदपूर्ति हुन सकेन। र, यो कुरा न्यायपालिकाको इतिहासमा किंचित सकारात्मक मान्न सकिँदैन।

न्यायाधीश नियुक्तिको विषय ०४६ सालपछिको नेपालको न्यायपालिकाको इतिहासमा विवादास्पद हुँदै आइरहेकोले न्यायपालिकाको सक्षमता एवम् कार्य क्षमतामा स्पष्टसँग प्रश्नचिन्ह लगाईदै आएको छ। सर्वप्रथम ०४६ सालपछि सर्वोच्च अदालतमा कार्यरत वरिष्ठ न्यायाधीशहरू बबरप्रसाद सिंह, हिरण्येश्वर मान प्रधान, प्रचण्डराज अनिल जस्ता धेरै वर्षदेखि कार्यरत न्यायाधीशलाई पुनः नियुक्ति गरिएन, नत त्यसको कुनै कारण दिइयो। तत्पश्चात् नयाँ संविधान अनुरूप क्षेत्रीय अदालतमा पहिलेदेखि कार्यरत न्यायाधीशलाई सर्वोच्च अदालतमा ल्याइने क्रम तथा कानुन व्यवसायी मध्येबाट गरिएका नयाँ नियुक्ति पनि विवादास्पद रहन गए। यसै विवादको पर्दाफास एवम् पटाक्षेप एकैचोटी न्यायाधीश कृष्णजंग रायमाझी जस्तो वरिष्ठ र सक्षम न्यायाधीशको राजीनामाबाट हुन गयो।,

सर्वोच्च अदालतको न्याय सम्पादन प्रक्रियालाई तत्पश्चात् नियुक्त गर्ने क्रमले पनि असर पार्दै लगेको सहजै देख्न सकिन्छ। न्यायाधीश नियुक्तिमा स्पष्ट आधार र शर्तहरू निर्धारित भई कार्यरूपमा उतार्न नसक्दा वरिष्ठ मानिएका न्यायाधीशहरुको नियुक्ति रोक्ने र पछाडि उसै व्यक्तिलाई कनिष्ठ बनाएर नियुक्ति गर्ने क्रम केही समयदेखि प्रचलनमा रहेको छ। साथै प्राइभेट कानुन व्यवसायी मध्येबाट भएका नियुक्तिहरुमा पनि सन्तुष्टि रहन सकेको पाईदैन।

वर्तमान संविधान तथा बदलिँदो परिस्थितिमा कानुन प्रणालीमा भित्राइएका अवधारणा र तिनको प्रचलनको क्रमलाई सक्षम र योग्य न्यायाधीशको नियुक्तिबाट मात्र अदालतले थाम्ने ढंगबाट कार्य गर्न असमर्थ रहेको कुरा छर्लङ्ग रहेको छ।

यो वर्ष सर्वोच्च अदालतको इतिहास र सन्दर्भमा न्यायाधीश नियुक्तिको प्रश्न ऐतिहासिक रहन गएको पाइन्छ।

८. लेखाजोखा

न्यायपालिकाबाट भएको कामको लेखाजोखा

यहाँ न्यायपालिकाबाट भए-गरिएका कामको मानवअधिकारको दृष्टिबाट, विश्लेषण गर्ने प्रयास गरिएको छ। विश्लेषकबाट देखिएका सकारात्मक एवम् नकारात्मक पक्षहरू निम्न बमोजिम प्रस्तुत गरिएका छन्:

सकारात्मक पक्ष

१. सर्वोच्च अदालतले न्यायपालिकाको सुधार कार्यक्रमलाई अगाडि बढाइरहेको छ। यस प्रयोजनकालागि यसले युएनडिपी एवम् एशियाली विकास बैंकबाट सहयोग प्राप्त गरिरहेको छ। विधिको शासन सुधार कार्यक्रम अन्तर्गत नेपालको परम्परागत कानुनको रूपमा रहेको मुलुकी ऐनद्वारा गरिएका सारभूत (देवानी एवम् फौजदारी कानुन) एवम् कार्य विधि (देवानी एवम् फौजदारी) कानुनलाई आधुनिक परिष्कृत कानुनको रूपमा तयार गर्ने कार्य प्रसंशनीय रहेको छ। यसले अन्ततः न्यायदिने कार्यमा राम्रो योगदान गर्नेछ। यस्तै न्यायपालिका सुधार कार्यक्रम अन्तर्गत देवानी फौजदारी मुद्दाकालागि छुट्टाछुट्टै बेन्च गठन गर्ने प्रयासलाई सकारात्मक मान्नुपर्दछ। साथै राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापनाबाट न्यायपालिकाको समग्र क्षमतामा वृद्धि हुनेछ।
२. न्यायपालिकाका संरचना अन्तर्गत विशिष्ट क्षेत्रमा विशेष किसिमका अदालत न्यायाधीकरण वा न्यायिक अंगबाट न्याय सम्पादन गर्न आवश्यक हुन्छ। यस प्रयोजनकालागि गरिने सबै कार्यहरुलाई सकारात्मक भन्नु पर्ने हुन्छ। बाणिज्य क्षेत्रकालागि बाणिज्य बेन्च स्थापनाकालागि गृहकार्य वा अध्ययन हुनु राम्रो कुरा हो।
३. त्यसैगरी कानुनी सूचना केन्द्र स्थापनाकोलागि कार्य भइरहेको छ। यस्तो सूचना केन्द्रको मद्दतले न्याय

सम्पादन कार्यमा राम्रो मद्दत पुग्न सक्ने विश्वास गर्न सकिन्छ।

४. वालअधिकारका सम्वन्धमा सर्वोच्च अदालत लचिलो एवम् संवेदनशील रहेको देखिएको छ। वालवालिका सम्वन्धी ऐन- २०४८ वनेर लागू भएको लगभग एक दशकसम्म पनि सो ऐनद्वारा व्यवस्थित संस्थाहरू स्थापना नभएवाट वालवालिकाका अधिकार व्यवस्थित हुन नसकेको तर्फ सर्वोच्च अदालत सचेत भएको देखिएको छ। सर्वोच्च अदालतले आशीष अधिकारीले दायर गरेको मुद्दामा ऐनले परिकल्पना गरेका सबै प्रकारका वाल कल्याण गर्ने संस्थाहरू स्थापना नभएको अवस्थामा सहायक प्रजिअलाई वाल कल्याण अधिकारी नियुक्ति गर्दैमा ऐनले परिकल्पना गरेका उद्देश्य पूरा भएको मान्न मिल्दैन भन्दै वाल अधिकारको रक्षा गर्नमा सकारात्मक भूमिका निभाएको पाइन्छ। साथै अभियुक्त वालकलाई नेल हतकडी लगाउन, एकान्तवास कारावासमा राख्न वा उमेर पुगेका कैदीसँग राख्न नहुने वालवालिका सम्वन्धी ऐनको व्यवस्थालाई शम्भुलाल चमारको मुद्दामा लागू गर्दै निज शम्भुलाल चमारलाई उमेर पुगेका कैदीसँग थुनामा राखेको कार्यलाई सो ऐन प्रतिकूल ठहऱ्याई निज नावालकलाई थुनावाट मुक्त गरेको छ। धीरज कंसीको मुद्दामा नावालकलाई राज्यको तर्फवाट मात्र होइन, हरेक व्यक्ति समेतले वालअधिकारको सम्मान गर्नु पर्दछ भन्ने सन्देश दिंदै काठमाण्डौ जिल्ला अदालतले वालअधिकार उल्लंघन गर्ने मधुसुदन मुनकर्मीलाई सजाय गरी नावालक धीरज कंसीलाई क्षतिपूर्ति भराइदिने निर्णय गरेको पाइन्छ।

५. सर्वोच्च अदालत समक्ष वन्दी प्रत्यक्षीकरणका धेरै मुद्दा परे। यस्ता वन्दी प्रत्यक्षीकरणका मुद्दा मध्ये धेरैमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन २०५८ द्वारा प्रदत्त अख्तियारीको दुरूपयोगको प्रश्न उठाइएको थियो। सर्वोच्च अदालत डिभिजन वेन्चले सो ऐन अन्तर्गत थुनुवा पुर्जी दिई थुनेका वन्दीको सन्दर्भमा विश्लेषण गर्दै संकटकालमा राज्य र नागरिकका अधिकारमा कुनले प्राथमिकता पाउने भन्ने गंभीर संवैधानिक प्रश्न उठाई सो प्रश्न समाधनार्थ पूर्णवेन्चमा पठाउने निर्णय गरेको पाइन्छ।

६. संविधानको धारा ८८(१) अन्तर्गत विशेष अदालतको गठन असंवैधानिक ठहऱ्याई पाउन केपी शर्मा ओली, चक्रप्रसाद वाँस्तोला लगायतका सांसदद्वारा दायर गरिएको रिट मुद्दामा सर्वोच्च अदालतले निर्वाचन विशेष अदालतको गठन संवैधानिक ठहराएर प्रचलित कानुन एवम् संविधानको सही विश्लेषण र व्याख्या गरेको पाइन्छ।

७. प्रतिनिधिसभा विघटन सम्वन्धी मुद्दामा सर्वोच्च अदालतले वर्तमान संविधानले प्रधानमन्त्रीलाई देशको प्रमुख तर सशक्त जिम्मेवार नेताको रूपमा राखेको कुरालाई स्वीकार गरेको छ। साथै प्रतिनिधिसभा विघटन सम्वन्धी प्रश्न राजनीतिक विषय नभएर संविधान एवम् कानुनी व्याख्यासँग सम्वन्धित प्रश्न हो भन्ने कुरालाई स्पष्ट शब्दमा व्यक्त गरेको छ।

८. सर्वोच्च अदालतले, कानुन वमोजिम स्थापित भएका निकायले ऐन एवम् नियमले प्रदान गरेको अधिकार भन्दा वाहिर गई काम गर्न हुँदैन भन्ने विधिको शासनको सिद्धान्तलाई स्पष्टसँग लागू गर्ने काम गरेर कानुनी शासनलाई स्थापित गर्ने काम गरेको पाइन्छ। मेची नगरपालिका परिषद सदस्य डिल्लीराम घिमिरेद्वारा दायर भएको रिट मुद्दामा स्थानीय स्वायत्त शासन ऐन- २०५५ को व्यवस्थाविपरीत परिवहन भत्ता लिन पाउने निर्णय र त्यसकालागि छुट्याइएको रकम कानुन प्रतिकूल ठहऱ्याएको छ।

९. सर्वोच्च अदालतले मानवअधिकारका प्रश्नहरू उठेको मुद्दामा नेपालको कानुनको अतिरिक्त अन्तर्राष्ट्रिय मानवअधिकार सम्वन्धी दस्तावेजहरूका प्रावधानहरूको विश्लेषण र तुलना गर्ने महत्वपूर्ण कार्य गरेको देखिएको छ।

१०. यो वर्ष सर्वोच्च अदालत समक्ष आएका मुद्दाहरूमध्ये महिला अधिकार सम्वन्धी मुद्दा प्रमुख रहन गएका छन्। यस्ता मुद्दामध्ये महिला कानुन र विकास मञ्चको तर्फवाट अधिवक्ता मीरा ढुङ्गानाले दायर गरेको मुद्दामा सर्वोच्च अदालतले वैवाहिक वलात्कारीको सन्दर्भमा राम्ररी विश्लेषण गरी, वर्तमान कानुनले वैवाहिक महिलाका अधिकारको सुरक्षा गर्न नसकेको ठहऱ्याएको छ। यस वारेमा सर्वोच्च अदालतले वैवाहिक सम्वन्धको विशेष स्थिति र पतिको हैसियत समेतलाई विचार गरी समष्टिगतरूपले न्यायोचित र स्पष्ट कानुनी व्यवस्था गरी वैवाहिक वलात्कार सम्वन्धी कानुनलाई पूर्णता दिनुपर्ने राय व्यक्त गर्दै तत्सम्वन्धमा आवश्यक कानुन संशोधन विधेयक वनाई संसदमा पेश गर्न निर्देशन दिएको छ।

नकारात्मक पक्ष

१. न्यायपालिकाको वर्तमान संरचना मध्ये नियमित अदालतको संरचना स्पष्ट भएपनि अन्य विषयगत अदालत, न्यायाधीकरण एवम् न्यायिक, अर्धन्यायिक निकाय वा अधिकारीको स्वरूप, संरचना एवम् अधिकार क्षेत्र अझै स्पष्ट नभएको देखिएको छ। कानुन वमोजिम स्थापना हुनुपर्ने कतिपय अदालत गठन हुन सकेका छैनन् भने कतिपय विशिष्ट कानुन अन्तर्गत गरिने व्यवहारवाट उत्पन्न हुने विवादहरूमा छुट्टै न्यायप्रदान गर्ने, विशेष प्रकृतिका अदालतहरू गठन हुन आवश्यक भइसकेकोमा हालसम्म त्यसतर्फ कुनै प्रयास हुन नसक्दा "मुलुकको न्याय सम्पादन कार्य" अझै अपूर्ण रहेको देखिएको छ। यस्ता अदालत स्थापना हुनुपर्ने क्षेत्रहरूमा पारिवारिक अदालत, वाणिज्य अदालत, वातावरण अदालत जस्ता थुप्रै रहेका छन्। यस्ता अदालतको काम, सामान्य अदालतवाट हुनुपर्दा वास्तविक न्याय हुन सकिरहेको छैन। वृहत्तर ढंगवाट यसले मानवअधिकारको उल्लंघन कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष मद्दत पुऱ्याइ रहेको छ।

२. यस वर्ष सर्वोच्च अदालतमा सातजना न्यायाधीशको पद खाली रह्यो भने एकजना न्यायाधीश सम्पत्ति छानविन आयोगमा कार्यरत रहेवाट न्याय ढिलो हुनमा मद्दत पुऱ्यायो। जाहेर छ, यसले गर्दा सयौंको संख्यामा मुद्दाका पक्षहरूले वढी खर्च गर्नुपऱ्यो भने समयमा न्याय नपाइनाले, हक अधिकार उल्लंघनको अवस्थालाई अझ लामो समयसम्म वेहोर्न पर्ने अवस्था सृजना भयो।

३. वालवालिका सम्वन्धी ऐन- २०४८ अनुरूप वाल अदालत गठन हुन नसकेको परिप्रेक्ष्यमा जिल्ला अदालतहरूमा वाल वेञ्चको गठन मात्र गरेर हुँदैन वाल न्यायको क्रममा आवश्यक पर्ने वाल विशेषज्ञसमेतको व्यवस्था हुन नसक्दा वाल न्याय कागजी हुन पुगिरहेको छ।

४. मुलुकका विकृति विसंगतिको रूपमा रहेको भ्रष्टाचारलाई कठोर ढंगवाट नियन्त्रण गर्न विशेष अदालत ऐन- २०५९ र भ्रष्टाचार निवारण ऐन- २०५९, अनुरूप गठन भएको विशेष अदालतको विशेष भूमिका अपेक्षा गरिएको छ। यसै भूमिकालाई सहयोग पुऱ्याउन प्रमाणको भार अभियुक्त उपर राखिएको हो। तर हालसम्म सो अदालतमा चलेका मुद्दाका अभियुक्तहरूलाई धरौट वापत जेथाजमानी लिई तारेखमा छाड्ने परिपाटी चलेका कारण, भ्रष्टाचार नियन्त्रण गर्ने काममा अदालतको भूमिका खुकुलो देखिएको छ।

५. वालअधिकारको रक्षा गर्ने कार्यमा सर्वोच्च अदालतले देखाएको सक्रियता सकारात्मक हुँदाहुँदै पनि निम्नलिखित कुरामा अदालतको भूमिका सन्तोषजनक रहेन-

(क) वालवालिकासम्वन्धी ऐन- २०४८ अन्तर्गत गठन हुनुपर्ने वाल कल्याण समिति छुट्टै वाल कल्याण अधिकारी, वाल सुधार गृह एवम् वाल कल्याण गृह जस्ता वाल हक, हित, संरक्षण प्रवर्द्धन कार्यका निम्ति आवश्यक संस्था तथा अधिकारी स्थापना एवम् नियुक्ति गर्नुपर्ने कुरा जान्दा जान्दै सोका लागि सरकारलाई आवश्यक निर्देशन दिएर प्रयास गर्न सकेको पाईंदैन।

(ख) वालकलाई वालवालिका सम्वन्धी ऐनविपरीत थुनामा राखेको भनी थुनावाट मुक्त गर्ने काम मात्र गरियो तर जानाजान कानुन उल्लंघन गरी थुनामा राखेकोमा अदालत गंभीर नहुँदा यस्ता वाल अधिकार उल्लंघन गर्ने कार्य भविष्यमा नरोकिने अवस्था रहिरहन गएको छ।

(ग) केशव खड्काको मुद्दामा नावालकलाई उमेर पुगेकाको आधामात्र कैद ठेक्नुपर्नेमा उमेर पुगेका सरह कैद ठेकी वर्षौं थुनामा राख्ने अधिकृत उपर केही नभनी केवल, कानुन प्रतिकूलको थुनावाट मुक्त गर्ने कार्यवाट भविष्यमा त्यस्ता घटना पुनः भइरहने अवस्था विद्यमान रहेको पाइन्छ।

(६) वन्दी प्रत्यक्षीकरणको आदेशद्वारा गैरकानुनी वन्दी छाड्ने मानिसका जीवनको अधिकारको सर्वोच्च अदालतवाट सम्मान भइरहेको अवस्थामा पनि निम्नलिखित परिस्थितितर्फ ध्यान नपुऱ्याएको कारण भविष्यमा कानुन प्रतिकूल मानिसलाई थुनी जीवनको अधिकारको उल्लंघन भइरहने देखिएको छ -

(क) जगतकृष्णको मुद्दामा सर्वोच्च अदालतको फैसला राम्रो मान्न सकिन्छ तर विदेशी मुलुकहरू- संयुक्त राज्य अमेरिका, भारत एवम् वेलायतको तुलनामा हाम्रो संविधानले संकटकाल वहालीका अवस्थामा वन्दी प्रत्यक्षीकरण सम्वन्धी उपचार निलम्वन हुने

गरी राखिएको तर्फ सम्मानित सर्वोच्च अदालतले ध्यान पुऱ्याउन सकेको देखिएन। यसले बन्दीका मुद्दामा प्रत्यक्ष असर पुऱ्याएको छ।

(ख) वन्दी प्रत्यक्षीकरणको मुद्दामा सम्मानित सर्वोच्च अदालतको ध्यान केवल (१) वन्दी थुनामा छ छैन र, (२) वन्दीको थुना गैरकानुनी हो होइन भन्ने दुई कुरामा मात्र सीमित रहेको पाइन्छ। यो ज्यादै पुरातन सोच हो। अदालतले उपरोक्त दुई स्थिति देखिएमा वन्दी छाड्ने आदेश गरेर मात्र आफ्नो जिम्मेवारी पूराभएको ठहऱ्याउँदै आएको छ। सर्वोच्च अदालत, नेपाली नागरिक हकको अन्तिम संरक्षक पनि हो। त्यसो हुँदा गैरकानुनी थुनामा रहनेलाई कानुनले क्षतिपूर्ति दिन दिलाउने व्यवस्था गरेकोतर्फ पनि ध्यान दिनुपर्नेमा सर्वोच्च अदालतको त्यता ध्यान नपुगेको कारण, मानिसका हकहरू निरन्तर उल्लंघन हुँदै आएका छन्।

(ग) वन्दी प्रत्यक्षीकरणको आदेशवाट वर्षो वर्षदेखि सर्वोच्च अदालतले गैरकानुनी थुनावाट मुक्त गर्दै आएको छ भने अधिकारीहरूले कानुनविपरीत मानिसहरूलाई थुनामा राख्दै आएका छन्। यसरी लगातार मानवअधिकार उल्लंघन गर्ने क्रमलाई रोक्न कानुनविपरीत मानिसलाई थुन्ने मूल अधिकारी व्यक्तिलाई सजाय गर्ने कार्य हुनु आवश्यक हुन्छ।

७. सर्वोच्च अदालत जनजातिका अधिकारप्रति संवेदनशील नभएको, मैते नामाङको मुद्दामा देखिएको छ। मैते तामाङ समेत तामाङ जातिको सार्वजनिक चरण एवम् गौचरण तथा कूलपूजा सहित भोजमात्र गर्ने स्थान, गुण्डु गाविसले रिसोर्टलाई वहालमा दिने काम गरेवाट स्थानीय नामाङ जातीलाई परेको मर्काप्रति वेवास्ता गरेर, जनजातिका हक उल्लंघन भएको कामलाई नै सदर गरिएको छ।

८. प्रतिनिधिसभा विघटन मुद्दामा सर्वोच्च अदालतले प्रतिनिधिसभा विघटन उचित ठहऱ्याएर संविधानद्वारा स्पष्ट शब्दमा व्यवस्थित तेश्रो पटकदेखि संकटकाल वढाउने संसदको अधिकारप्रति अनदेखा गरेको छ।

९. उपभोक्ता संरक्षण ऐन- २०५४ ले उपभोक्ताका हक हितको संरक्षण प्रवर्द्धन कार्यका निमित्त कानुनी व्यवस्था गरेको छ। सो ऐन प्रतिकूल भएको कुरामा उपचार दिने पद्धति समेत सो ऐनद्वारा व्यवस्थित गरिएको छ। कल्पना अधिकारीले वी एण्ड वी अस्पताल विरुद्ध दिएको उजूरीमाथि छानविनको काम रोकेर पुनरावेदन अदालत पाटनले स्वच्छ पूर्पक्ष पाउने मानिसको आधारभूत नैसर्गिक हकमा व्यवधान सृजना गरेर, मानवअधिकार उल्लंघन कार्यलाई सघाउ पुऱ्याएको ठान्न सकिन्छ।

१०. छुवाछूतसँग सम्वन्धित विषयमा माथिल्ला जातिका सरह मुद्दामामिला गरी आफ्नो हक संरक्षण गर्न नसक्ने हुँदा त्यस्तो मुद्दा सरकारवादी भई हेरिनकालागि सरकारी मुद्दा सम्वन्धी ऐन- २०४९ को अनुसूचीमा समावेश गर्न आदेश गरिपाउँ भनी दिनेशकुमार गच्छामी समेतले दिएको रिट मुद्दामा सर्वोच्च अदालतले सरकारको नीतिगत विषय भनी रिट खारेज गरेर, दलितहरूको जायज समस्याप्रति सर्वोच्च अदालत संवेदनशील नरहेको देखिएको छ।

११. संविधानद्वारा मौलिक हकको रूपमा सुरक्षित संघ संस्थाको स्वतन्त्रताको सुरक्षण गर्न सर्वोच्च अदालत असफल भएको देखिएको छ। मन लागेको संस्था वनाउने, सदस्य वन्ने, छाड्ने स्वतन्त्रता हरेक नागरिकलाई प्राप्त भएको हुन्छ। काठमाण्डौ जिल्ला निर्माण व्यवसायी संघलाई वाध्य पारेर निर्माण व्यवसायी महासंघको सदस्य वनाउने नियम, संविधानका धारा १२(२) (ग) द्वारा प्रदत्त संघ-संस्थाको स्वतन्त्रताको हकसँग वाझिएको स्पष्ट हुन्छ। यस्तो हुँदा-हुँदै पनि सर्वोच्च अदालतवाट प्रश्नै नउठेको विषय अर्थात् मुद्दा गर्ने हकदैया नरहेको भन्ने आधारमा खारेज गरिदिएको पाइन्छ। निवेदक संघ, नेपाली नागरिकहरू मिलेर वनेको कुरालाई ध्यान नपुऱ्याइएको कारण महत्वपूर्ण मुद्दामा सर्वोच्च अदालत मानवअधिकारको वहाली र प्रचलन गर्न असफल रहेको छ।

१०. सुझाव

न्यायपालिका अझै पनि मानवअधिकारको प्रचलन र वहालीका सन्दर्भमा सशक्त ढंगवाट कार्यरत रहन सकेको देखिँदैन। यस कार्यमा न्यायपालिकाको सुधार आवश्यक देखिएको छ। यस्ता सुधारहरू संगठनात्मक संरचना, क्षेत्राधिकार लगायत् न्यायकर्मीहरूको क्षमता अभिवृद्धिमार्फत् हुन राम्रो ठहर्छ।

न्यायपालिकाको सुधारका कार्यहरू हुनुपर्ने निम्नलिखित क्षेत्र देखिएका छन्–

१. सर्वप्रथम सर्वोच्च अदालत एवम् पुनरावेदन अदालतमा नियुक्त हुने न्यायाधीशहरूको छनौटका स्पष्ट आधार निर्धारण हुन आवश्यक छ। न्यायाधीशहरूलाई पदोन्नति गर्ने कुरामा जेष्ठतालाई नै एक मात्र आधार लिने गरिएको वर्तमान परिपाटी समाप्त गर्न नसकिएको कारण एक पटक अयोग्य ठहऱ्याइएका व्यक्तिलाई नै पुनः नियुक्ति गर्न परेको छ। यस्तो कार्यले निश्चय पनि अदालतको छवि राम्रो पार्दैन न त तेजोवध भइसकेको न्यायाधीशले सशक्त ढंगबाट कार्य नै गर्न सक्तछ। तसर्थ न्याय क्षेत्रबाट पदोन्नति गरिने आधारहरू स्पष्ट हुनुपर्दछ र यस प्रयोजनकालागि कार्यक्षमता ६० प्रतिशत, जेष्ठता ३० प्रतिशत र अध्ययन लगायत्का अन्य पक्ष १० प्रतिशत राखी मूल्यांकन गर्ने आधार निर्माण गरिनु पर्दछ। त्यसै गरी निजी कानुन व्यवसायी वा कानुन विज्ञलाई न्यायाधीश नियुक्त गर्ने कुरामा पनि कुनै आधारहरू निर्धारण गरिएको पाइँदैन। यी दुवै प्रयोजनकालागि, स्पष्ट र पारदर्शी आधार निर्माण गर्ने कानुनी व्यवस्था गरी न्यायाधीश नियुक्ति गर्ने पद्धति स्थापना गर्न आवश्यक छ।

२. वर्तमान न्यायपालिकाको संरचना तथा नियमित अदालतको क्षेत्राधिकारको वितरण क्रमबाट समेत न्याय सम्पादन छिटो, छरितो र सर्वसुलभ हुन सकिरहेको पाइँदैन। संविधानको धारा ८५ को प्रावधान अनुकूल रही न्यायपालिकाको संरचनामा व्यापक फेरबदल गरी न्यायपूर्ण, सक्षम तथा विकसित न्यायपालिकाको स्थापना गर्न जरुरी देखिन्छ। यसकालागि नियमित अदालतहरूमध्ये प्रजातन्त्र अनुकूल हुने गरी जिल्ला अदालतलाई न्यायको थलोको रूपमा विकसित गरिनु पर्दछ। यस प्रयोजनार्थ जिल्ला अदालतलाई शुरू मुद्दा र पुनरावेदन सुन्ने गरी दुई तहको अधिकार क्षेत्र प्रदान गरिनु पर्दछ। हरेक व्यक्तिलाई एक तहको पुनरावेदन गर्ने अधिकार आफ्नै घरबाट प्राप्त गर्ने अवसर दिइनु पर्दछ र यस आधारमा जिल्ला अदालतलाई अधिकार सम्पन्न गराइएको खण्डमा वास्तविकरूपमा छिटो, छरितो, सस्तो र सर्वसुलभ न्याय प्रदान गर्न सकिनेछ। यसले पुनरावेदन अदालतलाई हाल कायम भइरहेका १६ वटाबाट घटाएर ५ वा ७ मध्ये कुनै एक संख्यामा निर्धारण गर्न सकिन्छ। यसबाट पुनरावेदन अदालत स्तरीय हुन सक्नेछन् भने सर्वोच्च अदालतमा मुद्दाको संख्या घटने अपेक्षा पनि पूरा हुन सक्नेछ।

३. नियमित अदालतबाहेक अन्य विशिष्ट क्षेत्रकालागि गठन हुने अदालत, न्यायाधीकरण वा अर्धन्यायिक अधिकारीहरूको एक निश्चित तह, क्रमवद्ध र वैज्ञानिक प्रणालीको अभाव रहेको छ। कतिपय अदालतहरूका निर्णयहरू एकातर्फ उच्चतम् अदालतबाट पुनरावलोकन हुनसक्ने नरहेको स्थितिले न्यायप्रणाली सुस्पष्ट र एकीकृत हुन सकिरहेको छैन भने अर्कोतर्फ यस्ता न्याय प्रदान गर्ने निकायहरूको बारेमा निश्चित नीतिगत व्यवस्था नहुँदा यस्तो न्याय प्रदान गर्ने अदालत वा न्यायाधीकरणको गठन लगायत तिनीहरूले सम्पन्न गर्ने तथा तिनबाट गरिएको न्याय सम्पादन सम्बन्धी अपेक्षा पूरा हुन सकिरहेको छैन। साथै एकीकृत रूपमा यस्ता विशिष्टीकृत अदालत, न्यायाधीकरण तथा अन्य न्यायिक/अर्धन्यायिक निकायको गठन हुन आवश्यक देखिन्छ।

४. नेपाल अधिराज्यको संविधान, २०४७ ले न्यायपालिकालाई दिएको उच्च स्थान, बदलिएको सामाजिक, आर्थिक परिवेश, विज्ञान तथा प्रविधिले साँघुरिएको विश्वसँग दिनप्रतिदिन नेपालको अन्तरंग सहकार्यको स्थिति, दिनानुदिन नयाँ–नयाँ अवधारणालाई आत्मसात गरी बन्ने कानुन संस्था तथा न्याय सम्पादन क्षमताबीच तालमेल गर्न जरुरी छ भन्ने बारेमा अध्ययन गर्न एक उच्चस्तरीय आयोग गठन गरी, त्यसको प्रतिवेदन सुझाव अनुसार न्यायपालिकालाई प्रवर्द्धन गर्न जरुरी देखिएको छ।

५. नेपालका सबै अदालतका सबै काम कारवाही तथा निर्णयहरू (फैसला) कम्प्युटरको सशक्त माध्यमबाट तथ्यांक संकलन गरी त्यसलाई केन्द्रीय प्रणालीसँग आवद्ध गरी प्रत्येक न्यायाधीशको राम्रो नराम्रो कामको मूल्यांकन गरिनु पर्दछ। यस प्रयोजनकालागि न्यायपरिषद्मा एक छुट्टै सक्षम जनशक्ति रहेको स्थायी केन्द्र स्थापना गरिनु पर्दछ। यस केन्द्रले प्रत्येक वर्षको अन्तमा हरेक न्यायाधीशको (जिल्ला र पुनरावेदन तहका) नेकी बदीको मूल्यांकन गरेपश्चात् राम्रा र नराम्रा दुवै पक्षहरू उल्लेख गरी सम्बन्धित न्यायाधीशको प्रतिक्रियाकोलागि दिने र

एक प्रति सम्बन्धित बारमा पठाई खुल्ला प्रतिक्रिया लिई आफ्नो तथ्यांकमा सुधार गर्ने पद्धति शुरूवात गर्नुपर्दछ। यसलाई अंकको आधारमा ग्रेडिङ गर्ने र प्रत्येक दुई-दुई वर्षमा सम्बन्धित न्यायाधीशले सुधार गरेको नगरेको अनुगमन गरी प्रत्येक दुईवटा अनुगमनमा सुधार नगर्ने वा धेरै तल रहनेलाई सुधार्न चेतावनी दिने र त्यति गर्दा पनि सुधार नगर्नेलाई हटाउने र उता राम्रो गर्नेलाई निश्चित अवधिभित्रै माथिल्लो तहमा बढुवा गरी प्रोत्साहन गर्ने प्रणाली अविलम्व विकास गरी लागू गर्न जरूरी छ।

६. प्रशासकीय अदालतको कार्यक्षेत्र बढाएर अर्ध सरकारी संस्थान एवम् श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व वा शेयर भएका कम्पनीमा कार्यरत कामदार/कर्मचारीविरूद्ध गरिने अनुशासनात्मक कारवाही वा उनीहरूका हक हितसम्बन्धी विषयबाट उठ्ने विवादहरू हेर्न सक्ने गरिनु पर्दछ। साथै सरकारी कर्मचारीलाई नसिहत, ग्रेड रोक्का जस्ता स-साना सजाय विरूद्ध अरू अधिकृत समक्ष पुनरावेदन लाग्ने व्यवस्था हटाएर प्रशासकीय अदालतमा नै पुनरावेदन लाग्ने गरी सुधार हुनु आवश्यक छ।

७. नेपालमा निजी अन्तर्राष्ट्रिय कानुनद्वारा शासित हुने क्रियाकलापबाट उत्पन्न हुने मुद्दा मामिला हेर्ने पद्धतिको स्थापना हुन सकिरहेको छैन। नेपाल, विश्व व्यापार संगठनमा प्रवेश गरेपछिको अवस्थामा त यस्तो न्याय प्रशासन अनिवार्य नै हुन पुग्दछ। यस परिप्रेक्ष्यमा अदालत, न्यायकर्मी एवम् कानुन व्यवसायी समेतको क्षमता अभिवृद्धि सहित न्याय पद्धतिको स्थापना जरूरी छ।

८. न्यायपालिकाले कार्यपालिकाबाट गरिएका कानुन प्रतिकूलका काम कारवाहीको पुनरावलोकन गरी बदर गर्दै आएको छ। अदालतले राजस्व, बन्दी, निजामती प्रशासन लगायतका क्षेत्रमा गरेका निर्णयहरूको अवज्ञा गर्ने कार्य कार्यपालिकाबाट भइरहेको छ। यस कार्यलाई रोकी अदालतबाट भएका निर्णयहरूको सम्मानपूर्वक कार्यान्वयन गराउन न्यायपरिषद्मार्फत् श्री ५ को सरकारका सम्बन्धित अधिकृतसँग सम्वाद गर्ने र तत्पश्चात् पनि फैसलाको परिपालना नभएमा कडा कारवाही गरी फैसला लागू गराउने काम, सर्वोच्च अदालतबाट हुनुपर्दछ।

९. सर्वोच्च अदालतबाट एकै किसिमका मुद्दामा विविध नजिर प्रतिपादन भएका देखिन्छन्। यस्तो स्थिति रहनु राम्रो होइन। यसबारे सर्वोच्च अदालत स्वयंले अध्ययन गरी, गराई, एकै किसिमका तथ्यमा नजिरको एकरूपता कायम गर्दै, आफैंले आफ्ना सिद्धान्तहरूको परिपालना गरी न्याय सम्पादनलाई भरपर्दो, विश्वसनीय एवम् आधिकारिकता दिलाई जनआस्था सबल पार्न जरूरी छ।

१०. न्यायाधीश मात्र होइन, सरकारी वकील तथा निजी कानुन व्यवसायी सबैको क्षमता अभिवृद्धि गर्न केवल एउटा एकेडेमी स्थापना गरेर पुग्दैन। त्यसकालागि निश्चित कार्यक्रम चाहिन्छ र न्याय सम्पादनका पक्षहरू बीच विश्वास र सहयोग अभिवृद्धि हुनु पर्दछ।

परिच्छेद २

राज्य र मानवअधिकार

२.२ कार्यपालिका

१. सन् २००२ मा कार्यपालिकाको भूमिका

मानवअधिकारको रक्षा, सम्मान र सम्वर्द्धनमा श्री ५ को सरकारको भूमिका यो वर्ष पनि खासै उपलब्धीपूर्ण बन्न सकेन। मानवअधिकारको पालना र रक्षा आफूले पनि गर्ने र अन्य पक्षहरूलाई पनि गर्न लगाउने सबैभन्दा महत्वपूर्ण दायित्व बोकेको सरकारले यो वर्ष पनि आफ्नो दायित्व पूरा गर्न सकेन। सरकार स्वयं मानवअधिकारको उल्लंघन गर्न अग्रसर भएका घटनाहरू यो वर्ष पनि देखा परे। सरकारबाट नागरिकको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूत गर्ने काम हुन सकेन। सन् २००२ मा नेपाल अधिराज्यको संविधान- २०४७ को उल्लंघन गर्ने र संविधानविपरीतका निर्णयहरू कार्यान्वयन गराउने काम पनि भयो।

राज्यतर्फको हिंसात्मक कारवाहीलाई रोक्ने वा कम गर्ने प्रयास यो वर्ष पनि भएन। सरकारका तर्फबाट हिंसात्मक कारवाहीका घटनामा व्यापक वृद्धि भयो। यो वर्ष जति हिंसात्मक कारवाहीका घटनाहरू नेपालको इतिहासमा यस अघि कहिल्यै भएका थिएनन्।

माओवादी समस्यालाई शान्तिपूर्ण रूपले समाधान गर्ने सवालमा यो वर्ष सरकार सकारात्मक देखिएन। सरकारको मान्यता बन्दुकलाई बन्दुकले नै ठीक पार्ने अर्थात् बन्दुकको समस्या बन्दुकबाटै समाधान गर्ने रहयो।

नागरिकहरू यो वर्ष पनि आफ्ना मौलिक हक अधिकारहरू निलम्वित भएको पीडालाई सहन बाध्य भए। गत वर्ष लागू भएको संकटकालीन अवस्था यो वर्षको ०५९ भदौ १२ गतेसम्म जारी रहयो। नागरिकहरू आफ्ना मौलिक अधिकार उपभोग गर्नबाट बञ्चित रहे।

सरकारबाट जातीय र लैङ्गिक विभेदलाई हटाउन त्यस सम्बन्धी आयोग गठन गर्ने सकारात्मक काम भए। ती आयोगलाई प्रभावकारी बनाउने कुरामा भने सरकार उत्साहित देखिएन।

सरकारले सामन्ती शोषण, उत्पीडनमा परेका नागरिकलाई त्यसबाट मुक्त गर्ने उद्देश्य राखेन। नागरिकहरू सामन्ती शोषण-उत्पीडनबाट पीडित नै रहे।

सरकारले राजनीतिक स्थिरताका साथ सुशासन कायम गर्नसकेन। सरकारमा रहेका मन्त्रीहरू नै भ्रष्टाचारमा मुछिने र सरकार टिकाउने नाममा घृणित खेलमा संलग्न हुने घटना यो वर्ष पनि चर्चामा रहे।

भ्रष्टाचार र अनियमितताका घटनाहरू यो वर्ष पनि जारी रहे। भ्रष्टाचार विरूद्ध नयाँ कानुनको निर्माण हुनु र त्यस अनुरूप अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कारवाही शुरू गर्नु यो वर्षको एउटा सकारात्मक थालनी हो। भ्रष्टाचार विरोधी यो अभियानलाई सबैले महत्त्वपूर्ण अभियानको रूपमा लिएका छन्।

मुलुकमा शान्ति सुरक्षा कायम गर्न सरकार पूर्णतः असफल रहयो। नागरिकहरूले सरकारबाट शान्ति सुरक्षाको प्रत्याभूति कतै पनि पाउन सकेनन्।

सरकारतर्फबाट यो वर्ष मानवअधिकारका क्षेत्रमा अत्यन्तै थोरै सकारात्मक काम र धेरै नकारात्मक काम भयो। यो वर्ष मानवअधिकारको सम्मान र रक्षाका सन्दर्भमा सरकारबाट भएका सकारात्मक एवं नकारात्मक कामहरूको मूल्यांकन यसरी गरिएको छ।

१.१ सरकार गठन र पुनर्गठन

सन् २००२ मा नेपालमा तीन खालको शासन कायम रहयो- (क) राजनीतिक पार्टीको नेतृत्वमा बनेको सरकारको शासन, (ख) श्री ५ को प्रत्यक्ष नेतृत्वको शासन र (ग) श्री ५ बाट गठित जननिर्वाचित राजनीतिक पार्टीहरू संलग्न नरहेको सरकारको शासन रहेका छन्।

सन् २००२ को शुरू अर्थात् ०५८ पुस १७ गतेभन्दा अगाडिदेखि ०५९ असोज १७ गतेसम्म नेपाली कांग्रेसका नेता (पछि नेपाली कांग्रेसबाट विभाजित भई नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति बनेका) शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारले मुलुकको शासन चलाएको थियो। ०५८ साउन १० गते प्रधानमन्त्री पदको शपथ खाएर सोही दिन १३ सदस्यीय मन्त्रिमण्डल

बनाउनु भएका देउवाले ०५८ मंसिर ३ गते ४१ सदस्यीय मन्त्रिमण्डलको गठन गर्नुभएको थियो। देउवाको नेतृत्वमा ३९ सदस्यीय मन्त्रिमण्डल ०५९ असोज १८ गतेसम्म अर्थात् पदमुक्त हुनु अघिसम्म मुलुकको शासनमा रहेको थियो।

०५९ असोज १८ गते प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारलाई विघटन गरी श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट कार्यकारी अधिकार आफूमा निहित गरिबक्सियो। ०५९ असोज २४ गतेसम्म श्री ५ को प्रत्यक्ष शासन सञ्चालन भयो। राजाबाट अर्को सरकार गठन नभएसम्मका लागि मन्त्रिपरिषद्को कार्यकारी अधिकार आफूमा निहित गरेको घोषणा गरी शासन सञ्चालन भएको थियो।

श्री ५ बाट ०५९ असोज २५ गते लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री नियुक्त हुनुभयो। सोही दिन एकजना उपप्रधानमन्त्री, पाँच जना मन्त्री र दुई जना सहायक मन्त्री गरी नौ सदस्यीय मन्त्रिपरिषद्को गठन भयो। चन्दको नेतृत्वमा रहेको यो सरकार ०५९ मंसिर २ गते पुनर्गठन गरियो। पुनर्गठित सरकार प्रधानमन्त्री, एक उपप्रधानमन्त्री, १३ मन्त्री र ७ सहायक मन्त्रीसहित २२ सदस्यीय रह्यो। सन् २००२ को अन्तसम्ममा यही सरकारले नै मुलुकको शासन सञ्चालन गरिरहेको थियो।

कोइराला र नेपाललाई पक्राउ गर्ने गृहराज्यमन्त्रीको घोषणा

गृहराज्यमन्त्री देवेन्द्रराज कँडेलले नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला र नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललाई सरकारले गिरफ्तार गर्ने घोषणा गर्नुभयो। ०५९ साउन १ गते नवलपरासी जिल्लामा आफ्ना कार्यकर्ताहरूको सार्वजनिक भेलामा बोल्दै राज्यमन्त्रीले कोइराला र नेपालले आतंककारी घोषित माओवादी नेतासँग गोप्यरूपमा भेटेको प्रमाण फेला परेको र पर्याप्त प्रमाण जुटाइसकेपछि दुवै जनालाई पक्राउ गरिने घोषणा गर्नुभएको हो।

पर्याप्त प्रमाण जुट्नासाथ सरकारले उहाँहरूलाई नियन्त्रणमा लिने बनाउँदै गृहराज्यमन्त्री कँडेलले भन्नुभयो- "माओवादीको सहानुभूति प्राप्त गर्न सकेमा निर्वाचनमा विजयी हुने आशा राखेका कांग्रेसका सभापति कोइराला र एमालेका महासचिव नेपालले आतंककारीका नाइकेसँग भेटवार्ता गरेको प्रमाण संकलन भइरहेका छन्।"

त्यसैगरी प्रधानमन्त्री शेरबहादुर देउवा र मन्त्री चिरञ्जीवी वाग्लेले पनि कांग्रेस र एमालेको नेतृत्वलाई माओवादीसँग साँठगाँठ गरेको सार्वजनिक रुपमै आरोप लगाउनुभएको थियो। गृहराज्यमन्त्री कँडेलले कांग्रेस सभापति कोइरालाले माओवादीसँग साँठगाँठ मात्र नगरी माओवादी आतंककारीहरूलाई भित्री रूपमा प्रश्रय नै दिइरहेको आरोप समेत लगाउनुभएको थियो।

१.२ सरकारको प्रतिबद्धता र घोषणाहरु

यो वर्षको ०५९ असोज १८ गतेदेखि असोज २४ गतेसम्म ७ दिन राजाको प्रत्यक्ष शासन कायम रह्यो। असोज १८ गते राति १०:४५ बजे श्री ५ बाट राष्ट्रका नाममा सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले निर्धारित मितिमा आमनिर्वाचन सम्पन्न गर्न नसकेकोले "असक्षम" ठहर गर्दै पदमुक्त गरिबक्सेको थियो। ०५९ कार्तिक २७ गते हुने भनिएको आमनिर्वाचन स्थगन गरी अर्को व्यवस्था नभएसम्मकालागि नेपाल अधिराज्यको कार्यकारिणी अधिकार आफूमा निहित रहेको घोषणा पनि श्री ५ बाट भएको थियो। सोही घोषणामा नयाँ मन्त्रिपरिषद् गठनका लागि स्वच्छ छवि भएका र आगामी निर्वाचनमा भाग नलिने व्यक्तिको नाम ५ दिनभित्रै सिफारिस गर्न राजनीतिक पार्टीहरूलाई आह्वान गरिएको थियो। श्री ५ को प्रत्यक्ष शासनको यो अवधिमा घोषित प्रतिवद्धताहरू यति नै थिए।

चन्द सरकारका जिम्मेवारीहरूमा राष्ट्रिय सहमति सहितको अनुकूल परिस्थितिको सृजना गरी देशमा विद्यमान अशान्तिको वातावरण हटाउने, स्वतन्त्र र निष्पक्ष ढंगमा स्थानीय निकाय तथा प्रतिनिधिसभाको निर्वाचन यथाशीघ्र सम्पन्न गरी बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको संस्थागत सुदृढीकरण गर्ने र सबै तहका भ्रष्टाचार नियन्त्रणको कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने रहेका छन्। त्यस्तै, आर्थिक अनुशासन एवं पारदर्शिता अवलम्बन गर्नुका साथै सर्वसाधारण जनताकालागि सेवामूलक कार्यक्रम सञ्चालन गरी सुशासनको प्रत्याभूति दिने र परिलक्षित परराष्ट्र नीति अनुसार छिमेकी राष्ट्रहरूसँग रहेको सुमधुर सम्बन्ध एवं समभदारी तथा दौत्य सम्बन्ध कायम भएका सबै मुलुकहरूसँगको मित्रताको सम्बन्धलाई अझ सुदृढ अनि घनिष्ट तुल्याउँदै लैजाने जिम्मेवारी पनि चन्द सरकारलाई तोकिएको थियो।

१.३ कार्यान्वयनविनाका घोषणा र प्रतिबद्धताहरु

यो वर्षका माथि उल्लिखित सबै शासन-सत्ताका घोषणा, प्रतिबद्धता र जिम्मेवारीहरूलाई हेर्दा ती सबै राम्रै किसिमका छन्। मुलुकलाई बिगार्छु भनेर कुनै पनि सरकारले भनेको छैन। सबै सरकारले राष्ट्र एवम् जनताको हितको पक्षमा राम्रा-राम्रा घोषणा र प्रतिबद्धताहरू अगाडि सारेका छन्। तर, त्यस्ता राम्रा घोषणा र प्रतिबद्धताहरू सार्वजनिक गर्ने सरकारले व्यवहारमा चाहिँ कस्ता कामहरू गरे ? यो प्रश्न हरेक सरकारको मूल्यांकनका क्रममा उठ्ने गरेको छ र यो वर्षका तीनवटै सरकारका सन्दर्भमा पनि यही प्रश्न उठेको छ।

श्री ५ को सरकारका तर्फबाट यो वर्ष पनि विभिन्न घोषणाहरू भए तर तिनको सार्थक कार्यान्वयन हुन सकेन। आफ्ना घोषणा र प्रतिबद्धता कार्यान्वयनद्वारा पूरा गर्ने सरकारको आफ्नै दायित्व र जिम्मेवारी हो। तर सरकार आफ्नो दायित्व पूरा गर्ने कुरामा यो वर्ष पनि असफल रह्यो।

प्रधानमन्त्री शेरबहादुर देउवाले संसदको बीसौं अधिवेशनमा प्रतिनिधिसभाको रोष्ट्रममा उभिएर गर्नुभएको "आठ बुँदे विशेष घोषणा" उहाँकै कार्यकालमा निरर्थक सावित हुन पुग्यो। विना ऐन महिला आयोग तथा दलित आयोग गठन गर्ने र भ्रष्टाचार नियन्त्रण सम्बन्धी ऐन संशोधन गर्ने जस्ता काम भए पनि अन्य काम भने हुन सकेनन्।

श्री ५ बाट देउवाको नेतृत्वमा रहेको मन्त्रिपरिषद् विघटन गरेर नेपाल अधिराज्यको कार्यकारिणी अधिकार आफूमा निहित गरी नयाँ सरकार गठनका लागि पाँच दिनभित्र स्वच्छ छवि भएका र निर्वाचन नलड्ने व्यक्तिहरू सिफारिस गर्न राजनीतिक पार्टीलाई आह्वान गरे पनि सोको कार्यान्वयन भएन। संसदमा प्रतिनिधित्व गर्ने ठूला राजनीतिक पार्टीहरूलाई संलग्न नगराइकन श्री ५ कै स्वविवेकमा मन्त्रिपरिषद्को गठन भयो। स्वच्छ छविका नाममा विगतमा विभिन्न काण्डमा मुछिएका व्यक्तिहरू समेत मन्त्रिपरिषद्मा सामेल गराइए।

राजाबाट लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठित सरकार पनि आफ्नो जिम्मेवारीप्रति गम्भीर र संवेदनशील रहेको पाइएन। निकै ठुल्ठूला जिम्मेवारी बोकेको यो सरकारको पहिलो प्राथमिकता मुलुकमा तत्काल शान्ति सुरक्षा कायम गर्नु थियो। जनतालाई राहत पुऱ्याउने जिम्मेवारी बोकेको चन्द सरकारले उल्टो मट्टितेल, ग्याँस, पेट्रोल जस्ता अत्यावश्यक वस्तुको मूल्यवृद्धि गर्न पुग्यो।

मन्त्रीले घूस खाएको मन्त्रीकै आरोप

भ्रष्टाचारीलाई दण्डित गर्नुपर्ने सरकारका मन्त्रीहरू नै भ्रष्टाचारमा संलग्न रहेको कुराको भण्डाफोर मन्त्रीले नै गरेको घटना पनि यो वर्ष देखा पऱ्यो। सरकारले बहुदलीय व्यवस्थाको स्थापनापछि लाभको पदमा बसेका सम्पूर्ण व्यक्तिको सम्पत्ति छानबिन गर्न अधिकार सम्पन्न उच्चस्तरीय आयोग गठन गरेको भोलिपल्टै एकजना राज्यमन्त्रीले सत्तारूढ सांसदबाटै घूस लिएर फाइल सदर गरेको आरोप आफ्ना विभागीय मन्त्रीलाई लगाए।

वन तथा भू-संरक्षण मन्त्री गोपालमान श्रेष्ठले सत्तारूढ नेपाली कांग्रेसकै एकजना सांसदबाट दुई लाख रूपैयाँ घूस लिएर एउटा फाइल सदर गरेको आरोप ०५८ फागुन २४ गते वन तथा भू-संरक्षण राज्यमन्त्री सुरेन्द्र हमालले सार्वजनिक रूपमै लगाए। राज्यमन्त्रीको यो आरोपपछि मन्त्री श्रेष्ठले राजीनामा गर्नुपर्ने माग सबैतिरबाट उठ्यो। ०५८ फागुन २६ गते नेकपा (एमाले) ले भ्रष्ट मन्त्रीले राजीनामा दिनुपर्ने माग गर्दै सदन अवरूद्ध गरेपछि मन्त्री श्रेष्ठले संसदबाटै राजीनामाको घोषणा गर्नुभएको थियो। उहाँले आफूमाथिको आरोप सही नभएको दाबी गर्नुभएको थियो।

राज्यमन्त्री हमालले पनि सोही दिन "भीमकाय र दाउपेचपूर्ण व्यवहार भएका साथीहरू संलग्न मन्त्रिमण्डलमा रहिरहन उपयुक्त नदेखेको" बताउँदै राजीनामा दिनुभएको थियो।

२. सरकारले मानवअधिकारको पक्षमा गरेका कामहरु

सन् २००२ मा श्री ५ को सरकारको भूमिका मानवअधिकारको रक्षा, सम्मान र सम्बर्द्धनको पक्षमा खासै रहेन। समग्र मूल्यांकनमा सरकारको भूमिका प्रमुख रूपमा मानवअधिकारको विपक्षमै रहे पनि केही काम भने मानवअधिकारको पक्षमा पनि भएका छन्। श्री ५ को सरकारका तर्फबाट मानवअधिकारको पक्षमा भएका केही उल्लेख्य कामलाई यहाँ प्रस्तुत गरिएको छ-

२.१ महिला आयोगको गठन

श्री ५ को सरकारले ०५८ फागुन २४ गते श्रीमती दुर्गा पोखरेलको नेतृत्वमा राष्ट्रिय महिला आयोगको गठन गऱ्यो। महिला हकहित र अधिकारलाई स्थापित गर्न छुट्टै

आयोग गठन हुनुपर्ने माग केही वर्षदेखि उठ्दै आएको थियो।

पहिले ऐनको निर्माण गरेर मात्र राष्ट्रिय महिला आयोगको गठन हुनुपर्ने थियो। तर, सरकारले आयोगको काम, कर्तव्य र अधिकार स्पष्ट गरेर ऐनको तर्जुमा नै नगरी महिला आयोगको गठन गर्‍यो।

श्री ५ को सरकारले राष्ट्रिय महिला आयोगको आवश्यकता महसूस गरी आयोगको गठन गर्नु मानवअधिकारको पक्षमा एउटा सकारात्मक कार्य हो। तर, ऐनको अभावमा उक्त आयोगले कुनै कामको थालनी गर्न नसकेको यथार्थलाई बुझेर यथाशीघ्र ऐन निर्माण हुनुपर्ने देखिन्छ।

श्री ५ को सरकारले राष्ट्रिय महिला आयोग सम्बन्धी ऐन पारित गर्दा नेपाली महिलाका हरेक अधिकारलाई सामाजिक रूपमा स्थापित गर्ने उद्देश्यलाई समेट्नु जरूरी छ।

२.२ दलित आयोगको गठन

श्री ५ को सरकारले दलित वर्गको हकहितको संरक्षण र सम्वर्द्धनका साथै दलितहरूको उत्थान एवं विकासमा योगदान पुर्‍याई देश विकासको मूल प्रवाहमा दलितहरूको समेत सक्रिय सहभागिता सुनिश्चित गर्ने उद्देश्यले ०५८ चैत ६ गते राष्ट्रिय दलित आयोगको गठन गरेको छ। काम, कर्तव्य र अधिकार सम्वन्धी ऐनको मस्यौदा पनि आयोगले नै प्रस्तुत गर्ने गरी पद्मसिंह विश्वकर्माको अध्यक्षतामा दलित आयोगको गठन गरियो।

२.३ आतंकवाद विरुद्ध लड्न सहमति

दक्षिण एशियामा बढ्दो आतंकवादी आक्रमण र क्रियाकलाप विरूद्ध लड्न श्री ५ को सरकारले सहमति जनाएको छ। ०५८ पुस २०–२२ मा नेपालको राजधानी काठमाण्डौमा सम्पन्न एघारौं सार्क शिखर सम्मेलनमा अन्य राष्ट्रसँगै नेपालले पनि सो सहमति जनाएको हो। सार्क सम्मेलनको छपन्न बुँदे काठमाण्डौ घोषणापत्रमा आतंकवादको बढ्दो क्षेत्रीय प्रभाव र समसामयिकतालाई हेरेर यस विरुद्ध लड्न आपसी सहयोग एवम् तत्काले कानुनी व्यवस्थामा सक्रियतापूर्वक लाग्ने कुरा उल्लेख छ।

उक्त घोषणापत्रमा सन् १९८७ मा काठमाण्डौमा हस्ताक्षर गरिएको आतंकवाद विरूद्धको अभिसन्धिलाई कार्यान्वयनमा लैजान सार्कका सबै राष्ट्रले आवश्यक गृहकार्य शुरू गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको छ। सम्मेलनमा उपस्थित सातवटै राष्ट्रका नेताहरूले आतंकवादका विरुद्ध समान धारणा प्रस्तुत गरेका थिए। आतंकवाद विरोधी अभिसन्धिलाई सक्रिय बनाउन सार्क आतंकवाद तथा लागु औषध अनुगमन डेस्कलाई सवल बनाउन अन्य राष्ट्रसँग नेपालले पनि प्रतिबद्धता जनाएको छ। श्री ५ को सरकारले समेत सहमति जनाएको घोषणापत्रमा सिद्धान्त, राजनीति, धर्म वा अन्य कुनै पनि आधारमा आतंकवादलाई अनुमोदन गर्न नमिल्ने र यो संयुक्त राष्ट्रसंघ तथा सार्क बडापत्रको समेत विरोधमा रहेको कुरा उल्लेख छ।

२.४ सार्कस्तरीय दुई अभिसन्धिमा हस्ताक्षर

श्री ५ को सरकारले सन् २००२ को आरम्भमै मानवअधिकार सम्बन्धी सार्कस्तरीय निर्णयको दुईवटा अभिसन्धिमा सहमति जनायो।

०५८ पुस २२ गते एघारौं सार्क सम्मेलनको समापनका क्रममा सम्मेलनका मुख्य निर्णयहरूमध्ये एउटा निर्णय दुईवटा अभिसन्धिमा सार्क राष्ट्रहरूले हस्ताक्षर गर्नुपर्ने थियो। ती दुई अभिसन्धिमा वेश्यावृत्तिका लागि महिला एवं बालबालिकाको ओसारपसारमा रोक लगाउने र बालबालिकाको कल्याणका कार्यक्रममा बढोत्तरी गर्ने रहेका छन्। यी दुई अभिसन्धिमा हस्ताक्षर गर्न श्री ५ को सरकारले देखाएको तत्परतालाई सकारात्मक मान्नुपर्दछ।

२.५ बालअधिकार संरक्षणको प्रतिबद्धता

प्रधानमन्त्री शेरबहादुर देउवाले ०५९ वैशाख २७ गते अमेरिकाको न्यूयोर्कमा आयोजित बालबालिका सम्बन्धी संयुक्त राष्ट्र संघको २७ औं साधारण सभाको विशेष सम्मेलनलाई सम्बोधन गर्दै बाल विकास तथा बालअधिकार संरक्षण गर्न नेपाल हरसम्भव सबै प्रयास जुटाउन कटिबद्ध रहेको बताउनुभयो।

२.६ सम्पत्ति जाँचबुझ आयोग गठन

मन्त्रिपरिषद्ले जाहेर गरे बमोजिम श्री ५ बाट ०५८ फागुन २३ गते उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन भयो। न्यायपरिषद्को सिफारिस अनुसार सरकारले राजा समक्ष जाहेर गरे अनुरूप जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम सबै अधिकार प्रयोग गर्ने तथा जाँचबुझको काम पूरा भएपछि सोही ऐन बमोजिम रायसहित प्रतिवेदन पेश गर्ने गरी आयोगको गठन भएको हो।

सर्वोच्च अदालतका न्यायाधीश भैरवप्रसाद

लम्सालको अध्यक्षतामा गठित तीन सदस्यीय आयोगको म्याद ६ महिना तोकिएको थियो। तर, आयोगको जिम्मेवारी ६ महिनामा सम्पन्न हुन नसकेपछि २०५९ भदौ २२ गतेदेखि थप ६ महिनासम्मको समय आयोगले पाएको छ।

सरकारले बहुदलीय व्यवस्थाको स्थापनापछि लाभको पदमा रहिसकेका, बहालवाला सरकारी पदाधिकारी र तिनका परिवारको सम्पत्ति छानविन गर्ने अधिकारसम्पन्न संवैधानिक आयोग गठन गर्ने निर्णय गरेको थियो। बहुदलीय संसदीय प्रजातन्त्रको बाह्र वर्षको कार्यकालमा कतिपय व्यक्तिले अनियमित र अनैतिक ढंगबाट अकूत सम्पत्ति आर्जन गरेको चर्चा हुँदै आएको थियो। त्यस्ता व्यक्तिको तथा तिनका आफन्तको सम्पत्ति छानविन हुनुपर्ने माग पनि सबैतिरबाट भइरहेको थियो। सोही माग अनुसार उच्चस्तरीय न्यायिक सम्पत्ति जाँचबुझ आयोग गठन गर्न सरकार बाध्य भएको थियो।

सन् २००२ को अन्त्यसम्ममा आयोगले बहुदलीय व्यवस्थाको स्थापना भएपछिका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायक मन्त्रीको पदभार सम्हाल्नेहरूको सम्पत्ति विवरण लिने र तिनको छानविन गर्ने काम जारी राखेको थियो। त्यस्तै, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका तथा संवैधानिक निकायका प्रमुख, उपप्रमुख, सदस्य र तीसँग सम्बन्धित परिवारका व्यक्तिको सम्पत्ति समेत छानबिन गर्ने काम जारी राखेको छ। श्री ५ को सरकारका सबै सेवाका राजपत्राङ्कित तृतीय श्रेणीभन्दा माथिका कर्मचारी, श्री ५ को सरकारको स्वामित्व र नियन्त्रणका संस्थानहरू, आयोगहरू, समितिहरू, अधिकृत कर्मचारीहरू, संचालक समितिका प्रमुखहरू र सदस्यहरू लगायत् र तिनका आफन्तको सम्पत्ति छानविन गर्ने काम पनि आयोगले जारी राखेको छ।

यो आयोगको गठनबाट मुलुकमा व्याप्त भ्रष्टाचार, अनियमितता र अनैतिक कार्यबाट लाभ लिने परम्परा निरूत्साहित हुने आशा गरिएको छ। आयोगको जाँचबुझ प्रतिवेदनले मुलुकका भ्रष्ट र अनैतिक व्यक्तिलाई कारवाहीको भागिदार बनाई सुशासनको स्थापना गर्ने कुरामा सहयोग गर्ने विश्वास पनि सबैले गरेका छन्।

बहुदलीय संसदीय प्रजातन्त्रको स्थापना भएको बाह्र वर्ष पूरा भएको छ। यो बाह्र वर्षमा नेपालमा चौध वटा सरकारले शासन संचालन गरे। ती चौधवटा सरकार यसप्रकार छन्–

१. नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा ०४७ वैशाख ६ गते गठित कांग्रेस, वाममोर्चा र राजाका प्रतिनिधि सम्मिलित अन्तरिम सरकार।
२. नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ०४८ जेठ १३ गते गठित नेपाली कांग्रेसको सरकार।
३. नेकपा (एमाले) का नेता मनमोहन अधिकारीको नेतृत्वमा ०५१ साल मंसिर १४ गते गठित एमालेको अल्पमतको सरकार।
४. नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाको नेतृत्वमा ०५२ भदौ २६ गते गठित काँग्रेस, राप्रपा, नेपाल सद्भावना पार्टी र स्वतन्त्र सांसदहरू सम्मिलित गठवन्धन सरकार।
५. राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा ०५३ फागुन २८ गते गठित एमाले, राप्रपा र सद्भावना पार्टीको गठवन्धन सरकार।
६. राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता सूर्यबहादुर थापाको नेतृत्वमा ०५४ असोज २१ गते गठित काँग्रेस, राप्रपा र सद्भावना पार्टीको गठबन्धन सरकार।
७. नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ०५४ चैत ३० गते गठित कांग्रेसको अल्पमतको सरकार।
८. नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको कांग्रेसको अल्पमत सरकारमा ०५५ भदौ १० गते तत्कालीन नेकपा (माले) लाई समावेश गरी पुनर्गठन गरिएको कांग्रेस–मालेको संयुक्त सरकार।
९. नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाकै नेतृत्वमा ०५५ पुस १० गते गठित कांग्रेस–एमालेको संयुक्त चुनावी सरकार।
१०. नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा ०५६ जेठ १७ गते गठित नेपाली कांग्रेसको बहुमतको सरकार।
११. नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ०५६ चैत ९ गते गठित नेपाली कांग्रेसको सरकार।
१२. नेपाली कांग्रेसका नेता शेरबहादुर देउवाको नेतृत्वमा ०५८ साउन १० गते गठित नेपाली कांग्रेसको सरकार।
१३. श्री ५ बाट शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारलाई ०५९ असोज १८ गते पदमुक्त गरी मन्त्रिपरिषद्को कार्यकारी अधिकार आफूमा निहित गरेर प्रत्यक्ष शासन सञ्चालन।
१४. लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा, प्रमुख राजनीतिक दलहरूलाई समावेश नगरी ०५९ असोज २५ गते गठित सरकार।

२.७ भ्रष्टहरुमाथि कारवाही

अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई पहिलेको भन्दा बढी अधिकार दिएर विधेयक पारित भएको लगत्तै उक्त आयोगले भ्रष्टाचार विरोधी अभियानलाई तीव्रता दिएको थियो। आयोगले भ्रष्ट कर्मचारीहरूबाट त्यसको आरम्भ गरी उच्चपदस्थ राजनीतिक व्यक्तिहरूलाई समेत छानवीनवाट दोषी ठहर गरी कारवाहीको भागीदार बनाएको छ।

आयोगले ०५९ साउन ३२ गते राति १० बजेदेखि ०५९ भदौ १ गते बिहान ६ बजेसम्म भन्सार तथा राजश्व समूहका २२ जना कर्मचारीको घरमा आकस्मिक छापा मारी तिनीहरूको सम्पत्ति नियन्त्रणमा लियो। हैसियतभन्दा बढी सम्पत्ति कमाई उच्च विलासी जीवन बिताइरहेका ती कर्मचारीमध्ये एकजना सहसचिव सहित १७ जनालाई तत्कालै हिरासतमा लिइएको थियो भने ५ जना फरार भएका थिए। भन्सार तथा राजस्व समूहका घरमा छापा मारिएका कर्मचारीमा २ जना सहसचिव, ६ जना उपसचिव, ३ जना शाखा अधिकृत, ९ जना नायव सुब्बा र २ जना खरिदार थिए। नेपालमा भ्रष्टाचार विरूद्ध भ्रष्ट कर्मचारीहरूमाथि यसरी खानतलासी गरी तत्कालै कारवाही चलाइएको यो पहिलो घटना हो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त सूर्यनाथ उपाध्याय र आयुक्तहरूको प्रत्यक्ष रेखदेखमा भ्रष्ट कर्मचारीहरूका घरमा छापा मारी नगद, जिन्सी तथा कागजातको मुचुल्का तयार गर्ने काम भएको थियो। मासिक ४ हजारदेखि १० हजार रूपैयाँसम्म तलव खाने ती कर्मचारी मध्ये अधिकांशका भव्य घर, जग्गा, विलासितापूर्ण सामानहरू र लाखौं रूपैयाँ नगद भेटिएका थिए। उनीहरूको सम्पत्तिले नै उनीहरू भ्रष्ट रहेको र भ्रष्टाचार गरी लाखौं-करोडौं रकम कमाएको पुष्टि भएको थियो। सोही अनुसार आयोगले उनीहरू विरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यो वर्ष नेपाली राजनीतिका उच्चपदस्थ व्यक्ति तथा पूर्व मन्त्रीहरूमाथि समेत भ्रष्टाचारको अभियोगमा कारवाही चलाएको छ। त्यस्तो कारवाहीमा पर्नेमा यसअघि शेरवहादुर देउवाको नेतृत्वमा रहेको सरकारका मन्त्रीहरू चिरञ्जीवी वाग्ले, खुमवहादुर खड्का र जयप्रकाशप्रसाद गुप्ता रहेका छन्। तीनै जना नेपाली कांग्रेस पार्टीवाट विभाजित भई देउवाकै नेतृत्वमा रहेको नेपाली कांग्रेस (प्रजातान्त्रिक) का समेत महत्वपूर्ण नेता हुन्। खड्का सो पार्टीका महामन्त्री हुन् भने वाग्ले उपसभापति रहेका छन्। गुप्ता पदमा नरहे पनि सो पार्टीको गठनमा महत्वपूर्ण भूमिका खेल्ने नेता मानिन्छन्।

आयोगले खड्का र गुप्तालाई विभिन्न पटक बयान लिएपछि ०५९ कार्तिक १३ थुनामा राखेको थियो भने वाग्लेलाई एघारौं पटकसम्म बयान लिएपछि ०५९ मंसिर ४ गते हिरासतमा राखेको थियो। तीनै जना नेता तथा पूर्व मन्त्रीलाई पदीय अधिकार दुरूपयोग गरी सम्पत्ति कमाएको शंकामा थप छानबिन गर्न हिरासतमा राखिएको कुरा आयोगले जनाएको थियो। नेपालमा तीन जना उच्च राजनीतिज्ञलाई यसरी भ्रष्टाचारको अभियोगमा थुनिएको यो पहिलो घटना हो। संशोधित अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनमा रहेको प्रावधान अनुसार अनुमानित कसूरका आधारमा आयोगले छानवीनकालागि अभियुक्तलाई ६ महिनासम्म हिरासतमा राख्न पाउने व्यवस्था छ।

२.८ विशेष अदालतको गठन

सरकारले अख्तियार दुरूपयोग अनुसन्धान आयोग अन्तर्गत चलाइने भ्रष्टाचार सम्वन्धी मुद्दाको कारवाहीलाई प्रभावकारी ढंगले अघि बढाउने उद्देश्यले ०५९ भदौ ३ गते न्याय परिषद्को सिफारिसमा विशेष अदालतको गठन गर्‍यो। विशेष अदालतका अध्यक्षमा न्यायाधीश तपबहादुर मगर नियुक्त हुनुभयो। उक्त अदालतका अन्य दुई न्यायाधीशमा भूपध्वज अधिकारी र दामोदर शर्मा नियुक्त हुनुभयो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगद्वारा भ्रष्टाचारको अभियोग लगाएर दायर हुने मुद्दाको छिनोफानो गर्ने जिम्मेवारी पाएका न्यायाधीश मगरले उक्त कुर्सीमा बस्नुअघि भन्नुभएको थियो- "म कुनै दवावमा पनि झुक्ने छैन।"

संसदको एक्काइसौं अधिवेशनले विधेयक पारित गरे अनुसार विशेष अदालतको गठन भएको हो।

२.९ राष्ट्रिय सतर्कता केन्द्र गठन

श्री ५ को सरकारले ०५९ मंसिर १० गते अनियमितता र भ्रष्टाचारको रोकथाम गर्न भनी राष्ट्रिय सतर्कता केन्द्रको गठन गर्‍यो। संसदको एक्काइसौं अधिवेशनवाट पारित भ्रष्टाचार निवारण ऐन- २०५९ मा भ्रष्टाचार र अनियमितताको निगरानी गर्न राष्ट्रिय सतर्कता केन्द्रको गठन गर्न सकिने व्यवस्था गरिएको छ। ऐनको परिच्छेद ४ मा भ्रष्टाचारविरूद्ध जनचेतना अभिवृद्धि गर्न

सरकारले प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी सतर्कता केन्द्र स्थापना गर्नसक्ने उल्लेख छ।

२.१० मानवअधिकार सेल गठन

सरकार, प्रहरी र सेनाका कतिपय निर्णय र कारवाहीबाट जनतर्तै मानवअधिकारको गम्भीर उल्लंघन हुने गरेको तथ्य वारम्वार उजागर हुन थालेपछि ती निकाय थोरै भए पनि सतर्क हुन बाध्य भएका छन्। राज्यतर्फबाट भएको मानवअधिकार उल्लंघनको चौतर्फी रूपमा विरोध हुन थालेपछि गृहमन्त्रालय र नेपाल प्रहरीले मानवअधिकार सेल गठनको तयारी गरे।

गत वर्ष संकटकाल लागू भए लगत्तै नेपाल प्रहरी अन्तर्गत मानवअधिकार सेल गठन गरिएको जानकारी दिइएको थियो। संकटकाल लागू भएर अधिराज्यभर शाही नेपाली सेना परिचालन गरिएपछि कतिपय कारवाहीबाट सैनिक कारवाहीबाट निर्दोष मान्छेको हत्या भएको र मानवअधिकारलाई चुनौति दिने घटनाहरू नियमित रूपमा देखा पर्ने गरेको कुरा निरन्तर उठ्न थालेपछि, शाही नेपाली सेनाले पनि मानवअधिकार सेल गठन गरेको थियो। यो वर्ष नुवाकोट जिल्लाको काउलेस्थित गुम्बोडाँडामा सुरक्षाकर्मीको कारवाहीबाट ५ जना निर्दोष किशोर मारिएकोमा, पहिलो पटक सेनाले गल्ती स्वीकार गरेको थियो। सैनिक मुख्यालयको मानवअधिकार शाखाको प्रारम्भिक छानविनबाट त्यहाँ पाँच जना निर्दोष किशोर मारिएको स्वीकार गरिएको थियो।

सरकार स्वयं मानवअधिकार उल्लंघनमा अग्रसर रहेको पुष्टि धेरै तथ्यहरूले गरेका छन्। सरकारलाई मानवअधिकार विरोधी आफ्ना कारवाहीहरू रोक्न वारम्वार दवाव दिने काम भइरहे पनि त्यसलाई सुन्ने काम भएको छैन। यद्यपि सरकार पक्षवाट मानवअधिकार उल्लंघन भइरहेको कुरालाई महसुस गरेर मानवअधिकार सेलको गठन गरिनु सकारात्मक नै ठान्नु पर्दछ।

यसरी यो वर्ष मानवअधिकारका क्षेत्रमा सरकारका तर्फवाट केही सकारात्मक कामहरू हुन पुगेका छन्। सरकारका यी कामले नेपालको मानवअधिकारका पक्षमा थोरै भए पनि महत्व राख्ने देखिन्छ।

३. सरकारले मानवअधिकारको विपक्षमा गरेका कामहरु

श्री ५ को सरकारले यो वर्ष मानवअधिकारको पक्षमा अत्यन्तै कम र मानवअधिकारको विपक्षमा अत्यन्तै धेरै कामहरू गर्‍यो। नेपालमा वहुदलीय प्रजातन्त्रको स्थापना पश्चात् सबैभन्दा बढी मानवअधिकार उल्लंघनका घटनाहरू भएको र धेरै नागरिकको ज्यान गएको, यो पहिलो वर्ष हो। सरकारबाट मानवअधिकार उल्लंघनका असंख्य निर्णय र घटनाहरू भएका छन्। यहाँ केही प्रमुख घटनाहरू मात्र उल्लेख गरिएका छन्।

३.१ संकटकालको निरन्तरता

सरकारले गत वर्ष लागू गरेको संकटकालीन अवस्थाले यो वर्ष ०५९ भदौ १२ गतेसम्म निरन्तरता पायो। संकटकाल नागरिकका लागि निकै कष्टकर रहन पुग्यो।

मुलुकमा संकटकालीन अवस्थाको घोषणा हुँदा नेपाल अधिराज्यको संविधान- २०४७ को धारा ११५ को उपधारा ८ बमोजिम संविधानको धारा १२ को उपधारा २ को दण्ड क, ख र घ, धारा १३ को उपधारा १ र धारा १५, १६, १७, २२ र २३ (बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक) निलम्बन गरिएको थियो। संविधानको निलम्बित धारा १२ मा मौलिक हक अन्तर्गत स्वतन्त्रताको हक रहेको र त्यसको उपधारा २ मा नागरिकहरूको स्वतन्त्रताको हक रहेको छ।

यसरी नै निलम्बित धारा १३ को उपधारा १ मा लेखन तथा प्रकाशन सम्बन्धी हक, धारा १५ मा निवारक नजरबन्दको हक र धारा १६ मा सूचनाको हक रहेको छ। धारा १७ मा रहेको सम्पत्तिको हक र धारा २२ मा रहेको गोपनीयताको हक पनि सरकारले निलम्बन गरेको थियो।

संकटकाल लागू गरिएपछि नागरिकका आधारभूत मौलिक अधिकार नै निलम्वन गरिएका थिए। यो वर्षको शुरूदेखि ८ महिनासम्म नेपाली नागरिक मौलिक अधिकारविहीन भएर बाँच्न वाध्य भए।

संसद बोलाएर संसदको निर्णयवाट मात्र संकटकालीन अवस्थाको घोषणा हुनुपर्ने माग विभिन्न पक्षवाट भएको थियो। तर, सरकारले संकटकालको अनुमोदनकालागि मात्र संसद बोलाउने निर्णय गरेको थियो।

संकटकाल लागू भएको तीन महिनाभित्र प्रतिनिधिसभा सदस्यको उपस्थित संख्याको दुई तिहाइले अनुमोदन गर्नुपर्ने संवैधानिक प्रावधान अनुसार ०५८ मंसिर ११ गतेदेखि लागू भएको संकटकाल तीन महिना पूरा हुनु अघिल्लो दिन ०५८ फागुन ९ गते संसदबाट अनुमोदन भएको थियो। संकटकाल अनुमोदनकालागि सरकारले संसदमा प्रस्ताव दर्ता गराएको थियो। सो प्रस्तावको मतदानका क्रममा प्रतिनिधिसभाका उपस्थित सदस्य संख्या

२ सय १ मध्ये १ सय ९४ ले प्रस्तावको पक्षमा र ७ जनाले विपक्षमा मतदान गरेका थिए। नेपाली कांग्रेस, नेकपा (एमाले), राप्रपा र नेपाल सद्भावना पार्टीका सांसदले प्रस्तावको पक्षमा र राष्ट्रिय जनमोर्चा, संयुक्त जनमोर्चा र नेपाल मजदूर किसान पार्टीका सांसदले प्रस्तावको विपक्षमा मतदान गरेका थिए।

संकटकाल अनुमोदन गर्न ठूला राजनीतिक पार्टी यो एकपटक सहमत भए पनि त्यसलाई फेरि लम्ब्याउने पक्षमा उनीहरू थिएनन्। अनुमोदनको एक महिनापछिदेखि नै नेपाली कांग्रेस, नेकपा (एमाले) लगायतका पार्टीले संकटकाल हटाउनुपर्ने माग गरेका थिए। सरकारद्वारा संकटकालले सर्वसाधारण नागरिक र संविधान मान्ने राजनीतिक पार्टीलाई कुनै असर नगर्ने आश्वासन दिइए पनि व्यवहारमा सर्वसाधारण जनता तथा संविधान मानेर शान्तिपूर्ण क्रियाकलापमा संलग्न राजनीतिक पार्टीका कार्यकर्तासमेत अत्यधिक संख्यामा पीडित बन्न पुगे। त्यो स्थितिको मूल्यांकन गरेर नै ठूला राजनीतिक पार्टीले संकटकाल हटाउनुपर्ने माग गरेका थिए। तर, सरकारले संकटकाल हटाउने संकेत देखाएन।

०५८ चैत २२ गते राजनीतिक कार्यक्रम गर्न पाइने भनी संकटकालको आदेश जारी गरियो। राजनीतिक पार्टीहरूले संकटकाल घोषणापछि आदेश जारी हुनुपर्ने माग गर्दै आएका थिए। तर सरकारद्वारा जारी आदेशका प्रावधानहरू स्पष्ट नभएको भनी राजनीतिक पार्टीहरूले आलोचना गरेका थिए।

संकटकाल तुरुन्तै हटाउनुपर्ने माग सबैतिरबाट उठिरहेको बेला सरकारले भने ०५९ जेठ १३ गते थप ३ महिनाकालागि पुनः संकटकाल जारी गरेको घोषणा गर्‍यो। राजनीतिक पार्टीहरू र नागरिक समाजबाट सरकारको यो निर्णयको चर्को विरोध भयो। ०५९ भदौ १२ गतेपछि मुलुकमा संकटकाल हटेको थियो।

यसरी यो वर्ष संकटकालीन अवस्थाको ८ महिनासम्म संविधान प्रदत्त न्यूनतम मौलिक अधिकारबाट समेत जनता वञ्चित रहे।

३.२ आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश- २०५८ जारी विधेयक पारित

यो ऐनमा विनापूर्जी पक्राउ गर्न पाइने भए पनि त्यसको सूचना यथाशक्य चाँडो दिनुपर्ने, ९० दिनसम्म मात्र नजरबन्दमा राख्न सकिने, सूचना दिएर मात्र खानतलासी गर्न पाइने, मुद्दा हेर्ने अधिकारीको अनुमति लिई पक्राउ भएको मितिले ६० दिनसम्म प्रहरी हिरासतमा राख्न सकिने, बाटाघाटामा खानतलासी गर्न अवरोध गर्ने सर्वसाधारणलाई समेत कैद वा जरिवानाको सजाय गर्नसक्ने लगायतको व्यवस्था गरिएको छ। ऐनका अनुसार आतंककारी कसूर सम्बन्धी मुद्दाको शीघ्र छिनोफानो गर्न विशेष अदालतको गठन गरिने छ। आतंककारी क्रियाकलाप गरी ज्यान मार्ने व्यक्ति षड्यन्त्रको नाइके र अह्राउने व्यक्तिलाई सर्वस्व सहित जन्मकैद हुनेछ।

पहिले अध्यादेशको रूपमा जारी भएको र पछि केही हेरफेरका साथ संसदबाट पारित आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनको प्रभाव अत्यन्तै नकारात्मक रह्यो। मानवअधिकारको रक्षा, सम्मान र सम्वर्द्धनका दृष्टिले यो ऐनको प्रभाव पूर्णतः मानवअधिकार विरोधी कानुनका रूपमा प्रस्तुत भयो।

यो ऐन अन्तर्गत सुरक्षा बललाई दिइएको अत्याधिक अधिकारका कारण मानवअधिकार उल्लंघनको अकल्पनीय ज्यादती बढ्न पुगेको थियो। निर्दोष नागरिकमाथि समेत अन्धाधुन्ध हिंसात्मक कारवाही चलाइयो। आतंककारीको नाममा जुनसुकै निरपराध व्यक्तिको हत्या हुने स्थिति सृजना भयो। कथित कानुनको सहारामा आतंककारी हैन कुल्ली काम गर्ने गरीव नागरिकको समेत ज्यान गयो, मोही किसानको समेत ज्यान गयो, थुप्रै निर्दोषको ज्यान गयो।

जुन उद्देश्यका साथ आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन लागू गरिएको थियो, त्यो उद्देश्य पूरा गर्न यो ऐन कतै पनि सफल भएन। यो ऐनको सहारामा सुरक्षा फौजले चलाएको गोलीबाट धेरैको ज्यान गयो, तर शान्ति स्थापना गर्ने उद्देश्यमा झनै संकट थपियो। कठोर कानुन निर्माणले मात्र समस्याको समाधान हुन सक्दैन भन्ने उदाहरण यो ऐन बन्न पुगेको छ। मानवअधिकार विरोधी छवि बोकेको यस्तो ऐनलाई तत्काल खारेज गर्नुपर्ने माग सबै क्षेत्रबाट भइरहेको छ।

३.३ सेना परिचालन यथावत

गत वर्ष संकटकालको घोषणा र आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश जारी भएकै दिनदेखि देशभरि शाही नेपाली सेना पनि परिचालित भएका थिए। सेनाको परिचालनपछि मानवअधिकारको रक्षा हुनुभन्दा पनि मानवअधिकार उल्लंघनका घटनाहरूमा वृद्धि हुन पुग्यो। यसको पुष्टि यसै वर्ष पुस्तकमा समेटिएका घटनाले नै गर्दछन्।

३.४ प्रधानसेनापतिद्वारा दलहरुमाथि आक्षेप

प्रधानसेनापति प्रज्ज्वल शमशेर जवराले मुलुकमा वहुदलीय प्रजातन्त्रको स्थापनाकालागि लडेका र वहुदलीय प्रजातन्त्रको १२ वर्षे कार्यकालमा शासन सत्तामा रहेका राजनीतिक दलहरुमाथि "कुशासन सृजना" गरेको गम्भीर आक्षेप लगाउनुभयो। ०५८ चैत १४ गते काठमाण्डौको शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजमा आयोजित दीक्षान्त समारोहमा बोल्दै प्रधान सेनापति राणाले भन्नुभयो- "विगत १२ वर्षसम्म राजनीतिक कारणले ल्याएको असहज परिस्थितिलाई राष्ट्रिय सुरक्षाको पहरेदार सेनामाथि थोपर्नु कतिको न्यायोचित हुन्छ ? सेनाले राष्ट्रिय सुरक्षाका सन्दर्भमा समय-समयमा दिएको सल्लाह तथा सुझावहरुलाई गम्भीरतापूर्वक नलिई किन वेवास्ता गरियो ?" यस्ता प्रश्नहरुको उत्तर खोज्न प्रधानसेनापतिले राजनीतिक पार्टीहरुलाई सल्लाह पनि दिनुभयो।

राष्ट्रिय सुरक्षा परिषद्का सदस्य समेत रहेका प्रधानसेनापति राणाले प्रधानमन्त्री शेरबहादुर देउवा तथा केही युवामन्त्रीबाट मात्र सुरक्षा निकायलाई सहयोग प्राप्त भएको बताउँदै भन्नुभयो- "सेनाले गरेको प्रत्येक कार्यको प्रतिफल राष्ट्र र राष्ट्रिय सुरक्षासँग नजोडी आफ्नै दलगत वर्चश्व कायम हुने स्वार्थी खेल किन भइरहेको छ ?"

राष्ट्रलाई यस्तो स्थितिमा ल्याउने काम राजनीतिक पार्टीहरुबाट भएकोतर्फ संकेत गर्दै प्रधानसेनापतिले प्रतिप्रश्न गर्नुभयो- "मुलुकको यो स्थिति कुशासनले सृजना भएको हो कि सेनाले ल्याएको ?"

राजनीतिक पार्टीहरुले राणाको अभिव्यक्ति राजनीतिक पार्टीका विरुद्ध मात्र नरही प्रजातन्त्रके विरुद्धमा रहेको निष्कर्ष निकालेका थिए। ०५८ चैत १९ गते प्रधानमन्त्री देउवाले "त्यस्ता कुरा नबोल्न प्रधानसेनापतिलाई सजग गराएको छु" भनेर प्रतिनिधिसभाको बैठकमा बोलेपछि मात्र अवरुद्ध रहेको सदन सुचारु रूपले संचालन भएको थियो। सोही दिन प्रधानसेनापति राणाले पनि एक वक्तव्य जारी गरी आफूले राजनीतिक सोच र चिन्तन नराखी सकारात्मक कुरा बोले पनि त्यसको अर्थमात्र नकारात्मक लागेको स्पष्टीकरण दिनुभएको थियो। आफ्नो स्पष्टीकरणमा राणाले शाही नेपाली सेना राजनीतिक नेतृत्वको मातहत रहेर आतंकवाद समाप्त पार्न र राष्ट्रियताको सम्बर्द्धन गर्न क्रियाशील रहेको कुरा पनि उल्लेख गर्नुभएको थियो।

३.५ माओवादी नेताको तस्वीर सार्वजनिक, जीवित वा मृत अवस्थामा बुझाउनेलाई पुरस्कार, रेड कर्नर नोटिस जारी

श्री ५ को सरकारले आतंककारी घोषणा गरेको नेकपा (माओवादी) का केही नेताहरूको तस्वीर पहिलो पटक ०५८ चैत २६ गते सरकारी सञ्चार माध्यमबाट सार्वजनिक गरेको थियो। माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड), मोहन वैद्य (किरण), बाबुराम भट्टराई लगायत डेढ दर्जन माओवादी नेताको तस्वीर सार्वजनिक गर्दै उनीहरु राष्ट्रविरोधी आतंककारी भएकाले कसैले देखेमा सुरक्षा निकायलाई खबर गर्न अनुरोध गरिएको थियो। माओवादी नेताहरूको तस्वीर सार्वजनिक ठाउँहरूमा समेत टाँसिएको थियो। यसपछि पनि माओवादीका विभिन्न स्तरका नेताहरुको तस्वीर क्रमशः सार्वजनिक गर्ने काम सरकारले गरेको थियो।

तस्वीर सार्वजनिक गरेको लगत्तै सरकारले ०५९ वैशाख १० गते माओवादी नेताहरूलाई जीवित वा मृत अवस्थामा बुझाउने व्यक्तिलाई ५० लाख रूपैयाँसम्म पुरस्कार दिने घोषणा गऱ्यो। माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराई र मोहन वैद्यलाई पक्राउ गर्ने वा नियन्त्रणमा लिई जीवित वा मृत अवस्थामा सुरक्षाकर्मीलाई बुझाउने व्यक्तिलाई पुरस्कारस्वरूप ५० लाख रूपैयाँ दिने घोषणा गरियो। यस्तो कार्यमा सुराकी दिई सोल नोकिएको व्यक्ति पक्राउ परेमा सुराकी दिने व्यक्तिलाई सरकारले ५० प्रतिशत पुरस्कार दिने घोषणा गऱ्यो।

सरकारको घोषणा अनुसार माओवादी नेता पोष्टबहादुर बोगटी, नन्दकिशोर पुन, कृष्णबहादुर महरा, सीपी गजुरेल लगायत्का स्तरका नेतालाई जीवित वा मृत अवस्थामा बुझाउनेलाई ३५ लाख रूपैयाँ तथा त्यस कार्यमा सुराकीको काम गर्नेलाई त्यसको ५० प्रतिशत उपलब्ध गराइने उल्लेख थियो। त्यस्तै केन्द्रीय कमिटीका सदस्यलाई जीवित वा मृत अवस्थामा बुझाउनेलाई २५ लाख रूपैयाँ र इन्चार्ज तथा प्लाटुन कमाण्डरलाई मृत वा जीवित अवस्थामा बुझाउनेलाई सरकारले १० लाख रूपैयाँ पुरस्कार दिने घोषणा गऱ्यो।

गृह मन्त्रालयका अनुसार आतंककारी क्रियाकलाप नियन्त्रण गर्ने क्रममा सरकारले यस्तो निर्णय गरेको हो। गृहको निर्णयपछि प्रहरी प्रधान कार्यालयले माओवादी नेताहरुबारे जानकारी गराउन सर्वसाधारणका नाममा सूचना जारी गरेको थियो।

सरकारको यो घोषणासँग गृहराज्यमन्त्री देवेन्द्रराज कँडेलले "झोलामा माओवादी नेताको टाउको बोकेर ल्याउन र त्यही झोलामा ५० लाख रुपैयाँ नगद पुरस्कार बुझेर लैजान" सार्वजनिक रुपमै आह्वान गर्नुभएको थियो।

सरकारले माओवादी नेताहरुको तस्वीर सार्वजनिक गर्ने र जीवित वा मृत अवस्थामा समाउनका लागि मोल तोक्ने निर्णयपछि उनीहरु विरुद्ध रेड कर्नर नोटिस जारी गर्‍यो। माओवादीका अध्यक्ष प्रचण्डसहित आठ उच्च नेता विरुद्ध सरकारले अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) मार्फत् रेड कर्नर नोटिस जारी गरेको हो। यो नोटिस जारी गर्न नेपाल प्रहरीले फ्रान्सको लियो स्थित इन्टरपोल महासचिवालयमा आवेदन दिएको थियो। महासचिवालयले छानविनपछि माओवादी अध्यक्ष सहितका विरुद्ध नोटिस जारी गरेको हो।

अन्तर्राष्ट्रिय कानुनका अनुसार इन्टरपोलका तर्फबाट नोटिस जारी भएपछि माओवादी नेताहरू अन्तर्राष्ट्रिय रूपमै अपराधी मानिने सरकारको दाबी थियो। इन्टरपोलले सीपी गजुरेल र हरिबोल गजुरेललाई ०५९ जेठ १० गते, पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराई र पम्फा भूसाललाई ०५९ असार ११ गते, अग्नि सापकोटालाई ०५९ असार ४ गते, रामबहादुर खड्कालाई ०५९ साउन ९ गते र देवेन्द्र पराजुलीलाई ०५९ साउन १८ गते नोटिस जारी गरेको थियो।

इन्टरपोलका सदस्य राष्ट्रहरुले यस्तो नोटिसमा परेका व्यक्ति आफ्नो क्षेत्रमा प्रवेश गरेमा पक्राउ गर्न सक्दछ। इन्टरपोल मार्फत् खोजी भइरहेको व्यक्ति समातिएमा उसलाई पक्राउ गर्न राष्ट्र र खोजीका लागि आवेदन गर्ने राष्ट्रका बीच सुपर्दगी सन्धि र अन्तर्राष्ट्रिय कानुनहरू अनुसार हुने विज्ञहरु बताउँछन्।

नेकपा (एमाले) लगायतका वामपन्थी पार्टीहरुले माओवादी नेतालाई जीवित वा मृत अवस्थामा बुझाउनेलाई पचास लाख रुपैयाँसम्म पुरस्कार दिने सरकारको घोषणा राजनीतिक निकासको प्रयासविपरीत गैर संवैधानिक भएको बताए। राजनीतिक निकासको प्रतिकूल मात्र नभई संविधानविपरीत निर्णय सरकारले गरेको वामपन्थी पार्टीहरुको ठहर थियो।

प्रतिनिधिसभा परराष्ट्र तथा मानवअधिकार समितिले पनि माओवादी नेताहरुका टाउकाको मोल तोक्ने सरकारको निर्णयप्रति गम्भीर आपत्ति जनाउँदै समस्याको समाधान राजनीतिक दलले वार्ता र माध्यमबाट हुनु पर्ने सुझाव दिएको थियो। विभिन्न मानवअधिकार संगठनहरूले कसैको पनि टाउकाको मूल्य तोक्ने कुरा घोर अप्रजातान्त्रिक र अमानवीय हुने बताए। नेपाल अधिराज्यको संविधान- २०४७ अनुसार टाउकाको मूल्य तोक्ने अधिकार कसैलाई पनि नभएको बताउँदै उक्त निर्णय फिर्ता लिन मानवअधिकारकर्मीहरूले सरकारलाई आग्रह समेत गरेका थिए।

३.६ दलहरुले मुलुकलाई गलत बाटोमा लैजान खोजेको रक्षासचिवको आरोप

रक्षासचिव पदमकुमार आचार्यले राजनीतिक दलहरूले माओवादी हिंसा विरूद्ध परिचालित सुरक्षाकर्मीलाई अनावश्यक आक्षेप लगाई मुलुकलाई गलत बाटोमा लैजान खोजेको आरोप लगाउनुभयो।

अहिलेको प्रमुख समस्या आतंकवाद भएको र त्यससँग लड्न स्रोत तथा साधनको कमी भइरहेको बेला सुरक्षाकर्मीप्रतिको टिप्पणीले समस्या झनै जटिल बन्ने धारणा उहाँको थियो। ०५९ वैशाख ५ गते काठमाण्डौमा रिपोर्टर्स क्लबद्वारा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै रक्षासचिव आचार्यले भन्नुभयो- "अमेरिकामा घटना भयो, अफगानिस्तानमा आक्रमण भएका छन्, त्यसबारे त्यहाँ सुरक्षाकर्मीप्रति आक्षेप लगाइएको पाइएको छैन। तर यहाँ सुरक्षाप्रति अनभिज्ञ रहेकाले किन आक्षेप लगाइरहनुपर्‍यो ? यस्तो कार्यद्वारा देशलाई गलत दिशामा लाने प्रयत्न भएको छ। यस्तो आक्षेपले समस्याको समाधान कहिल्यै हुँदैन।"

३.७ ऐनमा सुधार गर्न प्रहरी महानिरीक्षकको माग

प्रहरी महानिरीक्षक प्रदीपशमशेर राणाले प्रहरी संगठनलाई राजनीतिकरणबाट मुक्त गर्न र सबल बनाउन प्रहरी ऐनमा नै सुधार हुनुपर्ने माग गर्नुभयो। प्रतिनिधिसभा राज्य व्यवस्था समितिद्वारा ०५९ वैशाख ५ गते आयोजित अन्तर्क्रिया कार्यक्रममा महानिरीक्षक राणाले उक्त माग गर्नुभएको हो।

प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी प्रमुखको सरुवा गृहमन्त्रीबाट हुन नहुने धारणा उहाँको थियो। प्रमुख जिल्ला अधिकारीको सरुवा गृह सचिव र प्रहरी प्रमुखको सरुवा प्रहरी संगठनका प्रमुखले गर्ने व्यवस्था भयो भने मात्र प्रहरी संगठन र प्रशासनिक निकाय निष्पक्ष एवं सबल हुने कुरा महानिरीक्षक राणाले राख्नुभयो।

प्रहरी सरुवाको विषयलाई लिएर गृहमन्त्री

खुमबहादुर खड्का र प्रहरी महानिरीक्षक राणाबीच विवाद चर्किएको कुरा सार्वजनिक भइरहेकै समयमा राणाले त्यस्तो धारणा व्यक्त गर्नुभएको हो। काठमाण्डौंमा शतप्रतिशत प्रहरी संख्या वढाउनुपर्ने कुरा पनि उहाँले समिति समक्ष राख्नुभयो।

३.८ प्रतिनिधिसभा विघटन/मध्यावधि निर्वाचनको घोषणा

प्रधानमन्त्री शेरबहादुर देउवाले ०५८ जेठ ८ गते राति अचानक र आश्चर्यजनक रूपमा प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचन गर्नकालागि राजासमक्ष सिफारिस गर्नुभयो। राजाबाट पनि सोही दिन राति प्रतिनिधिसभा विघटन गरी ०५९ कार्तिक २७ गते आमनिर्वाचन गरिने घोषणा भयो।

सत्तारूढ नेपाली कांग्रेस पार्टीभित्र सरकार सञ्चालन र पार्टी सञ्चालनको विषयलाई लिएर प्रधानमन्त्री शेरवहादुर देउवा र पार्टी सभापति गिरिजाप्रसाद कोइरालाका बीच पहिलेदेखि नै द्वन्द्व चर्किएको थियो। कांग्रेस पार्टीभित्रको यो द्वन्द्वका कारण राष्ट्र एवं जनता समेत त्यो द्वन्द्वको परिणामबाट प्रताडित बन्न पुगे।

सरकार संकटकाल लम्ब्याउनुपर्छ भन्ने तर पार्टी संकटकाल हटाउनुपर्छ भन्ने दुई विपरीत अडानकै बीचमा कांग्रेस पार्टीको केन्द्रीय कार्यसमितिको वैठक वस्यो। वैठकले संकटकाल हटाउन र संकटकालको अनुमोदनकालागि सरकारले संसदमा दर्ता गरेको प्रस्ताव फिर्ता लिन प्रधानमन्त्री देउवालाई निर्देशन दियो। तर संकटकाल हटाउन नचाहने पक्षमा रहनुभएका प्रधानमन्त्री देउवाले पार्टीको निर्देशनविपरीत अकस्मात प्रतिनिधिसभा विघटन गर्ने सिफारिस गर्नुभयो।

सत्तासीन नेपाली कांग्रेस पार्टीको केन्द्रीय कार्यसमितिले संकटकालको अन्त्य गर्ने निर्णय गरेको अवस्थामा प्रधानमन्त्री देउवाका सामुन्ने दुई वटा उचित र उपयुक्त विकल्प थिए। आफ्नो पार्टीको निर्णय लागू गरेर अगाडि वढ्ने अथवा संकटकाल हटाउने हो भने प्रधानमन्त्री चलाउन सक्दिनँ भनेर राजीनामा गर्ने। तर उहाँले यी दुईवटै विकल्पको प्रयोग गर्नुभएन।

प्रतिनिधिसभा विघटनको घटनालाई राजनीतिक पार्टीहरूले पनि सकारात्मक रूपमा लिन सकेनन्। नेपाली कांग्रेस पार्टीले नै यो घटनालाई असवैधानिक र प्रजातन्त्र मास्ने षड्यन्त्रका रूपमा लियो भने नेकपा (एमाले) ले अस्वभाविक घटना वतायो। राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी, जनमोर्चा नेपाल र नेपाल मजदूर किसान पार्टीले पनि प्रतिनिधिसभा विघटनको घटना राष्ट्र, जनता र बहुदलीय प्रजातन्त्रको हितको पक्षमा नरहेको वताए।

यो घोषणाका विरूद्ध नेपाली कांग्रेसका ५६ जना र जनमोर्चा नेपालका ५ जना सांसदले सर्वोच्च अदालतमा मुद्दा नै दायर गरेका थिए। संसद पुनर्स्थापना हुनुपर्ने माग ती पार्टीको थियो। त्यसवाहेक अन्य तीन वटा मुद्दा पनि संसद पुनर्स्थापनाको माग गर्दै दर्ता गरिएका थिए।

शान्ति सुरक्षाको कारण कार्तिक २७ गते सहज रूपमा आमनिर्वाचन सम्पन्न हुनसक्ने स्थिति थिएन। यद्यपि सरकार भने संकटकाल लागू गरेरै भए पनि निर्वाचन गराउने पक्षमा उभियो। राजनीतिक पार्टीहरूले जनताका मौलिक अधिकारहरू निलम्बित भएको संकटकालको समयमा निर्वाचन हुन नसक्ने कुरा उठाइरहेका थिए। तर सरकारले भन्दै आए झैं प्रतिनिधिसभा विघटन विरूद्धको मुद्दामा सर्वोच्च अदालतले ०५९ साउन २५ गते फैसला गर्दै प्रधानमन्त्रीको सिफारिस संविधानसम्मत रहेको र संकटकालमा पनि निर्वाचन हुनसक्ने निर्णय सुनायो। राजनीतिक पार्टीहरूले जनताका मौलिक हक निलम्बित हुने संकटकाल लागू गरेर निर्वाचन गराउने कुरा प्रजातन्त्रको पक्षमा नरहेको प्रतिक्रिया सार्वजनिक गरे।

३.९ स्थानीय निकाय जनप्रतिनिधिविहीन

प्रजातन्त्र भनेको जनअधिकारको सम्मान गर्ने र जनप्रतिनिधिमूलक निकायलाई बलियो वनाउने राजनीतिक माध्यम मात्र होइन, जनतालाई सम्पूर्ण अधिकार सम्पन्न गराउने आधार पनि हो। प्रजातन्त्रमा विकेन्द्रीकरणको सिद्धान्तलाई स्थानीय तहमा जनअधिकारको प्रत्याभूत गराउने र मुलुकको निर्माणमा जनसहभागितालाई सक्रिय वनाउने महत्वपूर्ण मेरूदण्डको रूपमा लिइन्छ।

स्थानीय निकायलाई वढी अधिकार दिइनु पर्छ र पर्याप्त आर्थिक स्रोत उपलब्ध गराउनुपर्छ भन्ने लहर विश्वभरि नै चलेको छ। वहुदलीय प्रजातन्त्रको स्थापनापछि नेपालमा पनि स्थानीय निकायको महत्वलाई वुझेर यसलाई अधिकार सम्पन्न, स्वायत्त र आर्थिक स्रोतले पूर्ण वनाउनुपर्ने माग उठेको थियो। सोही अनुरूप स्थानीय स्वायत शासन ऐन-२०५५ र त्यसलाई स्पष्ट पार्न नियमावली पनि वन्यो।

स्थानीय निकायहरूमा स्थानीय जनता आफैंले नै जनप्रतिनिधि छान्ने भएकोले जनताको प्रत्यक्ष र अन्तरङ्ग सम्वन्ध केन्द्रीय सरकारसँग होइन, स्थानीय निकायहरूसँग हुन्छ। तसर्थ, स्थानीय निकाय वलियो हुनु भनेको प्रजातान्त्रिक शासन प्रणालीको जग वलियो हुनु भनिन्छ।

तर. नेपालमा आफूलाई प्रजातान्त्रिक बनाउने सरकारले नै कुनै निरंकुश र तानाशाही सरकारले झैं जनअधिकार खोस्ने काम गर्‍यो. प्रजातन्त्रको जग नै भत्काउने काम गर्‍यो। ०५९ साउन ३० गते सरकारले जनप्रतिनिधिमूलक निकायलाई जनप्रतिनिधिविहीन बनाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई नै लत्याउने काम गरेको छ। प्रजातन्त्रको रक्षा र विकास निर्माणको महत्वपूर्ण जग मानिने स्थानीय निकायलाई कर्मचारीको जिम्मा लगाएर सरकारले प्रजातन्त्रकालागि नसुहाउने काम गरेको छ।

०५९ असार मसान्तभित्रै स्थानीय निकायका जनप्रतिनिधिहरूको निर्वाचन सम्पन्न गराइसक्नुपर्ने थियो। तर श्री ५ को सरकारले शान्ति सुरक्षाको कारण स्थानीय निकायको निर्वाचन सम्पन्न गर्न नसक्ने जनाउँदै उक्त निर्वाचन एक वर्षपछि सार्ने निर्णय गरेको थियो। स्थानीय निकायको निर्वाचनलाई एक वर्षपछाडि सार्ने निर्णय सरकारले गर्ने बित्तिकै त्यहाँ क्रियाशील जनप्रतिनिधिहरूको म्याद एक वर्ष थप गर्ने माग जिल्ला विकास समिति महासंघ, नगरपालिका संघ, गाउँ विकास समिति राष्ट्रिय महासंघ लगायत राजनीतिक पार्टीहरू, सामाजिक संस्थाहरू र डीएफआइडी, डानिडा लगायतका स्थानीय विकास निर्माणमा महत्वपूर्ण सहयोग पुर्‍याइरहेका दातृ संस्थाहरूले समेत गरेका थिए। तर, सरकारले स्थानीय निकायलाई कर्मचारीको जिम्मा लगाउने निर्णय गर्‍यो। यो निर्णयले जनताप्रति उत्तरदायी जननिर्वाचित निकायहरू जनप्रतिनिधिको इच्छामा होइन सरकारको निर्देशन अनुरूप कर्मचारीतन्त्रबाट सञ्चालित हुन पुगे।

स्थानीय स्वायत्त शासन ऐन अनुसार, जनप्रतिनिधिबाट मात्र हुनसक्ने कामलाई नयाँ निर्देशन जारी गरेर अधिकार प्रत्यायोजन गरी कर्मचारीबाट गराउने निर्णय स्थानीय विकास मन्त्रालयले ०५९ भदौ ११ गते गरेको थियो। विकेन्द्रीकरण सम्बन्धी विज्ञ चक्रमेहर वज्राचार्य स्थानीय निकायका जनप्रतिनिधिहरूलाई निक्षेपण गरेको अधिकार खोस्न र निलम्बन गर्न नपाइने बताउनुहुन्छ। वज्राचार्य भन्नुहुन्छ–"हाम्रो देशमा लागू भएको स्वायत्त शासन भनेको अधिकार निक्षेपण हो। निक्षेपण भन्नुको मतलब स्थानीय स्तरले नै जिम्मेवारी लिएर काम गर्नुपर्छ र स्थानीय नेतृत्व नै जिम्मेवार हुनुपर्छ। निक्षेपण गरिएको अधिकारलाई प्रत्यायोजन गरेको अधिकार जस्तो निलम्बन गर्न फिर्ता लिन र खारेज गर्न मिल्दैन।"

यसरी विकेन्द्रीकरण विज्ञहरूले समेत स्थानीय निकाय कर्मचारीलाई सुम्पिने र अधिकार प्रत्यायोजित गर्ने कुरा नियम, कानुन र संविधानको भावनाविपरीत हुने कुरा बताउँदा-बताउँदै पनि सरकारले स्थानीय निकाय कर्मचारीलाई सुम्पिने निर्णय गरेको थियो।

३.१० चुनाव सार्न प्रहरी प्रमुखको सुझाव

०५९ कार्तिक २७ गतेको घोषित आमनिर्वाचनका सन्दर्भमा आयोजितको सर्वदलीय बैठकमा प्रहरी महानिरीक्षक प्रदीप शमशेर राणाले व्यक्त गरेका विचारले निर्वाचन समयमा नहुने भन्ने आशंकालाई थप बल पुर्‍याउने काम गर्‍यो। राणाले सर्वदलीय बैठकमा आमनिर्वाचनलाई चार महिना पछाडि सार्नु उपयुक्त हुने सुझाव प्रस्तुत गर्नुभएको थियो।

प्रहरी महानिरीक्षक राणाको अभिव्यक्तिलाई राजनीतिक पार्टीहरूले षड्यन्त्रपूर्ण आशयको रूपमा लिए। घोषित मितिको निर्वाचनलाई पर सार्नुपर्दछ भन्ने भनाइ र घोषित मितिमा निर्वाचन हुन सक्दैन भन्ने भनाइ ०४६ सालको उपलब्धीलाई समाप्त गर्ने संवैधानिक षड्यन्त्रको रूपमा प्रस्तुत भएको टिप्पणी राजनीतिक पार्टीहरूको थियो।

निर्वाचनलाई चार महिना पछाडि सार्ने सुझाव निर्वाचन आयोग समक्ष प्रस्तुत गरेर चरम विवादमा परेका प्रहरी महानिरीक्षक राणासँग सरकारले स्पष्टीकरण सोधेको थियो। राणाले आफ्नो स्पष्टीकरणमा भने आफूले त्यसरी चुनाव सार्ने कुरा नगरेको बताउनुभयो। राणाले स्पष्टीकरणपत्रमा आफूले सात चरणमा चुनाव गराउँदा फागुनसम्म लाग्न सक्ने भनी बोलेको कुरालाई पत्रपत्रिकाले गलत किसिमले सम्प्रेषण गरेको दाबी गर्नुभएको थियो।

३.११ आमनिर्वाचन ६ चरणमा गर्ने घोषणा

आमनिर्वाचन हुने वा नहुने भन्ने आशंका बढ्दै गएको र राजनीतिक पार्टीहरूले चार चरणसम्ममा आमनिर्वाचन सम्पन्न गरिनुपर्ने माग गरिरहेको बेला ०५९ असोज १२ गते निर्वाचन आयोगले ६ चरणमा आमनिर्वाचन सम्पन्न गर्ने कार्यक्रम सार्वजनिक गर्‍यो।

निर्वाचन आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यक्रम अनुसार पूर्व घोषित कार्तिक २७ गतेबाट आमनिर्वाचन शुरू भई पुस २६ गते मात्र सम्पन्न हुने थियो। पहिलो चरणमा १५ जिल्लामा, दोस्रो चरणमा १४ जिल्लामा, तेस्रो चरणमा १३ जिल्लामा, चौथो चरणमा १० जिल्लामा, पाँचौं चरणमा १२ जिल्लामा र छैटौं चरणमा ११

जिल्लामा निर्वाचन गरिने कार्यक्रम सार्वजनिक गरिएको थियो।

आमनिर्वाचन सम्पन्न गर्नकालागि आवश्यक तयारी गरी राजनीतिक पार्टीहरूलाई विश्वासमा लिएर निर्वाचनको परिस्थिति निर्माण गर्नुपर्नेमा त्यसो नगरिकन एकैपटक निर्वाचन कार्यक्रम सार्वजनिक गर्नुले पार्टीहरू झनै सशंकित बन्न पुगेका थिए।

शान्ति सुरक्षाका कारण स्थानीय निर्वाचन गर्न नसकिने भनेर सरकारले ०५९ असार मसान्तसम्ममा सम्पन्न भइसक्नुपर्ने स्थानीय निर्वाचनलाई एकवर्ष पछाडि सारेर स्थानीय निकाय कर्मचारीको जिम्मा लगाएको थियो। सरकार र निर्वाचन आयोगले समयमै निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता सार्वजनिक गर्दै आए पनि उनीहरूको व्यवहारबाट त्यस्तो प्रतिबद्धता व्यक्त हुन सकेको थिएन। अन्ततः निर्धारित समयमा निर्वाचन सम्पन्न हुन पनि सकेन।

३.१२ निर्वाचन सार्न प्रधानमन्त्रीको सिफारिस

प्रधानमन्त्री शेरबहादुर देउवाले ०५९ असोज १७ गते निर्वाचनको मिति एक वर्ष पछाडि सार्न राजासमक्ष सिफारिस गर्नुभयो। ०५९ कार्तिक २७ गतेकालागि घोषित आमनिर्वाचन ०६० मंसिर ३ गते गर्नका लागि प्रधानमन्त्री देउवाले सिफारिस गर्नुभएको थियो।

मुलुकमा विषम परिस्थिति सृजना भएको जनाउँदै संविधानको धारा १२७ को प्रयोग गरी निर्वाचनको मिति पर सार्न प्रधानमन्त्रीले राजा समक्ष प्रस्ताव जाहेर गर्नुभएको थियो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम ०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटन गरी ०५९ कार्तिक २७ गते प्रतिनिधिसभाकालागि निर्वाचन हुने मिति घोषित भएकोमा देशमा विद्यमान विषम परिस्थितिलाई दृष्टिगत गर्दा नेपाल अधिराज्यको संविधान- २०४७ को धारा ५३ को उपधारा (४) बमोजिम ६ महिनाभित्र नयाँ प्रतिनिधि सभाकालागि निर्वाचन हुन सक्ने स्थिति नदेखिएको कुरा प्रधानमन्त्रीले प्रस्तावमा उल्लेख गर्नुभएको थियो। यस्तो अवस्थामा संविधानको धारा ५३ को उपधारा (४) को कार्यान्वयन गर्नमा बाधा-अड्काउ परेको हुँदा नेपाल अधिराज्यको संविधान- २०४७ को धारा १२७ बमोजिम बाधा अड्काउ फुकाउने आदेश जारी गरी ०५९ कार्तिक २७ गतेको सट्टा ०६० मंसिर ३ गतेका दिन नयाँ प्रतिनिधिसभाकालागि निर्वाचन हुने मिति तोक्न समेत राजामा जाहेर गर्नुभएको थियो।

मुलुकमा शान्ति सुरक्षाको स्थिति अत्यन्तै गम्भीर रहेको र घोषित मितिमा आमनिर्वाचन सम्पन्न हुन सक्ने सम्भावना पनि नरहेको अवस्थालाई ध्यानमा राखेर ०५९ असोज १३ गते प्रधानमन्त्री देउवाको निवासमा सर्वदलीय बैठकको आयोजना गरिएको थियो। नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी, जनमोर्चा नेपाल र नेपाल मजदुर किसान पार्टीको उपस्थिति रहेको उक्त सर्वदलीय बैठकले निर्धारित मितिमा आमनिर्वाचन हुन नसक्ने अवस्थामा प्रधानमन्त्री देउवालाई संविधानसम्मत ढंगले उपयुक्त निकास खोज्न सिफारिस गरेको थियो। यसरी राजनीतिक पार्टीहरूले निर्वाचन सार्न सहमति दिन र प्रधानमन्त्रीले निर्वाचन पर सार्न राजासमक्ष सिफारिस गर्नु संविधानको ठाडो उल्लंघन भएको टिप्पणी केही कानुनविद्ले गरेका छन्।

प्रधानमन्त्री देउवाले सर्वदलीय बैठकको यही निर्णयलाई आधार बनाएर आमनिर्वाचनलाई एक वर्ष पछाडि सार्ने सिफारिस गर्नुभयो। सर्वदलीय बैठकले संविधान सम्मत ढंगले अगाडि बढ्न सहमति जनाएकोमा प्रधानमन्त्रीले त्यो सहमतिको उल्लंघन गर्नुभएको प्रतिक्रिया अन्य राजनीतिक पार्टीले व्यक्त गरेका थिए।

३.१३ मन्त्रिपरिषद् विघटन/आमनिर्वाचन स्थगन कार्यकारिणी अधिकार राजामा

प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाल अधिराज्यको संविधान- २०४७ को धारा १२७ बमोजिम बाधा अड्काउ फुकाउन र आमनिर्वाचनलाई एक वर्ष पछि सार्न ०५९ असोज १७ गते राजासमक्ष गरेको सिफारिसबाट संवैधानिक गतिरोध वा रिक्तताको असहज अवस्था देखा परेको बताउँदै राजाबाट ०५९ असोज १८ गते देउवा मन्त्रिपरिषद् विघटन र आमनिर्वाचन स्थगनको घोषणा गरी मुलुकको कार्यकारिणी अधिकार आफुमा लिइबक्सियो। श्री ५ को घोषणामा प्रधानमन्त्री देउवालाई संविधान बमोजिम आमनिर्वाचन समयमै सम्पन्न गर्न नसकेकोले "असक्षम प्रधानमन्त्री" को रूपमा पदमुक्त गरी मन्त्रिपरिषद् विघटन गरिएको कुरा उल्लेख छ।

श्री ५ बाट असोज १८ गतेको घोषणामा नेपाल अधिराज्यको संविधान- २०४७ को धारा १२७ बमोजिम प्रधानमन्त्रीलाई पदमुक्त गरी मन्त्रिपरिषद् विघटन गरेको र प्रतिनिधिसभाकालागि ०५९ कार्तिक २७ गते हुने निर्वाचन स्थगित गरेको आदेश जारी गरिएको कुरा पनि उल्लेख छ। नेपाल अधिराज्यको कार्यकारिणी अधिकार श्री ५ मा

निहित राखी अर्को व्यवस्था नभएसम्म मुलुकको शासनभार पनि श्री ५ बाटै स्वयं ग्रहण गरिबक्सेको थियो। नयाँ मन्त्रिपरिषद् गठन गर्नका लागि पाँच दिनभित्र स्वच्छ छवि भएका तथा आमनिर्वाचनमा उम्मेदवार नहुने व्यक्तिहरूको नाम सुझाव गरेर पठाई राजनीतिक दलहरूबाट सहयोग हुने विश्वास पनि शाही घोषणामा उल्लेख छ।

प्रधानमन्त्री देउवाले संविधानको धारा १२७ को बाधा-अड्काउ फुकाउने अधिकार प्रयोग गरी आमनिर्वाचन पछाडि सार्ने आदेश जारी हुन राजामा जाहेर गर्नुभएको थियो। तर, श्री ५ बाट प्रधानमन्त्री देउवालाई संविधानको धारा ५२(४) अनुसार प्रतिनिधिसभा विघटनको ६ महिनाभित्र आमनिर्वाचन सम्पन्न गर्न नसकेको तथा संविधान बमोजिम समयमै आमनिर्वाचन सम्पन्न गर्न असक्षम भएकाले पदमुक्त गरी संविधानको धारा १२७ कै प्रयोग गरेर मन्त्रिपरिषद् विघटन र आमनिर्वाचन स्थगित गरिएको घोषणा गरिबक्सेको हो।

नेपाल अधिराज्यको संविधान- २०४७ को धारा १२७ मा बाधा-अड्काउ फुकाउने अधिकार अन्तर्गत भनिएको छ-"श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधा-अड्काउ परेमा त्यस्तो बाधा-अड्काउ फुकाउन आदेश जारी गरिबक्सने छ र यस्तो आदेश संसद समक्ष राखिनेछ।"

संविधानको यो व्यवस्थाको प्रयोग नेपाल अधिराज्यको संविधान- २०४७ को रक्षाको पक्षमा हुनुपर्नेमा यो संविधानलाई नै समाप्त गर्ने उद्देश्यले संविधानको धारा १२७ को प्रयोग भएको आरोप प्रमुख राजनीतिक पार्टीहरूको छ। उनीहरूले असोज १८ गतेको घोषणा बहुदलीय संसदीय प्रजातन्त्रको विरूद्ध रहेको बताउँदै आएका छन्।

शाही घोषणामा "अब बन्ने सरकारले यथाशीघ्र शान्ति सुरक्षाको व्यवस्था मिलाई निर्वाचन सम्पन्न गराउने छ" भन्ने उल्लेख भए पनि मुलुकमा प्रतिगमनलाई स्थापित गराउने उद्देश्यले प्रस्तुत भएको बताउँदै संसदमा प्रतिनिधित्व गरिरहेका राजनीतिक पार्टीहरू शाही घोषणाप्रति पूर्णतः नकारात्मक देखिएका छन्।

३.१४ राष्ट्रिय सभाको बैठक बोलाइएन

प्रतिनिधिसभा विघटन भएको र असोज १८ गतेपछिको राजनीतिक संकटका समयमा राष्ट्रिय सभाको बैठक बस्नु आवश्यक सम्झी राजनीतिक पार्टीहरूले सरकार समक्ष बैठक डाक्न माग गरे। राजनीतिक पार्टीहरू सँगसँगै राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने सबै पार्टीका सांसदहरूको तर्फबाट पनि अविलम्ब राष्ट्रिय सभाको बैठक डाक्न सरकारसँग माग गरियो। तर, सरकारले राजनीतिक पार्टीहरू र राष्ट्रिय सभाका सदस्यहरूद्वारा गरिएको बारम्बारको आग्रहलाई सुनेन। सरकारले राष्ट्रिय सभाको बैठक डाकेर मुलुकका समस्याहरूका बारेमा छलफल गर्ने उद्देश्य राखेन।

३.१५ राहतको नाममा आहत

यो वर्ष पनि श्री ५ को सरकारले जनतालाई राहत दिने घोषणा गर्‍यो। तर, राहतका नाममा सरकारबाट जनता आहत भए।

देउवा सरकारका समयमा जनताका अत्यावश्यक वस्तुहरूको आपूर्ति सर्वसुलभ ढंगले गराउने र मूल्य नियन्त्रण गर्ने घोषणा गरिएको थियो। तर, मूल्य नियन्त्रण भएन। जनता महँगीको मारलाई व्यहोर्न बाध्य भए। कर्णाली अञ्चलका जनता खाद्यान्न अभावबाट निकै पीडित भए।

चन्द सरकारको गठन मुलुकमा स्वच्छ शासन कायम गर्ने, आर्थिक सुधारका कार्यक्रमहरू लागू गर्ने, तत्काल अधिराज्यभर आधारभूत स्वास्थ्य सुविधा सुलभ गराउने, मूल्य नियन्त्रण गर्ने लगायतका घोषणासहित भएको थियो। तर यो सरकारले पनि आफ्ना घोषणाका कुनै पनि प्रतिबद्धताहरू पूरा गर्न सकेन। उल्टो जनतालाई राहत दिने नाममा मूल्यवृद्धि गर्‍यो। ०५९ मंसिर ७ गतेदेखि सरकारले पेट्रोलमा प्रतिलिटर ६ रूपैयाँ र खाना पकाउने एलपी ग्याँसमा प्रति सिलिण्डर एक सय रूपैयाँ मूल्यवृद्धि गरेको थियो। पेट्रोलियम पदार्थमा भएको यो मूल्य वृद्धिको असर अन्य वस्तुमा पनि परेको थियो।

३.१६ निर्वाचनप्रति उदासीनता

प्रधानमन्त्री शेरबहादुर देउवा समयमै आमनिर्वाचन गर्न नसकेपछि असक्षम भनी पदमुक्त गरिनु भएको थियो। प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा गठित सरकारको सबैभन्दा प्रमुख काम भनेकै यथाशीघ्र आमनिर्वाचन सम्पन्न गराउनु हो। तर, सरकार भने त्यो जिम्मेवारीप्रति खासै गम्भीर देखिएको छैन।

चन्द सरकारले यो वर्ष निर्वाचनका सम्बन्धमा तयारी त के कुनै चासोसम्म देखाएन। नयाँ निर्वाचन गराउने प्रमुख जिम्मेवारी बोकेको सरकारले

निर्वाचनकालागि कुनै चासो नदेखाउनु र त्यसको तयारीमा नलाग्नुले धेरै आशंकाहरू उब्जिएका छन्। राजनीतिक पार्टीहरूले वर्तमान सरकारले निर्वाचन गराउने नियत नराखेको बताउँदै आएका छन्। प्रधानमन्त्री चन्द तथा अन्य मन्त्रीहरूले यथाशीघ्र निर्वाचन गराएर निर्वाचित सरकारलाई सत्ता सुम्पन वर्तमान सरकार आतुर रहेको भाषण गर्ने गरे पनि भित्री आशय त्यस्तो नरहेको टिप्पणी पनि पार्टीहरूले गर्ने गरेका छन्।

संविधान अनुसार स्थानीय निर्वाचन आगामी असार मसान्तभित्र भइसक्नुपर्ने छ। तर, स्थानीय निर्वाचनका लागि न सरकारले कुनै तयारी गरेको छैन भने त्यसयता आमनिर्वाचन हुनसक्ने स्थिति पनि छैन। निर्वाचनप्रति सरकारको उदासीनताले आमनिर्वाचन मात्र हैन स्थानीय निर्वाचन समेत समयमै सम्पन्न हुन नसक्ने देखिन्छ।

३.१७ राजदरबार खर्च व्यवस्था अध्यादेश जारी

सरकारले राजपरिवार खर्च व्यवस्था सम्बन्धी नयाँ अध्यादेश ल्याएर श्री ५ लाई स्वविवेकमा आफ्नो र आफ्ना परिवारका सदस्यको भत्ता सुविधा वढाउने र हेरफेर गर्नसक्ने अधिकार प्रदान गरेको छ। चन्द मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा श्री ५ बाट ०५९ मंसिर १२ गते प्रजातन्त्र पुनर्स्थापनापछिको १२ वर्षसम्म निस्क्रिय रहेको राजपरिवार खर्च व्यवस्था ऐन २०३१ लाई संशोधन गर्न बनेको "राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश- २०५९" जारी गरिबक्सेको थियो।

राजपरिवार खर्च व्यवस्था ऐन- २०३१ मा श्री ५ र राजपरिवारका सदस्यको खर्चमा हेरफेर गर्न र वढाउन परेमा प्रधानमन्त्रीको अध्यक्षतामा रहेको समितिले प्रतिवेदन दिने र सोही अनुसार श्री ५ बाट घोषणा हुने प्रावधान थियो। तर अहिले जारी भएको नयाँ अध्यादेशमा ऐनको दफा १८ को पुरानो व्यवस्थालाई खारेज गरी राजा र राजपरिवारका सदस्यको भत्ता, सुविधा सम्बन्धी निर्णय गर्ने अधिकार राजालाई दिइएको हो।

३.१८ गृहमन्त्रीको गैरजिम्मेवार अभिव्यक्ति

गृहमन्त्री धर्मबहादुर थापाले आतंककारी घोषित माओवादीका प्रमुखदेखि विभिन्न तहका नेताको टाउकाको मूल्य तोक्ने पूर्ववर्ती सरकारको निर्णय नयाँ सरकारलाई थाहा नभएको बताउनुभयो। माओवादीलाई आतंककारी घोषणा गरिएको र टाउकाको मोल तोकिएको बारे आफूहरूलाई जानकारी नरहेको दावी गृहमन्त्री थापाको थियो। उहाँले भन्नुभयो- "टाउकाको मूल्य कसले राख्यो थाहा छैन। माओवादीलाई आतंकवादी कांग्रेसले भनेको हो। त्यसलाई हामी मान्दैनौं।"

०५९ मंसिर १४ गते काठमाण्डौमा रिपोर्टर्स क्लवद्वारा आयोजित साक्षात्कार कार्यक्रममा गृहमन्त्री थापाले आतंककारी नेतालाई जीवित या मृतरूपमा बुझाउनेलाई पुरस्कार दिने निर्णय र माओवादीलाई आतंककारी भन्ने ऐन निस्क्रिय भइसकेको संकेत समेत दिनुभयो। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनले माओवादीलाई आतंककारी घोषित गरेको छ। सो दुई वर्ष अवधि भएको ऐन सरकारले फिर्ता नलिएसम्म माओवादी कानुनतः आतंकवादी ठहरिन्छ। तर सरकारले त्यो ऐन फिर्ता लिने काम गरेको छैन।

टाउकाको मूल्य तोक्ने निर्णय र आतंकवादी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन फिर्ता लिएर गृहमन्त्रीले त्यस्तो भनेको भए उहाँको भनाइलाई मानवअधिकारको पक्षमा सकारात्मक मान्न पनि सकिन्थ्यो। तर सरकारको निर्णय फिर्ता नै नलिई अघिल्लो सरकारको निर्णय मान्दैनौं भन्नुलाई गृहमन्त्रीको गैरजिम्मेवार अभिव्यक्तिको रूप लिन सकिन्छ।

३.१९ हिरासतमा हत्या/हिरासतबाट बेपत्ता

यो वर्ष हिरासतमा हत्या गरिएका घटना पनि सार्वजनिक चर्चामा रहे। हिरासतमा हत्या भएको घटनालाई राष्ट्रिय मानवअधिकार आयोगले समेत पुष्टि गरेको छ।

राष्ट्रिय जनमोर्चा, वाग्लुङ्गका तीनजना कार्यकर्ता रोशनध्वज मल्ल, डोरबहादुर छन्त्याल र शिक्षक टीका छन्त्याललाई सुरक्षाकर्मीले गिरफ्तार गरेपछि माओवादी आतंककारी भनी हत्या गरिएकोमा चिन्ता व्यक्त गर्दै राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्रीले भन्नुभयो- "नागरिकको जीउ धनको रक्षा गर्ने दायित्व भएका सुरक्षाकर्मीले गिरफ्तारीपछि कसैको हत्या गरे, त्यो भन्दा डरलाग्दो स्थिति अरू हुँदैन। कसैलाई समातेर त्यसै मारिन्छ भने त्यो भन्दा डरलाग्दो के होला ?"

राष्ट्रिय मानवअधिकार आयोगद्वारा ०५८ चैत १२ गते आयोजित "संकटकाल र मानवअधिकारको स्थिति" विषयक अन्तर्क्रिया कार्यक्रममा अध्यक्ष खत्रीले भन्नुभयो- "घरमा बसेको मान्छेलाई लगेर मारिन्छ भने

स्थिति डरलाग्दो भयो। शान्ति सुरक्षा गर्न खटाइएका व्यक्तिले अधिकार दुरुपयोग गर्नु एकदमै डरलाग्दो स्थिति भयो।" काठमाण्डौंको टोखा सरस्वतीमा सुरक्षा फौजले गिरफ्तार गरेर लगेको दुई दिनपछि मारिएका कान्छा डंगोलका सन्दर्भमा पनि उहाँले चर्चा गर्नुभएको थियो।

कार्यक्रममा संकटकाल लागू भएयता सरकारी निकायहरूले राष्ट्रिय मानवअधिकार आयोगलाई समेत वेवास्ता गर्न थालेको आयोगका सदस्य सुशील प्याकुरेलले वताउनुभयो। संकटकाल लागू भएयता वेपत्ता पारिएका ९६ उजुरी दर्ता भएकोमा आयोगले सरकारलाई ६९ पत्र पठाएको भए पनि ३९ को मात्र जवाफ प्राप्त भएको उहाँले जानकारी गराउनुभयो।

सुरक्षा निकायवाट संकटकालमा अधिकार दुरुपयोग गरिएका विभिन्न उदाहरणहरू प्रस्तुत गर्दै आयोगका सदस्य प्याकुरेलले एक महिनाअघिदेखि प्रहरीले समातेर वेपत्ता पारेको एउटा व्यक्तिलाई उसको परिवारले खोजी गर्दा "गिरफ्तार गरिएको छैन" भनेर सुरक्षानिकायले जवाफ दिए पनि अर्को दिन ऊ मारिएको खवर सार्वजनिक गरिएको वताउनुभयो। उहाँले भन्नुभयो– "हिरासतमा मारिएको व्यक्तिवारे प्रमुख जिल्ला अधिकारीले जवाफ दिनु पर्नेमा हामीले जवाफ दिनुपर्ने वाध्यता छ।"

प्रजातन्त्रमा प्रहरी हिरासतमा हत्या गर्ने र सुरक्षाकर्मीको गिरफ्तारीपछि नागरिकलाई वेपत्ता पार्ने घटना अत्यन्तै लाजमर्दो र निन्दनीय मानिन्छ। तर, यो वर्ष हिरासतमा यातना दिने, वेपत्ता पार्ने र हत्या गर्ने घटना धेरै भए। यस्ता घटना धेरै भएपछि ०५९ कार्तिक ७ गते राष्ट्रिय मानवअधिकार आयोगले सरकारलाई विनाअभियोग कसैलाई पक्राउ गर्ने वेपत्ता नपार्न सचेत गराएको थियो।

३.२० हिरासतमा पत्रकारको हत्या

पत्रकार एवं माओवादी नेता कृष्ण सेन "इच्छुक" को प्रहरी हिरासतमा हत्या गरियो। माओवादी निकट "जनादेश" साप्ताहिकका पूर्व सम्पादक एवं "जनदिशा" दैनिकका सम्पादक सेनलाइ ०५९ जेठ ६ गते गिरफ्तार गरिएको थियो। गिरफ्तारीको लगत्तै उनको हत्या गरिएको समाचार ०५९ असार १२ गते सार्वजनिक भएको थियो।

यो वर्ष सुरक्षाकर्मीद्वारा १ सय जना भन्दा वढी पत्रकारहरू गिरफ्तार गरिए। उनीहरूलाई यातना दिने काम पनि सुरक्षाकर्मीवाट भयो। सुरक्षाकर्मीवाट पत्रकारलाई कुटपिट गर्ने धम्की दिइएका घटना पनि भए।

पत्रकार कृष्ण सेनको हत्याको न्यायिक छानविन गर्ने र पत्रकारहरूलाई गिरफ्तार गर्ने, यातना दिने, धम्की दिएर कुटपिट गर्ने, दुर्व्यवहार गर्ने लगायतका विषयलाई लिएर नेपाल पत्रकार महासंघले संघर्ष संचालन गऱ्यो। "पत्रकारहरूलाई स्वतन्त्रतापूर्वक वाँच्न र लेख्न देऊ" भन्ने नाराका साथ शुरू गरिएको संघर्षका क्रममा पत्रकारहरूका माग पूरा गर्ने सम्झौता सरकारसँग भएको थियो।

सरकारले गृहमन्त्रालयका सहसचिव सुशीलजंगवहादुर राणाको संयोजकत्वमा पत्रकार कृष्ण सेनको मृत्युवारे छानविन गर्न तीन सदस्यीय समितिको गठन गरेको थियो। हिरासतमा प्रहरी यातनावाट पत्रकार सेनको मृत्यु भएको थियो। तर सरकारले भन्दै आए झैं समितिले पनि भिडन्तमा सेनको मृत्यु भएको पुष्टि गर्ने प्रयास गरेको थियो।

३.२१ हत्या गर्ने पुरस्कृत !

पत्रकार कृष्ण सेनलाई प्रहरी हिरासतमा चरम यातना दिएपछि उनको मृत्यु भएको र उनलाई त्यसरी यातना दिने डीएसपी विक्रम सिंह थापा रहेको चर्चा चलिरहेको वेला तिनै प्रहरी अधिकृत पुरस्कृत गरिए।

मानवअधिकार र शान्तिका लागि क्रियाशील हुने र प्रहरी सेवाभित्र उत्कृष्ट कार्य गर्नेलाई नेपाल प्रहरीले उत्कृष्ट प्रहरी पुरस्कार प्रदान गर्ने गरेको छ। "पूर्ण शान्ति पुरस्कार" नामको त्यो उत्कृष्ट प्रहरी पुरस्कार यो वर्ष डीएसपी थापालाई दिने निर्णय नेपाल प्रहरीले गरेको थियो। नगद ५० हजार राशीको सो पुरस्कार हरेक वर्ष प्रहरी दिवसको दिन प्रदान गर्ने गरिन्छ। उक्त पुरस्कार डीएसपी थापालाई ०५९ असोज ३१ गते प्रदान गरिएको थियो।

डीएसपी थापालाई पुरस्कृत गरिएकोमा पत्रकार र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले पनि विरोध जनाएका थिए। प्रहरी अधिकृत थापालाई "व्यावसायिकता" र "साहस" को कदरस्वरूप दिइएको पुरस्कार फिर्ता लिन संसारभरिका पत्रकारहरूको सुरक्षाका निम्ति आवाज उठाउँदै आएको संस्था रिपोर्टर्स वीदआउट वोर्डर (रिपोर्टर्स सॉं फ्रान्ते) ले प्रधानमन्त्री लोकेन्द्रवहादुर चन्दलाई ०५९ कार्तिक २ गते पत्र नै लेखेको थियो। सो संस्थाका महासचिव रोवर्ट मेनर्डले प्रधानमन्त्रीलाई लेखेको पत्रमा भनेका छन्– "उत्पीडकलाई पुरस्कृत गर्नु घृणित कार्य हो।"

३.२२ औषधि र खाद्यान्न आपूर्तिमा रोक

सुरक्षा निकायले आतंककारी घोषित माओवादीका विरूद्ध कारवाही चलाउने नाममा माओवादी प्रभावित भनिएका केही ठाउँमा औषधि र खाद्यान्न आपूर्ति समेतमा रोक लगायो। रोल्पा, रूकुम, जाजरकोट लगायतका जिल्लाका केही दुर्गम ठाउँमा स्थानीय जनतालाई खाद्यान्न लिएर जान मात्र प्रतिबन्धित गरिएन, बिरामीलाई खुवाउने औषधि समेत लैजान निषेध गरियो।

माओवादी प्रभावित गाउँमा औषधि र खाद्यान्न लैजान नदिएपछि त्यहाँ रहेका माओवादी आफैं मरेर समाप्त हुने सोच सुरक्षा निकायले गरेको थियो। उनीहरूको त्यस्तो नाकाबन्दीका कारण त्यस्ता गाउँमा थुप्रै सर्वसाधारण भोक र रोगबाट प्रभावित बन्न पुगे।

आतंकवाद विरूद्ध लड्ने नाममा कहींको पनि राज्य प्रशासनले जनतालाई औषधि र खाद्यान्नबाटै वञ्चित गर्ने काम गर्नु घोर मानवअधिकार विरोधी कुरा हो। संसारको कुनै पनि कानुनले यस्तो कारवाहीको समर्थन गर्न सक्दैन। नागरिकहरूबीच औषधि र खाद्यान्न जस्ता अत्यावश्यक वस्तुहरू लैजानलाई अघोषित रूपमा प्रतिबन्ध लगाउनु मानवअधिकार विरोधी मात्र होइन सामान्य मानवता र मानवीय भावनाको समेत विरोधी कुरा हो।

४. विगतका समस्या समाधानमा सरकारको भूमिका

विगत वर्षहरूदेखि नै चर्चामा रहेका र मानवअधिकारसँग पनि जोडिँदै आएका कतिपय समस्याको समाधान यो वर्ष पनि हुन सकेन। केही प्रमुख समस्याहरूलाई यहाँ उल्लेख गरिएको छ–

४.१ भुटानी शरणार्थी समस्या

विगत बाह्र वर्षदेखिको भुटानी शरणार्थी समस्याको समाधान, यो वर्ष पनि सम्भव भएन। गत वर्ष नेपाल र भुटान सरकारबीच शरणार्थी प्रमाणित गरी समस्याको समाधान गर्ने टुंगो लागेको थियो। सो अनुरूप करीब १५ हजार भुटानी शरणार्थीको प्रमाणीकरण कार्य पनि सम्पन्न भएको थियो। यो वर्ष उक्त समस्या समाधानका लागि थप प्रगति हुन सकेको देखिएन।

४.२ मुक्त कमैयाहरु विचल्लीमा

बाँधा श्रमिकका रूपमा रहेका कमैयाहरूलाई सरकारले मुक्त घोषणा गरेको तीन वर्ष पूरा हुन लागिसक्यो। सरकारले उनीहरूलाई मुक्त घोषणा गरेको ६ महिनाभित्रै उपयुक्त ठाउँमा जग्गा उपलब्ध गराएर बसोबास गराउने र उनीहरूको रोजगारीकालागि पनि विभिन्न अवसरहरू सृजना गर्ने घोषणा गरेको थियो। तर, तेस्रो वर्षसम्म पनि उनीहरू सबैको समस्या समाधान हुन सकेन। अझै पनि कतिपय मुक्त कमैयाहरू बासका लागि उपयुक्त ठाउँ र रोजगारीकालागि अवसर नपाएर विचल्लीमा परेको छन्। सम्पूर्ण मुक्त कमैयालाई आफ्नो घोषणा अनुरूप व्यवस्थित ढंगले बसोबास गराउन सरकार यो वर्ष पनि असफल रह्यो।

४.३ माओवादी समस्या सुल्झिएन

विगतका सरकारहरूमा झैं यो वर्ष पनि सरकारले माओवादी समस्याको समाधान गर्ने घोषणा गरेको थियो। तर, यो वर्ष पनि माओवादी समस्याको समाधान हुन सकेन। यो वर्ष विगतका वर्षहरूको तुलनामा नागरिकहरूको हत्याको संख्या झनै बढ्न पुग्यो। सरकारले माओवादी विरूद्ध संकटकालीन अवस्थाको घोषणा गरी सेना परिचालन गरेपछि मानवअधिकार उल्लंघनका घटनाहरूमा अत्याधिक वृद्धि हुन पुग्यो।

४.४ सरकारले मानवअधिकार प्रतिवेदन पठाएन

श्री ५ को सरकारले हालसम्म हस्ताक्षर अनुमोदन गरेका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूको कार्यान्वियन, प्रभाव र परिणामका बारेमा स्थितिसूचक प्रतिवेदन नियमित रूपमा संयुक्त राष्ट्र संघमा पठाउनुपर्ने हो। तर, सरकारले त्यसबारेमा नियमित प्रतिवेदन पठाउने काम गरेको देखिएको छैन। सरकारले यो वर्ष पनि त्यस सम्बन्धी प्रतिवेदन पठाएको देखिएन।

यी बाहेक जनताको बस्ने, खाने र सुलभ ढंगले शिक्षा तथा स्वास्थ्य सुविधा पाउने अधिकार पूरा गर्न सरकारको भूमिका प्रभावकारी रहेन। नागरिकको जीउधन सुरक्षाको प्रत्याभूति दिने कुरामा सरकार असफल जस्तै देखियो। राष्ट्र एवम् जनताको सुख, शान्ति र समृद्धिकालागि सरकारको उपलब्धी यो वर्ष पनि उल्लेख्य रहेन। समग्रमा, राष्ट्र र जनताको उन्नति, प्रगति र मानवअधिकारको रक्षा तथा सम्वर्द्धनका दृष्टिले सरकारको भूमिका कम सकारात्मक र बढी नकारात्मक रहन पुग्यो।

५. संसद अधिवेशन नबसेको र प्रतिनिधिसभा विघटित अवस्थामा सरकारको भूमिका

बहुदलीय संसदीय प्रजानन्त्रमा संसदको महत्व सर्वाधिक हुन्छ। ऐन, कानूनहरूको निर्माण गर्ने, नीति निर्माण गर्ने र महत्वपूर्ण निर्णयहरू गर्ने थलो संसद नै हो। अधिवेशनका समयमा राष्ट्रकालागि आवश्यक कानुन र नीतिहरूका बारेमा संसदले निर्णय गर्ने गर्दछ। यस्ता निर्णयहरूमा प्रतिनिधिसभाको भूमिका अत्यन्तै महत्वपूर्ण मानिन्छ।

संसदीय परम्परामा कुनै पनि महत्वपूर्ण निर्णय सरकारले गर्नुपर्ने भयो भने त्यसलाई सर्वप्रथम संसदमा प्रस्तुत गर्ने गरिन्छ। सरकार आफैंले निर्णय गर्नसक्ने विषय भए पनि विषयको महत्व एवम् गम्भीरतालाई हेरेर र संसदको भूमिकालाई सम्मान गरेर त्यसलाई संसद समक्ष प्रस्तुत गर्ने गरिन्छ। संसदले दिएको निर्णय र निर्देशन अनुसार काम गर्ने गर्दछ। तर हाम्रो देशमा संसदलाई त्यसरी महत्व दिने र सम्मान गर्ने काम कहिल्यै गरेन। सरकारले संसदको अधिवेशन बोलाएर संसदबाट पारित गरेर कार्यान्वयन गर्नुपर्ने कुरालाई समेत सोझै अध्यादेश मार्फत् कार्यान्वयन गरेका उदाहरणहरू प्रशस्तै भेटिन्छन्।

नेपालमा यो वर्षको सात महिनाभन्दा बढी प्रतिनिधिसभाविहीन अवस्था रह्यो। प्रतिनिधिसभा विघटन भएको स्थितिमा सरकारले संसदलाई महत्व दिने काम गरेको भए राष्ट्रिय सभाको बैठक बोलाएर पनि राष्ट्रका समस्याहरूका बारेमा छलफल गर्न सकिन्थ्यो। तर, सरकारले त्यसरी संसदलाई महत्व दिने काम गर्न चाहेन। प्रतिनिधिसभा कायमै रहेको अवस्थामा संसदको अधिवेशन बोलाएर संसद मार्फत् नै निर्णय गर्नुपर्ने विषयलाई समेत संसद अधिवेशन नबसेको मौका छोपेर अध्यादेश मार्फत् काम गर्ने सरकारले राष्ट्रिय सभाको बैठक बोलाएर छलफल गर्न चाहेको देखिएन।

प्रतिनिधिसभा विघटन हुनुभन्दा अगाडि नै अधिवेशन नबसेको मौका छोपेर सरकारले ०५८ माघ ३ गते आर्थिक (पहिलो संशोधन) अध्यादेश २०५८ जारी गऱ्यो। सरकारले त्यसपछि विनियोजन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान र राष्ट्र ऋण उठाउने अध्यादेश जारी गरेर संसदबाट भाग्ने काम गरेको थियो।

०५९ जेठ ८ गते प्रतिनिधिसभा विघटन भएपछि सरकारले ७ वटा अध्यादेश जारी गर्ने काम गऱ्यो। तिनमा ४ वटा पहिले जारी भइसकेर ६ महिनाको अवधि पूरा भएपछि पुनः जारी भएका अध्यादेश थिए। ती थिए- आर्थिक अध्यादेश, विनियोजन अध्यादेश, चिकित्सा विज्ञान राष्ट्रिय अध्यादेश र राष्ट्र ऋण उठाउने अध्यादेश।

जारी भएका नयाँ अध्यादेशमा सार्वजनिक सेवा (सञ्चालन अनुगमन, निरीक्षण) अध्यादेश, राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश र निजामती सेवा (दोस्रो संशोधन) अध्यादेश रहेका छन्।

संसदीय प्रजातन्त्रमा हरेक ऐन-कानूनको निर्माण संसदले गरेपछि मात्र लागू गर्नुपर्दछ भन्ने मान्यता रहेको छ। तर, नेपालमा सरकारले जतिबेला चाह्यो त्यतिबेला आफू मनलागी भटाभट अध्यादेश जारी गर्नुले संसदीय परम्पराकै उपहास गरेको देखिन्छ। संसद अधिवेशन बोलाएर कानुन बनाउन नभ्याउने अत्यन्तै छोटो र विशेष परिस्थितिमा मात्र अध्यादेश जारी गर्नुपर्नेमा, सरकारले संसद अधिवेशनको ठीक अघि वा पछि समेत अध्यादेश जारी गरेको देखिएको छ।

संसदीय राजनीतिक प्रणालीमा संसदलाई बेवास्ता गरेर अगाडि बढ्ने कुरा संसदीय प्रजातन्त्रको मान्यताविपरीत मानिन्छ। तर नेपालमा श्री ५ को सरकारबाट त्यो मान्यताको विपरीत कामहरू नियमित रूपमा हुँदै आएका छन्। सरकार संसदीय प्रजातन्त्रप्रति साँच्चिकै निष्ठावान छ भने उसले अध्यादेश जारी गरेर कानुन लागू गर्ने हैन, संसदबाट पारित गरेर मात्र ऐन-कानुन निर्माण गर्न प्रतिवद्ध हुनुपर्छ।

६. असफल राज्य (सरकार) का लक्षणहरु

सन् २००२ मा तीन वटा सरकारले मुलुकमा शासन गरे। ती हुन्- शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकार, राजाको प्रत्यक्ष नेतृत्वको शासन र लोकेन्द्रबहादुर चन्दको नेतृत्वको सरकार। यी तीनवटै सरकार मुलुकको राज्य सञ्चालनमा सफल देखिएनन्।

नेपाली कांग्रेसका नेता (पार्टी विभाजनपछि नेपाली कांग्रेस (प्रजातान्त्रिकका सभापति) शेरबहादुर देउवाको नेतृत्वमा रहेको सरकारले देश र जनताको हितमा यावत् कामहरू गर्ने घोषणा गरेको थियो।

राजाले ०५९ असोज १८ गते देउवा सरकारलाई विघटन गरेर नेपाल अधिराज्यको कार्यकारिणी अधिकार आफूमा निहित गर्दा मुलुकमा स्वच्छ छवि भएकाहरूको स्वच्छ शासन कायम गर्ने उद्देश्य राखिएको थियो। तर, राजाको प्रत्यक्ष नेतृत्वमा शासन सञ्चालन हुँदा र राजाकै स्वविवेकमा संसदमा प्रतिनिधित्व गर्ने ठूला राजनीतिक

पार्टीहरूलाई निषेध गरेर गठन भएको सरकारले पनि स्वच्छ शासन प्रदान गर्न सकेन।

यो सरकार गठन हुनासाथ मुलुकका यावत् समस्या समाधान हुने, व्याप्त विकृति-विसंगतिको तत्काले अन्त्य हुने र मुलुकको विकास पनि तुरुन्ता-तुरुन्तै द्रुत गतिमा अगाडि बढ्ने आश्वासन बाँडिएको थियो। "स्वच्छ छवि" का नाममा गठित सरकारले आर्थिक विकासको कार्यक्रम, राहत कार्यक्रम, शान्ति सुव्यवस्थाको कार्यक्रम, सुशासन कायम गर्ने कार्यक्रम आदि संचालन गरी मुलुकलाई अगाडि बढाउने घोषणा गरेको थियो।

हरेक वर्ष जस्तै यो वर्ष पनि सरकारले नराम्रा कामहरू केही नगर्ने तर राम्रा कामहरू सबैजसो गर्ने भनेर घोषणा गरेको थियो। तर, राम्रा कामहरू भएनन्। धेरै नराम्रा कामहरू मात्र भए। ती कामहरूको मूल्यांकन गर्दा सफल राज्य (सरकार) का लक्षणहरू देखिएनन्, असफल राज्य (सरकार) का लक्षणहरू धेरै देखिए।

सफल राज्य (सरकार) लाई असल शासन वा सुशासन पनि भन्ने गरिन्छ। जुन सरकारले असल शासनका विशेषताहरूलाई अंगिकार गरेर सोही अनुरूप काम गरेको हुन्छ, त्यो सरकार नै सफल मानिन्छ। मुलुकमा असल शासन (सुशासन) कायम गर्न नसक्ने राज्य (सरकार) लाई असफल राज्य (सरकार) को रूपमा लिने गरिन्छ।

असल शासनको सर्वमान्य परिभाषा र विशेषताहरू छैनन्। असल शासनलाई विभिन्न विद्वानले र अन्तर्राष्ट्रिय संघसंस्थाहरूले आ-आफ्नै ढंगले व्याख्या गर्ने गरेका छन्। यद्यपि, असल शासनका केही आधारभूत विशेषताहरू भने सबैको व्याख्यामा उल्लेख भएको पाइन्छ। असल शासनका ती आधारभूत विशेषताहरू निम्नलिखित छन्-

- कानूनी राज्य
- जनसहभागिता
- जनताप्रति जवाफदेही
- पारदर्शिता
- निश्चित भविष्य
- विकेन्द्रीकरण
- जनमुखी कार्यक्रम
- आर्थिक समृद्धितिरको अग्रसरता
- भ्रष्टाचारमुक्त समाज
- मानवअधिकार रक्षा

यी आधारभूत विशेषताहरूलाई आत्मसात गरेर नेपालमा सुशासन कायम गर्ने सोच यो वर्ष पनि राखिएन। फलतः यो वर्ष असफल राज्य (सरकार) का लक्षणहरू अझै टड्कारो रूपमा देखा परे। केही प्रमुख लक्षणहरूलाई संक्षिप्त रूपमा यहाँ उल्लेख प्रासंगिक हुनेछ।

६.१ शान्ति सुरक्षामा देखिएको असफलता

यो वर्ष सरकार जनतामा शान्ति, सुरक्षा र सुव्यवस्थाको प्रत्याभूति दिन पूर्णतया असफल रह्यो। राज्यले जनताको जीउधनको सुरक्षा गर्न सक्दैन भन्ने प्रभाव आम नेपालीमा परेको छ। देशका ३२ वटा जिल्लामा प्रमुख जिल्ला अधिकारीको काम सहायक प्रमुख जिल्ला अधिकारीले सञ्चालन गरे। सुरक्षाकर्मी सदरमुकाममा मात्र सीमित रह्यो। गाउँ-गाउँमा जनताको सुरक्षार्थ राखिएका प्रहरी चौकीहरू हटाइए। जनताको सुरक्षाकालागि भनेर खटिएका प्रहरीहरू आफ्नै सुरक्षाकालागि सुरक्षित ठाउँहरूमा स्थानान्तरण गरिए। यो स्थितिले राज्य (सरकार) सुरक्षा प्रदान गर्न सक्षम नरहेको संकेत गरेको छ।

६.२ मुलुक आर्थिक संकटको दिशामा

नेपालको आर्थिक अवस्था यो वर्ष अत्यन्तै संकटपूर्ण रहेको अर्थशास्त्रीहरूको दावी छ। सन् २००२ को शुरू ६ महिना अर्थात् आर्थिक वर्ष ०५८/५९ मा नेपालको आर्थिक बृद्धिदर ऋणात्मक रह्यो। प्रतिव्यक्ति आयमा झण्डै ३ प्रतिशतले ह्रास भयो। आर्थिक बृद्धिदर ०.६३ प्रतिशत ऋणात्मक रह्यो। अर्थशास्त्री राघवध्वज पन्तका अनुसार १९ वर्षपछि पहिलो पटक नेपालको अर्थतन्त्रको बृद्धिदर यसरी ऋणात्मक हुन पुगेको छ। यसअघि आर्थिक वर्ष ०३९/४० मा मात्र नेपालको आर्थिक बृद्धिदर ऋणात्मक भएको थियो। आर्थिक बृद्धिदर ऋणात्मक हुनु भनेको अघिल्लो वर्षको तुलनामा यो वर्ष अर्थतन्त्रको वृद्धिदर उकालो लाग्नु पर्नेमा उल्टो ओरालोलाग्नु हो, उत्पादन र आम्दानी घट्नु हो।

अर्थशास्त्री पन्तका अनुसार गैर कृषि क्षेत्रको आयमा २.६ प्रतिशतले ह्रास भएको छ। त्यसमध्ये पनि उद्योगको क्षेत्रमा १० प्रतिशतका दरले बृद्धिदर घट्नु ज्यादै गम्भीर घटना हो। व्यापार, होटेल, रेस्टुराँ जस्ता पर्यटन सम्बन्धी क्षेत्रमा आर्थिक बृद्धिदर ११ प्रतिशतका दरले ऋणात्मक छ। हाम्रो राष्ट्रिय बचत दर १.६ प्रतिशतले घटेको छ। वस्तु र सेवाको निर्यात २५ प्रतिशतले घटेको छ। मुलुकले यो वर्ष मात्रै ४३ अर्बको आर्थिक नोक्सानी

व्यहोर्नु परेको छ। यसरी आर्थिक वृद्धिदर ऋणात्मक हुँदै जानुमा आर्थिक नीति, वित्तीय नीति र भ्रष्टचार कारकतत्व हुन्।

कूल ग्रार्हस्थ उत्पादन (जीडीपी) भन्दा जनसंख्या बृद्धिदर बढी भयो भने देशमा भयावह संकट उत्पन्न हुने दावी अर्थशास्त्रीहरू गर्छन्। नेपालमा विगत वर्षको तुलनामा यो वर्ष कूल ग्रार्हस्थ उत्पादन ऋणात्मक हुन पुग्नुले पनि मुलुकको आर्थिक स्थिति संकटपूर्ण देखिन्छ।

६.३ सर्वत्र भ्रष्टाचार

यतिवेला भ्रष्टाचार नेपालका लागि निकै ठूलो चुनौति वन्न पुगेको छ। असल शासनको नेतृत्व गर्नुपर्ने व्यक्तिहरू (मन्त्रिपरिषद्का सदस्यहरू) नै भ्रष्टाचारमा लिप्त हुन पुगेका छन्। यसरी राज्यका उच्चपदस्थ व्यक्तिहरू नै भ्रष्टाचारमा संलग्न हुनाले त्यसको प्रभाव सबै क्षेत्रमा परेको छ। राजनीतिज्ञ, कर्मचारी, व्यापारी, उद्योगपति लगायत् सबैजसो क्षेत्रका व्यक्तिहरू भ्रष्टाचारमा संलग्न रहने गरेको पाइएको छ। सर्वत्र भ्रष्टाचार मौलाएको छ। भ्रष्टाचारलाई निर्मूल वा नियन्त्रण गर्न राज्य (सरकार) असफल देखिएको छ।

६.४ जनताप्रति जवाफदेही नहुनु

राष्ट्र र जनताको हितमा काम गर्नु राज्यको एकमात्र दायित्व हो। आफ्नो दायित्व पूरा गर्नकालागि राज्य (सरकार) हरदम जनताप्रति जवाफदेही हुनुपर्दछ। तर, नेपालको राज्य (सरकार) यो वर्ष पनि जनताप्रति जवाफदेही रहेन। जनताका ती आवश्यकता पूरा गर्ने कुरामा राज्य (सरकार) असफल रह्यो। जनता जे चाहन्छन्, जनतालाई जे कुराको आवश्यकता छ त्यो पूरा गर्न सरकार सक्षम रहेन।

६.५ जननिर्वाचित निकायप्रतिको नकारात्मक भूमिका

राज्य (सरकार) को सञ्चालन जनताको विश्वास र जननिर्वाचित निकायहरूको सहयोगमा हुनुपर्ने हो। तर यो वर्ष जननिर्वाचित निकायहरूलाई वेकम्मा बनाउँदै जनताको विश्वासविना नै राज्य (सरकार) सञ्चालन गर्ने प्रयास गरियो। प्रजातन्त्रको जग मानिने स्थानीय निकायलाई जनप्रतिनिधिहरूको मात्र हैन जनताको समेत सहयोगमा अझ मजवुत वनाउँदै लैजानु पर्नेमा निर्वाचित जनप्रतिनिधिप्रति नै अविश्वास गरेर स्थानीय निकायलाई कर्मचारीको जिम्मा लगाउनु राज्य (सरकार) को असफलताको संकेतका रूपमा लिन सकिन्छ। यो घटनाले राज्य (सरकार) जननिर्वाचित निकायहरूलाई विश्वासमा लिएर अगाडि बढ्न असफल रहेको पुष्टि गरेको छ।

६.६ विकेन्द्रीकरणप्रति नकारात्मक धारणा

सफल राज्य (सरकार) को लक्षण विकेन्द्रीकरण कार्यक्रमको महत्वका साथ कार्यान्वयन पनि हो। तर नेपालमा यो वर्ष विकेन्द्रीकरण सिद्धान्तको मूलभूत भावना र उद्देश्यलाई नै समाप्त पार्ने काम भयो। प्रजातन्त्रको महत्वपूर्ण पक्ष मानिने विकेन्द्रीकरणको सिद्धान्तलाई नै लत्याएर जननिर्वाचित स्थानीय निकायहरूलाई निस्क्रिय बनाउने काम भयो। बहुदलीय प्रजातन्त्रमा राज्य (सरकार) सञ्चालनका आधारभूत विशेषताहरूलाई नै लत्याएर अगाडि बढ्न खोज्नु राज्य (सरकार) को सफलता हैन असफलताको संकेत हो।

६.७ निर्वाचन गराउन सरकार असफल

बहुदलीय प्रजातन्त्रमा आवधिक निर्वाचनको ठूलो महत्व हुन्छ। निर्वाचनले प्रजातन्त्रको जग बलियो बनाउने विश्वास गरिन्छ। तर, नेपालमा यो वर्ष आवधिक निर्वाचन त के, सरकार आफैंले आफ्नो इच्छा अनुसार विघटन गरेको प्रतिनिधिसभाको निर्वाचन समेत घोषित मितिमा गर्न असफल रह्यो। यसअघि स्थानीय निकायको निर्वाचन सम्पन्न भइसक्नुपर्ने थियो। प्रतिनिधिसभा र स्थानीय निकाय दुवै निर्वाचन सम्पन्न गर्न सरकार असफल देखियो।

६.८ पारदर्शिताको अभाव

प्रजातन्त्रमा सम्पूर्ण क्षेत्रमा राज्य (सरकार) को भूमिका पारदर्शी हुनु अनिवार्य ठानिन्छ। तर यो वर्ष राज्यको भूमिका अत्यन्तै अपारदर्शी रह्यो। राज्यले के गर्दैछ र किन गर्दैछ भन्ने जानकारीबाट जनता बिल्कुल अनभिज्ञ रहे।

६.९ सत्ताको बल बन्दुक

सरकारले यो वर्ष पनि कुनै जनमुखी योजना र कार्यक्रम लागू गरेर जनतालाई आकर्षित र उत्साहित बनाउने काम गर्न सकेन। "राज्यको बल जनता हुन्" भनेर जनताका हितमा महत्वपूर्ण कार्यक्रमहरू लागू गर्नुको सट्टा "सत्ताको शक्ति बन्दुक हो" भन्ने मान्यता सरकारमा देखियो। जनतालाई फकाउने हैन, आतंकित बनाउने सोच सफल राज्यको लक्षण होइन।

६.१० माओवादी समस्यामा सरकारको भूमिका

यो वर्ष पनि सरकारले माओवादी समस्यालाई शान्तिपूर्ण ढंगले समाधान गर्ने पहिलो प्राथमिकतामा राखेको थियो। तर सरकारले न त वार्ताद्वारा समस्या सुल्झायो, न त संकटकालको घोषणा गरेर र सेना परिचालन गरेर बन्दुकको बलमा नै समस्या समाधान गर्नसक्यो। माओवादी समस्याको समाधान गर्न नसक्नु पनि सरकारको असफलता हो।

६.११ मानवअधिकारको उल्लंघन

सफल र असल शासनमा मानवअधिकारको रक्षा, सम्मान र सम्बर्द्धन हुन्छ। मानवअधिकारको सम्मानविना असल शासन सम्भव छैन। नेपालमा राज्यको असफलताको लक्षणमा मानवअधिकारको उल्लंघन पनि जोडिन पुगेको छ। राज्यका तर्फबाट सबैभन्दा बढी मानवअधिकार उल्लंघनका घटना यही वर्ष देखा परे। यो स्थितिले सरकारको सफलताको संकेत गर्दैन।

राज्य (सरकार) को असफलताका यी बाहेक अरू पनि धेरै लक्षणहरू यो वर्ष देखा परे। मुलुकका स्वास्थ्य सेवा, विद्युत, खानेपानी, वन लगायतका आर्थिक आधारहरू र सामाजिक सेवाहरूको सुरक्षा सरकारले गर्न सकेन। विद्यालयहरूमा सरकारले सुरक्षा पुऱ्याउन नसकेकै कारण पठन-पाठन अस्तव्यस्त बन्न पुग्यो। कतिपय विद्यालय बन्द नै भए। युद्धका निम्ति अरबौं रकम खर्च गरियो। थुप्रै उद्योग-धन्दाहरू संकटमा परे, कतिपय त बन्द नै भए। गाउँमा बस्न नसक्ने भएर र रोजगारी नपाएर सबैभन्दा ठूलो संख्यामा यही वर्ष नेपाली नागरिकहरू भारततिर लाग्न वाध्य भए। आन्तरिक विस्थापनको समस्या पनि व्यापक रूपमा देखियो।

यसरी यो वर्ष अनेकौं कारणहरूले राज्य (सरकार) को असफलताका लक्षणहरू प्रकट हुन पुगेका छन्। राज्यका सम्बद्ध सबै पक्षले असफलताका यस्ता लक्षणहरू हटाएर मुलुकमा सफल राज्य अर्थात् असल शासनलाई स्थापित गर्नु अनिवार्य भइसकेको छ।

परिच्छेद २

राज्य र मानवअधिकार

२.३ व्यवस्थापिका

प्रजातान्त्रिक व्यवस्था भएको मुलुकमा संसदलाई दर्पणको रूपमा हेरिन्छ। संसदमा भएका गतिविधिमा देशको अवस्था प्रतिविम्बित हुन्छ। किनभने, संसद जनताका प्रतिनिधिहरू चुनिएर पुग्ने थलो हो। आफूले चुनेर पठाएका प्रतिनिधिहरूमार्फत् जनताको शासन चलिरहेको हुन्छ।

देशमा जननिर्वाचित निकाय, प्रतिनिधिसभा विघटन भएको लामो समय वितिसकेको छ। ०५९ जेठ ८ मा कार्तिक २७ गते मध्यावधि निर्वाचन गरिने शाही घोषणा भएको थियो। तत्कालीन प्रधानमन्त्री शेरवहादुर देउवाद्वारा प्रतिनिधिसभा विघटन गर्न सिफारिस गरिएपछि कार्तिक २७ गते स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचन गरिने घोषणा गरिएको हो। तर, त्यसपछि विकसित अवस्थाले गर्दा निर्वाचनलाई टारेर लगिएको छ। असोज १८ गते श्री ५ वाट निर्वाचन गराउने जिम्मा पाएको देउवा सरकार विघटन गरेपछि जटिल स्थिति सृजना भयो।

प्रधानमन्त्री शेरवहादुर देउवाले ०५९ असोज १७ गते कार्तिक २९ गते हुने भनिएको निर्वाचन एक वर्ष अर्थात् ०६० मंसिर ३ मा गराउन श्री ५ समक्ष सिफारिस गर्नु भयो। तर, श्री ५ वाट असोज १८ गते प्रधानमन्त्री देउवालाई असक्षम भएको कारण दर्शाउँदै वर्खास्त गरी राजकीय सत्ता आफ्नो हातमा लिइ वक्सियो। तर, त्यसपछिका दिनहरूमा आमनिर्वाचन गराउने कुरासम्म गरिएको छैन। जसले गर्दा मुलुक जनप्रतिनिधि विहीन रहिरहेको छ।

स्थानीय निकायको निर्वाचन समयमा हुन नसकेकोले गत असारदेखि देशभरका गाविस, नगरपालिका तथा जिल्ला विकास समिति पनि जनप्रतिनिधि विहीन रहेका छन्। यस प्रकार नेपाल राज्य संविधान विपरीत संचालन भइरहेको छ। संविधानले ६ महिना भन्दा वढी जनप्रतिनिधि विहीन अवस्थाको परिकल्पनासम्म गरेको छैन। हद से हद प्रतिनिधिसभाको अभाव ६ महिनासम्म मात्र हुन सक्छ। र, त्यो ६ महिना पनि निर्वाचनको तयारीको लागि समय मात्र हो, जतिखेर जनता आफ्ना प्रतिनिधि छान्ने प्रक्रियामा लागेका हुन्छन्। संकटकालीन घोषणा पारित हुन नसक्ने भयो, त्यसैले संसद विघटन गर्छु भन्ने मान्यतामा नेपालको संविधान अडेको छैन। वरू, संकटकालमा संसदको भूमिका भन् वढी व्यवस्था गरिएको छ। यसरी संसदको एक अधिवेशनदेखि अर्को अधिवेशनसम्मको अन्तर ६ महिनासम्म रहने संवैधानिक प्रावधानको सिधा उल्लंघन गरिएको छ। त्यसैले स्पष्ट छ- मुलुक अहिले नेपाल अधिराज्यको संविधान २०४७ अनुरूप चलिरहेको छैन।

संसदमा पुग्ने जनप्रतिनिधिहरू वहुदलीय प्रतिस्पर्धावाट पुगेका तर आम जनताले चुनेका व्यक्तिहरू हुन्। उनीहरूले संसदभित्र जे जति सम्झौता, छलफल गर्ने थिए, समाधान पहिल्याउने थिए, संसद विघटन गरिएकोले त्यो अवसरवाट मुलुक वञ्चित रहेको छ।

संसदको हरेक अधिवेशनलाई हेर्‍यो भने जनप्रतिनिधिको भूमिकालाई ठीक अथवा वेठीक थियो भन्न सकिन्छ। यसवाट त्यो अधिवेशनको प्रभाव जनतामा कति पर्‍यो ? वढ्यो कि घट्यो अथवा मतलव नै रहेन अद्यापि थाहा पाउन सकिन्छ।

उपरोक्त आधारवाट प्रतिनिधिसभा तथा राष्ट्रिय सभाको एक्काइसौं अधिवेशनलाई हेर्‍यो भने सदनमा भएका गतिविधिलाई वुझ्न सजिलो हुन्छ। ०५८ मंसिर ११ गते देशमा पहिलो पल्ट संकटकाल लागू भएपछि नेपाल अधिराज्यको संविधान- २०४७ अनुसार प्रतिनिधिसभावाट तीन महिनाभित्र संकटकालको अनुमोदन आवश्यक हुन्छ। धारा ११५ (२, ३, ४) अनुसार संकटकालको घोषणा भएको मितिले तीन महिनाभित्र प्रतिनिधिसभाको दुई तिहाई वहुमतले अनुमोदन गरेमा संकटकाल ६ महिनासम्म लागू रहने छ। अन्यथा संकटकालको घोषणा स्वतः निस्कृय भएको मानिने छ।

उपरोक्त संवैधानिक व्यवस्थाको पालना निम्ति मंसिर ११ गते घोषणा भएको संकटकाललाई तीन

महिनाभित्र प्रतिनिधि सभाले दुई तिहाई मतबाट पारित गर्नुपर्ने बाध्यताले गर्दा संसदको २१ औं अधिवेशन ०५८ माघ २८ मा आरम्भ भयो। प्रतिनिधिसभाको २१ औं अधिवेशन नेपालको संसदीय इतिहासको सबैभन्दा लामो हिउँदे अधिवेशन थियो। जसको. समापन ०५९ वैशाख ४ गते भयो।

त्यसैगरी राष्ट्रिय सभाको २१ औं अधिवेशन ०५८ माघ २८ मा शुरू भएर ०५९ वैशाख ४ गते समाप्त भयो। राष्ट्रिय सभाको २२ औं अधिवेशन नेपालको संसदीय इतिहासमा सबैभन्दा छोटो अधिवेशन साबित भयो। राष्ट्रिय सभाको २२ औं अधिवेशन ०५९ जेठ ९ गते शुरू भई त्यसको भोलिपल्ट अर्थात् जेठ १० गते अन्त्य गरियो।

२१ औं अधिवेशन : संकटकाल पारित

प्रतिनिधि सभाको २१ औं अधिवेशन ०५८ माघ २८ गते बोलाउने निर्णय मन्त्रिपरिषद्ले माघ ११ गते गर्‍यो। माघ १२ गते शुक्रवार श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट माघ २८ गते संसदको अधिवेशन आह्वान भयो।

माघ २८ गते संसदका दुबै सदनको अधिवेशन प्रारम्भ भयो। देशमा लागू गरिएको संकटकाललाई संसदले अनुमोदन गर्नुपर्छ कि पर्दैन भन्ने बारे देशभर तथा सदनमा गरमा-गरम बहस भइरहेको बेला माघ ३० गते नेपाली कांग्रेसको देउवा सरकारले माघ ३० गते संसदमा संकटकाल सम्बन्धी प्रस्ताव दर्ता गरायो।

प्रतिनिधिसभामा संकटकालीन अवस्थाको अनुमोदन निम्ति प्रधानमन्त्री निवासमा सर्वदलीय बैठक बस्यो। संकटकाल अनुमोदन निम्ति सदनमा छलफल गर्न फागुन ८ र ९ गते मिति तय गरियो। र. फागुन ९ गते प्रतिनिधिसभाको दुई तिहाई भन्दा बढी मतद्वारा ६ महिनाकालागि पारित भयो। सदनका २ सय ५ सदस्य मध्ये १ सय ९४ मत अनुमोदनको पक्षमा र ७ जना स्वतन्त्र सांसदले (नारायणमान बिजुक्छे. चित्रबहादुर के. सी.. डिलाराम आचार्य. नवराज सुवेदी. परि थापा. लीलामणि पोखरेल र हरि आचार्य) संकटकालको घोषणा पारित गर्नु हुन्न भन्ने पक्षमा आफ्नो मत जाहेर गरे। मन्त्री पी. एल. सिंह. राज्यमन्त्री लक्ष्मणप्रसाद मेहता र राप्रपा सांसद अजयप्रताप शाह मतदानमा अनुपस्थित रहे। स्मरणीय छ. प्रतिनिधिसभामा नेपाली कांग्रेसको १ सय १३. एमाले ६९. राष्ट्रिय प्रजातन्त्र पार्टी ११. नेपाल सद्भावना पार्टीको ५ र स्वतन्त्र सांसदको (संजमो. राजमो. नेमकिपा) ७ मत रहेको थियो।

प्रतिनिधिसभाले अनुमोदन गरेको यो संकटकाल ०५८ मंसिर ११ गतेदेखि ०५९ जेठ १० गते अर्थात् ६ महिनासम्म बहाल रह्यो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ (२. ३. ४) मा यो व्यवस्था गरिएको छ।

संविधान संशोधन

प्रतिनिधिसभाबाट दुई तिहाई सांसदद्वारा संकटकाल पारित हुनुको पछाडि सत्तापक्ष र प्रतिपक्षबीचको लेनदेनको उल्लेखनीय भूमिका रहेको थियो। त्यो लेनदेन अरू केही होइन, नेपाल अधिराज्यको संविधान- २०४७ मा संशोधन गरिनु थियो। प्रमुख प्रतिपक्ष नेकपा (एमाले) ले सत्ता पक्षलाई संशोधनको पक्षमा सहमत गरायो भने सत्तापक्षले नेकपा (माओवादी) को हिंसात्मक गतिविधि तह लगाउन देशमा ०५८ मंसिर ११ गतेदेखि लागू गरिएको संकटकाललाई अनुमोदन गर्न प्रमुख प्रतिपक्षलाई राजी गरायो। फलस्वरूप फागुन ९ गते प्रतिनिधिसभाको दुई तिहाई भन्दा बढी मतद्वारा संकटकाल पारित भएको थियो।

संविधान संशोधन. कुन-कुन धारा वा विषयमा संशोधन गर्ने भनिएको हो ? त्यसको पहिचान भएको थिएन। त्यसैले फागुन १५ गते सत्ता पक्ष र प्रमुख प्रतिपक्षी पार्टीले आ-आफ्नै समिति निर्माण गर्ने क्रममा नेकपा (एमाले) ले सांसद भरतमोहन अधिकारीको संयोजकत्वमा संविधान संशोधन गर्न समिति बनायो।

तर, सत्तापक्षसँगको सहमति अनुसार संविधान संशोधनको प्रक्रिया सत्तापक्षले नबढाएपछि नेकपा (एमाले) का सांसदहरूले फागुन २३ गते संविधान संशोधन प्रस्ताव दर्ता गर, भ्रष्ट मन्त्रीलाई कारवाही गर भन्ने माग राखे। त्यसपछि एमाले सांसदरूले सभामुख अगाडिको क्षेत्रमा आएर नाराहरू लगाए। फागुन २७ गतेको बैठकमा एमालेका सांसदहरूले संविधान संशोधन प्रस्ताव अविलम्ब दर्ता गर्न. भ्रष्ट मन्त्रीहरूलाई कारवाही गर्न. संकटकाल व्यवस्थापन आदेश जारी गरिनु पर्ने माग गर्दै सदनमा एक घण्टा नाराबाजी गरे। तर यसको पर्सिपल्ट फागुन २९ गतेको बैठकमा प्रधानमन्त्रीको तर्फबाट भौतिक योजना तथा निर्माण मन्त्री चिरञ्जीवी वाग्लेले प्रधानमन्त्री संसदमा संविधान संशोधन प्रस्ताव ल्याउने सम्बन्धमा व्यक्त विचारप्रति प्रतिबद्ध रहेको सदनलाई जानकारी गराउनु भयो।

संसद बहिष्कारका विभिन्न कारणहरु

- एमाले सांसद भरतमोहन अधिकारीको निवास (काठमाण्डौ, कलंकीस्थित सुनार गाउँ) मा राखिएको गाडीमाथि पेट्रोल बम प्रहार भएको जानकारी सांसद सुवास नेम्वाङले चैत १३ गतेको सदनको बैठकमा गराउँदै गृहमन्त्रीलाई आतंकवादी गतिविधि बारे जानकारी दिने माग गर्नुभयो। त्यसपछि एमालेकै अर्का सांसद राजेन्द्रप्रसाद पाण्डेले उपरोक्त माग बमोजिम गृहमन्त्रीले सदनलाई जानकारी नदिए संसदको बैठक नेकपा (एमाले) ले बहिष्कार गर्ने जानकारी दिँदै एमाले सांसदहरूद्वारा सदन बहिष्कार गरियो।
- भोलिपल्ट (चैत १४ गते) को सदनको बैठकमा गृहराज्यमन्त्रीद्वारा सांसद भरतमोहन अधिकारीको गाडीमा पेट्रोल बम प्रहार भएको बताउँदै चैत १० देखि १४ गतेसम्म देशभरि पुऱ्याएको क्षति बारे जानकारी गराउनु भयो। तर, एमालेका अर्का सांसद प्रदीपकुमार ज्ञवालीले गृहराज्यमन्त्रीबाट चित्त बुझ्दो जवाफ नआएको भन्दै एमाले संसदीय दलको तर्फबाट संसद बैठक बहिष्कारको घोषणा गर्नुभयो।
- त्यसको लगत्तै नेपाल सद्भावना पार्टीका मृगेन्द्रकुमार सिंहले लामो समय बितिसक्दा पनि संकटकालको व्यवस्था गर्ने आदेश जारी नभएकोले बैठक बहिष्कारको घोषणा गर्नु भयो।
- स्वतन्त्र सांसद परि थापाले राष्ट्रिय जनमोर्चाका कार्यकर्तालाई सुरक्षाकर्मीले मार्ने, दुःख दिने काम गरेको र चार महिना बितिसक्दा पनि संकटकाल व्यवस्थित गर्ने आदेश जारी नभएकोमा विरोध जनाउँदै बैठक बहिष्कारको घोषणा गर्नुभयो। अन्य स्वतन्त्र सांसदद्वारा पनि त्यसको समर्थन गरियो।
- सांसद सुरेश मल्ल र पुष्करनाथ ओझालाई सिंहदरबार प्रवेश गर्दा सुरक्षाकर्मीले केही बेर रोक लगाएकोले संसदमा हंगामा भयो। सांसदलाई सुरक्षाकर्मीले रोकेकोले सांसदहरूले सदनमा क्षोभ प्रकट गरे।

संसद अधिवेशनहरू

संसद अधिवेशन	शुरु मिति	अन्त्य मिति
पहिलो	०४८/३/६	०४८/६/१३
दोस्रो	०४८/११/९	०४८/१२/२
तेस्रो	०४९/३/१५	०४९/५/२१
चौथो	०४९/११/३	०४९/१२/२५
पाँचौं	०५०/३/१३	०५०/५/३१
छैटौं	०५०/११/२४	०५०/१२/२६
सातौं	०५१/३/१५	०५१/३/२७
आठौं	०५१/८/२८	०५१/१०/१८
नवौं	०५२/५/२९	०५२/९/२१
दशौं	०५३/३/१२	०५३/६/२५
एघारौं	०५३/११/२०	०५३/१२/१८
बाह्रौं	०५४/३/१२	०५४/६/२३
तेह्रौं	०५४/१२/२१	०५५/१/२५
चौधौं	०५५/३/१४	०५५/७/१
पन्ध्रौं	०५५/९/२९	०५५/९/३०
सोह्रौं	०५६/३/६	०५६/६/८
सत्रौं	०५६/११/१८	०५६/१२/२३
अठारौं	०५७/२/२	०५७/५/२
उन्नाइसौं	०५७/१०/२६	०५७/१२/२३
बीसौं	०५८/३/११	०५८/७/२
एक्काइसौं	०५८/१०/२८	०५९/१/४

प्रधानसेनापतिको विवादास्पद भनाइ

प्रमुख प्रतिपक्षी नेता माधवकुमार नेपालले ०५८ चैत १६ गते संसदको विशेष समय लिएर प्रधानसेनापति प्रज्ज्वलशमशेर जबराले चैत १४ गते राजनीतिक दलहरू र नेताबाट सुरक्षाफौजलाई सहयोग प्राप्त नभएको भनी जनप्रतिनिधिहरूमाथि दोषारोपण गरेकाले प्रधानसेनापतिको अभिव्यक्ति सम्बन्धमा प्रधानमन्त्री एवं रक्षामन्त्रीसँग स्पष्ट जवाफको माग गर्नुभयो।

राप्रपा सांसद सूर्यबहादुर थापाले प्रधानसेनापतिको अभिव्यक्तिले समस्या खडा गरेको हुँदा प्रधानमन्त्रीले सदनलाई जानकारी दिनुपर्ने माग गर्नुभयो। राष्ट्रिय जनमोर्चाका सांसद चित्रबहादुर के. सी. ले प्रधानसेनापतिको जनप्रतिनिधिबाट सहयोग भएन भन्ने अभिव्यक्ति बारे प्रधानमन्त्रीले देशवासीलाई आश्वस्त पार्नुपर्ने माग गर्नुभयो। सांसद लीलामणि पोखरेलले प्रधानसेनापतिको अभिव्यक्ति राजनीतिक दलहरूविरूद्ध लक्षित भएको र यस्तो अभिव्यक्ति दिनेप्रति प्रधानमन्त्रीबाट के कारवाही हुने हो ? जवाफ चाहियो भन्नुभयो। नेपाल

मजदुर किसान पार्टीका सांसद नारायणमान विजुक्छेंले पनि प्रधानसेनापतिको अभिव्यक्तिबारे प्रधानमन्त्रीबाट सदनसमक्ष स्पष्ट गर्ने माग गर्नुभयो।

बैठक बहिष्कार

त्यसपछि नेपाली कांग्रेसका सांसद होमनाथ दाहालले संसदमा बोल्न लाग्नासाथ एमालेका राजेन्द्रप्रसाद पाण्डेले प्रधानसेनापतिबाट व्यक्त अभिव्यक्ति सम्बन्धमा प्रधानमन्त्रीबाट बेवास्ता भयो भन्दै त्यसको विरोधमा एमालेले बैठक बहिष्कार गर्ने घोषणा गर्‍यो। राप्रपाका सांसद बुद्धिमान तामाङले प्रधानसेनापतिको अभिव्यक्ति सम्बन्धमा प्रधानमन्त्रीको जवाफ नआएकोले बैठक बहिष्कार गर्ने जानकारी दिनुभयो। त्यसको लगत्तै सांसद यज्ञजीत शाहले प्रधानमन्त्रीको जवाफ नआउन्जेल नेपाल सद्भावना पार्टीले र राष्ट्रिय जनमोर्चाका सांसदहरू नवराज सुवेदी, चित्रबहादुर के. सी., परि थापा, हरि आचार्यले प्रधानसेनापतिबारे प्रधानमन्त्रीको जवाफ नआएकोले बैठक बहिष्कारको घोषणा गर्नुभयो। त्यसपछि लीलामणि पोखरेल, नेपाल मजदुर किसान पार्टीका नारायणमान विजुक्छेंले प्रधानमन्त्रीबाट जवाफ नआउन्जेल बैठक बहिष्कार गर्ने जानकारी दिनु भयो।

सत्तापक्षबाट जानकारी माग

प्रतिपक्षी पार्टीहरूबाट प्रधानसेनापतिको अभिव्यक्तिलाई लिएर सदन बहिष्कार गरिरहेको परिप्रेक्ष्यमा ०५८ चैत १७ गते सत्तापक्ष नेपाली कांग्रेसका सांसद कृष्णप्रसाद सिटौला लगायतका सदस्यले प्रधानसेनापतिको अभिव्यक्तिका सम्बन्धमा प्रधानमन्त्रीले सदनलाई जानकारी दिनुपर्ने माग गर्नुभयो। एमालेका सांसद प्रेमबहादुर सिंहले प्रधानसेनापतिको भनाइ आपत्तिजनक भएको र त्यसबारे प्रधानमन्त्रीले सदनलाई जानकारी नदिएकाले एमाले सांसदहरूद्वारा बैठक बहिष्कार गर्ने जानकारी गराउनुभयो। राप्रपाका बुद्धिमान तामाङ, सद्भावना पार्टीका हृदयेश त्रिपाठी, राजमोका नवराज सुवेदीले प्रधानमन्त्रीको जवाफ नआएकोले बैठक बहिष्कार गर्ने घोषणा गर्नुभयो।

श्री ५ को सवारी साथमा प्रधानमन्त्री र प्रधानसेनापतिको यात्रा

संसदमा प्रमुख प्रतिपक्षका नेता माधवकुमार नेपालले प्रधानसेनापतिको विवादास्पद भनाइबारे ०५८ चैत १६ गते प्रश्न उठाएकै दिन श्री ५ महाराजाधिराज र श्री ५ युवराजाधिराजको सवारी साथ प्रधानमन्त्री र प्रधानसेनापति नेपालगञ्ज जानुभयो।

प्रधानसेनापतिलाई सजग गराइयो

प्रधानमन्त्री शेरबहादुर देउवाले ०५८ चैत १४ गते नेपाली सेनाको कमाण्ड तथा स्टाफ तालिमको दीक्षान्त समारोहमा प्रधान सेनापतिले दिनुभएको अभिव्यक्तिको सम्बन्धमा सांसदहरूले गरेको चिन्ता र प्रश्नहरूको बारेमा आत्मसात गरी प्रधानसेनापतिलाई सजग गराएको र ०४६ सालको जनआन्दोलनबाट प्राप्त महान उपलब्धीका रूपमा आएको वर्तमान संविधान, बहुदलीय व्यवस्था एवं संवैधानिक राजसंस्थाको संरक्षण गर्ने कार्यमा प्रधानमन्त्रीका रूपमा स्वयं श्री ५ को सरकार र सम्मानित सिङ्गो सदन एकजुट र पूर्णरूपमा प्रतिबद्ध रहेको कुरामा आफू विश्वस्त रहेको सदनलाई जानकारी गराउनुभयो।

महिलालाई अंश र गर्भपतनको अधिकार

प्रतिनिधिसभाको दशौं अधिवेशनदेखि देशव्यापी रूपमा बहस भइरहेको महिला अधिकार विधेयक संसदले भारी मतद्वारा पारित गरेको र सरकारी विधेयकको रूपमा प्रस्तुत मुलुकी ऐन एघारौं संशोधन विधेयक बीसौं अधिवेशनमा पारित गरे पनि राष्ट्रिय सभाले अस्वीकृत गरेपछि थन्किएको थियो। प्रतिनिधिसभाले अर्थ विधेयकका रूपमा पुनः पारित गरेपछि यो विधेयक कानुन बन्ने भयो।

यो विधेयक पारित भएपछि अब सम्पत्तिमा महिलाको अधिकार स्थापित गर्ने, गर्भपतनलाई कानुनी मान्यता दिने, सम्बन्ध विच्छेद गर्ने श्रीमतीले अंश पाउने छन्।

सदनमा यो विधेयक सांसद समक्ष निर्णयार्थ प्रस्तुत हुँदा प्रस्तावको पक्षमा १ सय ४७ मत र विपक्षमा मात्र १ मत परेको थियो। सत्तारूढ कांग्रेस, प्रमुख प्रतिपक्ष एमाले, राप्रपा र राष्ट्रिय जनमोर्चाले विधेयकको पक्षमा र संयुक्त जनमोर्चाका लीलामणि पोखरेल विपक्षमा रहेका थिए। सद्भावना पार्टीले अघोषित बहिष्कार गरेको थियो भने नेमकिपाका नारायणमान विजुक्छे मतदानका बेला अनुपस्थित रहे।

विधेयक अनुसार छोरीको हक अविवाहित हुन्जेल बाबुआमाको र विवाहपछि लोग्नेको सम्पत्तिमा लाग्ने छ। विवाह गरेपछि छोरीले अंश फर्काउनुपर्ने प्रावधान समेत रहेको छ। त्यस बाहेक लोग्नेको सहमतिमा १२

हप्तासम्मको गर्भ, जबर्जस्ती वा हाडनाता करणीबाट बोकेको १८ हप्तासम्मको गर्भ र गर्भवतीको ज्यान खतरामा पुग्छ वा विकलांग बच्चा जन्मन्छ भन्ने चिकित्सकको राय भए गर्भपतन गराउन पाइने व्यवस्था विधेयकमा छ। विधेयकमा जबर्जस्ती करणीलाई बढी दण्डनीय र बालिका, किशोरी र युवतीलाई बलात्कार गर्नेलाई क्रमशः बढी सजाय हुने व्यवस्था गरिएको छ। बाल विवाहलाई निरूत्साहित पार्न १८ वर्ष नपुगेको केटी र २२ वर्ष नपुगेको केटाबीच विवाह गराउन नपाइने व्यवस्था गरिएको छ।

मन्त्रीको राजीनामा / पार्टीबाट निष्कासित

पार्टीको विधान, सिद्धान्त र आदर्श उल्लंघन हुने वक्तव्य प्रकाशित गरेको आरोपमा नेपाली कांग्रेसले पूर्व केन्द्रीय सदस्य ढुण्डीराज शास्त्री, पूर्व सांसदद्वय बद्रीनारायण बस्नेत, छविप्रसाद देवकोटा र केशव मरहठ्ठालाई एक वर्षकालागि पार्टीबाट निष्कासन गऱ्यो। शास्त्री सहित चारै जनाले ०५८ फागुन ९ गते संयुक्त वक्तव्य प्रकाशित गर्दै माओवादी र भ्रष्टाचार जस्ता मुलुकले सामना गरेका समस्या समाधान गर्न राजालाई सक्रिय हुन आह्वान गरेका थिए। त्यसैगरी पार्टी बैठकमा अमर्यादित शब्द प्रयोग गरेको आरोपमा केन्द्रीय सदस्य तथा मन्त्री विजयकुमार गच्छेदारलाई कार्यसमितिको दुई बैठकमा भाग लिन निषेध गरियो। राजेन्द्र खरेल र जयप्रकाशप्रसाद गुप्तालाई लिखित चेतावनी दिइयो। उनीहरूले गिरिजाप्रसाद कोइरालाद्वारा मनोनीत सदस्यलाई भजन मण्डली भनेका थिए।

चार जनालाई निष्कासन गरेको १९ दिनपछि कांग्रेस अनुशासन समितिले सञ्चारमन्त्री जयप्रकाशप्रसाद गुप्तालाई प्रधान सेनापतिको वक्तव्यलाई समर्थन गरेको आरोपमा पार्टीबाट एक वर्षकालागि साधारण सदस्यताबाट निष्काशन गरिएकोले तराई मूलका १२ सांसदद्वारा विरोध गर्दै वक्तव्य जारी गरियो।

भ्रष्टाचार निवारण विधेयक, २०५८

देशमा भ्रष्टाचार गर्नेलाई सजाय गर्ने व्यवस्था भएको भ्रष्टाचार निवारण विधेयक संसदले ०५८ चैत १ गते पारित गऱ्यो। भ्रष्टाचार निवारण ऐन, २०१७ लाई खारेज गरेर आएको र यो विधेयकले सर्वसाधारणको सुख, शान्ति र आर्थिक हित तथा समानमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्ने उद्देश्य राखेको छ।

२१ औं अधिवेशनमा पारित विधेयकहरू

१. राजनीतिक दल सम्बन्धी विधेयक, २०५८
२. आन्तरिक प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०५८
३. मुलुकी ऐन एघारौं संशोधन विधेयक, २०५८
४. अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०५८
५. प्रतिलिपि अधिकार विधेयक, २०५८
६. सडक बोर्ड विधेयक, २०५८
७. नेपाल चार्टर्ड एकाउन्टेन्स पहिलो संशोधन विधेयक, २०५८
९. विदेशी विनिमय नियमित गर्ने दोस्रो संशोधन, २०५८
१०. वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी पहिलो संशोधन विधेयक, २०५८
११. अख्तियार दुरूपयोग अनुसन्धान आयोग दोस्रो संशोधन विधेयक, २०५८
१२. भ्रष्टाचार निवारण विधेयक, २०५८
१३. विशेष अदालत विधेयक, २०५८
१४. महाभियोग कार्यविधि नियमित गर्ने विधेयक, २०५८
१५. आर्थिक पहिलो संशोधन अध्यादेश, २०५८
१६. आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश, २०५८

यो नयाँ कानुन मार्फत् अब अनुसन्धान अधिकारीले अभियुक्तको पासपोर्ट रोक्का राख्न सक्ने छ। घर दैलोमा पुर्जी टाँसेर म्याद तामेल गर्नुपर्ने बाध्यतालाई अब पत्रपत्रिकामा विज्ञापन गरेर वा फ्याक्स मार्फत् स्वदेश वा विदेशमा रहेको व्यक्तिलाई पनि म्याद तामेल हुन सक्ने छ। विना स्वीकृति स्थान छोड्न नपाउने आदेश दिन सक्ने छ। विधेयकले सम्पत्ति विवरण दिनुपर्ने बाध्यता सृजना गरेको छ। विधेयकमा भ्रष्टाचारको बिगोको अनुपातमा कैदको व्यवस्था गरिएको छ। अघिल्लो ऐनको तुलनामा यस विधेयकमा सजाय बढाइएको छ।

संसदले भ्रष्टाचार विधेयक सँगसँगै यसै अधिवेशनबाट अख्तियार अनुसन्धान आयोग (दोस्रो संशोधन) विधेयक, न्यायाधीश तथा संवैधानिक अंगका पदाधिकारीमा कार्य क्षमताको अभाव, खराब आचरण तथा

कति घूस खाए कति कैद हुन्छ ?

रू. २५ हजारसम्म	तीन महिनासम्म कैद
रू. २५-५० हजारसम्म	तीन महिनादेखि चार महिनासम्म कैद
रू. ५० हजारदेखि एक लाखसम्म	चार महिनादेखि ६ महिनासम्म कैद
रू. ५ लाखदेखि १० लाखसम्म	एक वर्ष ६ महिनादेखि दुई वर्ष ६ महिनासम्म कैद
रू. १० लाखदेखि २५ लाखसम्म	दुई वर्ष ६ महिनादेखि चार वर्षसम्म कैद
रू. २५ लाखदेखि ५० लाखसम्म	चार वर्षदेखि ६ वर्षसम्म कैद
रू. ५० लाखदेखि एक करोडसम्म	६ वर्षदेखि आठ वर्षसम्म कैद
रू. एक करोडदेखि माथि जतिसुकै	आठ वर्षदेखि दश वर्षसम्म कैद

स्रोत : भ्रष्टाचार विधेयक, २०५८

लुम्बिनीलाई डुबान समस्यावाट क्षति हुन नदिने आश्वासन दिँदै रसियावाल खुर्दलौटन बाँध बारे प्राविधिक तहमा अध्ययन गराई प्रतिवेदन तयार गर्ने भन्नुभएको बताउनुभयो। आगामी जुन महिना (सन् २००२) मा पञ्चेश्वर डी. पी. आर. तयार हुने, भुटानी शरणार्थी समस्याको विषयमा कुरा भएको जानकारी दिनुभयो।

पदीय कर्तव्य पूरा नगरे तिनमाथि महाभियोग लगाउने महाभियोग कार्यविधि नियमित गर्ने विधेयक, २०५८ र भ्रष्टाचारको कारवाही चलाउन विशेष अदालत विधेयक, २०५८ पनि पारित गरेको छ। यो काम संसट मुखरित बन्दै गरेकोले सम्पन्न हुन सकेको छैन। देशमा देखिएका समस्याको प्रजातान्त्रिक समाधान खोजिदो रहेछ भन्ने प्रमाण बनेको छ- भ्रष्टाचार विधेयक। एउटा चाख लाग्दो उदाहरण छ, संसदमा यस विधेयकबारे सांसदहरूले प्रश्नहरू उठाएपछि गृहमन्त्री खुमबहादुर खड्काको तर्फबाट भौतिक योजना तथा निर्माण मन्त्री चिरञ्जीवी वाग्लेले भ्रष्टाचार विधेयक पास हुनुपर्छ भनेर जवाफ दिनुभएको थियो। तर, आफैंले कर गरेर पास गराएको विधेयकले उहाँलाई भ्रष्टाचारमा कारवाही गरायो। यसप्रकार संसद सबैले जवाफदेही हुनुपर्ने तर्फ अग्रसर भइरहेको देखिन्छ।

प्रधानमन्त्रीको भारत भ्रमण

भारत भ्रमणवाट फर्केपछि ०५८ चैत १२ गते प्रधानमन्त्री देउवाले भ्रमण आशा अनुरूप उपलब्धीपूर्ण भएको बताउनुभयो। देउवाले भन्नुभयो- नेपालको माओवादी आतंक नियन्त्रणकालागि भारतले साथ दिने भएको छ, भ्रमणको सफलता यो पक्षमा छ। नेपालको हितविपरीत आफ्नो भूमि कुनै हालनमा पनि प्रयोग गर्न नदिने भारतीय प्रतिबद्धता छ।

सीमा क्षेत्रमा वनेका बाँध नथा तटवन्ध, सन् १९५० को सन्धि पुनरावलोकन, हाले नवीकृत व्यापार सन्धि, वीरगञ्जमा निर्माण भएको सुख्खा बन्दरगाह संचालन, सीमा सम्बन्धी विवाद, पूर्व-पश्चिम रेलमार्ग निर्माण सर्वेक्षण लगायतका विषयमा वहस केन्द्रित रहेको जानकारी प्रधानमन्त्रीले दिनुभयो। भारतीय प्रधानमन्त्रीले

संकटकाल अनुमोदन विवाद र अनुमोदनविनाको संकटकाल

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको केन्द्रीय समिति आतंकवाद नियन्त्रण ऐन लागू भएपछि संकटकाल लगाउनु आवश्यक छैन भन्ने र प्रधानमन्त्री देउवा सुरक्षा निकायबाट प्राप्त हुँदै आएको सफलतालाई निरन्तरता दिँदै सुरक्षा निकायको मनोवल बढाउन तथा हिंसा नियन्त्रण गर्न संकटकाललाई निरन्तरता दिन आवश्यक देखि संकटकालको म्याद बढाउन सरकारले चाहेको बताइयो। यसपछि पार्टी र सरकारी नेतृत्वबीच विवाद बढ्दै गयो। र, प्रतिनिधिसभा नै विघटन गर्ने निर्णयमा पुगेपछि संकटकालको अवधि ०५९ जेठ ११ गते राति १२ वजेदेखि अन्त्य भयो।

संसद नै नभएको अवस्थामा ०५८ मंसिर ११ गतेदेखि लागू भएको संकटकालको ६ महिनाको अवधि ०५९ जेठ ११ गते सकिए पनि कतैतिरबाट यसबारे केही बोलिएन। तर जेठ १३ गतेदेखि तीन महिनाकालागि सरकारको सिफारिसमा श्री ५ वाट मुलुकभर संकटकाल पुनः लागू गर्ने आदेश जारी गरिबक्स्यो।

प्रतिनिधिसभा विघटन / स्थानीय निकाय समाप्त

आश्चर्यजनक तवरले प्रधानमन्त्री शेरवहादुर देउवाले ०५९ जेठ ८ गते राति प्रतिनिधिसभा विघटन निम्ति गरेको सिफारिस श्री ५ वाट स्वीकृत भएपछि तीन वर्षको कार्यकाल मात्र पूरा गरेको प्रतिनिधिसभा विघटन भयो। प्रतिनिधिसभाको निर्वाचन ०५९ कार्तिक २७ गते हुने मिति पनि तोकियो।

प्रधानमन्त्रीले संकटकालीन अवस्था थप गर्न

संसदमा दर्ता गरेको प्रस्ताव फिर्ता गर्न नेपाली कांग्रेस केन्द्रीय समितिले निर्देश गरेपछि प्रधानमन्त्रीय पद्धति र संसदीय व्यवस्थाको रक्षाका लागि संसद विघटनको सिफारिस गरेको दावी गरियो। कांग्रेस केन्द्रीय समितिले आतंकवाद नियन्त्रण ऐन लागू भइसकेको परिस्थितिमा संकटकाललाई निरन्तरता दिन आवश्यक नभएको निर्णय गरेको थियो।

प्रतिनिधिसभा विघटन गरियो भने देशभरका स्थानीय निकायहरूको म्याद असार मसान्तमा सकियो। स्थानीय निकायको निर्वाचन नगरिएको र म्याद पनि नथपिएकोले देशभर निर्वाचित प्रतिनिधि रहेनन्।

राष्ट्रिय सभाको २२ औं अधिवेशन

(जेठ ९ र १०) मन्त्रिपरिषद्को निर्णय

प्रतिनिधिसभा विघटन भएको १४ घण्टापछि अन्यौलपूर्ण अवस्थामा २२ औं अधिवेशन शुरू भयो। प्रधानमन्त्रीले रातारात प्रतिनिधिसभा विघटन गरेकोमा आपत्ति जनाउँदै सत्तापक्ष बाहेकका सांसदद्वारा औचित्य माग गरियो। सदनमा उपस्थित भई प्रतिनिधिसभा विघटनको औचित्य पुष्टि गर्ने माग सांसदहरूले गरे पनि मन्त्रिमण्डलका एक सदस्य पनि सदनमा सहभागी भएनन्।

अघिल्ला अधिवेशनमा प्रारम्भमै प्रधानमन्त्रीद्वारा सदनलाई सम्बोधन गरिँदै आएको थियो। विगतमा समापनपूर्व सबै दलका प्रतिनिधिद्वारा सदनलाई सम्बोधन गर्न दिइँदै आएको भए पनि यस अधिवेशनमा अध्यक्ष मोहम्मद मोहसिन आफूले मात्र बोलेर समापन घोषणा गर्नुभयो। बैठक शुरू हुने वित्तिकै समय माग गर्ने एमालेका आठ र सत्तारूढ कांग्रेसका २ जनालाई मात्र बोल्न दिइएको थियो।

संकटकाल अनुमोदन प्रस्ताव राष्ट्रिय सभामा प्रस्तुत नगरिएकोमा एमाले सांसदहरूले राष्ट्रिय सभालाई दायित्व र जिम्मेवारीबाट वञ्चित गरिएको आरोप लगाए।

प्रधानमन्त्री तथा अर्थमन्त्रीद्वारा बजेट प्रस्तुत

प्रतिनिधिसभा विघटन र संकटकाल लागू भएको समयमा चुनावी सरकारका प्रधानमन्त्री तथा अर्थमन्त्री शेरबहादुर देउवाद्वारा आर्थिक वर्ष ०५९/६० को बजेट प्रस्तुन गरियो। बजेटले साधारण खर्च अत्याधिक बृद्धि गरी विकास खर्च कटौती गऱ्यो।

कूल ९६ अरब १२ करोड ४७ लाख ६९ हजार बजेट मध्ये साधारण खर्चतर्फ रू. ५७ अरब ४४ करोड ५१ लाख र विकास तर्फ रू. ३८ अरब ६७ करोड विनियोजन गरिएको छ। गत वर्षको बजेटमा साधारण खर्च रू. ४९ अरब ३२ करोड र विकास खर्च रू. ५० अरब ४७ करोड विनियोजन गरिएको थियो।

सुरक्षा खर्चको बजेट ४३ प्रतिशतले बृद्धि गरी रू. १४ अरब ७२ करोड पुऱ्याइयो।

प्रधानमन्त्रीको बजेट भाषणमा सभामुख तारानाथ रानाभाट र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का प्रतिनिधि अनुपस्थित थिए।

सर्वोच्च अदालतको फैसला

प्रतिनिधिसभा विघटन र मध्यावधि

प्रधानमन्त्री पार्टीबाट निस्कासित

- जेठ ३ गते (०५९) अल्प सूचनाद्वारा संसदको २२ औं अधिवेशन आह्वान। संकटकाल थप गर्ने सरकारी प्रस्ताव संसद सचिवालयमा दर्ता।
- जेठ ७ गते, नेपाली कांग्रेस केन्द्रीय कार्यालयद्वारा प्रधानमन्त्री शेरबहादुर देउवासँग संसदमा दर्ता गराएको संकटकाल प्रस्तावबारे २४ घण्टे स्पष्टीकरण माग।
- जेठ ८ गते प्रधानमन्त्री देउवाको सिफारिसमा श्री ५ बाट कार्तिक २७ गते आमचुनाव हुने गरी प्रतिनिधिसभा विघटन।
- जेठ ९ गते, नेपाली कांग्रेस अनुशासन समितिद्वारा प्रधानमन्त्री देउवालाई पार्टीको साधारण सदस्यताबाट निलम्बन गरी तीन दिनभित्र स्पष्टीकरण दिन निर्देशन। समितिद्वारा मन्त्रीहरूलाई राजीनामा दिन अपिल।
- अर्थमन्त्री डा. रामशरण महत, शिक्षा तथा खेलकूद मन्त्री आमोदप्रसाद उपाध्याय र महिला, बालबालिका र समाज कल्याण मन्त्री राजेन्द्र खेरलद्वारा राजीनामा।
- जेठ १० गते, पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईद्वारा प्रधानमन्त्री देउवामाथिका सबै कारवाही फिर्ता लिन पार्टी सभापतिसँग आग्रह।
- जेठ ११ गते, प्रधानमन्त्री देउवाद्वारा पार्टी समक्ष स्पष्टीकरण।
- जेठ १२ गते, प्रधानमन्त्री देउवालाई नेपाली कांग्रेस पार्टीको साधारण सदस्यताबाट तीन वर्षका लागि निष्कासन।

निर्वाचनकालागि प्रधानमन्त्री देउवाले गरेका सिफारिसलाई सर्वोच्च अदालतले विधानसम्मत ठहऱ्याएको छ। प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायसहित एघार न्यायाधीशको इजलासले साउन २१ गते सर्वसम्मतिद्वारा यस्तो फैसला गरेको हो।

संसद विघटनबारे सर्वोच्च अदालतको फैसला

प्रधानमन्त्री शेरवहादुर देउवाले जेठ ८ गते प्रतिनिधिसभा विघटन गर्न सिफारिस गरेपछि श्री ५ बाट त्यसै साँझ संसद विघटन गरी कार्तिक २७ गते मध्यावधि निर्वाचन हुने घोषणा भयो। घोषणाकै भोलिपल्ट तीन जना कानुन व्यवसायीले संसद पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रीट दायर गरे। त्यसपछि थप चारवटा रीटहरू अदालतमा परे। सर्वोच्चले सबै मुद्दाहरुलाई मिलान गर्दै संसद विघटन सम्बन्धी प्रस्तुत मुद्दा हेर्न एघार सदस्यीय विशेष इजलास वनाएको जानकारी दियो।

उक्त इजलासमा प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय, अन्य न्यायाधीशहरूमा केदारनाथ उपाध्याय, कृष्णजंग रायमाझी, गोविन्दवहादुर श्रेष्ठ, अरविन्दनाथ आचार्य, हरिप्रसाद शर्मा, कृष्णकुमार शर्मा, हरिश्चन्द्रप्रसाद उपाध्याय, टोपवहादुर सिंह, दिलिपकुमार पौडेल र गोपालप्रसाद खत्री रहनुभएको थियो।

मुद्दामा अदालतका सहयोगी (एमिकश क्युरी) का रूपमा वरिष्ठ अधिवक्ताहरू दमननाथ ढुंगाना, मोहनकृष्ण खरेल तथा अधिवक्ताहरू वद्रीवहादुर कार्की, विश्वकान्त मैनाली र प्रेमवहादुर खड्का हुनुहुन्थ्यो। मुद्दामा संसद विघटनको पक्षमा प्रधामन्त्रीका तर्फबाट वरिष्ठ अधिवक्ता गणेशराज शर्मा, मोतिकाजी स्थापित, महान्यायाधीवक्ता प्रेमबहादुर विष्ट हुनुहुन्थ्यो भने संसद विघटनको विरूद्धमा वरिष्ठ अधिवक्ता कुसुम श्रेष्ठ, मुकुन्द रेग्मी, सिन्धुनाथ प्याकुरेल तथा अधिवक्ताहरू राधेश्याम अधिकारी, हरिहर दाहाल आदि हुनुहुन्थ्यो।

एघारै जना न्यायाधीशले मुद्दाको फैसला साउन २१ गते सर्वसम्मतिवाट संसद विघटनको पक्षमा गर्नुभयो। जवकि यस अघि संसद विघटन हुँदाका फैसला गर्दा न्यायाधीशहरू पक्ष विपक्षमा विभाजित भएका थिए।

संकटकालको समय समाप्त

प्रधानमन्त्री देउवाले वेल्जियम भ्रमणका वेला युरोपेली संघका अध्यक्ष रोमानो प्रोडीसँगको भेटवार्तापछि मध्यावधि निर्वाचनका वेला मुलुकमा संकटकाल नरहने तर त्यसपछि आवश्यक परे पुनः लागू हुने वताउनुभयो।

जेठ महिनामा तीन महिनाकालागि लागू गरिएको संकटकालीन अवधि भदौ ११ गते समाप्त भयो। तर त्यसपछि संकटकालको घोषणा गरिएन नर यावत काम-कारवाही संकटकाल सरह नै भएको थियो।

सांसद दिप्तप्रकाश शाहको राजीनामा

राजावाट मनोनीत राष्ट्रिय सभाका सदस्य दीप्तप्रकाश शाह आफ्नो अभिव्यक्तिका कारण आफैं मात्र विवादमा परेनन्, उनका कारण राजदरवार समेत संविधानको संकुचन गराउने संवैधानिक विवादमा पर्न पुग्यो।

०५९ भदौ १८ गते सांसद शाहले एक पत्रिकामा "देउवा सरकारले घोषित तिथिमा निर्वाचन गराउन नसके श्री ५ वाट माओवादीसमेतको सर्वपक्षीय सरकार गठन गरी शासन सञ्चालन गरिवक्सने छ" भनी विवादास्पद अभिव्यक्ति दिएका थिए। सांसद शाहको त्यो भनाइवाट राजनीतिक वृत्तमा ठूलै विवाद उत्पन्न हुन पुगेको थियो।

सांसद शाहले तत्काले राजासमक्ष आफ्नो राजीनामा प्रस्तुत गरेका थिए। राजाबाट उनको राजीनामा स्वीकृत भएको जानकारी सार्वजनिक गराइयो। राष्ट्रिय सभा सदस्यको राजीनामा राष्ट्रिय सभाका अध्यक्षले आफ्नो रोहवरमा साक्षी प्रमाणको मुचुल्का समेतको आधारमा गर्नुपर्ने प्रावधान छ।

यस सम्वन्धमा राष्ट्रिय सभा नियमावलीको नियम १९५ मा पद रिक्त हुने प्रक्रियाको प्रावधान छ। सभाको कुनै सदस्यले अध्यक्षलाई सम्वोधन गरी राजीनामा दिनुपर्ने, त्यसपछि अध्यक्षले आफ्नो रोहवरमा सनाखत गर्नुपर्ने नियम १९५ (२) र (३) मा उल्लेख छ। त्यस्तै नियम १९५ (४) मा भनिए अनुसार "त्यस वमोजिम दिइएको राजीनामा अध्यक्षले सभामा पढेर सुनाउने छ। अधिवेशन चालू नरहेको अवस्थामा सूचना प्रकाशित गरी उपयुक्त तरिकाले सार्वजनिक गराइने छ।" अध्यक्षले राजीनामा सभामा पढेर सुनाए वा सूचना प्रकाशित गर्नासाथ राजीनामा दिने सदस्यको पद स्वतः रिक्त हुन्छ। राजीनामा स्वीकृत गरिरहनु नपर्ने व्यवस्था संविधान र राष्ट्रिय सभा नियमावलीमा छ।

दरबारबाट उनको राजीनामा स्वीकृत भएको सार्वजनिक जानकारी गराइसकेको चार दिनपछि भदौ २४ गतेका दिन, भदौ २० गतेको मिति राखी राष्ट्रिय सभाका अध्यक्षले सांसद शाहको राजीनामा सम्बन्धी सूचना टाँस गर्नुभयो।

यसरी संविधान र नियम-कानुनको पालना नगर्ने र उल्टो संविधानलाई आफू अनुकूल संकुचित बनाउने घटना पनि यो वर्ष भयो। संविधान र नियम-कानूनको परिपालना गर्न र गराउन सरकार समर्थ रहेन।

निर्वाचन आयोग : कुन कांग्रेस वैधानिक

नेपाली कांग्रेस कोइराला र देउवा कुन पक्षलाई निर्वाचनकालागि मान्यता दिने भन्ने विवादमा असोज १ गते निर्वाचन आयोगले गिरिजाप्रसाद कोइराला पक्षलाई निर्वाचन प्रयोजनकालागि मान्यता दिने अन्तरिम फैसला सुनायो। प्रधानमन्त्री शेरबहादुर देउवा सभापति रहेको कांग्रेसलाई पनि आयोगले "नेपाली कांग्रेसको छुट्टै समूह" जनिने गरी सात दिनभित्र पार्टी दर्ता गर्नसक्ने निर्णय गरेको थियो।

फैसलाप्रति प्रमुख निर्वाचन आयुक्त अच्युतनारायण राजभण्डारीले अध्ययनकालागि पर्याप्त समय नपुगेकोले अन्तिम फैसला दिन नसकिएको बताउनुभयो।

निर्वाचन ६ चरणमा

निर्वाचन आयोगले कार्तिक २७ गते हुने

प्रधानसेनापतिको विवादास्पद अभिव्यक्ति

प्रधानसेनापति प्रज्ज्वल शमशेर राणाले ०५८ चैत १४ गते शाही नेपाली सेनाका अधिकृतहरूको वार्षिक कमाण्ड तालिमको दीक्षान्त समारोह टोखा, काठमाण्डौमा गर्नुभएको भाषणको विवादास्पद अंश :

"... यहाँनिर मनन गर्नुपर्ने कुरा के छ भने राष्ट्रलाई यस्तो स्थितिमा कसले पुऱ्यायो ? मुलुकको यो स्थिति कुशासनले गर्दा सृजना भएको हो कि सेनाले ल्याएको हो ? के आजको यो अवस्थामा सेनाले संकटकाल चाहिन्छ भन्दैमा संकटकाल घोषणा भएको हो वा राष्ट्रिय सुरक्षामा गम्भीर संकट उत्पन्न भएर संकटकाल घोषणा भएको हो ? यस विषयलाई विवादमा ल्याउनु अघि संकटकालको आवश्यकता किन पऱ्यो भन्ने कुरा हामीले बुझ्नुपर्ने हुन्छ। प्रजातान्त्रिक व्यवस्था, जननिर्वाचित प्रतिनिधि र जननिर्वाचित बहुमतको सरकार भएको मुलुकमा सेनाले संकटकाल चाहिन्छ भन्दैमा संकटकाल दिइन्छ कि दिइदैन ? संविधान, संवैधानिक सरकार, सरकारी संयन्त्र एवं आम नेपालीमाथि भएको प्रत्यक्ष आतंककारी आक्रमणलाई राष्ट्रिय संकट मान्ने कि नमान्ने ? कुनै पनि चेतनशील नागरिकले एउटा नेपालीले अर्को नेपालीलाई मार्ने कुरालाई सहज रूपमा अवश्य पनि समर्थन गर्दैनन् भने के सेना आफ्नै दाजु, भाइ, दिदी, बहिनीलाई मार्न आफैं अग्रसर भएको हो त ? विगत १२ वर्षसम्ममा राजनीतिक कारणले ल्याएको असहज परिस्थितिलाई राष्ट्रिय सुरक्षाको सन्दर्भमा समय-समयमा दिएका सल्लाह तथा सुझावहरूलाई गम्भीरतापूर्वक नलिई किन बेवास्ता गरियो ? यी सबै प्रश्नहरूको उत्तर खोजियो भने वास्तविकता स्वतः उजागर हुनेछ।

शाही नेपाली सेनाले सरकारबाट आफूलाई दिएको दायित्व शिरोपर गरी आफ्नो काम फत्ते गर्दै आएको छ। तर, के जननिर्वाचित प्रतिनिधिहरूले आफ्नो कार्यक्षेत्रमा गई सशक्त रूपमा आफ्नो दायित्व निर्वाह गरिरहेका छन् त ? आफ्नो निर्वाचन क्षेत्रमा आतंककारी विरूद्ध खटिएको सुरक्षा फौजको प्रयासलाई किन मद्दत गर्दैनन् ? आज समस्त राष्ट्रवासी एक भएर माओवादीलाई परास्त गर्न केन्द्रित हुनुपर्ने अवस्थामा राष्ट्रिय हितविपरीत हाम्रो राष्ट्रमा सृजना भएको अन्यौल राजनीतिबाट सत्ता हत्याउने र आ-आफ्नो दलभित्र नेतृतत्को लागि चलखेल यथावत भइनै रहेको छ। शाही नेपाली सेनाले गरेका प्रत्येक कार्यको प्रतिफललाई राष्ट्र र राष्ट्रिय सुरक्षासँग नजोडी आफ्नै दलगत वर्चश्व कायम हुने स्वार्थी खेल किन भइरहेको छ ? शाही नेपाली सेनाको प्रयासलाई के सबै क्षेत्रबाट अपेक्षित प्रत्यक्ष सहयोग आएको छ त ? यस्तो परिस्थितिबाट राष्ट्रको सुरक्षा तथा अस्तित्वमा गम्भीर आँच आउँछ भने राष्ट्रको एउटा महत्वपूर्ण सैनिक शक्ति शाही नेपाली सेनाले के गर्ने त भन्ने गम्भीर प्रश्न सबैतिरबाट उठेको आभाष पाइएको व्यहोरा सकल दर्जालाई जानकारी गराउँछु। सम्माननीय प्रधानमन्त्री तथा केही युवा मन्त्रीहरूबाट मात्र राष्ट्रिय सुरक्षाको गहनता बुझी त्यसबारे चिन्तन मनन हुनुका साथै सुरक्षा निकायका सबै अंगहरूलाई सहयोग प्राप्त भएको व्यहोरा सबैलाई जानकारी गराउन चाहन्छु।"

मध्यावधि निर्वाचन ६ चरण गरेर सम्पन्न गर्ने कार्यक्रम असोज १२ गते सार्वजनिक गर्‍यो। जस अनुसार ०५९ कार्तिक २७, मंसिर २१, पुस ३, पुस १४ र पुस २६ गते मतदान सम्पन्न हुने उल्लेख गरियो।

मध्यावधि निर्वाचन सार्ने निर्णय

सात प्रमुख राजनीतिक दलहरूले ०५९ असोज १३ गते मुलुकमा विद्यमान जटिल परिस्थितिमा चुनाव हुन नसक्ने ठहर गरेपछि सर्वदलीय सहमतिका आधारमा कार्तिक २७ गते घोषित निर्वाचनको विकल्प खोजिने सहमति भयो। नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक), राप्रपा, एमालेका शीर्षस्थ प्रतिनिधिसहितको बैठकले प्रधानमन्त्री देउवालाई संविधानसम्मत उपयुक्त निकास खोज्न जिम्मा दिए।

असोज १७ गते सरकारले शान्ति सुरक्षाका कारण निर्वाचन हुन नसक्ने ठहर गरेर कार्तिक २७ गतेका लागि घोषित चुनाव एक वर्ष भन्दा वढी समय (०६० मंसिर ३ गते) पछि सार्न श्री ५ समक्ष प्रधानमन्त्रीद्वारा सिफारिस गरियो।

राष्ट्रियसभा अधिवेशन बोलाउने प्रयास

राष्ट्रिय सभा बैठक मंसिर ११ गते अगावै बोलाउन प्रधानमन्त्री र राष्ट्रियसभाका अध्यक्षसँग सांसदहरूद्वारा कार्तिक २५ गते भेटघाट गरियो। राष्ट्रिय सभाको बैठक जेठ ९ र १० गते दुई दिन बसेर समाप्त भएको थियो। संवैधानिक व्यवस्था अनुसार दुई बैठकको अन्तर ६ महिना भन्दा बढी हुन नहुने भएकाले अर्को बैठक मंसिर ११ गते अगावै गर्न सांसदहरूले जोड दिएका थिए।

नेकपा (एमाले) को नौ महिने शासनकालमा प्रतिनिधिसभा विघटित रहेको अवस्थामा राष्ट्रिय सभाको बैठक २० दिन बसेको थियो। बैठकले मानवअधिकार आयोग विधेयकसहित अन्य दुई वटा गैरसरकारी विधेयक समेत पारित गरेको थियो।

संविधानमा मन्त्रिपरिषद्को सिफारिसमा श्री ५ बाट संसदको अधिवेशन बोलाउने व्यवस्था छ। प्रतिनिधिसभाका २५ प्रतिशत सदस्यले श्री ५ समक्ष समावेदन चढाएपछि संसद अधिवेशन बोलाउन सकिन्छ तर राष्ट्रिय सभाको बैठक बोलाउन त्यस्तो व्यवस्था छैन।

समिति बैठक शुरू

राष्ट्रिय सभा अधिवेशन बोलाउन सदस्यहरूले प्रधानमन्त्रीलाई गरेको आग्रहप्रति बेवास्ता भएपछि अध्यक्ष मोहम्मद मोहसिनले समितिको बैठक डाक्नुभएको हो। सांसदहरूको जोड थियो, प्रतिनिधिसभा नभएको बेला राष्ट्रिय सभाको बैठक बोलाइनु पर्छ। कुनै निर्वाचित निकाय नरहेको बेला राष्ट्रिय सभाका चार वटै समितिका बैठक संविधान क्रियाशील, राजसंस्था संवैधानिक र सरकार जनउत्तरदायी बनाउन स्थायी सदन राष्ट्रिय सभाको अधिवेशन अपरिहार्य रहेको सहमतिमा पुगे। चारवटै समितिका बैठकले राष्ट्रिय सभाका तीन पूर्व सदस्यको निधनमा शोक प्रस्ताव पारित गरे। पूर्व सांसद चक्रबहादुर डगौरा चौधरीको हत्याको भर्त्सना गरियो।

राजालाई अधिकार सुम्पिएको ठहर

चन्द सरकारले संविधानको मर्मविपरीत कार्य सम्पादन नियमावली संशोधन र राजपरिवार खर्च व्यवस्थापन सम्बन्धी अध्यादेश जारी गरी मन्त्रिपरिषद्को अधिकार राजालाई सुम्पदै गएको प्रारम्भिक ठहर गरी राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्था समितिले मंसिर १९ गते त्यस सम्बन्धी कागजात मगाएर अध्ययन गर्ने निर्णय गर्‍यो। समितिले अध्यादेश र सरकारका घोषित नयाँ कार्यक्रम मंसिर २५ गतेभित्र उपलब्ध गराउन मन्त्रिपरिषद्लाई निर्देशन गरेको थियो।

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले मुलुकलाई नयाँ गति दिन राष्ट्रिय सभाको बैठक बोलाउने कार्यमा लाग्न सबै सदस्यहरूलाई मंसिर १९ गते निर्देशन दिनुभयो।

संविधानको विशिष्टता

नेपाल अधिराज्यको संविधान- २०४७ ले प्रतिनिधिसभा विहीन हुने परिकल्पना नै गरेको छैन। हद से हद प्रतिनिधिसभाको अभाव ६ महिनासम्म हुन सक्छ, संवैधानिक व्यवस्था यस्तै छ।

संविधानलाई देशको मूल कानुन मानिन्छ। यसले संकटकाल पारित हुन नसक्ने भयो, त्यसैले संसद विघटन गर्नुपर्छ भन्ने मान्यता बोकेको छैन। त्यस्तो मान्यतामा यो संविधान अडिएको पाइँदैन। यसले संकटकालको अवस्थामा प्रतिनिधिसभा अर्थात् जनप्रतिनिधि निकायको भूमिकालाई झन् बढाएको छ। किनभने, संकटकाललाई संसदले पारित गर्नै पर्छ। जनप्रतिनिधिले पारित नगरेको संकटकाल, संकटकाल हुन सक्दैन।

संविधानले संसदबाट तीन महिनाभित्र संकटकाल

श्री ५ बाट बक्सेको शाही घोषणा

प्यारा देशवासीहरू,

नेपाल र नेपालीको बृहत्तर हित्त नै हाम्रो लक्ष्य हो। नेपालको राजसंस्था सदा लोकसम्मतिबाट सञ्चालित भएको इतिहास साक्षी छ। प्रजातन्त्रप्रतिको हाम्रो प्रतिबद्धता हामीले बारम्बार दोहोऱ्याई आएका छौं। हामी यसका आदर्शबाट सदा अनुप्राणित रहिरहने कुरा देशवासीलाई आश्वस्त गराउन चाहन्छौं।

नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिका लागि सदा समर्पित रहने शाहवंशीय परम्पराअनुसार विक्रम सम्वत् २०४६ सालमा जनचाहनाअनुरूप देशमा प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनर्स्थापना भएको सबैमा विदितै छ। यस व्यवस्थाको १२ वर्षको अवधिमा प्रजातन्त्रको सुदृढीकरणका लागि विभिन्न राजनीतिक प्रयोगहरू हुँदै आएको कुरा सबैका सामु छर्लंगै छ। यसै क्रममा प्रधानमन्त्रीको सिफारिसमा हामीबाट गत जेठ ८ गते प्रतिनिधिसभा विघटन गरिबक्सी आगामी कात्तिक २७ गते नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन गर्ने मिति तोकिबक्सेका थियौं। निर्वाचन सम्पन्न गराउने अभिभारा बोकेको प्रधानमन्त्रीले विद्यमान विषम परिस्थितिलाई दृष्टिगत गर्दा तोकिएको मितिमा नयाँ प्रतिनिधिसभाका लागि निर्वाचन हुनसक्ने अवस्था नदेखिएबाट संविधानको धारा ५३ को उपधारा (४) को कार्यान्वयन गर्नमा बाधा-अड्काउ परेको हुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम बाधा-अड्काउ फुकाउन हाम्रा हजुरमा जाहेर गरेबाट संवैधानिक गतिरोध वा रिक्तताको असहज अवस्था देखापरेको छ।

राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्तिसुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकाले हामीबाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान, २०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी संविधानबमोजिम निर्वाचन समयमै सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई पदमुक्त गरी मन्त्रिपरिषद् विघटन गर्न र आगामी कात्तिक २७ गते प्रतिनिधिसभाका लागि हुने निर्वाचनसमेत स्थगित गर्नुपर्ने परिस्थिति आइपरेको छ। तसर्थ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम देहायका आदेशहरू जारी गरिबक्सेका छौं।

निर्धारित समयमा निर्वाचन सम्पन्न गर्न असक्षम प्रधानमन्त्री शेरबहादुर देउवालाई आज २०५९ साल असोज १८ गतेदेखि पदमुक्त गरिबक्सी मन्त्रिपरिषद् विघटन गरिबक्सेका छौं। प्रतिनिधिसभाका लागि आगामी कात्तिक २७ गते हुने निर्वाचन स्थगित गरिबक्सेका छौं। अर्को व्यवस्था गर्न केही समय लाग्ने हुँदा सो व्यवस्था नभएसम्म नेपाल अधिराज्यको कार्यकारिणी अधिकार हामीमा निहित राखी मुलुकको शासनभार हामीबाटै स्वयं ग्रहण गरिबक्सेका छौं। नयाँ मन्त्रिपरिषद् गठन गर्नका लागि पाँच दिनभित्र स्वच्छ छवि भएका तथा आमनिर्वाचनमा उम्मेदवार नहुने व्यक्तिहरूको नामहरू सुझाव गरी पठाई राजनीतिक दलहरूबाट सहयोग हुनेछ भन्ने विश्वास हामीबाट लिइबक्सेका छौं।

संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धता एवं निष्ठामा हामी आँच आउन दिनेछैनौं। अब बन्ने सरकारले यथाशीघ्र शान्तिसुरक्षाको व्यवस्था मिलाई निर्वाचन सम्पन्न गराउनेछ। यस व्यवस्थाबाट जंगी, निजामती र कुनै पनि राष्ट्रसेवकले आफू जिम्मेवारी, काम र कर्तव्यबाट विचलित हुन वा अल्मलिनुपर्दैन र सबैले आ-आफ्ना स्थानबाट आ-आफ्नो कर्तव्य पालन गर्नेछन् र साथै सबै देशवासीहरूको सदिच्छा नै देशमा सबै कुराको सुव्यवस्था हुनेछ भन्ने हामीबाट पूर्णविश्वास लिएका छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल

पारित गर्नुपर्छ भन्नुको मतलब सरकारलाई तीन महिना संकटकाल लगाउने अधिकार छ भन्ने होइन।

मानवअधिकार संरक्षणमा संसदको भूमिका

मानवअधिकार भनेको मौलिक अधिकार हो। मौलिक अधिकार भनेका जन्मसिद्ध अधिकार हुन्। जन्मसिद्ध अधिकार कसैले खोसेर खोसिन्न। सबैभन्दा ठूलो अधिकार शुरूमै पनि उल्लेख गरिएको छ, मानिस स्वतन्त्र हुन्छ। ऊ कसैबाट पनि शासित हुन चाहँदैन। नियन्त्रित हुन मान्दैन। कसैको बन्धनले यो बाँधिन स्वीकार गर्दैन। त्यसैले भनिन्छ, मानिस आफूबाट मात्र शासित हुन चाहन्छ।

तर, संसद नहुनु, जनताका प्रतिनिधिहरू नहुनु, जनप्रनिनिधिले कानुन नबनाउनु भनेको व्यक्ति अधिकार विहीन हुनु हो। व्यक्तिले आफूमाथि शासन गर्ने व्यक्ति भनेर आफ्नो प्रतिनिधि छानेको थियो। तर, त्यसलाई

समाप्त पारिएको छ। यस दृष्टिले अहिलेको अवस्था असामान्य अवस्था हो। अप्राकृतिक र अस्वाभाविक अवस्था हो। यस्तै बेलामा आपत्कालीन अवस्था उत्पन्न हुने गर्छ। तर, यस्तो बेलामा त झन् सम्पर्क गर्नु पर्छ। राष्ट्रिय सभा, प्रतिनिधि सभा, राजनीतिक पार्टीहरू त थिए। तर, यी कसैलाई बसाइएको पाइँदैन।

पार्टीलाई किन बसाउने ? यिनलाई किन मान्ने भन्ने विवाद उठ्न सक्छ। तर, हाम्रो संवैधानिक व्यवस्था नै यस्तै छ। संविधानमा प्रतिनिधि सभाको, राष्ट्रिय सभाको, अख्तियार दुरूपयोग अनुसन्धानको जस्तो स्थिति छ, पार्टीको पनि त्यस्तै अवस्था छ। जसरी ती संवैधानिक हुन्, त्यसैगरी पार्टी पनि संविधानको त्यस्तै अंग हो। यसतर्फ ध्यान दिइएको छैन। दिनु आवश्यक छ।

कुन पार्टी संवैधानिक पार्टी हो ?

सबै पार्टी संवैधानिक पार्टी होइनन्। सबै भन्दा पछिल्लो आमनिर्वाचनमा तीन प्रतिशत भन्दा बढी मत ल्याउने पार्टी मात्र संवैधानिक अंग हुन्। ती बाहेकका अरूसँग सल्लाह गर्ने भनेर गर्दैमा त्यो वैधानिक काम हुन सक्दैन। त्यो अनौपचारिक हुन्छ, औपचारिक होइन। निर्वाचनमा त तीन प्रतिशत मत ल्याउने पार्टीसँग मात्र औपचारिक छलफल हुन्छ। त्यसैले तिनैसँग छलफल गर्नुपर्छ।

यसको प्रयोगको उदाहरण खोज्न अन्यत्र जानु पनि पर्दैन। प्रतिनिधिसभाको पछिल्लो अधिवेशन अवधिमै यस्ता सल्लाह राष्ट्रिय पार्टीसँग पटक-पटक गरिएको छ र त्यसले संसदमा उत्पन्न गतिरोधलाई अन्त्य गरेको पनि छ। प्रतिनिधिसभामा छलफल गर्दा विवाद बढ्यो भने सदन स्थगित गरेर पार्टीहरू बसेर सहमति गराउन खोजिन्छ र त्यसपछि सदन जाने गरिन्छ। त्यो भूमिका सभामुख/उपभासमुख आदि पदाधिकारीले गरेको प्रशस्त देखिएको पनि हो। भन्न के खोजिएको हो भने संसद संयन्त्र बाहिर मेलमिलाप गराउने संवैधानिक संयन्त्र छ। त्यसैले मुलुकमा असहज परिस्थिति आउँदा संवैधानिक मान्यता पाएका पार्टीहरूलाई किन नबोलाइएको ?

सहज प्रश्न कसैले गर्न सक्छ, प्रतिनिधिसभा नभएको बेलामा पार्टीको के हैसियत हुन्छ ? तर प्रतिनिधिसभा विघटन हुँदैमा ती दलको हैसियत समाप्त हुँदैन। त्यसैले नेपाली कांग्रेस, नेकपा (एमाले), राप्रपा र नेसपासँग त्यो हैसियत छ। तर अरू पार्टीसँग त्यो हैसियत छैन। जसले जति भोट पाउँछ र स्थान सुरक्षित गर्छ, त्यसैको आधारमा उसको स्थान सुरक्षित हुन्छ। ठूलो पार्टी सत्तापक्ष बन्छ, अर्को विपक्षी पार्टी बन्छ।

तर, निर्वाचनमा ०.०००१ प्रतिशत मत पाउने पार्टीले शासनमा भाग खोज्ने गरेको पाइएको छ। यसैले गर्दा प्रजातन्त्र कमजोर भएको हो। ०१७ साललाई यही प्रवृत्तिले मद्दत गरेको थियो। अहिले यसैका ज्वलन्त उदाहरण हुन्- हरियाली र समता पार्टी। यदि यी प्रजातान्त्रिक पार्टी भएका भए जनताले इन्कार गरेको भनेर सत्तामा नजानु पर्ने हो। जनताले नचुनेकैले सत्तामा जान गैरप्रजातान्त्रिक बाटो, छोटो बाटो, असंवैधानिक बाटो रोज्ने गर्छ। नागरिक र पार्टीमा यही फरक छ। उपेन्द्र देवकोटा जान सक्छन् तर पार्टी चलाउनेहरू जननिर्वाचन बाहेकको बाटो जानु अप्रजातान्त्रिक हुन्छ। डा. उपेन्द्र देवकोटा र गिरिजाप्रसाद कोइराला समान हुन्। नेपाली कांग्रेस र हरियाली पार्टी वा समता पार्टी समान होइनन्।

निष्कर्ष

प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका उपरोक्त गतिविधिहरूबाट ०५९ असोज १८ गतेपछिका क्रियाकलापहरू देशको संविधानसम्मत नरहेको स्पष्ट हुन्छ। संविधानलाई हेर्ने हो भने प्रतिनिधिसभा सदस्य नभएको व्यक्ति प्रधानमन्त्री बन्न सक्दैन। प्रतिनिधिसभा निर्वाचन (०५६) मा पराजित व्यक्तिलाई टपक्क टिपेर कार्यकारी प्रमुख बनाइएको छ। प्रतिनिधिसभाको निर्वाचन गराइएको छैन। यो कार्य संविधानविपरीत छ, त्यसैले अवैध छ। देश जनप्रतिनिधिविहीन अवस्थामा रहेको छ।

प्रधानमन्त्रीलाई जनताप्रति उत्तरदायी बनाउने संसदले हो। संसद बन्न नदिइएको समयमा संविधानविपरीत ल्याइएको प्रधानमन्त्री जनतासम्म पुग्न सक्दैन। जनतासम्म पुग्न नसक्ने प्रधानमन्त्रीले जनताको प्रतिनिधित्व गर्न सक्दैन।

जनप्रतिनिधि विधायक हुन्। विधायिकी काम एउटै संसदबाट हुने होइन। प्रतिनिधिसभा नभएको विशिष्ट अवस्थामा सरकारले चाहेको भए स्थायी संसद राष्ट्रिय सभाबाट विधायिकी काम बाहेक अरू कामहरू जस्तैः राष्ट्रिय नीति, राष्ट्रिय मुद्दाहरूमा बहस गर्न सक्दथ्यो, जुन यो सरकारले संविधानतः सक्दैन। किनभने यसले जनताको प्रतिनिधित्व गर्दैन। त्यसैले राष्ट्रिय सभा अगाडि पनि चन्द सरकारले प्रतिवद्ध हुने आँट गर्न सकेन। राष्ट्रिय सभाको अधिवेशन बोलाउन सरकारले इन्कार गर्‍यो। अनि यो सरकार कसरी जनताप्रति प्रतिवद्ध हुन सक्दछ ?

यसप्रकारको सरकारको अनुत्तरदायी भूमिकाको कारण राष्ट्रिय सभाको भूमिकालाई समेत समाप्त गरिएको छ। राष्ट्रिय सभामा जुन दलका प्रतिनिधिहरू प्रतिनिधित्व गर्दछन्, तिनको सामना गर्ने आँट सरकारले गर्न सकेको देखिँदैन। यो सरकार यस कारण जीवित एउटै संसदमा पनि जान सकेन, किनभने यससँग जनप्रतिनिधि कहाँ जाने एजेण्डा नै छैन। त्यसैले यसले राष्ट्रिय सभालाई सामना गर्न सकेन।

यद्यपि, राष्ट्रिय सभाका समितिहरूको वैठक (जसलाई पछि सरकारले बन्द नै गर्‍यो) मा पुगेका उपप्रधानमन्त्रीको व्यवहार उदेकलाग्दो देखा पर्‍यो। प्रत्यायोजन समितिमा उहाँको भनाइ थियो- संसदमा आएर बोल्न मलाई आपत्ति छैन तर, यो मेरो व्यक्तिगत विचार हो। उपप्रधानमन्त्री नै व्यक्तिगत रूपमा चोखो देखिन खोज्ने, सज्जन हुन खोज्ने र सामूहिक रूपमा सामना गर्न नसक्ने भएपछि उत्पन्न हुने स्थितिको कल्पना मात्र गर्न सकिन्छ। शासन सरकार अनुसार होइन, ऐन, कानुन र नियम अनुसार संचालन हुनुपर्छ।

परिच्छेद ३

मानवअधिकार वर्ष पुस्तकका दश वर्ष : नेपालमा मानवअधिकारको स्थिति

वर्ष पुस्तक प्रकाशनको पृष्ठभूमि

इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार वर्ष पुस्तकले १० औं श्रृङ्खला पूरा गरी ११ औं श्रृङ्खलामा प्रवेश गरेको छ। यो १० औं श्रृङ्खलाले वर्ष पुस्तक एउटा सुनियोजित उद्देश्य पूरा गर्न प्रकाशन गरिएको यसको निरन्तरता र यसमा समाविष्ट विषयवस्तुहरू र तिनको स्थायित्वबाट पनि स्पष्ट पार्दछ।

०४६ सालको जनआन्दोलनमा सक्रियतापूर्वक संलग्न इन्सेकले जनआन्दोलनबाट प्राप्त प्रजातन्त्रको स्थायित्व र सुदृढीकरणलाई मानवअधिकारको जगमा विकास गर्न निरन्तर प्रयास गरेको छ। यसै क्रममा जनआन्दोलनपछि गठित अन्तरिम सरकारलाई नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय अभिसन्धिहरू अनुमोदन गर्न दवाब दिनुका साथै, निर्माण हुन लागेको संविधानलाई मानवअधिकारमा आधारित वनाउन निकै प्रयत्न गरेको थियो। विशेष गरी आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूलाई मौलिक अधिकारका रूपमा संविधानमा समावेश गराउन इन्सेकले निकै प्रयत्न गरेको थियो। यसै क्रममा विशिष्ट अन्तर्राष्ट्रिय व्यक्तित्वहरूलाई नेपालमा बोलाई यस विषयमा राजनीतिक दल, भर्खरै संगठित हुन शुरू गरेको नागरिक समाज र संविधान सुझाव आयोगलाई सुझाव दिन विभिन्न अन्तर्क्रियाहरू गरेको थियो। तर, समाजमा व्याप्त परम्परागत सोच अनि पञ्चायत विरूद्ध आन्दोलनमा लागेको प्रमुख दल नेपाली कांग्रेसको नेतृत्वमा रहेको राजनीतिक अधिकारलाई नै पूर्ण प्रजातन्त्र मान्ने परम्परागत र संकीर्ण सोच तथा अन्य दलमा राजनीतिक र आर्थिक अधिकारको संयोजनप्रतिको अन्योलले गर्दा आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार संवैधानिक वन्न सकेनन्। तत्कालीन राजनीतिक शक्ति सन्तुलनले एकातिर जनतालाई सार्वभौम वनायो भने अर्कोतिर जीवनको अधिकार, सम्पत्तिको समानुपातिक वितरण, सांस्कृतिक पहिचान तथा क्षेत्रीय र जातिगत सन्तुलनप्रति संविधानलाई मौन राखियो। शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारलाई संवैधानिक बनाउन सकेन। जनआन्दोलनको प्रमुख मागमा मानवअधिकार[1] लाई प्रस्तुत गरिए तापनि मानवअधिकारको सार्वभौमिकता र अविभाज्यताप्रतिको प्रतिबद्धता निर्वाह गर्नेतर्फ, इमान्दार प्रयत्न संविधानको निर्माणताका देख्न सकिएन।

संविधान निर्माणकै क्रममा एकातिर जनताको माग र अर्कोतिर माथिल्लो संरचनामा पुगेका राजनीतिक शक्तिभित्र रहेको द्वन्द्व र प्रभुत्वले मानवअधिकारप्रति ओठेभक्ति मात्र प्रदर्शन गर्ने राजनीतिक स्थितिप्रति इन्सेक सचेत भइसकेको थियो।

लामो संघर्षपछि राजकीय सत्ता प्राप्त गर्न सफल भएको राजनीतिक नेतृत्वमा आफ्नो दलको पकड सुदृढ पार्ने तथा त्यसकालागि राष्ट्रिय नीति र विकासको समेत अंशवण्डा गर्न थालियो। अन्तरिम सरकारमा समाविष्ट राजनीतिक दलका प्रतिनिधिहरूले सरकारको नीति हैन, दलको नीतिलाई मन्त्रालय संचालनको अघोषित नीति बनाए। धेरै वर्षसम्म दमन र यातना पाएका राजनीतिक कार्यकर्ताहरू तुरून्तै आफ्नो आर्थिक, सामाजिक अवस्थाको सुदृढीकरणतर्फ लाग्न थाले। सरकारी संयन्त्रहरूलाई द्रुत गतिमा राजनीतिकरण गर्न थालियो। फलस्वरूप पञ्चायती निरंकुशता विरूद्धको द्वन्द्व, राजनीतिक दलहरूवीच एवं सरकार र उपेक्षित जनताका वीचको द्वन्द्वको रूपमा परिणत हुन थाल्यो।

अन्तरिम सरकार

०४६ सालको जनआन्दोलनको संयुक्त चरित्र अनि राजासितको सम्झौताको शक्ति सन्तुलनको परिणतिको फलस्वरूप स्थापित "अन्तरिम सरकार" प्रति, प्रमुख रूपमा नेपाली कांग्रेसको तत्कालीन नेतृत्व असन्तुष्ट भएको मात्र हैन, गिरिजाप्रसाद कोइराला त झन् आक्रामक पनि वन्न थाल्नुभयो। उहाँले सबै कुरो अन्तरिम सरकारको

निर्णयबाट गरिने परिपाटीको विरोध गर्दै नेपाली कांग्रेसको चाहनाअनुरूप सरकार चल्नुपर्ने, अन्यथा अरू दलका प्रतिनिधिलाई सरकारबाट निष्काशन गरिनु पर्ने विचार प्रकट गर्नुभयो। यसले गर्दा, सरकार संयुक्त चरित्र र एकदलीय संचालनको अन्तर्विरोधको स्थितिमा जान थाल्यो।

०४६ फागुन ७ गतेदेखि शुरू गरिएको "जनआन्दोलन" को आह्वानपत्रमा संयुक्त राष्ट्रसंघले घोषणा गरेको मानवअधिकार बहाली गर्ने र मुठ्ठिभरका केही व्यक्ति र आम जनताबीच रहेको आर्थिक खाडल[2] बारे चर्चा भएपनि, अन्तरिम सरकारले आर्थिक राहत वा आर्थिक कार्यक्रमको कुनै रूपरेखा नै प्रस्तुत गर्न सकेन। त्यतिमात्र हैन, संविधान निर्माणको क्रममा आर्थिक, सामाजिक विभेदलाई हटाउने कुनै बुँदा राख्ने जमर्को पनि भएन। ०४७ साल कार्तिक २३ गते प्रजातान्त्रिक संविधानको घोषणा हुनासाथ देशमा चुनावको वातावरण बन्न थाल्यो। विगतका आफ्ना राजनीतिक अडान भन्दा पनि सत्ता प्राप्तिको होडमा प्रमुख राजनीतिक दल लाग्न थाले। प्रजातन्त्र प्राप्तिको लागि संयुक्त संघर्ष गर्न आह्वान गर्ने कांग्रेस र वामपन्थीबीचको कटुता, प्रजातन्त्र प्राप्त भएको केही महिनाभित्रै छताछुल्ल भएर बाहिर आयो।

वर्ष पुस्तकले महत्वका साथ परिच्छेद एवम् अनुसूचीहरुमा उठाएका केही प्रमुख विषयवस्तुहरू

सन् १९९२ :	नेपालमा बाँधा मजदूर, आदिवासी, महिला र मानवअधिकार
सन् १९९३ :	जातीय छुवाछूत, विस्थापनको समस्या
सन् १९९४ :	नेपालमा भारतीय अतिक्रमण
सन् १९९५ :	अरूण तेस्रो र विश्व बैंक, किसान आन्दोलन, मानवअधिकार आयोगको अवधारणा र औचित्य
सन् १९९६ :	माओवादी जनयुद्ध र मानवअधिकार / महाकाली सन्धि
सन् १९९७ :	नेपालको राजनीतिमा अपराधीकरण
सन् १९९९ :	नेपालमा राजनीतिक भ्रष्टाचार
सन् २००० :	विश्वव्यापीकरण, प्रत्यक्ष वैदेशिक लगानी तथा नेपालको अर्थव्यवस्था र समाज
सन् २००१ :	द्वन्द्व मूल्यांकन र समायोजनका उपायहरू (माओवादी जनयुद्ध)
सन् २००२ :	संकटकालः कारण, औचित्य र मानवअधिकारमा परेको असर

उपरोक्त परिप्रेक्ष्यमा मानवअधिकार सचेतनाको अभियान संचालन गर्नुपर्ने तथा मानवअधिकार हननका रूप र त्यसप्रति जिम्मेवारबारे जानकारी दिन पनि, एउटा विश्वसनीय प्रलेखको शुरूवात गर्नुपर्ने आवश्यकता इन्सेकले महसुस गर्‍यो। राजनीतिक दलहरू, विशेषगरी नेपाली कांग्रेसमा प्रवेश गरेको अहंकार, सत्ता प्राप्तिको अति मोह र आफू सदैव मानवअधिकार र प्रजातन्त्रको सेनानी भएको दावी गर्ने प्रवृत्तिको अन्तर्विरोधपूर्ण स्थिति र विशेषगरी वाम दलहरूमा मानवअधिकारलाई "विदेशी घूसपैठ" को रूपमा लिने संकिर्ण सोचको धरातलमा पनि मानवअधिकारका समस्याहरूको तथ्यपूर्ण खोज र त्यसको जनस्तरमा प्रवाह गरिनुपर्ने स्थितिलाई मध्यनजर गर्दै कुन समयमा मानवअधिकारको स्थिति कस्तो रह्यो ? मानवअधिकारको हननको स्वरूप कस्तो छ ? हननप्रति जिम्मेवार को ? भन्ने जानकारी जनस्तरमा ल्याउनुपर्ने खाँचो र मानवअधिकार हननका कारकतत्वको खोजी गर्दै तिनको निराकरणकालागि गर्नुपर्ने कामबारे पनि सार्वजनिक बहसको उद्देश्यसहित, वर्षपुस्तक प्रकाशनको जमर्को इन्सेकले गर्‍यो।

उपरोक्त सबै तथ्यले मानवअधिकार संस्कृतिको विकासकालागि मानवअधिकार प्रलेखको व्यवस्था गर्दै त्यसको प्रकाशनको रूपरेखा इन्सेकले तयार पार्‍यो। त्यसैअनुरूप इन्सेकमा "मानवअधिकार सूचना एवं प्रलेख केन्द्र"[3] को स्थापना गरियो। त्यसै बेला मानवअधिकार वर्ष पुस्तकको प्रकाशन गर्ने पनि घोषणा गर्‍यो।[4]

वर्ष पुस्तकलाई मानवअधिकार हननको तथ्यांक पुस्तक मात्र नबनाएर, देशको आर्थिक, सामाजिक समस्यालाई उजागर गर्दै मानवअधिकारको समग्रता अर्थात् आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र नागरिक अधिकारहरूका समस्या, कारण र तिनको निरूपणको समेत छलफल चलाउने एउटा पूर्ण दस्तावेजको रूपमा निरन्तरता दिने सोच राखिएको थियो। समाजमा देखा परेका मानवअधिकारको प्रत्यक्ष हनन पछाडि संरचनागत र सांस्कृतिक कारणहरू हुन्छन्, तिनको उचित सम्बोधन र निराकरण बेगर मानवअधिकारको स्थितिमा सुधार वा परिवर्तन ल्याउन सकिन्न। वर्ष पुस्तक प्रकाशनको सोच बन्दाको अवस्थामा आइपुग्नु अगावै इन्सेकले संविधान निर्माणक्रममा, आमचुनाव ०४८ ताका गरेको निर्वाचन सचेतना कार्यक्रम संचालन गर्दा र विशेषगरी पश्चिम र

सुदूरपश्चिम नेपालमा विद्यमान कमैया व्यवस्थाको अध्ययन क्रममा नै नेपाली समाजमा विद्यमान संरचनागत एवं सांस्कृतिक कारणबाट उत्पन्न मानवअधिकार समस्याबारे अनुभव हासिल गरिसकेको थियो। त्यसैले, प्रारम्भदेखि नै वर्ष पुस्तकलाई मानवअधिकारका विविध पक्ष समेट्ने एउटा समग्र शोध दस्तावेजको रूपमा प्रस्तुत गरिएको छ। संसारका अन्य मुलुकबाट प्रकाशन गरिने मानवअधिकार सम्बन्धी प्रलेख/सूचना पुस्तक भन्दा वर्ष पुस्तकको प्रकृति पृथक हुनाको कारण पनि यही नै हो।

वर्ष पुस्तक प्रकाशनको आरम्भमा आएका क्रिया/प्रतिक्रिया

वर्ष पुस्तक प्रकाशन आफैंमा एउटा जोखिम र चुनौतिपूर्ण कार्य थियो। मानवअधिकारबारे चर्चा गर्नु वा सैद्धान्तिक छलफल गर्नु जति सुगम वा प्रिय हुन्छ, मानवअधिकार हननका कारकतत्व अनि हननप्रति जिम्मेवारहरू खोट्याउने काम त्यति नै जोखिमपूर्ण पनि हुन्छ। देशको विद्यमान सामाजिक संरचनाभित्र विशेष गरी आफूलाई "प्रजातन्त्रको जन्मदाता एवम् मानवअधिकारको पहरेदार" को रूपमा लिने तर, प्रजातान्त्रिक चरित्र र संस्कारमा अभ्यस्त भइनसकेका राजनीतिक दलहरूको वर्चश्व रहेको अवस्था र दण्डहीनताको परम्परामा चलेको राज्य प्रणालीमा, यो काम अझै जोखिमपूर्ण हुन्छ। अझ मानवअधिकार हननप्रति जिम्मेवारलाई खुट्याउँदै आफूलाई स्वतन्त्र निकायको रूपमा प्रस्तुत गर्ने काम निकै चुनौतिपूर्ण हुन्छ। मानवअधिकार हननप्रति समाजमा रहेका राजनीतिक धारहरूको ज्यादै फरक-फरक विचार रहेको पाइन्छ। मानवअधिकार हननप्रति को जिम्मेवार हुन्छन् भन्नेबारे, देशका अति जिम्मेवार राजनीतिक नेतृत्वहरूको ज्यादै पृथक दृष्टिकोण पाइन्छ।

मानवअधिकार हननलाई एउटा सीमित वा राजनीतिक त्यसमा पनि दलीय सीमाभित्र राखेर हेर्ने वा बुझ्ने गरिएकोले घटनाको राजनीतिकरण हुनु स्वभाविक हुन जान्छ। त्यस्तो परिप्रेक्ष्यमा मानवअधिकार हननको प्रलेख प्रकाशन एउटा चुनौतिपूर्ण कुरा हुन आउँछ। अर्को समस्या पनि हाम्रो मुलुकमा रहेको छ, कसैले कुनै काम गर्‍यो भने त्यो कामप्रतिको, टिका-टिप्पणी भन्दा कर्ता र उसको राजनीतिक पृष्ठभूमि कस्तो हो भन्नेतर्फ बढी चासो जान्छ। यो अर्को चुनौतिपूर्ण अवस्था वर्ष पुस्तक प्रकाशनको प्रारम्भमै देखा पर्‍यो।

नेपालको मानवअधिकार आन्दोलन प्रजातान्त्रिक आन्दोलन सँगसँगै विकसित भएको हो। र, प्रजातान्त्रिक आन्दोलनको नेतृत्व राजनीतिक दलहरूले गरेका हुनाले अधिकांश मानवअधिकार कार्यकर्ताहरूको पृष्ठभूमि पनि राजनीतिक रहेको छ। फलस्वरूप, मानवअधिकार उल्लंघनका समस्या उठाउँदा पनि अमुक राजनीतिक पक्ष वा विपक्षमा रहेको भन्ने आरोप मानवअधिकार संस्थाहरूलाई लाग्ने गरेको छ। वर्ष पुस्तक प्रकाशनको प्रारम्भिक कालमा "पुस्तक नै राजनीतिक दस्तावेज भएको", "राजनीतिक दलको साख गिराउन प्रकाशन गरिएको", "मानवअधिकारको नाममा राजनीति गरेको" भन्ने थुप्रै आरोपहरू नआएका पनि होइनन्। वर्ष पुस्तकलाई "नेपालीद्वारा नेपालीको लागि", "विश्वमै एउटा मौलिक प्रस्तुति" लगायतका टिप्पणीहरू पनि आएका हुन्। वर्ष पुस्तकलाई कतिपय कोणबाट मानवअधिकार आन्दोलनको एउटा आधारस्तम्भको रूपमा पनि लिइएको थियो।

> "...... विश्वमा कहीँ पनि सरकारले उत्तेजना भड्काउने काम गर्दैन। यसैकारण दुई वर्षभित्र विभिन्न ठाउँमा भएका (मानवअधिकार हनन सम्बन्धी) घटनामा अवश्य पनि विपक्षी दलहरू नै बढी जिम्मेवार हुनुपर्छ।"[१८]
>
> **– गणेशमान सिंह**
>
> "मानवअधिकार र मौलिक अधिकार उल्लंघन गर्ने/गराउने काम विपक्षीबाट हुन सक्दैन। मानवअधिकार र मौलिक हकको उल्लंघन गर्न/गराउनका लागि राज्यशक्ति चाहिन्छ, जुन मात्र सत्तापक्षमा रहन्छ। त्यसकारण जुनसुकै देशमा पनि नागरिकहरूको अधिकारको अवहेलना र दमन सत्तापक्षले मात्र गरेको देखिएको छ।"
>
> **– मनमोहन अधिकारी**
>
> "जहाँसम्म सरकार र सत्तारूढ दलबाट बाहेक अन्य शक्तिहरूबाट मानवअधिकार उल्लंघनको प्रश्न छ ती तुलनात्मक रूपले अति न्यून र नगण्य मान्नुपर्छ, किनभने हाम्रो जस्तो पिछडिएको र राज्ययन्त्रको बोलवाला रहेको आर्थिक, राजनीतिक, सामाजिक संरचनामा राज्यशक्तिले नै कुनै चिज बिगार्न र बनाउनमा निर्णायक भूमिका खेल्न सक्छ।"
>
> **– डा. बाबुराम भट्टराई**
>
> *प्राची वर्ष १, ०४९*

सन् १९९२ मा प्रकाशित वर्ष पुस्तक पढिसकेपछि नेपालको मानवअधिकार स्थितिप्रति टिप्पणी गर्दै तत्कालीन फ्रान्सेली राजदूतले "... ग्रामीण इलाकाहरुमा परम्परागत सोचाई र विद्यमान सामन्ती चिन्तनले गर्दा पनि मानवअधिकारलाई बुझ्ने र बुझाउने परिस्थितिको सृजना भएको छैन"[५] भन्नुभएको थियो। त्यस्तै वर्ष पुस्तकले प्रस्तुत गरेको मानवअधिकारको स्थिति हेर्दा "सरकार समक्ष मानवअधिकार उल्लंघनका घटनाहरूको छानबिन गर्ने एक राष्ट्रियस्तरको आयोग बनाउनुपर्ने"[६] कुराको अनुभूति पनि जनस्तरमा परेको थियो। वर्ष पुस्तकले आफ्नो प्रारम्भिक अवस्थामा नै नेपालको मानवअधिकार हननका कारणमा "... सामाजिक बनौट, चेतनास्तर, राजनीतिक दलहरूमा रहेको संकीर्णता, अहम्, सत्तामोह र मानवअधिकारप्रतिको ओठेभक्ति ..."[७] भएको कुरा बुझ्न मद्दत गरेको थियो। त्यति मात्र हैन, वर्ष पुस्तकलाई राजनीतिक पूर्वाग्रहको एउटा दस्तावेजको रूपमा पनि कसै कसैबाट चित्रण गरिएको थियो।

महिलामाथि गरिएका दुर्व्यवहारका केही उदाहरण

उवा गाविसकी १६ वर्षीय धनकुमारी घर्तीलाई ०५२ कार्तिक १४ गते प्रहरीद्वारा घरैबाट गिरफ्तार गरियो। गाम प्रहरी चौकी पुऱ्याएर त्यसै दिन रातारात हिंडाएर १५ गते विहान ६ बजे सुलिचौर पुऱ्याइयो। त्यहाँबाट लिवाङसम्म बसबाट ल्याइयो। पीडित धनकुमारीका अनुसार बयान लिने क्रममा तिनलाई प्रहरीले लाठी, सिस्नो-पानीले हात, गाला र घुँडा मुनि पिटे। दिलकुमारी भन्ने अर्की महिलालाई लुङ्गी कम्मरसम्म उचाल्न लगाई गुप्ताङ्ग लगायतका शरीरका संवेदनशील अंगमा सिस्नोले कुटिएको थियो। त्यसैगरी हात र कम्मरमा लठ्ठीले कुटियो। यहाँसम्मकि दिलकुमारीको गुप्ताङ्गमा प्रहरीले हातको औंलासम्म कोचिदिएको कुरा धनकुमारी बताउँछिन्।

उवा गाविसकी २० वर्षीय कलसरी रोकालाई ०५२ कार्तिक १४ गते घरबाटै गिरफ्तार गरिएको थियो। गाम प्रहरी चौकीमा ल्याई त्यहाँबाट लिवाङ्ग ल्याउने क्रममा बाटोमा प्रहरीले रक्सी खाई चिमोट्ने, गाला टोक्ने र अश्लील शब्दहरु प्रयोग गरी जिस्काउने गरेको कुरा पीडित बताउँछिन्।

वर्ष पुस्तक १९९५

वर्ष पुस्तकमा उठाइएका मुद्दाहरुले मानवअधिकार आन्दोलनमा पारेको प्रभाव

वर्ष पुस्तक प्रकाशनको उद्देश्य मानवअधिकारका समस्याहरूलाई उजागर गर्नु तथा तिनको निराकरणको लागि जनताको सचेत हस्तक्षेप र दबाबको स्थिति ल्याउनु भएकोले, प्रारम्भदेखि नै यसले मानवअधिकारका अहम् मुद्दाहरूलाई उठाउँदै आएको छ। मानवअधिकार आन्दोलनलाई अविभाज्य रूपमा हेर्ने र त्यसको लागि राष्ट्रिय आन्दोलन संचालन गर्नुपर्छ भन्ने सोच इन्सेकले लिएको पुष्टि वर्ष पुस्तकले उठाएका मुद्दाहरूबाट स्पष्ट हुन्छ। सन् १९९० मा संविधान जारी हुँदा बेवास्ता गरिएका विषयहरूलाई राष्ट्रिय मुद्दाको रूपमा प्रस्तुत गर्न वर्ष पुस्तकले महत्वपूर्ण योगदान पुऱ्याएको छ। नेपाली समाजमा विद्यमान संरचनागत र सांस्कृतिक द्वन्द्वहरूबारे वर्ष पुस्तकले आफ्नो पहिलो प्रकाशनमै इङ्गित गरिसकेको थियो।

सन् १९९२ मा आफ्नो प्रथम प्रस्तुतिमा वर्ष पुस्तकले नेपालमा बाँधा मजदूर र आदिवासी समस्याका बारेमा विषयहरू उठाएको थियो। ७० वर्ष अगाडि दास प्रथाको उन्मूलन भएको एवं अघिल्लो संविधानले दास प्रथालाई दण्डनीय बनाए पनि सामाजिक संरचनाभित्र दास सरहको बाँधा श्रम प्रणाली कमैया प्रथाको रूपमा विद्यमान रहेको र यस प्रणालीमा रहेको शोषणको चरित्रले, पश्चिम नेपाल कुनै पनि बेला गम्भीर द्वन्द्वतिर जानसक्नेतर्फ इङ्गित गरेको थियो। नेपाली समाज, सतहमा जति शान्त र सौम्य देखिन्छ त्यसभित्र त्यतिकै अन्तर्विरोधहरू गुम्सिएर रहेका छन् भन्ने कुरा वर्ष पुस्तकहरूले उठाएका छन्।

राजकीय नीतिमा कहिल्यै स्थान नपाएको बाँधा श्रम प्रणाली (१९९२) र आदिवासी (१९९२) तथा जातीय छुवाछूत (१९९३) र विस्थापनको समस्या (१९९४) हरुलाई वर्ष पुस्तकमा महत्वका साथ प्रस्तुत गरिएको थियो।

इन्सेकको "देशमा विद्यमान मानवअधिकारका समस्याहरूको खोजी गर्दै तिनलाई उजागर गर्ने अनि ती समस्याहरूको जन संलग्नताद्वारा समाधान खोज्ने कार्यशैली"[८] अनुरुप वर्ष पुस्तकमा विषयवस्तुहरू चयन गरिएको र तिनको समाधानको खोजी पनि भएको पाइन्छ।

सन् १९९२ मा वर्ष पुस्तकले कमैया प्रथाको बारेमा समस्या उठान गरेपछि यस विषयले विस्तारै चर्चा पाउन थाल्यो। विगतमा कमैया समस्यालाई कृषि क्षेत्रमा रहेको श्रम प्रणालीको एउटा रूप मात्र भनी हेर्ने गरिन्थ्यो भने यो दास वा बाँधा श्रम प्रणालीकै समसामयिक रूप भन्ने कुरा

हाल स्थापित भएको छ। वर्ष पुस्तकले उठाएका कतिपय विषयहरूले सर्वाधिक चर्चा पाएका छन् र तिनको निराकरणका लागि केही प्रयत्न पनि भएको पाइन्छ। तर, कतिपयलाई फेरि पनि राज्यले महत्व नदिएको स्थिति छ। सन् १९९२ देखि नै वर्ष पुस्तकले नेपालको दण्ड प्रणालीमा प्रमुख स्थान रहेको यातनालाई प्रमुखना साथ उठाएको हो। हिरासतमा प्रहरीले दिने यातानालाई एउटा सामान्य दण्ड प्रक्रियाभित्र राख्ने गरिएकोमा, प्रजातन्त्रपछि यस कुरालाई सतहमा ल्याएर "यातना उन्मूलन" को लागि काम गर्न सबैलाई घचघच्याएको छ।

मानवअधिकारका समस्याहरूलाई सम्बोधन गर्दै मानवअधिकार संरक्षण र सम्बर्द्धनकालागि काम गर्न राष्ट्रिय र राजकीयस्तरमै काम गर्ने उच्च निकायको आवश्यकताबारे वर्ष पुस्तकले आरम्भकालदेखि नै चर्चा गर्दै आएको हो। राष्ट्रिय मानवअधिकार आयोग किन र कस्तो भन्ने विषयमा सन् १९९५ मा वर्ष पुस्तकले विस्तृत चर्चा गरेको छ। यसले सर्वाधिक महत्वका साथ अघि सारेको जातीय छुवाछूत, कमैया र आदिवासी समस्याहरूले आज राष्ट्रिय बहस मात्र हैन, तिनको उचित र न्यायपूर्ण सम्बोधनविना राष्ट्र अगाडि वढ्न नसक्ने कुरा सबै क्षेत्रकालागि मान्य भएको छ।

वर्ष पुस्तकले उठाएका विषयहरूमा कमैया मुक्ति, दलित आयोग र यस सम्बन्धमा भए गरेका काम र आदिवासीको समस्याबारे राष्ट्रिय बहसलाई उपलब्धीको रूपमा लिन सकिन्छ। यी समस्याहरूप्रति राष्ट्रिय महत्व र अन्तर्राष्ट्रिय चासो प्रकट भएका छन्। कमैया प्रथाको अन्त्यकालागि अन्तर्राष्ट्रिय श्रम संगठन लगायत कतिपय दातृराष्ट्रहरू नेपालको सरकार र नागरिक समाजलाई सहयोग गर्न तत्पर छन्। सन् १९९५ मा संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगको वैठकमा समेत यो विषयले स्थान प्राप्त गर्‍यो। नेपालको मानवअधिकारको समस्याहरूलाई नागरिक तथा राजनीतिक परिधिभित्र मात्र हेर्ने परम्परा र शैलीलाई नै परिवर्तन गर्न, वर्ष पुस्तकको महत्वपूर्ण योगदान छ। मानवअधिकारलाई मुख्य रूपमा संगठन, स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको धरातलमा मात्र राख्ने सोचमा, अब व्यापक परिवर्तन भइसकेको छ। वर्ष पुस्तकका आफ्ना १० श्रृङ्खलाले मानवअधिकार प्रजातन्त्रको विकास सँगसँगै विकसित हुने र भ्रष्टाचारले प्रजातन्त्र मात्र हैन, मानवअधिकार हननमा पनि प्रमुख भूमिका खेल्दछ भन्ने कुरा प्रमाणित गरेको छ।

देश गम्भीर द्वन्द्वतिर जाने कुरातर्फ वर्ष पुस्तकको संकेत

सन् १९९२ देखि सन् २००२ सम्म आइपुग्दा सरकार जसरी असहिष्णु बन्दै गयो त्यसरी नै देश तनाव र द्वन्द्वमा फस्दै गयो। फलस्वरूप प्रजातन्त्रका निकायहरू कमजोर भए। शक्ति पृथकीकरणको प्रजातान्त्रिक आधार कमजोर भयो। भ्रष्टाचार व्याप्त भयो, राजश्व र वैदेशिक सहायताको ब्रम्हलूट भयो। अन्ततोगत्वा त्यसको मार जनतामा पर्न थाल्यो। जनताका मानवअधिकारहरूको उल्लंघन हुन थाल्यो।

वर्ष पुस्तकले विभिन्न श्रृङ्खलामा उठाएका प्रमुख मुद्दाहरू "वर्ष पुस्तक दशक चक्र" बाट स्पष्ट हुन्छ।

प्रकाशनको प्रारम्भदेखि वर्ष पुस्तकले देश गम्भीर द्वन्द्वतर्फ घचेटिँदै गएको बारेमा सबैको ध्यानाकर्षण गराउँदै आएको थियो। प्रत्येक समाजमा द्वन्द्व हुन्छन् तर तिनको सही र सकारात्मक निदान खोजिएन भने द्वन्द्वले हिंसात्मक मोड लिन्छ भन्ने तथ्य शाश्वत सत्य हो। ०४६ सालअघि नेपाली समाजमा विद्यमान उत्पीडन, ज्यादती, राजनीतिक दमन, आर्थिक शोषण, भ्रष्टाचार इत्यादिका कारणले विभिन्न स्तरमा द्वन्द्वहरू विद्यमान थियो। ती सबै द्वन्द्वको ध्रुवीकरण फलस्वरूप ०४६ सालको जनआन्दोलन भयो र राजनीतिक व्यवस्थामा परिवर्तन भयो। प्रकट द्वन्द्वको हल त भयो तर संरचनागत द्वन्द्वका कारणतर्फ लाग्ने, सरकार वा सत्ताको कुनै सोच समेत अगाडि आएन। प्रजातन्त्रकालागि संघर्ष गर्ने नेपाली कांग्रेस सत्ता लिप्सामा व्यस्त भयो भने अरू प्रतिपक्षीहरू पनि मूल रूपमा सत्ताको राजनीतिमै व्यस्त रहे।

०४६ को जनआन्दोलनपछि व्यापक रूपमा विगतका मानवअधिकार हननकर्तालाई सजाय दिने माग उठेपछि अन्तरिम सरकारले मल्लिक आयोग र बेपत्ता पारिएका मानिस पत्ता लगाउने समिति त बनायो तर तिनको प्रतिवेदनको वेवास्ता गर्दै संगीन अपराधमा मुख्य रूपले संलग्न त्यसवेलाका प्रहरी अधिकृतहरूलाई अभयदान दिने काम गरी दण्डहीनतालाई संस्थागत गर्‍यो। मन्त्रिपरिषद्को ०४७ असार १८ गतेको वैठकले "जनआन्दोलनका क्रममा मुलुकका विभिन्न भागमा घटेका घटनाहरूका सचेत विषयमा छानविन गरी प्रतिवेदन पेश गर्न गठित तीन सदस्यीय जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदन अध्ययन गर्दा दोषपूर्ण व्यवस्थाले गर्दा जनआन्दोलनका क्रममा प्रहरीबाट केही ज्यादती हुन गएको भए तापनि वर्तमान सन्दर्भमा प्रहरीको मनोवल कायमै राख्न र प्रहरी प्रशासनको स्थायित्व, कार्यकुशलता एवं आन्तरिक

सुरक्षाको सम्पूर्ण जिम्मेवारी प्रहरीले नै वहन गर्नुपर्ने भएको तथा निकट भविष्यमा हुने आमनिर्वाचनलाई निष्पक्ष र शान्तिपूर्ण बनाउन प्रहरीको विशेष भूमिका रहने कुरालाई दृष्टिगत गर्दै जाँचबुझ आयोगको प्रतिवेदनको आधारमा कुनै कारवाही नगर्ने' भनी जस्तोसुकै ज्यादतिमा लागेका प्रहरीहरूलाई पूर्ण उन्मुक्ति दिइयो। जनआन्दोलनपछि आफूले पञ्चायत कालमा ज्यादति गरे बापत दण्डित हुनुपर्छ भन्ने त्रासमा रहेका उच्चतहका अधिकृतहरूमा "सत्तासीनको भक्ति गरेमा जे गर पनि हुन्छ" भन्ने भावनाले जरो गाड्यो। सत्ताकालागि शक्ति चाहिन्छ र जोसँग शक्ति छ त्यसैको सहयोग लेउ भन्ने धारणासहित दण्डहीनतालाई माध्यम बनाएकोले "प्रजातन्त्रको पुर्नवहाली भएपछिका केही महिना नबित्दै अन्तरिम सरकारद्वारा नशालु पदार्थ, सुन लगायत अन्य वस्तुहरू तस्करी गर्ने कैयौं कुख्यात, कैद भुक्तान हुनु अगावै छोडिए।" डी. वी. लामा, भरत गुरूङ तथा भीमप्रसाद गौचन जस्ता व्यक्तिहरू छुट्न सफल भए।[१०] दण्डहीनतालाई संस्थागत गरिएकोले अपराध बढ्नु स्वभाविक हो। प्रजातन्त्रबाट सामाजिक परिवर्तन चाहने जनता र सत्ता प्राप्तिकालागि जेसुकै गर्न तयार शक्तिबीचको अन्तर्विरोध चर्कँदै गयो। जनस्तरमा द्वन्द्वहरू फैलिन थाल्यो। प्रहरीलाई प्रदान अभयदानले गर्दा, प्रहरी सत्तापक्षप्रति "भक्तिभाव" प्रदर्शन गर्न थाल्यो। प्रशासनमा असहिष्णुता बढ्न थाल्यो। "सरकारको विरोध-प्रजातन्त्रको विरोध" भन्ने पञ्चायती प्रवृत्ति तीव्ररूपमा हावी हुन थाल्यो।

०४८ सालको चुनाव कम हिंसामा सम्पन्न भएता पनि एक वर्षभित्रै स्थानीय चुनावकालमा अत्याधिक मानिसको हत्या गरियो। देशभरि पञ्चायतकालीन सार्वजनिक अपराध एवं सजाय ऐनको व्यापक दुरूपयोग भयो। प्रजातन्त्र अगाडि ५ सयको हाराहारीमा सार्वजनिक अपराध मुद्दा लगाइएकोमा ०४८ जेठदेखि ०४९ को अन्तिममा पुग्दा नपुग्दै ६ हजार भन्दा बढीलाई सोही मुद्दा लगाइयो। यस अवधिमा सामान्य जुलुस, धर्ना र हड्तालमा पनि जथाभावी गोली चल्न लाग्यो। रोल्पामा मात्र संयुक्त जनमोर्चाका ५ सय भन्दा बढी कार्यकर्तालाई मुद्दा लगाइयो। प्रथम निर्वाचित सरकारले दुई वर्षको कार्यकाल पूरा गर्दा नगर्दा काठमाण्डौ, अर्घाखाँची, खोटाङ, कावासोती आदि ठाउँमा प्रहरीको गोलीले दर्जनौं हत्या भए। यसै अवधिमा प्रहरीले यातना दिने काममा पनि निकै बृद्धि भयो।

सन् १९९२ देखि सन् १९९४ सम्मको अवधिमा मानवअधिकार वर्ष पुस्तकले प्रहरी ज्यादति र यातनाका धेरै घटनाहरू प्रलेख गरेको छ। ०४८ सालमा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बनेपछि शिक्षक र

कर्मचारीले विभिन्न मागहरू राखी आन्दोलन गरे। कर्मचारीहरूको व्यापक दमन गरी धेरैलाई बर्खास्त गरियो भने शिक्षकको पनि त्यही हाल भयो। पञ्चायतकालभरि प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने नेपाल राष्ट्रिय शिक्षक संगठनलाई राजनीतिक विचारको आधारमा टुक्रा पारियो। नेपाली कांग्रेसको भातृ संगठनको रूपमा शिक्षक संघ गठन गरियो। रोल्पा, रूकुम, प्यूठान, दाङ, जाजरकोट जिल्लामा व्यापक दमन र धरपकड शुरू भयो। कतिपय जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रशासनको प्रमुख भन्दा पनि सत्ताधारी दलको एजेण्टको रूपमा प्रस्तुत हुन थाले। रोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी अब्दुल रइस खाँको क्रियाकलापबारे सन् १९९४ को वर्ष पुस्तकमा यस्तो लेखिएको छ- "रोल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी अब्दुल रइस खाँ स्वयंले यस वर्ष पनि (अघिल्लो वर्ष जस्तै ...) आफै कुटपिट गर्न भ्याउनु भयो। ०५१ मंसिर ३ गते मध्यावधि निर्वाचनका उम्मेदवार राजकुमार कक्षपतीले उहाँको हातबाट कुटाई खानुपर्‍यो। जिल्ला भू-संरक्षण कार्यालय, रोल्पाका लेखापाल देवराज पोखरेलले मुलुकको ख्याति प्राप्त मासिक पत्रिका मूल्यांकन पढेको आरोपमा प्रमुख जिल्ला अधिकारीलाई, उहाँको कार्यालयमै गएर स्पष्टीकरण दिनुपर्‍यो। मानवअधिकारतर्फ चासो राख्ने सबैकालागि प्रमुख जिल्ला अधिकारी अब्दुल रइस खाँ र उहाँको जिल्ला रोल्पा चर्चाको विषय बन्यो। प्रहरीको गोलीले भएको मृत्यु लगायत अन्य सबै मौलिक अधिकारको दृष्टिकोणले पनि रोल्पा चर्चाको अग्रपंक्तिमा रहेको पाइयो।[11]

०४८ सालको मध्यदेखि गरिएको प्रहरी ज्यादती र यातना बढ्दै गएर ०५२ को मध्यसम्म पुग्दा-नपुग्दा २३ जना मानिस थुनिएकै अवस्थामा मरे।[12] "किलो शेरा टु" र "रोमियो" अप्रेशनहरू भयो। मानवअधिकार संस्थाका प्रतिवेदनहरूमा प्रशासनिक ज्यादतीको कुराहरू जति लेखेतापनि यसप्रति कुनै चासो दिइएन। सरकार प्रशासनिक ज्यादतीमा लाग्यो। मानवअधिकार आयोगको गठन गर्न राष्ट्रिय सभामा संकल्प प्रस्ताव दर्ता भएकोमा त्यसलाई १६ को विपक्षमा २७ मतले पराजित गराइयो। संकल्प प्रस्तावमाथिको छलफलको बेलामा बोल्दै तत्कालीन गृहमन्त्री शेरबहादुर देउवाले "मानवअधिकारको निम्ति देशमा एमनेष्टी इन्टरनेशनल र मानवअधिकारवादी संस्थाहरू क्रियाशील रहेकोले त्यसको निम्ति कुनै आयोग नै गठन गर्न आवश्यक छैन"[13] भन्नुभयो। राष्ट्रिय सभाले मानवअधिकार आयोग गठन गर्ने जस्तो महत्वपूर्ण प्रस्ताव पारित नगरेकोमा नेपालको मानवअधिकार आन्दोलनका अग्रणी हृषीकेश शाहले "मानवअधिकार सम्बन्धी उल्लंघनहरूको रेखदेख गर्नाको खातिर राष्ट्रिय आयोग खडा गरियोस् भनी एक जना सांसदले राष्ट्रिय सभामा राख्नु भएको प्रस्ताव हेपाही र असन्तुष्टी साथ जसरी अस्वीकृत गरिएको छ, त्यो निश्चय पनि वयोवृद्ध सम्पन्न बुजुकहरूको सदनलाई शोभा दिने काम भएको छैन"[14] भनी असन्तुष्टि प्रकट गर्नुभयो। यहाँ बुझ्नुपर्ने के छ भने एमनेष्टी इन्टरनेशनलको कार्यप्रणाली अनुरूप राष्ट्रिय शाखाले त्यसै राष्ट्रको मानवअधिकारको घटनाहरूको प्रलेख गर्न र घटनाहरूमा विचार दिन पाउँदैन। सरकारद्वारा निरन्तर हुँदै गरेको प्रजातन्त्र विरोधी क्रियाकलापबाट दिक्क भएर जनआन्दोलनका नेता गणेशमान सिंहले ०४९ फागुन २५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई लेख्नुभएको पत्रमा भन्नुभएको थियो- "... मेरो, पार्टीसँग निकट अतिनमा भएका हाम्रा गलत नीतिहरूलाई सच्याउने र आफ्नो गौरवपूर्ण परम्परा थाम्ने विवेक र चेतना जागोस् भन्ने कामना पनि अरण्यरोदन साबित हुन बेर छैन। किनभने पतनशील व्यक्ति, संस्था र समाजको मति भ्रष्ट भएपछि उसले कुनै कुरा सुन्न, सोच्न र ठम्याउन सक्दैन।"[15] सरकारले जनताका असन्तुष्टीहरूतर्फ ध्यान नदिएर, दमनद्वारा मात्र जनआवाज दबाउने काममा लागेकोले स्थिति झन् गम्भीर बन्दै गयो।

रोल्पा, रूकुम लगायत मध्य पश्चिम पहाडी क्षेत्रका कतिपय जिल्लामा प्रहरी दमन, हत्या र मुद्दाको माध्यमबाट सक्रिय रह्यो भने अन्य राजनीतिक दलले उठाएका मुद्दाहरू सरकार सुन्न तयार भएन। मुख्य रूपले संयुक्त जनमोर्चामाथि दमन केन्द्रित भएता पनि सबै वामपन्थी दलहरू पनि दमनबाट मुक्त रहन सकेनन्। ०४८ देखि ०५१ को अन्तिमसम्मको अवधि देशमा विरोध प्रदर्शन, हड्ताल अनि दमन र हत्याको अवधि रह्यो। यस अवधिमा संयुक्त जनमोर्चाका केन्द्रीय सदस्य रामवृक्ष यादव लगायत धेरै नेताहरूको सुनियोजित हत्या भयो। रोल्पा जिल्ला विकास समितिका सभापति झक्कुप्रसाद सुवेदीले प्रहरीको निर्मम यातना खप्नुपर्‍यो र लामो समय हिरासत र जेलमा बस्नुपर्‍यो। मध्य पश्चिमका जिल्लाहरूमा दमनको सिलसिलामा मुख्य रूपले शिक्षकहरूलाई डाँका मुद्दा तथा सार्वजनिक अपराधको मुद्दा लगाइयो। यसरी मुद्दा लगाइएका शिक्षकहरू सबै नै नेपाल राष्ट्रिय शिक्षक संगठनका सदस्यहरू थिए। दमनकै सिलसिलामा महिलामाथि एकदमै निकृष्ट व्यवहार गरियो।

सन् १९९२ देखि सन् २००२ सम्मका वर्ष पुस्तक हेर्दा १९९२ देखि १९९६ सम्मको एउटा कालखण्ड र १९९६ पछि २००२ सम्म अर्को कालखण्डको रूपमा लिन सकिन्छ। सन् १९९२ देखि सन् १९९५ सम्मका वर्ष पुस्तकमा नेपाली समाजमा व्याप्त विभिन्न समस्याहरू प्रस्तुत गरिएको छ जस्तै, बाँधा मजदूर, महिला र आदिवासी समस्या, विस्थापनको समस्या। त्यसै अवधिमा राजनीतिक द्वन्द्वले गर्दा संसद विघटन, अनि सरकारमा लगातार फेरबदल, राष्ट्रव्यापी दमन र हिंसाले गर्दा सरकारको विश्वसनीयतामा व्यापक ह्रास आयो। यस अवधिमा सरकार कमजोर र राजनीतिक क्षेत्र विभाजित भएकोले अपराधी पक्रने नाममा भारतीय प्रहरी काठमाण्डौसम्म आउँदा पनि कुनै प्रतिक्रिया हुन सकेन।

मनमोहन अधिकारीको नेतृत्वमा बनेको सरकारलाई ०५२ भदौ १२ को सर्वोच्च अदालतको निर्णयबाट सत्ताच्यूत गरेपछि जनआन्दोलनपछि, पहिलो पटक नेपाली कांग्रेसका शेरबहादुर देउवाको नेतृत्वमा पूर्व पञ्चहरूद्वारा गठन गरिएको राष्ट्रिय प्रजातन्त्र पार्टीसित संयुक्त सरकार बनाइएको थियो। यसै अवधिमा संयुक्त जनमोर्चाले राष्ट्रियता, जनजीविका र जनवादको नाममा ४० सूत्रीय माग सरकार समक्ष पेश गर्‍यो। एक सय दिनको समयावधि दिइएको सो मागपत्रप्रति सरकार पूरै उदासीन रह्यो। वर्ष पुस्तकका १९९२ देखि १९९५ सम्मको श्रृङ्खलाले स्पष्ट नै पारेको थियो कि नेपाली समाजमा विद्यमान संरचनागत समस्याहरूप्रतिको बेवास्ता गर्दै पुरानै ढाँचामा सत्ता टिकाउन प्रहरी र प्रशासनको मात्र भर पर्ने प्रवृत्तिले गर्दा द्वन्द्वले हिंसाको रूप लिँदै थियो। त्यसमा पनि सरकारले गरेको दमनले गर्दा देश हिंसाको संघारमा पुगिसकेको थियो। ०५२ साल फागुन १ गतेदेखि नेकपा (माओवादी) ले सशस्त्र जनयुद्धको सुरूवात गरेको घोषणा गरे।

जनयुद्धपछि देशमा शुरू भएको हिंसा, प्रतिहिंसाले समाज अझै तनावग्रस्त र राजनीति क्षेत्र विभाजित भयो। सरकार जति कमजोर हुँदै गयो उति नै ऊ हिंसाको सहारामा टिक्न सैन्यीकरणतर्फ लाग्न थाल्यो। माओवादी नियन्त्रणको नाममा विकास बजेटको व्यापक कटौती गरी सुरक्षातर्फको खर्च बढाइयो। भ्रष्टाचार झनै बढ्यो। सत्तामा टिक्न सांसदहरूको किनबेच शुरू भयो। सन् १९९६ देखि सन् २००२ सम्मको वर्ष पुस्तकका श्रृङ्खलाहरूले हाम्रो देशमा देखा परेका समस्याहरूको चित्रण गरेका छन्। राजनीतिमा बढेको अपराधीकरण र भ्रष्टाचारले देश आक्रान्त भयो। सरकारमा रहेका मन्त्रीहरू ठाडै माफियातन्त्रमा फस्दै गए। स्थिति यतिसम्म पुग्यो कि नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले संसदमा माफियाहरूको पकड बढेको स्वीकार्न पुग्नुभयो। विश्वव्यापीकरण र उदार अर्थ नीतिको नाममा, देशका उद्योगहरूको जथाभावी निजीकरण गर्दै सरकारले सेवाबाट हात झिक्न थाल्यो। शिक्षा, स्वास्थ्य जस्ता आधारभूत क्षेत्रमा जनताको पहुँच झनै कठिन भयो। वर्ष पुस्तक २००२ को श्रृङ्खलामा पुग्दासम्म, देशमा संकटकालको घोषणा भइसकेको थियो र देश एउटा निसास्सिँदो स्थितिमा पुगिसकेको थियो।

प्रारम्भदेखिका वर्ष पुस्तक अध्ययन गर्ने हो भने नेपालमा हिंसात्मक द्वन्द्वका कारकतत्वहरू विद्यमान छन्, ती सक्रिय हुँदैछन् र ती द्वन्द्वले उब्जाएका समस्याहरूको समाधान हुन नसक्दा अन्ततोगत्वा हिंसा हुनेछ भन्ने प्रष्ट संकेत गरेको बुझ्न सकिन्छ। द्वन्द्व विज्ञहरू, संरचनागत र सांस्कृतिक द्वन्द्वको विद्यमानता र ती प्रतिको उदासीन नीतिले अन्ततोगत्वा हिंसा वा टक्कर अवश्यंभावी छ भन्छन्।

द्वन्द्वको शान्तिपूर्ण रुपान्तरणका लागि भएका प्रयासहरु

वर्ष पुस्तक प्रकाशनको प्रारम्भदेखि नै यसले देश गम्भीर द्वन्द्वतिर धकेलिँदै गएको इङ्गित गरेको थियो। द्वन्द्वको सैन्य समाधान हैन द्वन्द्वका कारकतत्वहरूलाई सम्बोधन गरी वार्ताद्वारा समाधान खोज्न निरन्तर रूपमा आफ्नो भनाइ राख्दै आएको हो। नेकपा (माओवादी) ले ०५२ फागुन १ गतेबाट जनयुद्ध शुरू गरेको घोषणा गर्नु अगावै नै वर्ष पुस्तकमा ".... राजनीतिको नामबाट हाम्रो देशका विभिन्न भागमा हिंसात्मक क्रियाकलाप बढेको छ। ती क्रियाकलापहरूको कारकतत्व विगतमा समाजमा व्याप्त हैकमवादी र राजनीतिक सुरक्षाप्राप्त व्यक्तिहरूको अत्याचार जिम्मेवार रहेको छ। अतः यता देखिएका ती हिंसात्मक घटनाहरूको सामाजिक, आर्थिक र सांस्कृतिक तत्वहरूको पहिचान गरी त्यसको उपचारतर्फ जानुपर्नेमा राज्यले प्रहरी बल प्रयोग गरी जस्तालाई त्यस्तै गर्ने हिसाबले दमन अभियान संचालन गर्ने गरेको र यस सिलसिलामा कानुनले निर्धारण गरेको जनताका मौलिक अधिकारहरूको खुल्लमखुल्ला उल्लंघन गरेको छ"[१६] भनिएको छ।

०४६ सालको परिवर्तनपछि जनताका आर्थिक, सामाजिक समस्याहरूबारे सत्ता संचालकहरूको उदासीनता



तथा सत्ताधारीहरूमा रहेको असहिष्णुता र सत्ता लिप्साले द्वन्द्वलाई निरन्तर बढाइरहेको थियो। विशेषगरी देशको मध्यमाञ्चलका मध्य पहाडी भागहरूमा बसोबास गर्ने जनताहरू निरन्तर भोग्दै आएको दमन र उत्पीडन विरूद्ध आवाज उठाउन र जनपरिचालनमा अगाडि बढिसकेका थिए। द्वन्द्वले हिंसात्मक आक्रमण र प्रत्याक्रमणको रूप ग्रहण गरिसकेको थियो। समाजमा विद्यमान संरचनागत र सांस्कृतिक रूपमा जरो गाडेर बसेको उत्पीडन, शोषण र विभेदलाई उचित रूपमा सम्बोधन नगरी शान्ति स्थापना हुन नसक्ने तथ्यलाई वर्ष पुस्तकका सन् १९९५ देखि यताका सबै श्रृङ्खलाहरूमा निरन्तर रूपमा उठाइएको छ।

सन् १९९६ को वर्ष पुस्तकमा "माओवादी जनयुद्ध र मानवअधिकार" विषयमा माओवादी जनयुद्धको पृष्ठभूमि, त्यसको फैलाव, आधार र यसले उजागर गरेको मानवअधिकारका समस्या र तिनको शान्तिपूर्ण निकासका सम्बन्धमा विस्तृत रूपमा चर्चा गरिएको छ। ७५ पृष्ठ लामो उक्त लेखमा माओवादीले जनयुद्ध शुरू गर्नु भन्दा अघिको सरकारको क्रियाकलाप, जनयुद्ध शुरू भएपछि गरिएको निर्मम दमन र गैरकानुनी क्रियाकलाप तथा माओवादीद्वारा गरिएको ज्यादतीको विवेचना गर्नुका साथै माओवादी जनयुद्ध मूल रूपमा एउटा राजनीतिक संघर्षको रूप भएकोले यसको समाधान पनि राजनीतिक हुनुपर्छ, सैन्य उपचार सम्भव छैन भन्ने ठहर गरिएको छ।

सन् १९९९ को वर्ष पुस्तकमा "माओवादी क्रियाकलाप र सरकारी व्यवहार" शीर्षकमा एउटा १९ पृष्ठ लामो शोधपूर्ण लेख प्रकाशित गरी माओवादी जनयुद्धको नाममा भएको हत्या र हिंसाको विस्तृत लेखाजोखा गरिएको छ। कसरी एउटा राजनीतिक समूह हिंस्रक बन्दै

गएको छ र साधारण जनता कसरी दोहोरो मारमा परिरहेका छन् भन्ने कुराको तथ्यगत चित्रण गर्दै यो समस्याको समाधानकालागि राष्ट्रिय सहमति हुनुपर्नेमा जोड दिएको छ।

प्रारम्भमा सानो मानिएका राजनीतिक पार्टी त्यसमा पनि संसदीय राजनीतिमा सहभागी समूहमध्येकै एकले शान्तिपूर्वक मागहरू नराखेर शुरु गरेको जनयुद्धले छोटै समयमा, अहिले देशका ठूला दलसँग समान प्रतिस्पर्धा गर्ने चुनौती दिन थालेपछि सबै पक्षलाई यसले झस्काएको छ। जनयुद्धको अप्रत्याशित प्रभाव र विस्तारले गर्दा भन्दा पनि बढी यस समयावधिमा भएका हत्या, हिंसा र आतंकका घटनाहरूले देशलाई एउटा गम्भीर राजनीतिक मोडमा उभ्याएको छ। यसको सुरक्षित अन्त्य तथा समाधानको उचित मार्ग खोज्न राष्ट्रिय सहमति अपरिहार्य हुँदै गएको छ[१३] भनी माओवादी समस्याको राजनीतिक समाधानकालागि राष्ट्रिय सहमतिको खाँचो औंल्याएको छ।

०५२ देखि ०५६ सालसम्मको चार वर्षको अवधिभित्र माओवादी समस्याको शान्तिपूर्ण र राजनीतिक समाधान खोज्नुपर्छ भन्ने यथार्थपरक आग्रहले गर्दा विशेषगरी नागरिक समाज शान्ति स्थापनाका क्रियाकलापहरूमा अगाडि आयो। विशेषगरी मानवअधिकार संस्थाबाट द्वन्द्व समायोजन वा व्यवस्थापनको लागि काम हुनुपर्नेमा जोड दिन थालियो। ०५६ सालदेखि खुलस्त रूपमा माओवादी समस्याको शान्तिपूर्ण समाधानको लागि सार्वजनिक न्याय र मानवअधिकारको प्रत्याभूति हुनुपर्ने र त्यसकालागि दुवै पक्षबीच प्रत्यक्ष वार्ताकालागि नागरिक समाजबाट माग उठ्न थाल्यो। देशभरि नै शान्तिपूर्ण समाधानका पक्षमा बहस चलाइयो। यसैबीच राजनीतिक दल र नागरिक समाजले जसरी वार्ताकालागि दवाव दिन थाले त्यसरी नै सरकार र माओवादी दुवैले हिंसालाई अझै व्यापक बनाए। ठूलो जनदवावका कारण वार्तामा आउन दुवै पक्ष तयार भए। वार्ताका केही चरण पनि सम्पन्न भए तर शान्तिपूर्ण समाधानकालागि गर्नुपर्ने इमान्दार प्रयास भएन/गरिएन। "युद्ध विराम" काललाई युद्धको तयारीको रूपमा लिन थालियो। वार्ता तोड्ने पहिलो पक्ष माओवादी भयो। तीन चरणको वार्तापछि टेबुलबाट बाहिर आएर माओवादीले ०५८ मंसिर ८ गते दाङको सैनिक ब्यारेक हमला गरेपछि, देशमा जटिल अवस्था आयो। सरकारमा युद्धलाई तीव्रता दिनुपर्छ भन्नेहरूको दवाव बढ्यो। ०५८ मंसिर ११ गतेदेखि अधिराज्यभर संकटकाल लागू गरियो र जनताका मौलिक हकहरूमाथि बन्देज लगाइयो। देश हिंसा र आतंकको भूमरीमा नराम्ररी जाकिन पुग्यो।

विगतमा नागरिक समाजले गरेको अनुरोध र जनताले पाएका पीडाप्रतिको असंवेदनशीलताले गर्दा हजारौं मानिस मारिन पुगे। यस्तो बेलामा पनि वार्ताद्वारा समस्याको समाधान खोज्नकालागि दवाव दिन नागरिक समाज खासगरी मानवअधिकार संस्थाहरूले छाडेनन्। मानवअधिकार वर्ष पुस्तक २००१ मा द्वन्द्व मूल्यांकन र समायोजनका उपायहरूबारे विस्तृत चर्चा गरियो। द्वन्द्व कसरी हिंसक युद्धमा परिणत हुन्छ र त्यसको पनि समायोजन कसरी हुन सक्छ भन्ने बारेमा जानकारी दिने प्रयत्न भयो। यसैबीच अन्य कतिपय संस्थाहरू विशेषगरी साउथ एशिया पार्टनरशीप, नेपाल नामक संस्थाले देशका विभिन्न भागमा श्रृङ्खलाबद्ध छलफल कार्यक्रमहरू गर्‍यो। इन्सेकले संकटकालमा भएका जनहत्या र अन्य हिंसात्मक क्रियाकलापबारे जानकारी दिने कामलाई तीव्रता दियो। सरकार ज्यादै निरंकुश बन्दै गयो। संकटकाल लम्ब्याउने कुरामा दलहरूबीच मतैक्य हुन नसकेपछि संसद विघटन गरी आमचुनावको मिति घोषणा गरियो। यसैबीच निर्वाचित स्थानीय निकायहरू पनि विघटन गरिए। प्रजातान्त्रिक देश भन्ने निरंकुश शासन शैलीभित्र पुग्यो। माओवादीलाई "आतंककारी" घोषणा गरी उनीहरूलाई निशस्त्र गर्ने उद्देश्यले सेना परिचालन सहित लागू गरिएको संकटकाल, सेना र माओवादीको आतंकपूर्ण क्रियाकलापको जाँतोमा जनताहरू पिँधिने कालको रूपमा परिणत भयो। वर्ष पुस्तक २००२ मा संकटकालः कारण, औचित्य र मानवअधिकारमा पारेको असरबारे चर्चा गरियो। २००२ को मध्यमा पुग्दा-नपुग्दा देशमा युद्धको विरोधमा ठूलो जनमत तयार भैसकेको थियो। यसैबीच देश गृहयुद्धको भूमरीमा पर्न सक्ने र अन्तर्राष्ट्रिय हस्तक्षेपका सम्भावनाहरू पनि देखा पर्न थाले। राजाले यसैलाई मौका मानी निर्वाचित जनप्रतिनिधिद्वारा गठन गरिएको शेरबहादुर देउवाको नेतृत्वको सरकारलाई असंवैधानिक तवरबाट बर्खास्त (संसदवादी दलहरूद्वारा भनिएको) गरेपछि माओवादी र सरकार बीचको द्वन्द्व दरबार (सरकार)-माओवादी-अन्य राजनीतिक दलबीचको त्रिकोणात्मक द्वन्द्वतिर देश धकेलियो। ०४६ सालमा स्थापित कांग्रेस-वाम-दरबार शक्ति सन्तुलनमा फेरबदल आयो। अन्तर्राष्ट्रिय हस्तक्षेप र निरंकुशता दुवैको विपक्षमा

के भन्यो वर्ष पुस्तकले : राष्ट्रको स्थिति र वर्ष पुस्तकको भनाइ

भूमिका (१९९२-२००२)

१९९२

समाजको प्रत्येक अङ्गको तीव्रताका साथ राजनीतिकरण गरिँदै छ, जसले भोलिका दिनमा हाम्रो "शान्ति" माथि समस्या नपर्ला भन्न सकिन्न।

१९९३

राजनीतिक दलहरूमै मानवअधिकार संस्कृति जगेर्ना गर्ने प्रवृत्ति देखा परेको छैन। सामाजिक प्रचलन, कट्टरतावाद, जातिवाद, भूस्वामीहरूको दबदबा, राजनीतिक संस्कारको कमी इत्यादि कारणबाट पनि मानवअधिकारको हनन भएको पाइन्छ।

१९९४

राजनीतिक दलहरूद्वारा मानवअधिकारलाई सत्ता प्राप्तिको एउटा माध्यम बनाइएको पनि देखिएको छ। सत्ता प्राप्त भएपछि विगतमा आफ्ना वचनबद्धतालाई अव्यवहारिक भएको बताउने गरेको उदाहरण खोज्न अन्त जानै पर्दैन। त्यस्तो उदाहरण हामीकहाँ नै पाइन्छ।

१९९५

मानिसहरूको हत्या गर्ने (हत्या) विरूद्ध उजुरी गर्न चाहने परिवारका सदस्यहरू उपर पनि हिंसात्मक आक्रमण गर्ने (काम) गरेको अभिलेख हामीसँग दुरूस्त छ। ... राजकीय संरक्षणमा अपराध गर्न पल्किएकाहरूको अनियन्त्रित व्यवहारले मुलुकमा अराजकता र हिंसालाई नै निम्त्याउँदो रहेछ।

१९९६

जनआन्दोलन १९९० को मर्म, त्यस आन्दोलनका अगुवा राजनीतिक दलहरूले नै बिर्सन थालेका छन्। उनीहरूले विगत डेढ वर्षदेखि त आफ्ना निर्वाचनका घोषणापत्रलाई समेत बिर्सने संस्कृतिको निर्माण गरेका छन्। सांसदहरू आफूलाई कुनै कानुनले नछुने गरी राष्ट्रिय अर्थतन्त्रको दुरूपयोग गर्ने कानुन बनाउन थालेका छन्। वर्षमा तीन महिना पनि दुई छाक खान नपाउने जनताका प्रतिनिधिहरूले ३०/३५ लाख पर्ने गाडी भन्सार (राजश्व) मा भारी छुट सहित झिकाउन पाइने सुविधा यसको ज्वलन्त प्रमाण हो।

१९९७

सत्ता समीकरणको दुर्गन्धमय आहालमा चुर्लुम्म डुब्यो। कल्पना पनि नगरिएको अनैतिकता र बेइमानीको खेलमा कानुन निर्माताहरू नै लागेकाले प्रजातन्त्रका हिमायती जो कोही दुःखित भए। प्रजातन्त्रको स्थापनाको लागि त्यागपूर्ण जनआन्दोलनमा सहभागी हुनेहरूको मन रोयो।

१९९९



देशको राजश्व तथा विदेशी सहायताबाट प्राप्त रकममा भ्रष्टाचार हुनुलाई सबैभन्दा ठूलो कारण मानिएको छ। यसरी भ्रष्टाचार गर्नेहरूमा सानातिना मात्र नभएर देश चलाउने महत्वपूर्ण ठाउँमा आसीन नेता तथा कर्मचारीहरूको हात प्रत्यक्ष/अप्रत्यक्ष देखिँदै आएको पनि छ।

2000



मानवअधिकार उल्लंघनका घटनाहरू बढ्दै गएकाले जनताले नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको प्रजातन्त्र र मानवअधिकारको मान्यतालाई व्यवहारमा अनुभूति गर्न सकेनन्।

2001

व्यक्त गरिएका सरकारी प्रतिबद्धताहरूलाई व्यवहारमा रूपान्तरण गर्ने सवालमा भने यो वर्ष झनै निरासाजनक रह्यो। सत्ता प्राप्तिको आपसी द्वन्द्व र विपक्षसँगको शत्रुतापूर्ण व्यवहारको प्रतिछायाँ वर्षभरि सरकारको क्रियाकलापमा रह्यो।

2002

राजनीतिक नेतृत्व र व्यक्तिको आमरूपमा भइरहेको स्खलनका कारण प्रजातन्त्र निरन्तर दुब्लाउँदै छ। शैली र प्रवृत्ति विस्तारै सिद्धान्तमाथि हावी हुने गर्छ। छालाको मायाले राजनीति गर्नेहरूको हातमा बागडोर पुगेपछि दलहरू साँच्चै काँतर बन्न पुग्छन्। यस्तो काँतर दलका कार्यकर्ता या त विद्रोही बन्छन् अथवा निराश हुन्छन्।

आम जनमत र सबै राजनीतिक दलहरु एकातिर उभिने शुभ संकेत पनि देख्न पर्को छ। नागरिक समाज उत्साहित भएको छ र दवावमा गुणात्मक वृद्धि भएको छ।

नेपालको मानवअधिकार मूल्यांकन

नेपाल अहिले इतिहासमै कहिल्यै देख्न नपरेको गम्भीर परिस्थितिबाट गुज्रिँदै छ। राज्यमा राजनीतिक द्वन्द्व हुनुलाई त्यति गम्भीर रूपमा लिइँदैन तर अहिले सतहमा जसरी राजनीतिक समस्या देखिएको छ त्यतिकै विभिन्न आर्थिक, सामाजिक, सांस्कृतिक कारणहरु विद्यमान छन्। राजनीतिक द्वन्द्वले हिंसात्मक रुप लिएको छ र यो हिंसाले देशको सम्पूर्ण भौगोलिक क्षेत्रलाई प्रभावित पारेको छ। आर्थिक, सामाजिक र सांस्कृतिक समस्याहरु अझै जटिल बन्दै गएका छन्।

विगत ७० दशकदेखि नेपालको इतिहासमा बारम्बार चर्का द्वन्द्वहरू हुने र तिनले कहीं न केही रूपमा माथिल्लो ढाँचामा परिवर्तन ल्याउन गरेको छ। मूल रूपमा सत्ता परिवर्तन वा साझेदारीमा मात्र सीमित गरिएका यस्ता परिवर्तनहरूले द्वन्द्वका कारकतत्वहरु आर्थिक, सामाजिक समस्याहरुतर्फ ध्यान दिन भने सकेका छैनन्। फलस्वरूप एउटा द्वन्द्वको समाधान अर्को द्वन्द्वको तयारीको रूपमा प्रस्तुत हुँदै आएको छ। पछिल्लो द्वन्द्वको समाधान ०४६ सालको जनआन्दोलनपछि गरियो र त्यसबेलामा पनि नेपाली समाजमा विद्यमान आर्थिक, सामाजिक र सांस्कृतिक समस्याहरुलाई सम्बोधन गर्ने प्रयत्न भएन। फलस्वरुप ०५२ सालसम्म आइपुग्दा देश गम्भीर द्वन्द्वतर्फ उन्मुख भयो र यस पटक यो द्वन्द्व हिंसात्मक रूपमा प्रस्तुत भयो।

वर्तमानका मानवअधिकारका समस्या भनेकै द्वन्द्व र दण्डहीनताका समस्या हुन्। ०४६ सालपछिको अवधिमा

> **कानुनको खिल्ली**
>
> सिन्धुली जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी नेत्रबहादुर कार्कीले मानवअधिकार टोलीसँगको एक भेटमा भन्नुभयो- "माओवादीहरुले आतंककारी गतिविधि चलाएका छन् यो नियन्त्रण गर्न कानुन बमोजिम गरेर हुँदैन। ... म कानुन र संविधान बमोजिम नै गरेको छु भन्दिन, कानुन र संविधान उल्लंघन भएको छ। ... कानुन र मानवअधिकारको दुहाई दिएर यो गतिविधि नियन्त्रण हुँदैन।
>
> - वर्ष पुस्तक १९९६, पेज १०७

दण्डहीनतालाई राजनीतिक लेनदेनको एउटा माध्यम बनाइयो। फलस्वरुप दण्डहीनता राज्यका विभिन्न निकायहरूमा गम्भीर रुपमा जरो गाडेर बसेको छ। दण्डहीनताले गर्दा कानुनको अवज्ञा गर्ने प्रवृत्ति र सत्ताको चाकडी गर्ने प्रचलनले, कानुनको मर्यादा गर्ने परिपाटीलाई कमजोर बनायो। अभयदानको परम्पराले जनताप्रतिको जवाफदेहीमा नकारात्मक प्रभाव पारेको छ। जब सामान्य ऐन-कानुन र प्रक्रियाप्रति जनविश्वास गुम्छ तब हिंसाले प्रश्रय पाउँछ। हाम्रो देश अहिले त्यही अवस्थाबाट गुज्रँदै छ।

माथि उल्लेख गरिएका विषयवस्तु एवं मानवअधिकार वर्ष पुस्तकले हालसम्मका आफ्ना श्रृङ्खलाहरूमा प्रस्तुत गरेका मानवअधिकार हननको रूपहरूलाई हेर्ने हो भने स्पष्ट हुन्छ- हाम्रो देशमा सत्ताको परिवर्तन, रूपमा मात्र भयो चरित्रमा हुन सकेन। त्यसैले पछिल्लो सत्ताले विरासतको रुपमा अघिल्लो सत्ताको चरित्रलाई पनि आत्मसात् गर्‍यो। जसले गर्दा दण्डहीनता, भ्रष्टाचार र गैर जवाफदेहीपनलाई नै सत्ता संचालकले आम रूपमा ग्रहण गरेका छन्।

सत्ता परिवर्तनकालागि जनताको संलग्नता खोज्दा उठाइएका समस्याहरु सत्ता प्राप्तिपछि कुनै एजेण्डा बन्न सकेनन्।

०४६ सालको जनआन्दोलनको नेतृत्व प्रजातान्त्रिक शक्तिहरूबाट गरिएकोले संवैधानिक रूपमा देशको शासन विधि प्रजातान्त्रिक बनाउने प्रयत्न भयो। यसै सिलसिलामा राज्यलाई मानवअधिकारप्रति प्रतिवद्ध बनाउन संविधानको प्रस्तावनामै मानवअधिकारको उल्लेख गरियो। विगतको निरंकुश व्यवस्थालाई समाप्त पारी सत्तासीन भएको नयाँ नेतृत्वबाट मानवअधिकार सम्बन्धी विभिन्न संयुक्त राष्ट्र संघीय अभिसन्धिहरूमा नेपाल राज्यलाई पक्ष पनि बनाउने लगायत १२ वर्षको अवधिमा बालअधिकार कानुन, यातना क्षतिपूर्ति कानुन लगायत महिला भेदभावलाई अन्त्य गर्ने कतिपय कानुनी व्यवस्था गरियो।

०४७ मा निर्मित संविधानले जनतालाई सार्वभौम बनाउनुका साथै महिलाहरुको राजनीतिक सहभागिताकालागि चुनावमा उम्मेदवारीसम्मको संवैधानिक व्यवस्था गर्‍यो। एक दशकपछि मुलुकी ऐनमा संशोधन एवं दलित र जनजातिहरुको हितमा केही प्रशासनिक व्यवस्थाहरु गरिए।

तर उपरोक्त व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन भने हुन सकेन। राजनीतिक नेतृत्वको

चरित्रमा रहेको दोधारे समस्याले गर्दा, संरचनामा परिवर्तन गर्ने प्रयास भएन। त्यसमा पनि माथि उल्लिखित दण्डहीनता र जवाफदेहीको अभावले गर्दा संरचनागत समस्याहरू झन जटिल बन्दै गएका छन्।

बाहिर देखा पर्ने नागरिक, राजनीतिक अधिकारप्रति राज्यले जागरूकता देखाउने तर नागरिक राजनीतिक अधिकारको जगमा रहेको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारप्रति भने उदासीन रहने प्रवृत्ति नेपालको मानवअधिकारको क्षेत्रमा सबैभन्दा ठूलो समस्याको रूपमा रहेको छ। समाजमा विद्यमान असमानता, विभेद र सिमान्तीकरणका समस्याले उब्जाएका द्वन्द्वहरू नेपालको वर्तमान मानवअधिकारको समस्या हुन्।

०५२ सालदेखि संचालित जनयुद्धले मानवअधिकारमा थप जटिलताहरू ल्याएको छ। हिंसाले गर्दा समाजमा घृणा र हत्याको संस्कृतिले जरो गाड्दै गएको छ। सात वर्षको अवधिमा ७ हजार भन्दा बढी मानिस मारिएका छन्। र, मारिनेमा देशका अधिकांश जाति, जनजाति र समुदायका मानिस पर्दछन्। हिंसालाई नियन्त्रण गर्ने नाममा विगतदेखि विद्यमान दण्डहीनता र कानुनी प्रक्रिया मिच्ने प्रवृत्ति झनै बढेर गएको छ। प्रहरी र सेना जस्ता अनुशासित संस्थामा समेत कानुन तोड्ने प्रवृत्ति व्यापक बनेको छ। संकटकाल र सेना परिचालनपछि सेनामा कानुन र संविधानप्रतिको बेवास्ता गर्ने प्रवृत्ति बढ्दै गएको छ। पक्राउ परेकालाई बेपत्ता पार्ने, पक्राउ गर्दा प्रचलित कानुन अनुसार अवलम्बन गर्नुपर्ने प्रक्रिया नअपनाउने, मुठभेडको नाममा जथाभावी हत्या गर्ने, हत्या गरिएका सबैलाई आतंककारी भनी कुनै कानुनी प्रक्रिया नै नअपनाउने प्रवृत्ति, खतरनाक रूपमा बढेको छ। फौजदारी कानुनको सामान्य प्रक्रिया समेत अवलम्बन नगर्ने तथा अदालतको आदेशलाई, अदालतकै परिसरभित्रैदेखि खुल्ला रूपमा अवज्ञा गर्ने र अन्य जिम्मेवार निकायका निर्देशन र सुझावलाई बेवास्ता गर्ने परिपाटी बढ्दै गएको छ। यस्तो परिपाटीले गर्दा मानवअधिकारको उल्लंघन दिनप्रतिदिन सामान्य घटनाको रूपमा लिने, हिंसालाई समेत एउटा सामान्य घटनाको रूपमा ग्रहण गर्ने परिपाटीतर्फ समाज घचेटिँदै छ। अन्ततोगत्वा यसले सामाजिक विघटनतर्फ देशलाई लैजाँदै छ।

मानवअधिकारको क्षेत्रमा थपिदै गएको समस्याले देशमा सचेतनतामा पनि अभिबृद्धि भएको पाइएको छ। सामाजिक एवं संरचनागत समस्याहरू सतहमा आएर दृष्टिगोचर भएका छन्। समस्याको शान्तिपूर्ण समाधानको पक्षमा बहसहरू हुन थालेका छन्। द्वन्द्वका कारकतत्वको समाधानतर्फ चर्चाहरू चल्न थालेका छन् र द्वन्द्वको शान्तिपूर्ण समायोजनतर्फ समाज उन्मुख हुन खोज्दै छ। हिंसाले प्रति हिंसा निम्त्याउँछ र यसको पीडा बढी रूपमा जनता, त्यसमा पनि सबैभन्दा बढी कमजोर एवं स्रोत साधनविहीन जनताले भोग्नुपरेको छ भन्ने बारेमा पनि जागरूकता बढिरहेको छ।

वर्ष पुस्तकले इंगित गरेका समस्याहरूतर्फ आगामी दिनमा राज्यका निकायहरू, सरकार र नागरिक समाज एवं राजनीतिक दलले ध्यान दिन सके देशलाई द्वन्द्वतर्फ घँचेटिने अवस्थाबाट जोगाउन सकिनेछ। मानवअधिकार समस्याहरूको शान्तिपूर्ण ढंगबाट समाधान गर्नेतर्फ समाज उन्मुख हुने संकेत पनि देखा परेको छ।

सुरुङ्गको पल्लो छेउमा टुकीको उज्यालो देख्न थालिएको छ।

नोट :

---

१. ०४६ सालको जनआन्दोलनका लागि कृष्णप्रसाद भट्टराई र साहना प्रधानद्वारा हस्ताक्षरित संयुक्त अपिल
२. ०४६ माघ २० गते विनरित जनआन्दोलनको लागि संयुक्त आह्वान पत्र
३. इन्सेक बुलेटिन (अंग्रेजी), September 1991
४. ऐंजन
५. वर्ष पुस्तक १९९३, पेज ५०९
६. द इण्डिपेण्डेन्ट साप्ताहिक, २७ साउन ०५०
७. कान्तिपुर दैनिक, १२ भदौ ०५०
८. भूमिका मानवअधिकार वर्ष पुस्तक १९९२
९. वर्ष पुस्तक १९९२, पेज ३१
१०. ऐंजन, पेज ५७
११. वर्ष पुस्तक १९९३, पेज ४२६
१२. ऐंजन
१३. ऐंजन
१४ वर्ष पुस्तक १९९३, पेज २१
१५. ऐंजन
१६. वर्ष पुस्तक १९९५ भूमिकाबाट
१७. वर्ष पुस्तक १९९९, पृष्ठ १२९
१८. प्राची, वर्ष १, ०४९

अनुसूची १

सन् २००२ र मानवअधिकार उल्लंघनका तथ्यहरु

उल्लेख गर्नैपर्ने केही कुराहरु

- यो वर्ष पुस्तकमा सन् २००२ भित्रका अर्थात् ०५८ पुस १७ देखि ०५९ पुस १६ गतेसम्मका घटनाहरु समावेश गरिएका छन्।
- यस वर्षको आठ महिनाभन्दा बढी समयसम्म संकटकालले सिर्जना गरेको पाएकोले त्यस अवधिमा भएका धेरै घटना समेट्न नसकिएको हुन सक्छ। हामीले पुष्टि गर्न नसकेको घटनालाई सरकारी स्रोत उल्लेख गरेका छौं तर तथ्यांकमा समावेश गरेका छैनौं।
- घटनाहरुको संकलनपश्चात् यथाशक्य विश्वसनीय घटनाहरु मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनाहरुलाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।
- मानवअधिकार उल्लंघनका घटनाहरुलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरुबाट नागरिकहरुलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुर्‍याउने, मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने मनसाय वर्ष पुस्तकको हो। यस क्रममा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी दुःखका साथ क्षमा चाहन्छौं।
- वर्ष पुस्तक प्रकाशनको सिलसिलामा घटनाहरु संकलन गर्न ७५ वटै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर विविध कारणले जिल्लाहरुको प्रत्येक गाउँ र ठाउँमा पुगेर घटनाहरु संकलन गर्न सम्भव भएन। त्यसकारण सार्वजनिक जानकारीमा नआएका केही घटनाहरु हाम्रा लागि अजात नै रहन पुगेका पनि हुन सक्छन्। तापनि विभिन्न सम्भाव्य माध्यमद्वारा हामीले भए जति घटनाहरुलाई सकेसम्म संकलन गर्ने र पुष्टि गराई उल्लेख गर्ने प्रयत्न भने गरेका छौं।
- विभिन्न पत्रपत्रिकाहरु पनि वर्ष पुस्तकको सूचना स्रोतका आधारहरु मानिएका छन्। यसमा प्रकाशित सूचनाको आधारमा सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र घटनाहरुलाई समावेश गर्ने काम भएको छ।
- यस वर्ष देशको मानवअधिकार स्थितिको लेखाजोखा गर्न नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी ६ वटा मुख्य अन्तर्राष्ट्रिय महासन्धिहरु (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CRD) का आधारमा शीर्षकहरु विभक्त गरी जिल्लागत रुपमा विवरण प्रस्तुत गरेका छौं। उल्लेखित महासन्धिहरुसँग सम्बन्धित बाहेकका मानवअधिकार उल्लंघनका घटनाहरुलाई विविध शीर्षकमा समावेश गरेका छौं।
- यस पटक हत्या, बम, गोली तथा एम्बुसबाट घाइते, अपहरण, कुटपिट आदि घटना राज्य, माओवादी र अन्यबाट भएको घटनालाई छुट्याएर प्रस्तुत गरेका छौं। यस वर्षदेखि व्यक्तिगत तवरमा भएका धेरै घटनाहरुलाई विवरण नदिई तथ्यांकमा मात्र समावेश गरेका छौं।
- जिल्लाको तथ्यांकमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। यसमा प्रस्तुत तथ्यांकका आधारहरु भनेको सम्बन्धित जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट संकलित तथ्यांक नै हो।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाम पनि केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

तथ्यांकका अन्य आधारहरु

क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक २०००
ख. स्थानीय सामाजिक संघ, संस्था र व्यक्तिहरु
ग. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरु
घ. मानवअधिकार वर्ष पुस्तक १९९२ देखि २००२
ङ. District Demographic Profile of Nepal, 2002
च. विविध



पूर्वाञ्चल

१.१	झापा	१.९	भोजपुर
१.२	इलाम	१.१०	संखुवासभा
१.३	पाँचथर	१.११	सप्तरी
१.४	ताप्लेजुङ	१.१२	सिराहा
१.५	मोरङ	१.१३	उदयपुर
१.६	सुनसरी	१.१४	खोटाङ
१.७	धनकुटा	१.१५	ओखलढुंगा
१.८	तेह्रथुम	१.१६	सोलुखुम्बु

१.१ झापा

जनसंख्या	: ७०१४०२
महिला साक्षरता प्रतिशत	: ४५.४
क्षेत्रफल (वर्ग कि. मि.)	: १६०६
गाविस / नपा संख्या	: ४७/३
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ६४०
क्याम्पस / उच्च मा.वि.	: ७/३९
अस्पताल / स्वास्थ्य चौकी	: ५/५६
टेलिफोन लाइन	: १००००
मोटर सडक (कि. मि.)	: ५८१
प्रहरी कार्यालय संख्या	: २५
हुलाक संख्या	: ७९
मानव विकास सूचकांक	: ०.४२१
प्रति एक डाक्टर जनसंख्या	: ३०१४५
प्रति परिवार सरदर संख्या	: ५.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बुधबारे गाविस-७ का अणु भनिने छविलाल आचार्यलाई माओवादीको आरोपमा ०५९ असार १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई खोजतलासको क्रममा मैनाचुलीमा हत्या भएको सुरक्षाकर्मीले बताए। पीडितलाई ०५९ असार ६ गते सोही गाविसबाट गिरफ्तार गरिएको थियो।

मेचीनगर नपा-८ का कक्षा ८ मा अध्ययनरत १४ वर्षीय तुलसी दुङ्गानालाई ०५९ असार २७ गते बेलुकी ८ बजे छिमेकीको घरबाट घर फर्केको अवस्थामा घरभित्र प्रवेश गर्न नदिई सुरक्षाकर्मीले घर पछाडि लगी गोली हानी हत्या गरे। पीडितलाई माओवादीको आरोप लगाइए पनि उनी कुनै पनि विद्यार्थी संगठन समेतमा संलग्न थिएनन्।

पृथ्वीनगर गाविसका ३५ वर्षीय मनमाया विश्वकर्मा र अर्को एक जना महिलालाई माओवादीको आरोपमा ०५९ असारमा सुरक्षाकर्मीले बुधबारे गाविसको उत्तरी क्षेत्रमा गोली हानी हत्या गरे।

पृथ्वीनगर गाविसका शंकर घिमिरे, खुदुनाबारी गाविसका देवकुमार आचार्य र शनिश्चरे गाविसका खगेन्द्र दंगाललाई ०५९ साउन ७ गते सुरक्षाकर्मीले विभिन्न खाले यातना दिई अन्त्यमा गोली हानी हत्या गरे। यस घटनालाई सुरक्षाकर्मीले खुदुनाबारी इलाकामा दोहोरो भिडन्तमा मारिएको बताए पनि पीडितहरू मध्ये शंकरलाई २७ दिन अघि शान्तिनगर गाविसबाट, देवकुमारलाई बुधबारे गाविस-७ बाट र खगेन्द्रलाई अघिल्लो दिन घरैबाट गिरफ्तार गरिएको थियो।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी हत्या गरिएका देवकुमार आचार्य

बुधबारे गाविस-१ का नारायण आचार्य, वेदप्रसाद आचार्य, खुदुनाबारी गाविस-१ का टंकमान सुब्बा र मानबहादुर राईलाई माओवादीको आरोपमा ०५९ असोज ११ गते सुरक्षाकर्मीले बेग्लाबेग्लै ठाउँबाट गिरफ्तार गरी गोली हानी हत्या गरे। पीडितहरूलाई सुरक्षाकर्मीले दोहोरो भिडन्तमा मारिएको बताए। सुरक्षाकर्मीले नारायण र वेदप्रसादलाई बुधबारे गाविस बजारबाट तथा टंकमान र मानबहादुरलाई आफ्नै घरबाट गिरफ्तार गरेका थिए।

केराबारी गाविसका टोपलाल राजवंशी र ओम अधिकारीलाई माओवादीको आरोपमा ०५९ कार्तिक २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी केही समयपछि गोली हानी हत्या गरे।

हल्दीबारी गाविस-७ का मिमी मगरलाई माओवादीको आरोपमा ०५९ मंसिर १२ गते सुरक्षाकर्मीले घरको आँगनमा गोली हानी हत्या गरे।

गोलीद्वारा घाइते

राज्यबाट

बुधबारे गाविस-४ का तारा अधिकारीलाई ०५९ साउन २१ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा उनकै घरमा गोली हानी घाइते बनाए। पीडितलाई उपचार गरी माओवादीको आरोपमा थुनामा राखिएको छ।

माओवादीबाट

बाहुनडाँगी गाविस स्थित ग्रामीण विकास बैंकका पियन लोकनाथ पौड्याल र सोही ठाउँका चन्द्रबहादुर तामाङलाई ०५९ जेठ ३ गते माओवादीले गोली हानी घाइते बनाए। पीडितहरूले माओवादीलाई रोक्न खोज्दा गोली हानेका थिए।

जेल र बन्दीहरू

यस जिल्लाको जेलको क्षमता २ सय जनाको छ। यस वर्षको अन्त्यमा यस जेलमा कैद तोकिएका पुरूष १ सय ३२, महिला ११ तथा कैद नतोकिएका पुरूष १ सय ३९, महिला ४ र नाबालक १ गरी जम्मा २ सय ८७ जना बन्दी रहे। भारतीय र भूटानी गरी ४२ जना विदेशी छन्। कर्तव्य ज्यानमा जेल परेका भुटानी शरणार्थी ४० वर्षका पेम्बा शेर्पाको यस वर्ष आत्महत्याको प्रयासपछि उपचारको क्रममा मृत्यु भयो।

बालुवाडी गाविस-२ का गंगाराम मिश्रको ०५९ पुस १ गते प्रहरी हिरासतमा भ्याण्डगार मृत्यु भएको बताइयो। पीडितलाई प्रहरीले अघिल्लो दिन हिरासतमा राखिएको बताए पनि पीडितका आफन्तहरू ५ दिन अघि प्रहरीले गिरफ्तार गरेको बताउँछन्।

यस वर्षको अन्त्यमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तरगत नजरबन्दमा २ महिला र ३९ पुरूष गरी ४१ जना रहेका छन्।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

माओवादीबाट

खजुरगाछी गाविस- ६ का व्यापारी नारायण अग्रवाललाई ०५८ फागुन १ गते राति माओवादीले कुटपिट गरी घाइते बनाए।

धरमपुर गाविसका ३५ वर्षीय नागेन सुनुवारलाई ०५९ जेठ २९ गते माओवादीले अपहरण गरी धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडितलाई माओवादीले मऱ्यो भनी छाडेका अवस्थामा इलामको मैनाबुधुकमा फेला परेका थिए।

पथरीया गाविस-८ का २४ वर्षीय माधव श्रेष्ठलाई ०५९ कार्तिक २७ गते सोही गाविसका अहेब लालबहादुर थापाले माओवादीले आह्वान गरेको बन्दको दिनमा साइकल चलाएको आरोपमा धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडक फरार छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

भद्रपुर स्थित नेपाल पत्रकार महासंघ जिल्ला शाखाको निर्माणाधीन भवनबाट पत्रकारहरूलाई "स्वतन्त्रतापूर्वक लेख्न र बाँच्न देउ" भन्ने नाराका साथ आयोजित लालटिन जुलुस माथि ०५९ साउन २४ गते प्रहरीले हस्तक्षेप गरी लालटिन लुटे।

जनमोर्चा नेपालद्वारा ०५९ मंसिरमा आयोजित एकघण्टे चक्काजाम कार्यक्रमका सहभागीहरूलाई प्रहरीले गिरफ्तार गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी ४ सय ३८, दुनियावादी फौज्दारी १ सय ४० र सरकारवादी १ सय २६ गरी कूल ७ सय ४ वटा मुद्दा दर्ता भए भने देवानी २ सय ४९, दुनियावादी फौज्दारी ७८ र सरकारवादी ७६ गरी ४ सय ३ वटा मुद्दा फर्स्यौट भए। यस अदालतमा जिम्मेवारी सरेर आएका देवानी ३ सय ५३, दुनियावादी फौज्दारी १ सय १२ र सरकारवादी ५९ गरी कूल ५ सय २४ रहेका छन् भने देवानी २ सय ५८, दुनियावादी फौज्दारी ८१ र सरकारवादी ४० गरी ३ सय ७९ वटा मुद्दा फर्स्यौट भए। ४ सय ४७ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१४	११	५		१६	२	२		२	८	१३	२		१५
घाइते	५	५	४		९	२	३		३	१	१			१
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										२०	४१	३	१	४५
बेपत्ता										५	६	१		७
कुटपिट	१४	१६	१	१	१८									
धम्की	५	५	१		६	३	३	३	६					
भेला/संगठित हुने अधिकार										१			१	१
जातीय विभेद	२	४	२		६									
भूमिहीन तथा सुकुम्बासी										५			५	५
महिला अधिकार	२४		३७		३७									
बाल अधिकार	१७	१	१५	१	१७									
आर्थिक/सामाजिक अधिकार	१			१	१									
अमानवीय व्यवहार	१	२			२									
अपहरण	१		१		१									
जम्मा	८४	४४	६६	३	११३	७	८	३	११	४१	६२	६	७	७५

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सनासिधाम गाविसका मेनुका स्वरेल र विष्णु सुब्बालाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ पुसमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई यातना दिई माघ १९ गते रिहा गरियो।

गरामनी गाविसका नेकपा (माले) का तर्फबाट गत आम निर्वाचनमा सांसदका लागि उम्मेदवार बनेका डिल्लीकुमार मैनालीलाई माओवादीको आरोपमा ०५८ पुस १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई यातना दिई ०५८ माघ ४ गते रिहा गरियो।

राजगढ गाविसका नेकपा (माले) का जिल्ला सदस्य हरि ओझालाई माओवादीको आरोपमा ०५८ पुस १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५८ माघ ४ गते रिहा गरियो।

अनारमनी गाविस-७ का प्रेम चिमरियालाई माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी ०५८ माघ २२ गते रिहा गरे।

सुरुङ्गा गाविस घर भई विर्तामोड बस्ने पत्रकार एकराज गिरीलाई माओवादी सम्बन्धी समाचार लेखेको आरोपमा ०५८ माघ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई मानसिक र शारीरिक यातना दिई ०५८ माघ १८ गते रिहा गरियो।

अनेरास्ववियु (२०२२) का कार्यकर्ता केशव बोहरा र सन्तोष कार्कीलाई माओवादीको आरोपमा ०५९ वैशाख २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

दुवागडी गाविस-२ का टिकाराम रिजाललाई माओवादीको आरोपमा ०५९ साउन १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

सुरुङ्गा गाविस-४ का कमल मैनालीलाई माओवादीको आरोपमा ०५९ भदौ ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

दमन नपामा बसोबास गरी शिक्षण र पत्रकारिता पेशामा सम्बद्ध पृथ्वी कार्कीलाई माओवादीको आरोपमा ०५८ पुसमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५९ जेठमा रिहा गरियो।

यस वर्ष यो जिल्लामा २ सय ३७ जनालाई गिरफ्तार गरियो। ती मध्ये १ सय १७ जनाले सामान्य जीवन यापन गर्न पाउँ भन्दै प्रशासन समक्ष आत्मसमर्पण गरे। १ सय २० जनालाई नजरबन्दमा राखिएकोमा ७९ जना रिहा भइसके भने २ महिला सहित ४१ जना यस वर्षको अन्त्यसम्म नजरबन्दमै छन्।

माओवादीको आरोपमा हिरासतमा राखिएका गंगाराम मिश्रको शंकास्पद आत्महत्या

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

शान्तिनगरको वर्ने चिया बगान नजिक ३० वर्ष अघिदेखि बस्दै आएका १ सय ५२ परिवारका भूमिहीन तथा सुकुम्बासीहरूलाई चिया बगान र स्थानीय प्रशासनको मिलोमतोमा विस्थापित बनाउन सूचनाहरू जारी भए।

दुवागडीको चारआली बजारमा १० वर्षदेखि बसोबास गर्दै आएका २५ परिवारलाई ०५९ चैत १९ गते स्थानीय प्रशासनले विस्थापित गऱ्यो।

तोपगाछी केर्खाका १८ परिवार सुकुम्बासीलाई ०५९ असार १९ गते स्थानीय प्रशासनले विस्थापित गऱ्यो।

डाँगीबारीको बाहदसी चिया बगान छेउमा बसोबास गर्दै आएका ११ घर सुकुम्बासीका घरमा जिल्ला प्रशासनले ०५९ भदौ १४ गते आगो लगाई ध्वस्त पाऱ्यो। सो कार्य जिल्ला प्रशासन र संघाई समूहको मिलोमतोमा भएको थियो।

आर्थिक अधिकार

खजुरगाछी गाविस स्थित लोकनाथ एण्ड सन्स टि इस्टेट प्रा. लि. मा कार्यरत मजदूरहरूलाई ६ महिनासम्म पारिश्रमिक नदिएको विरोधमा मजदुर कमलदीन मियाँलगायत्का कामदारहरूले ०५९ भदौ १ गतेदेखि आन्दोलन गरे।

बालअधिकार

अर्जुनधाराकी १२ वर्षीय एक बालिकालाई ०५८ माघ २१ गते छिमेकी ६३ वर्षीय भक्तबहादुर वि.क.ले बलात्कार गरे। पीडकलाई थुनामा राखियो।

पृथ्वीनगर गाविस-५ सगरमाथाकी १५ वर्षीय एक अपाङ्ग बालिकालाई ०५८ माघ २६ गते सोही ठाउँका राम न्यौपानेले बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

भद्रपुर नपाकी १२ वर्षीय एक बालिकालाई ०५९ वैशाख ३ गते सोही नपा-१० का ६५ वर्षीय हेमलाल राजवंशीले बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

चारपाने गाविस-१ की ९ वर्षीय एक बालिकालाई ०५९ वैशाख १९ गते सोही ठाउँका ४० वर्षीय खगेन्द्र भुसाल र ३५ वर्षीय लोकबहादुर विश्वकर्माले बलात्कार गरे। पीडकहरूलाई थुनामा राखियो।

खजुरगाछी गाविसकी ९

वर्षीय एक बालिकालाई ०५९ जेठ १३ गते खजुरगाछी बजारमा पान पसल गर्ने २० वर्षीय प्रमोद शाहले बलात्कार गरे। पीडक फरार छन्।

दमक नपा-१० की ८ वर्षीय एक बालिकालाई ०५९ असार ९ गते सोही ठाउँका ६० वर्षीय मंगलबहादुर दर्जीले बलात्कार गरे।

गौरीगञ्ज गाविस-६ की ९ वर्षीय एक बालिकालाई ०५९ असार १३ गते खजुरगाछीका २५ वर्षीय प्रमोद शाहले बलात्कार गरे। पीडक फरार छन्।

शिवगञ्ज गाविसकी ५ देखि १० वर्षीय ५ जना बालिकालाई ०५९ साउन ६ गतेदेखि विभिन्न मितिमा १ हप्ताबीच शिवगञ्ज गाविस-६ का १९ वर्षीय लोकेन्द्र मैनालीले बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

काभ्रे जिल्ला घर बताउने ११ वर्षीय राजकुमार थापालाई ०५९ साउन १६ गते एक अज्ञात ट्रक चालकले अपहरण गरी बुधबारे गाविसमा लगी छोडेको अवस्थामा फेला पारियो।

खुदुनाबारी गाविस-३ की १२ वर्षीय एक बालिकालाई ०५९ असोज १ गते विद्यालयबाट फर्कंदै गर्दा बाटो ढुकी गोदोक गाविस-१ इलामका २५ वर्षीय असोक श्रेष्ठले बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

महिला अधिकार

काँकडभिट्टामा एक महिलालाई ०५८ चैत ८ गते नुवाकोटका मंगल तामाङ्गले बिक्री गर्न भारततर्फ लैजाँदै गर्दा प्रहरीले गिरफ्तार गरे।

कोरावारी गाविस-५ की १७ वर्षीय एक युवतीलाई ०५९ असार १३ गते सोही ठाउँका ३५ वर्षीय टेवी भट्टराईले बलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

चकचकी गाविस-५ की २८ वर्षीय एक महिलालाई ०५९ भदौ २७ गते घरमा पतिसँग बसिरहेको अवस्थामा शरणामति गाविस-५ का मदन विश्वकर्मा, अर्जुन श्रेष्ठ, भवानी सापकोटा, चन्द्र थपलिया र जुगेन राजवंशीले बलात्कार गरे। पीडकहरूलाई हाल थुनामा राखिएको छ।

अनारमनी गाविस- ७ विर्तावजारकी ४० वर्षीय फुलमाया हाँस्दा (सतार) लाई बोक्सीको आरोपमा ०५९ असार २७ गते स्थानीय ईश्वर टुडु (सतार) ले धारिलो हतियार प्रहार गरी घाइते बनाए।

एक जना महिलालाई सामूहिक बलात्कार गरी घाँटी थिचेर हत्या गरिएको घटना सार्वजनिक जानकारीमा आयो।

जातीय विभेद

मेचीनगर नपा-२ का गणेश लम्साल र रमा विश्वकर्माले अन्तरजातीय विवाह गरेको कारण देखाई ०५८ चैत २६ गते पीडितका परिवार र समाजले घरमा बस्न नदिई बहिष्कार गरे। हाल उनीहरू विस्थापित छन्।

चारपाने गाविस-१ का लोकेन्द्र अधिकारीले छिमेकी लक्ष्मी दर्जीसँग अन्तरजातीय प्रेम विवाह गरेकाले ०५९ मंसिर ८ गते परिवार र समाजले बहिष्कार गरे। पीडित हाल विस्थापित छन्।

विविध

संरचनाको क्षति

यस जिल्लामा माओवादीले १५ वटा गाविसहरूमा क्षति पुऱ्याए। जसबाट करिब ७५ लाख रूपैयाँ बराबरको क्षति भयो। गौरादह र जुरोपानी क्षेत्रमा रहेको ४२ लाइन टेलिफोनको टावरमा पनि क्षति पुऱ्याए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मानवअधिकार, वातावरण र सामुदायिक विकास केन्द्रले ०५८ फागुन २३ गते पत्रकार र मानवअधिकारवादीहरूलाई गिरफ्तार गरी यातना दिइएको विरूद्धमा एक विज्ञप्ति जारी गऱ्यो।

नेपाल पत्रकार महासंघ झापाद्वारा आयोजित पत्रकारहरूको हत्या र पक्राउ विरोधी जुलुसमाथि ०५९ साउन २४ गते प्रहरीले हस्तक्षेप गऱ्यो। उक्त कार्यको विरोधमा महासंघको झापा शाखाले एक विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष व्यक्तिगत कुटपिटका कारण ३० पुरुष र १८ महिला घाइते भए। १६ पुरुष र ८ महिलाहरूले आत्महत्या गरे। चोरी-डकैती र लुटपाटका ८० घटना सार्वजनिक भए। खोलाले बगाएर ल्याएको अवस्थामा ५ वटा लास फेला पऱ्यो। सवारी दुर्घटनाका ३८ वटा घटना भए।

१.२ इलाम



जनसंख्या : २८२८०६
साक्षरता प्रतिशत : ६५.९
महिला साक्षरता प्रतिशत : ३९
क्षेत्रफल (वर्ग कि. मि.) : १७०३
गाविस / नपा संख्या : ४७/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४४२
क्याम्पस / उच्च मा.वि. : २/८
अस्पताल / स्वास्थ्य चौकी : १/४८
टेलिफोन लाइन : ११९२
मोटर सडक (कि. मि.) : १२३
प्रहरी कार्यालय संख्या : ७
हुलाक संख्या : ५२
मानव विकास सूचकांक : ०.३८०
प्रति एक डाक्टर जनसंख्या : ४७१३४
प्रति परिवार सरदर संख्या : ५.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

महमाई गाविस-१ पलाँसेका ४३ वर्षीय डम्बरबहादुर एक्तेन (लिम्बु) लाई माओवादीको आरोपमा ०५८ माघ २५ गते सुरक्षाकर्मीले महमाईको खोलामा माछा मारिरहेको अवस्थामा गोली हानी हत्या गरे। पीडितलाई महमाई गाविस-९ भतभते भन्ने ठाउँबाट भाग्ने प्रयास गरेकोले गोली प्रहार गर्दा मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

सोयाक गाविस-९ निर्फूक भन्ने ठाउँमा करिब २०-२२ वर्षीय मोहनबहादुर तामाङ र चन्द्रबहादुर तामाङलाई ०५९ जेठ ९ गते सुरक्षाकर्मीले सर्चको क्रममा ६ जना माओवादीको समूहसँग जम्काभेट हुँदा गोली हानी हत्या गरे।

इरौटार गाविस-१ का ४० वर्षीय चेतप्रसाद भट्टराईलाई ०५९ जेठ १३ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी १४ गते पशुपतिनगर प्रहरी चौकीमा पुऱ्याए। यातनाका कारण चेतप्रसादको स्थिति नाजुक भएपछि प्रहरीले इलाम अस्पतालमा उपचारका लागि लगेकोमा ६ दिनको उपचार पछि त्यहाँ उपचार हुन नसक्ने भएपछि डाक्टरको सल्लाहअनुसार पीडितको भतिजीलाई बिरामी जिम्मा लगाई उपचारका लागि धरान लगियो। धरान लगिएको केही समयपछि, ०५९ जेठ २२ गते पीडितको मृत्यु भयो।

अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष कटकबहादुर साम्पाङ्ग (राई) लाई ०५९ साउन १० गते सुरक्षाकर्मीले शान्तिपुर गाविस-६ को बिलन्दे धारापानी जंगलमा लगी भाग्न खोजेको आरोपमा गोली हानी हत्या गरे। पीडितलाई प्रशासनले गिरफ्तार गरेको पुष्टि नगरे पनि ५ महिना पहिलैदेखि सेनाको व्यारेकमा राखिएको थियो। माओवादीको आश्रय स्थल देम्बाउन सो दिन सुरक्षाकर्मीहरूले आफ्नो समूहमा राखी शान्तिपुर लगेका थिए।

चिसापानी गाविस-७ लुम्बकका बृखबहादुर राई (चाम्लिङ्) लाई ०५९ साउन ३० गते सुरक्षाकर्मीले करफोक खोलामा गोली प्रहार गरी हत्या गरे।

शान्तिपुर गाविस-६ का २८ वर्षीय किसनबहादुर राईलाई माओवादीको गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ भदौ १८ गते बिहान सुरक्षाकर्मीहरूले घरबाट गिरफ्तार गरी करीब ५० मिटर पर रहेको चिया बारीमा लगी गोली हानी हत्या गरे। सुरक्षाकर्मीले हत्यापछि पीडितका परिवारलाई सही गराई मरेको छैन उपचार गर्छौं भनी जबर्जस्ती कागज गर्न लगाएका थिए। पीडितलाई दुई वटा गोली लागेको थियो।

चुलाचुली गाविस-८ का ३१ वर्षीय चन्द्रबहादुर लिम्बुलाई माओवादीको आरोपमा ०५९ भदौ २९ गते सुरक्षाकर्मीले बुकुवा भन्ने ठाउँमा गोली हानी हत्या गरे। सो दिन बिहान सबेरै सुरक्षाकर्मीले गाउँ घेरेको थाहा पाएपछि भाग्न खोज्दा सुरक्षाकर्मीले पीडितलाई गोली हानेका थिए।

नामसालिङ्ग गाविस-६ का २७ वर्षीय चेवनप्रसाद पौडेललाई ०५९ असोज ५ गते सुरक्षाकर्मीको सर्च टोलीले गोली हानी हत्या गरे। पीडित माओवादी क्रियाकलापमा संलग्न रहेकाले गिरफ्तार गर्न खोज्दा भाग्ने प्रयास गरेकोले गोली चलाउनु परेको प्रशासनले जनायो।

नामसालिङ्ग गाविस-४ का ४३ वर्षीय मणिकुमार देवान राईलाई माओवादीको आशंकामा ०५९ असोज २१ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। ०५९ असोज २२ गते सेनाको हिरासतमा पीडितको मृत्यु भयो। मणिकुमारले आफ्नै जुत्ताको लेशले घाँटी कसी आत्महत्या गरेको सुरक्षाकर्मीले जनाए।

गोदाक गाविस-५ का रामप्रसाद भनिने १८ वर्षीय ठाकुर चापागाईलाई ०५९ मंसिर १३ गते बिहान जिल्ला सदरमुकामबाट खोजतलासको क्रममा गएका सुरक्षाकर्मीहरूले नामसालिङ्ग गाविस-७ स्थित एक घरमा सुनिरहेको अवस्थामा "हामी माओवादी हौं, हामीलाई सहयोग गर्नुपर्छ" भन्दै जबरजस्ती ४ सय मिटर पर कुलोको डिलमा पुऱ्याई गोली हानी हत्या गरे। पीडितको लास नजिकैको बाँसघारीमा छोपेर सुरक्षाकर्मी फर्किएका थिए।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका कटकबहादुर साम्पाङ (राई)

जितपुर गाविस-८ का २३ वर्षीय कुमार भनिने

मनोरथ गिरीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ पुस ५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सदरमुकाम ल्याउने क्रममा भाग्न खोजेको आरोपमा सोही गाविस-४ देउराली भन्ने ठाउँमा गोली हानी हत्या गरे।

माओवादीबाट

शान्तिपुर गाविस-३ का नेकांका कार्यकर्ता ४६ वर्षीय भानु ढुंगानालाई ०५८ फागुन ४ गते बिहान माओवादीले घर नजिकै गोली हानी हत्या गरे।

इरौंटार गाविसका अध्यक्ष ४३ वर्षीय चित्रबहादुर गुरूङलाई ०५९ वैशाख ३० गते दिउँसो गाविस भवनमा वृद्धभत्ता वितरण गरिसकेर बैठक बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। पीडकहरूले अन्य व्यक्तिहरूलाई गाविस भवनमै थुनेर, गुरूङको हत्या गरेका थिए। पीडित नेकपा (एमाले) को तर्फबाट गाविस अध्यक्षमा निर्वाचित थिए।

झापा जिल्ला धरमपुर गाविस-८ का शम्भु खड्का र नागेन मुखियालाई सुराकीको आरोपमा ०५९ जेठ २३ गते माओवादीले अपहरण गरी महमाई गाविस-९ को मैनाचुली भन्ने ठाउँमा लगी धारिलो हतियार प्रहार गरी शम्भुको हत्या गरे। पीडकहरूले शम्भुको घाँटी छिनाएका थिए भने नागेनको शरीरका विभिन्न भागमा हतियार प्रहार गरी घाइते बनाए। नागेन धरानमा उपचार गरी फर्किएका छन्।

चुलाचुली गाविस-३ बाह्रकोटेका नेकांका सक्रिय कार्यकर्ता ४७ वर्षीय नरेन्द्र चापागाईंलाई ०५९ भदौ २१ गते बेलुका माओवादीले "हामी सेना हौं, एकछिन तपाईंसँग काम छ बाहिर आउनुहोस्" भनी घरबाट बाहिर लगी छातीमा गोली हानी हत्या गरे।

नामसालिङ्ग गाविस-७ का ६८ वर्षीय लेखनाथ चापागाईंलाई ०५९ भदौ २९ गते बेलुका कम्ब्याट ड्रेसमा आएका २०/२२ जना माओवादीको एक समूहले घरबाट अपहरण गरी १ सय ५० मिटर उत्तरतर्फ लगी टाउको गिँडेर हत्या गरे। पीडित कृषि पेशामा संलग्न नेकां समर्थक थिए।

गजुरमुखी गाविस-९ का शिक्षक २७ वर्षीय केशरबहादुर थापालाई ०५९ कार्तिक ३० गते राति माओवादीले अपहरण गरी घरबाट लगभग १ सय ५० मिटर पर डाँडाको फेदीमा लगी गोली हानी हत्या गरे। पीडित तीन वर्षदेखि सोही ठाउँस्थित भगवती निमावि मा कार्यरत थिए।

सुलबुङ्ग गाविस-८ का किराँत धर्मका प्रचारक २६ वर्षीय छत्रबहादुर साउदे (लिम्बु) लाई ०५९ पुस ७ गते माओवादीले दानाबारी गाविस-९ जसबिरेको जंगलमा लगी दायाँ काखमा छुरी हान्नुका साथै दुवै हात पछाडि बाँधेर घाँटी रेटी हत्या गरे। पीडित लारुम्बाबाट दानाबारीको बाटो हुँदै सुलबुङ्गतर्फ जाँदै गर्दा हत्या गरिएको थियो। पीडितको लासमाथि किराँत धर्मालम्बीहरूलाई अपिल भन्ने पर्चा समेत भेटिएको थियो।

गोलीद्वारा घाइते

राज्यबाट

शान्तिपुर गाविस-४ का ४८ वर्षीय पदम राईलाई ०५९ असार ६ गते सुरक्षाकर्मीहरूले खोजतलासको क्रममा माओवादीको आशंकामा गोली हान्दा घाइते भए। पीडितलाई भोलिपल्ट गाउँलेहरूद्वारा उपचारको लागि सदरमुकाम पुऱ्याइयो। सदरमुकाममा ५ दिन उपचार गरिएपछि अन्यत्रै लानुपर्ने भएकोले प्रशासनले उनका दाजुको जिम्मा लगाए। पीडित हाल धरानमा उपचार भएपछि घर फर्किएका छन्। पीडित कृषि पेशामा संलग्न सामान्य नागरिक हुन्।

जेल र बन्दीहरू

"घ" श्रेणीको इलाम जेलको बन्दी क्षमता ५५ जनाको

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	३	३	६	७	८		८	१३	१३	१	१३
घाइते	१	१		१					३	३		३
हिरासत/थुनामा मृत्यु									१	१		१
गिरफ्तारी/यातना									३	३		३
कुटपिट	३	७	१	८	४	५	१	६	१	२		२
महिला अधिकार	२		३	३								
बाल अधिकार	५		६	६								
अपहरण					३	३		३				
जम्मा	१७	११	१३	२४	१४	१६	१	१६	२१	२१	१	२२

छ। यस वर्षको अन्त्यसम्म यस जेलमा कैद नतोकिएका ७ महिला र ५९ पुरुष तथा कैद तोकिएका ९८ पुरुष र १२ महिला गरी १ सय ७५ जना बन्दी छन्। १ बालक र १ बालिका आश्रित छन्।

इरौटार गाविस-९ का ५५ वर्षीय लीला तिम्सिनालाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ पुसमा गिरफ्तार गरी इलाम जेलमा राखियो। यातनाका कारण पीडित पटक पटक बेहोस हुने र रक्तचाप बढेपछि इलाम अस्पतालमा उपचार गर्न लगियो तर त्यहाँ सम्भव नभएपछि उनका छोरा कृष्ण तिम्सिना र रामचन्द्र पराजुलीलाई उपचारको लागि सुरक्षाकर्मीहरूले जिम्मा दिए। उपचारका लागि ०५९ साउन १८ गते भारतको सिलिगुडीतर्फ लैजाँदै गर्दा पीडितको मृत्यु भयो। पीडितका छोरा एकदिन अगाडि नजरबन्दबाट रिहा भएका थिए।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका क्षान्तिपुर गाविस- ६ का किसनबहादुर राई

सिक्किम गान्तोक घर भई चोरीको अभियोगमा बन्दी जीवन बिताइरहेका गगनसिंह गुरूङ्गलाई ०५९ वैशाख १४ गते राति १० बजे सुतिरहेको अवस्थामा ज्यान मारेको अभियोगमा जेल जीवन बिताइरहेका फिक्कलका जगतमान राईले ब्लेडले भुँडी चिरी घाइते बनाए। पीडितको उपचार इलाम अस्पतालमा गरियो। पीडकको मानसिक सन्तुलन ठीक नभएको कुरा जेलर खिलराज पोखरेल बताउँछन्। पीडितलाई जेल सरूवा गरी उपचारकालागि काठमाण्डौ लगियो।

बेपत्ता /अपहरण

माओवादीबाट

चुलाचुली गाविसका २९ वर्षीय तुलसी ढकाललाई सुराकीको आरोपमा ०५८ माघ २५ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई त्यस्तो काम नगर्ने शर्तमा कागज गराई माघ २८ गते मुक्त गरियो।

नेकां (प्रजातान्त्रिक) जिल्ला कार्य समिति सदस्य होम दुलाललाई ०५९ असोज ५ गते बिहान मंगलबारे बजारमा चिया खाइरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई नजिकैको जंगलमा पुर्‍याउँदा माओवादीसँग जनताले प्रतिकार गर्न खोजेपछि त्यहीँ छोडिएको थियो।

अन्यबाट

महमाई गाविस-७ लक्ष्मी दोभानका २३ वर्षीय विनोद श्रेष्ठलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ साउन ७ गते राति काम्राङ्गहरूको ४०-५० जनाको एक समूहले अपहरण गरे। पीडितलाई लारूम्बामा उनीहरूका सेनासँग राखेर ७ दिनपछि १ क्विन्टल चामल मन्दिरमा बुझाउने शर्तमा मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

उद्योग तथा वाणिज्य राज्यमन्त्री केशव थापाका जिल्लास्थित सम्पर्क कार्यालय प्रतिनिधि ५० वर्षीय डिल्ली बोहोरालाई ०५८ फागुन ३ गते नयाँबजारको बाटो निर्माण गर्ने क्रममा ब्लास्टिङ्गबाट घाइते भएका बिरामीलाई उपचार गर्न अस्पतालतर्फ लैजाँदै गर्दा फिक्कल प्रहरी चौकीका असई रमेश पुरीलगायत् अन्य प्रहरीहरूले बेहोस हुनेगरी कुटपिट गरे। पीडितले असई र प्रहरीहरू विरूद्ध जिल्ला प्रहरी कार्यालयमा उजूरी गरे।

जितपुर गाविस-६ का ३१ वर्षीय मदन धिताल र २७ वर्षीय रामनाथ आचार्यलाई ०५९ वैशाख ६ गते बिहान सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए। पीडितहरूको उपचार सदरमुकाममा भयो। उपचारका लागि उनीहरू सोही गाविस स्थित त्रिभुवन प्राविका शिक्षक हुन्।

माओवादीबाट

चुलाचुली गाविस-९ का धनबहादुर पाण्डेको घरमा ०५८ पुस २० गते राति "माओवादी हौं" भन्ने १८-१९ जनाको एक समूह प्रवेश गरी धनबहादुरकी ३९ वर्षीय पत्नीलाई कुटपिट गरे। पीडकहरूले कोठामा रहेको २ वटा काठको दराजबाट ५९ हजार रूपैयाँ नगद र एक तोला ३ लाल सुन लुट्नुका साथै धनबहादुरलाई भौतिक कारवाही गर्ने धम्की दिए।

चिसापानी गाविस-१ का राम कार्कीलाई ०५८ चैत १५ गते माओवादीले घरबाट कुटपिट गरी अपहरण गरे। पीडित

माओवादीद्वारा हत्या गरिएका चित्रबहादुर गुरुङको लास र इन्सेटमा उनको फोटो

आफ्नो हात भाँचिएकोले उपचारार्थ इलाम अस्पतालमा आई उपचार पछि हाल सदरमुकाममै बसेका छन्।

जितपुर गाविस-१ का शिव कार्कीको घरमा ०५८ चैत १९ गते बेलुका माओवादीले आई धम्की दिई नगद, जिन्सी लुट्नुका साथै पसलका सामान तथा ट्याक्टरमा आगो लगाए। पीडितको करिब १५ लाख रूपैयाँ बराबरको क्षति भयो। माओवादीले ज्यानमार्ने धम्की दिएका कारण पीडित हाल सदरमुकाममै छन्।

महमाई गाविस-५ का श्रवणकुमार पन्दाकको घर ०५९ असार ५ गते राति माओवादीले तोडफोड गर्नुका साथै मोटरसाइकल जलाए। पीडितको घरमा एक्कासी पसी माओवादीले बम विस्फोट गराएका थिए। स्थानीय जनताको सक्रियतामा आगो निभाइयो।

अन्यबाट

महमाई गाविस-७ का भीम श्रेष्ठलाई माओवादीलाई खाना ख्वाएको र सहयोग गरेको आरोपमा ०५९ साउन ७ गते राति काम्राङ्गहरूले जबरजस्ती ढोका खोली घरभित्र पसेर घरका सबैलाई कुटपिट गरे। पीडित गम्भीर घाइते भएकोमा दुई महिनाको उपचारपछि घर फर्केका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा २ सय ३८ वटा मुद्दा दर्ता भए। ३ सय ५ वटा मुद्दा जिम्मेवारी सरेर आएका थिए। यस वर्ष १ सय १५ वटा मुद्दा फर्स्यौट भए भने ४ सय २८ मुद्दा बाँकी रहे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

फुएतप्पा गाविस-१ का २४ वर्षीय दिपेन्द्र खनाललाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ चैत २५ गते इलाम नपा-३ स्थित डेरावाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई यातना दिई ०५९ वैशाख ३ गते तारेखमा रिहा गरियो। पीडित एमाले समर्थित अनेरास्ववियुका जिल्ला कमिटी सचिवालय सदस्य हुन्।

लक्ष्मीपुर गाविसका नेकपा (एमाले) का तर्फबाट निर्वाचित निवर्तमान अध्यक्ष ४० वर्षीय हेमराज आचार्यलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ साउन १५ गते पञ्चकन्या टिभि टावरमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूले टावरमा बोलाई अत्यधिक यातना दिए। पीडितको उपचार यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) मा गराइयो।

बालअधिकार

समालबुङ्ग गाविस-३ की ५ वर्षीय एक बालिकालाई ०५८ चैत ४ गते सोही ठाउँका १९ वर्षीय विजय गिरीले आफ्नै घरमा लगी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

गोदक गाविस- ६ र ७ वर्षीय दुई बालिकालाई ०५९ वैशाख १ गते सोही गाविस-३ का दलबहादुर बलम्पाकी र दुर्गाबहादुर बलम्पाकीले बलात्कार गरे। पीडितहरू इलाम अस्पतालमा उपचार गराइयो।

सूर्योदय शिक्षा सदन मंगलबारेमा कक्षा ६ मा अध्ययनरत १३ वर्षीय एक बालिकालाई ०५९ जेठ ६ गते सोही विद्यालयका शिक्षक चुडामणि खनालले आफ्नै घरमा लगी बलात्कार गरे। पीडितको उजुरीमा पीडकलाई थुनामा राखिएकोमा ४ महिनापछि ४० हजार धरौटीमा तारेखमा रिहा गरियो।

चमैता गाविसकी १३ वर्षीय एक बालिकालाई ०५९ साउन ९ गते सोही गाविस-३ का सितपाते माइला भनिने भूपू भारतीय सैनिक ६२ वर्षीय धनबहादुर राईले बलात्कार गरे। पीडकलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

महमाई गाविस-१ की ५ वर्षीय एक बालिकालाई ०५९ भदौ २१ गते दिउँसो सोही ठाउँका १८ वर्षीय हेमकुमार योङ्हाङ्गले बालिकाकै घरमा डर-त्रास देखाई बलात्कार गरे। पीडक फरार छन्।

एक जना भर्खरै जन्मेको शिशुलाई आफ्नै आमाले हत्या गरेको घटना सार्वजनिक जानकारीमा आयो।

महिला अधिकार

इलाम नपा-८ पिपलबोटका मिलन भट्टराईले ०५९ असार ३२ गते आफ्नै २५ वर्षीय पत्नीलाई मानसिक र शारीरिक यातना दिए। पीडितलाई गाउँलेहरूले ०५९ साउन २ गते इलाम अस्पतालमा भर्ना गरे। पीडकले आफूलाई पटक-पटक यातना दिएको पीडित बताउँछिन्। पुनः यातना दिएका कारण गाउँलेहरूले थाहा पाई उपचारका लागि अस्पताल लगेका थिए।

विविध

संरचना क्षति

यस जिल्लामा माओवादीले २५ वटा गाविस भवन र २ वटा प्रहरी चौकी जलाएर ध्वस्त बनाए। मंगलबारे



माओवादीद्वारा ध्वस्त पारिएको मंगलबारेको टेलिफोन टावर

गाविसस्थित टेलिफोन टावरमा विस्फोट गराई क्षतिग्रस्त बनाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मुलुकमा व्याप्त हिंसा हत्याको विरोध गर्दै ०५९ वैशाख २६ गते मानवअधिकार मञ्चको आयोजनामा "हत्या हिंसा बन्द गरौं मानवअधिकारको रक्षा गरौं" भन्ने नाराका साथ हजारौंको संख्यामा शान्ति र्‍यालीले इलाम नपा परिक्रममा गर्‍यो।

इरौंटार गाविस अध्यक्ष चित्रबहादुर गुरूङ्गको माओवादीद्वारा गरिएको हत्याको अनेरास्ववियु जिल्ला कमिटीले ०५९ वैशाख ३० गते, नेकपा (एमाले) ले वैशाख ३१ गते एक विज्ञप्ति जारी गरी माओवादीलेको उक्त कार्यको घोर विरोध गर्‍यो। सोही दिन गाविस र राष्ट्रिय महासंघ जिल्ला कार्य समितिले प्रेस विज्ञप्ति जारी गरी माओवादीको घोर भत्सर्ना गरे। मानवअधिकार मञ्चले जेठ २ गते विज्ञप्ति जारी गरी सो घटनालाई अत्यन्त अमानवीय र निकृष्ट भन्दै निन्दा र भर्त्सना गर्‍यो।

हिंसा विरूद्धको जनसमर्थनलाई संगठित गर्ने उद्देश्यले ०५९ वैशाख ३१ गते मंगलबारे बजारमा अनेरास्ववियु र नेविसंघले संयुक्त रूपमा एक र्‍यालीको आयोजना गरे। ०५९ वैशाख २२ गते नेपाल पत्रकार महासंघ इलाम शाखाले हत्या हिंसाको विरोध गरौं भन्ने प्लेकार्ड सहितको र्‍याली निकाल्यो।

चुलाचुली गाविस-३ का ४७ वर्षीय नरेन्द्र चापागाईलाई ०५९ भदौ २१ गते माओवादीले हत्या गरेको विषयलाई लिएर नेकां जिल्ला कार्य समितिले निन्दा र भर्त्सना गर्दै ०५९ भदौ २२ गते एक विज्ञप्ति प्रकाशित गर्‍यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

तोरीबारी गाविसका ३४ वर्षीय युवराज पोख्रेलले ०५९ भदौ १७ गते बरबोटे गाविस-१ स्थित आफ्नै बारीको चिलाउनेको रूखमा झुण्डिएर आत्महत्या गरे। उनलाई माओवादीले आफूसँगै हिंड्नु पर्ने बताउँदै प्रशासनसँग आत्मसमर्पण गरेको विषयलाई लिएर चेतावनी दिएका थिए। प्रशासन र माओवादीको दबाबका कारण आफूले आत्महत्या गरेको कुरा उनले लेखेको पत्रमा उल्लेख छ।

इलाम नपा-२ का बाबुकाजी श्रेष्ठको घरमा ०५९ भदौ ३१ गते बेलुका एक अज्ञात समूहले मट्टितेल खन्याई आगो लगाइदिए। उक्त घरमा भिडियो हल पनि थियो।

फिक्कल बजारमा स्नुकर खेल संचालन गरी बसेका २९ वर्षीय हिमबहादुर लिम्बुको ०५९ भदौ ३ गते आइतबारे टेलिफोन टावर सुरक्षार्थ खटिएको सैनिक इलाकामा अज्ञानतावस प्रवेश गर्दा धराप विस्फोट भई देब्रे खुट्टा क्षतविक्षत भयो।

यस वर्ष काम्प्राङ समूहद्वारा संचालित गतिविधिबाट चुलाचुली क्षेत्र लगायतका स्थानीय बासिन्दाहरू पीडित भए। १३ महिला, २८ पुरुष, २ नाबालकले झुण्डिएर आत्महत्या गरे। ३ महिला, ५ पुरुषको लडेर मृत्यु भयो भने १ महिला, ३ पुरूषको विष सेवनबाट मृत्यु भयो। पानीमा डुबेर १ जनाको मृत्यु भयो भने सवारी दुर्घटनाबाट ९ पुरूष र १ नाबालकको मृत्यु भयो। भवितव्यमा परी ५ महिला, १२ पुरूष र २ नाबालकको मृत्यु भयो। आगलागीका ७ वटा घटना भए।

१.३ पाँचथर

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

थर्पू गाविस-९ मा ०५८ माघ ११ गते सुरक्षाकर्मीको गोलीबाट एक जना माओवादीको हत्या भयो। पीडितको सनाखत हुन सकेन।

प्राङ्गबुङ्ग गाविस-४ का ३६ वर्षीय हस्तबहादुर याम्सुहाङ्गलाई माओवादीको आरोपमा ०५८ फागुन २६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीहरू पीडितको घरमा जाँदा तत्काल बाहिर निस्कदा गोली हानिएको छिमेकीहरूले बताए।

ओयाम गाविस-९ का १७ वर्षीय अमरबहादुर डाँगी र थर्पू गाविस-६ का २२ वर्षीय गाजल सुन्दासलाई ०५८ फागुन २८ गते सुरक्षाकर्मीले सुरक्षा घेरा तोडी भागेको भनी गोली हानी हत्या गरे। पीडितहरूलाई माओवादीको आरोपमा २७ गते गिरफ्तार गरिएको थियो।

रानीगाउँ गाविस-४ का ३२ वर्षीय लोकेन्द्रबहादुर सम्बाहाम्फेलाई माओवादीको आरोपमा ०५९ जेठ ३१ गते साँझ सुरक्षाकर्मीले सोही गाविस-८ तिनदेन माविमा गोलो घेरा लगाई यहाँ बस् भनी गोली हानी हत्या गरे। सुरक्षाकर्मीले दोहोरो भिडन्तमा परी हत्या भएको बताए पनि पीडितलाई दिनभर डुलाई बेलुका चाउचाउ खान दिई गोली हानी हत्या गरेको प्रत्यक्षदर्शीले बताए।

प्राङ्गबुङ्ग गाविस-४ का २२ वर्षीय भवानी खपाङ्गीलाई माओवादीको आरोपमा ०५९ साउन १० गते दिउँसो सुरक्षाकर्मीले घर नजिकै थाले खोल्सामा गोली हानी हत्या गरे। पीडितले ०५८ फागुन २६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेका हस्तराज थाम्सुहाङ्गको नाममा संचालित फुटबल

प्रतियोगिताको उद्घोषण गरेका कारण पीडितको हत्या गरिएको प्रत्यक्षदर्शीले बताए।

लुङरूपा गाविस-५ का ४० वर्षीय भूप्रसाद राई वान्नवालाई ०५९ भदौ ४ गते बिहान सुरक्षाकर्मीले आफ्नै घरबाट गुप्तेश्वर महादेव माविमा लगी बयान लिने क्रममा गोली हानी हत्या गरे। पीडित बिहानै गोठबाट घर आउँदा सुरक्षाकर्मीले खुट्टामा गोली हानी घाइते अवस्थामा पारी माओवादीको गोप्य कुरा बताउन लगाउँदा नमानेपछि घरका परिवारको सामुन्ने गोली हान्दा टाउको फुटी मृत्यु भएको प्रत्यक्षदर्शीले बताए।

नागिन गाविस-२ का १८ वर्षीय लिला आचार्यलाई माओवादीको आरोपमा ०५९ भदौ १८ गते सुरक्षाकर्मीले शिवा गाविस-७ मा गोली हानी हत्या गरे। एक आतंककारी मारिएको क्याप्टेन उपेन्द्र रानाभाटले बताए।

च्याङथापू गाविस-३ का ३१ वर्षीय खडानन्द अधिकारीलाई माओवादीको आरोपमा ०५९ असोज १२ गते सुरक्षाकर्मीले फुङलादिन बजारमा गोली हानी हत्या गरे।

एकतिन गाविस-१ का ४२ वर्षीय श्यामबहादुर खत्रीलाई माओवादीको आरोपमा ०५९ असोज १६ गते बेलुका सुरक्षाकर्मीले ओयाम खोलाको दोभान निवा भन्ने ठाउँमा हत्या गरे। पीडित हलकारा थिए।

नागिन गाविस-२ फलाटेका ३५ वर्षीय ज्ञानबहादुर थापालाई ०५९ कार्तिक ३ गते स्यावरुम्बा गाविस-६ गोदोबारीमा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए। पीडित घाइते अवस्थामा खरबारीमा लुकेको फेला पारी एक डेढ घण्टा पछि यातना दिई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मौवा गाविस-८ का ३० वर्षीय टथबहादुर सुन्दासलाई ०५९ कार्तिक ५ गते बेलुका सुरक्षाकर्मीले गिरफ्तार गरी जंगलमा लगी गोली हानी हत्या गरे।

आरुबोटे गाविस-६ का २५ वर्षीय राजन भनिने मोहन ढकाललाई ०५९ कार्तिक ६ गते दिनको २ बजे इलाम जिल्ला आमचोक गाविस स्थित धोत्रे खोल्सीमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित दशमी बजारमा व्यापार गरी बसेका थिए।

लुङरूपा गाविस-२ सिंगारे पुच्छरका ४५ वर्षीय बिर्काने भनिने मणिकुमार राईलाई माओवादीको आरोपमा ०५९ मंसिर ९ गते सुरक्षाकर्मीले बाँधखोर जंगलमा लगी गोली हानी हत्या गरे। पीडितलाई धनबहादुर राईको घरबाट गिरफ्तार गरिएको थियो।

सिदिन गाविस-८ थोकपनका १६ वर्षीय चुर्से राईलाई ०५९ मंसिर २४ गते बिहान ८ बजे घरमा पूजा गरेर मासु काटिरहेको अवस्थामा सुरक्षाकर्मी आएको देखेर भाग्न खोज्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले मारिने व्यक्ति टाउके भनिने एक आतंककारी रहेको बताए।



जनसंख्या	: २०२०५६
साक्षरता प्रतिशत	: ५१.०३
महिला साक्षरता प्रतिशत	: ४४.०३
क्षेत्रफल (वर्ग कि. मि.)	: २२४१
गाविस / नपा संख्या	: ४१/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३३१
क्याम्पस / उच्च मा.वि.	: १/१०
अस्पताल / स्वास्थ्य चौकी	: १/५०
टेलिफोन लाइन	: ४३४
मोटर सडक (कि. मि.)	: ९१
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ४६
मानव विकास सूचकांक	: ०.३२८
प्रति एक डाक्टर जनसंख्या	: ४०४११
प्रति परिवार सरदर संख्या	: ५.४२

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१	६	१७		१७	१५	१८			१८
घाइते	४	८		८	२	८		८	२	१	१		२
गिरफ्तारी/यातना									४	५	१		६
कुटपिट	५	४	१	५	३	४	१	५					
धम्की	१		१	१	२	६		६	१			१	१
महिला अधिकार	२		२	२	१		१	१					
बालअधिकार	५		७	७									
अपहरण					१	१		१					
जम्मा	१८	१३	११	२४	१५	३६	२	३८	२२	२४	२	१	२७

माओवादीबाट

नागिन गाविस-२ फंवादीनका भूतपूर्व सैनिक ६० वर्षीय टेकबहादुर गुरागाईंलाई ०५८ फागुन १ गते माओवादीले गोली हानी हत्या गरे। पीडित नेकांका सक्रिय कार्यकर्ता हुन्।

प्राङ्गबुङ्ग गाविस-४ रमितेका ३६ वर्षीय लेखनाथ गौतमलाई आफूलाई सहयोग नगरेको आरोपमा ०५८ चैत ८ गते घरमा सुतिरहेको अवस्थामा अपहरण गरी भोलिपल्ट गोली हानी हत्या गरेका थिए। पीडितको लास १० गते फेला परेको थियो।

नागिन गाविस-४ का २१ वर्षीय उमेश नेउपानेलाई सुराकीको आरोपमा ०५९ जेठ ३० गते राति माओवादीले घरबाट त्रितीया भञ्ज्याङ्गमा पुऱ्याई गोली हानी हत्या गरे। पीडित नेउपाने माओवादीद्वारा घोषित गाजसका वडा प्रमुख भएकोमा र ०५८ मसिर २५ गते प्रशासन कार्यालयमा आत्मसमर्पण गरी घरमा बस्दै आएका थिए।

नागी गाविस-६ चित्तोकका २६ वर्षीय धर्मेन्द्र योङ्गहाङ्गलाई विभिन्न आरोपमा ०५९ साउन २७ गते राति माओवादीले स्थानीय गणेश चोकमा लगी पछाडि हात बाँधेर गोली हानी हत्या गरे।

ओयाम गाविस-४ का ६३ वर्षीय शंकर ढकाललाई सुराकीको आरोपमा ०५९ साउन २७ गते राति माओवादीले थर्पू गाविस-३ रमिते डाँडामा खुकुरी प्रहार गरी हत्या गरे। पीडितलाई माओवादीले घरमा सुतिरहेको अवस्थामा "हामी भोलिपल्ट बिहान ७ बजे ल्याइदिन्छौं" भनेर लगेका थिए।

ओयाम गाविस-४ का ३० वर्षीय चन्द्र स्वरेल र उनकै बहिनी सावित्रा स्वरेललाई ०५९ कार्तिक २९ गते माओवादीले घरबाट अपहरण गरे। पीडितहरूमध्ये चन्द्रको लास ३० गते सोही ठाउँकै त्रितिया भञ्ज्याङ्गमा टाउको छिनाएको अवस्थामा लास फेला पऱ्यो भने बहिनी सावित्रालाई बेपत्ता पारियो। पीडित सावित्रा हाल घर फर्किसकेकी छन्।

नागी गाविस-५ का ३० वर्षीय हरी काम्बाङ्गलाई ०५९ कार्तिक ३० गते राति १२ बजे मुकुबुङ्ग बजार नजिकै चारआने खोल्सामा माओवादीले धारिलो हतियार प्रहार गर्नुका साथै गोली हानी हत्या गरे। पीडितलाई माओवादीले चेतावनी दिएका थिए।

उदयपुर जिल्ला कटारी गाविस-६ का बटुक दल गणबाट सर्च अप्रेशनमा खटिएका प्यूठ २२ वर्षीय प्रेमबहादुर दनुवारको ०५९ पुस ७ गते दिउँसो माओवादीले बिच्छ्याएको विद्युतीय धरापमा परी मृत्यु भयो। सोही घटनामा बर्दिया जिल्ला सूर्यपटुवा गाविस-४ का २२ वर्षीय वैद्यनाथ थारू, सुनसरी जिल्ला महेन्द्रनगर-८ का २२ वर्षीय रूपलाल चौधरी घाइते भए। घाइतेहरूलाई उपचारको लागि हेलिकप्टरबाट धरान लगियो।

दोहोरो भिडन्त

पञ्चमी गाविस-१ स्थित गोपेटार इलाका प्रहरी कार्यालयमा ०५८ माघ १० गते राति ११ बजेदेखि बिहान ५ बजेसम्म प्रहरी र माओवादी बीच दोहोरो भिडन्त हुँदा ५ जना प्रहरी र केही माओवादीलेको मृत्यु भयो। मृत्यु हुनेहरूमा तेह्रथुम जिल्ला युवा गाविस-४ का प्रहरी जवान २७ वर्षीय गोविन्द थपलिया, झापा जिल्ला धरमपुर गाविस-४ का २३ वर्षीय जयराम घिमिरे, सिराहा जिल्ला बन्दीपुर गाविस-१ का २२ वर्षीय दीपक पोखरेल, पाँचथर जिल्ला चोकमागु गाविस-६ का २३ वर्षीय यामकुमार तुम्बापो, मोरङ्ग जिल्ला मधुमल्लाका हवल्दार ३२ वर्षीय भीम भुजेल छन्। उक्त घटनामा परी घाइते हुनेहरूमा ५८ वर्षीय ज्ञानेन्द्र भट्टराई, २६ वर्षीय लोकबहादुर भूजेल, प्रहरी सहायक निरीक्षक ३३ वर्षीय बमबहादुर लिम्बु, प्रहरी जवान २२ वर्षीय सन्तोष लिम्बु, २८ वर्षीय चन्द्र बस्नेत, २९ वर्षीय रवीन्द्र चौधरी र ३२ वर्षीय चन्द्र थापा छन्। घाइतेहरूलाई उपचारका लागि जिल्ला बाहिर लगिएको थियो। सोही भिडन्तमा परी माओवादी कार्यकर्ता झापा जिल्ला अनारमुनी गाविस-८ का २८ वर्षीय होमप्रसाद ढकाल र ठेगाना पत्ता नलागेका अर्को एकजनाको मृत्यु भयो।

गोलीद्वारा घाइते

राज्यबाट

भारतीय नागरिक २५ वर्षीय जुगुराज (मुस्कान) लाई

गोपेटारमा भएको दोहोरो भिडन्तमा मृत्यु भएका प्रहरीहरु

गोपेटारमा भएको दोहोरो भिडन्तमा मृत्यु भएका माओवादीहरु



माओवादीद्वारा खुकुरी प्रहार गरी हत्या गरिएका शंकर ढकाल

०५८ फागनु १५ गते वेलुका ११ वज भागी वांकि सैनिक क्षेत्रको आसपासवाट फर्किएको अवस्थामा सुरक्षाकर्मीले अड् भन्दा नअडिएपछि गोली हान्दा पेटमा लागी सख्त घाइते भए। पीडितको पाँचथर अस्पतालमा उपचार गरियो। पीडितको मस्तिष्क ठीक नभएको अस्पतालले जनायो।

सिदिन गाविस–८ थोकपनकी २२ वर्षीय मनकुमारी नामाङ (घोसाङ्ग) ०५९ जेठ ९ गते आफ्नो धर्म कार्यमा सघाउन गएको अवस्थामा सुरक्षाकर्मीले गोली हान्दा देब्रे खुट्टामा गोली लागी घाइते भइन। सुरक्षाकर्मीले ऐतराज सुव्वा भागेर धर्म कार्यमा आएकाले गोली हान्नु परेको भन्दै पीडितलाई घटनास्थलमा उपचार गरी गाउँलेहरूलाई २४ घण्टाभित्र उपचार गर्न लगिदिनु पर्‍यो भनी सुरक्षाकर्मीले आदेश दिएको भनी पीडित बताउँछिन्।

माओवादीको विद्युतीय धरापमा परी मृत्यु भएका बटुक दल गण गुल्मका प्युठ प्रेमबहादुर दनुवार

जेल र बन्दीहरू

"घ" श्रेणीको पाँचथर जेलको क्षमता २५ जना छ। यस जेलमा ४७ जना बन्दी छन्। जसमध्ये कैद नतोकिएका १९ पुरुष र कैद तोकिएका २८ पुरुष छन्। माओवादीको आरोपमा १२ जनालाई नजरबन्दमा राखिएको छ। संख्या बढी भएकाले खचाखच भई दुःखले बसेको बन्दीहरू बताउँछन्। महिला गृहमा महिला नभएकाले पुरुषहरू नै राखिएका छन्। यस जेलमा पानी, चर्पीको व्यवस्था राम्रो रहेको छ। बन्दीहरूलाई ६/६ महिनामा बिस्तरा/लुगाफाटो दिने गरिन्छ। बिरामीहरूलाई राम्रो उपचारको व्यवस्था छ।

यस जेलमा ०४९ वैशाख २९ गतेदेखि ज्यान मुद्दामा थुनामा परेका नाइके जगत राईको ०५३ मा पुनरावेदन अदालतमा मुद्दा दर्ता गरिएको थियो। राईको मुद्दाको पेशी सर्वोच्चमा ८–९ वर्षदेखि सरिरहेको छ।

माओवादीद्वारा हत्या गरिएका भूपू सैनिक टंकबहादुर गुरुङाई

बेपत्ता /अपहरण

माओवादीबाट

रानीटार गाविस–१ स्थित अरनिको प्राविका शिक्षक ३५ वर्षीय जयबहादुर नेम्बाङलाई ०५९ कार्तिक १७ गते माओवादीले अपहरण गरे। पीडितलाई आफ्नै घर नजिकैको खोला दोभानमा ल्याई आँखाको पट्टी खोली मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

रानीटार गाविस–८ तमाखेका वडाध्यक्ष ४० वर्षीय इवाहाङ्ग नेम्वाङ्गलाई मेला बजारमा जुवातास खेलाएको आरोपमा ०५८ फागुन २८ गते दिउँसो माओवादीले कुटपिट गरे।

ताप्लेजुङ्ग जिल्ला आङस्वोप गाविस–८ घर भई पाँचथर जिल्ला च्याङ्गथापू गाविस–६ बस्ने ३१ वर्षीय चैतन्य बुढाथोकीलाई सुराकीको आरोपमा ०५९ वैशाख ११ गते राति बुङरुङ्ग प्राविछेउमा माओवादीले धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाए।

एकतिन गाविस–२ की १९ वर्षीय चन्द्रकला केरुङ्गलाई ०५९ जेठ २ गते साँझ ८ बजे हतियारधारी माओवादीले "तेरो दाजु राष्ट्रिय अनुसन्धानमा काम गर्छ हैन" भन्दै "हामीलाई अनुसन्धान गर्न कहिले आउँछ" भनी काँचो उत्तीसको लाठीले १५ पटक कुटपिट गरे।

भारपा गाविस–८ का २५ वर्षीय यामबहादुर नामाङ्गलाई ०५९ असार २३ गते राति "माओवादी हुँ" भन्नेहरूले



माओवादीद्वारा हत्या गरिएका धर्मेन्द्र योङ्हाङ

घरमा कुटपिट गरे। पीडितको आँखा छेउमा गहिरो चोट लागेको छ।

फाक्तेल गाविस-४ का ३१ वर्षीय तिलविक्रम चेम्जोङ्ग र एक महिलालाई ०५९ साउन २८ गते बेलुका ८ बजे माओवादीले यौन दुराचारमा लागेको आरोपमा भाटाले हिर्काए। पीडित महिलालाई १० पटक उठवस गराई तिलविक्रमलाई १३ भाटा हिर्काएका थिए।

माओवादीद्वारा हत्या गरिएका उमेश नेउपाने

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा ०५८/५९ मा जिल्ला अदालतमा परेका देवानी मुद्दा ३ सय ३ मध्ये फर्स्यौट १ सय ८१ भई १ सय २२ बाँकी, फौज्दारी २ सय १४ मा १ सय ३८ फर्स्यौट भई ७६ बाँकी तथा सरकारवादी फौज्दारी ३४ मा २२ फर्स्यौट भई १२ बाँकी रहे। यसैगरी ०५९/६० मा जिल्ला अदालतमा देवानी १ सय ५७ मा ६३ फर्स्यौट भई ९४ बाँकी, फौज्दारी १ सय ९ मा ३५ फर्स्यौट भई ७४ बाँकी तथा सरकारवादी फौज्दारी १९ मा ८ फर्स्यौट भई ११ बाँकी रहे।

दुई वर्ष नाघेका २० वटा मुद्दामा प्रमाण मिसिल सर्वोच्च अदालतमा र पुनरावेदन अदालत इलाममा भएका कारणबाट किनारा हुन बाँकी रहेको जानकारी प्राप्त भयो।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक अपराधसम्बन्धी परेका १३ वटा मुद्दामा सबै फर्स्यौट भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

आङसाङ्ग गाविस-६ का ३२ वर्षीय देवेन्द्र आचार्य समेत दुई जनालाई ०५९ मंसिर ५ गते सुरक्षाकर्मीले बाटोबाट गिरफ्तार गरी क्याम्पमा लगी जबरजस्ती आँखामा पट्टी बाँधी मस्त कुटपिट गरी यातना दिएर भोलिपल्ट रिहा गरे।

फिदिम गाविस-२ पल्लोटारका इन्सेक जिल्ला प्रतिनिधि तथा पत्रकार महासंघ शाखाका सभापति ३३ वर्षीय कृष्ण ओझालाई ०५९ असार ३२ गते जिल्ला प्रहरी कार्यालयमा "आतंककारी" को आरोप लगाएर खानामा नाम दर्ता गराई छानविनका लागि सई राजेश सुवेदीले तारखमा ०५९ साउन १ गते हाजिर हुन बोलाए। पीडित हाजिर हुन जाँदा प्रहरी नायव उपरीक्षक र सईले "तपाईको फोटो बरामद भएकोले शंका गर्नु परेको नाम दर्ता गरिएको" बताए। उनलाई त्यहाँ मानसिक यातना दिइएको थियो। पीडितले फोटो फिर्ता माग्दा प्रमुख जिल्ला अधिकारीले "बरामद गरेको फोटो दिन मिल्दैन, फोटोको पछाडि सकारात्मक जनाउँला" भनी आश्वासन दिएका थिए।

माओवादीद्वारा सुराकीको आरोपमा कुटपिट गरी घाइते बनाइएका चैतन्य बुढाथोकी

तेह्रथुम जिल्ला छोत्तेढुंगा गाविस-४ पोखरीका ४८ वर्षीय देवी सिवाकोटीलाई ०५९ मंसिर १८ गते बिहान बसबाट सुनसरी जिल्लाको इनरूवातर्फ गइरहेको अवस्थामा फिदिम गाविस-६ सुरक्षा गुल्म छेउ गाडीमा चेक गर्ने क्रममा माओवादीको शंका लागी सुरक्षाकर्मीले कुटपिट गरी आँखामा पट्टी बाँधेर यातना दिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष जिविसले ०५८ को असारसम्मको रकम बाँडिसकेको र साउनदेखि पुससम्मको रकम कार्यालयले गाविस सचिवमार्फत् वितरण गर्ने बतायो।

जिल्लामा ५५ जना अपाङ्गलाई मासिक १ सय रूपैयाँका दरले ६ महिनाको निकास गरिएको छ। ६ महिनामा निकालिएको गाविसमा दिइने रकम २२ लाख ९८ हजार मात्र वितरण गरिएको जानकारी प्राप्त भयो।

आन्तरिक द्वन्द्वका कारणबाट १ सय ९५ जना विस्थापित भएको जानकारी प्राप्त भयो।

बालअधिकार

यस वर्ष ९ वर्षीय एक जना, १२ वर्षीय ३ जना र १४ वर्षीय एक जना गरी ५ जना बालिकालाई बलात्कार प्रयास भयो।

विविध

संरचना क्षति

यस वर्ष यो जिल्लाका ४१ वटा गाविस मध्ये ३९ वटा गाविसका कागजपत्र र भवन माओवादीले जलाए। एउटा खाली प्रहरी चौकीमा र एउटा व्यक्तिगत ट्रकमा आगो लगाई क्षतिग्रस्त बनाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

सिदिन गाविस-९ पापोटिनका ३४ वर्षीय तेजबहादुर आङवोको १५ मन अलैंची र सोही गाविस-८ का ३३ वर्षीय रामबहादुर तामाङ्गको १० मन अलैंची ०५९ असोज १७ गते बेलुका माओवादीले लुटेर लगे। पीडितहरू विस्थापित भई हाल फिदिममा बसेका छन्।

१.४ ताप्लेजुङ

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

आँखोप गाविस-३ का चन्द्रप्रकाश कडरियालाई ०५८ माघ ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई ब्यारेकमा बयान गराई रहेको बेला भागेकाले सुरक्षाकर्मीको गोलीबाट मृत्यु भएको स्थानीय सुरक्षा निकायले जनायो।

तापेथोक गाविस-९ का ३६ वर्षीय इन्द्र लिम्बुलाई माओवादीको आरोपमा ०५८ फागुन १७ गते सुरक्षाकर्मीले लिखिम गाविस-८ ताप्लेजुङ्ग बजार आइरहेको बेला गोली हानी हत्या गरे।

तापेथोक गाविस-९ का ४१ वर्षीय रनकुमार लिम्बुलाई ०५८ फागुन २० गते सुरक्षाकर्मी गस्तीमा गएको बेला भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

फाकुम्वा गाविस-४ को जंगलमा ०५९ वैशाख १२ गते सुरक्षाकर्मीको गोली प्रहारबाट ५ जना माओवादीको मृत्यु भएको सुरक्षा निकायले जनायो।

फाकुम्वा मा. वि. मा ०५९ वैशाख १९ गते प्रहरीले चलाएको गोली लागी कक्षा ३ मा अध्ययरत १४ वर्षीय नरेन्द्र लिम्बुको मृत्यु भयो। विद्यालय नजिक दुई माओवादी कार्यकर्ता रहेको र उनीहरूले प्रहरीलाई लक्षित गरी बम प्रहार गरेकाले त्यसको प्रतिकार गर्दा उक्त घटना हुन पुगेको स्थानीय सुरक्षा निकायले बतायो।

हाम्पाङ्ग गाविस-३ को जंगलमा सुरक्षाकर्मी र माओवादी बीच ०५९ जेठ ५ गते भएको दोहोरो भिडन्तमा सुरक्षाकर्मीको गोली लागी करिब २५ वर्षीय भावना भनिने एक महिलाको मृत्यु भएको सुरक्षा निकायले जनायो।

स्वाक्लीङ्ग गाविस-६ का घनेन्द्र वगालेलाई माओवादीको आरोपमा ०५९ असोज १५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

तापेथोक गाविस-९ का २० वर्षीय मनकुमार लिम्बूलाई ०५९ कार्तिक २२ गते खेजेनिम गाविस-३ मा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मी आएको देखी भाग्न खोज्दा सुरक्षाकर्मीले चलाएको गोलीबाट मृत्यु भयो।

फुलबारी गाविस-३ का ३० वर्षीय संजय पौडेललाई माओवादीको आरोपमा ०५९ कार्तिक २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। तर पीडितको ठेगाना खुल्न नसकेको स्थानीय प्रशासनले जनायो।

साँवा गाविस-७ का २७ वर्षीय नरेन्द्र लिम्बुलाई माओवादीको आरोपमा ०५९ मंसिर ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जनसंख्या	: १३९०३८
साक्षरता प्रतिशत	: ४६.९
महिला साक्षरता प्रतिशत	: ४२.३४
क्षेत्रफल (वर्ग कि. मि.)	: ३६४६
गाविस / नपा संख्या	: ५०/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २४४
क्याम्पस / उच्च मा.वि.	: १/४
अस्पताल / स्वास्थ्य चौकी	: १/५१
टेलिफोन लाइन	: ४४४
मोटर सडक (कि. मि.)	: २४
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५१
मानव विकास सूचकांक	: ०.३२८
प्रति एक डाक्टर जनसंख्या	: ३३६७२
प्रति परिवार सरदर संख्या	: ५.४

माओवादीबाट

हाङदेवा गाविस-७ का मचिन्द्र महतारालाई आफ्नी भान्जीलाई आत्मसमर्पण गराएको आरोपमा ०५८ पुस २५ गते बेलुका माओवादीले घरबाट अपहरण गरी घर नजिकैको खेतमा लगी गोली हानी हत्या गरे। त्यसैगरी सोही गाविस-६ का हाङदेवा माविका शिक्षक ३५ वर्षीय टंकबहादुर सुब्बालाई सोही रात घरमा बसिरहेको अवस्थामा माओवादीले टाउकोमा गोली हानी हत्या गरे भने पाहुना आएका साँवा गाविस-१ का २५ वर्षीय रामकुमार साँवालाई भाग्न खोज्दा माओवादीले गोली हानी हत्या गरे।

लिङखिम गाविस-९ का एमाले गाउँ कमिटी सचिव ३६ वर्षीय श्रीप्रसाद गौनमलाई सुराकीको आरोपमा ०५९ वैशाख

२० गते माओवादीले घरबाट बाहिर ल्याई तमोर नदीको किनारमा खुकुरी प्रहार गरी हत्या गरे।

सिकैंचा गाविसका ३२ वर्षीय कविराज लिम्बुलाई विभिन्न आरोप लगाउँदै ०५९ असार १७ गते माओवादीले घरबाट हाङ्देवा गाविस-६ मा ल्याई हत्या गरे।

लिवाङ्ग गाविस- ४ का ४० वर्षीय नरबहादुर लिम्बूलाई ०५९ साउन १० गते घरमा सुतिरहेको अवस्थामा माओवादीले घरमै गई "एकछिन काम छ, बाहिर आउनुस्" भनी गोली हानी हत्या गरे।

तेल्लोक गाविस-७ का २७ वर्षीय दूधराज लिम्बू र ३० वर्षीय पूर्ण भट्टराईलाई पार्टीलाई बदनाम गर्ने काम गरेको आरोपमा ०५९ भदौ ६ गते माओवादीले घरबाटै अपहरण गरेकोमा यम्फदिनको भञ्ज्याङ्ग भन्ने ठाउँमा हत्या गरी पुरेका छौं किरिया गरे हुन्छ भनी माओवादीले गाउँमा सूचना टाँसेका थिए।

थुम्बेदिन गाविस-१ का शिक्षक ३५ वर्षीय निधीनारायण भट्टराई, साब्लाखु गाविस-१ का ४२ वर्षीय तेजप्रसाद मिश्र, सोही ठाउँका ३५ वर्षीय यामबहादुर लिंदेन र ४० वर्षीय नरप्रसाद लिंदेनलाई सुराकीको आरोपमा ०५९ भदौ ८ गते राति माओवादीले घरबाट अपहरण गरी साब्लाखु गाविस-१ मिश्रटारमा लगी खुकुरी प्रहार गरी टाउको छिनाएर हत्या गरे।

हाम्पाङ्ग गाविस-८ का शिक्षक ४२ वर्षीय मोहन चुडाललाई सुराकीको आरोपमा माओवादीले अपहरण गरेर केही पर लगी खुकुरी प्रहार गरी हत्या गरे।

दुङ्गेसाँघु गाविस-६ का ३७ वर्षीय श्रीप्रसाद लिम्बु, ३० वर्षीय लक्ष्मी पौडेललाई सुराकीको आरोपमा ०५९ असोज ३० गते माओवादीले राति घरबाट अपहरण गरेर खुकुरी प्रहार गरी हत्या गरे।

दुङ्गेसाघु गाविस-३ का ३२ वर्षीय देवेन्द्र चङ्वाङ्गलाई ०५९ कार्तिक २२ गते राति माओवादीले अपहरण गरी केही पर लगी गोली हानी हत्या गरे। हत्याको कारण खुल्न सकेन।

धनकुटा जिल्ला गोलाखर्क गाविस-१ घर भई ताप्लेजुङ्ग ब्यारेकमा कार्यरत सुरक्षाकर्मी पहलमान तामाङलाई ०५९ भदौ ९ गते ब्यारेकबाट आफन्तको जान्छु भनी गाउँ गएको अवस्थामा माओवादीले फावाखोला गाविस-३ मा खुकुरी प्रहार गरी हत्या गरे।

गोलीद्वारा घाइते

राज्यबाट

फाकुम्बा माविका शिक्षक भानुभक्त बरूहाङ्गलाई ०५९ वैशाख ११ गते गस्तिमा गएको प्रहरी टोलीलाई विद्यालय नजिकको पसलमा बसेका ३ जना माओवादीले प्रहरीलाई लक्षित गरी बम फाले। तर, बम नपड्किए पछि माओवादी त्यहाँबाट भागेपछि प्रहरीले फायरिङ्ग शुरू गरे। सो फायरिङ्गमा परी शिक्षक भानुभक्त बरूहाङ्ग सख्त घाइते भए भने विद्यालयमा रहेका अन्य शिक्षकलाई समेत कुटपिट गरियो। ०५९ वैशाख ३० गते पनि प्रहरीले भानुभक्तलाई गोली हानी घाइते बनाए भने सोही विद्यालयका शिक्षकहरूलाई कुटपिट गरे। लामो समयसम्म विद्यालय बन्द भयो।

माओवादीबाट

फुङ्लिङ गाविस-२ मेदिबुङ्ग स्थित मेदिबुङ्ग संस्कृत माविका प्रधानाध्यापक तथा पाथिभरा क्याम्पसका प्राध्यापक डिल्लीरमण बराललाई ०५८ माघ १७ गते दिउँसो माओवादीले घरबाट तपाईंसँग काम छ भनी विद्यालयमा लगी गोली हानी घाइते बनाए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	६		६	१९	२०			२०	११	९	१	५	१५
घाइते	३	२	१	३	२	२			२	२	२			२
हिरासत/थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										१५	१६			१६
बेपत्ता										१	१			१
कुटपिट	१	१		१	५	५			५	४	५			५
धम्की	१	१		१	१७	१५	१	१	१७					
महिला अधिकार	१		१	१										
अपहरण					८	९			९					
जम्मा	१२	१०	२	१२	५१	५१	१	१	५३	३४	३४	१	५	४०

जेल र बन्दीहरू

ताप्लेजुङ्ग जेलको जम्मा क्षमता २५ जनाको भएता पनि हाल यहाँ ४४ जना बन्दी छन् भने संकटकाल यता ५२ जनासम्म राखियो। बन्दीहरू मध्ये ३० जना कैद नतोकिएका छन्। यहाँ हप्ताको दुई पटक बन्दीहरूलाई भेट्न दिइन्छ। क्षमताभन्दा बढी बन्दीहरू राखिएकोले सुत्न, बस्न साह्रै अप्ठ्यारो छ। बन्दीहरूलाई सिलाई-बुनाई तालिममा सहभागी गराइए पनि सबैलाई सहभागी गराउन सकेको छैन। पुस्तकालयको व्यवस्था गरिएको भए पनि किताब थोरै छन्। यस वर्ष लामो समयदेखि जेलमा बसेका कालिखोला गाविस-९ का हरिश्चन्द्र बानियाको कारागारभित्र बिरामी भई उपचार गर्दागर्दै मृत्यु भयो। आतंककारीको नाममा थुनिएका बन्दीलाई अन्य बन्दीको तुलनामा कम सुविधा छ, कहिले गल्ती देखाई ट्वाईलेटमा थुन्ने गरिन्छ भने मानसिक यातना पनि दिने गरेको र बन्दीहरूबीच लामो समय कुराकानी गर्न नदिइने गरेको बन्दीहरू गुनासो पोख्छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

साब्लाखु गाविस-१ का ज्ञानु दाहाल, मनबहादुर लिङ्गदेन, ज्ञानेन्द्र लिङ्गदेन र तेजकुमार लिङ्गदेनलाई माओवादी कार्यकर्ताको हत्यामा संलग्न रहेको आरोपमा ०५९ असोज ८ गते माओवादीले अपहरण गरे। पीडितलाई मरणासन्न हुनेगरी कुटपिट गरी दुई दिनपछि मुक्त गरियो।

लिङ्खेप गाविस-३ का शिक्षक प्रतापसिंह हांगामलाई ०५९ कार्तिक ३ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई ५ दिनपछि मुक्त गरियो।

साँवा गाविस-२ का रवी साँवा र तेज साँवालाई ०५८ चैत २० गते तथा चाक्सिबटे गाविस-५ का होमनाथ गौतम र राजेन्द्र श्रेष्ठलाई ०५९ असार १० गते सोही ठाउँका भुपाल साम्सोहाङ्गलाई असार ११ गते माओवादीले अपहरण गरे।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

माओवादीबाट

हाम्पाङ्ग गाविसका उपाध्यक्ष देवी खरेललाई ०५८ पुस २७ गते आफ्ना भान्जालाई सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गराएको आरोपमा माओवादीले उनलाई फिर्ता नबुझाए हत्या गर्ने धम्की दिए। पीडित हाल सपरिवार सदरमुकाममा बसेका छन्।

खाम्लुङ्ग गाविस-६ का ३७ वर्षीय मनकुमार लिम्बुलाई घरमा सुतिरहेको बेला ०५९ भदौ १ गते अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरे। पीडित भाग्न खोज्दा फायरिङ्ग समेत गरियो। पीडकहरू माओवादी भएको आशंका गरिए पनि घटनाको कसैले जिम्मा लिएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा फौज्दारी मुद्दा ११ वटा मात्र दर्ता भएकोमा सम्पूर्ण फर्स्यौट हुन बाँकी छन्। त्यसैगरी देवानी मुद्दा ८० वटा दर्ता भएकोमा १३ फर्स्यौट भई ६७ बाँकी छन्। त्यस्तै दुनियाँवादी फौज्दारी मुद्दा ५३ वटा दर्ता भएकोमा ३९ फर्स्यौट हुन बाँकी छन्। ४ वटा मुद्दा फर्स्यौट हुन १ वर्ष नाघेको छ भने ६७ मुद्दा ६ महिना नाघेको देखिन्छ।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सिनाम माविका प्रधानाध्यापक कृष्णप्रसाद नेपाल शिक्षकहरूको तलब निकाल्न सदरमुकाम आएको बेला ०५९ असार ३ गते सुरक्षाकर्मीले बैंक छेउबाट गिरफ्तार गरी लछारपछार गरी कुटपिट गर्दै ब्यारेकमा पुऱ्याए पछि निर्दोष भनी रिहा गरियो।

काठमाण्डौबाट प्रकाशित हुने राजधानी दैनिकका समाचारदाता केशव भट्टराईलाई माओवादीको आशंकामा ०५९ असोज १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन महिनासम्म थुनामा राखी तारेखमा रिहा गरियो।

अनेरास्ववियुका जिल्ला अध्यक्ष छविरमण गुरुङ्गलाई संकटकाल लाग्नु अघि अनेरास्ववियु (क्रान्तिकारी) सँग संयुक्त आन्दोलन गरेको आरोपमा ०५९ मंसिर १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १० दिनपछि रिहा गरियो।

यस वर्ष यो जिल्लामा १ सय ११ जना व्यक्तिलाई गिरफ्तार गरी केही समय पछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

स्थानीय निकाय नहुनु, गाविस सचिव गाउँ नजानुले वृद्धले पाउने भत्ता पनि सजिलै पाउन सकेका छैनन्। जिल्ला शिक्षा कार्यालयले अनौपचारिक शिक्षा अन्तरगत बाल शिक्षा, प्रौढ, उच्च जस्ता कक्षा संचालनको नाममा वर्षेनी ३० लाख रुपैयाँ भन्दा बढी खर्च गरिरहेको छ तर व्यवहारमा प्रगति हुन सकेको देखिँदैन।

लिंखेप गाविस- ७ का नेकांका जिल्ला नेता प्रतापप्रकाश होगामलाई सुराकीको आरोपमा माओवादीले ज्यानमार्ने धम्की दिएपछि गाउँ छोड्न बाध्य भए भने उनको घर माओवादीले तोडफोड गरे। यसैगरी सोही ठाउँका मानबहादुर लवाँ, डम्बर लिम्बु, ईखाबु गाविस अध्यक्ष मणि लाबुङ्ग, जिविस सदस्य डि. बी. राई, नेकांका कार्यकर्ता धर्म सिंह कार्की, फुलबारी गाविस- ५ का नेका कार्यकर्ता अम्बर सेन्दाङ्ग र मोहन सेन्दाङ्गको माओवादी समूहले घर तोडफोड तथा आगो लगाई क्षतिग्रस्त बनाए। हाल पीडितहरू गाउँ छाडी काठमाण्डौ तथा जिल्ला सदरमुकाम बस्न बाध्य छन्। ताप्लेजुङ्ग जिल्लाका गाउँहरूबाट माओवादीको धम्कीका कारण नेका कार्यकर्ता १

सय १०, एमाले कार्यकर्ता १०, राप्रपा कार्यकर्ता र शिक्षक र सर्वसाधारण गरी २ सय भन्दा बढी व्यक्तिहरू गाउँबाट विस्थापित छन्।

विविध

संरचना क्षति

यस वर्ष माओवादीले जिल्लाका १८ वटा गाविस भवन जलाएर पूर्ण रूपले नष्ट पारे भने १२ वटा गाविस भवन तोडफोड गरी कागजपत्र जलाए। केही गाविसहरूको भने कागजात मात्र जलाए। जिल्लामा रहेको एकमात्र विद्युत पावर हाउसमा माओवादीले बम प्रहार गरी नष्ट पारे। गाउँमा रहेका खाली प्रहरी चौकी पूर्ण रूपले ध्वस्त पारे। माओवादी छापामार समूहले ०५९ साउन २५ गते राति फुङलिङ् गाविस-२ मंदिबुङ्ग स्थित संस्कृत माविमा बम प्रहार गरे। माओवादीले विद्यालयमा संस्कृत पढाउन बन्द गर्नु भनेर दिएको आदेश नमानेपछि सो कारवाही गरेको बताए।

माओवादीद्वारा हत्या गरिएका मोहन चुडाल

सुरक्षाकर्मीको गोलीबाट घाइते भानुभक्त बरुहाङ

हाङ्देवा गाविस-५ स्थित डाँडा प्राविमा ०५९ जेठ २२ गते राति अज्ञात व्यक्तिहरूले आगो लगाई पूर्ण रूपमा ध्वस्त पारी २ लाख रूपैयाँ बराबरको क्षति गराए। हाल विद्यार्थीहरू गाउँलेले बनाएको पालले छाएको टहरामा बसी पढिरहेका छन्।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष २ जना महिलाले झुण्डिएर आत्महत्या गरे भने १ जना खोलामा परी मृत्यु भयो। लिङ्खिम, हाङ्देवा र सावादिनमा आएको बाढी पहिरोमा परी २७ जनाको मृत्यु ७० घरपरिवार भन्दा बढी घरवार विहिन भएका छन्।

सान्थाक्रा गाविस-३ का पुजारी ३० वर्षीय रिञ्जी लामालाई ०५९ असार १७ गते बाटो हिँडिरहेको अवस्थामा अज्ञात समूहले खुकुरी प्रहार गरी हत्या गरे। उक्त घटना माओवादीद्वारा गरिएको आशंका गरिए पनि पुष्टि भएको छैन।

१.५ मोरङ

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सुनसरी गाविसका हिमाल भनिने माओवादी कार्यकर्तालाई ०५८ माघ १ गते भोगटनी गाविस-८ मा सुरक्षाकर्मीले खोजतलासका क्रममा भाग्न खोजेको भनी गोठमा गोली हानी हत्या गरे। सुरक्षाकर्मी आफैंले लासको दाहसंस्कार गरे।

सुनसरी जिल्ला झुम्का गाविस-२ का २८ वर्षीय रोहित कोइराला, अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय उपाध्यक्ष वेनोज अधिकारी, सिन्धुलीकी रमा देवकोटा र डटहराका यादव ढुंगानालाई ०५८ फागुन २४ गते इन्द्रपुर गाविसको उत्तरपट्टिको जंगलमा भिडन्तको नाममा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूलाई ०५८ फागुन २२ गते विराटनगरबाट गिरफ्तार गरिएको थियो। सुरक्षाकर्मी आफैंले लासको दाहसंस्कार गरे।

मधुमल्ला गाविस-५ का गोपाल घिमिरेलाई माओवादीको आरोपमा ०५८ चैत १६ गते राति सुरक्षाकर्मीले टाँडी गाविसमा गोली हानी हत्या गरे। सो घटनामा दुई माओवादी कार्यकर्ता घाइते भए।

भोगटनी गाविसमा तीन जनालाई माओवादीको आरोपमा ०५९ वैशाख १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको सनाखत हुन सकेन।

याङशिला गाविस-४ मा माओवादी कार्यकर्ता मनमाया



जनसंख्या	: ८४३२२०
साक्षरता प्रतिशत	: ५६.७
महिला साक्षरता प्रतिशत	: ४६
क्षेत्रफल (वर्ग कि. मि.)	: १८५५
गाविस / नपा संख्या	: ६५/१
निर्वाचन क्षेत्र	: ७
विद्यालय	: ६५२
क्याम्पस / उच्च मा.वि.	: १४/२१
अस्पताल / स्वास्थ्य चौकी	: ५/६६
टेलिफोन लाइन	: १२०८४
मोटर सडक (कि. मि.)	: ९७६
प्रहरी कार्यालय संख्या	: ६०
हुलाक संख्या	: ७०
मानव विकास सूचकांक	: ०.४२१
प्रति एक डाक्टर जनसंख्या	: १४०५४
प्रति परिवार सरदर संख्या	: ५.०२

राईको ०५९ जेठ ८ गते दिउँसो माओवादी र सुरक्षाकर्मी बीच भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। उक्त घटनामा परी सुरक्षाकर्मी रमेश वि.क. घाइते भए। सुरक्षाकर्मीले मनमायाको दाहसंस्कार गरे।

शनिश्चरे गाविसका प्रेमबहादुर मगर, हरि भट्टराई, इटहरा गाविस-३ का डम्बर (वीरबहादुर) राई र टाँडी गाविस-४ का केदार शर्मा (नेपाली) लाई माओवादीको आरोपमा ०५९ असार १५ गते सुरक्षाकर्मीले रमितेखोला-२ वैकुण्ठेमा गिरफ्तार गरी १६ गते बिहान नजिकको उत्तरे खोल्सीमा गोली हानी हत्या गरे।

टाँडी गाविस-५ की १३ वर्षीय कुमारी लिम्बुको ०५९ असोज ६ गते राति सुरक्षाकर्मीले गोलीद्वारा मृत्यु भयो। पीडितको घरमा सो दिन माओवादी कार्यकर्ता सुतेका र उनीहरूलाई गोली प्रहार गर्दा सो घटना भएको स्थानीय सुरक्षा निकायले बतायो।

डाँगीहाट गाविस घर भई सुनसरी जिल्ला इटहरी नपास्थित अरुण छापाखानामा कार्यरत २६ वर्षीय विजय कार्कीलाई आफूहरूमाथि आक्रमण गरेको आरोपमा ०५९ मंसिर १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

केराबारी गाविस-६ का शिक्षक रेवत तुम्बाहाम्फे (लिम्बु) लाई बन्दका दिन विद्यालय खोलेको आरोपमा ०५८ माघ १० गते माओवादीले सोही गाविस-५ को आमजुगी प्रा. वि. बाट चौरमा ल्याएर धारिलो हतियार प्रहार गरी हत्या गरे।

उर्लाबारी गाविस-४ का व्यापारी तथा नेकांका कैलाश राउतलाई ०५९ साउन ३१ गते माओवादीले बेलुका घर गइरहेको बेला महेन्द्र राजमार्गमा गोली हानी हत्या गरे। त्यसैगरी केराबारी गाविस-७ का नेकांका महाधिवेशन प्रतिनिधि गोविन्द ढुंगानालाई सुराकीको आरोपमा ०५९ साउन ३१ गते नै माओवादीले धारिलो हतियार र गोली हानी हत्या गरे।

याङशिला गाविस-८ का ५० वर्षीय महलबहादुर विश्वकर्मालाई सुराकीको आरोपमा ०५९ भदौ ३० गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले घरबाट निकालेर जंगलमा लगी गोली हानी हत्या गरे।

रमितेखोला गाविस-२ का पूर्व वडाध्यक्ष एवं नेकपा (एमाले) का कार्यकर्ता ४५ वर्षीय खड्गबहादुर राईलाई ०५९ असोज ८ गते अपरान्ह झोलुङ्गे पुलको छलफलस्थलबाट माओवादीले बोलाई केही पर लगी गोली हानी हत्या गरे।

सुनसरीको इटहरीस्थित सैनिक ब्यारेकका अमलदार हर्कबहादुर मल्ललाई सुराकीको आरोपमा ०५९ असोज १७ गते दिउँसो मोरङको डाँगिहाट गाविस-२ मा गस्तीमा हिंडेको बेला माओवादी कार्यकर्ताले धारिलो हतियार प्रहार गरी हत्या गरे।

खोटाङ जिल्ला आम्लुङ गाविस-५ का प्रहरी कार्यालय उर्लाबारीमा कार्यरत प्रहरी जवान अर्जुन राईको ०५९ कार्तिक १५ गते उर्लाबारी गाविस-४ स्थित कच्ची सडकमा गस्तीमा हिंडेको बेला माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो।

पथरी गाविस-३ का २६ वर्षीय पूर्व माओवादी कार्यकर्ता अम्बिका निम्सिनालाई ०५९ मंसिर २५ गते माओवादीको एक समूहले घरबाट "केही कुरा गर्नु छ" भनी नजिकैको खोलामा लगी गोली हानी हत्या गरे।

गोलीद्वारा घाइते

राज्यबाट

सुन्दरपुर गाविस-५ का धनबहादुर तामाङलाई माओवादीको आरोपमा ०५८ चैत २४ गते सुरक्षाकर्मीले खेतमा काम गरिरहेको अवस्थामा गोली हानी घाइते बनाए।

माओवादीबाट

केराबारी गाविस-७ का बस कन्डक्टर २८ वर्षीय मोहन घिमिरेलाई सुराकीको आरोपमा ०५९ जेठ ३१ गते बिहान माओवादीले याङशिलाको सतिसालमा गोली हानी घाइते बनाए। पीडितको बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो।

जेल र बन्दीहरू

मोरङ जेलको बन्दी क्षमता २ सय ५० जनाको भए पनि हाल ३ सय ९८ जनालाई राखिएको छ। बन्दीहरूमध्ये कैद तोकिएका १ सय ८१ र कैद नतोकिएका २ सय १५ जना छन्। जसमध्ये, महिला कैद तोकिएका १९ र कैद नतोकिएका ४ जना छन्। दुई जना नाबालिका महिला बन्दी गृहमा छन् भने अन्य

आश्रित बालबालिकाहरूलाई काठमाण्डौंस्थित बालसुधार गृहमा पठाइने गरेको छ।

यस वर्षको अन्त्यमा यस जेलमा ३३ जना राजनीतिक बन्दीहरू रहे। जसमध्ये अघिल्लो वर्षका ३ जना र यस वर्ष ३० जना छन्। ती मध्ये २ जना महिला छन्। २६ जनालाई राज्य विरुद्धको अपराध र ७ जनालाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत बन्दी बनाइएको छ।

अझै पनि पुरुष बन्दीगृह अति जीर्ण अवस्थामा छ भने महिला बन्दी गृह नयाँ बनाइएको छ। जेलमा कुटपिट र यातनाका घटनाहरू हुने गरेको बन्दीहरू बताउँछन्। यसै क्रममा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत जेलमा रहेका कानुन व्यवसायी हरिप्रसाद फुयाँललाई ०५९ साउन १३ गते बाँसका भाटा तथा लाठीले कुटेर घाइते बनाइयो। यस जेलमा सुनसरी जिल्लाका सबै बन्दीहरू राख्ने गरिएको छ।

बेपत्ता /अपहरण

राज्यबाट

डाँगीहाट गाविस-८ का वासुदेव पोखरेललाई माओवादीको आरोपमा ०५८ पुस १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई केही दिनपछि रिहा गरियो।

महादेव गाविस-५ का १४ वर्षीय लुटेश्वर राजवंशीलाई सोही ठाउँका एक व्यक्तिको सनपाट चोरी गरेको आरोपमा ०५९ असोज १३ गते स्थानीय छालगाछी सीमा प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितका आफन्तले घटनाबारे पुनरावेदन अदालत विराटनगरमा बन्दी प्रत्यक्षीकरणको जाहेरी दिए।

माओवादीबाट

टाँडी गाविस-८ का नेकपा (एमाले) गाउँ कमिटी सचिव भगीरथ अर्याललाई ०५८ पुस १९ गते माओवादीले "केही बुझ्नु छ" भनी अपहरण गरी राति १२ बजे रमिते खोला नजिकको जंगलबाट मुक्त गरे। पीडितलाई माओवादीमा प्रवेश गर्नुपर्ने नत्र राजनीति गर्न छोड्नुपर्ने धम्की दिइयो।

बयरबना गाविस-६ स्थित पञ्चज्योति प्राविका शिक्षक ४१ वर्षीय भानु पाठकलाई सुराकीको आरोपमा ०५८ चैत २६ गते बेलुका माओवादीले घरबाट अपहरण गरे। पीडितलाई खोलाको बगरमा सुताएर कटबाँसका लाठी, बाँसका भाटा र बुटले कुटपिट गरी कडा यातना पश्चात् सोही राति मुक्त गरियो। माओवादीले पीडितलाई गाउँ नछोडे मार्ने धम्की दिएपछि हाल जिल्ला सदरमुकाममा बस्दै आएका छन्।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

माओवादीबाट

इटहरास्थित सरस्वती माविका प्रधानाध्यापक टेकेन्द्र पोमु र नेकपा (एमाले) बाट विजयी जिविस सदस्य पर्तमान धिमाललाई सुराकीको आरोपमा ०५८ माघ १२ गते माओवादीले सार्वजनिक स्थलमा धम्कीपत्र टाँसे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	८	६	१४	१०	१०			१०	९	१२	२	३	१७
घाइते	२	२	१	३	४	५		२	७	३	३			३
गिरफ्तारी/यातना										१०	११	४		१५
बेपत्ता										२	२			२
कुटपिट					१२	१८	१		१९	१	२			२
धम्की					४	६	१		७					
जातीय विभेद										४	४			४
भूमिहीन/सुकुम्बासी										२	१४	१		१५
महिला अधिकार	२०		३०	३०										
बालअधिकार	८		८	८										
आर्थिक/सामाजिक अधिकार	१	८		८						१	८			८
अपहरण	४	५		५	२	२			२					
जम्मा	४५	२२	४५	६८	३२	४१	२	२	४५	३२	५६	७	३	६६

पथरी गाविस-६ का पुष्पलाल पोम्रेल र शान्ता पोम्रेललाई एक सय जना माओवादी कार्यकर्तालाई खाना नखुवाएको आरोपमा ०५९ जेठ ३० गते राति माओवादीले कुटपिट गरी ५० हजार रुपैयाँ र तीन तोला सुन लुटेर लगे।

गोविन्दपुर गाविस-१ का नारायणसिंह मण्डललाई सुराकीको आरोपमा ०५९ साउन २४ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

टाँडी गाविस-७ का श्याम राईलाई ०५९ साउन १७ गते, बयरबन गाविस-८ का ३५ वर्षीय युवराज गुरागाईं र दामोदर गुरागाईंलाई सुराकीको आरोपमा ०५९ असोज ११ गते माओवादीले बाँसका भाटा र लातीले कुटपिट गरी घर छाड्न धम्की दिए।

टाँडी गाविस-८ का राजेन्द्रबहादुर जि. सी. लाई ०५८ माघ ४ गते, भोगटेनी गाविस-९ का वीरबहादुर नामाङलाई ०५९ साउन ५ गते, रमितेखोला गाविस-७ का पुष्पहरि राईलाई ०५९ साउन ७ गते, याङ्शीला गाविस-५ का शेरबहादुर लिम्बू, धनसिंह लिम्बूलाई ०५९ साउन १२ गते र सिंहदेवी गाविस-४ का रविन घिमिरेलाई सुराकीको आरोपमा ०५९ साउन १७ गते माओवादीले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत, विराटनगरमा यस वर्ष १ हजार ४ सय ३५ वटा मुद्दा रहेकोमा ३ सय ३२ वटा फर्स्योट भए भने १ हजार ३ वटा बाँकी रहे। त्यस्तै सरकारवादी देवानीतर्फ ३ वटा मुद्दा रहेकोमा ३ वटै बाँकी रहे। १ हजार २६ वटा व्यक्तिवादी मुद्दामा २ सय ४३ वटा फर्स्योट भए भने ७ सय ८३ वटा बाँकी रहे। त्यस्तै २ सय १६ वटा व्यक्तिवादी फौज्दारी मुद्दा रहेकोमा ५३ वटा फर्स्योट भई १ सय ६३ वटा बाँकी रहे। सरकारी फौज्दारीतर्फ १ सय ९० वटा मुद्दा रहेकोमा ३६ वटा फर्स्योट भई १ सय ५४ वटा बाँकी रहे।

सोही अदालतमा पुनरावेदन गरिएका २ सय ४० निवेदनमध्ये १ सय २४ वटा फर्स्योट भई १ सय १६ वटा बाँकी रहे। ती मध्ये बन्दी प्रत्यक्षीकरणतर्फ ३१ वटा निवेदन रहेकोमा २७ वटा फर्स्योट भई ४ वटा बाँकी रहे। निशेधाज्ञातर्फ १ सय ९१ वटा रहेकोमा ८६ वटा फर्स्योट भई १ सय ५ वटा बाँकी रहे। त्यस्तै परमादेशतर्फ १८ वटा रहेकोमा ११ वटा फर्स्योट भई ७ वटा बाँकी रहे।

प्रहरीद्वारा गिरफ्तार गरी हिरासतमा यातना दिइएका निरज निरौला

जिल्ला अदालतमा १ हजार ८ सय ९३ मुद्दा रहेकोमा ३ सय ४३ वटा फर्स्योट भई १ हजार ५ सय ५० वटा बाँकी रहे। तीमध्ये दुनियावादी देवानीतर्फ १ हजार २ सय ६६ वटा रहेकोमा २ सय २ वटा फर्स्योट भई १ हजार ६४ वटा बाँकी रहे। त्यस्तै सरकारवादी फौज्दारीतर्फ १ सय ७१ वटा मुद्दा रहेकोमा ३१ वटा फर्स्योट भई १ सय ४० वटा बाँकी रहे। दुनियावादी फौज्दारीतर्फ ४ सय ५६ वटा मुद्दा रहेकोमा १ सय १० वटा फर्स्योट भई ३ सय ४६ वटा बाँकी रहे।

सोही अदालतमा चोरीतर्फ ३८ वटा मुद्दा रहेकोमा ९ वटा फर्स्योट भई २९ वटा बाँकी रहे। त्यस्तै ज्यानतर्फ ५३ वटा मुद्दा रहेकोमा १४ वटा फर्स्योट भई ३९ वटा बाँकी रहे। सो अदालतमा सरकारवादी फौज्दारीतर्फ ५ वर्षदेखि १, ४ वर्षदेखि ४, ३ वर्षदेखि ९, २ वर्षदेखि ३२, १ वर्षदेखि ४४ र ६ महिनादेखि ४९ वटा मुद्दा फर्स्योट हुन बाँकी छन् भने दुनियावादी देवानीतर्फ ५ वर्षदेखि १९ वटा ४ वर्षदेखि ३७ वटा, ३ वर्षदेखि ५६ वटा, २ वर्षदेखि १ सय ८३ वटा, १ वर्षदेखि ४ सय ७१ वटा र ६ महिनादेखि २ सय ४२ वटा मुद्दा फर्स्योट हुन बाँकी छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

गोविन्दपुर गाविसका राजकुमार मण्डललाई माओवादीको आरोपमा ०५८ पुस २८ गते प्रहरीले गिरफ्तार गरी नाङ्गो पारेर बालुवामा घुँडा टेकाउने र माटोको खाल्डोमा आधा गाडेर पुर्ने जस्ता यातना दिए।

उर्लाबारी गाविस-४ स्थित उर्लाबारी बहुमुखी क्याम्पसका स्ववियू उपसभापति २१ वर्षीय निरज निरौला र २२ वर्षीय विनोद थापालाई माओवादीको आरोपमा ०५८ चैत १२ गते बिहान ४ बजे सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई इटहरीस्थित सैनिक गुल्ममा तीन दिन राखी खाडल खनेर गिट्टी हालेर पुर्ने र त्यसमाथि सैनिक जवान वरिपरि कुद्ने जस्ता यातना दिए। पीडितहरूलाई यस अघि ०५८ माघ १० गते इलाका प्रहरी कार्यालय, उर्लाबारीले बम विस्फोट गराएको आरोपमा गिरफ्तार गरेकोमा टायरका पञ्जा, बन्दुकका कुन्दा, बुट र पाइपले कुटपिट गरी दुई दिन पछि रिहा गरिएको थियो।

मृगौलीया गाविस-८ का तरुण दलका गाविस इकाई अध्यक्ष भडेन्द्र प्रसाईलाई ०५९ कात्तिक १८ गते प्रहरीले गिरफ्तार गरी एक रात हिरासतमा राखी बेल्ट र पोलिथिन पाइपले कुटपिट गरे। घटना सम्बन्धमा डिएसपी प्रल्हाद गर्जुंगलको संयोजकत्वमा तीन सदस्यीय छानबिन

टोली बनेको भए पनि टोलीले प्रतिवेदन सार्वजनिक गरेन। पीडितको उपचार खर्च पीडकले व्यहोरे।

हसन्दह गाविस-५ का अधिवक्ता लक्ष्मण घिमिरे, सोही गाविस-४ का वीरबहादुर तिम्सिना र सुशीला तिम्सिनालाई माओवादीको आरोपमा विराटनगर नपा-१६ स्थित डेराबाट ०५९ साउन १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये वीरबहादुर र सुशीलालाई साउन २० र लक्ष्मणलाई साउन २४ गते रिहा गरियो।

सुन्दरपुर गाविस-६ का देवी भण्डारी, जेठी दमिनीलाई ०५९ साउन १६ गते र सोही गाविस-३ का ठाकुर अधिकारीलाई माओवादीको आरोपमा ०५९ साउन २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जेष्ठ नागरिक संख्या ६ हजार २ सय २०, असहाय विधवा संख्या ५ हजार १ सय ८९ र अशक्त, अपाङ्ग ७ हजार १ सय ४९ छ। कूल ११ हजार ५ सय ८५ जनाले सरकारी भत्ता वार्षिक १ करोड ४९ लाख ५९ हजार दुई सय ९० रूपैयाँ पाउँछन्। यसमध्ये जेष्ठ नागरिकलाई मासिक १ सय ५० रूपैयाँ र असहाय, विधवा तथा अशक्त, अपाङ्गलाई चौमासिक २ सय ३५ रूपैयाँ दिइँदै आएको जिविसले जनायो।

आर्थिक अधिकार

विराटनगर उमनपा-१९ स्थित विराटनगर जुट मिलका देवनारायण यादव, राजेन्द्र कार्की, केदार पोखेल, राजेन्द्र सिंह मुखिया, आशाकुमार श्रेष्ठ लगायत्का सयौं मजदुरहरू तलब सुविधाको माग गर्दै ०५८ माघ १७ गतेदेखि फागुन ४ गतेसम्म रिले अनशन बसे।

विराटनगर उमनपा-१९ स्थित विराटनगर जुट मिलका मजदुरहरू बोकाई साह, षडानन्द मण्डल, गजानन्द मण्डल, सूर्यनारायण यादव, सुकदेव मण्डल, दिलिप पाण्डे र हरिनारायण झा ०५९ असोज २३ गते विभिन्न माग राखी रिले अनशन बसे। सम्झौतापछि ०५९ कार्तिक ४ गते अनशन तोडियो।

बालअधिकार

विराटनगर उमनपा-१ की १२ वर्षीय एक बालिकालाई ०५८ फागुन १५ गते दिउँसो सोही ठाउँका वैजु कामत र विक्की रामले आफ्नो घरमा टिभी हेर्न बोलाई बलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।



बोक्सीको आरोप लगाइएका दयावती पासवान र फत्मा खातुन (मियाँ)

अमरदह गाविस-२ की १४ वर्षीय बालिका अप्सरा खातुनलाई ०५९ जेठ ११ गते आफ्नै दाजु विजु खातुनले जबरजस्ती भारतको अररीयामा विवाह गरिदिए।

कटहरी गाविस-९ का अढाई वर्षीय दिपक सहनी, ८ वर्षीय रीना सहनी र ६ वर्षीय बीना सहनीलाई ०५९ असार १५ गते आमा ३२ वर्षीय सावित्री सहनीले घर नजिकको पोखरीमा फालिदिंदा दिपक र रीनाको मृत्यु भयो। सावित्रीले पनि आफ्ना पतिले मादक पदार्थ सेवन गरी कुटपिट गर्ने गरेकोले सोही पोखरीमा हामफालेर आत्महत्या गरिन्।

दुलारी गाविस-९ की ९ वर्षीय एक बालिका र गोविन्दपुर गाविस-२ की १६ वर्षीय एक युवतीलाई ०५९ असार ३१ गते सोही गाविसका पुष्प सिग्देलले बलात्कार गरे। पीडितलाई ४२ दिनपछि २८ हजार रूपैयाँ धरौटीमा रिहा गरियो।

मृगौलीया गाविस-६ की ६ वर्षीय एक बालिकालाई ०५९ साउन १२ गते दुलारी गाविस-९ का १४ वर्षीय राजु श्रेष्ठले मकै र चिउरा दिई आफ्नै घरमा लगी बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

विराटनगर नपा-११ की ११ वर्षीय एक बालिकालाई ०५९ भदौ २१ गते सोही ठाउँमा डेरा गरी बस्ने रिक्सा चालक भारतीय नागरिक स्माइल मियाँले दिउँसो घरैमा ललाई-फकाई बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

कदमाहा गाविस-५ का १४ वर्षीय लुटेश्वर राजवंशीलाई सोही ठाउँका एक व्यक्तिको दुई मन सनपाट चोरेको आरोपमा ०५९ असोज १३ गते छालगाछी सीमा प्रहरी चौकीले गिरफ्तार गर्‍यो। पीडितको हालको अवस्था अज्ञात छ। पीडितका आफन्तले पुनरावेदन अदालत, विराटनगरमा बन्दी प्रत्यक्षीकरणको निवेदन दिए।

उर्लाबारी गाविस-६ स्थित सुनपकुवा माविमा कक्षा ७ मा अध्ययनरत एक बालिकालाई ०५९ कार्तिक ९ गते सोही ठाउँका नारायण अधिकारी र विराटनगर नपा-४ का सोही नपाका कर्मचारी मिस्टर केसीले विवाह गर्ने बहानामा बलात्कार गरे। पीडितहरूलाई तारेखमा रिहा गरियो।

चितवन जिल्ला कुरिनटार गाविस-३ मुग्लिनकी १३ वर्षीय यशोदा गौचनलाई ०५९ कार्तिक २८ गते सोही ठाउँका सशस्त्र प्रहरी जवान कुमार विकले ललाई फकाई विवाह गर्ने बहानामा भारततर्फ लैजाँदै गर्दा जोगबनीमा माइती नेपालले फेला पार्‍यो। पीडितलाई अभिभावकको जिम्मा लगाइयो भने पीडक विवाहको दर्ता प्रमाणपत्र ल्याउँछु भनी फरार भए।

पथरी गाविस-१ की ९ वर्षीय

बबिना बस्नेनलाई ०५९ पुस १० गते संखुवासभा जिल्ला बाना गाविस-१ का धर्मराज निरौलाले निम्रो बाबु कहाँ लक्ष्मीमार्ग पुर्‍याइदिन्छु भनी ललाई फकाई अपहरण गरे। पीडित पुस १२ गते धनकुटाबाट भागेर घर आइन् भने पीडकलाई धरानमा गिरफ्तार गरियो।

महिला अधिकार

धनकुटा जिल्ला भेडेटारकी मञ्जु भुजेल र मीना राईलाई ०५९ असार २ गते विराटनगर नपा-१ का रोहराव अजादा, भेडेटारका दिलकुमार राई र प्रेमकुमार सुब्बाले बिक्री गर्न लैजाँदै गर्दा जोगवनी रेल स्टेशनमा भारतीय प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई माइती नेपालले अभिभावकको जिम्मा लगायो भने पीडकहरू थुनामा छन्।

रसुवा जिल्लाका २२ वर्षीय डोल्मा तामाङ, २० वर्षीय चेजा लामा, १८ वर्षीय टीका डोल्मा, १५ वर्षीय छछाई तामाङ, १८ वर्षीय दावामुरी तामाङ, १७ वर्षीय आशा लामा, १९ वर्षीय छोमा लामा, १६ वर्षीय डोमा तामाङ र सुनसरी धरानकी २२ वर्षीय संगीता श्रेष्ठलाई ०५९ मंसिर ८ गते मोरङ जिल्ला इन्द्रपुर गाविस-९ का मोती थापा, मृगौलीया गाविस-६ का दीपक थापा र चितवन जिल्ला भरतपुर नपा-९ का प्रेमलाल शर्माले पब्लिक गेम पावर कम्पनी (इटहरी) मार्फत् वैदेशिक रोजगारको बहानामा भारततर्फ लैजाँदै गर्दा जोगवनीमा प्रहरीले फेला पार्‍यो। पीडकहरू फरार छन्।

विराटनगर उमनपा-१० की ४० वर्षीय तारा निरौलालाई सोही ठाउँका जिल्ला सुकुम्वासी समस्या समाधान आयोगका पूर्व अध्यक्ष बसन्त भट्टराईले दुर्व्यवहार गरेको भनी ०५८ पुस २८ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गरिन्। पीडितको उजुरी हुँदाहुँदै पनि पीडकलाई प्रशासनिक कारवाही गरिएन।

विराटनगर उमनपा-१५ की १६ वर्षीय एक महिलालाई ०५८ फागुन १२ गते सोही ठाउँका सन्तोष सहनीले यौन दुर्व्यवहार गरेको पीडितले सार्वजनिक गरिन्। पीडकले जिल्ला अदालतमा गाली बेइज्जतिको मुद्दा दायर गरी फरार भए। पीडित चेलिबेटी परामर्श केन्द्र, विराटनगरमा बसेकी छिन्।

भोजपुर घर भई धरानमा बस्ने २० वर्षीय एक युवतीलाई ०५८ फागुन २१ गते बिहान पथरी गाविस-१ स्थित जंगलमा सीमसाग टिप्न गएको अवस्थामा शनिश्चरे गाविस-१ का विष्णु खनिवडा, जीवन कटुवाल र जीवन राईले बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

बयरबना गाविस-७ की २० वर्षीय एक महिलालाई ०५९ असार ३० गते बेलुका उर्लाबारी गाविस-६ स्थित पान पसलमा शनिश्चरे गाविस-४ का १८ वर्षीय सन्तोषकुमार गुप्ताले बलात्कार गरे। पीडक फरार छन्।

बुधनगर गाविस-३ की एक विवाहित महिलालाई ०५९ साउन १३ गते राति सोही ठाउँका नारायण मण्डलको सहयोगमा भारतीय स्पेशल सेक्रेट ब्युरोका दुई जना सैनिकले घरैमा आई बलात्कार गर्ने प्रयास गरे। पीडकहरू मध्ये नारायणलाई केही सार्वजनिक सजाय ऐन अन्तर्गतको मुद्दामा तारेखमा रिहा गरियो।

शनिश्चरे गाविस-१ स्थित भूटानी शरणार्थी शिविरकी २२ वर्षीय एक महिलालाई ०५९ भदौ ६ गते सोही ठाउँका विजय राई, विनोद राई र कुमार विश्वकर्माले नजिकको जंगलमा मादक पदार्थ सेवन गराई बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

डाँगीहाट गाविस-५ लक्ष्मीमार्गकी २६ वर्षीय एक महिलालाई ०५९ कार्तिक ३ गते राति सोही ठाउँका विजय धिमाल, पथरीका दिपकसिंह सुन्दासलगायत् चार जनाले घर छेउमा बलात्कार गरे। पीडकहरूमध्ये दुई जनालाई थुनामा राखिएको छ।

तेतरीया गाविस-९ की २१ वर्षीय सविताकुमारी चौधरीलाई प्रेम विवाह गरी आएको आरोपमा ०५९ असोज १९ गते काका-ससुरा शंकर माझी, जेठाजु लखिचन्द, सासु भोटयनदेवी र देवर विनोदकुमारले कुटपिट गर्दा गर्भपतन भयो। पीडितको उपचार पीडकहरूले गरेपनि उनीहरूलाई कारवाही गरिएन।

कदमहा गाविस-५ का ७० वर्षीय दयावती पासवानलाई बोक्सीको आरोपमा ०५९ असोज १२ गते सोही ठाउँका कमलकान्त सिंह, विक्कुप्रसाद सिंह, नन्दन शर्मा, रामउद्गार शर्मा र चण्डेश्वर शर्माले कुटपिट गरी मानिसको मलमूत्र खुवाउने प्रयास गरे। पीडितलाई तीन हजार रूपैयाँ दिई प्रहरीले मिलापत्र गराए।

सिसबनी गाविस-५ की ७० वर्षीय जगतपति देवी सिंह कोइरीलाई बोक्सीको आरोपमा ०५९ असोज २७ गते भदाहात्रय विन्देश्वर सिंह कोइली, विश्वेश्वर र नागेश्वरले बाँसका भाटाले कुटपिट गरी आफ्नै घरमा तीन दिनसम्म कोठामा थुने। पीडक विन्देश्वरले छोरा नन्क्रीलाई बिरामी पारेको आरोपमा फुपुलाई बोक्सीको आरोप लगाएका थिए। पीडकमध्ये विन्देश्वरलाई ०५९ कार्तिक ४ गते प्रहरीले गिरफ्तार गरी १५ दिनपछि केही सार्वजनिक ऐन अन्तर्गत तारेखमा रिहा गरे भने अन्य फरार छन्।

कदमहा गाविस-४ की ४५ वर्षीय फन्मा खातुन मियाँलाई बोक्सीको आरोपमा ०५९ कार्तिक २२ गते सोही ठाउँका मुवारक मियाँ, खैरा मियाँ, सलाउद्दिन, नुरेशा खातुन, जहान मियाँ, तजेवल मियाँ, तजमा मियाँ र मजेबुल मियाँले घरमा गई कुटपिट गरे। तजेवल मियाँको छोरीलाई टुनामुना गरी बिरामी बनाएको आरोप लगाई कुटपिट गरी दिसापिसाव खुवाउने असफल प्रयास गरेका थिए। पीडितको शरीर र अनुहारमा चोटपटक लागेको थियो। पीडकहरूले पीडितलाई तीन हजार दिएर मिलापत्र गरे।

जातीय विभेद

वयरवन गाविस-९ की सुनिता विश्वकर्मालाई ०५९ मंसिर ५ गते सोही ठाउँका हर्कबहादुर दाहालले "अछूत" को कुकुर आफ्नो घरमा पसेको आरोपमा कुटपिट गरे। पीडकले इलाका प्रहरी कार्यालय, बेलबारीसमक्ष लिखित माफी मागे।

विविध

संरचना क्षति

यस वर्ष यो जिल्लाका १६ वटा गाविसहरूमा माओवादीले क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो आत्महत्याका २७ वटा घटना भए। जसमा १७ जना महिला र १० जना पुरूषले आत्महत्या गरे। सडक दुर्घटनाका १३ वटा घटनामा १४ जना पुरूषको मृत्यु भयो। विपत्तिबाट ६ जना पुरूष र २ जना महिलाको मृत्यु भयो। आगलागी तथा आगो लगाएका ७ वटा घटनामा ६ जना पुरूषको मृत्यु भयो।

१.६ सुनसरी

जनसंख्या	:	६३०३५
साक्षरता प्रतिशत	:	४५
महिला साक्षरता प्रतिशत	:	३०.३
क्षेत्रफल (वर्ग कि. मि.)	:	१२५७
गाविस / नपा संख्या	:	४९/३
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३०५
क्याम्पस / उच्च मा.वि.	:	२४
अस्पताल / स्वास्थ्य चौकी	:	३/५७
टेलिफोन लाइन	:	७८००
मोटर सडक (कि. मि.)	:	३१३
प्रहरी कार्यालय संख्या	:	४०
हुलाक संख्या	:	५५
मानव विकास सूचकांक	:	०.३८२
प्रति एक डाक्टर जनसंख्या	:	६९५१५
प्रति परिवार सरदर संख्या	:	५.२०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

महेन्द्रनगर गाविस-८ का ४१ वर्षीय भीमप्रसाद गुरागाईंलाई माओवादीको आरोपमा ०५८ फागुन १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी शारीरिक यातना दिंदा सोही दिन सुरक्षाकर्मीको ब्यारेकमा पीडितको मृत्यु भयो तर हृदयघातबाट मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

धरान नपा-१० का ३० वर्षीय पर्वतराज कोइराला, इटहरी नपा-४ का २७ वर्षीय ओमप्रकाश ढकाल र भटौल गाविस-३ का २९ वर्षीय विक्रम भट्टराईलाई झुम्का स्थित टेलिफोन टावरमा आक्रमण गर्ने तयारी गरेको आरोपमा ०५९ भदौ २६ गते सुरक्षाकर्मीले घेरा हाली हत्या गरे। मृतकहरू माओवादी कार्यकर्ता थिए।

मोरङ जिल्ला डाँगीहाट गाविस घर भई सुनसरीको इटहरीस्थित अरूण छापाखानामा कार्यरत २५ वर्षीय विजय कार्कीलाई माओवादीको आरोपमा ०५९ मंसिर १७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

चाँदबेला गाविस-२ का नेकांका कार्यकर्ता ३८ वर्षीय बच्चालाल ठाकुरलाई ०५९ वैशाख ११ गते बेलुका माओवादीले एकम्बसा गाविस-६ स्थित पोखरीको डिलमा लगी गोली हानी हत्या गरे।

भटौल गाविस-३ का ५१ वर्षीय गोविन्द दाहाललाई ०५९ असार ८ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

गोली/बम द्वारा घाइते

राज्यबाट

इनरूवा नपा-५ का ३३ वर्षीय गुणानन्द चौधरीलाई ०५९ जेठ २९ गते मारूती भ्यानमा चढेर घरतर्फ आइरहेको अवस्थामा पछाडिबाट अर्को पिकअप भ्यानमा आएका प्रहरीले घेरा हालेर गाडी रोकी गोली प्रहार गर्दा खुट्टामा गोली लागी घाइते भए।

माओवादीबाट

सोनापुर गाविस- ६ का निवर्तमान गाविस अध्यक्ष तथा नेकां (प्रजातान्त्रिक) का स्थानीय नेता ४७ वर्षीय अहमद अब्दुललाई ०५९ भदौ १७ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले छातीमा गोली हानी घाइते बनाए।

महेन्द्रनगर गाविस-४ का ३० वर्षीय इन्द्रबहादुर सुनवारलाई ०५९ कार्तिक २० गते घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए।

इटहरी नपा-१ स्थित पीसजोन आवासीय मावि कक्षा ९ मा अध्ययनरत छात्र सुमन श्रेष्ठ ०५९ मंसिर २१ गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीले विद्यालयलाई लक्षित गरी प्रहार गरेको बम विस्फोटन भइ उछिट्टिएको छर्राले लागेर घाइते भए।

बेपत्ता /अपहरण

राज्यबाट

महेन्द्रनगर गाविस-४ का ३९ वर्षीय हरिबहादुर मगर, ३१ वर्षीय उत्तम लिम्बु र ३४ वर्षीय हर्कबहादुर माझीलाई ०५९ जेठ १४ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए।

बक्लौरी गाविस-४ का २३ वर्षीय दिपक विश्वकर्मा, डुम्राहा गाविस-५ का ३२ वर्षीय उमेश साह र भादगाउँ सिनवारी गाविस-५ का ४१ वर्षीय चिरञ्जीवी गौतमलाई ०५९ जेठ १५ गते सुरक्षाकर्मीले बक्लौरीको पचायत भन्ने ठाउँबाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाए। पीडितहरू सबै माओवादी कार्यकर्ता हुन्।

मधेसा गाविसका अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य ३० वर्षीय देवहरि रिजाललाई ०५० भदौ २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता पारिएको छ।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

अन्यबाट

धरान नपा-१५ का ५० वर्षीय काजिराम राई र ३९ वर्षीय मिनराज राईलाई ०५९ जेठ २४ गते पाँचकन्याबाट धरानतर्फ आउँदै गर्दा जंगलमा अज्ञात व्यक्तिहरूको एक समूहले कुटपिट गर्नुका साथै रड प्रहार गरी घाइते बनाए।

धरान स्थित महेन्द्र बहुमुखी क्याम्पसका स्ववियु सभापति २५ वर्षीय विदुर लिम्बु (लिङ्थेप) लाई ०५९ असोज १० गते सोही क्याम्पसका २७ वर्षीय थानेश्वर राई, २१ वर्षीय विकास राई, वसन्त राईलगायत्का व्यक्तिहरूले टाउकोमा खुकुरी प्रहार गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ हजार ३ सय २८ वटा मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरी आएका १ हजार ३ सय ६८ गरी जम्मा २ हजार ४ सय ४६ वटा मुद्दा रहेकोमा १ हजार ८ सय ४ फर्स्यौट भए भने ६ सय ४५ बाँकी रहे।

त्यसैगरी भूमिसुधार कार्यालयमा गत वर्षदेखि जिम्मेवारी सरी आएका ७ सय ५५ र यस वर्ष दर्ता भएका ७ सय ४ मुद्दा मध्ये ७ सय २५ वटा फर्स्यौट भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

रामगञ्ज बेलगछिया गाविस-१ का १८ वर्षीय कमल गुरूङ्ग, २० वर्षीय किशोर गुरूङ र ३३ वर्षीय सुरेन्द्र मेहतालाई माओवादीको आरोपमा ०५८ माघ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई तीन महिना पछि रिहा गरियो।

बबिया गाविस-२ का ३२ वर्षीय शिवनारायण मेहता र मधुवन गाविस-१ का २८ वर्षीय महेन्द्र ठाकुरलाई माओवादीको आरोपमा ०५८ माघ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक हप्तापछि रिहा गरियो।

रामगञ्ज बेलगछिया गाविस-३ का २५ वर्षीय सियाराम मेहता, मधुवन गाविस-६ का ३० वर्षीय लेखराज

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२	३	४			४	५	८		८
घाइते	४	१९		१९	२	२			२	१	१		१
गिरफ्तारी/यातना										५४	५९	९	६८
बेपत्ता										६	६		६
धम्की	३	५		५	१			१	१				
जातीय विभेद	१	४		४									
महिला अधिकार	५		१७	१७									
बाल अधिकार	५	१	४	५									
जम्मा	२०	३०	२२	५२	६	६		१	७	६६	७४	९	८३

पांख्रेल र सोही गाविस-१ का २७ वर्षीय अच्युत ओलीलाई माओवादीको आरोपमा ०५८ माघ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

रामगञ्ज वेलगछिया गाविस-२ का ३३ वर्षीय लक्ष्मीनारायण अधिकारी र सोही गाविस-८ का २४ वर्षीय जीतबहादुर मगरलाई माओवादीको आरोपमा ०५८ माघ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई तीन महिनापछि रिहा गरियो।

महेन्द्रनगर गाविस-४ का ३४ वर्षीय होमनाथ नेपाल, सोही गाविस-६ का २० वर्षीय मेघराज बजगाई र उनका बाबु ४८ वर्षीय जगन बजगाईलाई माओवादीको आरोपमा ०५८ माघ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

रामनगर भुटाहा गाविस-६ का ३२ वर्षीय महेन्द्र शाहलाई माओवादीको आरोपमा ०५८ माघ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई महिना पछि रिहा गरियो।

इनरूवा नपा-९ का ३४ वर्षीय सत्यनारायण चौधरी र उनकी पत्नी २७ वर्षीय राधिका चौधरीलाई माओवादीको आरोपमा ०५८ माघ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक महिनापछि रिहा गरियो।

बक्लौरी गाविस-७ का दिपु चौधरीलाई माओवादीको आरोपमा ०५८ माघ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

बक्लौरी गाविस-६ का ३५ वर्षीय हेमप्रसाद गौतम, ३१ वर्षीय दिनेश भट्टराई र ३४ वर्षीय गणेश दाहाललाई माओवादीको आरोपमा ०५८ माघ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

बक्लौरी गाविस-६ की २१ वर्षीय विमला प्याकुरेल र २३ वर्षीय विमला भुजेललाई माओवादीको आरोपमा ०५८ माघ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

श्रीपुरजम्बदी गाविस-३ का ३४ वर्षीय राजाराम मेहतालाई माओवादीको आरोपमा ०५८ माघ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

ईटहरी गाविस-२ का २९ वर्षीय वुनु धामीलाई माओवादीको आरोपमा ०५८ माघ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

भटौल गाविस-८ का २५ वर्षीय अच्युत भट्टराईलाई माओवादीको आरोपमा ०५८ माघ २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

पूर्वकुशाहा गाविस-७ का ३१ वर्षीय उमेश उराँवलाई माओवादीको आरोपमा ०५८ फागुन २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

सिँगिया गाविस-२ का ३३ वर्षीय शम्भु भुजेल, ३७ वर्षीय भैरव भुजेल र टिका अधिकारीलाई माओवादीको आरोपमा ०५८ फागुन ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

सिँगिया गाविस-३१ का वावुराम खनिवडालाई माओवादीको आरोपमा ०५८ फागुन ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ३ महिनापछि रिहा गरियो।

महेन्द्रनगर गाविस-४ का ४१ वर्षीय मित्र निरौला र मदन सुवेदीलाई माओवादीको आरोपमा ०५८ फागुन ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

सिँगिया गाविस-२ का ३७ वर्षीय टेकबहादुर भण्डारीलाई माओवादीको आरोपमा ०५८ फागुन १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

पूर्वकुशाहा गाविस-७ का २९ वर्षीय तुलसी लम्सालालाई माओवादीको आरोपमा ०५८ फागुन १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

महेन्द्रनगर गाविस-७ का ३४ वर्षीय नारायण आचार्यलाई माओवादीको आरोपमा ०५८ फागुन १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

पाँचकन्या गाविस-२ का २६ वर्षीय सन्तोष श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ फागुन १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

बक्लौरी गाविस-६ का ३७ वर्षीय गणेश बराललाई माओवादीको आरोपमा ०५८ फागुन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

मधुवन गाविस-८ का मानवअधिकार कार्यकर्ता २४ वर्षीय धनबहादुर विश्वकर्मालाई माओवादीको आरोपमा ०५८ चैत २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई दिनपछि रिहा गरियो।

रामगञ्ज बेलगछिया गाविस-८ का ३९ वर्षीय नारायण मगरलाई माओवादीको आरोपमा ०५९ वैशाख ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन महिनापछि रिहा गरियो।



प्रहरीद्वारा गोली हानी घाइते बनाइएका गुणानन्द चौधरी

धरान नपा-७ का ३३ वर्षीय मेघनाथ पौडेललाई माओवादीको आरोपमा ०५९ वैशाख १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन महिनापछि रिहा गरियो।

महेन्द्रनगर गाविस-४ की २२ वर्षीय अनिता राईलाई माओवादीको आरोपमा ०५९ वैशाख १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन हप्तापछि रिहा गरियो।

इटहरी नपा-३ का ३९ वर्षीय दामोदर ढकाललाई माओवादीको आरोपमा ०५९ वैशाख १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई हप्तापछि रिहा गरियो।

हाँसपोसा गाविस-१ तरहराका ४५ वर्षीय केशव सुवेदी र उनका भाइ ३१ वर्षीय बालकृष्ण सुवेदीलाई माओवादीको आरोपमा ०५९ वैशाख २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक हप्तापछि रिहा गरियो। उनीहरू राष्ट्रिय जनमोर्चाका कार्यकर्ता थिए।

भादगाउँ सिनवारी गाविस-५ का एकैघरका दिदीबहिनी २७ वर्षीय उमा अधिकारी र २० वर्षीय सरीना अधिकारीलाई ०५९ जेठ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई दुई हप्तापछि रिहा गरियो।

महेन्द्रनगर गाविस-६ का २३ वर्षीय श्यामकुमार राईलाई माओवादीको आरोपमा ०५९ असार १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन महिनापछि रिहा गरियो।

सिंगिया गाविस-८ का ४५ वर्षीय खेमनाथ गौतमलाई ०५९ असार १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

सिंगिया गाविस-८ का ४० वर्षीय शिव निरौलालाई माओवादीको आरोपमा ०५९ असार १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ४ महिनापछि रिहा गरियो।

इटहरी नपा-८ का २२ वर्षीय पवन भट्टराईलाई माओवादीको आरोपमा ०५९ असार १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

चाँदखोला गाविस-२ का १९ वर्षीय गोपाल चौधरीलाई माओवादीको आरोपमा ०५९ साउन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई महिनापछि रिहा गरियो।

भटौल गाविस-४ का ५६ वर्षीय कृष्ण कुँडकेललाई माओवादीको आरोपमा ०५९ साउन २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

वराहक्षेत्र गाविस-४ का ३९ वर्षीय बद्रिप्रसाद ढुंगानालाई माओवादीको आरोपमा ०५९ साउन ४६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका हरिबहादुर मगर

वराहक्षेत्र गाविस-४ का ३८ वर्षीय रवि राई र २३ वर्षीय श्रीमती शान्ता श्रेष्ठ (सुब्बा) लाई माओवादीको आरोपमा ०५९ साउन २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक महिनापछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष असहाय, विधवा, जेष्ठ नागरिक र अपाङ्ग गरी ९ हजार ८ सय ५३ जनालाई दिनुपर्ने १ करोड १९ लाख २१ हजार ४ सय ७५ रूपैयाँ मध्ये जिविसबाट ३९ लाख ७ हजार ३ सय रूपैयाँ मात्र निकासा भयो।

बालअधिकार

महेन्द्रनगर गाविस-७ का १४ वर्षीय रबीन भण्डारीलाई माओवादीको आरोपमा ०५८ फागुन १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

बबिया गाविस-५ का १४ महिनाका एलिस वुढाथोकीलाई ०५९ असार २४ गते भारतीय डाँकाहरूले अपहरण गरे। पीडितलाई प्रहरीको प्रयासमा ०५९ साउन ३ गते मुक्त गरियो।

धरान बजारका सडक बालक १२ वर्षीय भूपाल भुजेल, ११ वर्षीय मंजिल विश्वकर्मा, १२ वर्षीय सुमन मगर, १२ वर्षीय सुजन थापा, १२ वर्षीय धर्म श्रेष्ठ, ९ वर्षीय टीकाराज परियार र १३ वर्षीय उदय राईलाई चोरी गरेको आरोपमा ०५९ असार २९ गते इलाका प्रहरी कार्यालयले गिरफ्तार गरी पाइपभित्र लाठी राखेर रातभर हिर्काइ भोलिपल्ट रिहा गरे।

वराहक्षेत्र गाविस-४ की १४ वर्षीय एक अपाङ्ग बालिकालाई ०५९ भदौ ५ गते सोही ठाउँका ६८ वर्षीय हरिप्रसाद राईले बलात्कार गरे। पीडक फरार छन्।

हाँसपोसा गाविस-८ का १५ वर्षीय एक बालिकालाई ०५९ भदौ १४ गते सोही ठाउँका ५५ वर्षीय महेन्द्र वस्नेतले पटक-पटक बलात्कार गरे। पीडकलाई कारवाही गरिएन।

धरान नपा- १५ का ९ वर्षीय एक दलित बालिकालाई ०५९ असोज २९ गते सोही ठाउँका ४२ वर्षीय भेषबहादुर लिम्बूले बलात्कार गरे। पीडकलाई कारवाही भइरहेको छ।

धरान नपा-१५ का १३ वर्षीय रोहित राईलाई कुटपिट गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला प्रशासन कार्यालय सुनसरीले २८ हजार रूपैयाँ धरौटी बुझाउन नसकेपछि थुनामा राखियो।

महिला अधिकार

रामनगर भुटाहा गाविस-१ की ३५ वर्षीय एक महिलालाई ०५८ माघ २४ गते सोही गाविस-९ का ३५ वर्षीय रहमान मियाँ र वसन्तपुर गाविस-७ का ३७ वर्षीय सतार मियाँले बलात्कार गरे। पीडकहरू फरार छन्।

पकली गाविस-२ की १६ वर्षीय एक दलित युवतीलाई ०५९ भदौ २८ गते सोही ठाउँका ४१ वर्षीय आवास मियाँले बलात्कार गरे। पीडक फरार छन्।

धरान नपा-८ की ३१ वर्षीय सोनिया लोहनीलाई ०५९ असार ३० गते उनकै सासु ५५ वर्षीय कृष्णा लोहनीले कुटपिट गरिन्। पीडित सोनियाले इलाका प्रहरी कार्यालयमा उजुरी गरेपछि पीडकलाई प्रहरीले असार ३१ गते गिरफ्तार गरी लाठी, लात्ती र बुटले कुटपिट गरेको कृष्णाले बताइन्।

पश्चिमकुशाहा गाविस-४ का एकाघर परिवारका १९ वर्षीय सुनिता राजधोव, २७ वर्षीय सीतादेवी राजधोव, २५ वर्षीय दैयन देवी र २२ वर्षीय संगीता राजधोवलाई बोक्सीको आरोपमा ०५९ भदौ ३० गते सोही ठाउँका ३८ वर्षीय रामप्रसाद राउतको नेतृत्वमा आएको गाउँलेहरूको एक समूहले मलमूत्र खुवाएर गाउँ घुमाए। पीडकहरूलाई कारवाही गरिएन।

इनरूवा नपा-४ का एकाघरका ६० वर्षीय मंगरी उराँव, ४० वर्षीय चन्द्रावती उराँव र १९ वर्षीय सन्तकुमारी उराँवलाई बोक्सीको आरोपमा ०५९ कार्तिक २ गते सोही ठाउँका ६० वर्षीय भौंडिलाल उराँवको नेतृत्वमा आएको गाउँलेहरूको एक समूहले कुटपिट गरी मलमूत्र खुवाउने प्रयास गर्नुका साथै गाउँबाट निकालिदिने धम्की समेत दिए। पीडकहरूलाई कारवाही गरिएन।

विविध

संरचना क्षति

ईटहरी गाविस-५ स्थित कृषि सामाग्री संस्थानको को. १ ज ४७ नम्बरको पिकअप भ्यानलाई ०५९ भदौ २० गते माओवादी समर्थित किराँत वर्कर्स पार्टीका कार्यकर्ताले जलाएर क्षति पुऱ्याए।

साहेबगञ्ज गाविसमा माओवादीले आगो लगाई ध्वस्त पारे। त्यसैगरी ३ वटा गाडीमा पनि माओवादीले आगो लगाई क्षतिग्रस्त बनाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पत्रकारहरूको गिरफ्तारी, हत्या र यातना बन्द गर्ने माग गर्दै ०५९ साउन २४ गते नेपाल पत्रकार महासंघ जिल्ला शाखा सुनसरीले आयोजित लालटीन जुलुसले ईटहरी परिक्रमा गरी कोणसभा गऱ्यो।

इनरूवास्थित सत्यनारायण मन्दिरमा स्थानीय डोम जातिका मानिसले प्रवेश गरी पूजाआजा गर्दा आफूलाई ठूलो जात बताउनेहरूले हातपात गरी दलित जाति र मानवअधिकारकर्मीहरू माथिको हातपातको विरोध गर्दै ०५९ भदौ १९ गते सिक्सा, दलित नेटवर्क, सीसी, यूचेप, महिला तथा बालबालिका हित केन्द्र र वर्ष पुस्तक प्रतिनिधिले जिल्ला प्रशासन कार्यालयमा संयुक्तरूपमा ज्ञापनपत्र बुझाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १७ पुरुष र ५ महिला पीडित भए। ४५ जनाले आत्महत्या गरे। सडक दुर्घटनामा २२ जनाको मृत्यु भयो। भवितव्यमा परी ३१ जनाको मृत्यु भयो। आगलागीका ७ वटा घटना भए।

१.७ धनकुटा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

भोजपुर जिल्ला प्याउली गाविस-१ घर भई धनकुटामा कार्यरत प्रहरी सूर्यमणि श्रेष्ठलाई ०५९ जेठ २० गते शंकास्पद व्यक्ति भएको आशंकामा गस्तीमा रहेका सुरक्षाकर्मीले गोली प्रहार गरी हत्या गरे। उक्त घटनामा परी मोरङ्ग जिल्लाका भूपाल भट्टराई र गोरखा जिल्लाका राजु विश्वकर्मा पनि गोली लागी सख्त घाइते भए।

वेलहारा गाविस-९ रूद्रबारीका २३ वर्षीय अर्जुन राईलाई ०५९ साउन १९ गते बेलुका गुडिरहेको गाडी रोक्ने प्रयास गर्दा नरोकेपछि बसमा ढुंगा हानेको कारण सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास तीन दिनपछि आफन्तले फेला पारेका थिए।

आँखिसल्ला गाविस-६ का २२ वर्षीय नगेन्द्र राईलाई माओवादीको आरोपमा ०५९ भदौ २८ गते राति घर नजिकै

गोठमा ब्याउन लागेको गाई रुँगेर बसिरहेको अवस्थामासुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित नेकपा (एमाले) समर्थक थिए। उक्त घटनालाई रक्षा मन्त्रालयले विज्ञप्तिमार्फत् एक शंकास्पद आतंककारी मारिएको जनायो। पीडितपक्षलाई क्षतिपूर्ति दिइएन।

माओवादीबाट

मौनावुधुक गाविस-६ का ५६ वर्षीय डवलसिंह लिम्बुलाई ०५८ माघ १४ गते वेलुका माओवादीले गोली हानी हत्या गरे। पीडित नेकांका महाधिवेशन प्रतिनिधि तथा सुकुम्वासी आयोगका पूर्व अध्यक्ष थिए।

गोलीद्वारा घाइते

राज्यबाट

फलाटे गाविस-१ पंवानका ४१ वर्षीय रत्नकुमारी बुढाथोकीलाई ०५९ असोज १० गते विहान दिसा गर्न गएको अवस्थामा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए। पीडितको वायाँ हात पूर्ण क्षतविक्षत भएको थियो।

माओवादीबाट

कुरुले तेनुपा गाविस-४ का नेकां महाधिवेशन प्रतिनिधि अग्नीप्रसाद बरालिलाई ०५८ माघ १४ गते माओवादीको एक समूहले घरको ढोका फोरी गोली हानी सख्त घाइते बनाए। पीडितको वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो।

जनसंख्या	: १६८७८१
साक्षरता प्रतिशत	: ५६.५६
महिला साक्षरता प्रतिशत	: ४४.१३
क्षेत्रफल (वर्ग कि. मि.)	: ८९१
गाविस / नपा संख्या	: ३५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३१५
क्याम्पस / उच्च मा.वि.	: १/४
अस्पताल / स्वास्थ्य चौकी	: १/३७
टेलिफोन लाइन	: १०००
मोटर सडक (कि. मि.)	: २१९.२२
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३७
मानव विकास सूचकांक	: ०.४०१
प्रति एक डाक्टर जनसंख्या	: २७७४७
प्रति परिवार सरदर संख्या	: ६.११

जेल र बन्दीहरू

"घ" श्रेणीको यस जेलको कूल क्षमता २५ जनाको रहे पनि हाल ३९ जना बन्दी राखिएको छ। यहाँ ३ जना माओवादीको आरोपमा रहेका बन्दी लगायत २८ कैद नतोकिएका र ११ जना कैद तोकिएका बन्दी छन्। जेलमा कर्तव्य ज्यान सम्वन्धी ८, जवरजस्ती करणी गरी ज्यानमार्ने २, कर्तव्य ज्यान तथा नकवजरी चोरी १, डाँका १८, ठगी १, ज्यानमार्ने उद्योग १ र आतंककारी गतिविधि ३ गरी जम्मा ३९ जना बन्दी कैद नतोकिएका छन्। यहाँ एक जना विद्यार्थी, एक वाल बन्दी र दुई जना छारे रोगी र दमका विरामीलाई एकै ठाउँमा राखिएको छ।

जेलमा एक भान्सा कोठा, सुत्ने बस्ने दुई कोठा र तान बुन्ने २ कोठा छन्। गत वर्ष सामान्य रूपमा घाम ताप्न पाए पनि यस वर्ष अग्लो पर्खाल लगाएका कारण घाम देख्न नपाइने गुनासो बन्दीहरूको छ। खासगरी जाडो समयमा छाला सम्वन्धी समस्या, पेट तथा टाउको दुख्ने र जीउ सुनिने समस्या देखा पर्दछ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष १ सय ४ वटा मुद्दा दर्ता भए। २ वर्षदेखि फर्स्योट नभएका मुद्दा ४ वटा मात्र रहेका छन्। पुनरावेदन अदालतमा यस वर्ष ३ सय मुद्दा दर्ता भए।

यातना पीडित मित्रलाल न्यौपाने र नरेन्द्रप्रसाद ढाहाल

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चुड्मा गाविस-२ का दिनेश पराजुलीलाई ०५८ पुस १७ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए।

कुरुले तेनुपा गाविस-२ रामनवमीका १८ वर्षीय गजेन्द्र भण्डारीलाई ०५८ माघ २१ गते प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ०५९ असार १३ गते रिहा गरियो।

छिन्ताङ गाविसका तत्कालीन गाविस अध्यक्ष दलवहादुर राईलाई ०५८ चैत १९ गते सदरमुकामबाट घरतर्फ जाँदै गर्दा माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई

एक सातापछि रिहा गरियो।

चुङ्माङ गाविस-७ का राजु सिंजालीलाई ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ११ दिनपछि रिहा गरियो।

भोजपुर जिल्ला याकु गाविस-४ घर भई लेंगुवा गाविस-७ मा कार्यरत स्वास्थ्यकर्मी ३० वर्षीय विनोदप्रसाद अधिकारीलाई ०५९ जेठ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५९ भदौ ९ गते आत्मसमर्पण गराई रिहा गरियो।

तेह्रथुम जिल्ला पञ्चकन्या गाविस-६ का ५० वर्षीय मित्रलाल न्यौपाने र ४७ वर्षीय नगेन्द्रप्रसाद दाहाललाई ०५९ कार्तिक १३ गते सुरक्षाकर्मीले विना पूर्जी गिरफ्तार गरे। पीडितलाई कार्तिक २६ गतेसम्म हिरासतमा राखी यातना दिइएको थियो।

यस वर्ष १ सय ६१ जनालाई माओवादीको आरोपमा सुरक्षानिकायले गिरफ्तार गरेकोमा ६५ जनालाई छानबिनपछि रिहा गरी अन्यलाई कानुनी कारवाही गरिएको सुरक्षा निकायले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष जिल्ला विकास समिनि मार्फत् वृद्ध भत्ता वापन १७ लाख ७७ हजार ६ सय रूपैयाँ प्रथम चौमासिकमा वितरण भएको छ।

जातीय विभेद

मूर्तिढुंगा गाविस-९ निगालेका नारायण बराइली, जुद्धवीर बराइली, डंडकुमार बराइली र जनक गदाइलीलाई ०५९ जेठ २४ गते छिन्नाङ देवि (जल्पादेवी) मन्दिरका पुजारीले तल्लो जातको भनी मन्दिर प्रवेश गर्न दिएनन्।

छिन्नाङ मन्दिरमा दलितहरु सामूहिक रुपमा प्रवेश गर्दै

सुरक्षाकर्मीको गोलीद्वारा घाइते भएकी रत्नकुमारी

घटनाको प्रकार	गैर राज्यपक्षबाट						राज्यबाट पीडित		
	अन्यबाट पीडित			माओवादीबाट पीडित					
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा
घाइते				१	१	१			
गिरफ्तारी/यातना							८	९	९
कुटपिट	१	१	१	१	३	३			
निष्पक्ष जाँचपड्ताल र सुनुवाईको अधिकार							१	१	१
अपहरण				१	१	१			
जम्मा	१	१	१	३	५	५	९	१०	१०

१.८ तेह्रथुम



जजनसंख्या	: ११४१२८
साक्षरता प्रतिशत	: ६५.२५
महिला साक्षरता प्रतिशत	: ३५.७५
क्षेत्रफल (वर्ग कि. मि.)	: ६७९
गाविस / नपा संख्या	: ३२/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २३१
क्याम्पस / उच्च मा.वि.	: २/८
अस्पताल / स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: ३३२
मोटर सडक (कि. मि.)	: २६
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ३३
मानव विकास सूचकांक	: ०.३३९
प्रति एक डाक्टर जनसंख्या	: २८२७८
प्रति परिवार सरदर संख्या	: ५.४७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

हवाकु गाविसका तारा बानियाँ, केशर बानियाँ, रामकुमार बानियाँ, पासाङ्ग शेर्पा, पदम तिम्सिना, इवा गाविसका टीकाराम गुरूङ्, छातेढुङ्गा गाविसका दिनु तिवारी लगायत २१ जनाको ०५८ माघ १४ गते सोही गाविस-३ स्थित बगाले गाउँमा माओवादी कार्यकर्ता साँइलो शेर्पाको घरमा भएको दोहोरो भिडन्तमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

संक्रान्ति गाविस-६ का २५ वर्षीय तुलसी विश्वकर्मा र एक अज्ञात व्यक्तिलाई ०५८ माघ १५ गते सुरक्षाकर्मीले छातेढुङ्गा गाविस-६ मा गोली प्रहार गर्दा मृत्यु भयो। पीडित दुवै जना माओवादी कार्यकर्ता भएको सुरक्षा निकायले जनायो।

खाम्लालुङ्ग गाविस-८ स्थित देउराली जंगलमा करिब ३० वर्षीय तारा र २८ वर्षीय शेखर भनिने दुई जना माओवादी कार्यकर्तालाई ०५९ जेठ ३१ गते सुरक्षाकर्मीको गस्ती टोलीले गोली हानी हत्या गरे।

संक्रान्ति गाविस-१ का २५ वर्षीय रोहिणी भट्टराईलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ कार्तिक ११ गते पाँचथर जिल्लाबाट गस्तीमा आएको सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी संक्रान्ति बजार नजिक जंगलमा पुऱ्याएर गोली हानी हत्या गरे।

छातेढुङ्गा गाविसका २८ वर्षीय ज्योति भनिने टीकादेवी सेढाई, सुङ्नाम गाविसका २२ वर्षीय दिलकुमार लिम्बु र २० वर्षीय सञ्जु राईलाई माओवादीको आशंकामा ०५९ मंसिर १५ गते बिहान जलजले गाविस-२ पोल्लबाङ्गका नन्दकिशोर दाहालको घरमा खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरेकोमा सिम्ले गाविस-६ ओलेमा लगी बेलुका ४ बजे गोली हानी हत्या गरे।

माओवादीबाट

संक्रान्ति गाविस-२ खेलपुरका नेकाका कार्यकर्ता तथा सुकुम्वासी समस्या समाधान आयोगका भूपू उपाध्यक्ष ४० वर्षीय अम्बर फम्बोलाई ०५८ फागुन २६ गते घरमा बसिरहेको अवस्थामा माओवादीले जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

ओयाक्जुङ्ग गाविस-५ का ४६ वर्षीय ठगेन्द्रप्रसाद ढकाललाई सुराकीको आरोपमा ०५८ चैत २७ गते बेलुका ७ बजे माओवादीले घरबाट केही पर लगी खुकुरी प्रहार गरी हत्या गरे।

गोली/बम/एम्बुसद्वारा घाइते

माओवादीबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दारहरू ४४ वर्षीय केदार खत्री र ३२ वर्षीय काजी शेर्पा ०५९ कार्तिक २५ गते गस्तीमा गइरहेको अवस्थामा म्याङ्लुङ्-जिरी सडकमा माओवादीले प्रहार गरेको बमको छर्रा लागी घाइते भए।

जेल र बन्दीहरू

"ख" श्रेणीको तेह्रथुम जेलको क्षमता ३५ जनाको छ भने हाल यस जेलमा २५ पुरूष र ९ महिला गरी ३४ जना बन्दी छन्। माओवादी गतिविधिमा संलग्न १६ जना बन्दीहरूमध्ये १४ पुरूष र २ महिला छन्। बन्दीहरूमध्ये १८ जना कैद तोकिएका छन्।

महिला र पुरूष बन्दीहरूका लागि एक-एक वटा छुट्टाछुट्टै घर, चर्पी र खानेपानीको व्यवस्था गरिएको छ। जेलमा बत्तीको व्यवस्था छ। महिला र पुरूष बन्दीलाई छुट्टाछुट्टै टेलिभिजनको व्यवस्था छ। बन्दीहरूलाई अन्य खेल तथा मनोरञ्जनका सामाग्री उपलब्ध गराइएको छ। जेलमा उपचारको व्यवस्था छ। बन्दीहरू ढाकाको टोपी बुन्ने गर्दछन्। सामान सस्तो मूल्य बिक्री गरिदिने र किन्न पठाएको सामानको मूल्य महँगोमा किनिदिने बन्दीहरूको गुनासो छ। यस जेलमा महिला जेलर कार्यरत छिन्।

बेपत्ता /अपहरण

माओवादीबाट

म्याङ्लुङ्ग गाविस-५ स्थित ग्रामीण उर्जा विकास कार्यक्रम अन्तर्गत ओयाङ्ग गाविसका सामाजिक परिचालक ३६ वर्षीय लीलानाथ रिमाललाई ०५९ पुस १२ गते माओवादीको एक समूहले सिद्धकाली मावि जोवारीमा ज्यानमार्ने धम्की दिई २० हजार रूपैयाँ चन्दा मागे। पीडितले चन्दा दिन सहमत नहुँदा माओवादीले अपहरण गर्ने पुस १६ गते मुक्त गरे।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

जलजले गाविसस्थित शंकर उच्च माविका शिक्षक झापा दमक नपाका ३७ वर्षीय जगन्नाथ फागो र पाँचथरका ३५ वर्षीय तिलकराम आङ्दम्वेलाई माओवादी गतिविधिमा लागेको आरोपमा ०५९ साउन २३ गते सुरक्षाकर्मीले क्रमशः डेरा र विद्यालयमा पढाइरहेको अवस्थामा विद्यालयको खेल मैदानमा लगेर कुटपिट गरे।

श्रीजुङ्ग गाविसस्थित श्रीजुङ्ग माविका शिक्षक ३५ वर्षीय अम्मर चोङ्वाङ्ग, ४५ वर्षीय हरि सुव्वा, ५४ वर्षीय चन्द्रदेव मण्डल, ३५ वर्षीय देवसुन्दर रजक, ४५ वर्षीय रोहिणी गौतम, ४५ वर्षीय ईश्वरी भट्टराई, २७ वर्षीय मुक्ति भट्टराई, ३० वर्षीय इन्द्र वराल, ४० वर्षीय प्रेम गौतम र पियन ४२ वर्षीय वीरवहादुर वस्नेतलाई माओवादीको आशंकामा ०५९ भदौ २ गते सुरक्षाकर्मीले विद्यालय खेल मैदानमा वोलाई कुटपिट गरे।

आम्वुङ्ग गाविस-३ स्थित भगवती प्रमाविका शिक्षक ४५ वर्षीय मानवहादुर कटुवाल, ४५ वर्षीय ठगवहादुर लिम्वू, ३८ वर्षीय टेकवहादुर राई, स्वास्थ्य चौकीका ३३ वर्षीय हेमसागर रेग्मी र ३० वर्षीय रवि भाष्कर तथा सोही गाविस-७ का भूपू वडाध्यक्ष ४९ वर्षीय रामवहादुर लिम्वूलाई माओवादीले स्कूलमा गरेको वाल पेन्टिङ्ग नमेटाएको र माओवादीलाई उपचार गराएको आरोपमा ०५९ भदौ ३ गते सुरक्षाकर्मीले कुटपिट गरे।

जिरिखिम्ती गाविस-९ स्थित एभरग्रीन वोर्डिङ्ग स्कूलका प्रिन्सिपल २६ वर्षीय काजिमान खड्का र २५ वर्षीय गणेश थापालाई माओवादीले नेपाल वन्द आह्वान गरेको दिन स्कूल वन्द गरेकामा ०५९ भदौ ३१ गते सुरक्षाकर्मीले कुटपिट गरे। त्यसैगरी सोही स्कूलका कराँते प्रशिक्षक २२ वर्षीय सन्तोष पौड्याललाई विद्यार्थीलाई कराँते सिकाएको आरोपमा कुटपिट गरे।

माओवादीबाट

ओयाक्जुङ् गाविस-७ का ४० वर्षीय तिलकप्रसाद ढकाललाई वास वस्न नदिएको आरोपमा ०५८ पुस २३ गते माओवादीले कुटपिट गरे।

आम्वुङ्ग गाविस-७ का वडाध्यक्ष ४५ वर्षीय रामवहादुर लिम्वूलाई प्रतिकार समितिमा वसेको आरोपमा ०५८ माघ ३ गते सोही ठाउँका २० वर्षीय माओवादी मेघराज लिम्वू कार्यकर्ताले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

ओख्रे गाविस-३ का ४१ वर्षीय थानाहाङ्ग लिम्वूलाई सुराकीको आरोपमा ०५८ माघ १३ गते माओवादीले कुटपिट गरे।

श्रीजुङ्ग गाविस-५ का ४५ वर्षीय भगवानध्वज लिम्वूलाई वहिनीको विवाह सम्वन्धी विषयलाई लिएर ०५९ असोज १२ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

जल्जले गाविस-१ का ४२ वर्षीय गंगाकुमार मास्के र ३६ वर्षीय रम्वादेवी मास्केलाई २५ हजार रूपैयाँ चन्दा नदिएको आरोपमा ०५९ कार्तिक १८ गते माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की समेत दिए।

ओयाक्जुङ्ग गाविस-६ प्रजाङ्गका २२ वर्षीय चन्द्रवहादुर लिम्वुलाई झगडा गरेको आरोपमा ०५९ पुस ९ गते माओवादीले घरवाट अपहरण गरी पर जंगलमा लगेर कुटपिट गरे।

अन्यबाट

पञ्चकन्या गाविस-१ का ग्रामीण स्वास्थ्य कार्यकर्ता ४६ वर्षीय गोपालप्रसाद सुवेदीलाई ०५९ कार्तिक ३० गते एक अज्ञात समूहले एक महिना भित्रमा ७० हजार रूपैयाँ चन्दा नदिए ज्यानमार्ने धम्की दिए। कार्यालयमा रहेको केही औषधीसमेत उनीहरूले जवरजस्ती लुटेर लगे।

सोल्मा गाविस-६ का ४४ वर्षीय नरवहादुर लिम्वू र

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	४		४	२	२		२	५	३	३	८	१४
घाडते	४	४	१	५	१	२		२					
गिरफ्तारी/यातना									१७	२१	१		२२
कुटपिट	७	५	३	८	३	२	१	३	९	२४			२४
धम्की					२	२		२					
जातीय विभेद	१		१	१									
महिला अधिकार	३		३	३									
अपहरण					१	१		१					
जम्मा	१८	१३	८	२१	९	९	१	१०	३१	४८	४	८	६०

उनकै पत्नी ३९ वर्षीय सुकमाया लिम्बूलाई ०५९ मंसिर ५ गते सोही गाविसका भूपू गाविस उपाध्यक्ष ४१ वर्षीय तेजमान लिम्बूले गाउँले बुद्धिजीवी र धामी बोलाई बोक्सा र बोक्सीको आरोप लगाएर अब आइन्दा बोक्सा-बोक्सी लाग्न नपाइने कागज गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ५१, सरकारवादी फौज्दारी ६ र दुनियावादी फौज्दारी २१ गरी जम्मा ७८ वटा र यस वर्ष दर्ता भएका दुनियावादी देवानी १९, सरकारवादी फौज्दारी ३, दुनियावादी फौज्दारी ११ गरी जम्मा ३३ गरी कुल १ सय ११ वटा मुद्दा छन्। त्यसमध्ये ५१ वटा फर्स्यौट भई दुनियावादी देवानी ४८, दुनियावादी फौज्दारी २४ र सरकारवादी फौज्दारी १ गरी ७३ मुद्दा फर्स्यौट हुन बाँकी छन्।

यस जिल्ला अदालतमा दुई वर्ष भन्दा बढी अवधि नाघेको एउटा मात्र मुद्दा छ। जिल्ला अदालतको तीन वर्षको रेकर्डअनुसार सबै खालका मुद्दा दायरमा कमी आएको पाइयो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

आम्बुङ्ग गाविस-७ का २५ वर्षीय शिक्षक खेमबहादुर लिम्बुलाई माओवादी भएको आरोपमा ०५८ पुस १८ गते गस्तीमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी एकदिन क्याम्पमा राखेर यातना दिए। पीडितलाई गाविस उपाध्यक्ष नारायण आचार्यको उपस्थितिमा रिहा गरियो।

सुङ्नाम गाविस-४ का २५ वर्षीय राजेन्द्र बरालला‌ई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ चैत ५ गते सदरमुकाम आएको बेला प्रहरीले गिरफ्तार गरे। पीडितलाई १५ दिन हिरासतमा राखी चैत २० गते दैनिक हाजिरीमा रिहा गरियो।

फूलेक गाविस- ५ का जिविसका कर्मचारी २५ वर्षीय मदन गौतमलाई ०५८ चैत ११ गते सदरमुकामबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५८ चैत २० गते दैनिक हाजिरीमा रिहा गरियो।

पिन्ले गाविस-३ का २५ वर्षीय जनेश्वर गड्तौलालाई ०५९ साउन ९ गते प्रहरीले गिरफ्तार गरे। पीडितले आफू माओवादी भएको बताउँदै उठाएको नगद ४ हजार रुपैयाँ सहित जिल्ला प्रशासनमा बुझाएर आत्मसमर्पण गरे। उनलाई साउन १७ गते जेल चलान गरियो।

जलजले गाविस-१ का ४२ वर्षीय भक्तप्रसाद कट्टेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ साउन २० गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई १३ दिन हिरासतमा राखी भदौ ३ गते सात दिने तारेखमा रिहा गरियो।

ओयाक्जुङ्ग गाविस-४ का ३२ वर्षीय घनश्याम रिमाललाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ साउन २३ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई ४ दिनसम्म आँखामा पट्टी बाँधेर राखी साउन २७ गते रिहा गरियो।

जलजले गाविस-१ स्थित शंकर उच्च माविका प्राचार्य एवं शिक्षक ३५ वर्षीय तिलकराम आङ्दम्बे र झापा जिल्ला दमक नपाका सोही उच्च माविका शिक्षक ३७ वर्षीय जगन्नाथ फागोलाई माओवादी गतिविधिमा सहयोग गरेको आरोपमा ०५९ साउन २६ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई एक हप्तापछि रिहा गरियो।

संखुवासभा जिल्ला घर भई जिरिखिम्ती बजारमा पसल गरी बस्ने ४० वर्षीय सलबहादुर कार्कीलाई पसल अगाडि माओवादीको पोस्टर टाँसेको आरोपमा ०५९ भदौ २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई भदौ २९ गते मुक्त गरियो।

जलजले गाविस-१ का ग्रामसुधार निमाविका शिक्षक ४४ वर्षीय जगन्नाथ रिजाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ असोज २५ गते जिल्ला शिक्षा कार्यालय मार्फत् जिल्ला प्रशासन कार्यालयमा हाजिर हुँदा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी छोरा र भाइहरू प्रशासनमा १५ दिनसम्म हाजिर गराउने शर्तमा असोज २८ गते रिहा गरियो।

मोहोरगाङ्ग गाविस-४ का ३५ वर्षीय डोलेश्वर खतिवडालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ कार्तिक १३ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई हिरासतमा राखी कार्तिक १७ गते रिहा गरियो।

सिम्ले गाविस-३ का २७ वर्षीय हेमबहादुर थापालाई ०५९ कार्तिक २२ गते म्याङ्लुङ बजारबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएकोमा कुल्ली काम गरी जिविका चलाउने व्यक्ति भएको थाहा पाई कार्तिक ३० गते रिहा गरियो।

सम्दु गाविस-१ का ३३ वर्षीय जैमान राई र संक्रान्ति गाविस-६ का १८ वर्षीय दिलकुमार लिम्बूलाई माओवादीको आशंकामा ०५९ कार्तिक २५ गते साब्ला गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माओवादी नभई बैंकको कामले सदरमुकाम आएको थाहा पाएपछि कार्तिक ३० गते हिरासतबाट रिहा गरियो।

जलजले गाविस-२ पोक्लवाङ्गस्थित जलकन्या प्राविका शिक्षक ६८ वर्षीय नन्दकिशोर दाहाल र सोही ठाउँका २२ वर्षीय चन्द्रकला दाहाललाई ०५९ मंसिर १५ गते गस्तीमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई तारेखमा रिहा गरियो।

यस बाहेक अन्य २ जनालाई प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा १ हजार ९ सय २३ वृद्ध, १ हजार ६ सय ८५ विधुवा र ४६ जना अपाङ्ग रहेको जिविसले जनायो। वृद्ध, महिला र अपाङ्गले मासिक भत्ता नियमित पाउन सकेका छैनन्।

विविध

संरचना क्षति

माओवादीले २४ वटा गाविस भवन ध्वस्त पारे, जसबाट ७५ लाख रूपैयाँ बराबरको क्षति भयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

प्रेस चौतारी जिल्ला शाखा, तेह्रथुमले ०५९ साउन २२ गते नेपाल पत्रकार महासंघको देशव्यापी चरणबद्ध आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्दै जिल्ला प्रशासन कार्यालयमा एक ज्ञापन पत्र बुझायो।

आतंककारी गतिविधिमा नलागी शान्तिपूर्ण जीवनयापन गर्न सबैमा अपिल गर्दै सदरमुकाम स्थित सुरक्षाकर्मीले पटक-पटक प्रेस विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका ७ वटा घटनामा ४ महिला र १० पुरूष पीडित भए। २ पुरूष र ३ महिला गरी ५ जनाले आत्महत्या गरे। चट्याङ्गबाट १ बालिका घाइते र २ महिलाको मृत्यु भयो। चोरीका ५ वटा घटना भए। पहिरोमा परी ६८ घर क्षतिग्रस्त भए भने २ बालक सहित ८ जनाको मृत्यु भयो। आगलागीबाट म्याङ्लुङ्ग बजारमा ८५ घर २ सय ११ परिवारका ९ सय ६३ जना पूर्ण प्रभावित भए। सो घटनामा करिब एक अरब रूपैयाँको क्षति भयो। प्रहरीले समाएको बन्दुक अचानक पड्किएर गोली लाग्दा एक जना पुरुषको मृत्यु भयो।

१.९ भोजपुर

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

लेखर्क गाविस-४ का तत्कालीन किराँत राष्ट्रिय मोर्चाका "मण्डेला" भनिने राजन राईलाई ०५८ माघ १० गते कोट गाविस-६ का एक व्यक्तिको घरमा सुरक्षाकर्मीले घेरा हाली गोली हानी हत्या गरे।

सिद्धेश्वर गाविस-२ का विपिन राईलाई ०५८ चैत १२ गते नेपालेडाँडा गाविस स्थित सन्त माविमा माओवादीले चन्दा मागिरहेको अवस्थामा सुरक्षाकर्मीले घेरा हाली गोली प्रहार गर्दा मृत्यु भयो।

टक्सार गाविस-६ का माओवादीका सहकमाण्डर भनिएका जगन्नाथ नेपाललाई ०५९ असार १५ गते आम्तेक गाविस-१ मुलाबारीमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पाँचथर जिल्ला सिद्धिम गाविस-९ का आकाश भनिने सञ्जय आले र सोही ठाउँका सिन्तल भनिने अन्तिम राईको ०५९ कार्तिक ८ गते मूलपानी गाविसस्थित टिङ्ला बजारमा खाना खाइरहेको अवस्थामा संखुवासभाको तुम्लीङटारस्थित सशस्त्र प्रहरीको गस्ती टोली र माओवादी कार्यकर्ताबीच भएको जम्काभेटमा प्रहरीको गोली लागी मृत्यु भयो।

गुप्तेश्वर गाविस-४ का २१ वर्षीय उषा प्रधानको घरमा ०५९ मंसिर ८ गते सुरक्षाकर्मीले खानतलासी एवं घर घेराउ गरी उषा प्रधान र सोही ठाउँमा आश्रय लिएर बसेका माओवादी कार्यकर्ता बोखिम गाविस-४ का सुरेन्द्र कार्कीको हत्या गरे। उनका सहकर्मी एवं अगाडि गिरफ्तार भएका अर्का माओवादी कार्यकर्ता गुप्तेश्वर गाविस-१ का गान्दिप राईलाई केही बर ल्याई सुरक्षाकर्मीले भाग्न लगाएर गोली हानी हत्या गरे।

माओवादीबाट

तिवारीभञ्ज्याङ्ग गाविस-१ का ५२ वर्षीय धर्मप्रसाद तिवारीलाई सुराकीको आरोपमा ०५८ फागुन २६ गते माओवादीले घरदेखि तल कोटगढी भन्ने जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

मानेभञ्ज्याङ्ग गाविस-१ का ५२ वर्षीय गणेश पाण्डेलाई ०५९ जेठ १ गते एक वर्ष अघि बैकुण्ठे गाविसमा भेटिएको बेवारिसे लास "माओवादीले मारेको लास हो" भनेको आरोपमा माओवादीले कुटपिट गर्दै बैकुण्ठेबजारतिर ल्याउँदै गर्दा बाटोमा मृत्यु भयो।

बास्तिम गाविस-१ मानेडाँडामा तेह्रथुम जिल्ला सिरिजुङ्ग गाविस-९ का प्रहरी जवान २६ वर्षीय चुडामणि बस्नेत, पाँचथर जिल्ला यासोक गाविस-६ घर का प्रहरी हवल्दार ३४ वर्षीय भिमसेन चेम्जोङ्ग र झापा जुरोपानी गाविस-६ का प्रहरी जवान कृष्णप्रसाद ताजपुरियालाई ०५९ जेठ २८ गते बिदामा घर गएको अवस्थामा माओवादीले अपहरण गरी निर्मम यातना दिई हत्या गरे।

हलेसी गाविस-९ का ४५ वर्षीय महेन्द्र राईलाई ०५९ असोज २३ गते माओवादीबाट भागी हिंडेको र सुराकीको आरोपमा माओवादीले घर नजिकै रहेको दशैंमा राँगाहरू काट्ने मौलोमा राखी खुकुरी प्रहार गरी हत्या गरे।

जनसंख्या	:	२०३०१८
साक्षरता प्रतिशत	:	५५.५८
महिला साक्षरता प्रतिशत	:	४३.२
क्षेत्रफल (वर्ग कि. मि.)	:	१५०७
गाविस / नपा संख्या	:	६३/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३६७
क्याम्पस / उच्च मा.वि.	:	१/३
अस्पताल / स्वास्थ्य चौकी	:	१/६३
टेलिफोन लाइन	:	१९८
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	६३
मानव विकास सूचकांक	:	०.३३९
प्रति एक डाक्टर जनसंख्या	:	२८२७८
प्रति परिवार सरदर संख्या	:	५.४७

गोलीद्वारा घाइते

राज्यबाट

आम्नेक गाविस-१ का ९ महिने बालिका रञ्जु श्रेष्ठ र १६ वर्षीय अञ्जु श्रेष्ठ ०५९ असार १५ गते माओवादी र सुरक्षाकर्मीको भिडन्तमा गोली लागी घाइते भए। पीडितहरूलाई सुरक्षाकर्मीकै सहयोगमा उपचारका लागि काठमाण्डौं लगियो। उनीहरूलाई उपचार पछि साउन १३ गते घर फर्काइयो। रञ्जुको मानसिक स्थिति हालसम्म ठीक भएको छैन।

जेल र बन्दीहरू

"घ" श्रेणीको भोजपुर जेलको क्षमता २५ जनाको छ। हाल यस जेलमा कूल ३९ जना बन्दी छन्। बन्दीहरू मध्ये कैद तोकिएका ७ जना पुरुष छन्। कैद नतोकिएका २ महिला र ३० पुरुष गरी ३२ जना छन्। यसबाहेक एक जना नाबालिका आश्रित छिन्।

पुरानो भवन भएता पनि बन्दी बस्ने ठाउँमा केही परिवर्तन गरिएको छ। जेलका बन्दीहरूको तर्फबाट "बन्द पर्खाल" नामक मासिक साहित्यिक भित्ते पत्रिका प्रकाशित गर्ने गरिएको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

कोट गाविस-४ की जनोदय माविमा कक्षा ९ मा अध्ययनरत १८ वर्षीय चन्द्रकला चौलागाईं र कक्षा १० मा अध्ययनरत सोही ठाउँकी सीता खनिवडालाई ०५९ पुस ११ गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये सीतालाई अभिभावकको दबाबमा भोलिपल्ट मुक्त गरियो भने चन्द्रकलालाई हालसम्म मुक्त गरिएको छैन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

हलेसी गाविसस्थित कालिका प्राविका शिक्षक पर्शुराम बिष्टलाई ०५८ माघ २१ गते सुरक्षाकर्मीले "माओवादीले बस्ने ठाउँ र हतियार देखाउनु पर्छ" भन्दा आफूले नदेखेको बनाउँदा निर्मम ढंगले कुटपिट गरे।

माओवादीबाट

तिम्मा गाविस-५ का ४० वर्षीय निरकुमार राईलाई ०५८ माघ १६ गते माओवादीले आएर खान बस्न दिनको लागि जबरजस्ती गर्दा आफूले नसक्ने बनाएपछि ज्यानमार्ने धम्की दिए।

धादलेखानी गाविसका निवर्तमान गाविस अध्यक्ष ४४ वर्षीय कृष्णबहादुर थापा मगरलाई ०५८ माघ २५ गते माओवादी तथा किराँत राष्ट्रिय मोर्चाका कार्यकर्ता आएर ५० हजार चन्दा दिन दबाब दिंदा आफूले दिन नसक्ने बनाएपछि ज्यानमार्ने धम्की दिए।

चौकीडाँडा गाविस-१ का २१ वर्षीय सन्तोष विश्वकर्मालाई सुराकी गरेको आरोपमा ०५८ फागुन ४ गते नेपाल डाँडामा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको त्रिवि शिक्षण अस्पताल, काठमाण्डौमा उपचार भयो।

प्याउली गाविस-८ का ३० वर्षीय निवर्तमान गाविस उपाध्यक्ष शिवराज सापकोटालाई ०५९ साउन ५ गते गाविसमा भ्रष्टाचार गरेको र चन्दा नदिएको आरोपमा घरमै कुटपिट गरे। पीडित उपचारपछि ठीक भएका छन्।

इलाका हुलाक कार्यालय दिंगलाका खरिदार रूद्रमणि कोइरालालाई ०५९ भदौ १५ गते माओवादीले "हामी धेरै छौं, भात पका" भन्दा धेरै मानिसलाई खाना खुवाउन नसक्ने बनाउँदा घर परिवारलाई अर्को कोठामा थुनी कुटपिट गरे। माओवादीले आफूसँग भएको ८ हजार रूपैयाँ समेत लुटेर लगेको पीडितले बताए।

टेउराली गाविस-३ का २२ वर्षीय तिलकबहादुर कार्कीलाई झण्डा गाड्ने बाँस काट्न लाग्दा गाली गरेको आरोपमा ०५९ भदौ १९ गते माओवादीले कुटपिट गरी कब्जामा लिएर एक दिनपछि मुक्त गरे।

भुल्के गाविस-५ का भोजपुर क्याम्पसका स्ववियू उपसभापति सूर्यधन राईलाई ०५९ असोज १८ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा छिमेकीको घरसम्म पुऱ्याइदिन भनी माओवादीले केही पर लगी आँखामा पट्टी बाँधेर खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष दर्ता भएका मुद्दा सरकारवादी फौज्दारी ५, दुनियावादी फौज्दारी २९ र दुनियावादी देवानी ३४ गरी ७८ वटा छन्। यस वर्ष १ सय ९३ मुद्दा फस्र्यौट भए भने ८९ मुद्दा बाँकी रहे। यस बाहेक तीन वर्ष पहिलेदेखिका जिम्मेवारी सरेर आएका ३६ वटा मुद्दा रहेका छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

भोजपुर गाविस-५ मा डेरा गरी बस्ने एक गैरसरकारी संस्थामा कार्यरत सामाजिक कार्यकर्ता नरमाया थापा मगरलाई ०५९ मंसिर ८ गते सुरक्षाकर्मीद्वारा बरामद गरिएको माओवादी कार्यकर्ताको डायरीमा नाम भएको आधारमा गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

भोजपुर बहुमुखी क्याम्पसका प्रमुख कुशलकुमार तामाङ, सहायक प्रमुखहरू शान्तिराम मिश्र र केशरबहादुर तामाङलाई ०५९ पुस १४ गते माओवादीलाई एकमुष्ट चन्दा रकम संकलन गरी लिन बोलाएको अवस्थामा कार्यालय हाताबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। शान्तिराम र कुशलकुमारलाई ३ दिनपछि रिहा गरियो भने केशरबहादुरलाई हालसम्म रिहा गरिएको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको सुकुम्बासी समस्या समाधान आयोगले ३५ जना सुकुम्बासीलाई जग्गा प्रदान गरेको जनाएको छ। जिविसका अनुसार जिल्लामा २ प्रतिशत सुकुम्बासी छन्।

यस वर्ष जिविसले २ हजार ६ सय ६ जना जेष्ठ नागरिकलाई बृद्ध भत्ता वितरण गर्‍यो। ६३ गाविसमध्ये प्रक्रिया पुर्‍याएर आएका ३५ गाविसका एक हजार ४ सय ७६ जना जेष्ठ नागरिकलाई वृद्ध भत्ता दिइएको छ भने अन्य गाविसले प्रक्रिया पुर्‍याएर आएमा ६ महिनाको लागि भत्ता विरण गरिने कार्यक्रम रहेको जिविसले जनायो। त्यसैगरी ३ हजार १ सय १५ असहाय विधवाहरूलाई भत्ता विरण गरियो भने ३५ गाविसका १ हजार ६ सय ६६ असहाय विधवाहरूलाई ६ महिनाको भत्ता वितरण गरिएको छ।

महिला अधिकार

कुदाककाउले गाविस-२ सतेवाकी शुक्रिमाया नामाङलाई आपसी भनाभनको आरोपमा छिमेकी सिता खतिवडालाई बोक्सी भनेको आरोपमा ०५९ असोज २५ गते छिमेकीहरू समेत मिली सामूहिकरूपमा कुकुरको दिसा खुवाए। पीडकहरूलाई कुनै कारवाही भएन।

विविध

संरचना क्षति

कोट गाविस-७ स्थित पशुपति पावर (प्रा. लि.) द्वारा संचालित साना जलविद्युत आयोजनाको पावर हाउसमा ०५८ माघ १३ गते, टक्सार गाविसस्थित नागरिक उड्ययन प्राधिकरणको टावरमा ०५९ वैशाख ५ गते माओवादी तथा किरात मुक्ति मोर्चाले बम विस्फोट गरी आगलागी गराई ध्वस्त पारे। आगलागीबाट भवनका सबै सञ्चार उपकरण तथा अन्य भौतिक सामाग्री नष्ट भए।

भोजपुर गाविस-१ स्थित प्राथमिक शिक्षक तालिम केन्द्रको प्रशासनिक भवन तथा प्रशिक्षण भवनमा ०५९ साउन २५ गते किरात वर्कर्स पार्टीका कार्यकर्ताहरूले कुकर बम विस्फोटन गराई ८ लाख रूपैयाँ बराबरको क्षति पुर्‍याए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष पहिरोमा परी १७ जना मृत्यु भयो भने १ जना बालिका डुबेर मरिन्। ४ पुरूष र ३ महिलाले आत्महत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित			
	अन्यबाट पीडित					माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	२	२		४	४	६		६	५	७	१	८
घाइते						३	३		३	१		२	२
बम विस्फोटन						१		१	१				
गिरफ्तारी/यातना										४	५	१	६
कुटपिट	१			१	१	२	२		२	१	१		१
धम्की	१	१			१	१	१		१				
महिला अधिकार	१		१		१								
जम्मा	७	३	३	१	७	११	१२	१	१३	११	१३	४	१७

१.१० संखुवासभा



जनसंख्या	: १६३२३१
साक्षरता प्रतिशत	: ६१.५
महिला साक्षरता प्रतिशत	: ३४
क्षेत्रफल (वर्ग कि. मि.)	: ३४८६.१७
गाविस / नपा संख्या	: ३३/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३५४
क्याम्पस / उच्च मा.वि.	: ३/५
अस्पताल / स्वास्थ्य चौकी	: २/३७
टेलिफोन लाइन	: ३३३
मोटर सडक (कि. मि.)	: ६३
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ३६
मानव विकास सूचकांक	: ०.३६५
प्रति एक डाक्टर जनसंख्या	: ३९८०१
प्रति परिवार सरदर संख्या	: ५.१७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

वाह्रबिसे गाविस-५ का माओवादीद्वारा घोषित गाजस प्रमुख ज्ञानेन्द्र तामाङ, स्यावुन गाविस-९ का माओवादीद्वारा घोषित गाजस सदस्य रूद्रबहादुर तामाङ र स्यावुन गाविस-१ का सर्वसाधारण कुमार विकलाई ०५८ माघ २२ गते गस्तीमा गएका सुरक्षाकर्मीले स्यावुन गाविस-९ मा गोली हानी हत्या गरे।

आँखिभुई गाविसका माओवादी कार्यकर्ता किरण विष्ट र सभापोखरी गाविस-४ का जीवन राईको ०५८ माघ २३ गते बाह्रबिसे गाविस-९ को माख्वा भन्ने जंगलमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सुरक्षाकर्मीले वडाध्यक्षको रोहवरमा लास जिम्मा लगाएका थिए।

स्यावुन गाविस-४ कुमुवाका चन्द्रप्रसाद न्यौपानेलाई माओवादीको आरोपमा ०५८ चैत ७ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी जंगलमा लगी गोली हानी हत्या गरे। पीडितलाई सुरक्षाकर्मीले माओवादीको सैन्य दस्ताको प्रशिक्षक भएको बनाए।

खाँदबारी नपा-१० स्थित सैनिक क्याम्पका सैनिक अधिकृत लेफ्टिनेन्ट सुवास खड्का र खाँदबारी नपा-१ मा रेडियो मेकानिक्स काम गर्ने ४२ वर्षीय लक्ष्मण तामाङको ०५८ चैत ७ गते कर्फ्यू उल्लंघन गरेको र रोकिन आदेश दिँदा समेत नमानेको कारण सेन्ट्रीले चलाएको गोली लागी मृत्यु भयो।

स्यावुन गाविस-४ का २५ वर्षीय धनपति घिमिरेलाई सुरक्षा घेरा तोडेको आरोपमा ०५८ चैत ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

माङ्गतेवा गाविस-८ स्थित तुम्बेवेंशीमा खोजतलासमा गएको सुरक्षाकर्मीको गोलीद्वारा भाग्दै गरेका तीन जना व्यक्तिहरूको ०५८ चैत ९ गते मृत्यु भयो। पीडितहरूको सनाखत हुन सकेन।

आँखिभुई गाविस-७ का माओवादीद्वारा घोषित गाजस प्रमुख कुलबहादुर जिमीलाई ०५८ चैत २४ गते जलजला गाविस-८ विहिवारेमा धान कुट्न आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

नुम गाविस-२ मासिमा भण्डार सुरक्षामा खटिएका पावाखोला गाविस-८ सिप्रुङका माओवादी कार्यकर्ता गंगा तामाङ र जलजलाका ईश्वर विकलाई ०५९ वैशाख ८ गते विहान सुरक्षाकर्मीले गोली प्रहार गर्दा ईश्वरको घटनास्थलमै मृत्यु भयो भने गंगा घाइते भए। गंगालाई दिनभर बयान गराई बेलुका गोली प्रहार गरी हत्या गरियो।

जलजला गाविस-१ मालुस्वोपमा सुरक्षाकर्मीको गोलीद्वारा ०५९ जेठ १ गते २ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। पीडितहरूको सनाखत हुन सकेन।

सिद्धपोखरी गाविस-८ की १८ वर्षीय चन्द्रमाया राईलाई ०५९ असोज १८ गते रातको समयमा लाग्ने पोखरी बजारमा माओवादीको भेषमा गएको प्रहरी टोलीले गोली प्रहार गरी घाइते बनाए। पीडितलाई उपचारार्थ भोलिपल्ट हेलिकप्टरबाट धरान लगिएकोमा १९ गते मृत्यु भयो। प्रशासनबाट पीडित पक्षलाई ५ हजार रूपैयाँ किरिया खर्च उपलब्ध गराइएको थियो।

वाना गाविस-७ खप्टुवाका २३ वर्षीय चन्द्रबहादुर तामाङलाई ०५९ मंसिर ५ गते र सोही ठाउँका १९ वर्षीय अर्जुन रेग्मीलाई ०५९ मंसिर ७ गते खाँदबारी नपा-१ बाट प्रहरीले गिरफ्तार गरे। पीडितद्वयलाई ०५९ मंसिर ९ गते सुरक्षाकर्मीले गस्तीमा सँगै लगेकोमा मंसिर १० गते स्यावुन गाविस स्थित माक्सुवा खोल्सामा गोली हानी हत्या गरे।

दिदिङ गाविस-५ चिचिलामा ०५९ मंसिर १७ गते सुरक्षाकर्मीको गोलीबाट २ जना अज्ञात व्यक्तिको मृत्यु भयो। पीडितहरू मध्ये १ जना मंसिर ७ गते धुपु गाविस-२ डकेबाट सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता पारिएका पाथिभरा गाविस-६ घर भई धनकुटाको हिलेमा व्यापार गरी बस्ने कुमारध्वज राई भएको आफन्तहरूले स्वीकारे। पीडितलाई अलैंची खरिद गर्न आउँदा गिरफ्तार गरिएको थियो।

खाँदबारी नपा-२ मा ०५९ पुस ८ गते सुरक्षाकर्मीको गोलीद्वारा २ जना अज्ञात व्यक्तिको मृत्यु भयो। "आतंककारी" भनिएका ती व्यक्तिहरूको सनाखत हुन सकेन।

माओवादीबाट

सिद्धकाली गाविस-५ स्थित शारदा माविमा अध्ययनरत १६ वर्षीय दोर्ची शेर्पाको ०५८ फागुन १७ गते माओवादीले सोही विद्यालय परिसरमा राखेको धरापमा परी मृत्यु

घटनाको प्रकार	गैर राज्यपक्षबाट							राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	४		४	९	१९	१९	१५	२०	२	१७	३९
घाइते								१		१		१
गिरफ्तारी/यातना								७५	१०८	११		११९
बेपत्ता								३	३			३
कुटपिट	२	१	१	२	९	१२	१२	७	१७	१		१८
धम्की	१	१		१	१	१	१					
महिलाअधिकार	४		४	४								
अपहरण					६	१०	१०					
जम्मा	११	६	५	११	२५	४२	४२	१०१	१४८	१५	१७	१८०

भयो भने १४ वर्षीय सुरेन्द्र लुईंटेल र ११ वर्षीय दिलप्रसाद लुईंटेल घाइते भए।

मकालु गाविस-७ का राप्रपाका कार्यकर्ता ५६ वर्षीय पहलमान जैरूलाई ०५८ चैत १९ गते माओवादीले घरबाट अपहरण गरी नजिकैको कास्वा खोलाको किनारमा लगी गोली हानी हत्या गरे।

आँखिभुई गाविस-९ का ८ वर्षीय नितेश अधिकारी र ४ वर्षीय निरोज अधिकारीको ०५८ चैत २९ गते माओवादीद्वारा राखिएको बम खेलौना सम्झी खेलाउँदा आफ्नै घरको आँगनमा बम विस्फोट भई मृत्यु भयो।

सभापोखरी गाविस-३ ओखरबोटेका ३७ वर्षीय बलहाङ राईलाई आफ्नो पार्टीको प्रतिकार गरेको आरोपमा ०५९ वैशाख ७ गते माओवादीले गोली हानी हत्या गरे। पीडितको लास भीरबाट फ्याँकिएको अवस्थामा फेला परेको थियो।

जलजला गाविस-७ संगमका ५४ वर्षीय पर्शुराम भनिने गोपाल थापालाई सुराकीको आरोपमा ०५९ साउन ८ गते माओवादीले घरबाट केही पर लगी धारिलो हतियार प्रहार गरी हत्या गरे।

जलजला गाविस-२ नालका ३५ वर्षीय लाक्पा शेर्पालाई सुराकीको आरोपमा ०५९ भदौ १६ गते माओवादीले घरबाट केही पर लगी खोलाको छेउमा खुकुरी प्रहार गरी हत्या गरे।

मादी राम्बेनी गाविस-५ का नेकाका कार्यकर्ता तथा भूपू शिक्षक जीवप्रसाद पाख्वाली (दाहाल) लाई ०५९ भदौ १७ गते माओवादीले घरदेखि केही पर लगी हत्या गरे।

पाथिभरा गाविस-४ स्थित राजारानी प्राविका शिक्षक ३९ वर्षीय गणेशमान अधिकारीलाई ०५९ पुस ८ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। पीडितको लास मत्स्यपोखरी गाविसको माङमायामा पुस २४ गते फेला पर्‍यो।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका अर्जुन रेग्मी

दोहोरो भिडन्त

चैनपुर गाविस-३ स्थित इलाका प्रहरी कार्यालयमा ०५९ वैशाख २४ गते माओवादीले आक्रमण गरे। उक्त आक्रमणमा परी गोरखा जिल्लाका पशुपति ढकाल, खोटाङ जिल्ला दिक्तेलका गोपबहादुर मगर, ओखलढुंगाका भोलामान राई, चितवनका चिरञ्जीवी ढकालको मृत्यु भयो भने भोजपुरका सञ्जीव श्रेष्ठको उपचार गर्दागर्दै मृत्यु भयो। सोही आक्रमणमा परी १२ जना प्रहरी घाइते भए भने ३ महिला र १९ पुरुष गरी २२ जना माओवादीको लास आसपासका क्षेत्रमा फेला परे। माओवादीका सबै लास कम्ब्याट ड्रेसमा पाइयो।

गोलीद्वारा घाइते

राज्यबाट

खाँदबारी नपा-११ ढाँडे टोलकी ६५ वर्षीय दुर्गादेवी राई ०५९ कार्तिक १८ गते बेलुका घरमा बसिरहेको अवस्थामा ब्यारेकबाट सेनाले प्रहार गरेको गोली देब्रे खुट्टामा लागी घाइते भइन्। पीडितलाई कार्तिक २२ गते उपचारको लागि सुनसरी जिल्ला धरान स्थित घोपा अस्पतालमा लगिएकोमा हालसम्म उपचार भइरहेको छ।

माओवादीबाट

चैनपुर इलाका प्रहरी चौकीका प्रहरीहरू ०५८ फागुन ११ गते गस्तीमा

हिंडेको बेला माओवादीले लुकिछिपी आक्रमण गर्दा प्रहरी जवान मंगलसिं यादव र सरोज सिं गुप्ता घाइते भए। पीडितहरूमध्ये मंगलसिंको खाँदवारी अस्पतालमा उपचार गरियो भने सरोजलाई उपचारार्थ काठमाण्डौं लगियो।

जेल र बन्दीहरू

"घ" श्रेणीको संखुवासभा जेलको क्षमता २५ जनाको छ। महिला र पुरूषका लागि दुई/दुई कोठा भएको यस जेलमा पानी र चर्पीको व्यवस्था छ। जेलमा हाल २८ जना कैद तोकिएका र नजरबन्दमा राखिएका ११ जना गरी कूल ३९ जना बन्दी छन्। कैद तोकिएका मध्येमा ३ महिला र २५ जना पुरूष छन् भने नजरबन्दमा १० पुरूष र १ महिला छन्। जेलका कैदीले टोपी बुन्ने गर्दछन्। टेलिफोनको सुविधा हाल हटाइएकोमा बन्दीहरूले रोष प्रकट गरेका छन्। अदालत र जेलको दूरी एक दिनको बाटो टाढा पर्ने भएको हुँदा बन्दीहरूलाई अदालत लैजान-ल्याउन कठिन भएको छ।

बेपत्ता /अपहरण

राज्यबाट

खराङ गाविस-६ का १९ वर्षीय बमबहादुर कटुवाललाई ०५९ कार्तिक २५ गते राहदानी बनाउन आउँदा जिल्ला प्रशासन कार्यालय खाँदबारीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई मंसिर १४ गते खाँदवारी नपा-१० स्थित गुरूबक्स गुल्ममा राखिएकोमा हाल बेपत्ता पारिएको छ।

माओवादीबाट

खाँदबारी नपा-११ पिप्लेका २४ वर्षीय पुष्करमणि कार्कीलाई ०५९ भदौ २३ गते निजी कामको सिलसिलामा काठमाण्डौतर्फ जाँदै गर्दा धनकुटा जिल्लाको चानुवा भन्ने ठाउँबाट माओवादीले अपहरण गरे। पीडितको स्थिति अज्ञात छ।

धुपु गाविस-३ पन्तगाउँका ५४ वर्षीय निवर्तमान गाविस अध्यक्ष टंकप्रसाद पन्त र सोही गाविस-९ का यज्ञ सुवेदीलाई ०५९ कार्तिक २४ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। पीडितहरूमध्ये यज्ञलाई कार्तिक २६ गते र टंकलाई २७ गते मुक्त गरियो।

खाँदवारी नपा-२ चेवाका २५ वर्षीय वन रक्षक गोविन्द गिरी र सोही नपा-५ सेकायाका वन रक्षक चन्द्रबहादुर गुरूङलाई ०५९ पुस ६ गते पावाखोला गाविस-३ डिमाबाट माओवादीले अपहरण गरे। पीडितहरूमध्ये चन्द्रबहादुरलाई मत्स्यपोखरी गाविस-५ को सुर्के टेउगलीमा ल्याई पुस ११ गते मुक्त गरे भने गोविन्दलाई बेपत्ता पारे।

पाथिभरा गाविस-४ का सिद्धिमान राई, हिमालय मावि हेदांगाका शिक्षक सिराहा जिल्ला लाहान नपा-३ का गणेश शर्मा, सोही नपा-७ का चन्द्रेश्वर शर्मा र मोरङ जिल्ला विराटनगर-११ मधुमाराका हुलाक खरिदार नरेशकुमार गिरीलाई ०५९ पुस ८ गते पाथिभरा गाविस-४ बाट माओवादीले अपहरण गरे। पीडितहरूलाई पुस ११ गते मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

इन्सेकका जिल्ला प्रतिनिधि विष्णु पोखरेललाई यातना पीडितहरूको फोटो खिचेको आरोपमा ०५८ पुस २५ गते सुरक्षाकर्मीले बाटोमा समातेर निर्घात कुटपिट गर्दै जिल्ला प्रहरी कार्यालय पुऱ्याए। कार्यालयको अघिल्तिर १२-१५ जना प्रहरीले एकसाथ आक्रमण गरे। जिल्ला प्रहरी कार्यालयका डिएसपी रामचन्द्र भण्डारीसमक्ष पुऱ्याइएपछि उनलाई मुक्त गरियो। यस अघि नै फोटो खिचेको क्यामराको रिल प्रहरीले खोसिसकेका थिए।

स्यावुन गाविस-१ का रणबहादुर राई, सोही गाविस-९ का मनबहादुर राई, मुकबहादुर राई, विष्णुकुमारी तामाङ, रत्नमाया तामाङ, कुमारी तामाङ, मनु दाहाल, बलबहादुर बुढाथोकी र स्यावुन गाविस-४ का टिकाराम पुरीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ माघ २२ गते सुरक्षाकर्मीले कुटपिट गरी आत्मसमर्पण गर्न जिल्ला प्रशासन लैजाने शर्तमा सोही गाविस-९ का वडाध्यक्षको रोहवरमा मुक्त गरे।

धुपु गाविस-४ का २३ वर्षीय भुवन अधिकारीलाई ०५८ माघ २४ गते सुरक्षाकर्मीको सूचीमा माओवादी आरोप लागेका व्यक्तिहरूलाई चिनाउन लगाई सुरक्षाकर्मीले कुटपिट गरे। पीडितलाई गाउँभरि हिंडाएर जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न जाने शर्तमा भोलिपल्ट मुक्त गरे।

जलजला गाविस-९ वावुनका राजमान तामाङलाई माओवादीको आरोपमा ०५८ चैत २४ गते सोही गाविस-८ बिहिवारेमा बाटोमा हिंड्दै गर्दा सुरक्षाकर्मीले कुटपिट गरे।

नुम गाविस-२ मासिमाका शिक्षक जितमान गुरूङलाई माओवादीलाई सघाएको आरोपमा ०५९ वैशाख ८ गते सुरक्षाकर्मीले कुटपिट गरे। पीडितलाई आँखा छोपी हात बाँधेर लडाई ज्यानमार्ने धम्की समेत दिइयो।

खाँदवारी नपा-१ पोखरी बजारका ३३ वर्षीय सुमन शाक्यलाई माओवादीको फोटो धुलाई माओवादीलाई सघाएको आरोपमा ०५९ वैशाख ८ गते सुरक्षाकर्मीले घरबाटै सोही नपा-१० स्थित सैनिक क्याम्पमा लगी कुटपिट गरे। पीडितलाई आत्मसमर्पण गर्न लगाई मुक्त गरे।

नेपाल विद्युत प्राधिकरणका जुनियर मिस्त्री सर्लाही जिल्लाका विजय मण्डललाई ०५९ साउन १२ गते मान्लिङ गाविसको टुटेदेउगलीमा विद्युत लाइन मर्मत गर्न गएको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरे। पीडितको उपचार धरान स्थित वी. पी. स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरियो।

चैनपुर गाविस-३ का २४ वर्षीय आशीष शाक्यलाई

टेलिफोनमा फर्केको आरोपमा ०५९ कार्तिक २६ गते सुरक्षाकर्मीले घरमा गई कुटपिट गर्नुका साथै गिरफ्तार समेत गरेर सोही दिन रिहा गरे। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

धुपु गाविस-३ का २६ वर्षीय विष्णुप्रसाद पन्नलाई माओवादीको आरोपमा ०५९ माघ २४ गते परालको भारी बोकेर खेतबाट फर्कंदै गर्दा बाटोमा सुरक्षाकर्मीले कुटपिट गरे। पीडितलाई सोही गाविस-२ स्थित अस्थायी क्याम्पमा हाजिर हुने शर्तमा मुक्त गरियो।

माओवादीबाट

स्याबुन गाविस-९ का पञ्चबहादुर राईलाई आफ्नो समूहको प्रतिकार गरेको आरोपमा ०५८ माघ ९ गते माओवादीले कुटपिट गरी ढुंगाले हात किच्याएर अपांग पारे।

नुनढाकी गाविसका अध्यक्ष आशबहादुर लिम्बुलाई पर्चा च्यातेको आरोपमा ०५८ माघ १० गते कार्यालयबाट फर्कंदै गरेको अवस्थामा माओवादीले कुटपिट गरे। पीडितलाई माघ २० गते उपचारको लागि काठमाण्डौं लगियो।

बाह्रबिसे गाविस-३ का मनबहादुर राईलाई सुरक्षाकर्मीलाई बन्दुक बुझाएको आरोपमा ०५८ फागुन ७ गते माओवादीले कुटपिट गरे।

समापोखरी गाविस-१ का २९ वर्षीय गोविन्द राईलाई ०५९ वैशाख ७ गते माओवादीले सोही गाविस-२ हिन्ची गाउँबाट अपहरण गरी मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितलाई मुक्त गरियो।

स्याबुन गाविस-९ का ७२ वर्षीय गंगाबहादुर थापालाई सामन्त भएको आरोपमा ०५९ साउन २९ गते माओवादीले घरमा कुटपिट गरे।

स्याबुन गाविस-९ का २१ वर्षीय बाबुराम रम्तेल, १७ वर्षीय भुवन राई, १९ वर्षीय रूद्र सुवेदी र २० वर्षीय दुर्गाबहादुर थापालाई आफ्नो समूहको प्रतिकार गरेको आरोपमा ०५९ साउन २९ गते माओवादीले सोही गाविस-८ नारदेभञ्ज्याङमा लगी कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष फौज्दारी ७४ र देवानी १ सय ३९ गरी जम्मा २ सय १३ वटा मुद्दा दर्ता भए। जसमध्ये, फौज्दारी २२ र देवानी ४१ गरी ६३ वटा फर्स्यौट भई फौज्दारी ५२ र देवानी ९८ गरी १ सय ५० वटा मुद्दा बाँकी रहे। यस अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका फौज्दारी ४३ र देवानी ६१ गरी १ सय ४ वटा मुद्दा मध्ये फौज्दारी ३३ र देवानी ४२ गरी ७५ वटा मुद्दा फर्स्यौट भई फौज्दारी १० र देवानी १९ गरी २९ वटा बाँकी रहे। यसरी कूल ३ सय १७ वटा मुद्दा रहेकोमा १ सय ३८ फर्स्यौट भई १ सय ७९ वटा मुद्दा बाँकी रहे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

खाँदवारी नपा-११ डाँडागाउँका १८ वर्षीय राजेन्द्र कटुवाललाई चोरीमा संलग्न भएको आरोपमा ०५८ पुस १८ गते प्रहरीले घरबाट गिरफ्तार गरी यातना दिए। पीडित निर्दोष ठहरिए।

खाँदवारी नपा-१ दोलवाजेका २३ वर्षीय मिनबहादुर तामाङलाई माओवादीको आरोपमा ०५८ पुस १८ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितलाई पुस २३ गते रिहा गरियो।

पाथिभरा गाविस-२ का गोविन्द गुरूङलाई ०५८ पुस २१ गते च्याङ्ग्रा व्यापार गर्न आएको बेला खाँदवारी नपा-१ पोखरी बजारबाट माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस २४ गते रिहा गरियो।

बाना गाविस-९ होक्सेका नेराशि संगठनका आजीवन

माओवादीद्वारा हत्या गरिएका गणेशमान अधिकारी र जीवप्रसाद पाख्राली (दाहाल)

सदस्य ३५ वर्षीय शिक्षक विनोद सुवेदीलाई ०५८ पुस २१ गते खाँदवारी नपा-१ पोम्वरी बजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ २२ गतेदेखि नजरवन्दमा राखी ०५९ वैशाख २२ गते तारेखमा रिहा गरियो।

खाँदवारी नपा-१२ ढुङ्गेधाराका ३४ वर्षीय लक्ष्मीकुमार श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ पुस २४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई एक दिन गस्तीसँगै हिंडाई तीन दिनसम्म हिरासतमा यातना दिई पुस २७ गते रिहा गरियो।

खाँदवारी नपा-९ का वीरबल कार्कीलाई ०५८ माघ १२ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न आउँदा कार्यालयबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ २२ गतेदेखि नजरवन्दमा राखी चैत २६ गते तारेखमा रिहा गरियो।

धुपु गाविस-९ का ३८ वर्षीय केशर कार्की, उनका भाइ २८ वर्षीय डम्बरबहादुर कार्की र सोही गाविस-३ का ४२ वर्षीय छत्रमान विकलाई माओवादीको आरोपमा ०५८ माघ २५ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे। पीडितहरूलाई सप्तरी जिल्ला राजविराजवाट फागुन १६ गते रिहा गरियो।

आँखिभुईं गाविस-४ का ४६ वर्षीय रघु पोखरेललाई ०५८ माघ २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ २९ गते देखि वेपत्ता पारे। पीडितलाई फागुन २२ गते धनकुटाबाट रिहा गरियो।

स्याबुन गाविस-९ की १७ वर्षीय वेदकुमारी दाहाल, विदुर दाहाल र नीरबहादुर रम्तेललाई माओवादीको आरोपमा ०५८ माघ २० गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सदरमुकाम ल्याई सैनिक क्याम्पमा राखियो। पीडितहरूमध्ये विदुरलाई फागुन ९ गते रिहा गरियो भने अन्यलाई सोही दिन नजरवन्दमा राखियो। वेदकुमारी र निरबहादुरलाई ०५९ वैशाख ३० गते तारेखमा रिहा गरियो।

धुपु गाविस-९ फक्चुवाका ३० वर्षीय पदमबहादुर राईलाई माओवादीको आरोपमा ०५८ माघ २२ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी यातना दिए। पीडितले जिल्ला प्रशासन कार्यालयसमक्ष आत्मसमर्पण गरेका थिए। उनलाई तारेखमा आएको समयमा सुराकी गरेको आरोपमा ०५८ फागुन २९ गते खाँदवारी नपा-१ पोम्वरी वजारवाट हात बाँधी घाँटीमा डोर्‍याएर लगी पुनः सुरक्षाकर्मीले कुटपिट गरी रिहा गरे।

माओवादीद्वारा अपहरण गरिएका गोविन्द गिरि र पुष्करमणि कार्की

बाह्रविसे गाविस-५ की छायाँदेवी पन्त र अम्बरबहादुर पन्तलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ माघ २५ गते सुरक्षाकर्मीले अस्थायी सैनिक क्याम्पमा लगी यातना दिए। पीडितलाई जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न पठाई तारेखमा रिहा गरियो।

बाह्रविसे गाविस-५ का भोटे दर्जीलाई ०५८ माघ २५ गते सर्चमा गएका सुरक्षाकर्मीले माओवादीका पोशाक सिलाएको आरोपमा कुटपिट गरे। पीडितलाई पटक-पटक घरबाट लैजाँदै यातना दिइयो र जिल्ला प्रशासनमा गई आत्मसमर्पण गर्न भनी रिहा गरियो।

बाह्रविसेस्थित त्रिवेणी माविमा अध्ययनरत बाह्रबिसे गाविस-५ की पवित्रा तामाङ, रमेश श्रेष्ठ, सोही गाविस-१ का मोलामान घले र सोही गाविस-६ का किशोर घलेलाई अनेरास्ववियु (क्रान्तिकारी) को कार्यकर्ता भएको आरोपमा ०५८ माघ २६ गते विद्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई सुरक्षाकर्मीको अस्थायी शिविरमा दिनभर यातना दिई जिल्ला प्रशासन कार्यालयमा गई आत्मसमर्पण गर्ने शर्तमा सोही दिन रिहा गरियो।

खाँदवारी नपा-१ दोलबाजेका ब्रिटेन नेपाल मेडिकल ट्रष्टका कर्मचारी बुद्धिमान लिम्बुलाई माओवादीको आरोपमा ०५८ फागुन २ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई फागुन २५ गते हिरासतबाट रिहा गरियो।

खाँदवारी नपा-१० राम्चेका २७ वर्षीय प्रल्हाद कार्कीलाई माओवादीको आरोपमा ०५८ फागुन ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा छोपी हात बाँधेर यातना दिए। पीडितलाई सोही दिन बेलुका सैनिक क्याम्पबाट रिहा गरियो।

धुपु गाविस-४ का २३ वर्षीय फरेन्द्र दाहाललाई आत्मसमर्पण गर्न आउँदा सही वयान नगरेको आरोपमा ०५८ फागुन २७ गते जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक क्याम्पमा लगी मरणासन्न हुनेगरी यातना दिए। पीडितलाई तारेखमा रिहा गरियो।

झापा जिल्ला वाहुनडाँगी गाविस-५ का अमरुवा मावि आँखिभुईं संखुवासभाका निमावि शिक्षक मोहन दाहाललाई ०५८ फागुन २९ गते जिल्ला शिक्षा कार्यालयमार्फत् वोलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई चैत १ गतेदेखि नजरवन्दमा राखी ०५९ जेठ १५ गते जिल्ला प्रशासन कार्यालय झापामा हाजिर हुने

गरी ०५९ वैशाख ३१ गते तारेखमा रिहा गरे।

स्याबुन गाविस-४ कुसुवाकी १७ वर्षीय मालती गिरीलाई माओवादीको आरोपमा ०५८ चैत ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हेलिकप्टरबाट सदरमुकाम ल्याई सुरक्षाकर्मीको हिरासतमा राखी चैत १३ गतेदेखि नजरबन्दमा राखियो र ०५९ पुस ११ गते रिहा गरियो।

मावादीन गाविस-९ फाविङका शिक्षक ३७ वर्षीय केशव कार्कीलाई ०५८ चैत १३ गते सुरक्षाकर्मीले जिल्ला शिक्षा कार्यालयमा बोलाई जिल्ला प्रशासन कार्यालय पठाएकोमा त्यहीँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई चैत १४ गतेदेखि नजरबन्दमा राखी ०५९ असार ४ गते तारेखमा रिहा गरियो।

माटी गम्वेनी गाविस-३ का शिक्षक ५१ वर्षीय भानुभक्त दाहाललाई माओवादीको आरोपमा ०५८ चैत १४ गते जिल्ला शिक्षा कार्यालयमा बोलाई जिल्ला प्रशासन कार्यालय पठाइएकोमा त्यहीँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितलाई ०५९ असार ४ गते तारेखमा रिहा गरियो।

धादिङ जिल्ला छत्रे देउराली ३७ वर्षीय बाबुराम भट्टराईलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५८ चैत २४ गते जलजला गाविस-८ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी लछार पछार गर्दै नजिकै मारिएका एक माओवादीको लास छेउसम्म पुर्‍याई त्यसैगरी मारिदिने धम्की दिई कुटपिट गरे। पीडित सडक निर्माणका लागि गैह्रसरकारी संस्थामा कार्यरत थिए। पीडितलाई सोही दिन तारेखमा रिहा गरियो।

धुपु गाविस-६ का गाविस उपाध्यक्ष ३८ वर्षीय पुष्पलाल कालाखेती र ४५ वर्षीय पूर्णमान भट्टराईलाई माओवादीको आशंकामा ०५९ वैशाख ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई खाँदबारी-१० स्थित सैनिक क्याम्पमा हाजिर हुन पठाइएकोमा वैशाख १० गते तारेखमा रिहा गरियो।

खाँदबारी नपा-३ मानेभञ्ज्याङका माओवादी कार्यकर्ता झोकबहादुर गुरुङलाई ०५९ वैशाख ८ गते सुरक्षाकर्मीको गस्ती टोलिमाथि आक्रमण गरी भाग्दै गर्दा सोही नपा-५ भोटेबासबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई गिरफ्तारपछि कुटपिट गरी दाहिने खुट्टा भाँचिदिएकाले खाँदबारी अस्पतालमा उपचार गरी ०५९ वैशाख २७ गतेदेखि नजरबन्दमा राखेर ०५९ साउन २३ गते रिहा गरियो।

पाथिभरा गाविस-४ का शिक्षक ३७ वर्षीय नोकुल राईलाई माओवादीको आरोपमा ०५९ वैशाख २१ गते खाँदबारी नपा-१० नयाँबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी वैशाख २४ गते देखि नजरबन्द गरिएकोमा ०५९ असार १३ गते रिहा गरियो।

आँखिभुइँ गाविस-६ का शिक्षक तथा नेपाल समाचारपत्र दैनिकका सम्वाददाता गुरुप्रसाद नेपाललाई ०५८ चैत १८ गते जिल्ला प्रशासन कार्यालयबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई वैशाख २५ गते हिरासबाट तारेखमा मुक्त गरियो। पीडितलाई ०५९ वैशाख २८ गते पुनः सुरक्षाकर्मीले हिरासतमा लिई वैशाख २९ गते जिल्ला प्रशासन कार्यालयमा लगेकोमा त्यहीँबाट नजरबन्दमा राखेर असार १३ गते जिल्ला प्रहरी कार्यालयमा हाजिर हुने गरी तारेखमा रिहा गरियो। पीडित हालसम्म तारेखमा छन्।

नुम गाविस-२ मासिमाका ३८ वर्षीय चन्द्रबहादुर गुरुङलाई माओवादीको आरोपमा ०५९ जेठ १८ गते खाँदबारी नपा-१० नयाँबजार स्थित घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी आँखा छोपी, हात बाँधेर कुटपिट गरे। पीडितलाई भूईंमा लडाएर वरिपरि फायरिङ समेत गरियो र भोलिपल्ट रिहा गरियो।

खाँदबारी नपा-२ नर्कटेका ५६ वर्षीय टेकबहादुर घिमिरेलाई माओवादीको आशंकामा ०५९ साउन १३ गते आफ्नै घरबाट सुरक्षाकर्मीले भरूवा बन्दुक सहित गिरफ्तार गरी साउन १४ गतेदेखि नजरबन्दमा राखिएकोमा असोज ९ गते तारेखमा रिहा गरे।

धुपु गाविसका गिताप्रसाद पन्तलाई माओवादीको आरोपमा ०५९ साउन १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी साउन २३ गतेदेखि नजरबन्दमा राखेर भदौ १७ गते तारेखमा रिहा गरे।

शितलपाटी गाविस-१ का पिताम्बर गौतम, सोही गाविस-५ का भुवनसिं राई, धनराज अधिकारी, सुरेश दाहाल, सलबहादुर वि.क., सोही गाविस-४ का चेतबहादुर श्रेष्ठ, सोही गाविस-६ का श्यामबहादुर राई र सोही गाविस-५ का जितेन विश्वकर्मालाई माओवादीको आरोपमा ०५९ साउन २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये पिताम्बर, भुवनसिं र श्यामबहादुरलाई रिहा गरियो भने २४ गते धनराज, सुरेस र जितेनलाई नजरबन्दमा राखियो। धनराजलाई असोज ९ गते, जितेनेलाई असोज २५ गते र सुरेसलाई कार्तिक १२ गते तारेखमा रिहा गरियो। ०५९ भदौ १६ गतेदेखि नजरबन्दमा राखिएका सलबहादुर वि.क. र चेतबहादुर श्रेष्ठलाई हालसम्म नजरबन्दमा राखिएको छ। पीडितहरूलाई हिरासतमा शारीरिक र मानसिक यातना दिइयो।

खाँदबारी नपा-१० सिलेका फणिन्द्र भुवन अधिकारीलाई माओवादीको आरोपमा ०५९ साउन २६ गते सुरक्षाकर्मीले जिल्ला शिक्षा कार्यालयबाट गिरफ्तार गरे। पीडितलाई २४ घण्टा सैनिक हिरासतमा र २४ घण्टा प्रहरी हिरासतमा राखी साउन २८ गतेदेखि नजरबन्दमा राखियो र असोज ९ गते तारेखमा रिहा गरियो।

चेपुवा गाविस-९ स्थित दुधपोखरी प्राविका शिक्षक पिम्बा छिदर भोटेलाई ०५९ भदौ १० गते जिल्ला शिक्षा कार्यालयमा शिक्षण अनुमति प्रमाणपत्र लिन आउँदा माओवादीको आशंकामा कार्यालयबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई रिहा गरिएको छ।

वाह्रबिसे स्थित त्रिवेणी माविका शिक्षक धुपु गाविस-९

का टिकादत्त गुरुगाईंलाई माओवादीको आरोपमा ०५९ भदौ १४ गते स्वाँदवारी नपा-१ वाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भदौ १५ गतेदेखि नजरवन्दमा राखी मंसिर ९ गते रिहा गरियो।

नुम गाविस-२ का ४१ वर्षीय शिक्षक जितमान गुरुङलाई माओवादीको आरोपमा ०५९ भदौ १६ गते जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भदौ २४ गतेदेखि हालसम्म नजरवन्दमा राखिएको छ।

पाथिभरा गाविस-४ का शिक्षक रणकुमार पराजुलीलाई माओवादीको आरोपमा ०५९ भदौ २३ गते जिल्ला प्रशासन कार्यालय स्वाँदवारीवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भदौ २६ गतेदेखि नजरवन्दमा राखिएकोमा मंसिर ९ गते रिहा गरियो। पीडितलाई पुनः मंसिर २६ गते स्वाँदवारी नपा-१० नयाँबजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरी २७ गतेदेखि नजरवन्दमा राखियो।

स्वाँदवारी नपा-१२ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य एवं हिमालय उच्च मावि‌का प्राचार्य ४४ वर्षीय मातृकाप्रसाद निम्सिनालाई माओवादीको आशंकामा ०५९ भदौ ३१ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई असोज १ गते देखि नजरवन्दमा राखिएकोमा मंसिर २७ गते रिहा गरियो।

स्वाँदवारी नपा-३ मरुवाका १९ वर्षीय नर्कबहादुर घिमिरेलाई माओवादीको आशंकामा ०५९ असोज १७ गते प्रहरीले स्वाँदवारी नपा-१ वाट गिरफ्तार गरे। पीडितलाई असोज २२ गते तारेखमा रिहा गरियो।

स्वाँदवारी नपा-१० गम्चेका २३ वर्षीय उमेश कार्कीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ असोज १८ गते सुरक्षाकर्मीले सोही नपा-१ पोस्वरी वजारवाट गिरफ्तार गरी २२ गते रिहा गरे। हाल तारेखमा राखिएको छ।

स्वाँदवारी नपा-११ ढुङ्गेधाराका नेपाल समाचारपत्र दैनिकका सम्वाददाता ३४ वर्षीय इन्द्र गिरीलाई ०५९ असोज २० गते सुरक्षाकर्मीले सोही नपा-१ पोस्वरीवजारवाट गिरफ्तार गरे। पीडितलाई असोज २४ गते तारेखमा रिहा गरियो।

हटिया गाविस-२ का नुर्बु लामालाई माओवादीको आरोपमा ०५९ मंसिर ३ गते सुरक्षाकर्मीले स्वाँदवारी नपा-१ स्थित डेरावाट गिरफ्तार गरे। पीडितलाई मंसिर ९ गतेदेखि नजरवन्दमा राखिएको छ।

धुपु गाविस-१ का जितवहादुर आलेलाई माओवादीको आरोपमा ०५९ मंसिर ५ गते सुरक्षाकर्मीले स्वाँदवारी नपा-१ स्थित डेरावाट गिरफ्तार गरे। पीडितलाई मंसिर ९ गतेदेखि नजरवन्दमा राखिएको छ।

धुपु गाविस-९ फाक्चुवाका नेत्र चिमरीयालाई माओवादीको आरोपमा ०५९ मंसिर ५ गते स्वाँदवारी नपा-१ स्थित आफ्नै डेरावाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर ७ गते हिरासतवाट रिहा गरियो।

भोजपुर चरम्वी गाविस-७ की २३ वर्षीय मञ्जु राईलाई माओवादीको आरोपमा ०५९ मंसिर ५ गते स्वाँदवारी नपा-१ हस्पीटल टोलवाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर ९ गतेदेखि हालसम्म नजरवन्दमा राखिएको छ।

धुपु गाविस-३ का सूर्य वोर्डिङ स्कूलका शिक्षक २१ वर्षीय गिरीराज पोर्तेललाई माओवादीको आशंकामा ०५९ मंसिर ६ गते स्वाँदवारी नपा-१ वाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई मंसिर ७ गते दैनिक तारेखमा रिहा गरियो।

पाथिभरा गाविस-६ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य सुरेशकुमार राईलाई ०५९ मंसिर २३ गते सादा पोशाकका सुरक्षाकर्मीले स्वाँदवारी नपा-१० मंगलादेवीस्थानवाट गिरफ्तार गरे। पीडितलाई मंसिर २७ गतेदेखि नजरवन्दमा राखियो।

स्वाँदवारी नपा-९ तल्लो पाँठाका २५ वर्षीय छत्रवहादुर आचार्यलाई माओवादीको आरोपमा ०५९ पुस १ गते सुरक्षाकर्मीले स्वाँदवारी नपा-१ वाट गिरफ्तार गरे। पीडितलाई पुस ११ गतेदेखि नजरवन्दमा राखिएको छ।

कुलुङ गाविस-७ ठोट्नेरीका चेनवहादुर थापालाई ०५९ पुस २ गते आत्मसमर्पण गर्न आउँदा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस ११ गतेदेखि नजरवन्दमा राखियो।

यस वाहेक अन्य २४ जना पुरुषलाई पनि गिरफ्तार गरियो। जसमध्ये १३ जनालाई सोही दिन, ४ जनालाई भोलिपल्ट, २ जनालाई २ दिनपछि, २ जनालाई ३ दिनपछि, २ जनालाई ४ दिनपछि र १ जनालाई ५ दिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

मकालु गाविस-६ सेंदुवावाट ०५९ असार १७ गते माओवादीले वृद्धवृद्धा तथा विधवा भत्ता वितरण गर्न लगिएको रकम २५ हजार ४ सय २० रूपैयाँ गाविस सचिव मुरारी निरौलावाट लुटेर लगे।

विविध कारणले विस्थापित भएको जनाउँदै ८५ जनाले भत्ताका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएकोमा १४ जनाले प्राप्त गर्दै आएका छन्। ती मध्ये केही समयपछि २ जना घर फर्कन लागेको वुझी उनीहरुको रकम रोक्का गरियो।

बालअधिकार

सिद्धकाली गाविस-५ स्थित शारदा माविमा ०५८ फागुन १७ गते माओवादीले गेट वनाई तुलवम समेत राखेका कारण फागुन १८, १९ र २० गते विद्यालय वन्द रह्यो।

विविध

संरचना क्षति

यस जिल्लाका १२ वटा गाविस भवन माओवादीले पूर्ण

रूपमा ध्वस्त पारे। त्यसैगरी ४ इलाका हुलाकमा आगो लगाई तथा तोडफोड गरी ६२ हजार ८ सय ८० रूपैयाँ बराबरको क्षति पुऱ्याए भने ३ अतिरिक्त हुलाकका सामानहरू जलाई १३ हजार ५ सय रूपैयाँ बराबरको क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लामा झुण्डिएर १ पुरुष र ४ महिलाले आत्महत्या गरे। विष सेवन गरी एक जना पुरूषले आत्महत्या गरे। लडेर ३ जनाको मृत्यु भयो भने सवारी दुर्घटनामा परी एक नावालक मजदूरको मृत्यु भयो। मिलमा दुर्घटनामा परी एक महिलाको मृत्यु भयो भने एक जना सवारी चालकको लास फेला पऱ्यो।

१.११ सप्तरी



जनसंख्या	: ५७७४३८
साक्षरता प्रतिशत	: ३९
महिला साक्षरता प्रतिशत	: १७
क्षेत्रफल (वर्ग कि. मि.)	: १३६३
गाविस / नपा संख्या	: ११४/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३१५
क्याम्पस / उच्च मा.वि.	: १/७
अस्पताल / स्वास्थ्य चौकी	: १/११८
टेलिफोन लाइन	: १९१५
मोटर सडक (कि. मि.)	: ३३०
प्रहरी कार्यालय संख्या	: ४२
हुलाक संख्या	: ११६
मानव विकास सूचकांक	: ०.३७४
प्रति एक डाक्टर जनसंख्या	: २८५१४
प्रति परिवार सरदर संख्या	: ५.६४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धनुषा जिल्ला धनुषाधाम-७ का नेकपा (माओवादी) का नेता अजवलाल यादवलाई ०५७ चैत ९ गते रायपुर गाविस-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे। पीडित मुठभेडमा मारिएको सुरक्षानिकायले जनायो।

रायपुर गाविस-१ पैवागाउँनजिक खाडो खोलामा एक अज्ञात व्यक्तिलाई ०५८ चैत ९ गते सुरक्षाकर्मीले मुठभेड भनी गोली हानी हत्या गरे। पीडित माओवादी नेता वेदप्रसाद भट्टराई रहेको सार्वजनिक गरियो।

फत्तेपुर गाविस-३ स्थित जंगलमा एक अज्ञात व्यक्तिलाई माओवादीको आरोपमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित माओवादी छापामार भएको बताइयो। लास कसैलाई हेर्न दिइएन।

मलेकपुर गाविस-५ खुरहुरियाका अशोक भनिने विनोदकुमार यादव र सुरज भनिने नाम नखुलेका ३५ वर्षीय एक व्यक्तिलाई ०५९ असोज ३ गते भारदह गाविस-९ भलुवामा सुरक्षाकर्मीले हत्या गरे। उक्त घटनालाई सुरक्षाकर्मीले मुठभेडमा मारिएको जनायो।

मोरङ जिल्ला विराटनगर उमनपा-१३ का किरण क्षेत्री र सुनसरी जिल्ला मधेसा गाविस-८ का ३७ वर्षीय सुरेश चौधरीलाई ०५९ मंसिर २५ गते छिन्नमस्ता सशस्त्र प्रहरी गण बरमझियाका प्रहरीले कटारीबाट विराटनगरतर्फ गइरहेको बसमाथि माओवादी चढेको आशंकामा अन्धाधुन्ध गोली चलाउँदा गोली लागी मृत्यु भयो। उक्त घटनामा भारदह गाविस-९ की मुनियादेवी यादव र हनुमाननगरका बिहारीप्रसाद शारदा लगायतका व्यक्ति घाइते भए। गुडिरहेको बस पछाडि बम पड्केको आवाज आएपछि माओवादीले बस चढेर आक्रमण गर्न आएको आशंकामा उक्त घटना भएको प्रत्यक्षदर्शीले बताए।

माओवादीबाट

जण्डौल गाविस-१ का गाविस अध्यक्ष भोलानाथ चौधरीलाई ०५९ जेठ १६ गते स्थानीय हाट बजारमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

गोलीद्वारा घाइते

राज्यबाट

वदगामा गाविस-३ का ४२ वर्षीय शिवनन्दन यादवलाई ०५९ भदौ २६ गते मोटरसाइकल रोक्न खोज्दा नरोकेको भनी प्रहरीले गोली हानी घाइते बनाए। पीडितलाई उपचारपछि हिरासतमा राखी केही दिनपछि रिहा गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	४	१	५	१	१		१	६	९	१	१०
घाइते	१	२		२	२	२		२	२	२	१	३
बम विस्फोटन					१		१	१				
गिरफ्तारी/यातना									३४	४०	२	४२
बेपत्ता									३	२		२
कुटपिट	५	४	१	५					१	१		१
धम्की									१	१		१
महिला अधिकार	४		५	५								
आर्थिक/सामाजिक अधिकार									२	३		३
अपहरण	१		४	४								
जम्मा	१४	१०	११	२१	४	३	१	४	४९	५८	४	६२

माओवादीबाट

गोंइठी गाविस-१ का ६५ वर्षीय वासुदेव यादव र ३८ वर्षीय सोभिनलाल यादवलाई सुराकीको आरोपमा ०५९ भदौ ३० गते माओवादीले गोली हानी घाइते बनाए।

राजविराज नपा-१ का हटियामा माओवादीले राखेको बम ०५९ कार्तिक २४ गते विस्फोटन हुँदा इटहरी विष्णुपुर गाविस-७ का विजली राय घाइते भए।

जेल र बन्दीहरू

"ग" श्रेणीको सप्तरी जेलको क्षमता १ सय ५५ छ। हाल यस जेलमा कैद तोकिएका ५१, नतोकिएका ४६ र नजरबन्दमा २० गरी १ सय १७ जना बन्दी छन्। जेलभित्र अनौपचारिक शिक्षा लागू गर्नुपर्ने, स्थायी विद्यालयको व्यवस्था गरिनु पर्ने, खेलकूदका सामाग्री उपलब्ध हुनुपर्ने, पत्रपत्रिका नियमित गरिनु पर्ने माग बन्दीहरूको छ। जेल पुनर्निर्माण गर्नुपर्ने, औषधीका लागि पर्याप्त बजेट व्यवस्था गरिनु पर्ने, सुरक्षाकर्मीसरह जेल प्रशासनलाई तालिम दिइनु पर्ने धारणा जेलर होमनाथ खत्रीको छ।

बेपत्ता /अपहरण

राज्यबाट

फत्तेपुर गाविस-९ का ३५ वर्षीय द्वारिका निर्मल्सिनालाई माओवादीको आरोपमा ०५८ फागुन १९ गते कमलपुर गाविस-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई सादा पोशाकमा सरकारी मोटर साइकलमा चढेर आएका मानिसले लगेको प्रत्यक्षदर्शीले बताए। पीडितको अवस्था अज्ञात छ।



बेपत्ता पारिएका द्वारिका निर्मल्सिना

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

कंचनपुर गाविस-४ का ४० वर्षीय रामचन्द्र रावतलाई ५ दिने नेपाल बन्दमा पसल बन्द गरेको आरोपमा ०५९ वैशाख ११ गते प्रहरीले आफ्नै पसल अगाडि कुटपिट गरे। पीडितलाई एक रात हिरासतमा राखि रिहा गरियो।

देउरी गाविस-२ का गाविस सचिव ताहिर हुसेनलाई घूस खान खोजेको आरोपमा ०५९ पुस ५ गते सीडीओ रामकृष्ण भुर्तेलले हाजिर हुन आएको बेला कार्यालयमै कुटपिट गरे।

अन्यबाट

जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारी चित्रप्रसाद देवकोटालाई ०५९ भदौ ७ गते नेकाका कार्यकर्ताहरूले आफूले भनेको नमानेको आरोपमा कार्यालयमा कुटपिट गरे।

त्रिकौल गाविस-८ का सुवालाल साह र उनकी आमा ७० वर्षीय बौलीदेवी साहलाई बोक्सा-बोक्सी भएको आरोपमा ०५९ वैशाख २६ गते सोही ठाउँका जोगेन्द्र साह र महेन्द्र साहले कुटपिट गरे। पीडकहरूले उनीहरूलाई बहिष्कार गर्ने निर्णय गरेपछि पीडकलाई गिरफ्तार गरी मिलापत्र गर्ने शर्तमा रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सप्तरी जिल्ला अदालतमा यस वर्ष दर्ता भएका ३ हजार ६ सय ६२ वटा र जिम्मेवारी सरेर आएका १ हजार ९ सय ९१ वटा गरी जम्मा ५ हजार ६ सय ५३ वटा मुद्दा रहे। ३ हजार ७ सय ९ वटा मुद्दा फर्स्योट भई १ हजार ९ सय ४४ मुद्दा फर्स्योट हुन बाँकी छन्। जसमध्ये ८४ मुद्दा दुई वर्षका छन्। देवानी १ हजार ५ सय २६, फौज्दारी निर्वाचन बदर १, व्यक्तिवादी फौज्दारी ३ सय ६९ र सरकारी फौज्दारी ४८ फर्स्योट हुन बाँकी छ।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

त्रिकौल गाविस-९ का ३२ वर्षीय लखन साफीलाई माओवादीको आरोपमा ०५८ पुस १९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

सिरूवावेतही गाविस-८ का ५२ वर्षीय वुद्धिलाल चौधरी र राजविराज नपा-५ का ४६ वर्षीय तारानन्द यादवलाई माओवादीको आरोपमा ०५८ पुस १९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएकोमा हाल रिहा गरिएको छ।

मलेठ गाविस-६ का रमेशकुमार यादवलाई ०५८ पुस १९ गते प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखिएकोमा हाल मुक्त गरियो।

गोइठी गाविस-५ का १२ वर्षीय हरिप्रसाद साहलाई बाबु नारायणप्रसाद साह माओवादीमा संलग्न भएको आरोपमा ०५८ पुस २० गते गाउँलेहरूले हातखुट्टा बाँधी प्रहरीमा बुझाए। पीडितलाई ५ दिनसम्म हिरासतमा राखी मुक्त गरियो।

राजविराज नपा-९ का सिसवा वेलही माविका शिक्षक महेशकुमार भुजेललाई ०५८ पुस २३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ४ महिनासम्म नजरबन्दमा राखी रिहा गरियो।

बनौला गाविस-७ का ३० वर्षीय निन्यानन्द माझीलाई माओवादीको आरोपमा ०५८ माघ २ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

मधवापुर गाविस-६ का २६ वर्षीय बिजुलीकुमार मण्डललाई माओवादीको आरोपमा ०५८ माघ ९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ५ दिनसम्म हिरासतमा राखी ७ दिने तारेखमा रिहा गरियो।

फत्तेपुर गाविस-६ का गोपाल दर्जी र गोविन्द योगीलाई ०५८ माघ २५ गते प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई १६ दिनसम्म हिरासतमा राखी ७ दिने तारेखमा मुक्त गरियो।

पोर्नाहा गाविस-३ का ३५ वर्षीय रामसेवक यादवलाई माओवादीको आरोपमा ०५८ फागुन ५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा यातना दिएका कारण अस्वस्थ भएपछि उपचारका लागि रिहा गरियो।

हरिहरपुर गाविस-२ का संजमो समर्थित अनेरास्ववियुका केन्द्रीय सदस्य असर्फी सदालाई ०५८ फागुन १० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

फत्तेपुर गाविस-९ का राधाकृष्ण विष्टलाई माओवादीको आरोपमा ०५८ फागुन १२ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई २० दिनपछि रिहा गरियो।

फत्तेपुर गाविस-९ का दुर्गा आचार्यलाई माओवादीको आरोपमा ०५८ फागुन १४ गते प्रहरीले गिरफ्तार गरेकोमा १५ दिनपछि रिहा गरियो।

फत्तेपुर गाविस-८ का शम्भु दाहाललाई आतंककारी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ फागुन १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई २२ दिनपछि रिहा गरियो।

प्रसवनी गाविस-८ का ३५ वर्षीय वैजनाथ मण्डललाई माओवादीको आरोपमा ०५८ फागुन १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ३ दिन हिरासतमा राखी ७ दिने तारेखमा रिहा गरियो।

फत्तेपुर गाविस-९ का रेवती तिम्सिनालाई माओवादीको आरोपमा ०५८ फागुन २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

फत्तेपुर गाविस-९ का मदन लेखीलाई माओवादीको आरोपमा ०५८ फागुन २८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई १३ दिनपछि रिहा गरियो।

फत्तेपुर गाविस-९ का आशाराम चौधरी र लक्ष्मी चौधरीलाई आतंककारी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ फागुन २८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखी संकटकाल समाप्त भएपछि रिहा गरियो।

फत्तेपुर गाविस-८ का विशेश्वर विश्वकर्मा र हृदयनारायण चौधरीलाई ०५८ फागुन २९ गते प्रहरीले अनुसन्धानको लागि घरबाट गिरफ्तार गरी ५ दिनपछि रिहा गरे।

रायपुर गाविस-१ का नेफरीदेवी यादवलाई घरमा माओवादीको बैठक गर्न दिएको आरोपमा ०५८ चैत ९ गते प्रहरीले गिरफ्तार गरी २२ दिनपछि रिहा गरे।

रायपुर गाविस-१ का तत्कालीन वडाध्यक्ष देवनारायण यादवलाई माओवादीको आरोपमा ०५८ चैत ९ गते घरबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेकोमा पीडितलाई हाल राजविराज जेलमा नजरबन्दमा राखिएको छ।

घोघनपुर गाविस-८ का गोपाल दाहाललाई घरमा माओवादीलाई बैठक बस्न दिएको आरोपमा ०५९ वैशाख ११ गते प्रहरीले गिरफ्तार गरेकोमा १३ दिनपछि रिहा गरे।

ओदाहा गाविस-७ का गाविस अध्यक्ष रवीन्द्र चौधरीलाई कोशी सरोकार समूहलाई सघाएको आरोपमा ०५९ वैशाख २१ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा मानसिक यातना दिई १३ दिनपछि रिहा गरे।

जण्डौल गाविस-५ का छोटेलाललाई माओवादी भई

गाविस अध्यक्षको हत्यामा संलग्न रहेको आरोपमा ०५९ जेठ १८ गते प्रहरीले गिरफ्तार गरेकोमा हिरासतमा यातना दिई १५ दिनपछि रिहा गरे।

माधवापुर गाविस-३ का महेन्द्रप्रसाद यादवलाई आतंककारी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ जेठ २० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हालसम्म नजरबन्दमा राखिएको छ।

फत्तेपुर गाविस-९ का दिपक लेखीलाई आतंककारी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ जेठ २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

मैनाकडेरी गाविस-५ की ४० वर्षीय इन्दुदेवी यादवलाई पनि माओवादीमा संलग्न भएको आरोपमा ०५९ असार १३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ७ दिन हिरासतमा राखी रिहा गरियो।

फत्तेपुर गाविस-८ का रामेछाप जिल्लामा कार्यरत शिक्षक बलराम यादवलाई माओवादी भएको आरोपमा ०५९ असार २८ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी एक हप्तापछि रिहा गरियो।

यस बाहेक यस वर्ष अन्य ६ जना पुरूषलाई माओवादी गतिविधिमा संलग्न भएको र सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे, जसमध्ये १ जनालाई ३ दिनपछि, ४ जनालाई ५ दिनपछि र १ जनालाई १ महिनापछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोगले अन्तिम पटक वास्तविक सुकुम्बासी १ सय ४२ जना र अव्यवस्थित बसोबास भएका १ सय ३० जनालाई १३-१२-१९ जग्गा वितरण गर्‍यो। ३ सय ७९ वास्तविक सुकुम्बासी र ४ सय ६४ अव्यवस्थित बसोबास गरी ९ सय ४३ निर्णय तथा अनुमोदन भई जग्गा वितरण गर्न बाँकी रहेको र ५ सय २१ वास्तविक र ६ सय ९४ अव्यवस्थितको निर्णय भई अनुमोदन हुन बाँकी छ। हालसम्म २८ गाविस र १ नगरपालिकामा लगत संकलन गरिसकिएकोमा २२ हजार ३ सय १३ निवेदन परेको र १ हजार २ सय १५ ठहर भएको भूमिसुधार कार्यालयका अधिकृतले बताए।

बालअधिकार

फत्तेपुर गाविस-९ का ९ वर्षीय र ११ वर्षीय गरी २ जना बालकलाई सोही ठाउँका एक व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे भने ११ वर्षीय एक अर्को बालकलाई घाइते बनाए।

महिला किनबेच

बकधुवा गाविस-९ का ५२ वर्षीय सुकुमाया परियारलाई बोक्सीको आरोपमा ०५८ चैत १४ गते आफ्नै छोरा हर्कबहादुर परियार र बुहारी धनिदेवी परियारले कुटपिट गरे। पीडकलाई मनकामना बचत समूहका महिलाहरूले माफी माग्न लगाए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघ, सप्तरीले पत्रकार कृष्ण सेनको प्रहरी हिरासतमा भएको मृत्युबारे छानबिनका लागि न्यायिक आयोग गठन गर्नुपर्ने माग राखी ०५९ असार ३१ गते कालो पट्टी बाँधी विरोध जनायो।

नेपाल पत्रकार महासंघ, सप्तरीले पत्रकार विरूद्ध भइरहेको ज्यादतिको विरोध गर्दै ०५९ साउन ३० गते एक र्‍यालीको प्रदर्शन गर्‍यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष ५ महिला र २ पुरूषले आत्महत्या गरे। सडक दुर्घटनाका ६ वटा घटनामा ४ महिला र ५ पुरूष गरी ९ जना, आगलागीका ३ घटनामा २६ पुरूष र १९ महिला गरी ४५ जना, विष सेवन गरी २, लडेर १ जना र माटोले पुरिएर १ जनाको मृत्यु भयो।

१.१२ सिराहा

जनसंख्या	: ५७२५५१
साक्षरता प्रतिशत	: ४०.३१
महिला साक्षरता प्रतिशत	: २६.८०
क्षेत्रफल (वर्ग कि. मि.)	: ११८८
गाविस / नपा संख्या	: १०६/२
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३६६
क्याम्पस / उच्च मा.वि.	: २/५
अस्पताल / स्वास्थ्य चौकी	: २/११२
टेलिफोन लाइन	:
मोटर सडक (कि. मि.)	: १४४
प्रहरी कार्यालय संख्या	: १८
हुलाक संख्या	: ९८
मानव विकास सूचकांक	: ०.३५०
प्रति एक डाक्टर जनसंख्या	: ६३३२०
प्रति परिवार सरदर संख्या	: ५.७२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धनुषा जिल्ला खरूक्याही गाविस-७ की गोलियादेवी पासवानलाई ०५८ पुस २३ गते कालावंजर गाविस स्थित आफन्तकोमा बसेको बेला सुरक्षाकर्मीले गिरफ्तार गरी सोही गाविसदेखि केही पश्चिम कमला नदी नजिक हत्या गरे। पीडितलाई भाग्न खोज्दा मुठभेड भई मारिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

अर्नमा लालपुर गाविस -१ का अधिकलाल खत्वे मण्डललाई ०५८ फागुन ३ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित माओवादी भएको र सो समयमा दोहोरो भिडन्तमा मारिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

नहररिगोल गाविस-५ का २९ वर्षीय दुर्गानन्द मोची चमारलाई ०५८ फागुन २१ गते लाहानदेखि केही पूर्व वलान खोलानजिक सुरक्षाकर्मीले गोली हानी हत्या गरे। रक्षा मन्त्रालयको विज्ञप्तिमा पीडितको दोहोरो भिडन्तमा प्रहरीको गोली लागि मृत्यु भएको उल्लेख गरियो।

हकपारा गाविस-४ का ४० वर्षीय राजलाल यादवलाई माओवादी भएको आरोपमा ०५९ वैशाख ६ गते दिउँसो वडिढ्या भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको सोही दिन बेलुका फुलवरिया गाविसस्थित घुर्मी खोला नजिक सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। जिल्ला प्रशासन कार्यालयले दोहोरो भिडन्तमा मारिएको जनायो।

महेशपुर पतारी गाविस महेशपुरका कारी भनिने परमानन्द यादव, लक्ष्मीदास तत्मा र घुरन यादवलाई ०५९ वैशाख २४ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मी खोजतलासको अभियानमा गएको बेला पीडितहरूले घेरा तोडी भाग्न लाग्दा गोली लागी मृत्यु भएको सुरक्षानिकायले जनायो।

तनुवापट्टी गाविसका ३० वर्षीय सनिलाल यादवलाई ०५९ वैशाख २५ गते गागन खोलामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित माओवादीमा संलग्न भएको र प्रहरीसँगको दोहोरो मुठभेडमा मारिएको सुरक्षानिकायले जनायो।

विष्णुपुरकट्टी गाविस-६ का ४० वर्षीय ठूले भनिने परमेश्वर महतोलाई माओवादीको आरोपमा ०५९ जेठ १५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडित जेठ १६ गते बिहान लहान नपा-३ स्थित बलान खोला नजिक भिडन्तमा मारिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

फुलवरिया गाविसस्थित घुर्मीखोला नजिक ०५९ जेठ १९ गते बेलुका सुरक्षाकर्मीसँगको दोहोरो भिडन्तमा परी नाम थाहा नभएका एक माओवादी कार्यकर्ताको मृत्यु भएको सुरक्षानिकायले जनायो।

अर्नमा गाविस-७ का किसुन यादवलाई ०५९ असार ९ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित माओवादी भएको र सुरक्षाकर्मीको घेरा तोडी भाग्न लाग्दा गोली लागी मृत्यु भएको सुरक्षानिकायले जनायो।

सिलोर्वा पछवारी गाविस-१ का सुखिया सदायलाई ०५९ असार १५ गते दिउँसो सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई भाग्न खोज्दा गोली हानिएको थियो।

अर्नमा (लालपुर) गाविसका ३५ वर्षीय मोहितलाल रामलाई ०५९ असार २१ गते राति सुरक्षाकर्मीलाई देखी भाग्न खोज्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। गोली लागि घाइते भएका पीडितलाई उपचारका लागि सिराहा अस्पताल लैजाँदा-लैजाँदै बाटोमा मृत्यु भएको थियो।

हकपारा गाविस-८ का तत्कालीन वडाध्यक्ष रामदेव अधिकारीलाई ०५९ असार २९ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित सोही ठाउँमा साइकल मर्मत गर्ने पेशामा संलग्न थिए।

फुल्काहाकट्टी गाविस-२ का भोल्टा यादव, सुखिपुर गाविसस्थित बजारमा कपडा पसल गरी बस्ने वीरेन्द्र यादव र भारत लदनियाका रामसागर स्वर्णकारलाई माओवादीको आरोपमा ०५९ साउन ८ गते प्रहरीले धनगढी गाविसस्थित मुसहर्निया भन्ने ठाउँमा गोली हानी हत्या गरे। पीडितहरूलाई अयोध्यानगर गाविस स्थित कसहा भन्ने ठाउँबाट गिरफ्तार गरिएको थियो।

मनहोर गाविस-३ का ३५ वर्षीय बेचनराम ककडयालाई ०५९ साउन १० गते राति सुखिपुर गाविस-४ गोठाउँ भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित

माओवादी भएको र सुरक्षाकर्मीको खोजतलासका वेला भाग्न खोज्दा गोली लागेको सुरक्षा निकायले जनायो।

औरही गाविसका देवदत्त यादवलाई ०५९ साउन ३० गते दिउँसो लक्ष्मिनिया गाविस-७ स्थित डटारी भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

लक्ष्मीपुर गाविसका राजेन्द्र महतो र रामअवतार राइनको ०५९ साउन ३१ गते राति सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सिक्रोन गाविस-७ का २३ वर्षीय दिनेश यादवलाई ०५९ भदौ १ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। कर्जन्हा गाविस स्थित बाटोमा भएको भिडन्तमा पीडित मारिएको जनाइयो।

अर्नमा गाविस-७ हरकट्टाका ५४ वर्षीय मोहन महतोलाई माओवादीको आरोपमा ०५९ भदौ १ गते विहान सुरक्षाकर्मीहरूले कृष्णापुर गाविसस्थित रंग्याहामा सुतिरहेको अवस्थामा गोली हानी हत्या गरे।

गाढा गाविस-६ का २५ वर्षीय संजय रामलाई माओवादीको आरोपमा ०५९ कार्तिक ४ गते दिउँसो प्रहरीले गोली हानी घाइते वनाएकोमा लाहान अस्पतालमा उपचार गर्दागर्दै सोही दिन दिउँसो २ वजेतिर मृत्यु भयो।

गोविन्दपुर गाविस-८ मलहन्वाका राप्रपा समर्थक ५८ वर्षीय महेन्द्रसिं महतोलाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिराहा नपा-९ ढंगहीका २५ वर्षीय लक्ष्मी यादवलाई ०५९ कार्तिक ८ गते राति अर्थमा गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मौवाही गाविस-१ का २५ वर्षीय अंजिनलाल भनिने राजकुमार यादव, भगवतीपुर नमासुइया गाविसका २० वर्षीय रमेश यादव र २२ वर्षीय शैलेन्द्र यादवलाई ०५९ कार्तिक १२ गते दिउँसो सुरक्षाकर्मीले मौवाही गाविस-१ जटियाही भन्ने ठाउँमा गोली हानी हत्या गरे। सादा पोशाकका केही व्यक्तिहरू प्रहरी भएको थाहा पाई भाग्न लाग्दा प्रहरीले पीडितहरूलाई गोली प्रहार गरेका थिए।

माओवादीबाट

अर्नमा गाविसका उपाध्यक्ष ५० वर्षीय शिवनारायण यादव, उनकै छोरा २३ वर्षीय संजयकुमार यादव, भाई रामप्रसाद यादव र भतिजा विजयकुमार यादवलाई ०५८ चैत ३१ गते राति सोही गाविस-२ स्थित घरबाटै माओवादीले समातेर करीव एक किलोमिटर टाढा खेतमा लगी खुकुरी र गोली हानी हत्या गरे। शिवनारायणको घाँटी र छातीको माथिल्लो भाग एवं हात र खुट्टासमेत धारिलो हतियारले ठाउँ-ठाउँमा काटिएको थियो। पीडितहरू सवै राप्रपा समर्थक थिए।

सोहियाईन गाविस-८ का ५५ वर्षीय असर्फीलाल यादवलाई ०५९ वैशाख ८ गते विहान महादेवा पोर्ताहा गाविसस्थित मिर्जापुर भन्ने ठाउँमा उग्रसेन चौधरीको घरमा धार्मिक कार्यका लागि वसिरहेको अवस्थामा माओवादीले जवर्जस्ती घरदेखि सय मिटर टाढा लगी गोली हानी हत्या गरे।

खरूक्याही गाविस-६ का २८ वर्षीय सुरेश यादवलाई ०५९ भदौ ७ गते वेलुका सोही ठाउँको स्थानीय हाटबाट फर्किरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। पीडित विगत दुई वर्षदेखि सोही गाविस-६ स्थित एकै घरमा काम गरी वसेका थिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट							राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२		२	८	२१	२१	२१	२६	१	१	२८
घाइते	३	४	१	५	१	१	१					
गिरफ्तारी/यातना								१८	३३	३		३६
वेपत्ता								२	६			६
कुटपिट	२	२		२				१	२			२
धम्की								१	१			१
भेला/संगठित हुने अधिकार								१			१	१
महिला अधिकार	३		४	४				१	१			१
वाल अधिकार	१		१	१								
आर्थिक/सामाजिक अधिकार	१	२		२								
अपहरण								१	१			१
जम्मा	१२	१०	६	१६	९	२२	२२	४६	७०	४	२	७६

इलाका प्रहरी कार्यालय मिर्चैयामा कार्यरत सई धनुषाका रामबहादुर के.सी., असईहरू सर्लाहीका कृष्णप्रसाद न्यौपाने र शिवनारायण झा, हवल्दार उदयपुरका कर्णबहादुर केपछाकी, प्रहरी जवान ओखलढुंगाका केशव कार्की, पाँचथरका जोरमान राई, झापाका देवी बस्नेत, प्रभातराज वंशी र मोरङका राजेन्द्र राई ०५९ भदौ २८ गते जीपमा गस्ती गएर कार्यालयतर्फ फर्किरहेको अवस्थामा राधोपुर गाविस स्थित बाटोमा माओवादीले राखेको विद्युतीय धरापमा परी मृत्यु भयो।

भवानीपुर कालाबंजर गाविस-७ का ३५ वर्षीय जलेश्वर रामलाई ०५९ असोज १ गते राति माओवादीले घरमा आई बाहिर बोलाएर केही पर लगी गोली हानी हत्या गरे।

गौरीपुर गाविस-९ का ४० वर्षीय राजलाल यादवलाई ०५९ कार्तिक २२ गते राति ८-९ बजेतिर माओवादीले घरबाट बोलाई केही पर लगेर खुकुरी प्रहार गरी भुईंमा लडेपछि पेटमा गोली हानी हत्या गरे। पीडितलाई उपचारार्थ अस्पताल लैजाँदा-लैजाँदै बाटोमै मृत्यु भयो। पीडितलाई ०५८ असारमा पनि माओवादीले आक्रमण गरेका कारण गाउँ छोडी सदरमुकाममा बस्दै आएका थिए।

लहान नपाका विभिन्न आठ वटा ठूला कार्यालयहरूमा ०५९ मंसिर १८ गते माओवादीले आक्रमण गरी तीन प्रहरीलाई अमानवीय ढंगले गोली हानी हत्या गर्नुका साथै ठूलो भौतिक क्षति पुऱ्याए। मृतक प्रहरीहरूमा इलाका प्रहरी कार्यालय लहानमा कार्यरत माडर गाविसका सई ललिफ खाँ, धनगढी गाविसका असई कुँवर आले मगर र झापा जिल्लाका असई टेकेन्द्रबहादुर कटुवाल थिए। सो घटनामा प्रहरी निरीक्षक रेवती ढकाल घाइते भए। माओवादीले आक्रमणपछि आत्मसमर्पण गराइएका प्रहरीहरूलाई बाँधेर कार्यालय हाताबाहिर सडकमा राखी सबैको नाम, ठेगाना सोधेका थिए।

गोलीद्वारा घाइते

अन्य

अर्नमा गाविस-७ का राजकुमार यादव ०५८ माघ २७ गते बेलुका गौरीपुर लक्ष्मीपुर गाविसबाट फर्किरहेको बेला केही अज्ञात व्यक्तिहरूले चलाएको गोली लागी घाइते भए। पीडितलाई स्थानीय अस्पतालमा उपचार हुन नसकेपछि तत्काले घोपा क्याम्प धरानमा लगियो।

जेल र बन्दीहरू

"घ" श्रेणीको सिराहा जेलको क्षमता १ सय ५० जना छ। यस वर्षको अन्त्यमा यस जेलमा कैद नतोकिएका १ सय ११ पुरुष र कैद तोकिएका ३२ पुरुष र ५ महिला गरी १ सय ४८ जना बन्दीहरू रहे। यस बाहेक १ जना आश्रित नाबालक रहे। यस वर्ष कूल १ सय ७६ बन्दीहरू आएकोमा बीच-बीचमा २७ जना बन्दीहरू मुक्त भए। जेलभित्र बन्दी बस्ने कोठामा बिजुली र पंखाको व्यवस्था गरिएको र पिउने पानीका

अभिव्यक्ति स्वतन्त्रताको मागगर्दै सिरहाका पत्रकारहरूको जुलुस

लागि धारो र ट्युब्वेलको व्यवस्था गरिएको छ। जेलमा बन्दीहरूलाई पढाउनका लागि एक जना प्राथमिक स्तरको शिक्षकको व्यवस्था गरिएको छ। स्वास्थ्य उपचारका लागि एक जना स्वास्थ्य सहायकको व्यवस्था गरिएको छ र साधारण बिरामीको जेलभित्रै उपचार गरिने र जेलभित्र उपचार हुन नसक्ने बिरामीलाई जिल्ला अस्पतालमा लैजाने गरिएको जेलरले बताए। यसै वर्ष सिराहा क्षेत्र नं. ४ का निवर्तमान सांसद हेमनारायण यादवद्वारा जेलमा टिभीको व्यवस्था गरिएको छ।

संकटकाल यता यस वर्ष माओवादी भएको आरोपमा ५१ जनालाई नजरबन्दमा राखियो।

जिल्ला कारागार सिराहामा कर्तव्य ज्यान सम्बन्धी मुद्दामा बन्दी जीवन बिताइरहेकी एक महिला ०५८ जेठ ११ गते राति बिरामी भई सुरक्षाकर्मीले उपचारार्थ लगिएको बेला बलात्कृत भई गर्भ रहेको बताउँदै आएकीमा ०५८ माघ ९ गते जेलमै बच्चा जन्माइन्। पीडितले सोही जेलका सुरक्षाकर्मी प्रहरी हवल्दार सप्तरी बरमझियाका-३ का प्रदीप साहमाथि सो बलात्कारको आरोप लगाउँदै आएकी छन्। तर, प्रहरी हवल्दार भने उक्त आरोप अस्वीकार गर्दछन्। जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत टुकप्रसाद रेग्मीको संयोजकत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरिएको र सो समितिले दोषी को हो भन्ने यकिन नगरे पनि सुरक्षाकर्मीको लापर्वाहीबाट उक्त घटना भएको ठहर गरेको छ। बच्चाको न्वारन गर्न बाबुको नाम उल्लेख गर्नुपर्ने भएको बन्दी महिलाले ०५९ वैशाख ६ गते प्रहरी हवल्दार प्रदीप साहमाथि नाता कायम गरी पाउँ भनी जिल्ला अदालत सिराहामा जाहेरी दिएकी छन्। पीडित महिलाले पत्रकार, मानवअधिकारकर्मी र बुद्धिजीवीहरूलाई सहयोगको लागि पटक-पटक अपेक्षा र अनुरोध गरेता पनि भेटघाट गर्नसमेत प्रशासनिक निकायले रोक लगायो। जिल्ला अदालत, सिराहामा पेशी क्रममा लगिएको बेला अदालत हाताभित्र इन्सेक प्रतिनिधिलाई भेट्न प्रहरीले दिएन। जिल्ला अदालत सिराहामा महिलाको मुद्दा पेशी पटक-पटक सारिए पनि ०५९ मंसिर १५ गते न्यायाधीश तेजबहादुर कार्कीको इजलासले उक्त बालक प्रहरी हवल्दार प्रदीप साहकै भएको

ठहर गर्दै नाता कायम भई न्वागन गराई पाउने फैसला गरेको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

इलाका प्रशासन कार्यालय, लाहानमा कार्यरत प्रकाश काफ्लेलाई ०५९ वैशाख २० गते राति माओवादीले डेराबाट अपहरण गरी ३ घण्टापछि मुक्त गरे। पीडितसँग माओवादीले कार्यालय र अड्डाको विषयमा जानकारी मागेका थिए।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

महादेवा पोर्ताहा गाविसका अध्यक्ष रामनारायण यादव र उनका छोरा २४ वर्षीय दुलिचन्द्र यादवलाई ०५८ पुस २० गते इलाका प्रहरी कार्यालय लाहानका प्रहरी निरीक्षक गोविन्द रामले केही सोधपुछका लागि कार्यालयमा बोलाई अश्लिल शब्द प्रयोग गरी धम्की दिए। पीडित कार्यालय आउनुभन्दा अघि घरमा छापा मारिएको थियो।

सिराहा नपा-२ का ५० वर्षीय रामेश्वर यादव र ४५ वर्षीय भगडु यादवलाई ०५९ साउन २४ गते दिउँसो धानको बीउ लिएर खेतमा गइरहेको अवस्थामा बाटोमा सुरक्षाकर्मीसँग विवाद भएपछि सुरक्षाकर्मीले कुटपिट गरे।



[illegible] मृतक सञ्जयकुमार यादव, रामप्रसाद यादव र विजयकुमार यादव

अन्यबाट

नेनुवापट्टी गाविसस्थित नेपाल मुक्ति समाजका जिल्ला अध्यक्ष रामकिसुन मण्डललाई ०५८ पुस १९ गते सोही गाविसका अध्यक्ष बालेश्वर यादवलगायत् उमेश कुमार यादव, मनोज कुमार यादव, दुखिराम यादवलगायत् केही व्यक्तिहरूले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

नेकांका तर्फबाट निर्वाचित ३६ वटा गाविसका अध्यक्ष र उपाध्यक्षहरूले ०५८ फागुन २७ गते जिविसको आठौं जिल्ला परिषद्को वन्द सत्रको कार्यक्रम बहिष्कार गरे। ३८ जना जनप्रतिनिधिहरूले हस्ताक्षरित गरेको विज्ञप्तिमा आफूहरूलाई बोल्नबाट वञ्चित गराइएको जनाइएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा २ वर्षसम्म फर्स्यौट नभएका ११ दुनियावादी देवानी मुद्दा रहे भने ७ वटा सरकारवादी फौज्दारी र एउटा दुनियावादी फौज्दारी मुद्दा रहे। एक वर्षसम्म फर्स्यौट नभएका कूल ४ सय ५१ मुद्दाहरूमा दुनियावादी देवानी ३ सय ५५, सरकारवादी फौज्दारी २४ र दुनियावादी फौज्दारी ७२ छन्। ६ महिनासम्म फर्स्यौट नभएका कूल मुद्दा ५ सय ७१ मध्ये दुनियावादी देवानी ५ सय १, सरकारवादी फौज्दारी १२ र दुनियावादी फौज्दारी ५८ छन्। यस अदालतमा ०५९ पुस १६ गतेसम्ममा रहेका कूल मुद्दा १ हजार ६ सय ९ मध्ये फर्स्यौट भएका ५ सय ६५ छन् भने फर्स्यौट हुन बाँकी १ हजार ४४ वटा छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कल्याणपुर गाविस-३ का शिवजी पासवान र दीपा

पासवानलाई माओवादीको आरोपमा ०५८ पुस २३ गते राति घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई केही दिन पछि रिहा गरियो।

विष्णुपुरकट्टी गाविस-१ स्थित एक प्राथमिक विद्यालयमा कार्यरत शिक्षक सन्ते भनिने सन्तबहादुर लामालाई माओवादीको आरोपमा ०५८ माघ ४ गते दिउँसो प्रहरीले विद्यालयबाट गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखी केही दिनपछि रिहा गरियो।

विष्णुपुरकट्टी गाविस-१ का ३३ वर्षीय एक महिलालाई माओवादीको आरोपमा ०५८ माघ ४ गते राति प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितका आफन्तलाई पाँच दिनसम्म कुनै जानकारी दिइएन। पछि तारेखमा रिहा गरियो।

सप्तरी जिल्ला घर भई धनगढी गाविस-२ बस्ने ब्रम्हदेव झालाई ०५८ माघ १६ गते राति प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखी केही दिनपछि रिहा गरियो।

विष्णुपुरकट्टी गाविस-८ की मनोनित महिला सदस्य निरमाया तामाङ, सोही ठाउँका गुगली ठाकुर, विजय सिं र सोही गाविस-९ का जगरू महतोलाई ०५८ माघ १७ गते राति प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई केही दिनपछि रिहा गरियो।

सोढियाईन गाविसका शिवु सदाय, रामबाबु सदाय, फेकु सदाय, मुसहरू सदाय र शम्भु यादवलाई ०५८ माघ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सामान्य सोधपुछ पछि रिहा गरियो।

नहरारिगोल गाविस-९ का रामबहादुर यादवलाई माओवादीको आरोपमा ०५८ फागुन १४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई आवश्यक अनुन्धानको लागि गिरफ्तार गरिएको सुरक्षाकर्मीले जनाए। पीडितको हालको अवस्था थाहा भएको छैन।

महादेवा गाविस-७ का वडाध्यक्ष बौका यादव, सोही वडाका मोहननारायण यादव, नारकेश्वर यादव, सोही गाविस-८ का डम्बर यादव र देवनारायण यादवलाई ०५८ फागुन १६ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई केही दिनसम्म आफन्तलाई भेटघाट गर्नसमेत दिइएन। गिरफ्तार गरिएकामध्ये मोहन नारायणलाई गिरफ्तार गरिएकै ठाउँमा शारीरिक यातना दिइएको थियो। पीडितहरूलाई सबैलाई हाल मुक्त गरिएको छ।

नहरारिगोल गाविसका सैनी पासमानलाई०५८ चैत १७ गते बेलुका लाहान हटियाबाट घर फर्कन लागिरहेको अवस्थामा माओवादीको आशंकामा बस स्टेशन नजिकबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई केही दिन नजरबन्दमा राखिएकोमा हाल तारेखमा रिहा गरिएको छ।

बोक्सीको आरोपमा कुटपिट गरिएकी रामसोमारिदेवी

सोढियाईन गाविस-५ का २२ वर्षीय कामेश्वर यादव र मौवाही गाविस-१ का रामपृत यादवलाई ०५९ वैशाख ८ गते बेलुका सोही गाविसको पटना भन्ने ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितको हालको स्थितिबारे थाहा हुन सकेन।

नरेगाना गोविन्दपुर गाविस-८ का चन्देश्वर यादव र श्रीलाल मण्डललाई ०५९ साउन १० गते खोलामा बाढीले बगाएको दाउरा बटुलेको अवस्थामा जिल्ला वन कार्यालयका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

लहान नपा-८ घर भई बस बुकिङमा काम गरिरहेका २४ वर्षीय ज्योति महतोलाई ०५९ साउन २० गते दिउँसो सादा पोशाकमा रहेका प्रहरीसँग विवाद गरेका कारण प्रहरीले गिरफ्तार गरी शारीरिक यातना दिए।

विष्णुपुरकट्टी गाविस-९ का तत्कालीन वडाध्यक्ष राजेश्वर महतो, सोही वडाका जोगेन्द्र महतो र विनोद महतोलाई माओवादीको आरोपमा ०५९ साउन २४ गते राति प्रहरीले गिरफ्तार गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

अयोध्यानगर गाविस-६ कसहाका ८७ वर्षीय गुलाई महतो, मृत्यु भइसकेका मनु महतो र सत्यनारायण महतोका विभिन्न चारवटा कित्तामा रहेको एक विघा, १७ कट्ठा, १५ धुर जग्गा मालपोत कार्यालय, लाहानले वास्तविक जग्गाधनीहरूलाई थहा नदिई नक्कली कागजपत्रका भरमा महोत्तरी जिल्ला पशुपतिनगर गाविसका विल्टु महतो र उनका छोरा सुरेन्द्र महतोका नाममा ०५९ पुस ४ गते दर्ता गऱ्यो। पुस १० गते पीडक महतोहरूलाई इलाका प्रहरी कार्यालय मिर्चैयामा थुनामा राखी आवश्यक कारवाही गरिरहेको जिल्ला प्रशासन कार्यालयले जनायो।

यस जिल्लाका विभिन्न गाविसहरूबाट माओवादीका कारण १८ जना विस्थापित भएको जिल्ला प्रशासन कार्यालयले जनायो। विस्थापित व्यक्तिहरूमध्ये दुई जनाले मासिक भत्ता पाएका छन्।

बालअधिकार

लाहानकी ११ वर्षीय एक बालिकालाई ०५८ चैत २९ गते लाहान प्राविधिक शिक्षालयका शिक्षक विमल देवकोटाले बलात्कार गर्ने प्रयास गरे।

महिला अधिकार

गोविन्दपुर गाविस-५ स्थित झुडकी टोली ३७ वर्षीय मुही सदाय मुसहर्नीलाई



माओवादीद्वारा आक्रमण गरिएको लाहान स्थित इलाका प्रहरी कार्यालय र एक सरकारी गाडी

०५९ साउन २६ गते सोही गाविस-५ का गंगा यादवले विभिन्न प्रलोभन देखाई यौन शोषण गरे। पीडितले नाना कायम गरी पाउँ भनी जिल्ला अदालतमा निवेदन दिइन।

नरहा गाविस-५ का ३६ वर्षीय रामसोमारीदेवी यादवलाई बोक्सीको आरोपमा ०५९ भदौ १४ गते राति सोही गाविस-५ का रामकुमार यादव र २३ वर्षीय दिनेश यादवले मरणासन्न हुने गरी कुटपिट गरे।

विविध

संरचना क्षति

लहान नपा स्थित इलाका प्रहरी कार्यालय, इलाका प्रशासन कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, पूर्वाञ्चल डिभिजन कार्यालय, नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकमा ०५९ मंसिर १८ गते माओवादीले आक्रमण गरी क्षतिग्रस्त बनाए। माओवादीले बैंकबाट ३ करोड २६ लाख रूपैयाँ नगद र करिब १ करोड ६८ लाख रूपैयाँ बराबरको सुनचाँदीका गहना लुट्नुका साथै राष्ट्रिय वाणिज्य बैंकबाट नगद २५ लाख रूपैयाँ र सोही बराबरको गहना लुटेर लगे।

माओवादीले यस जिल्लाका ३२ वटा गाविस भवनहरूमा विभिन्न समयमा आगो लगाई ध्वस्त पारे। वर्छवा गाविसमा भएको जनस्वास्थ्य कार्यालय, रामपुर विर्ता र मल्हनीया गाविसका कार्यालयमा भएको अतिरिक्त हुलाक कार्यालयमा समेत क्षति भयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

लाहान नपा-१ का चमार जातिका मानिसहरूलाई ०५८ चैत १० गते गरिएको नाकाबन्दीको घटनाका दोषीहरूलाई कारवाही हुनुपर्ने माग राख्दै राष्ट्रिय दलित मुक्ति मोर्चा, नेपालले चैत १० गते कालो दिवसको रूपमा मनाए।

तरंगाना गोविन्दपुर गाविस-८ स्थित बलान खोला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष लगायत पाँच जना पदाधिकारी र दुई उपभोक्तालाई वन मासेको भन्ने झुटो आरोप लगाई गैर कानुनी ढंगले थुनामा राखिएको जनाउँदै ०५९ साउन २० गते सामुदायिक वन उपभोक्ता महासंघ, सिराहाले जिल्ला वन कार्यालयमा ज्ञापनपत्र बुझायो।

१.१३ उदयपुर

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

लाफाँगाउ गाविस-९ लाफागाउँ भञ्ज्याङ्गमा ०५८ माघ ६ गते प्रहरी र माओवादीको जम्काभेट हुँदा प्रहरीले चलाएको गोलीबाट सप्तरी जिल्ला फत्तेपुर गाविस खोरियाटोलका २२ वर्षीय टंकबहादुर विष्ट घाइते भएकोमा प्रहरीले पुनः गोली हानी हत्या गरे।

कटुञ्जे बबला गाविस-७ लामिडाँडाका नेकांका सक्रिय सदस्य ४४ वर्षीय डिकबहादुर तामाङलाई माओवादीको आरोपमा ०५८ फागुन १४ गते आफ्नै घरमा खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले "केही कुरा गर्नु छ" भनी घरदेखि केही पर लगी गोली हानी हत्या गरे।

रामपुर गाविस-१ सेतीखोलाका २२ वर्षीय टंकबहादुर गाईलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ फागुन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भारी बोकाई कोशी टप्पु वन्यजन्तु आरक्षणमा लगी फागुन १७ गते गोली हानी हत्या गरे।

रिस्कु गाविसस्थित खाली प्रहरी चौकीमा ०५८ चैत

२२ गते माओवादीले आगो लगाएको सूचना पाएपछि सोही दिन त्यसतर्फ गएका सुरक्षाकर्मीले घटनास्थल नजिक एकजना नौलो मान्छे देखेपछि कुटपिट गर्दै विद्यालय छेउ ल्याएर गोली हानी हत्या गरे। सो घटनामा सिराहा जिल्लाका हिमाल भनिने टिकबहादुर सार्कीको मृत्यु भएको जिल्ला प्रशासन कार्यालयले बताए पनि पीडित सर्लाही जिल्ला लालबन्दीका टिकबहादुर कार्की हुन् भन्ने खुल्न आएको छ।

सिन्धुली जिल्ला टाँडी गाविस-६ घर भई दुधौली गाविस बस्ने ४० वर्षीय गंगाई धामीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले उदयपुरको कटारीस्थित ताराघारी ब्यारेक नजिक गोली हानी हत्या गरे।

त्रिवेणी गाविस-१ सिम्लेका ३५ वर्षीय गंगा भनिने उत्तराकुमारी कटुवाललाई माओवादी आरोपमा ०५९ वैशाख १० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ६ दिनसम्म कटारी गाविसको ताराघारी ब्यारेकमा मानसिक तथा शारीरिक यातना दिई ०५९ वैशाख १६ गते ब्यारेक भित्रै हत्या गरे।



जनसंख्या	: २,८८,१६४
साक्षरता प्रतिशत	: ५३.३१
महिला साक्षरता प्रतिशत	: ४२.१६
क्षेत्रफल (वर्ग कि. मि.)	: २०६३
गाविस / नपा संख्या	: ४४/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३५९
क्याम्पस / उच्च मा.वि.	: २/४
अस्पताल / स्वास्थ्य चौकी	: २/४८
टेलिफोन लाइन	: ४४०
मोटर सडक (कि. मि.)	: २५०
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ४७
मानव विकास सूचकांक	: ०.३५८
प्रति एक डाक्टर जनसंख्या	: ५७५३८
प्रति परिवार सरदर संख्या	: ५.५८

कटारी गाविस-८ का ४५ वर्षीय दुखिलाल अधिकारीलाई माओवादीको आरोपमा ०५९ वैशाख १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन यातना दिई गोली हानी हत्या गरे।

जोगीदह गाविस-९ का अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला सचिव २८ वर्षीय विनोद पोखरेल र हर्देनी गाविस- १ का २७ वर्षीय खड्ग राउतलाई माओवादीको आरोपमा ०५९ जेठ ४ गते सुरक्षाकर्मीले खैजनपुर गाउँबाट गिरफ्तार गरी हत्या गरे।

माओवादीबाट

कटारी गाविस-८ सीसाघारीका २९ वर्षीय शरद राय क्षेत्रीलाई सुराकीको आरोपमा ०५९ साउन २५ गते राति माओवादीले "कमरेड" भन्दै घरबाट बाहिर निकाली केही पर लगेर घाँटीमा धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडित प्रहरी जवानबाट राजीनामा गरेर बसेका व्यक्ति थिए।

बेल्टार गाविस-१ का इलाका प्रहरी कार्यलय बेल्टारमा कार्यरत हवल्दार ४५ वर्षीय गणेश पौड्यालालाई सुराकीको आरोपमा ०५९ भदौ २ गते राति माओवादीले कार्यालय परिसरबाट अपहरण गरी सोही गाविस-६ भुल्के जंगलमा लगी एउटा हात र एउटा खुट्टा भाँची घाँटी रेटेर हत्या गरे।

त्रियुगा नपा-६ खैजनपुरका ५२ वर्षीय देवकी कटुवाललाई सुराकीको आरोपमा ०५९ भदौ ४ गते बेलुका घरमा खाना खाइरहेको अवस्थामा माओवादीले घरबाट बाहिर निकाली घाँटी रेटी हत्या गरे।

जेल र बन्दीहरू

कूल ५० जना बन्दी क्षमता भएको उदयपुर जेलमा हाल ४१ जना बन्दी छन्। बन्दीहरू मध्ये ६ जना ४५ वर्ष माथिका १ जना ७५ वर्षका र अरू सबै सोभन्दा कम उमेरका छन्। जसमध्ये पुरूष कैद नतोकिएका १८ र कैद तोकिएका २३ छन्। यस वर्ष यो जेलमा बढीमा ४४ जना बन्दी पुगे। जेलभित्र टोपी बुन्ने मुढा, झोला तथा पंखा बनाउने व्यवस्था भए पनि उचित बजार व्यवस्थापनको अभावका कारण बन्दीहरू चिन्तित छन्।

जेलमा रहेका ८ वटा शौचालयमध्ये ५ वटामात्र प्रयोगमा आएका छन्। स्वास्थ्यकर्मीको व्यवस्था नभएकोले मासिक २ सय रूपैयाँ तिरेर आवश्यक पर्दा प्राथमिक उपचारका लागि जिल्ला स्वास्थ्य कार्यालयबाट अहेब लगी स्वास्थ्य परीक्षण गर्ने गरिएको र स्थानीय तहमा उपचार नहुने भए सुविधायुक्त जेलमा पठाइने गरेको पाइयो।

जेलको भौतिक अवस्था कमजोर भएकाले छतबाट पानी चुहिने तथा झ्याल, ढोकाहरू पनि पूर्णरूपमा नलाग्ने छ।

जेलमा २ वटा टिभी र २ वटा रेडियो छन्। दैनिक र साप्ताहिक गरी ७ वटा पत्रपत्रिका उपलब्ध गराइएको छ। खेलकूदका सामानमा चेस र क्यारमबोर्ड तथा लुडोको व्यवस्था छ। त्यसमा १ थान रेडियो, चेस र लुडो मानवअधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) ले उपलब्ध गराएको जानकारी बन्दीहरूले दिए।

जेलमा यस वर्ष ५८ जना कैद नतोकिएका र ३१ जना कैद तोकिएका बन्दी आए भने ३८ जना कैद नतोकिएका र ३२ कैद तोकिएका बन्दी रिहा भए।

बेपत्ता /अपहरण

राज्यबाट

हर्दैनी गाविस–८ बमेरीका ३२ वर्षीय गणेशमान कटुवाललाई माओवादीको आरोपमा ०५८ माघ २१ गते प्रहरीले आफ्नै घरबाट गिरफ्तार गरी १० दिनसम्म बेपत्ता पारे। पीडितलाई चोरी गरेको अभियोगमा मुद्दा चलाई ३ महिनापछि रिहा गरियो। पीडीतलाई यातना दिई आफन्तसँग भेटघाट गर्न पनि दिइएन।

माओवादीबाट

रामपुर गाविस–६ का नारद निरौलालाई ०५९ कार्तिक १३ गते मानवअधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) को सामाजिक परिचालक भई आफ्नो कार्यक्षेत्र आँपटारमा काम गरिरहेको अवस्थामा माओवादीले अपहरण गरी विभिन्न मानसिक यातना दिएर ३२ घण्टापछि पोखरी गाविस–१ बाट मुक्त गरे।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

नेकपा (माओवादी) ले आह्वान गरेको बन्दमा जिल्ला सदरमुकाम गाईघाटका केही व्यापारीहरुले पसल बन्द गरेको आरोपमा ०५८ फागुन १० गते सीडीओ सिताराम पोखरेलले पसल नखोले सँधैका लागि बन्द गरिदिने धम्की दिँदै सुरक्षाकर्मी लगाई दुई वटा पसलको तालासमेत भाँचिदिए।

हर्दैनी गाविस–१ का जिविस सदस्य ५९ वर्षीय तेजबहादुर राउतलाई छोरी माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ जेठ २८ गते सीडीओ सिताराम पोखरेल र डीएसपी मिङमार लामाले जिल्ला प्रशासन कार्यलयमा बोलाई गालीगलौज गर्दै कार्यालयभित्र, कुटपिट गर्ने धम्की दिए। पीडितलाई १५ दिनभित्र छोरी बुझाउनु पर्ने र उनीहरुको वासस्थानको जानकारी प्रशासनलाई दिनुपर्ने, नदिए कडा कारवाही गरिने कागज गराई रिहा गरियो।

रामपुर ठोक्सिला गाविस– ६ का गंगालाल श्रेष्ठ, ३६ वर्षीय सिताराम श्रेष्ठ तथा भोजपुरबाट आएका २ जना पाहुनालाई ०५८ माघ ११ गते, त्रियुगा नपा–२ का १४ वर्षीय कालु मगर, ४० वर्षीय जीवन श्रेष्ठ, २१ वर्षीय निलम भुजेल, १३ वर्षीय बुनु भुजेल, १९ वर्षीय सन्दीप कार्कीलाई ०५८ चैत १५ गते, कटारी गाविस–१ का ३८ वर्षीय शम्भु पोखरेललाई ०५९ वैशाख ११ गते, हर्दैनी गाविस–१ का ५७ वर्षीय रामबहादुर राउत, ५५ वर्षीय पूर्णबहादुर राउत, १५ वर्षीय नानिराम राउत, १९ वर्षीय पूर्णबहादुर राउतलाई ०५९ जेठ २८ गते र नपेश्वरी गाविस–१ भागलपुरका ५६ वर्षीय पटमबहादुर कार्कीलाई ०५९ असार २२ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

रुपाटार गाविस–६ का ८९ वर्षीय नन्दलाल पोखरेललाई ०५८ पुस २७ गते दिउँसो घरमा बसिरहेको अवस्थामा माओवादीले ३० हजार रुपैंयाँ नगद माग्दै उक्त बमोजिमको चन्दा नदिए ज्यानमार्ने धम्की दिए।

पञ्चावती गाविसका पूर्व उपाध्यक्ष ४० वर्षीय मदन कटुवाललाई सुराकीको आरोपमा ०५८ माघ ३ गते माओवादीले कुनै पनि समय सफाया गर्ने धम्की दिए।

रामपुर गाविस–९ कन्चिरका ५० वर्षीय जगतबन्धु काफ्लेलाई ०५८ फागुन १४ गते घरमा सुरक्षाकर्मीले कुटपिट

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	२	३		५	३	२	१		३	८	८	१	३	१२
घाइते	१	१			१	२	५			५					
बम विस्फोटन						१			१	१					
गिरफ्तारी/यातना											२५	५७	६		६३
बेपत्ता											२	४			४
कुटपिट	७	१४	२		१६	८	१६			१६	८	११	२	२	१५
धम्की	२	२	३		५	७	१०		२	१२	२	५			५
जातीय विभेद	३		२	१	३						१	१			१
महिला अधिकार	१८		१८		१८	२	१	५		६					
बाल अधिकार	३	१	१	२	४	३		१	२	३					
आर्थिक/सामाजिक अधिकार	२	१		१	२	१	१			१					
अपहरण	४	१	३		४	१	१			१					
जम्मा	४५	२२	२२	४	५८	२८	३६	७	५	४८	४६	८६	९	५	१००

गरी दुवै हात भाँचिदिए। पीडितको टाउकोमा गम्भीर चोट लागेकोले छिमेकीहरूको सहयोगमा कोशी अञ्चल अस्पताल, विराटनगरमा उपचार गराइयो।

पञ्चावती गाविस-९ का ५५ वर्षीय महावीर कटुवाललाई सुराकीको आरोपमा ०५९ वैशाख २९ गते माओवादीले गाविस-९ कुर्कुन्टार छेउ तावा खोलाको बगरमा लगी कुटपिट गरी दुवै हातगोडा भाँचिदिए। पीडितको वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो।

रिस्कू गाविस-६ का ४० वर्षीय वीरबहादुर विकलाई सुरक्षाकर्मीलाई एउटा वडाबाट अर्को वडामा जाने बाटो देखाइदिएको आरोपमा ०५९ जेठ ५ गते माओवादीले राति घरबाट बाहिर निकाली कुटपिट गरी खुट्टा भाँचिदिनुका साथै पुनः सुरक्षाकर्मीलाई सहयोग गरेमा सफाया गर्ने धम्की दिए। वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गराउँदा दाहिने खुट्टा काट्नु परेको पीडितले बताए।

रिस्कू गाविसका अध्यक्ष ४५ वर्षीय चक्रबहादुर राईलाई आफूहरू विरूद्ध प्रशासनसमक्ष कुरा गरेको र गाउँमा गस्ती गरेको आरोपमा ०५९ जेठ १० गते माओवादीका प्रभाकर भनिने व्यक्तिले यस्ता कामहरू तत्काल नछाडेमा सफाया गर्ने धम्कीको हस्ताक्षरसहितको पत्र नेकपा (एमाले) जिल्ला पार्टी कार्यालयमा पठाए। हाल पीडित विस्थापित भई जिल्ला सदरमुकाममा बसेका छन्।

रूपाटार गाविस स्थित महेन्द्ररत्न माविका प्रधानाध्यापक ४५ वर्षीय श्यामदेव यादवलाई ०५९ जेठ १३ गते विद्यालय परिसरभित्र माओवादीले हातपात गरी चन्दा नदिए सफाया गर्ने धम्की दिए।

रामपुर ठोक्सिला गाविस-२ बरगाछीका ५० वर्षीय कनक क्षेत्रीलाई चन्दा नदिएको आरोपमा ०५९ जेठ २१ गते माओवादीले कुटपिट गरे। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार गरियो।

रामपुर ठोक्सिला गाविसका ८१ वर्षीय शिवप्रसाद सेढाईं, नारायणप्रसाद सेढाईं, धर्मराज खड्का, भीम खरेल, भक्तबहादुर थापा, मिलन थापालगायत् अन्य गाउँलेहरूलाई ०५९ जेठ २२ गते माओवादीले सोही ठाउँमा कुटपिट गर्दै लछारपछार गर्नुका साथै गाविस अध्यक्ष दुर्गाकुमार थापालगायत् २२ जनालाई सफाया गर्ने धम्की दिए।

रामपुर गाविस-१ सेनिखोलाकी अनेमसंघ केन्द्रीय सदस्य तथा नेकपा (एमाले) उदयपुर जिल्ला कमिटी सदस्य ४६ वर्षीय अम्विका थापालाई ०५९ कार्तिक ७ गते दिउँसो माओवादीले रामपुर गाविस-२ बरगाछी बजारमा गर्धनमा आधा घण्टा खुकुरी राखी एमालेको राजनीति गरे मारिदिने धम्की दिए।

त्रियुगा नपा-२ का मानवअधिकार संस्था मानवअधिकार र वातावरण विकास केन्द्र (हुरेण्डेक) का कार्यक्रम निर्देशक भरत खड्का र रामपुर गाविस-३ नयाँटोल घर भई सोही संस्थामा कार्यरत रंग थापालाई ०५९ कार्तिक १२ गते सिरहा जिल्लाको लाहान बजारबाट माओवादीले कार्यालयको फोन नं. २००४८ र २०४०६ र भरत खड्काको घरको फोनमा दुई घण्टासम्म फोन गरी डर, त्रास देखाई ५० हजार रूपैयाँ चन्दा नदिए ज्यानमार्ने धम्की दिए।

तावाश्री गाविस-४, ब्वाँसिटारका ५८ वर्षीय ठाकुरप्रसाद दाहाल र ४० वर्षीय कुमार गुर्मछन मगरलाई ०५९ वैशाख २९ गते तथा रामपुर गाविस-३ नयाँटोलका ३३ वर्षीय नरेश थापालाई ०५९ कार्तिक ७ गते माओवादीले विभिन्न आरोपमा कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ८६ र यस वर्ष दर्ता भएका १ सय ९४ गरी ४ सय ८० वटा मुद्दा रहे। दुनियावादी देवानी ७४, दुनियावादी फौज्दारी ३३ तथा संक्षिप्त कार्यविधि ऐनअन्तर्गत देवानी ७, फौज्दारी २१ रहे। ठाडो फौज्दारी १, सरकारवादी फौज्दारी ४३ तथा विशेष अदालततर्फ ३५ वटा मुद्दा रहे।

यस वर्ष १ सय ७७ वटा मुद्दा फर्स्यौट भएकोमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका १ सय १८ र यस वर्ष दर्ता भएका ५९ वटा थिए। अदालतमा २ वर्ष अघिका ७ वटा



उदयपुर जेलमा रहेका बन्दीहरु

र १ वर्ष अघिका १ सय ६१ मुद्दा छन्। १ वर्षभन्दा यताका १ सय ३५ वटा मुद्दा छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध ऐनअन्तर्गत १० वटा मुद्दा दर्ता भए। अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ४ र हातहतियार अन्तर्गत ३ वटा मुद्दा रहेकोमा अघिल्लो वर्षका २ र यस वर्ष दर्ता भएका ७ वटा मुद्दा फर्स्यौट भए। अघिल्लो वर्षका २ र यस वर्षका ९ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। यस वर्ष आतककारी गतिविधि संचालन गरेको आरोपमा पटक-पटक गरी ४० जनालाई अनुसन्धानमा लिई मुद्दा चलाइएकोमा ३६ वटा फर्स्यौट भई ४ वटा मुद्दाका अभियुक्तलाई पुर्पक्षका लागी थुनामा राखिएको छ।

जिल्ला वन कार्यालयमा वन पैदावार हानी नोक्सानी पुऱ्याएको तथा वन अतिक्रमण गरेको अभियोगमा २३ वटा मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका मुद्दाको संख्या ३९ रह्यो। यस वर्ष १० वटा मुद्दा फर्स्यौट भए।

वन सुरक्षाकर्मीले कुटपिट गरेको भनी १ जना नागरिकले जिल्ला वन कार्यालयसमक्ष मुद्दा दिए।

जिल्ला प्रहरी कार्यालयमा केही सार्वजानिक अपराध ऐन अन्तर्गत १२ वटा, कर्तव्य ज्यानअन्तर्गत ७ वटा, झुठा विवरण पेश गरी नागरिकता र राहदानी लिएका १/१, ज्यानमार्ने उद्योगसम्बन्धी १, हातहतियार खरखजना सम्बन्धी २, जबरजस्ती करणी सम्बन्धी ३, गर्भपतनसम्बन्धी १, सवारी डकैत १, गौवधअन्तर्गत १ र आतंककारी विध्वंशसम्बन्धी १३ मुद्दा दर्ता भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लाफागाउँ गाविसका हुमबहादुर राई, दलभक्त राई, सक्तबहादुर कामी, कुलबहादुर खड्का, अमरसिंह कार्की, केशव थापा, शिविका राई र कल्पना राईलाई माओवादीको आरोपमा ०५८ माघ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई शारीरिक यातना दिई दुई दिन थुनामा राखी रिहा गरियो।

त्रियुगा नपा-९ दर्मौनीका ३६ वर्षीय हकबहादुर थापा, राजेन्द्र थापा, २९ वर्षीय टंकबहादुर कटुवाल, ३५ वर्षीय अशोककुमार राई र ३९ वर्षीय ऋषि ढुंगानालाई माओवादीको आरोपमा ०५८ माघ ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनसम्म कडा यातना दिए सात/सात दिनको तारेखमा रिहा गरे। पीडितहरूमध्ये हकबहादुर जनवि दर्मौनिका प्रधानाध्यापक हुन्।

रामपुर गाविसका उपाध्यक्ष गर्भलाल राईलाई माओवादीको आरोपमा ०५८ फागुन ७ गते सोही ठाउँको एक होटलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा यातना दिई एक महिनापछि आत्मसमर्पण गराई रिहा गरियो।

रामपुर गाविसका ४२ वर्षीय गोपाल भण्डारी, ५० वर्षीय चक्रप्रसाद रेग्मी, २० वर्षीय कालिका रेग्मी, १८ वर्षीय शुलोचना रेग्मी, १५ वर्षीय कृष्णमाया निरौला, १७ वर्षीय सिताराम रेग्मी, ४५ वर्षीय पुरुषोत्तम रेग्मी, २९ वर्षीय माधव काफ्ले, १९ वर्षीय दिनेश काफ्ले र २२ वर्षीय गोपाल खत्रीलाई माओवादीको आरोपमा ०५८ फागुन १४ गते सोही गाविस-९ मा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ४८ घण्टासम्म शारीरिक यातनाका साथ राजविराज स्थित सुरक्षाकर्मीको क्याम्पमा राखिएकोमा भोलिपल्ट जिल्ला प्रहरी कार्यलय लगियो र १५ दिन पछि आत्मसमर्पण गराई रिहा गरियो। पीडितहरूको उपचारका लागि विभिन्न संघसंस्थाको सहयोगमा सिभिक्ट, विराटनगर पठाइयो।

रामपुर ठोक्सिला गाविस शिखरमाडीका ३० वर्षीय इन्द्रबहादुर केप्छाकी मगरलाई ०५८ फागुन १४ गते सादा पोशाकमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी शारीरिक यातना दिए। पीडितलाई बुट र बन्दुकको कुन्दाले हिकाउँदा माथिल्लो भागको २ वटा दाँत भाँचिए भने शरीरको विभिन्न भागमा चोटपटक लाग्यो। पीडितलाई १५ दिन पछि रिहा गरियो।

रामपुर गाविस-७ का ४५ वर्षीय गंगा कार्की, २१ वर्षीय रवीन कार्की र १९ वर्षीय सन्तोष राईलाई माओवादीको आरोपमा ०५८ फागुन १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ८ दिनसम्म निर्मम यातना दिई आत्मसमर्पण गर्न लगाई रिहा गरियो।

रामपुर गाविस-६ का प्रकाश श्रेष्ठ, ऋषिराज श्रेष्ठ, कम्पशेर राई, सिताराम श्रेष्ठ र रविन कार्कीलाई माओवादीको आरोपमा ०५८ फागुन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई २४ घण्टासम्म राजविराजस्थित सुरक्षाकर्मीको क्याम्पभित्र आँखामा पट्टी बाँधेर यातना दिई १८ गते जिप्रकामा ल्याए। पीडितहरूलाई प्रहरी हिरासतभित्रै उपचार गराई जनप्रतिनिधि र मानवअधिकारकर्मीहरूको पहलमा रिहा गरियो।

रिस्कु गाविस-७ का गाविस अध्यक्ष चक्रबहादुर राई, भूपू अध्यक्ष नारायणलाल श्रेष्ठ र बाँकेटार प्राविका ३८ वर्षीय प्रधानाध्यापक महेन्द्रबहादुर भुजेललाई ०५८ चैत २२ गते गाविस र प्रहरीचौकीमा माओवादीले आगो लगाएपछि सुरक्षाकर्मीले सोधपुछका लागि गिरफ्तार गरे। पीडितहरूमध्ये चक्रबहादुर र नारायणलाल श्रेष्ठलाई दुई दिनपछि रिहा गरियो भने महेन्द्रबहादुरलाई शारीरिक यातनाका दिई जिल्ला प्रहरी कार्यालयमा राखिएकोमा ०५९ वैशाख ४ गते आत्मसमर्पण गराई तारेखमा रिहा गरियो। पीडितलाई उपचारार्थ इनसेकको सहयोगमा सिभिक्ट, विराटनगरमा पठाइयो। इलाका प्रहरी कार्यालयमा ४ दिन र तारघारी ब्यारेकमा १ दिन बेहोस हुने गरी यातना दिएको कुरा पीडितले बताए।

रामपुर ठोक्सला गाविस-६ का ३१ वर्षीय नगेन्द्र

अधिकारीलाई माओवादीको आरोपमा ०५८ चैत २६ गते सुरक्षाकर्मीले सुनसरी जिल्लाको ईटहरीबाट गिरफ्तार गरी जिप्रका उदयपुरको हिरासतमा राखे। पीडितलाई थप अनुसन्धानका लागि जेलमा लगिएकोमा ०५९ असार ४ गते पुनः जिप्रकाको हिरासतमा ल्याइएपछि ६ गते राति आफैले ब्लेडले शरीर चिरेर मरणासन्न भएपछि भोलिपल्ट उपचारार्थ बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा हिरासतमा लगियो।

हडिया गाविस-५ का ३९ वर्षीय भिमवहादुर खड्कालाई छोरा माओवादीको आरोपमा ०५९ जेठ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिप्रका पठाएकोमा १ महिना ७ दिन पछि राजनीतिक पार्टीको पहलमा १/१ हप्ताको तारेखमा रिहा गरियो। पीडित माँसिटार प्रावि, खोटाङ्गका प्राशि शिक्षक हुन्।

तपेश्वरी गाविस-१ गल्फडियाका ३४ वर्षीय अर्जुन अधिकारी र भागलपुर गाविस-१ का २९ वर्षीय गणेश अधिकारीलाई वन तस्करीको आरोपमा ०५९ जेठ २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हिरासतमा यातना दिए। पीडितहरूलाई ९६ घण्टासम्म पक्राउ पूर्जी दिइएको थिएन।

रामपुर ठोक्सिला-१ का २१ वर्षीय सोनाम राई, १७ वर्षीय मदन राई, ४४ वर्षीय पुत्रमान राई र ४७ वर्षीय ठाकुरमान राईलाई जंगल अतिक्रमण गरेको आरोपमा ०५९ जेठ ३० गते वन सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ७ दिनसम्म विना पूर्जी थुनामा राखे।

त्रिवेणी गाविस-२ चौखालका ३६ वर्षीय इन्द्रवहादुर कटुवाल र ३९ वर्षीय प्रेमबहादुर बुढाथोकीलाई माओवादीको आरोपमा ०५९ असार ३ गते राति सुरक्षाकर्मीले ग्वालीबाट गिरफ्तार गरे। खोजतलासका क्रममा पेस्तोल, वन्दुक र गोलाबारूद फेला परेको सुरक्षाकर्मीले जनाए।

त्रियुगा नपा-८ बगाहाका ३२ वर्षीय चण्डीका अधिकारीलाई माओवादीको आरोपमा ०५९ असार २० गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा यातना दिई चिन्ताजनक अवस्थामा पुऱ्याए। पीडितलाई भोलिपल्ट उपचारार्थ गाइघाटस्थित जिल्ला अस्पताल लगियो।

त्रिवेणी गाविस- १ का प्रेम लामालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ साउन २४ गते सुरक्षाफौजले गिरफ्तार गरी अनुसन्धानका लागि थुनामा राखे।

रामपुर गाविस-२ का रामकुमार कुवँर र रामपुर-७ का भुपेन्द्र राईलाई माओवादी माओवादीको आरोपमा ०५८ मंसिर २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी छानविनका लागि उदयपुर जेलमा राखे। पीडितहरूलाई ०५८ चैत २७ गते जेलवाट रिहा गरी पुनः अगाडीवाट सोही दिन गिरफ्तार गरी दुई महिनासम्म थुनामा राखी रिहा गरियो।

वेल्टार गाविस-१ का मित्रलाल भट्टराई, वासु श्रेष्ठ, मणिकुमार राई र कृष्णकुमार राईलाई ०५८ फागुन १८ गते, वसाहा गाविस-९ का ४२ वर्षीय छत्रवहादुर तामाङ र १९ वर्षीय सन्तोष तामाङलाई ०५८ फागुन २५ गते, त्रियुगा नपा- १६ का ३६ वर्षीय लालवहादुर दनुवारलाई ०५९ असार १२ गते, त्रियुगा नपा- ६ का ३७ वर्षीय छेदिलाल चौधरीलाई ०५९ साउन २३ गते सुरक्षाकर्मीले विभिन्न आरोपमा गिरफ्तार गरी रिहा गरे।

उदयपुर जिल्ला त्रियुगा नपा-२ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य तथा कानुन व्यवसायी ३८ वर्षीय वलदेव चौधरीलाई गिरफ्तार गरिएको मानिसको वारेमा वुझ्न ०५९ भदौ २४ गते इप्रका लाहानमा आएको अवस्थामा इन्स्पेक्टरले २ हजार ५ सय रूपैयाँ चाहिन्छ भनेपछि तर्क-वितर्क गर्दागर्दै विभिन्न अपशव्द प्रयोग गरी ५ घण्टापछि रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिल्ला प्रशासन कार्यालयले हालसम्म २ हजार ६ सय ६१ सुकुम्वासी र ८ हजार १ सय २४ परिवार अव्यवस्थित वसोवास गर्नेहरू रहेको जनायो। अघिल्लो वर्षसम्म सुकुम्वासी समस्या समाधान आयोगले ४ हजार २ सय ९ विघा १९ कठ्ठा १७ धुर जग्गा सुकुम्वासी तथा अव्यवस्थित वसोवास गर्नेलाई वितरण गरेको जनायो।

जिविसले १ हजार ९ सय ९९ जेष्ठ नागरिक, २ हजार ४ सय असहाय विधुवा तथा ४८ जना अपाङ्गलाई ६२ लाख ७३ हजार ७५ रूपैयाँ भत्ता वितरण गरेको जनायो। स्थानीय निकाय नरहेका र अन्यौलग्रस्त परिस्थिति भएका कारण समयमा जिविसबाट निकासा भए पनि केही गाविसका सचिवले समयमा भत्ता वितरण नगरेको गुनासो असहायहरूको छ।

पञ्चावती गाविस-४ कुनकुनटारका ४५ वर्षीय मदनबहादुर कटुवाल, ४३ वर्षीय भगवति कटुवाल, २५ वर्षीय पुष्पराज कटुवाल, १६ वर्षीय निर्मला कटुवाल, २० वर्षीय कमला कटुवाल, १८ वर्षीय गुरू कटुवाल र १४ वर्षीय सरस्वती कटुवाललाई ०५९ भदौ २६ गते राति माओवादीले घरवाट वाहिर निकाली घरमा तालावन्दी गरी लखेटे। पीडितहरू हाल जिल्ला सदरमुकाममा डेरा गरी वसेका छन्।

धार्मिक स्वतन्त्रता

त्रियुगा नपा-१२ की २१ वर्षीय प्रमिला परियारलाई ०५९ भदौ २ गते स्थानीय नवनिर्मित मन्दिरमा पूजा गर्न जाँदा मन्दिरका पूजारी मोतिप्रसाद न्यौपानेले रोक लगाए। पछि पीडकले पीडित समक्ष माफी मागे।

जोगिदह गाविस-७ खेजनपुरमा आफ्नो धर्म र संस्कारअनुसार ०५९ जेठ १७ गते सुयाँल थापाहरूले देवाली गर्न लागेको मन्दिरमा माओवादीले "देवाली गरे सवैको हत्या गरी रगतको खोलो वगाईदिने" धम्की दिएपछि सुरक्षाकर्मीको सहयोगमा अर्को ठाउँमा मण्डप राखी कुल पूजा गरे।

आर्थिक अधिकार

उदयपुर सिमेन्ट उद्योग लि. का कर्मचारीहरूले खाईपाई आएको सुविधा कटौती गरेको विषयलाई लिएर ०५८ माघ २९ गते कर्मचारीहरूले महाप्रबन्धक अशोक मल्ललाई ५ घण्टासम्म घेराउ गरी सुविधा कटौती सम्बन्धी निर्णय बदर गर्न माग गरे।

माओवादीले गरेको बन्दको क्रममा गाडी नचलाएको कारण जिल्ला सदरमुकामस्थित हिमाली यातायात व्यवसायी संघको दुवै काउन्टरमा ०५८ चैत २० गते सीडीओ सिताराम पोखरेलको निर्देशनमा तालाबन्दी गरियो। सो दिन बिहानैदेखि काउण्टर खुले पनि गाडी मालिक र ड्राइभरहरूले गाडी चलाउन नमानेको कुरा संघका अध्यक्ष प्रेम चाम्लीङले बताए।

बालअधिकार

हडिया गाविस-१ स्कूलटोलकी १४ वर्षीय एक बालिकालाई ०५८ चैत ९ गते सोही ठाउँका १९ वर्षीय प्रविन चौधरीले सोही ठाउँको आँप बगैंचामा बलात्कार गरे। घटनाबारे जिप्रकामा उजुरी गरियो। हाल जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

त्रियुगा नपा-१६ का १५ वर्षीय एक बालिकालाई ०५९ जेठ २१ गते सोही नपा-१५ स्थित काकाको घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका ३० वर्षीय नबिल दनुवारले मुख थुनी बलात्कार गरे। ओरेक र सिएलआरसीको सहयोगमा जिप्रकाले पीडकमाथि मुद्दा चलायो।

बेल्टार गाविस-१ पञ्चमीकी ११ वर्षीय एक बालिकालाई ०५९ साउन २४ गते सोही ठाउँका १६ वर्षीय काजीराम राईले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

जिल्ला शिक्षा कार्यालयले यस वर्ष अपाङ्ग छात्रवृत्तिअन्तर्गत ५० जना विद्यार्थीलाई २५ हजार र कक्षा ५ मा अध्ययनरत १० जनालाई १० हजार रूपैयाँ पुरस्कार वितरण गर्‍यो। १४ वटा स्रोत केन्द्रले अतिरिक्त क्रियाकलाप समेत गराई पुरस्कार वितरण गर्ने गरेको पाइयो।

महिला अधिकार

त्रिवेणी गाविस-७ की ३० वर्षीय एक महिलालाई ०५९ कार्तिक २७ गते शाही नारायणी ब्यारेकको सुरक्षाकर्मी बताउने व्यक्तिहरूले "केही बुझ्नु छ" भनी घरबाट केही पर लगी बलात्कार गरे।

त्रियुगा नपा-१ बोक्सेकी २२ वर्षीय लालुमाया वि. क.लाई सासू, ससुरा र पतिले पटक-पटक कुटपिट गर्ने र घरबाट निकालिदिने गरेका कारण ०५८ फागुन ७ गते घरबाट बेपत्ता भइन्।

जोगीदह गाविस-६ की गीता ठाकुरलाई दाइजो नल्याएको आरोपमा ०५९ असार २८ गते आफ्नै पति ३२ वर्षीय देवनारायण ठाकुरले पटक-पटक कुटपिट गरी घरबाट निकालिदिए। पीडकलाई प्रहरीले गिरफ्तार गरी अब त्यस्तो कार्य नगर्ने भनी रिहा गरियो। पीडक ज्ञानोदय मावि, धरानका शिक्षक हुन्।

त्रियुगा नपा-२ का २९ वर्षीय इन्दिरादेवी खड्का तथा छोराछोरी आर्जित खड्का र इप्सा खड्कालाई पति हरिबहादुर खड्का र सासु-ससुरा समेतले ०५९ भदौ १९ गते कुटपिट गरी घरबाट निकालिदिए।

त्रियुगा नपा-८ बगाहा खोरीयाटोलकी २८ वर्षीय सरीमाया वि. क. लाई आफ्नै पति ३० वर्षीय डम्बरबहादुर वि. क. ले ०५९ पुस ४ गते आपसी झगडाका कारण टाउको र शरीरका विभिन्न भागमा कुटपिट गरी फरार भए।

विविध

संरचना क्षति

सोरुङ छविसे गाविस-७ का गरिबसँग विश्वेश्वर कार्यक्रमका अध्यक्ष हेरम्बबहादुर थापाको घरमा ०५८ फागुन २२ गते माओवादीले आगो लगाई ध्वस्त पारे। आगलागीबाट १ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल क्षति भएको बताइयो।

त्रियुगा नपा खैजनपुरगाउँलाई ०५९ भदौ ४ गते बेलुका माओवादीले आफ्नो कब्जामा लिई गाउँलेहरूलाई आतंकित पार्दै बम बिस्फोट गराएर गाउँलेको २ वटा घर र ४ वटा मटानमा आगो लगाई ध्वस्त पारे।

रिस्कु गाविस भवन ०५८ चैत १९ गते, भलायाडाँडा गाविस भवन ०५८ चैत २६ गते, लाफागाउँ गाविस भवन ०५९ वैशाख ८ गते, पञ्चावती गाविस भवन ०५९ वैशाख ९ गते, हडिया गाविस भवन ०५८ चैत २५ गते, हडिया गाविसमा रहेको वन कार्यालयको रेञ्जपोष्ट ०५८ चैत २५ गते, हडिया गाविसमा रहेको खाली प्रहरी चौकी ०५८ चैत २५ गते, रिस्कु गाविसमा रहेको खाली प्रहरी चौकी ०५८ चैत २२ गते, हर्दैनी गाविस भवन ०५९ वैशाख ९ गते, नामेटार गाविसमा रहेको दूरसञ्चार संस्थानको रिपिटेशन टावर ०५८ चैत ९ गते, तपेश्वरी गाविस पुरन्दहमा रहेको खाली प्रहरी चौकी ०५९ वैशाख १३ गते, तपेश्वरी गाविसमा रहेको कोशी टप्पु वन्यजन्तु आरक्षणको सुरक्षार्थ सेनाको पोष्ट ०५९ वैशाख १३ गते, तपेश्वरी गाविसमा रहेको वन कार्यालयको रेञ्जपोष्ट ०५९ वैशाख १३ गते, मयंखु गाविसको कार्यालय भवन ०५९ वैशाख १० गते र बेल्टारको इलाका प्रहरी कार्यालय ०५९ असोज २ गते माओवादीले आगो लगाई ध्वस्त पारे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लामा १० महिला र १२ पुरूषले भुण्डिएर, ३ महिला र १ पुरूषले विष सेवन गरेर तथा १ जना महिलाले शरीरमा आगो लगाएर आत्महत्या गरे। भवितव्यमा परी ८ महिला र १२ पुरूषको मृत्यु भयो। भुण्डिएर १ वालिका, विषालु खाद्यान्नका कारण १ नावालक र भविनव्य ज्यानअन्तर्गत १ बालकको मृत्यु भयो। सवारी दुर्घटनामा परी ५ पुरूष र १ महिलाको मृत्यु भयो।

त्रियुगा नपा-११ का २ परिवारका ६ जनाको ०५९ असोज २२ गते जंगलबाट ल्याएको विषालु च्याउ खाँदा मृत्यु भयो। मृत्यु हुनेहरूमा एकै घरका ४ जना गंगामाया तामाङ, पिकी तामाङ, लक्ष्मी तामाङ, रमिता तामाङ तथा सिबी राई, उमेश राई थिए।

रौता गाविस-६ स्थित मुर्कुचीबजार माओवादीले ०५९ असार ३ गते बेलुका माओवादीले चारैतिरबाट घेरा हाली विभिन्न धम्की दिँदै व्यापारी र गाउँलेहरूबाट करिब २ लाख रूपैयाँ चन्दा असुल गरे।

१.१४ खोटाङ



जनसंख्या	: २२९५९०
साक्षरता प्रतिशत	: ४६.७३
महिला साक्षरता प्रतिशत	: १८
क्षेत्रफल (वर्ग कि. मि.)	: १५९१
गाविस / नपा संख्या	: ७६/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४५३
क्याम्पस / उच्च मा.वि.	: १/१०
अस्पताल / स्वास्थ्य चौकी	: १/७१
टेलिफोन लाइन	: २१०
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ७४
मानव विकास सूचकांक	: ०.३१८
प्रति एक डाक्टर जनसंख्या	: ४६२७७
प्रति परिवार सरदर संख्या	: ५.४०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

दोर्पा चिउरीडाँडा गाविस-६ र निर्मलीडाँडा गाविस-८ को बीचमा पर्ने लप्सेखोला दोभानमा ०५९ वैशाख १४ गते सुरक्षाकर्मीले २ जना माओवादी कार्यकर्ता र ७ जना सर्वसाधारण गरी ९ जनालाई गोली हानी हत्या गरे। हत्या गरिनेहरूमा याम्खा गाविस-४ का २४ वर्षीय किरण भनिने भिमप्रसाद घिमिरे, निर्मलीडाँडा गाविस-८ का अटल कटुवाल, रतम्छा गाविस-३ का २८ वर्षीय मनकुमार राई, ३७ वर्षीय कुमार राई, ३५ वर्षीय राजेन्द्र राई, ३८ वर्षीय हंसराज राई, १३ वर्षीय सुव्वा राई, सोही गाविस-६ का ३४ वर्षीय नवीनचन्द्र राई र सोही गाविस-४ का ३८ वर्षीय गोविन्द राई थिए। पीडितहरूमध्ये भीमप्रसाद र अटल माओवादी कार्यकर्ता थिए। सर्वसाधारण व्यक्तिहरू माछा मार्न घटनास्थलमा आएको अवस्थामा माओवादी र खम्बुवानका सशस्त्र कार्यकर्ताहरू पनि सोही ठाउँमा नुहाउन आएको र एकै ठाउँमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले घेरा हाली गोली प्रहार गरेका थिए।

सप्तेश्वर गाविस-८ का ४१ वर्षीय शिक्षक मोतिचन्द्र राईलाई ०५९ जेठ १६ गते जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन आउँदा सुरक्षाकर्मीले व्यारेक अगाडिबाट गिरफ्तार गरी हिरासतमा निर्मम यातना दिएका कारण जेठ १८ गते विहान मृत्यु भयो। सुरक्षाकर्मीका अनुसार भाग्न खोजेकोले गोली चलाउँदा घटना भएको थियो। पीडितलाई आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा जिल्ला प्रशासन कार्यालयले हाजिर हुन बोलाई पटक-पटक तारेख दिएको थियो।

निर्मलीडाँडा गाविस-८ का ३४ वर्षीय अर्जुन भनिने दिलकाजी कार्की र उनकी पत्नी २८ वर्षीय इन्दिरा कार्कीलाई माओवादीको आरोपमा ०५९ असार ३० गते सुरक्षाकर्मीले बतासे र सिम्पानी गाविसको सिमानामा पर्ने दुवाखोलामा गोली हानी हत्या गरे। दिलकाजी माओवादीका जिल्ला कमाण्डर भएको बताइयो।

खार्मी गाविस-३ मा मिलन भनिने वुद्धिमान गिरी र शरण भनिने बलबहादुर पाण्डेलाई ०५९ मंसिर ८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

चिसापानी गाविस-७ पाथिभरास्थित चिसापानी उच्च माविका निमित्त प्रधानाध्यापक ४१ वर्षीय हर्कबहादुर राईलाई ०५८ माघ ३ गते चिसापानी गाविस-८ स्थित छोरीको घरमा खाना खाइरहेको अवस्थामा १०-१५ जना किराँत राष्ट्रिय मोर्चा (खम्बुवान) र माओवादीले कुराकानी गर्ने निहुँमा घरदेखि काहुले गाविस-८ हुम्मापोखरीमा लगी कुटपिट गर्नुका साथै हात भाँची

रूखमा बाँधेर गोली हानी हत्या गरे। पीडित नेपाल शिक्षक संघ जिल्ला कार्य समितिका अध्यक्ष थिए।

वराहपोखरी गाविस-१ वराहपोखरी वजारस्थित प्रहरी चौकीमा कार्यरत झापा जिल्लाका प्रहरी जवान सुवास भट्टराईलाई ०५८ चैत ४ गते दिउँसो सोही बाटो हुँदै झापातर्फ जाँदै गर्दा माओवादीले अपहरण गरी सापनी गाविस-९ स्थित नागढुङ्गा भन्ने ठाउँमा लगी गोली हानी हत्या गरे।

दोर्पा चिउरीडाँडा गाविस-३ खनामकी २३ वर्षीय तारा चौहान, उनकी नन्द २० वर्षीय तारादेवी चौहान र सोही गाविस-६ दोवेलाका ३७ वर्षीय तीर्थवहादुर कठायतलाई ०५९ जेठ ६ गते राति माओवादीले घरबाट अपहरण गरी दोवेलाको पञ्चमी हटिया माटेचौतारा भन्ने ठाउँमा लगी लट्ठी र हतियार प्रहार गरी हत्या गरे। वैशाख १४ गते दोवेलाकाण्डमा सेनाद्वारा माओवादी मारिएको घटनाको योजनाकार भन्ने पर्चा, पीडितहरूको निधारमा टाँसिएको थियो।

विजयखर्क गाविस-३ का नेपाल वार एशोसिएशन, इकाईका सदस्य ३६ वर्षीय अधिवक्ता नृपराज ढुंगानालाई सुराकीको आरोपमा ०५९ भदौ १५ गते विहान वारीबाट मकैको भारी लिएर घर फर्कँदै गर्दा माओवादीले अपहरण गरी घरदेखि पश्चिम करिव दुई किमिको दूरीमा पर्ने भोटेवारी भन्ने ठाउँमा लाठी र खुकुरी प्रहार गरी हत्या गरे।

डुम्रे धारापानी गाविस-७ का ५३ वर्षीय खिलाराज निरौलालाई सुराकीको आरोपमा ०५९ असोज २० गते वेलुका माओवादीले आफ्नै घरबाट अपहरण गरी नजिकैको जंगलको बाटोमा पुऱ्याई धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितको क्षतविक्षत लास मुनि "सुराकी होसियार" लेखिएको पर्चा छाडिएको थियो।

विजयखर्क गाविस-३ का नेका समर्थक ४१ वर्षीय एकनाथ खनाललाई आफूहरूप्रति अभद्र बोलेको आरोपमा ०५९ असोज २० गते वेलुका आफ्नै घरबाट माओवादीले अपहरण गरी नजिकैको जंगलमा लगी गोली हानी हत्या गरे।

लफ्याङ्ग गाविस-६ केउटेनीका २६ वर्षीय मुक्सन किराँतलाई ०५९ असोज २४ गते माओवादीले अपहरण गरेर चिउरीडाँडा गाविस-१ चुङ्पा भन्ने ठाउँमा लगी धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडित नेकपा (एमाले) जिल्ला पार्षद तथा चालिसे सामुदायिक वन, लफ्याङ्गका अध्यक्ष थिए।

नेर्पा गाविस-२ का २२ वर्षीय पुष्पकुमार नामाङ्गलाई ०५९ कार्तिक २० गते स्वार्मी गाविस-५ मा साथीहरूसँग पिङ्ग खेल्न जाँदा माओवादीले छुरा प्रहार गरी हत्या गरे। पीडितको लास २६ गते फेला पऱ्यो।

वाँजे चिहानडाँडा गाविस-१ का नेका समर्थक २८ वर्षीय दयाराम ढकाललाई ०५९ पुस १० गते वेलुका माओवादीले अपहरण गरी सेरवुवा खोला नजिक लगेर हतियार प्रहार गरी हत्या गरे। पीडित केही महिना पहिला घरमा वम राखेको आरोपमा जिल्ला प्रशासन कार्यालय र सुरक्षाकर्मीको क्याम्पमा तारेख लिँदै आएका थिए।

अन्यबाट

सुङ्देल गाविस-३ गुरुङनेलका २१ वर्षीय अनिल राईलाई ०५९ वैशाख ३१ गते सोही गाविस-६ खाजु भन्ने ठाउँमा अज्ञात व्यक्तिले धारिलो हतियार प्रहार गरी हत्या गरे। घटनास्थलबाट एउटा भाला, एउटा कट्टि र दुई वटा खुकुरी फेला पारिएको थियो।

जेल र बन्दीहरू

खोटाङ जेलमा कैद तोकिएका २९ जना पुरुष र ५

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	२	१	३	८	८	२		१०	४	१३	१		१४
बम विस्फोटन					२			२	२	१			१	१
हिरासत/थुनामा मृत्यु										१	१			१
गिरफ्तारी/यातना										२१	३६	१०	१	४७
बेपत्ता										१	२			२
कुटपिट	१	२		२										
धम्की	१	२		२						१			१	१
वालअधिकार	१	१	२	३										
अपहरण					६	१४	१		१५					
जम्मा	६	७	३	१०	१६	२२	३	२	२७	२९	५२	११	३	६६

महिला तथा कैद नतोकिएका ३१ पुरूष र ३ महिला गरी जम्मा ६८ जना बन्दी छन्। यस जेलमा एक जना आश्रित नाबालक पनि छन्। बन्दीहरूमध्ये १५ जना माओवादी गतिविधिमा संलग्न भएको आरोपमा विभिन्न मुद्दा लगाइएका छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

डाँडागाउँ गाविस-६ का २० वर्षीय युवराज गुरूङ्गलाई ०५८ फागुन ११ गते दिउँसो माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडितको अपहरण पछि दुवै खुट्टाको नलीहाड तथा देब्रे हात भाँचिदिए। पीडितको दिक्तेल अस्पतालमा उपचार हुन नसकेकाले काठमाण्डौ लगियो।

याम्खा गाविस-४ का २७ वर्षीय वीरेन्द्र बस्नेतलाई पार्टीको बदनाम गरेको आरोपमा ०५९ जेठ ३ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई अपहरणपछि शारीरिक र मानसिक यातना दिई नेकपा (एमाले) जिल्ला सदस्यको रोहबरमा भोलिपल्ट मुक्त गरियो।

जिविस सभापति ४६ वर्षीय परशुराम कार्की र स्थानीय विकास अधिकारी पुण्यप्रसाद लुईंटेललाई ०५९ जेठ ४ गते माओवादीले सिम्पानी-७ स्थित घरबाट अपहरण गरी सिम्पानी उच्च माविमा लगेर ६ घण्टासम्म थुनी मुक्त गरे। परशुरामसँग घरमा रहेको बन्दुक र ४० लाख रूपैयाँ आर्थिक सहयोग माग गरेकोमा बन्दुक जिल्ला प्रहरी कार्यालयमा लगी बुझाएको र पैसा दिन नसक्ने जवाफ दिएपछि तथा पुण्यप्रसादले आफूलाई हुलाकको बहिदार बनाएपछि माओवादीले केही गरेनन्।

नेकपा (एमाले) का जिल्ला सदस्यहरू विशाल भट्टराई, राम दंगाल, शिवराज राई, प्रचार सचिव नवीनकिशोर राई, मेम्वर तामाङ्ग, कृष्ण दंगाल, कृष्ण कटुवाल र लिप्किराम्चेका पूर्व अध्यक्ष अर्जुन गौरीपिप्लेलाई ०५९ भदौ २४ गते छितापोखरी बजारमा आयोजित नेकपा (एमाले) १० नं. इलाकाको अधिवेशनस्थलबाट माओवादीले अपहरण गरे। पीडितहरूमध्ये मेम्वर, कृष्ण दंगाल र कृष्ण कटुवाललाई सोही दिन, नवीनकिशोरलाई ११ दिनपछि, शिवराज र अर्जुनलाई असोज १६ गते र विशाललाई कार्तिक ७ गते मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

माओवादीबाट

खाल्डे गाविस-२ का ४२ वर्षीय गणेश पौडेल र २३ वर्षीय दाताराम पौडेललाई खान, बस्न नदिएको र नटेरेको आरोपमा ०५८ माघ ९ गते राति माओवादीले आ-आफ्नै घरबाट दुई किमि टाढाको चौरमा लगी खुट्टामा बाँसको लठ्ठी र बन्दुकको कुन्दाले हिर्काए। पीडितहरूमध्ये दाताराम पौडेलको देब्रे खुट्टा भाँचिदिए।

खोटाङ्ग बजार-९ स्थित एरिया वेलफेयर सेन्टरको कार्यालयमा कार्यरत वेलफेयर अधिकृत ५८ वर्षीय पर्शुराम राई र चिकित्सा अधिकृत ५२ वर्षीय श्रीप्रसाद राईलाई ०५८ फागुन ९ गते बेलुका माओवादीले पेस्तोल देखाई ज्यानमार्ने धम्की दिए। माओवादीले पीडितहरूलाई एउटा कोठामा बन्द गरी सेफ खोलेर ३ लाख ६९ हजार रूपैयाँ लुटेर लगे।

राजापानी गाविस-८ का २५ वर्षीय कुमार कार्की र उनकी बहिनी १९ वर्षीय गीता कार्कीलाई आफूहरूलाई खान, बस्न नदिएको आरोपमा ०५८ फागुन २२ गते माओवादीले सोही गाविस-३ मा लगी कुटपिट गरे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सप्तेश्वर गाविस-८ थर्पुडाँडास्थित निमाविका शिक्षक ३८ वर्षीय नरेशकुमार राईलाई ०५८ पुस १७ गते घरको बाख्रा खोरबाट केही हातहतियार बरामद गरेको र माओवादी भएको आरोपमा जिल्ला शिक्षा कार्यालयबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई दुई दिन प्रहरी हिरासतमा र १० दिन सैनिक हिरासतमा राखी मानसिक यातना दिई ०५८ पुस २९ गते जेल चलान गरियो। पीडितलाई हाल रिहा गरिएको छ।

शाकेला उच्च मावि रतम्छाका शिक्षक २७ वर्षीय लक्ष्मीप्रसाद घिमिरेलाई माओवादीको आरोपमा ०५८ पुस २० गते प्रहरीले जिल्ला शिक्षा कार्यालयबाट गिरफ्तार गरे। पीडितलाई हिरासतमा मानसिक यातना दिई जेल चलान गरियो। पीडित हाल रिहा भइसकेका छन्।

मात्तिम गाविस-६ ह्यापुका १६ वर्षीय लोकबहादुर कटुवाल र ३२ वर्षीय खड्गबहादुर खड्कालाई ०५८ पुस २६ गते आ-आफ्नै घरबाट माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरी सैनिक हिरासतमा राखे। पीडितलाई हिरासतमा पैतालामा हिर्काउने, पानी छ्याप्ने, नाङ्गो बनाएर घिसार्ने जस्ता यातना दिइयो। पीडितहरूमध्ये खड्गबहादुरलाई २९ गते रिहा गरियो भने लोकबहादुरलाई माघ २ गते बाबुहरूको जमानीमा रिहा गरियो।

खार्मी गाविस-८ घर भई अतिरिक्त हुलाक खार्मीमा कार्यरत हल्कारा ३८ वर्षीय उत्तरकुमार राईलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ पुस २९ गते सदरमुकाम दिक्तेल आउँदैगर्दा मुढे ब्यारेक अगाडिको मूलबाटोमा जाँच गर्न बसेका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ दिन सैनिक हिरासतमा राखी मानसिक यातना दिई ०५८ माघ ४ गते जेल चलान गरियो।

विजयखर्क गाविस-७ का चम्पावति मावि बुईपाका निमित्त प्रधानाध्यापक ४२ वर्षीय शारदाप्रसाद ढकाललाई घर नजिकको बारीबाट विस्फोटक पदार्थ लगायत महत्वपूर्ण कागजात लुकाई राखेको र माओवादीमा संलग्न रहेको आरोपमा ०५८ पुस २९ गते प्रहरीले गिरफ्तार गरी सेनालाई बुझाए। पीडितलाई शारीरिक र मानसिक यातना दिई ०५८ माघ

४ गते सैनिक हिरासतमा राखी जेल चलान गरियो।

विजयखर्क गाविस-४ का ३० वर्षीय वाणिविलास ढुंगानालाई माओवादीलाई खान, बस्न सहयोग गरेको आरोपमा ०५८ माघ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई दिनसम्म थुनेर यातना दिई माघ ४ गते जेल चलान गरियो। पीडितलाई हाल रिहा गरिएको छैन।

ज्यामिरे गाविस-९ का ४६ वर्षीय युवराज अधिकारी र सोही गाविसका सचिवलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ माघ ६ गते प्रहरीले जिल्ला प्रशासन कार्यालयबाट गिरफ्तार गरी सैनिक व्यारेकमा बुझाए। पीडितलाई माघ १४ गतेसम्म क्याम्पमा मानसिक यातना दिई माघ १७ गतेदेखि ३ दिन पुनः प्रहरी हिरासतमा राखी जेल चलान गरियो।

समलेश्वर चिनापोखरी गाविस-७ कुलागाउँस्थित कालिका सरस्वती निमाविका शिक्षक ३३ वर्षीय भक्तराज दाहाललाई माओवादीलाई खान र बस्न दिएको आरोपमा ०५८ माघ ६ गते शिक्षा कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ८ दिन सैनिक हिरासतमा र ३ दिन प्रहरी हिरासतमा राखी, माघ १७ गते जेल चलान गरियो।

बुईपा गाविस-९ का शिक्षक ४७ वर्षीय धनपति भट्टराई र दुर्वकोल गाविस-६ स्थित देउराली माविका कार्यालय सहायक ४१ वर्षीय नारायणप्रसाद घिमिरेलाई माओवादीलाई खान, बस्न सहयोग गरेको आरोपमा ०५८ माघ ८ गते जिल्ला प्रशासन कार्यालयको परिसरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सैनिक हिरासतमा मानसिक यातना दिई माघ १४ गते जेल चलान गरिएकोमा हाल रिहा गरिएको छ।

ज्यामिरे गाविस-८ का देउराली मावि, डुम्रेका शिक्षक ३३ वर्षीय किशोर केसीलाई माओवादीको आरोपमा ०५८ माघ १४ गते सदरमुकाम दिक्तेल आएको बेला प्रहरीले गिरफ्तार गरे। पीडितलाई सैनिक हिरासतमा शारीरिक र मानसिक यातना दिई, माघ २१ गते जेल चलान गरियो।

डुम्रेधारापानी गाविस-२ का २४ वर्षीय शेरबहादर रिजाल, सोही गाविस-३ का ४५ वर्षीय मेघनाथ रिजाल, ५५ वर्षीय रामसागर जयसवाल, सोही गाविस-५ का ६० वर्षीय भानुभक्त पाण्डे, २५ वर्षीय गोपाल पाण्डे र दुर्वकोल गाविस-१ का ३९ वर्षीय मुक्तिनाथ रिजाललाई सुराकीको आरोपमा ०५८ माघ २२ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई कालो पट्टीले आँखा बाँधी पानीमा चोपल्ने, खाल्डोमा उँधोमुन्टो झुन्ड्याउने, बुटले किच्ने र हिर्काउने जस्ता यातना दिइयो। रामसागर र गोपाललाई ४ दिनपछि रिहा गरियो भने अन्यलाई माघ २९ गते तारेखमा रिहा गरियो।

दिक्तेल गाविस-८ का ६१ वर्षीय रत्न गुरुङ्गलाई माओवादीलाई खान, बस्न र चन्दा सहयोग गरेको आरोपमा ०५८ माघ २९ गते रावाखोला साना जलविद्युत योजना संचालनको लागि थप आर्थिक सहयोग संकलन गर्न सुनसरी जिल्ला धरान गएको बेला धरान नपा भानुचोकबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ४ दिनसम्म राखी फागुन २ गते हवाइजहाजबाट लामीडाँडा हुँदै दिक्तेल ल्याइयो र सैनिक हिरासतमा शारीरिक र मानसिक यातना दिई फागुन २९ गते जेल चलान गरियो।

हौचुर गाविस-६ का ३५ वर्षीय चन्द्रबहादुर श्रेष्ठ र ३६ वर्षीय वीरबहादुर श्रेष्ठलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ फागुन २६ गते सदरमुकाम दिक्तेल जाँदा सैनिक क्याम्प मुढे अगाडिको मूल बाटोबाट गिरफ्तार गरे। पीडितलाई ५ घण्टासम्म सैनिक क्याम्पमा राखी तारेखमा रिहा गरियो।

हौचुर गाविस-५ का २२ वर्षीय प्रताप दर्जी र दुवेगल गाविस-४ का २३ वर्षीय कृष्ण श्रेष्ठलाई माओवादी समर्थक कुरा गरेको आरोपमा ०५८ चैत २५ गते सैनिक क्याम्प मुढे अगाडिको मूल बाटोबाट सुरक्षाकर्मीले गिरफ्तार गरी पानीमा चोपल्ने, खाल्डोमा उधोमुन्टो पारी झुण्ड्याउने, सिस्नुपानी लगाउने र बुटले हिर्काउने जस्ता यातना दिई भोलिपल्ट रिहा गरे।

दोर्पा चिउरीडाँडा गाविस-७ पिप्लेका ३८ वर्षीय गणेश खड्का र सोही ठाउँका १८ वर्षीय नागबहादुर भुजेललाई ०५९ जेठ ८ गते दोर्पा गाविस-६ दोबेलाको बाटोमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेठ १३ गते सैनिक हिरासतमा राखी तारेखमा रिहा गरियो।

दोर्पा चिउरीडाँडा गाविस-५ का ४० वर्षीय कमल खनाल, सोही गाविस-६ का ७२ वर्षीय थामप्रसाद राई, ४२ वर्षीय राजकुमार श्रेष्ठ, ३६ वर्षीय गोविन्द श्रेष्ठ, ५८ वर्षीय हस्तबहादुर श्रेष्ठ, सोही गाविस-८ का ३८ वर्षीय प्रेमकुमार थापा, सोही गाविस-७ का ५६ वर्षीय ढुण्डिराज आचार्य, सोही गाविस-६ का ४० वर्षीय कटकबहादुर कठायतलगायत् २२ जनालाई माओवादीको आरोपमा ०५९ जेठ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये कमललाई १० दिनसम्म सैनिक हिरासतमा यातना दिई जेठ १८ गते तारेखमा रिहा गरियो भने हस्तबहादुरलाई जेल चलान गरियो। अन्यलाई जेठ ११ गते तारेखमा रिहा गरिएको थियो।

दोर्पा चिउरीडाँडा गाविस-९ का २३ वर्षीय टंक गुरुङ्गलाई ०५९ जेठ २३ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा आँखामा कालो पट्टी बाँधी कुटपिट गर्ने, पानी छ्याप्ने जस्ता यातना दिई असार १३ गते रिहा गरियो।

बाँजे चिहानडाँडा गाविस-३ स्थित राधाकृष्ण माविका शिक्षक ३८ वर्षीय पेशल गुरुङ्गलाई माओवादीलाई आश्रय दिई सहयोग गरेको र सहकर्मी भएको आरोपमा ०५९ जेठ २५ गते जिल्ला शिक्षा कार्यालयमा आएको बेला प्रहरीले गिरफ्तार गरे। पीडितलाई सैनिक क्याम्पमा ८ दिन यातना दिई असार ३ गते रिहा गरियो।

बाँजे चिहानडाँडा गाविस-३ का ४३ वर्षीय इन्द्रबहादुर बस्नेतलाई माओवादीको आशंकामा ०५९ असार ३ गते जिल्ला

प्रशासन कार्यालयमा हाजिर हुन बोलाएको बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १६ दिनसम्म सैनिक हिरासतमा राखी असार १८ गते रिहा गरियो।

यस बाहेक अन्य ३ जना पुरूष र ९ जना महिलालाई माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

महिला अधिकार

एक जना महिलालाई बलात्कारपछि हत्या गरेको घटना सार्वजनिक जानकारीमा आयो।

विविध

संरचना क्षति

खोटाङ्ग बजारस्थित इलाका प्रहरी कार्यालयमा ०५८ फागुन १९ गते राति ११ बजे सशस्त्र माओवादीलेको एक समूहले बम विस्फोटन गरी आगो लगाई ध्वस्त पारे। उक्त घटनामा १० लाख रूपैयाँ बराबरको क्षति भएको थियो।

चिनुङ्ग गाविस-६ स्थित प्रहरी चौकीमा ०५८ चैत १८ गते माओवादीलेको एक समूहले आगो लगाई ध्वस्त पारे। उक्त घटनामा ५ लाख रूपैया बराबरको क्षति भयो।

लामिडाँडा गाविस-६ स्थित लामिडाँडा विमानस्थलमा ०५९ वैशाख १५ गते राति माओवादीहरूको एक समूहले आगो लगाई ध्वस्त पारे। उक्त घटनामा ४ करोड रूपैयाँ बराबरको क्षति भयो।

अतिरिक्त जानकारीहरु

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लाका एउटा इलाका प्रहरी कार्यालय, एउटा प्रहरी चौकी र एउटा विमानस्थलमा माओवादीले बम विस्फोट तथा आगो लगाई क्षतिग्रस्त बनाए। ती घटनामा क्रमशः १० लाख, ५ लाख र ४ करोड रूपैयाँ बराबरको क्षति भएको जनाइयो।

१.१५ ओखलढुंगा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

रूम्जाटार गाविस-८ का ६४ वर्षीय देववहादुर गुरूङ्ग ०५८ चैत १५ गते कर्फ्यूको समयमा घर भित्र-बाहिर गरिरहेको भनी सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घाइते भएकोमा चैत १७ गते मृत्यु भयो।

नलुवा गाविसका २४ वर्षीय डिल्ली वस्नेत र वर्णालु गाविसका २२ वर्षीय नवराज राईको ०५९ वैशाख १२ गते रूम्जाटार गाविसको चारखुंमा सुरक्षाकर्मीसँगको मुठभेडका क्रममा सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो।

ठूलाछाप गाविसका ४५ वर्षीय ज्ञाननारायण कटुवाल र कंतुके गाविसकी २२ वर्षीय सरीता नामाङलाई ०५९ जेठ २ गते भदौरे गाविसमा भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

फूलवारी गाविस-५ का माओवादीद्वारा घोषित गाजस प्रमुख ३८ वर्षीय थरहरी लुईटेल, उपप्रमुख ४२ वर्षीय माधवराज लुईटेल र शिक्षक ४० वर्षीय तेजवहादुर भुजेललाई ०५९ असार ६ गते विभिन्न ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही ठाउँको सेरा खोलामा ल्याई लहरै उभिन लगाई गोली हानी हत्या गरे।

यसम गाविसका ४२ वर्षीय टंकबहादुर कटुवाललाई ०५९ असार ७ गते रानीवनतर्फ आउँदै गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन भैंसे खोलामा पुऱ्याई गोली हानी हत्या गरे।

टारकेरावारी गाविसकी माओवादी कार्यकर्ता कविता भनिने १८ वर्षीय विन्दा पौडेललाई सोही गाविस-५ मा ०५९ असार ७ गते सुरक्षाकर्मीले हत्या गरे।

खिजिफलाटे गाविस-१ का २८ वर्षीय नारायणवहादुर सुनुवारलाई आतंककारी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ असार ७ गते सुरक्षाकर्मीले घरबाट केही पर लगी गोली हानी हत्या गरे।

फूलवारी गाविस-१ का १४ वर्षीय वेदवहादुर तामाङ्गलाई ०५९ असार ६ गते सुरक्षाकर्मीलाई लुकीछिपी हेरिरहेको अवस्थामा गिरफ्तार गरी असार ७ गते रानिवन गाविस पुऱ्याई गोली हानी हत्या गरे।

पोकली गाविस-६ का ३२ वर्षीय गीपन नामाङ्ग र ३० वर्षीय लालमाया नामाङ्गलाई घरमा माओवादी रहेको आशंकामा ०५९ असार ८ गते सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। सो दिन पीडितको घरमा माओवादीले राँगो काटेर खाना खाएको बताइयो।

रंगनी गाविसस्थित सेल्पु खोलामा ०५९ असार ८ गते

सुरक्षाकर्मीले ज्वाला भनिने एक माओवादी कार्यकर्ताको मृत्यु भयो।

पोकली गाविसका विभिन्न ठाउँमा ०५९ असार ८ गते ज्योति र भोला भनिने दुई जना तथा नाम खुल्न नसकेका दुई जना गरी ४ जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

रावादोलु भन्ने ठाउँमा सुरक्षाकर्मीको गोलीद्वारा ०५९ असार ९ गते एकजना माओवादी कार्यकर्ताको मृत्यु भयो।

जनसंख्या	:	१५६३३९
साक्षरता प्रतिशत	:	३९.७
महिला साक्षरता प्रतिशत	:	२२.८
क्षेत्रफल (वर्ग कि. मि.)	:	१०७४
गाविस / नपा संख्या	:	५६/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३३३
क्याम्पस / उच्च मा.वि.	:	१/४
अस्पताल / स्वास्थ्य चौकी	:	२/२४
टेलिफोन लाइन	:	३२१
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	२
हुलाक संख्या	:	५६
मानव विकास सूचकांक	:	०.३४०
प्रति एक डाक्टर जनसंख्या	:	७८३५१
प्रति परिवार सरदर संख्या	:	५.२०

माओवादीबाट

जन्तरखानी गाविस-५ का १८ वर्षीय दीपक मगर र १५ वर्षीय गोठवहादुर मगर ०५८ पुस २६ गते जंगलवाट दाउरा काटी फर्कदै गरेको अवस्थामा माओवादीले थापेको एम्वुसमा परी मृत्यु भयो।

काठमाण्डौ जिल्ला घर भई रणसिंह दल गुल्ममा कार्यरत सिपाही २२ वर्षीय उत्तम श्रेष्ठको ०५९ कार्तिक १० गते राति रुम्जाटार विमानस्थलमा माओवादीवाट भएको आक्रमणमा सहयोग गर्न जाँदै गर्दा ओखलढुंगा बजार नजिकै माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो।

रानीवन गाविस घर भई प्रहरीमा भर्ना भई विराटनगरवाट आफ्नी पत्नी लिन रानीवनतर्फ गएका २२ वर्षीय विक्रम खड्कालाई ०५९ कार्तिक १९ गते माओवादीले अपहरण गरी कार्तिक २६ गते सिंहदेवी गाविसको दर्लुङ्ग भन्ने ठाउँमा पुर्याई हत्या गरे।

पोकली गाविस-२ साँघुटारका ४५ वर्षीय गणेशकुमार श्रेष्ठलाई ०५९ मंसिर १८ गते धान छिटिरहेको अवस्थामा माओवादीले केही पर लगी हातखुट्टा बाँधी गोली हानी हत्या गरे। पीडित नेकपा (एमाले) को तर्फवाट निर्वाचित पोकली गाविस-२ का वडाध्यक्ष थिए।

दोहोरो भिडन्त

फूलवारी गाविस-६ का ३५ वर्षीय यमलाल घिमिरे र ४८ वर्षीय नरबहादुर खत्री (घिमिरे) को ०५९ असोज १५ गते सांही गाविस-५ मा सुरक्षाकर्मी र माओवादी बीच भएको दोहोरो भिडन्त हुँदा गोली लागी मृत्यु भयो। पीडितहरूमध्ये यमलाल जल्केनी सिंचाई कुलो मर्मत गर्न गएको अवस्थामा र नरबहादुर आलु लिएर फर्कदै गर्दा गोली लागी मृत्यु भएको थियो। सो घटनामा पीडितद्वयवाहेक ३ जना माओवादी कार्यकर्ताको पनि मृत्यु भयो।

रुम्जाटार विमानस्थलका सुरक्षाकर्मीमाथि आक्रमण गर्न गएका माओवादी र सुरक्षाकर्मीबीच ०५९ कार्तिक १० गते राति १०:३० बजेदेखि ३ बजेसम्म दोहोरो भिडन्त हुँदा ४८ जना माओवादीको मृत्यु भयो भने सुरक्षाकर्मी तर्फ सहसेनानी दिनेश थापाको मृत्यु भयो।

जेल र बन्दीहरु

"घ" श्रेणीको ओखलढुंगा जेलको क्षमता ५० जनाको छ। हाल जेलमा १३ पुरुष र १ महिला गरी १४ जना कैद नतोकिएका र ३ पुरुष, २ महिला गरी ५ जना कैद तोकिएका वन्दी छन्। जेलभित्र बन्दी टोपी बुन्ने काम गर्छन्। सञ्चारको साधनहरूमा गोरखापत्र दैनिक, कान्तिपुर दैनिक र इन्सेकले दिएको रेडियो छ। जेलभित्र रहेका कैदी तेम्बा शेर्पा सर्वोच्च अदालतमा रहेको मुद्दाको बारेमा पटक-पटक जानकारीका लागि पत्र पठाए पनि तत्काल जवाफ नआएको बताउँछन्।

बेपत्ता /अपहरण

माओवादीबाट

मोली गाविस-६ का ५३ वर्षीय दानवहादुर बस्नेतलाई सुराकीको आरोपमा ०५९ साउन ७ गते राति माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट बेलुका तलुवाको बाँरचादेवाट मुक्त गरियो।

तूलाछाप गाविसका निवर्तमान गाविस अध्यक्ष तथा नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ३५ वर्षीय शंकरवहादुर कटुवाललाई ०५९ असोज ६ गते माओवादीले अपहरण गरे। पीडितलाई आँखामा पट्टी बाँधी कुटपिट गर्दै अब उप्रान्त माओवादीविरूद्ध वैचारिक कुरा नउठाउनू भन्ने धम्की दिई ४ दिनपश्चात् मुक्त गरियो।

कटुञ्जे गाविस-५ का ६२ वर्षीय रत्नहरी धमलालाई ०५९ मंसिर ११ गते माओवादीले कुटपिट गरी अपहरण गरे। पीडित ५ दिनपछि माओवादीले सुतिरहेको अवस्थामा भागेर जिल्ला सदरमुकाम आइपुगे।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

टारकेरावारी गाविस–८ का ४८ वर्षीय इन्द्रवहादुर पौडेललाई ०५८ माघ १० गते सुरक्षाकर्मीले सामान्य सोधपुछ गरी कुटपिट गरे।

टारकेरावारी गाविस–९ का ३८ वर्षीय मसिने दर्जीलाई सोधपुछ गर्दा नकारात्मक जवाफ दिएको आरोपमा ०५८ माघ १२ गते सुरक्षाकर्मीले कुटपिट गरे।

टारकेराबारी गाविस–४ का ५२ वर्षीय गंगाबहादुर पौडेललाई माओवादी क्रियाकलापको जानकारी नदिएको आरोपमा ०५८ माघ १८ गते सुरक्षाकर्मीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

भदौरे गाविस–७ का ६५ वर्षीय एकराज खतिवडा र सोही ठाउँका २४ वर्षीय प्रेमप्रसाद खतिवडालाई आतंककारी गतिविधिको बारेमा सोधपुछ गर्दा यथार्थ जानकारी नदिएको आरोपमा ०५९ जेठ २ गते सुरक्षाकर्मीले कुटपिट गरे।

रातमाटेका बालकन्या प्रावि, भदौरेका ३५ वर्षीय शिक्षक कुमार राउतलाई माओवादी भागेको कुरा सोधपुछ गर्दा नदेखेको बताएपछि ०५९ जेठ २ गते सुरक्षाकर्मीले कुटपिट गरे।

भदौरे गाविस–७ की ४५ वर्षीय अम्बिकादेवी खतिवडालाई माओवादीलाई खान, बस्न दिएको आरोपमा ०५९ जेठ २ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

पोकली गाविस–२ का ५० वर्षीय देवीबहादुर कार्की, ५० वर्षीय छविलाल दाहाल, ४० वर्षीय दलबहादुर परियार र ३८ वर्षीय दिलमाया परियारलाई सुराकीको आरोपमा ०५८ माघ १८ गते माओवादीले कुटपिट गरे।

टारकेरावारी गाविस–९ का १९ वर्षीय अशोक खड्कालाई सुराकीको आरोपमा ०५८ माघ २० गते माओवादीले कुटपिट गरे।

यसम गाविस–५ का ६९ वर्षीय लालबहादुर कार्की, ४० वर्षीय मेघबहादुर कार्की र २२ वर्षीय गोमा कार्कीलाई ०५८ माघ २३ गते सोही ठाउँका एक व्यक्तिको खेत मुद्दा जितेकोमा छोड्नुपर्ने भन्दै माओवादीले घरमा गई कुटपिट गरे।

विलेन्दु गाविस–५ का ४३ वर्षीय मेघनाथ घिमिरेलाई आफ्नो पार्टी विरूद्ध गतिविधि गरेको आरोपमा ०५८ फागुन १६ गते छिमेकीको घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितको त्रिवि शिक्षण अस्पताल, काठमाण्डौमा उपचार गरियो। माओवादीले ०५९ जेठ ८ गते पीडितको घर र सम्पत्ति कब्जा गरे।

खिजीफलाटे गाविस–७ का ७८ वर्षीय वागसिङ तामाङ र ४२ वर्षीय चन्द्रबहादुर तामाङलाई ०५८ चैत १५ गते माओवादीले कुटपिट गरे। माओवादीले पीडितहरूमध्ये चन्द्रबहादुरको खुट्टा भाँचिदिए भने वागसिङसँग १ लाख रूपैयाँ चन्दा मागे।

फेदिगुठ गाविस–९ का ३२ वर्षीय जयबहादुर लामिछानेलाई सुराकीको आरोपमा ०५९ साउन ११ गते माओवादीले घरबाट लगी फूलबारी गाविस पुर्याई कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी मुद्दा पुराना ९५ र नयाँ २३ गरी जम्मा १ सय १८ वटामध्ये २७ फर्स्यौट भई ९१ बाँकी रहे भने सरकारवादी फौज्दारी मुद्दा पुराना ११ मध्ये ११ वटा नै फर्स्यौट हुन बाँकी छन्। दुनियावादी फौज्दारी पुरानो ६१ र नयाँ ५५ गरी १ सय १६ मध्ये २५ फर्स्यौट भई ९१ वटा बाँकी रहे।

जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका एक सयभन्दा बढी निवेदनमाथि सुनुवाई भएको र ७ वटा सार्वजनिक अपराध मुद्दा मध्ये २ वटाको सुनुवाई भई ५ वटा बाँकी रहेको तथा खरखजनासम्बन्धी एउटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको छ।

घटनाको प्रकार	गैर राज्यपक्षबाट							राज्यबाट पीडित				
	अन्यबाट पीडित			माओवादीबाट पीडित								
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				५	६		६	१४	१६	३	४८	६७
गिरफ्तारी/यातना								३	३			३
कुटपिट				६	११	२	१३	७	७	२		९
महिला अधिकार	१	१	१									
अपहरण				३	३		३					
जम्मा	१	१	१	१४	२०	२	२२	२४	२६	५	४८	७९

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

केनुकं गाविस-५ का कालिका प्रावि, पंग्बुवाका प्रधानाध्यापक हिराबहादुर राईलाई ०५८ पुस १९ गते सदरमुकाम ओख्लढुंगाबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखी ०५९ मंसिर २० गते रिहा गरियो।

भदौरे गाविस-२ का जाल्पा प्रावि, भदौरेका शिक्षक ३२ वर्षीय चन्द्रकुमार कार्कीलाई ०५९ वैशाख १६ गते सुरक्षार्मीले गिरफ्तार गरे। पीडितलाई ०५९ मंसिर २३ गतेसम्म नजरबन्दमा राखी मंसिर २४ गते रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ४ सय २४ जना भूमिहीन सुकुम्वासीहरूले आफ्नो नाम दर्ता गराएकोमा हालसम्म जग्गा वितरण गरिएको छैन। त्यसैगरी जिविसबाट वितरण हुने विधवा, जेष्ठ नागरिक र अपाङ्ग भत्ता क्रमशः १ हजार ९ सय ३९, १ हजार ६ सय ७४ र ४२ गरी ३ हजार ६ सय ५५ जनाले पाएका छन्।

आन्तरिक द्वन्द्वका कारण सदरमुकामभन्दा टाढाका गाविसहरूबाट मानिसहरू विस्थापित हुने क्रम बढेको छ। यसरी विस्थापित हुनेहरूमा थोरै संख्यामा परिवार पूरै र धेरै संख्यामा घरमुली विस्थापित हुने गरेको पाइन्छ। कुइभीर, खानीभञ्ज्याङ, पोखरे, रंगेनी, कटुञ्जे, फुलवारी, सिस्नेरी, कालिका लगायतका गाविसहरूबाट विस्थापित हुनेहरूको संख्या बढी छ। यस जिल्लामा ३ सय व्यक्ति विस्थापित भएको जिल्ला प्रशासन कार्यालयले जनायो।

महिला अधिकार

कुटपिटका कारण १ जना महिलाको गर्भपतन भयो।

विविध

संरचना क्षति

यस वर्ष माओवादीले जिल्ला विकास समिति भवन, जिल्ला खानेपानी कार्यालय, जिल्ला सिंचाई कार्यालय, जिल्ला वन कार्यालय, कृषि विकास कार्यालय, दुईवटा इलाका प्रहरी कार्यालय, एउटा प्रहरी चौकी तथा एउटा विद्युत पावर हाउसमा आक्रमण गरी क्षतिग्रस्त बनाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष १० जनाले झुण्डिएर आत्महत्या गरे, ६ जनाको भीरबाट लडेर मृत्यु भयो, ६ जनाको पहिरोमा परी मृत्यु भयो। जसमा, ९ जना महिला, १० जना पुरूष र ३ जना नाबालक थिए।

१.१६ सोलुखुम्बु

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

केरूङ गाविसमा ०५९ जेठ १४ गते सुरक्षाकर्मीको गोलीद्वारा ४ जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

नेले गाविस-७ मा ०५९ असार ४ गते बिहान सुरक्षाकर्मीको गोलीद्वारा २ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। पीडितहरूको सनाखत हुन सकेन।

नेले गाविस-६ का जसबहादुर नामाङ्गलाई माओवादीको आशंकामा ०५९ असार ४ गते बिहान काम गर्न हिँडिरहेको अवस्थामा सोही गाविस-७ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

केरूङ गाविस पत्तालेमा ०५९ असोज ४ गते सुरक्षाकर्मीको गोलीद्वारा एक जना माओवादीको मृत्यु भयो।

केरूङ गाविसमा सुरक्षाकर्मी र माओवादीबीच ०५९ कार्तिक १२ गते दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा एक जना माओवादीको मृत्यु भयो।

पंचन गाविसमा माओवादी र सुरक्षाकर्मीबीच ०५९ कार्तिक १२ गते भएको भिडन्तका क्रममा सुरक्षाकर्मीले चलाएको गोलीद्वारा एक जना माओवादीको मृत्यु भयो।

सल्लेरी गाविस-५ का भूपू सर्ड काजीमान गुरूङको ०५९ कार्तिक १६ गते बेलुका तिहारको लागि फूल लिई आइरहेको अवस्थामा सुरक्षाकर्मीले चलाएको गोलीद्वारा मृत्यु भयो।

भकान्जे गाविस किन्जा बजारमा माओवादीलाई ०५९ कार्तिक १९ गते एक भिडियो हेरिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जुवु गाविसमा ०५९ मंसिर ९ गते सुरक्षाकर्मीको गोलीद्वारा कुसुम भनिने भरत राउतको मृत्यु भयो।

माओवादीबाट

तामस्वानी गाविस-७ का दावा जाङ्वु शेर्पालाई ०५९ असार २५ गते माओवादीले स्कूल नजिकै चौरमा लगी कुटपिट गरी हत्या गरे।

सल्यान गाविस-३ का जनकल्याण उच्च माविका शिक्षक तारा निरौलालाई सुराकीको आरोपमा ०५९ मंसिर २२ गते जुबु गाविस-७ मा माओवादीले अपहरण गरी कुटपिट गरेर भोलिपल्ट विद्यालय ल्याई मुक्त गरेकोमा एक घण्टापछि मृत्यु भयो।

गोलीद्वारा घाइते

राज्यबाट

सल्लेरी गाविस-५ की सावित्री गुरूङलाई माओवादीको आशंकामा ०५९ कार्तिक १६ गते बेलुका तिहारको लागि फूल लिई आइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गरी घाइते बनाए। पीडितको उपचार फाप्लु अस्पतालमा भयो।

जेल र बन्दीहरू

गत वर्ष माओवादीले आक्रमण गरी क्षतिग्रस्त बनाएको जेल संचालनमा आएन।

जनसंख्या	: ११९९०१
साक्षरता प्रतिशत	: ४७.८६
महिला साक्षरता प्रतिशत	: ३९.६३
क्षेत्रफल (वर्ग कि. मि.)	: ३३२१
गाविस / नपा संख्या	: ३४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २४८
क्याम्पस / उच्च मा.वि.	: २/६
अस्पताल / स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: ३९१
मोटर सडक (कि. मि.)	: ५८
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३६
मानव विकास सूचकांक	: ०.३५४
प्रति एक डाक्टर जनसंख्या	: २६९९२
प्रति परिवार सरदर संख्या	: ४.९७

बेपता /अपहरण

माओवादीबाट

कागेल गाविस-८ का गोपाल कार्कीलाई ०५९ वैशाख १ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई जेठ २० गते आफ्नै घरमा ल्याई मुक्त गरियो।

नेले गाविस-७ का महेन्द्र श्रेष्ठ, पूर्णबहादुर मगर, वृद्धि प्रधान, किरण गुरूङ, सीता राई, सुस्मिता गुरूङ र गोरे मगरलाई ०५९ असार १० गते माओवादीले अपहरण गरे। पीडितहरूलाई सात दिनपछि मुक्त गरियो।

नेले गाविस-७ का जुली गुरूङ, राजु कार्की र होमबहादुर कार्कीलाई ०५९ असार १५ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितहरूलाई तीन दिनपछि मुक्त गरियो।

जुबु गाविसमा ०५९ असोज ३ गते कर्णाली एयरको 9NAD हेलिकप्टर बिग्रेको लिन गएको अवस्थामा हेलिकप्टर चालक अरूण मल्ल र स्थानीय व्यक्ति इन्द्रबहादुर गुरूङलाई माओवादीले अपहरण गरे। पीडितहरूलाई २८ घण्टापछि मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

माओवादीबाट

गार्मा गाविस-६ का ३४ वर्षीय छेवङ शेर्पालाई ०५९ वैशाख ५ गते राति सुतिरहेको अवस्थामा माओवादीले सख्त घाइते हुनेगरी कुटपिट गरे।

भकान्जे गाविस-७ का कर्मा शेर्पालाई ०५९ जेठ १२ गते आफ्नो घरमा सुतिरहेको अवस्थामा माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडितलाई उपचारार्थ काठमाण्डौ पुऱ्याइयो।

मुक्ली गाविसका दया गुरूङलाई ०५९ जेठ १३ गते घरमा बसिरहेको अवस्थामा माओवादीले घरबाट नजिकैको विद्यालय छेउ पुऱ्याई कुटपिट गरे।

नेले गाविस-७ का महेन्द्र श्रेष्ठलाई ०५९ असार ३ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीलेको एक समूहले कुटपिट गरी सख्त घाइते बनाए।

सल्लेरी गाविस-७ का लगनबहादुर श्रेष्ठलाई ०५९ भदौ ५ गते जिविस कार्यालयबाट टाक्सिन्दु र जुफिङ गाविसको काममा हिँडेको अवस्थामा टाक्सिन्दु गाविसको फूलेलीमा माओवादीले कुटपिट गरी कार्यालयका कागजपत्र, परिचयपत्र र ७ सय रूपैयाँ लुटे।

नेचा वेतघारी गाविस-३ का निवर्तमान गाविस अध्यक्ष लोचन शर्मा र खिलनाथ कट्टेललाई ०५९ भदौ २८ गते दिउँसो बजारमा घुमिरहेको अवस्थामा माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा भयो।

भकान्जे गाविस-८ ल्हाक्पा रिन्जी शेर्पालाई ०५९ भदौ ३० गते घरमा बसिरहेको अवस्थामा माओवादीले सख्त घाइते हुनेगरी कुटपिट गरी २ वटा दाँत समेत भाँचिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १९ र यस वर्ष दर्ता भएका २ गरी २१ वटा देवानी मुद्दा रहेकोमा एउटा फर्स्योट भई २० वटा बाँकी रहे। त्यसैगरी फौज्दारी मुद्दातर्फ सरकारवादी जिम्मेवारी सरेर आएका १३ र यस वर्ष दर्ता भएको एउटा गरी १४ वटा मध्ये एउटा फर्स्योट भई १३ वटा बाँकी रहे। दुनियावादी फौज्दारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ५३ र यस वर्ष दर्ता भएका १४ गरी ६७ वटा रहेकोमा १२ वटा फर्स्योट भई ५५ वटा बाँकी रहे।

माओवादीद्वारा ध्वस्त पारिखुका गाविस् सिंचाई कार्यालय तथा बागवानी केन्द्रहरु

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सल्लेरी गाविस-७ का जनस्वास्थ्य कार्यालयका पियन पूर्णवहादुर श्रेष्ठलाई माओवादीलाई उपचार गरेको, खान र वस्न दिएको आरोपमा ०५९ जेठ ३१ गते नेले गाविसवाट भ्याक्सिन लिन सदरमुकाम आइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई दिनपछि रिहा गरियो।

चौलाखर्क गाविस-७ घर भई सल्लेरी गाविस-५ मा पसल गरी वस्ने अनन्त वस्नेतलाई माओवादीलेको आह्वानमा भएको नेपाल वन्द कार्यक्रममा पसल वन्द गरेको आरोपमा ०५९ भदौ ३१ गते प्रहरीले पसलमा ताल्चा लगाइदिनुका साथै गिरफ्तार समेत गरे। पीडितलाई २४ घण्टापछि रिहा गरियो।

सल्लेरी गाविस-७ घर भई सीप विकास तालिम केन्द्र, ओखलढुंगामा विद्युत लाइन प्रशिक्षकमा कार्यरत वालकृष्ण राजभण्डारी र जिविस कार्यालयमा पियन पदमा कार्यरत वीरकाजी राजभण्डारीलाई माओवादीको आशंकामा ०५९ असोज २४ गते विहान ४ वजे सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ३ दिनपछि रिहा गरियो।

महिला अधिकार

एक जना महिलालाई वलात्कारपछि हत्या गरिएको घटना सार्वजनिक जानकारीमा आयो।

विविध

संरचना क्षति

काठमाण्डौवाट विरामी लिन ०५९ असोज ३ गते जुवु गएको कर्णाली एयरको हेलिकप्टर जुवुमा अवतरण गरिएपछि माओवादीले आगो लगाई क्षतिग्रस्त वनाए।

माओवादीले यस जिल्लाका ५ वटा गाविस भवन तथा सामाग्री सम्पूर्ण तथा अन्य २३ वटा गाविसका कागजपत्र

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	४	३	१	४	१	१		१	९	९	४	१३
गिरफ्तारी/यातना									४	१३		१३
कुटपिट	१	३	३	६	७	८		८	१	१		१
अपहरण					४	१०	३	१३				
जम्मा	५	६	४	१०	१२	१९	३	२२	१४	२३	४	२७

जलाए। त्यसैगरी एउटा वागवानी केन्द्र, एउटा सिंचाई कार्यालय, एउटा वन कार्यालय, एउटा उपस्वास्थ्य चौकी, उउटा नागरिक उड्ययन कार्यालय, एउटा विद्युत उत्पादन कम्पनी र एउटा दूरसञ्चार रिपिटर टावरमा आगो लगाई क्षतिग्रस्त वनाए। यसवाहेक खाद्य संस्थानको २४ क्वीन्टल चामल पनि माओवादीले जलाए।

अतिरिक्त जानकारीहरु

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष एक जना पुरुपको लास फेला पऱ्यो।

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाण्डौ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा

जनसंख्या	: ६७१३६४
साक्षरता प्रतिशत	: ३२.१
महिला साक्षरता प्रतिशत	: १६.१
क्षेत्रफल (वर्ग कि. मि.)	: ११८०
गाविस / नपा संख्या	: १०१/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: २८२
क्याम्पस / उच्च मा.वि.	: २/१३
अस्पताल / स्वास्थ्य चौकी	: ३/१०२
टेलिफोन लाइन	: ५८२५
मोटर सडक (कि. मि.)	: १७०
प्रहरी कार्यालय संख्या	: ३६
हुलाक संख्या	: ८९
मानव विकास सूचकांक	: ०.३२९
प्रति एक डाक्टर जनसंख्या	: १९७४
प्रति परिवार सरदर संख्या	: ५.२७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धनुषाधाम-८ का ३० वर्षीय फकिरचन्द यादव, मिथिलेश्वर निकास गाविस-८ का २७ वर्षीय रामएकवाल मुखिया र ठेराकचुरी गाविस-१ का ३५ वर्षीय अवधेस पासवानलाई ०५९ भदौ १३ गते राति प्रहरीले गोली हानी हत्या गरे। पीडितहरू प्रहरीको कब्जाबाट भाग्न खोज्दा गोली लागी मृत्यु भएको स्थानीय प्रशासनले जनायो। पीडितहरू मध्ये अवधेसलाई भदौ ५ गते प्रहरीले गिरफ्तार गरेको थियो।

माओवादीबाट

भुथही पटेर्वा गाविस-९ का ४० वर्षीय लक्ष्मण यादवलाई सुराकीको आरोपमा ०५८ फागुन ८ गते बेलुका माओवादीहरूले घरबाट बाहिर बाटोमा ल्याई गोली हानी हत्या गरे।

ब्रालाबास्वर गाविस-४ का ६० वर्षीय रामसेवक यादवलाई ०५८ चैत १६ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले आफूहरूलाई सेना बताई ढोका खोल्न लगाई गोली हानी हत्या गरे।

धनुषाधाम-२ का ४० वर्षीय मोहन यादवलाई ०५९ वैशाख २५ गते राति माओवादीले आफूलाई धारा पानी ब्यारेकबाट आएका सेना बताई ढोका खोल्न लगाएर गोली हानी हत्या गरे। सोही घटनामा पीडितका भाइ ३० वर्षीय देवनारायण यादवलाई पनि धारिलो हतियार गरी घाइते बनाइयो।

धनुषाधाम-८ का ३६ वर्षीय मनोहर मल्ललाई ०५९ साउन ३१ गते राति माओवादीले आफूलाई भिमान ब्यारेकबाट आएका सेना बताई धारिलो हतियार र गोली प्रहार गरी हत्या गरे। पीडित पूर्वमन्त्री हेमबहादुर मल्लका जेठा छोरा हुन्। माओवादीहरूले पीडितको घरमा बम विस्फोट गराई ध्वस्त बनाए।

उरापट्टी गाविस-४ का ४५ वर्षीय अवधलाल यादव र ४३ वर्षीय फेकन साहलाई सुराकीको आरोपमा ०५९ भदौ २८ गते राति माओवादीले घरबाट अपहरण गरी गोपालपुर गाविस-९ स्थित जलाद खोलाको किनारमा लगी धारिलो हतियार र गोली हानी हत्या गरे। उक्त घटनामा अवधलालका छोरालाई पनि अपहरण गरिएकोमा दुई घण्टापछि मुक्त गरियो।

गिधा तिनकौरिया पास्वर चौकीमा कार्यरत प्रहरी जवान केदार कुँवरलाई ०५९ मसिर १२ गते जोगियारा नजिकै पर्ने बाटामा माओवादीले गोली हानी घाइते बनाएकोमा उपचार गर्दागर्दा दुई हप्तापछि मृत्यु भयो।

अन्यबाट

बेहेंडाबेला गाविस-५ का गाविस अध्यक्ष तथा राप्रपा कार्यकर्ता भोला यादवको ०५९ जेठ २५ गते गोली हानी हत्या गरियो। राजनीतिक रीसइवीका कारण हत्या गरिएको पीडित पक्षको भनाइ छ। हत्याको आरोप लागेका रामसरोज यादव आफूलाई राजनीतिक पूर्वाग्रहका आधारमा फसाउन खोजेको बताउँछन्। घटनाका सम्बन्धमा कसैलाई पनि कुनै कारवाही भएको छैन।

उमाप्रेमपुर गाविस-८ का एमाले कार्यकर्ता ६० वर्षीय चौधरी महतोलाई ०५९ साउन १९ गते गोली प्रहार गरिएकोमा उपचार गर्दागर्दै मृत्यु भयो। पीडित पक्षले हत्यामा सोही गाविसका उपाध्यक्ष मैथिनलाल कर्णको संलग्नता भएको उजुरी दिएको भए पनि राजनीतिक पूर्वाग्रहका कारण आफूलाई आरोप लगाइएको कर्ण बताउँछन्।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

मिथिलेश्वर निकास गाविस-८ का ४५ वर्षीय रामचन्द्र मुखियालाई सुराकीको आरोपमा ०५९ साउन १२ गते राति माओवादीले गोली हानी घाइते बनाए।

बालाबास्वर गाविस-३ का ४५ वर्षीय उमेश यादवलाई ०५९ असोज १५ गते खरिचानी गाविस-३ मा माओवादीले गोली हानी घाइते बनाए।

बेपत्ता /अपहरण

माओवादीबाट

बालाबास्वर गाविस-१ का २७ वर्षीय रामजतन यादवलाई ०५८ चैत १६ गते माओवादीले सोही गाविस-४ बाट अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो।

धनुषाधाम गाविस-४ का ३८ वर्षीय निवर्तमान गाविस अध्यक्ष कुद्रुस राइनलाई ०५९ साउन २६ गते माओवादीले सवेला बजारबाट फर्कदा अपहरण गरे। पीडितलाई भदौ १ गते मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

मरवनाहा गाविस-९ का ५० वर्षीय रामकुमारी देवी मण्डल, २० वर्षीय सुनैना देवी मण्डल र ५५ वर्षीय रामनारायण मण्डललाई माओवादीको आरोपमा ०५८ चैत २६ गते प्रहरीले निर्मम कुटपिट गरे।

माओवादीद्वारा गोली हानी घाइते बनाइएका रामचन्द्र मुखिया

यज्ञभूमी गाविस-५ का ७५ वर्षीय भरोसा यादवलाई ०५९ वैशाख १ गते धनुषाधामका असईले गोली हानी ज्यानमार्ने धम्की दिए। पीडितका छोरा माओवादीमा लागेका कारण प्रहरीले बारम्बार मानसिक यातना दिएको पीडितले बताइन्।

यज्ञभूमी गाविस-५ का ३२ वर्षीय सहदेव यादवलाई माओवादीलाई सघाएको आरोपमा ०५९ जेठ १९ गते धनुषाधामका प्रहरीले कुटपिट गरे।

ननुपट्टी गाविस-९ की ४० वर्षीय शनेश्चरी देवी महरालाई माओवादीलाई खान, बस्न दिएको आरोपमा ०५९ साउन १ गते प्रहरीले घर खानतलासी गर्ने निहुँमा निर्मम कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी १ हजार ३ सय ४२, दुनियावादी फौज्दारी ३ सय १८ र सरकारवादी फौज्दारी ८५ गरी कूल १ हजार ७ सय ४५ मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार ३ सय ७ वटा र यस वर्ष परेका १ हजार ७ सय ४५ गरी ३ हजार १ सय २४ वटा मुद्दा मध्ये १ हजार ८ सय ६७ वटा मुद्दा यस वर्ष फर्स्योट भए। यस वर्ष फर्स्योट भएका देवानी १ हजार ४ सय ६४, दुनियावादी फौज्दारी ३ सय २ र सरकारवादी फौज्दारी ९० रहे।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यान २९, ज्यानमार्ने उद्योग ६, खुनडाँका १, डाँका ७, चोरी ३, जबर्जस्ती करणी १, जबर्जस्ती करणी उद्योग १, हातहतियार खरखजाना ७, केही सार्वजनिक अपराध २२, विष खाएर आत्महत्या २५, झुण्डिएर आत्महत्या १२, आगो लगाएर आत्महत्या ६, सवारी दुर्घटना २४, गोवध १, नागरिकता ४, कारण नखुलेको ज्यान ७, भवितव्य ३४, आगलागी २, विस्फोटक पदार्थ १, प्रहरीको गोलीबाट मृत्यु १, डुबेर आत्महत्या १, जीउ मास्ने बेच्ने १, ठगी २, लागु औषध १, सवारी अंगभंग १ गरी जम्मा १ सय ९७ मुद्दा परे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चोहराकोयलपुर गाविस-१ की २५ वर्षीय प्रमिलादेवी

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१९	१३	६	१९	६	७	१		८	१	३		३
घाईते	१०	६	७	१३	५	६			६	४	४		४
बम विस्फोटन					१			१	१				
गिरफ्तारी/यातना										७७	१०३	९	११२
धम्की										१	१		१
महिला अधिकार	३४		३६	३६									
बाल अधिकार	४	४	१	५									
आर्थिक/सामाजिक अधिकार	१		१	१	१	१			१				
अमानवीय व्यवहार	१	२		२									
अपहरण					४	४			४				
जम्मा	६९	२५	५१	७६	१७	१८	१	१	२०	८३	१११	९	१२०

पासवानलाई माओवादीको आरोपमा ०५८ पुस २२ गते सिराहा जिल्ला कल्याणपुर कालावन्जर गाविस-१ बाट प्रहरीले गिरफ्तार गरी सबैला इलाका प्रहरी कार्यालयमा पुऱ्याएपछि बाँसको लाठीले पैताला, पिठ्यूँ, निघ्रामा बेहोस हुनेगरी हिकाई माघ १ गते रिहा गरे। पीडितलाई समाज उत्थान केन्द्रको सहयोगमा उपचारका लागि यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) पठाइयो।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी यातना दिइएकी प्रमिलादेवी पासवान

बरमझिया गाविस-६ का ५० वर्षीय विसुनदेव यादवलाई माओवादीलाई खान, बस्न दिएको आरोपमा ०५८ पुस २६ गते प्रहरीले सिराहा जिल्ला बन्दीपुर गाविस-२ बाट गिरफ्तार गरे। पीडितलाई माघ ३ गते सांसद योगनारायण यादवको जमाननमा रिहा गरियो। पीडितलाई हालसम्म माओवादीको आरोपमा पाँच पटक गिरफ्तार गरिसकिएको छ। पीडितलाई इन्सेक जिल्ला प्रतिनिधिको सहयोगमा उपचारको लागि सिभिक्ट पठाइयो।

धनुषाधाम गाविस-२ का ३८ वर्षीय लक्ष्मेश्वर साहलाई माओवादीको आरोपमा ०५८ माघ ३ गते धनुषाधामबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई माघ ८ गते नजरबन्दमा राखी केही दिनपछि रिहा गरियो। पीडितलाई हिरासतमा यातना दिइएको थियो।

यज्ञभूमि गाविस-६ का २२ वर्षीय रामभक्त कापरलाई ०५८ फागुन १७ गते किसानपुरबाट र सोही ठाउँका २९ वर्षीय दुलारचन्द महरालाई माओवादीको आरोपमा ०५८ फागुन १९ गते धनुषाधाम गाविस-८ सरमाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई थुनामा लाठीले पैंताला, ढाड, पिठ्यूँ, पिडौंलामा हिकाई निर्मम यातना दिए। पीडितहरूलाई चैत ३ गते नजरबन्दमा राखिएकोमा ०५९ असार ३ गते रिहा गरेपछि जिल्ला प्रशासन कार्यालयबाट प्रहरीले पुनः गिरफ्तार गरी ५ दिन थुनामा राखी रिहा गरियो।

माओवादीद्वारा हत्या गरिएका रामसेवक यादव

यज्ञभूमि गाविस-५ का ४० वर्षीय राजेन्द्र यादवलाई माओवादीको आरोपमा ०५८ चैत १५ गते सुरक्षाकर्मीले जनकपुर नपा-१ बाट गिरफ्तार गरे। पीडितलाई निर्मम यातना दिई ०५९ वैशाख १५ गते नजरबन्दका लागि पठाइएकोमा जेठ १ गते रिहा गरियो। पीडितलाई इन्सेक जिल्ला प्रतिनिधिको सहयोगमा उपचारका लागि सिभिक्ट पठाइयो।

वालावास्वर गाविस-१ का ७० वर्षीय धनराज यादव, ४५ वर्षीय अनरोगीया देवी यादव र ३० वर्षीय लक्ष्मिनीया यादवलाई माओवादी गतिविधिमा संलग्न भई गाविस अध्यक्षको हत्यामा सामेल रहेको आरोपमा ०५८ चैत १७ गते प्रहरीले गिरफ्तार गरी ०५९ वैशाख १० गते रिहा गरे।

नौवाखोर पर्सांही गाविस-३ का २८ वर्षीय सत्यनारायण ठाकुरलाई माओवादीको आशंकामा ०५८ चैत २० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई निर्मम यातना दिई ०५९ वैशाख १९ गते रिहा गरियो।

बरमझिया गाविस-६ का ३० वर्षीय कारी साहलाई माओवादीको आरोपमा ०५९ वैशाख ४ गते प्रहरीले गिरफ्तार गरी यातना दिएर ०५९ जेठ २ गते नजरबन्दको लागि जेल चलान गरियो।

लोहना गाविस-७ का ४५ वर्षीय मोहनजी यादवलाई माओवादीको आशंकामा ०५९ वैशाख ५ गते प्रहरीले गिरफ्तार गरी ०५९ वैशाख १५ गते रिहा गरे।

देवपुरा रूपैठा गाविस-३ का २५ वर्षीय सौखीलाल पासवानलाई माओवादीको आरोपमा ०५९ वैशाख १५ गते प्रहरीले देउरी पराहा गाविस-९ बाट गिरफ्तार गरी ०५९ जेठ २ गते नजरबन्दको लागि जेल चलान गरियो।

धनुषा गोविन्दपुर गाविस-८ का ३० वर्षीय देवो यादवलाई दाजु माओवादी भएको कारण ०५९ वैशाख २८ गते प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय धनुषाधाम पुऱ्याई निलडाम हुने गरी यातना दिई दुई दिनपछि रिहा गरियो।

मिथिलेश्वर निकास गाविस-७ का ४० वर्षीय नथुनी महरालाई माओवादीको आरोपमा ०५९ असार ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई लाठीले पैताला, पिठ्यूँ, ढाड र तिघ्रामा हिर्काई यातना दिइयो।

धनुषा गोविन्दपुर गाविस-९ का १६ वर्षीय शत्रुघ्न यादव र ४५ वर्षीय भौलिया सदालाई ०५९ साउन १२ गते प्रहरीले गिरफ्तार गरी इलाका प्रहरी कार्यालय, धनुषाधाम हिरासतमा करेन्ट लगाई यातना दिए। पीडितलाई साउन १४ गते रिहा गरियो।

वालावास्वर गाविस- १ का ३० वर्षीय सुखीलाल यादव, २४ वर्षीय रामएकवाल राम र २७ वर्षीय रामजनम यादवलाई माओवादीको आशंकामा ०५९ साउन १२ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सिराहा जिल्ला मिर्चैया इलाका प्रहरी कार्यालयमा लगी तुरुङ्गमा झुण्ड्याई तिघ्रा, पिठ्यूँ, ढाडमा हिर्काउने,

आँखामा पट्टी बाँधी मुखमा पानी हालेर निसास्सिने गरी थुन्ने, तिघ्रामा रोलिङ गर्ने जस्ता यातना दिइयो। पीडितहरूमध्ये सुखीलाल र रामजनमलाई भदौ ११ गते रिहा गरियो भने रामरजनलाई धर्रोटीमा रिहा गरिएकोमा प्रहरीले पुनः गिरफ्तार गरी धनुषा ल्याएर असोज २४ गते रिहा गरे।

लोहना गाविस-६ का ३० वर्षीय रामशोभित पासवान, २३ वर्षीय विन्देश्वर पासवान, ४० वर्षीय लखन पासमान र १८ वर्षीय नरेश पासवानलाई ०५९ साउन २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई नीलडाम हुनेगरी यातना दिनुका साथै लखनको हात नै भाँचिदिए।

माओवादीद्वारा हत्या गरिएका लक्ष्मण यादव

दिगम्वरपुर गाविस-९ का २५ वर्षीय मंगल साफीलाई माओवादीको आशंकामा ०५९ भदौ ३ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई कुटपिट गरेर यातना दिई भदौ १३ गते रिहा गरियो।

यदुकोहा गाविस-२ का ३५ वर्षीय राजकुमार मण्डललाई माओवादीको आरोपमा ०५९ भदौ ४ गते प्रहरीले सुगामधुकरीबाट गिरफ्तार गरी भदौ १५ गते रिहा गरे।

मिथिलेश्वर निकास गाविस-६ का ३५ वर्षीय गंगाप्रसाद साहलाई माओवादीको आशंकामा ०५९ भदौ ५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई पाइपको रोलले तिघ्रादेखि पिडौँलासम्म हिर्काउनुका साथै पाखुरामा करेन्ट लगाई यातना दिइयो र भदौ १० गते रिहा गरियो।

नौवाखोर पसर्माही गाविस-२ का ३४ वर्षीय रामबाबु झालाई माओवादीलाई खान दिएको आरोपमा ०५९ भदौ ८ गते प्रहरीले गिरफ्तार गरी भदौ २३ गते रिहा गरे।

धनुषाधाम-७ का ३० वर्षीय रामहृदय यादवलाई माओवादी आशंकामा ०५९ भदौ १९ गते प्रहरीले गिरफ्तार गरी भदौ २८ गते रिहा गरे।

अन्दुपट्टी कटरैन गाविस-८ का २३ वर्षीय श्रीचन मुखिया र नौवाखोरपर्साही गाविस-९ का ३४ वर्षीय रामदेव ठाकुरलाई माओवादीको आरोपमा ०५९ असोज ३ गते प्रहरीले जनकपुर नपा-१ बाट गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म नजरबन्दमा राखिएको थियो।

नागपट्टी गाविस-४ का ४५ वर्षीय बेचन यादवलाई माओवादीको आरोपमा ०५९ असोज १८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई नजरबन्दमा राखी पुस ८ गते रिहा गरियो।

रमदैया भवारी गाविस-१ का २९ वर्षीय रामपुकार यादवलाई ०५९ असोज २२ गते प्रहरीले महेन्द्रनगर इलाका प्रहरी कार्यालयमा लगी निलडाम हुने गरी कुटपिट गरे। पीडकविरूद्ध यातना क्षतिपूर्ति ऐनअन्तर्गत जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

सुगामधुकरी गाविस-६ का ५० वर्षीय रामसुकल दासलाई माओवादीको आरोपमा ०५९ असोज २२ गते प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई कार्तिक ४ गते नजरबन्दमा राखिएकोमा पुस ८ गते रिहा गरियो।

यस बाहेक यस वर्ष अन्य ३ जनालाई माओवादीको आरोपमा प्रहरीले गिरफ्तार गरेकोमा २ जनालाई ५ दिनपछि र १ जनालाई ४ दिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा जेष्ठ नागरिक २ हजार ७ सय ३९, असहाय विधवा ७ हजार ३ सय २४ र अशक्त ४३ जना छन्।

बालअधिकार

बालावाखर गाविस-२ की १३ वर्षीय एक बालिकालाई ०५९ असार १५ गते बरमझिया गाविस-८ का २५ वर्षीय हिरवा यादवले बलात्कार गरे। पीडक फरार छन्।

सप्तरी जिल्ला कञ्चनपुरकी १२ वर्षीय एक

हत्या गरिएका भोला यादव इन्सेटमा जीवित अवस्थाको फोटो

राजनीतिक प्रतिशोधका कारण हत्या गरिएका सोनिगामाका शिवशंकर मुखिया

बालिकालाई ०५९ साउन १९ गते एक अज्ञात व्यक्तिले भरतपुर-४ मा बलात्कार गरी फरार भए।

महिला अधिकार

महोत्तरी जिल्ला सिनुरजोडा गाविस-८ की १८ वर्षीय एक युवतीलाई ०५८ फागुन ५ गते सोही ठाउँका उमेश यादवले बिक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा जनकपुर नपा-१ मा माइती नेपालका कार्यकताले फेला पारी अभिभावकको जिम्मा लगाए। पीडक फरार छन्।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी यातना दिइएका कुलारचन्द्र महरा रामशोभित पासवान विन्देश्वर पासवान लखन पासवान र नरेश पासवान

बरमभिया गाविस-६ की एक महिलालाई ०५९ वैशाख २२ गते उनकै ससुरा ६० वर्षीय रामप्रसाद सुँडीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई कुनै कारवाही भएन।

पतनुका गाविस-१ की ४९ वर्षीय रामपरीदेवी साहलाई बोक्सीको आरोपमा ०५८ फागुन ७ गते सोही ठाउँका ३५ वर्षीय रामईश्वर साह, २५ वर्षीय शंकर साह, २० वर्षीय सन्तोष साह, ५२ वर्षीय रघुना साह, ३५ वर्षीय दुःखलोचन साहले कुटपिट गरी घाइते बनाए। पीडकहरू मध्ये रामईश्वरलाई सार्वजनिक मुद्दा चलाइएकोमा १० हजार रूपैयाँ धरौटीमा रिहा भए।

देवपुरा हवैठा गाविस-३ की ४५ वर्षीय राजोदेवी पासवानलाई बोक्सीको आरोपमा ०५८ फागुन २१ गते उनकै आफन्तहरू ५५ वर्षीय रेवियादेवी पासवान, २४ वर्षीय जितनी देवी र ६० वर्षीय विल्टु पासवानले कुटपिट गरे।

विविध

संरचना क्षति

यस वर्ष माओवादीहरूले १२ वटा गाविस भवन र २ वटा नीजि बस जलाए। भूमिसुधार कार्यालयमा बम विस्फोटन गराए। यसबाट अनुमानित १८ लाख ५० हजार ६ सय रूपैयाँ बराबरको क्षति भयो।

अतिरिक्त जानकारीहरु

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धि

यस वर्ष १७ पुरूष र १ महिला गरी १८ जनाले आत्महत्या गरे। सडक दुर्घटनामा परी १६ पुरूष र २ महिला पीडित भए। १ पुरूषको वेवारिसे लास फेला पर्‍यो।

२.२ महोत्तरी

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

गौशाला गाविस स्थित गौशाला बजारमा महानवमीका दिन दुर्गा पूजाको मेलामा ०५९ असोज २८ गते साँस्कृतिक कार्यक्रम हेर्न आएका निगौल गाविसका युवाहरू र ड्युटिमा रहेका सादा पोशाकका प्रहरी जवान जिआउल हकवीच विवाद भई प्रहरी जवानले गोली चलाउँदा निगौल गाविस-१ का ५० वर्षीय भिखारी साहको घटनास्थलमै मृत्यु भयो भने ४ जना घाइते भए। सो घटनामा निगौल गाविस-४ का २० वर्षीय प्रितनारायण चौधरीलाई दोषी देखाई प्रहरीले मुद्दा चलाए भने पीडक प्रहरी जवानलाई केही दिन जिल्ला प्रहरी कार्यालयमा थुनामा राखी रिहा गरियो।

माओवादीबाट

खयरमारा गाविसका उपाध्यक्ष ३५ वर्षीय रामेश्वर राय यादवलाई ०५८ चैत १६ गते राति माओवादीले घरबाट बोलाई १ सय मिटर जति पर लगी धारिलो हतियार र गोली प्रहार गरी हत्या गरे।

सर्लाही जिल्ला बसन्तपुर गाविस-३ घर भई महोत्तरी भरतपुर-९ स्थित कान्ति बजारबाट घर फर्कँदै गरेका ४५ वर्षीय देवुराम यादवलाई ०५९ कार्तिक २३ गते माओवादीले टाउको र काँधमा गोली हानी हत्या गरे।

जेल र बन्दीहरू

"ख" श्रेणीको महोत्तरी जलको बन्दी क्षमता १ सय २५ जना छ भने हाल १ सय ७८ जना बन्दी छन्। कैद नतोकिएका ९१ मध्ये ८१ पुरूष र १० महिला छन् भने कैद तोकिएका ८७ मध्ये ८५ पुरूष र २ महिला छन्। आश्रित ४ नाबालक मध्ये १ बालक र ३ बालिका छन्।

अत्यन्तै पुरानो र जीर्ण अवस्थामा रहेको जेल वर्षायाममा डुबानमा परेका कारण बन्दीहरूले छनमा पाल हाली दिन गुजार्नु परेको थियो। जेलमा पानी चुहिने र भित्ता रसाउने गरेको बन्दीहरू बताउँछन्। जेलमा खानेपानी, बत्ती र शौचालयको राम्रो व्यवस्था छ। त्यस्तै १ धारा, ५ चापाकल र ९ चर्पी छन्। महिला र पुरूष दुवैतर्फ रेडियो, टेलिभिजन र पत्रपत्रिकाको राम्रो व्यवस्था गरिएको छ भने पुरूष जेलभित्र पुस्तकालयको व्यवस्था छ।

जनसंख्या	: ५५३४८१
साक्षरता प्रतिशत	: ३४
महिला साक्षरता प्रतिशत	: २१
क्षेत्रफल (वर्ग कि. मि.)	: १००२
गाविस / नपा संख्या	: ७६/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: २३०
क्याम्पस / उच्च मा.वि.	: २/४
अस्पताल / स्वास्थ्य चौकी	: १/८१
टेलिफोन लाइन	: ८२१
मोटर सडक (कि. मि.)	: २३८
प्रहरी कार्यालय संख्या	: १२
हुलाक संख्या	: ७४
मानव विकास सूचकांक	: ०.३२२
प्रति एक डाक्टर जनसंख्या	: ७९०६९
प्रति परिवार सरदर संख्या	: ५.८७

धम्की /ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

वर्दिवास-७ का २८ वर्षीय रामजी बस्नेतलाई माओवादीलाई बस चढाई पठाएको आरोपमा ०५८ चैत ३ गते बेलुका इलाका प्रहरी कार्यालयका इन्सपेक्टर प्यारासिंह योन्जनले कुटपिट गरे।

नेकां कार्यकर्ता शम्भु भट्टराई, श्याम घिमिरे र हरि पुडासैनीलाई आफूलाई सरूवा गराउने भनी ०५९ असोज १५ गते घरबाट इलाका प्रहरी कार्यालय वर्दिवास बोलाई प्रहरी निरीक्षक प्यारासिंह योन्जनले कुटपिट गरे। घटनापछि आक्रोशित जनताले राजमार्ग बन्द गरे। डिएसपी शरदराज शर्माले पीडक उपर कारवाही गरिने आश्वासन दिए पनि कुनै कारवाही भएन।



बिक्री गर्न लग्दै गर्दा उद्धार गरेका गोनरपुर गाविसका बालकहरु र बसेका पीडकहरु

अन्यबाट

भटौलीया गाविस-८ का ६० वर्षीय किशोरी साह र उनकी पत्नी ५५ वर्षीय राम दुलारीदेवीलाई ०५९ वैशाख २२ गते सोही ठाउँका राज भन्ने राजकुमार मण्डलकी पत्नीलाई राम दुलारीले टुनामुना गरी विरामी पारेको आरोपमा सोही ठाउँका रामशिष मण्डल र राजकुमार मण्डलले कुटपिट गरे। गाविस अध्यक्ष जामुन मण्डलले पीडकलाई माफी माग्न लगाई मिलापत्र गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ८ वटा दुनियावादी फौज्दारी मुद्दामा सबै फर्स्यौट भए भने दुनियावादी देवानीमा जिम्मेवारी सरेर आएका ६ सय ३८ मा ५ सय ४ फर्स्यौट भई १ सय ३४ बाँकी रहे। यसै वर्ष दर्ता भएका १ हजार ९ सय ४ मुद्दामध्ये १ हजार ७ सय १५ फर्स्यौट भई ८ सय ८९ बाँकी रहे। आर्थिक वर्ष ५९/६० का लागि जिम्मेवारी सरेर आएका १ हजार २३ मुद्दामध्ये चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्म दर्ता भएका दुनियावादी देवानी १ हजार ५ सय ९६ मध्ये सोही अवधिमा ५ सय ३३ फर्स्यौट भई १ हजार ६३ बाँकी रहे। यस अदालतमा सरकारी देवानी मुद्दा छैन भने दुनियावादी फौज्दारी ३ सय ४८ दर्ता भएकामा ९४ फर्स्यौट भई २ सय ५४ बाँकी रहे। सरकारी फौज्दारी मुद्दा ८७ वटा दर्ता भएकोमा १९ वटा फर्स्यौट भई ६८ वटा बाँकी रहे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

निगौल गाविस-७ का २५ वर्षीय गजविर आशियान (चमार) लाई माओवादी गतिविधिमा लागेको आशंकामा ०५८ पुस २७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई तीन महिनापछि रिहा गरी केही दिन वेपत्ता पारियो र पुनः तीन महिनाको पूर्जी दिई थुनामा राखियो।

माइस्थान गाविस-४ का २८ वर्षीय खेमराज दाहाललाई अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला अध्यक्ष भई माओवादी गतिविधिमा लागेको आशंकामा ०५८ पुस २८ गते घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई १० दिन बेपत्ता पारी आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तरगत तीन महिने थुनुवा पूर्जी दिई थुनामा राखियो। पीडितलाई हरेक ३ महिनामा रिहाई पूर्जी दिइने र केही दिन बेपत्ता पारी पुनः गिरफ्तार गर्ने गरिएको छ। हाल पीडित बन्दी अवस्थामै छन्।

बेलगाछी गाविस-८ का ३३ वर्षीय बच्चु थापा, ३१ वर्षीय गोपाल गुन्जा र २८ वर्षीय गणेश जर्घालाई माओवादी गतिविधिमा लागेको आशंकामा ०५८ माघ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये गोपाललाई १५ दिनपछि र बच्चुलाई ०५९ मंसिर २० गते रिहा गरियो। गणेश हालसम्म थुनामा छन्।

यस वर्ष गिरफ्तारीका ३५ वटा घटनामा अन्य ४६ जना पुरूष पीडित भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

खुटापिपराढी गाविस-४ को ऐलानी पोखरीको डिलमा वर्षौं अघिदेखि बसोबास गर्दै आएका सुकुम्बासी नवल कापरको घर सोही ठाउँका भूपू गृहराज्यमन्त्री तथा नेकांका नेता महेन्द्र यादव र उनका परिवारले आगो लगाई दिंदा कापर परिवार विस्थापित भयो।

देशमा संकटकाल लागू भएपछि यो वर्ष मात्र माओवादीको डर र धम्कीका कारण ७ घटनामा २३ जना विस्थापित भए।

धार्मिक स्वतन्त्रता

सम्सी गाविसका हिन्दू धर्मावलम्बीहरूले ०५९ साउन १७ गते शंकर भगवानको झाँकी गाउँ परिक्रमा गराउने क्रममा मुस्लिम समुदायले ढुंगामुढा गरी रोक लगाएकाले धार्मिक विवादले दंगाको रूप लियो। सो दंगामा परी १० जना हिन्दु र ४ जना मुस्लिम घाइते हुनुका साथै ३ वटा घरमा आगो लगाइयो।

बालअधिकार

डाम्हीमडै गाविस-८ रानी रतवाडा टोलका १० वर्षीय अजय पासवान, ११ वर्षीय प्रमोदकुमार पासवान र ११ वर्षीय भोगेन्द्र पासवानलाई ०५८ फागुन २८ गते सोही ठाउँका महेश्वर पासवान, सुमित्रादेवी पासवान र चन्द्रिका पासवानले ललाई-फकाई भारत लगी बिक्री गरेको आरोपमा पीडितका अभिभावकले जिप्रकामा उजुरी गरे। प्रहरीले पीडकमध्ये महेश्वर पासवानलाई गिरफ्तार गरी कारवाही चलाए।

जलेश्वर गाविस-५ की ९ वर्षीय अञ्जु मल्लिका सिद्धीकीलाई गृहकार्य नगरेको आरोपमा ०५८ चैत ८ गते उनले अध्ययन गर्ने एशियन क्याम्ब्रिज बोर्डिङ्ग स्कूलका शिक्षक संजय साहले कुटपिट गरे। पीडितलाई अभिभावकहरूले जलेश्वर अस्पतालमा उपचार गराए भने पीडकलाई स्कूलबाट निष्काशन गरियो।

धर्मपुर गाविस-५ की १३ वर्षीय एक बालिकालाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित			
	अन्यबाट पीडित					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१२	७	८		१५	२	२			२	१	१		१
घाइते	५	८			८	१	१	३		४	१	४		४
बम विस्फोटन						१			१	१				
गिरफ्तारी/यातना											४०	५४	२	५६
कुटपिट	२		२		२						५	७	१	८
जातीय विभेद	३	२	१		३									
महिला अधिकार	१६		१७		१७						२		४	४
बालअधिकार	१४	१९	७		२६						१	१		१
आर्थिक/सामाजिक अधिकार	१			२०	२०									
अमानवीय व्यवहार	१		२		२									
अपहरण	२	१	१		२									
जम्मा	५६	३७	३८	२०	९५	४	३	३	१	७	५०	६७	८	७५

घरमा कोही नभएको मौका पारी ०५९ असार २६ गते सोही ठाउँका १७ वर्षीय चितरञ्जन यादवले बलात्कार गर्ने प्रयास गरे। पीडित चिच्याएपछि छिमेकी जम्मा भएका कारण पीडक भागे। पीडक हालसम्म पनि फरार छन्।

बर्दिवास गाविस-९ की १२ वर्षीय सेती भनिने संसारी विश्वकर्मालाई ०५९ साउन १ गते सोही ठाउँका गणेश दास र उसकी पत्नी राजोदेवी दासले भारतका सितामढी लगी बिक्री गरे। पीडक राजोदेवीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने गणेश फरार छन्।

गोनरपुरा गाविस-९ का ८ वर्षीय हिरा मण्डल, १२ वर्षीय रामदिनेश महतो, १३ वर्षीय सरोजकुमार महतो, ८ वर्षीय उमाशंकर महतो, १२ वर्षीय सिकिन्दर मण्डल, १२ वर्षीय राधेश्याम महतो र बढिया बनचौरी गाविस-६ का १२ वर्षीय रामेश्वर महतो, रंजित मण्डल र अर्जुन रामलाई बालश्रमका लागि भारततर्फ लैजाँदै गरेको अवस्थामा गोनरपुरा गाविस-९ का २२ वर्षीय राजकरण महतो र बढिया बनचौरी गाविस-६ का १९ वर्षीय सत्यनारायण महतोले ०५९ पुस ५ गते प्रहरीले गिरफ्तार गरे। बालकहरुलाई अभिभावकको जिम्मा लगाइयो भने पीडकहरु उपर जिल्ला अदालतमा मुद्दा दायर गरियो।

उदयपुर जिल्ला त्रियुगा नपा-८ गाईघाटकी १९ वर्षीय एक युवती र उनकी १२ वर्षीय बहिनीलाई ०५९ जेठ २८ गते हेटौंडा स्थित काकाको घरबाट फर्कदै गर्दा बर्दिवास गाविस-७ का विनोद श्रेष्ठ र २१ वर्षीय अमित श्रीसेनले फकाई बर्दिवास चोकबाट पूर्व नदीको पुलनेर पुर्याइ बालिकालाई बलात्कार गरे भने युवती भाग्न सफल भइन्। पीडकमध्ये विनोदलाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने अमित फरार छन्। पीडितहरू माइती नेपालको संरक्षणमा छन्।

महिला अधिकार

जलेश्वर नपा-२ की २५ वर्षीय विभा ठाकुरलाई ०५८ चैत २८ गते आफ्नै सासु-ससुराले घरबाट बेपत्ता पारे। पीडित पक्षले प्रहरीमा उजुरी गरे पनि कुनै कारवाही भएन।

बर्दिवास गाविस-३ की ३० वर्षीय एक महिलालाई ०५९ असार ३२ गते राति छिन्नमस्ता सशस्त्र प्रहरी गण बर्दिवासका प्रहरीहरुले हातखुट्टा बाँधी मुख थुनी बोकेर जंगलमा लगी सामूहिक बलात्कार गरेर बेहोस अवस्थामा छोडे। भोलिपल्ट पीडितलाई सवाङ्ग नाङ्गो अवस्थामा गोठालाले भेटी मरेको ठानी घरमा खबर गरेपछि अभिभावकले उपचारार्थ जनकपुर अञ्चल अस्पताल लगे। अस्पतालले अन्यत्र लगी उपचार गर्न सिफारिस गरेपछि यातना पीडित सरोकार केन्द्र (सिभिक्ट) को सहयोगमा काठमाण्डौस्थित शिक्षण अस्पतालमा उपचार गरियो। अभिभावक तथा स्थानीय संघ-संस्थाले यस विरुद्ध उजुरी दर्ता गराए पनि हालसम्म कारबाही अघि बढ्न सकेको छैन।

इटहर्वाकट्टी गाविस-८ का १५ र १७ वर्षीय दिदी-बहिनी तथा उनीहरुके २२ वर्षीय भाउजुलाई राति बाबुआमालाई घर बाहिर निकाली हल्ला गरे मारिदिने धम्की दिदै ०५९ असोज २६ गते कट्टिकटैया प्रहरी चौकीका इन्चार्ज जयकृष्ण कुर्मीसहित दुई प्रहरीले कन्चटमा पेस्तोल तेर्स्याई बलात्कार गर्ने प्रयास गरे। पीडितहरुको हल्ला सुनेर गाउँलेहरू जम्मा भएपछि पीडक भागे। पीडितहरुले जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे पनि पीडकहरुमाथि कुनै कारवाही भएन।

यसबाहेक बलात्कारका ४ वटा घटनामा ५ जना महिला पीडित भए भने बलात्कार प्रयासका १ घटनामा १ जना महिला पीडित भइन्।

पर्सा देवाड गाविस-५ की ६० वर्षीय सुदामादेवी राउतलाई ०५९ जेठ ११ गते सोही ठाउँका रामबाबु साफीको ७ दिनको शिशुलाई टुनामुना गरी मारेको आरोपमा सोही ठाउँका रामबाबु साफी, श्यामबाबु साफी, फुलो देवी र किस्मतीया देवीसमेतले कुटपिट गरे। सासुलाई कुटपिट गरेको देखेर पीडितकी बुहारी छुट्याउन जाँदा पीडकहरुले उनलाई पनि कुटपिट गरी घाइते बनाए। प्रहरीले पीडकहरुमध्ये रामबाबु र श्यामबाबुलाई गिरफ्तार गरी सार्वजनिक मुद्दा चलाएकोमा हाल धरौटीमा रिहा गरिएको छ।

जलेश्वर-६ की २२ वर्षीय निलम शर्मालाई महिला गैरसरकारी संस्थाको जागिर छोड्न नमानेको आरोपमा ०५९ असार २८ गते आफ्नै पति बजरंगी ठाकुर र ससुरा जिल्ला अदालत महोत्तरीका कर्मचारी विश्वनाथ ठाकुरले कुटपिट गरे।

कोल्हवा बगैंचा गाविस-५ की ५५ वर्षीय समिना खातुन र नवजुल खातुनलाई बिरामी पारेको आरोपमा ०५९ साउन १० गते सोही ठाउँका रजाक अन्सारी, मुद्दि अन्सारी, फरिदा खातुन र जमशेद अन्सारीले कुटपिट गरे।

बनौटा गाविस-८ की ३० वर्षीय जगतारणादेवीलाई माइतीबाट थप दाइजो नल्याएको आरोपमा ०५९ मंसिर ९ गते आफ्नै पति फगरू यादवले कुटपिट गरी घरबाट निकाले।

जातीय विभेद

हाथिलेट गाविस-६ का २२ वर्षीय रोहित बराइलीलाई ०५९ जेठ १४ गते सोही ठाउँका २२ वर्षीय सन्तोष खपाङ्गी र गंगा रानाले सार्वजनिक इनारमा राखिएको पानीको गाग्रो छोईदिएको आरोपमा कुटपिट गरे। पीडितले जिल्ला अदालतमा मुद्दा दर्ता गराए।

विविध

संरचना क्षति

माओवादीले बम विस्फोटन र आगजनी गरी १२ वटा गाविस भवन र त्यसका फर्निचर तथा कागजात नष्ट गरे। यसबाट ४२ लाख ९ हजार ३ सय रुपैयाँ बराबरको क्षति भयो। त्यसैगरी माओवादीको आगजनीमा परी ४ वटा वन कार्यालय

नष्ट भए। त्यसबाट २ लाख ५० हजार रूपैयाँ बराबरको धनमाल नष्ट भयो। माओवादीले बर्दिबासस्थित रेडियो नेपालको ट्रान्समिटिङ्ग स्टेशनमा बम विस्फोट तथा आगजनी गराउँदा ३ करोड रूपैयाँ बराबरको क्षति भयो। माओवादीले बम विस्फोट र आगजनी गर्दा नेपाल टेलिभिजनको जलेश्वरस्थित प्रशारण केन्द्रमा ३ लाख रूपैयाँ बराबरको क्षति भयो। मनरास्थित दूरसञ्चार संस्थानको मार्टस प्रविधिको ८ लाइन क्षमताको स्टेशनमा क्षति पुगेको कारण सेवा बन्द भयो।

अतिरिक्त जानकारीहरु

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यस जिल्लामा सवारी दुर्घटनामा १३ जनाको मृत्यु भयो। विष सेवन गरी १२ जनाले, झुण्डिएर ३ जनाले आत्महत्या गरे। खाना बनाउने स्टोभ पड्किएर १ जनाको मृत्यु भयो।

यस वर्ष कुटपिटका ७ घटनामा ७ पुरुष र ३ महिला पीडित भएको सार्वजनिक जानकारीमा आयो।

२.३ सर्लाही



जनसंख्या	: ६४१७७२
साक्षरता प्रतिशत	: ३६.१७
महिला साक्षरता प्रतिशत	: २१.४३
क्षेत्रफल (वर्ग कि. मि.)	: १२५९
गाविस / नपा संख्या	: ९९/१
निर्वाचन क्षेत्र	: ५
विद्यालय	: ३१८
क्याम्पस / उच्च मा.वि.	: ३/६
अस्पताल / स्वास्थ्य चौकी	: १/९९
टेलिफोन लाइन	: ४१७
मोटर सडक (कि. मि.)	: २०५
प्रहरी कार्यालय संख्या	: ३८
हुलाक संख्या	: ७५
मानव विकास सूचकांक	: ०.२९५
प्रति एक डाक्टर जनसंख्या	: ६९४३८
प्रति परिवार सरदर संख्या	: ५.७२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बेल्वाजब्दी गाविस-४ का २८ वर्षीय रामसेवक मुखियालाई माओवादीको आरोपमा ०५८ पुस २२ गते प्रहरीले गोली हानी हत्या गरे। पीडितलाई सोही दिन गिरफ्तार गरिएको थियो।

अत्रौली गाविस-६ का २७ वर्षीय गंगा महतो र सोही गाविस-९ का ४३ वर्षीय चन्द्रबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ माघ १ गते राति सुरक्षाकर्मीले पिपरीया गाविस नजिकै चौरमा गोली हानी हत्या गरे। पीडितहरूलाई दुई हप्ता अघि सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरेका थिए।

जिङडवा गाविस-७ का २१ वर्षीय शम्भु रायलाई ०५९ भदौ १८ गते बिहान घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी प्रहरी चौकीमा लगी गोली हानी हत्या गरे।

कर्मैया गाविस-२ का २८ वर्षीय प्रेम तामाङलाई ०५९ भदौ २४ गते बेलुका कर्फ्यू उल्लंघन गरी निषेधित क्षेत्रमा प्रवेश गरी अघि बढेको आरोपमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बेल्वाजब्दी गाविस-४ स्थित सडकमा मोटरसाइकलमा गइरहेका नाम नखुलेका एक माओवादी कार्यकर्तालाई ०५९ मसिर ६ गते बिहान प्रहरीले गोली हानी हत्या गरे।

राजघाट गाविस-९ का २५ वर्षीय माओवादी कार्यकर्ता मिनप्रसाद हुमागाईलाई ०५९ मसिर ९ गते लौकट गाविस हिरापुरमा प्रहरीले गोली हानी हत्या गरे। पीडितलाई अघिल्लो दिन खाल्टिबजारबाट गिरफ्तार गरिएको थियो।

माओवादीबाट

हजरीया गाविस-३ का २३ वर्षीय केदार सहनीलाई ०५८ माघ २१ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

जानकीनगर गाविस-३ का २७ वर्षीय देवनाथ महतो र उनकै बाबु ६१ वर्षीय रामप्रित महतोलाई ०५८ फागुन २३ गते राति माओवादीले गोली हानी हत्या गरे। त्यसैगरी सोही ठाउँका पूर्व हवल्दार ४४ वर्षीय मोहनबहादुर खत्रीलाई माओवादी प्रतिकार समितिमा बसेको आरोपमा सोही राति माओवादीले घरबाटै अपहरण गरी नजिकैको चौरमा लगी गोली हानी हत्या गरे।

अत्रौली गाविस-५ का ६५ वर्षीय सुकदेव महतोलाई सुराकीको आरोपमा ०५९ वैशाख २१ गते दिउँसो घरमा सुतिरहेको अवस्थामा आक्रमण गरी हत्या गरे।

सुन्दरपुर गाविस-३ का ५३ वर्षीय किशोरी शाह कानुलाई ०५९ असार २४ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले बोलाई घरभन्दा उत्तरतर्फ केही पर लगी धारिलो हतियार प्रहार गरी हत्या गरे।

महोत्तरी जिल्ला धिरापुर गाविसका प्रहरी जवान ३८ वर्षीय राधेश्याम रायलाई ०५९ भदौ १६ गते राति संग्रामपुर गाविसमा माओवादीले गोली हानी हत्या गरे।

राजघाट गाविस-९ का ३० वर्षीय हरिबाबु दाहाललाई ०५९ असोज १८ गते राति माओवादीले घरबाट अपहरण गरी गोली तथा खुकुरी प्रहार गरी हत्या गरे।

मकवानपुर जिल्ला हाँडीखोला गाविस-९ का ३१ वर्षीय बस कण्डक्टर उद्धवप्रसाद उप्रेती र काठमाण्डौं सिनामंगल ३५ वर्षीय रत्नबहादुर गोलेको ०५९ कार्तिक १८ गते दिउँसो काठमाण्डौंबाट सिराहातर्फ गइरहेको मकालु बसमाथि सासापुर गाविस-१ स्थित महेन्द्र राजमार्गमा माओवादीहरूले पेट्रोल बम प्रहार गर्दा मृत्यु भयो। पेट्रोल बम पूर्णरूपमा जलेर ध्वस्त भयो। घटनामा १४ जना यात्रु घाइते भए, जसमध्ये २५ वर्षीय अन्जु रेग्मीको उपचार गराउँदा गराउँदै मृत्यु भयो। अन्जुका छोरी ६ वर्षीय रविना र ४ वर्षीय रविन गम्भीर घाइते भए। पीडित बालबालिकाको उपचारका लागि इन्सेकको संयोजनमा विभिन्न क्षेत्रबाट आर्थिक सहयोग जुटाइएको थियो। उनीहरूको सुष्मा कोइराला अस्पताल, काठमाण्डौंमा उपचार भइरहेको छ।

पर्सा जिल्ला वीरगञ्ज उमनपा-१३ का सवारी चालक ६० वर्षीय सम्पत शाह र गाडी धनीको घरमा काम गर्ने ३८ वर्षीय दीपनारायण शाहको ०५९ कार्तिक २३ गते मूर्तिया गाविस-३ स्थित आँपखोल्सी भन्ने स्थानमा माओवादीले सडकमा थापेको एम्बुसमा परी मृत्यु भयो। साथै बा. ३ च २३९७ को टाटा मोबाइल जीप पूर्णरूपमा ध्वस्त भयो।

रामनगर बहुअर्वा गाविस-७ का ५३ वर्षीय रामदिनेश शर्मालाई सुराकीको आरोपमा ०५९ कार्तिक २४ गते पोखरीबाट छठ पूजा सकेर घर फर्कंदै गर्दा बाटोमा माओवादीले खुकुरी तथा ढुंगा प्रहार गरी हत्या गरे।

संग्रामपुर गाविसस्थित सीमा प्रहरी चौकीमा कार्यरत पर्सा जिल्ला वनकट्वा गाविसका प्रहरी जवान ३२ वर्षीय शुभनारायण यादवलाई ०५९ मंसिर १३ गते बिहान नौकेल्वा गाविस-१ स्थित सडकमा ड्युटी गरिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

लालबन्दी गाविस-१ स्थित प्रहरी चौकीमा कार्यरत प्रहरी जवानहरू चितवनका लालबहादुर थापा मगर, रौतहटका नवराज लामा, मोरङका रतिलाल दनुवार, पर्वतका मिनबहादुर जिसी, र पर्साका प्रमोद कुमार कर्मीको ०५८ फागुन ४ गते राति माओवादीको आक्रमणमा परी मृत्यु भयो। सो घटनामा एक जना कम्व्याट ड्रेस लगाएका माओवादी कार्यकर्ताको लास क्षतविक्षत अवस्थामा घटनास्थलमा फेला पर्‍यो।

नेत्रगञ्ज गाविस-६ स्थित प्रहरी चौकीमा ०५८ फागुन ४ गते राति माओवादीले आक्रमण गर्दा भएको दोहोरो भिडन्तमा दुई जना माओवादी सख्त घाइते भएकोमा एक जनाको केही समयपछि मृत्यु भएको स्थानीय गाउँलेहरूले बताए।

बाँके जिल्ला कोहलपुरका ३४ वर्षीय राजु भन्ने बालकृष्ण चौधरीको ०५९ जेठ ५ गते बेलुका मूर्तिया गाविस-३ स्थित आँपखोल्सीमा प्रहरी र माओवादीहरूबीच भएको दोहोरो भिडन्तमा मृत्यु भयो। पीडित माओवादी कार्यकर्ता भएको प्रहरीले जनायो।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

हरिऔन गाविस-९ का २४ वर्षीय जयप्रकाश पोनेलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	७	४	२	१	७	१७	२३	१		२४	१०	१०			१०
घाईते						११	२०	३		२३	३	२		२	४
बम विस्फोटन						१			१	१					
गिरफ्तारी/यातना											५५	५३	६		५९
धम्की						२	१		१	२					
महिला अधिकार	८		८		८										
बालअधिकार	१			१	१										
अमानवीय व्यवहार	१	३			३										
अपहरण						१	१			१					
जम्मा	१७	७	१०	२	१९	३२	४५	४	२	५१	६८	६५	६	२	७३

०५८ फागुन १० गते बेलुका सडकमा हिँडिरहेको अवस्थामा मोबाइलमा रहेको प्रहरी टोलीले गोली हानी सख्त घाइते पारे। पीडितलाई उपचारार्थ काठमाण्डौ स्थित त्रिवि शिक्षण अस्पतालमा लगियो।

लालबन्दी गाविस-१ स्थित महेन्द्र राजमार्गमा ०५८ फागुन ४ गते राति लालबन्दी प्रहरी चौकीमा माओवादीहरूले गरेको आक्रमणको प्रतिकार गर्ने क्रममा प्रहरीले चलाएको गोलीबाट नवलपरासी जिल्ला गैंडाकोट घर भएका ४३ वर्षीय ट्रक चालक तथा साहु किरण बस्नेत गम्भीर घाइते भए। पीडितहरूलाई उपचारार्थ तत्काल जनकपुर अस्पताल लगिएकोमा १५ दिनपछि उपचार गरी घर फर्किए।

माओवादीबाट

हजरीया गाविस-३ का २७ वर्षीय रामप्रकाश सहनी, १८ वर्षीय विन्देश्वर सहनी, १४ वर्षीय अभेष सहनी, ११ वर्षीय विनोद सहनी, १२ वर्षीय सुघन सहनी, १७ वर्षीय विजुली सहनी र १० वर्षीय ललका सहनीलाई ०५८ माघ २१ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीले बन्दुक प्रहार गरी सख्त घाइते बनाए।

नेत्रगञ्ज गाविस-६ की ३५ वर्षीय राजकुमारी महतो ०५८ चैत ११ गते आफ्नै खेतबारीमा घाँस काटिरहेको अवस्थामा बम विस्फोटनमा परी सख्त घाइते भइन्। माओवादीले प्रहरी चौकी आक्रमण गर्ने क्रममा बम छोडेको अनुसन्धानपछि पत्ता लाग्यो। पीडितलाई उपचारार्थ तत्कालै जनकपुर लगियो।

हरिऔन गाविस-१ का ६७ वर्षीय शेरसिंह भण्डारीलाई ०५९ साउन १७ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी सख्त घाइते बनाए। पीडितलाई उपचारार्थ तत्कालै वीरगञ्ज अस्पतालमा लगियो।

हजरीया गाविस-३ का २६ वर्षीय हरिलाल सहनीलाई ०५९ भदौ १४ गते माओवादीले सोही गाविस-८ स्थित सडकमा गोली हानी सख्त घाइते बनाए। पीडितलाई उपचारार्थ वीरगञ्ज लगियो।

लौकट गाविस-९ हिरापुरका ३६ वर्षीय नरोत्तम कार्कीलाई ०५९ असोज १४ गते राति माओवादीले घरभित्र प्रवेश गरी धारिलो हतियार प्रयोग गरी सख्त घाइते बनाए। पीडितलाई उपचारार्थ वीरगञ्ज लगियो।

परवानीपुर गाविस-६ का २५ वर्षीय सरोज केसीलाई ०५९ असोज २८ गते राति माओवादीहरूले गोली हानी सख्त घाइते बनाए। पीडितको उपचार वीरगञ्ज अस्पतालमा गरियो।

रामवन रहुवा गाविस-५ का ३२ वर्षीय प्रहरी सई दिनेश महतोलाई ०५९ कार्तिक २४ गते बेलुका छठ पुजा गर्न घर नजिकैको नदीमा गइरहेको अवस्थामा माओवादीले गोली हानी घाइते पारे। पीडितको काठमाण्डौंमा उपचार भयो।

अत्रौली गाविस-९ की ४ वर्षीय अम्बिका अधिकारी ०५९ मंसिर ७ गते घर नजिकै खेलिरहेको अवस्थामा माओवादीले छाडेको बम विस्फोटन हुँदा गम्भीर घाइते भइन्।

जेल र बन्दीहरू

"ग" श्रेणीको सर्लाही जेलको बन्दी क्षमता एक सय जनाको छ। यस जेलमा कैद तोकिएका १६ पुरूष, ३ महिला तथा कैद नतोकिएका ५२ पुरूष, १ महिला छन्। हाल यस जेलमा जम्मा बन्दी ७२ जना रहेका छन्। माओवादीको आरोपमा २७ जना पुरूष नजरबन्दमा छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

पत्थरकोट गाविस-९ का ५६ वर्षीय गोखुल शाक्यलाई ०५९ मंसिर १६ राति माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई ४ दिनपछि मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

कालिन्जोर गाविस-४ का ३३ वर्षीय निवर्तमान गाविस उपाध्यक्ष प्रमोद बराललाई लालबन्दी प्रहरी चौकी पुनर्स्थापनाका लागि सक्रिय भएको आरोपमा ०५८ चैत १६ गते घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरी नजिकैको मकै बारीमा लगी दुवै खुट्टा काटिदिए। पीडितलाई उपचारका लागि तत्काल वीरगञ्ज लगियो।

अन्यबाट

गौरीशंकर गाविस-९ की ५० वर्षीय लालमाया विश्वकर्मा र ५६ वर्षीय वीरबहादुर विश्वकर्मालाई ०५९ कार्तिक १ गते सोही गाविस-९ का भीमबहादुर पाख्रिन, सन्तबहादुर आले, नृपलाल तामाङ्ग, बबु तामाङ्ग, भीरे पाख्रिन, विष्णुमाया तामाङ्गलगायत् अन्य व्यक्तिहरूले बोक्सा-बोक्सीको आरोपमा दिसा खुवाई, कपाल मुडी, मोसो दल्नुका साथै जुत्ताको माला लगाएर कुटपिट गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा आवश्यक कारवाहीको लागि किटानी जाहेरी दिएता पनि एक

माओवादीद्वारा बसमा आक्रमण गरिएपछि आमा गुमाएका घाइते रबिन र रबिना रेग्मी

महिनापछि पीडित र पीडक दुवै पक्षले एक आपसमा मिलापत्र गरी हुलाक मार्फत् जिप्रकामा पठाए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जब्दी गाविस-९ का ३२ वर्षीय दिलबहादुर माझीलाई माओवादीको आरोपमा ०५८ पुस १७ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ २६ गते रिहा गरे।

पत्थरकोट गाविस-९ का २३ वर्षीय सुरेश तिमल्सिना र २७ वर्षीय केशव तिमल्सिनालाई माओवादीको आरोपमा ०५८ पुस १८ गते प्रहरीले घरबाट गिरफ्तार गरी माघ २६ गते रिहा गरे।

पत्थरकोट गाविस-९ की १८ वर्षीय मेनका विश्वकर्मा, २५ वर्षीय कल्पना माझी र १७ वर्षीय सीना माझीलाई माओवादीको आरोपमा ०५८ पुस १८ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०५९ जेठ २४ गते रिहा गरे।

पत्थरकोट गाविस-९ की १७ वर्षीय दुर्गा तिमल्सिनालाई माओवादीको आरोपमा ०५८ पुस १९ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी ०५९ जेठ २४ गते रिहा गरे।

पत्थरकोट गाविस-९ का १७ वर्षीय मोतिलाल माझीलाई माओवादीको आरोपमा ०५८ पुस १९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई हालसम्म नजरबन्दमा राखिएको छ।

जानकीनगर गाविस-३ का २४ वर्षीय विश्वराज वाग्लेलाई माओवादीको आरोपमा ०५८ पुस २० गतेसुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी फागुन २१ गते रिहा गरे।

जानकीनगर गाविस-३ का ३१ वर्षीय अर्जुन भनिने टेकबहादुर थापालाई माओवादीको आरोपमा ०५८ पुस २० गते प्रहरीले घरबाट गिरफ्तार गरी ०५९ जेठ २४ गते रिहा गरे।

माओवादीद्वारा बम प्रहार गरी क्षति पुर्‍याइएको बस र घाइते सुन्दर विक्रम

जानकीनगर गाविस-३ का २६ वर्षीय ईश्वरप्रसाद कँडरियालाई माओवादीको आरोपमा ०५८ पुस २० गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई हाल केन्द्रीय कारागार शाखा, काठमाण्डौमा राखिएको छ। उनलाई उपचारार्थ सर्लाहीबाट ०५८ फागुन २२ गते काठमाण्डौ सरुवा गरिएको जेलर अनिलकुमार आचार्यले बताए।

जानकीनगर गाविस-३ का ३६ वर्षीय हरि सिग्देललाई ०५८ पुस २० गते प्रहरीले घरबाट गिरफ्तार गरी पुस २७ गते रिहा गरे।

राजघाट गाविस-५ का ३६ वर्षीय विष्णुप्रसाद हुमागाईलाई माओवादीको आरोपमा ०५८ पुस २२ गते प्रहरीले घरबाटै गिरफ्तार गरी पुस २९ गते रिहा गरे।

बरहथवा गाविस-४ का ६० वर्षीय जुडी सिंहलाई माओवादीको आरोपमा ०५८ पुस २२ गते प्रहरीले घरबाट माओवादीको आरोपमा गिरफ्तार गरी फागुन ३ गते रिहा गरे।

बरहथवा गाविस-५ का ३६ वर्षीय विष्णु लामालाई माओवादीको आरोपमा ०५८ पुस २२ गते प्रहरीले घरबाट गिरफ्तार गरी यातना दिए। पीडितलाई चैत ३ गते रिहा गरियो।

पिपरीया गाविस-४ का २२ वर्षीय गणेश ठाकुर र सोही गाविस-९ का २५ वर्षीय प्रकाश मण्डललाई माओवादीको आरोपमा ०५८ पुस २२ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म नजरबन्दमा राखिएको छ।

जानकीनगर गाविस-३ का ४३ वर्षीय ध्रुवबहादुर थापालाई माओवादीको आरोपमा ०५८ पुस २३ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई ०५९ जेठ २४ गते रिहा गरियो।

पिपरिया गाविस-५ का ३२ वर्षीय पूर्व गाविस उपाध्यक्ष महेन्द्र शाह तेलीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ पुस २३ गते प्रहरीले घरबाट गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई चार दिनपछि रिहा गरियो।

शंकरपुर गाविस-९ का ४३ वर्षीय पूर्व गाविस उपाध्यक्ष भुपेन्द्रमान श्रेष्ठलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ पुस २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितलाई फागुन ३ गते रिहा गरियो।

हजुरीया गाविस-१ का ३८ वर्षीय चन्द्रप्रसाद वाग्लेलाई माओवादीको आरोपमा ०५८ पुस २५ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०५९ जेठ २४ गते रिहा गरियो।

हजुरीया गाविस-४ का १८ वर्षीय रामबालक सहनी, ५५ वर्षीय अवतार सहनी र सोही गाविस-३ का २७ वर्षीय जोखु सहनीलाई माओवादीको आरोपमा ०५८ पुस २५ गते

सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई हालसम्म नजरबन्दमा राखिएको छ।

मधुवनी गाविसका निवर्तमान गाविस अध्यक्ष ४७ वर्षीय चन्द्रिकाप्रसाद सिंहलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ माघ ३ गते प्रहरीले घरबाट गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई माघ १८ गते रिहा गरियो।

हजुरीया गाविस-९ का ४३ वर्षीय हुसेनी राय र भ्फपसी महतोलाई माओवादीको आरोपमा ०५८ माघ १२ गते प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

हजुरीया गाविस-३ का २५ वर्षीय प्रदीप कटुवाललाई माओवादीको आरोपमा ०५८ माघ १२ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई फागुन १२ गते रिहा गरियो।

पिंडारी गाविस-९ का २७ वर्षीय रामप्रित सिंहलाई माओवादीको आरोपमा ०५८ माघ १५ गते प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

हरिऔन गाविस-२ का २२ वर्षीय शोभित घिमिरेलाई माओवादीको आरोपमा ०५८ माघ २२ गते सुरक्षाकर्मीले रौतहट जिल्लाको चन्द्रनिगाहपुरबाट गिरफ्तार गरेकोमा हालसम्म सर्लाहीमा नजरबन्दमा राखिएको छ।

हरिऔन गाविस-२ का २१ वर्षीय पुष्कर शिवाकोटीलाई माओवादीको आरोपमा ०५८ माघ २२ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

हरिऔन गाविस-१ का २३ वर्षीय जयराम परियारलाई माओवादीको आरोपमा ०५८ माघ २३ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

पत्थरकोट गाविस-९ का २० वर्षीय दिनेश तिमल्सिनालाई माओवादीको आरोपमा ०५८ माघ २४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरेकोमा नजरबन्दमा राखिएको छ।

राजघाट गाविस-९ का ६० वर्षीय ओमप्रसाद पोखरेल र ३० वर्षीय नारायणप्रसाद पोखरेललाई माओवादीको आरोपमा ०५८ फागुन १ गतेसुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी फागुन २१ गते रिहा गरे।

राजघाट गाविस-९ का ३९ वर्षीय अर्जुन खनाललाई माओवादीको आरोपमा ०५८ फागुन ३ गते राति सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी फागुन ११ गते रिहा गरे।

जानकीनगर गाविस-३ का ३७ वर्षीय शान्ताप्रसाद कँडरियाललाई माओवादीको आरोपमा ०५८ फागुन २५ गतेसुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी चैत २ गते रिहा गरे।

हजुरीया गाविस-४ का ३४ वर्षीय रघुनाथ सहनीलाई माओवादीको आरोपमा ०५८ चैत २३ गते प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

महोत्तरी जिल्ला खैरमारा गाविस-९ का ३५ वर्षीय आईतसिंह स्याङ्वो र सोही गाविस-४ का ४५ वर्षीय आइमानसिङ् थिङलाई माओवादीको आरोपमा ०५८ चैत २७ गते प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

हजुरीया गाविस-१ का २६ वर्षीय मुकुन्द पुलामीलाई माओवादीको आरोपमा ०५८ चैत २७ गते ससुराली गएको समयमा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

ईश्वरपुर गाविस-६ का ३३ वर्षीय रूपनारायण सिंहलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ चैत ३० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ०५९ वैशाख १५ गते रिहा गरे।

राजघाट गाविस-४ का ६० वर्षीय कृष्णप्रसाद अर्याललाई माओवादीको आरोपमा ०५९ वैशाख १ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी वैशाख ११ गते रिहा गरे।

परवानीपुर गाविस-१ का १९ वर्षीय राजु थापालाई माओवादीको आरोपमा ०५९ वैशाख ७ गते प्रहरीले गिरफ्तार गरी वैशाख १७ गते रिहा गरे।

लालवन्दी गाविस-४ का १७ वर्षीय लालबहादुर बल र १९ वर्षीय निरबहादुर घिसिङ्गलाई माओवादीको आरोपमा ०५९ वैशाख ८ गते राति प्रहरीले घरबाट गिरफ्तार गरी वैशाख ११ गते रिहा गरे।

राजघाट गाविस-४ का २१ वर्षीय शंकर अर्याललाई माओवादीको आरोपमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

परवानीपुर गाविस-३ का ३७ वर्षीय फूलबहादुर बस्नेतलाई माओवादीको आरोपमा ०५९ असार १२ गते प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म नजरबन्दमा राखिएको छ।

ढुङ्ग्रेखोला गाविस-५ का ६५ वर्षीय ज्ञानबहादुर गोलेलाई माओवादीको आरोपमा ०५९ साउन २३ गते प्रहरीले घरबाट गिरफ्तार गरी भदौ २३ गते रिहा गरे।

शंकरपुर गाविस-९ का १९ वर्षीय ध्रुवप्रसाद चौलागाईलाई माओवादीको आरोपमा ०५९ साउन २९ गते प्रहरीले घरबाट गिरफ्तार गरेकोमा हालसम्म रिहा गरिएको छैन।

राजघाट गाविस-५ का २२ वर्षीय कुमार भुजेल र २३ वर्षीय श्रवणकुमार न्यौपानेलाई माओवादीको आरोपमा ०५९ मंसिर १४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरेकोमा हालसम्म रिहा गरिएको छैन।

यस बाहेक अन्य ५ जना पुरूषलाई पनि माओवादी भएको र सहयोग पुर्‍याएको आरोपमा प्रहरीले गिरफ्तार गरी एक जनालाई २ दिनपछि, २ जनालाई ३ दिनपछि र २ जनालाई क्रमशः ४ र ६ दिनपछि रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष हत्या हिंसाका कारण १ सय ८७ जना व्यक्तिहरू गाउँ छाडेर अन्यत्र विस्थापित भएका छन्।

बालअधिकार

मलंगवा नपा-४ की १५ वर्षीय एक बालिकालाई ०५९ असार १३ गते सोही नपा-९ का ४९ वर्षीय सकिकूल कादरीले भारतको मजफ्फरपुरमा बिक्री गर्न खोजिरहेको अवस्थामा पीडितकै आफन्तले फेला पारी प्रहरीलाई बुझाए। हाल पीडकलाई थुनामा राखिएको छ।

हरिपुर गाविस-१ की १४ वर्षीय एक बालिकालाई ०५९ कार्तिक १७ गते राति घरमा बसिरहेको अवस्थामा अज्ञात नकावधारीको एक समूहले घरबाट जबर्जस्ती घिसार्दै करिब एक किमि जति पर लगी बलात्कार गरे।

नेत्रगञ्ज गाविस-७ की १५ वर्षीय एक बालिकालाई ०५९ मंसिर ९ गते सोही गाविस-१ पुनर्वास "बी" टोलका बिजेन्द्र पासवान, बैजु पासवान र शक्ति पासवानले नजिकैको उखु बारीमा कुटपिट गरी बलात्कार गरे। पीडकहरू हालसम्म फरार छन्।

एक जना शिशुको जन्मेको ५ दिनपछि हत्या गरिएको घटना भयो।

महिला अधिकार

सासापुर गाविस-२ की एक महिलालाई ०५९ भदौ १४ गते राति सोही गाविस-३ का १७ वर्षीय रामकृष्ण महतो, २० वर्षीय सत्रुधन महतो, २४ वर्षीय सुब्बा महतो, सोही गाविस-१ का १९ वर्षीय रामकिसुन महतो र २२ वर्षीय पुकार महतोले बलात्कार गरे। पीडकहरू फरार छन्।

रौतहट जिल्ला घर भई जिल्ला प्रहरी कार्यालय सर्लाहीमा कार्यरत २७ वर्षीय एक महिला प्रहरीलाई ०५९ मंसिर १२ गते राति काठमाण्डौ मनपा घर भई जिल्ला प्रहरी कार्यालय सर्लाहीका एसपी ४५ वर्षीय अरूणकुमार सिंहले मादक पदार्थ सेवन गरी बलात्कार गरे। पीडितले हालसम्म कुनै निकायमा उजुरी दिएकी छैनन्।

हरिऔन गाविस-९ की २० वर्षीय भिमाकुमारी रौनियारलाई आफ्नो माग अनुसार विवाहमा दाइजो नल्याएको आरोपमा ०५९ असार ७ गते आफ्नै पति २५ वर्षीय ललन रौनियारले शारीरिक र मानसिक यातना दिई घरबाट निकालिदिए। पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए पनि कुनै कारवाही भएन।

विविध

संरचना क्षति

माओवादीले भौतिक संरचनामाथि क्षति पुऱ्याउने क्रममा ३६ वटा गाविस भवन, १५ वटा इलाका प्रहरी कार्यालय र प्रहरी चौकी, जिल्ला मालपोत कार्यालय, राष्ट्रिय वाणिज्य बैंक, लालबन्दी, नारायणखोलास्थित दूरसञ्चार रिपिटर टावर, इलाका प्रशासन कार्यालय हरिऔन, इलाका वन कार्यालय फुलजोर, जिल्ला वन कार्यालय लालबन्दी, दूरसञ्चार कार्यालय मलंगवा, बृहत् बागवानी आयोजनाका ४ वटा गाडीहरू, इलाका वन कार्यालय मूर्तिया, जिल्ला सिंचाई कार्यालयको एक भ्यान, दूरसञ्चार संस्थानको रिपिटर टावर बरहथवा, कृषि तथा साना किसान कार्यालय चन्द्रनगर र नेपाल बैंक लिमिटेड, बरहथवामा क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष १२ पुरूष र ९ महिलाले आत्महत्या गरे। व्यक्तिगत कुटपिटका १६ वटा घटना भए। चोरी/डकैतीका २३ वटा घटना भए भने ४ वटा लास फेला परे। दुर्घटना/विपत्ति तथा आगलागीका ३३ वटा घटना भए।

२.४ सिन्धुली

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

कपिलाकोट गाविस-२ गनमाटेका २७ वर्षीय अजय भनिने भिमबहादुर लुम्रेमगरलाई ०५८ फागुन २५ गते भद्रकाली गाविस-४ को लेकखर्क भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले सोही ठाउँका स्थानीय बासिन्दालाई लास गाड्न लगाए। पीडित माओवादीद्वारा घोषित जिल्ला जनसरकारका सदस्य रहेको रक्षा मन्त्रालयको विज्ञप्तिमा जनाइयो।

कमलामाई नपा-७ बुँकाडाँडाका १९ वर्षीय राजकुमार घिसिङ्गलाई माओवादीको आशंकामा ०५८ चैत १८ गते दिउँसो साइकल लिएर हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

अरूणठाकुर गाविस-४ का शिक्षक ३५ वर्षीय सुरेन्द्र भनिने इन्द्रबहादुर न्यौपानेलाई माओवादीको आरोपमा ०५९ वैशाख ३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले खोजतलासको क्रममा त्यो घटना भएको जनाए।

अरूणठाकुर गाविस-५ जलकिनीका १६ वर्षीय बुद्धिबहादुर सुनुवार, टाडी गाविस-९ थलीका ३० वर्षीय नाम थर नखुलेका एक व्यक्ति र अरूणठाकुर गाविस-५ जलकिनीका २५ वर्षीय सुनुवार थरका एक व्यक्ति समेत तीन जनालाई माओवादीको आरोपमा ०५९ वैशाख ८ गतेसुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको लास एउटै खाल्डोमा हालेर पुरियो। सो घटना मुठभेडमा भएको सुरक्षाकर्मीले जनाए।

कमलामाई नपा-३ बोभेकका ३० वर्षीय विष्णु सुनुवारलाई माओवादीको आरोपमा ०५९ वैशाख १० गते बेलुका बजारबाट आफ्नो घरतर्फ गइरहेको अवस्थामा सोही नपा-४ स्थित बाटोमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सो घटना मुठभेडमा भएको सुरक्षाकर्मीले जनाए।

दुधौली गाविस-३ का पियन ३५ वर्षीय गंगाई धामीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ वैशाख २० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

हत्पते गाविस-५ चितालीटोलकी १३ वर्षीय लक्ष्मी कुँवरलाई माओवादीको आरोपमा ०५९ जेठ १२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। घटना मुठभेडमा भएको सुरक्षाकर्मीले जनाए। पीडित स्थानीय विद्यालयमा कक्षा ८ मा अध्ययनरत थिइन्।

पुरानो झाँगाझोली गाविस-५ परेवाडाँडाका १८ वर्षीय कान्ति भनिने निर्मल प्याकुरेल र भुवनेश्वरी गाविस-९ का प्रवेश भनिने ध्रुव सार्कीलाई ०५९ असोज ५ गते कल्पवृक्ष गाविस-७ को नक्कली भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू माओवादी कार्यकर्ता रहेको बताइयो।

भुवनेश्वरी गाविस-९ मुर्कीविशीका ६५ वर्षीय छोटे भनिने रामबहादुर श्रेष्ठ, सोही गाविस-८ का २८ वर्षीय कुमार घिमिरे, वितिजोर गाविस-७ हर्केपुरका अर्जुन कार्की, सोही ठाउँका शंकर कार्की र पुष्पबहादुर मगरलाई ०५९ असोज १६ गते भुवनेश्वरी गाविस- ८ र ९ को सीमानामा पर्ने राइवानी खोल्सामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूमध्ये रामबहादुर एमालेबाट निर्वाचित वडा सदस्य र कुमार नेकाका सक्रिय कार्यकर्ता एवं स्थानीय पत्रकार थिए। घटनाको बारेमा रक्षा मन्त्रालयद्वारा कुमारलाई भिमान आक्रमणको योजनाकार रहेको बताइयो। पीडितहरूको लास परिवारका सदस्यहरूद्वारा हेर्न र बुझ्न गएनन् भने लासलाई सोही ठाउँमा फालियो।

जनसंख्या	: २७९८२९
साक्षरता प्रतिशत	: ३९.२८
महिला साक्षरता प्रतिशत	: २५.२४
क्षेत्रफल (वर्ग कि. मि.)	: २४९१
गाविस / नपा संख्या	: ५३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३७४
क्याम्पस / उच्च मा.वि.	: २/११
अस्पताल / स्वास्थ्य चौकी	: १/५५
टेलिफोन लाइन	: ३६६
मोटर सडक (कि. मि.)	: ९४
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: २
मानव विकास सूचकांक	: ०.२९५
प्रति एक डाक्टर जनसंख्या	: ५५५५२
प्रति परिवार सरदर संख्या	: ५.७४

परिवारले सुरक्षाकर्मीको डरको कारणले काजकिरिया समेत नगरेको स्थानीय बासिन्दाहरूले बताए। सुरक्षाकर्मीले मुठभेडमा सो घटना भएको जनाए।

माओवादीबाट

भिमान इलाका प्रहरी कार्यालयमा कार्यरत रौतहटका प्रहरी ३० वर्षीय जयनारायण शाहलाई ०५९ वैशाख ८ गते दिउँसो धरानबाट सिन्धुली आएको बस जाँच गर्न जाँदा सोही बसमा आएका दुई जना माओवादीले गोली हानी घाइते बनाए। पीडितलाई उपचारार्थ काठमाण्डौ लैजाँदा बाटोमा मृत्यु भयो। सोही बसमा यात्रा गरिरहेका कमलामाई नपा-९ का देवेन्द्र अधिकारी र सोही नपा-५ का भूपू सैनिक ४५ वर्षीय झलकबहादुर पौडेल पनि माओवादीको गोली लागी घाइते भए। उनीहरूको उपचार काठमाण्डौमा गरियो। सोही घटनामा परी कमलामाई नपा-१६ सरकारी टोलका ३७ वर्षीय होमबहादुर कार्की खेतमा गाईभैंसी चराइरहेको अवस्थामा गोली लागी मरेको अवस्थामा फेला परे। होमबहादुरको मृत्यु माओवादीको गोलीबाट भएको प्रहरीले जनाए। पीडित पक्षलाई सरकारले क्षतिपूर्ति दिइसकेको आफन्तले जनाए।

कमलामाई नपा-५ का शिक्षक अर्जुन देवकोटा, सोही नपा-९ का बसका खलासी कमल श्रेष्ठ, धनुषा जिल्ला महेन्द्रनगरका चामल व्यापारी वैद्यनाथ शाह तथा शाही नेपाली सेनाका जमदार एक र हुद्दा एकसमेत ५ जनाको ०५९ मंसिर २२ गते बिहान कमलामाई नपा-१० करकरे कल्याणी मन्दिर नजिकै काठमाण्डौबाट सिन्धुलीतर्फ आउँदै गरेको ना. २ ख ५८३७ नम्बरको बस माओवादीले थापेको एम्बुसमा पर्दा मृत्यु भयो। सोही घटनामा गम्भीर घाइते भएका ५ जना प्रहरी, ६ जना सैनिक र ६ जना सर्वसाधारण गरी १७ जनालाई उपचारार्थ काठमाण्डौ लगियो।

हत्पते गाविस-८ कुर्थौलीका भूपू प्रहरी हवल्दार ४५ वर्षीय बलराम देवकोटालाई सुराकीको आरोपमा ०५९ कार्तिक २४ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले घरदेखि केही पर लगी गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

कमलामाई नपा-११ भिमानस्थित इलाका प्रहरी कार्यालयमा ०५९ भदौ २२ गते राति माओवादीहरूले आक्रमण

गर्दा ४९ जना प्रहरीको मृत्यु भयो। मृत्यु हुनेहरूमा नवलपरासीका इन्स्पेक्टर कृष्णकुमार श्रेष्ठ, झापाका सई वलराम भट्टराई, असईहरू सर्लाहीका अवधकिशोर सिंह, ललितपुरका सुरेन्द्र वस्नेत र दोलखाका टंकबहादुर श्रेष्ठ, प्रहरी हवल्दारहरू रामेछापका रामबहादुर तामाङ, सिन्धुलीका डाइन्द्र कार्की, चितवनका भिमकाजी श्रेष्ठ, धादिङका लिलावहादुर नेपाली, रामेछापका शुक्रबहादुर कार्की, चितवनका पूर्णबहादुर परियार, बाराका रामचन्द्र चौधरी, सप्तरीका रामप्रसाद मण्डल, सप्तरीकै सुजित दंगाल, सिन्धुलीका अमृतसिंह थिङ्ग, प्रहरी जवानहरू दोलखाका कुमार कार्की, बाराका धर्मलाल राउन, महोत्तरीका रामेश्वर ठाकुर, पर्साका वीरेन्द्र पैठा, सुनसरीका लिलावहादुर श्रेष्ठ, गोरखाका नन्दबहादुर बानियाँ, सप्तरीका गजेन्द्र यादव, सर्लाहीका काजीबहादुर राउत, श्रीकान्त मिश्र, गेल्पाका कुनबहादुर मगर, सर्लाहीका उदयसिंह राजपुत, गोरखाका तस्कीर सुनुवार, रौतहटका प्रभुचन्द शर्मा, सर्लाहीका विनोद मिश्र, ताप्लेजुङका तारानाथ गौतम, सर्लाहीका बाबुलाल चौधरी, बाराका लेमिलाल यादव, विकल चौधरी, पारसलालप्रसाद यादव, अमानुल्लाह मिया, सुरेन्द्र चौधरी, सुनसरीका मोहनकुमार गुरूङ्ग, नवलपरासीका प्रेमबहादुर चौधरी, महोत्तरीका श्यामसुन्दर शाह, मनोजकुमार ठाकुर, मोरङका मोहनकान्त मण्डल, सप्तरीका जितेन्द्रप्रसाद यादव, सर्लाहीका हितलालप्रसाद यादव, स्याङ्जाका सूर्यप्रसाद थापा र गोरखाका निर्थमान थापा छन्। त्यसैगरी घाइते हुनेहरूमा असईहरू कृष्णप्रसाद पराजुली, सुरज पाण्डे, छविलाल तामाङ, मधुप्रसाद मैनाली, हवल्दारहरू पूर्णवहादुर तामाङ, परशुराम खड्का, गंगाबहादुर सारूमगर, जयराम गिरी, पूर्णवहादुर परियार, नातिबाबु कार्की, वेचन राउत, गंगाधर न्यौपाने, कन्हैया थारू, मानवहादुर थापा, रामरतन ठाकुर, जीनबहादुर गिरी, सुकदेव चौधरी र प्रेमप्रसाद राई छन्। घाइतेहरूलाई उपचारार्थ काठमाण्डौ लगियो। सोही घटनामा ३ जना प्रहरीहरू हराएकामा पछि सकुशल कार्यालयमा उपस्थित भए। सोही घटनामा परी २१ जना माओवादीहरूको मृत्यु भएको माओवादीले सार्वजनिक गरे। माओवादी तर्फको माथिल्लो तहका कम्पनी उप-कमाण्डरसम्मको मृत्यु भएको बताइयो।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका कुमार घिमिरे

अन्यबाट

महादेवस्थान गाविस-२ पीउटाँका ४९ वर्षीय राते बम्जनलाई ०५९ साउन ११ गते दिउँसो बाटोमा हिँडिरहेको अवस्थामा सोही ठाउँका राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरूको एक समूहले आक्रमण गरी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

रामेछाप जिल्ला रामेछाप गाविस घर भई कमलामाई नपा-७ माम्बीटार बस्ने ४२ वर्षीय जीतबहादुर तामाङ ०५८ चैत १८ गते राति कर्फ्यूको समयमा घर बाहिर निस्कँदा सुरक्षाकर्मीको गोली लागि घाइते भए। पीडितलाई सुरक्षाकर्मीले नै जिल्ला अस्पतालमा उपचार गराए। पीडितले हाल सिन्धुली छाडिसकेका छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	२	२	४	४	५७	२	५९	१०	१५		२	१७
घाइते	३	११		११	१२	१३	२	१५	११	७९	७	५	९१
गिरफ्तारी/यातना									४९	१११	१०	७	१२८
धम्की	३	३		३	५	५		५	३	४			४
जातीय विभेद	१	१	१	२									
महिला अधिकार	१८		२२	२२	३		३	३					
बालअधिकार					१		१	१					
आर्थिक/सामाजिक अधिकार					२	२		२					
अमानवीय व्यवहार	१		१	१	१	१		१					
अपहरण					१३	१८		१८					
जम्मा	३०	१७	२६	४३	४१	९६	८	१०४	७३	२०९	१७	१४	२४०

कमलामाई नपा-१२ का ४० वर्षीय भक्तबहादुर भुजेललाई ०५९ भदौ २३ गते बिहान सुरक्षाकर्मीले स्युट्टामा गोली हानी घाइते बनाए। अघिल्लो दिन राति भिमानमा माओवादीले आक्रमण गरेका र सोही घटना हेर्न आउँदा पीडितलाई गोली लागेको थियो।

माओवादीबाट

जरायोटार गाविस-७ का १७ वर्षीय भुपाल लुंगेली ०५९ पुस ८ गते घरमा माओवादीले छाडेको विस्फोटक पदार्थ पड्कँदा घाइते भए। पीडितको दायाँ हातको तीनवटा औँला डढेको र बायाँ हातमा सामान्य चोट लागेको छ। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो। माओवादीहरू पुस ५ गते घरमा आएका र हजुरबुबाको खाटमुनी सो सामाग्री छाडेर गएकोमा के रहेछ भनी चलाउँदा हातमा पड्केको पीडितले बताए।

जेल र बन्दीहरू

सिन्धुली जेलको क्षमता २५ जना रहेकोमा हाल ५५ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ३० पुरुष र ३ महिला गरी ३३ जना तथा कैद तोकिएका २१ पुरुष र १ महिला गरी २२ जना छन्। राजनीतिक बन्दी नरहेको बताइए पनि माओवादी गतिविधिमा संलग्न भएको आरोपमा १६ पुरुष र २ महिला गरी १८ जनालाई नजरबन्दमा राखिएको छ।

यस जेलमा पानी र चर्पीको राम्रो व्यवस्था भएको, पुरूषका लागि ६ र महिलाका लागि २ वटा कोठा छन्। चर्पी नजिकै भान्सा भएकोले खाना खान जाँदासमेत दुर्गन्ध आउने गरेको महिला बन्दीहरू बताउँछन्। महिला बन्दीहरूलाई दिनमा १ घण्टा बाहिर कम्पाउण्डमा घुमफिर गर्न दिइन्छ। जिविस र नगरपालिकाले एक-एक वटा टिभीको व्यवस्था गरिदिएका छन् भने यस वर्ष बन्दीहरूको आफ्नै पहलमा एउटा टिभी खरिद गरिएको छ। गत वर्ष आइसीआरसीको सहयोगमा स्थापना गरिएको पुस्तकालय संचालनमा आइरहेको छ। जाडोको समयमा भुईंमा ओच्छ्यान लगाएर सुत्नुपर्दा निकै कठिनाई भएको गुनासो बन्दीहरूको छ। बन्दीहरूको सामान्य उपचार स्थानीय अस्पतालमा गरिने र उपचार नहुने भएमा विभागमा जानकारी गराई जेल सरूवा गरिने व्यस्था रहेको जेलर ध्रुवप्रसाद ढोडारीले बताए।

बेपत्ता /अपहरण

माओवादीबाट

महादेवस्थान गाविस-८ का ४५ वर्षीय लालबहादुर वि.क.लाई गाउँमा झगडा गरेको आरोपमा ०५८ चैत १० गते माओवादीले अपहरण गरे। पीडितलाई ५ हजार रूपैयाँ तिर्ने शर्तमा चैत १४ गते मुक्त गरियो।

दुधौली गाविस-६ का वडाध्यक्ष ३३ वर्षीय रामकुमार अधिकारीलाई आफूहरूको विरुद्ध सुरक्षाकर्मी समक्ष बयान दिएको आरोपमा ०५९ जेठ ७ गते माओवादीले अपहरण गरे। पीडितलाई जेठ १४ गते मुक्त गरियो।

जलकन्या गाविस-७ चपौलीका ५४ वर्षीय गणेशबहादुर देवकोटालाई माओवादीले चन्दा नदिएको, निर्देशन नमानेको, खान बस्न नदिएको र एमालेको राजनीति गरेको आरोपमा ०५९ असार २५ गते दिउँसो घरबाट अपहरण गरी सोही दिन बेलुका मुक्त गरे।

रतनचुरा गाविस-६ का ५५ वर्षीय सहदेव मण्डललाई ०५९ साउन ४ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ०५९ जेठ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५९ साउन १ गते तारेखमा रिहा भई घर आउँदा माओवादीहरू घरमा आइबसेका र "काम छ" भनी लगेका थिए। माओवादीले दुई दिनसम्म बाटोमा अलमल्याएर राखी तेस्रो दिन सेल्टरमा पुर्याई बाँसको लाठी प्रहार गरी निर्मम कुटपिट गरेर पीडितलाई साउन ६ गते आँखामा पट्टी बाँधी साउन ८ गते ठाउँ सारियो र साउन १० गते केही पर ल्याएर रिहा गरे। पीडितलाई माओवादीहरूले खान नदिएको र निर्मम ढंगले कुटपिट गरी हिंड्न नसक्ने अवस्थामा रिहा गरेका थिए।

जरायोटार गाविस-२ डुम्रेबेंसीका सैनिक जवान २१ वर्षीय नवराज कार्कीलाई ०५९ साउन १४ गते राति घरमा

भिमान आक्रमणमा मारिएका प्रहरीहरु

सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरे। माओवादीले पीडितलाई कुटपिट गरी जागिर छोड्ने शर्तमा साउन १६ गते मुक्त गरे।

महादेवस्थान गाविस-८ का २७ वर्षीय सैनिक अमल्दार दिउन माझीलाई ०५९ भदौ ३० गते बिदामा घरमा आएको अवस्थामा घरबाट माओवादीले अपहरण गरे। पीडितलाई कल्पवृक्ष गाविसको जंगलमा राखेको अवस्थामा सुरक्षाकर्मीको गस्ती टोली पुगी फाइरिङ गरेपछि माओवादी भागेकाले असोज ५ गते मुक्त भए।

पुरानो झाँगाझोली गाविस-५ परेवाडाँडाका शिक्षक ४४ वर्षीय हरि प्याकुरेललाई लेवी नबुझाएको, नटेरेको र नियमित विद्यालय नगएको आरोपमा ०५९ कार्तिक ६ गते बेलुका सोही गाविस-४ स्थित गोठमा काम गरिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई रामेछापको सित्खाबजार, पुरानो झाँगाझोलीको थुम्का तथा छिमेकी गाविसका विभिन्न ठाउँहरू घुमाई झाँगाझोली रतमाटा-२ का एक माओवादी नेताको घरमा पुऱ्याई ठूलो रकम माग गरी ०५२ सालदेखिको लेवीबापत ०५८ साल भरिको तलब दिनुपर्छ भन्दै कुटपिट गरी ३६ घण्टापछि मुक्त गरियो।

शान्तेश्वरी गाविस-१ रामपुरका ३३ वर्षीय श्याम कर्माचार्य, सोही ठाउँका ३८ वर्षीय डम्बर कर्माचार्य र तामाजोर गाविस-९ का लालध्वज स्याङतानलाई ०५९ कार्तिक २१ गते माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडितहरूलाई विभिन्न ठाउँ घुमाई झागाझोली रतमाटा गाविस-३ गुठबजारमा कार्तिक २३ गते माओवादीको अन्तरक्रिया कार्यक्रममा लगी कार्तिक २५ गते मुक्त गरियो। पीडितहरूमध्ये श्याम नेकपा (एमाले) इलाका कमिटीका सचिव र डम्बर नेकाका सक्रिय कार्यकर्ता तथा लालध्वज तामाजोर गाविसका निवर्तमान गाविस अध्यक्ष हुन्।

हत्पते गाविस-५ बसनियाका पत्रकार ३० वर्षीय रेस्वराज दाहाललाई ०५९ कार्तिक २२ गते कमला उच्च मावि, भलुवाहीको भवन निर्माण सम्बन्धी बैठकमा गएको बेला माओवादीले बैठक स्थलबाटै बोलाई छात्रावास भित्र लगी ढोका थुनेर कुटपिट गरी अपहरण गरे। पीडितलाई एक घण्टासम्म कुटपिट गरिएको र जंगलको एक गोठमा ८ घण्टासम्म थुनी सोही दिन बेलुका मुक्त गरिएको थियो। पीडित वीरगञ्जबाट प्रकाशित हुने प्रतिक दैनिकका सम्वाददाता एवं पत्रकार महासंघका सदस्य हुन्।

कपिलाकोट गाविस-२ का २३ वर्षीय चित्रबहादुर पिठाकोटेलाई चोरीको आरोप लगाई ०५९ कार्तिक २५ गते घरबाटै माओवादीहरूले अपहरण गरे। माओवादीले ०५९ वैशाख १२ गते पीडितलगायत् १९ जनाका घरमा आगो लगाएका थिए। पीडितलाई निर्मम कुटपिट गरी ०५९ मंसिर १६ गते मुक्त गरियो।

हत्पते गाविस-५ बसनीयाका कमला उच्च माविका प्रधानाध्यापक केशव बराल र सोही ठाउँका हुलाक प्रतिनिधि गुरुप्रसाद दाहाललाई सुतिरहेको ठाउँबाट ०५९ मंसिर २७ गते राति माओवादीले अपहरण गरे। पीडितहरूलाई पुस १ गते मुक्त गरियो। कुटपिटबाट गुरुप्रसादको हात भाँचिएको थियो।

धम्की /ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

भद्रकाली गाविस-४ लेकम्वर्कको नरमाया श्रेष्ठ, नकुल ढकाल, कुश्मा श्रेष्ठ, गंगालाल श्रेष्ठ, बलराम श्रेष्ठ, चन्द्रकुमार श्रेष्ठलगायत् ७ जनालाई ०५८ फागुन २५ गते सुरक्षाकर्मीले कुटपिट गरे।

महादेवस्थान गाविस-३ खञ्जनीखोलाका प्रेमबहादुर पाख्रिन, चन्द्रबहादुर लुङ्गेली, वीरबहादुर लुङ्गेलीसमेत ५ जना र सोही गाविस-१ का शुभलाल पाख्रिन, टेकबहादुर स्याङतान, अम्बरबहादुर पाख्रिन, सोही गाविस-२ का साईला माझी समेत ७ जनालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ फागुन २६ गते सुरक्षाकर्मीले कुटपिट गरे।

महादेवस्थान गाविस-३ खन्जनीखोलाकी ३१ वर्षीय थलकुमारी मगरलाई माओवादीले लुकाई राखेको राइफल निकाल भन्दै ०५८ फागुन २६ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले घर तलको खोलामा हात उठाएर उभ्याई हवाई फायरिङ्ग गरी मानसिक यातना दिए।

कमलामाई नपा-६ रातमाटाका नवराज देवकोटा र सुशील देवकोटालाई ०५९ भदौ ९ गते दिउँसो कपिलाकोटबाट आफ्नो घरतर्फ आउँदा बाटोमा सुरक्षाकर्मीले भेटी माओवादी सम्बन्धी विभिन्न प्रश्न सोधी आँखामा पट्टी बाँधेर धम्की दिए।

कमलामाई नपा-११ भिमान बजारका व्यापारीहरू मदन प्रधान र विनोद भुजेललाई बत्ती बालेको र राति बाहिर निस्किएको आरोपमा ०५९ भदौ २६ गते बेलुका सुरक्षाकर्मीले कुटपिट गरे।

सिर्थौली गाविस-५ का २५ वर्षीय दुर्गा आचार्यलाई माओवादीको आरोपमा ०५९ कार्तिक २३ गते दिउँसो सर्लाहीको हरिऔन स्थित घरतर्फ जाँदैगर्दा निमाने गाविस-९ मिलनचोकमा पुगेपछि बसमै बसेका सादा पोसाकका सुरक्षाकर्मीले बस रोकी जंगलमा लगी कुटपिट गरे।

लाम्पानटार गाविस-४ चकमके बजारका व्यापारीहरू श्रमित धिनाजु (श्रेष्ठ), पुष्पलाल निर्मलसिना, आनन्दबहादुर कार्की र बलबहादुर बुढाथोकीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ कार्तिक २४ गते सुरक्षाकर्मीले कुटपिट गरे।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका राजकुमार घिसिङ

माओवादीबाट

हत्पते गाविस-७ का नेकपा (एमाले) गाउँ कमिटी सचिव ३३ वर्षीय भरत काफ्लेलाई एमालेको राजनीति गर्दै हिंडेको आरोपमा ०५९ वैशाख १६ गते राति माओवादीले धम्की दिई एमाले गाउँ कमिटीको कार्यालयमा भएका सम्पूर्ण समाग्री लुटेर लगे।

झाँगाझोली रातमाटा गाविस-३ स्वहरेका ३१ वर्षीय हरिबहादुर गिरीलाई भनेको नटेरेको र विवाद गरेको आरोपमा ०५९ वैशाख २२ गते माओवादीले कुटपिट गरे।

लदामिर गाविस-९ का लाहुरे तामाङ्ग र उनकी सासुलाई ०५९ जेठ २६ गते माओवादीले कुटपिट गरी घरमा भएको ७ हजार रूपैयाँ नगद लुटेर लगे।

जलकन्या गाविस-४ का ५१ वर्षीय भिमप्रसाद आचार्यलाई छोरालाई प्रहरीमा जागिर खान पठाएको आरोपमा ०५९ असार २५ गते आफ्नै घरमा बसेको अवस्थामा माओवादीहरूले छोराको जागिर छुटाउन धम्की दिए।

भिमस्थान गाविस-५ का स्वस्तिक श्रेष्ठलाई ०५९ असार २९ गते आफ्नै पसलमा बसेको अवस्थामा माओवादी आई कुटपिट गरे। माओवादीले चप्पलको मोल गरेका र आफूले बताएपछि हामीलाई पनि यति महंगो गर्ने ? भनेका र इच्छा नभए नलानोस् भनेपछि कुटपिट गरेका थिए।

रतनचुरा गाविस-६ की ४२ वर्षीय भाद्रादेवी मण्डललाई ०५९ साउन ९ गते माओवादीले घरमा गई पार्टीलाई "कति सहयोग गर्छौ ? एक लाख दिए तिम्रो पतिको टाउको आउँछ, २ लाख दिए जीउ आउँछ" भनी धम्की दिए। उनका पति सहदेव मण्डललाई माओवादीले साउन ४ गते अपहरण गरेर लगेका थिए।

जरायोटार गाविस-२ डुम्रेबेसीका ५६ वर्षीय ओमबहादुर राना मगरलाई ०५९ साउन १४ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले घर घेरा हाली छोरा खोई ? कहाँ लुकाईस्?" भन्दै कुटपिट गरे। पीडितका छोरा भर्खरै सेनाको तालिम सकेर घर आएका थिए। पीडित हाल विस्थापित छन्।

जरायोटार गाविस-२ का ४५ वर्षीय कोमलबहादुर रानालाई सेनामा काम गर्ने भतिजाहरूलाई लुकाएर राखेको आरोपमा ०५९ साउन १४ गते राति माओवादीले घुम्मा गई कुटपिट गरे।

जरायोटार गाविस-२ का १९ वर्षीय मानबहादुर रानामगरलाई प्रहरीमा जागिर खानको लागि भाग लिन पटक-पटक गएको आरोपमा ०५९ साउन १४ गते राति माओवादीले घरमा कुटपिट गरे। प्रहरीको छनौटका लागि आवेदन मागेको बेला उनी दरखास्त दिन पटक-पटक जिल्ला सदरमुकाम गएका थिए।

जरायोटार गाविस-६ की २६ वर्षीय लाटी महिला कृष्णाकुमारी रानालाई सैनिक भाइहरूलाई नदेखाएको आरोपमा ०५९ साउन १४ गते राति घरमा माओवादीहरूले कुटपिट गरे।

रतनचुरा गाविस-७ नयाँस्वर्कका ५० वर्षीय केशव थापा र सोही ठाउँका गणेश थापालाई आफूहरूविरूद्ध काम गरेको आरोपमा ०५९ साउन २२ गते माओवादीले कुटपिट गरे। पीडितहरू नेका समर्थक हुन्।

झाँगाझोली रातमाटा गाविस-२ बोहोरेटारका २२ वर्षीय सशांक प्रधानलाई बाबुले जिल्ला सदरमुकाममा बसेर सेना परिचालन गर्न खोजेको आरोपमा ०५९ असोज २२ गते माओवादीले घरमा गई कुटपिट गरे। पीडितका बुबा र बहिनीसमेत तीन जना हाल गाउँ छाडी काठमाण्डौ र जिल्ला सदरमुकाम बस्दै आएका छन्। पीडितका बुबा सोही गाविसका निवर्तमान अध्यक्ष हुन्। उनलाई भ्रष्टाचार गरेको र माओवादीलाई चन्दा नदिएको आरोपमा धम्की दिइएको थियो।

अन्य

कमलामाई नपा-५ का ३० वर्षीय जनसमर साप्ताहिकका कार्यकारी सम्पादक मिनकुमार दाहाललाई आफूविरुद्ध समाचार प्रकाशित गरेको आरोपमा ०५९ असार २२ गते कमलामाई नपा कार्यालयभित्र बसिरहेको अवस्थामा उपमेयर रसबहादुर कार्कीले भनी धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

आम्बोटे गाविस-४ नेकपा (एमाले) को गाउँ कमिटीको कार्यालयमा ०५९ जेठ १४ गते माओवादीको एक समूह गई कार्यालयमा भएका सम्पूर्ण कागजपत्रहरू लुटेर लगे। उक्त दिन बैठक भइरहेको समयमा माओवादी आई सदस्यताबापत उठेको रकम समेत लुटेर लगी उपस्थित सबै व्यक्तिलाई एमालेको राजनीति नगर्नु भनी धक्की दिए।

सुजन र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा अघिल्लो वर्षको जिम्मेवारी सरेर

माओवादीद्वारा राखिएको एम्बुसमा परी क्षतिग्रस्त बस

आएका १ सय ३२ वटा मुद्दामध्ये २० वटा फर्स्यौट भई १ सय २० वटा बाँकी रहे। यस वर्ष देवानी १० र सरकारवादी फौज्दारी ६ गरी १६ वटा मुद्दा दर्ता भए। नयाँ र पुराना गरी १४ वटा देवानी र २ वटा सरकारवादी फौज्दारीसमेत १६ वटा मुद्दा फर्स्यौट भए। विशेष अदालतबाट जिम्मेवारी सरेर आएका तीनवटै मुद्दा फर्स्यौट हुन सकेनन्। ३ वर्ष नाघेको १, २ वर्ष नाघेका ६ र १ वर्ष नाघेका ४८ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। २ वर्ष कैद सजाय तोकिएर जेलमा बसेकी यशोधा थापा दुई वर्ष कैद भुक्तान गरिसकेर पुनरावेदनको फैसला सर्वोच्च अदालतबाट सदर भई नआएका कारण जेलमा बस्न विवश छिन्।

माओवादीको गोलीद्वारा घाइते भएका
देवेन्द्रप्रसाद अधिकारी

घाटाका ३१ वर्षीय साइनराम माझी, सोही ठाउँका सनन माझी, सुन्तलीमाया माझी र इन्द्रकुमारी माझीलाई ०५८ फागुन २६ गते आ-आफ्नै घरबाट गस्तीमा रहेको सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितहरूलाई चैत ७ गते साप्ताहिक तारेखमा रिहा गरियो।

पोखरी गाविस-३ स्थित लुम्ती माविका शिक्षक शिवशंकर शाहलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ चैत १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई शिक्षा कार्यालयद्वारा पत्र पठाई बोलाएर गिरफ्तार गरिएको थियो। पीडितलाई चैत २१ गते नजरबन्दमा राखिएकोमा तीन महिनापछि ०५९ असार १८ गते तारेखमा रिहा गरियो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

अमले गाविस-३ की उमा देवकोटा, सोही ठाउँका हरिश्चन्द्र देवकोटा, बालाजोर गाविस-७ का ओम ठाकर तामाङ र जरायोटार गाविस-८ का भरत बुढाथोकीलाई ०५८ माघ १९ गते जेलबाट रिहा हुने बित्तिकै प्रहरीले पुनः गिरफ्तार गरे। पीडितलाई ०५५ असोज १५ गतेदेखि हानहनियार खरखजाना मुद्दामा थुनामा राखिएको थियो।

कपिलाकोट गाविस-६ का शिक्षक ४० वर्षीय गोविन्दलाल माझी, सोही गाविस-९ का शिक्षक गोपाल बुढाथोकी र कमानसिंह भुजेललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ फागुन २२ गते महादेवस्थान गाविस-८ स्थित एक चिया पसलमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई दुई दिनसम्म आँखामा पट्टी बाँधेर राखी फागुन १४ गते साप्ताहिक तारेखमा रिहा गरियो।

महादेवस्थान गाविस-१ अम्बासका कुमार ब्लोन, ज्ञानबहादुर स्याङ्तान, कर्णबहादुर स्याङ्तान, जितबहादुर स्याङ्तान, अदिमाया पाख्रिन, चन्द्रिमाया पाख्रिन र महादेवस्थान गाविस-३ का लीलाबहादुर लुङ्गेलीलाई माओवादीको आरोपमा ०५८ फागुन २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू मध्ये चन्द्रिमाया र अदिमायालाई २ दिनपछि र अन्यलाई चैत ७ गते साप्ताहिक तारेखमा रिहा गरियो।

महादेवस्थान गाविस-९ घर भई सामुदायिक विकास कार्यक्रम, सिन्धुलीमा कार्यरत शम्भू माझीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ चैत ३ गते कार्यालयबाट खबर आई जाँदा सैनिक क्याम्पमै राखियो। पीडितलाई तीन महिना नजरबन्दमा राखी ०५९ असार ३० गते रिहा गरियो।

कमलामाई नपा-९ ढुंग्रेवासकी ४४ वर्षीय सावित्री श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ चैत ५ गते राति प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई चैत १८ गतेदेखि नजरबन्दमा राखियो।

कमलामाई नपा-५ बराल्डी घर भई कमला उच्च मावि ढुंग्रेबासमा कार्यरत शिक्षक कृष्णकुमार गौतम र उनको छोरा कविन्द्र गौतमलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ चैत ६ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई आँखामा पट्टी बाँधी सैनिक हिरासतमा राखिएको थियो। पीडितहरूमध्ये कविन्द्रलाई चैत १४ गते तारेखमा रिहा गरियो भने कृष्णकुमारलाई चैत १८ गतेदेखि नजरबन्दमा राखियो।

माओवादीद्वारा कुटपिट गरिएका
गणेशबहादुर देवकोटा र रेखराज दाहाल

कमलामाई नपा-४ मधुटारका ४० वर्षीय अर्जुन थापालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ चैत ७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई चैत २१ गतेदेखि नजरबन्दमा राखियो।

भद्रकाली गाविस-४ वेमारेका ४५ वर्षीय देवीप्रसाद गौतमलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ चैत १८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले

गिरफ्तार गरे। पीडितलाई ०५९ वैशाख ५ गतेदेखि नजरबन्दमा राखियो।

जरायोटार गाविस-६ का ३० वर्षीय कमल रमौली मगरलाई माओवादीको आरोपमा ०५८ चैत ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५९ वैशाख ११ गतेदेखि नजरबन्दमा राखिएकोमा साउन ७ गते रिहा गरियो।

कमलामाई नपा-१७ जहानटोलका ४१ वर्षीय पुण्यहरि घिमिरे र सोही नपा-८ का नकुल घिसिङलाई माओवादीको आरोपमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये नकुललाई एक हप्तापछि रिहा गरियो भने पुण्यहरिलाई वैशाख २२ गतेदेखि नजरबन्दमा राखियो।

कमलामाई नपा-४ मधुटारका ५२ वर्षीय चिरञ्जीवी दाहाल र उनकै भाइ ४५ वर्षीय मातृका दाहाललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ वैशाख ११ गते राति आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये चिरञ्जीवीलाई ८ दिन हिरासतमा राखेर रिहा गरियो भने मातृकालाई वैशाख २२ गते नजरबन्दमा राखिएकोमा साउन २० गते रिहा गरियो।

हत्पते गाविस-५ का शिक्षक टंक भुजेललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ वैशाख २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेठ २२ गतेदेखि नजरबन्दमा राखियो।

कमलामाई नपा-४ सिलामेका ४० वर्षीय हितलाल श्रेष्ठलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ जेठ १ गते बिहान सोही नपा-६ गैरीबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १२ दिन हिरासतमा राखी जेठ १२ गते तारेखमा रिहा गरियो।

कल्पवृक्ष गाविस-६ चनौटेका जीतबहादुर मोक्तान र महेन्द्रझाडी गाविसका सुकराम राईलाई माओवादीको आशंकामा ०५९ जेठ ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई लामो समयसम्म हिरासतमा राखी रिहा गरियो।

रतनचुरा गाविस-६ का ५५ वर्षीय सहदेव मण्डललाई माओवादीको आशंकामा ०५९ जेठ १४ गते आफ्नो व्यक्तिगत कामले जिल्ला सदरमुकाम आएको बेला कमलामाई नपा-६ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई असार ३ गते तारेखमा रिहा गरियो।

मझुवा गाविस-३ गैरीगाउँका ३५ वर्षीय उपेन्द्र भन्ने युवराज दाहाल र उनकै भाइ सचिन्द्र भन्ने भीमप्रसाद दाहाललाई माओवादीको आरोपमा ०५९ जेठ २० गते बिहान घरमा सुतेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये भीमलाई २२ दिन हिरासतमा राखी तारेखमा रिहा गरियो भने उपेन्द्रलाई २० दिन हिरासतमा राखी सदरमुकाम पुऱ्याई नजरबन्दमा राखियो।

कमलामाई नपा-१८ का ढुण्डीराज पहाडी, सोही ठाउँका इन्द्रप्रसाद ढुंगेल, सोही नपा-१७ का रामबाबु खड्का, राजकुमार माझी, पदमबहादुर माझी र निरबहादुर पौडेललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ असार १ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई असार ७ गते तारेखमा रिहा गरियो।

वस्तीपुर गाविस-६ हायूटारका २० वर्षीय कमलबहादुर कार्की र उनकै पत्नी १७ वर्षीय विमला नेपालीलाई माओवादीको आरोपमा ०५९ असार १७ गते नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय गएको समयमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूमध्ये विमलालाई दुई दिनपछि रिहा गरियो भने कमललाई साउन २७ गते नजरबन्दमा राखियो।

कमलामाई नपा-१८ का बृहस्पती पहाडी, सोही ठाउँका हेमबहादुर थापा र सुरज कार्कीलाई माओवादीलाई सहयोग गरेको आशंकामा ०५९ असार २७ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये हेमबहादुर र सुरजलाई साउन १ गते र बृहस्पतीलाई साउन ४ गते तारेखमा रिहा गरियो।

वस्तीपुर गाविस-३ का २६ वर्षीय पदमबहादुर खड्कालाई माओवादीको आशंकामा ०५९ साउन ५ गते नागरिकता बनाउन भनी जिल्ला प्रशासन कार्यालय जाँदा प्रहरीले गिरफ्तार गरे। पीडित केही महिना अघिदेखि गाउँ छाडी जिल्ला सदरमुकाममा बस्दै आएका थिए। पीडितलाई साउन १२ गते जमानीमा रिहा गरियो।

कमलामाई नपा-७ बर्देउटारका २७ वर्षीय सन्तोष पाल्पाली खड्का र सोही ठाउँका २८ वर्षीय रामबहादुर खड्कालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ साउन १७ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये रामबहादुर खड्कालाई भोलिपल्ट र सन्तोषलाई साउन २४ गते रिहा गरियो।

वस्तीपुर गाविस-९ का नेकपा (एमाले) इलाका सदस्य एवम् गाउँ कमिटी सचिव ३२ वर्षीय शम्भु योञ्जनलाई ०५९ असोज ११ गते जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन आउँदा प्रहरीले गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट तीन महिनाका लागी कारागारमा राखियो। तीन महिनाको अवधि सकिएपछि पुनः म्याद थप गरी ०५९ पुस १५ गतेदेखि सिन्धुली कारागारमा नजरबन्दमा राखियो।

माओवादीद्वारा अपहरित
चित्रबहादुर पिठाकोटी

सिर्थौली गाविस-७ का २० वर्षीय वीरबहादुर बुढाथोकीलाई माओवादीको आशंकामा ०५९ कार्तिक १ गते घरबाट काठमाण्डौं जान लाग्दा कमलामाई नपा-११ भिमानस्थित सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कार्तिक ५ गतेदेखि नजरबन्दमा राखियो।

क्यानेश्वर गाविस-८ का धनबहादुर धलानलाई माओवादीको आशंकामा ०५९ कार्तिक १

गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कार्तिक १० गतेदेखि नजरबन्दमा राखियो।

हल्पते गाविस-८ का तिथ बराल र सोही ठाउँका विष्णु सापकोटालाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५९ कार्तिक ३० गते गर्ल्डीमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई मंसिर १६ गते रिहा गरिया।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष वृद्ध, असहाय र अपाङ्ग गरी ५ हजार २ सय ७० जनाले भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरूमा वृद्ध २ हजार ३ सय ५५, विधवा २ हजार ८ सय ६७, अपाङ्ग/अशक्त ४८ जना रहेका छन्। ०५९ साउनदेखि पुससम्म वृद्धहरूले भत्ता पाएनन्।

यस जिल्लामा चार वर्षअघि स्थापना भएको एक मात्र बालिका आनन्द गृहमा १९ जना बालिका आश्रित छन्। प्रहरी र माओवादी दुवै पक्षबाट सहारा विहीन भएका चार जना बालिका आश्रित छन्।

जिल्ला शिक्षा समितिमार्फत् वितरण गरिने विभिन्न छात्रवृत्ति यस वर्ष १ हजार १ सय ७९ जनाले पाए। जसमा दलित छात्रवृत्ति ९ सय २१ जनाले २ लाख ३० हजार २ सय ५० रूपैयाँ, स्थानीय छात्रवृत्ति १ सय ९० जनाले ३ लाख १९ हजार रूपैयाँ र जेहेन्दार छात्रवृत्ति ४८ जनाले १४ हजार रूपैयाँ गरी कूल ५ लाख ६३ हजार २ सय ५० रूपैयाँ वितरण गरिएको जिल्ला शिक्षा कार्यालयले जनायो।

लाम्पानटार गाविस-५ का ४५ वर्षीय इन्द्रबहादुर नामाङ्गलाई माओवादीले पटक-पटक कुटपिट गरेका कारण ०५९ कार्तिक २७ गतेबाट गाउँ नै छाडेर हिंडे।

विद्यमान आन्तरिक द्वन्द्वका कारण ३६ गाविसका ८१ घर धुरीका ४ सय १० जना विस्थापित भए। विस्थापितहरू जिल्ला सदरमुकाम, छिमेकी जिल्लाहरू राजधानी, ठूला शहरहरू तथा भारततर्फ समेत गएका छन्। विस्थापितमध्ये केहीको सम्पत्ति माओवादीले कब्जा गरेको पीडितहरू बताउँछन्।

धार्मिक स्वतन्त्रता

कमलामाई नपा-१२ भिमानका ३२ वर्षीय जुद्धबहादुर मगरको ०५९ भदौ १५ गते आफ्नै पत्नी जेरी मगर्नीले हिन्दू धर्म परित्याग गरी क्रिश्चियन धर्म अगालेपछि घरमा विवाद हुँदा बरण्डाबाट लडी मृत्यु भयो। स्थानीय क्रिश्चियन धर्म प्रचारक शम्भु पोखरेल, दिल्लीप्रसाद फुँयाल र सम्भरबहादुर भण्डारीले ०५९ भदौ १३ गते जुद्धबहादुरकी पत्नीको धर्म परिवर्तन गराएका थिए। पीडितकी पत्नीले सिन्दुर पोते चुरा फुकाउनुका साथै रातो कपडा फाली सेतो कपडा लगाए र घरमा आएपछि विवाद भएको थियो।

आर्थिक अधिकार

रतनचुरा गाविस-७ नयाँखर्कका डम्बरबहादुर थापाको घर जग्गा ०५९ असोज २६ गते माओवादीले झण्डा गाडेर आफ्नो पार्टीले कब्जा गरेको घोषणा गरे। माओवादीले घरमा भोटे ताल्चा लगाई घरको १० मुरी मकै, भाँडाकुँडा, लुगा, गरगहना लुट्नुका साथै १० रोपनी जग्गामा लगाएको जुनारको बगैंचासमेत नष्ट गरे। पीडित नेकाका सक्रिय सदस्य एवम् गाविसका पूर्व अध्यक्ष हुन्।

झाँगाझोली रातमाटा गाविस-२ बोहोरेटारका नेकाका कार्यकर्ता बलराम आचार्यको घर, जग्गा ०५९ कार्तिक २९ गते माओवादीले कब्जा गरेको घोषणा गरी झण्डा गाडे। पीडितका परिवार केही समयअघिदेखि माओवादीको डरले गाउँ छाडी काठमाण्डौमा बसेका छन्। पीडितको ४० मुरी धान पनि माओवादीले लुटे।

बालअधिकार

एक जना ११ वर्षीय बालिकालाई बलात्कारपछि हत्या गरिएको घटना भयो।

कमलामाई नपा-१३ रातीचुराका १२ वर्षीय शम्भु भन्ने बुद्धवीर थिङ ०५९ वैशाखको पहिलो साता गाउँकै एक व्यक्तिको होटलमा काम गर्न भनी महोत्तरी गएकोमा मंसिर १ गते आफ्नो बाबु शुभलाल थिङलाई आफू जेलमा भएको र १६ वर्ष भन्दा कम उमेर भएमा छुट्ने कुरा सुनेकाले आफ्नो जन्म दर्ता गरेको भए प्रमाणपत्र लिई आउनु भनी पत्र लेखे। जेलको अभिलेखमा उनको नाम शम्भु कुमार थिङ भएको, नजरबन्दमा उमेरको हद नहुने र रिहा गरेपछि फेरि माओवादीले प्रयोग गर्न सक्ने प्रहरी अधिकृतले बताए। पीडित बालकलाई माओवादीले सर्लाहीको लालबन्दी आक्रमण गर्दा बम बोकाएर ल्याएको आरोपमा कार्तिक ५ गतेदेखि नजरबन्दमा राखिएको छ।

महिला अधिकार

खोलागाउँ गाविस-३ की १८ वर्षीय एक युवती, १४ र १५ वर्षीय बालिकाहरूलाई ०५९ कार्तिक १२ गते सोही ठाउँका हुटबहादुर खत्री र विष्णुबहादुर खत्रीले राम्रो जागिर लगाइदिने आश्वासन दिई बिक्री गर्ने उद्देश्यले लगे। पीडकले सगरमाथा अञ्चल अस्पतालको नक्कली लेटरप्याडमा रोजगारीका लागि भारततर्फ जान लागेको सिफारिसपत्र तयार गरी अस्पतालको छाप र डाक्टरको सही समेत किर्ते गरी लगेका थिए। महिला सहित पीडकहरू माइती नेपाल, वीरगञ्ज शाखाले इनर्वा चेकपोष्टमा फेला पारी पीडितहरूको उद्धार गरेका थिए।

सिर्थौली गाविस-२ की ४५ वर्षीय एक महिला, सोही गाविस-४ की ३५ वर्षीय एक महिला र सोही गाविस-६ की ४० वर्षीय एक महिलालाई ०५९ असार ६ गते दिउँसो आफूलाई

माओवादीको "ज्वाला" बताउने व्यक्तिले विभिन्न प्रलोभन देखाई बलात्कार गर्ने प्रयास गरे।

जलकन्या गाविस-५ चपौलीकी १४ वर्षीय एक बालिकालाई ०५९ साउन २२ गते बेलुका सोही ठाउँका ३६ वर्षीय रूद्रप्रसाद गौतमले बलात्कार गर्ने प्रयास गरे। पीडक तीन वटी पत्नीका पति हुन्। पीडकमाथि कुनै कारवाही भएन।

झाँगाझोली गाविस-७ की १६ वर्षीय एक महिलालाई ०५९ असोज २४ गते दिउँसो हात्तिगौडा जंगलमा बाख्रा चराउन गएको अवस्थामा सोही ठाउँका मीनकुमार थापाले बलात्कार गर्ने प्रयास गरे। पीडित कराएपछि पीडक भागे। पीडक उपर कुनै कारवाही भएन।

कमलामाई नपा-१२ इनारपानीकी ४० वर्षीय सीतादेवी न्यौपानेलाई ०५८ पुस २२ गते सोही ठाउँकी ३५ वर्षीय सीता परियारले बोक्सीको आरोप लगाइन्। पीडितले सोही नपा-१२ को वडा कार्यालयमा उजुरी गरेपछि वडाध्यक्ष तथा स्थानीय ५ जना महिला समूहका प्रतिनिधिहरू बसी दुवै पक्षलाई उपस्थित गराई अबदेखि यस्तो आरोप नलगाउने शर्तमा मिलापत्र गराइयो।

जातीय विभेद

महेन्द्रझ्याडी गाविस-५ का ४२ वर्षीय कमलजंग राईलाई समाज विकास विरोधी, प्रगतिशील विचारधारा विरोधी जस्ता आरोपमा ०५९ मंसिर १ गते राति माओवादीहरूले घरबाट बोलाएर लगी मोसो दलिदिए। माओवादीहरूले गाउँभरिका २-३ सय मान्छे भेला गराई मोसो दली ३ बजेसम्म आमसभा गरेपछि मुक्त गरेका थिए।

विविध

संरचना क्षति

यस जिल्लाका ५३ गाविस मध्ये ५१ वटाको भवन माओवादीले आगो लगाई क्षति पुऱ्याए। उक्त आगलागीबाट १ करोड १६ लाख ६० हजार २५ रूपैयाँ बराबरको क्षति भयो।

यस जिल्लाका कूल ५५ हुलाक मध्ये ४९ वटा हुलाक कार्यालय माओवादीले आगो लगाई नष्ट पारे। उक्त आगलागीबाट ७ लाख ९३ हजार ३ सय २७ रूपैयाँ बराबरको क्षति भयो।

विभिन्न ठाउँमा रहेका वन कार्यालयका १० वटा भवन तथा १३ वटा प्रहरी कार्यालयमा माओवादीहरूले आगो लगाई ध्वस्त पारे। आगलागीबाट क्रमशः २८ लाख ६५ हजार र ४५ लाख रूपैयाँ बराबरको क्षति भएको बताइयो।

कल्पवृक्ष गाविस-७ मालुमाराका २३ वर्षीय चित्र पिठाकोटे, ४१ वर्षीय सूर्यबहादुर पुलामी, ४२ वर्षीय शेरबहादुर मगर लगायतका १९ घरमा ०५९ वैशाख १२ गते दिउँसो माओवादीले "ऐलानी जग्गाबाट सबैलाई उठाउँछौं" भनी आगो लगाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) ले ०५९ जेठ २८ गते एक प्रेस विज्ञप्ति जारी गरी आम्बोटे र हत्पते गाउँ कमिटीको कार्यालय माओवादीले तोडफोड गरी कागजपत्र लुटी लगेकोमा निन्दा गर्दै यस्तो कार्य पुनः दोहोरिन नदिन सम्बन्धित पक्षसँग अनुरोध गऱ्यो।

प्रगतिशील मानवअधिकार शिक्षा रेडियो स्रोता क्लब, भिमानका अध्यक्ष रूद्रबहादुर खड्काले २०५९ असोज २ गते एक प्रेस विज्ञप्ति जारी गरी ०५९ भदौ २२ गते माओवादीहरूले इलाका प्रहरी कार्यालय, भिमानमा आक्रमण गरी ४९ जना प्रहरीको हत्या गरेकोमा सो क्रियाकलापप्रति घोर निन्दा गर्दै दुवै पक्षबाट युद्धविरामको घोषणा गरी देशलाई हत्या-हिंसाको चपेटाबाट मुक्त पार्न यथाशीघ्र वार्ता गर्न अनुरोध गरे।

मानवअधिकार शिक्षा तथा सचेतन केन्द्र (हयुरेन्स) का अध्यक्ष फाल्गुणी शर्मा र इन्सेकका प्रतिनिधि आनन्द दाहालले ०५९ असोज १८ गते एक प्रेस विज्ञप्ति जारी गरी जिल्लाको मानवअधिकारको स्थिति दयनीय बन्दै गएकोमा दुःख व्यक्त गरे। साथै, दुवै पक्षबाट हुने गरेका गैरन्यायिक हत्या-हिंसालाई तुरून्त रोकी समस्याको शान्तिपूर्ण निकासतर्फ लाग्न दुवै पक्षसँग अपिल गरे।

नेकपा (एमाले) ले ०५९ कार्तिक १४ गते एक प्रेस विज्ञप्ति जारी गरी एमाले जिल्ला कमिटीका सदस्य अर्जुन

माओवादीद्वारा भत्काइएका रानिबास गाविस र सिर्थौली गाविस भवन

प्रधानका छोरा सशांक प्रधानलाई झुठो आरोपमा कुटपिट गरिएकोमा निन्दा एवं विरोध गर्दै आगामी दिनमा त्यस्ता झुठा आरोप नलगाउन र भौतिक तथा मानसिक यातना नदिन चेतावनी दियो।

नेपाल पत्रकार महासंघले ०५९ कार्तिक २५ गते एक प्रेस विज्ञप्ति जारी गरी महासंघका सदस्य एवं प्रतिक दैनिकका सम्वाददाता रेस्वराज दाहाललाई विना आरोप माओवादीले अपहरण गरी कुटपिट गरेकोमा विरोध एवं भर्त्सना गऱ्यो।

संयुक्त जनमोर्चा नेपालले ०५९ मंसिर २३ गते एक प्रेस विज्ञप्ति जारी गरी काठमाण्डौबाट सिन्धुली आएको यात्रु वाहक बसलाई मंसिर २२ गते कमलामाई नपा-१० करकरे नजिकै एम्बुसमा पारी सर्वसाधारणको मृत्यु भएकोमा खेद प्रकट गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुका साथै सो घटनाको भर्त्सना गर्दै आगामी दिनमा यस्ता घटना नदोहोऱ्याउन माओवादीसँग आह्वान गऱ्यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष आत्महत्याका १० वटा घटनामा ७ पुरुष र ३ महिलाको मृत्यु भयो। दुर्घटनामा ४ पुरुष र २ महिला गरी ६ जनाको मृत्यु भयो। ठगीको एउटा घटना भयो। आगलागीमा परी एक घर नष्ट भयो। खोलाले बगाएर ४ पुरुषको मृत्यु भयो। चोरी, डकैतीको एउटा घटनामा २ पुरुष पीडित भए। एक पुरुष र एक नाबालिकाको बेवारिसे अवस्थामा लास फेला पऱ्यो।

२.५ रामेछाप

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

भटौली गाविस-२ का नेकपा (एमाले) का कार्यकर्ता २० वर्षीय शिवहरि अछामीलाई ०५८ पुस २६ गते गस्तीमा गएका सुरक्षाकर्मीले सोही ठाउँको तामाकोशी नदी किनारको कुटीमा नुहाइरहेको अवस्थामा गोली हानी हत्या गरे। सो ठाउँमा माओवादीहरूले सुरक्षाकर्मीमाथि ग्रिनेट प्रहार गरेपछि सुरक्षाकर्मीले चलाएको गोलीबाट शिवहरिको मृत्यु भएको थियो।

भुजी गाविस-९ की ५५ वर्षीय निमानी शेर्पालाई माओवादीलाई सघाएको आरोपमा ०५९ चैत २० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी जंगलमा लगी गोली हानी हत्या गरे।

दुरगाउँ गाविस-७ का माओवादी कार्यकर्ता २३ वर्षीय अर्जुन भन्ने टंकप्रसाद पौडेल र कुभुकास्थली गाविस-६ का टिपक शेर्पालाई ०५९ वैशाख ६ गते ठोसे गाविस-७ को एकान्त फेदीमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जनसंख्या	: २५२०५६
साक्षरता प्रतिशत	: ३९.०५
महिला साक्षरता प्रतिशत	: २६.३७
क्षेत्रफल (वर्ग कि. मि.)	: १५४६
गाविस / नपा संख्या	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४११
क्याम्पस / उच्च मा.वि.	: २/६
अस्पताल / स्वास्थ्य चौकी	: १/
टेलिफोन लाइन	: २०५
मोटर सडक (कि. मि.)	: ३४
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५५
मानव विकास सूचकांक	: ०.३१५
प्रति एक डाक्टर जनसंख्या	: ७०८०३
प्रति परिवार सरदर संख्या	: ५.२६

भुजी गाविस-३ ठिल्केका माओवादी कार्यकर्ता २९ वर्षीय नेत्रबहादुर श्रेष्ठलाई ०५९ वैशाख १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रामेछाप गाविस-२ का २३ वर्षीय भूपाल थोकरलाई माओवादीमा लागेको आरोपमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी केही पर बाटोमा गोली हानी हत्या गरे।

मलुवाजोर गाविस-५ का २२ वर्षीय राजु पौडेललाई ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी केही टाढा लगी गोली हानी हत्या गरे।

फर्पु गाविसका माओवादी कार्यकर्ता २८ वर्षीय सूर्यबहादुर तामाङ्गलाई ०५९ जेठ १० गते सुरक्षाकर्मीले कठजोर गाविस-४ मा गोली हानी हत्या गरे। पीडितबाट सुरक्षाकर्मीले विस्फोटक सामानहरूसमेत बरामत गरेको बताइयो।

सैंपु गाविस-४ ढाँडका २४ वर्षीय तीर्थ पौडेललाई माओवादीको आरोपमा ०५९ असार ८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बाटोमा लगी हत्या गरे।

सैंपु गाविस-१ का २६ वर्षीय पदमबहादुर तामाङ्गलाई माओवादीको आरोपमा ०५९ भदौ २४ गते सुरक्षाकर्मीले घर नजिकै बारीमा गोली हानी हत्या गरे।

नागदह गाविस-८ का २२ वर्षीय टिकाबहादुर नेपाली

र तिल्पुङ्गका २५ वर्षीय गोपाल सार्कीलाई माओवादीको आरोपमा ०५९ भदौ २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

गोठगाउँ गाविसका २६ वर्षीय मोहन बस्नेत र २८ वर्षीय मिनबहादुर नेपालीलाई माओवादीको आरोपमा ०५९ भदौ ३१ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी गोली हानी हत्या गरे।

सैंपु गाविस-१ का ३५ वर्षीय दुर्गाबहादुर राउतलाई माओवादीको आरोपमा ०५९ असोज २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी केही टाढा लगी गोली हानी हत्या गरे।

विजुलीकोट गाविस-८ का ३६ वर्षीय अर्जुन महतलाई माओवादीको आशंकामा ०५९ असोज २५ गते सुरक्षाकर्मीले घरभन्दा केही टाढा खरपाखोमा लगी गोली हानी हत्या गरे।

सैंपु गाविस-४ का ३५ वर्षीय मानबहादुर मगरलाई माओवादीको आरोपमा ०५९ असोज २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी घरदेखि केही टाढा लगी गोली हानी हत्या गरे।

देउराली गाविस-१ का प्रकाश बस्नेत, टेकबहादुर बस्नेत, लोकबहादुर भूजेल, सोही गाविस-८ का राजकुमार कंसी, नेत्रबहादुर कार्की र देउराली गाविस-९ का रामजी श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ कार्तिक ७ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सालू गाविस-१ को देवीथान डाँडामा ल्याई लाइन लगाएर गोली हानी हत्या गरे।

कठजोर गाविस-७ का माओवादीद्वारा घोषित गाजस प्रमुख ३० वर्षीय गोकर्ण कार्कीलाई ०५९ कार्तिक १० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सोही गाविस-९ को गोगले जंगलमा पुर्‍याई गोली हानी हत्या गरे। पीडितको लास कसैले उठाएन।

भूजी गाविस-१ का २८ वर्षीय पुष्प तामाङ र नाम नखुलेका अन्य २ जनालाई माओवादीको आरोपमा ०५९ कार्तिक १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

तिल्पुङ्ग गाविसको प्रस्तावित मावि, कटहरेका शिक्षक ३२ वर्षीय दयाराम श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ कार्तिक १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे।

रामपुर गाविसको कोलन्जोर घाटमा प्रहरीको ड्रेस लगाएका माओवादी कार्यकर्ता २८ वर्षीय यज्ञ सुनुवारलाई ०५९ कार्तिक २३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

विजुलीकोट गाविसका वीरबहादुर तामाङ्ग र लालबहादुर तामाङ्गलाई माओवादीमा लागेको आरोपमा ०५९ मंसिर ९ गते बिहान सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पुरानो झाँगाझोली गाविस-५ का ३० वर्षीय कोमलराज प्याकुरेललाई ०५९ पुस ५ गते रामेछाप गाविसको हर्दीनीघाटमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले पीडित बटालियन इन्चार्ज भएको बताए पनि उनी संगठन तर्फको इलाका सदस्य भएको माओवादीले सार्वजनिक गरे।

माओवादीबाट

वेथान गाविस-३ का नेकांका कार्यकर्ता ५० वर्षीय गोविन्द खड्कालाई ०५८ फागुन ४ गते बेलुका माओवादीले सोही गाविस-४ को पिपलडाँडा भन्ने ठाउँमा ढुंगाले हिर्काएर हत्या गरे।

गेलु गाविस-५ का भूपू सैनिक ४५ वर्षीय मानबहादुर श्रेष्ठलाई सुराकीको आरोपमा ०५९ जेठ २० गते माओवादीले घरमा गएर ढुंगाले हिर्काएर हत्या गरे।

हिमगंगा गाविस-२ का ४१ वर्षीय लोकबहादुर तामाङ्गलाई ०५९ जेठ ३० गते माओवादीले घरबाट केही टाढा लगी ढुंगा र धारिलो हतियार प्रहार गरी अचेत अवस्थामा पुर्‍याई घरमा ल्याइदिए। उपचारार्थ अस्पताल लैजाँदा बाटोमा पीडितको मृत्यु भयो।

काभ्रे जिल्लास्थित गुन्सी गाविसका चौरीखोला प्राविका शिक्षक ३० वर्षीय नोखराज गौतमलाई ०५९ साउन २८ गते माओवादीले घरबाट अपहरण गरी भदौ १ गते लखनपुर गाविस-५ स्थित प्रावि नजिक लगी ढुंगाले हानी, हात र खुट्टा काटी हत्या गरे। पीडित शिक्षक संघसँग सम्बद्ध थिए।

दोरम्बा गाविस-४ का नेकांका कार्यकर्ता ४६ वर्षीय डिकबहादुर तामाङ्गलाई ०५९ भदौ ११ गते माओवादीले घरबाट अपहरण गरी भदौ १८ गते फलासी गाविस-२ हर्रेमा गोली हानी हत्या गरे। स्थानीय प्रशासनले लास ल्याउन नसकेपछि गाउँलेहरूले ५ दिनपछि मात्र पोष्टमार्टमका लागि मन्थली ल्याएका थिए।

विजुलीकोट गाविस-८ का ४५ वर्षीय भीमबहादुर महतको ०५९ भदौ १६ गते माओवादीले घरबाट अपहरण गरी भृङ्गेश्वर माविको चौरमा लगी ढुंगाले हानी खुट्टा भाँची त्रिशुलले घोचेर हत्या गरे। पीडित नेकांका कार्यकर्ता थिए।

तिल्पुङ्ग गाविस-४ का ५६ वर्षीय महेश्वर बुढाथोकीलाई ०५९ भदौ १७ गते राति माओवादीहरूले घरबाट

माओवादीद्वारा हत्या गरिएका झपटबहादुर बुढाथोकी

अपहरण गरी भदौ १८ गते बिहान देउरालीडाँडा भन्ने ठाउँमा गोली हानी हत्या गरे।

तिल्पुङ्ग गाविस-४ का ४९ वर्षीय नारायण बुढाथोकी र तिल्पुङ्ग गाविस-५ का ४६ वर्षीय प्रकाश आलेलाई ०५९ भदौ १७ गते राति माओवादीहरूले आ-आफ्नो घरबाट अपहरण गरी भदौ १८ गते बिहान नारायणलाई उपस्वास्थ्य चौकीको ढोकामा र प्रकाशलाई सोही गाविस-२ र ५ को सीमानामा पर्ने अन्छे चौतारामा गोली हानी हत्या गरे।

तिल्पुङ्ग गाविस-२ का नेकपा (एमाले) गाउँ कमिटी सचिव ४८ वर्षीय झपडबहादुर बुढाथोकीलाई ०५९ भदौ १८ गते बिहान माओवादीहरूले घरबाट अपहरण गरी एक सय मिटर टाढा खेतमा लगी गोली हानी हत्या गरे।

कठजोर गाविस-८ का ७२ वर्षीय उत्तरबहादुर खत्रीलाई ०५९ भदौ १९ गते राति माओवादीहरूले घरबाट अपहरण गरी भोलिपल्ट बिहान सोही गाविसको साउनेपानी भन्ने ठाउँमा ढुंगाले हिर्काएर हत्या गरे।

साँघुटार गाविस-१ का ४५ वर्षीय गणेशकुमार श्रेष्ठलाई खेतमा काम गरिरहेको अवस्थामा ०५९ मंसिर ६ गते माओवादीले गोली हानी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

सुकाजोर गाविस-५ हिलेपानीका ५५ वर्षीय उद्धव श्रेष्ठ ०५८ चैत १४ गते दुरसञ्चार टावरको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले राखेको एम्बुस पड्कँदा छर्रा लागी घाइते भए। बाख्रा हेर्न गएका उद्धवले बाख्रा धपाउँदा एम्बुस पड्किएको थियो। पीडितको जिल्ला अस्पतालमा उपचार गरियो।

माओवादीबाट

रामपुर गाविस-५ का २८ वर्षीय शंकर तामाङ्ग ०५९ जेठ ६ गते काठमाण्डौ जाने क्रममा तिल्पुङ्ग गाविस-२ स्थित पुष्पलाल मार्गमा माओवादीले राखेको एम्बुसमा परी सख्त घाइते भए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

चिसापानी गाविस-२ का २१ वर्षीय दिनेश ढुंगेल ०५९ जेठ २८ गते पुष्पलाल मार्गमा माओवादीले राखेको एम्बुस विस्फोटनमा परी घाइते भए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

जेल र बन्दीहरू

रामेछाप जेलमा कैद नतोकिएका ६ जना बन्दी मध्ये ४ महिला र २ पुरूष तथा कैद तोकिएका ११ मध्ये ५ महिला र ६ जना पुरूष छन्। १४ पुरूष नजरबन्दमा छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

मन्थली गाविस-४ का ४० वर्षीय भोला थापालाई ०५८ माघ १४ गते सिन्धुली जान लाग्दा निगाले भन्ने ठाउँबाट माओवादीले अपहरण गरे। पीडितलाई जंगलमा लगेर १५ हजार रूपैयाँ लिई बेलुका मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	४			४	१२	१२			१२	२२	३१	१	४	३६
घाइते	२	२			२	५	५			५	१	१			१
बम विस्फोटन						४			४	४	२			२	२
गिरफ्तारी/यातना											३८	४८	३		५१
कुटपिट	८	८	२		१०	५	४	१		५	८	९			९
धम्की	१	१			१	६	१०			१०					
जातीय विभेद	१	१	१		२										
अनमेल विवाह	१		१		१										
महिला अधिकार	११		१२		१२										
बालअधिकार	३	१	१	१	३	१	१	२		३	१			१	१
आर्थिक/सामाजिक अधिकार											१		१		१
अमानवीय व्यवहार	१	१			१										
अपहरण						१५	१४		२०५	२१९					
जम्मा	३२	१८	१७	१	३६	४८	४६	३	२०९	२५८	७४	८९	५	७	१०१

मन्थली बजारका २५ वर्षीय राजकुमार तामाङलाई ०५८ चैत २५ गते, तिल्पुङ्ग गाविस-४ का २६ वर्षीय जिमबहादुर तामाङ, नागदह गाविस-५ का गाविस अध्यक्ष ४० वर्षीय आसबहादुर तामाङलाई ०५९ असार ६ गते, गुन्सी गाविस-४ का ३० वर्षीय कोमल गौतमलाई ०५९ साउन २६ गते र विजुलीकोट गाविस-४ का ३६ वर्षीय अलोकबहादुर खत्रीलाई ०५९ भदौ १८ गते माओवादीले अपहरण गरी मुक्त गरे।

नेपाल शिक्षक संघका कार्यवाहक जिल्ला अध्यक्ष ३६ वर्षीय जीवनाथ गौतमलाई ०५९ साउन २६ गते गुन्सी गाविस स्थित घरबाट माओवादीले अपहरण गरी भदौ ३ गते मुक्त गरे। पीडितले मुक्त भएपछि आफ्नो पदबाट राजीनामा दिए।

महेन्द्रोदय उच्च मावि, मन्थलीका प्रधानाध्यापक ४५ वर्षीय गुञ्जबहादुर श्रेष्ठलाई ०५९ भदौ ११ गते दिउँसो माओवादीले विद्यालयबाट अपहरण गरे। पीडितलाई भोलिपल्ट कठजोर गाविसबाट मुक्त गरियो।

नेकपा (एमाले) रामेछापका उपसचिव ४० वर्षीय तुलप्रसाद कँडेललाई ०५९ भदौ १५ गते माओवादीले सदरमुकामबाट टोकरपुरस्थित घरमा गइरहेको अवस्थामा दोरम्बा गाविसको दोरम्बाबजारबाट हात बाँधेर अपहरण गरे। पीडितलाई भदौ १८ गते गाल्पाबजारबाट मुक्त गरियो।

नेकपा (एमाले) का जिल्ला कमिटी सदस्य ७० वर्षीय चतुरमान सुनुवारलाई ०५९ असोज २ गते सैपु गाविस-६ स्थित घरबाट माओवादीले अपहरण गरी भोलिपल्ट ओखलढुंगा जिल्लाको लेतीबाट मुक्त गरे।

गोठगाउँ स्थित चण्डेश्वरी माविका ५ जना शिक्षक तथा २ सय जना विद्यार्थीलाई ०५९ असोज २ गते माओवादीले विद्यालयबाट अपहरण गरे। पीडितहरूलाई साँघुटार गाविस-६ मा लगी सोही दिन बेलुका मुक्त गरियो।

देउराली गाविस-४ का २० वर्षीय रामबाबु रोकायालाई ०५९ असोज २१ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

गेलु गाविस-२ का १८ वर्षीय प्रकाश कार्कीलाई माओवादीको आरोपमा ०५८ फागुन १३ गते सुरक्षाकर्मीले लछार-पछार गरी कुटपिट गरे।

मन्थली गाविस-४ मा होटल गरी बस्ने ४० वर्षीय लिलाबहादुर मगरलाई कर्फ्यू लागेको समयमा बत्ती बालेको भनी ०५८ चैत १२ गते घरभित्र बसिरहेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीद्वारा अपहरण गरी खुट्टा भाँचि दिइका हेमकृष्ण कार्की

मन्थली गाविस-४ का ५६ वर्षीय भोला शाहलाई बत्ती ननिभाई सुतेको आरोपमा ०५८ चैत १८ गते सुरक्षाकर्मीले कुटपिट गरे। पीडितलाई प्रहरी हिरासतमा लगी भोलिपल्ट रिहा गरियो।

रामेछाप गाविस-२ का पूर्व प्रहरी हवल्दार ५० वर्षीय वितबहादुर तामाङलाई ०५९ वैशाख १६ गते रामेछापबाट गएको सुरक्षाकर्मीले घरमा गई कुटपिट गरे।

सिंचाई कार्यालयमा कार्यरत मन्थली गाविस-४ मा होटल गरी बस्ने ४० वर्षीय दलबहादुर श्रेष्ठ र दोरम्बाका रत्नप्रसाद कँडेललाई ०५९ साउन २१ गते खाना खाई रहेको अवस्थामा सुरक्षाकर्मीले अश्लील गाली गर्दै लछारपछार गरे।

सैपु गाविस-१ का ५० वर्षीय डम्बरबहादुर राउतलाई माओवादीलाई सघाएको आरोपमा ०५९ भदौ २३ गते सुरक्षाकर्मीले घरमा गई कुटपिट गरे।

गोठगाउँ गाविस-३ का ५२ वर्षीय नारायणबहादुर थापालाई ०५९ भदौ २५ गते गस्तीमा गएका सुरक्षाकर्मीले घरबाट गाविस भवनमा लगेर गोली हान्ने धम्की दिँदै कुटपिट गरे।

. मन्थलीस्थित दूरसञ्चार कार्यालयमा कार्यरत २८ वर्षीय श्यामदेव पटेललाई टेलिफोन विगारेको आरोपमा ०५९ असोज ११ गते सेनानी कान्छाकाजी कार्कीले आफ्नै घरमा बोलाई कुटपिट गरे।

चिसापानी गाविस-६ का १८ वर्षीय रमेश श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ मंसिर २२ गते सुरक्षाकर्मीले घरमा गई कुटपिट गरे।

माओवादीबाट

नागदह गाविस-१ मा होटल गरी बस्ने ५४ वर्षीय कमल सुनुवार र उनकी पत्नी ४३ वर्षीय छत्रमाया सुनुवारलाई एक रूपैयाँको प्लास्टिक सित्तैमा नदिएको भनी ०५८ माघ १७ गते माओवादी कार्यकर्ताले ग्रिनेट निकाली घर उडाइदिने धम्की दिए। त्यसपछि पटक-पटक घर घेरेर धम्की दिएपछि पीडितले माघ २४ गते घर छाडिदिए।

कुभुकास्थली गाविस-१ का ७० वर्षीय खेमबहादुर थापालाई ०५८ माघ २३ गते माओवादीले घरबाट अपहरण गरी सोही गाविस-२ को चण्डेश्वरी मन्दिरमा पुऱ्याएर ढुंगाले हानी एउटा खुट्टा भाँची मुक्त गरे। पीडितलाई इन्सेकको सहयोगमा सिभिक्टमार्फत् उपचार गरियो।

चनखु गाविस-४ का ५५ वर्षीय हेमकृष्ण कार्कीलाई ०५८ फागुन १४ गते राति २ बजे माओवादीले घरबाट एक घण्टा टाढा चिलाउने भन्ने ठाउँमा पुर्‍याई दायाँ हात र दायाँ खुट्टा भाँचिदिए।

तिल्पुङ्ग गाविस-१ का भूपू जमदार ४८ वर्षीय बद्रि अधिकारीलाई ०५८ फागुन १८ गते राति माओवादीले घरमा गई सिलौटाले हिर्काएर दाहिने खुट्टा भाँचिदिए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

फुलासी गाविस-२ का ६० वर्षीय हरिबहादुर कटुवाललाई ०५८ फागुन २४ गते बलुका हतियार सहित आएका माओवादीले घरबाट अपहरण गरी आधा घण्टा टाढा जंगलमा लगी ढुंगाले हिर्काएर दायाँ खुट्टा र दायाँ हात तीन-तीन ठाउँमा भाँचिदिए।

टोकरपुर गाविस-२ का अपाङ्ग व्यक्ति ७७ वर्षीय रामबहादुर कँडेल र उनकी पत्नीलाई ०५८ फागुन २५ गते माओवादीले घरमा गई जग्गासम्बन्धी विवाद देखाई कुटपिट गरे।

नारायणदल गुल्मका एक सैनिक जवानलाई बिदा लिएर घर जान लाग्दा ०५८ चैत ३१ गते सुकाजोर गाविस-६ मा माओवादीले कुटपिट गरे।

चिसापानी गाविसका अध्यक्ष ७३ वर्षीय गणेशदास श्रेष्ठको घरमा ०५९ वैशाख ५ गते माओवादीले बमले उडाइदिने धम्की दिई गाविस कार्यालयको साँचो लिएर गए।

ओख्रेनीस्थित प्रस्तावित निमाविका प्रधानाध्यापक ४० वर्षीय धनबहादुर कार्कीलाई विद्यालय खोलेको आरोपमा ०५९ वैशाख १२ गते माओवादीहरू विद्यालयमा गई लछारपछार गरी विद्यालय बन्द गराए।

जिविस सदस्य ३७ वर्षीय जगन्नाथ दाहाल र तिल्पुङ्ग गाविस धाँवीका उपभोक्ता समितिका पदाधिकारीलाई ०५९ असार ७ गते माओवादीले तिल्पुङ्ग-धाँवी सडकमा यातायातका साधन चलाए कारवाही गर्ने धम्की दिए।

कुभुकास्थली गाविस-५ का ५१ वर्षीय पूर्णबहादुर खत्रीलाई ०५९ साउन ७ गते माओवादीले खुकुरी प्रहार गरी घाइते बनाए।

भुजी गाविस-६ का २७ वर्षीय पूर्णबहादुर थापालाई ०५९ भदौ ६ गते माओवादीले लछार पछार गरी धम्क्याएर पसलका सामानहरूसमेत लुटेर लगे।

तिल्पुङ्ग गाविस-४ की ४० वर्षीय हस्तमाया बुढाथोकीलाई ०५९ भदौ १७ गते राति माओवादीले घरबाट आँगनमा निकाली कुटपिट गरे। पीडितको ४ वटा दाँत भाँचिदिए।

माओवादीद्वारा अपहरण गरी खुट्टा भाँचि दिएका शेरबहादुर थापा

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बिजुलीकोट गाविसका शिक्षक ४२ वर्षीय केवल तिमल्सिनालाई माओवादीमा संलग्न भएको आरोपमा ०५८ पुस १७ गतेसदरमुकाम आएको बेला प्रहरीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

भटौली गाविस-२ का ४५ वर्षीय राजन श्रेष्ठ र २२ वर्षीय गोपाल श्रेष्ठलाई माओवादीको आशंकामा ०५८ पुस २६ गते सुरक्षाकर्मीले तामाकोशी नदी किनारबाट गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरियो।

माकादुम गाविस-६ स्थित दिपक बुढाथोकीलाई ०५८ पुस २७ गते पकरबास गाविस-४ स्थित एउटा गोठबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित भटौली गाविस-२ मा सैनिक गस्ती टोलीमाथि ग्रिनेड प्रहार गर्दा एउटा हात चुडिएर भागेका थिए। पीडितलाई उपचारार्थ काठमाण्डौ पठाइयो।

भलुवाजोर गाविस-६ का २५ वर्षीय तेजबहादुर तामाङ्गलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ माघ ५ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

मन्थली बजारमा लेखापढी व्यवसाय गरी बस्ने २८ वर्षीय कृष्णबहादुर कार्कीलाई कर्फ्यू लागेको बेलामा होटलमा बसेको आरोपमा ०५८ माघ १० गते प्रहरीले होटलमा खाना खाइरहेको अवस्थामा गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट एक हजार रूपैयाँ जरिवाना गरी रिहा गरियो।

गुन्सी गाविस-३ का प्राविका शिक्षक ३६ वर्षीय किरण चौलागाई र २५ वर्षीय भोजराज गौतमलाई ०५८ माघ १८ गते सुरक्षाकर्मीले विद्यालयबाटै गिरफ्तार गरे। पीडितलाई काभ्रे जिप्रकाबाट रिहा गरियो।

मन्थली गाविस-८ टंकनपुरका माओवादीद्वारा घोषित गाजस प्रमुख ७० वर्षीय चनखबहादुर कार्कीलाई ०५८ फागुन १ गते प्रहरीले जिल्ला प्रहरी कार्यालयमा बोलाई गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

सालु गाविसका गाविस अध्यक्ष ४३ वर्षीय हिरण्य वस्नेतलाई माओवादीमा संलग्न भएको आरोपमा ०५८ फागुन ९ गते सुरक्षाकर्मीले रामेछाप बजारबाट गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

गेलु गाविस-१ का ३५ वर्षीय ताराराम खड्का, ५४ वर्षीय इन्द्रसिंह बुढाथोकी र ३९ वर्षीय परशुराम बुढाथोकीलाई ०५८ फागुन १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५९ वैशाख १७ गते रिहा गरियो।

ओख्रेनी गाविस-५ की २८ वर्षीय

इन्दिरा पाख्रिनलाई माओवादीको आरोपमा ०५८ फागुन २४ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

भीरपानी गाविस-८ का २९ वर्षीय धर्मबहादुर लामालाई माओवादीमा संलग्न भएको आरोपमा ०५८ चैत ८ गते प्रहरीले सदरमुकाम मन्थली आएको अवस्थामा गिरफ्तार गरे। पीडितलाई १५ दिनपछि रिहा गरियो।

देउराली गाविसका उपाध्यक्ष ५० वर्षीय भरत बुढाथोकीलाई माओवादीको आरोपमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

सालु गाविस-९ का ५५ वर्षीय रामबहादुर रोकायलाई माओवादीको आरोपमा ०५९ वैशाख १० गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडिनलाई १५ दिनपछि रिहा गरियो।

रामेछाप गाविस-२ का २२ वर्षीय हिराबहादुर तामाङलाई माओवादीको आरोपमा ०५९ वैशाख १२ गतेसोही गाविस-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

तिल्पुङ्ग गाविस-१ का २५ वर्षीय गोविन्द अधिकारीलाई माओवादीको आरोपमा ०५९ वैशाख ३१ गते प्रहरीले मन्थलीको आकाशेबाट माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई जेठ १३ गते रिहा गरियो।

कठजोर गाविस-१ का २६ वर्षीय शम्भुबहादुर बुढाथोकीलाई माओवादीको आरोपमा ०५९ जेठ १२ गते प्रहरीले मन्थलीबाट माओवादी आरोपमा गिरफ्तार गरे। पीडितलाई १५ दिनपछि रिहा गरियो।

देवलढुंगा प्रावि गुन्सी गाविस-९ का २५ वर्षीय शिक्षक युवराज गौतम र हिर्केटार प्रावि गुन्सी गाविस-४ का ३१ वर्षीय शिक्षक विनोद चौधरीलाई ०५९ जेठ २० गते सुरक्षाकर्मीले सदरमुकामस्थित एक होटलबाट गिरफ्तार गरे। पीडितहरूलाई १५ दिनपछि रिहा गरियो।

तिल्पुङ्ग गाविस-४ का ४० वर्षीय जानुका पौडेललाई माओवादीमा लागेको पतिलाई भगाएको आरोपमा ०५९ असार २६ गते सुरक्षाकर्मीले खेतबाट गिरफ्तार गरे। पीडितलाई साउन ४ गते रिहा गरियो।

सर्लाही जिल्ला पिपराभिन्ना गाविसका शिक्षक २७ वर्षीय निर्मल त्रिपाठीलाई माओवादीमा लागेको आरोपमा ०५९ असार ३० गते मन्थली आएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई डेढ महिनासम्म थुनामा राखी रिहा गरियो।

तिल्पुङ्ग गाविस-८ का ४८ वर्षीय शेखरनाथ पौडेललाई माओवादीको आरोपमा ०५९ साउन ३ गते प्रहरीले मन्थलीबाट गिरफ्तार गरे। पीडितलाई साउन ३१ गते तारेखमा रिहा गरियो।

सालु गाविस-४ दोलखाका ३० वर्षीय देवराज पोखरेललाई माओवादीको आरोपमा ०५९ भदौ १९ गते मन्थली आएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई असोज ११ गते रिहा गरियो।

सुकाजोर गाविस-६ का २० वर्षीय राजु बस्नेतलाई ०५९ भदौ १९ गते माओवादी संगठन छाडी आत्मसमर्पण गर्न सदरमुकाम आएको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएको छ।

साँघुटार गाविस-६ का ६५ वर्षीय कुलबहादुर प्रधानलाई माओवादीको आरोपमा ०५९ असोज १६ गते मन्थली आएको अवस्थामा प्रहरील गिरफ्तार गरे। पीडितलाई असोज २५ गते पुनः हाजिर हुने गरी तारेखमा रिहा गरियो।

माकादुम गाविस-१ का ३१ वर्षीय अर्जुन घिसिङलाई माओवादीमा लागेको आरोपमा ०५९ कार्तिक २१ गते प्रहरीले मन्थली आएको अवस्थामा गिरफ्तार गरे। पीडितलाई एक महिनासम्म थुनामा राखियो।

तिल्पुङ्ग गाविस-८ का ४८ वर्षीय शेखरनाथ पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ मंसिर २३ गते सदरमुकाम आएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म हिरासतमा राखिएको छ।

यसबाहेक यस वर्ष अन्य १४ पुरूष र १ महिलालाई पनि माओवादी गतिविधिमा संलग्न भएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा एक पुरूषलाई ६ दिनपछि, १ पुरूषलाई ५ दिनपछि, २ पुरूलाई ४ दिनपछि, ४ पुरूषलाई ३ दिनपछि, ३ पुरूषलाई २ दिनपछि र ३ पुरूष तथा १ महिलालाई भोलिपल्ट रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यो वर्ष नेका (प्रजातान्त्रिक) का ९ जना नेता तथा कार्यकर्ता माओवादी धम्कीका कारण विस्थापित भएको जनाइयो। नेकपा (एमाले) ले आफ्ना थुप्रै कार्यकर्ता पीडित भएको भए पनि आधिकारिक रूपमा ४ जना मात्र घर छोडी सदरमुकाम बस्न बाध्य भएको बताइयो। यस जिल्लामा २ सय ५० घर परिवारका १ हजार २ सय ४१ भन्दा बढी व्यक्ति विस्थापित भएको अनुमान गरिएको छ। तीमध्ये केही सदरमुकाममा, केही छिमेकी जिल्ला सिराहा, सप्तरी, मोरङ, सुनसरी र केही काठमाण्डौतर्फ गएको अनुमान छ।

१ सय ५० जनाले माओवादीका कारणबाट आफूहरू गाउँमा बस्न नसकेर विस्थापित हुनु परेको निवेदन जिल्ला प्रशासन कार्यालयमा दिएका छन्। विस्थापितहरूलाई दैनिक १ सय रूपैयाँका दरले भत्ता वितरण गर्न गृह मन्त्रालयले २ लाख रूपैयाँ पठायो।

सैपु गाविस-४ का ७० वर्षीय बलबहादुर राउतलाई ०५९ भदौ २६ गते माओवादीले घरबाट बाहिर निकाली घरमा

ताला लगाइदिए। माओवादीहरूले ताला खोलेमा मारिदिने धम्कीसमेत दिए। पीडित घर छाडेर अन्यत्रै गएका छन्।

साँघुटार गाविसको साँघुटार बजारका व्यापारीहरू बद्रिदास भौकाजी, नारायण श्रेष्ठ र राजकुमार श्रेष्ठलाई सुराकीको आरोपमा ०५९ मंसिर १४ गते माओवादीले ७ दिनभित्र बजार छाड्ने धम्की दिए। पीडितहरू बजार छाडी हिंडे।

धार्मिक स्वतन्त्रता

बुद्धिष्ट विकास समाजले ०५९ साउन १० गते मन्थली नगरविकास समितिसमक्ष गुम्बा निर्माणका लागि जग्गा मागी निवेदन पेश गरेकोमा ०५८ माघ २३ गते गुम्बामा बज्ने द्याङ्ग्रोले हल्ला हुन्छ भनी घडेरी दिइएन। त्यस विषयमा समाजले ०५८ फागुन २१ गते एक पत्रकार सम्मेलनको आयोजना गरी सो कार्य संविधान विपरीत भएको भन्दै विरोध जनायो।

तिल्पुङ्ग गाविस-४ का ३० वर्षीय इन्द्रबहादुर बुढाथोकी र २५ वर्षीय रिपूमर्दन बुढाथोकीलाई ०५९ भदौ १९ गते माओवादीले बाबुको हत्या गरेपछि दाहसंस्कार गरी किरिया बस्न घर गएकोमा माओवादीहरूले बाटोबाटै फर्काए। पीडित बाबुको किरियासमेत गर्न नपाई काठमाण्डौ फर्किए। पीडितहरूमध्ये एक भूपू प्रहरी र अर्का बहालवाला सैनिक हुन्।

आर्थिक अधिकार

घरेलु विकास समिति अन्तरगत सैपु गाविसमा सिलाई कटाई तालिम संचालन गर्ने प्रशिक्षिका २२ वर्षीय खिममाया कार्कीलाई ०५८ चैत १६ सम्म तालिम संचालन गरेवापत २२ हजार रूपैयाँ पारिश्रमिक दिने कागज गरिए पनि घरेलु विकास समितिले १८ हजार रूपैयाँ मात्र दियो।

बालअधिकार

कुभुकास्थली गाविस-१ की ८ वर्षीय यशोदा थापालाई बाबुआमा गएको ठाउँ नबताएको आरोपमा ०५९ फागुन २४ गते माओवादीहरूले घरबाट लछार-पछार गरी पानीटार भन्ने ठाउँमा पुऱ्याई बेहोस हुनेगरी कुटपिट गरे। कुटपिटका कारण पीडितको मानसिक असन्तुलन भयो।

गोठगाउँ गाविस-९ की ६ वर्षीय एक बालिकालाई ०५९ जेठ ३१ गते सोही ठाउँका २० वर्षीय गजु श्रेष्ठले फकाएर आफ्नै कोठामा लगी बलात्कार गरे। पीडितको उपचार रामेछाप अस्पतालमा गरियो। पीडक फरार छन्।

महिला अधिकार

रामेछाप गाविस-३ की १८ वर्षीय एक महिलालाई ०५८ पुस २३ गते सर्लाही जिल्ला बरथहवा गाविस घर भई मन्थलीमा ट्याक्टर चलाउने १८ वर्षीय विजय सिंहले विवाह गर्ने आश्वासन दिई यौन सम्पर्क राखी गर्भ रहेपछि स्वीकार गरेनन्। हाल पीडितले छोरो जन्माएकी छिन् र नाता कायमको लागि अदालतमा मुद्दा हालेकी छन्।

ओख्रेनी गाविस-५ की २७ वर्षीय एक महिलालाई ०५९ असोज १ गते आफ्नै ससुरा ४४ वर्षीय जंगबहादुर तामाङले गर्भ बोकाई बेपत्ता भए। पीडितको पति विदेश गएको बेला ससुरा-बुहारी बीच यौन सम्पर्क रहेको थियो। पीडित महिला हाल माइतीमै बसेकी छिन्।

रामपुर गाविस-२ की ४७ वर्षीय पदममाया श्रेष्ठलाई ०५९ पुस ११ गते सोही ठाउँका २८ वर्षीय चित्र श्रेष्ठ लगायत्का मानिसहरूले चित्रका बाबु प्रेमलाल श्रेष्ठलाई बोक्सी लागी बहुलाहा बनाएको भन्दै ३ दिनभित्र रोग निको नपारे मारिदिने धम्की दिए। पीडितले आफ्ना पछिसँगै सोही राति घर छाडिन्। पीडितलाई यस अघि पनि बोक्सीको आरोपमा पटक-पटक गाउँलेहरूले कुटपिट गर्ने गरेका थिए।

रामेछाप गाविस-३ की १९ वर्षीय माइली विकलाई ०५९ भदौ ८ गते परिवारका सदस्यहरूले बोक्सीको आरोप लगाई पटक-पटक कुटपिट गरी घरबाट निकाले। पीडित हाल माइतीमै बसेकी छन्।

जातीय विभेद

सालु गाविस-६ का ८४ वर्षीय रणबहादुर बस्नेतलाई ०५८ फागुन २९ गते गाउँलेहरूले दलित महिलासँग विवाह गरेको भनी सामाजिक बहिष्कार गरे।

विविध

संरचना क्षति

खिम्ती गाविस-१ स्थित नेपाल बैंक लिमिटेडको कार्यालयमा ०५८ फागुन २१ गते माओवादीहरू प्रवेश गरी कार्यालयका कागज र भवन जलाइदिए।

डढुवा गाविस-४ को भवनमा ०५८ चैत १२ गते अज्ञात व्यक्तिहरू प्रवेश गरी तोडफोड गरी कार्यालयका कागजसमेत च्यातेर नष्ट गरिदिए।

जिल्लाको ठोसे हुलाक, खिम्ती र नानाडी रेन्जपोष्टमा ०५८ चैत १७ गते राति माओवादीहरूले आगो लगाई जलाइदिए।

धोवी रेन्जपोष्टका कर्मचारीलाई ०५८ चैत १७ गते राति माओवादीहरूले बाहिर निकाली कार्यालयमा आगो लगाइदिए।

जिल्लाका विभिन्न ८ वटा हुलाक कार्यालयहरू ०५८ चैत १ गतेदेखि २२ गतेसम्मको मितिमा माओवादीहरूले आगो लगाई जलाइदिए। जसबाट सञ्चार सम्पर्कमा अवरोध उत्पन्न भयो।

सुकाजोर गाविस-५ स्थित दूरसञ्चार टावरको सुरक्षार्थ खटिएका एक सैनिक जवान ०५९ जेठ २१ गते आफूहरूले राखेको एम्बुस विस्फोटन हुँदा घाइते भए।

पीडितलाई उपचारार्थ हेलिकप्टरबाट काठमाण्डौ लगियो।

यस बाहेक यस वर्ष माओवादीले जिविसको एउटा डोजर आगो लगाई क्षतिग्रस्त बनाए।

जिल्ला शिक्षा कार्यालय रामेछापका शाखा अधिकृत दिलिप खत्रीको सालु गाविसस्थित घरमा ०५८ माघ १७ गते माओवादीहरूले वम विस्फोट गराई ध्वस्त पारे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

गौरीशंकर उच्च मावि ११ र १२ कक्षाका विद्यार्थीहरूले ०५८ माघ १४ गतेदेखि विद्यालयले लिन लागेको "प्रि-टेष्ट" को लागि चर्को शुल्क लिएको भनी बहिष्कार गरे।

नेपाल पत्रकार महासंघ, रामेछापले ०५८ माघ २५ गते एक विज्ञप्ति जारी गरी शाखाका सचिव बद्रि नयाँघरेलाई समाचार लेखेको भनी मन्थली नगरविकास समितिका सदस्य कुमार श्रेष्ठले गरेको अभद्र व्यवहारप्रति विरोध जनायो।

गाविस महासंघ रामेछापले ०५८ फागुन २६ गते एक विज्ञप्ति जारी गरी महासंघका जिल्ला अध्यक्ष ध्रुव कार्की र सालु गाविस अध्यक्ष हिरण्य बस्नेतलाई ठोस प्रमाणबेगर गिरफ्तार गरी नजरबन्दमा राखिएकोमा विरोध जनायो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष नदीमा हामफालेर १ महिलाले आत्महत्या गरिन्। १ पुरूषको डुबेर मृत्यु भयो। झुण्डिएर १ जना पुरुष र विष सेवन गरी १ महिलाले आत्महत्या गरे।

वाम्ती गाविस-१ थाप्रामा ०५९ भदौ ५ गते गएको पहिरोमा परी ४१ जनाको मृत्यु भयो। जसमा ९ घरमा रहेका सबै परेका थिए। उक्त घटनाका पीडितहरूलाई सरकारले तत्काल मारिएका परिवारहरूलाई प्रतिव्यक्ति १० हजार रूपैयाँ उपलब्ध गरायो। रेडक्रसले केही खाद्य सामाग्री र कपडाहरू उपलब्ध गराएको थियो। खोलाले बगाएर २ बालक तथा गागल गाविसमा गएको पहिरोमा २ पुरूष र १ महिलाको मृत्यु भयो।

सुकाजोर गाविस-१ बिर्ता स्थित सुनकोशीमा भएको डुंगा दुर्घटनामा एकै घरका ३ जना बालिकाको मृत्यु भयो।

माकादुम गाविस-६ का माओवादी कार्यकर्ता १८ वर्षीय दीपक बुढाथोकीको ०५८ पुस २६ गते भटौली गाविस-२ ढिकुरीमा आफैले बोकेको ग्रिनेट हातमा पड्किँदा दायाँ हात चुडियो। ढिकुरीमा सैनिक टोलीलाई ग्रिनेट प्रहार गर्ने क्रममा हात भाँचिएपछि भागेका बुढाथोकीलाई सुरक्षाकर्मीले भोलिपल्ट एउटा गोठमा लुकिरहेको अवस्थामा फेला पारेको थियो। पीडितलाई उपचारको लागि काठमाण्डौ पठाइयो।

पत्रकार महासंघका जिल्ला उपसभापति ३० वर्षीय बद्रि नयाँघरेलाई नगरविकास समितिको अनियमितताबारे समाचार लेखेको आरोपमा ०५८ माघ २५ गते नगरविकास समिकिा सदस्य २८ वर्षीय कुमार श्रेष्ठले सडकमा अभद्र व्यवहार गरे। पीडकले सि डी यो कक्षमा गलती स्वीकार गरी माफी मागे।

२.६ दोलखा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

भिमेश्वर नपा-१ स्थित जिल्ला सिंचाई कार्यालय भवनमा वम विस्फोट गराइँदा ०५८ चैत १७ गते सुरक्षाकर्मीको गोलीद्वारा लापिलाङ गाविस-७ का उदय भनिने रत्नबहादुर थामीको मृत्यु भयो। पीडित थामी मुक्ति मोर्चाको केन्द्रीय महासचिव भएको बताइयो।

भिमेश्वर नपा-१ मा ०५८ चैत १९ गते सुरक्षाकर्मीको गोलीद्वारा जिल्ला हुलाक कार्यालयमा कार्यरत पर्शुराम राउतको मृत्यु भयो। राति गस्ती हिंडेको सुरक्षाकर्मीले रोकिन आदेश दिँदा नमानी अगाडि बढेकाले गोली चलाउनु परेको सुरक्षा निकायले बतायो। पीडितको उपचार गर्न सुरक्षाकर्मीले लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो।

जुँगु गाविसमा ०५८ चैत ३० गते मिर्गे गाविसका बादल भनिने डम्बरबहादुर तामाङको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितको मृत्यु भिडन्तमा भएको सुरक्षानिकायले जनायो।

सुरी गाविस-३ का कनकबहादुर कार्कीको घरमा माओवादीले सेल्टर बनाएको भनी ०५९ जेठ ८ गते सुरक्षाकर्मीले घरमा एम्बुस विस्फोट गराउँदा सुजाता भनिने उमा खत्री, गर्जन भनिने निमा रेञ्जी शेर्पा, साहस भनिने सोमदोर्जे शेर्पा सोही ठाउँकै सर्वसाधारण श्यामकाजी श्रेष्ठ र नरबहादुर श्रेष्ठको मृत्यु भएको स्थानीय बासिन्दाले बताए भने सुरक्षानिकायले सबै माओवादी छापामार नै रहेको जनायो।

लापिवाङ्ग गाविस-५ का चित्रबहादुर थामीलाई ०५९ जेठ ९ गते सुरक्षाकर्मीले सोही गाविस-५ मा गोली हानी हत्या गरे। पीडित सोही गाविसमा माओवादीद्वारा घोषित जनसरकार उपप्रमुख भएको बताइएको छ।

काटाकुटी गाविस-१ वोल्नेमा ०५९ साउन १८ गते एक घरमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा १५ जना माओवादीको घटनास्थलमा मृत्यु भयो। मृत्यु हुनेहरूमा माओवादीद्वारा घोषित दोलखा जिल्ला जनसरकार सदस्य चेनना भनिने दिलकुमारी वाइवा, शुक्रे तामाङ, गोविन्द आचार्य, निर्जला शर्मा, सान्त्वना भनिने वेदप्रसाद शर्मा, शैलुङ भनिने दल थामी, ज्वाला भनिने टोपनाथ मापकोटा तथा चुनौति र सञ्जीता भनिने लगायत् रहेको बताइयो।

जनसंख्या	: २२७६५८
साक्षरता प्रतिशत	: ५०.३५
महिला साक्षरता प्रतिशत	: ३६.२३
क्षेत्रफल (वर्ग कि. मि.)	: २१९१
गाविस / नपा संख्या	: ५१/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७०
क्याम्पस / उच्च मा.वि.	: ३/५
अस्पताल / स्वास्थ्य चौकी	: १/५८
टेलिफोन लाइन	: ४२५
मोटर सडक (कि. मि.)	: ३
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५४
मानव विकास सूचकांक	: ०.३४०
प्रति एक डाक्टर जनसंख्या	: ५८६३७
प्रति परिवार सरदर संख्या	: ४.७३

माओवादीबाट

नेपाल तरूण दलका जिल्ला सदस्य हेमन्तकुमार प्रधानलाई ०५८ पुस २९ गते जिरी गाविसस्थित बजारमा माओवादीले गोली हानी हत्या गरे। व्यापारी जीवन श्रेष्ठलाई पनि माओवादीले गोलीद्वारा घाइते बनाए।

काटाकुटी गाविसका निवर्तमान उपाध्यक्ष रामबहादुर तामाङलाई सुराकीको आरोपमा ०५९ कार्तिक ६ गते माओवादीले घरैबाट अपहरण गरी लगेकोमा ०५९ कार्तिक २९ गते घाँटी रेटेर हत्या गरेको अवस्थामा लास फेला पर्‍यो।

ठूलोपाताल गाविसका निवर्तमान अध्यक्ष बुद्धिमान पाख्रिनलाई सोही गाविस-३ स्थित आफ्नै घरबाट ०५९ मंसिर ९ गते राति माओवादीले अपहरण गरी लगेकोमा ८ दिनपछि सुनखानी गाविस-४ स्थित स्याउले बजारमा बीच सडकमा लास फेला पर्‍यो। जीउभरी निलडाम मात्र देखिएको लासमाथि ३ नं. जिल्ला पूर्व क्षेत्र ब्यूरो, पूर्वी केन्द्रीय कमाण्ड, नेकपा (माओवादी) को नामले विभिन्न आरोप उल्लेख गर्दै सफाया गर्नु परेको जनाइएको पत्र राखिएको थियो।

माओवादीद्वारा हत्या गरिएका बुद्धिमान पाख्रिन

लाँकुरीडाँडा गाविस-९ हलहलेमा माओवादीले विच्छ्याएको एम्बुसमा ०५९ कार्तिक २८ गते चरिकोटबाट काठमाण्डौ जान लागेको यात्रुवाहक बस पर्दा चिलंखा गाविस-६ का दत्तबहादुर तमाङ र च्यामा गाविस-४ का मायानाथ फुयाँलको तत्काल मृत्यु भयो भने सिन्धुपाल्चोक जिल्लाका बस चालक मंगल लामाको उपचार गर्दागर्दै काठमाण्डौ जिल्ला छाउनीस्थित सैनिक अस्पतालमा मृत्यु भयो। उक्त घटनामा अन्य २३ जना गम्भीर घाइते भए।

जेल र बन्दीहरू

कूल ३६ जना क्षमता भएको दोलखा जेलमा हाल ३८ जना बन्दी छन्। यस जेलमा हाल पुरूषहरू मात्र छन्। बन्दीहरूमध्ये कैद तोकिएका २२ जना र नतोकिएका १६ जना छन्। जसमध्ये १४ जना माओवादी गतिविधिमा संलग्न भएको आरोपमा रहेका छन्। स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले जेलको पुनः निर्माण गर्नुपर्ने राय सुरक्षाकर्मीहरूको समेत छ। बन्दीहरू सुत्ने कोठा साँघुरो र अँध्यारो छ। फोहोर पानी र दुषित वातावरणका कारण सुरक्षाकर्मी र पियन गरी ४३ जना विरामी भएका थिए।

बेपत्ता /अपहरण

माओवादीबाट

सुनखानी गाविस-९ का बिसमुरे प्रावि, लामिडाँडाका शिक्षक ३३ वर्षीय प्रेमलाल शिवाकोटीलाई विद्यालयबाट घर फर्कने क्रममा ०५८ पुस १९ गते माओवादीले अपहरण गरी भोलिपल्ट विहान मुक्त गरे।

नाम्दु गाविस-५ घर भई मकवानपुर जिप्रकामा कार्यरत ३८ वर्षीय वद्री रिमाललाई ०५९ साउन ८ गते विदामा घर जाँदै गर्दा घर नजिकै बाटोबाट माओवादीले अपहरण गरे। पीडितलाई साउन १७ गते मुक्त गरियो।

नेकपा (एमाले) जिल्ला सदस्य तथा भेडपु गाविसका निवर्तमान अध्यक्ष ३७ वर्षीय नरबहादुर श्रेष्ठलाई ०५९ भदौ ८ गते सोही गाविस स्थित भिम निमाविमा बैठक बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। विहान माओवादीहरूले आँखामा पट्टी बाँधेर हिँडाएको तथा मानसिक यातना दिएको कुरा पीडितले बताए।

मालु गाविस-२ का २५ वर्षीय होमबहादुर श्रेष्ठ, २४ वर्षीय पुष्कर श्रेष्ठ र सोही गाविस-१ का १५ वर्षीय उद्धव श्रेष्ठलाई ०५९ भदौ १५ गते आ-आफ्नै घरबाट माओवादीले अपहरण गरे। होमबहादुर र पुष्कर सिद्धेश्वरी निमाविका शिक्षक तथा उद्धव गोल्मेश्वर माविमा कक्षा ८ मा अध्ययनरत छात्र हुन्। पीडितहरूमध्ये होमबहादुर र पुष्करलाई भोलिपल्ट बिहान र उद्धवलाई बेलुका मुक्त गरियो।

आलम्पु गाविस-७ का नेकपा (एमाले) जिल्ला सदस्य तथा निवर्तमान जिविस सदस्य ५० वर्षीय दलमान थामीलाई ०५९ भदौ १९ गते सुनखानी गाविस-४ बाट माओवादीले अपहरण गरे। पीडित तीनजना साथीसहित चरिकोट आउँदै गर्दा गुमुखोला बजारबाट अपहरण गरी ५ दिनपछि खोपाचागु गाविसमा आमसभाको आयोजना गरी परिवारलाई जिम्मा लगाइएको थियो।

घ्याङसुकाठोकर गाविस-५ का तथा नेकपा (एमाले) का जिल्ला सदस्य ३४ वर्षीय हिरा थोकर, ३२ वर्षीय कृष्णबहादुर तामाङ, सोही गाविस-४ का ३९ वर्षीय रामभरत तामाङ, ३६ वर्षीय सरोजमोहन लामा र २७ वर्षीय दिपक तामाङलाई ०५९ असोज ३० गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

श्यामा गाविसका अध्यक्ष तथा नेकपा (एमाले) का जिल्ला सदस्य ५४ वर्षीय पेम्बा शेर्पालाई ०५९ मंसिर २५ गते माओवादीले घरबाट अपहरण गरी १२ दिनपछि मुक्त गरे। आँखामा पट्टी बाँधी मानसिक पीडा दिएको पीडितले बताए।

माली गाविस घर भएका २२ वर्षीय लक्ष्मी शर्मालाई सुराकीको आरोपमा ०५९ मंसिरमा माओवादीले अपहरण गरे। पीडितको अवस्था हालसम्म थाहा हुन सकेको छैन।

अन्यबाट

झुले गाविस-८ का शिक्षक २९ वर्षीय भविन्द्र कार्कीलाई ०५९ मंसिर २ गते कालिञ्चोक मन्दिरनजिक कुरी भन्ने ठाउँबाट अज्ञात समूहले अपहरण गरे। विद्यालय जाने क्रममा बिहान हिंड्न लाग्दा अपहरण गरेकोमा पीडितलाई भोलिपल्ट सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नजिकबाट मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जिविस सभापति लालकुमार केसीलाई ०५८ फागुन २० गते सुरक्षाकर्मीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए। राति १० बजे कोठाको झ्याल खोली बाहिर हेर्दा गस्ती गरिरहेका सुरक्षाकर्मीले "किन झ्याल खोलेको" भनी जबरजस्ती ढोका खोल्न लगाई हातपात गरेका थिए।

जफे गाविस-९ का २४ वर्षीय विदुर काफ्ले, ५१ वर्षीय चक्रबहादुर कार्की, ३७ वर्षीय कल्याण कार्कीसमेत १४ जनालाई ०५९ वैशाख १६ गते आ-आफ्नो खेतबारीमा काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी शारीरिक यातना दिई ४ घण्टापछि रिहा गरे। सुरक्षाकर्मीको गस्ती टोलीलाई लक्षित गरी माओवादीले एम्बुस विस्फोट गराउँदा १ जना सुरक्षाकर्मीको मृत्यु भएकोमा विस्फोट गराउने माओवादीबारे जानकारी नदिएको आरोपमा यातना पाएको र आफूहरूले एम्बुस पड्काउने माओवादी पनि नदेखेको पीडितहरूले बताए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१	५	२९			२९	७	२०	६	२६
घाइते					५	६		२३	२९	१	१		१
बम विस्फोटन					३			३	३				
गिरफ्तारी/यातना										२७	३०	७	३७
बेपत्ता										१		१	१
कुटपिट					५	४	२		६	३	३		३
धम्की					१	१			१				
जातीय विभेद	१	२		२									
महिला अधिकार	१		१	१									
बालअधिकार	१		१	१									
अपहरण	१	१		१	१७	२१	१		२२				
जम्मा	५	३	३	६	३६	६१	३	२६	९०	३९	५४	१४	६८

माओवादीबाट

विगु गाविस-३ का २५ वर्षीय सुन्दर शेर्पालाई ०५८ फागुन २५ गते माओवादीले अपहरण गरे। चोन पालक पीडित हाल चरिकोटमा विस्थापित छन्।

सुनखानी गाविस-६ का ५१ वर्षीय मणिकुमार शिवाकोटीलाई सुराकीको आरोपमा ५९ जेठ २० गते माओवादीले कुटपिट गरे। रमणीय बजारमा बसिरहेको अवस्थामा पीडितलाई परिवारका अगाडि मरणासन्न हुने गरी कुटपिट गरिएको थियो।

काब्रे गाविस-३ का पच पहल अमर ४७ वर्षीय केशवराज घिमिरेलाई ०५९ असार २० गते राति घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरे। माओवादीहरूले छिमेकीहरूलाई त्रास नलिनुहोस भनी पीडितलाई खुकुरी र बन्चरा प्रहार गरी मरणासन्न अवस्थामा पुर्‍याएका थिए।

भिमेश्वर नपा-८ का ५० वर्षीय जङ्गबहादुर बस्नेतलाई ०५९ कार्तिक ८ गते बिहान महेन्द्रोदय माविको प्रांगणमा माओवादीले निर्मम कुटपिट गरे। खुकुरी र पेस्तोल देखाई अरु छिमेकीलाई हटाई मुड्को र लाताले हिर्काई अनुहार र जीउमा निलडाम हुनेगरी कुटपिट गरेका थिए।

मालु गाविस-७ का ३५ वर्षीय मरवराज पोखरेललाई ०५९ मंसिर ३ गते बेलुका घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए। माओवादीले पीडितलाई घरबाट केही टाढा लगी लाती र लाठीले प्रहार गरी खुट्टा भाँच्न ढुंगा ल्याउन लाग्दा छिमेकीले खबरदारी गरेपछि उनीहरू हिँडेका थिए। पीडित हाल चरिकोटमा विस्थापित छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी ४० फौज्दारी २९ गरी जम्मा ६९ वटा मुद्दा गत वर्षदेखि जिम्मेवारी सरेर आएका छन्। यस वर्षको मंसिर मसान्तसम्म देवानी ५० र फौज्दारी ३३ गरी ९२ वटा मुद्दा दर्ता भएकोमा कुल देवानी २३ वटा फर्स्यौट भई ६२ वटा बाँकी र फौज्दारी ६२ वटा मध्ये २५ फर्स्यौट भई ३७ बाँकी रहे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

काब्रे गाविसका माओवादीद्वारा घोषित गाउँ प्रमुख चन्द्रप्रसाद दाहाल र गेर्खुमदी गाविसका प्रमुख वीरबहादुर तामाङलाई ०५८ माघ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

शहरे गाविस-९ का शिक्षक मनबहादुर खड्कालाई ०५८ फागुन ९ गते विद्यालयका कामका सिलसिलामा चरिकोट आएको बेला सानदोबाटोबाट सुरक्षाकर्मीले विनापुर्जी गिरफ्तार गरेकोमा हाल नजरबन्दमा राखिएका छन्।

काटाकुटी गाविस घर भई दुर्गा माविमा कक्षा ८ मा अध्ययनरत २२ वर्षीय राधा शाक्यलाई ०५९ वैशाख १७ गते सुरक्षाकर्मीले विद्यालयबाटै विनापुर्जी गिरफ्तार गरे। पीडितलाई ४ महिनापछि रिहा गरियो।

भिमेश्वर नपा-५ का देवी माविका शिक्षक एवं मानवअधिकार संरक्षण मञ्चका तत्कालीन जिल्ला सचिव बद्रि चौलागाईंलाई ०५९ जेठ २२ गते चरिकोटस्थित नयाँ बसपार्कबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १३ दिनपछि रिहा गरियो।

नाम्दु गाविस-३ का ५२ वर्षीय धनबहादुर गोलेलाई ०५९ असार ४ गते चरिकोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

नाम्दु गाविस-८ का गोपी दुंगेललाई ०५९ पुस २३ गते सुरक्षाकर्मीले घरबाट विनापुर्जी गिरफ्तार गरे। नाम्दु गाविसमा माओवादीद्वारा घोषित गाउँ प्रमुख रही प्रशासनसमक्ष आत्मसमर्पण गरेका पीडितलाई हाल थुनामा राखिएको छ।

नाम्दु गाविस-९ घर भई जिरी प्राविधिक शिक्षालयमा अध्ययनरत १८ वर्षीय कमल चौलागाईंलाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०५८ चैत ६ गते सुरक्षाकर्मीले शिक्षालय आवासबाट विनापुर्जी गिरफ्तार गरे। आफूलाई मानसिक तथा शारीरिक यातना दिइएको पीडितले बताए। पीडितलाई ०५९ साउन २७ गते रिहा गरियो।

सुनखानी गाविस-५ का १८ वर्षीय लक्ष्मण पाण्डे र सोही गाविस-३ का १८ वर्षीय विकास खड्कालाई अनेरास्ववियु (क्रान्तिकारी) मा लागेको आरोपमा ०५८ चैत २९ गते एसएलसी परीक्षा दिन चरिकोट आएको बेला सुरक्षाकर्मीले विनापुर्जी गिरफ्तार गरे। मानसिक यातना पाएको कुरा पीडितले बताए। पीडितहरूलाई २५ दिनपछि रिहा गरियो।

गेर्खुमदी गाविस-३ की अनेमसंघ (क्रान्तिकारी) की इलाका अध्यक्ष ३६ वर्षीय टुल्की तामाङलाई ०५९ साउन १३ गते बेलुका खुसानी व्यापार गर्न चरिकोट आएको अवस्थामा होटलबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १९ दिनपछि रिहा गरियो।

मालु गाविस-५ का ३६ वर्षीय बिजुले दर्जीलाई ०५९ साउन २४ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको उत्पीडित जनमुक्ति मोर्चाको सदस्य रहेका पीडितले जिल्ला प्रशासन कार्यालयसमक्ष आत्मसमर्पण गरेका थिए। पीडितलाई १२ दिनपछि रिहा गरियो।

सुनखानी गाविस-४ का ५२ वर्षीय ठकुरप्रसाद शिवाकोटीलाई ०५९ कार्तिक १५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। सुरक्षाकर्मीले माओवादीको भाषा बोली चरिकोट सदरमुकाम ध्वस्त गर्न जाऊँ भनी सुरक्षाकर्मीले भनेको र हुन्छ भनी ठकुरप्रसादले भनेको हुनाले सोधपुछ गरी १३ दिनपछि रिहा गरियो।

जुगु गाविस-९ का २३ वर्षीय खड्गबहादुर खड्कालाई माओवादीको आरोपमा ०५९ मंसिर ७ गते

काठमाण्डौं जाने क्रममा चरिकोटमा वस स्वानतलासी गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म रिहा गरिएको छैन।

मालु गाविस-१ का २३ वर्षीय विक्रम खड्कालाई माओवादी गतिविधिमा लागेको आशंकामा ०५९ मंसिर ५ गते काठमाण्डौंबाट घर आउँदा चरिकोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

काब्रे गाविस-७ का २५ वर्षीय जीवन दाहाल र प्रमोद भनिने २७ वर्षीय पोसबहादुर दाहाललाई माओवादीको आशंकामा ०५९ मंसिर ६ गते सोही गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। आलुको वीउ खरीद गरी घर फर्कंदै गर्दा गस्ती हिंडेका सुरक्षाकर्मीसँग भेट भई "तपाईसँग केही कुरा बुझ्नु छ" भनी आलुको भारीसहित वजार लगेकोमा पोसबहादुर भागेको र जीवनलाई सुरक्षाकर्मीले लगेको स्थानीय वासिन्दाले बताए। जीवनलाई हालसम्म रिहा गरिएको छैन।

सुष्मा क्षमावती गाविस-८ का २९ वर्षीय केशव शिवाकोटी र भीम उच्च माविमा अध्ययनरत २४ वर्षीय तारा सिवाकोटीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ मंसिर ८ गते घरमा काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले विनापूर्जी गिरफ्तार गरे। पीडितहरूलाई ११ दिन पछि रिहा गरियो।

पवटी गाविस-५ का सत्यश्वर माविमा कक्षा १० मा अध्ययनरत १८ वर्षीय दिलबहादुर तामाङलाई ०५९ मंसिर १५ गते सुरक्षाकर्मीले चरिकोटबाट विनापूर्जी गिरफ्तार गरेकोमा हालसम्म थुनामा राखिएको छ।

भिमेश्वर नपा-१ का १८ वर्षीय रामकृष्ण श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ मंसिर १७ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई यस वर्षको अन्त्यसम्म हिरासतमा राखियो।

यस वाहेक यस वर्ष अन्य १० पुरुष र २ महिलालाई पनि माओवादीको आरोपमा गिरफ्तार गरिएकोमा १ जना पुरूषलाई ७ दिनपछि, १ जना महिलालाई ३ दिनपछि, १ जना महिलालाई २ दिनपछि र ९ जना पुरूषलाई भोलिपल्ट रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

मालपोत कार्यालयका अनुसार हाल यस जिल्लामा १ सय ६० परिवार सुकुम्वासी छन्।

आन्तरिक द्वन्द्वका कारणले ६ परिवारका १० जना विस्थापित भएको तथ्यांक उपलव्ध भयो।

बालअधिकार

पवटी गाविस-८ का १३ वर्षीय सन्देश कोइरालालाई ०५८ चैत १० गते दार्जीलिङ घर भई चरिकोट स्थित कालिञ्चोक वोर्डिङ स्कूलमा कार्यरत शिक्षक लगन छिरिङ भुटियाले अपहरण गरी यौन दुर्व्यवहार गर्ने प्रयास गरे। कालिञ्चोक मावि चरिकोटमा कक्षा ८ मा पीडित बेलुका ८ बजे पिसाब फेर्न वाहिर जान लागेको अवस्थामा पीडकले जवरजस्ती मुख छोपी घरभन्दा केही तल जंगलमा पुऱ्याई दुर्व्यवहार गर्न लाग्दा उम्कन सफल भएका थिए। पीडकलाई हाल थुनामा राखिएको छ।

जातीय विभेद

भिमेश्वर नपा-११ का १९ वर्षीय कुमार नेपाली र २० वर्षीय भिमसेन नेपालीलाई ०५९ वैशाख १६ गते सोही ठाउँका शिवहरी सुवेदीले सार्वजनिक ठाउँमा कुटपिट गरी एक रात प्रहरी हिरासतमा राख्न लगाए। सार्वजनिक धारामा पानी खाँदा उपल्लो जातिले राखेको सामानमा पानी उछिट्टिएर परेको भन्ने निहुँमा पीडितहरूलाई कुटपिट गर्नुका साथै प्रहरीसमक्ष बुझाएर एक रात हिरासतमा राखिएको थियो।

विविध

संरचना क्षति

माओवादीहरूले हालसम्म यस जिल्लामा एउटा अनुसन्धान केन्द्र, २ वटा कृषि फर्म, ६ वटा रेञ्जपोष्ट, एउटा जिल्ला, ६ वटा इलाका र ३४ वटा अतिरिक्त हुलाक कार्यालय, एउटा विद्युत प्राधिकरणको कार्यालय, एउटा विद्यालय, एउटा म्याग्नेसाइट भवन, एउटा वाणिज्य बैंकको कार्यालय, २ वटा विद्युत ट्रान्समिटर, २ वटा कृषि विकास बैंकको कार्यालय, दुई वटा जीप, एउटा थेरोलाइट, एउटा डोजर, एउटा ट्रक र २ वटा अन्य गाडी क्षतिग्रस्त बनाएका छन्। यस वाहेक घरेलु विकास शाखाका सामान पनि आगो लगाई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

भिरकोट गाविस कालीदहनजिक सुरक्षाकर्मीलाई लक्षित गरी एम्वुस विस्फोट गराई भाग्ने क्रममा ०५८ चैत २८ गते वलिदानी भनिने रंगे रिजेलको भीरबाट लडेर मृत्यु भयो। उनको लास २ दिनपछि स्थानीय गाउँलेले दाहसंस्कार गरेको जानकारीमा आयो।

२.७ रौतहट

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रुपले बाँच्ने अधिकार हत्या / गोली

राज्यबाट

मकवानपुर जिल्ला धियाल गाविस-६ का ४५ वर्षीय होम रखाललाई ०५८ चैत ४ गते सुरक्षाकर्मीले कर्मैया ब्यारेकमा हत्या गरे। पीडितलाई पौराई गाविस-१ स्थित ससुराली आएको अवस्थामा ०५८ फागुन २८ गते गिरफ्तार गरिएको थियो।

बारा जिल्ला कर्चौवा गाविसका वीरेन्द्र साह र रौतहट जिल्ला अंजगवी गाविसका ३५ वर्षीय विनोद ठाकुरलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ असार २४ गते राति प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूलाई दोहोरो मुठभेडमा मारिएको बताइए पनि सोही दिन गिरफ्तार गरी गोली प्रहार गरिएको थियो।

डुमरीया (म) गाविस-४ बालचनपुर स्थित गौर-चन्द्रनिगाहपुर सडकमा ०५९ भदौ १० गते राति दुई माओवादीलाई प्रहरीले हत्या गरे। पीडितहरू चन्द्रनिगाहपुर बैंक आक्रमणको तयारीको लागि उक्त स्थानमा सडक अवरूद्ध गर्न टायर बालिरहेको सुरक्षा निकायले जानकारी गरायो।

महमदपुर गाविस-२ का १८ वर्षीय चुनचुन साह तेलीलाई ०५९ असोज १९ गते प्रहरीले श्रीराम सुगर मिगल बसिरहेको थाहा पाई गिरफ्तार गर्न खोज्दा भागेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता थिए।

बारा जिल्ला पर्टेवा भगवानपुरका जवाहिर सहनी र रूपौलियाका विनोद पटेललाई ०५९ मंसिर २७ गते बेलुका प्रहरीले टेंग्राहा गाविस-६ स्थित सोनरनिया र टेंग्राहाबीचको चउरमा गोली हानी हत्या गरे। गस्तीमा गइरहेका प्रहरीसँग दोहोरो मुठभेडमा दुई जना मारिएको जनाइयो। मृतकहरूको लास माओवादी स्वयंले लगेका थिए।

लक्ष्मिनीया गाविस-४ स्थित बकैया नदी छेउको उखु बारीमा ०५९ साउन ३१ गते र भलोहिया गाविस-६ स्थित सिसौघारीमा ०५९ भदौ २ गते प्रहरीको गोलीद्वारा एक-एक जना व्यक्तिको मृत्यु भयो। मृतकहरूको सनाख्त हुन सकेन।

जनसंख्या	: ५४११२२
साक्षरता प्रतिशत	: ३३.४
महिला साक्षरता प्रतिशत	: २१.६६
क्षेत्रफल (वर्ग कि. मि.)	: ११२६
गाविस / नपा संख्या	: ९६/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ३६६
क्याम्पस / उच्च मा.वि.	: १/५
अस्पताल / स्वास्थ्य चौकी	: २/१००
टेलिफोन लाइन	: १२६५
मोटर सडक (कि. मि.)	: १३०८
प्रहरी कार्यालय संख्या	: १७
हुलाक संख्या	: ८५
मानव विकास सूचकांका	: ०.३०८
प्रति एक डाक्टर जनसंख्या	: ९०८५५
प्रति परिवार सरदर संख्या	: ६.१८

माओवादीबाट

प्रेमपुर गोनाही गाविस-९ का ४३ वर्षीय हविल अन्सारीलाई ०५८ चैत ७ गते माओवादीहरूले गोली हानी हत्या गरे। पीडितलाई "एसपी साहेबले बोलाएको छ" भनी बगाही जाने बाटोको खोलामा लगी हत्या गरिएको थियो।

करूनिया गाविस-७ का नेकांका कार्यकर्ता ४९ वर्षीय भोला साह कानुलाई सुराकीको आरोपमा ०५८ चैत ८ गते घरमा हात बाँधी गोली हानी हत्या गरे।

पौराई गाविस-५ का पूर्व सैनिक हवल्दार ६९ वर्षीय ज्ञानबहादुर कार्कीलाई ०५९ वैशाख १ गते माओवादीहरूले अपहरण गरी वैशाख ५ गते हत्या गरे। पीडितको लास जंगलमा भेटिएको थियो।

विसुनपूर्वा मानपुर गाविस-४ का ५७ वर्षीय सुरज यादव, ४३ वर्षीय सिकन्दर यादव र ४९ वर्षीय मुहुन्द यादवलाई ०५९ जेठ ११ गते शंकर यादवको आँगनमा बसिरहेको अवस्थामा ट्याक्टर चढेर आएका माओवादीहरूले गोली हानी हत्या गरे।

प्रेमपुर गोनाही गाविस-२ का ४९ वर्षीय गगनदेव राय यादवलाई ०५९ जेठ १७ गते बेलुका माओवादीहरूले गोली हानी घाइते बनाएकोमा उपचारार्थ गौर लैजाँदै गर्दा बाटोमा मृत्यु भयो। सोही घटनामा सोही ठाउँका ४१ वर्षीय वीरबहादुर महरा घाइते भए। पीडितहरू दुवै जना नेकांका कार्यकर्ता हुन्।

पतौरा गाविस-२ का ४० वर्षीय भिखुराय यादव, अजगवी गाविस-२ का ५० वर्षीय रामदेवप्रसाद कल्वार र ५५ वर्षीय शम्भुप्रसाद कल्वारलाई ०५९ साउन १५ गते राति माओवादीले घरबाट डोरीले बाँधेर इनर्वा गाविसको पश्चिमपट्टि बकैया नदीमा लगी गोली हानी हत्या गरे। पीडितहरूसँगै ल्याइएका पतौरा गाविस-२ का नेकांका कार्यकर्ता शुभनारायण साह गोली लागी घाइते भए। पीडितहरू तीनैजना नेकपा (एमाले) का कार्यकर्ता थिए।

बारा जिल्ला कर्चौवा घर भई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत प्रहरी हवल्दार २२ वर्षीय मोहन साहलाई ०५९ भदौ ९ गते राति माओवादीले गोली हानी हत्या गरे। चन्द्रनिगाहपुरस्थित नेपाल बैंक लिमिटेडमाथि आक्रमण गर्ने क्रममा माओवादीले बैंक सुरक्षा गार्डद्वय ६५ वर्षीय नरबहादुर कार्की र गजेन्द्र सिंहलाई पनि गोली हानी घाइते बनाए। बैंकबाट माओवादीहरूले ७५ लाख रुपैयाँ बराबरको नगद र सुनचाँदी लुटेर लगेका थिए।

करनीया गाविस-६ का एमाले कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ५८ वर्षीय भल्लु भनिने शेष अब्दुल्लाहलाई ०५९ भदौ २३ गते राति आफ्नै चिम्नी भट्टामा बसिरहेको अवस्थामा माओवादीले केही पर लगी घाँटी रेट्नुका साथै शरीरका विभिन्न भागमा खुकुरी प्रहार गरी हत्या गरे।

पथरा बुधराम गाविस-२ का नेकांका कार्यकर्ता ६० वर्षीय गोबर्धन राय यादव र ५८ वर्षीय बुधनराय यादवलाई ०५९ भदौ २३ गते राति माओवादीहरूले गोली हानी हत्या गरे। पीडित गोर्वधनका छोरा पुण्यदेव राय यादवलाई खोजी गरेकोमा उनलाई नभेटेपछि माओवादीले बाबु र छिमेकीसमेतलाई गोली हानी हत्या गरेका थिए।

प्रेमपुर गोनाही गाविस-१ का १७ वर्षीय अजयकुमार कुसवाहलाई ०५९ असोज १७ गते राति माओवादीले घर घेरा हाली घरका अन्य सदस्यहरूलाई घरबाट निकाली गोली हानी हत्या गरे। पीडित कुसवाहले माओवादीहरू कार्यकर्ताहरूलाई डाँका मुद्दामा पोल गरेका कारण हत्या गरेको माओवादीले सार्वजनिक गरे। हत्यापछि एउटा दुई तले पक्की घर, एउटा दुईतले काठको घर र एउटा फुसको घर बम विस्फोट गराएर ध्वस्त बनाउनुका साथै ३ वटा ट्र्याक्टरसमेत जलाएका थिए।

रमौली वैरिया गाविस-२ का नेकांका कार्यकर्ता ३५ वर्षीय राजेन्द्र सहनी मलाहालाई सुराकीको आरोपमा ०५९ असोज १९ गते बिहान माओवादीले घरबाट अपहरण गरी विश्रामपुर गाविस-९ स्थित बलेरी जंगलमा लगी घाँटी रेटी हत्या गरे।

महोत्तरी जिल्ला जलेश्वर नपा-१३ घर भई इलाका प्रहरी कार्यालय समनपुरमा कार्यरत प्रहरी हवल्दार ३५ वर्षीय विनोदकुमार मिश्रलाई ०५९ कार्तिक ३ गते दिउँसो विश्रामपुर गाविस-६ स्थित चिया पसलमा माओवादीले गोली हानी हत्या गरे। पीडित सादा पोशाकमा बजार घुम्न गएका थिए।

गेडही गाविस-६ का नेकांका कार्यकर्ता ३० वर्षीय भुवाली सहनीलाई सुराकीको आरोपमा ०५९ कार्तिक ८ गते राति माओवादीले अपहरण गरी घरभन्दा पूर्वतर्फ विरनगरा जाने बाटोमा लगी घाँटी रेटी हत्या गरे।

नुरकटिया गाविस-२ का ३० वर्षीय नथुनी मियाँ चुडिहारलाई ०५९ मंसिर २५ गते माओवादीहरूले घरबाट अपहरण गरी मंसिर २७ गते घाँटी रेटी हत्या गरे।

अन्यबाट

विसुनपुर्वा गाविस-४ का गाविस अध्यक्ष शंकरराय यादवको घरमा माओवादीले ०५९ जेठ ११ गते घेरा हाली गोली हानाहान हुँदा शंकरराय यादवको गोलीद्वारा दुई जना माओवादीको मृत्यु भयो।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

प्रेमपुर गोनाही गाविस-८ स्थित बजारमा सशस्त्र माओवादी र प्रहरीबीच ०५९ पुस २ गते भिडन्त हुँदा प्रहरीको गोली लागी २ जना माओवादी घाइते भए। घाइतेहरूलाई उनीहरूकै साथीहरूले लगेको बताइयो।

माओवादीबाट

चन्द्रनिगाहपुर गाविस-५ स्थित गम्भीरप्रसाद निरालाको घरमा ०५९ जेठ ११ गते माओवादीहरूले बम प्रहार गर्दा छिमेकी राजन पौडेल घाइते भए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	६	४	२	१२	१४	२१		२१	८	६		६	१२
घाइते	१	१	१		२	४	७		७					
गिरफ्तारी/यातना										४०	१०५	१		१०६
वेपत्ता										३	८			८
कुटपिट						३	५		५					
जातीय विभेद	१	१			१									
महिला अधिकार	३		३		३									
वालअधिकार	२		२		२									
अमानवीय व्यवहार	२	२			२									
अपहरण	२	१	२		३	२	२	२	४					
जम्मा	२१	११	१२	२	२५	२३	३५	२	३७	५१	११९	१	६	१२६

प्रेमपुर गोनाही गाविस-२ का ४१ वर्षीय वीरबहादुर महरालाई ०५९ जेठ १७ गते माओवादीले गोली हानी घाइते बनाए।

पनौरा गाविस-२ का नेकांका सक्रिय कार्यकर्ता ६० वर्षीय शुभनारायण साहलाई ०५९ साउन १५ गते राति माओवादीले घरबाट डोरीले बाँधी बकैया नदीको काँस घारीमा पुऱ्याई गोली प्रहार गरे। पीडित मरे जस्तो गरी लडेपछि माओवादीहरूले मऱ्यो भनी छाडेर गएका थिए। पीडितको उपचार पटनामा भयो।

जेल र बन्दीहरू

"ग" श्रेणीको रौतहट जेलको क्षमता एक सय जनाको रहे पनि हाल १ सय २२ जना बन्दी छन्। बन्दीहरू मध्ये कैद तोकिएका ३६, नतोकिएका ३६ र नजरबन्दमा ५० जना छन्। यस जेलमा छुट्टै महिला बन्दीगृह छ। यसमा ४ जना महिला बन्दी मध्ये १ जना नजरबन्दमा र बाँकी ३ जना अन्य मुद्दामा छन्। जेलमा १६ वटा कोठा, ३ वटा चर्पी र ४ वटा धारा छन्। जेल भवन अत्यन्तै जीर्ण रहेकाले बन्दीहरूलाई जाडोमा घाम ताप्न छतमा जान दिइने गरिएको छैन। चर्पी र कोठा सँगै जोडिएकोले दुर्गन्धित छ। मूढा र अगरबत्ती बनाउने व्यवसाय विगत वर्षहरू झैं संचालित छन्। नजरबन्दमा रहेका व्यक्तिहरूलाई सुरक्षा समितिको स्वीकृतिविना कससँग भेटघाट गर्न दिइँदैन भने अन्य बन्दीहरूलाई सजिलै भेटघाट गर्न सकिन्छ। जेलकै अहेबबाट उपचार गराउने व्यवस्था भए पनि त्यो अपर्याप्त रहेको बन्दीहरू बताउँछन्। यस कारागारमा सबैभन्दा बढी बन्दी जीवन बिताउने भारतीय नागरिक इशा स्वान छन्। उनी साढे १७ वर्ष बन्दी अवस्थामा रहेका र उनलाई जीऊ मास्ने-बेच्ने मुद्दामा साढे २१ वर्ष कैद सजाय तोकिएको थियो।

बेपत्ता /अपहरण

राज्यबाट

जेठरहिया गाविस-८ का १७ वर्षीय रामजनम पटेललाई ०५९ भदौ ३ गते राति आफ्नै घरबाट सादा पोशाकका प्रहरीले अपहरण गरेकोमा हालसम्म बेपत्ता पारेका छन्।

माओवादीद्वारा हत्या गरिएका मिश्रराय यादव र रामदेवप्रसाद

चन्द्रनिगाहपुर-३ का जनक राई र दिपक हुमागाईलाई ०५९ कार्तिक १७ गते चन्द्रनिगाहपुर गाविस-३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म बेपत्ता पारिएको छ।

बगही गाविस-१ फत्तेपुरका २९ वर्षीय राजी सहनीलाई ०५९ पुस २ गते प्रहरीले प्रेमपुर गोनाही बजारबाट गिरफ्तार गरे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

माओवादीबाट

प्रतापपुर पल्टुवा गाविस-९ का ५१ वर्षीय अब्दुल अजिज र उनका २१ वर्षीय छोरा शेष मिसारलाई चन्दा नदिएको आरोपमा ०५९ भदौ ६ गते राति माओवादीले अपहरण गरे। पीडितहरूलाई १५ दिनपछि रिहा गरियो।

टेंग्राहा गाविस-६ स्थित मेवाका ३० वर्षीय गान्धीदेवी बैठालाई सुराकीको आरोपमा ०५९ मंसिर २६ गते राति आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडित चार दिनपछि प्रहरीको सहयोगमा मुक्त भइन्।

अन्यबाट

सस्बुअवा धमौरा गाविस-६ का ४८ वर्षीय पाँचु दासलाई ०५९ भदौ १ गते अज्ञात व्यक्तिले ससुरालीतर्फ जाँदै गर्दा अपहरण गरी बेपत्ता पारे।

भसेडवा गाविस-६ का अनेमसंघ (क्रान्तिकारी) की पूर्व जिल्ला अध्यक्ष २० वर्षीय मेनका सापकोटा (पोखरेल) र उनकी आमा डुमरिया (म.) गाविस-२ का ४० वर्षीय रूपा सापकोटालाई ०५९ भदौ १७ गते बिहान भसेडवा गाविस-६ स्थित मेनकाको घरबाट ४ वटा मोटरसाइकलमा आएका व्यक्तिले अपहरण गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

माधोपुर गाविस-७ का ७० वर्षीय बृजकिशोर ठाकुर, ५६ वर्षीय रामअशिष यादव र ६० वर्षीय सुरज साहलाई ०५९ वैशाख ११ गते माओवादीले कुटपिट गरी घाइते बनाए।

जिंगडवा बेलविछवा गाविसका अध्यक्ष शेष अमिनको घरमा पार्किङ्ग गरिराखेको ट्याक्टरमा ०५९ वैशाख ११ गते राति माओवादीले आगो लगाई चालकलाई कुटपिट गरे।

धरहरी गाविस-४ का २९ वर्षीय बच्चुप्रसाद गुप्तालाई ०५९ वैशाख १४ गते टिउँरो पोहियाही बजारमा माओवादीले कुटपिट गरी मोटरसाइकलमा आगो लगाई ध्वस्त बनाए।

टेंग्राहा गाविस-६ की ६० वर्षीय भगियादेवी बैठालाई सुराकीको आरोपमा ०५९ मंसिर २६ गते माओवादीले कुटपिट गरी घाइते बनाए। पीडित हाल सदरमुकाममा बस्दै आएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ हजार ५ सय ९३ वटा

मुद्दा रहे। गत वर्षको फर्स्यौट हुन बाँकी ८ सय १७ र यस वर्ष दर्ता भएका ७ सय ८६ छन्। ०५९ पुस मसान्तसम्म फर्स्यौट मुद्दाहरूको संख्या ७ सय ३४ रहेको र सो अवधिमा ८ सय ५९ मुद्दाहरू चल्ती अवस्थामा रहेको छन्। मुद्दा मध्ये दुनियावादी देवानी ६ सय ७९, दुनियावादी फौज्दारी १ सय ३१ र सरकारवादी फौज्दारी ४९ वटा छन्। यस अदालतमा तीन वर्ष नाघेका मुद्दा एउटा पनि छैनन् भने २ वर्ष नाघेका देवानी १९, दुनियावादी फौज्दारी १२ र सरकारवादी फौज्दारी ५ वटा छन्।

स्याङ्जा जिल्ला सोरेक गाविस-२ का चिन्ताबहादुर भनिने चिन्तामणि कुँवरलाई स्याङ्जा जिल्ला अदालतले १० वर्ष कैद गरी जेलमा रहेकोमा ०५२ जेठ ५ गतेबाट साढे ७ वर्ष नाघिसकेपछि वादी श्री ५ को सरकारबाट पुनरावेदन अदालत, पोखरामा पुनरावेदन परेकोसम्म जानकारी आएको तर मुद्दा फैसला भएको जानकारी नआएको कारण उनी बन्दीको ५० प्रतिशत कैद मिनाहा गर्न सिफारिस नहुँदा साढे २ वर्षभन्दा जेलमा बन्दी जीवन बिताइरहेका छन्। पाल्पा कारागारबाट चलानी हुँदै हाल गौर कारागारमा ०५७ भदौ १ गतेदेखि बसेका बन्दीको मुद्दा फैसला भए, नभएको जानकारी बन्दी तथा कारागार प्रशासनलाई हालसम्म नदिएका कारण बन्दीले पाउने सुविधाबाट वञ्चित भई बढी कैदमा बस्नु परेको कारागार प्रशासनबाट जानकारी प्राप्त भयो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सिम्रा भवानीपुर गाविस-६ का ३० वर्षीय दुखा साह बनियालाई माओवादीको आशंकामा ०५८ पुस १७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ५ दिनसम्म कसैलाई भेटघाट गर्न नदिई पुस २२ गते तारेखमा रिहा गरियो। पीडित एमाले समर्थक हुन्।

लक्ष्मीपुर गाविस-१ का ३१ वर्षीय वहिद अन्सारी र सोही ठाउँका ३८ वर्षीय विगन साहलाई माओवादीको आरोपमा ०५८ पुस १७ गते प्रहरीले गिरफ्तार गरी ७ दिनसम्म कसैलाई भेटघाट गर्न नदिई तारेखमा रिहा गरियो। पीडित एमाले समर्थक थिए।

रंगपुर गाविस-२ का ३९ वर्षीय जयकिशोर महतोलाई माओवादीको आरोपमा ०५८ पुस १८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई १५ दिनपछि जमानतमा रिहा गरियो।

इनरूवा गाविस-६ का ३० वर्षीय मनोज साहलाई ०५८ पुस २४ गते खेतमा काम गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ३ दिनपछि रिहा गरियो।

इनरूवा गाविस-२ का २८ वर्षीय लघु बैठा र सोही ठाउँका ४० वर्षीय लक्ष्मण साहलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस २६ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ५ दिनपछि तारेखमा रिहा गरियो।

कर्कच कर्मैया गाविस-४ का ४० वर्षीय बिहारी रामलाई माओवादीको आशंकामा ०५८ पुस २६ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई १५ दिनपछि रिहा गरियो।

कटहरिया गाविस-४ का ३७ वर्षीय विगन साहलाई माओवादीको आशंकामा ०५८ माघ ५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई १० दिनसम्म कसैलाई भेटघाट गर्न नदिई थुनामा राखी तारेखमा रिहा गरियो

वृतिप्रष्टोका गाविस-१ का २९ वर्षीय अजिज मियाँलाई माओवादीको आरोपमा ०५८ माघ १० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ५ दिनसम्म हिरासतमा यातना दिई कसैसँग भेटघाट गर्न नदिई ५ दिनपछि जमानतमा रिहा गरियो।

इनरूवा गाविस-६ का ४१ वर्षीय राजाराम महतोलाई माओवादीको आशंकामा ०५८ माघ १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ६ दिनपछि जमानतमा रिहा गरियो।

सन्तपुर (म.) गाविस-६ का ४० वर्षीय सत्यनारायण साहलाई ०५८ माघ २० गते प्रहरीले गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितलाई ९० दिनपछि नजरबन्दबाट रिहा गरियो। पीडित मधिसे मुक्ति मोर्चा समर्थक थिए।

पौराइ गाविस-४ का ४२ वर्षीय श्रीराम न्यौपानेलाई माओवादीको आशंकामा ०५८ फागुन ५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो। उनी नेकाका समर्थक थिए।

इनरवारी गाविस-६ का ३७ वर्षीय बुनिलाल राउतलाई माओवादीको आशंकामा ०५८ माघ १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई १५ दिनपछि रिहा गरियो।

कनकपुर गाविस-७ का ३१ वर्षीय रामप्रसाद खनाल र २९ वर्षीय रामहरि खनाललाई माओवादीको आशंकामा ०५८ फागुन २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई तारेखमा रिहा गरियो।



माओवादीद्वारा हत्या गरिएका राजेन्द्र सहनी मलाहा र प्रहरी हवल्दार विनोदकुमार मिश्र

लक्ष्मीपुर गाविस-१ का ३९ वर्षीय वहिद अलि देवान, रंगपुर गाविस-५ का मिनबहादुर सापकोटा, सोही ठाउँका २९ वर्षीय होम गौतम र ४१ वर्षीय नारायण भनिने मधु खड्कालाई ०५८ फागुन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये मिनबहादुर र मधुलाई हाल नजरबन्दमा राखिएको छ भने अन्यलाई रिहा गरियो।

ब्रम्हपुरी गाविस-४ का ३९ वर्षीय कैलास सहनीलाई माओवादीको आशंकामा ०५८ चैत ४ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल रिहा गरिएको छ।

विश्रामपुर गाविस-६ का ४५ वर्षीय रघुनाथ साह, ४७ वर्षीय विश्वबन्धु साह, ४१ वर्षीय केदार साह र ५० वर्षीय भिखारी साहलाई ०५८ चैत ५ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरिएको छ।

सन्तपुर (म.) गाविस-३ का पुरुषोत्तम पौडेललाई माओवादीको आरोपमा ०५९ वैशाख ३ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

सखुअवा घमौरा गाविस-८ का २३ वर्षीय प्रमोद राउतलाई माओवादीको आरोपमा ०५९ वैशाख १० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

सखुअवा धमौरा गाविस-८ का २३ वर्षीय जियालाल महरालाई माओवादीको आरोपमा ०५९ वैशाख १४ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

चन्द्रनिगाहपुर गाविस-६ का ५२ वर्षीय शिक्षक दिलबहादुर कोइराला र सन्तपुर (म.) गाविस-८ का ३८ वर्षीय होमनाथ चौलागाईंलाई माओवादीको आरोपमा ०५९ वैशाख १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ५ दिनसम्म कसैलाई भेटघाट गर्न नदिई थुनामा राखी रिहा गरियो।

चन्द्रनिगाहपुर गाविस-४ का २७ वर्षीय माधव तिमल्सिनालाई माओवादीको आरोपमा ०५९ वैशाख २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

माधोपुर गाविस-३ का ३२ वर्षीय रामप्रवेश साहलाई ०५९ साउन ११ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ। पीडित गरुडा चिनी मिलमा कार्यरत मजदुर तथा नेकपा (एमाले) गाउँ कमिटी सदस्य हुन्।

इनरवारी गाविस-८ का २५ वर्षीय शम्भु पटेल, ४० वर्षीय दुर्गा राउत कुर्मी, २२ वर्षीय वीरेन्द्रप्रसाद पटेल र २७ वर्षीय भोजेन्द्र बैठालाई माओवादीको आरोपमा ०५९ साउन १८ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ४ दिनपछि रिहा गरियो।

सन्तपुर (म.) गाविस-८ का ५२ वर्षीय राजवीर साह कानु र ३० वर्षीय नागप्रसाद गौतमलाई ०५९ साउन २३ गते वन सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ७ दिनसम्म काठको कुन्दामा राखी यातना दिई साउन ३० गते रिहा गरियो।

जुँडिबेल्ला गाविस-१ का [illegible] वर्षीय जितबहादुर थिङ्ग र सोही ठाउँका २२ वर्षीय सुब्बा सिह घलानलाई ०५९ भदौ १० गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई ४ दिनपछि जमानीमा रिहा गरियो।

चन्द्रनिगाहपुर गाविस-३ का ३५ वर्षीय सीताराम घिमिरे, २८ वर्षीय शम्भु सापकोटा, २४ वर्षीय दिनेश फुयाँल, कुमार वम्जन, बुँदामाजी वम्बजन, श्यामकुमार राई, कोजन राई, सुमन राई, रामचन्द्र गुरुं, राजु धामी, चपुर गाविस-१ का लक्ष्मण भट्टराई, सोही गाविस-३ का रामपुजन गुरुं, यज्ञप्रसाद सापकोटा र शिवप्रसाद फुयाँललाई ०५९ कार्तिक १७ गते सुरक्षाकर्मीले चन्द्रनिगाहपुर गाविस-३ गैडाटारस्थित चौरमा फुटबल हेरिरहेको अवस्थामा गिरफ्तार गरे। पीडितहरूमध्ये सिताराम, शम्भु, दिनेश, कुमार, बुदामाजी, श्यामकुमार, कोजन, समुन र राजुलाई १५ दिनपछि रिहा गरियो भने लक्ष्मण, रामपुजन, यज्ञप्रसाद, शिवप्रसादलाई हालसम्म नजरबन्दमा राखिएको छ।

चन्द्रनिगाहपुर गाविस-३ का विनोद धामी, मुनिलाल कमर, अर्जुन कार्की, रिडीप्रसाद धिताल, कुलबहादुर राई र ज्ञानमान वाडवालाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ कार्तिक ३० गते चन्द्रनिगाहपुर गाविस-३ र ४ मा सुरक्षाकर्मीले छापा मारी गिरफ्तार गरे। पीडितहरूमध्ये विनोद, मुनिलाल, अर्जुन, रिडीप्रसाद, कुलबहादुर र ज्ञानमानलाई हालसम्म नजरबन्दमा राखिएको छ भने रामेश्वर र गोविन्दलाई ३ दिनसम्म यातना दिएर रिहा गरियो।

रंगपुर गाविस-५ की २५ वर्षीय ईश्वरी कार्कीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ मंसिर २ गते प्रहरीले चन्द्रनिगाहपुरबाट गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

सन्तपुर (म.) गाविस-६ नयाँ बस्तीबाट ०५९ मंसिर ६ गते सुरक्षाकर्मीले २४ जनालाई गिरफ्तार गरेकोमा १९ जनालाई सोधपुछ पछि रिहा गरियो भने ५० वर्षीय सत्यनारायण राय यादव, ४० वर्षीय हर्डोन मुखिया, ३० वर्षीय बालकिसोर मुखिया, ५५ वर्षीय खेहरु महरा र ३० वर्षीय हरिन्द्र महतोलाई हाल नजरबन्दमा राखिएको छ।

भसेडवा गाविस-६ का योगेन्द्र पोखरेललाई माओवादीसँग सम्बन्धित रहेको आरोपमा ०५९ मंसिर २२ गते प्रहरीले गिरफ्तार गरी हाल नजरबन्दमा राखिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

माओवादी जनयुद्ध सुरुदेखि यता यस जिल्लामा विस्थापित हुनेहरूको संख्या ६५ पुगेको छ। जसमा २८ परिवारका २१ जना महिला र [illegible] जना पुरुष छन्।

बालअधिकार

पोगई गाविस-२ को १० वर्षीय एक बालिकालाई ०५८

चैत २१ गते घरमै बसिरहेको अवस्थामा आफ्नै काका ४५ वर्षीय रामबहादुर क्याच्छाकी मगरले बलात्कार गरे। पीडक फरार छन्।

गौर नपा-५ की १० वर्षीय एक बालिकालाई ०५९ भदौ २५ गते खेतमा घाँस काट्न गएको अवस्थामा ललन गिरीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गाउँलेहरूले ५० हजार जरिवाना गरी अब आइन्दा त्यसो नगर्ने शर्तमा छाडिदिए।

महिला अधिकार

सन्तपुर (म.) गाविस-३ की ६० वर्षीय गरभीदेवी महरालाई बोक्सीको आरोपमा ०५९ भदौ ११ गते सोही ठाउँका १८ वर्षीय सन्दीप चौधरी र १४ वर्षीय मन्दिप चौधरीले कुटपिट गरी घाइते बनाए। पीडितले पीडकहरूकै घरमा काम गर्दै आइरहेकोमा पीडकहरूले बाबुलाई बोक्सी मन्त्र लगाई मारेको आरोपमा कुटपिट गरेका थिए।

सखुअवा धमौरा गाविस-७ हरसाहा चोकमा पसल गरी बस्ने ३० वर्षीय एक महिलालाई ०५९ असोज १९ गते सोही ठाउँका बैजु पटेललगायत् ८ जनाले बलात्कार गरे। पीडकहरूउपर कारवाहीको लागि दरखास्त दिइए पनि कुनै कारवाही गरिएन।

प्रतापपुर पल्टुवा गाविस-६ की ३३ वर्षीय एक महिलालाई ०५९ कार्तिक ३० गते सोही ठाउँका शेष जलालले बलात्कार गर्ने प्रयास गरे। पीडकले बलात्कार गर्ने प्रयास गरेको देखी गाउँलेले समाती चुनाको टिका लगाएर गाउँ परिक्रमा गराए।

गौर नपा-२ का २३ वर्षीय सावित्रीदेवी दासलाई दाइजो कम ल्याएको निहुँमा ०५८ चैत ३ गते आफ्नै पति राजदेव दासले मट्टितेल खन्याएर आगो लगाई हत्या गरे। पीडक फरार छन्।

दिपही गाविस-१ की २१ वर्षीय किरणदेवी कलवारलाई दाइजो कम ल्याएको कारण ०५८ चैत ३ गते आफ्नै पति लोकेन्द्र कल्वारले विष खुवाई हत्या गरे। पीडक फरार छन्।

जातीय विभेद

लक्ष्मिनीया गाविस-४ का रामआशिष महरा चमारलाई तल्लो जातको भएर राजनीति गरेको आरोपमा ०५९ साउन ५ गते सोही ठाउँका बुटन चौधरीले कुटपिट गरे। कारवाहीको लागि निवेदन दिए पनि पीडक उपर कुनै कारवाही भएन।

विविध

संरचना क्षति

माओवादीले ०५८ फागुन ४ गते राजाबाबु नामको रात्री बस र ०५९ वैशाख ९ गते भावना ट्राभल्स र सचिन ट्राभल्सको बस आगो लगाई ध्वस्त पारे। माओवादीले १४ वटा गाविस भवन, १२ वटा प्रहरी कार्यालय, एक जिल्ला प्रशासन कार्यालय, एक इलाका प्रशासन कार्यालय चन्द्रनिगाहपुर एक मालपोत कार्यालय, एक नेपाल बैंक लिमिटेड, एक वन रेञ्जपोष्ट, २ अतिरिक्त हुलाक, एक छोटी भन्सार, एक विद्युत सव स्टेशन, एक उपस्वास्थ्य चौकी तथा एक पक्की पुलमा बम विस्फोट र आगो लगाई क्षतिग्रस्त बनाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यस जिल्लामा डुबेर २१ जना, करेन्ट लागी ३ जना, लडेर १ जना, आत्महत्या गरेर ८ जना, सवारी दूर्घटनामा १२ जना र जंगली विषालु झार खाँदा एक जनाको मृत्यु भयो। जसमा १० महिला, २० पुरुष र १७ जना नाबालक पीडित भए।

सन्तपुर (म.) गाविस-३ का हरि भन्ने खिलनाथ पौडेल, रंगपुर गाविस-५ का सोनाम लामा र सानो खुलालगायत् १ सय जना जति माओवादीले रंगपुर गाविसस्थित खाली प्रहरी चौकीमा ०५८ चैत १९ गते राति बम विस्फोट गराउन लाग्दा सोनामको घटनास्थलमै मृत्यु भयो भने सानो र खिलनाथ घाइते भएकोमा नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार गर्दागर्दै सानोको मृत्यु भयो। खिलनाथलाई प्रहरी हिरासतमा राखियो।

बगही गाविस-६ की किरणदेवी साहले ५ वर्षीय छोरी रन्जिलाकुमारी साह, ३ वर्षीय छोरा राकेशकुमार साह र ६ महिनाको छोरासहित ०५९ साउन ६ गते गाउँकै पोखरीमा हामफालिन्। पारिवारिक कलह सहन नसकी उनले आफूसहित तीन जना बच्चा लिएर आत्महत्या गरेकोमा ३ वर्षीय छोरा राकेशकुमार बाँच्न सफल भए भने अन्यको मृत्यु भयो।

२.८ बारा

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

ककडी गाविस-६ का २२ वर्षीय देवनारायण चौधरीलाई माओवादीको आरोपमा ०५८ माघ १९ गते बिहान घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

अमलेखगञ्ज गाविस-५ मा पर्ने राजमार्ग छेउको जंगलमा मानसिक सन्तुलन बिग्रिएको ३५ वर्षीय एक महिलालाई माओवादीको शंकामा ०५८ चैत २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

खोपुवा गाविस-९ का ४० वर्षीय जगत मुखिया बिनलाई डकैती गर्ने प्रयास गरेको आरोपमा ०५९ असार ८ गते महेशपुर गाविसमा पर्ने पसाहा खोलामा प्रहरीले गोली हानी हत्या गरे।

दोलखा जिल्ला घर भएका माओवादीका केन्द्रीय नेता रिनबहादुर खड्का ०५९ असारको पहिलो हप्ता सुरक्षाकर्मीबाट मारिएको माओवादी पक्षबाट सार्वजनिक गरियो।

जनसंख्या	:	५५९१३५
साक्षरता प्रतिशत	:	४२.३५
महिला साक्षरता प्रतिशत	:	२८.९८
क्षेत्रफल (वर्ग कि. मि.)	:	११९०
गाविस / नपा संख्या	:	९८/१
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	२९१
क्याम्पस / उच्च मा.वि.	:	१/४
अस्पताल / स्वास्थ्य चौकी	:	१/९८
टेलिफोन लाइन	:	८६१
मोटर सडक (कि. मि.)	:	१३७
प्रहरी कार्यालय संख्या	:	२१
हुलाक संख्या	:	७३
मानव विकास सूचकांक	:	०.३०९
प्रति डाक्टर जनसंख्या	:	९३,१८९
प्रति परिवार सरदर संख्या	:	६.३८

इनर्वासिरा गाविस-९ का २५ वर्षीय गोविन्द साहलाई माओवादीको आशंकामा ०५९ असोज १५ गते खेतमा काम गरिरहेको बेलासुरक्षाकर्मीले गोली हानी हत्या गरे।

फत्तेपुर गाविस-६ का २७ वर्षीय श्यामबाबु चौधरी र २५ वर्षीय दिपेन्द्र साह कलवारलाई माओवादीको आशंकामा ०५९ असोज २० गते सोही गाविसको पिपरिया स्थित उखुबारीमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

कर्चोवा गाविस-९ का ५० वर्षीय कुँवर यादवलाई ०५९ कार्तिक २६ गते सिम्रौनगढ इलाका प्रहरी कार्यालयका प्रहरीले प्रहरी हिरासतमा निर्मम यातना दिई हत्या गरे। सोही घटनामा मृतक यादवका छोरा २८ वर्षीय बच्चु यादव समेत घाइते भए। घटनामा संलग्न रहेका इन्स्पेक्टर केदार रजौरे र असई सुमन विक्रम राणालाई हिरासतमा राखी अनुसन्धान जारी राखिएको छ।

डुम्वरवाना गाविस-४ का ४५ वर्षीय कृष्ण नेपाल र झापा जिल्ला घर भएका ३० वर्षीय विजय गौतमलाई ०५९ कार्तिक ३० गते सुरक्षाकर्मीसँग जम्काभेट हुँदासुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू माओवादी कार्यकर्ता भएको बताइयो।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका रिनबहादुर खड्का

माओवादीबाट

टेडाकट्टी गाविस-५ का २० वर्षीय भगेसा राउतलाई ०५९ जेठ १६ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। सोही घटनामा माओवादीहरूको गोलीबाट ३० वर्षीय ओमनारायण सिंह, २७ वर्षीय सुरेन्द्र सिंह र ५५ वर्षीय मदन सिंह घाइते भए।

भरतगञ्ज सिगौल गाविस-४ का राप्रपा जिल्ला समिति सदस्य ३५ वर्षीय टेकबहादुर लामालाई सुराकीको आरोपमा ०५९ असार १ गते घर नजिकैको जंगलमा लगी माओवादीले खुकुरी तथा गोली प्रहार गरी हत्या गरे।

पतरहट्टी गाविस-३ का हुलाक कर्मचारी ३२ वर्षीय सर्वजित महतो कुशवाहालाई ०५९ भदौ ३१ गते गाउँदेखि पूर्वमा रहेको नदी छेउ लगी माओवादीले खुकुरी र गोली हानी हत्या गरे।

गंजभवानीपुर गाविस-९ का ५१ वर्षीय दशै महतोलाई ०५९ भदौ ३१ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

बञ्जरीया गाविस-२ का पूर्व गाविस उपाध्यक्ष ४० वर्षीय अजिज मियाँलाई ०५९ असोज १५ गते आफ्नो खेत तर्फ गइरहेको बेला माओवादीले गोली हानी हत्या गरे।

त्रिभुवनपूर्वा गाविस-८ का ३५ वर्षीय लालबहादुर मुखियालाई ०५९ असोज २४ गते राति माओवादीले खुकुरी प्रहार गरी हत्या गरे।

रामपूर्वा गाविस-३ का ३५ वर्षीय ठाकुरप्रसाद चौधरीलाई ०५९ कार्तिक १० गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। उक्त घटनामा माओवादीको गोलीबाट पीडितका भाइहरू ३२ वर्षीय गोकर्ण चौधरी र ३१ वर्षीय बैधनाथ चौधरी घाइते भए।

हरैया गाविसको मधुवन बजारस्थित प्रहरी चौकीमा ०५९ पुस १३ गते दिउँसो माओवादीले आक्रमण गरे। उक्त आक्रमणमा माओवादीले चितवन सुक्रनगर-२ का प्रहरी जवान मंगलबहादुर सुनुवारको गोली हानी हत्या गरे। सो घटनामा प्रहरी चौकीबाट भाग्न खोज्दा रौतहट रामपुर खाप-८ का प्रहरी हवल्दार अनवरल हकको चौकीको छतबाट खसेर मृत्यु भयो। उक्त घटनामा आफ्ना दुई कार्यकर्ता मारिएको माओवादीले प्रेस विज्ञप्ति मार्फत् जानकारी दिए।

अन्यबाट

निजगढ गाविस-५ का नेकपा (एमाले) कार्यकर्ता एवं गौरी शंकर मावि व्यवस्थापन समितिका अध्यक्ष ४० वर्षीय जनक शर्मालाई ०५९ पुस ६ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूले खुकुरी तथा गोली हानी हत्या गरे। उक्त घटनामा पीडितका पिता ७० वर्षीय आनन्दहरी निर्मिल्सिना र २० वर्षीय छोरा रोशन शर्मा घाइते भए। स्थानीय बासिन्दाहरूले उक्त घटना माओवादीबाट भएको हुन सक्ने आशंका गरेका छन्। तर माओवादीहरूले घटना भएको पर्सीपल्ट हाते पर्चा मार्फत घटनामा आफ्नो कुनै संलग्नता नरहेको जनायो।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

रतनपुरी गाविस-३ का ३५ वर्षीय धनबहादुर तामाङ र ३० वर्षीय हरि ढुंगेललाई ०५८ चैत ६ गते आफ्नै घरतर्फ आइरहेको अवस्थामा प्रहरीले गाँजा तस्करको अभियोगमा गोली प्रहार गरी घाइते बनाए। पीडितलाई पुर्पक्षको लागि थुनामा राखिएको छ।

माओवादीबाट

इनर्वासिरा गाविस-७ का ३४ वर्षीय शेख जैतुललाई सुराकीको आरोपमा ०५९ असार २८ गते माओवादीले गोली हानी घाइते बनाए।

बेपत्ता /अपहरण

राज्यबाट

डुम्वरवाना गाविस-८ की २५ वर्षीय गीता कँडेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ वैशाख २४ गते प्रहरीले बोधवन गाविस-६ बाट गिरफ्तार गरे। पीडित हालसम्म बेपत्ता रहेका छन्।

इनर्वासिरा गाविस-९ का ३५ वर्षीय शुकदेव भट्टराईलाई माओवादी गतिविधमा संलग्न भएको आरोपमा ०५९ वैशाख २९ गते घरैबाट प्रहरीले गिरफ्तार गरी यातना दिए। पीडित हालसम्म बेपत्ता छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पर्सा जिल्ला वीरगञ्ज उपनपा आदर्शनगरका यातायात मजदूर २७ वर्षीय रामबाबु गिरीलाई ०५९ कार्तिक ६ गते सिमरा विमानस्थलमा कार्यरत प्रहरी जवान वीरेन्द्र यादवले नो पार्किङमा गाडी रोकेको भनी निर्मम ढंगले कुटपिट गरे। पीडितलाई कुनै कारवाही गरिएन।

माओवादीबाट

इटियाही गाविस-१ का ४० वर्षीय विश्वेश्वरप्रसाद साहलाई सुराकीको आरोपमा ०५८ चैत ७ गते माओवादीहरूले कुटपिट गरी घाइते पारे।

जितपुर गाविस-३ का ५० वर्षीय सत्यनारायण कलवारलाई ०५९ वैशाख १८ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी घाइते बनाए। कुटपिट

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	३	२	५	११	२०		२०	७	९	१	१०
घाइते	४	६	१	७	१	१		१	२	३		३
गिरफ्तारी/यातना									६	१०	२	१२
बेपत्ता									३	३	१	४
कुटपिट	२	५	१	६	३	३		३	५	९	२	११
महिला अधिकार	३		३	३								
बालअधिकार	३		३	३								
आर्थिक/सामाजिक अधिकार	१	१	२	३								
अपहरण	७	१०	१	११								
जम्मा	२४	२५	१३	३८	१५	२४		२४	२३	३४	६	४०

पछि पीडितसँग रहेको १५ हजार रूपैयाँ नगद समेत माओवादीहरूले लुटेर लगे।

सुमन र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी ६ सय १३, दुनियावादी फौज्दारी २ सय ८४ र सरकारवादी ९१ गरी कूल ९ सय ८८ वटा मुद्दा परेकोमा देवानी ४ सय २१, दुनियावादी फौज्दारी ७५ र सरकारवादी ५२ गरी ५ सय ४८ मुद्दा फर्स्यौट भए। अदालतमा तीन वर्षदेखि नछिनिएका ११, दुई वर्षदेखि नछिनिएका ७५ र एक वर्षदेखि नछिनिएका ४ सय ४० वटा मुद्दा रहेको जानकारी जिल्ला अदालतले दिएको छ।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

हरैया गाविस-६ का २५ वर्षीय पूर्णबहादुर श्रेष्ठ र २७ वर्षीय आइनेमान लामालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ माघ १३ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई १५ दिनसम्म हिरासतमा राखी कुटपिट गरी रिहा गरियो।

फत्तेपुर गाविस-९ का २७ वर्षीय रामानन्द राय, २५ वर्षीय राजनारायण चौधरी, २० वर्षीय विनिता चौधरी र २१ वर्षीय प्रेसित चौधरीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ माघ १५ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई हिरासतमा अमानवीय यातना दिइयो।

फत्तेपुर गाविस-५ का ३० वर्षीय गगनदेव माझी र ३५ वर्षीय प्रभुनारायण चौधरीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ माघ २० गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा यातना दिइयो।

पर्सौना गाविस-५ का ३५ वर्षीय हरिनारायण चौधरी, ३० वर्षीय ज्ञानेन्द्र चौधरी र २८ वर्षीय नागेन्द्र चौधरीलाई ०५८ माघ २१ गते प्रहरीले घरैबाट गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूलाई दुई दिनपछि रिहा गरियो।

निजगढ गाविस-७ का ३१ वर्षीय यातायात मजदूर गणेशप्रसाद गौतमलाई माओवादीलाई सघाएको आरोपमा ०५९ असार ३ गते सुरक्षाकर्मीले सुरक्षा जाँच पोष्ट आधाभारबाट गिरफ्तार गरे। पीडितलाई १७ दिनपछि तारेखमा रिहा गरियो।

निजगढ गाविस-२ की ३१ वर्षीय महिला साक्षरता शिक्षिका शुभद्रा कुमारी दुलाल (गौतम) लाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ असार १५ गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा रत्नपुरीमा १ हजार १४, निमरामा २ सय ९२, ककरीमा ८ सय ७३, डुम्बरवानामा १ सय १७, मनहर्वामा ३ सय १७, हरैयामा ३ सय ७ र निजगढमा ४ २२ गरी जम्मा ३ हजार ३ सय ४२ घर धुरी भूमिहीन तथा सुकुम्बासी समस्याबाट पीडित रहेको सम्बन्धित गाविसहरूबाट थाहा भयो। उनीहरूको समस्या समाधानका लागि कुनै कार्यहरू गरिएन।

आन्तरिक द्वन्द्वका कारण यस जिल्लामा एक महिला सहित १४ जना विस्थापित भएको जानकारी प्राप्त भयो।

आर्थिक अधिकार

पिपरा-सिमरा गाविस-६ स्थित एन. बी. गार्मेन्टमा कार्यरत मजदूरहरू ३० वर्षीय चिरञ्जीवी चौलागाई, २५ वर्षीय मीरा श्रेष्ठ, १८ वर्षीय मञ्जु थापालगायत् ५० जना मजदूरहरूलाई संचालक कैलाशराज जोशीले ०५९ वैशाख ५ गते देखि कारखाना बन्द गराई ५ महिनादेखि तलब-भत्ता समेत दिएका छैनन्।

बालअधिकार

रौवाही गाविस-७ का विजुली पंडितका ६ वर्षीय छोरा पुडारी पंडितलाई ०५९ जेठ ११ गते खेलिरहेको अवस्थामा अज्ञात अपहरणकारीहरूले अपहरण गरे। पीडितको स्थित अज्ञात छ।

कलैया नपा-१२ की ३ वर्षीय एक बालिकालाई ०५९ असार १३ गते सोही ठाउँका १४ वर्षीय राजेशकुमार यादवले घर नजिकैको बगैंचामा लगि बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पुर्पक्षकालागि थुनामा राखिएको छ।

छाता पिपरा गाविस-८ को ५ वर्षीय एक बालिकालाई ०५९ साउन १७ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका ३० वर्षीय रामलोचन सहनीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पिपरा सिमरा गाविस-६ औराहाकी ९ वर्षीय एक बालिकालाई ०५९ असोज १२ गते जंगलमा बाख्रा चराउन गएको अवस्थामा सोही ठाउँका ७३ वर्षीय मैते राईले बलात्कार गरे। पीडितको तत्काल उपचार गरियो।

महिला अधिकार

डुम्बरवाना गाविस-७ की १६ वर्षीय एक युवतीलाई ०५९ कार्तिक ७ गते सोही ठाउँका ४० वर्षीय केशव शिवाकोटीले बलात्कार गरे। पीडक फरार छन्।

धर्मनगर गाविस-४ की २९ वर्षीय एक दलित महिलालाई ०५९ पुस १ गते सोही ठाउँका ३४ वर्षीय फुलना साह गोंठले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई कुनै कारवाही गरिएको छैन।

यस वर्ष २ जना महिला आफ्नै पतिहरूद्वारा मारिए।

जातीय विभेद

भनौडा गाविस-६ का ४५ वर्षीय राजपतिया देवी चमार र उनकै पति ५० वर्षीय जगरनाथ चमारलाई ०५८ फागुन १५

गते स्थानीय रामचन्द्र साहका १७ वर्षीय छोरा संजय साहलाई तन्त्रमन्त्र गरी मारेको भनी बोक्सीको आरोपमा सोही ठाउँका ४० वर्षीय रामचन्द्र साह, ३८ वर्षीय भोला साह, ४० वर्षीय ठगा साह लगायतका ४०-५० जना गाउँलेहरूको एक समूहले कुटपिट गरी मलमूत्र समेत खुवाई यातना दिए। पीडकहरूलाई आवश्यक कारवाहीको लागि हिरासतमा राखिएको छ।

विविध

संरचना क्षति

यस जिल्लामा १५ वटा गाविस भवन, ५ वटा प्रहरी कार्यालय, साना किसान आयोजना, भूमिसुधार कार्यालय, वन कार्यालय, मालपोत कार्यालय, राजस्व तथा भन्सार कार्यालय, भूमिगत जलस्रोत कार्यालय, पुल, हेल्थपोष्ट, दूर सञ्चार टावर, बैंक, हुलाक लगायतका भौतिक संरचना माथि विस्फोट गराई झण्डै एक करोड २५ लाख रूपैयाँ बराबरको क्षति गराएको कुरा जिल्ला प्रहरी कार्यालयले जनायो। छ।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

प्रहरी हिरासतमा कर्चोवा गाविसका कुँवर यादवको निर्मम यातनाबाट मृत्यु भएको घटनालाई लिएर ०५९ कार्तिक २६ गते मानवअधिकार जागरण केन्द्र, मानवअधिकार संरक्षण मञ्च लगायत्का मानवअधिकार संघ संस्थाहरूले दोषी माथि कारवाही र पीडितलाई क्षतिपूर्तिको माग गर्दै प्रेस विज्ञप्ति निकाले। त्यसैगरी माओवादीहरूले निजगढ स्थित आफ्ना कार्यकर्ता जनक शर्माको हत्या गरेको भनी नेकपा (एमाले) जिल्ला कमिटीले माओवादीहरूलाई हत्या हिंसा बन्द गर्न प्रेस विज्ञप्ति मार्फत् आहवान गरे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यस जिल्लामा ५ महिला र ७ पुरूष गरी १२ जनाले आत्महत्या गरे भने १२ वटा सवारी दुर्घटनामा १७ जनाले ज्यान गुमाए। त्यसैगरी ३ वटा लास प्राप्त, ५ वटा आगलागी र ८ वटा डकैतिका घटना भए।

२.९ पर्सा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

चोर्नी गाविस-२ आँपबगैंचामा ३६ वर्षीय रमेश राय शाही, ३३ वर्षीय मनोज पाण्डे, ३५ वर्षीय महेश धनाई, ३७ वर्षीय बब्लु सिंह र ३८ वर्षीय मुन्ना कुजडाको ०५८ चैत ९ गते प्रहरीको गोलीद्वारा मृत्यु भयो। चैत ८ गते बेलुका प्रहरीद्वारा क्षेत्रीय प्रहरी इकाई कार्यालय, वीरगञ्ज ल्याइएका मृतकहरू भारतीय अपराधी भएको बताइयो।

हरपुर गाविस-१ का २७ वर्षीय ललन गिरीको ०५९ असोज १ गते प्रहरीको गोलीद्वारा मृत्यु भयो। निर्मलबस्तीबाट वीरगञ्ज आइरहेको बसमा भरतपुर तालिम केन्द्रका प्रहरी र पोखरीयाका रामवचन सिंहबीच विवाद भएकोमा बस पोखरीया आइपुगेपछि सो झगडाले उग्ररूप लिएकोले प्रहरीले गोली चलाउँदा मेला हेर्न आएका ललनको मृत्यु भएको थियो।

जेल र बन्दीहरू

वीरगञ्ज जेलको बन्दी क्षमता १ हजार ५ सय छ। हाल यस जेलमा कैद नतोकिएका १ सय ६५ पुरूष र ११ महिला तथा कैद तोकिएका १ सय ९८ पुरूष र १६ महिला गरी ३ सय ९४ जना बन्दी छन्। माओवादीको आरोपमा ३ महिला र ४५ जना पुरूष गरी ४८ जनालाई राखिएको छ। यस जेलभित्र २ वर्ष देखि ४ वर्ष उमेरका ३ बालिका र १ जना बालक छन्। जेल सुधारका लागि उल्लेख्य काम हुन सकेको छैन। जीर्ण अवस्थामा रहेको यस जेलमा वर्षायाममा पानी चुहिने, विजुली बत्तीको ग्यारेण्टी नहुने जस्ता पुराना समस्याहरू यथावत छन्। जेलमा बन्दी जीवन बिताइरहेका पाल्पाका ४३ वर्षीय बलराम मगरको ०५९ असार ७ गते, रौतहटका ४८ वर्षीय परमेन्द्र दुवेको ०५९ साउन १ गते, तनहुँका ५४ वर्षीय हेमबहादुर मगरको ०५९ असोज ३१ गते र नुवाकोटका ४७ वर्षीय रविराज वियोगीको ०५९ कार्तिक १५ गते विभिन्न रोगका कारण उपचार गराउँदा-गराउँदै मृत्यु भयो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

निर्मलवस्ती गाविस-३ का ४७ वर्षीय जगन्नाथ नेपाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ३ महिनासम्म नजरवन्दमा राखिएकोमा हाल केन्द्रीय कारागार, काठमाण्डौमा राखिएको छ।

विरूवागुठी गाविस-१ झाप्राका २४ वर्षीय यादव

तिमिल्सिनालाई माओवादीको आशंकामा ०५८ पुस २३ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

विरूवागुठी गाविस-१ भाप्राका २४ वर्षीय राजु अधिकारीलाई माओवादीको आशंकामा ०५८ माघ ८ गते सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

वागवन्ना गाविस-८ का २७ वर्षीय मोहन कार्कीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ चैत ११ गते प्रहरीले घरमा छापा मारी गिरफ्तार गरे। पीडितलाई ०५९ मंसिर ५ गते रिहा गरियो।

निर्मलवस्ती गाविस-६ का २८ वर्षीय धनवहादुर श्रेष्ठलाई माओवादीको आशंकामा ०५९ असार ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

विरूवागुठी गाविस-१ भाप्राका २७ वर्षीय विदुर चौलागाईलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ असार ५ गते सुरक्षाकर्मीले वाराको सिमरावाट गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

निर्मलवस्ती गाविस-६ का ३२ वर्षीय वीरवहादुर पाख्रिनलाई माओवादी भएको आशंकामा ०५९ असार ६ गते सुरक्षाकर्मीले घर घेराउ गरी गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

निर्मलवस्ती गाविस-४ का २८ वर्षीय सूर्य लामालाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०५९ असार ७ गते प्रहरीले घर घेराउ गरी गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

निर्मलवस्ती गाविस-८ का ३२ वर्षीय श्याम श्रेष्ठ र २६ वर्षीय इन्द्रवहादुर थिङ्गलाई माओवादी भएको आशंकामा ०५९ असार ७ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

वीरगञ्ज उमनपा-२ छपकैयाका ३८ वर्षीय अशोकमान श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०५९ असोज १३ गते सुरक्षाकर्मीले मालपोत कार्यालय नजिकवाट गिरफ्तार गरे। पीडित अविचल साप्ताहिकका सम्पादकसमेत रहेका हुनाले पत्रिकाका प्रधान सम्पादक वालकृष्ण श्रेष्ठलाई पनि गिरफ्तार गरी चार घण्टासम्म सोधपुछ गरी रिहा गरियो।

जनसंख्या	: ४९७२१९
साक्षरता प्रतिशत	: ३४
महिला साक्षरता प्रतिशत	: १८.१
क्षेत्रफल (वर्ग कि. मि.)	: १३५३
गाविस / नपा संख्या	: ८२/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: २९१
क्याम्पस / उच्च मा.वि.	: २/७
अस्पताल / स्वास्थ्य चौकी	: २/३८
टेलिफोन लाइन	: १००००
मोटर सडक (कि. मि.)	: १७९
प्रहरी कार्यालय संख्या	: ३५
हुलाक संख्या	: १०२
मानव विकास सूचकांक	: ०.३५८
प्रति एक डाक्टर जनसंख्या	: १२१२७
प्रति परिवार सरदर संख्या	: ६.२५

वीरगञ्ज उमनपा-१४ स्थित नेपाल बैंक लिमिटेड क्षेत्रीय कार्यालयका जेटिए ३९ वर्षीय राजकुमार यादवलाई माओवादीको आशंकामा ०५९ असोज १३ गते सुरक्षाकर्मीले कार्यालयवाट गिरफ्तार गरे। पीडितलाई चार दिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाका अधिकांश गाविसहरूमा सुकुम्बासी समस्या छ। त्यस मध्ये ठोरी, निर्मलवस्ती, जयमंगलापुर, हरपुर, जानकीटोला, प्रसौनीमाटा, वसडिकलवा, विरूवागुठी आदि गाविस प्रमुख छन्। जिल्लामा १५ हजार सुकुम्बासी छन्।

बालअधिकार

वीरगञ्ज उमनपा-१२ का १४ वर्षीय प्रवीण अर्याललाई आँगनमा खेलिरहेको अवस्थामा ०५८ फागुन ७ गते अपहरणकारीहरूले अपहरण गरे। पीडितलाई दुई दिनपछि २० हजार फिरौती रकम दिएर रक्सौल पंकज सिनेमा हल अगाडिवाट मुक्त गरियो।

लालपर्सा गाविस-१ परवानीपुरका १० वर्षीय संजय रेग्मीलाई ०५९ जेठ १ गते सोही गाविस-१ का गयासुद्दिन र रामपुर टोकनी मुलुहीका यूनस देवानले अपहरण गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी कारवाही शुरू गरेको ७ दिनपछि पीडित कलैयावजारमा फेला परे।

महिला अधिकार

काठमाण्डौं जिल्ला घर वताउने १९ वर्षीय एक युवतीलाई ०५८ चैत ५ गते वारा इनर्वासिराका वीरेन्द्र कुशवाह र इजजान महमदले विक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गरेको अवस्थामा जानकीटोल गाविस-२ स्थित चौकीमा प्रहरीले गिरफ्तार गरे। पीडकहरूमाथि जीउ मास्ने वेच्ने सम्वन्धी मुद्दा चलाइयो।

ठोरी गाविस-३ की २३ वर्षीय एक युवतीलाई ०५९ मंसिर १० गते वारा जिल्ला सिमरा गाविस-४ का कमल खड्काले वीरगञ्जको घण्टाघरमा अनैतिक कार्य गर्न दवाव दिंदै ज्यानमार्ने धम्की दिंदै रिक्साबाट लछार-पछार गरे। पीडकले जागिर लगाईदिन्छु भनी पीडितलाई वीरगञ्ज लजमा

लैजाने प्रयास गर्दा पीडितले नमानेपछि पीडकले ज्यानमार्ने धम्की दिएका थिए। पीडकलाई सोही ठाउँका बासिन्दाले प्रहरीसमक्ष बुझाएकोमा एक दिन हिरासतमा राखी रिहा गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट							राज्यबाट पीडित		
	अन्यबाट पीडित				माओवादीबाट					
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	१५	९	६	१५				२	६	६
घाइते	१	१		१						
गिरफ्तारी/यातना								१३	१४	१४
कुटपिट	२	२		२						
धम्की	२	१	१	२						
महिलाअधिकार	८		८	८						
बालअधिकार	१	१		१						
अपहरण	६	६		६	१	४	४			
जम्मा	३५	२०	१५	३५	१	४	४	१५	२०	२०

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल निजामति कर्मचारी संगठनले स्थानीय विकास अधिकारी गणेशबहादुर खत्रीमाथि कार्यालयभित्र ०५८ वैशाख १३ गते जिल्ला विकास समिति जनार्दन सिंह क्षेत्रीद्वारा गराइएको घटनाप्रति खेद व्यक्त गर्दै प्रेस विज्ञप्ति जारी गर्‍यो।

नेपाल पत्रकार महासंघले ०५९ साउन २५ गते "पत्रकारहरूलाई स्वतन्त्रतापूर्वक बाँच्न देऊ" भन्ने नारा लेखिएको व्यानरसहित निकालेको लालटिन जुलुसमाथि प्रहरीले हस्तक्षेप गरे। प्रहरीले व्यानर र लालटिन समेत खोसेर लगे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

नागरवाह गाविस-२ का २८ वर्षीय शम्भु चमारलाई ०५८ फागुन १२ गते होदा मियाले भिडियो संचालन गर्ने विषयमा विवाद हुँदा पेटमा छुरा प्रहार गरे। प्रहरीले पीडकलाई हिरासतमा राखी कारवाही गर्‍यो।

लिपनीविर्ता गाविस-४ का ४७ वर्षीय नागमणी उपाध्यायलाई ०५९ साउन २४ गते राति अफताव मिया, रोजदिन मिया, कपिल देव यादव र राजदेव यादवले मरणासन्न हुने गरी कुटपिट गरी ३ लाख रूपैयाँ बराबरको धनमाल लुटेर लगे। प्रहरीले पीडकहरूलाई कानुनी कारवाही गरे।

२.१० चितवन

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

चैनपुर गाविस-३ ज्यामिरेका कमल सुँयल र सुदीप ढकाललाई ०५८ चैत १४ गते जगतपुर गाविस-३ दराईगाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक हिरासत कसरामा राखिएकोमा ०५९ असोज ४ गते पटिहानी गाविस-८ को गंगानगर र ब्रम्हपुरीको बीचमा सेनाले गोली हानी हत्या गरे। माओवादीका जिल्ला स्तरीय नेताहरूलाई गिरफ्तार गरिएको सार्वजनिक नगरी राखिएको थियो भने परिवारका सदस्यहरूले पटक-पटक हिरासतमै भेटेका थिए। रक्षा मन्त्रालयले उनीसँग मारिएका चारै जनालाई मुठभेडमा मारिएको भने पनि उनीहरू सबै हिरासतबाट ल्याइएको र त्यस ठाउँमा कुनै पनि किसिमको भिडन्त नभएको स्थानीय व्यक्तिहरू बताउँछन्। बीच बाटोबाट घोप्टो परेर झुण्डि बसेको अवस्थामा कमलको लास थियो भने सुदीपको लास बाटोतिर उत्तानो परेको अवस्थामा फेला परेको थियो।

भरतपुर नपा-८ गौरीगञ्जका होमनाथ न्यूरेलाई ०५८ चैत २२ गते सुरक्षाकर्मीले ज्योतिषचोकमा गोली हानी हत्या गरे। माओवादीको झण्डा, ब्यानर सहित सादा पोशाकमा त्यहाँ पुगेको सुरक्षाकर्मीले आफूहरू माओवादी भएकोले कार्यकर्ताहरूलाई कार्यक्रममा आउन भन्दै केही व्यक्तिहरूको नाम लिए। जम्मा भएका मध्ये मृतकलाई झण्डा गाड्न लगाइयो। पीडितले आफू नेकांको कार्यकर्ता भएको बताए। त्यसो भए भाग भनिएकोले दौडन लाग्दा पछाडिबाट एक गोली हानियो, पीडितले स्थानीय एक घरमा शरण माग्दै ढोका खोल्न हारगुहार गरे। ढोका खुलेन, त्यसपछि पीडित अर्को गोली लागेर ढले। पीडितलाई खुट्टामा समातेर घिसार्दै केही वर राखिएको

गाडीमा राखेर सुरक्षाकर्मीले लगे। दुई दिनपछि दाहसंस्कारका लागि बाबु होमनाथ न्यूरेलाई पीडितको लास बुझाइयो। रक्षा मन्त्रालयले सुरक्षाकर्मीमाथि आक्रमण गर्न आउँदा प्रतिरक्षाका लागि गोली चलाउँदा पीडितको मृत्यु भएको बतायो।

पिपले गाविस-५ दुवीचौरका जालकुमार श्रेष्ठ, सोही ठाउँका राजन कँडेल र सोही गाविस-४ का शान्ता गुरूङ्गलाई ०५९ जेठ ९ गते राति १२ बजे सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरेकोमा रक्षामन्त्रालयले जेठ १० गतेको वक्तव्यमा पिपले इलाकामा तीन जना व्यक्तिको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भएको जनायो। पीडितहरू भण्डारा बस आगलागी काण्डमा संलग्न भएको र खोजी कार्य गर्दा मुठभेडमा मारिएको जनाइयो। पिपले इलाकामा सो दिन गिरफ्तार भएका उनीहरू मात्र भएकोले जिल्ला प्रशासन कार्यालयमा सम्बन्धित पक्षले सम्पर्क गर्दा स्पष्ट कुरा गरिएन।

भरतपुर नपा-५ लंकुका ज्ञानु खरेललाई ०५९ जेठ १० गते बिहान सुरक्षाकर्मीहरूले सोही नपा-१२ बसन्तपुरमा पिछा गरेकाले साइकल छाडी भाग्न लाग्दा गोली लागी घाइते बनाए। त्यसपछि पीडितलाई गिरफ्तार गरी गाडीमा लगिएको थियो। रक्षा मन्त्रालयले खोज तलास गर्दा मारिएको जनायो।

रत्ननगर नपा-११ जयमंगलाका ईश्वरी खनाल, पिपले गाविस-१ गड्यौलीका हरिबहादुर सेढाई र भरतपुर नपा-८ गौरगञ्जका एरी सुवेदीको ०५९ जेठ १० गते बिहान सुरक्षाकर्मीको गोलीबाट कोराक गाविस-९ चिप्लेटीमा मृत्यु

जनसंख्या	: ४७०७१३
साक्षरता प्रतिशत	: ५८.२५
महिला साक्षरता प्रतिशत	: ४९.१५
क्षेत्रफल (वर्ग कि. मि.)	: २२१८
गाविस / नपा संख्या	: ३६/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ४६०
क्याम्पस / उच्च मा.वि.	: ११/२२
अस्पताल / स्वास्थ्य चौकी	: ३/४१
टेलिफोन लाइन	: ८३३९
मोटर सडक (कि. मि.)	: २५७.८५
प्रहरी कार्यालय संख्या	: २४
हुलाक संख्या	: ५६
मानव विकास सूचकांक	: ०.३७०
प्रति एक डाक्टर जनसंख्या	: १४७५२
प्रति परिवार सरदर संख्या	: ५.०८



भण्डारामा माओवादीद्वारा यात्रु सहित आगो लगाइएको यात्रु वाहक बसको क्षतिग्रस्त भित्री भाग

भयो। स्थानीय एक व्यक्तिको घरमा सुरक्षाकर्मी पुग्दा सुतिरहेका माओवादीका जिल्ला सचिवालय सदस्य एवं जिल्ला जनसरकार सदस्य भनिएका ईश्वरी खनालसहित चार जना माओवादी कार्यकर्ता सुरक्षाकर्मीले भेट्टाएपछि गिरफ्तार गर्न खोज्दा एकजना फरार भएको सुरक्षानिकायले जनायो। भाग्न नसकेका तीनै जनालाई गिरफ्तार गरेर कुटपिट गर्दै, घिसार्दै चिप्लेटी भन्ने ठाउँमा गोली हानेर हत्या गरिएको थियो।

कोराक गाविस-१ का गमबहादुर मोक्तानलाई ०५९ जेठ ११ गते सुरक्षाकर्मीले सोही गाविसमा गिरफ्तार गरी हत्या गरे। पीडित नेकपा (माओवादी) द्वारा गठित गाउँ जनसरकार प्रमुख थिए। रक्षा मन्त्रालयले जेठ १३ गते किरण भनिने एक व्यक्ति सुरक्षाकर्मीको कारवाहीमा मारिएको जनायो।

भरतपुर नपा-७ कृष्णपुरका कृष्ण पौडेललाई ०५९ जेठ २१ गते सुरक्षाकर्मीले मृत अवस्थामा महेन्द्र आदर्श चिकित्सालय, भरतपुरमा आफन्तहरूलाई बुझायो। माओवादी भएको आशंकामा उनी कार्यरत मध्यक्षेत्र प्रहरी तालिम केन्द्र नजिकको एक निमाविबाट शिक्षक, विद्यार्थीको सामुन्नेबाट गिरफ्तार गरी सैनिक हिरासतमा लिइएको थियो। पीडितलाई पानीमा राख्ने, करेन्ट लगाउने गर्दा मृत्यु भएको र पछि गोली हानिएको हुन सक्ने आशंका पारिवारिक सूत्रले गरे भने दुई दिनपछिको रक्षा मन्त्रालयको विज्ञप्तिमा मुठभेडमा मारिएको बताइयो। पोष्टमार्टम प्रतिवेदनमा पीडितको घुँडामुनि गोली लागेको उल्लेख छ।

चैनपुर गाविस-१ शन्तबहादुर दराईको ०५९ असार १ गते पिठुवा गाविस-६ स्थित एक होटलमा भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। चैनपुर गाविस-१ को कान्छा कामी समेत तीन जनासँगै बसेर रक्सी खाइ झगडा गर्न थालेपछि सुरक्षाकर्मी खोज्दै आएका थिए। पत्नी माया दराईको साथ गएका इन्सेक प्रतिनिधि मुकुन्दराज दाहाल र निवर्तमान गाविस अध्यक्ष शम्भु लामिछानेलाई इलाका प्रहरी कार्यालय, टाँडीका प्रहरी प्रमुखले लास नदिनु भन्ने आदेश भएको बताए।

पटिहानी गाविस-८ गंगानगरका करिब ४४ वर्षीय धनप्रसाद गुरुङ्गलाई माओवादीको आरोपमा ०५९ असोज १ गते सुरक्षाकर्मीले गीतानगर-३ चम्पानगरमा गोली हानी हत्या गरे। होटलमा चिया खाँदै गर्दा दुई जना व्यक्ति आएपछि सादा

पोशाकका सैनिक जवान रहेको शंका लागि भाग्न लाग्दा उनीहरूले समातेर गोली हान्दा निधार फुटेको थियो।

मंगलपुर गाविस-१ सुकुम्बासी टोलका शुभ परियार र देवराज गुरूङ्गलाई ०५९ कार्तिक २५ गते बिहान सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी गुञ्जनगर गाविस-३ भीमनगरमा लगी गोली हानी हत्या गरे। त्यसैगरी सोही गाविस-६ का आइतराम दराई र शिव अधिकारीलाई ०५८ कार्तिक २६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी शारदानगर गाविस-९ वीरगञ्जमा गोली हानी हत्या गरे।

माओवादीबाट

काठमाण्डौबाट वीरगञ्जतर्फ जाँदै गरेको ना. २ ख ४९५५ को बसमाथि ०५८ फागुन १० गते बिहान ४ बजे भण्डारा गाविस-२ हर्दीमा माओवादीले आगो लगाउँदा बसमा यात्रा गरिरहेका पर्सा जिल्ला वीरगञ्ज उमनपा-२ धुसकपुरकी ९ वर्षीय काजोल खातुन, विश्रामपुर-९ मुसहर्वा बाराका सेख समसोद्दिन, वीरगञ्ज उमनपा-१७ वतुअरीका इन्साफ अख्तर अन्सारी र अन्य दुई जनाको मृत्यु भयो भने वीरगञ्ज र भारतका गरी १२ जना घाइते भए। माओवादीको बन्द कार्यक्रम भएकाले उज्यालो नहुँदै वीरगञ्ज पुग्नेगरी काठमाण्डौबाट चलेको गाडी बीचमा भएका अवरोधहरूका कारण समयमा पुग्न सकेन। भण्डारामा पुग्दा ८-१० जनाको समूहले "बन्दको किन थाहा थिएन" भन्दै तुरून्त गाडी ब्याक गर्न, रोक्न र यात्रु ओराल्न आदेश दिएका थिए। कोही निद्रामा, कोही त्रासमा भएकोले ओर्लन केही समय लाग्यो। जो निदाएका थिए, ओर्लन भ्याएनन् र मृत्यु भयो। यस घटनाको वास्तविकता छानबिन गरी इन्सेकले फागुन २१ गते पत्रकार सम्मेलन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो।

काठमाण्डौबाट निजगढतर्फ जान लागेको मिनी ट्रकमा चढेर बैरेनीबाट भरतपुरतिर आउँदै गरेका टेकबहादुर सुनार ०५८ फागुन २६ गते दिउँसो माओवादीले थापेको विद्युतीय धरापमा परी घटनास्थलमा घाइते भएकोमा काठमाण्डौमा उपचार गर्दागर्दै मृत्यु भयो। सोही घटनामा परी गगन कँडेल, दिलबहादुर घर्ती मगर, महेन्द्र पुरी र नुर्जबहादुर तिमिल्सिना गरी ५ सैनिक तथा अर्जुन तिमिल्सिना, किरण तिमिल्सिना र रामशरण पुरी तीन जना गैरसैनिक गरी ८ जना घाइते भए।

स्वैरहनी गाविस-६ स्थित इलाका प्रहरी कार्यालयका हवल्दार ऋषिराम धिताललाई ०५९ वैशाख ४ गते नेकपा (माओवादी) का कार्यकर्ताहरूले पुरानो पर्सामा गोली हानी हत्या गरे।

जगतपुर गाविस-१ धौलाघारीका वेदानन्द गिरीलाई ०५९ जेठ ८ गते बेलुका परिवारका सदस्यहरूसँगै खाना खाइरहेको अवस्थामा माओवादीले घर नजिकै धारामा बोलाई गोली हानी हत्या गरे। पीडितलाई एक जना महिलाले गोली प्रहार गर्दा गम्भीर घाइते भएकोमा उपचारार्थ अस्पताल लैजाँदै

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२		२	२	७	८	१	२	११	१६	२७	१	३	३१
घाइते					७	१६			१६	१	१			१
बम विस्फोटन					५			५	५					
गिरफ्तारी/यातना										१०२	१६१	१९	२	१८२
बेपत्ता										३	२	१	१	४
कुटपिट	१		१	१	३	३			३	२	२			२
धम्की	२	४		४	७	६	१		७	१	१			१
भेला/संगठित हुने अधिकार										१	८			८
जातीय विभेद	१	१		१										
भूमिहिन/सुकुम्बासी										२			१७१	१७१
महिला अधिकार	४		४	४										
बालअधिकार	७		८	८										
अमानवीय व्यवहार	१	१		१										
अपहरण	१	१		१										
जम्मा	१९	७	१५	२२	२९	३३	२	७	४२	१२८	२०२	२१	१७७	४००

गर्दा बाटोमा मृत्यु भयो। पीडित नेकांका क्षेत्र नं ४ का सभापति थिए।

सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-१ घर भई इलाका प्रहरी कार्यालय गीतानगरमा कार्यरत हवल्दार धनराज गिरीलाई ०५९ जेठ २२ गते माओवादीहरूले कार्यालय भन्दा केही पर खगेरी नहरको नयाँ निर्माणाधीन पुलको डिलमा गोली हानी हत्या गरे।

भरतपुर नपास्थित भवानीवक्स गणका सादा पोशाकमा ड्युटीमा रहेका अमलदार फगेन्द्र लिम्बुलाई ०५९ भदौ २२ गते दिउँसो ४ बजे माओवादीले रत्ननगर नपा सौराहा चोकको महेन्द्र राजमार्ग उत्तर तर्फ उभिरहेको अवस्थामा दुई राउण्ड गोली प्रहार गरी हत्या गरे। यस सम्बन्धमा छानबिनमा लिइएका ४ जनालाई १०-११ दिनपछि र अन्यलाई २-३ दिनपछि रिहा गरियो।

जेल र बन्दीहरू

भरतपुर जेलको बन्दी क्षमता ७५ जनाको भए पनि दोब्बर बन्दीहरू रहनुपर्ने अवस्था छ। १ सय ६३ जनासम्मको संख्यामा बन्दीहरू बस्नुपर्ने बाध्यताले विशेष गरी गर्मीको याममा उनीहरूले मानसिक यातना भोग्नु परिरहेको छ।

यस जेलमा यस वर्षको अन्त्यसम्ममा १ सय ३५ जना छन्। कैद नतोकिएका २७ र कैद तोकिएका १ सय ८ जना बन्दी छन्। माओवादीको आरोपमा हाल जेलमा रहेका ३२ जनामध्ये ८ जना महिला छन्।

माओवादीको अभियोगमा जिल्ला कारागारमा रहेका व्यक्तिहरूमा अमलेख गाविस-३ सिन्धुलीका खड्गबहादुर देवकोटा, गोरखा हर्मी-६ का हरेन्द्र मरहठ्ठा, पिपले गाविस-४ उपेन्द्र भनिने मानबहादुर तामाङ, गीतानगर गाविस-२ की कल्पना अधिकारी, दारेचोक गाविस-१ का प्रताप गुरूङ, शारदानगर गाविस-९ की वर्षा गजमेर, चण्डिभञ्ज्याङ गाविस-७ का शिवकुमार गुरूङ, भरतपुर नपा-११ का पोषराज पौडेल र राजु वि.क., झापा-१० का बाबुराम राजभण्डारी, देवघाट गाविस-५ तनहुँका भीमप्रसाद सापकोटा, बैरेनी-१ धादिङका कृष्णबहादुर आले, गुञ्जनगर-२ की अम्बिका मुडभरी, गुञ्जनगर-४ का दिल्लीप्रसाद दुवाडी, झापा-१३ का ओमबहादुर पौडेल, मकवानपुर घर भई पिपले-७ बस्ने इन्द्रबहादुर लामा तामाङ, भरतपुर नपा-४ का सुधीर सापकोटा, फुलबारी-१ की शारदा श्रेष्ठ, कट्टी गाविस-७ दैलेखका रामबहादुर खड्का, सिन्धुपाल्चोक ठूलोपाखर-४ का सन्जय भनिने टेकबहादुर श्रेष्ठ, भरतपुर नपा-७ की विविका भनिने शारदा पौडेल, भण्डारा-२ का उज्ज्वल चौधरी, भरतपुर नपा-१० का विष्णुहरि अधिकारी, चैनपुर-२ का एकराज डल्लाकोटी, कमरोज-६ का विष्णुप्रसाद चौलागाई, मंगलपुर-२ का गणेशप्रसाद श्रेष्ठ, भरतपुर नपा-२ का लावण्यराज पन्त, शुक्रनगर-७ का भीमबहादुर थापा मगर र झापा-७ का धर्मराज आचार्य छन्।

पत्रकारहरुको लालटिन जुलुस

बेपता /अपहरण

राज्यबाट

मंगलपुर गाविस-५ का राजन न्यौपानेलाई ०५८ फागुन ५ गते राति सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। सुरक्षाकर्मीले स्थानीय पुडासैनी थरका एकजना व्यक्तिलाई खोज्दै गएको र उसको घर देखाइदिन अनुरोध गरेपछि पीडित सुरक्षाकर्मीसँगै गएका थिए। पीडितलाई कुटपिट गर्दै सेतो प्लेट भएको गाडीमा राखेर लगिएको प्रत्यक्षदर्शीले बताए।

भरतपुर नपा-२ क्षेत्रपुर डेरा गरी बस्ने एभरेष्ट फिड लकुमा पाले पदमा कार्यरत भोजराज गिरीलाई ०५८ चैत १६ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी लगेकोमा हालसम्म बेपत्ता छन्।

बछयौली गाविस-३ मालपुरकी जुनु अधिकारी र अर्को एक जना नाम थाहा नभएकी महिलालाई ०५९ जेठ ८ गते कोराक-लोथरको सिमाना दिहीटारनेरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूको अवस्था अज्ञात छ।

धम्की /ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पत्रकार महासंघका राष्ट्रिय पार्षद राजाराम रेग्मीलाई ०५९ भदौ १२ गते सुरक्षाकर्मीको एक समूहले बछ्यौली गाविस-४ को मैनाहाको राप्रावि निर खानतलासी गर्ने बहानामा कञ्चटमा पेस्तोल देखाई आतंकित पारे।

भरतपुर नपा-१२ का वासु पौडेललाई ०५९ मंसिर १८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सैनिक हिरासतमा राखी कुटपिट गरे। नेकपा (एमाले) का वडा उपसचिव र निवर्तमान वडा सदस्य समेत भएका पीडितलाई माओवादीको आशंकामा अनुसन्धानका लागि गिरफ्तार गरिएको थियो। हिरासतमा कुट्दै गर्दा आफू एमालेको कार्यकर्ता भएको र प्रमुख व्यक्तिसँग भेट गराई दिनुसुभन्दा पनि कुटपिट गरेर टाउको फुटाइदिएको कारण ६/७ वटा टाँका लगाउनु परेको कपडा पुरै रक्तास्य भएको

पीडितले बताए। पछि सेनाको मुख्य व्यक्तिले सूचना गलत भएकोले तपाईलाई गिरफ्तार गरिएको र कुटपिट भयो, यसमा क्षमा दिनु होला भनी आफूसँग भनेको कुरा पीडितले बताए।

माओवादीबाट

पिपले गाविस-४ दुवीचौरका भक्तबहादुर गुरूङ्गलाई ०५८ चैत ३१ गते माओवादीले दुईवटै हात भाँचेर कुटपिट गर्दै गम्भीर घाइते बनाए। पीडित छिमेकीको घरबाट घर फर्कंदै गर्दा माओवादीहरूसँग बेलुका ८ बजेतिर जम्काभेट भएको थियो।

कविलास गाविस-१ भतेरीका सुकबहादुर गुरूङ्गलाई ०५९ वैशाख ३ गते माओवादीले भतेरी पेट्रोल पम्पमा बसिरहेको अवस्थामा समातेर लडाई चार हातखुट्टामा खुकुरीले छ्याक-छ्याक काटेर अङ्गभङ्ग बनाए। पीडितको काठमाण्डौमा उपचार गरियो।

कठार गाविस-१ का यमध्वज थापालाई ०५९ भदौ २४ गते माओवादीले घर बाहिर बोलाई परिवारकै अगाडि खुकुरी र बन्चरो प्रहार गरी तिघ्रा र घुँडामा गम्भीर चोट पुऱ्याएकोले काठमाण्डौमा उपचार गरियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

पत्रकारहरूमाथि गरिएको दूर्व्यवहारको विरोध गर्दै स्वतन्त्रतापूर्वक लेख्ने वातावरण बनाउन नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको आह्वानमा चितवन जिल्ला समितिको आयोजनामा भएको लालटिन जुलुसमा सहभागी भएका चितवन शाखा पत्रकार महासंघका सभापति विष्णु छिमेकी, मानवअधिकार वर्ष पुस्तकका जिल्ला प्रतिनिधि मुकुन्दराज दाहाल तथा पत्रकारहरू मोहन पोखरेल, कृष्ण भण्डारी, नारायणी ढुंगाना, बाबुराम घिमिरे, रामबाबु सुवेदी, अर्जुन शर्मा, वीरेन्द्रमणि पौडेल, लिलानिधि धौराली, गोपाल परियार, सूर्यप्रकाश कँडेल, एकल सिल्वाल, नारायणप्रसाद सापकोटा, कृष्णप्रसाद पौडेल, प्रेमनारायण न्यौपाने, विनोद सापकोटा, शिवजी गायक र छविलाल आचार्यसमेत २२ जनालाई ०५९ साउन २४ गते प्रहरीले गिरफ्तार गरे। पत्रकार महासंघको कार्यालयबाट लालटिन बालेर जुलुस निस्केको २ सय मिटर जति पर शहीदचोक पुग्दै गर्दा हस्तक्षेप गरी ब्यानर, लालटिन सहित पत्रकारहरूलाई वडा प्रहरी कार्यालमा सवा एक घण्टा राखेर रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ५ सय ४९ वटा मुद्दा दर्ता भएकोमा २ सय ६३ फर्स्यौट भए। साधारण देवानी २ सय १७, सरकारवादी देवानी ४, साधारण फौज्दारी १ सय ४५, सरकारवादी फौज्दारीमा १ सय २३, संक्षिप्त फौज्दारीमा २६ र विशेष अदालत फौज्दारीमा ३४ मुद्दा दर्ता भएकोमा क्रमशः १ सय ६५, ४, १९, ६५, ३८ र ६ वटा मुद्दा फर्स्यौट भए।

यस अदालतमा दुई वष नाघेका ६ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। जसमा अंश १, जालसाँजी ४ र किर्ते १ रहेका छन्। यस वर्षदेखि मिलापत्रलाई विशेष ध्यान दिइएको छ। दुईजना न्यायाधीशको व्यवस्था गरेको भए पनि एक जना न्यायाधीश बिरामी हुनु भएका कारण ६-७ महिनादेखि एउटा मात्र बेन्च चालु छ। संकटकाल लागेपछि मुद्दाहरू कम आउने गरेका कारण चाप घटिरहेकोले एक जनाले मात्र पनि कार्य सम्पादन गर्न सम्भव नै रहेको श्रेस्तेदारले बताए।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा २ सय ९५ मुद्दा दर्ता भए। १ सय १५ फर्स्यौट भए पनि १ सय ८० विचाराधीन रहेको जिल्ला प्रहरी कार्यालयले जनायो। कार्यालयमा दर्ता भएका कर्तव्यज्यान १७, ज्यानमार्ने उद्योग ३, जीउमास्ने बेच्ने १, जबरजस्ती करणी ९, डाका २, ठगी ३, आगलागी ७, गर्भपतन १, नागरिक १, हातहतियार खरखजना १, किर्ते २, कालो बजार २, चोरी २, लागु औषध ५, बहुविवाह २, केही सार्वजनिक अपराध २५, सवारी ज्यान ६६, वीष सेवन गरी आत्महत्या ३०, भवितव्य ज्यान ३५, फुटर ज्यान २७ र सवारी गोवध १ छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

गीतानगर गाविस-६ का रविलाल न्यौपाने, जुटपानी गाविस-१ का वेदप्रसाद भेटवाल, रत्ननगर नपा-१२ का नरहरि पुरी, जुटपानी गाविस-२ लालचोकका कृष्णप्रसाद ढकाल, मदन सुनार, कृष्ण सुनार र पटिहानी गाविस-८ जंगानगर घर भई भरतपुर नपा-६ मित्रचोकमा डेरा गरी बस्ने नारायणी टुडे मासिकका निर्मला घिमिरेलाई माओवादीको आशंकामा ०५८ माघ १७ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी हिरासतमा निर्मलालाई संयुक्त जनमोर्चाको जिम्मेवारीमा माघ १९ गते रिहा गरियो भने कृष्णप्रसाद, मदन, कृष्ण, वेदप्रसादलाई माघ २४ गते तारेखमा रिहा गरियो। नरहरिलाई ४ दिनपछि तारेखमा रिहा गरियो। रविलाललाई माघ २७ गते हिरासतबाट रिहा गरियो।

भरतपुर नपा-११ बसेनीका पोषराज पौडेल, उनकी छोरी शोभा पौडेल, सोही ठाउँका विष्णुमाया काफ्ले, सरला शर्मा र शारदानगरकी वर्षा विकलाई ०५८ माघ २० गते सुरक्षाकर्मीले पोषराजको घरबाट दिउँसो गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरूमध्ये पोषराज र वर्षालाई फागुन १३ गते नजरबन्दमा पठाइयो भने बाँकीलाई तारेखमा रिहा गरियो। पोषराज चुरे सन्देश साप्ताहिकको उपसम्पादक हुन्।

खैरहनी गाविस-६ पुरानो पर्साका सानु केसी र सोही गाविस-२ सिमल्टाँडीका बलराम अर्याललाई ०५८ माघ १९ गते

स्थानीय सुरक्षा निकायमा सम्पर्क गर्न जाँदा गिरफ्तार गरियो। सानु ईलाका प्रहरी कार्यालय खैरहनीमा बोलावट भएको जानकारीमा त्यहाँ गएका थिए भने बलराम जिल्ला प्रशासन कार्यालयमा तारेख लिन गएका थिए। सानुलाई फागुन १२ गते तारेखमा रिहा गरियो भने बलरामलाई माघ २४ गतेदेखि नजरबन्दमा राखियो।

खैरहनी गाविस-६ पमाका गोपाल परियार र भीमबहादुर माझी तथा कुमरोज गाविस-१ हर्नरीका कृष्णप्रसाद पौडेललाई माओवादीको आशंकामा ०५८ माघ २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। कृष्णप्रसाद माघ ५ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरी तारेखमा दिन जिल्ला प्रशसनमा तारेख लिएर घरमा आइपुगेका थिए। कृष्णप्रसादलाई माघ २५ गते रिहा गरियो भने गोपाल र भीमबहादुरलाई ५ दिन इलाका प्रहरी कार्यालय, खैरहनी र २५ दिन जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी फागुन २२ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरी तारेखमा रिहा गरियो।

कविलास गाविस-१ जुगेडी डालेटारका बुद्धिबहादुर वि.क.लाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ फागुन २८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखे। हिरासतमा कुटपिट गरी यातना समेत दिएको पीडितले बताए। पीडितलाई चैत ४ गते रिहा गरियो।

भरतपुर नपा-११ बसेनीका नोयानाथ भट्टराईलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ फागुन १७ गते सुरक्षाकर्मीले सप्तगण्डकी क्याम्पसबाट गिरफ्तार गरे। पीडितलाई १७ दिन जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी दिनमा दुई पटक १० र ४ बजेको तारेखमा चैत ४ गते रिहा गरियो।

कुमरोज गाविस-६ का भूपू सैनिक योगनिधि धमलालाई ०५८ चैत २ गते सुरक्षाकर्मीले नारायणगढबाट गिरफ्तार गरी झण्डै एक महिना जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी सैनिक क्याम्प बेंनी पठाइएकोमा झण्डै तीन महिना पछि रिहा गरियो। पीडितलाइ स्थानीय राजु सडौलालाई माओवादीहरूले अंगभंग हुने गरी कुटपिट गरेको विषयमा अनुसन्धान गर्नको लागि गिरफ्तार गरिएको र व्यक्तिगत रीसइवीका आरोप लगाएको भन्ने बुझिएकोले रिहा गरियो।

दारेचोक गाविस-२ का प्रताप गुरुङलाई ०५८ चैत ५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेंनी ब्यारेकमा लगे। स्थानीय दारेचोकडाँडा निमाविका शिक्षक समेत रहेका पीडित माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख भनी प्रचार गरिएको समेत सुरक्षाकर्मीले बताए।

भरतपुर नपा-७ कृष्णपुरकी देविका पौडेल सहित दुई जनालाई ०५८ चैत १५ गते कविलास १ जुगेडी स्थित एक घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई अनुसन्धानको लागि एक महिना जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी रिहा गरियो। सुरक्षा निकायले पीडितलाई केही समय अघि आँपपानी सभामा माओवादीद्वारा घोषित जिल्ला जनसरकार प्रमुखको पत्नी भएको बताएको छ।

आदर्श समाज दैनिकका सहायक सम्पादक चिन्तामणि पौडेललाई माओवादीको आशंकामा ०५८ चैत २९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई अनुसन्धानको लागि २८ दिन सैनिक हिरासतमा राखी वैशाख २४ गते तारेखमा रिहा गरियो।

भरतपुर नपा-३ का रामहरि श्रेष्ठलाई ०५९ वैशाख ५ गते सुरक्षाकर्मीले माओवादीको खुला सभामा सहभागी भएकोबारे बुझ्न गिरफ्तार गरे। पीडित संयुक्त जनमोर्चा नेपालको बुद्धिजीवी संगठनका जिल्ला उपाध्यक्ष एवं नेपाल पत्रकार महासंघका जिल्ला शाखा सदस्य हुन्। पीडितलाई अनुसन्धानपछि वैशाख ८ गते संयुक्त जनमोर्चा नेपालका नेता दिवाकर भुसालको जिम्मामा तारेखमा रिहा गरियो।

चैनपुर गाविस-२ की सावित्री आचार्य र रत्ननगर नपा-११ की शोभा कट्टेललाई ०५९ वैशाख २३ गते गीतानगरको पकाजौडी बजारनेर ब्रम्हपुरीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। अनेमसंघ (क्रान्तिकारी) का जिल्ला तहका कार्यकर्ता भएका र केही समय अघिदेखि सुरक्षाकर्मीले पिछा गरेको, साइकलमा रहेका उनीहरूलाई साइकलबाटै ओभरटेक गरी दुवै पक्षले एक अर्कालाई हतियार खोसाखोस गर्दा मकैबारीमा मारिएको समेत देखिएको प्रत्यक्षदर्शीहरू बताउँछन्। दुवैलाई समातेर स्थानीय एक घरमा राखी थप सुरक्षाकर्मी मगाएर सैनिक हिरासत कसरामा राखिएको बताउँछन्। सुरक्षाकर्मीले उनीहरू सकुशल रहेको बताएको छ।

फुलबारी गाविस-८ गोपालगञ्जका शारदा श्रेष्ठ र केराक गाविस-१ का जीतबहादुर थिङलाई ०५९ साउन ९ गते दिउँसो १ बजे सुरक्षाकर्मीले भरतपुर नपा-७ यज्ञपुरीस्थित सडकबाट गिरफ्तार गरे। अनेमसंघ (क्रान्तिकारी) को जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य समेत रहेकी शारदालाई साउन २६ देखि जिल्ला कारागार भरतपुरमा नजरबन्दमा राखिएको छ।

कुमारी गाविस-२ की अम्बिका सिलवाललाई ०५८ पुस २६ गते, वीरेन्द्रनगर गाविस-४ का वीरबहादुर तामाङलाई ०५८ माघ ४ गते, भरतपुर नपा-१ का टंकप्रसाद न्यौपाने, ठाकुरप्रसाद न्यौपाने, सरस्वती न्यौपाने, गीता अधिकारी, हिराबहादुर कुँवर र समिता घले, सोही नपा-११ का युवराज पौडेललाई ०५८ माघ ८ गते, पार्वतीपुर गाविस-२ का भीमबहादुर श्रेष्ठ, ओमबहादुर पौडेल, टेकबहादुर श्रेष्ठ र दिनेश कुमार श्रेष्ठलाई ०५८ माघ ? गते, भरतपुर नपा-११ की शुभद्रा श्रेष्ठलाई ०५८ माघ ९ गते, सोही नपा-९ का नारायण राणालाई ०५८ माघ १७ गते, सोही नपा-१० का टिकाराम शर्मा, सोही नपा-९ का तेजेन्द्र पौडेललाई ०५८ माघ १८ गते, सोही नपा-६ का रामहरि पौडेल, भीमराज के. सी., ठाकुर कँडेल, शारदानगर गाविस-९ का अमृत सुनार, रत्नबहादुर सुनार, सागर सुनुवार,

पिठुवा गाविस-८ का विरोध अधिकारीलाई ०५८ माघ १९ गते, शारदानगर गाविस-८ का हस्तबहादुर पाख्रिन र समन पाख्रिनलाई ०५८ माघ २८ गते, भरतपुर नपा-३ का नन्दलाल वि.क. र टंक वि. क., शारदानगर गाविस-२ की लक्ष्मी खनाललाई ०५८ फागुन १५ गते, भरतपुर नपा-१४ का सरस्वती प्याकुरेल, रामभक्त प्याकुरेल, सुनिता प्याकुरेल र उर्मिला अधिकारीलाई ०५८ फागुन १६ गते, जुटपानी गाविस-१ का किशोर तिमिल्सिनालाई ०५८ माघ १७ गते, पिठुवा गाविस-५ का आइतराम परियार, श्याम श्रेष्ठलाई ०५८ माघ १८ गते, गुञ्जनगर गाविस-५ का कालिका सुवेदीलाई ०५८ माघ २० गते, शारदानगर गाविसका हस्तबहादुर तामाङ, सुमन तामाङ, भक्तबहादुर तामाङ, सन्सारी तामाङ, मिनु तामाङलाई ०५८ माघ २१ गते, कुमरोज गाविस-३ का लिलानाथ ढुंगाना, पार्वतीपुर गाविस-५ का शर्मेकुमार श्रेष्ठ, कुमार लामा, सोही गाविस-४ का मित्रलाल अधिकारीलाई ०५८ माघ २३ गते, वीरेन्द्रनगर नपा-३ का होमबहादुर पुनलाई ०५८ फागुन १० गते, भण्डारा गाविस-१ का घनश्याम बर्तौला र रामशरण बर्तौलालाई ०५८ फागुन १९ गते, भरतपुर नपा-१० का तुलसी खतिवडा, सोही नपा-११ का रामप्रसाद खड्का, पटिहानी गाविस-१ का दामोदर पौडेललाई ०५८ फागुन २४ गते, कविलास गाविस-५ का सोमबहादुर गुरूङ्ग, ध्रुवबहादुर गुरूङ्ग, कालु गुरूङ्ग, रामबहादुर खड्का, कृष्णबहादुर थापामगर, ओमबहादुर गुरूङ्ग, गणेशबहादुर गुरूङ्गलाई ०५८ फागुन २७ गते, भरतपुर नपा-११ का टेकबहादुर थापालाई ०५८ फागुन २७ गते, भरतपुर नपा-१० का प्रकाश रेग्मी, फुलबारी गाविसका लावण्य शर्मालाई ०५८ चैत ४ गते, शक्तिखोर गाविस-४ का टेष्टबहादुर गुरूङ्ग, भरतपुर नपा-१० का जीवन क्षेत्री, केशव क्षेत्रीलाई ०५८ चैत ७ गते, सोही नपा-१३ का विष्णु दुवाडी, दारेचोक गाविस-४ का नारायण पौडेललाई ०५८ चैत ८ गते, कविलास गाविसका अर्जुनबहादुर प्रजा, भीमबहादुर प्रजालाई ०५८ चैत १४ गते, भरतपुर नपा-१२ का रामचन्द्र अधिकारीलाई ०५८ चैत १८ गते, सोही नपा-३ का खेम भण्डारीलाई ०५९ वैशाख १९ गते, सोही नपा-८ का बालकृष्ण कँडेल, कृष्ण कँडेल, अमिता बास्तोलालाई ०५८ चैत २१ गते, भरतपुर नपा-१० का प्रमिला श्रेष्ठ, वीरेन्द्र श्रेष्ठ, उषा श्रेष्ठ र ऋषिराम भण्डारीलाई ०५८ चैत २५ गते सुरकक्षाकर्मीले गिरफ्तार गरे।

माओवादीद्वारा कागजपत्र जलाइएको पिप्ले गाविस भवन

यसैगरी कविलास गाविस-८ का क्षेत्रबहादुर गुरूङ्गलाई ०५८ चैत २७ गते, जगतपुर गाविस-९ का गोरे तामाङलाई ०५८ चैत ३० गते, भरतपुर नपा-११ का बासु चापागाई, कृष्ण चापागाईलाई ०५८ चैत ३१ गते, बछ्यौली गाविस-६ का परशुराम सापकोटा, भूमिराज सापकोटा, खेमराज चौधरीलाई ०५९ वैशाख ३ गते, मंगलपुर गाविस-८ का माधव पराजुलीलाई ०५९ वैशाख ५ गते, अयोध्यापुरी गाविस-३ का २६ वर्षीय सन्देश पौडेललाई ०५९ वैशाख ६ गते, गीतानगर गाविस-४ का बलराम सुवेदीलाई ०५९ वैशाख ८ गते, भरतपुर नपा-१० का ऋषिराम भण्डारीलाई ०५९ वैशाख २५ गते, भरतपुर नपा-११ का राजन श्रेष्ठ, रूद्र श्रेष्ठ, कान्छी गुरूङ्ग, कृष्ण अधिकारी, शालिकराम अर्याललाई ०५९ वैशाख २७ गते, कुमरोज गाविस-६ का शिव लटौला, रामबहादुर पाण्डे, सोही गाविस-९ का रामबहादुर खत्री, कठजोर गाविस-५ का महेन्द्र सिल्वाललाई ०५९ वैशाख २९ गते, अयोध्यापुरी गाविस-२ का भीमबहादुर मगरलाई ०५९ वैशाख ३० गते, भरतपुर नपा-७ का विश्व ओझालाई ०५९ वैशाख ३१ गते, भरतपुर नपा-११ का बुद्धिमान वि.क., बुद्धिबहादुर वि. क., वीरबहादुर वि. क. लाई ०५९ जेठ १ गते, भरतपुर नपा-११ का शालिकराम सापकोटालाई ०५९ जेठ ५ गते, सोही नपा-१२ का अशोक देवकोटा र सन्तोष देवकोटालाई ०५९ जेठ १० गते, सोही नपा-३ का जनार्दन चौधरी, प्रेम महतोलाई ०५९ जेठ ३१ गते, परिहानी गाविस-६ का भवनाथ अधिकारीलाई ०५९ भदौ ३ गते, अखिल नेपाल युवा लिगका जिल्ला अध्यक्ष सुमन बराल, केन्द्रीय सदस्य क्षितिज लामिछाने, जिल्ला अध्यक्ष यज्ञ ढकाल, सचिव सुवा तिवारी र सचिवालय सदस्य पदमप्रसाद अर्याललाई ०५९ भदौ २४ गते, खैरहनी गाविस-४ का रामकुमार श्रेष्ठलाई ०५९ भदौ १० गते, भरतपुर नपा-१२ का वासु पौडेललाई ०५९ मसिर १८ गते सुरक्षाकर्मीले विभिन्न आरोपमा गिरफ्तार गरी रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

भरतपुर नपा-१० स्थित वीरेन्द्र बहुमुखी क्याम्पसको बाह्र विघा, घरेलु तथा साना उद्योगको कार्यालय र कोष तथा लेखा नियन्त्रणकको कार्यालयको जग्गामा बसोबास गर्दै आएका १ सय ७० घर परिवारलाई ०५८ माघ २४ गते

सम्बन्धित कार्यालयहरूको पहलमा र स्थानीय सुरक्षा निकायको सहयोगमा डोजर लगाएर घर टहरा भत्काई उक्त स्थानबाट हटाइयो। माघ १४ गते स्थानीय प्रशासनले एक सूचना जारी गरी दश दिनभित्र उक्त स्थान खाली गर्नुपर्ने आदेश जारी गरे पनि उनीहरू नउठेकोले जबर्जस्ती गर्नु पर्‍यो कुरा सीडीओ दुर्गाप्रसाद भण्डारीले बताउनु भयो।

बालअधिकार

पटिहानी गाविस-२ का ७ र ८ वर्षीय दुई बालिकालाई ०५८ चैत १५ गते सोही ठाउँका ३४ वर्षीय मेघनाथ न्यौपानेले बलात्कार गर्ने प्रयास गरे। फागु पूर्णिमाको दिन रङ्ग किनिदिन्छु भनी घरमा नै बोलाई बलात्कार गर्ने प्रयास गरेको थाहा पाई गाउँलेहरूले भोलिपल्ट नै पीडकलाई प्रहरीमा बुझाए। १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी र २० गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो।

शिवनगर गाविस-३ की ६ वर्षीय एक बालिकालाई ०५९ असोज २३ गते सोही ठाउँका रामचन्द्र वि. क. ले बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

यस बाहेक मंगलपुर गाविस, कल्याणपुर गाविस र जुटपानी गाविसमा ६ वर्ष देखि १० वर्षसम्मका बालिकाहरूलाई बलात्कार गर्ने र बलात्कारको प्रयास गरेका घटनाहरू सार्वजनिक भए। यसमध्ये एक बालिकालाई आफ्नै बाबुले बलात्कार गरेको घटना पनि भयो।

जातीय विभेद

जुटपानी गाविस-८ की लीला विश्वकर्मालाई इनारमा पानी भर्न गएको आरोपमा ०५९ असार ९ गते स्थानीय अमृता गुरूङ्गले कुटपिट र गाली बेइज्जती गरिन्। उक्त कार्यको विरोधमा लिलाकी पति एवं मुक्ति समाज चितवनका सचिव सहदेव विश्वकर्माले छलफल गर्न खोज्दा पीडकका पति जोन गुरूङ्गले गाली गलौज गर्दै धम्की दिएका थिए। असार १० गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएको सम्बन्धमा दुवै पक्षलाई झिकाई प्रहरी प्रतिनिधिको रोहवरमा मुक्ति समाजको पहलमा पीडितसमक्ष गुरूङ्गले क्षमायाचना गर्ने र घटनास्थलमै सार्वजनिक समारोह आयोजना गरी क्षमा मागे।

पिठुवा गाविस-२ का अमृत सुर्खेनी (सार्की) लाई सार्वजनिक इनारमा पानी भर्न लाग्दा ०५९ साउन १९ गते सोही स्थानका कृष्ण अधिकारीले पानी भर्न नदिई गाग्री समेत कुच्याएर अपमान गरे। सोको विरूद्धमा पीडित पक्षले गाविसमा ०५९ साउन २० गते दिएको उजुरीका आधारमा नेकपा (एमाले) गाउँ कमिटी सचिव, नेपाल उत्पीडित जातीय मुक्ति समाज चितवनका सदस्य नगेन्द्र उप्रेतीको पहल र गाविस अध्यक्ष चन्द्रकान्त न्यौपानेको मध्यस्थतामा पीडितसमक्ष पीडकले माफी माग्ने र नयाँ गाग्री किनिदिने निर्णय भयो।

विविध

संरचना क्षति

यस वर्ष माओवादीले ३० वटा गाविस कार्यालय, नगरपालिकाहरूका ६ वटा वडा कार्यालय र दूरसञ्चारको एक्सचेन्ज र मार्टस लाइन, विद्युत प्राधिकरणको ३ वटा कार्यालयमा क्षति पुऱ्याए।

चैनपुर गाविस-४ उनाटोल स्थित होलिल्याण्ड इंलिस बोर्डिङ्ग स्कूलमा ०५९ वैशाख २९ गते दिउँसो माओवादीले कम्पाउण्डभित्र प्रवेश गरी दुई वटा भ्यान आगो लगाई ध्वस्त पारे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघ, चितवन शाखाको आयोजनामा भएको लालटिन जुलुसमाथि ०५९ साउन २४ गते नारायणगढमा भएको प्रहरी हस्तक्षेपको विरोध गर्दै नेपाल पत्रकार महासंघका अध्यक्ष विष्णु छिमेकी र इन्सेक जिल्ला प्रतिनिधि मुकुन्दराज दाहालले छुट्टाछुट्टै वक्तव्य जारी गरी घोर भर्त्सना गरे।

देशमा भइरहेको हत्या हिंसाको विरोधमा वैशाख ८ गते नारायणगढमा सर्वपक्षीय शान्ति ऱ्यालीको आयोजना गरियो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष ८३ जनाले आत्महत्या गरे। त्यसमध्ये ४३ महिला थिए। दुर्घटनामा १ सय ९० को मृत्यु भयो भने ४ सय ३२ जना घाइते भए।

२.११ मकवानपुर

जनसंख्या	: ३९२६०४
साक्षरता प्रतिशत	: ६३.४
महिला साक्षरता प्रतिशत	: ५३.७
क्षेत्रफल (वर्ग कि. मि.)	: २४२६
गाविस / नपा संख्या	: ४३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३४१
क्याम्पस / उच्च मा.वि.	: ४/७
अस्पताल / स्वास्थ्य चौकी	: १/४२
टेलिफोन लाइन	: ४०००
मोटर सडक (कि. मि.)	: ३५०
प्रहरी कार्यालय संख्या	:
हुलाक संख्या	: ४४
मानव विकास सूचकांक	: ०.३०९
प्रति एक डाक्टर जनसंख्या	: ३५६९१
प्रति परिवार सरदर संख्या	: ५.५२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

छतिवन गाविसका २२ वर्षीय होमजंग थापा, शिखरपुर गाविसकी २५ वर्षीय विना लामा र बारा जिल्लाकी २१ वर्षीय विनीता लामालाई माओवादीको आरोपमा ०५९ असोज १० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू छतिवन गाविस-६ को एक घरमा आश्रय लिइरहेको अवस्थामा सुरक्षाकर्मीले फेला पारेर गोली हानेका थिए।

दामन गाविस-८ फाखेलका २३ वर्षीय काइला थिङलाई माओवादीको आशंकामा ०५९ कार्तिक १५ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित गाउँमा घ्याओ खाएर हिंड्दै घरतर्फ आइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानेका थिए।

चुरियामाई गाविस-९ का २३ वर्षीय राजकुमार ढकाललाई माओवादीको आशंकामा ०५९ कार्तिक १६ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित सुरक्षाकर्मीले घर घेरा हाली खोजतलास गर्न लागेको अवस्थामा भाग्न लागेकाले गोली हानेको सुरक्षा निकायले जनायो। उक्त घटनामा सोही ठाउँका २६ वर्षीय शुकबहादुर घलान पनि गोली लागेर घाइते भएं।

हेटौंडा नपा-२ स्थित जंगलमा ०५९ मंसिर २३ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा हानेको गोली लागी एक अज्ञात व्यक्तिको मृत्यु भयो।

माओवादीद्वारा हत्या गरिएका प्रहरी हवल्दार धनबहादुर सुनुवार

माओवादीबाट

हटिया गाविस-३ का ३५ वर्षीय गणेशबहादुर भुजेललाई प्रहरीसमक्ष आत्मसमर्पण गरेको आरोपमा ०५९ जेठ १८ गते बिहान माओवादीले गोली हानी हत्या गरे।

बसामाडी गाविस-१ नेवारपानी चौकीमा असई ३४ वर्षीय महेन्द्र रानालाई ०५९ जेठ २९ गते माओवादीले टाउकोमा काठको गजबारले हिकाई हत्या गरे।

हेटौंडा नपा-१० महेन्द्रचोक स्थित ट्राफिक कार्यालयका प्रहरी हवल्दार ३० वर्षीय धनबहादुर सुनुवारको ०५९ असार ५ गते माओवादीले कार्यालयमा प्रहार गरेको पेट्रोल बमबाट जलेर मृत्यु भयो।

मनहरी गाविस-७ का २५ वर्षीय रामेश श्रेष्ठलाई ०५९ असार २२ गते बेलुका उनकै घरमा माओवादीले गोली हानी हत्या गरे।

हटिया गाविसको भोर्लेनीमा ०५९ भदौ २७ गते माओवादीले थापेको धरापमा परी तीन जना प्रहरी र सात जना सैनिक गरी १० जनाको मृत्यु भयो। धरापमा परी मर्ने प्रहरी जवानहरूमा लक्ष्मी साह, देवबहादुर गुरूङ र लोकबहादुर गुरूङ छन्। सैनिक तर्फका मृतकहरूको नाम सार्वजनिक भएन।

छतिवन गावस-६ का हलकारा ४२ वर्षीय चन्द्रबहादुर कार्कीलाई सुराकीको आरोपमा ०५९ कार्तिक २४ गते माओवादीले गर्धनमा खुकुरी प्रहार गरी हत्या गरे। पीडितलाई कार्तिक २३ गते बेलुका माओवादीले घरबाट नै अपहरण गरी लगेका थिए।

आमभञ्ज्याङ गाविस-३ का ४२ वर्षीय नेत्रबहादुर तिमल्सिनालाई ०५९ कार्तिक २८ गते बिहान माओवादीले गोली हानी हत्या गरे। पीडितलाई गाउँको बजारमा चिया खाइरहेको अवस्थामा तीन जना माओवादीले बोलाई गोली हानेका थिए।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

टिष्टुङ गाविस-६ का तत्कालीन वडाध्यक्ष ३८ वर्षीय रामबहादुर स्याङतानलाई ०५८ चैत १४ गते राति माओवादीले गोली हानी घाइते बनाए।

हेटौंडा नपा-१० स्थित महेन्द्र चोकस्थित महेन्द्रको शालिकमा ०५९ कार्तिक २३ गते बेलुका माओवादीले राखेको बम विस्फोट हुँदा प्रहरी हवल्दार नारायण थापा र प्रहरी जवान टंकध्वज पाण्डे घाइते भए।

हेटौंडा नपा-२ स्थित नपा कार्यालय भवनमा ०५९ कार्तिक २४ गते बिहान माओवादीले राखेको बम विस्फोटन हुँदा सोही नपा-४ का ४५ वर्षीय बाबुकाजी टंडुला घाइते भए।

जेल र बन्दीहरु

"घ" श्रेणीको भिमफेदी जेलको क्षमता ४१ जनाको रहे पनि हाल ७१ पुरुष र ४ महिला गरी ७५ जना छन्। एक जना तीन वर्षीय आश्रित बालिका पनि छिन्। यस जेलमा माओवादी बाहेक अन्य राजनीतिक पार्टीका बन्दीहरू छैनन्। जेलमा रहेका बन्दीहरूमध्ये कैद नतोकिएका ३७ र कैद तोकिएका ३८ जना रहेका छन्। हाल यस जेलमा कर्तव्य ज्यान सम्बन्धी १९ जना, लागु औषध तर्फ १६, डाँका १३, जबरजस्ती करणी १०, सार्वजनिक अपराध ९, जीउ मास्ने बेच्ने ३, चोरी ३, किर्ते मुद्दामा १, सवारी ज्यानमा १ जना छन्। पत्रपत्रिकाहरू पढ्न नदिइएको गुनासो बन्दीहरू गर्छन्।

बन्दीहरूको सामान्य उपचार स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा गरिन्छ भने आवश्यक भएमा बाहिर लैजाने गरेको बन्दीहरू बताउँछन्। मुद्दा पेशीको समयमा कारागार शाखाले बन्दीलाई अदालतमा नलगेकोमा बन्दीहरूले गुनासो गरे।

बेपत्ता /अपहरण

माओवादीबाट

हटिया गाविस-३ का ३५ वर्षीय माइला गोलेलाई खान नदिएको आरोपमा ०५९ असार २० गते दिउँसो माओवादीले अपहरण गरे। पीडितलाई रातभर राखेर २१ गते मुक्त गरियो।

बसामाडी गाविस-२ का २५ वर्षीय राजेश उप्रेतीलाई ०५९ असोज १२ गते राति माओवादीले अपहरण गरे। पीडितलाई असोज १४ गते मुक्त गरियो।

फापरबारी गाविस-४ का माझी थर भएका एक प्रहरीलाई ०५९ असोज १६ गते माओवादीले अपहरण गरे। पीडितलाई जागिर छोड्ने शर्तमा एक सातापछि मुक्त गरियो।

अन्य

मनहरी गाविस-४ का २४ वर्षीय ज्ञानेन्द्र कालाखेतीलाई ०५९ असार ८ गते दिउँसो मनहरि बजारबाट नै अज्ञात व्यक्तिले अपहरण गरी बेपत्ता पारे। पीडितलाई सादा पोसाकमा आएका सुरक्षाकर्मीले नै अपहरण गरी लगेको आशंका गरिएको छ भने सुरक्षाकर्मीले उक्त कुरा इन्कार गरेको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

धिपाल गाविस-९ का वडाध्यक्ष २८ वर्षीय तेजप्रसाद चौलागाईलाई ०५८ असोज १७ गते बेलुका माओवादीले घरबाट लगेर निर्मम कुटपिट गरी दायाँ खुट्टा काटिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुई वटा अदालत छन्। पुनरावेदन अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १ सय ६२ र यस वर्ष दर्ता भएका ८ सय ६७ गरी २ हजार २९ वटा मुद्दा रहे। जसमध्ये ९ सय २ वटा फर्स्यौट भई १ हजार १ सय २७ बाँकी छन्। तीमध्ये ३७ मुद्दा दुई वर्ष नाघेका छन्।

जिल्ला अदालतमा दुई वर्षसम्म फर्स्यौट नभएका सरकारवादी फौजदारी १३ र दुनियावादी देवानी १८ गरी ३१

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित			
	अन्यबाट पीडित					माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	४			४	१२	२०	१	२१	४	४	२	६
घाईते	१	१			१								
गिरफ्तारी/यातना										८	८		८
कुटपिट	६	८	१		९	१	१		१				
जातीय विभेद	१	१			१								
महिला अधिकार	१२		११		११								
बालअधिकार	२		१	१	२								
अपहरण						३	३		३				
जम्मा	२७	१४	१३	१	२८	१६	२४	१	२५	१२	१२	२	१४

वटा छन्। त्यसैगरी एक वर्षसम्म फर्स्यौट नभएका १ सय ६० वटा तथा ६ महिनादेखि फर्स्यौट नभएको ९० वटा छन्। जिल्ला अदालतमा अहिले २ सय ८७ वटा मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा दुई वर्षसम्म मुद्दा फर्स्यौट नभएको ३ वटा, एक वर्षसम्म फर्स्यौट नभएका २२ वटा मुद्दा छन्। त्यसैगरी जिल्ला वन कार्यालयमा १ वर्षसम्म फर्स्यौट नभएका ४ तथा ६ महिनासम्म फर्स्यौट नभएका १५ वटा मुद्दा छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बज्रबराही गाविस-४ का २९ वर्षीय हरिलाल गोपालीलाई माओवादीको आरोपमा ०५८ पुस २३ गते राति प्रहरीले गिरफ्तार गरे। पीडितलाई हालसम्म थुनामा राखिएको छ।

हटिया गाविस-६ का ३४ वर्षीय विष्णु अगस्तीलाई माओवादीको आशंकामा ०५९ असार २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई वीरगञ्ज जेलमा राखिएको छ।

फापरवारी गाविस-१ का ३९ वर्षीय शुकबहादुर पाख्रिनलाई माओवादीको आरोपमा ०५९ असार २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई वीरगञ्ज जेलमा राखिएको छ।

राईगाउँ गाविस-७ का ३३ वर्षीय हरिदेव ठाडामगर र ३० वर्षीय शिव ठाडामगरलाई माओवादीको गतिविधिमा संलग्न भएको आरोपमा ०५९ असार २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई थुनामा राखिएको छ।

हटिया गाविस-१ का ४० वर्षीय मुकुन्द श्रेष्ठलाई माओवादीको आशंकामा ०५९ भदौ ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई वीरगञ्ज जेलमा राखिएको छ।

हटिया गाविस-६ का ३९ वर्षीय राधेश्याम गजुरेललाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ भदौ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

हेटौंडा नपा-४ का २९ वर्षीय विष्णु दाहाललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ असोज १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २ महिनासम्म हिरासतमा राखेर रिहा गरियो।

यस वर्ष सुरक्षाकर्मीहरूले ३ सय ९७ जनालाई विनापूर्जी गिरफ्तार गरेकोमा ४४ जनालाई नजरबन्दका लागि थुनामा राखिएको छ। ३ सय ५३ जनालाई छानबिन पश्चात् रिहा गरियो। सेना र प्रहरीको हिरासतमा महिनौं दिनसम्म राखेर शारीरिक र मानसिक यातना दिएर छानबिन गर्ने गरेको पीडितहरू बताउँछन्।

बोक्सीको आरोप लगाई कुटपिट गरिएकी पुतलीमाया घलान

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुकुम्बासी समस्या समाधान आयोगको विगत वर्षको तथ्यांकअनुसार यस जिल्लामा सुकुम्बासीहरूको संख्या २ हजार ८ सय छ। बाढी पहिरोका कारण यस वर्ष ३ सय परिवार घरबारविहीन भएकाले सुकुम्बासीको संख्या ३ हजार १ सय पुगेको छ। हेटौंडा नपा-११ स्थित राप्ती खोलाको बगरमा एक सय परिवारले छाप्रो बनाएर बसेका छन्। गत वर्ष बाढी पहिरोका कारण विस्थापित भएका ३ सय परिवार मनहरि बजारको छेउछाउमा छाप्रा बनाएर बसेका छन्

यस वर्षको अन्तिम तीन महिनादेखि रकम निकासा नगरेका कारण बृद्ध एवं असहायहरूले भत्ता प्राप्त गर्न सकेका छैनन् भने गाविसमा निकासा गरेको रकम पनि माओवादीको डरले सचिवहरू गाउँ जान नसकेकाले केही गाविसमा बृद्ध एवं असहायहरूले विगत ६ महिनादेखि भत्ता पाउन सकेका छैनन्।

जिल्ला विकास समितिले चेपाङ जातिका २ सय ५० जना विद्यार्थीलाई शैक्षिक सामाग्रीको साथै विद्यालय पोशाक र मासिक रूपमा नगद दिने गरेको छ। जिल्ला शिक्षा कार्यालयले यस वर्ष ८ सय ६८ जना दलित जातिका छात्रछात्राहरूलाई मासिक २ सय ५० रूपैयाँ छात्रवृत्ति दिएको छ।

भीमफेदीमा नेपाल बाल संगठनद्वारा संचालित बालगृह छ। उक्त बालगृहमा ४ बालिका सहित १४ जना बालबालिका छन्।

आर्थिक अधिकार

हेटौंडा औद्योगिक क्षेत्रस्थित बहुराष्ट्रिय कम्पनी कोलगेट पाल्मोलिभका मजदुरहरूले तलब वृद्धिको माग गर्दै ०५९ भदौ २८ गतेदेखि असोज १ गतेसम्म हड्ताल गरे।

हेटौंडा सिमेन्ट उद्योग र नेपाल लिभर लिमिटेडले उद्योगको आर्थिक अवस्था कमजोर भएकाले स्वेच्छिक अवकाश दिएका छन्। हेटौंडा सिमेन्ट उद्योगले कामदार र कर्मचारी गरी ७० जनालाई साउन १ गतेदेखि अवकाश दिएको थियो भने नेपाल लिभर लिमिटेडले मंसिर १ गतेदेखि ७० जनालाई अवकाश दिएको छ।

महिला ५ जना, पुरुष ६ जना गरी ११ जना विस्थापित भएको जानकारीमा आयो।

बालअधिकार

एक जना नवजात शिशुलाई जन्मने बित्तिकै हत्या गरिएको घटना सार्वजनिक जानकारीमा आयो।

पदमपोखरी गाविस-८ की ८ वर्षीय एक बालिकालाई ०५८ पुस २९ गते १८ वर्षीय उद्धव न्यौपानेले बलात्कार गरे। पीडक फरार छन्।

छतिवन गाविस-६ का १३ र १४ वर्षीय दुई बालिकालाई ०५८ फागुन ११ गते रौतहट जिल्ला गौर नपाका २५ वर्षीय विजय जयसवालले विवाह गर्छु भनेर भारततर्फ बेच्न लगिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

हेटौंडा नपा-१० की ७ वर्षीय एक बालिकालाई ०५८ फागुन २३ गते बेलुका सनिखेत गाविस-८ का आफ्नै काका २८ वर्षीय सुकदेव गोलेले बलात्कार गरे। पीडक फरार छन्।

हेटौंडा नपाका विभिन्न भागमा १ सय ५० जना सडक बालबालिकाहरू रहेको अनुमान छ।

महिला अधिकार

पदमपोखरी गाविस-४ गोठदमारकी ६५ वर्षीय पुतलीमाया घलानलाई बोक्सी भएको आरोपमा ०५९ असोज २९ गते दिउँसो स्थानीय बासिन्दा ३६ वर्षीय कान्छीमाया घलान, ३० वर्षीय सन्चमाया घलान, २९ वर्षीय ठुलीमाया थिङ, ३१ वर्षीय कान्छीमा ब्लोन, २८ वर्षीय अमृत थिङ र ३० वर्षीय फुलमान ब्लोनले बाँदर, कुकुर र मानिसको मलमूत्र मिसाएर खुवाउनुको साथै कुटपिट गरेर गाउँ घुमाए। प्रहरी प्रशासन र गैरसरकारी संस्थाहरूको दवाव पश्चात् वृद्धामाथि अभद्र व्यवहार गर्ने ६ जनाले नै वृद्धाको खुट्टा ढोगेर माफी मागे।

काकडा गाविस-४ की १७ वर्षीय एक युवतीलाई ०५८ माघ ६ गते पदमपोखरी गाविस-३ का ३० वर्षीय घ्याक तिनुङले बेचिबिखन गर्ने उद्देश्यले वीरगञ्जतर्फ लगिरहेको अवस्थामा दुवैजनालाई प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

हाडीखोला गाविस-७ की १७ वर्षीय एक युवतीलाई ०५९ जेठ ३ गते सोही ठाउँका २९ वर्षीय उत्तरबहादुर दोङले वीरगञ्ज घुम्न जाने भनेर बेच्न लगिरहेको अवस्थामा हेटौंडाका प्रहरीले गिरफ्तार गरे। पीडकलाई तारेखमा रिहा गरियो।

हाडीखोला गाविस-७ की १७ वर्षीय एक युवतीलाई ०५९ भदौ २ गते सोही गाविसका २९ वर्षीय प्रदीप घलानले रक्सौल घुम्ने जाने भनेर लगिरहेको अवस्थामा रातोमाटे चौकीका प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

चुरेमाई गाविस-२ की २५ वर्षीय एक महिलालाई ०५९ वैशाख ५ गते राति सोही गाविस-२ का २७ वर्षीय श्री मोक्तान, २६ वर्षीय चन्द्र दोङ र कालु दोङले घर बाहिर ल्याएर बलात्कार गरे। पीडकहरूमध्ये प्रहरीले कालु दोङलाई गिरफ्तार गरी थुनामा राखेको छ।

जातीय विभेद

छतिवन गाविस-८ स्थित कर्मप्राप्त निमाविका दिवा खाजा पकाउने बद्रीबहादुर विकलाई अछूत जातले पकाएको खान हुँदैन भनेर ०५९ जेठ ६ गते स्थानीय बासिन्दा गिरिराज दर्लामीको नेतृत्वमा आएको एक समूहले विकलाई भान्छेबाट निस्काशन गरे।

विविध

संरचना क्षति

यस वर्ष माओवादीहरूले २२ वटा गाविस भवन आगो लगाएर जलाइदिए भने ६ वटा वन रेन्जपोष्ट कार्यालय पनि जलाइदिए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटना ७ जना पुरुष पीडित भए। २८ महिला र २१ पुरुष जनाले आत्महत्या गरे। सडक दुर्घटनामा २७ जनाको मृत्यु भयो। चट्याङबाट २ जनाको मृत्यु भयो भने भीरबाट लडेर ४ जनाको मृत्यु भयो। खोलामा डुबेर ५ जनाको र बाढी पहिरोबाट १ सय १२ जनाको मृत्यु भयो। पहिरोबाट ३५ जना महिला सहित १ सय १२ जनाको मृत्यु भयो।

हेटौंडा नपा-५ स्थित मत्स्य विकास केन्द्रको ग्यारेजमा राखिएको बा १ भ ३५६८ नम्बरको पिकअप भ्यान र सोही ठाउँमा राखिएको बा अ ग ३५७ नम्बरको ट्रक ०५८ चैत १२ गते राति माओवादीहरूले आगो लगाई जलाइदिए। उक्त कार्यालयमा ०५९ असार १६ गते विहान माओवादीहरूले आगो लगाई ७ लाख रुपैयाँ बराबरको क्षति पुऱ्याए।

हटिया गाविस-७ का ४५ वर्षीय शुक्रबहादुर लामिछानेको घरमा ०५९ भदौ १९ गते राति माओवादीहरूले आगो लगाई ध्वस्त पारे। शुक्रबहादुरको छोरालाई शाही सेनामा जागिर खुवाएको आरोपमा माओवादीहरूले आगो लगाएका थिए।

पदमपोखरी गाविस-१ स्थित जिल्ला वनस्पति कार्यालयको ग्यारेजमा रहेको जीपमा ०५९ भदौ ३० गते राति माओवादीहरूले आगो लगाए।

२.१२ ललितपुर

जनसंख्या	: ३५०६१५
साक्षरता प्रतिशत	: ७०.७७
महिला साक्षरता प्रतिशत	: ६०.२६
क्षेत्रफल (वर्ग कि. मि.)	: ३८५
गाविस / नपा संख्या	: ४१।१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३८५
क्याम्पस / उच्च मा.वि.	: ११।१३
अस्पताल / स्वास्थ्य चौकी	: ४।३५
टेलिफोन लाइन	: २६८८९
मोटर सडक (कि. मि.)	: ३८५
प्रहरी कार्यालय संख्या	: १४
हुलाक संख्या	: ४६
मानव विकास सूचकांक	: ५.२३
प्रति एक डाक्टर जनसंख्या	: २१११२
प्रति परिवार सरदर संख्या	: ४.९०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

दोलखा जिल्ला घर भइ ललितपुर उमनपा ग्वार्को बस्ने ३० वर्षीय मेघनारायण श्रेष्ठलाई ग्वार्को नजिक ०५८ फागुन ७ गते बिजुलीको पोलमा बम विस्फोटन गराउन लागेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुनाकोठी गाविसका प्रकाश भनिने सुरेश श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ साउन १० गते बिहान सोही ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सोही घटनामा दीलिप श्रेष्ठको तिघ्रामा गोली लागेर घाइते भए।

गोदावरी गाविस फुलचोकी स्थित जंगलमा एक अज्ञात व्यक्तिलाई माओवादीको आरोपमा ०५९ भदौ २३ गते बेलुका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

काभ्रे जिल्लाका राजु नेपाल, कुलबहादुर राना, दलबहादुर लामा र २० वर्षीय ऋषेश्वर अधिकारीलाई माओवादीको आरोपमा ०५९ कार्तिक ६ गते कालेश्वर गाविस स्थित पानीघाट सामुदायिक वनमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

सुनाकोठी गाविसका राप्रपा कार्यकर्ता ४० वर्षीय जयहरी थापालाई ०५९ साउन २७ गते बेलुका उनकै घर अगाडि ३ जना माओवादीले गोली हानी हत्या गरे।

ललितपुर उमनपा-६ सुन्धारा ओकुबहाल स्थित एउटा बिजुलीको पोलसँगै माओवादीद्वारा राखिएको बमलाई निस्क्रिय बनाउन लाग्दा ०५९ भदौ १३ गते सैनिक जमदार ३५ वर्षीय प्रेमबहादुर खड्काको बम विस्फोटन भई मृत्यु भयो।

ललितपुर दलचौकी गाविस-३ का प्रहरी जवान २६ वर्षीय राजु दाहाललाई आफ्नो बावुको किरिया बस्न घर गएको बेला ०५९ असोज ३ गते माओवादीले अपहरण गरे। सोही ठाउँस्थित नर्सरी जंगलमा घाँटी काटी हत्या गरिएको अवस्थामा असोज ४ गते लाश फेला पर्‍यो।

काठमाण्डौ जिल्ला फर्पिङ घर भई महानगरपालिकामा सई पदमा कार्यरत ३५ वर्षीय प्रेम लामालाई ०५९ असोज १३ गते माओवादीले ललितपुर उमनपा पाटनढोकास्थित उनकै कोठामा गई छातीमा गोली हानी हत्या गरे।

सुनाकोठी गाविस-५ टेबहालका भूपू प्रधानपञ्च ५९ वर्षीय हरिभक्त डंगोललाई सुराकीको आरोपमा ०५९ असोज ३० गते बेलुका घरमा टिभी हेरिरहेको अवस्थामा माओवादीले घाँटीमा गोली हानी हत्या गरे। सोही घटनामा २९ वर्षीय दिनेश डंगोल खुट्टामा गोली लागी घाइते भए।

नवज्योति मानवअधिकार शिक्षा रेडियो श्रोता क्लबका अध्यक्ष तथा नवोदय प्रावि कालेश्वरका शिक्षक ३२ वर्षीय माणिकलाल वाइबालाई सुराकीको आरोपमा ०५९ कार्तिक १० गते राति कालेश्वरस्थित आफ्नै घरमा ओवादीले घाँटी रेटी हत्या गरे।

कालेश्वर गाविसस्थित बाघभैरव विद्यालयमा अध्ययनरत १५ वर्षीय देवीप्रसाद दाहाललाई मानव अधिकारकर्मी र सुरक्षाकर्मीलाई सघाएको आरोपमा ०५९ कार्तिक १८ गते माओवादीले सोही गाविसस्थित घरबाट बाहिर बोलाइ गोली हानी हत्या गरे।

ललितपुर पाटनका नवराज वि.क.लाई महिला बेचबिखन गरेको र माओवादी गतिविधिविरूद्ध सुराकी गरेको र पार्टीको नाममा पैसा संकलन गरी व्यक्तिगत काममा खर्च गरेको आरोपमा ०५९ कार्तिक २९ गते माओवादीले हत्या गरे। सोही आरोपमा प्रेमबहादुर लोप्चन र भरूवारासीका मदन के.सी.लाई सर्वस्व हरण गरी गाउँ निकाला गरिदिए।



माओवादीद्वारा हत्या गरिएका माणिकलाल वाइबा

छम्पी गाविस- २ घर भई राष्ट्रिय अनुसन्धान शाखा, सिंहदरबारमा कार्यरत ३८ वर्षीय इन्स्पेक्टर प्रदिप थापालाई ०५९ पुस ९ गते बिहान आफ्नै घरमा माओवादीले गोली हानी हत्या गरे। सो घटनामा पीडितका बावु ६० वर्षीय गजेन्द्र थापा र भाई उद्धव थापा गोलीबाट घाइते भएकोमा गजेन्द्र थापाको पुस १३ गते मृत्यु भयो।

अन्यबाट

रामेछाप जिल्ला घर भई ललितपुर उमनपा-८ बालकुमारी बस्ने सुमन थापा र कृष्ण थापालाई ०५९ मंसिर ११ गते राति अज्ञात व्यक्तिले घाँटी र शरीरको विभिन्न भागमा खुकुरी प्रहार गरी हत्या गरे।

सुरक्षाकर्मीद्वारा केही समय बेपत्ता पारिएका जनकराज शाह

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

ललितपुर उमनपा नटोलका राजकुमार पौडे, विनोद पौडे र भक्तपुरका प्रबल पौडेलाई माओवादी गतिविधिमा संलग्न भइरहेको आरोपमा ०५९ पुस ७ गते राति नटोल स्थित गल्लीमा सुरक्षाकर्मीले खुट्टामा गोली हानी घाइते बनाए।

माओवादीबाट

ललितपुर उमनपा पाटनढोकास्थित अस्थायी प्रहरी चौकीमा ०५८ चैत १४ गते माओवादीले पेट्रोल बम प्रहार गर्दा ड्युटीमा बसेका प्रहरी जवान रामबहादुर घलान र तेजबहादुर बम गम्भीर घाइते भए।

ललितपुर उमनपा सानेपा प्रहरी चौकीमा कार्यरत ३० वर्षीय प्रहरी जवान चित्रबहादुर अधिकारी र २८ वर्षीय मानबहादुर सुनुवारलाई ०५९ वैशाख ७ गते माओवादीले बम प्रहार गरी घाइते बनाए।

ललितपुर उमनपा प्रयागपोखरी स्थित जिल्ला शिक्षा कार्यालयमा ०५९ असोज ७ गते दिउँसो माओवादीले बम विस्फोटन गराउँदा इकुडोलका सविन घिमिरे घाइते भए। सो बम विस्फोटन कक्षा ९ को रजिष्ट्रेसन फारम भर्ने समयमा गराएका थिए।

जेल र बन्दीहरू

०२७ सालमा स्थापित नख्खु जेलको बन्दी क्षमता १ सय ५० जनाको हो। तर, यस जेलमा हाल रहेका २ सय २५ जना बन्दी मध्ये ७४ जना बन्दी र १ सय ५१ जना थुनुवा छन्। यस जेलमा राजनीतिक बन्दी नभएको बताइएपनि ३९ जनालाई विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अन्तर्गत गणेश श्रेष्ठ, देव श्रेष्ठ, राजन पौडेल, सागर सापकोटा, कृष्णप्रसाद तिमिल्सिना, सोभित तामाङ, इन्द्रबहादुर आले, अशोक खड्का, सुरेश श्रेष्ठ, पुरूषोत्तम विष्ट, केशव रिमाल, सर्वोधन राई, युवराज भट्टराई, मुनाल खड्का, दीपक देवकोटा, फुर्पावाङदी तामाङ, दीपक देवकोटा, उत्तम अधिकारी, तारा भण्डारी, विप्लव भन्ने वामदेव क्षेत्री (घिमिरे), चतुरमान गुरूङ, नारायण अधिकारी, डम्बरसिंह कार्की, हरिद्वार कुँवर र शान्तिराम भट्टराईलाई नजरबन्दमा राखियो।

यस जेलमा रहेका राजनीतिक बन्दीहरूले पत्रकार कृष्ण सेनको हत्याको छानबिन गर्ने, बेपत्ता बनाएकालाई सार्वजनिक गर्नुपर्ने, बन्दीहरूलाई यातनाबाट मुक्त हुनु पर्ने जस्ता मागहरू राखेर ०५९ कार्तिक २१ गते देखि २५ गते सम्म रिले अनसन बसेर विरोध प्रर्दशन गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	५	१		६	९	१३		१३	५	८			८
घाइते						२	३		३	२	४			४
बम विस्फोटन						१५		१६	१६					
गिरफ्तारी/यातना										२३	२८	२		३०
बेपत्ता										३	३			३
कुटपिट	३	३			३	१	४		४					
धम्की						१	१		१					
महिलाअधिकार	४		३	१	४									
बालअधिकार	३	१	१	१	३									
आर्थिक/सामाजिक अधिकार	१	२०			२०					१			१००	१००
जम्मा	१७	२९	५	२	३६	२८	२१	१६	३७	३४	४३	२	१००	१४५

बेपत्ता /अपहरण

राज्यबाट

कालेश्वर गाविस-९ का २० वर्षीय मुकुन्द दुलाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ कार्तिक १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल रिहा भएका छन्।

ललितपुर उमनपा कुपण्डोल स्थित नेपाल बैंक लि. तालिम विभागका प्रबन्धक ३९ वर्षीय जनकराज शाहलाई ०५९ असार १२ गते बिहान १० बजे कार्यालय परिसरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितलाई ०५९ साउन १२ गते आँखामा पट्टी बाँधेर आफ्नै घर लगी छाडिदिए।



सुरक्षाकर्मीद्वारा यातना दिएका चतुरमान गुरुङ

कालेश्वर गाविस मुलडाँडा स्थित बाघ भैरव माविका पियन कृष्ण बहादुर दोर्जे गोलेलाई माओवादीको आरोपमा ०५९ कार्तिक ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाए। पीडितलाई ०५९ मंसिर ४ गते रिहा गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

अन्य

लुभु गाविस -७ का ४४ वर्षीय शशिन्द्र श्रेष्ठ, ४५ वर्षीय स्मृती श्रेष्ठ, ८ वर्षीय सविन श्रेष्ठ र २८ वर्षीय संगीता श्रेष्ठलाई ०५८ माघ २७ गते बिहान आफ्नै घरमा अज्ञात व्यक्तिहरूले खुकुरी प्रहार गरी घाइते बनाए। पीडकहरू फरार छन्।

उमनपा-३ धोबीधाराका ३२ वर्षीय किशोर श्रेष्ठलाई सामान्य विवाद हुँदा ०५९ वैशाख २६ गते सोही ठाउँका २५ वर्षीय हरि घले, २८ वर्षीय शिवहरी राना, २२ वर्षीय काले भनिने सुमन लामा र १९ वर्षीय मने भन्ने मणिराम सुनुवारले खुकुरी प्रहार गरी घाइते बनाए। पीडकहरू पुर्पक्षकालागि थुनामा छन्।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

गुल्मी घर भई ललितपुर उमनपा एकान्तकुना बस्ने ४५ वर्षीय भुवन भुजेललाई माओवादीसँग सम्बन्धित कम्प्युटर वेभसाइट हेरेको आरोपमा ०५९ वैशाख ७ गते सुरक्षाकर्मीले एकान्तकुनाबाट गिरफ्तार गरी ५ घण्टासम्म यातना दिइ बेलुका आँखामा पट्टी बाँधेर सोही स्थानमा छाडिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला अदालत गरी दुईवटा अदालत छन्। पुनरावेदन अदालतमा देवानी, फौज्दारी, परमादेश, निषेधाज्ञा गरी विभिन्न शीर्षक अर्न्तगत जिम्मेवारी सरेर आएका २ हजार ९ सय ८० र यस वर्ष दर्ता भएका १ हजार ५ सय ४ गरी जम्मा ४ हजार ४ सय ८४ वटा मुद्दा रहे। १ हजार ४ सय ५६ वटामा फर्स्यौट भई ३ हजार २८ वटा फर्स्यौट हुन बाँकी छन्। यस अदालतमा ९० वटा थुनुवा मुद्दा छन् भने २ वर्ष नाघेको मुद्दा संख्या ३ सय ९ वटा छन्।

यसैगरी जिल्ला अदालतमा देवानी शीर्षकमा जिम्मेवारी सरेर आएका र यो वर्ष परेको जम्मा ८ सय ८१ वटा मुद्दामा १ सय २० वटा मुद्दा फर्स्यौट भई ७ सय ६१ वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। दुनियावादी फौज्दारी शीर्षक अर्न्तगत जिम्मेवारी सरेर आएको २ सय ५ र यो वर्ष परेको १ सय १४ वटा गरी जम्मा ३ सय १९ वटामा ३९ वटा मुद्दा फर्स्यौट भई २ सय ८० वटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। त्यसैगरी सरकारवादी फौज्दारी मुद्दा जिम्मेवारी सरेर आएको ५३ र यो वर्ष परेको १७ वटा गरी जम्मा ७० वटा मध्ये १६ वटा मुद्दा फर्स्यौट भई ५४ वटा फर्स्यौट हुन बाँकी रहे। यस अदालतमा २२ वटा थुनुवा मुद्दामा ४५ जना संख्या छ भने २ वर्ष नाघेको मुद्दा संख्या ३ सय ४६ वटा छ।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

गोरखा जिल्ला घर भई ललितपुर उमनपा पुल्चोकमा डेरा गरी बस्ने २१ वर्षीय नवीन रानामगरलाई अनेरास्ववियु (क्रान्तिकारी) मा संलग्न भएको आरोपमा ०५८ माघ ३ गते सोही ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

देवीचौर गाविसका १७ वर्षीय रामबहादुर तिमिल्सिनालाई अनेरास्ववियु (क्रान्तिकारी) मा संलग्न भएको आरोपमा ०५८ माघ ५ गते बेलुका सोही ठाउँ स्थित आफ्नो घरबाट सुरूक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

इकुडोल गाविस-७ का १९ वर्षीय भिमसेन घिमिरेलाई अनेरास्ववियु (क्रान्तिकारी)मा संलग्न भएको आरोपमा ०५८ माघ ५ गते लगनखेलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित थुनामा छन्।

सुनाकोठी गाविस-३ का २३ वर्षीय राजकाजी महर्जनलाई अनेरास्ववियु (क्रान्तिकारी) मा संलग्न भएको आरोपमा ०५८ माघ १३ गते सोही ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित थुनामा छन्।

लेले गाविस-२ महतगाउँ घर भई उपमनपा-७ ग्वार्कोमा बस्ने १७ वर्षीय सनोज महतलाई अनेरास्ववियु

(क्रान्तिकारी) मा संलग्न भएको र माओवादीलाई सघाएको आरोपमा ०५८ माघ २३ गते बाँडेगाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित थुनामा छन्।

रामेछाप जिल्ला गुन्सी भदौरे गाविस-३ घर भई ललितपुर सातदोबाटो बस्ने २२ वर्षीय विष्णुप्रसाद चौलागाईलाई माओवादीको आरोपमा ०५८ माघ २५ गते सुरक्षाकर्मीले सातदोबाटोबाट गिरफ्तार गरे। पीडित थुनामा छन्।

भट्टेडाँडा गाविसका ४० वर्षीय बालकृष्ण घिमिरे, इकुडोलका ओमप्रसाद निर्मिल्सिना, इकुडोलकै राजकुमार दर्लामी, रवि थापा, राम आचार्य, रूपानन्दन घिमिरे र महेन्द्र घिमिरेलाई माओवादीको आरोपमा ०५८ माघ २७ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू मध्ये रिहा गरिएका इकुडोलका राम, रूपानन्दन र महेन्द्र नेकां समर्थक हुन्। बालकृष्ण, ओमप्रसाद, राजकुमा र रविलाई थुनामा राखियो।

प्युठान जिल्ला तुषारा गाविस-७ घर भई ललितपुर उमनपा-३ पुल्चोक बस्ने २० वर्षीय मदन गिरीलाई अनेरास्ववियु (क्रान्तिकारी) मा संलग्न भएको आरोपमा ०५८ फागुन ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

धादिङ जिल्ला खाल्टे गाविस-७ गैरीवस घर भई ललितपुर उमनपा कुपण्डोल बस्ने १६ वर्षीय चतुरमान गुरूङलाई ०५८ फागुन २९ गते राति कुपण्डोलस्थित आफ्नो डेराबाट सुतिरहेको अवस्थामा माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी काठमाण्डौ, छाउनीस्थित ब्यारेकमा पुर्‍याए। पीडितलाई एक महिना २ दिन सम्म खुट्टामा डोरीले बाँधेर, सिस्नुपानी लगाई लाठीले हिर्काइयो। पीडितलाई काठमाण्डौ कोकाकोला कम्पनीमा बम विस्फोटन गराएको आरोप लगाइएको थियो। पीडितलाई अदालतले रिहा गर्ने आदेश दिए पनि सुरक्षाकर्मीले अदालत परिसरबाट पटक-पटक गिरफ्तार गरे। यस वर्षको अन्त्यसम्म केन्द्रीय कारागार शाखा काठमाण्डौमा राखिएको थियो।

बारा जिल्ला मनहर्वा गाविस-३ घर भई ललितपुर उमनपा बालकुमारी बस्ने २२ वर्षीय देव घिमिरेलाई माओवादीलाई सघाएको आरोपमा ०५८ चैत १२ गते बालकुमारी स्थित आफ्नो डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

माओवादीद्वारा आगो लगाइएको ज्योती सेकेण्डरी स्कूलको बस

ठेचो गाविस-८ का रमेश भन्ने राजेश महर्जनलाई माओवादीको आरोपमा ०५९ वैशाख १५ गते सोही ठाउँबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

ओखलढुंगा जिल्ला घर भई ललितपुर लगनखेल बस्ने हेमनारायण श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ वैशाख १६ गते लगनखेलबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

सर्लाही जिल्ला जुल्दी गाविस-८ घर भई ललितपुर उमनपा बस्ने धनबहादुर वि.क.लाई माओवादीको आरोपमा ०५९ वैशाख १८ गते मंगलबजारबाट प्रहरीले गिरफ्तार गरे। पीडित थुनामा छन्।

दोलखा चरिकोट घर भई लगनखेल बस्ने २२ वर्षीय केशर रिमाललाई माओवादीको आरोपमा ०५९ जेठ २५ गते सुरक्षाकर्मीले लगनखेलबाट गिरफ्तार गरे। पीडितलाई असार २५ गते रिहा गरिए पनि तत्कालै नख्खु जेल परिसरबाटै गिरफ्तार गरी थुनामा राखिएको छ।

बर्दिया जिल्ला डेउडाकला गाविस घर भई शंखु गाविसस्थित मगर मावित्रका शिक्षक ३० वर्षीय सुरजकुमार भट्टराईलाई माओवादीको आरोपमा ०५९ साउन ३ गते विद्यालय परिसरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित थुनामा छन्।

जनप्रहार साप्ताहिकका कार्यकारी सम्पादक विष्णु घिमिरेलाई पुल्चोकस्थित नेशनल डान्स रेस्टुरेन्टका मालिक मनोज खड्कालाई प्रहरीले कञ्चटमा पेस्तोल तेर्साएर पैसा मागेको कुरा पत्रिकामा छापेको आरोपमा ०५९ साउन १९ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई साउन २३ गते रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा सुकुम्बासी समस्या समाधान आयोग छैन। भूमिसुधार कार्यालयले पनि भूमिहीन तथा सुकुम्बासीहरूको तथ्यांक राख्न सकेको छैन। यस जिल्लामा पर्ने वाग्मती, विष्णुमती लगायत अन्य खोलाको किनारमा भूमिहीन, सुकुम्बासीहरू अस्थायी झुप्रा बनाई बसोबास गरेको पाइन्छ। यसरी बसोबास गर्नेहरूमा उपत्यका बाहिरका र भारतीय नागरिक समेत रहेको पाइन्छ। ग्रामीण क्षेत्रमा पनि सुकुम्बासीहरू छन्। तर, यसको यकिन तथ्यांक उपलब्ध हुन सकेको छैन। ४९ जना अशक्त/अपांग, ४ हजार ३ सय ५० जना जेष्ठ नागरिक र ३ हजार २ सय २१ जना असहाय विधवाहरूलाई भत्ता वितरण गरियो।

आर्थिक अधिकार

माओवादीद्वारा ०५८ चैत २० गते देखि २४ गतेसम्म

घोषित नेपाल बन्द कार्यक्रममा सुचारुरूपले यातायात संचालन नगरेकोले चैत २० गते ललितपुर जिल्ला प्रशासनले ९५ वटा मिनिवस, १४ वटा माइक्रोवस र ७ वटा टेम्पोको रूट इजाजत खारेज गर्‍यो।

ललितपुर उमनपा हरिहरभवन स्थित साझा यातायात संस्थानमा कार्यरत कर्मचारीहरूलाई सुचारुरूपले संस्थान संचालन हुन नसकेको कारण देखाई ०५८ माघ ११ गते मन्त्री परिषदबाट निर्णय गराई ०५८ माघ १२ गतेदेखि कर्मचारीलाई गेटबाट प्रवेश गर्न दिइएन। संस्थानको ०३८ सालदेखि ०५८ सम्म लेखा परीक्षण भएको छैन।

कुपण्डोल स्थित समिट होटलमा कार्यरत स्थायी र अस्थायी कर्मचारीहरूलाई होटल संचालन गर्न आर्थिक कठिनाई परेको कारण देखाई ०५९ साउन १ गते देखि अनिश्चित समयका लागि अवकाश दिइयो।

बालअधिकार

सिन्धुपाल्चोक जिल्लाकी १४ वर्षीय एक बालिकालाई ०५९ साउन ६ गते, दोलखाकी सुषमा तामाङ, सिन्धुपाल्चोकको सोनम तामाङ, सोही जिल्ला परूवा गाविस-२ का साइली तामाङ, सुरेश लामा, शुक्ररानी तामाङ र सांगा तामाङले जवर्जस्ती वेश्यावृत्ति गराए।

महिला अधिकार

सिन्धुपाल्चोक जिल्ला परूवा गाविस-१ की १७ वर्षीय एक युवतीलाई घरबाट काठमाण्डौं ल्याई विभिन्न लोभ देखाई ०५९ साउन २ गते सिन्धुपाल्चोक परूवा-१ सुनचौर घर भई ललितपुर उमनपा धोबिघाट बस्ने ३५ वर्षीय सुरेश लामा र कान्छी लामाले वेश्यावृत्ति गराए। पीडकहरूलाई थुनामा राखिएको छ।

विविध

संरचना क्षति

यस जिल्लामा रहेका ४१ वटा गाविस मध्ये माओवादीले विभिन्न मितिमा ठेंचो, बडिखेल, गोटीखेल, प्युटार, मानिखेल, शंखु, टलचोकी, भट्टेडाँडा, गोदामचौर, चन्दनपुर, ठुलादुर्लुङ, माल्टा, छम्पी, सिद्धिपुर, टिकाथली, डुकुछाप, गोदावरी, विशंखुनारायण, देविचौर, हरिसिद्धि, धापाखेल, चौघरे, लेले, धुसेल, डकुडोल, भरूवारासी, गिम्दी र कालेश्वर गरी २७ वटा गाविस भवनमा बम विस्फोट र आगो लगाई क्षतिग्रस्त बनाए।

ललितपुर उमनपा ढोलाहिटी स्थित ज्योती एकेडेमीको परिसर भित्र पार्किङ गरि राखिएको बस र भवनमा ०५९ कार्तिक ३० गते माओवादीले बम विस्फोट गरी क्षति पुर्‍याए।

ललितपुर उमनपा-१४ कुसुन्तीस्थित ३ सय लाइन क्षमताको टेलिफोन क्याबिनेट ०५९ वैशाख १ गते विहान माओवादीले आगो लगाई ध्वस्त बनाए।

ललितपुर उमनपा-२ झम्सीखेल स्थित ग्रीन भिलेज होटल अगाडि संसद सचिवालयको बा. १ झ ३५८१ नं. को गाडी ०५८ माघ ८ गते माओवादीले आगो लगाई क्षतिग्रस्त बनाए।

जिल्ला प्रशासन कार्यालयको परिसरमा ०५८ चैत २० गते विहान माओवादीले पेट्रोल बम प्रहार गरे।

ललितपुर उमनपा लगनखेल बसपार्कस्थित प्रहरी चौकीमा ०५९ वैशाख १० गते माओवादीले बम प्रहार गरे।

ललितपुर उमनपा कार्यालय परिसर नवनिर्मित क्यान्टिन भवनमा ०५९ भदौ २४ गते विहान माओवादीले बम विस्फोटन गराए।

पाटन औद्योगिक क्षेत्रभित्र रहेको थारे कार्पेट कारखाना परिसरमा ०५९ कार्तिक १० गते बेलुका माओवादीले बम विस्फोट गराए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघ, ललितपुर शाखाका कार्य समिति सदस्यहरू संगीता खड्का र अनिन्द्र न्यौपानेलाई ०५९ जेठ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखेको विरोधमा नेपाल पत्रकार महासंघ, ललितपुरका सभापति पूर्ण बस्नेतले आपत्ति व्यक्त गर्दै अविलम्ब रिहाइको माग गरी एक प्रेस विज्ञप्ति जारी गरे।

ललितपुर जिल्लाका सम्पूर्ण राजनीतिक दलहरू, सुरक्षानिकायहरू, जिविस सभापति, उपसभापति, मेयर, उपमेयर, उद्योग वाणिज्य संघका अध्यक्ष लगायत् अन्य पदाधिकारी र सर्वसाधारण जनताले ०५९ वैशाख ११ गते दिउँसो शान्ति र्‍याली निकाली माओवादीबाट आह्वान गरिएको ०५९ वैशाख १० देखि १४ गतेसम्मको बन्द कार्यक्रमको विरोध गरे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष ८ पुरूष र ४ महिला गरी १२ जनाले आत्महत्या गरे। आत्महत्या प्रयासका १२ वटा घटनामा ७ पुरूष र ५ महिला गरी १२ जना पीडित भए। ३ जनाको लास फेला पर्‍यो। ११ वटा सवारी दुर्घटनाका घटनामा ६ पुरूष र ५ महिला पीडित भए। त्यसैगरी भवितव्यको २६ वटा घटनामा १७ पुरूष र १० महिला पीडित भए। चोरीको ७ वटा घटनामा ५ पुरुष र २ महिला पीडित भए।

ललितपुर उमनपा मानपाचोक स्थित एउटा विजुलीको पोलमा ०५९ वैशाख ११ गते दिउँसो बम विस्फोटन गराउन लाग्दा अचानक विस्फोट भई एक अज्ञात माओवादी कार्यकर्ताको मृत्यु भयो।

२.१३ काभ्रेपलाञ्चोक

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

जनसंख्या	: ३८५६७२
साक्षरता प्रतिशत	: ५२.७५
महिला साक्षरता प्रतिशत	: ५२.५३
क्षेत्रफल (वर्ग कि. मि.)	: १४०४
गाविस / नपा संख्या	: ८७/३
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ८७०
क्याम्पस / उच्च मा.वि.	: ६/१४
अस्पताल / स्वास्थ्य चौकी	: ७/९४
टेलिफोन लाइन	: ३७२६
मोटर सडक (कि. मि.)	: ८०२
प्रहरी कार्यालय संख्या	: ६
हुलाक संख्या	: ८२
मानव विकास सूचकांक	: ०.३८२
प्रति एक डाक्टर जनसंख्या	: ९६.४१८
प्रति परिवार सरदर संख्या	: ५

बोल्देफेदिचे गाविस-२ माउँरेका ४२ वर्षीय कुण्डमाया लामालाई ०५९ वैशाख ५ गते विहान सुरक्षाकर्मीहरूले गोली हानी हत्या गरे। विहान बत्ती बालेर पानी लिन पँधेरामा गएकी कुण्डमाया र उनकी बुहारी २२ वर्षीय सप्तमाया लामालाई माओवादीको आशंकामा गोली प्रहार गरिएको थियो। कुण्डमायाको घटनास्थलमै मृत्यु भयो भने सप्तमायालाई काठमाण्डौस्थित वीरेन्द्र सैनिक अस्पताल लगी उपचार गरियो। यस घटनासँगै रक्षा मन्त्रालयले मेच्छे गाविस-६ पौवामा ३ जना "आतंककारी" मारिएको वक्तव्य सार्वजनिक गरेपनि त्यसको पुष्टि हुन सकेन।

गैरीविसौना देउपुर गाविस-५ ढकालगाउँमा ०५९ वैशाख १४ गते राति चारजना माओवादी कार्यकर्ताहरूको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। मारिनेहरूमा पाँचखालका २८ वर्षीय शेरसिं भनिने प्रेमबहादुर बराइली, गैरीविसौना गाविस-४ का २९ वर्षीय विजय भनिने राजाराम बरिया, नयाँगाउँ-६ का ३५ वर्षीय सेयरसिं भनिने बहादुरसिं तामाङ र देउपुर-२ टामपोखरीका २० वर्षीय बसन्त भनिने प्रेमबहादुर ढकाल छन्। सञ्जय माओवादी जिल्ला कमिटी सदस्य र विजय एरिया सहकमाण्डर भएको बताइयो। सुरक्षार्मीहरूले घटनास्थलबाट हातहतियारसहित ठूलो मात्रामा विस्फोटक पदार्थ र १७ लाख नगद पनि बरामद गरेको बताए।

मेच्छे र भिमखोरीको सिमानामा पर्ने नेपालथोकमा ०५९ जेठ २१ गते विहान सुरक्षाकर्मीहरूको गोलीद्वारा नेकपा (माओवादी) का पूर्वाञ्चल ब्युरो सदस्य एवं काभ्रे-रामेछापका सेक्रेटरी रसकमल भनिने कृष्णबहादुर विष्टको मृत्यु भयो। एउटा हातमा पोको र अर्को हातमा छाता बोकेर गाउँतिर गइरहेका पीडितको साथमा पेस्तोल र गोलीसमेत बरामद भएको सुरक्षाकर्मीले जनाए।

मादनकुँडारी गाविस-२ मा ०५९ साउन १३ गते सुरक्षाकर्मी र माओवादीहरूबीच दोहोरो भिडन्त हुँदा जटिल भनिने माओवादी कार्यकर्ताको घटनास्थलमै मृत्यु भयो भने गोली लागेर नदीमा हाम फालेका भञ्ज्याङ्ग भनिने अर्का माओवादी कार्यकर्ताको पछि मृत्यु भयो।

महांकाल भुदेउ गाविस-५ टाआँरीका कान्छा भनिने १६ वर्षीय सुजन आले र रामहरी थापामगर तथा च्यासिङ्गखर्क गाविस-५ का मानबहादुर लामाको ०५९ असोज १८ गते पनौती नपा-१२ को सिमानामा सुरक्षाकर्मीले हत्या गरे। सुरक्षाकर्मीले विद्युतीय धराप थाप्दै गर्दाको अवस्थामा भेट्टाई दोहोरो मुठभेडमा मारिएको बताएपनि उनीहरूलाई सोधपुछकालागि घरबाटै पक्राउ गरी त्यहाँ ल्याएर मारिएको प्रत्यक्षदर्शीहरूले बताए। मृतकका परिवारले कार्तिक ७ गते दाहसंस्कारका लागि लास पाउँ भनी शाही नेपाली जंगी अड्डामा निवेदन दिएपनि लास दिइएन।

खर्पाचोक गाविस-१ स्याउले बजारमा ०५९ कार्तिक २३ गते विहान सुरक्षाकर्मीको गोलीद्वारा प्रहार भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो। सुरक्षाकर्मीले गिरफ्तार गर्न खोज्दा बन्दुक खोस्न गएको र गोली प्रहारपछि नार्के खोलामा हाम फालेपछि मृत्यु भएको बताइयो।

सल्लेभुम्ले गाविसमा मादनकुँडारीबाट बद्री तिवारी र नाम नखुलेका २ जनालाई माओवादीको आरोपमा ०५९ मंसिर २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको लास केही दिन पछि माओवादीहरूले नै खाल्डो खनी पुरेको बताइयो।

माओवादीबाट

महेन्द्रज्योति बाँसडोल गाविस-५ का भूपू प्रहरी हवल्दार ६२ वर्षीय तेजबहादुर कार्कीलाई आफूहरूलाई पेस्तोल नदिएको आरोपमा ०५८ माघ १३ गते राति माओवादीले घाँटी थिची हत्या गरे।

शंखुपाटीचौर गाविस-५ का ४५ वर्षीय इन्द्रबहादुर तामाङ्गलाई ०५८ फागुन १४ गते राति माओवादीले बल्थली गाविस-५ स्थित लड्केश्वर खोलामा हतियार र गोली प्रहार गरी हत्या गरे। शंखुस्थित उपस्वास्थ्य चौकीमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता इन्द्रबहादुरलाई १५ जना माओवादी आई "तपाईसँग काम छ" भनी खोलामा लगी हत्या गरेका थिए।

सुल्मेचाकल नालढुंगा गाविस-६ का २१ वर्षीय छविलाल विश्वकर्मालाई ०५८ फागुन १५ गते माओवादीहरूले डाडडुङ्गमा हत्या गरे। माओवादीद्वारा घोषित जनसरकारका

दलित प्रतिनिधि रहेका पीडितले ०५८ मंसिर २४ गते स्थानीय प्रशासनसमक्ष आत्मसमर्पण गरेका थिए। लामो समयपछि घर जानलागेको अवस्थामा बाटोबाट समातेर आत्मसमर्पण गरेको भनी हत्या गरेको स्थानीय बासिन्दाले बताए।

दुत्रभूमि वालुवा गाविस-६ ठकुरीगाउँका नेकांका सक्रिय कार्यकर्ता ३१ वर्षीय श्याम ठकुरी र ३० वर्षीय ठूलेवहादुर शाहीलाई ०५८ फागुन १५ गते माओवादीले गोली हानी हत्या गरे।

सुत्रमेचाकल तालढुंगा गाविस-७ का १८ वर्षीय विच्छु भनिने धनवहादुर श्रेष्ठलाई ०५९ असार २० गते माओवादीहरूले महाभारत जंगलमा पुऱ्याई हत्या गरे। पीडितले प्रशासनसमक्ष आत्मसर्मपण गरेका थिए। संकटकालीन अवस्थामा पार्टीलाई धोका दिएको भनी कोस्वाजोरको छेउबाट अपहरण गरी दुवै आँखा फिकेर खुट्टा र घाँटीमा धारिलो हतियार प्रहार गरी हत्या गरे।

ज्याम्दी गाविस-४ भतेरेका शिक्षक ३७ वर्षीय रामवहादुर पराजुलीलाई ०५९ भदौ ३० गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरी नजिकैको बाटोमा गोली हानी हत्या गरे।

ज्याले गाविस-३ का नेकपा (एमाले) बाट निर्वाचित सोही गाविसका निवर्तमान अध्यक्ष ४१ वर्षीय कृष्णप्रसाद सापकोटालाई ०५९ भदौ ३० गते घरमा सुतिरहेको अवस्थामा ५ जना माओवादीले "कुरा गर्नु छ" भनी कुशादेवी गाविस-४ र भुमेडाँडा गाविस-१ को बीचमा रहेको ठाटीगैरोमा लगी टाउको काटी हत्या गरे। पीडितको टाउको बाटोमा र गिंड ५० मिटर तल खोल्सामा भेटिएको थियो।

ज्याले गाविस-१ का नेकपा (एमाले) का कार्यकर्ता ४२ वर्षिय सिंहवीर तामाङलाई ०५९ भदौ २० गते माओवादीहरूले अपहरण गरी लगेकोमा असोज १ गते भुमेडाँडा गाविस-८ सिमपानीमा घाँटी रेटिएको र शरिरभरी काटिएको अवस्थामा लास फेला पऱ्यो।

श्यामपाटी गाविस-१ कुरगाउँका प्रावि शिक्षक ३३ वर्षीय नमराज थापालाई ०५९ पुस ४ गते सुतिरहेको अवस्थामा ५ जना माओवादीले दायाँ हात छिनाली गर्धन, पिदुयूँ र टाउकोमा खुकुरी प्रहार गरेपछि शरीरभरि एसिड खन्याई हत्या गरे। माओवादीले पीडितकी पत्नी भगवतीलाई पनि खुकुरी प्रहार गरी घाइते बनाएकोमा बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचार गरियो। माओवादीहरूले उक्त घटना आफूहरूबाट नभएको र सो दिन नमराजले भैंसी बेचेको पैसा साथमा बोकी घरमा आएकाले अन्य कुनै डाँकाहरूले हत्या गरेको हुनसक्ने बताए। पीडितसँग रहेको पैसा भने हत्या गर्नेहरूले नलगेको सम्बन्धित परिवारले बताए।

पनौती नपा-३ ठाडोबाटो नजिकैको कजवेमा माओवादीले थापेको एम्बुस विष्फोटनावट ०५९ असोज १ गते विहान १८ वर्षीय सुरज थापाको घटनास्थलमै मृत्यु भयो। एम्बुस विष्फोट हुँदा सडकमा ठूलो खाल्डो पर्नुका साथै घटनामा घाइते भएका वा. ४ च ६०२ नम्बरको टाटा मोवाइल चालक रामजी दाहालको स्थानीय अस्पतालमा उपचार गरियो।

ललितपुर जिल्ला चापागाउँ गाविस-८ टासेल घर भई बनेपामा डेरा गरी बस्ने ३४ वर्षीय मैयाँ घिमिरेको माओवादीले फोहोरमा राखेको बम विस्फोट हुँदा ०५९ कार्तिक २ गते बनेपा नपा-११ मा मृत्यु भयो। सडकको पेटीमा तरकारी बेची जीविका चलाउने पीडितको मृत्युपछि विचल्तीमा परेका तीन जना छोरीहरूलाई शिर मेमोरियल अस्पताल, बनेपाले पढाउने व्यवस्था गरेको छ।

बनेपा नपा-६ दूरसञ्चार कार्यालय अगाडिका १३

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	७	५	३	८	१४	१४	३	१६	३३	९	१३	२	१	१६
घाइते					२	४		६	१०	४	५			५
बम विस्फोटन					२			४	४					
गिरफ्तारी/यातना										३४	८४	८	४४	१३६
कुटपिट	९	८	१	९	१		१		१					
जातीय विभेद	१		१	१										
महिला अधिकार	३		३	३										
वालअधिकार	२		२	२										
अपहरण					२	३			३					
जम्मा	२२	१३	१०	२३	२१	२१	४	२६	५१	४७	१०२	१०	४५	१५७

वर्षीय पुण्यराम मानन्धरको ०५९ कात्तिक २० गते माओवादीले फोहोरमा राखेको बम विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो भने उग्रचण्डी नाला-४ का ४५ वर्षीय माहिला मगर (पाँडे), भारतीय नागरिक २४ वर्षीय मोहन भोर र बनेपा नपा-११ बुडोलका विष्णुप्रसाद निर्मल्सिना घाइते भए।

दोहोरो भिडन्त

खनालथोक-७ नौविसे बजारस्थित अस्थायी प्रहरी पोष्टमा माओवादी र प्रहरीबीच ०५८ माघ २३ गते बिहान भएको भिडन्तका क्रममा १६ प्रहरी र एकजना माओवादीको मृत्यु भयो। भिडन्तमा धनगढी-१, कैलालीका प्रहरी इन्स्पेक्टर टीकाराम पाण्डे, कोटे-३, सिन्धुपाल्चोकका असई नेत्रबहादुर गिरी, प्रहरी हवल्दार कटुवा चौतारी ५, पर्वतका होमनाथ अधिकारी, महारानी झोडा-२, झापाका पूर्णबहादुर कार्की, निर्मलपोखरी-१, कास्कीका पदमराज पौडेल, बासेश्वर-९, सिन्धुलीका कृष्णबहादुर श्रेष्ठ, माडी गाविस-२, चितवनका मधुलाल अधिकारी, दियाले-४, ओखलढुंगाका गोकर्ण कार्की, भवानीपुर-७, सर्लाहीका गोविन्द पोखरेल, मधुवन-४, सर्लाहीका सुबोधराज यादव, प्रहरी जवान भवानीपुर-८, पर्साका पन्नालाल राय, बन्जहरा-६, रौतहटका प्रमोद शाह कानु, काठमाण्डौ, नैकापका सानुकान्छा बानिया, पदमपुर-७, चितवनका हरिदेव चौधरी, हटौंडा नपा-८ मकवानपुरका प्रेमबहादुर थिङ्ग र हर्नामाडी-३, रौतहटका मदन मिश्रको घटनास्थलमा मृत्यु भयो। घटनामा परि असई लालबहादुर राई, प्रहरी हवल्दार अर्जुनबहादुर श्रेष्ठ, प्रहरी जवान कृष्णप्रसाद पौडेल, चित्रबहादुर तामाङ र पाचर बाद्रकुमार लामा घाइते भएकोमा उपचार भयो। माओवादीतर्फ १८ वर्षीय अर्पण भनिने व्यक्तिको मृत्यु भएको जनाइयो। त्यसैगरी अरुण, किङ्गरिङ र विवेक भनिने माओवादीहरू घाइते भए।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

बनेपा नपा-५ तीनदोबाटोस्थित इलाका प्रहरी कार्यालय अगाडी ०५८ चैत ९ गते काठमाण्डौ जिल्ला क्षेत्रपाटीका २३ वर्षीय लक्ष्मण नापडुकार र २० वर्षीय शारदी बज्राचार्य प्रहरीको गोलीद्वारा घाइते भए। कर्फ्यु लागेका समयमा मोटरसाइकलमा यात्रा गरेकाले आदेश नमान्दा गोली प्रहार गरेको प्रहरीले बताए। पीडितहरूको उपचार प्रहरीले न गरे।

छत्रेबाँझ गाविस-१ का ट्रक चालक ३८ वर्षीय सुवर्ण श्रेष्ठलाई ०५८ फागुन १२ गते बलुका कर्फ्यु उल्लंघन गरेको आरोपमा प्रहरीले गोली हानी घाइते बनाए।

जेल र बन्दीहरू

धुलिखेलस्थित काभ्रे जिल्ला कारागारमा पर्दछ। बन्दी क्षमता ६० रहेको यो जेलमा हाल फैसला नभएका। ५६ र फैसला भएका ६१ गरी कुल १ सय १७ जना बन्दी छन्। महिला तथा नाबालक बन्दी राख्ने प्रचलन नभएको यस जेलमा हाल २४ जना मानसिक रोगी छन्।

बन्दीहरूका लागि ८ वटा चर्पीको व्यवस्था छ भने बाहिर र भित्र गरी चारवटा धारा छन्। चर्पीको मर्मत, सम्भार र भवनको जिर्णोद्धार गर्नुपर्ने आवश्यकता छ। बिरामी अवस्थामा डाक्टरद्वारा परीक्षण गरिन्छ। गम्भीर बिरामी हुँदा काठमाण्डौको वीर अस्पताल र शिक्षण अस्पतालमा उपचारका निम्ति पठाइने गरेको कुरा बन्दीहरू बताउँछन्। बन्दीहरूलाई कारागार शाखाले रेडियो, पत्रपत्रिका, खेलकुद सामाग्री, दुईवटा श्याम-श्वेत टि.भी र जिविसले एउटा टि.भी. उपलब्ध गराएको छ। जेलभित्र एउटा पुस्तकालय छ। पाल्पाबाट जेलसार गरी ल्याइएका ४० वर्षीय सिर अली फकिर अचानक बेहोस भई ०५९ मंसिर ३ गते मृत्यु भयो। उनलाई अघिल्लो दिन मात्र ल्याइएको थियो।

माओवादी समर्थक ३३ जनालाई नजरबन्दमा राखिएको छ। जेलको गोलघरमा भने नजरबन्दमा रहेकामध्ये शंकर नेपाल, विनोद गौतम र केदार आचार्यलाई केही दिन राखियो। हाल धुलिखेल जेलमा विनोद गौतम, केदार आचार्य, रामदास उलक, देवेन्द्र घोरसाइने, राजकुमार ढकाल, हरिप्रसाद बोलखे, उग्रध्वज दोङ, शुक्रधन राई, उद्धवप्रसाद चौलागाई, राजेन्द्र ढुंगाना, पुण्यबहादुर लामा, माधव थापा, दिपेश परियार, राजेश लामा, दिलबहादुर तामाङ, बिलबहादुर तामाङ, ठूलोबाबु तामाङ्ग, लिलानाथ ढकाल, शंकर वि.क., साइला तामाङ्ग र सागर लामिछाने छन्। जेलमा रहेका राजकुमार श्रेष्ठ, नहिन्द्र राई र रावल कुँवरलाई उपचारका लागि काठमाण्डौस्थित भद्रबन्दीगृहमा पठाइयो भने कुमारी लामा, गीता घिमिरे, कल्पना रानामगर, रिना ढकाल र रोमा भुजेललाई केन्द्रीय महिला कारागारमा पठाइयो। सरस्वती लामा, रेणुका गौतम, कृष्ण पराजुली, कृष्णबहादुर भण्डारी, सूर्यबहादुर लामा, वेनीबहादुर पुलामी, राजकुमार गौतम र सिताराम दाहाललाई भने सैनिक हिरासतमा राखिएको छ।

यस जेलमा रहेका माओवादी समर्थक ३३ जना बन्दीहरूले हस्ताक्षर गरी ०५९ पुस ५ गते सीडीओसमक्ष एक ज्ञापनपत्र बुझाए। बन्दी विनोद गौतमको संयोजकत्वमा कारागार संघर्ष समिति बनाई पागलसँगै सुताउने र म्याद थपिरहने प्रवृत्तिको विरोध जनाए।

बेपत्ता/अपहरण

माओवादीबाट

ढुंखर्क गाविस-८ बाट पूर्व जिविस सदस्य कृष्णबहादुर खुलाललाई ०५९ असार ३ गते माओवादीले अपहरण गरी ३ दिनपछि मुक्त गरे। अपहरित अवस्थामा एक्कासी प्रेसरकुकर बम विस्फोट भएर पीडित घाइते भए। पीडितको उपचार बनेपामा गरियो।

धम्की/ज्यानमार्ने धम्की/कुटपिट

माओवादीबाट

ढुंस्वर्क गाविस-८ का निवर्तमान गाविस अध्यक्ष प्रेमबहादुर तिमल्सिनाको घरमा ०५९ भदौ २० गतेदेखि माओवादीले ताला लगाए। सो घर नजिकै माओवादीहरूले सभा गरी सातदिन भित्र सम्पर्कमा नआएमा सो घर आफूहरूले नै प्रयोग गर्ने चेतावनी दिएपछि स-परिवार घर छोड्न बाध्य भए। यसैगरी ढुंस्वर्क गाविस-९ पार्थली बस्ने सानाबहादुर श्रेष्ठ र ढुंस्वर्क-७ पाट्नेखोला बस्ने गणेशबहादुर केसीको घरमा माओवादीहरूले ताला लगाइदिने धम्की दिए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

जिल्ला प्रशासन कार्यालयमा ४ सय ४१ माओवादी कार्यकर्ताहरूले आत्मसर्मपण गरे।

सरकारद्वारा घोषणा गरिएको संकटकाल सकिनासाथ ०५९ भदौ १२ गतेदेखि ०५९ कार्तिक २८ गतेसम्म माओवादीले "संकटकाल" घोषणा गरे। उनीहरूले टाँसेको पर्चा र भित्तेलेखनमा माओवादीको संकटकालीन अवस्थामा राजनीति गर्न प्रतिबन्ध, राजनीतिक कार्यकर्ता काट्ने र गैरीविसौनामा मारिएका सञ्जयको सम्झनामा भर्ती अभियान खोलेको जनाएका थिए। यसै अवधिमा माओवादीहरूले "एक घर एक छापामार" भनी कोशीपारीका १० वटा गाविसबाट कार्यकर्ता जुटाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी २ सय २५ वटा, फौजदारी १ सय १० वटा र सरकारवादी ८२ वटा गरी ४ सय १७ वटा मुद्दा परे। गतवर्षको जिम्मेवारी सरेर आएको समेत देवानी ३ सय ३५ वटा, फौज्दारी १ सय ५७ वटा र सरकारवादी ७८ वटा गरी कूल ५ सय ७० वटा मुद्दा फर्स्यौट भई ४ सय ५१ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। जसमा, २ वर्ष नाघेका ८२ वटा, एक वर्ष नाघेका २ सय ५५ वटा र अन्य १ सय १४ वटा मुद्दा छन्। जिम्मेवारी सरेर आएका हिसाबमा देवानी ३ सय १२, फौज्दारी १ सय १८ र सरकारवादी ३२ वटा मुद्दा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

गाउँमा बस्न नसकी १ सय ७ जनाले विस्थापित हुनुपरेको जिल्ला प्रशासन कार्यालयले जनायो। यिनीहरूमध्ये कुन्साङ्ग लामा र प्रेमबहादुर तिमल्सिनालाई मात्र माओवादीले विस्थापित भनेको छ। अरूलाई घर जान नरोकेको माओवादी जिल्ला नेतृत्वले सार्वजनिक गरेको थियो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

दोलालघाटबाट ०५८ माघ १ गते १० जना व्यक्तिलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। सो क्रममा २ वटा सकेट बमसहित माओवादीका दस्तावेज समेत बरामद गरिएको सुरक्षाकर्मीले जनाए।

नयाँगाउँ गाविस-१ देउपुरकी कल्पना मगर, गैरीविसौना गाविस-२ की धरिना भनिने रिता ढकाल, होक्से गाविस-३ का अभय भनिने राजकुमार श्रेष्ठ, सर्स्यूँखर्क गाविसका हिम्मत भनिने उग्रध्वज तामाङ, मादनकुँडारी गाविसका आवाज भनिने राजकुमार गौतम, विनोद गौतम, फलाटे गाविसकी सरिता भुजेल, टेकनपुरकी जानुका भनिने कानुका बोहरा, दोलालघाटका सुन्दर श्रेष्ठ, तामाघाटका विष्णुप्रसाद दुलाल, दोलालघाटका रोशन श्रेष्ठ, लामिडाँडाका जयन्द्र जोशी, साँगाचोकका सूर्यराज गिरी, गैरीगाउँका रामचन्द्र पौडेल, जैशीथोकका गेरीबहादुर खड्का, साँगाचोकका जीवनराज गिरी र दोलालघाटका सुरेशभक्त भोछिभोयालाई ०५८ माघ २ गते पाँचखाल-दोलालघाट सडकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

बनेपा नपा-६ स्थित रोजन प्रिन्टिङ प्रेसका मालिक जगन्नाथ खड्का र कर्मचारी ज्ञानु मानन्धरलाई माओवादीको प्रचार सामग्री छापेको आरोपमा ०५८ चैत ९ गते दिउसो ३ बजे सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरियो।

नेकपा (माले) का नेता एवं पूर्व श्रमराज्यमन्त्री गोविन्दनाथ उप्रेतीलाई ०५९ वैशाख २३ गते राति नेपाल टेलिभिजनद्वारा प्रसारण गरिने शाही नेपाली सेनाको कार्यक्रममार्फत् "आतंककारी" घोषणा गरियो। "माटोले माग्दैन आफैंले दिनुपर्छ" नामक उक्त कार्यक्रममा आतंककारी घोषणा गरेर टाउकाको मूल्य तोकेपछि भोलिपल्ट स्थानीय प्रशासन कहाँ आई गोविन्दनाथले स्वगिरफ्तारी दिए। उनलाई आतंककारी नभएको कागज गराई ३ दिनपछि रिहा गरियो।

फलामेटार गाविस-४ का संग्राम भनिने दिलबहादुर

बोक्सी बकाउने नाममा महिलालाई यातना दिने अनिलनिधि तिवारी

तामाङलाई ०५८ माघ ४ गते रिहा गरेकोमा पुनः ०५९ असार १६ देखि थुनामा राखियो। दिलबहादुरलाई गत वर्ष सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

उग्रचण्डी नाला गाविस-७ का साइला भन्ने रणबहादुर विश्वकर्मालाई ०५८ चैत २ गतेदेखि नजरबन्दमा राखिएकोमा हाल उनी रिहा भएका छन्।

टुकुचा गाविस-४ का ५२ वर्षीय झलकप्रसाद लामिछानेलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ असार ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छ।

फूलबारी गाविस-८ का हरिप्रसाद बोलखेलाई टेलिफोनबाट माओवादीलाई सूचना उपलब्ध गराएको र फोन प्रयोग गर्न दिएको आरोपमा ०५९ वैशाख २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५९ असार ३० गतेदेखि नजरबन्दमा राखियो।

बनेपा नपा-२ का कृष्णप्रसाद हुमागाई, टुकुचा गाविस-३ का भिमकाजी श्रेष्ठलाई ०५९ पुस ५ गते, मेच्छे गाविस-६ का अरूण लामालाई ०५९ भदौ १६ गते, होक्से गाविस-३ का राजकुमार श्रेष्ठलाई ०५८ माघ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी धुलिखेल जेलमा राखेकोमा हाल रिहा गरिएको छ।

जैसीथोक गाविस-८ का जितबहादुर तामाङलाई ०५९ असार २५ गते, सिन्धुपाल्चोक जिल्ला लामोसाँघुका शंकरप्रसाद नेपाललाई ०५९ असार ३० गते, बालुवा गाविस-८ का अनिल लामालाई ०५९ कार्तिक ८ गते र खार्पाचोक गाविस-४ का रेशम लामालाई ०५९ पुस ३ गते, उग्रचण्डी नाला गाविस-७ का शरणप्रसाद पराजुली, तुल्सीनारायण श्रेष्ठलाई ०५८ चैत ४ गते, नाला गाविस-६ का रणबहादुर विश्वकर्मा, सिन्धुपाल्चोक जिल्ला पाङग्रेटार गाविस-७ का शंकरप्रसाद नेपाल, फुलबारी गाविस-४ का अनिल लामा, नुवाकोटका हरिप्रसाद डंगोल, गैरीबिसौना गाविस-२ का गोविन्द ढकाल, टोलप्रसाद न्यौपाने, बालुवा गाविस-८ का सूर्यप्रसाद तिमिल्सिना, बलराम तामाङ, महेन्द्र चौलागाई, जैसीथोक गाविस-८ का नारायण सापकोटा, मुक्तिनाथ सापकोटा, केशवप्रसाद रेग्मी, उग्रचण्डी गाविस-४ का कृष्णप्रसाद दाहाल र मेची नपाका दलबहादुर सार्कीलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी धुलिखेल कारागारमा राखिएकोमा हाल रिहा गरिएको छ।

बालअधिकार

महेन्द्रज्योती बाँसडोल गाविस-३ की ७ वर्षीय एक बालिकालाई ०५९ जेठ ३१ गते घरमा कोही नभएको मौका पारी सोहीका २३ वर्षीय ठूले भनिने टिकाबहादुर तामाङले घरको टोस्रो नलामा लगी बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ ।

पाँचखाल गाविस फेटीकी १३ वर्षीय एक बालिकालाई ०५८ चैत २ गते सोही ठाउँका २८ वर्षीय रामशरण भन्ने भेषबहादुर श्रेष्ठले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नेकपा (माओवादी) ले काभ्रेमा बालसैन्यहरू प्रयोग गरेको भन्ने समाचार ०५९ असोज १२ मा सञ्चार माध्यममा प्रकाशन भयो। सो समाचारको स्पष्टीकरण दिंदै माओवादीहरूले ढुंखर्क गाविस-३ का १२ वर्षिय चेतनाथ ढकाललाई आफुहरूसँग नआइज भन्दापनि पछि-पछि गएको बताए। माओवादीले फलामेटार गाविस-१ स्थित बालविकास प्रस्तावित निमाविवाट प्रेम थिङ, धन बहादुर गोले, अर्जुन थिङ, अक्कल पाख्रीन, बिन्दु थिङ र नवराज राउतलाइ लगेकोमा संकटकालपछि बिन्दु र नवराज भागेर घर आएकोमा पार्टीलाई धोका दिएको भनी माओवादीहरूले कुटपिट गरे।

शिक्षा पत्रकार समूहले कुशादेवी, मेथीनकोट, चण्डेनीमण्डन, कलाती, भुमेडाँडा र साठीघरमा बालिका शिक्षाको बारेमा गरेको अध्ययनअनुसार, तामाङ्ग बस्तीका २० प्रतिशत बालिका विद्यालय जाँदैनन्। भुँमेडाँडाको मगरगाउँ र घिसिङ्ग गाउँका ४५ घरबाट १ जना पनि बालिका विद्यालय जादैनन्। अधिकांश बालिका ३, ४ र ५ कक्षा पुगेपछि पढाइ छोड्ने र पढाई छाडेपछि घाँस, दाउरा तथा गोठालो हुने गरेको प्रतिवेदनमा उल्लेख छ।

महिला अधिकार

पाँचखाल गाविस-३ केगघारी बस्ने ६३ वर्षीया देवमाया अधिकारीलाई कान्छे रोग निको पार्ने बहानामा मानसिक र शारीरिक यातना दिई जबर्जस्ती बोक्सी बनाउन खोज्ने काठमाण्डौ जिल्ला डिल्लीबजारका ४१ वर्षीय कालमसान भनिने अनिलनिधी तिवारीलाई ०५९ पुस १३ गते बनेपाका युवाहरूले लखेटी उनीबाट महिलाहरूलाई बोक्सी बकाइएको भिडियो टेप बरामद गरे। पीडितका छोराले पुस १५ गते राष्ट्रिय मानव अधिकार आयोग समक्ष मानवअधिकार उल्लंघनसम्बन्धी मुद्दा दर्ता गराए।

ढुंखर्क गाविस-६ की एक महिलालाई पोइल गएको आरोपमा ०५९ भदौ २९ गते माओवादीले कुटपिट गरी सिस्नुमा सुताइ घाइते बनाए।

जातीय विभेद

चण्डेनी मण्डनका ज्ञानेन्द्र नेपाल र लमजुङकी रूपा विश्वकर्मा बीच प्रेम विवाह भएका कारण परिवार र समाजले बहिस्कार गरे। उनीहरु दुवै अन्धाकल्याण संघमा आवद्ध छन्। दुवैजना अन्धा भएपनि सामाजिक परिवर्तनको लागि आफूहरुले अगुवाई गरेको बताए।

विविध

संरचना क्षति

वनेपा नपा-६ स्थित भिन्तुना भवन अगाडि माओवादीले ०५९ कार्तिक २१ गते वेलुका वम विष्फोट गराउँदा सोही ठाउँमा राखिएको वा. ३ च ६८२३ नम्वरको ट्याक्स र मुक्तिनाथ भोछिभोयाको पमल समेत क्षतिग्रस्त भयो।

यस वर्षको अन्त्यमा माओवादीले जिल्लाका ४८ वटा गाविसमाथि आक्रमण गरे। आक्रमण भएका गाविसमध्ये १० वटामा फर्निचर र कागजपत्रहरू मात्र तथा अन्य ३८ वटा कार्यालय भवनमा आगो लगाई करिव १ करोड २६ लाख २३ हजार ४ सय १७ रूपैयाँ वरावरको क्षति पुऱ्याए। त्याले स्थित दुग्ध उत्पादक सहकारी संस्था र भूमिडाँडास्थित गाविस कार्यक्रमको कार्यालयमा आगजनी गरे।

पनौती नपा कार्यालय भवनमा ०५९ कार्तिक १९ गते माओवादीले वम विस्फोट गरी क्षति पुऱ्याए । विस्फोटवाट नपा भवन, एक मोटरसाइकल र नगरपालिकाको ट्याक्टर गरी ६ लाख ५० हजार रूपैयाँ बराबरको क्षति भएको बताइयो। माओवादीले नपामा रहेको वा. ७ प १३१८ नम्वरको मोटरसाइकल र ना. १ द १४९ नम्वरको ट्याक्टरमा पनि आगो लगाइदिए।

खोपासीस्थित पनौती जलविद्युत केन्द्रको उत्पादन गृहमा माओवादीको एक समूहले ०५९ कार्तिक २३ राति वम विस्फोट गराई ट्रान्सफर्मरका साथै अन्य उपकरण गरी एक करोड रूपैयाँ बराबरको क्षति पुऱ्याए भने पाँचखाल गाविस-४ आउलेवोटमा निर्माणाधीन विद्युत सवस्टेशनमा ०५९ भदौ १७ गते राति वम विस्फोट गराई कार्यालय भवन र भवनभित्र रहेका महत्वपूर्ण सामानहरू क्षतिग्रस्त बनाएका थिए। त्यसैगरी पनौती नपा-१२ मा अवस्थित पनौती विद्युत गृहमा ०५९ भदौ १७ गते आक्रमण गरी क्षतिग्रस्त वनाए। दुवाचौरस्थित वागवानी उप-केन्द्रमा ०५८ चैत १७ गते तोडफोड गरी ५ लाख रूपैयाँ वरावरको क्षति पुऱ्याए। यसअघि कात्तिकेदेउराली गाविस स्थित कृषि विकास वैंक उपशाखा कार्यालयमा ०५८ फागुन १४ गते आक्रमण गरी १० लाख रूपैयाँ वरावरको क्षति पुऱ्याएका थिए।

त्यसैगरी पनौती नपा-१२ स्थित रेशमखेती विकास शाखामा ०५८ चैत १६ गते राति माओवादीले आक्रमण गरी १ करोड ५० लाख रूपैयाँ बराबरको क्षति पुऱ्याए। माओवादीले सो शाखाको ६६-१-४०० र वा. १ भ ५१५३ नम्वरको गाडी एवं वा. १ व ६५३ नम्वरको मोटरसाइकल पनि जलाएर नष्ट गरे।

माओवादीले ०५८ चैत ११ गतेदेखि ०५९ कार्तिक ३० गतेसम्म जिल्लाका ४८ वटा हुलाकमाथि आक्रमण गरी १८ लाख ५५ हजार ७ सय रूपैयाँ वरावरको क्षति पुऱ्याए।

नाला उग्रचण्डी गाविसमा रहेको हेल्थपोष्ट कार्यालयमा माओवादीले ०५८ चैत ११ गते तोडफोड गरी औषधीमा क्षति पुऱ्याए। माओवादीले ०५९ वैशाख २ गते टुकुचास्थित उपस्वास्थ्य चौकीमा समेत तोडफोड गरी हजारौं रूपैयाँ वरावरको क्षति पुऱ्याए।

फूलवारीमा रहेको उपस्वास्थ्य चौकी क्लिनिकका सामान ०५९ भदौ १५ गते राति जलाए भने कटुञ्जेवेसी गाविस भवनमा रहेको उपस्वास्थ्य चौकीमा ०५९ भदौ १७ गते राति आगजनी र तोडफोड गरी औषधीहरूसमेत नष्ट गरे। नाला हेल्थपोष्ट कार्यालयमा ०५९ भदौ ३० गते राति ताला फुटाई औषधीहरूलगायत नगद लुटेर लगे। खनालथोक उपस्वास्थ्य चौकीमा ०५९ कार्तिक ३० गते राति आगो लगाई कार्यालय सामान र औषधीहरू नष्ट गरे भने महेन्द्रज्योती गाविस भवनमा रहेको उपस्वास्थ्य चौकीमा ०५९ पुस ३ गते आगो लगाई कार्यालय सामाग्री र औषधीहरू समेत नष्ट गरे।

माओवादीले धुलिखेलस्थित जिल्ला शिक्षा कार्यालयमा ०५९ भदौ १४ गते राति आक्रमण गरी कार्यालयको १० कोठाका शिशा क्षति वनाउनुका साथै कार्यालयभित्रका कागजपत्रहरू जलाइदिए। आक्रमणवाट ३ लाख रूपैयाँ वरावरको क्षति पुगेको अनुमान गरियो। त्यसैगरी पाँचखाल गाविस-७ वस्खेल्डीहिस्थित लभग्रीन नेपालको फिल्ड अफिसमा ०५९ कार्तिक १४ गते आगो लगाई २१ लाख रूपैयाँको क्षति पुऱ्याए। कार्यालयमा विस्फोट गराउँदा तालीम र कार्यालय भवन पूर्ण नष्ट भयो भने फर्निचर, कृषि औजार, कम्प्युटर, कार्यालय सामाग्री र पुस्तकसमेत २१ लाख ६ हजार ९ सय रूपैयाँ बराबरको क्षति भएको जानकारी सो संस्थाका उपाध्यक्षले दिए। सो संस्थामा आगो लाग्दा सोही भवनमा राखिएको पाँचखाल उपत्यका सामुदायिक वन समन्वय समिति र ग्रामीण बहुउद्देश्यीय सहकारी कार्यालय सामाग्रीहरू पनि क्षतिग्रस्त भएको बताइयो।

यस वाहेक माओवादीले पनौती स्थित विद्युत गृह, नेपाल विद्युत प्राधिकरणको एउटा गाडी, २ वटा खाली प्रहरी चौकीमा आक्रमण गरी करिव ७ लाख रूपैयाँ वरावरको क्षति पुऱ्याए। थप एउटा प्रहरी चौकीमा वम विस्फोट गरी क्षतिग्रस्त वनाए। खोपासीस्थित कृषि विकास वैंकमा ०५८ चैत १६ गते माओवादीले आगलागी गरे। त्यसैगरी महादेव गाविसस्थित कृषि विकास वैंक, उपशाखा र रविओपी गाविसस्थित साना

माओवादीद्वारा आगो लगाइएको खोपासीस्थित कृषि विकास बैंक

विकास आयोजनाको कार्यालयमा क्रमशः ०५८ चैत १६ र १८ गते आगलागी गरे। पनौती नपा-१२ डगाउनेपोखरी, कटुञ्जेवेंशी, चौवास र तालढुंगास्थित रेञ्जपोष्टहरूमा पनि आगो लगाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राष्ट्रिय मानव अधिकार आयोगले माघ २३ गते एक वक्तव्य जारी गरी भकुण्डेवेंशी प्रहरीचौकीमा माओवादीले आक्रमण गरी १६ जना प्रहरीको बर्बरतापूर्वक हत्या गरेको भनी दुःख व्यक्त गर्‍यो।

नेकपा (एमाले) केन्द्रीय कार्यालयले त्याले घटनाका सम्बन्धमा ०५९ भदौ ३१ गते एक वक्तव्य जारी गरी कृष्णप्रसाद सापकोटा हत्याकाण्डको यथार्थ छानविन गर्न र हत्यामा संलग्न अपराधीहरूलाई कडा सजाय दिन सरकार एवम् माओवादीसँग माग गर्‍यो।

वन्यजन्तु तथा वातावरण संरक्षण मञ्च, काभ्रेले ०५९ असार २२ गते एक वक्तव्य जारी गरी भकुण्डेवेंशी फाँटमा इँट्टाभट्टा राख्न स्वीकृति दिइएकोमा विरोध जनायो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यसवर्ष सवारी दुर्घटनामा ६ महिला सहित २४ जनाको मृत्यु भयो भने ४२ जना घाइते भए। अरिंगालले टोकेर १ जनाको मृत्यु भयो भने बाघको आक्रमणबाट १ जनाको मृत्यु भयो। छतबाट लडेर १ पुरुष, सडकमा लडेर १ महिलाको मृत्यु भयो।

आत्महत्याका ५७ वटा घटनामा २७ महिला र ३१ पुरुष गरी ५८ जनाले आत्महत्या गरे। आत्महत्या गर्नेहरूमा १२ वर्षदेखि ८१ वर्षसम्मका व्यक्ति रहे। कानपुर-५ का २ जना वृद्धले संयुक्त आत्महत्या गरे भने खनालथोक-५ का रविन खनाल उच्च शिक्षाको नतिजामा पास भएको खुशीयालीमा भोज ख्वाइसकेपछि प्रमाण-पत्र प्राप्त गर्दा अनुतीर्ण भएको पीडामा झुण्डिएर मरे। आत्महत्या गर्नेहरूमा ३९ जना १५ देखि ४५ वर्ष समूहका, १६ जना ४५ वर्षमाथिका र ३ जना १५ वर्ष मुनिका छन्। आत्महत्या गर्नेहरू मध्ये ४१ जना वाहुन-क्षेत्री, १० जना दलित र ३ जना तामाङ्ग जातका छन्।

वाढी पहिरोबाट १० महिला सहित ३१ जनाको मृत्यु भयो। वाढी पहिरोबाट ४ हजार २ सय ४३ परिवार प्रभावित भए भने २ सय ४० जना घाइते भए।

मिल्चे गाविस-६ मा ०५९ मंसिर २७ गते राति आफैले बोकेको वम विष्फोट हुँदा दुई जना माओवादी कार्यकर्ताको मृत्यु भयो। घटनामा को-को व्यक्तिको मृत्यु भयो भन्ने बारेमा कुनै जानकारी सार्वजनिक गरिएको छैन।

पाँचखालस्थित सैनिक शिविरमा कार्यरत ३४ वर्षीय मधुसुधनप्रसाद भट्टराईको ०५९ वैशाख १० गते ड्युटीमा रहेका वेला गोलीबाट मृत्यु भयो।

सालधारा गाविस-१ कोदारवोरियास्थित एक घरमा ०५९ असार ५ गते विहान आफूहरूले बोकेको प्रेसरकुकर बम पड्कन गई २ जना माओवादी कार्यकर्ताहरू सालधारा गाविस-१ की रेणुका भनिने १३ वर्षीय मनकुमारी गोले र सोही गाविस- ६ की १४ वर्षीय रमिता तामाङ्गको मृत्यु भयो।

२.१४ भक्तपुर

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या/गोली

राज्यबाट

काभ्रे जिल्ला ठूलो पर्सेल गाविस-५ का २६ वर्षीय कारसाङ लामालाई सुरक्षा चेकपोष्टमा जाँच गर्दा भाग्न खोजेको आरोपमा ०५८ चैत २८ गते सुरक्षाकर्मीले चितपोल गाविस-१ मा गोली हानी हत्या गरे।

भक्तपुर नपा-३ का ५५ वर्षीय शिवराम श्रेष्ठलाई विस्केट जात्रामा ढुंगामुढा गरेको आरोपमा ०५८ चैत २८ गते प्रहरीले सोही नपा-७ मा गोली हानी हत्या गरे। सोही घटनामा सोही नपा-१४ का रामप्रसाद दुवाल र ३५ वर्षीय पञ्चलक्ष्मी कर्माचार्य घाइते भए। घटनामा प्रहरीले विभिन्न ५ वटा वडाका सार्वजनिक ठाउँमा ५० राउण्ड गोली र ३ राउण्ड अश्रुग्याँस समेत प्रहार गरे।

चाँगुनारायण गाविस-७ मा माओवादीको आरोपमा ०५९ जेठ २१ गते सुरक्षाकर्मीले ६ जनालाई गोली हानी हत्या गरे। सो घटना दोहोरो भिडन्तको क्रममा भएको सुरक्षा निकायले जनायो। भक्तपुर जिल्ला अस्पतालमा सैनिक घेराबन्दीका बीच लासको पोष्टमार्टम गरियो। चाँगुनारायण गाविसका अध्यक्ष मोहनविक्रम श्रेष्ठ र उपाध्यक्ष रमेश बुढाथोकीले पीडितहरूको लास हेर्न पाउनु पर्ने भनी सुरक्षाकर्मीसँग माग राखे। तर, उनीहरूलाई लास हेर्न दिइएन।

सिपाडोल गाविस-४ को जंगलमा २४ र २७ वर्षीय दुईजना अज्ञात व्यक्तिहरूलाई माओवादीको आरोपमा ०५९ कार्तिक २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। लास सुरक्षाकर्मीले नै जलाएका थिए।

माओवादीबाट

कटुञ्जे गाविस-७ का माओवादी कार्यकर्ता २४ वर्षीय रामगोपाल विसुङ्खेलाई ०५८ भदौ १६ गते माओवादीकै कार्यकर्ताहरूले सोही गाविस-६ मा गोली हानी हत्या गरे। पीडितलाई जिम्मेवारी दिएको काम सफल हुन नसकेको आरोप लगाइएको थियो।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

भक्तपुर नपा-१२ का १३ वर्षीय दयाराम प्रजापति ०५८ फागुन ११ गते गोरखनाथ मन्दिर नजिकै माओवादीले छोडेर गएको चकलेट बम खेलाउँदा विस्फोट भई घाइते भए।

नेकां (प्रजातान्त्रिक) का जिल्ला सभापति ५५ वर्षीय राधेश्याम जोन्छेलाई ०५९ भदौ १६ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए। पीडितको उपचार वीर अस्पतालमा भइरहेको छ।

यस वर्ष जिल्लाका विभिन्न ठाउँमा प्रेसर बम, तुल बम, सुतली बम, चकलेट बम, टाइम बमलगायत् ३९ वटा बम फेला परे। जसमध्ये केही विस्फोट भएका र केहीलाई सुरक्षाकर्मीले निस्क्रिय पारेका थिए।

जनसंख्या	: २२५४६१
साक्षरता प्रतिशत	: ५९.१५
महिला साक्षरता प्रतिशत	: ४९.८
क्षेत्रफल (वर्ग कि. मि.)	: १३८.४६
गाविस / नपा संख्या	: १६/२
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३००
क्याम्पस / उच्च मा.वि.	: ९/६
अस्पताल / स्वास्थ्य चौकी	: ६/२४
टेलिफोन लाइन	: ८८५३
मोटर सडक (कि. मि.)	: १७७
प्रहरी कार्यालय संख्या	: १६
हुलाक संख्या	: २२
मानव विकास सूचकांक	: ०.३९३
प्रति एक डाक्टर जनसंख्या	: १०२४८
प्रति परिवार सरदर संख्या	: ५.४७

बेपत्ता/अपहरण

राज्यबाट

भक्तपुर नपा-१ का ३७ वर्षीय सत्यनारायण प्रजापतिलाई ०५९ वैशाख १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सूर्यविनायक ब्यारेकमा राखिएकोमा जेठ १४ गतेसम्म आफन्तले भेटेका थिए। त्यसपछि भेट्न जाँदा काठमाण्डौको वालाजु ब्यारेकमा पुऱ्याइएको बताइयो। तर, सो ब्यारेकमा बुझ्न जाँदा त्यहाँ नरहेको जानकारी आफन्तलाई दिए। त्यसपछि उनको बारेमा कुनै जानकारी प्राप्त हुन सकेको छैन।

मध्यपुर थिमी नपा-१५ गठ्ठाघरका ३० वर्षीय दीपक राउतलाई ०५९ कार्तिक २३ गते सुरक्षाकर्मीले भक्तपुर नपा-११ बाट गिरफ्तार गरी बेपत्ता पारे।

सक्षम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा २३ वटा सार्वजनिक अपराध सम्बन्धी मुद्दा दर्ता भएकोमा ५ वटा फर्स्योट भए। ठाडो उजूरीतर्फ निवेदन दर्ता भएकै बेला कारवाही हुने गरेको छ।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सुडाल गाविस-४ का ३६ वर्षीय केशव बानिया, सोही गाविस-५ का २७ वर्षीय किरण के.सी. र ३२ वर्षीय रवि केसी, ३० वर्षीय माधव तिमिल्सिना र ३२ वर्षीय उमा सापकोटालाई माओवादीको आरोपमा ०५८ पुस १७ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडितहरूमध्ये केहीलाई रिहा गरियो भने उमालाई एक महिना नजरबन्दमा राखी रिहा गरियो।

सुडाल गाविस-४ का १९ वर्षीय रमेश अधिकारीलाई माओवादीको आरोपमा ०५८ पुस २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

भक्तपुर नपा-१७ का २२ वर्षीय सुनिल गोठे, सोही नपा-१५ का १९ वर्षीय राकेश वाटी र पाण्डु सडाललाई माओवादीको आरोपमा ०५८ पुस २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये सुनिल र पाण्डुलाई नजरबन्दमा राखिएको छ भने राकेशलाई तारेखमा रिहा गरियो।

सुडाल गाविस-७ का ३१ वर्षीय ध्रुव सापकोटा, सोही गाविस-८ का ३२ वर्षीय शंकर घोरसाइने लगायत १२ जनालाई माओवादीको आरोपमा ०५८ पुस २६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरूमध्ये ध्रुव र शंकरलाई नजरबन्दमा राखियो भने अन्यलाई केही दिन पछि रिहा गरियो।

भक्तपुर नपा-४ का ४० वर्षीय दिनानाथ पोखरेल, सोही ठाउँबाट देशभक्त चापागाईं, कृष्णप्रसाद श्रेष्ठ र राजु नेपाललाई माओवादीको आरोपमा ०५८ पुस २७ गते सुरक्षाकर्मीले

माओवादीको गोलीद्वारा घाइते राधेश्याम जोन्छे

गिरफ्तार गरे। पीडितहरूमध्ये दिनानाथलाई रिहा गरियो भने अन्यलाई नजरवन्दमा राखियो।

दधिकोट गाविस-७ का २४ वर्षीय जोन श्रेष्ठ, केदार कँमी र देवीप्रसाद ढकाललाई माओवादीमा लागेको आरोपमा ०५८ पुस २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई नजरवन्दमा राखियो।

भक्तपुर नपा-१३ का ४५ वर्षीय जगत त्वाएना र सिपाडोल गाविस-१ का गुठी कार्यालयका कर्मचारी कृष्णप्रसाद चौधरीलाई ०५८ फागुन ९ गते कार्यालयमा वम पड्किएको अवस्थामा सुरक्षाकर्मीले कार्यालयवाट गिरफ्तार गरे। पीडितहरूलाई रिहा गरियो।



जेलमा मृत्यु भएका वैकुण्ठहरि श्रेष्ठ

सिपाडोल गाविस-१ का डेरा वस्ने ५० वर्षीय लालबहादुर तामाङलाई माओवादीमा लागेको आरोपमा ०५८ फागुन २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ दिनपछि रिहा गरियो।

मध्यपुर थिमी नपा-१५ गठ्ठाघरका डा. प्रकाशमान श्रेष्ठलाई माओवादीको आशंकामा ०५८ फागुन २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखी पछि रिहा गरियो।

भक्तपुर नपा-१७ का वद्रि त्वाएना, ठाकुरप्रसाद लामिछाने र सुलोचना दुवाललाई माओवादीमा लागेको आरोपमा ०५८ चैत १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये सुलोचनालाई रिहा गरियो भने वद्री र ठाकुरप्रसादलाई नजरवन्दमा राखियो।

भक्तपुर नपा-४ का २४ वर्षीय जीवन भोमी, २६ वर्षीय ज्ञानेन्द्र शाही र २३ वर्षीय चण्डेराम घ्यामसुलाई विस्केट जात्रामा ढुंगामुढा गरेको आरोपमा ०५८ चैत २८ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सार्वजनिक मुद्दा चलाई रिहा गरियो।

भक्तपुर नपा-१४ गपली डंग वस्ने ३५ वर्षीय ठाकुरप्रसाद चौलागाईलाई माओवादीको आरोपमा ०५९ जेठ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि रिहा गरियो।

दधिकोट गाविस-९ का २४ वर्षीय विकास राजथलालाई सवाल जवाफ गरेको आरोपमा ०५९ जेठ ३१ गते सुरक्षाकर्मीले दधिकोट गाविस-४ वाट गिरफ्तार गरे। पीडितलाई केही दिन थुनामा राखी रिहा गरियो।

मध्यपुर थिमी नपा-१३ का ७१ वर्षीय वैकुण्ठहरि श्रेष्ठलाई माओवादी समर्थक नेवा खलका केन्द्रीय सल्लाहकार भएको आरोपमा ०५९ असार २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको भद्रगोल जेलमा नजरवन्दमै राखिएको अवस्थामा पुस १३ गते औषधी उपचार हुन नसकी मृत्यु भयो।

दधिकोट गाविस-८ का १९ वर्षीय अनिल राजथला लगायत तीन जनालाई ०५९ भदौ २२ गते प्रहरीले प्रहरीको मोटरलाई ढुंगामुढा गरेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई केही सार्वजनिक अपराध मुद्दा चलाई जिल्ला प्रशासन कार्यालय, भक्तपुरवाट तारेखमा रिहा गरियो।

जिल्ला प्रहरी कार्यालयले संकटकाल लागू भएदेखि यस वर्ष ५ महिला सहित ७५ जनालाई माओवादीको आरोपमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१		२					४	३	१	८	१२
घाइते						३	६		६					
वम विस्फोटन						९		९	९					
गिरफ्तारी/यातना										२५	५६	३	३६	९५
वेपत्ता										२	२			२
कुटपिट	३३	३१	१०		४१					२	८			८
धम्की	५	२	१	२	५	२		२	२	१	१	१		२
निष्पक्ष जाँचपड्ताल र सुनुवाईको अधिकार										२	१		१	२
महिला अधिकार	११		११		११									
वालअधिकार	५	१	३	१	५									
आर्थिक तथा सामाजिक अधिकार	२	२०१			२०१					१	१			१
जम्मा	५८	२३६	२६	३	२६५	१४	६	११	१६	३७	७२	५	४५	१२२

बेपत्ता पारिएका विपक राउत र सत्यनारायण प्रजापति

गिरफ्तार गरी कारवाही चलायो। ती मध्ये यस वर्षको अन्त्यसम्म ३ महिला सहित २६ जना रिहा गरिए।

बालअधिकार

वालकोट गाविस-५ की ६ वर्षीय एक वालिकालाई ०५८ चैत २७ गते इलाम जिल्ला स्वजुनावारी गाविस-३ घर भई वालकोटमा बस्दै आएका २४ वर्षीय सूर्यबहादुर लामिछानेले वलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कारवाही चलाइरहेको छ।

मध्यपुर थिमी नपा-१६ का १० वर्षीय यादव राजवंशीलाई घरमा काम नगरेको आरोपमा ०५९ भदौ २६ गते घर मालिक्नी ३० वर्षीय प्रनिभा घिमिरेले पन्यू तताएर जीउभरी डामिन्। पीडकलाई प्रहरीले कानुनी कारवाही गरी रिहा गरे।

ताथली गाविस-८ का ९ वर्षीय एक बालिकालाई ०५९ असोज २५ गते राजु न्हेम्हाफुकीले वलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कारवाही चलाए।

महिला अधिकार

सिरूटार गाविस-८ का ३५ वर्षीय एक महिलालाई ०५९ असोज १८ गते सोही गाविस-९ मा बस्दै आएका २५ वर्षीय मनिराम चौधरीले वलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कारवाही चलाए।

विविध

संरचना क्षति

यस वर्ष माओवादीले जिल्ला विकास समिति, जिल्ला सहकारी कार्यालय, सिंचाई कार्यालय, घरेलु कार्यालय, जिल्ला प्रहरी कार्यालय, सडक कार्यालय, राजश्व कार्यालय, मध्यपुर नपा भवन र ७ वटा गाविस भवनमा बम प्रहार तथा आगो लगाई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष २३ पुरूष र १४ महिलाले आत्महत्या गरे। १९ पुरूष र ३२ महिलाले आत्महत्या गर्ने प्रयास गरे। दुर्घटनाका ४० र विपत्तिका ३ वटा घटनामा २३ पुरूष र ३ महिलाको मृत्यु भयो।

यस वर्ष कुटपिटका ३६ वटा घटनामा ३४ पुरूष र ११ महिला पीडित भए।

२.१५ काठमाडौं

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

टोखा सरस्वती गाविस-५ टोखाका ३९ वर्षीय कान्छा डंगोललाई ०५८ चैत ५ गते राति सुरक्षाकर्मीले निर्मम यातना दिई गोली हानी हत्या गरे। कान्छा डंगोलसहित टोखा सरस्वती गाविस-१ का २५ वर्षीय नारायणदास डंगोल, सोही गाविस-६ का शंखनारायण डंगोल, सोही गाविस-२ का २० वर्षीय सुरज डंगोल र चण्डेश्वरी गाविस-२ का ३१ वर्षीय मनकाजी मानन्धरलाई ०५८ चैत २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आफ्नो नियन्त्रणमा लिएका थिए। पीडितहरू सबैलाई ३ दिनसम्म वेपत्ता पारिएकोमा चैत ५ गते कान्छा डंगोललाई सुरक्षाकर्मीले नियन्त्रणमा लिन लाग्दा हानपात गरी भाग्न खोजेपछि गोली प्रहार गर्दा मृत्युभएको कुरा सुरक्षाकर्मीले एक विज्ञप्ति मार्फत जानकारी गराए। कान्छा डंगोलको यातना दिई अन्त्यमा गोली हानी हत्या गरिएको तथ्य एलायन्स, इन्सेक, सिभिक्ट, एड्भोकेसी फोरम लगायत मानवअधिकारकर्मीहरूको स्थलगत अध्ययन टोलीले पत्ता लगायो। अन्य सबै पीडितहरूलाई सुरक्षाकर्मीले पटक-पटक गरी तारेखमा रिहा गरे।

कामनपा-१५ चागलमा २३ वर्षीय अरूण श्रेष्ठलाई ०५८ चैत १५ गते फागुपर्व मनाइरहेको अवस्थामा स्थानीय साथीहरुको झगडा छुट्याउन गएको वेला सुरक्षाकर्मीले गोली प्रहार गर्दा घाइते भएकोमा उपचार गर्दागर्दै मृत्यु भयो। गस्तीमा रहेका सुरक्षाकर्मीलाई केही युवाहरूले आक्रमण गर्दा आत्मरक्षाको लागि गोली प्रहार गर्दा अरूणलाई गोली लागि

घाइते भएकोमा उपचार गर्दागर्दै मृत्यु भएको सुरक्षानिकायले जनाए।

थानकोटस्थित सैनिक क्याम्पभित्र एक यूवतीको ०५८ चैत २९ गते सुरक्षाकर्मीको गोली प्रहारबाट मृत्यु भयो। पीडितको सनाख्त हुन सकेन।

थानकोटस्थित नेपाल आयल निगमको तेल भण्डारण क्षेत्रभित्र एक अज्ञात व्यक्तिलाई ०५८ चैत ३० गते विहान सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित लाटो तथा मानसिक स्थिति ठिक नभएको घुमिहिड्ने भएकाले तेल भण्डारणको निषेधित क्षेत्रमा पुग्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरेका थिए।

कामनपा-५ सुकेधारास्थित विद्युत ट्रान्समिटरमा वम प्रहार गर्न लाग्दा वम विस्फोट भई घाइते अवस्थामा भाग्दै गरेका माओवादी कार्यकर्ताको ०५९ वैशाख ११ गते सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो।

किर्तिपुर नपा-१४ चोभारमा ३ जना अज्ञात व्यक्तिलाई ०५९ वैशाख २८ गते विहान ३ बजेतिर सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको लास सनाख्त नगरी सुरक्षाकर्मीले लिएर गए।

कामनपा-९ वत्तीसपुतलीबाट जनदिशा दैनिकका सम्पादक कृष्ण सेनलाई ०५९ जेठ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा चरम यातना दिएका कारण महेन्द्रपुलिस क्लवमा मृत्यु भयो। हत्याको सम्वन्धमा छानविन गर्न गठित समितिले सेनलाई गिरफ्तार नै नगरेको प्रतिवेदन सरकारलाई बुझायो। तर, सुरक्षाकर्मीसँगको भीडन्तकोक्रममा कीर्तिपुरमा मृत्यु भएको भनी त्रिभुवन शिक्षण अस्पतालमा लगिएको शव परीक्षणमा उल्लेखित विवरणअनुसार उक्त शव नै सेनको भएको पुष्टि हुने आधारहरू थिए।

चुच्चेपाटीमा २३ वर्षीय सविन श्रेष्ठलाई ०५९ भदौ ३१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। आतंककारी भएको र सुरक्षाकर्मीले नियन्त्रणमा लिनेक्रममा फरार भएकाले गोली प्रहार गर्दा मृत्यु भएको रक्षा मन्त्रालयले विज्ञप्ती मार्फत् जनायो।

जनसंख्या	: १०८१८४५
साक्षरता प्रतिशत	: ७५
महिला साक्षरता प्रतिशत	: ६०
क्षेत्रफल (वर्ग कि. मि.)	: ३९५
गाविस / नपा संख्या	: ५७/२
निर्वाचन क्षेत्र	: ७
विद्यालय	: ९४५
क्याम्पस / उच्च मा.वि.	: ५७/९९
अस्पताल / स्वास्थ्य चौकी	: ३७/६७
टेलिफोन लाइन	: १८००००
मोटर सडक (कि. मि.)	: ८०४
प्रहरी कार्यालय संख्या	: १९
हुलाक संख्या	: ७१
मानव विकास सूचकांक	: ०.६०३
प्रति एक डक्टर जनसंख्या	: ३९४८
प्रति परिवार सरदर संख्या	: ४.६७



सुरक्षाकर्मीद्वारा हत्या गरिएका कृष्ण सेन

कामनपा-६ बौद्ध तीनचुलेका ६८ वर्षीय कामी शेर्पाको ०५९ असोज २७ गते सादा पोशाकमा रहेका वडा प्रहरी कार्यालय बौद्धका प्रहरी इन्स्पेक्टर दामोदर कालाथोकीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडकलाई विभागीय कारवाही गरेको जिल्ला प्रहरी कार्यालयले जानकारी गरायो।

राजपरिषद स्थायी समितिका सभापति केशरजंग रायमाझीको वालुवाटारस्थित निवासमा ०५९ कार्तिक २७ गते विहान साढे ५ बजे पेट्रोल वम फ्याँकेर भाग्न खोजेको आरोपमा एक व्यक्तिलाई सेन्ट्रीमा बसेको सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। मृतकको सनाख्त हुन सकेन। सुरक्षा निकायले उक्त व्यक्ति माओवादी भएको जनाए पनि माओवादीले मंसीर २९ गते एक विज्ञप्ति मार्फत् ती व्यक्ति आफ्नो कार्यकर्ता नभएर सर्वसाधारण भएको जनाए।

माओवादीबाट

काठमाण्डौ मनपा-७ चावहिलमा माओवादीद्वारा राखिएको वम विष्फोटनमा परी घाइते भएका महानगरपालिकाका कुचिकार ३३ वर्षीय हेमबहादुर राईको ०५८ फागुन १३ गते वीर अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो। माओवादीले गरेको नेपाल वन्दको क्रममा ०५८ फागुन १० गते माओवादीले फोहर फाल्ने ठाउँमा वम राखेका थिए।

साँखु गाविस-५ का ४२ वर्षीय इन्द्रवहादुर कार्कीलाई ०५८ फागुन १४ गते माओवादीले घरबाटै अपहरण गरी नजिकैको जंगलमा लगेर खुकुरी प्रहार गरी हत्या गरे।

स्याङ्जा जिल्ला घर भई गोंगबु गाविस-७ डेरा गरी बस्ने ३४ वर्षीय प्रहरी सहायक निरीक्षक भरत ढकाललाई ०५८ चैत १८ गते माओवादी कार्यकर्ताले आफ्नै निवासमा गोली हानी हत्या गरे। कार्यालयबाट वेलुका घर आई भान्सा कोठामा वसिरहेको अवस्थामा ढकाललाई माओवादीले गोली हानी घाइते बनाएकोमा उपचारार्थ अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो।

दक्षिणकाली गाविस-२ घर भई राष्ट्रिय अनुसन्धान विभाग, सिंहदरवारमा मुख्य पहरेदार पदमा कार्यरत ४३ वर्षीय

सुयोग कर्माचार्यलाई ०५९ वैशाख ७ गते आफ्नै घरमा वसिरहेको अवस्थामा माओवादीले कुटपिट गरी गोली हानी हत्या गरे।

कामनपा-१३ कुलेश्वरस्थित सामुदायिक प्रहरी विटमा कार्यरत प्रहरी जवान रूद्रप्रसाद रेग्मीलाई ०५९ वैशाख ४ गते माओवादीले गोली प्रहार गरी हत्या गरे। उक्त घटनामा परि सोही ठाउँमा १८ वर्षीय सञ्जीव महर्जनको मृत्यु भयो भने प्रहरी जवान यमलाल श्रेष्ठ सहित अन्य एक जना सर्वसाधारण व्यक्ति घाइते भए।

कामनपा-१३ कालिमाटी चोकस्थित महेन्द्रको शालिकमा ०५९ असोज २६ गते विहान माओवादीले वम विस्फोट गराउँदा मोरङ जिल्ला घर भई कामनपा-२० बस्ने विद्यार्थी १८ वर्षीय प्रकाश थापाको मृत्यु भयो।

कीर्तिपुर नपा-१३ पाँगाका नेकाँका क्षेत्रीय सभापति सञ्जय सिंहलाई ०५९ कार्तिक १४ गते बेलुका माओवादीले गोली प्रहार गरी हत्या गरे।

मकवानपुर जिल्ला घर भई कामनपा-१० बुद्धनगरमा डेरा गरी बस्ने अमेरिकी दुतावासको सुरक्षा इकाईमा कार्यरत ३३ वर्षीय दीपक पोखरेललाई ०५९ कार्तिक २३ गते दिउँसो डेरामा सुतिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

कामनपा-१३ कालिमाटीस्थित प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान राजाराम ठकुरीलाई ०५९ मंसीर ३ गते आफ्नो काममा खटिरहेको अवस्थामा चुन्नेपाखाको पसल अगाडि उभिइरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी हत्या गरिएका कान्छा लंगोल

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

कामनपा-३३ मैतिदेवीमा माओवादी कार्यकर्ता मोहन खनाल र पूर्ण खड्कालाई ०५८ माघ २९ गते पोष्टर टाँस्दै गरेको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गरी घाइते बनाए। पीडितहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासनमा राखे।

माओवादीबाट

कामनपा-२ लाजिम्पाटस्थित राजश्व विभागको कार्यालयमा ०५८ माघ २९ गते बिहान माओवादीले वम विस्फोट गराउँदा सोही कार्यालयमा कार्यरत शंखर गुरागाईं घाइते भए।

कामनपा-१४ कलंकीस्थित मालपोत कार्यालयमा ०५८ फागुन २ गते माओवादीले बम विस्फोट गराउँदा सोही कार्यालयमा कार्यरत ३९ वर्षीय हरि तिवारी सख्त घाइते भए। बमको छर्राले पीडितको खुट्टा र टाउकोमा चोट लागेको थियो। तिवारी वीर अस्पतालमा उपचारपछि घर फर्किए।

कामनपा-२० टङ्केश्वरी स्थित विष्णुमती खोलाको पुलमाथि ०५८ चैत १६ गते माओवादीले राखेको बम विस्फोट हुँदा धादिङ जिल्ला घर भई परोपकार अनाथालयमा कार्यरत २० वर्षीय रामकुमारी रञ्जित, जैसीदेवलका ७० वर्षीय विकास नेपाली, न्यूरोडका ५१ वर्षीय सूर्यप्रकाश मानन्धर,

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	६	२	८	११	१५			१५	९	६	१	४	११
घाइते	३	३		३	१७	२४	१२	४४	८०	२	३			३
वम विस्फाटन					२			२	२					
हिरासत/थुनामा मृत्यु										१	१			१
गिरफ्तारी तथा यातना										४६	६१	६	६	७३
वेपत्ता										८	९	१		१०
धम्की					२	२			२	१			१	१
भेला/संगठिन हुने अधिकार										१	१			१
महिला अधिकार	२		२	२						१		१		१
वालअधिकार					१			१	१					
आर्थिक/सामाजिक अधिकार	१	१		१										
जम्मा	१२	१०	४	१४	३३	४१	१२	४७	१००	६९	८१	९	११	१०१

भीमसेनस्थानका ४९ वर्षीय हर्क महर्जन, ताहाचलका २० वर्षीय राजु क्षेत्री र टंकेश्वरका २० वर्षीय कान्छिला नामाङ सम्म घाइते भए। विस्फोटमा बालकहरू ईश्वरी विक, अनिलकुमार श्रेष्ठ र अलाम मुस्लिम समेत घाइते भए। त्यसैगरी ३ सैनिक जवान सहित जम्मा २८ जना घाइते भए। घाइतेहरूको उपचार वीर अस्पतालमा गरियो।

कामनपा-१५ शोभाभगवती नजिक ०५९ वैशाख १२ गते माओवादीले वा. १ ज ६१५३ नम्बरको ट्याक्सी चालकको सिटमुनी लुकाएर राखेको बम विस्फोट हुँदा ट्याक्सी चालक २७ वर्षीय ठाकुरप्रसाद लामिछाने र बटुवा १५ वर्षीय सुजन मुनकर्मी घाइते भए।

कामनपा-३ महाराजगञ्जमा गुडिरहेको कान्तिपुर यातायात सेवाको यात्रुवाहक बसमा ०५९ वैशाख १३ गते माओवादीले राखेको बम विस्फोट हुँदा बसका खलासी नुवाकोटका १६ वर्षीय सुवास शाही ठकुरी, लाजिम्पाटका ३६ वर्षीय रामशरण सापकोटा र हिमालयन बैंकमा कार्यरत आशा अधिकारी घाइते भए। घाइतेहरूको शिक्षण अस्पतालमा उपचार भयो।

कामनपा-१२ टेकुस्थित कामनपाको कार्यालय भवनमा ०५९ भदौ १९ गते माओवादीद्वारा राखिएको बम विस्फोट हुँदा सोही कार्यालयको प्रशासन विभागमा कार्यरत बाबुराम सापकोटा र परिचारीका सावित्री गौतम घाइते भए।

भद्रकाली गाविस-५ डटालीचोकका टोकमान नामाङको घरमा ०५९ कार्तिक ४ गते राति माओवादीले एउटा छोरा माओवादी सेनामा भर्ती गराउन दवाव दिंदै ५० हजार रूपैयाँ चन्दा मागे। नामाङले उक्त माग अस्वीकार गरे पछि

सुरक्षाकर्मीद्वारा यातना दिइएका पुष्प कपाली

नगद २० हजार रूपैयाँ र ५ तोला सुन माओवादीले लुटेर लगे। सोही गति सोही ठाउँका शंकर लामाको माओवादीले घरमा प्रवेश गरी खुकुरी प्रहार गरी खुट्टाका औंला काटिदिए।

कामनपा-२९ लैनचौरस्थित दुग्ध विकास संस्थानको कार्यालय हाताभित्र ०५९ कार्तिक १० गते माओवादीले राखेको बम विस्फोट हुँदा बाटोमा हिंडिरहेका ३ जना सर्वसाधारण जनता घाइते भए भने कार्यालयमा सामान्य क्षति भयो।

हात्तिसारस्थित जयनेपाल सिनेमा हलको हाताभित्रको पार्किङस्थलमा ०५९ कार्तिक १० गते माओवादीले राखेको बम विस्फोट हुँदा हलका पाले निर्मल राजथला सामान्य घाइते भए।

कामनपा-३ बाँसबारी स्थित चाँदबाग बोर्डिङ स्कूलमा ०५९ असोज ८ गते, कामनपा-३३ ज्ञानेश्वरस्थित ग्यालेक्सी पब्लिक बोर्डिङ स्कूलमा ०५९ असोज १३ गते र कामनपा-२९ ठमेलस्थित कर्मचारी संचयकोष भवनको शौचालयमा ०५९ कार्तिक १० गते माओवादीले बम विस्फोटन गराए।

कामनपा-२० शाही नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालय पछाडि टंवहालमा बुद्धको मन्दिरमा ०५९ कार्तिक २३ गते विहान माओवादीद्वारा राखिएको बम विस्फोट हुँदा सोही ठाउँकी ६४ वर्षीय दिलशोभा चित्रकार, न्यूरोडकी ४० वर्षीय रोशनी शाक्य र मत्स्यगाउँकी ६५ वर्षीय श्रीमाया महर्जन घाइते भए। घाइतेहरूको उपचार वीर अस्पतालमा भयो।

कामनपा-१२ टेकुस्थित सिप्रदी ट्रेडिङको ब्याट्री शोरूममा ०५९ कार्तिक ६ गते बेलुका माओवादीले बम विस्फोट गराउँदा शान्तिनगरकी १९ वर्षीय शीलादेवी अमात्य, भक्तपुर जिल्लाका ३५ वर्षीय पुष्कर मिश्र, सोही जिल्ला कटुञ्जेका २६ वर्षीय रमेश मगराती, चितवन जिल्लाका ४१ वर्षीय सोमबहादुर कार्की, काभ्रे जिल्ला साँगा घर भई गौशाला डेरा गरी बस्ने २५ वर्षीय लक्ष्मी नामाङ, काभ्रे जिल्ला साँगाकै २३ वर्षीय मायाँ तामाङ र बनेपाका २८ वर्षीय अनिल श्रेष्ठ, ४५ वर्षीय सावित्री नामाङ र अन्जना अधिकारी घाइते भए।

कामनपा-७ गौरीघाटस्थित प्रहरी कार्यालय, गौशालाबाट गस्तिमा गएका प्रहरी हवल्दारद्वय पति-पत्नी रमेशकुमार महत र दुर्गा शर्मालाई ०५९ पुस ११ गते माओवादीले गोली प्रहार गरी घाइते बनाए।

कामनपा-३२ डिल्लीबजारस्थित बाटुले घरमा ०५९ पुस ११ गते दिउँसो माओवादीले गराएको बम विस्फोटमा परी नेपाल हाउजिङ एण्ड मर्चेन्ट फाइनान्स लिमिटेडमा कार्यरत २३ वर्षीय अनिता शर्मा र एक जना सर्वसाधारण घाइते भए।

जोरपाटीका टुंगराज पाठकको घरमा ०५९ पुस १२ गते बेलुका भएको बम विस्फोटनमा इस्टपोल स्कूलका विद्यार्थीहरू ९ वर्षीय राजन लामा, ३ वर्षीय इम्बेरी लामा, ११ वर्षीय लक्ष्मी वुढाथोकी, ७ वर्षीय विजय वुढाथोकी, ११ वर्षीय महेन्द्र आचार्य र सोही स्कूलकी शिक्षिका शोभा उपाध्याय सहित १० जना घाइते भए। विजय वुढाथोकी र शोभा उपाध्याय गम्भीर घाइते

भएकोले क्रमशः वीर अस्पताल र शिक्षण अस्पताल, महाराजगञ्जमा उपचार गरियो।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका खिमलाल देवकोटा

कामनपा-३३ ज्ञानेश्वरका अधिवक्ता रामनाथ मैनालीलाई ०५८ चैत १ गते आफ्नै निवासबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई ०५९ असार २६ गते तारेखमा हाजिर हुने गरी रिहा गरियो।

कामनपा-७ चावहिलबाट माओवादीका केन्द्रीय सदस्य कृष्णध्वज खड्का र अनेमसंघ (क्रान्तिकारी) का अध्यक्ष रेखा शर्मालाई ०५८ चैत ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। बेपत्ता पारिएका खड्का र शर्माको परिवार तथा विभिन्न मानवअधिकारवादी संघसंस्थाहरूले रिहाइको लागि माग गरे पनि उनीहरूको स्थिति सार्वजनिक भएन।

जेल र बन्दीहरू

यस जिल्लामा केन्द्रीय कारागार, भद्रबन्दी गृह, महिला कारागार र सदरखोर जेल गरी ४ वटा जेल छन्। यी जेलहरू देशका अन्य जिल्लाका भन्दा सुविधासम्पन्न मानिन्छन् तर पुराना, जीर्ण भवन भएकाले बन्दीहरू आफूलाई असुरक्षित महसुस गर्छन्। विभिन्न समयमा यी जेलहरूको सुधारका कुराहरू उठे पनि कुनै काम हुन भने सकेको छैन।

केन्द्रीय कारागारमा रहेका बन्दीहरूमध्ये कैद तोकिएका २ सय ८८ र कैद नतोकिएका ६ सय ६ गरी जम्मा ८ सय ९४ जना बन्दी छन्। जसमध्ये ४७ जना विदेशी छन्। यस कारागारमा ४ जना आश्रित नाबालक पनि छन्।

केन्द्रीय कारागार अन्तरगतको महिला कारागार शाखामा १ सय १७ जना बन्दी छन्। जसमध्ये २२ जना बन्दीहरूको कैद तोकिएको छ भने ९५ जनाको कैद तोकिएको छैन। यस कारागारमा ५ जना आश्रित बालबालिका पनि छन्।

भद्रबन्दी गृहमा कैद तोकिएका २ सय ५१ र कैद नतोकिएका २ सय ७१ गरी कूल ५ सय ५२ जना बन्दी छन्। जसमध्ये ४८ जना विदेशी छन्।

चारखाल अड्डा सदरखोरमा कैद तोकिएका २३ र कैद नतोकिएका २ सय ५३ गरी कूल २ सय ७६ जना बन्दी छन्। जसमध्ये ३२ जना महिला र ३२ जना विदेशी छन्। यहाँ २ जना नाबालिका पनि छन्।

बेपत्ता /अपहरण

राज्यबाट

सुनसरी जिल्ला सिंगीया गाविस-६ घर भई कामनपा-७ गौरीघाट बस्ने ३२ वर्षीय शान्तिराम भट्टराईलाई ०५८ माघ २७ गते गौरीघाट बाटोमा हिँडिरहेको अवस्थामा सादा पोशाकमा रहेका सैनिकले गिरफ्तार गरे। आँखामा पट्टी बाँधेर विभिन्न ठाउँ घुमाउँदै बेलुका घरमा छापामारी सुरक्षाकर्मीले आफूसँगै लगेका पीडितलाई त्यसपछि बेपत्ता पारियो। पीडितलाई चैत ५ गते जिल्ला प्रहरी कार्यालय हनुमानढोका लगियो। बेपत्ता पारिएको समयमा पीडितलाई हिरासतमा हातखुट्टा बाँधेर झुण्ड्याउने, नाङ्गै पारेर करेन्ट लगाउने, पैतालामा हिर्काउने जस्ता यातना दिइयो। चैत २० गते देखि आतंककारीको अभियोगमा थुनामा राखिएका पीडितलाई ३-३ महिनामा पटक-पटक जेल र जिल्ला प्रहरी कार्यालय लाने ल्याउने क्रम जारी रह्यो। पीडितका रिहा भइसकेको छन्।

कामनपा-३१ बागबजारस्थित पद्मकन्या क्याम्पसमा अध्ययनरत २३ वर्षीय निर्मला भण्डारीलाई ०५९ वैशाख ५ शंकरदेव क्याम्पसमा परीक्षा दिइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

कामनपा-१३ कालिमाटीबाट अनेरास्ववियु (क्रान्तिकारी) का महासचिव ३२ वर्षीय पूर्ण पौडेल र केन्द्रीय सचिवालय सदस्य २९ वर्षीय नवीन राईललाई ०५९ वैशाख १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सल्यान जिल्ला थारमारे-४ घर भई गोलढुंगा-१ बस्ने अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य २२ वर्षीय विपिन भण्डारी, दिलबहादुर राई, रामहरि रूपाखेती, निता गौतम र सुशीला थापालाई विभिन्न स्थानबाट ०५९ असार ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

चितवन जिल्ला रत्ननगर नपा-५ घर भई कामनपा-३१ बागबजारमा डेरा गरी बस्ने ३१ वर्षीय काशीनाथ गौतमलाई ०५९ जेठ १० गते सैनिकले गिरफ्तार गरी बेपत्ता पारे। अनिल शर्मा नाम गरेको व्यक्तिको बारेमा जानकारी माग्दै काशीनाथलाई सेनाले गिरफ्तार गरेका थिए। अनिल शर्मा चितवनकै भएको र


प्रहरीद्वारा हत्या गरिएका कामी शेर्पा

पहिले काशीनाथको डेरामा कहिलेकाहिँ आउने गरेकोले नै सेनाले गिरफ्तार गरी बेपत्ता पारेको पीडितकी पत्नीले बताइन्। गौतमलाई एक महिना पछि असार १३ गते घरमै लगि रिहा गरियो।

कामनपा-१६ वनस्थलीका ३३ वर्षीय दधिराज घिमिरेलाई ०५९ असार २५ गते बिहान सेनाले गिरफ्तार गरी बेपत्ता पारे। काठमाण्डौका विभिन्न सैनिक ब्यारेकमा हिरासतमा राखिएका पीडितलाई कार्तिक अन्तिम साता जिल्ला प्रहरी कार्यालयमा सेनाले जिम्मा लगाएपछि मात्र स्थिति सार्वजनिक भयो। हाल पीडितलाई माओवादीको आरोपमा केन्द्रीय कारागारमा थुनामा राखिएको छ।



सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका
विपिन भण्डारी

रामेछाप जिल्ला पुरानागाउँ गाविस-६ स्थित बाँगेसल्ला प्रस्तावित माविका प्रधानाध्यापक तथा सोलार पावर कम्पनीका जिल्ला प्रतिनिधि ३५ वर्षीय रामबाबु गिरीलाई ०५९ साउन ३० गते कामनपा-३१, बागबजारबाट सादा पोशाकमा आएका सेनाले "तपाईसँग काम छ" भनी रत्नपार्क तर्फ लगि बेपत्ता पारे।

कामनपा-२९ ठमेलबाट माउण्ट मनास्लु ट्रेकिङ प्रालि खोली पर्यटन व्यवसाय गरेर बसेका ३६ वर्षीय चेतन देवकोटालाई आफ्नै कार्यालयबाट ०५९ असार १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको स्थिति थाहा हुन सकेको छैन।

संखुवासभा जिल्ला मत्स्यपोखरी गाविस-९ घर भई कामनपा-३२ अनामनगरस्थित पाथिभरा आर्ट सेन्टरमा काम गर्ने ३० वर्षीय अमर विष्ट र संखुवासभा जिल्ला ढुपु गाविसका १९ वर्षीय बद्री कोइरालालाई ०५९ मंसीर ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

स्पेशटाइम दैनिकका संवाददाता दीपक पाण्डेलाई ०५९ असोज २१ गते वडा प्रहरी कार्यालय कमलपोखरीका इन्स्पेक्टर सुकदेव न्यौपाने र असई अमृत श्रेष्ठले कुटपिट गरी घाइते बनाए।

माओवादीबाट

शाही नेपाली सेनाका सुबेदार तथा हास्य कलाकार ४२ वर्षीय सन्तोष पन्तलाई ०५९ कार्तिक ३० गते माओवादीको क्षेत्रीय ब्युरोले एक विज्ञप्ति प्रकाशित गरी एक सातांभित्र सैनिक सेवाबाट राजीनामा गर्न चेतावनी दिए। उक्त विज्ञप्तिमा माओवादीविरूद्ध कपोलकल्पित सामाग्री उत्पादन र प्रसारणमा संलग्न रहेको आरोप लगाउँदै आत्मालोचना नगरी दुष्प्रचार गरिरहे कलाकारको आवरणले ढाकिएकै आधारमा छाडिने छैनौं भनिएको थियो। त्यसको ४ दिन पछि एक प्रेस विज्ञप्ति मार्फत् सन्तोष पन्तले पारिवारिक कारणले गर्दा सैनिक सेवाबाट राजीनामा दिएको सार्वजनिक गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

मानवअधिकार तथा शान्ति समाजले शाही घोषणाको विरोधमा ०५९ कार्तिक २३ गते संवैधानिक अधिकारको रक्षाको माग गर्दै कामनपा-३२ पुतलीसडकमा धर्ना कार्यक्रम संचालन गऱ्यो। उक्त धर्नामा प्रहरीले हस्तक्षेप गरी शान्ति समाजको कृष्ण पहाडी सहित ११ जना मानवअधिकार कार्यकर्तालाई गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैलाई महेन्द्र पुलिस क्लबमा राखी १ घण्टापछि रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस आर्थिक वर्षको अन्त्यसम्ममा गत वर्षबाट जिम्मेवारी सरेर आएका समेत गरी ८ हजार ४ सय ४० मुद्दाहरू रहे। जसमा ३ हजार ६ सय ५ मुद्दा फर्स्योट भए भने ४ हजार ५ सय ३५ वटा मुद्दा बाँकी रहे। देवानी तर्फ ५ हजार ५ सय ६८ वटा मुद्दामा २ हजार ३ सय ३९ फर्स्योट भई ३ हजार २ सय २९ बाँकी रहे भने फौज्दारी तर्फ १ हजार ८ सय ९४ वटा मुद्दामा १ हजार ४२ वटा फर्स्योट भई ८ सय ५२ वटा मुद्दा बाँकी रहे। यस्तै सार्वजनिक फौज्दारीका ९ सय ७८ वटा मुद्दामा ५ सय २४ फर्स्योट भई ४ सय ५४ वटा बाँकी रहे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

विवेक सिर्जनशील प्रकाशनका प्रोपाराइटर विजयराज आचार्यलाई ०५८ पुस २५ गते कामनपा-३२ अनामनगरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई आँखामा पट्टी बाँधेर विभिन्न वडा प्रहरी कार्यालयमा राखी पैतालामा हिर्काउने, समयमा दिसा पिसाब गर्न नदिने, कुटपिट गर्ने, धम्की, मानसिक यातना दिने कार्य समेत भयो। पीडितलाई जिल्ला प्रहरी कार्यालय हनुमानढोकाबाट ०५८ चैत ६ गते रिहा गरियो।

कामनपा-३ लाजिम्पाटबाट स्पेसटाइम दैनिकका सम्वाददाता अनुराधा पौडेललाई ०५८ माघ ६ गते आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरे । पौडेललाई भोलिपल्ट रिहा गरियो।

नुवाकोट जिल्ला, नेपाल बार एशोएसिएशन इकाईका सदस्य अधिवक्ता नारायण अधिकारीलाई ०५८ माघ १३ गते काठमाण्डौको ढल्कोबाट प्रहरीले गिरफ्तार गरे। पहिलो दिन प्रहरी प्रधान कार्यालयमा हिरासतमा राखिएका अधिकारीलाई हात बाँधी खुट्टा ठाडो पारेर आँखामा पट्टी बाँधी पैतालामा फलामको पाइपले पटक-पटक हिर्काई बेहोस हुनेगरी यातना दिइयो। माघ १४ गते देखि ३० गतेसम्म पीडितलाई जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा राखी भद्रगोल जेलमा थुनामा राखियो। पीडितलाई जेलबाट तीन-तीन महिनामा पटक-पटक रिहा गर्दै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हनुमानढोका लग्ने गरियो। पीडितलाई हाल ललितपुरबाट रिहा गरिएको छ।

जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई ०५८ माघ १६ गते सुरक्षाकर्मीले कामनपा-३१ बागबजार स्थित पत्रिकाको कार्यालयबाट गिरफ्तार गरेकोमा वडा प्रहरी कार्यालय सिंहदरबारमा राखी भोलिपल्ट रिहा गरियो। किशोरलाई पुनः ०५९ साउन १९ गते प्रहरीले गिरफ्तार गरे। एसपी रामचन्द्र खनालका सम्बन्धमा जनआस्था पत्रिकामा प्रकाशित समाचारको विषयलाई लिएर गिरफ्तार गरिएका पीडितलाई दुई दिनपछि लिखित माफी मगाएर रिहा गरियो।

काभ्रे जिल्ला मादनकुँडारी घर भई कामनपा-३४ बानेश्वर बस्ने परोपकार प्राथमिक उपचार केन्द्र नामक संस्थामा कार्यरत ३१ वर्षीय अशोक लामालाई ०५८ फागुन १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। लामालाई १० दिन पछि रिहा गरियो।

कामनपा-३१ बागबजारमा रहेका साँघु साप्ताहिकका सम्पादक गोपाल बुढाथोकीलाई ०५८ फागुन १९ गते राति कार्यालयबाट आफ्नो घर गइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारेकोमा ५ दिनपछि सुरक्षा निकायले नियन्त्रणमा लिएको जानकारी गराए। पीडितलाई हिरासतमा शारीरिक तथा मानसिक यातना दिई चैत १४ गते रिहा गरियो।

दोलखा जिल्ला जुगु गाविस-७ दार्खा घर भई सितापाइला बस्ने २२ वर्षीय डम्बरबहादुर कार्कीलाई ०५८ चैत ३ गते सादा पोशाकमा रहेका प्रहरीले कामनपा-१० बानेश्वरबाट गिरफ्तार गरी हिरासतमा राखी बयान लिने क्रममा आँखामा पट्टी बाँधी लाठी तथा बुटजुत्ताले कुटपिट गर्ने लगायतका यातना दिइयो। पीडितलाई चैत २१ गतेदेखि केन्द्रीय कारागारमा थुनामा राखिएकोमा ३-३ महिनापछि रिहा गर्दै पुनः गिरफ्तार गर्ने र जिल्ला प्रहरी कार्यालय हनुमानढोका लगी केन्द्रीय कारागारमा ल्याउने कार्य गरियो। पीडितलाई हाल रिहा गरिएको छ।

मूल्यांकन मासिकका सम्पादक श्याम श्रेष्ठ, ग्रिन्सो नेपालका अध्यक्ष प्रमोद काफ्ले र बौद्धिक ऐक्यबद्धता समूहका सहसंयोजक डा. महेश मास्केलाई ०५८ चैत ३ गते त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतको नयाँदिल्ली जानेक्रममा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई सैनिकको ३ नं. बाहिनी बालाजुमा चैत १३ गतेसम्म हिरासतमा राखि रिहा गरियो।

कामनपा-७ चाबहिल बुलबुलेकी २३ वर्षीय अरूणा बडाललाई ०५९ वैशाख ७ गते सुरक्षाकर्मीले आफ्नै निवासबाट गिरफ्तार गरी बा. ३ च ७९५० नम्बरको रातो प्लेटको गाडीमा लगि बेपत्ता पारे। पिडितलाई ४ हप्ता पछि रिहा गरियो।

राजधानी दैनिक पत्रिकाका सम्वाददाता कृष्णप्रसाद ढुंगानालाई ०५९ वैशाख ९ गते कामनपा-३३ मैतिदेवीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

झापा जिल्ला सतासीधाम घर भई कामनपा-३२ घट्टेकुलो डेरा गरी बस्ने २४ वर्षीय वीरेन्द्र अधिकारी, सञ्जय अधिकारी, विष्णु पोखरेल, प्रेम अधिकारीसहित ८ जनालाई ०५९ वैशाख ९ गते सैनिकले डेराबाट गिरफ्तार गरे। पीडितहरू मध्ये ७ जनालाई यातना दिई २ दिनपछि रिहा गरियो भने वीरेन्द्रलाई बेपत्ता पारिएको छ।

महिमा साप्ताहिकका पत्रकार सुमन बुढाथोकीलाई ०५९ वैशाख १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल केन्द्रीय कारागारमा नजरबन्दमा राखिएको छ।

खोटाङ जिल्ला घर भई कामनपा-३४ भीमसेनगोला बस्ने रोहितप्रसाद दाहाललाई ०५९ वैशाख २३ गते सुरक्षाकर्मीले आफ्नै निवासबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयबाट ९ महिना पछि रिहा गरियो।

तनहुँ जिल्ला घर भएका नेपाल पत्रकार महासंघ, ललितपुर जिल्ला सदस्य अतिन्द्र न्यौपानेलाई माओवादीको आरोपमा ०५९ जेठ ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। महेन्द्र पुलिस क्लबमा राखिएका पीडितलाई कुटपिट गरि यातना दिएर जेठ ७ गते जनसेवा प्रहरी कार्यालय, विशालबजारमा लगियो। त्यहाँ पनि कसैलाई भेटघाट गर्न नदिई विभिन्न वडा प्रहरी कार्यालयमा लग्दै यातना दिँदै गरियो। त्यसपछि केन्द्रीय कार्यालयमा थुनामा राखियो। यस वर्षको अन्त्यसम्म पीडितलाई थुनामै राखिएको थियो।

कामनपा-९ बत्तीसपुतलीबाट पत्रकार भैरवबहादुर सिग्देललाई ०५९ जेठ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नेपाल पत्रकार महासंघका राष्ट्रिय पार्षद शिव तिवारीलाई ०५९ जेठ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी लामो समयसम्म बेपत्ता पारी नजरबन्दका लागि केन्द्रीय कार्यालयमा राखियो।

जनआव्हान साप्ताहिक सम्वाददाता २३ वर्षीय संगीता खड्कालाई ०५९ जेठ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। संगीतालाई केहि समय कसैलाई भेट गर्न नदिई बानेश्वर वडा प्रहरी कार्यालयमा राखि यातना दिइएकोमा

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका रमन श्रेष्ठ

त्यहाँबाट जिल्ला प्रहरी कार्यालयमा ल्याएर राखियो। पुन जिल्ला प्रहरी कार्यालयबाट जनसेवा प्रहरी कार्यालय हुँदै विभिन्न वडा प्रहरी कार्यालय हुँदै यस वर्षको अन्त्यसम्म महिला कारागारमा थुनामा राखिएको छ।

कामनपा-३३ मैतिदेवीबाट राजधानी दैनिकका सम्वाददाता २६ वर्षीय रेवती सापकोटालाई ०५९ जेठ १० गते प्रहरीले आफ्नै निवासबाट गिरफ्तार गरे। पीडितलाई एक घण्टा वडा प्रहरी कार्यालय कमलपोखरीमा राखी महेन्द्र पुलिस क्लबमा लगी आँखामा पट्टी बाँधेर जुत्ता खोल्न लगाई पैतालामा लाठी र बुटले हिर्काई बेहोस बनाए। सोही दिन बेलुका जिप्रका हनुमानढोकामा लगी शारीरिक र मानसिक यातना दिई १४ गते तारेखमा रिहा गरियो।

कामनपा-१४ कलंकीबाट ऐक्यवद्धता मासिक पत्रिकाका सम्पादक मीना शर्मालाई माओवादीको आरोपमा ०५९ जेठ १२ गते सुरक्षाकर्मीले आफ्नै डेराबाट गिरफ्तार गरी थुनामा राखि ०५९ मंसिरमा रिहा गरियो।

कामनपा-९ बत्तीसपुतलीबाट प्रजातान्त्रिक आन्दोलनकी सक्रिय कार्यकर्ता तथा नेपाल महिला संघकी संस्थापक सदस्य ६७ वर्षीय सुश्री शान्ता श्रेष्ठलाई ०५९ जेठ १७ गते आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारी एक हप्ता पछि रिहा गरे।

कामनपा-३१ बागबजारबाट चण्डेश्वरी प्रकाशन प्रालिका अध्यक्ष तथा जनसत्ता साप्ताहिकका प्रकाशक ४६ वर्षीय कृष्णप्रसाद गौतमलाई ०५९ जेठ १८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई जेठ २८ गते एक-एक महिनाको तारेखमा रिहा गरियो।

गोरखापत्र संस्थानमा कार्यरत कर्मचारी तथा नेपाल तामाङ घेदङका महासचिव ३३ वर्षीय सोम वहादुर तामाङलाई ०५९ जेठ १९ गते राति सुरक्षाकर्मीले आफ्नै निवासबाट गिरफ्तार गरे।

फर्पिङबाट नेपाल समाचारपत्रका संवाददाता तथा शिक्षक ३३ वर्षीय रामहरि पौडेललाई ०५९ जेठ ३० गते विद्यालयमा पढाइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन हप्ता पछि रिहा गरियो।

सुरक्षाकर्मीद्वारा गिरफ्तार मंडेश मास्के श्याम श्रेष्ठ र प्रमोद काफ्ले

कामनपा-३१ बागबजारस्थित आफ्नै ल फर्मबाट अधिवक्ता ३६ वर्षीय खिमलाल देवकोटालाई ०५९ जेठ २८ गते सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। बन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतले अदालतमा उपस्थित गराउन गरेको आदेशमा प्रहरी प्रशासनले खिमलाललाई गिरफ्तार नै नगरेको जानकारी अदालतलाई दियो। पटक-पटकको अदालतको आदेशपछि अदालतमा उपस्थित गराइएको थियो। पीडितलाई हिरासतमा प्रहरीले मानसिक तथा शारीरिक यातना समेत दिइएको थियो। सर्वोच्च अदालतको आदेशबाट पीडितलाई ०५९ असोज ९ गते रिहा गरियो।

कामनपा-२९, सामाखुशीका पुष्प कपालीलाई ०५९ जेठ २९ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई गाडीमा राखेर जीउभरि निलडाम हुने गरी कुटपिट गर्दै यातना दिई ज्यानमार्ने धक्की दिएर राति १२ बजे व्यहोरा थाहा नभएको कागजमा हस्ताक्षर गर्न लगाई अर्धबेहोस अवस्थामा घरैमा पुऱ्याए। सुरक्षाकर्मीले पीडितका छोरासँग नाम सोधेर कागजमा सही गराई सो घटना कसैलाई भनेमा र कागज कसैलाई देखाएमा परिवार नै सखाप पार्ने धम्की दिए।

चितवन जिल्ला पिठुवा गाविस-७ माधवपुरका २४ वर्षीय दिलवहादुर अधिकारीलाई माओवादीको आरोपमा ०५९ असार ३ गते कामनपा-१४ कलंकीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित जीउ सुन्निने रोगी भएकाले उपचारको लागि काठमाण्डौ आएका थिए। पीडितलाई नजरबन्दमा राखिएको छ।

दोलखा जिल्ला घर भई कामनपा-१५ डल्लु बस्ने २७ वर्षीय हरिद्वार कुवँरलाई ०५९ असार ५ गते टेंकुमा हिंडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई गिरफ्तारपछि वडा प्रहरी कार्यालय, कालिमाटीमा राखी आँखामा पट्टीबाँधी प्रहरीले पालैपालो पैताला तथा तिघ्रामा पाइपले हिर्काएर निर्मम यातना दिए। पीडितलाई जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा असार ६ गतेदेखि असार २१ गतेसम्म हिरासतमा राखी केन्द्रीय कारागारमा थुनामा पठाइयो। ३-३ महिनामा रिहा गर्दै पुनः गिरफ्तार गर्दै पटक-पटक थुनामा राखिएका पीडितलाई यो वर्षको अन्त्यसम्म रिहा गरिएको थिएन।

अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ता २७ वर्षीय केशर रिमाललाई आतंककारी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ असार ६ गते कामनपा-१२ टेंकुबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

नाह्राचल क्याम्पसमा अध्ययनरत अनेरास्ववियु (क्रान्तिकारी) इकाइ सदस्य २० वर्षीय राजु पन्तलाई ०५९ असार १२ गते कामनपा-२७ लगनटोलबाट सादा पोशाकका प्रहरीले गिरफ्तार गरे। पीडितलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तरगत थुनामा राखिएको छ।

रामेछाप जिल्ला चुचुरे गाविस-५ घर भई कामनपा-५

चण्डोल बस्ने १९ वर्षीय शंकर कार्कीलाई ०५९ असार २२ गते प्रहरीले कोठामा खानतलासी गर्दा केही नभेटेपछि गिरफ्तार गरे। सोधपुछको लागि भनेर जिल्ला प्रहरी कार्यालय हनुमानढोका ल्याइएका पीडितलाई ३ दिनसम्म प्रहरीले कुटपिट गरी सख्त यातना दिए। पीडितलाई साउन १४ गतेदेखि चोरीको आरोपमा पुर्पक्षकालागि थुनामा राखिएको छ।

कामनपा-१६ वनस्थलीका ३३ वर्षीय दधिराज घिमिरेलाई ०५९ असार २५ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। विभिन्न सैनिक ब्यारेकमा राखिएका पीडितलाई कार्तिकको अन्तिम साता जिल्ला प्रहरी कार्यालयमा जिम्मा लगाइयो। पछिमात्र उनको स्थिति सार्वजनिक भएको थियो। पीडितलाई हाल माओवादीको आरोपमा केन्द्रीय कारागारमा थुनामा राखिएको छ।

कामनपा-३२ पुनलीसडकबाट नेपाल तामाङ संघका सदस्य ३६ वर्षीय बाबु घिसिङलाई माओवादीको आरोपमा ०५९ असार ३० गते सादा पोशाकमा रहेका प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएको छ।

कामनपा-१५ स्वयम्भु बस्ने ३२ वर्षीय लक्ष्मी महर्जनलाई माओवादीको आरोपमा ०५९ साउन १८ गते राति सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई महिला कारागारमा राखिएको छ।

कामनपा- २९ लैनचौरस्थित अमृत साइन्स क्याम्पस स्ववियु सभापति ३३ वर्षीय टेन्डी शेर्पालाई माओवादी समर्थित विद्यार्थीहरूलाई सहयोग गरेको आरोपमा ०५९ भदौ ३ गते राति होस्टलमा सुतिरहेको अवस्थामा सैनिकले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई असोज १९ गते रिहा गरियो।

कामनपा-१० शंखमुलका अधिवक्ता ४२ वर्षीय रमनकुमार श्रेष्ठलाई ०५९ भदौ ७ गते सेनाले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई सिंहदरबारस्थित सैनिक ब्यारेकमा ५ दिन राखी छाउनीस्थित ब्यारेकमा ३३ दिनसम्म हिरासतमा राखियो। असोजको दोस्रो हप्ता जिल्ला प्रहरी कार्यालय हनुमानढोकामा ल्याइएपछि सार्वजनिक भएका पीडितलाई सर्वोच्च अदालतको आदेशमा असोज १८ गते रिहा गरियो।

रामेछाप जिल्ला कठजोर गाविस-८ घर भई उपचारार्थ काठमाण्डौ आएकी ५३ वर्षीया देवीमाया मगरलाई जोरपाटीस्थित आफ्नै छोरा नरबहादुर मगरको डेराबाट ०५९ असोज १२ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। असोज २६ गते जिल्ला प्रहरी कार्यालय, हनुमानढोकामा थुनामा राखि कार्तिक २७ गते देखि केन्द्रीय कारागार अन्तरगतको महिला जेलमा थुनामा राखे। पीडितलाई हाल रिहा गरिएको छ।

महेन्द्ररत्न क्याम्पस ताहाचलमा अध्ययनरत २२ वर्षीय रमेश गौतमलाई ०५९ साउन १८ गते राति कामनपा-३३ मैतिदेवीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

नुवाकोट जिल्ला नुप्चे गाविस-२ की कामनपा- २९ ढल्कोपाखामा उपचारार्थ आएको अवस्थामा २१ वर्षीय सुभद्रा नेपाललाई ०५९ साउन २२ गते आफन्तककहाँ सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। सोही घटनामा नुवाकोट जिल्ला मदनपुर गाविस-३ घर भई सोही ठाउँका ३० वर्षीय कृष्णप्रसाद पौडेल, श्याम तिवारी, बजुराम नेपाली र धनिराम चौधरीलगायतका व्यक्तिलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। सुभद्रा बाहेक अन्यलाई पटक-पटक गरी साउनमा रिहा गरियो भने सुभद्रालाई जिल्ला प्रशासन कार्यालयले माओवादीको अभियोग लगाई केन्द्रीय कारागार अन्तरगतको महिला कारागारमा थुनामा राखे।

सिन्धुली जिल्ला बस्तीपुर घर भई कामनपा-२० जैसीदेवल बस्ने ४४ वर्षीय भरत बुर्जामगर र उनकी छोरी १९ वर्षीय संगीता बुर्जामगरलाई ०५९ कार्तिक ८ गते सादा पोशाकमा आएका प्रहरीले भद्रकालीबाट गिरफ्तार गरे। दुवैलाई उपत्यका प्रहरी कार्यालय अगाडी पुगेपछि आँखामा पट्टी बाँधी अलग-अलग ठाउँ लगियो। प्रहरीले छोरी संगीतालाई बयान लिने क्रममा विभिन्न प्रश्न गरेपछि राति जैसिदेवलस्थित उनकै कोठामा ल्याएर छोडे। भरत बुर्जामगरलाई माओवादीको आरोपमा हनुमानढोकास्थित जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी दुई हप्तापछि रिहा गरियो।

कामनपा-१० बानेश्वरबाट ३३ वर्षीय सबओभरसियर अम्बिकाप्रसाद भट्टराईलाई माओवादीको आरोपमा ०५९ कार्तिक १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कार्तिक १६ गते रिहा गरियो।

नेपाल मजदुर किसान पार्टीको वर्गीय संगठन नेपाल क्रान्तिकारी युवा संगठनका सदस्य २९ वर्षीय प्रदीप महर्जनलाई ०५९ कार्तिक १२ गते राति नैकाप बलम्बुबाट सैनिकले गिरफ्तार गरी बेपत्ता पारेकोमा केही दिनपछि रिहा गरे।

यस वर्ष जिल्ला प्रहरी कार्यालयले २ सय ९२ जनालाई नजरबन्दमा राखेकोमा २ सय ५ जना छुटिसकेका छन् भने ८७ जना अझै कारागार तथा हिरासतमा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

दरबारमार्गस्थित नेपाल ट्राभल एजेन्सी प्रालिको ग्याफ्टिङ शाखामा कार्यरत कर्मचारीहरूलाई ०५९ भदौदेखि विनाकारण संचालकले निष्कासन गरे। संचालक अरूण सर्राफले मजदुरहरूलाई कम्पनी घाटामा गएको भन्दै अन्य स्थानबाट व्यवसाय संचालन गरेपछि मजदुर यूनियनका अध्यक्ष सुमन पराजुलीले श्रम मन्त्रालय र श्रम कार्यालयमा दिएको उजुरीको आधारमा पुनः संचालन गरियो। तर, मजदुरहरूलाई काममा नलगाउने र धम्की दिने कार्य जारी रहेकाले मजदुरहरूले सो कम्पनीमा पुनः धर्ना तथा ताला बन्दी गरे। मंसिरसम्ममा ग्याफ्टिङ शाखाका सातै जना मजदुरलाई जबरजस्ती कम्पनीबाट निकालियो।

बालअधिकार

कामनपा विशालनगरमा चिया पसल गरेर आफन्तसँग बस्ने १५ वर्षीय एक बालिकालाई सोही ठाउँस्थित टँडालदेवीस्थित अस्थायी प्रहरी बिटमा कार्यरत प्रहरी जवान नेत्रबहादुर कार्कीले ०५९ साउन १८ गते प्रहरी बिटभित्र लगी बलात्कार गरे। पीडितको आफन्तको बच्चा हेरिरहेको अवस्थामा बच्चा खेलाउने बहानामा प्रहरी बिटभित्र लगी बलात्कार गरेका थिए। पीडकलाई हिरासतमा लिई विभागीय कारवाही गरियो।

अनेरास्ववियु (क्रान्तिकारी) ले ०५९ मंसीर २३ गते देखि एक हप्तासम्म उपत्यका व्यापी शैक्षिक हड्ताल गऱ्यो। उक्त हड्तालले ३ हजार भन्दा बढी शिक्षण संस्थाहरू बन्द हुँदा करिब ३ लाख विद्यार्थीहरूको पढाइमा प्रत्यक्ष बाधा पुग्यो।

महिला अधिकार

सुनसरी जिल्ला घर भई कामनपा-१० पुरानो बानेश्वरका २१ वर्षीय एक युवतीलाई ०५८ पुस २२ गते महांकाल गाविस-३, गल्फुटार बस्ने सुमन थापा, हेमप्रसाद श्रेष्ठ, धनबहादुर घर्ती र रूपबहादुर नामाङले बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षकालागि थुनामा राखिएको छ।

ओखलढुंगा जिल्ला घर भई सरस्वती गाविस-५ टोखा बस्ने २३ वर्षीय एक युवतीलाई ०५८ पुस २२ गते सोही ठाउँका ३१ वर्षीय कृष्णबहादुर भुजेलसहित ३ जनाले बलात्कार गरे। पीडकहरूलाई पुर्पक्षकालागि थुनामा राखेको छ।

मकवानपुर जिल्ला फापरबारी घर भई कामनपा-२० जैसीदेवल बस्ने १६ वर्षीय एक छात्रालाई ०५८ फागुन ५ गते आफ्नै काका भीमप्रसाद दुलालले डर-त्रास देखाई पटक-पटक बलात्कार गरे। पीडकलाई हाडनाता करणी अन्तरगत मुद्दा चलाई पुर्पक्षकालागि थुनामा राखिएको छ।

एक जना महिलालाई आफ्नै पतिले कुटपिट र धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितलाई दाइजो कम ल्याएको आरोपमा पति र ससुराले यस अघि पनि मानसिक यातना दिँदै आएका थिए।

विविध

संरचना क्षति

माओवादीले बम विस्फोटन, आगजनी तथा तोडफोड गरी २० वटा गाविसहरूमा क्षति पुऱ्याए।

कामनपा-३ बाँसबारी स्थित चाँदबाग बोर्डिङ स्कूलमा ०५९ असोज ८ गते, कामनपा-३३ ज्ञानेश्वरस्थित ग्यालेक्सी पब्लिक बोर्डिङ स्कूलमा ०५९ असोज १३ गते, किर्तिपुर नपा-३ स्थित नपाको कार्यालयमा ०५९ कार्तिक २४ गते, धापासीस्थित माउन्टेन ट्राभल्स एजेन्सीको कार्यालयमा ०५९ कार्तिक २४ गते, कामनपा-१० बानेश्वरको पृजा प्रतिष्ठानमार्गस्थित इन्स्टिच्यूट अफ एडभान्स कम्युनिकेशन, एजुकेशन एण्ड रिसर्च सेन्टरमा ०५९ मंसिर १२ गते र दुग्ध विकास संस्थान लैनचौरमा ०५९ भदौ ३० गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

प्रजातन्त्र जोगाऔं आन्दोलन, नेपालको तर्फबाट पूर्व सभामुख दमननाथ ढुंगाना, डा. मथुराप्रसाद श्रेष्ठ, गौरी प्रधान, सुशीलचन्द्र अमात्य, श्याम श्रेष्ठ, गंगा कसजु र परशुराम तामाङले ०५८ फागुन १२ गते एक प्रेस विज्ञप्ति जारी गरी संकटकालको अनुमोदन जनताको भावना विपरीत भएको ठहर गरेको बताउँदै दुःख व्यक्त गरे। विज्ञप्तिमा सरकार र माओवादी बीचको वार्ता, सर्वपक्षीय सम्मेलनको आवश्यकता औंल्याउँदै त्यसतर्फ संवेदनशील भई युद्धविराम गर्नुका साथै हत्याको श्रृङ्खला बन्द गर्न आह्वान गरिएको थियो।

नेपाल राष्ट्रिय मानव अधिकार आयोगले ०५९ वैशाख १७ गते एक विज्ञप्ति जारी गरी माओवादीका केही व्यक्तिलाई जिउँदो वा मृतरूपमा श्री ५ को सरकारलाई बुझाउन गरिएको सरकारी घोषणा नेपालले ०४७ सालपछि प्रजातान्त्रिक संविधानद्वारा नेपाली नागरिकहरूको आधारभूत मानवअधिकारको सुरक्षा र प्रत्याभूति गर्दै मानवअधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायद्वारा स्वीकार गरिएको आधारभूत मूल्य र मान्यतालाई अंगिकार गरेको मृत्युदण्डको सजाय दिने कानूनी व्यवस्था समेत नभएको वर्तमान परिप्रेक्ष्यमा सो सूचनाबाट नेपालको मानवअधिकारको क्षेत्रमा पर्न सक्ने प्रभाव प्रति गहिरो चिन्ता व्यक्त गऱ्यो।

संकटकालको अन्त्य गरी नागरिक अधिकारको बहाली गर्न तथा युद्धविराम घोषणा गरी सरकार माओवादी वार्ता गर्न र प्रेसमाथिको हस्तक्षेप बन्द गरी नेपाल पत्रकार महासंघले अघि सारेका मागहरू पूरा गर्न माग गर्दै नागरिक समाजका प्रबुद्ध वर्ग तथा पत्रकारहरूले ०५९ भदौ २३ गते रत्नपार्कमा १ घण्टासम्म शान्तिपूर्ण मौन प्रदर्शन गरे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

सीतापाइला-१ स्थित विश्वनाथ अधिकारीको घरमा डेरा गरी बस्ने ३२ वर्षीय दिनेश श्रेष्ठ र अर्को एक अज्ञात माओवादी कार्यकर्ताको ०५९ भदौ ९ गते आफैंले बनाउँदै गरेको बम विस्फोटनमा परी मृत्यु भयो। उक्त बम विस्फोटनमा परी सोही ठाउँका बलराम न्यौपाने, कृष्णप्रसाद आचार्य र सरिता न्यौपाने सहित ४ जना घाइते भए। विस्फोटनबाट घरको भुईं तला पूर्णरूपले क्षतिग्रस्त भयो भने माथिल्लो तलामा सामान्य क्षति पुग्यो। मृत्यु हुने माओवादी कार्यकर्तामा दिनेश श्रेष्ठ अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य थिए।

कामनपा-९ बनौसपुतली धोबिखोला किनारस्थित कलेज अफ बिजनेस एप्लाइडमा ०५९ साउन ३ गते

माओवादीले बम विस्फोट गराउँदा सांही कलेजकी पियन सरस्वती थापा, श्रीराम पुडासैनी, कलेज क्यान्टिनमा कार्यरत किरण लामा, शिक्षक घनेन्द्र फागु र सडकमा हिंडिरहेका सामाखुसीका जंगबहादुर गुरूङ लगायत ६ जना घाइते भए।

सवारी दुर्घटनाका ७१ जनाको मृत्यु तथा ५ जना गम्भीर घाइते भए। आत्महत्याका २ सय ३६, चोरीका ४४, ठगी भयो भने डकैतीका ३९ वटा मुद्दा दर्ता भएका थिए। यस्तै भवितव्य परी १ सय ८० जनाको ज्यान गयो भने लागु औषध, खोटा चलनमा ३५ वटा मुद्दा दर्ता भए। देहव्यापार र जीउ मास्ने बेच्ने सम्बन्धी १३ मुद्दा दर्ता भए।

२.१६ धादिङ



जनसंख्या	३३८६५८
साक्षरता प्रतिशत	४३.४८
महिला साक्षरता प्रतिशत	३३.८१
क्षेत्रफल (वर्ग कि. मि.)	१९२६
गाविस / नपा संख्या	५०/०
निर्वाचन क्षेत्र	३
विद्यालय	५३८
क्याम्पस / उच्च मा.वि.	१/६
अस्पताल / स्वास्थ्य चौकी	१/४९
टेलिफोन लाइन	१०
मोटर सडक (कि. मि.)	४८५
प्रहरी कार्यालय संख्या	३
हुलाक संख्या	५०
मानव विकास सूचकांक	०.२५८
प्रति एक डाक्टर जनसंख्या	१३५४६
प्रति परिवार सरदर संख्या	५.४०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

आँगीनचोकका माओवादी कार्यकर्ता २५ वर्षीय आकाश भनिने जीतमान श्रेष्ठ, निलकण्ठ गाविसकी सरला भनिने ३२ वर्षीय अम्बिका बस्नेत र २२ वर्षीय आस्था भनिने शान्ति पाण्डेलाई ०५८ चैत १६ गते मुरलीभञ्ज्याङ गाविस-६ ज्यामिरे बजारमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। प्रत्यक्षदर्शीहरूका अनुसार सांही गाविस-५ सम्म लखेट्दै गएपछि पीडितहरूलाई समातेर घिसार्दै बजारमा ल्याई हत्या गरिएको थियो। उक्त घटनामा घाइते भई एक व्यक्ति भागेका थिए।

पीडा गाविस-१ जरेबगैंचाका ३३ वर्षीय रामबहादुर भण्डारीलाई माओवादीको आरोपमा ०५९ वैशाख १२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले परिवारलाई नदिई बगरमा गाडे।

धुवाकोट गाविस-९ की ३३ वर्षीय जेठी तामाङको ०५९ वैशाख १४ गते सुरक्षाकर्मीले गोली चलाउँदा आफ्नो पतिलाई छेक्न लाग्दा गोली लागेर मृत्यु भयो। पीडितका पति माओवादीद्वारा घोषित जिल्ला जनसरकार प्रमुख वृद्धिलाल तामाङलाई गोली हानी घाइते बनाएर गिरफ्तार गरियो।

त्रिपुरेश्वर गाविसको खहरेमा सेना र माओवादी बीच ०५९ वैशाख २० गते भएको दोहोरो भिडन्तका क्रममा २०-२२ वर्षका मंगोलियन अनुहार भएका दुई जना माओवादीलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मैदी गाविस-२ का २५ वर्षीय विष्णुप्रसाद भट्टलाई माओवादीको आरोपमा ०५९ जेठ ३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई भाग्दै गर्दा गोली हानिएको थियो।

धादिङको सत्यदेवी र नुवाकोटको बसुन्धेत सीमानामा नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाका उप-कोषाध्यक्ष एवम् पञ्चकन्या निमावि खाल्टेका ३५ वर्षीय डम्बरबहादुर श्रेष्ठ, ३२ वर्षीय रमेश के.सी र २५ वर्षीय विमला घलेलाई माओवादीलाई तालिम दिएको आरोपमा ०५९ असार ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

किरान्चोक गाविस-५ का कुलमणि भनिने प्रेमबहादुर तामाङलाई माओवादीको आरोपमा ०५९ असार २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास खोलामा फ्याँकी कसैलाई पनि नचलाउन चेतावनी दिएर छाडियो।

चितवन जिल्ला घर भई दार्खा गाविस दार्खाबिशीमा सुन पसल गरी बस्ने २६ वर्षीय चन्द्रबहादुर वि.क.लाई माओवादीको आरोपमा ०५९ साउन १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

धुवाकोट गाविस-१ की कौशल्या भनिने २१ वर्षीय फुलमती तामाङलाई माओवादीको आरोपमा ०५९ साउन १८ गते सुरक्षाकर्मीले दार्खाको कुरीमा हत्या गरे। माओवादीहरूले बलात्कार गरी हत्या गरेको आरोप लगाए भने सुरक्षाकर्मीले दोहोरो भिडन्तमा मारिएको बताए।

धुवाकोट गाविसका २३ वर्षीय जीवन भनिने

हस्तबहादुर गुरूङ्ग र नुवाकोटका २८ वर्षीय गगनसिंह तामाङलाई माओवादीको आरोपमा ०५९ साउन २० गते सुरक्षाकर्मीले कटुञ्जे गाविसको कटुञ्जे वजारमा गोली हानी हत्या गरे।

रसुवा जिल्ला लहरेपौवा घर भएकी ज्वाला र पुष्पा शर्मा भनिने ३५ वर्षीय गीता लामिछानेलाई माओवादीको आरोपमा ०५९ साउन २७ गते सुरक्षाकर्मीले वेत्रेनी गाविस-४ कोइलीस्वर्कमा गोली हानी हत्या गरे।

जीवनपुर गाविसका उदय भनिने माओवादी कार्यकर्ता २९ वर्षीय राजकुमार वाम्कोटालाई सुरक्षाकर्मीमाथि वम प्रहार गरेको आरोपमा ०५९ साउन २९ गते थाक्रे गाविस-३ महादेववेशीमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

नुवाकोट जिल्ला तुप्चेका २० वर्षीय कुमार वोगटीलाई माओवादीको आरोपमा ०५९ भदौ १ गते सुरक्षाकर्मीले मार्पाकमा गोली हानी हत्या गरे।

नुवाकोट जिल्ला घर भएकी २२ वर्षीय रन्जीना तामाङ र २३ वर्षीय रेजिना भनिने रीना श्रेष्ठको ०५९ भदौ १ गते लापा र सेर्तुङको सीमाना साथी गाउँमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

गुम्दी गाविस-१ का २५ वर्षीय नेकांका कार्यकर्ता कालु तामाङ र अर्का एक माओवादी कार्यकर्तालाई ०५९ भदौ १ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

महादेवस्थान गाविस-६ का ३० वर्षीय ठाकुर तामाङलाई माओवादीको आरोपमा ०५९ भदौ १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। नेकां गाउँ समिति सभापति पीडितलाई भाग्न लाग्दा गोली हानी हत्या गरिएको थियो।

जीवनपुर गाविसकी २२ वर्षीय रीना ठकुरी र भुमेस्थानकी १९ वर्षीय ठूली सुवेदीको ०५९ भदौ १५ गते सुरक्षाकर्मी र माओवादी वीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूको लास गाउँनजिकै थाक्रे गाविसमा लगी गाडियो।

कल्लेरी गाविस-६ केउरेनीटारका ३६ वर्षीय माओवादी जिल्ला सदस्य सन्देश भनिने मुकुन्द सेन र सिसम भन्ने २८ वर्षीय हरि कार्कीको माओवादीको आरोपमा ०५९

माओवादीद्वारा हत्या गरिएका नवराज सुवेदी

भदौ २७ गते कटुञ्जे वजारमा सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

खाल्टे गाविस-६ का शरण भनिने २५ वर्षीय रामशरण श्रेष्ठको ०५९ असोज १२ गते सुरक्षाकर्मी र माओवादी वीच दोहोरो भिडन्तका क्रममा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूको लास जंगलमा गाडियो।

भुमिस्थान गाविस-४ कोइगलेमा २ जना माओवादी छापामारलाई ०५९ कार्तिक २६ गते सुरक्षाकर्मीले मुठभेडमा गोली हानी हत्या गरे। पीडितहरूको लास अज्ञात स्थलमा लगी फालियो।

माओवादीबाट

दार्खा गाविस-८ धास्वाका ५४ वर्षीय धनबहादुर तामाङलाई आफूहरूलाई नसघाएको आरोपमा ०५८ माघ ११ गते माओवादीहरूले घरवाट अपहरण गरी केही परको रूखमा बाँधी कुटपिट गरी हत्या गरे।

मार्पाक गाविस-२ का ६९ वर्षीय गणेशवहादुर कार्कीलाई आफूहरूलाई नसघाएको आरोपमा ०५९ जेठ ७ गते माओवादीहरूले घरवाट केही पर लगी कुटपिट गरी वेहोस वनाएर मुक्त गरे। काठमाण्डौस्थित वीरेन्द्र सैनिक अस्पतालमा उपचार हुँदाहुँदै जेठ १६ गते पीडितको मृत्यु भयो।

मुरलीभञ्ज्याङ गाविसस्थित सामरी भञ्ज्याङ निमाविका प्रधानाध्यापक ३५ वर्षीय भीमबहादुर श्रेष्ठलाई सुराकीको आरोपमा ०५९ असार १६ गते घरवाट माओवादीहरूले अपहरण गरी केही पर लगेर खुकुरी प्रहार गरी हत्या गरे।

त्रिपुरेश्वर गाविस-१ ग्वहरेवजारका ३२ वर्षीय जयराम श्रेष्ठलाई आफूहरूलाई नसघाएको, चन्दा नदिएको र सुराकीको आरोपमा ०५९ असोज ४ गते माओवादीहरूले खुकुरी र छड प्रहार गरी हत्या गरे। पीडितलाई घरवाट अपहरण गरी गुम्दी गाविस-९ सिस्नेरी जंगलमा लगी हत्या गरिएको थियो। पीडित प्रेस चौतारी, धादिङका संस्थापक उपाध्यक्ष, रेडक्रसका पूर्व जिल्ला उपसभापति, एमालेका ४ नं. इलाका सचिव र प्रशायुसंघका उपाध्यक्ष थिए।

जीवनपुर गाविस-९ का ३३ वर्षीय गोपी भुजेललाई चन्दा नदिएको आरोपमा ०५९ असोज २१ गते माओवादीहरूले धार्के वजारबाट अपहरण गरी नजिकै खोलामा पुऱ्याई खुकुरी प्रहार गरी छिया-छिया पारेपछि गोली हानेर हत्या गरे। पीडितका परिवारलाई घरमा किरिया गर्न पनि दिइएन।

कटुञ्जे गाविस-१ का एमाले गाउँ कमिटी सचिव ४६ वर्षीय रामचन्द्र श्रेष्ठलाई सुराकीको र चन्दा नदिएको आरोपमा ०५९ असोज २१ गते माओवादीहरूले घरवाट अपहरण गरी केही पर लगेर खुकुरीले घाँटी र गर्धनमा प्रहार गरी हत्या गरे।

थाक्रे गाविस-२ महांकालका निवर्तमान गाविस अध्यक्ष ४४ वर्षीय नवराज सुवेदीलाई चन्दा नदिएको र

माओवादीलाई गाली गरेको आरोपमा ०५९ कार्तिक १ गते माओवादीहरूले घरबाट अपहरण गरी केही तल लगेर खुकुरी प्रहार गरी हत्या गरे।

जोगीमारा गाविसको हुग्दी खोलामा सशस्त्र बलका दुई जना प्रहरीलाई ०५९ वैशाख १० गते माओवादीहरूले गोली हानी हत्या गरे। माओवादीद्वारा आह्वान गरिएको बन्दको दिन माओवादीले अपहरण गरेको तीन वटा एम्बुलेन्स छुटाउन जाँदा पीडितहरूको हत्या गरिएको थियो।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

मूलपानी गाविस-३ का २५ वर्षीय पदमबहादुर थापा ०५८ चैत १५ गते बाँके जिल्ला कोहलपुर जान लागेको अवस्थामा सुरक्षाकर्मीले चलाएको गोलीद्वारा घाइते भए।

पीडा गाविस-१ जोगिटारका ३५ वर्षीय जेठा भुजेल र ५० वर्षीय रामचन्द्र पंडित मुठभेडको क्रममा ०५९ वैशाख १२ गते सुरक्षाकर्मीको गोली लागी घाइते भए।

माओवादीबाट

गजुरी गाविस-२ परेवाभीरका ४५ वर्षीय रामबहादुर श्रेष्ठ र हर्कबहादुर तामाङ ०५८ फागुन ११ गते नेपाल बन्दको बेला प्रहरीलाई लक्षित गरी माओवादीले बम विस्फोट गराउँदा सख्त घाइते भए। मलेखुबजारबाट खाना खाई काम गर्न हिंडेका ती मजदुरहरूको उपचार काठमाण्डौमा गरियो। उक्त विस्फोटबाट मायानाथ तमौली र सीताराम पोखे्रल पनि घाइते भए।

धुवाकोट गाविस-८ का २८ वर्षीय लाललोचन नेपाललाई आफूहरूलाई नसघाएको आरोपमा ०५९ वैशाख १५ गते माओवादीले घरमा बम प्रहार गरी घाइते बनाए। पीडितलाई माओवादीको आरोपमा भोलिपल्ट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको उपचार सुरक्षाकर्मीले गरी रिहा गरे।

श्री ६ नं. वाहिनी अड्डा ब्यारेकमा कार्यरत दुई सैनिक जवानलाई ०५९ साउन २९ गते माओवादीले बम प्रहार गरी घाइते बनाए।

थाक्रे गाविस-३ महादेववेशीका ३५ वर्षीय केदार विडारीलाई चन्दा नदिएको आरोपमा ०५९ असोज ४ गते माओवादीले गोली हानी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा गरियो।

जेल र बन्दीहरू

"ख" श्रेणीको धादिङ जेलको बन्दी क्षमता २५ जनाको रहेता पनि हाल ५२ जनालाई राखिएको छ। यो वर्षभन्दा अघि थुनामा परेका र हालसम्म नछुटेका कैद तोकिएका ११ जना र नतोकिएका एक जना बन्दी छन्। यो वर्ष थुनामा परेका तर कैद नतोकिएका ४० बन्दी छन्। कैद नतोकिएका ४ महिला सहित ३६ जना र कैद तोकिएका ४ जना बन्दीलाई यस जेलमा राखिएको छ। यस वर्ष कैद तोकिएका १५ जना र कैद नतोकिएका ६७ जना छुटेको देखिन्छ। कैद नतोकिएका

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१	२	१०	१०	१	१	१२	२२	५२	८	३	६३
घाइते					४	६		२	८	२	३			३
बम विस्फोटन					१			१	१					
गिरफ्तारी/यातना										२९	६५	५	६३	१३३
बेपत्ता										१	१			१
कुटपिट	६	७	२	९	६	६			६	३	९			९
धम्की					१	१			१	१	१			१
जातीय विभेद	१	१		१										
महिला अधिकार	३		३	३										
बालअधिकार	२	३	१	४										
आर्थिक/सामाजिक अधिकार										१	६			६
अपहरण					३	१४			१४					
जम्मा	१४	१२	७	१९	२५	३७	१	४	४२	५९	१३७	१३	६६	२१६

छुटेंकामध्ये केहीलाई पुनः जेलमा राखिएको छ। माओवादीको आरोपमा ३३ जनालाई नजरबन्दमा राखिएको छ। जेलमा भित्र पठाइने चिठी र बाहिर पठाइने चिठीहरू जेलरले हेरेर मात्र पठाइने गरिन्छ भने इन्सेक लगायत्का मानवअधिकार संस्थाका प्रकाशन समेत भित्र पठाउन "आदेश चाहिने" भन्ने गरिएको छ। विगत वर्षहरूमा संचालन गरिएको प्रौढ कक्षासमेत बन्द गरिएको छ। सबैखाले बन्दी एकै ठाउँमा राखिएकाले अव्यवहारिक देखिएको छ। बन्दीहरू पालैपालो सुत्नुपर्ने बाध्यता छ।

बेपत्ता /अपहरण

राज्यबाट

धुवाकोट गाविस-९ का ३५ वर्षीय वृद्धिलाल तामाङलाई ०५९ वैशाख १४ गते सुरक्षाकर्मीले घर नजिकैबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडित माओवादीद्वारा घोषित जिल्ला जनसरकार प्रमुख रहेकोमा गोली हानी घाइते अवस्थामा गिरफ्तार गरी काठमाण्डौस्थित वीरेन्द्र सैनिक अस्पतालमा उपचार गराएपछि कहाँ राखिएको हो हालसम्म जानकारी दिइएको छैन।

माओवादीबाट

फूलखर्क गाविस-५ का ३२ वर्षीय बलराम श्रेष्ठलाई प्रहरीमा जागिर खाएको आरोपमा ०५९ वैशाख २ गते माओवादीले अपहरण गरी कुटपिट गरी घाइते पारे। माओवादीहरू सुतेको अवस्थामा पीडित भागी आफ्नो कार्यालयमा दुई दिनपछि हाजिर हुन पुगेका थिए।

बिरामी बोकेर काठमाण्डौ जाँदै गरेको नेपाल रेडक्रस सोसाइटी, मकवानपुरको ना. १ च २४४२ को एम्बुलेन्स, सशक्त कार्की संघ, मकवानपुरको ना. १ च ७०८८ को एम्बुलेन्स र नेपाल रेडक्रस सोसाइटी, चितवनको ना. १ च ६०९७ को एम्बुलेन्स ०५९ वैशाख १० गते जोगीमाराको हुग्दीखोलाबाट माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

माओवादीद्वारा हत्या गरिएका गणेशबहादुर कार्की र जयराम श्रेष्ठ

त्रिपुरेश्वर गाविस-१ खहरेका ३५ वर्षीय शरदचन्द्र दनै, ३६ वर्षीय हरिप्रसाद अधिकारी, विनोद पाण्डे, लालबहादुर थापा, नवराज पाण्डे, सोही गाविस-३ का सुदिप रिजाल, भिमसेन रिजाल, हरि सापकोटा र राम सापकोटालाई आफूहरूलाई सहयोग नगरेको आरोपमा ०५९ असोज ४ गते माओवादीले अपहरण गरी एक दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

लापा गाविसका अध्यक्ष ४० वर्षीय सिंहबहादुर तामाङलाई माओवादी गतिविधिबारे आफूहरूलाई खबर नगरेको आरोपमा ०५८ माघ १९ गते जिल्ला परिषद्मा भाग लिन आउन लागेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए। पीडितहरूलाई बन्दुकको कून्दा र बुटले हिर्काउँदा शरीरमा नीलडाम र चोट लागेको थियो। पीडितहरूलाई जिल्ला परिषद्मा भाग लिन दिइएन।

बा. १ ख ७७९० नं. बसका चालक ३२ वर्षीय कृष्णबहादुर श्रेष्ठलाई बसको छतमा यात्रु राखेको आरोपमा ०५८ माघ २४ गते प्रहरीले कुटपिट गरी घाइते बनाए। घटनाको विरोध गर्दै धादिङ यातायात व्यवसायी संघले एक वक्तव्य जारी गरी अपमानजनक व्यवहार भन्दै त्यसको निन्दा गऱ्यो।

मकवानपुर जिल्लाका ड्राइभर २७ वर्षीय कर्णबहादुर लामा, पनौतिका खलासी २१ वर्षीय मनोज क्षेत्रीसमेत ३ जनालाई ट्रकमा बालुवा राखेर बसेको आरोपमा ०५८ चैत १७ गते राति गजुरीमा प्रहरीले कुटपिट गरी घाइते बनाए।

माओवादीबाट

ढोला गाविस-३ पुर्सुकका २९ वर्षीय विनोद तिमिल्सिनालाई आफूहरू विरूद्ध लागेको आरोपमा ०५८ पुस २९ गते घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गर्दै ज्यानमार्ने धम्की दिए। पीडितका बाबुआमालाई समेत माओवादीहरूले हातपात गरे।

लापा गाविस-७ कुप्चेतका २४ वर्षीय खिम्बा तामाङलाई माओवादी छाडेर हिंडेको आरोपमा ०५८ फागुन ८ गते माओवादीले कुटपिट गरी खुट्टा काटिदिनुका साथै थुक खान बाध्य पारे। पीडितलाई माओवादीहरूले आफ्नो "हिरासत" मा यातना दिएर फागुन २१ गते मुक्त गरे।

सल्यानटार गाविस-८ का चक्रादेवी माविका शिक्षक २६ वर्षीय ऋषिश्वर बुर्लाकोटीलाई सुराकीको आरोपमा ०५८ फागुन २१ गते माओवादीले घन र लाठी प्रहार गरी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा गरियो।

धुवाकोट गाविस-७ का ३२ वर्षीय खमबहादुर तामाङलाई बन्दुक भाँचेको र पैसा खोसेको

आरोपमा ०५८ फागुन २९ गते माओवादीले कुटपिट गरी घाइते बनाए।

लापा गाविस-७ कुप्चेतका २२ वर्षीय स्विमबहादुर तामाङलाई माओवादीमा नलागेको आरोपमा ०५९ वैशाख ११ गते माओवादीले अपहरण गरे। २० महिना अघि माओवादी छाडेका पीडितको खुट्टा काटेर मुक्त गरियो। हाल उनी उपचारपछि अपाङ्ग भएका छन्।

बैंरनी गाविस-२ का ४२ वर्षीय हरिप्रसाद अधिकारी, ८० वर्षीय ठुली अधिकारी र ७८ वर्षीय औजनाथ खनाललाई ०५९ जेठ १६ गते माओवादीले घरमा बाँधेर लुटपाट गरे।

बसेरी गाविस-६ खिरबोटेका ४० वर्षीय यदुबहादुर कार्कीलाई सुराकीको आरोपमा ०५९ असार १ गते माओवादीले घरदेखि केही पर लगी बुढाथुम गाविस-४ को जंगलमा डोरीले बाँधेर कुटपिट गरे।

मार्पाक गाविस-७ का ३६ वर्षीय डोलबहादुर अधिकारीलाई आफूलाई नसघाएको आरोपमा ०५९ असोज १० गते माओवादीले आक्रमण गरी कुटपिट गरी खुट्टा भाँचिदिए।

निलकण्ठ गाविस-७ का निवर्तमान गाविस उपाध्यक्ष ३२ वर्षीय जीनलाल गुरुङलाई आफूहरूलाई खान बस्न नदिएको आरोपमा ०५९ असोज २७ गते माओवादीले खुकुरी, लाठी र बन्दुकको कुन्दा प्रहार गरी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा गरियो।

सुमम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा १ सय ३५ वटा मुद्दा जिम्मेवारी सरी आएको र १ सय २५ वटा यस वर्ष दर्ता भएकोमा साउन मसान्तसम्म १ सय ३५ फस्योंट भई १ सय २५ वटा बाँकी रहे। यस वर्ष जिम्मेवारी सरेर आएका दुनियावादी देवानी ५६, सरकारवादी फौज्दारी १२ र दुनियावादी फौज्दारी १७ छन्। दुनियावादी देवानी २५, सरकारवादी फौज्दारी १५ र दुनियावादी फौज्दारी २६ वटा मुद्दा यस अवधिमा दर्ता भए। ०५९ साउनदेखि मंसिरसम्म १ सय ५१ वटा मुद्दा दुनियावादी देवानी १९, सरकारवादी फौज्दारी १८ र दुनियावादी फौज्दारी ११ गरी १ सय ३ वटा मुद्दा भए। ०५९ असार मसान्तमा १ सय २५ मुद्दा फस्योंट हुन बाँकी थिए भने ०५९ मंसिर मसान्तसम्म आइपुग्दा १ सय ३ वटा मुद्दा फस्योंट हुन बाँकी थिए। साउन मसान्तदेखि मंसिरसम्म ४८ वटा मुद्दा फस्योंट भए।

सुरक्षाकर्मीद्वारा गिरफ्तार पछि कुटपिट गरिएका कालुसिं वड्वा

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नलाङ गाविस-९ कालिदहका ४० वर्षीय शंकर गुरुङ, ३८ वर्षीय शालिग्राम अर्यालसहित ७ जनालाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ पुस १७ गते सेनाले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई साप्ताहिक र मासिक तारेखमा रिहा गरियो।

सल्यानटार गाविस-६ का २८ वर्षीय विष्णुबहादुर वि.क.लाई माओवादीलाई सघाएको आरोपमा ०५८ पुस २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे। त्यसैगरी सोही दिन सल्यानटार गाविस-६ का अर्जुन नेपाली, सोही गाविस-९ का ज्ञानु बुर्लाकोटी, सोही गाविस-५ की १५ वर्षीय सम्झना भण्डारी, सोही गाविस-१ का रूद्र बसौला, मोहन बसौला र सल्यानटार गाविस-७ का रामकृष्ण श्रेष्ठलाई सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरू हाल रिहा भइसके।

आँगोनचोक गाविस-१ अचने मावि खहरेका १६ वर्षीय सुचन्द्र भण्डारी, १७ वर्षीय सुजन श्रेष्ठ र १७ वर्षीय निशा अधिकारीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ पुस २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई दुई हप्तापछि रिहा गरियो।

लापा गाविस-८ का २९ वर्षीय पहलमान तामाङ र ४२ वर्षीय पूर्णे तामाङलाई ०५८ पुस २१ गते, सल्यानटार गाविस-५ का किरण भण्डारी र सानु पाठकलाई ०५८ पुस २२ गते र सल्यानटार गाविस-८ की २४ वर्षीय रमिला श्रेष्ठ र २३ वर्षीय सम्झना श्रेष्ठलाई ०५८ पुस २४ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले विभिन्न स्थानबाट गिरफ्तार गरी यातना दिए। केही दिनपछि सबैलाई रिहा गरियो।

धुषा गाविस-१ का ३८ वर्षीय नवराज थपलिया, ३९ वर्षीय ओमबहादुर रिजाल, बेनिघाट गाविस-८ का ४० वर्षीय ढुण्डुबहादुर सिलवाल र पिडा गाविस-३ का श्रोता क्लब धादिङका सचिव २८ वर्षीय शिव सुवेदीलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ पुस २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई रिहा गरियो।

श्रीकार्कीगाउँ मावि सल्यानकोटका शिक्षकहरू हरि वाग्ले, गोपाल राना, हरि आले, होमबहादुर थापा, गोपाल खड्का र मोहन सिंखडालाई ०५८ पुस २२ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी यातना दिए। यो घटनाले गर्दा एक हप्तासम्म विद्यालयको पढाइ रोकियो।

मुरलीभञ्ज्याङ गाविस-५ का लिलाबहादुर दुवाडी र रामेश्वर दुवाडीलाई माओवादीको आरोपमा ०५८ पुस २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी यातना दिएर व्यारेकमा लगे। पीडितहरूलाई निर्मम कुटपिट पछि रिहा गर्ने बेलामा ज्यानमार्ने धम्की पनि दिइयो। पीडितहरू एमाले कार्यकर्ता हुन्।

मुरलीभञ्ज्याङ गाविस-५ का

सुकदेव लम्साल, भीमबहादुर गुरुङ, नरबहादुर लम्साल, खड्कनारायण श्रेष्ठ, नरमान श्रेष्ठ, रुद्रनारायण श्रेष्ठ, रामशरण दुवाडी, योदबहादुर लम्साल, आँगानचोकबाट पाहुना आएका वीरबहादुर भण्डारी र उनका ज्वाईलाई माओवादीको आरोपमा ०५८ पुस २६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरु सबैलाई केही दिनपछि रिहा गरियो।

गोगनपानी गाविस-१ का भरत लामिछाने, बाबुराम नेपाल, कृष्ण सुवेदी सहित ४ जनालाई माओवादीको आरोपमा ०५८ माघ ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई वैरेनी गाविस अध्यक्षको जमानीमा तारेखमा रिहा गरियो।

महेन्द्र मावि, खानीखोलाका शिक्षक ३० वर्षीय रामप्रसाद अधिकारीलाई ०५८ माघ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी बाँधेर माघ १६ गते रिहा गरे।

धुवाकोट गाविस-३ का एमालेबाट निर्वाचित पूर्व गाविस अध्यक्ष ४२ वर्षीय अब्जनाथ सापकोटालाई ०५८ माघ २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी दाउरा चिर्न लगाउँदा बेहोस भएर लडे। पीडितलाई धुवाकोट जंगलमा खान समेत नदिई नाङ्गै राखियो। पीडितलाई पुरानो कब्जियत भएकाले सोही रोग बल्भिएर बिरामी परेपछि उपचार गर्न तारेखमा रिहा गरियो।

नेकपा (एमाले) धुवाकोट गाउँ कमिटीका सचिव तथा सरस्वती माविका शिक्षक ३० वर्षीय डिल्ली घिमिरेलाई माओवादीको आरोपमा ०५९ माघ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी १ सय २५ के. जी. को भारी बोकाएर हिंडाई भारी बिसाएमा मारिदिने धम्की दिँदै पहिलो रात खान समेत नदिई राखेर एक हप्तापछि रिहा गरियो। त्यसैगरी सोही आरोपमा धुवाकोट गाविस-७ का ६७ वर्षीय धनबहादुर गुरुङ, सोही गाविस-५ का ६२ वर्षीय टंकनाथ तिमल्सिना र सोही गाविस-६ का ५० वर्षीय नन्दलाल श्रेष्ठलाई पनि सोही दिन सुरक्षाकर्मीले गिरफ्तार गरी रातभरि नाङ्गै जंगलमा राखी यातना दिएर ४ दिनपछि रिहा गरे।

निरन्जना मावि, मार्पाकका शिक्षक एवम् भरतपुर नपा-८ चिनवनका ३५ वर्षीय बद्री ढकाललाइ माओवादीको आशंकामा ०५८ फागुन २ गते सुरक्षाकर्मीले विद्यालयबाट गिरफ्तार गरी ठूलो भारी बोकाएर ब्यारेकमा लगी फागुन १० गते रिहा गरे। पीडितलाई अन्तिम इच्छा सोधेर ज्यानमार्ने धम्कीसमेत दिइएको थियो।

नौविसे गाविस-१ का ३३ वर्षीय नानीराम काफ्ले, सोही गाविस-२ का २८ वर्षीय घनश्याम अधिकारी र सोही गाविस-५ का २२ वर्षीय रामचन्द्र केसी लाइ माओवादीको आरोपमा ०५८ फागुन ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई नजरबन्दमा राखिएकोमा हाल रिहा गरिएको छ।

नौविसे गाविस-१ का नेका कार्यकर्ता ५५ वर्षीय राधाकृष्ण कोइरालालाई माओवादीको आरोपमा ०५८ फागुन ९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ब्यारेकमा लगेर करेन्ट लगाउँदै पानीमा डुबाएर यातना दिए। पीडितलाई घटनाबारे प्रचार-प्रसार नगर्न चेतावनी दिएर रिहा गरियो।

कुम्पुर गाविस-३ का रणबहादुर आचार्य, अर्जुन खनिवडा, भीमबहादुर माभी र रुद्रबहादुर माभीलाई माओवादीको आरोपमा ०५८ चैत २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरेर भोलिपल्ट रिहा गरे।

निलकण्ठका सीताराम सुवेदी, नेत्रबहादुर थापा, ज्यामरुङका गणेश थापा, दार्खाका सुदर्शन सिग्डेल र भुवन कुमार क्षेत्रीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ चैत २४ गते सुरक्षाकर्मीले घर-घरबाट गिरफ्तार गरी यातना दिई भोलिपल्ट रिहा गरे।

निलकण्ठ गाविस-५ धादिङबेंशीमा प्रवेशिका परीक्षा दिन आएका ३६ जना विद्यार्थीहरुलाई ०५८ चैत २५ गते सुरक्षाकर्मीले पटका पड्केको सुनेर स्थानीय एक होटलबाट गिरफ्तार गरे। विद्यार्थीहरुलाई भोलिपल्ट रिहा गरियो।

मुरलीभञ्ज्याङ गाविस-३ का २५ वर्षीय श्यामबहादुर श्रेष्ठलाई माओवादीलाई भात खुवाएको आरोपमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गर्दै यातना दिए। सुरक्षाकर्मी आफै सुराकी बनेर पीडितको घरमा भात खाएको र त्यसैलाई आधार मानी गिरफ्तार गरी जेठ ५ गते रिहा गरिएको थियो। पीडित स्थानीय मानवअधिकार शिक्षा रेडियो श्रोता क्लबसँग सम्बद्ध थिए।

मैदी गाविस-७ का नेपाल रेडक्रस सोसाइटी धादिङ शाखाका तत्कालीन कार्यवाहक मन्त्री ३३ वर्षीय बोधनारायण श्रेष्ठलाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५९ असार २८ गते सुरक्षाकर्मीले रेडक्रसको उपशाखा सशक्तीकरण गोष्ठीबाट फर्कंदै गर्दा नौविसे गाविसबाट गिरफ्तार गरी यातना दिए। पीडितलाई हालसम्म थुनामा राखिएको छ।

मैदी गाविस-२ का ४६ वर्षीय पूर्णबहादुर अर्याल, सोही गाविस-६ का ६० वर्षीय रामकृष्ण श्रेष्ठ, सोही गाविसका ४२ वर्षीय ठूले बस्नेत, ३० वर्षीय लक्ष्मी शाह र ३५ वर्षीय अर्जुन ठकुरीलाई माओवादी भएको आरोपमा ०५९ असार ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आँखामा पट्टी बाँधेर मानसिक यातना दिए।

थाक्रे गाविस-३ महादेवबेंशीका ५० वर्षीय डाडभर विष्णु कार्की, उनका छोरा १९ वर्षीय सुवास कार्की, छिमेकी ३० वर्षीय राजन अर्याल र फुटबल खेलाडी २६ वर्षीय कार्लुगिं वाइबालाई माओवादीको आशंकामा ०५९ साउन २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरी घाइते पारे। पीडितहरुमध्ये कार्लुगिंको दाँत भाँचिएको र विष्णुको गोडा मर्किएको थियो।

थाक्रे गाविस-५ का नेकपा (एमाले) कार्यकर्ता ५० वर्षीय कृष्णप्रसाद ढकाल र लोकप्रिय गोवर ग्याँस कम्पनीको २५ वर्षीय पवित्रा अधिकारीलाई माओवादीको आशंकामा ०५९

भदौ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी मानसिक यातना दिएर तीन दिनपछि रिहा गरे।

कटुञ्जे गाविस-१ का एमाले गाउँ कमिटी सचिव ३० वर्षीय रामचन्द्र श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ भदौ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितलाई ३ गते बेलुका रिहा गर्नु अघि आँखामा पट्टी बाँधेर ज्यानमार्ने धम्की सुरक्षाकर्मीले दिएका थिए। पीडितको ०५९ असोज २ गते माओवादीले हत्या गरे।

केवलपुर गाविस-४ सुवेदी गाउँका ४२ वर्षीय हरि रूपाखेती र ३८ वर्षीय रामबहादुर कुँवरलाई माओवादीलाई सघाएको आरोपमा ०५९ मंसिर २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरूलाई सोही दिन माओवादीहरूले गाउँमा तरकारी, दूध र फलफूल बेच्न नदिई भोज गरेपछि गरिएको खोजतलासका क्रममा गिरफ्तार गरिएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

फ्लाङ गाविस-१ छ्यचेन डिप्चेनमा ०५८ फागुन १८ गते गएको पहिरोमा परी १ सय परिवार विस्थापित भए।

आर्थिक अधिकार

नेपाल रेडक्रस सोसाइटी, धादिङ शाखाको नाममा रहेका सबै खाले बैंक खाताहरू ०५८ माघ २९ गतेदेखि जिल्ला प्रशासन कार्यालयले त्यहाँका पदाधिकारीहरू माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा बन्द गरे। बन्द गरिएको खाता ०५९ पुसको दोस्रो हप्तामा खुल्ला गरियो।

बालअधिकार

वेनीघाट गाविस-२ सेउलीबजारकी ६ वर्षीय एक बालिकालाई ०५८ फागुन ६ गते गजुरी गाविस-८ का २६ वर्षीय कान्छा तामाङले बलात्कार गरे। पीडितको स्वास्थ्य उपचार गरियो। पीडित पक्षले कारवाहीका लागि प्रहरीमा उजुरी गरे। पीडक फरार भए।

केवलपुर गाविस-४ सुवेदीगाउँका १५ वर्षीय विमल सुवेदीलाई ०५९ मंसिर ७ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी एक महिनासम्म बेपत्ता पारे। पीडितलाई हिरासतमा राखिएको छ।

महिला अधिकार

बैरेनी गाविस-४ कोइलीखर्ककी ४० वर्षीय कान्छीमाया तामाङलाई बोक्सी मन्त्र गरेको र अन्य चारित्रिक आरोपमा ०५८ फागुन ४ गते आफ्नै जेठाजु ५१ वर्षीय ढलकबहादुर तामाङ र जेठानी ५० वर्षीय ठुलीमायाँ तामाङले लाठी र खुट्टाले हिर्काई अंश नदिई घरबाट निकाले। पीडितका दुई बच्चासमेतलाई कुटपिट गरी घरबाट निकालिदिए। पीडितका पतिको मृत्यु भइसकेको छ।

सलाङ गाविस-३ इटपानीकी ४२ वर्षीय काली परियारलाई बोक्सी लागेर गाउँलेलाई सराप पार्न लागेको आरोपमा ०५९ साउन १८ गते आफ्नै छोरा २० वर्षीय चाउरे परियारले खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा गरियो भने पीडकउपर प्रहरीले कारवाही चलाए।

साङकोप गाविस-५ भोर्ले समिडाँडाकी ५० वर्षीय नेपमाया गुरूङलाई बोक्सी लागेर बच्चा बिरामी पारेको आरोपमा ०५९ पुस ११ गते आफ्नै भतिजो ३३ वर्षीय रूद्रबहादुर गुरूङ र ३६ वर्षीय दुन्जबहादुर गुरूङले कुटपिट गरी घाइते बनाए।

जातीय विभेद

बैरेनी गाविस-१ कार्कीडाँडाका २२ वर्षीय शम्भु रसैलीलाई ०५९ जेठ १३ गते होटलमा खाजा खाएर जुठो भाँडा नमाझेको आरोपमा सोही गाविस-९ का कृष्णबहादुर श्रेष्ठले कुटपिट गरी भाँडा माझ्न लगाए।

विविध

संरचना क्षति

यस जिल्लाका ३७ गाविस भवन माओवादीहरूले पूर्ण क्षति पुऱ्याए। २१ वटा साना किसान भवन जलाएर, भत्काएर वा लुटपाट गरी क्षतिग्रस्त बनाए। १४ वटा प्रहरी कार्यालय, एउटा कृषि चुन उद्योग, तीन वटा टेलिफोन रिपिटर टावर, २ वटा विद्युत प्राधिकरण, ४ वटा हुलाक, २ वटा वन कार्यालय र एउटा पुल, एउटा हवाइ टावर र २ वटा हेल्थपोष्ट क्षतिग्रस्त बनाए। यसबाट करिब ७ करोड रूपैयाँ बराबरको क्षति भयो। त्यसैगरी ज्यामरूङ दरबार पनि क्षतिग्रस्त बनाए। माओवादीहरूले खहरेको विद्यालय स्रोत केन्द्र भवन र बेनिघाटको हरितमार्ग सडक भवन पनि जलाएर ध्वस्त पारे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष सवारी दुर्घटनामा १० महिला र ६१ पुरूषको मृत्यु भयो भने १ नावालकको पासो लागेर मृत्यु भयो। विष सेवनबाट ७ जना र झुण्डिएर १७ जना महिलाले आत्महत्या गरे भने १ पुरुषले झुण्डिएर आत्महत्या गरे। अविरल वर्षाको कारण १० जनाको मृत्यु भयो भने करोडौंको सम्पत्ति र अन्न क्षति भयो।

नेकपा (माओवादी) का छापामार २२ वर्षीय सन्तोषी नेपाल र अर्को एक छापामारको ०५८ माघ २८ गते रीगाउँ गाविसको जंगलमा आफैले बोकेको बम विस्फोट भई मृत्यु भयो। पीडितलाई उपचारका लागि लैजान लाग्दा सुरक्षाकर्मी आएको शंका लागी बाटैमा छाडेर हिंड्दा मृत्यु भएको थियो।

नौबिसे गाविसको धार्के बजारमा २०-२२ वर्षीय एक माओवादी कार्यकर्ताको ०५९ वैशाख १० गते आफैले बोकेको बम पड्किएर मृत्यु भयो।

२.१७ सिन्धुपाल्चोक

जनसंख्या	३०५८५७
साक्षरता प्रतिशत	३०
महिला साक्षरता प्रतिशत	१५
क्षेत्रफल (वर्ग कि. मि.)	२५४२
गाविस / नपा संख्या	७८/०
निर्वाचन क्षेत्र	३
विद्यालय	४८३
क्याम्पस / उच्च मा.वि.	२/६
अस्पताल / स्वास्थ्य चौकी	१/७८
टेलिफोन लाइन	२१२
मोटर सडक (कि. मि.)	२३५
प्रहरी कार्यालय संख्या	३
हुलाक संख्या	४२
मानव विकास सूचकांक	०.२७७
प्रति एक डाक्टर जनसंख्या	५८७४४
प्रति परिवार सरदर संख्या	५.०६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बाँसबारी गाविस-७ का २८ वर्षीय पुष्पलाल श्रेष्ठलगायत् नाम नखुलेका दुई जना व्यक्तिहरूलाई माओवादीको आरोपमा ०५८ चैत १८ गते सुरक्षाकर्मीले बाहुनेपाटीमा गोली हानी हत्या गरे।

बाँसबारी गाविस-१ का २१ वर्षीय रामबाबु विश्वकर्मालाई माओवादीको आरोपमा ०५८ चैत ३१ गते सुरक्षाकर्मीले आफ्नै घरमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे।

माओवादीद्वारा ०५८ फागुन ९ गते बाह्रबिसेबाट कर्थलीतर्फ गइरहेको माओवादीको मसाल जुलुसमाथि जरेटार ब्यारेकमा रहेका सेनाले लङरेञ्ज हतियार प्रयोग गरी जुलुसमा सामेल ६ व्यक्तिहरूको हत्या गरे।

मेलम्ची गाविस-९ का २३ वर्षीय दीपबहादुर घलेलाई माओवादीको आरोपमा ०५९ वैशाख ४ गते सुरक्षाकर्मीले आफ्नै खेतमा नुहाइरहेको अवस्थामा गोली हानी हत्या गरे।

सिन्धुकोट गाविस-५ का वडाध्यक्ष ३५ वर्षीय रामहरि भट्टराई, सोही गाविस-१ का २५ वर्षीय रमेश मिश्र, सोही गाविस-८ का हरिबहादुर थापा मगर, महांकाल गाविस-१ का रामकृष्ण भुजेल, भोटेचौर गाविस-३ की १९ वर्षीय पवित्रा चौलागाईं र भोटेनाम्लाङ गाविसकी गीता दनुवारलाई माओवादीको आरोपमा ०५९ वैशाख ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सिन्धुकोट गाविस-१ स्थित धुसिनेमा गोली हानी हत्या गरे।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका कञ्चन प्रियदर्शी

पिपलडाँडा गाविस-१ का ३३ वर्षीय कञ्चन प्रियदर्शीको नामले चिनिने ईश्वर बुढाथोकी र स्याउले गाविस-६ का ३६ वर्षीय सुमन भनिने प्रेमबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले जलविरे गाविस-४ मा गोली हानी हत्या गरे। कञ्चन प्रियदर्शी पत्रकारितामा र मानवअधिकार क्षेत्रमा केही समयदेखि क्रियाशील थिए। मानवअधिकार वर्ष पुस्तकको जिल्ला प्रतिनिधिका रूपमा पनि उनले काम गरेका थिए।

ठूलो सिरूवारी गाविस-५ का वडाध्यक्ष ३८ वर्षीय टिकादत्त दुलाल, सोही ठाउँका ६५ वर्षीय भक्तलाल दुलाल, ४५ वर्षीय झलकबहादुर दुलाल, सोही गाविस-४ का २४ वर्षीय गणेश गौतम र २५ वर्षीय शिवहरि गौतम तथा सानो सिरूवारी गाविस-८ का २८ वर्षीय छिरिङ्ग नामाङलाई माओवादीको आरोपमा ०५९ वैशाख १८ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी सोही गाविस-४ स्थित नर्सिङ्गडाँडामा पुऱ्याई गोली हानी हत्या गरे।

कुभिण्डे गाविस-४ का २६ वर्षीय जीतबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ जेठ १७ गते सुरक्षाकर्मीले घर छेउमा गोली हानी हत्या गरे।

पिस्कर गाविस-६ का ५० वर्षीय पूर्णबहादुर थामीलाई माओवादीको आरोपमा ०५९ असार ९ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सेलाङ गाविस-९ का २२ वर्षीय लव सिल्वाललाई काठमाण्डौबाट घरतर्फ जान लाग्दा माओवादीको आरोपमा ०५९ साउन ९ गते सुरक्षाकर्मीले बलेफी बजारमा गिरफ्तार गरी सैनिक ब्यारेक बाह्रबिसेतर्फ लैजाँदै गर्दा अँध्यारोमा मोटर रोकेको बेला भाग्न खोज्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बनासे गाविस-३ का ३६ वर्षीय विष्णुप्रसाद पराजुलीलाई माओवादीको आरोपमा ०५९ असोज ३ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले सोही ठाउँको अमारेचौर भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे।

थाम्पालधाप गाविसको नौलेखर्कमा २८ वर्षीय उमेश भनिने पासाङ लामालाई माओवादीको आरोपमा ०५९ भदौ १६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिन्धुकोट गाविस-८ का ४३ वर्षीय कृष्णबहादुर वि.क.लाई माओवादीको

आरोपमा ०५९ असोज २२ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

थाम्पालधाप गाविस-९ लेकखर्क भन्ने ठाउँमा ०५९ कार्तिक ८ गते राति सुरक्षाकर्मीले नाम खुल्न नसकेको एक जना व्यक्तिलाई गोली हानी हत्या गरे।

बतासे गाविस-६ का ५० वर्षीय होमनाथ ढुंगानालाई माओवादीलाई सहयोग पुऱ्याएको आरोपमा ०५९ कार्तिक १२ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भोटसिपा गाविस-८ का २० वर्षीय गोपाल नेपालीलाई माओवादीको आशंकामा ०५९ मंसिर ३ गते गौरती मन्दिरको मेला लाग्दा चौताराबाट सुरक्षाकर्मीले गिरफ्तार गरी पीडितकै घर मुनि ठूलीटार भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे।

माओवादीबाट

साँगाचोक गाविस-९ पोखरे भन्ने ठाउँमा ०५८ फागुन २९ गते माओवादीले प्रहरी चढेको बा. १ भ ४८९६ को जीपमाथि बम प्रहार गर्दा धर्मपुर गाविस-६ झापाका ३५ वर्षीय प्रहरी हवल्दार तिलकबहादुर मगर, करूनिया गाविस-१, रौतहटका २६ वर्षीय प्रहरी जवान किशोरी ठाकुर, भुलें गाविस-९, दोलखाका २५ वर्षीय प्रहरी जवान मनोज श्रेष्ठ, खैरमारा गाविस-८, महोत्तरीका २५ वर्षीय प्रहरी जवान चित्रबहादुर पौड्याल, कामनपा-७ का २६ वर्षीय प्रहरी जवान कमल पोखरेल र थकारी गाविस-५, अछामका २० वर्षीय प्रहरी जवान हर्कबहादुर बुढा गरी ६ जनाको मृत्यु भयो भने अन्य ५ जना घाइते भए। घाइतेहरूलाई उपचारार्थ काठमाण्डौ लगियो।

सिन्धुकोट गाविस-८ का ४२ वर्षीय रामबहादुर तामाङलाई पैसा नदिएको आरोप लगाई ०५९ जेठ ४ गते माओवादीले पीडितको आफ्नै घरबाट बोलाई तालामाराङ्ग गाविस-४ स्थित मानेस्वर्क भन्ने ठाउँमा पुऱ्याई खुकुरी प्रहार गरी हत्या गरे।

मानेश्वारा गाविस-८ का ३६ वर्षीय रामबहादुर नेपालीलाई ०५९ जेठ ४ गते माओवादीले काम छ भनी घरबाट राम्चे गाविस-४ स्थित निगरेनी भन्ने ठाउँमा पुऱ्याई खुकुरी प्रहार गरी हत्या गरे।

वराम्ची गाविस-१ खमारेका ४८ वर्षीय क्षेत्रबहादुर ढकाललाई सहयोग नगरेको आरोपमा ०५९ जेठ ५ गते आफ्नै घरछेउमा माओवादीले गोली हानी हत्या गरे।

ठूलोसिरुबारी गाविस-१ का ३३ वर्षीय पदमबहादुर विश्वकर्मालाई ०५९ जेठ १० गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले घरभित्रै गोली हानी हत्या गरे। पीडित जिल्ला सिंचाई कार्यालय चौतारामा कार्यरत थिए।

भीमटार गाविस-४ का पूर्व गाविस उपाध्यक्ष ४८ वर्षीय डिलबहादुर दनुवारलाई पैसा नदिएको आरोपमा ०५९ जेठ १३ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

धुस्कुन गाविस-४ का ४० वर्षीय हिक्मतबहादुर भण्डारीलाई पैसा नदिएको आरोपमा ०५९ जेठ १८ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। पीडित बाह्रविसे स्थित नेपाल बैंक लिमिटेडका निम्न स्तरका कर्मचारी थिए।

फुल्चोक गाविस-२ का २१ वर्षीय पदमबहादुर गिरीलाई ०५९ साउन १ गते आफ्नै खेतमा रोपाई गर्न लागिरहेको अवस्थामा माओवादीले बोलाई माहांकाल गाविस-१ तालामाराङ्ग भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे।

किउल गाविस-२ का ४८ वर्षीय लनाम स्याङ्बोलाई सुराकीको आरोपमा ०५९ भदौ १३ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले सोही ठाउँको चौतारीमा लगी गोली हानी हत्या गरे।

सिन्धुकोट गाविस-१ का ४० वर्षीय तोपप्रसाद सिग्देललाई सुराकीको आरोपमा ०५९ भदौ १४ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले बोलाई सोही

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	२	१	३	२२	३१	१		३२	१७	३३	२	३५
घाइते	१	१		१	५	१८	१		१९	२	५		५
बम विस्फोटन					२			२	२				
गिरफ्तारी/यातना										३४	६०	७	६७
कुटपिट	१	१		१	४	७			७				
बालअधिकार	१		१	१									
अपहरण					१३	१६			१६				
जम्मा	६	४	२	६	४६	७२	२	२	७६	५३	९८	९	१०७

ठाउँको घर्तीचौर भन्ने ठाउँमा पुर्याई गोली हानी हत्या गरे। पीडित घटेरो पेशामा संलग्न थिए।

स्याउले गाविस-६ का २४ वर्षीय रमेश तामाङलाई आत्मसमर्पण गरेको आरोपमा ०५९ भदौ २५ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले घरभन्दा केही पर लगी खुकुरी प्रहार गरी हत्या गरे। पीडित माओवादीको आरोपमा गिरफ्तार भई तीन महिना नजरबन्दमा बसी आत्मसमर्पण गरेपछि रिहा भएका थिए।

बुराम्ची गाविस-४ का २३ वर्षीय डेमा लामालाई ०५९ भदौ २६ गते आफ्नै घरबाट माओवादीले बोलाई हगाम गाविस-३ हाप्रा भन्ने ठाउँमा पुर्याई खुकुरी प्रहार गरी हत्या गरे।

ज्यामिरे गाविस-२ का ५० वर्षीय मित्रबहादुर दनुवारलाई सुराकीको आरोपमा ०५९ असोज ११ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले सोही गाविस-९ मेलचौर भन्ने ठाउँमा पुर्याई खुकुरी प्रहार गरी हत्या गरे।

ज्यामिरे गाविस-४ का ४७ वर्षीय छत्रबहादुर गिरीलाई ०५९ असोज ११ गते बेलुका माओवादीले आफ्नै घरबाट बोलाई सोही गाविस-५ स्थित सिस्नेखोलामा पुर्याई गोली हानी हत्या गरे।

कुन्चोक गाविस-८ का ४६ वर्षीय रेशमबहादुर बानियाँलाई ०५९ असोज १६ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले बोलाई सोही गाविस-३ स्थित जौडाँडा भन्ने ठाउँमा पुर्याई खुकुरी प्रहार गरी हत्या गरे।

काठमाण्डौ जिल्ला जोरपाटीको उत्तरखोला स्थायी घर भएका जेठल गाविस मुडेस्थित "हर्ष सु माउण्टेन" नामको रिसोर्टका मालिक ४६ वर्षीय मोहनबहादुर खत्रीलाई सुराकीको आरोपमा ०५९ असोज २१ गते बेलुका माओवादीले मुढे बजार भन्दा केही तल पुर्याई खुकुरी तथा गोली हानी हत्या गरे।

बाँसबारी गाविस-९ का ५६ वर्षीय हर्कबहादुर तामाङलाई ०५९ कार्तिक ५ गते आफ्नै घरमा बेलुका खाना खाँदै गरिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

कुन्चोक गाविस-३ का ३५ वर्षीय प्रेमबहादुर भारतीलाई ०५९ पुस ३ गते बेलुका माओवादीले आफ्नै घरबाट कुटपिट गर्दै केही पर पुर्याई खुकुरी प्रहार गरी हत्या गरे। पीडित हिमालयन होटल, कुपण्डोल, ललितपुरमा सुरक्षा गार्डमा कार्यरत थिए।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

स्याउले गाविस-५ का २२ वर्षीय बाबुकाजी कार्कीलाई ०५८ फागुन २४ गते राति चौतारा गाविस-८ स्थित सडकमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

माओवादीबाट

इर्खु गाविस-५ का ४२ वर्षीय रामहरि श्रेष्ठ, उनकी पत्नी ३८ वर्षीय टिकामाई श्रेष्ठ र छोरा १० वर्षीय सुजन श्रेष्ठ ०५८ पुस २४ गते आफ्नै बारीमा घाँस काट्न लागिरहेको अवस्थामा माओवादीले बिछ्याएको बम विस्फोट भई गम्भीर घाइते भए। पीडितहरूको उपचार काठमाण्डौमा गरियो।

कर्थली गाविस-७ का ४५ वर्षीय बमबहादुर तामाङलाई ०५९ कार्तिक १९ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए।

राम्चे गाविस-५ जुरे भन्ने ठाउँमा सुरक्षाकर्मीको मोटर माथि ०५८ माघ ६ गते माओवादीले बम प्रहार गर्दा मोटरमा रहेका मध्ये ४ जना घाइते भए। पीडितहरूलाई उपचारार्थ काठमाण्डौ लगियो।

साँगाचोक गाविस-७ मा माओवादीले सडकमा बिछ्याएको बम ०५९ कार्तिक २७ गते विस्फोटन हुँदा दुई जना माओवादी कार्यकर्ता घाइते भए।

स्याउले गाविसस्थित धाउखानीमा गस्ती गरिरहेका सुरक्षाकर्मीमाथि ०५९ मंसिर १४ गते दिउँसो माओवादीले बम प्रहार गर्दा एक जना सैनिक हवल्दार गम्भीर घाइते भए। पीडितलाई उपचारार्थ काठमाण्डौ लगियो।

जेल र बन्दीहरु

सिन्धुपाल्चोक जेलको बन्दी क्षमता ३५ जनाको भएता पनि कारागार निर्देशिकामा ८० जनाको क्षमता भएको उल्लेख छ। हाल यस जेलमा ३ जना महिला सहित ६४ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ५२ जना र कैद तोकिएका १२ जना छन्। नजरबन्दमा २२ जना छन्। यस वर्ष १ सय ११ जना बन्दीहरूलाई रिहा गरियो। बन्दीहरूलाई ६-६ महिनामा एक जोर लगाउने कपडा र २/२ वर्षमा ओढ्ने-ओछ्याउने कपडा दिइन्छ। अत्यन्त पुरानो जेल भएकोले जीर्ण भइसकेको यस जेलमा वर्षायाममा पानी चुहिने गर्दछ। महिला गृहतर्फ १ र पुरूष गृहतर्फ २ वटा पानीको धारा छन् भने महिलातर्फ १ वटा र पुरूष तर्फ २ वटा चर्पी छ। जेलभित्र पुस्तकालय छ।

सुरक्षाकर्मीद्वारा कुटपिट गरिएका कृष्णराज श्रेष्ठ

बेपत्ता /अपहरण

माओवादीबाट

पाङनाङ्ग गाविस-२ का गाविस अध्यक्ष ३० वर्षीय होमनारायण श्रेष्ठलाई ०५८ पुस २९ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई माघ २ गते बराम्ची गाविसमा पुर्‍याई मुक्त गरियो।

इचोक गाविस-५ का गाविस उपाध्यक्ष ४२ वर्षीय थलबहादुर थापालाई सिद्धान्तमा सहमत नभएको आरोप लगाई ०५८ चैत ४ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। जनताको ठूलो दबाबपश्चात् पीडितलाई भोलिपल्ट मुक्त गरियो।

कुभिण्डे गाविस-४ का २१ वर्षीय रत्नबहादुर श्रेष्ठलाई ०५८ चैत ८ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडित मुक्त भए-नभएको जानकारी हुन सकेन।

कुभिण्डे गाविस-९ का ७१ वर्षीय रविलाल सुवेदीलाई पैसा नदिएको आरोपमा ०५८ चैत १७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी भोलिपल्ट जलविरे बजारमा पुर्‍याई एउटा खुट्टा भाँचिदिएर मुक्त गरे। पीडितको वीर अस्पताल काठमाण्डौमा उपचार गरियो।

हगाम गाविसका अध्यक्ष डिल्ले तामाङलाई ०५८ चैत २१ गते बिहान आफ्नै घरबाट माओवादीले अपहरण गरी सोही दिन बेलुका मुक्त गरे।

फुल्पीङकोट गाविस-७ का रेडियो सम्वाददाता ३१ वर्षीय डेम्लीङ लामालाई ०५८ चैत २३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडित दुई दिनपछि भागे।

स्याउले गाविस-६ का चुडामणि श्रेष्ठ, केशव श्रेष्ठ र गोपाल श्रेष्ठलाई ०५९ वैशाख ९ गते बेलुका आफ्नै घरबाट माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

हगाम गाविस-७ का ३६ वर्षीय वडेलाल तामाङलाई ०५९ असोज १ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी तीन दिन पछि सोही ठाउँमा ल्याई मुक्त गरियो।

ज्यामिरे गाविस-३ का ४४ वर्षीय रमेश कुईकेल र सोही ठाउँका ३८ वर्षीय ठाकुर कुईकेललाई ०५९ असोज ६ गते बेलुका आफ्नै घरबाट माओवादीले अपहरण गरे। जनताको दबावपछि पीडितहरूलाई तीन दिनपछि मुक्त गरियो।

कुभिण्डे गाविस-३ वासपाटीका ५३ वर्षीय कृष्णबहादुर श्रेष्ठलाई ०५९ असोज १२ गते बेलुका आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडित हालसम्म बेपत्ता छन्।

भक्तपुर जिल्ला छालिङ गाविस घर भई साँगाचोक गाविस-७ जल्किने भञ्ज्याङ्गमा औषधी तथा किराना पसल गरी बस्ने ४८ वर्षीय रामबहादुर खड्कालाई ०५९ असोज १८ गते बेलुका आफ्नै पसलबाट माओवादीले अपहरण गरे। पीडित हालसम्म बेपत्ता छन्।

वतासे गाविस-३ का ३३ वर्षीय प्रेमप्रसाद सापकोटालाई ०५९ कार्तिक ७ गते बेलुका आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई तीन दिनपछि मुक्त गरियो।

जलविरे गाविस-६ का ४२ वर्षीय सूर्यबहादुर थापालाई ०५९ कार्तिक १४ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई निर्मम कुटपिट गरी ६ दिनपछि मुक्त गरियो।

धम्की /ज्यानमार्ने धम्की /कुटपिट

राज्यबाट

चौतारा गाविस-४ का पूर्व सांसद तथा मानवअधिकारकर्मी ५० वर्षीय कृष्णराज श्रेष्ठलाई ०५९ जेठ २४ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले विनाकारण कुटपिट गरी यातना दिए। पीडितलाई उपचारार्थ अस्पताल लगियो।

माओवादीबाट

वतासे गाविस-३ स्थित कालिका मावि, देविडाँडाका शिक्षक २६ वर्षीय धर्मदत्त सापकोटा र सोही गाविस-४ जुगल प्रावि साकिनेका शिक्षक जीतबहादुर पौड्याललाई आफूहरूलाई सहयोग र समर्थन नगरेको आरोपमा ०५८ माघ ९ गते विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीले कुटपिट गरे।

साँगाचोक गाविस-५ का ५३ वर्षीय विष्णुभक्त गिरीलाई ०५८ चैत २५ गते आफ्नै घरमा माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

पिस्कर गाविस-४ घर भई धुस्कुन गाविसस्थित खाजिलुङ प्राविमा कार्यरत शिक्षक ३० वर्षीय सूर्य बोहरालाई आफ्नो विरोधी भएको आरोप लगाई ०५९ जेठ २६ गते विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीले कुटपिट गरे।

ठूलोसिरूवारी गाविस-१ का ४० वर्षीय रामबहादुर पुरी, सोही गाविस-४ का २८ वर्षीय युवकनाथ सुवेदी र सोही ठाउँका ३३ वर्षीय लालबहादुर नेपाललाई ०५९ साउन ३१ गते आ-आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरे। पीडितमध्ये लालबहादुरलाई अस्पताल लगी उपचार गरियो।

माओवादीद्वारा अपहरण गरी कुटपिट गरिएका पत्रकार डेम्लीङ लामा

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा २ हजार ६ सय ६३ वटा मुद्दा विचाराधीन छन् भने ५७ वटा मुद्दा फर्स्यौट भए। विचाराधीन मुद्दामा १ हजार ३ सय ८ देवानी, ७ सय ८८ दुनियावादी र ५ सय ६७ सरकारवादी फौज्दारी छन्। यस अदालतमा ५ वर्षसम्म फर्स्यौट नभएका मुद्दा ८ वटा छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नौथली गाविस-९ का ४२ वर्षीय विष्णु श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ पुस १७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

बतासे गाविस-३ का मेघनाथ सापकोटा, विष्णुप्रसाद सापकोटा, कुमार सापकोटा, लोकप्रसाद दंगाल, सोही गाविस-४ का तुलसीप्रसाद काफ्ले, इन्द्रबहादुर नेपाली र कुभिण्डे गाविस-७ का रुद्रप्रसाद सापकोटालाई माओवादीको आरोपमा ०५८ पुस १८ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये मेघनाथलाई हालसम्म नजरबन्दमा राखिएको छ भने अन्यलाई विभिन्न मितिमा रिहा गरियो।

ठूलोपाखर गाविस-३ का ४८ वर्षीय साङ्गदोर्जे तामाङलाई माओवादीको आशंकामा ०५८ पुस २० गते प्रहरी तालिम केन्द्र डाँडापाखर छेउबाट प्रहरीले गिरफ्तार गरी तीन महिनापछि रिहा गरे।

चौतारा गाविस-४ का ४५ वर्षीय सुरेन्द्र कक्षपति र उनकी पत्नी ४० वर्षीय लक्ष्मी कक्षपतिलाई ०५८ माघ १४ गते बिहान प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय पुऱ्याई बा ३ च ७०३० नम्बरको नीजि कारमा राखी सोही दिन बाह्रबिसे सैनिक ब्यारेकभित्र पुऱ्याई काठमाण्डौं मनपा-९ बत्तीसपुतलीका दुई जना व्यक्तिले निर्मम यातना दिए। पीडितहरूलाई तीन दिनपछि रिहा गरियो।

कुभिण्डे गाविस-१ का ४२ वर्षीय चित्रबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ फागुन १६ गते चौतारा स्थित नेपाल बैंक लिमिटेडको कार्यालय अगाडि पेन्सन लिन लाग्दा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई तीन महिना नजरबन्दमा राखी रिहा गरियो।

स्याउले गाविस-६ का २२ वर्षीय हेलबहादुर तामाङ र १८ वर्षीय शोभा श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ फागुन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई तीन महिना नजरबन्दमा राखी रिहा गरियो।

भीमटार गाविस-४ का ३१ वर्षीय जितबहादुर दनुवारलाई माओवादीको आरोपमा ०५८ फागुन २२ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी केही दिन पछि रिहा गरियो।

सिपापोखरे गाविस-७ का २९ वर्षीय सुरोप्रसाद सापकोटा र भीमटार गाविस-५ का ३३ वर्षीय सानुकान्छा दनुवारलाई माओवादीको आरोपमा ०५८ फागुन २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक महिनापछि रिहा गरे।

पिस्कर गाविस-२ का ३८ वर्षीय वीरबहादुर श्रेष्ठ, सोही गाविस-३ का ३५ वर्षीय जीतबहादुर श्रेष्ठ, सोही गाविस-४ का ४५ वर्षीय जगतबहादुर थामी र सोही गाविस-६ का ४० वर्षीय रामप्रसाद पौड्याललाई माओवादीको आरोपमा ०५८ फागुन २४ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई तीन महिना नजरबन्दमा राखी रिहा गरे।

कुभिण्डे गाविस-४ का नारायणबहादुर श्रेष्ठ, सरोज तामाङ र छत्रबहादुर तामाङलाई माओवादीको आरोपमा ०५८ चैत ३१ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई तीन महिना नजरबन्दमा राखी रिहा गरियो।

बासवारी गाविस-१ का राजकुमार ढकाल, सोही ठाउँका नानीबाबु पण्डित, रामचन्द्र ढकाल, कुमार ढकाल, सोही गाविस-३ का साधुराम ढकाल, श्रीप्रसाद आचार्य र सोही गाविस-९ का छमबहादुर तामाङलाई माओवादीको आरोपमा ०५८ चैत ३१ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी क्रमशः ८ र १० दिनपछि रिहा गरे।

जलविरे गाविस-५ का ५० वर्षीय जयबहादुर श्रेष्ठ, सोही ठाउँका २६ वर्षीय राजेन्द्र श्रेष्ठ र सोही गाविस-६ का ५० वर्षीय रत्नबहादुर श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ वैशाख १६ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक महिनापछि रिहा गरियो।

ठूलोसिरुबारी गाविस-४ का ३६ वर्षीय केशरी गौतमलाई ०५९ वैशाख १८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी वैशाख २६ गते रिहा गरे।

सानोसिरुबारी गाविस-९ का ३१ वर्षीय केदारनाथ दुलाल र सोही ठाउँका रेवतीप्रसाद दुलाललाई ०५९ वैशाख २४ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न जाँदा प्रशासन कार्यालय परिसरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

सानोसिरुबारी गाविस-२ की ३५ वर्षीय चुक्तमाया चौलागाईलाई माओवादीको आरोपमा ०५९ वैशाख २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा एक महिना नजरबन्दमा राखी रिहा गरियो।

साँगाचोक गाविस-१ का ४५ वर्षीय विरासे वि.क., सोही ठाउँका ४० वर्षीय होमबहादुर सापकोटा, सोही गाविस-५ का २५ वर्षीय नवराज गिरी र सोही गाविस-६ का ३३ वर्षीय मिलन राना तथा ४८ वर्षीय इन्द्रबहादुर रानालाई माओवादीको आरोपमा ०५९ वैशाख ३० गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। नवराजलाई तीन महिना नजरबन्दमा राखी रिहा गरियो भने अन्यलाई केही समयपछि रिहा गरियो।

चौतारा गाविस-३ का ३० वर्षीय रयाकृष्ण श्रेष्ठलाई

माओवादीको आरोपमा ०५९ जेठ २४ गते चौतारावजार स्थित आफ्नै पसलवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म नजरवन्दमा राखिएको छ।

सानोसिरूवारी गाविस-७ का २८ वर्षीय खिलबहादुर दंगाललाई माओवादीको गतिविधिमा संलग्न भएको आरोपमा ०५९ जेठ २४ गते आत्मसमर्पण गर्न सीडीओ कार्यालयमा जाँदा प्रशासन कार्यालय परिसरवाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल नजरवन्दमा राखिएको छ।

चौतारा गाविस-३ का ३० वर्षीय राजेन्द्र श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ जेठ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ महिना नजरवन्दमा राखी रिहा गरियो।

भीमटार गाविस-२ का ४० वर्षीय अमृत नापितलाई माओवादीको आरोपमा ०५९ जेठ २६ गते आफ्नै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ महिनासम्म नजरवन्दमा राखियो।

चौतारा गाविस-८ की ३५ वर्षीय मीना नेपाल र सोही गाविस-४ की ३६ वर्षीय सीता श्रेष्ठलाई माओवादीको आरोपमा ०५९ असार १७ गते आ-आफ्नै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा तीन महिनासम्म नजरवन्दमा राखी रिहा गरियो।

राम्चे गाविस-७ का २६ वर्षीय वद्रि निमल्सिनालाई माओवादीको आरोपमा ०५९ असोज ५ गते आफ्नो बाबुको क्रिया वसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ४ दिनपछि रिहा गरियो।

चौतारा गाविस-८ का ३० वर्षीय निर्मल घलेलाई माओवादीको आरोपमा ०५९ कार्तिक २५ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल नजरवन्दमा राखिएको छ।

ठूलोसिरूवारी गाविस-१ का ४८ वर्षीय चन्द्रवहादुर वि.क.लाई माओवादीको आरोपमा ०५९ वैशाख ३१ गते सीडीओ कार्यालयमा आत्मसमर्पण गर्न जाँदा सुरक्षाकर्मीले प्रशासन कार्यालयवाट गिरफ्तार गरे। पीडितलाई तीन दिन पछि मात्र रिहा गरियो।

सानोसिरूवारी गाविस-९ का ३३ वर्षीय उमाप्रसाद दुलाललाई ०५९ जेठ ८ गते सीडीओ कार्यालयमा आत्मसमर्पण गर्न जाँदा सुरक्षाकर्मीले जिल्ला प्रशासन कार्यालय परिसरवाटै गिरफ्तार गरी ६ दिनसम्म हिरासतमा राखी रिहा गरे।

यस वाहेक अन्य ५ जना पुरूषलाई पनि माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा एक जनालाई ५ दिनपछि, २ जनालाई ३ दिनपछि र २ जनालाई भोलिपल्ट रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा माओवादी आन्दोलन शुरू भएदेखि हालसम्म माओवादीको कारणवाट विभिन्न गाविसका ५१ जना व्यक्तिहरू घर छाडी काठमाण्डौं तथा सदरमुकाममा बस्दै आएका छन् भने राज्य तर्फवाट विस्थापित गराइएको घटना जानकारीमा आएन।

बालअधिकार

कुभिण्डे गाविस-१ की १२ वर्षीय एक वालिकालाई ०५८ माघ २४ गते वेलुका सोही ठाउँका १८ वर्षीय कुमार नेपालीले वलात्कार गरे। पीडकलाई हाल थुनामा राखिएको छ।

महिला अधिकार

एक महिलाको सामूहिक वलात्कार पछि हत्या गरियो।

विविध

संरचना ध्वस्त

डाँडापाखर गाविस-९ स्थित सशस्त्र प्रहरी तालिम केन्द्रमा ०५८ फागुन ११ गते माओवादीले वम विस्फोट गराई तीनवटा भवन ध्वस्त गराए। तालिम केन्द्र २ दिन अघिदेखि खाली थियो।

सदरमुकाम चौतारास्थित जिल्ला खानेपानी कार्यालय र सिंचाई कार्यालयमा ०५८ चैत १५ गते वेलुका माओवादीले वम विस्फोट गराई कार्यालय भवन ध्वस्त गराए।

साँगाचोक गाविस सुकुटेस्थित वन रेञ्जपोष्टमा ०५८ चैत १५ गते माओवादीले वम विस्फोट गराई भवन ध्वस्त गराए। त्यसैगरी सोही दिन जलविरे रेञ्जपोष्टमाथि माओवादीले वम विस्फोट गराई ध्वस्त गराए।

पिपलडाँडा गाविस-८ स्थित पातलेपानीको वन परियोजना तालिम केन्द्र भवनमा ०५८ चैत १७ गते वेलुका माओवादीले वम विस्फोट गराई तालिम केन्द्रका भवन पूर्णरूपले ध्वस्त गराए।

नवलपुर गाविस स्थित वन रेञ्जपोष्ट र इलाका हुलाक कार्यालयलाई ०५८ चैत १७ गते माओवादीले वम विस्फोट गराई ध्वस्त पारे।

मेलम्चीको इलाका वन कार्यालय, वाँसखर्कको रञ्जपोष्ट र डाँडापाखरको रेञ्जपोष्ट कार्यालय भवनहरूमाथि ०५८ चैत १७ गते एकै समयमा माओवादीले वम विस्फोट गराई भवनहरू पूर्णरूपले ध्वस्त गराए।

चौतारा गाविस-२ स्थित जिल्ला खानेपानी कार्यालयमा ०५९ वैशाख ७ गते माओवादीले वम विस्फोट गराई कार्यालय परिसरमा रहेको दुई लाख रूपैयाँ वरावरको पाइपमा आगो लगाई नष्ट गराए।

कदमवास गाविस वलेफी वजारस्थित दुग्ध चिस्यान केन्द्रमा दूध लिन आएको दुग्ध विकास संस्थानको ट्यांकरलाई ०५९ वैशाख ७ गते माओवादीले वम विस्फोट गराई ध्वस्त वनाए। ट्यांकर जलेपछि चिस्यान केन्द्र दुई दिनसम्म वन्द भई किसानहरूले उत्पादन गरेको दूध वेच्न पाएनन्।

धुम्पास्वर गाविस-७ स्थित टेलिफोन टावर ०५९ वैशाख ९ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। टावर ध्वस्त भएपछि ४३ वटा टेलिफोन बन्द भए।

चौतारा गाविस-८ स्थित विद्युत प्राधिकरणको सबस्टेशनमा ०५९ कार्तिक २४ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

फुल्पीङडाँडा गाविस-९ स्थित ३३ केभी विद्युत प्रशारण लाइनको टावरको जगमा ०५९ कार्तिक २५ गते राति माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याउँदा चार दिनसम्म जिल्लाभरि विद्युत आपूर्ति बन्द भयो।

डाँडापाखर गाविस स्थित कृषि विकास बैंकबाट ०५८ फागुन ११ गते बेलुका माओवादीले बैंकको ४५ हजार रूपैयाँ नगद लुट्नुका साथै फर्निचर र कागजपत्रहरू जलाइदिए।

यस वर्ष माओवादीहरूले विभिन्न मितिमा जिल्लाका ६८ वटा गाविस भवन तथा कार्यालयहरू बम विस्फोट र आगो लगाई ध्वस्त गराए भने १३ वटा इलाका हुलाकमध्ये ७ वटा र ६५ अतिरिक्त हुलाकमध्ये ३० वटा ध्वस्त गराए। त्यसैगरी ७ वटा पशुसेवा केन्द्रहरू र ७ वटा कृषि सेवा केन्द्र तथा एउटा तरकारी बीऊ उत्पादन फर्म ध्वस्त गराए।

चौतारा कारागार अगाडि सुरक्षाकर्मीद्वारा विच्छ्याएको बम ०५९ भदौ ३१ गते दिउँसो विस्फोट हुँदा धादिङ जिल्ला घर भएका कारागारको सुरक्षार्थ खटिएका प्रहरी हवल्दार हेमनाथ थपलियाको घटनास्थलमै मृत्यु भयो।

हेलम्बु गाविस-७ स्थित एक घरमा ०५९ वैशाख २८ गते बेलुका बास बसिरहेका माओवादीहरूले आफैंले बोकेको बम विस्फोट हुँदा नमस्ते र विवेक उपनाम गरेका व्यक्तिहरूको घटनास्थलमा मृत्यु भयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (माओवादी) ले जनयुद्धको नाममा आक्रमणको मुख्य थलो विद्यालय र शिक्षकहरूलाई नै बनाउँदै आएका कारण शिक्षकहरूको हत्या, अपहरण, अमानवीय यातना, जबरजस्ती चन्दा उठाउने आदि कार्यबाट शिक्षा जगत नै आतंकित भएको अवस्थामा ०५८ माघ ९ गते बनासे गाविसस्थित कालिका माविका शिक्षक धर्मदत्त सापकोटा र जुगल प्राविका शिक्षक जीतबहादुर पौड्याललाई विद्यालयको कक्षा कोठामा आफ्नो कर्तव्य पूरा गरिरहेकै अवस्थामा हतियारधारी एक जबरजस्ती बाहिर ल्याई मरणासन्न हुने गरी कुटपिट गरेको र अन्य शिक्षकहरूलाई पनि धम्की दिने जस्ता क्रियाकलाप गरेको जनाउँदै त्यसको विरोधमा ०५८ माघ १४ गते नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समितिले एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सँग आबद्ध गतिशील ग्रामीण उत्थान समूहका अध्यक्ष, पूर्व सांसद तथा मानवअधिकार संरक्षण मञ्च, सिन्धुपाल्चोकका अध्यक्ष कृष्णराज श्रेष्ठमाथि चौतारा गाविस-४ स्थित आफ्नै घरमा बसिरहेको अवस्थामा ०५९ जेठ २४ गते बेलुका सुरक्षाकर्मीद्वारा अमर्यादित र लापर्वाहीपूर्वक कुटपिट तथा आक्रमण गरिएको जनाउँदै त्यसको विरोधमा ०५९ जेठ २७ गते गतिशील ग्रामीण उत्थान समूहले प्रेस विज्ञप्ति जारी गऱ्यो। प्रेस विज्ञप्तिमा मानवअधिकारकर्मीमाथि आइन्दा यस्ता क्रियाकलाप नदोहोऱ्याइयोस् भन्ने जोडदार माग गरियो।

विभिन्न स्थानमा नेकपा (एमाले) का कार्यकर्ताहरूमाथि विभिन्न मितिमा माओवादीहरूले कथित कठघरामा उभ्याउने धम्कीयुक्त पोष्टरहरू टाँस्ने, शिक्षकहरूमाथि आक्रमण गर्ने, सामान्य समर्थक जनताहरूलाई सांघातिक आक्रमण गर्ने, अनेकौं चिठीपत्र वितरण गरी धम्की दिइएको जनाउँदै त्यसको विरोधमा ०५९ भदौ ८ गते नेकपा (एमाले) जिल्ला कमिटी, सिन्धुपाल्चोकले एक प्रेस विज्ञप्ति जारी गऱ्यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लामा ३ जना महिला र २ जना पुरूषले आत्महत्या गरे। दुर्घटनाका २ वटा घटनामा १ जना महिला र १ जना पुरूष पीडित भए। १ जना पुरूषको लास फेला पऱ्यो भने १ जना महिला र १ जना पुरूषको पहिरोमा परी मृत्यु भयो।

२.१८ नुवाकोट

जनसंख्या	: २८८४७८
साक्षरता प्रतिशत	: ३१.७
महिला साक्षरता प्रतिशत	: १८.५
क्षेत्रफल (वर्ग कि. मि.)	: ११२१
गाविस / नपा संख्या	: ६१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५०१
क्याम्पस / उच्च मा.वि.	: १/४
अस्पताल / स्वास्थ्य चौकी	: १/६६
टेलिफोन लाइन	: ९५०
मोटर सडक (कि. मि.)	: १७६
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ६३
मानव विकास सूचकांक	: ०.३१२
प्रति एक डाक्टर जनसंख्या	: ४८०८०
प्रति परिवार सरदर संख्या	: ५.४३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बेलकोट गाविस-३ का २८ वर्षीय चन्द्रमान तामाङलाई माओवादीको आरोपमा ०५८ माघ ९ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

गणेशस्थान गाविस-४ मा दुई जना माओवादीका कार्यकर्ताको ०५८ चैत १ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सो ठाउँमा माओवादीले एम्बुस विस्फोट गराएका थिए।

अनेमसंघ (क्रान्तिकारी) की केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष २८ वर्षीय दीक्षा भनिने कुमारी आले मगर, माओवादीका एरिया कमाण्डर भनिएका रामबहादुर आलेमगर, कप्तान तामाङ र सेन्तराम तामाङलाई ०५८ चैत २४ गते सुरक्षाकर्मीले घर घेरा हाली गोली हानी हत्या गरे। पीडितहरूको लास सुरक्षाकर्मीले सदरमुकाम लगेको बताइयो।

थान्सिङ गाविस-५ का गोरेबहादुर श्रेष्ठ, सोही गाविस-९ का अच्युत अधिकारी, शेरबहादुर भण्डारी, राजेन्द्र खत्री, गायत्री उप्रेती र गणेशस्थान गाविसकी शारदा घलेलाई ०५८ चैत २५ गते सुरक्षाकर्मीले थान्सीङ गाविस-९ मा माईला भन्ने राजेन्द्र खत्रीको घर घेरा हाली गोली हानी हत्या गरे।

समुन्द्रटार गाविस-४ बोकेढुंगाका ३५ वर्षीय सविन थापालाई ०५९ असार ५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी हत्या गरे। उक्त घटनालाई सुरक्षाकर्मीले माओवादीद्वारा घोषित जनसरकार प्रमुखको दोहोरो मुठभेडमा गोलीद्वारा मृत्यु भएको जनाए।

कुमरी गाविस-७ भ्याङलीका ३३ वर्षीय पोषकनाथ पुडासैनी र सोही गाविस-२ का ३३ वर्षीय कृष्णप्रसाद घिमिरेलाई ०५९ असार ११ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेलकोटको अमारेभन्दा माथि लगी गोली हानी हत्या गरे। सो घटनालाई सुरक्षाकर्मीले सोही गाविसमा भएको भिडन्तमा मारिएको जनाए। पीडितहरू स्थानीय स्कूलका शिक्षक थिए।

हल्लेकालीका गाविस-४ की माओवादी कार्यकर्ता २२ वर्षीय सरस्वती राईलाई ०५९ साउन ४ गते सुरक्षाकर्मीले गणेशस्थान गाविसको जंगलमा भएको मुठभेडमा गोली हानी हत्या गरे।

सूर्यमति गाविसकी चेतना भनिने २१ वर्षीय चञ्चला आलेमगर र मदानपुर गाविस-२ की गोरी भनिने २१ वर्षीय शीला पाण्डेलाई ०५९ साउन १८ गते महुटार गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी विदुर नपाको सेरा जंगलमा भाग्न खोजेको भनी गोली हानी हत्या गरे।

कविलास गाविस-१ का ३५ वर्षीय रामशरण नेपाली, ३३ वर्षीय दीपक नेपाली, थानसोङ गाविसका राजाराम भण्डारी, लिख्‍‍ु गाविसका ३२ वर्षीय रामशरण नेपाली, वागेश्वरी गाविस-३ का ३२ वर्षीय गोपाल अधिकारी, रसुवा जिल्ला शरमथली गाविस-७ का २४ वर्षीय लालप्रसाद लामिछाने, ३२ वर्षीय वीरबहादुर तामाङ र ३२ वर्षीय लीला तामाङलाई ०५९ भदौ २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

तनहुँ जिल्ला भेरलुङ गाविस-३ घलेछापका अनेरास्ववियु (क्रान्तिकारी) का काठमाण्डौ जिल्ला कमिटी उपाध्यक्ष २३ वर्षीय कमल अधिकारीलाई ०५९ असोज १५ गते सुरक्षाकर्मीले गेर्खु गाविसमा गोली हानी हत्या गरे।

उर्लेनी लच्याङ्गमा नेपाली थरका दुई व्यक्तिलाई ०५९ कार्तिक २६ गते दोहोरो मुठभेडमा सुरक्षाकर्मीले हत्या गरे। पीडितहरूको सनाखत हुन सकेन।

काउले गाविस- ३ हटियाका १९ वर्षीय जीतबहादुर तामाङ, १७ वर्षीय रिमान तामाङ, सोही गाविस-४ का विद्यार्थी चोक्ता भनिने १६ वर्षीय चन्द्रबहादुर तामाङ, ऐसेलु निमाविका १४ वर्षीय कान्छामान तामाङ र सोही विद्यालयका १७ वर्षीय चन्द्रबहादुर तामाङलाई माओवादीको आशंकामा ०५९ मंसिर १३ गते सुरक्षाकर्मीले काउले गाविस-४ खुदजुङ भन्ने ठाउँमा गोली हानी हत्या गरे। इन्सेक लगायत मानवअधिकार संस्थाले घटनाको अध्ययन गरी निर्दोष व्यक्ति मारिएको प्रतिवेदन सार्वजनिक गरेपछि सेनाको मानवअधिकार सेलले घटनाको छानबिन गरी निर्दोषहरू मारिएको ठहर गर्‍यो।

वागेश्वरी गाविस-४ का माओवादी कार्यकर्ता १९ वर्षीय दिनेश लामिछनेलाई ०५९ मंसिर १८ गते गणेशस्थान गाविस-४ मा पर्ने तादी खोलामा नुहाइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितसँग पेस्तोल रहेको सुरक्षाकर्मीले जनाए।

नरजामण्डप गाविसमा ०५९ मंसिर २३ गते च्याङ्ग

भनिने कृष्णप्रसाद खनिवडाको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सुनखानी गाविस-९ मा ०५९ मंसिर २५ गते सुरक्षाकर्मीले दुई जनाको हत्या गरे। पीडितहरूको सनाखत हुन सकेन।

माओवादीबाट

मनकामना घर भई नुप्चे गाविसको सोले बजारमा बस्ने तेक्वान्दो खेलका भूपू राष्ट्रिय खेलाडी ४२ वर्षीय मानबहादुर तामाङलाई ०५८ फागुन १२ गते माओवादीहरूले घर नजिकैको पसलबाट ५ सय मिटर टाढा लगी "केही कुरा गर्नु छ" भनी रसुवा र नुवाकोटको सिमानामा रहेको फोलुङ्ग पुलमा पुऱ्याई गोली हानी हत्या गरे।

बेलकोट गाविस-३ का २२ वर्षीय नारायण पाण्डेलाई प्रहरीसमक्ष आत्मसमर्पण गरेको आरोपमा ०५९ असार २५ गते माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे। घटनास्थलमा एउटा रिभल्वर भेटिएको थियो।

देउराली गाविस-५ का ५५ वर्षीय आइसिंह वाइबा (तामाङ्ग) लाई सुराकीको आरोपमा ०५९ असार ३० गते माओवादीहरूले डोरीले बाँधेर घरभन्दा २ सय मिटर टाढा लगी घाँटी रेटी हत्या गरे।

छाप गाविसका भूपू सैनिक ४३ वर्षीय रामबहादुर तामाङ्गलाई ०५९ भदौ २४ गते माओवादीहरूले गोली हानी हत्या गरे।

कुमरी गाविस-४ डाँडागाउँका ४५ वर्षीय रामबहादुर गुरूङ्गलाई ०५९ असोज २१ गते माओवादीहरूले घरबाट २ सय मिटर टाढा लगी टाउको र गिंड छुट्टिने गरी खुकुरी प्रहार गरी हत्या गरे।

रालुका गाविसमा पर्ने कोपगाडी भन्ने ठाउँ नजिकै निःशस्त्र रहेका सैनिकहरू पूर्णबहादुर कुँवर, भरतबहादुर तामाङ र डम्बरबहादुर श्रेष्ठलाई ०५९ कार्तिक ११ गते माओवादीले खुकुरी प्रहार गरी हत्या गरे। कार्तिक १४ गते घटनास्थलबाट लास उठाइयो।

कुमरी गाविस-६ लामाचौरका नेकपा (एमाले) सक्रिय कार्यकर्ता ३० वर्षीय देवराज न्यौपानेलाई ०५९ कार्तिक २७ गते माओवादीहरूले अपहरण गरी खुकुरी प्रहार गरी हत्या गरे।

भद्रटार गाविस-१ शिवालयमा माओवादी कार्यकर्ताहरूले बिछ्याएको एम्बुसमा परी गस्तीमा गएका सैनिक तालिम केन्द्रका सिपाही देवेन्द्र ठाकुर र सिपाही श्यामकृष्ण केसी, भगवतीप्रसाद गुल्मका सिपाही दीपक खड्का र जीवन तामाङको ०५९ कार्तिक २७ गते घटनास्थलमा मृत्यु भयो।

बेतेनी गाविस-२ जिब्राङका व्यापारी मानबहादुर तामाङलाई बुद्धको मूर्ति चोरीको आरोपमा ०५९ मंसिर ३ गते माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

जेल र बन्दीहरू

संकटकाल लागू भएदेखि जेलका बन्दीहरूलाई सुरक्षाकालागि ०५८ साल फागुनसम्म केन्द्रीय कारागारमा राखियो र पछि सदरमुकाम विदुरस्थित जिल्ला सहकारी संघको गोदाम घर भाडामा लिई कारागार शाखा राखिएको छ। हाल जेलमा ४५ पुरुष र १२ महिला गरी कूल ५७ जना कैद नतोकिएका तथा १ महिला र १ पुरुष कैद तोकिएका बन्दी छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

कुमरी गाविस-८ भैरवकुण्डका प्रशयुसंघ जिल्ला सदस्य एवम् सोही गाविसका प्राविधिक सहायक ३० वर्षीय रमेशप्रसाद न्यौपानेलाई सुराकीको आरोपमा ०५९ जेठ ९ गते माओवादीले अपहरण गरी हातको नङ्गमा किला गाडेको र जीउमा नीलडाम हुने गरी यातना दिई जेठ १२ गते घरमा ल्याई मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट						राज्यबाट पीडित			
	अन्यबाट पीडित			माओवादीबाट						
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	९	१४	१४	१७	३१	६	३७
घाईते				१	१	१				
गिरफ्तारी/यातना							३	४		४
कुटपिट				५	६	६	१	१		१
धम्की	१	१	१	१	२	२				
आर्थिक/सामाजिक अधिकार				१	१	१				
अपहरण				१	१	१				
जम्मा	२	२	२	१८	२५	२५	२१	३६	६	४२

वर्षीय नरसिंह गिरीलाई ०५९ मंसिर ३ गते गणेशस्थान गाविस-४ फंदिवंशीको पिप्ले भन्ने ठाउँमा माओवादीले कुटपिट गरी बायाँ खुट्टा र दायाँ हात भाँचिदिनुका साथै नीलडाम हुने गरी यातना दिए।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका काउलेका चोक्ता भनिने चन्द्रबहादुर, चन्द्रबहादुर, जितबहादुर र परिमान

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जिलिङ्ग गाविस-६ की २५ वर्षीय जानुका भट्टलाई ०५८ माघ ११ गते प्रहरीले घरमा "पति कहाँ छ ?" भनी सोध्दा घट्टमा गएको जवाफ दिए पछि पति लुकाउने भन्दै कुटपिट गरी बेहोस बनाई छाडेर गए।

माओवादीबाट

कविलास गाविस-५ शहरेटोलका पूर्व अध्यक्ष तथा नेका कार्यकर्ता ५२ वर्षीय गणेशप्रसाद मिश्रलाई ०५८ माघ २० गते माओवादीले कुटपिट गरी घरबाट २५ मुरी धान र १० मुरी तोरी लुटेर लगे।

जिलिङ्ग गाविस-१ का ३२ वर्षीय उद्धवप्रसाद नेपाललाई प्रशासनसमक्ष आत्मसमर्पण गरेको आरोपमा ०५८ चैत १८ गते माओवादीले दाहिने खुट्टा भाँचिदिए।

कुमरी गाविस-७ का नेकपा (एमाले) कार्यकर्ता ४० वर्षीय केशव न्यौपानेलाई सुराकीको आरोपमा ०५९ असार २९ गते माओवादीले घरमा बसिरहेको अवस्थामा खुट्टा भाँचिदिए।

पञ्चकन्या गाविस-७ का भद्रटार गाविसस्थित कुण्डला माविका शिक्षक ३६ वर्षीय केदार थापालाई ०५९ भदौ २९ गते राति माओवादीले कुटपिट गरे।

खरानीटार गाविसका नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाका उपकोषाध्यक्ष तथा अमरज्योति माविका शिक्षक भरत सुवेदी र उनका पिता धनबहादुरलाई ०५९ भदौ ३० गते माओवादीले घरमा कुटपिट गरे।

कल्याणपुर गाविस-३ का २८ वर्षीय प्रदीप शाहीलाई सुराकीको आरोपमा ०५९ कार्तिक ७ गते विदुर नपा-८ राईसिंह बजारमा ५-७ जनाको एक समूहमा आएका माओवादीले हात काटी र घुँडाको पांग्रा खुस्किने गरी कुटपिट गरे।

हल्ले कालिका गाविस जामुनेका गोविन्द भनिने ५१

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ८३, नयाँ दर्ता ५३ गरी कूल १ सय ३६ मुद्दा रहेकोमा ५७ वटा फर्स्यौट भई ७९ वटा बाँकी रहे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

विदुर नपा-३ का रेडियो नेपालका सम्वाददाता ध्रुवकुमार रावल र सोही नपा-१ का पत्रकार महासंघका सदस्य किरणप्रसाद अधिकारीलाई ०५८ फागुन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए।

विदुर नपा-४ का व्यापारी २६ वर्षीय वासु चित्रकारलाई ०५९ भदौ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ब्यारेकभित्र पुऱ्याएर यातना दिई सोही दिन रिहा गरे।

विविध

संरचना क्षति

माओवादीले ५७ वटा गाविसमा आक्रमण गरी क्षतिग्रस्त बनाए। एक स्वास्थ्य चौकी र ७ वटा उपस्वास्थ्य चौकी पनि जलाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष ९ पुरूष र १ महिलाले झुण्डिएर आत्महत्या गरे भने खोलामा हामफालेर २ पुरूष, विष सेवन गरेर ५ पुरूष र १ महिलाको मृत्यु भयो। बाढी पहिरोबाट २ पुरूष, २ महिला र २ नाबालकको मृत्यु भयो।

२.१९ रसुवा

जनसंख्या	:	४६५४५
साक्षरता प्रतिशत	:	३३.९६
महिला साक्षरता प्रतिशत	:	२४.५३
क्षेत्रफल (वर्ग कि. मि.)	:	१५४४
गाविस / नपा संख्या	:	१८/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	९६
क्याम्पस / उच्च मा.वि.	:	०/१
अस्पताल / स्वास्थ्य चौकी	:	२/१८
टेलिफोन लाइन	:	१७०
मोटर सडक (कि. मि.)	:	१७०
प्रहरी कार्यालय संख्या	:	३
हुलाक संख्या	:	१८
मानव विकास सूचकांक	:	१०२
प्रति एक डाक्टर जनसंख्या	:	२२३६६
प्रति परिवार सरदर संख्या	:	५.१४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धादिङ जिल्ला खाल्टे गाविस-७ का दिनेश श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ पुस १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरेपछि सुरक्षाकर्मीको घेरा तोडी भाग्न खोज्दा गोल्जुङ भन्ने ठाउँमा गोली हानी हत्या गरे।

गोल्जुङ गाविस-४ का छिरिङ घलेलाई माओवादीको आरोपमा ०५८ पुस १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरेपछि सुरक्षाकर्मीको घेरा तोडी भाग्न खोज्दा सोही ठाउँमा गोली हानी हत्या गरे।

धैबुङ गाविस-२ का २० वर्षीय बसन्त मगरलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले लहरेपौवा गाविस-२ मा गोली हानी हत्या गरे। उक्त घटना मुठभेडमा भएको जनाइयो।

लहरेपौवा गाविस-२ का २७ वर्षीय विमला घलेलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले सोही ठाउँमा गोली हानी हत्या गरे।

नुवाकोट जिल्ला तप्चे गाविसका माओवादीद्वारा घोषित गाजस प्रमुख हरि नेपाल लगायत ८ जनाको ०५९ पुस १२ गते सुरक्षाकर्मीको गोलीबाट ठुलोगाउँ गाविस-१ डाँडागाउँमा मृत्यु भयो।

माओवादीबाट

ठुलोगाउँ गाविस-३ का २७ वर्षीय नेकां कार्यकर्ता भोजबहादुर गुरुङलाई सुराकीको आरोपमा ०५९ पुस १३ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी ०५९ पुस १४ गते हत्या गरे। नुवाकोट जिल्लाको फिकुरे गाविसमा पीडितको लास फेला पर्‍यो।

जेल र बन्दीहरू

"ग" श्रेणीको रसुवा जेलको वन्दी क्षमता १५ जनाको छ। जेलमा केंद ठोकिएका ६ जना र केंद नठोकिएका ९ जना गरी १५ जना बन्दी छन्। जेलमा संकटकाल लागू भएयता दामोदर गिरी, फुर्पावाङदी तामाङ, मानबहादुर विश्वकर्मा, जमदार तामाङ, राममाया थोक्रा तामाङलाई विभिन्न मितिमा माओवादीको आरोपमा गिरफ्तार गरी नजरबन्दमा राखिएकोमा दामोदर, फुर्पावाङदी, मानबहादुर, जमदारलाई ०५९ असार २८ गते रिहा गरियो। यस जेलका वन्दीहरूको तालिम, स्वरोजगारबाट वञ्चित हुनुपरेको गुनासो छ। यस जेलमा एक जनामात्र महिला वन्दी राममाया थोक्रा छिन्।

बेपता /अपहरण

माओवादीबाट

डाँडागाउँ गाविस-१ का एमाले गाउँ कमिटी उपसचिव ३१ वर्षीय भरत रैलालाई सुराकीको आरोपमा ०५९ मंसिर १० गते माओवादीले आफ्नो घरबाट अपहरण गरे। पीडितलाई मंसिर २५ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

धैबुङ गाविस-३ का राप्रपा जिल्ला अध्यक्ष खेमबहादुर मगरलगायत्का गाउँलेलाई माओवादीलाई सघाएको आरोपमा ०५९ असोज २४ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी एक दिन पछि कुटपिट गरी तारेखमा रिहा गरे।

लहरेपौवा गाविस-६ का निवर्तमान गाविस अध्यक्ष एवं प्रराप्रसंघका केन्द्रीय सदस्य ३१ वर्षीय माधव अर्याललाई माओवादीलाई सघाएको र संरक्षण दिएको आरोपमा ०५९ कार्तिक १० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी आँखामा

रसुवा जेलको अग्र भाग

पट्टी बाँधेर कुटपिट गरे। पीडितलाई सोही दिन बेलुका रिहा गरियो।

माओवादीबाट

मोर्ले गाविस-६ का ज्वालामुखी प्राविका शिक्षक २५ वर्षीय विष्णुप्रसाद आचार्यलाई सुराकीको आरोपमा ०५९ भदौ १३ गते आफ्नो घरबाट बाहिर निकाली माओवादीले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडितको उपचारको क्रममा खुट्टा काटिएको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा कम मात्रामा मुद्दा पर्ने गर्दछ। अदालतका कर्मचारीहरू काज मिलाइ सुगम क्षेत्रतिर जाने भएकाले जनशक्तिको अभावमा न्यायाधीशले सम्पूर्ण काम आफैले गर्नुपर्ने अवस्था छ। भौगोलिक विकटताले गर्दा र न्यायिक, अर्धन्यायिक निकायबीच राम्रो समन्वय हुन नसकेकाले समयमा मुद्दा टुङ्गो लाग्न सकेको छैन।

जिल्ला अदालतमा व्यक्तिवादी देवानी मुद्दाअर्न्तगत जिम्मेवारी सरेर आएका ९ वटा मुद्दामध्ये ८ वटा फर्स्योट भई एउटा बाँकी रह्यो। यो वर्ष दर्ता भएका ७ वटा मुद्दामा ३ वटा फर्स्योट भई ४ वटा बाँकी रहे।

त्यसैगरी व्यक्तिवादी फौज्दारी मुद्दामा जिम्मेवारी सरेर आएका २ वटा मुद्दामा २ वटा नै फर्स्योट भए। यो वर्ष एउटा मात्र मुद्दा दर्ता भएकोमा फर्स्योट हुन सकेन।

त्यसैगरी सरकारवादी फौज्दारी मुद्दामा जिम्मेवारी सरेर आएका ५ वटा मध्ये ४ वटा फर्स्योट भई एउटा बाँकी रह्यो। यो वर्ष ४ वटा मुद्दा दर्ता भएकोमा ३ वटा फर्स्योट भई एउटा बाँकी रह्यो। यस अदालतमा दुई वर्षसम्म फर्स्योट हुन नसकेको एउटा मात्र मुद्दा छ। पुर्पक्षका लागि थुनामा राखिएको मुद्दाको संख्या ५ छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा हालसम्म असहाय विधवा भत्ता २ सय ३७ जनालाई, जेष्ठ नागरिक भत्ता १ सय ५४ जनालाई र अशक्त अपांग भत्ता २३ जनालाई वितरण गरिसकिएको छ। यस जिल्लामा सुकुम्बासी समस्या यथावत् रहेता पनि यकिन तथ्यांक थाहा हुन सकेन।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

धैबुङ गाविस-३ का २५ वर्षीय बद्रि न्यौपाने र २४ वर्षीय दिपबहादुर मगरलाई माओवादीलाई सघाएको र संरक्षण दिएको आरोपमा ०५९ कार्तिक २१ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई मंसिर २० गते तारेखमा रिहा गरियो।

लहरेपौवा-१ कैदंलेटार बेत्रावतीका शिक्षक ४० वर्षीय कृष्ण दाहाललाई माओवादीको आरोपमा ०५९ असोज १५ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कार्तिक १ गते रिहा गरिए पनि कार्तिक २ गते प्रहरीले पुनः गिरफ्तार गरेकोमा हाल तारेखमा रिहा गरिएको छ।

विविध

संरचना क्षति

यस जिल्लाका ७ वटा गाविस भवनमा विभिन्न मितिमा माओवादीले बम विस्फोट र आगो लगाइ क्षतिग्रस्त बनाए। जसबाट, अनुमानित १२ लाख रूपैयाँको क्षति भएको कुरा जिविसले जनायो। त्यसैगरी एउटा इलाका वन कार्यालय र एउटा इलाका प्रहरी कार्यालयमा बम प्रहार गरी क्षतिग्रस्त बनाए। एउटा गेष्ट हाउसमा आगो लगाई पुऱ्याए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट						राज्यबाट पीडित			
	अन्यबाट पीडित			माओवादीबाट पीडित						
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	१	१	१	५	११	१	१२
गिरफ्तारी/यातना							२	३		३
कुटपिट				१	१	१	१	१		१
धम्की							१	१		१
अपहरण				१	१	१				
जम्मा	१	१	१	३	३	३	९	१६	१	१७

पश्चिमाञ्चल

३.१ तनहुँ	३.९ पाल्पा
३.२ गोरखा	३.१० कपिलवस्तु
३.३ लमजुङ	३.११ अर्घाखाँची
३.४ स्याङ्जा	३.१२ गुल्मी
३.५ कास्की	३.१३ वाग्लुङ
३.६ मनाङ	३.१४ पर्वत
३.७ नवलपरासी	३.१५ म्याग्दी
३.८ रुपन्देही	३.१६ मुस्ताङ

३.१ तनहुँ

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

राइपुर गाविस-२ का २४ वर्षीय राजन सिग्देललाई ०५८ माघ २३ गते बिहान मनपाङ गाविस-६ दुहारेखोलामा सुरक्षाकर्मीहरूले गोली हानी हत्या गरे। पीडितलाई राइपुरबाट गिरफ्तार गरिएको थियो। अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला अध्यक्षको मुठभेडमा मृत्यु भएको समाचार प्रशारण गरियो। तर, पीडितको नाम, ठेगाना उही भए पनि अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष नभई अर्कै व्यक्ति हुन्।

रिस्ती गाविस-१ का २८ वर्षीय भरतचन्द्र अधिकारी, २८ वर्षीय कलावती न्यौपाने (अधिकारी), खैरेनीटार गाविस-६ की २० वर्षीय सन्तोषी बराल, सोही गाविस-९ की २२ वर्षीय गिता विक, पूर्कोट गाविस-६ की २० वर्षीय कलावती पौडेल, स्याम्घा गाविस-३ का २४ वर्षीय वनबहादुर कुमाल, गोरखाका गणेश परियार र चितवनका श्रीराम खनाललाई ०५८ माघ २३ गते दिउँसो छाङ्ग गाविस-९ साउनेपानीमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीहरूले घेरा हाली गोली प्रहार गरी हत्या गरे। मृतकहरू सबै माओवादी भएको सुरक्षाकर्मीले जनाए। सोही घटनामा छाङ्ग गाविस-९ की ४ वर्षीय हस्तमाया राना पनि घाइते भइन्। घाइते बालिकालाई उपचारार्थ पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा लगिएकोमा पछि काठमाण्डौ छाउनीस्थित वीरेन्द्र सैनिक अस्पताल लगियो।

खैरेनीटार गाविस-८ कुम्लेखोलाको पाखोमा सपना, विपना, नमूना र शिला भनिने माओवादी कार्यकर्ताहरूलाई ०५८ फागुन १३ गते बिहान सुरक्षाकर्मीले गोली हानी हत्या गरे। घटनापश्चात् सुरक्षाकर्मीहरूले स्थानीय जनप्रतिनिधिहरू बोलाई लास देखाए। दमौली अस्पतालमा लाश पोष्टमार्टम गरी सेती नदी र बुल्दीको घाटमा प्रहरीले नै जलाएका थिए।

पूर्कोट गाविसको वाइस जाँगरेमा ०५८ चैत २१ गते सुरक्षाकर्मीको गोलीद्वारा १ जना माओवादी कार्यकर्ताको मृत्यु भएको सार्वजनिक भयो। मृतकको नाम, ठेगानाबारे जानकारी प्राप्त हुन सकेन।

जामुने गाविसको गुणादीमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले गोली चलाउँदा पर्वत जिल्लाका माओवादी कार्यकर्ता दिपक न्यौपानेको मृत्यु भएको सुरक्षाकर्मीले जनाए। दिपकलाई वैशाख ८ गते दुलेगौंडा लगी गोली प्रहार गरिएको माओवादीहरूले सार्वजनिक गरे।

जनसंख्या	: ३१६१२७
साक्षरता प्रतिशत	: ६९.९
महिला साक्षरता प्रतिशत	: ५५.६
क्षेत्रफल (वर्ग कि. मि.)	: १५४६
गाविस / नपा संख्या	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५५३
क्याम्पस / उच्च मा.वि.	: ३/६
अस्पताल / स्वास्थ्य चौकी	: २/५८
टेलिफोन लाइन	: १०२६
मोटर सडक (कि. मि.)	: ६८४
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ५२
मानव विकास सूचकांक	: ०.३८४
प्रति एक डाक्टर जनसंख्या	: २१०१६
प्रति परिवार सरदर संख्या	: ५.०१

घाँसीकुवा गाविस-३ का ३८ वर्षीय डोरबहादुर भन्ने गंगाबहादुर नेपालीलाई ०५९ वैशाख १६ गते राति घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख १७ गते बिहान सोही गाविस-८ बाङ्गेसिमल भन्ने ठाउँमा लगी गोली हानी हत्या गरे। सुरक्षाकर्मीको घेरा तोडी भाग्दा मृत्यु भएको समाचार प्रशारण गरिएको थियो।

व्यास नपा-३ का ३८ वर्षीय भरत भनिने श्यामसुन्दर कैनीलाई ०५९ वैशाख १६ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ०५९ वैशाख १७ गते बिहान घाँसीकुवा गाविस-८ बाङ्गेसिमल भन्ने ठाउँमा पुर्‍याई गोली हानी हत्या गरे।

देवघाट गाविस-४ का २४ वर्षीय प्रकाश सुवेदीलाई माओवादीको आरोपमा ०५९ वैशाख २१ गते कोटा गाविस-२ वर्षेखोलामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

राइपुर गाविस-२ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २४ वर्षीय राजन सिग्देल, स्याम्घा गाविस-४ का २९ वर्षीय केशव गोली र सतिस्वारा गाविस-२ का ३५ वर्षीय ज्ञानचन्द्र ढकाललाई माओवादीको आरोपमा ०५९ असार २८ गते जामुने गाविस-४ जामुनेभञ्ज्याङनेर लगी सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले ०५९ असार २७ गते ज्ञानचन्द्रलाई सतिस्वारा गाविस-२ बाट तथा राजन र

सुरक्षाकर्मीद्वारा हत्या गरिएका श्यामसुन्दर कैनी

केशवलाई तनहुँसूर गाविस-६ स्याकुनथोक वडहरबाट गिरफ्तार गरेका थिए।

रिसिङ्ग रनीपोखरी गाविस-९ घर भई दिपक मावि मा क्रमशः ८ र ९ कक्षामा अध्ययनरत १७ वर्षीय कृष्णकाजी क्षेत्री र १८ वर्षीय टुकबहादुर थापालाई ०५९ कार्तिक ४ गते बेलुका माझकोट गाविस-९ दुलेगौंडा चौपारीमा पीङ खेलिरहेको अवस्थामा माओवादीको आशंकामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू माझकोट गाविस-९ आमडाँडामा नाटक हेर्न जाने तयारीमा पीङ खेलिरहेका थिए। लासको पोष्टमार्टम गरिएन।

माओवादीबाट

रूपाकोट गाविस-७ का चतुरमान वस्नेतलाई ०५८ पुस १८ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा ४०-५० जनाको समूहमा आएका माओवादीले अपहरण गरी लमजुङ जिल्ला कुन्छा गाविसको गेरी भन्ने ठाउँ पुर्‍याई गोली हानी हत्या गरे। पीडित नेपाल प्रहरीमा जागिरे हुँदा नराम्रो काम गरेको आरोप लगाई माओवादीहरूले हत्या गरेका थिए।

चितवन जिल्ला रत्ननगर नपा-७ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी इन्स्पेक्टर गोविन्द पौडेल र गोरखा जिल्ला गाँखु गाविस-३ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत असई खिलबहादुर अधिकारी चढेको बा.१ झ १८१ नं. को गाडी ०५८ माघ १८ गते दिउँसो पृथ्वी राजमार्गको पोखरा-दमौली खण्डमा पर्ने मनपाङ गाविस-२ रिठ्ठेपानी भन्ने ठाउँमा माओवादीको एम्बुसमा परी मृत्यु भयो। सोही घटनामा जिल्ला प्रहरी कार्यालयमा कार्यरत सई झपेन्द्र श्रेष्ठ, असई ढलक श्रेष्ठ, हवल्दारहरू सेनबहादुर राना, हेमबहादुर घर्ती, प्रहरी जवानहरू ढाकाराम वस्नेत, पुनबहादुर आले र चालक शुकदेव रेग्मी गम्भीर घाइते भए। घाइतेहरूको उपचार पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा गरियो।

छाङ्ग गाविस-९ जगनापुरका ५२ वर्षीय दुर्गाबहादुर गुरुङलाई सुराकीको आरोपमा ०५९ वैशाख ३ गते दिउँसो घरमा बसिरहेको अवस्थामा १५-२० जनाको समूहमा रहेका माओवादीले टाउकोमा खुकुरी तथा गोली प्रहार गरी हत्या गरे। पीडित सर्वसाधारण किसान थिए।

देवघाट गाविस-२ का नेपाल रेडक्रस सोसाइटीका तनहुँ शाखा उपसभापति ५० वर्षीय ध्रुवदेव आचार्यलाई ०५९ जेठ २१ गते घरमा सुतिरहेको अवस्थामा १५-२० जना सशस्त्र माओवादीले घरबाट बाहिर निकाली हात पछाडि लगेर बाँधी केही पर लगेर खुकुरी र गोली प्रहार गरी हत्या गरे।

भीमाद गाविस-१ बागटारका ४३ वर्षीय कल्याण खनाललाई ०५९ साउन २७ गते बिहान आफ्नै घरमा खाना खाइरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे भने पीडितका भतिजा ३० वर्षीय राजेश खनाललाई गोली हानी घाइते बनाए। घाइतेको उपचार पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो।

माझकोट गाविस-७ का ५० वर्षीय खड्कबहादुर थापालाई ०५९ कार्तिक २७ गते बिहान माओवादीले कुटपिट गरे। कुटपिटकै कारण २ घण्टापछि पीडितको मृत्यु भयो।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

गजरकोट गाविस-६ का ४ वर्षीय अनिश अर्याल ०५९ वैशाख १३ गते आफ्नो घर नजिकै माओवादीहरूले

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३	६	८			८	१०	१४	८	२२
घाइते					३	९	१		१०	१		१	१
बम विस्फोटन					२			२	२				
गिरफ्तारी/यातना										२०	४४	२	४६
बेपत्ता										१		१	१
कुटपिट	४	३	१	४	९	७	२		९	६	२१	१	२२
धम्की	४	४	२	६	२	१		१	२				
जातीय विभेद	१		१	१									
महिला अधिकार	३		३	३									
अपहरण					३	५	१		६				
जम्मा	१५	१०	७	१७	२५	३०	४	३	३७	३८	७९	१३	९२

फ्याँकेको बम विस्फोट हुँदा घाइते भए। देब्रे पिठ्युँ र देब्रे गोलीगाँठोमा चोट लागेका पीडितको उपचार पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा गरियो।

दोहोरो भिडन्त

दुलेगौंडा बजारस्थित रोयल कोअपरेटिभ सहकारी संस्थाबाट ०५९ वैशाख ८ गते दिउँसो ३ बजे माओवादीले १ लाख ८५ हजार रूपैयाँ लुटेर हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीहरू सोही स्थानमा पुगेपछि दोहोरो भिडन्त हुँदा प्रहरी जवान श्याम च्वह र दुलेगौंडा बजारका बालक ईश्वरी पौडेल घाइते भए। घाइतेहरूको उपचार पोखरामा भयो।

जेल र बन्दीहरू

यस जिल्लाको जेल "घ" श्रेणीको हो। २५ जनाको बन्दी क्षमता भनिएता पनि बढी बन्दी राख्दै आएको पाइन्छ। हाल यस जेलमा कैद तोकिएका १६ र नतोकिएका १५ गरी ३१ जना बन्दी छन्। सबै बन्दी पुरूष छन्। जेल भवन जीर्ण छ। बन्दीहरू सुत्ने कोठामा नै शौचालय हुनाले गर्मीको समयमा निकै दुर्गन्ध आउने बन्दीहरू बताउँछन्। जेलमा भित्र २ र बाहिर एउटा धाराको व्यवस्था छ। कान्तिपुर र गोरखापत्र दैनिक पढ्न पाउने बन्दीहरू बताउँछन्। जेलमा टेलिभिजन, रेडियो र खेलकुदका सामाग्री पनि उपलब्ध गराइएको छ। बन्दीहरूले आफ्नै लगानीमा नाम्लो र मुढा बुन्ने काम गरेका छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

व्यास नपा-१ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ४३ वर्षीय प्रतापलाल श्रेष्ठलाई चुनावी प्रचार प्रसारमा हिँडेको आरोपमा ०५९ भदौ १९ गते छिपछिपे गाविस-२ बालकेश निमाविको प्राङ्गणबाट माओवादीले अपहरण गरी शारीरिक तथा मानसिक यातना दिई २४ घण्टापछि छिम्केश्वरी गाविसको सरङ्घाटबाट रिहा गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

रघु निमाविका शिक्षक अरूणोदय गाविस-६ का हुवीर थापा, किहुँ गाविस-३ का एकनिधी सिग्देल, मिर्लुङ गाविस-४ का कृष्णबहादुर गोदार, किहुँ गाविस-२ का तेजप्रसाद सिग्देल, अरूणोदय गाविस-४ का गोविन्द निर्मिल्सिना र सोही गाविस-७ की कोशिला थापालाई माओवादी नचिनाएको र माओवादीहरूले किहुँ प्रहरी चौकीमा आक्रमण गर्दा प्रतिकार नगरेको आरोपमा ०५८ पुस १७ गते विद्यालयको खेल मैदानमा सुरक्षाकर्मीले कुटपिट गरे।

अरूणोदय गाविस-८ का ३८ वर्षीय हकबहादुर थापा, चित्रबहादुर थापा र बालविकास प्राविका शिक्षक शिवराज सिग्देल र दलबहादुर थापालाई माओवादी नचिनाएको आरोपमा ०५८ पुस १७ गते बेलुका सुरक्षाकर्मीले कुटपिट गरे।

ढोरफिर्दी गाविस-७ का ४० वर्षीय बुद्धिसागर रिमाल, ३८ वर्षीय घनश्याम बानियाँ, ४६ वर्षीय नारायण बानियाँ, ४८ वर्षीय गोपाल भुजेल, ४३ वर्षीय बसन्त भुजेल र ७७ वर्षीय ज्ञानबहादुर बानियाँलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५९ वैशाख १२ गते ढोरफिर्दी गाविस-७ बजस्थलमा सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

बरभञ्ज्याङ गाविस-५ स्थित महादेवता प्राविकी शिक्षिका सोही ठाउँकी ३० वर्षीय सोविता न्यौपानेलाई सुराकीको आरोपमा ०५८ माघ ५ गते विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीहरूले कपाल मुण्डन गरिदिनुका साथै कुटपिट गरे। पीडितको उपचार काठमाण्डौमा गरियो।

पूर्कोट गाविस-७ देउरालीका ४६ वर्षीय लालबहादुर खड्कालाई आफ्नो छोरा लुकाएको आरोपमा ०५८ माघ १५ गते बिहान माओवादीहरूले लाठी र भाटा प्रहार गरी घाइते बनाए। पीडितको उपचार दमौली अस्पतालमा गरियो। माओवादीहरूले पीडितका छोरा प्रदीप खड्काले प्रहरीको जागीर नछाडेमा ज्यानमार्ने धम्कीसमेत दिएका थिए।

राम्जाकोट गाविस-३ का ३७ वर्षीय धनबहादुर थापालाई सुराकीको आरोपमा ०५८ फागुन २५ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले हातखुट्टा बाँधी कुटपिट गरे। पीडितको दमौली अस्पतालमा उपचार गरिएको थियो।

आँबुखैरेनी गाविस-१ की मित्रता माविकी शिक्षिका ४२ वर्षीय पुष्प श्रेष्ठ (अधिकारी) लाई ०५८ चैत ४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा गरियो।

श्याम्घा गाविस-४ का ५५ वर्षीय तिलबहादुर शाहीलाई माओवादीलाई गाली गरेको आरोपमा ०५९ वैशाख २२ गते घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले फलामको रड

सुरक्षाकर्मीद्वारा हत्या गरिएका गंगाबहादुर नेपाली

प्रहार गरी खुट्टा भाँचिदिनुका साथै निधामा चुप्पी रोपी निधाको मासु बाहिर निस्कनेगरी ताछे। पीडितलाई दमौली अस्पतालमा प्राथमिक उपचार गरी काठमाण्डौंस्थित शिक्षण अस्पताल पुयाइयो।

सतिस्वाँरा गाविस-४ जनसहयोगी माविका प्रधानाध्यापक का ३५ वर्षीय बाबुराम खनाललाई विद्यार्थीसँग शुल्क लिएको आरोपमा ०५९ वैशाख २५ गते दिउँसो विद्यालय प्राङ्गणमा माओवादीहरूले कुटपिट गरे।

जामुने गाविस-७ का ४८ वर्षीय रामजी श्रेष्ठलाई ०५९ जेठ २५ गते माओवादीका कार्यकर्तालाई बाँधी कुटपिट गरेको आरोपमा ५०-६० जना माओवादीको एक समूहले कुटपिट गरी घाइते बनाए। पीडितको उपचार पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो।

डुम्रेस्थित ग्रामीण विकास बैंकमा कार्यरत रोचक ढकाललाई बैंकले चर्को व्याज उठाएको आरोपमा ०५९ साउन २६ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिई बैंकको २९ हजार ६ सय १४ रूपैयाँ र पीडितको ६ सय रूपैयाँ लुटेर लगे।

माफकोट गाविस-९ का ५० वर्षीय शिवदत्त अधिकारीको घरमा ०५९ भदौ १७ गते दिउँसो आफूलाई माओवादी बताउने व्यक्तिहरूको एक समूहले मट्टितेल खन्याई आगो लगाए भने सोही ठाउँका ऋषिराम अधिकारी, ईश्वरी अधिकारी र देवीराज अधिकारीलाई ज्यानमार्ने धम्की दिए।

माफकोट गाविस-१ का ५० वर्षीय टुकबहादुर वि.क.लाई ०५९ कार्तिक २७ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूको एक समूहले कुटपिट गरी बायाँ खुट्टा भाँचिदिए। पीडितको उपचार पोखरास्थित पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

अरूणोदय गाविस-८ टेकेभञ्ज्याङमा प्ररायुसंघ, नेपाल जिल्ला कमिटीको आयोजनामा ०५९ भदौ ४ गते अरूणोदय गाउँ कमिटीको पुनर्गठन तथा भेलामा सहभागी भएका ३०-४० जनाको समूहलाई माओवादीहरूले धम्की दिई कार्यक्रम गर्न रोक लगाए।

माओवादीद्वारा हत्या गरिएका ध्रुवदेव आचार्य

व्यास नपा-१ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ४३ वर्षीय प्रतापलाल श्रेष्ठ, व्यास नपा-११ का ३३ वर्षीय तारानाथ उपाध्याय, रिसिङ रानीपोखरी गाविस-९ का ४० वर्षीय धनञ्जय गैरे र राम्जाकोट गाविस-५ का प्रजायुसंघ, नेपालका जिल्ला सचिव राजेश्वर ढकाललाई ०५९ असोज १ गते दिउँसो रिसिङ रानीपोखरी गाविस-६ धारूङ्गभञ्ज्याङमा पार्टी कार्यक्रमको तयारी गरिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितहरूलाई माओवादीहरूले आँखामा पट्टी बाँधी अज्ञातस्थलतर्फ लगे। तारानाथलाई सोही दिन ६ घण्टापछि साभुङ्ग भगवतीपुर गाविस-६ बेलभञ्ज्याङमा लगी मुक्त गरे भने धनञ्जय र राजेश्वर ढकाललाई २ दिनपछि माफकोट गाविस-४ स्थित पार्वती निमाविको प्राङ्गणबाट मुक्त गरे। प्रतापलाललाई निर्मम कुटपिट गरी ६ दिनपछि किहुँ गाविसस्थित सिद्धार्थ उच्च माविको प्राङ्गणबाट मुक्त गरे।

भिमाद, अरूणोदय, किहुँ, माफकोट, घिरिङ, सुन्धारा, भानुमति, राइपुर, फिरफिरे, साभुङ, भगवतिपुर, कोटा, राम्जाकोट, छिम्केश्वरी, रिसिङ, रानीपोखरी, देवघाट, वैदी र कोटदरबार गाविसहरूमा अन्य पार्टीहरूले कुनै पनि चुनावी कार्यक्रम संचालन गर्न माओवादीहरूले रोक लगाए। साथै, अन्य पार्टीहरूले कुनै पनि सांगठनिक कार्यक्रम गर्नुपरेमा उनीहरूसँग पूर्वस्वीकृति लिनुपर्ने सूचना सार्वजनिक गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ६२ र यस वर्ष दर्ता भएका १ सय ४८ गरी कूल ४ सय १० मध्ये १ सय ७२ फर्स्योट भई २ सय ३८ बाँकी रहे। सरकारवादी फौज्दारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ४८ र यस वर्ष दर्ता भएका ३५ गरी ८३ वटामध्ये ४९ वटा फर्स्योट भई ३४ बाँकी रहे। दुनियावादी फौज्दारीतर्फ जिम्मेवारी सरेर आएका १ सय ५ र यस वर्ष दर्ता भएका ८० गरी १ सय ८५ मुद्दामध्ये ६५ फर्स्योट भई १ सय २० वटा बाँकी रहे।

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ४ सय १५ वटा र यस वर्ष दर्ता भएका २ सय ६३ गरी ६७ वटा मुद्दामध्ये २ सय ८६ वटा फर्स्योट भई ३ सय ९२ बाँकी रहे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पूर्कोट गाविस-८ का प्रकाश न्यौपाने, ख्वैरेनीटार गाविस-८ का प्रेमबहादुर विक, ढोरफिर्दी गाविस-६ का नारायण मल्ल ठकुरी, दुलेगौंडा गाविसका सूर्यबहादुर नेपाली र

कृष्ण गिरीलाई माओवादीको आरोपमा ०५८ माघ ९ गते कास्की जिल्ला लेखनाथ नपा सुकुम्बासीटोलबाट प्रहरीले गिरफ्तार गरेकोमा ०५८ माघ १८ गतेसम्म कास्की जिल्ला प्रहरी कार्यालयमा राखियो। माघ १९ गते तनहुँ जिल्ला प्रहरी कार्यालयमा ल्याई हिरासतमा राखियो। सूर्यबहादुर र कृष्णलाई माघ २१ गते रिहा गरियो भने प्रकाश, प्रेमबहादुर र नारायणलाई नजरबन्दमा राखियो। तीमध्ये नारायणलाई चैत २५ गते र प्रकाशलाई ०५९ असार २ गते तारेखमा रिहा गरियो।

मनपाङ गाविस-२ का ४२ वर्षीय जीतबहादुर बानियाँ र १७ वर्षीय कृष्णकुमार श्रेष्ठ, १८ वर्षीय खिमनारायण श्रेष्ठ र ५७ वर्षीय लक्ष्मण श्रेष्ठलाई ०५८ माघ २१ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितहरू सबैलाई जिल्ला प्रहरी कार्यालय, कास्कीको हिरासतमा राखी २ हप्तापछि मनपाङ गाविस-२ का वडाध्यक्ष जीतबहादुर थापाको जमानीमा तारेखमा रिहा गरियो। पीडितहरूलाई रिठ्ठेपानीमा विद्युतीय धरापमा संलग्न भएको आशंकामा गिरफ्तार गरिएको थियो।

खैरेनीटार गाविस-९ का ३४ वर्षीय हरिकुमार श्रेष्ठ, सोही गाविस-८ का ४५ वर्षीय शेरबहादुर श्रेष्ठ र ३० वर्षीय पूर्णबहादुर थापालाई ०५८ फागुन १३ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारीपश्चात् तीन जनालाई नै इलाका प्रहरी कार्यालय, बेलचौतारा लगी विजयपुर ब्यारेकमा पुर्‍याइयो। ०५८ फागुन १४ गते शेरबहादुर श्रेष्ठलाई रिहा गरियो। हाल सबैजना रिहा भइसकेका छन्।

दुलेगौंडा गाविस-४ का ४३ वर्षीय कमलबहादुर थापा (क्षेत्री) लाई ०५८ फागुन १५ गते खैरेनीटार गाविस-८ दोभानबाट माओवादीलाई आर्थिक सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपश्चात् पोखरा फुलबारी ब्यारेकमा ७ दिन हिरासतमा राखी फागुन २६ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा ल्याई ३ दिन राखी विजयपुर ब्यारेकमा ल्याइयो। १ दिन विजयपुर ब्यारेकमा राखी भोलिपल्ट जिल्ला प्रहरी कार्यालय दमौली ल्याई तारेखमा रिहा गरियो।

किहुँ गाविस-३ का ३८ वर्षीय कृष्णप्रसाद उपाध्याय र गोपालप्रसाद सिग्देललाई माओवादीको आरोपमा ०५८ फागुन २२ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। दुवैजनालाई दमौली जेलमा नजरबन्दमा राखिएकोमा कृष्णलाई ०५९ जेठ १९ गते र गोपालप्रसादलाई असार २ गते तारेखमा रिहा गरियो।

केशवटार गाविस-५ का ३५ वर्षीय हेमबहादुर थापा, सोही गाविस-१ का २६ वर्षीय शालिकराम भट्टराई, सोही गाविस-५ का रामचन्द्र थापा, ४० वर्षीय श्याम सुनार, शालिकराम सुनार र सरस्वती सुनारलाई ०५८ फागुन २९ गते माओवादीद्वारा घोषित गाजसमा रहेको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। तीमध्ये हेमबहादुर र शालिकराम भट्टराईलाई सोही दिन दमौली ब्यारेकमा ल्याई रिहा गरियो भने सरस्वतीलाई २ दिनपछि रिहा गरियो। रामचन्द्र, श्याम र शालिकराम सुनारलाई १७ दिनसम्म सैनिक ब्यारेकमा राखी कारागार शाखा, दमौलीमा नजरबन्दमा राखियो। रामचन्द्र र श्यामलाई ०५९ जेठ १४ गते तथा शालिकराम सुनारलाई ०५९ असार २ गते तारेखमा रिहा गरियो।

माओवादीद्वारा हत्या गरिएका कल्याण खनाल

भीरकोट गाविस-२ का २८ वर्षीय नेत्रबहादुर रानाभाटलाई माओवादीको आरोपमा ०५८ चैत ९ गते दिउँसो घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १७ दिन दमौली ब्यारेकमा राखी तनहुँ जेलमा नजरबन्दमा राखिएकोमा ०५९ पुस ४ गते तारेखमा रिहा गरियो।

भीरकोट गाविस-९ का तीर्थबहादुर राना मगर र देउबहादुर थापालाई माओवादीको आशंकामा ०५८ चैत ९ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी अर्कोदिन तारेखमा रिहा गरे।

रम्जाकोट गाविस-२ घर भई कृष्णगंगा निमाविका शिक्षक २७ वर्षीय कृष्ण गिरीलाई माओवादीको आशंकामा ०५८ चैत २१ गते खैरेनीटार गाविस-८ स्थित एक घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई सोही दिन इलाका प्रहरी कार्यालय, बेलचौतारामा राखी भोलीपल्ट जिप्रका दमौली पुर्‍याई ०५८ चैत २५ गते तारेखमा रिहा गरियो।

दुलेगौंडा गाविस-२ का २५ वर्षीय ज्योती पुन, लोकनाथ आचार्य, नेकु दमाई र सुरेश परियारलाई माओवादीको आशंकामा ०५९ वैशाख १० गते राति आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी विजयपुरस्थित सैनिक ब्यारेकमा राखियो। पीडितहरूलाई ०५९ वैशाख १४ गते तारेखमा रिहा गरियो।

ढोरफिर्दी गाविस-१ घर भई प्रगतिशील प्रहरी, नेपाल जिल्ला कमिटी सदस्य ३६ वर्षीय दुर्गाबहादुर महतलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ वैशाख १३ गते आफ्नै पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई इलाका प्रहरी कार्यालय, बेलचौतारामा २ दिन राखी तारेखमा रिहा गरियो।

ढोरफिर्दी गाविस-३ का ३४ वर्षीय विष्णु भट्टराई, छाब्दी हेल्थपोष्टका अहेब हुतराज पन्त, पियन टिकाराम बाग्ले, ढोरफिर्दी गाविस-३ का अर्जुन भट्टराई, शिव लम्सालगायत् ९ जनालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ वैशाख १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई इलाका प्रहरी कार्यालय, बेलचौतारा लगी शारीरिक यातना दिएर तारेखमा रिहा गरियो।

कोटा गाविस-२ की १९ वर्षीय आशु गुरुङलाई माओवादीको आरोपमा ०५९ वैशाख १९ गते

आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई नवलपरासी गैंडाकोटस्थित इलाका प्रहरी कार्यालय र त्यसपछि जिल्ला प्रहरी कार्यालय, नवलपरासीमा राखी ०५९ जेठ २४ गते तारेखमा रिहा गरियो।

देवघाट गाविस-२ का ३८ वर्षीय पोधराज पौडेल र गोविन्दराज नैनावस्तीलाई माओवादीको आरोपमा ०५९ असार १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। दुवैलाई १ हप्ता जिप्रका, चितवनमा राखी असार २९ गते दमौलीस्थित जिल्ला प्रहरी कार्यालयमा ल्याई साउन ६ गतेदेखि नजरबन्दमा राखिएकोमा पोधराजलाई साउन ८ गते र गोविन्दलाई साउन २१ गते तारेखमा रिहा गरियो।

राम्जाकोट गाविस-२ का १९ वर्षीय कमल गिरीलाई अनेरास्ववियु (क्रान्तिकारी) को आरोपमा ०५९ असार १६ गते र अरूणोदय गाविस-६ का ३१ वर्षीय कुमारजंग थापालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ वैशाख १४ गते व्यास नपा-१० बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई दुई दिनपछि रिहा गरियो।

बन्दीपुर गाविस-६ का भारगाउँ प्राविका शिक्षक ३४ वर्षीय केदार भट्टराई र सोही गाविसका दिव्यज्योती प्राविका प्रधानाध्यापक ४८ वर्षीय वामदेव भट्टराईलाई माओवादीलाई चन्दा दिएको आरोपमा ०५९ साउन १८ गते विहान आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। दुवैलाई दमौलीस्थित सैनिक ब्यारेकको हिरासतमा राखी ०५९ साउन २३ गते तारेखमा रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष सरकारले सुकुम्वासी समस्या सम्वन्धी आयोग गठन नगरेकाले भूमिहीन तथा सुकुम्वासी सम्वन्धी कुनै काम भएनन्। यो जिल्लामा भूमिहीन तथा सुकुम्वासी समस्या न्यून छ।

यस जिल्लामा ४ हजार ६ सय ९२ जेष्ठ नागरिक, ४ हजार ४ सय १२ असहाय विधवा र ५० अशक्त अपाङ्गले सुविधा पाउनुपर्ने देखिन्छ। सबै सुविधाका लागि श्री ५ को सरकारद्वारा विनियोजित रकम १ करोड २७ लाख १७ हजार रूपैयाँ रहेको छ। विनियोजितवाहेक १० लाख ८३ हजार रकम अपुग देखिन्छ।

यस वर्षको निकासा रकम १ करोड १४ लाख ४५ हजार ३ सयमध्ये जेष्ठ नागरिक भत्ता ७५ लाख २४ हजार ८ सय, असहाय विधवा भत्ता ३१ लाख ५६ हजार ९ सय २९ र अशक्त अपाङ्ग भत्ता ५१ हजार ४ सय ५५ रूपैयाँ भुक्तानी गरिएको जिविसले जनायो। माथि उल्लेखित तथ्यांकमा २ वटा गाविसको तथ्यांक समावेश हुन सकेको छैन।

सुरक्षाकर्मीद्वारा यातना दिइएका बुद्धिसागर रिमाल

जिल्ला शिक्षा कार्यालयका अनुसार, प्राथमिक विद्यालयका १ हजार ४ सय ७ छात्रछात्रालाई दलित छात्रवृत्ति प्रदान गरिँदै आएको छ। गरीव तथा जेहेन्दार एवं लक्षित समूहकालागि ६ हजार ९ सय २४ जनालाई १७ लाख ३१ हजार रूपैयाँ प्राथमिक शिक्षा परियोजनाबाट छात्रवृत्ति वितरण गर्नुपर्ने रकम निकासा भई आए पनि वितरण गर्ने कुनै मापदण्ड नभएकाले यस वर्ष डिसेम्वर अन्त्यसम्म वितरण गर्न नसकेको जिल्ला कार्यालयले जनायो।

नेकपा (माओवादी) को "जनयुद्ध" पश्चात् यस वर्ष यो जिल्लामा ४८ जना राजनीतिक कार्यकर्ता विस्थापित भई जिल्लाको सदरमुकाम दमौलीमा बस्दै आएका छन्। पीडितहरूलाई राज्यले दैनिक १ सय रूपैयाँका दरले राहतस्वरूप रकम उपलब्ध गराएको जिल्ला प्रशासन कार्यालयले जनायो। राज्यले राहत उपलब्ध गराएका अलावा धेरै संख्यामा घर छोडी काठमाण्डौ तथा आफ्ना नातेदारहरूको घरमा गई आश्रय लिनेहरूको संख्या धेरै रहेको छ, तर यकिन तथ्यांक भने जानकारी हुन सकेन।

बालअधिकार

यो जिल्लामा घरेलु कामदार, होटल मजदुर र सवारी गाडीमा समेत गरी २ सय जना बालबालिका श्रममा संलग्न छन्।

महिला अधिकार

माभकोट गाविस-४ की २६ वर्षीय मिना परियारलाई परपुरूषसँग लसपस गरेको आरोपमा ०५९ साउन ६ गते विहान ४ वजे आफ्नै घरमा सुतिरहेको अवस्थामा आफ्नै ससुरा तेजवीर परियार, सासु चुना परियार र सौता गीता परियारले कुटपिट तथा लछारपछार गर्दै जंगवहादुरको घरमा भित्र्याए। पीडितलाई १० हजार रूपैयाँ दिई तेजवीरको परिवारले घरबाट निकाले। हाल पीडित छोराछोरीसहित माइतीमै बसेकी छिन्। पीडितका लोग्ने विदेशमा छन्।

यस वर्ष वहुविवाहका ३ वटा घटना सार्वजनिक जानकारीमा आए।

विविध

संरचना क्षति

यस वर्ष माओवादीले १ जना व्यक्तिको घरमा वम विस्फोट गरे। त्यसैगरी ढोरफिर्दीस्थित कृषि सेवा केन्द्र, भानु गाविस भवन, भानु रेञ्ज पोष्ट, विमलनगर रेञ्जपोष्ट, देवघाट रेञ्जपोष्ट, जिविसको वा. १ भ

४९२५ नम्बरको गाडी र भिमादस्थित कृषि विकास बैंक शाखा कार्यालयको एउटा मोटरसाइकलमा माओवादीले आगो लगाए। विगतमा श्याम्घा, किहुँ, देवघाट र किहुँ प्रहरी चौकी बसेका कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रका भवन, भिमाद प्रहरी चौकी, पुर्कोट प्रहरी चौकी माओवादीहरूले बम विस्फोट तथा आगलागी गरी ध्वस्त बनाए।

भिमाद गाविस-१ स्थित कृषि विकास बैंकको उपशाखा कार्यालयबाट ०५८ चैत १६ गते दिउँसो माओवादीहरूले ९ हजार ९४ रूपैयाँ नगद लुट्नुका साथै ग. १ म ७१ नम्बरको मोटरसाइकल जलाए। ऋणीहरूको तमसुक तथा लालपूर्जा लिई हिंडे।

अतिरिक्त जानकारीहरु

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

व्यक्तिगत कारणबाट आगलागी गराइएको एउटा घटना भयो। एक जना महिलालाई अज्ञात व्यक्तिहरूले छुरा प्रहार गरे।

व्यास नपा-६ का सोही नपाका मेयर ध्रुव वाग्लेको घरमा ०५८ माघ १० गते राति माओवादीले बम विस्फोट गराए। माओवादीले पीडितकी आमालाई घरबाहिर निकाली बम विस्फोट गराएका थिए।

व्यास नपा-१० का रेडियो नेपाल, अन्नपूर्ण एफएम र राजधानी दैनिकका सम्वाददाता ३० वर्षीय प्रदीप काफ्लेलाई ०५८ चैत ३१ गते कजेल अफ सफ्टवेयर इन्जिनियरिङको कार्यकक्षमा समाचार सम्बन्धी विवादमा जलदेवी मावि का शिक्षक व्यास नपा-३ का २७ वर्षीय शंकरराज नहर्की र २० वर्षीय अमरराज नहर्कीले कुटपिट गरी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा गरियो। पीडकले ५ हजार रूपैयाँ जरिवाना तिरी मिलापत्र भयो।

यस वर्ष यो जिल्लामा ९७ जना व्यक्तिले माओवादी गतिविधिमा संलग्न नहुने जनाउँदै प्रशासनसमक्ष आत्मसमर्पण गरे।

३.२ गोरखा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

छोप्राक गाविस-५ का सूर्य भनिने विष्णु मरहट्ठा, सोही गाविसकी निरू पोख्रेल, स्वोप्लाङ गाविस-२ का पूर्णचन्द्र आचार्य, सिम्जुङ गाविसका दिपेश भनिने कुमार थापा र लमजुङ जिल्लाका राजेश भनिने नवीन श्रेष्ठको ०५८ पुस १८ गते पृथ्वीनारायण नपा-१० को बाह्र किलोमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। निरूलाई ०५८ मंसिर १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

हर्मी गाविसका २१ वर्षीय मिना मरहट्ठा र शंकर तमुको ०५८ माघ १ गते छोप्राक गाविस-७ माझगाउँमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। मिना मरहट्ठा गत वर्ष गोरखा जेल तोडी फरार भएकी थिइन् भने शंकर तमु माओवादीद्वारा घोषित जनसरकार सदस्य रहेको थाहा भएको छ।

माओवादी कार्यकर्ता नवीनकुमार श्रेष्ठको ०५८ माघ १० गते जौबारी गाविस जौबारीमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

माओवादी कार्यकर्ताहरू नारायण श्रेष्ठ र २१ वर्षीय पूजा गुरुङको ०५८ माघ ११ गते स्वाँरा गाविसको खार्चोकमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सौरपानी गाविसका शिक्षक नन्दलाल ढकाल तथा विना र कोपिला भनिने २ जना महिलाको ०५८ माघ १२ गते ताकुकोट गाविसको वहाकोटमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

धावा गाविसकी एञ्जीला विकसहित ४ जना माओवादी कार्यकर्ताको ०५८ फागुन ६ गते आरूपोखरी गाविसको भोगटेनीमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। मृत्यु भएका ३ जनाको नाम खुल्न सकेन। एञ्जीला विक त्यस क्षेत्रको माओवादी कमाण्डर रहेको बताइएको छ। उनी गत वर्ष गोरखा जेल तोडी फरार भएकी थिइन्।

थालाजुङ्गमा ०५८ फागुन १४ गते सुरक्षाकर्मीको गोलीद्वारा नाम खुल्न नसकेका दुई जना अज्ञात व्यक्तिको मृत्यु भयो।

फुजेल गाविसका प्रदिप र मनोज भन्ने श्याम पन्तको ०५८ फागुन २७ गते फुजेलको ढावेमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडित माओवादीका प्लाटून सदस्य भएको थाहा भएको छ।

आरूचनौटे गाविसका १९ वर्षीय शिलशिला लामिछाने र फुजेल गाविस-५ की भावना पन्तको ०५८ फागुन २९ गते घैरूङ गाविसको फिरफिरेमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

च्याङ्ली गाविसमा ०५८ चैत ७ गते माओवादी

कार्यकर्ता रामचन्द्र पाण्डेको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

छांप्राक गाविसका माओवादी कार्यकर्ता १९ वर्षीय रमेश पोखरेलको ०५८ चैत १४ गते सोही गाविसको चित्रेपोखरीमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

दर्बुङ्ग गाविसको दलभञ्ज्याङमा सुरक्षाकर्मीको खोजतलासका क्रममा ०५८ चैत २६ गते एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

फुजेल गाविसकी रचना भन्ने कमला पाण्डेको ०५८ चैत २९ गते घ्याल्चोक गाविस-१ चुलिङ्गमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

वगुवा गाविसकी २४ वर्षीय मिरा श्रेष्ठ र ठेगाना थाहा हुन नसकेकी १९ वर्षीय आइती प्रजाको ०५९ वैशाख ३ गते आरूपोखरी गाविसमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूमध्ये मिरा श्रेष्ठ माओवादी जनसमितिको सदस्य रहेको थाहा भएको छ।

सौरपानीमा ०५९ जेठ १ गते सुरक्षाकर्मीको गोलीद्वारा ज्वाला र सपना भनिने दुई जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

जनसंख्या	: २८८१०१
साक्षरता प्रतिशत	: ५३.४५
महिला साक्षरता प्रतिशत	: ४२.४९
क्षेत्रफल (वर्ग कि. मि.)	: ३६१०,
गाविस / नपा संख्या	: ६६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४९२
क्याम्पस / उच्च मा.वि.	: ३/३
अस्पताल / स्वास्थ्य चौकी	: २/७०
टेलिफोन लाइन	: ५६४
मोटर सडक (कि. मि.)	: २५
प्रहरी कार्यालय संख्या	: ७
हुलाक संख्या	: ६९
मानव विकास सूचकांक	: ०.३०८
प्रति एक डाक्टर जनसंख्या	: ४८०२२
प्रति परिवार सरदर संख्या	: ४.८९

गोलीद्वारा रवी, गम्भीर र अर्जुन भनिने ३ जना माओवादी कार्यकर्ताहरूको मृत्यु भयो।

देउराली गाविसको अबुवामा ०५८ चैत २८ गते आशिष भन्ने रामशरण कुमाल, मधुकर घिमिरे र एक जना नाम थाहा नभएको व्यक्ति गरी ३ जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। मधुकरलाई देउरालीबाट ०५८ मंसिर १३ गते चन्दा र बारूदसहित सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

गुम्दा गाविसमा ०५९ भदौ २७ गते एक जना पुरूष माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

ताकुकोट गाविसका माओवादीका नेता हिमाल भनिने आशाकाजी श्रेष्ठलाई ०५९ कार्तिक १९ गते सोही गाविस-५ पाल्खुभञ्ज्याङमा गस्ती प्रहरीले गोली हानी हत्या गरे। पीडित माओवादी जिल्ला जनसरकारको बुद्धिजीवी प्रमुख, गण्डकी उपक्षेत्र "क" दस्ताको कमाण्डर रहेको बुझिएको छ। प्रहरीले घटनास्थलबाट एउटा चाइनिज पेस्तोल, ठूलो पेस्तोलका म्यागजिन लगायतका सामानहरू फेला पारेको बतायो। प्रहरीहरू गस्तीमा गएको अवस्थामा सो ठाउँस्थित एक घरमा माओवादी छापामारहरूसँग बसेका आशाकाजी अन्य छापामारसहित भाग्दै गर्दा प्रहरीले गोली प्रहार गरेका थिए।

थालाजुङ गाविसको सारखोलामा ०५९ जेठ ३ गते सुरक्षाकर्मीको गोलीद्वारा सफल भन्ने एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

खोप्लाङ गाविसको लप्सीचौरमा ०५९ जेठ १२ गते सुरक्षाकर्मीको गोलीद्वारा भुषण भनिने एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

मिरकोट गाविस-९ का हरि नेपालीको ०५९ जेठ १३ गते खोप्लाङ्ग गाविसमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

गुम्दा गाविसमा ०५९ भदौ २५ गते सुरक्षाकर्मीको

माओवादीद्वारा हत्या गरिएका विष्णुबाबु श्रेष्ठ

मिरकोट र खोप्लाङमा २ जना माओवादी कार्यकर्ताको ०५९ मंसिर २३ गते खोजतलासका क्रममा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

आरूपोखरी गाविसका लालप्रसाद ढकाल र अर्को एक जना माओवादी कार्यकर्ताको ०५९ मंसिर २५ गते घ्याल्चोकको धनसिरामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूमध्ये लालप्रसाद माओवादीका जिल्लास्तरीय र अनेकसंघ (क्रान्तिकारी) का नेता रहेको बुझिएको छ। सुरक्षाकर्मीले घटनास्थलबाट एक पेस्तोल, ८० हजार रूपैयाँ बरामद गरेको बतायो।

माओवादीबाट

हर्मी गाविस-८ का ५५ वर्षीय लिलानाथ अधिकारीलाई सुराकीको आरोपमा ०५८ पुस १७ गते आफ्नै

घरमा बसिरहेको अवस्थामा माओवादीहरूले खुकुरी प्रहार गरी हत्या गरे।

स्वोप्लाङ्ग गाविसका अन्नपूर्ण माविका शिक्षक ३४ वर्षीय ऋषिराम देवकोटालाई ०५८ पुस २२ गते राति माओवादीहरूले घरबाट बाहिर निकाली धारिलो हतियारले घाँटी रेटी हत्या गरे।

स्वोप्लाङ्ग गाविसका अध्यक्ष ४९ वर्षीय भैरवराज विष्टलाई ०५८ पुस २२ गते राति माओवादीहरूले घरबाट बाहिर निकाली गोली हानी हत्या गरे। पीडित नेकाबाट निर्वाचित गाविस अध्यक्ष हुन्।

देउराली गाविस घर भई काठमाण्डौमा कार्यरत प्रहरी असई राजन भण्डारीलाई माघे संक्रान्तिका लागि बिदामा घर आएको अवस्थामा ०५८ पुस २९ गते माओवादीहरूले गोली प्रहार गरे। पीडितको उपचार हुँदाहुँदै पुस ३० गते मृत्यु भयो।

ताप्ले गाविस-२ का व्यापारी तथा भूपू प्रहरी असई लक्ष्मीप्रसाद भट्टलाई ०५८ माघ २९ गते राति माओवादीहरूले घरबाट बाहिर निकाली गोली हानी हत्या गरे।

लापु गाविसका ३६ वर्षीय प्रकाश गुरुङलाई ०५८ फागुन १२ गते घरमै बसिरहेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे।

आरूआर्वाङ्ग गाविसका शाही नेपाली सेनाका भूपू हवल्दार ४३ वर्षीय चन्द्रबहादुर खड्कालाई सुराकीको आरोपमा ०५८ फागुन १२ गते राति माओवादीहरूले घरबाट केही पर लगी धारिलो हतियार प्रहार गरी हत्या गरे।

मनकामना गाविस-५ की यमकुमारी आलेलाई माओवादी पार्टी परित्याग गरी जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरेको आरोपमा ०५८ चैत ७ गते माओवादीहरूले हत्या गरे।

फुजेल गाविसका अध्यक्ष ३९ वर्षीय यमप्रसाद ढकाललाई ०५८ चैत १९ गते फुजेल गाविस-२ पौवामा माओवादीहरूले धारिलो हतियार र गोली प्रहार गरी हत्या गरे।

बारपाक गाविसस्थित इलाका प्रहरी कार्यालयमा ०५९ वैशाख ३ गते माओवादीहरूले आक्रमण गरी ध्वस्त पार्नुका साथै ९ जना प्रहरी र १ जना सर्वसाधारणको हत्या गरे। माओवादीहरूको आक्रमणमा प्रहरी सई भीमसेन सिलवाल, असई ओमबहादुर थापा, कृष्णबहादुर कार्की, प्रहरी हवल्दार प्रेमबहादुर थापा, दुर्गादत्त पनेरू, प्रहरी जवानहरू शमशेरबहादुर भुजेल, सुदन बुढाथोकी, रामबाबु माली, भरत दुवाडी र सर्वसाधारण मीनबहादुर घलेको मृत्यु भयो। साथै, सोही ठाउँका ७४ वर्षीय सन्तबहादुर घले घाइते भए।

सौरपानी गाविसका हिमालय माविका शिक्षक ३६ वर्षीय नरबहादुर देवकोटालाई ०५९ असार २४ गते आफ्नै घरमा माओवादीहरूले गोली हानी हत्या गरे।

ताक्लुङ गाविसका नेका क्षेत्र नं. १ का सभापति विष्णु खनाललाई ०५९ भदौ ११ गते माओवादीहरूले अपहरणपश्चात् धारिलो हतियार प्रहार गरी हत्या गरे। माओवादीले लास नदीमा फ्याँकेका थिए। पीडित आफन्तको मृत्यु भएकाले भेटघाटको क्रममा घर आउँदा माओवादीहरूले अपहरण गरी हत्या गरेका हुन्।

स्वोप्लाङ गाविस-९ घर भई जिल्ला मालपोत कार्यालयमा कार्यरत ३६ वर्षीय विष्णुबाबु श्रेष्ठलाई ०५९ भदौ २९ गते खेतमा काम गर्न गएको अवस्थामा सोही गाविसको खारखोलामा माओवादीहरूले कञ्चट र ढाडमा गोली प्रहार गरी हत्या गरे।

सिम्जुङ गाविसका निवर्तमान अध्यक्ष ४६ वर्षीय विष्णुदत्त शर्मा दवाडीलाई ०५९ असोज १५ गते घरमा बसिरहेको अवस्थामा माओवादीहरूले घरबाट करिब ५ सय मिटर पर लगी खुकुरी प्रहार गरी हत्या गरे। पीडित नेकाँबाट गाविस अध्यक्षमा निर्वाचित थिए।

ताकुकोट इलाका प्रहरी कार्यालयमा ०५९ कार्तिक २९ गते माओवादीहरूले आक्रमण गर्दा २३ प्रहरीको मृत्यु भयो भने ७ जना प्रहरी घाइते भए। मृत्यु हुने प्रहरीहरूमा असई लमजुङ्ग जिल्लाका बाबुनडाँडा गाविस-८ का शेषकान्त घिमिरे, रूपन्देही जिल्ला मौनिहवा गाविस-७ का सुकु मल्लाह, प्रहरी हवल्दार गोरखा जिल्ला आरूआर्वाङ गाविस-८ का इमानसिंह गुरुङ, पर्वत जिल्ला देउपुर गाविस-९ का झपटबहादुर हमाल, गोरखा जिल्ला तान्द्राङ गाविस-२ का चेतनाथ बञ्जारा, प्रहरी जवान गोरखा जिल्ला आरूपोखरी गाविस-१ का शुक्रबहादुर गुरुङ,

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित			माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१	१	१८	२२	२	१२	३६	२६	३१	१०	६	४७
गिरफ्तारी/यातना									२	२			२
कुटपिट	१	१	१	२	३			३	३	७			७
अपहरण				१	१			१					
जम्मा	२	२	२	२१	२६	२	१२	४०	३१	४०	१०	६	५६

कपिलवस्तु जिल्ला विद्यानगर गाविस-२ का धीरेन्द्रबहादुर चतुर्वेदी, सोही जिल्ला भालुवाङ गाविस-२ का भीमसेन थापा, गुल्मी जिल्ला अर्खले गाविस-१ का गोपाल मगरसिनी, सोही जिल्लाका इन्द्रबहादुर काउछा, मोरङ जिल्लाका सत्यनारायण रायमाझी, कपिलवस्तु जिल्ला कोपवा गाविस-५ का एकदेव खनाल, कास्की जिल्ला देउराली गाविस-४ का शंकरकुमार श्रेष्ठ, नवलपरासी जिल्ला सुकौली गाविस-५ का रविन्द्रकुमार श्रेष्ठ, सोही जिल्ला त्रिवेणीसुस्ता गाविस-२ का रविन्द्रबहादुर क्षेत्री, गोरखा जिल्ला मिरकोट गाविस-५ का कुमार श्रेष्ठ, सोही जिल्ला सिम्जुङ गाविसका ईश्वर देवकोटा, नयाँसाँघु गाविसका रेशमबहादुर सुवेदी, आरुपोखरी गाविस-१ का नरबहादुर गुरूङ, सिन्धुली जिल्ला कमलामाई नपाका भक्तबहादुर थापा, तनहुँ जिल्ला जामुने गाविस-२ का प्रेमबहादुर थापा थिए। त्यसैगरी घाइते हुनेहरूमा डोलाराज पाण्डे, कृष्णप्रसाद शर्मा, होमबहादुर रानाभाट, थानबहादुर मल्ल, डमबहादुर थापा, रामकुमार मल्ल र विमल खनाल रहेका छन्। माओवादीहरूले ३७ वटा थ्री नट थ्री राइफल लुटेर लगेका थिए। उक्त आक्रमणको दुई दिनपछि चौकीभन्दा केही तल ३ जना माओवादी छापामारका लास भेटिएका थिए।

माओवादी शिविरबाट भागेर मान्बु गाविसमा आश्रयको लागि अनुरोध गर्दै आएकी एक अज्ञात महिलालाई ०५९ साउन १३ गते माओवादीहरूले फर्काएर लगे। आफू गर्भवती भएकाले आफूलाई नलैजान अनुरोध गरेकी ती महिलालाई माओवादीहरूले फर्काएको ३ दिनपछि सोही गाविसमा लास फेला पर्‍यो।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

मनकामना गाविसको मनकामना मन्दिरमा दर्शनार्थीहरूलाई लाइन मिलाई रहेको अवस्थामा विना हतियार रहेका प्रहरी हवल्दार इन्द्रबहादुर रानाभाट र प्रहरी जवान शेषकान्त सुवेदीलाई ०५८ फागुन २७ गते माओवादीहरूले गोली हानी घाइते बनाए।

जेल र बन्दीहरू

यस जिल्लाको जेल "घ" श्रेणीको हो। कूल ५५ जना

माओवादीद्वारा हत्या गरिएका भैरवराज विष्ट

बन्दी क्षमता भएको यस जेलमा हाल कैद नतोकिएका ४७ र तोकिएका १३ गरी ६० जना बन्दी छन्। यसबाहेक १ जना आश्रित नावालक छन्। बन्दीहरूमध्ये ५० जना पुरूष र १० जना महिला छन्।

जेल भवन जीर्ण छ। पानीको सुविधा नभएका कारण बोकाएर जम्मा गरी बन्दीहरूलाई उपलब्ध गराइन्छ। जेलभित्र महिला र पुरुषहरूका लागि १-१ वटा टिभीको व्यवस्था छ। महिलातर्फको टिभी बिग्रिएका कारण थन्किएको छ। बन्दीहरूका लागि रेडियो, पत्रपत्रिका र खेलकुद सामग्री उपलब्ध गराइएको छ। बन्दीहरूलाई हप्तामा एक पटक अहेबद्वारा स्वास्थ्य परीक्षण गरिन्छ। बन्दीहरू नाम्लो, मुढा बुन्ने काममा संलग्न छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

आरूआर्वाङ गाविसका नेकपा (एमाले) का जिल्ला सदस्य टेकराज भट्टलाई ०५९ भदौ ३० गते सोही गाविसस्थित अलैचे प्रावि व्यवस्थापन समिति गठनका लागि अभिभावक भेलामा सहभागी भएको अवस्थामा माओवादीहरूले अपहरण गरी भदौ ३१ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नारेश्वर गाविस-१ भोगटेनीका ५९ वर्षीय ओमबहादुर भट्टलाई माओवादीलाई चन्दा दिएको आरोपमा ०५९ मंसिर २२ गते सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए। सोही ठाउँका ३६ वर्षीय ठाकुर श्रेष्ठलाई पनि सोही दिन सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए।

माओवादीबाट

आँपपिपल गाविस-४ खुल्लीगाउँका ५० वर्षीय कर्णसिंह थापा मगरलाई ०५८ पुस १७ गते राति माओवादीहरूले कुटपिट गरी गम्भीर घाइते बनाए।

छोप्राक गाविसका शारदा माविका शिक्षक रामेश्वर पोखरेललाई ०५८ पुस २३ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको खुट्टा पनि भाँचिएको थियो।

फिनाम गाविसका ४३ वर्षीय चिनमाया पाण्डे र २० वर्षीय मेनुका पाण्डेलाई ०५९ भदौ १९ गते बेलुका घरमा बसिरहेको अवस्थामा माओवादीहरूले बाँधेर ढुङ्गाले खुट्टा थिची घाइते बनाए।

पृथ्वीनारायण नपा नागपानीमा युनाइटेड मिसन टु नेपालद्वारा संचालित सेन्ट मेरिज बोर्डिङ्ग स्कूलमाथि ०५९ असोज २० गते राति माओवादीहरूले आक्रमण गरी पुस्तकालय कोठामा आगो लगाई सम्पूर्ण पुस्तकहरू, टेलिफोन सेट, कुर्सी,

टेबल जलाए। सोही संस्थाद्वारा संचालित सेन्ट जोसेफ बोर्डिङ्ग हाइस्कूलमा पनि ०५९ भदौ २६ गते माओवादीहरूले आक्रमण गरी बेन्च, कुर्सीहरू जलाउनुका साथै फादर शर्मालाई कुटपिट गरेका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

गोरखाबाट प्रकाशित हुने दरौंदी पाक्षिकको वर्ष ४ अंक १५ मा सम्प्रेषित "चार माओवादीको हत्या" शिर्षकको समाचारको आधिकारिक श्रोत नखुलाएको आरोपमा परिस्थिति विपरित भएको उल्लेख गर्दै स्थानीय प्रशासनले ०५८ पुस १९ गते पत्रिकाको सो अंक कब्जा गर्‍यो।

जिल्ला प्रशासन कार्यालयनजिक रहेको जिल्ला परिषद सभाकक्षमा विभिन्न संघ संस्था र राजनीतिक पार्टीहरूलाई कार्यक्रम गर्न रोक लगाइयो। ०५९ मंसिरमा नेकपा (एमाले) ले १ दिन र नेविसंघले मंसिर १५ गते एक दिनका लागि आफ्ना कार्यक्रमका लागि सभाकक्ष उपलब्ध गराउन अनुरोध गर्दा जिविसले उपलब्ध गराएन। जिविस र सरकारी कार्यालयहरूको कार्यक्रममा भने सभाकक्ष उपलब्ध गराइएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा ९९ मध्ये ३२ फर्स्यौट भई ६७ बाँकी रहे। जसमध्ये सरकारवादी फौज्दारी २१, दुनियावादी फौज्दारी २५, थुनुवा मुद्दा ५, २ वर्ष नाघेका १, मुल्तवी ३१ र फैसला कार्यान्वयनका लागि निवेदन १६ वटा छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

मुच्चोक गाविस-१ का शिक्षक ३५ वर्षीय बुद्धिबहादुर वि.क.लाई माओवादीको आरोपमा ०५८ माघ १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखियो। पीडित मृगौलासम्बन्धी रोगले ग्रस्त भएपछि ०५९ असार १९ गते रिहा गरियो।

श्रीनाथकोट गाविस-२ का अर्कुले प्राविका शिक्षक लालप्रसाद ढकाललाई माओवादीको आरोपमा ०५८ माघ २३ गते सुरक्षाकर्मीले गिरफ्तारगरे। पीडितलाई नजरबन्दमा राखी ०५९ जेठ १९ गते रिहा गरियो।

यस वर्ष माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ५५ जनालाई गिरफ्तार गरिएको जिल्ला प्रशासन कार्यालयले जानकारी गरायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा भूमिहीन, सुकुम्बासी समस्या समाधानका लागि हालसम्म पनि व्यवस्थित रूपमा नयाँ कार्यक्रम थालनी हुन सकेको छैन। सामाजिक सुरक्षाअन्तर्गत वृद्धभत्ताको व्यवस्था रहेता पनि विगतका वर्षमा समयमा भत्ता उपलब्ध हुन नसकेको गुनासो आइरहेको अवस्था हाल गाविसहरू माओवादीहरुद्वारा क्षतिग्रस्त भएपछि वृद्धहरू भत्ता रोकिएर पीडित भएका छन्। स्थानीय निकायका भवन माओवादीहरूले जलाइदिएको र गाविस सचिवलाई समेत गाउँमा बस्न नदिएका कारण वृद्ध, अपाङ्ग आदि भत्ता उपलब्ध गराउन समस्या खडा भएको छ।

विविध

संरचना क्षति

यस वर्ष यो जिल्लाका ६६ गाविसमध्ये ४६ वटा गाविस भवन माओवादीले आगो लगाई क्षतिग्रस्त बनाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

ताक्लुङ गाविसका नेका क्षेत्र नं. १ का सभापति विष्णु खनाललाई ०५९ भदौ ११ गते माओवादीहरूले अपहरणपश्चात् हत्या गरेको घटनाको विरोध गर्दै सो पार्टीले एक विज्ञप्ति जारी गर्‍यो।

आरूआर्वाङ गाविसका नेकपा (एमाले) का जिल्ला सदस्य टंकराज भट्टराईलाई ०५९ भदौ ३० गते माओवादीहरूले अपहरण गरेकोमा तत्काल रिहाईको माग गर्दै सो पार्टीले भदौ ३१ गते एक विज्ञप्ति जारी गर्‍यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लामा डकैतिको एउटा घटना भयो। पानीमा डुबेर १ जना पुरूषको मृत्यु भयो। आगलागीबाट १ जना पुरूषको मृत्यु भयो भने १० जना महिला र ६ जना पुरूषले आत्महत्या गरे। एक जना पुरूषको बेवारिसे लास फेला पर्‍यो। ट्राफिक दुर्घटनामा परी २ जना पुरूषको मृत्यु भयो।

एक जना पुरूष माओवादी कार्यकर्ताको आफ्नै बोकेको बम विस्फोट हुँदा मृत्यु भयो।

३.३ लमजुङ

जनसंख्या	: १९५३९०
साक्षरता प्रतिशत	: ५६.६१
महिला साक्षरता प्रतिशत	: ४६.०४
क्षेत्रफल (वर्ग कि. मि.)	: १६९२
गाविस / नपा संख्या	: ६१/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४१२
क्याम्पस / उच्च मा.वि.	: ५/११
अस्पताल / स्वास्थ्य चौकी	: १/६१
टेलिफोन लाइन	: १
मोटर सडक (कि. मि.)	: ११९
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ६१
मानव विकास सूचकांक	: ०.३७५
प्रति एक डाक्टर जनसंख्या	: ४४२८७
प्रति परिवार सरदर संख्या	: ४.८५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

सिम्पानी गाविसका भुपू शिक्षक तेजबहादुर भण्डारीलाई ०५८ पुस १६ गते जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन बोलाइएको र त्यसतर्फ जाँदै गर्दा बेंशीशहरको मनाङ्गे चौतारामा सुरक्षाकर्मीले भेटी गिरफ्तार गरी हिरासतमा राखे। पीडितका परिवारलाई समेत भेट्न नदिएको भनी पीडित तेजबहादुरका छोरा रामकुमारले राष्ट्रिय मानव अधिकार आयोगसमक्ष उजुरी गरेपछि जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयले पुस १७ गते भिडन्तमा मारिएको कुरा ०५८ चैतमा जानकारी दिए। पुस १७ गते मारिएको जनाए पनि धेरै समयसम्म कुनै खबर नदिई प्रहरीले बेपत्ता पारेका थिए।

चक्रतीर्थ गाविसको कुमाल गाउँमा २ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५८ माघ ३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको नाम, ठेगाना खुल्न सकेन।

तार्कु गाविस-१ मा २ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५८ माघ ८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको नाम, ठेगाना खुल्न सकेन।

भलायखर्क गाविसको जंगलमा १ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५८ माघ १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पुरानाकोट गाविस-२ पाल्लाको जंगलमा २ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५८ माघ २९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको नाम, ठेगाना खुल्न सकेन।

कास्की जिल्ला थुम्की गाविसका शिक्षक चन्द्रप्रसाद खनाललाई माओवादीको आरोपमा ०५८ फागुन २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन हत्या गरे।

भोजे गाविसको जंगलमा १ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५८ चैत ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

डशानेश्वर गाविस-७ को भाटवेंशी भन्ने ठाउँमा २ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५८ चैत ९ गते सुरक्षाकर्मीले हत्या गरे।

गोरखा जिल्लाका लक्ष्य, डिकेन्द्र, शुक्र र ईश्वर भन्ने ४ जना माओवादी कार्यकर्तालाई ०५८ चैत १२ गते विचौर गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भलायखर्क गाविस-८ मा वदाम भन्ने पदम कुमारी, सम्झना भनिने जीवनकुमारी ढकाल, सृजना भनिने सरिता बोगटी र नाम नखुलेको १ जना गरी ४ जनालाई माओवादीको आरोपमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिदुरे र नाल्मा गाविसको बीचमा पर्ने राम्चे खोलामा १ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५८ चैत १६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको नाम, ठेगाना खुल्न सकेन।

तनहुँ जिल्ला रिस्ती गाविस-१ का विश्व भन्ने गजेन्द्र अधिकारीलाई माओवादीको आरोपमा ०५९ वैशाख १२ गते तार्कु गाविस-१ ग्यादीखोलामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीद्वारा गठित जिल्ला जनसरकार उपप्रमुख कौशिला गुरुङ, चितौ गाविसका शिवजी तिवारी र मञ्ज्याङ गाविसका जगत गुरुङलाई ०५९ वैशाख २१ गते तार्कुघाट गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीका इलाका कमाण्डर विशाल भन्ने मैले तामाङ, अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला कोषाध्यक्ष सौगात भन्ने सुभाष पण्डित, दलित मुक्ति मोर्चाका जिल्ला सदस्य दिप र माओवादी कार्यकर्ता अर्पण र दुधपोखरीका श्रीधर नेउपानेलाई ०५९ जेठ ७ गते कोल्की गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

परेवाडाँडा गाविस-२ मा ४ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५९ जेठ २० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको नाम, ठेगाना खुल्न सकेन।

मकवानपुर जिल्ला हेटौंडा घर भई मध्यमर्स्याङ्दी जलविद्युत आयोजनामा कार्यरत एक कर्मचारीलाई माओवादीको आरोपमा ०५९ जेठ २४ गते भोटेओडार गाविसको सडकमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जिता गाविसका रमेश पौडेल, इशानेश्वर चिसंकुका राजन घिमिरे, भोटेओडारकी गंगेश्वरी भट्टराई र ठेगाना खुल्न नसकेकी सीता नाम गरेकी एक महिलालाई माओवादीको

आरोपमा ०५९ असार ८ गते नाल्मा गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जिता गाविस-६ का माओवादी इलाका कमाण्डर ३२ वर्षीय रामचन्द्र निवारीलाई ०५९ असार २० गते नाल्मा गाविस मर्कैम्र्पु भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भोर्लेटार गाविस-४ का मानसिक स्थिति ठिक नभएका गडगडे भन्ने व्यक्तिलाई माओवादीको आशंकामा ०५९ असोज ६ गते दिउँसो रम्घा गाविसको दुईपिप्ले बजारमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादी कार्यकर्ता चमेली भुजेल र कौशिला घिमिरेलाई ०५९ कार्तिक १ गते प्यारजङ गाविसको गौडामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।



माओवादीद्वारा हत्या गरिएका
मुक्तिनाथ अधिकारी

अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला अध्यक्ष लक्ष्मी भन्ने पवित्रा पौडेल र गिता वि.क.लाई ०५९ मंसिर ६ गते भोटेओडार गाविस-१ वलिथुममा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

इलामपोख्री गाविसको ठूलोकाभ्रे नजिक फूलगिरिङ जंगलमा ०५९ मंसिर ६ गते ५० जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको सुरक्षाकर्मीले जनाए। तर, घटनाको पुष्टि हुन भने सकेन।

ढोडेनी गाविस-७ सिमेमा १ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५९ मंसिर ११ गते माओवादीको आशंकामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित भारी बोकेर हिड्ने सुस्त मनस्थितिको व्यक्ति भएको थाहा भयो।

विचौर गाविस नयाँगाउँमा २ जना व्यक्तिलाई माओवादीको आरोपमा ०५९ मंसिर १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको नाम, ठेगाना थाहा हुन सकेन।

हिलेटक्सार गाविस-८ का माओवादीद्वारा घोषित जिल्ला जनसरकारका सदस्य वलबहादुर वि.क.लाई ०५९ मंसिर २८ गते श्रीमञ्ज्याङ गाविसको साङ्दी खोलामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

यसबाहेक एक जना व्यक्तिको गोलीद्वारा मृत्यु भयो। गाउँलेहरूले सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको बताए तर सुरक्षाकर्मीले सो कुरा असत्य भएको उल्लेख गरे। विभिन्न राजनीतिक दलहरूले यस सम्बन्धमा फरक-फरक धारणा व्यक्त गरे।

माओवादीबाट

चन्द्रेश्वर गाविस-६ का पाणिनी संस्कृत माविका प्रधानाध्यापक तथा एमनेष्टी इन्टरनेशनल, लमजुङ दुराडाँडा समूह ७९ का संयोजक ४६ वर्षीय मुक्तिनाथ अधिकारीलाई ०५८ माघ ३ गते कक्षामा पढाइरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी चन्द्रपाटाको स्वर्जगाउँ नजिक पानी ट्यांकीको आडमा रहेको उत्तीसको रूखमा गलबन्दीले बाँधी कन्चटमा गोली हानी हत्या गरे।

इशानेश्वर गाविस-४ चिसंकुका भूपू शिक्षक ५६ वर्षीय केदारनाथ घिमिरेलाई ०५८ माघ ६ गते बिहान माओवादीहरूले आफ्नै घरबाट अपहरण गरी एक किमी टाढा इशानेश्वर गाविस-३ किराको खोर पातालको जंगल छेउ लगी गोली हानी हत्या गरे।

जिता गाविस-७ घर भई टक्सार गाविसस्थित स्वास्थ्य चौकीमा कार्यरत अहेब चिनबहादुर थापालाई ०५८ माघ १५ गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरी लगेकोमा १८ गते ताङ्द्राङ टक्सारको जंगलमा लास फेला

घटनाको प्रकार	गैर राज्यपक्षबाट						राज्यबाट पीडित			
	अन्यबाट पीडित			माओवादीबाट						
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	७	८	८	२६	९०	११	१०१
गिरफ्तारी/यातना							११	१५	१	१६
बेपत्ता							२	२		२
कुटपिट				३	३	३	१	३		३
अमानवीय व्यवहार				१	१	१				
अपहरण				३	३	३				
जम्मा	१	१	१	१४	१५	१५	४०	११०	१२	१२२

पऱ्यो। पीडितको आँखा फोरिएको, कानमा एसिड खन्याइएको र गुप्ताङ्गमा आगो लगाइएको अवस्थामा लास फेला परेको थियो।

इलमपोखरी गाविस-२ का ६७ वर्षीय मनबहादुर तामाङलाई प्रतिकार समितिमा बसेको आरोपमा ०५८ चैत १० गते माओवादीहरूले गोली हानी हत्या गरे। पीडित नेकपा (एमाले) का कार्यकर्ता थिए।

भलायखर्क गाविस-४ का हिमालय उच्च माविका निमित्त प्रधानाध्यापक अर्जुन घिमिरेलाई सुराकीको आरोपमा ०५९ असार ११ गते माओवादीहरूले खुट्टामा काँटी ठोकी हिड्न लगाएर गोली हानी हत्या गरे।

विचौर गाविस-५ का वागेश्वरी माविका शिक्षक खुशीराम नेउपानेलाई सुराकीको आरोपमा ०५९ भदौ २८ गते माओवादीले गोली हानी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

रम्घा गाविस नजिकको जंगलमा ०५८ चैत ५ गते सुरक्षाकर्मी चढेको ट्रक माओवादीहरूले थापेको एम्बुसमा पर्दा २ जना सुरक्षाकर्मी घाइते भए।

जेल र बन्दीहरू

यस जिल्लाको जेल "घ" श्रेणीको हो। कूल २५ जना बन्दी क्षमता भएको यस जेलमा हाल ३० जना बन्दी छन्। जेलमा महिला नभएका कारण महिला कक्षमा समेत पुरुष बन्दी राखिएको छ। बन्दीहरूमध्ये कैद तोकिएका ९ र नतोकिएका २१ जना छन्। जेलमा पानीको व्यवस्था भएको तथा टिभी, रेडियो उपलब्ध भएको पाइयो। जेलभित्र बन्दीहरूले स्वेटर, मुढा आदि बुन्ने गरेका छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

इशानेश्वर गाविसका कुश्माकर उच्च माविका प्रधानाध्यापक शक्तिराज सोनीलाई ०५९ वैशाख २७ गते माओवादीहरूले अपहरण गरी १० घण्टापछि मुक्त गरे।

वाग्रे गाविस-७ का साहौ गाविसका सचिव वेनबहादुर कुवँरलाई ०५९ जेठ ३० गते माओवादीहरूले अपहरण गरी ४ घण्टापछि मुक्त गरे।

माओवादीद्वारा हत्या गरिएका केदारनाथ घिमिरे

जिना गाविसका भुपू अध्यक्ष गोपीनाथ घिमिरेलाई ०५९ असोज १२ गते राति माओवादीहरूले अपहरण गरी गाउँ छोड्नुपर्ने शर्तमा ४ घण्टापछि मुक्त गरे। पीडित हाल काठमाण्डौमा बस्दछन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

रम्घा गाविसका अध्यक्ष एवम् नेकपा (एमाले) जिल्ला कमिटी सदस्य राजकुमार श्रेष्ठ, सोही गाविसका उपाध्यक्ष माणिकराज तिवारी र नेकपा (एमाले) रम्घा गाउँ कमिटीका सचिव राजनहरि गौतमलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ जेठ ९ गते सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए।

माओवादीबाट

जिता गाविस-३ का सप्तधारा माविका शिक्षक ३२ वर्षीय ऋषि कोइलारालाई सुराकीको आरोपमा ०५८ पुस १८ गते आफ्नै घरमा माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

मञ्ज्याङ गाविसका लक्ष्मी माविका प्रधानाध्यापक हरिश्चन्द्र घिमिरेलाई आफूहरूले भनेको नमानेको आरोपमा ०५९ भदौ १९ गते माओवादीहरूले धम्की दिँदै मोसो दले।

मोहोरियाकोट गाविस-३ का वडाध्यक्ष दानबहादुर थापालाई सुराकीको आरोपमा ०५९ भदौ २० गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी घाइते बनाए।

सिम्पानी गाविस-६ का नेकपा (एमाले) का कार्यकर्ता मिनबहादुर भण्डारीलाई सुराकीको आरोपमा ०५९ भदौ २५ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरी हातखुट्टा भाँचिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा १ सय ७२ वटा मुद्दा दर्ता भए जसमध्ये १ सय १८ फर्स्योट भई ५४ बाँकी रहे। दुनियावादी १ सय १४ मध्ये ८१ फर्स्योट भई ३३ बाँकी रहे। कर्तव्य ज्यान ७ मध्ये ४ फर्स्योट भई ३ बाँकी रहे। सरकारवादी मुद्दा १८ मध्ये १२ फर्स्योट भई ६ बाँकी रहे। राज्यविरूद्धको अपराध २ वटामा दुवै फर्स्योट भए। दुनियावादी फौजदारी ४० मध्ये २५ फर्स्योट भई १५ बाँकी रहे। गत एक वर्षदेखि फर्स्योट नभएका मुद्दा १० वटा छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

जिता गाविस-२ रामपानीका ७७ वर्षीय रूद्रनाथ गौलीलाई माओवादीको आरोपमा ०५८ पुस १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस २७ गतेदेखि एरिया नजरवन्दमा राखी फागुन १ गते तारेखमा रिहा गरियो। पीडित माओवादी नेता गोवर्धन गौलीका पिता हुन्।

चितवन जिल्ला घर भई लमजुङ कृषि क्याम्पस, सुन्दरवजारमा कार्यरत हरिहर सवितालाई माओवादीको आरोपमा ०५८ पुस १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ १७ गते धरौटीमा रिहा गरियो।

चण्डिस्थान गाविस-२ का ४५ वर्षीय मोहन वोहोरा र सोही गाविस-२ का ४४ वर्षीय ऋषि अधिकारीलाई माओवादीको आरोपमा ०५८ पुस २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई माघ १७ गते तारेखमा रिहा गरियो।

कुन्छा गाविस-१ की स्वास्थ्य कार्यकर्ता धनमति गुरूङलाई माओवादीको आरोपमा ०५८ माघ ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिन हिरासतमा राखी तारेखमा रिहा गरियो।

कुन्छा गाविस-८ का युवावर्ष प्राविका शिक्षक ३२ वर्षीय रामचन्द्र नेउपानेलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ माघ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई फागुन ३ गते तारेखमा रिहा गरियो।

पत्रकार महासंघका तत्कालीन जिल्ला अध्यक्ष नवराज पहाडीलाई माओवादीलाई सहयोग पुग्ने समाचार लेखेको आरोपमा ०५८ माघ २४ गते आफ्नै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ २८ गते रिहा गरियो।

जिता गाविसका विभिन्न ठाउँबाट ०५८ माघ १७ गते माओवादीको आरोपमा ६ जना व्यक्तिलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। त्यसरी गिरफ्तार गरिनेकाहरूमध्ये जिता गाविस-७ का श्यामकुमार श्रेष्ठ, सोही गाविस-१ का सप्तधारा माविका शिक्षक विनोद धिमाललाई माघ १८ गते गते हिरासतमा राखी माघ २४ गते तारेखमा रिहा गरियो। जिता गाविस-५ का जीतवहादुर थापालाई तारेखमा रिहा गरियो भने सोही गाविस-६ का कृष्णप्रसाद निवारीलाई केही समय हिरासतमा राखी तारेखमा रिहा गरियो। सोही ठाउँका नोयाकान्त घिमिरेलाई ०५९ भदौमा तारेखमा रिहा गरियो। जिता गाविस-३ का सप्तधारा माविका प्रधानाध्यापक देविदत्त पौडेललाई तारेखमा रिहा गरियो।

चन्द्रेश्वर गाविस-८ का विद्यार्थी २२ वर्षीय विष्णुकान्त अधिकारीलाई माओवादीको आशंकामा ०५८ फागुन ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिनपछि तारेखमा रिहा गरियो।

धमिलिकुवा गाविस का शैलपुत्री माविका शिक्षक भोजराज चिलवाललाई माओवादको आशंकामा ०५८ फागुन २३ गते वाइसजाँगर भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सोही दिन वेंशीशहर ल्याई हिरासतमा राखिएकोमा चैत ४ गते रिहा गरियो।

जिता गाविस-६ का २७ वर्षीय रमेश निवारीलाई माओवादीको आशंकामा ०५९ जेठ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेठ ८ गते जेल चलान गरिएकोमा हालसम्म रिहा गरिएको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

असुरक्षाका कारण यस जिल्लामा १ सय ६७ घरपरिवारका ८ सय ३५ जना विस्थापित भएका छन्। विस्थापित हुनेहरूमा राजनीतिक कार्यकर्ता र सर्वसाधारण छन्। जसअनुसार नेकाँले आफ्नो पार्टीका १ सय ५८ घरपरिवार विस्थापित हुनुपरेको जनायो भने नेकपा (एमाले) ले ६ र राप्रपाले ३ जना घरपरिवार विस्थापित भएको जनाए। यीमध्ये ८० जनाले विस्थापित भत्ता लिने गरेका छन्। यीवाहेक अन्य पनि विस्थापित भएको पाइन्छ तर असुरक्षाकै कारण विस्थापित भए पनि विस्थापित हुँ भन्न चाहँदैनन्। विस्थापित भएकाहरूमध्ये अधिकांश जिल्लामै वस्ने गरेका छन् भने केही काठमाण्डौ, पोखरा र चितवन जिल्लामा गई वस्ने गरेका छन्।

महिला अधिकार

स्याङ्जा जिल्ला घर भई मध्य मर्स्याङ्दी जलविद्युत परियोजनामा कार्यरत एक युवतीलाई ०५९ असार १८ गते दिउँसो सोही परियोजनामा कार्यरत जर्मन नागरिक शाहीफलिले वलात्कार गरे। पीडितले माइती नेपालमा उजुरी गरिन्। पीडक फरार भए।

वहुविवाहका २ वटा घटना सार्वजनिक जानकारीमा आए।

विविध

संरचना क्षति

माओवादीले विभिन्न समयमा गरी ५८ वटा गाविस भवन ध्वस्त वनाए। उदिपुरस्थित टेलिफोन टावर ०५९ वैशाख १० गते माओवादीले जलाएपछि हालसम्म पनि जिल्लामा फोनको व्यवस्था हुन सकेको छैन। उक्त टावर क्षतिग्रस्त हुँदा १० लाख रूपैयाँ वरावरको क्षति भएको जिल्ला दूरसञ्चार कार्यालयले जनायो। जिल्ला वन कार्यालयलगायत् ६ वटा रेञ्जपोष्ट माओवादीले जलाए। त्यसैगरी २० वटा अतिरिक्त हुलाक कार्यालय र ४ वटा इलाका हुलाक कार्यालय पनि जलाइयो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

गिलङ गाविसको दोवाटोमा ०५८ चैत ३ गते एउटा लास फेला पर्‍यो।

यस वर्ष यो जिल्लामा ३ जनाले झुण्डिएर आत्महत्या गरे भने २ जनाको नदीले बगाएर मृत्यु भयो। भीरमा ढुङ्गा खसेर एक जनाको मृत्यु भयो। यी घटनाहरूमा पीडित हुनेहरूमध्ये ३ जना पुरूष र ३ जना महिला थिए।

जिना गाविस-३ का सप्तधारा माविका प्रधानाध्यापक देवदित्त पौडेलले ०५९ जेठ १ गते प्रशासनसमक्ष तारेख जानेक्रममा आत्महत्या गरे।

३.४ स्याङ्जा

जनसंख्या	: ३७१७३३
साक्षरता प्रतिशत	: ६८
महिला साक्षरता प्रतिशत	: ३८.३
क्षेत्रफल (वर्ग कि. मि.)	: ११६४
गाविस / नपा संख्या	: ६०/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ८०९
क्याम्पस / उच्च मा.वि.	: ४/१६
अस्पताल / स्वास्थ्य चौकी	: १/६८
टेलिफोन लाइन	: ३३७
मोटर सडक (कि. मि.)	: ३७५
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ६६
मानव विकास सूचकांक	: ०.३७८
प्रति एक डाक्टर जनसंख्या	: ४५,३३१
प्रति परिवार सरदर संख्या	: ४.९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

भालुपहाडमा ०५८ माघ १० गते नाम नखुलेकी १ जना महिलासहित ३ जना, छाङछाङदीमा ०५८ माघ २३ गते एक जना महिला र गल्याङमा ०५९ जेठ १ गते एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

चापाकोट गाविस-६ सुन्तलीटारका माओवादी छापामार २५ वर्षीय राजन सुवेदी र सोही गाविस-१ का माओवादीद्वारा घोषित गाउँ जनसरकारका योजनाकार ३४ वर्षीय तुलसी पंगेनीलाई माओवादीको आरोपमा ०५८ माघ २२ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा फागुन ७ गते पेल्काचौरमा गोली हानी हत्या गरे। पेलकाचौरमा गएको अवस्थामा भाग्न खोजेको आरोपमा गोली प्रहार गरिएको बताइयो।

तनहुँ जिल्लाका २६ वर्षीय यामबहादुर कुमाललाई ०५८ चैत ६ गते सिंगारकोटमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादीको गाउँस्तरीय प्रशिक्षण कार्यक्रममा संलग्न यामबहादुर माओवादी कमाण्डर थिए।

पर्वत जिल्ला उरामपोखरा गाविसका माओवादी कार्यकर्ता निशान भनिने २६ वर्षीय शिव काफ्ले, सोही जिल्ला देवस्थान गाविसका माओवादी कार्यकर्ता विप्लव भनिने ३२ वर्षीय कृष्णप्रसाद भुसाल तथा सरला र उज्ज्वल भनिने माओवादी कार्यकर्ताको ०५८ चैत ९ गते हरिपालामा सुरक्षाकर्मीसँगको भिडन्तमा मृत्यु भयो। माओवादीहरूले एम्बुस थाप्न लागेको अवस्थामा भिडन्त भएको जनाइयो।

माओवादी कार्यकर्ताहरू नवलपरासी जिल्लाका राजुराम पौड्याल, म्याग्दीका कमल भुजेल, दाङका ओवीराज डाँगी र पाल्पाकी चुनमाया गुरूङको ०५९ वैशाख १५ गते नौडाँडामा सुरक्षाकर्मीसँगको दोहोरो भिडन्तका क्रममा मृत्यु भयो।

मग्याम चिसापानीका भारतीय सैनिक २१ वर्षीय तिलबहादुर रानालाई माओवादीको आरोपमा ०५९ जेठ ११ गते किचनासमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। बिदामा घर आएका पीडित साथीको चिठ्ठी पुर्‍याउन किचनास जाँदा सुरक्षाकर्मीले गोली हानेका थिए।

कुवाकोट गाविस-४ का माओवादी गाउँ सदस्य २७ वर्षीय प्रवेशप्रसाद अधिकारीको ०५९ जेठ १७ गते सोही गाविसमा सुरक्षाकर्मीसँगको दोहोरो भिडन्तका क्रममा मृत्यु भयो।

केवरे गाविस-५ का २५ वर्षीय गोपाल सार्कीलाई माओवादीको आरोपमा ०५९ जेठ २० गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई वालिङतर्फ लैजाँदा सुरक्षा घेरा तोड्न खोजेको आरोपमा वालिङ नपा-५ मा गोली हानी हत्या गरियो।

दाङ जिल्ला घर भई मिर्मीमा काम गर्दै आएका मनु र लाटा भनिने बलबहादुर तामाङलाई माओवादीको आरोपमा ०५९ असार १५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित बहिरा थिए।

कास्की जिल्ला लेखनाथ नपाका माओवादी कार्यकर्ता

३५ वर्षीय ज्योति पौड्याल, विरूवाकी २५ वर्षीय सपना गुरूङ र नाम, ठेगाना खुल्न नसकेका एक जना पुरुष गरी ३ जनाको ०५९ भदौ ४ गते कुवाकोट गाविसमा सुरक्षाकर्मीसँगको दोहोरो भिडन्तका क्रममा मृत्यु भयो।

आरूखर्कमा ०५९ असोज ६ गते नाम, ठेगाना खुल्न नसकेका ३ जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

दाङ जिल्लाका माओवादी टोली कमाण्डर हेमराज चौधरीको ०५९ असोज १६ गते पकवादीमा सुरक्षाकर्मीसँगको दोहोरो भिडन्तका क्रममा मृत्यु भयो भने माओवादी कार्यकर्ताहरू मुक्ति खनाल र सुशीला चौधरी घाइते भए। पोखरामा उपचार गर्दागर्दै असोज १९ गते दुवै जनाको मृत्यु भयो।

माओवादीबाट

त्रिन्नेबास गाविस-६ का सोनी भन्ने २७ वर्षीय देवानसिंह थापालाई सुराकीको आरोपमा ०५८ फागुन २० गते बेलुका मिर्दीस्थित एक होटलबाट बाहिर जानलाग्दा माओवादीहरूले गोली हानी हत्या गरे।

बानेथोक देउराली गाविस-६ का नेकांका कार्यकर्ता देवबहादुर खवासलाई ०५९ भदौ २६ गते माओवादीहरूले "केही कुरा गर्नुछ" भनी घरबाट केही पर लगी खुकुरी प्रहार गरी गला काट्नुका साथै गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

अर्जुनचौपारी गाविस-७ का ७१ वर्षीय भुपू भारतीय सैनिक रनबहादुर गुरूङको ०५९ कार्तिक १ गते सोही गाविस लामीडाँडामा सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा गोली लागी मृत्यु भयो।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

खिलुङ देउराली गाविस-९ का नेकांका जिल्ला सभापति ५३ वर्षीय खगेन्द्रराज रेग्मीलाई ०५८ माघ २७ गते

माओवादीद्वारा हत्या गरिएका देवबहादुर खवास

बेलुका माओवादीहरूले घरमै आई गोली हानी घाइते बनाए। पीडितको कन्चट, छाती र हत्केलामा गोली लागेको थियो। पीडितको उपचार त्रिवि शिक्षण अस्पताल काठमाण्डौमा भयो।

वालिङस्थित सशस्त्र प्रहरी तालिम केन्द्रमा कार्यरत प्रहरी तोरण सापकोटा ०५९ वैशाख १९ गते रनिङमा गएको अवस्थामा माओवादीहरूको एम्बुसमा परी घाइते भए। पीडितको उपचार पोखरामा भयो।

जेल र बन्दीहरू

यस जिल्लामा ३५ जना बन्दी क्षमता भएको "ङ" श्रेणीको जेल रहेकोमा ४० जना बन्दी छन्। गत वर्ष माओवादीहरूले क्षतिग्रस्त पारेको यो जेल पुनर्निर्माण गरी ०५९ जेठ ६ गतेदेखि बन्दी राख्न शुरू गरिएको थियो। यस जेलमा १७ जनालाई माओवादीको आरोपमा नजरबन्दमा राखिएको छ। यस जेलमा महिला र बालबालिका छैनन्। बन्दीहरूलाई पत्रपत्रिका, टिभी, पानी, बत्तीको राम्रो व्यवस्था छ। हप्तामा २ दिन बन्दीलाई आफन्तसँग भेटघाट गर्न सकिन्छ। बन्दी र सुरक्षाकर्मीबीच राम्रो सम्बन्ध छ।

बेपता /अपहरण

राज्यबाट

मनकामना गाविसकी माओवादी कार्यकर्ता मनकुमारी

घटनाको प्रकार	गैर राज्यपक्षबाट						राज्यबाट पीडित			
	अन्यबाट पीडित			माओवादीबाट						
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	३	३	३	१३	१९	४	२३
घाईते				२	२	२	१	१	१	२
गिरफ्तारी/यातना							३०	३५	२	३७
वेपत्ता							२	१	१	२
कुटपिट	१	१	१	३	३	३				
अपहरण				२	२	२				
जम्मा	२	२	२	१०	१०	१०	४६	५६	८	६४

गुरुङलाई ०५८ चैत ६ गते माफकोट गाविस-८ बाट सुरक्षाकर्मीले गिरफ्तार गरेकामा हालसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन।

पकवादी गाविस-४ का ३८ वर्षीय हरिप्रसाद खनाललाई माओवादीको आरोपमा ०५९ असार ३० गते प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन।

माओवादीबाट

गपाकोट गाविस-५ का नेकपा (एमाले) का कार्यकर्ता ३० वर्षीय मिनबहादुर गुरुङलाई ०५९ भदौ २६ गते राति माओवादीहरुले अपहरण गरे। पीडितको बारेमा हालसम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन।

पाल्पा जिल्ला घर भई वालिङ नपा-३ बस्ने १६ वर्षीय राजु रेग्मीलाई ०५९ भदौ २८ गते पाठाखोलाबाट माओवादीहरुले अपहरण गरे। पीडितलाई ७ दिनसम्म विभिन्न ठाउँ घुमाएपछि २ लाख रुपैयाँ माग गरे। पीडितले चितवन जिल्ला भरतपुर नपामा आफन्तसँग मागी ९० हजार रुपैयाँ दिएपछि अपुग भएको बताउँदै माओवादीहरुले २ पिन्ट रगत समेत लिए। त्यसपछि माओवादीहरुले पीडितलाई रुपन्देही जिल्ला बुटवलस्थित तिनाउ खोला पुर्याई मुक्त गरे। माओवादीहरुले पीडितलाई जुनसुकै बेला पनि कारवाही गर्न सकिने धम्की दिएका थिए।

धम्की /ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

पेल्काचौर गाविसका उपाध्यक्ष श्यामबहादुर थापालाई सुराकीको आरोपमा ०५८ पुस २८ गते माओवादीहरुले कुटपिट गरी घाइते बनाए।

पेलाकोट गाविस-६ उदियाचौरका सरस्वती माविका शिक्षक ३५ वर्षीय कृष्णप्रसाद पाठकलाई ०५८ माघ २३ गते राति माओवादीहरु घरमा आई ३ राउण्ड हवाई फायर गर्नुका साथै आँखामा पट्टी बाँधी घरदेखि केही पर लगी कुटपिट गरे। नाक र मुखबाट बढी रगत बगेका कारण पीडितलाई पोखरा लगी उपचार गरियो।

पेलाकोट गाविस-६ का ६५ वर्षीय गंगालाल पाठकलाई ०५८ माघ २३ गते माओवादीहरुले घरबाट हल्कडी लगाई केही पर लगी धारिलो हतियार प्रहार गरे। पीडकहरुले पीडितका दुवै खुट्टा भाँचिदिएका थिए। पीडितलाई उपचारार्थ काठमाण्डौं शिक्षण अस्पताल लगियो।

चितवन जिल्ला कुरिन्टारमा सशस्त्र प्रहरीबलमा कार्यरत असई मित्रलाल न्यौपानेलाई बिदा सकेर पर्वतबाट कुरिन्टार जान लागेको अवस्थामा ०५९ असार ५ गते स्याङ्जा र पर्वतको सिमानामा पर्ने जङ्गलमा माओवादीहरुले कुटपिट गरी सख्त घाइते बनाए। पीडितलाई उपचारार्थ काठमाण्डौं लगियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी मुद्दा ४१ वटा दर्ता भएकोमा ५ वटा फर्स्यौट भए। साधारण देवानीतर्फ १ सय ५ दर्ता भएकोमा ३० वटा फर्स्यौट भए। दुनियावादी फौज्दारी ३७ वटा दर्ता भएकोमा १३ वटा फर्स्यौट भए। संक्षिप्त देवानी ७ वटामध्ये २ वटा फर्स्यौट भए। संक्षिप्त फौज्दारीतर्फ २६ वटा दर्ता भएकोमा १३ वटा फर्स्यौट भए। विशेष अदालततर्फ २१ वटा मुद्दा दर्ता भएकोमा ७ वटा फर्स्यौट भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

अर्जुनचौपारी गाविस-६ का २२ वर्षीय तीर्थनाथ काफ्लेलाई माओवादीको आरोपमा ०५८ पुस १७ गते सुरक्षाकर्मीले स्याङ्जा चेकपोष्टबाट गिरफ्तार गरे। ४ दिनको अनुसन्धानपछि पीडितलाई नजरबन्दका लागि कास्की जेल पठाइएकोमा हालसम्म रिहा गरिएको छैन।

फापरथुम गाविस-५ का ३२ वर्षीय बाबुराम सापकोटा, ४९ वर्षीय भागिराज सापकोटा, सोही गाविस-६ का ६० वर्षीय सोमनाथ सापकोटा र ५५ वर्षीय गोविन्द ढकाललाई माओवादीको आरोपमा ०५८ पुस २१ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई ४ दिनसम्म हिरासतमा राखी नजरबन्दका लागि कास्की जेल पठाइएकोमा हालसम्म रिहा गरिएको छैन।

फापरथुम गाविस-६ का २७ वर्षीय भक्तनाथ ढकाललाई माओवादीको आरोपमा ०५८ पुस २१ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। ५ दिनपछि नजरबन्दका लागि कास्की जेल पठाइएकोमा हालसम्म रिहा गरिएको छैन।

चिलाउनेबास गाविस-४ का २१ वर्षीय राजेन्द्र पौड्याललाई माओवादीको आरोपमा ०५८ पुस २४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। ३ दिनपछि पीडितलाई नजरबन्दका लागि कास्की जेल पठाइएकोमा हालसम्म रिहा गरिएको छैन।

वालिङ नपा-९ का २६ वर्षीय बुद्धिसागर पराजुलीलाई माओवादीको आरोपमा ०५८ पुस २८ गते वालिङ बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। ५ दिनपछि पीडितलाई नजरबन्दका लागि कास्की जेल पठाइएकोमा हालसम्म रिहा गरिएको गरियो।

गपाकोट गाविस-२ का १६ वर्षीय गणेश वि.क.लाई माओवादीको आरोपमा ०५८ माघ १५ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। ४ दिनसम्म अनुसन्धानमा राखेका गणेशलाई नजरबन्दका लागि कास्की जेल पठाइएकोमा हालसम्म रिहा गरिएको छैन।

रत्नपुर गाविस-४ का शिक्षक ३१ वर्षीय हरिप्रसाद खनाललाई माओवादीको आरोपमा ०५९ माघ २२ गते आफ्नै

घरवाट सरक्षाकर्मीले गिरफ्तार गरेकोमा फागुन ६ गते तारेखमा रिहा गरियो।

चापाकोट गाविस-६ सुन्तलीटारका ७२ वर्षीय पूर्णचन्द्र भण्डारीलाई माओवादीको आरोपमा ०५८ माघ २५ गते आफ्नै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा फागुन १३ गते रिहा गरिये।

मग्याम चिसापानी गाविस-५ का ४८ वर्षीय मातृभूमि माविका शिक्षक नरनाथ लम्साललाई ०५८ फागुन २ गते आत्मसमर्पण गर्न सुरक्षा निकायसमक्ष गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी नजरवन्दका लागि कास्की जेल पठाए।

स्विलुङ देउराली गाविस-९ का ६७ वर्षीय तेजप्रसाद कोइरालालाई ०५८ फागुन १९ गते, वालिङ नपा-५ मिर्दीका शिक्षक ३५ वर्षीय यामप्रसाद पाण्डे, शिक्षिका ३० वर्षीय गिता पाण्डे, वालिङ नपा-८ का कपिलराज काफ्ले, शेरबहादुर गुरूङ र सोही नपा-३ का भीमप्रसाद पाण्डेलाई ०५८ फागुन १३ गते, पुतलीबजार नपा-३ लत्रेपिपलका २३ वर्षीय गिता वि.क.लाई ०५८ चैत १७ गते, चिन्नेबास गाविस-९ का ६३ वर्षीय भुवनसिंह महत क्षेत्रीलाई ०५९ वैशाख १० गते, पुतलीबजार नपा-६ का ५५ वर्षीय दिवाकर पोख्रेललाई ०५९ वैशाख १० गते, चिन्नेवास गाविस-३ का जनजागृति प्राविका प्रधानाध्यापक ३५ वर्षीय मुरारीप्रसाद लम्साललाई ०५९ जेठ १० गते र कुवाकोट गाविस-५ का १८ वर्षीय देवबहादुर थापालाई माओवादीको आरोपमा ०५९ जेठ १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी रिहा गरियो।

कुवाकोट गाविस-५ का १९ वर्षीय बलबहादुर मगरलाई माओवादीको आरोपमा ०५९ जेठ २७ गते आफ्नै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ४ दिनपछि १ दिनको तारेखमा रिहा गरियो।

कोल्मा गाविस-८ पोखरीछापका २० वर्षीय युवराज गुरूङलाई माओवादीको आरोपमा ०५९ असार १२ गते आफ्नै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा २ पटकको तारेखमा रिहा गरियो।

दहथुम गाविसिका भोलाबहादुर खाँणलाई ०५९ असार १३ गते आफ्नै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा १ दिनको तारेखमा भोलिपल्ट रिहा गरियो।

पकवादी गाविस-३ का ३० वर्षीय ठाकुर गैरेलाई माओवादीको आरोपमा ०५९ असोज ११ गते आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरेकोमा ७ दिनपछि रिहा गरियो।

स्वरेक गाविस-६ का २६ वर्षीय मणि अर्याललाई माओवादीको आरोपमा ०५९ असोज १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ४ दिनपछि रिहा गरियो।

स्वरेक गाविस-७ का सूर्यबहादुर थापा, सोही गाविस-६ का कृष्ण सार्की र श्याम सार्कीलाई माओवादीको आरोपमा ०५९ असोज १२ गते आ-आफ्नो घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ६-७ दिनपछि रिहा गरियो।

पकवादी गाविस-४ का ३५ वर्षीय मुक्ति खनाललाई माओवादीको आरोपमा ०५९ असोज १२ गते आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरेकोमा हाल रिहा गरिएको छ।

पकवादी गाविस-४ का नेकपा (एमाले) का कार्यकर्ता ५५ वर्षीय इन्द्रबहादुर खनाललाई माओवादीको आरोपमा ०५९ असोज १३ गते आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ६ दिनपछि तारेखमा रिहा गरियो।

पकवादी गाविस-३ का आनन्द भण्डारीलाई माओवादीको आरोपमा ०५९ असोज १३ गते आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरेकोमा ५ दिनपछि रिहा गरियो।

वालिङ नपा-७ का २३ वर्षीय सोमबहादुर सार्कीलाई माओवादीको आरोपमा ०५९ कार्तिक १३ गते गाई चराउन गएको अवस्थामा प्रहरीले गिरफ्तार गरेकोमा ४ दिनपछि रिहा गरियो।

वालिङ नपा-७ का ४५ वर्षीय देवीप्रसाद ढुङ्गानालाई माओवादीको आरोपमा ०५९ कार्तिक २३ गते प्रहरीले गिरफ्तार गरेकोमा ९ दिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

हत्या हिंसाका कारण विभिन्न गाविसका शिक्षक, कृषक, विद्यार्थी, कर्मचारी, राजनीतिक कार्यकर्ताहरू विस्थापित भएका छन्। जिल्ला प्रशासन कार्यालयबाट २७ जनाले विस्थापित भत्ता प्राप्त गरेका छन्।

बालअधिकार

एक जना बालिकालाई घाँटी च्यापेर हत्या गरिएको घटना सार्वजनिक जानकारीमा आयो।

यस जिल्लाका विभिन्न १४ वटा निजी विद्यालय पूर्ण रूपमा बन्द भए। त्यसमध्ये वयरघारीस्थित बुद्ध इङ्लिस बोर्डिङ स्कूल, वालज्योति इङ्लिस बोर्डिङ स्कूल, आदर्श इङ्लिस बोर्डिङ स्कूल, रत्नपुरस्थित रत्नपुर एकेडेमी, विरूवास्थित

माओवादीद्वारा आक्रमण गरी क्षति पुर्‍याइएको गल्याङ विद्युत गृह

अक्सफोर्ड इङ्लिस बोर्डिङ स्कूल र जर्बाजव इङ्लिस बोर्डिङ स्कूल गरी ६ वटा स्कूलका मात्र ८ सय ९७ जना विद्यार्थी पठनपाठनबाट वञ्चित भए।

बालिङ नपा-१ की ७ वर्षीय एक बालिकालाई ०५९ वैशाख २८ गते सोही ठाउँका ५५ वर्षीय पदम श्रेष्ठले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

विविध

संरचना क्षति

यस वर्ष यस जिल्लामा माओवादीहरूले एउटा विद्युत पावर हाउस, २ वटा वन कार्यालय, २ वटा गाविस भवन, एउटा दूरसञ्चार केन्द्र, विद्युत केन्द्रका ३ वटा र स्कूलका २ वटा गाडी ध्वस्त पारे।

अतिरिक्त जानकारीहरु

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लामा व्यक्तिगत कुटपिटका ८ वटा घटनामा ९ जना पुरुष र ६ जना महिला पीडित भए। २४ पुरुष र १६ महिलाले आत्महत्या गरे। सवारी दुर्घटनामा ११ जनाको मृत्यु भयो।

माओवादी गतिविधिमा संलग्न नहुने जनाई यस जिल्लाका विभिन्न ठाउँका ५२ जना व्यक्तिले जिल्ला प्रशासन कार्यालयसमक्ष आत्मसमर्पण गरे।

३.५ कास्की

जनसंख्या	: ३२६३९८
साक्षरता प्रतिशत	: ५८.१
महिला साक्षरता प्रतिशत	: ४४.५
क्षेत्रफल (वर्ग कि. मि.)	: २०१७
गाविस / नपा संख्या	: ४३/२
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५२५
क्याम्पस / उच्च मा.वि.	: १३/१०
अस्पताल / स्वास्थ्य चौकी	: ३/४८
टेलिफोन लाइन	: १६०००
मोटर सडक (कि. मि.)	: ५००
प्रहरी कार्यालय संख्या	: ३०
हुलाक संख्या	: ५१
मानव विकास सूचकांक	: ०.४५०
प्रति एक डाक्टर जनसंख्या	: ७१८०
प्रति परिवार सरदर संख्या	: ४.४७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

रामकोट माविका शिक्षक ३५ वर्षीय चन्द्र खनाललाई माओवादीको आशंकामा ०५८ फागुन २४ गते विद्यालयको कक्षा कोठाबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा सोही दिन हंसपुर गाविस-४ मा हत्या गरे। आत्मसमर्पण गरेका पीडितलाई घेरा तोड्न खोज्दा प्रहार गरेको गोली लाग्दा मृत्यु भएको सुरक्षाकर्मीले जनायो। पीडितको लास सोही दिन बेलुका आफन्तलाई बुझाइयो।

पोखरा उमनपा-११ फुलबारीमा ०५८ फागुन २५ गते बिहान एक जना अज्ञात व्यक्तिको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सुरक्षाकर्मीको पोष्टतर्फ अगाडि बढ्दै गरेको अवस्थामा गोली प्रहार गरिएको थियो।

सैमराङ गाविस-५ स्थित एक घरमा ०५९ जेठ २६ गते बिहान सुरक्षाकर्मीले घेरा हाली गोली प्रहार गर्दा २ जना माओवादीको मृत्यु भयो। माओवादीहरू लुकेर बसेको स्थानमा सुराकीका आधारमा पुगेका सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए। मृत्यु हुने एक माओवादीको नाम खिमबहादुर परियार छ भने अर्को को थिए भन्ने हालसम्म पत्ता लाग्न सकेको छैन।

माओवादी निकट मजदुर संगठनका केन्द्रीय सदस्य तथा माओवादीका इलाका इन्चार्ज ढिकुरपोखरी गाविसका ३३ वर्षीय माधव भनिने छवी अधिकारीको ०५९ जेठ २६ गते बिहान भाचोक गाविसस्थित एक घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

यस बाहेक पुम्दीभुम्दी गाविस-४ स्थित जंगलमा ०५८ पुस २६ गते बेलुका २ जना र सौरंभञ्ज्याङ गाविसस्थित जंगलमा ०५८ चैत १३ गते सुरक्षाकर्मीको गोलीद्वारा २ जना माओवादीको मृत्यु भयो।

माओवादीबाट

सल्यान गाविस-३ बाँसखर्कका नेकपा जिल्ला कार्य समिति सदस्य, महाधिवेशन प्रतिनिधि एवं जिविस सदस्य ५१ वर्षीय कृष्णबहादुर गुरुङलाई चन्दा नदिएको आरोपमा ०५९ वैशाख ६ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले गोली प्रहार गरी हत्या गरे।

चितवन जिल्ला घर भई पोखरा उमनपा-१३ स्थित भैरवी दल गणमा कार्यरत उपसेनानी ३१ वर्षीय खड्गवहादुर रानाभाटको ०५९ जेठ २२ गते दिउँसो गर्स्नीमा गएको अवस्थामा माफठाना गाविस-२ भगवतीटारमा माओवादीले खुकुरी र गोली हानी हत्या गरे। सो घटनामा दुई जवान सामान्य घाइते भए।

नवलपरासी जिल्ला हुकुई गाविस-६ घर भई विन्ध्यवासिनी मन्दिरको सुरक्षार्थ खटिएका प्रहरी जवान २० वर्षीय वालकृष्ण हरिजनलाई ०५९ भदौ २१ गते दिउँसो माओवादीले गोली हानी हत्या गरे। घटनास्थलमा घाइते भएका पीडितको मणिपाल अस्पतालमा उपचार गर्दागर्दै सोही दिन वेलुका मृत्यु भएको थियो।

धम्पुस गाविस-१ उपल्लोफेंदीकी २८ वर्षीय शिवा परियारको ०५९ भदौ ३१ गते सोही ठाउँमा माओवादीले फ्याँकेको वम विष्फोट हुँदा मृत्यु भयो भने सोही ठाउँकी २७ वर्षीय राधिका भण्डारी र उनकी छोरी १० वर्षीय शारदा भण्डारी घाइते भए। घाइतेद्वय हाल उपचार गरी घर फर्केका छन्।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

माओवादीको एरिया कमिटी सदस्य तथा महिला छापामार काभ्रे जिल्ला पाँचखाल गाविस-६ की २२ वर्षीय सृजना भनिने शान्ति नामाङ ०५९ मंसिर ७ गते विहान लाहाचोकको गाविसको खोलामा सुरक्षाकर्मीको गोलीद्वारा घाइते भइन्। पीडितलाई तत्काल सुरक्षाकर्मीले उपचारार्थ पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भर्ना गरेकोमा निको भई स्थानीय प्रशासनसमक्ष आत्म समर्पण गरिन्। प्रशासनले उनलाई आफन्तको जिम्मा लगायो।

जेल र बन्दीहरू

कूल ६० जना क्षमता भएको कास्की जेल "ग" श्रेणीको हो। यस जेलमा यस वर्षको अन्त्यमा १ सय २८ जना वन्दी राखिएको थियो। २७ पुरुष र १४ महिला गरी ४१ जनालाई नजर वन्दमा राखिएको छ। कर्तव्य ज्यान मुद्दामा कैद नतोकिएका ३ महिला र ९ पुरुष गरी १२ जना छन् भने कैद तोकिएका ९ महिला र ५ पुरुष गरी १४ जना छन्। ज्यानमार्ने उद्योगमा कैद नतोकिएका २ पुरुष छन् भने डाँका मुद्दामा ८ पुरुष छन्। चोरी मुद्दामा कैद नतोकिएका ८ र कैद तोकिएका ४ गरी १२ पुरुष छन् भने लागु औषधसम्बन्धी मुद्दामा कैद नतोकिएका १ र तोकिएका ३ गरी ४ पुरुष छन्। त्यसैगरी सार्वजनिक अपराध मुद्दामा कैद नतोकिएका १७ र तोकिएका १ गरी १८ पुरुष छन्। जवरजस्ती करणी मुद्दामा कैद नतोकिएका ४ पुरुष छन्। जीउ मास्ने, बेच्ने मुद्दामा कैद तोकिएका १ पुरुष र १ महिला छन् भने मादक पदार्थ सेवन मुद्दामा कैद तोकिएका १ पुरुष छन्। ठगी मुद्दामा कैद नतोकिएका १ पुरुष छन् भने सवारी दुर्घटनामा कैद नतोकिएका ५ पुरुष छन्। त्यसैगरी हातहतियार खरखजाना मुद्दामा कैद नतोकिएका ५ पुरुष छन्। यसवाहेक १ जना बालक र १ जना वालिका आश्रित छन्।

बेपता /अपहरण

माओवादीबाट

माफठाना गाविस-२ भगवतीटारका सोही गाविसका अध्यक्ष एवम् नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ३७ वर्षीय पद्मप्रसाद पौडेललाई आफूहरूलाई खाना खान नदिएको आरोपमा ०५८ चैत २५ गते वेलुका माओवादीहरूले अपहरण गरे। पीडितलाई भोलिपल्ट सोही ठाउँको काफलडाँडामा सुरक्षाकर्मीले फेला पारी विजयपुरस्थित व्यारेकमा राखी ०५९ वैशाख ३ गते रिहा गरे।

भरतपोखरी गाविस-३ की १९ वर्षीय दुरूकुमारी थापामगरलाई माओवादीले इच्छाविपरीत जवरजस्ती हिंसात्मक कार्यमा संलग्न हुन वाध्य पारे। ०५९ जेठमा आफ्नै घरमा वसिरहेको अवस्थामा सशस्त्र माओवादीले मुख थुनी जवर्जस्ती अपहरण गरी लगेको पीडितले वताइन्। पीडितलाई तारकाङ गाविसस्थित जंगलमा खोजतलासमा गएका सुरक्षाकर्मीले माओवादीवाट मुक्त गरी ०५९ साउन १६ गते आफन्तको जिम्मा लगाए।

माओवादी नेता खोपवहादुर कँडेललाई ०५८ माघ २२ गते गगन गौंडावाट सुरक्षाकर्मीले गिरफ्तार गरी वेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

माफठाना गाविस-३ काफलडाँडाका पूर्व सैनिक ४५ वर्षीय मंगलवहादुर रानाभाटलाई ०५९ वैशाख १९ गते राति आफ्नै घरमा वसिरहेको अवस्थामा माओवादीले वञ्चरो प्रहार गरी दुवै खुट्टा भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा भयो।

क्षेत्र नं. २ को मौजा गाविसमा मतदाता परिचयपत्रका लागि फोटो खिच्न गएका कर्मचारीका हातवाट ०५८ माघ १० गते माओवादीले क्यामरा लुटेर लगे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

निर्मलपोखरी-४ का नेकपा (एमाले) का जिल्ला सदस्य ३५ वर्षीय रविन्द्र अधिकारी र लेखनाथ नपा-८ का सोही पार्टीका जिल्ला सदस्य ४३ वर्षीय लेखनाथ घिमिरेलाई ०५९ असोज ११ गते दिउँसो भरतपोखरी गाविस-४ वाघमारास्थित तुलराज स्मृति वाचनालयमा कार्यकर्तालाई प्रशिक्षण दिइरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितद्वयलाई सोही वेलुका भरतपोखरी गाविस गौरीगाउँवाट मुक्त गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ४ सय ७० वटामध्ये २ सय ६४ फस्र्यौट भई २ सय ६ बाँकी रहे। यस वर्ष दर्ता भएका ५ सयमध्ये २ सय २ फस्र्यौट भई २ सय ९८ बाँकी रहे। जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी ९ सय ७० वटा देवानी मुद्दामध्ये ४ सय ६६ फस्र्यौट भई ५ सय ४ बाँकी रहे। दुनियावादी फौजदारीतर्फ अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका २ सय ३१ वटा मुद्दामध्ये १ सय ६० फस्र्यौट भई ७१ बाँकी रहे। यस वर्ष दर्ता भएका २ सय ७१ वटा मुद्दामा १ सय ५८ फस्र्यौट भई १ सय १३ बाँकी रहे। जिम्मेवारी सरेर आएका र यस बर्ष दर्ता भएका गरी ५ सय २ वटा दुनियावादी फौजदारी मुद्दामध्ये ३ सय १८ फस्र्यौट भई १ सय ६४ बाँकी रहे। त्यसैगरी सरकारवादी फौज्दारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ६३ वटा मुद्दामध्ये ३५ वटा फस्र्यौट भई २८ वटा बाँकी रहे भने यस वर्ष ८९ वटा दर्ता भएकोमा ३१ वटा फस्र्यौट भई ६६ वटा बाँकी रहेका छन्।

दुनियावादी र सरकारवादी दुवैतर्फ अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी कूल १ सय ५२ वटा मुद्दामध्ये ६६ वटा फस्र्यौट भई ८६ वटा बाँकी रहे। देवानी र फौज्दारी दुवैतर्फ अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ७ सय ७४ वटा मुद्दामध्ये ४ सय ५९ वटा फस्र्यौट भई ३ सय ५ वटा बाँकी रहे। यस वर्ष दर्ता भएका ८ सय ६० वटा मुद्दामध्ये ३ सय ९१ वटा फस्र्यौट भई ४ सय ७७ वटा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेका र यस वर्ष दर्ता भएका गरी कूल १ हजार ६ सय २४ वटा मुद्दामध्ये ८ सय ५० वटा फस्र्यौट भए भने ७ सय ७४ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

पोखरा उमनपा-६ बैदाम गाइघाटमा ०१७ सालदेखि बसोबास गर्दै आएका २६ परिवार सुकुम्बासीहरूलाई उमनपाको अनुरोधमा ०५८ माघ १ गते प्रहरीले बल प्रयोग गरी हटाए।

पोखरा उमनपा-९ शान्ति वनवाटिका नजिकैको सार्वजनिक जग्गामा विगत १४ वर्षदेखि टहरा निर्माण गरी बसेका १५-१६ घर परिवार सुकुम्बासीहरूलाई ०५८ फागुन १ गते प्रहरीको सहयोगमा नगरप्रहरीले टहरा भत्काई विस्थापित गरे। माओवादी गतिविधिका कारण २ सय ५ जना विस्थापित रहेको जानकारी प्राप्त भयो।

आर्थिक अधिकार

पोखरा उमनपा-११ फुलबारीस्थित मणिपाल शिक्षण अस्पतालमा कार्यरत सुपरभाइजर कृष्णबहादुर थापालगायत् ४२ जना कर्मचारीहरूलाई बडादशैंको मुखमा आएर खाइपाई आएको तलब सुविधा र दशैं पेश्की पाउनबाट व्यवस्थापनले वञ्चित गरायो। २ जना सुपरभाइजर, १३ जना कुक, १५ जना क्लिनर र १२ जना होस्टेलमा कार्यरत गरी ४२ कर्मचारीहरूले ०५९ कार्तिक २२ गते तलब माग्दा उल्टै अश्लील शब्द प्रयोग गरी गाली गलौज गरिएको पीडित कर्मचारीहरूले बताए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित			
	अन्यबाट पीडित					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको
हत्या	६	३	३		६	५	३	१	१	५	७	७	२	२
घाइते						१		२		२	१		१	
बम विस्फोटन						३			३	३				
गिरफ्तारी/यातना											८	११		४
कुटपिट	५	४	१		५	१	१			१				
वेपत्ता											१	१		
धम्की						१			१	१				
भूमिहीन/सुकुम्बासी											२			४१
महिलाअधिकार	३		३		३									
बालअधिकार	६	२	११	२	१५									
आर्थिक/सामाजिक अधिकार	१			१	१									
अपहरण						३	३	१		४				
जम्मा	२१	९	१८	३	३०	१४	७	४	५	१६	१९	१९	३	४७

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

वाग्लुङ जिल्ला अमलाचौर गाविस-२ घर भई पोखरा उमनपा-२ अर्चलबोटमा बस्ने सिविन, पोखरामा कार्यरत २६ वर्षीय बुद्धि पौडेललाई ०५८ माघ २७ गते बेलुका आफ्नै कोठाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

पोखरा उमनपा-१४ काजीपोखरीका संयुक्त क्रान्तिकारी जनपरिषद्का सल्लाहकार, नेपाल जनजाति महासंघका केन्द्रीय उपाध्यक्ष तथा नेपाल मगर संघका भूपू केन्द्रीय महासचिव ३३ वर्षीय लोकबहादुर थापा मगरलाई ०५८ माघ २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

पर्वत जिल्ला केशवटार गाविस-९ का ३२ वर्षीय गोकर्ण पण्डित र उनकै पत्नी कोविजा पराजुलीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ फागुन ५ गते पोखराबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५९ असोज ६ गते पर्वत पुऱ्याइयो र असोज २२ गतेदेखि नजरबन्दमा राखियो।

म्याग्दी जिल्ला अर्थुङ्गे गाविस-५ घर भई पोखरा उमनपा-३ नदीपुर बस्ने नेपाल पत्रकार महासंघका साधारण सदस्य तथा जनमत दैनिकका सहसम्पादक २६ वर्षीय विनोद धौलागिरीलाई माओवादीसँगै फोटो खिचेको आरोपमा ०५९ वैशाख २२ गते बेलुका कार्यालय जाँदै गर्दा पोखरा उमनपा-८ सृजनाचोकबाट प्रहरीले गिरफ्तार गरी ३ घण्टापछि रिहा गरे।

आर्वाविजय गाविस-२ घर भई पोखरा उमनपा-१० अमरसिंह चोक बस्ने अखिल नेपाल सुकुम्वासी संघका जिल्ला अध्यक्ष ४४ वर्षीय चमनलाल बराललाई ०५९ साउन २० गते दिउँसो सोही उमनपा-१३ काहुँखोलाको खेतमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

पुम्दीभुम्दी गाविस घर भई चितवन जिल्लामा बसोबास गर्दै आएका ४० वर्षीय मोहन बरालला‌ई माओवादीको आशंकामा ०५९ साउन २० गते ढिकुरपोखरी गाविसस्थित छोरीको आफ्नै घरमा आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

इन्जिनियरिङ अध्ययन संस्थान, पश्चिमाञ्चल क्याम्पसको छात्रावासमा बस्ने सोही क्याम्पसका विद्यार्थीहरू अनन्तराज घिमिरे, धर्मबहादुर पुन, काशीनाथ पौडेल, रामबहादुर श्रेष्ठ, अर्जुन बम र अक्कलबहादुर महतलाई माओवादीको आशंकामा ०५९ भदौ १ गते राति सुरक्षाकर्मीले छात्रावासबाट गिरफ्तार गरे। अर्जुन र अक्कलबहादुरलाई भोलिपल्ट रिहा गरियो भने ४ जनालाई हालसम्म थुनामा राखिएको छ।

बालअधिकार

जन्माउनेबाटै शिशुहत्या गरिएका २ वटा घटना भए।

लेखनाथ नपा भण्डारढिकस्थित नेपाल आदर्श आवासीय मावमा अध्ययनरत छात्रावासका १० जना विद्यार्थीहरूलाई भदौरे तामागी गाविसको सिघाने घर भई पोखरा उमनपा-१२ रामघाटमा बस्ने सोही स्कूलका छात्रावास शिक्षक ३० वर्षीय अशोक गुरुङले अप्राकृतिक यौन सम्बन्ध राखी अमानवीय कार्य गरे। लगातार एक महिनासम्मको अमानवीय कार्यपछि पीडितहरूको निवेदनका आधारमा प्रहरीले पीडकलाई ०५८ माघ ४ गते पक्राउ गरी सार्वजनिक मुद्दा चलाएकोमा हाल धरौटीमा रिहा गरिएको छ।

माओवादीको धम्कीका कारण हंसपुरस्थित रिभरसाइड इङ्लिस बोर्डिङ स्कूल गत शैक्षिक सत्रदेखि बन्द भएको छ। यसका कारण करिब सय जना विद्यार्थी प्रभावित भए। माओवादीको धम्कीका कारण माझठानाको बाल ज्योति इङ्लिस बोर्डिङ स्कूल गत शैक्षिक सत्रदेखि बन्द भएकोमा हाल सञ्चालनमा आएको छ। त्यसैगरी कालिका गाविसस्थित कालिका बोर्डिङ स्कूल २ वर्षदेखि पूर्णरूपमा बन्द छ। पाँच कक्षासम्म सञ्चालनमा रहेको सो बोर्डिङ बन्द भएका कारण झण्डै डेढ सय विद्यार्थी प्रभावित भए।

महिला अधिकार

पोखरा उमनपा-१४ सिद्धार्थचोककी २२ वर्षीय एक महिलालाई ०५९ असोज १९ गते राति ससुरा नाता पर्ने तनहुँ जिल्लाका ४० वर्षीय तेजबहादुर केसीले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा जबर्जस्ती करणीमा मुद्दा चलाउन प्रमाण नपुगेको जनाउँदै रिहा गरियो।

भाचोक गाविस माइती घर भई पोखरा उमनपा-८ सिमलचौर बस्ने ३४ वर्षीय सरू पोखरेल (सुवेदी) लाई विश्व हिन्दु महासंघका अध्यक्ष पं. नारायण पोखरेलले विवाह गर्ने बहानामा जबरजस्ती यौन सम्पर्क राखी घरबारविहीन बनाएका छन्। पीडितले ०५९ असार ५ गते मानवअधिकारकर्मी र सञ्चारकर्मीमाझ घटना सार्वजनिक गरिन्। उनकाअनुसार पीडकले ०५६ सालको असोज महिनामा जबरजस्ती यौन सम्पर्क गरेका थिए।

आफ्नै बाबुद्वारा १२ वर्षीय छोरीलाई बलात्कारको प्रयास गरेको घटना सार्वजनिक जानकारीमा आयो।

लेखनाथ नपा-१ पटनेरीकी ३४ वर्षीय रत्ना विकको ०५९ वैशाख १८ गते बेलुका असुरक्षित तवरले गर्भपतन गराउँदा मृत्यु भयो। वैशाख १५ गते सोही नपा-११ स्थित काफ्ले मेडिकलबाट ४ महिनाको गर्भपतन गरेकी पीडितको अत्याधिक रक्तश्रावका कारण ३ दिनपछि मृत्यु भएको थियो ।

पोखरा उमनपा-१० गमवजारकी २१ वर्षीय गंगा थर्पालियाको उनकै पति २५ वर्षीय विष्णु गुरूङ र सासु ५५ वर्षीय टीका कुमारी गुरूङले गानो भिक्ने वहानामा सोही उमनपा-१३ गौडाकोमुखकी ८० वर्षीय वृद्धि नेपालीलाई लगाई जवरजस्ती गर्भपतन गराए। ०५८ फागुन १८ गते वृद्धि नेपालीलाई लगाएर पतन गराउन खोज्ने प्रयास असफल भएपछि पीडितलाई भऱ्याङवाट खसेको भन्न लगाई फागुन २० गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भर्ना गराइएको र अस्पताललाई समेत भुक्याएर फागुन २५ गते अस्पतालमा गर्भपतन गराइयो । अन्तरजातीय विवाहका कारण प्रताडित पीडित चैत २ गते अस्पतालवाट डिस्चार्ज भई हाल सोही उमनपा-९ स्थित माइतीघरमा बस्दै आएकी छन्। पीडितलाई विष्णुले प्रेम विवाह गरी घर भित्र्याएका थिए। पछि उनले आमाको कुरा सुनी घरवाट निकाल्न गर्भपतन गराएका थिए।

विविध

संरचना क्षति

यस वर्ष माओवादीहरूले खाली रहेको एउटा इलाका प्रहरी कार्यालय, ल्याण्डफिल्ड साइट निर्माणमा प्रयोग गरिएको एउटा रोलर, एउटा साना किसान सहकारी संस्था, एउटा कृषि विकास वैंकको शाखा कार्यालयमा वम प्रहार गरी क्षतिग्रस्त वनाए। ४ वटा गाविस भवनमा वम प्रहार र आगो लगाई ध्वस्त वनाए। एउटा हुलाक, एउटा हेल्थपोष्ट र एउटा गाविस कार्यक्रम भवनमा आगो लगाउनुका साथै तोडफोड गरे। २ वटा गाविस भवनमा आक्रमण गरी कागजपत्र जलाइदिए। एक्याप व्यवस्थापन समितिको एउटा कार्यालय भवन र अर्को कार्यालयको कम्प्युटर जलाइदिए।

एउटा चलचित्र भवनमा प्रेसरकुकर वम प्रहार गरे। लेखनाथ नपा-११ पचभैया सुन्दरीडाँडास्थित वेगनास रिसोर्ट होटलमा ०५९ वैशाख ९ गते राति माओवादीले वम प्रहार गरी गाडी ध्वस्त वनाए भने ०५९ असोज १० गते राति पुनः आक्रमण गरी ४ वटा भवन ध्वस्त पारे। त्यसैगरी लेखनाथ नपा-७ तालचोकस्थित डायमण्ड आवासीय माविमा ०५९ असोज १४ गते विहान आक्रमण गरी धनमाल नष्ट गरे। एउटा राष्ट्रिय वाणिज्य वैंकवाट माओवादीहरूले राइफल र १ लाख रूपैयाँ नगद लुटेर लगे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

रूपाकोट गाविसमा प्रहार गर्ने उद्देश्यले गएका एक अज्ञात माओवादी छापामारको ०५८ चैत १९ गते सोही गाविसको लामपाटामा आफैले बोकेको वम विष्फोट भई मृत्यु भयो।

यस वर्ष एउटा ठगीको घटना भयो। व्यक्तिगत रिसइवीका कारण ४ वटा कुटपिटका घटना भए भने लुटपिटका ७ वटा घटना भए। सशस्त्र प्रहरी गण, पोखराका प्रमुख प्रहरी उपरीक्षक धीरेन्द्रकुमार देवानसहित १२ पुरूष र १० महिला गरी २२ जनाले आत्महत्या गरे।

सवारी दुर्घटनाका १० वटा घटनामा १० जनाको मृत्यु भयो भने एक यात्रुवाहक वस दुर्घटनाग्रस्त हुँदा १७ व्यक्ति घाइते भए। ताल, खोला र नहरमा डुवेर ९ व्यक्तिको मृत्यु भयो। जोमसोमवाट पोखराका लागि उडेको साँग्रिला एयरको विमान क्रिस्तीनाच्नेचौरमा दुर्घटनाग्रस्त हुँदा १२ पुरूष र ६ महिला गरी १८ जनाको मृत्यु भयो, जसमध्ये १३ जर्मन, १ वेलायती, १ अमेरिकन र चालक दलका तीन नेपाली थिए। यस वर्ष पाँच व्यक्तिको लास प्राप्त भयो भने चट्याङमा परी १० वर्षीय एक वालिकाको मृत्यु भयो। वाढी/पहिरोमा परी एक पुरूष, १ महिला र १ वर्षीय एक वालिकाको मृत्यु भयो भने करेन्ट लागेर आठ वर्षीय एक वालकको मृत्यु भयो।

माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरिएकाहरूमध्ये ७ जनाले प्रशासन समक्ष आत्मसमर्पण गरे।

३.६ मनाङ

जनसंख्या : ९४९५
साक्षरता प्रतिशत : ४७.१
महिला साक्षरता प्रतिशत : ३०.१
क्षेत्रफल (वर्ग कि. मि.) : २२४६
गाविस / नपा संख्या : १३/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २९
क्याम्पस / उच्च मा.वि. : ०/२
अस्पताल / स्वास्थ्य चौकी : १/३०
टेलिफोन लाइन : १७
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : ५
हुलाक संख्या : ११
मानव विकास सूचकांक : ०.३०६
प्रति एक डाक्टर जनसंख्या : ४९९४
प्रति परिवार सरदर संख्या : ५.४०

जेल र बन्दीहरू

यस जिल्लाको जेल भाडामा लिएको भवनमा छ। जीर्ण अवस्थाको भवन भएकाले बन्दीलाई छिमेकी जिल्लाका जेलमा लग्नुपर्ने अवस्था छ। यस वर्ष यो जेलमा बन्दी रहेनन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

भ्राका गाविस-१ मुक्चेमा होटल गरी बस्ने ६२ वर्षीय दिटेन घलेलाई माओवादीको आरोपमा ०५९ असार १६ गते बेलुका प्रहरीले हतियार देखाई ज्यानमार्ने धम्की दिए।

लमजुङ जिल्ला बाहुनडाँडा गाविस-९ घर भई जिल्ला हुलाकमा कार्यरत ३१ वर्षीय भीमबहादुर तामाङलाई विनाकारण ०५९ वैशाख ६ गते बेलुका सोही जिल्लाको कुन्छा गाविस-५ का प्रहरी ३३ वर्षीय शिवबहादुर गौलीले हतियार प्रयोग गरी कुटपिट गरे।

धारापानी गाविस-२ का ३२ वर्षीय तेजजङ्ग गुरूङ र धारापानी गाविस-९ का २८ वर्षीय गम्भीरजङ्ग विकलाई टेलिफोन सेवा नपुर्‍याएको आरोपमा ०५९ वैशाख १८ गते सुरक्षाकर्मीले कुटपिट गरे।

अन्य

थांचे गाविस-७ का ४१ वर्षीय कविन्द्रजंग गुरूङलाई ०५८ चैत १३ गते अज्ञात व्यक्तिहरूले विजुलीको खम्बामा सूचना टाँसी कुनै दिन ज्यानमार्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ३ वटा मुद्दा दर्ता भएकोमा कुनै पनि फर्स्यौट भएनन्। दर्ता भएका मुद्दाहरूमध्ये ज्यानमार्ने उद्योग, लुटपिट र जग्गा सम्बन्धी १-१ वटा मुद्दा थिए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

विभिन्न कर्मचारी, व्यापारी, स्थानीय व्यक्तिसहित ३२ जनालाई ०५९ जेठ २६ गते सदरमुकाम चामेबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूलाई रातभर हिरासतमा निःवस्त्र बनाई पानीमा राख्ने, बालुवामा घुँडा र कुहिनोले टेकेर हिँड्न लगाउने, कुटपिट गर्ने, बुटले हिर्काउने जस्ता यातना दिइएको थियो। सुरक्षाकर्मीले बाटोमा जो कोही देखे पनि गिरफ्तार गरेका थिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट अन्यबाट पीडित			राज्यबाट पीडित			
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	१	१	१				
गिरफ्तारी/यातना				१		१	१
कुटपिट	२	२	२	१	२		२
धम्की				२	२		२
बालअधिकार	१	१	१				
जम्मा	४	४	४	४	४	१	५

बालअधिकार

बेवारिसे अवस्थामा फ्याँकिएको भर्खरै जन्मिएको एक बालकको मृत्यु भएको घटना सार्वजनिक भयो।

विविध

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष नदीमा खसेर १ महिलाको मृत्यु भयो भने लेक लागेर १ पर्यटकको मृत्यु भयो। ढुङ्गाले च्यापेर २ जना मजदुरको मृत्यु भयो।

३.७ नवलपरासी

जनसंख्या	: ५६२०८८
साक्षरता प्रतिशत	: ६२.२
महिला साक्षरता प्रतिशत	: ३०
क्षेत्रफल (वर्ग कि. मि.)	: २१६२.२
गाविस / नपा संख्या	: ७३/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ३८
क्याम्पस / उच्च मा.वि.	: ७/१०
अस्पताल / स्वास्थ्य चौकी	: ३/ ८२
टेलिफोन लाइन	: ११६९
मोटर सडक (कि. मि.)	: १५७२.४
प्रहरी कार्यालय संख्या	: ३०
हुलाक संख्या	: ७४
मानव विकास सूचकांक	: ०.३००
प्रति एक डाक्टर जनसंख्या	: ७०.३५९
प्रति परिवार सरदर संख्या	: ५.७२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

दुम्कीवास गाविस-५ ज्यामिरेको २३ वर्षीय सरला नेपाली र ठेगाना खुल्न नसकेका २६ वर्षीय राजकुमार विकलाई माओवादीको आरोपमा ०५८ चैत २० गते नारायणी गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पाल्पा जिल्ला तानसेन नपा-१५ का ७० वर्षीय चिराउकद्दिन अलि मुसलमान र त्रिवेणी सुस्ता गाविस-५ वनकट्टीका ३८ वर्षीय आशिक अलि मुसलमानलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ वैशाख २२ गते कुडियो गाविस-५ स्थित मदारथानबाबा मस्जीदबाट सुरक्षाकर्मीले गिरफ्तार गरी त्रिवेणी सुस्ता गाविस-२ स्थित ठेटरी खोलामा गोली हानी हत्या गरे। पीडितहरू नेकां र एमालेका कार्यकर्ता थिए।

माकर गाविस-१ का रणवहादुर भनिने बुद्धिबहादुर विक, सोही ठाउँका सरल भनिने पदमबहादुर थापा, रूपन्देही जिल्ला रुद्रपुरका आकाश भनिने बालकृष्ण काउछा, सोही जिल्लाका समर भनिने रामकृष्ण समर, चाँद भनिने अनिरूद्र यादव, भावना भनिने लिलावती भण्डारी, कपिलवस्तु जिल्ला बुद्धी गाविस-४ का शंकर भनिने देवीराम भुसाल र २ जना नाम, ठेगाना थाहा हुन नसकेका व्यक्तिलाई माओवादीको आरोपमा ०५९ कार्तिक १० गते बिहान अमरोट गाविस-९ र ४ स्थित पर्मवाल भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूलाई पराल र भुसको थुप्रोमा लुकिबसेको अवस्थामा गोली प्रहार गरिएको थियो।

कल्हुवा गाविस-८ मदनपुरका विमल भनिने ३७ वर्षीय गोपाल जैसी र शिवमन्दिर गाविस-९ का गोविन्द अधिकारीलाई माओवादीको आरोपमा ०५९ पुस १५ गते धुरकोट गाविस-५ को एक घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी घिसार्दै नजिकै जंगलमा लगी गोली हानी हत्या गरे।

माओवादीबाट

गमनगर गाविस-१ भुमहीका नेकांका कार्यकर्ता ४५ वर्षीय नित्यानन्द पोखरेललाई ०५९ भदौ २६ गते बिहान आफ्नै घर अगाडिको प्रतिक्षालयमा उभिएको अवस्थामा माओवादीले गोली प्रहार गरी हत्या गरे।

अर्ग्यौली गाविस-९ डण्डाका २० वर्षीय रवीन्द्र तिवारीलाई सुराकीको आरोपमा ०५९ भदौ २९ गते मैनघाट गाविस-६ स्थित दिदीको घरबाट माओवादीहरूले अपहरण गरी नजिकैको जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

नयाँबेलहानी गाविस-१ स्थित डलाका प्रहरी कार्यालयमा ०५९ कार्तिक ११ गते बेलुका माओवादीहरूले आक्रमण गरी प्रहरी हवल्दार बारा जिल्ला सिमरान गाविस-६ का भरत भट्ट, प्रहरी जवान गोरखा जिल्ला मनकामना गाविस-८ का जगतबहादुर थापा, गुल्मी जिल्ला भ्र्यालवास गाविस-७ का कमल खत्री र नवलपरासी जिल्ला कल्हुवा गाविस-४ का कृष्णबहादुर पुनको हत्या गरे।

शुक्रौली गाविस-५ घिनाहाका नेकाँ गाउँ इकाइका सल्लाहकार ६५ वर्षीय सिव्वन यादवलाई ०५९ मंसिर १६ गते मोटरसाइकलमा आएका माओवादीहरूले गोली हानी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

सुनवल गाविसस्थित अरनिको प्राथमिक विद्यालयका शिक्षक ३४ वर्षीय हरि ढकाललाई सुराकीको आरोपमा ०५८ चैत १ गते आफ्नै घरमा माओवादीहरूले गोली प्रहार गरी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा भयो।

नारायणी गाविस-९ बाघखोरका ३२ वर्षीय उदयराज अर्याललाई सुराकीको आरोपमा ०५९ भदौ २२ गते माओवादीहरूले घरबाट केही पर लगी गोली हानी घाइते बनाए। पीडितको उपचार काठमाण्डौमा भयो।

जेल र बन्दीहरू

"घ" श्रेणीको नवलपरासी जेलको बन्दी क्षमता ३५ जना हो। हाल यस जेलमा ६२ पुरुष र ४ महिला गरी ६६ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका ९ जना र नतोकिएका

५७ जना छन्। कैद तोकिएकामध्ये ७ पुरूष र २ महिला छन्। जेल अत्यन्त जीर्ण अवस्थामा छ। वर्षामा पानी चुहिने समस्याले सताउने बन्दीहरू बताउँछन्। जेल साँघुरो भएकाले बन्दीहरूले कठिनाई भेल्नु परेको छ। जेलको बन्दी क्षमताअनुरूप सेवा, सुविधा उपलब्ध हुने तर धेरै बन्दीहरू बस्नुपर्ने भएकाले बन्दीहरूलाई सन्तोष दिलाउन नसकिएको जेलर बद्रिप्रसाद लम्सालले बताए।

बेपत्ता /अपहरण

राज्यबाट

दुम्कीबास गाविस-५ ज्यामिरेका २८ वर्षीय जीतबहादुर विश्वकर्मालाई माओवादीको आरोपमा ०५८ फागुन २० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। सैनिक क्याम्प र प्रहरी चौकीहरूमा सोधपुछ गर्दा आफूहरूले गिरफ्तार नगरेको बताइयो।

माओवादीबाट

नयाँबेलहानी गाविस-१ दुम्किबासस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत असई स्याङ्जा जिल्ला सेतीदोभान गाविस-६ का गज शर्मा देवकोटा, रूपन्देही जिल्ला सालभुण्डीका पूर्णबहादुर भुजेल, तनहुँ जिल्लाका वीरबहादुर थापा, प्रहरी जवान अर्घाखाँची जिल्लाका विष्णुबहादुर खड्का र रूपन्देही जिल्लाका मदन चौधरीलाई ०५९ कार्तिक ११ गते माओवादीहरूले प्रहरी कार्यालयमा आक्रमण गरी अपहरण गरे। पीडितहरूलाई जागिर नखाने शर्तमा भोलिपल्ट वेणिमणिपुर गाविसबाट मुक्त गरियो। सो घटनामा माओवादीहरूले ४ जना प्रहरीको हत्या गरेका थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

स्वाँठी गाविस-८ का जीप चालक वैजनाथ गुप्ता र जीपका हेल्पर रूपन्देही जिल्ला पठखौलीका १९ वर्षीय जीतेन्द्र ठाकुरलाई ०५८ चैत ३० गते जीप सडक किनारा लगाउन ढिलाई गरेको आरोपमा सुरक्षाकर्मीहरूले गाडी रोकी कुटपिट गरे।

रामग्राम नपा-५ का सोही ठाउँस्थित सयपत्री इङ्गलिस बोर्डिङ स्कूलका प्रिन्सिपल कैलाश महतोलाई ०५९ वैशाख १ गते सोही ठाउँस्थित एक होटलमा सैनिकहरूले विना कुनै कारण कुटपिट गरी मरणासन्न बनाए। घटनाको विरोधमा बसेको सर्वदलीय समिति र सैनिक अधिकृतहरूको बैठकमा सैनिक मेजरले माफी माग्नुका साथै दोषीहरूलाई कारवाही गर्ने आश्वासन दिइयो।

जमुनिया गाविस-७ का २८ वर्षीय विनोदराज भरलाई ०५९ जेठ १३ गते विना कुनै कारण प्रहरी जवान अनिल यादवले आफ्नै घरमा कुटपिट गरे। पीडकलाई कुनै कारवाही भएन।

कुश्मा गाविस-६ का नेपाल सद्भावना पार्टीका जिल्ला सदस्य सचिव तथा निवर्तमान जिविस सदस्य ३८

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	८	५	३	८	४	७		७	५	१२	२	९	२३
घाइते	२	३	२	४	४	४	१	५					
गिरफ्तारी/यातना									१९	३१	२	१	३४
बेपत्ता									१	३			३
कुटपिट	३	३		३	४	२	२	४	४	५		१	६
धम्की	३	१	३	४	२	३		३					
जातीय विभेद	३	३	२	५									
भूमिहीन/सुकुम्बासी									१			१	१
महिला अधिकार	२५		३३	३३									
बालअधिकार	८	३	६	८									
आर्थिक/सामाजिक अधिकार	१	१		१					२	१		१	२
अमानवीय व्यवहार	१			१									
अपहरण					१	१		१					
जम्मा	५४	१८	४९	६७	१५	१७	३	२०	३२	५२	४	१३	६९

वर्षीय सुरेन्द्रकुमार पटेललाई ०५९ पुस ९ गते गमग्राम नपा-९ स्थित सडकमा मोटरसाइकलमा यात्रा गरिरहेको अवस्थामा ४ जना सैनिकले लाइसेन्स खोस्नुका साथै निर्मम कुटपिट गरे। पीडितलाई सैनिक क्याम्पमा लगी पुनः कुटपिट गरियो। सर्वदलीय प्रतिनिधिमण्डलले घटनाप्रति विरोध जनायो।

माओवादीबाट

शिवमन्दिर गाविस-८ का ५८ वर्षीय टीर्घबहादुर टण्डनलाई सुराकीको आरोपमा ०५९ भदौ २९ गते माओवादीहरूले दुवै हात काटी अपाङ्ग बनाए।

देउराली गाविस-४ की ३६ वर्षीय रेउरीदेवी ढंगा मगरलाई ०५९ भदौ ३१ गते माओवादीहरूले अपहरण गरी घर नजिकैको खोलामा लगी दुवै खुट्टाका घुँडाका पाङ्ग्रा फोडी अपाङ बनाएर छाडेको अवस्थामा भोलिपल्ट गाउँलेहरूले फेला पारी उपचार गरे। पीडित हाल अपाङ्ग भएकी छिन्।

तिलकपुर गाविस-६ का नेकांका कार्यकर्ता ५० वर्षीय नारायणदत्त लामिछानेलाई सुराकीको आरोपमा ०५९ कार्तिक २४ गते बेलुका आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले कुटपिट गरे। माओवादीहरूले सोही दिन सोही वडाका नेकपा (एमाले) का कार्यकर्ता दिनानाथ खनाललाई कुटपिट गरी दुवै खुट्टा नचल्ने अवस्थामा पुऱ्याए। पीडितको उपचार बुटवलस्थित अञ्चल अस्पतालमा भयो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

शिवमन्दिर गाविस भवनमा अनेरास्ववियुको जिल्ला अधिवेशन चलिरहेको अवस्थामा ०५८ फागुन २४ गते सुरक्षाकर्मीले हस्तक्षेप गरी कार्यक्रम संचालन गर्न अवरोध सृजना गरे। जिल्ला कमिटी सदस्य तिलक महतले गिरफ्तारी दिएपछि स्थिति केही साम्य भयो। सुरक्षाकर्मीहरूले सहभागीहरूलाई लाठी र बुट प्रहार गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षदेखिको जिम्मेवारी सरेका १ हजार २० वटा मुद्दा रहेका छन्। यस वर्ष देवानी ४ सय ९१ र फौज्दारी २ सय ४५ गरी ७ सय ३६ मुद्दा दर्ता भए। यस वर्ष देवानी ६ सय ६९ र फौज्दारी २ सय २४ गरी कूल ८ सय ९३ मुद्दा फर्स्योट भए। अदालतमा ३ वर्षदेखिका मुद्दा २२ र २ वर्षका २० वटा मुद्दा छन्।

यस वर्ष जिल्ला प्राशासन कार्यालयमा २१ वटा मुद्दा दर्ता भएकोमा १३ वटा फर्स्योट भए। दर्ता भएका मुद्दाहरूमा सार्वजनिक अपराधसम्बन्धी १७, हातहतियार खरखजानासम्बन्धी ३, विस्फोटक पदार्थ १ थिए।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा कर्तव्यज्यान १३, भवितव्य ३३, ज्यानमार्ने उद्योग ३, फुटकर ज्यान १३, विष सेवन गरी आत्महत्या ३४, आगो लगाई आत्महत्या ३, भुण्डिएर आत्महत्या ४४, पानीमा डुबेर आत्महत्या ४, डाँका ३, चोरी ७, चौपाया चोरी ७, मूर्ति चोरी १, खोटो चलन २, लागु औषध ७, केही सार्वजनिक अपराध १७, किर्ते नागरिकता १, कुटपिट अङ्गभङ्ग १, बहुविवाह १, जबर्जस्ती करणी २, जबर्जस्ती करणी गर्ने उद्योग १, सवारी ज्यान ४३, आगलागी ५, हातहतियार खरखजाना ३, विस्फोटक पदार्थ १ गरी कूल २ सय ५२ मुद्दा दर्ता भए। जसमध्ये, ८३ फैसला भए।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका बालकृष्ण काउछा

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

दुम्कीवास गाविस-६ ठूलोटाँडीका २९ वर्षीय राजेन्द्र पाण्डेलाई माओवादीको आरोपमा ०५८ पुस २४ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा यातना दिई त्यसपछि नजरबन्दमा राखियो।

दुम्कीवास गाविस-५ ज्यामिरेका ३० वर्षीय हितमान गुरुङलाई माओवादीको आरोपमा ०५८ फागुन २० गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई चैत २७ गते तारेखमा रिहा गरियो।

जमुनिया गाविस-४ सेमरीका ५० वर्षीय गुणनिधी पोखरेल र सोही ठाउँका ओमराज अधिकारीलाई माओवादीको आरोपमा ०५८ फागुन २८ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूमध्ये ओमराजलाई १ महिनापछि रिहा गरियो भने गुणनिधीलाई यस वर्षको अन्त्यसम्म नजरबन्दमा राखिएको थियो।

धुर्कोट गाविस-४ का नेकपा (एमाले) गाउँ कमिटी उपसचिव २९ वर्षीय दिलबहादुर मस्रानी मगरलाई अनुसन्धान गर्ने भनी ०५८ चैत १५ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई यातना दिएर चैत २३ गते जमानतमा रिहा गरियो।

प्रगतिनगर गाविस-३ का ४३ वर्षीय भिल्लुप्रसाद भुसाललाई ०५८ चैत २३ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न गएको अवस्थामा माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ महिनापछि रिहा गरियो।

शिवमन्दिर गाविस-८ का वडाध्यक्ष ३६ वर्षीय श्यामप्रसाद रानालाई माओवादीको आरोपमा ०५९ वैशाख २ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ३ दिनपछि जमानतमा रिहा गरियो।

सनई गाविस-२ का नेकपा (एमाले) गाउँ कमिटी सचिव ३५ वर्षीय श्यामसुन्दर चौधरीलाई माओवादीको आरोपमा ०५९ जेठ १७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ३ महिना नजरबन्दमा राखि रिहा गरियो।

रामनगर गाविस-१ भुमहीका २८ वर्षीय भरत खड्कालाई माओवादीको आरोपमा ०५९ साउन १६ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि जमानतमा रिहा गरियो। पीडित नेकपा (एमाले) का कार्यकर्ता हुन्।

रामनगर गाविस-१ भुमहीका २६ वर्षीय खगेश्वर न्यौपाने र सोही ठाउँका विष्णु डुम्रेलाई माओवादीको आरोपमा ०५९ भदौ ३० गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई शारीरिक यातना दिई ७ दिनपछि रिहा गरियो।

अमरापुरी गाविस-५ का पशुपति सापकोटालाई माओवादीको आरोपमा ०५९ असोज १५ गते सुरक्षाकर्मीले घर खानतलास गरी गिरफ्तार गरे। पीडितलाई ५ दिनसम्म सैनिक क्याम्पमा राखी यातना दिएर रिहा गरियो।

अमरापुरी गाविस-८ का ३७ वर्षीय ठाकुरप्रसाद पाण्डेलाई माओवादीको आरोपमा ०५९ असोज १५ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिएर ५ दिनपछि तारेखमा रिहा गरे।

पञ्चनगर गाविस-३ का ४६ वर्षीय प्रेम दवाडीलाई माओवादीको आरोपमा ०५९ पुस १० गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरि ५ दिनपछि रिहा गरे। पीडित नेकपा (एमाले) गाउँ कमिटीका सदस्य हुन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको भूमिहीन, सुकुम्बासी समस्या यथावत् छ। वास्तविक सुकुम्बासीहरूले जग्गा पाउन सकेका छैनन्।

०५८ सालको बाढीबाट विस्थापित भएका पिठौली, नारायणी, अर्ग्यौली आदि ठाउँका २ सयभन्दा बढी परिवारका ८ सय जनालाई राजनीतिक पार्टी तथा स्थानीय जनप्रतिनिधिहरूले अर्ग्यौली गाविस-९ स्थित डण्डाबजारमा पूर्व-पश्चिम राजमार्गको किनारमा त्रिपाल उपलब्ध गराई बसोबास गराएकोमा ०५८ पुस २८ गते सडक विभाग, वन कार्यालय र प्रशासन कार्यालयले त्यस ठाउँबाट हटाई विस्थापित गरे।

बालअधिकार

माकर गाविस-२ चिसापानीका २० वर्षीय पार्वती गुरूङ र २८ वर्षीय दिलबहादुर गुरूङको प्रेम सम्बन्धबाट जन्मेको बालकलाई दिलबहादुरका बाबु-आमा ६५ वर्षीय दलबहादुर र दुर्गा गुरूङ तथा नन्द मिली बच्चा त्याग्न दबाब दिए। पार्वतीले अस्वीकार गरेपछि बच्चालाई जबर्जस्ती रूकुमका आफन्तकोमा पुऱ्याइदिए। बच्चाको हालको अवस्थाबारे जानकारी प्राप्त हुन सकेन। दुर्गा पार्वतीकी आमा हुन्। उनले दिलबहादुरका बाबु दलबहादुरसँग पछि विवाह गरेकी हुन्।

जहदा गाविस-५ का ६ वर्षीय एक बालकलाई ०५९ वैशाख १५ गते सोही ठाउँका १८ वर्षीय मिनबहादुर मगरले एकान्त स्थानमा लगी यौन दुर्व्यवहार गरे। पीडितलाई क्षतिपूर्ति दिएर गाउँमै मिलापत्र गरियो।

दाउन्नेदेवी गाविस-१ की ७ वर्षीय एक बालिकालाई ०५९ असार ९ गते घरमा कोही नभएको अवस्थामा सोही ठाउँका १६ वर्षीय प्रसाद गुरूङले बलात्कार गरे। पीडकलाई उमेर नपुगेको भनी रिहा गरियो।

माकर गाविस९ जीतपुरकी १० वर्षीय एक बालिकालाई ०५९ असार ९ गते सोही ठाउँका मकरिया भन्ने ४५ वर्षीय सुस्मनी चौधरीले आफ्नै घरमा बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरे।

पञ्चनगर गाविस-३ भुताहाकी ९ वर्षीय एक बालिकालाई ०५९ साउन ४ गते सोही ठाउँका २१ वर्षीय प्रदीप पौडेलले आफ्नै घरमा बोलाई यौन दुर्व्यवहार गरे। हाल जिल्ला अदालतमा यससम्बन्धी मुद्दा चलिरहेको छ।

जहदा गाविस-८ की १४ वर्षीय एक बालिकालाई ०५९ मसिर १४ गते आफ्नै घरमा सोही ठाउँका २९ वर्षीय रामअवतार यादवले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

महिला अधिकार

पिठौली गाविस-१ का २४ वर्षीय र २६ वर्षीय युवतीलाई ०५८ पुस २८ गते सोही गाविस-२ का ३५ वर्षीय खुजुरे भन्ने भिमसेन परियार, मकवानपुर जिल्ला हेटौंडा नपा घर बताउने रवी राई र गोपाल राईले वीरगञ्जस्थित होजियरीमा स्वेटर बुन्ने काम लगाइदिने बहानामा भारतको बम्बई लगी बिक्री गरे। पीडितहरूमध्ये एक युवती घर फर्कन सफल भइन् भने अर्को फर्कन सकेकी छैनन् । पीडकहरूमध्ये भिमसेन परियारलाई विशेष अदालत, काठमाण्डौको आदेशमा पुर्पक्षका लागि काठमाण्डौमा थुनामा राखिएको छ भने अन्य दुई जना फरार छन्।

काभ्रे जिल्ला घर भई काठमाण्डौस्थित होटलमा काम गरी बस्ने २० वर्षीय सरिता भुजेललाई भारत काश्मीर घर भई सोही ठाउँमा काम गरी बस्ने २५ वर्षीय

माओवादीद्वारा हत्या गरिएका रविन्द्र तिवारी

वासस्न मुसलमानले विवाह गर्ने बनाई विभिन्न प्रलोभन देखाएर ०५९ जेठ २० गते बिक्री गर्ने उद्देश्यले रामपुरवा गाविस-५ स्थित महेशपुर सीमाबाट भारत लैजाँदै गर्दा प्रहरीले फर्काए। पीडक भने फरार छन्।

स्याङ्जा जिल्ला कट्टी गाविसकी १८ वर्षीय मीरा राना भन्ने दिलमाया नेपालीलाई सोही ठाउँ बस्ने दस्बी मुसलमानले अरब लगी रोजगारी लगाइदिने बहानामा ०५९ असार २५ गते बिक्री गर्ने उद्देश्यले भारतको बम्बईतर्फ लैजाँदै गर्दा रामपुरवा गाविस-५ स्थित नेपाल-भारत सीमाबाट प्रहरीले फर्काए। पीडक फरार छन्। पीडितलाई प्रहरीले अभिभावकको जिम्मा लगाए।

सुनवल गाविस-५ की १९ वर्षीय देउरुपा क्षेत्री, सोही गाविस-४ की २३ वर्षीय मनिषा क्षेत्री र बन्जरिया गाविस-९ की २५ वर्षीय पविता परियारलाई अरब पठाइदिने बहानामा ०५९ भदौ ११ गते बटवल घर बनाउने मुमा भन्ने एक महिलाले "तिमीहरू गोरखपुर आऊ" भनी महेशपुर हुँदै जाँदै गर्दा प्रहरीले फर्काए। पीडक फरार छन्। पीडितलाई प्रहरीले अभिभावकको जिम्मा लगाए।

पाँचथर जिल्ला फिदिम गाविस-२ की विष्णुमाया सुब्बिया, भक्तपुर जिल्ला सुडाल गाविस-४ की २२ वर्षीय यमुना धुलिखेले, बेलाटार गाविस-१ की मालती राई र सिराहा जिल्ला गोकुलेश्वर गाविस-५ की ३२ वर्षीय जानी थापालाई वैदेशिक रोजगारी लगाइदिने बहानामा ०५९ भदौ २२ गते त्रिवेणीसुस्ता गाविस-६ की ४७ वर्षीय दिलकुमारी राना र काठमाण्डौं घर बनाउने गोपाल श्रेष्ठले भैरहवाटनबाट लैजाँदै गर्दा प्रहरीले फर्काए। पीडकहरूमध्ये दिलमायालाई प्रहरीले गिरफ्तार गरेकोमा रिहा गरियो भने पीडितहरूलाई अभिभावकको जिम्मा लगाइयो। गोपाल फरार छन्।

रामग्राम नपा-१ की १९ वर्षीय एक युवतीलाई ०५९ वैशाख २९ गते सोही ठाउँका २२ वर्षीय मनोहर चौधरी र सोही नपा-१२ का भूमि नन्दनलगायत ५ जनाले घर नजिकैको खोलामा लगी बलात्कार गरे। उजुरी नपरेकाले पीडकहरूलाई कुनै कारवाही भएन।

मैनाघाट गाविस-६ की २० वर्षीय एक महिलालाई ०५९ साउन ३ गते तमसरिया गाविस-४ स्थित जंगलमा सोही ठाउँका सानु परियार र २२ वर्षीय तिलबहादुर परियारले बलात्कार गर्नुका साथै एक हजार रुपैयाँ र आधा तोला सुनको सिक्री लुटेर लगे। पीडकलाई प्रहरीले गिरफ्तार गरे। अदालतले २ महिना कैद र ४ हजार जरिवाना तोक्यो।

अर्ग्यौली गाविस-९ डण्डावजारकी १९ वर्षीय एक युवतीलाई ०५९ साउन २१ गते राति सोही ठाउँका २३ वर्षीय राजु केर्सोल घरमा पसी बलात्कार गर्ने प्रयास गर्नुका साथै छुरा प्रहार गरी घाइते बनाए। पीडितको उपचार कावासोतीस्थित अस्पतालमा भयो भने पीडकलाई प्रहरीले गिरफ्तार गरे।

यस बाहेक २ बालिका र १ युवतीलाई बलात्कार प्रयासका घटना सार्वजनिक जानकारीमा आए।

माकर गाविस-२ चिसापानीकी २० वर्षीय पार्वती गुरुङ र सोही ठाउँका दिलबहादुर गुरुङबीच दुई वर्ष पहिलेदेखि प्रेम सम्बन्ध रहेकोमा बच्चा जन्मिएपछि दिलबहादुरले घरमा भित्र्याए। तर बाबु आमाले घरमा बस्न नदिएपछि पार्वतीलाई घरबाट निकालियो। पीडितले प्रहरी, प्रशासनमा उजुरी दिए पनि न्याय नपाएको बताइन्। हाल उनी आफन्तको घरमा बसेकी छिन्।

कावासोती गाविस-२ की ३२ वर्षीय भगवती सिग्देललाई ०५८ माघ २२ गते आफ्नै पति नारायणप्रसाद सिग्देलले मादक पदार्थ सेवन गरी कुटपिट गरे। पीडितले सम्बन्ध विच्छेदका लागि अदालतमा उजुरी दिइन्।

सनई गाविस-३ की २८ वर्षीय पुनम पाण्डेलाई अंश मागेको आरोपमा ०५९ असार २ गते आफ्नै ससुरा ६५ वर्षीय सत्यदेव पाण्डे, देवरहरू इन्द्रमणि पाण्डे र शुकदेव पाण्डेले कुटपिट गरे। पीडितलाई पीडकहरूले ०५८ माघ ३ गते पनि कुटपिट गरी आँखामा चोट पुऱ्याएका थिए भने पुनः ०५९ मंसिर २८ गते पनि कुटपिट गरे। पीडितलाई अधिकारले पाउनेजति अंश दिने र औषधी उपचार गर्ने शर्तमा मिलापत्र भएको भएता पनि पुनः कुटपिट गरियो।

यस वर्ष बहुविवाहका ८ वटा घटना सार्वजनिक जानकारीमा आए।

जातीय विभेद

सुवर्णाली गाविस-५ घिनाहाका २२ वर्षीय ध्रुव नेपाली र सोही ठाउँकी २१ वर्षीय अनिताकुमारी यादवले ०५९ जेठ ५ गते बुटवलस्थित पुनरावेदन अदालतमा विवाह दर्ता गरे। सोही कारणले अनिताका बाबु र हजुरबुबाले ज्यानमार्ने धम्की दिएका कारण घरबाट भागी लुकीलुकी बसेका छन्। अनिताका हजुरबुबा सिब्बन यादवको उजुरीका आधारमा प्रहरीले ०५९ असार १९ गते अनितालाई गिरफ्तार गरी माइतीमा बुझाए। ध्रुव नेपाली हाल अरब गएका छन्।

माकर गाविस-२ चिसापानीकी २८ वर्षीय सरस्वती न्यौपानेलाई दलित जातिसँग सम्बन्ध राखेको आरोप लगाई आफ्नै जेठाजु बुद्धिप्रसाद न्यौपाने र जेठानीले घरमा बस्न दिएनन्। पीडितले कहिले माइती र कहिले विभिन्न संघ, संस्थामा अनुरोध गरेको भए पनि कतैबाट सहारा नपाएको ०५८ चैत २७ गते गुनासो गरिन्।

विविध

संरचना क्षति

माओवादीहरूले ५ वटा गाविसका कागजपत्रमा आगो लगाए भने एउटा ग्रामीण आवास कम्पनी, एउटा इलाका प्रशासन कार्यालय, २ वटा स्वास्थ्य संस्था र एउटा हुलाक कार्यालयका कागजपत्र आगो लगाए। त्यसैगरी एउटा प्रहरी चौकीमा बम विस्फोट गराए। एउटा मालपोत कार्यालयमा बम

विस्फोटनको प्रयास गरे भने एउटा वन कार्यालयमा आगजनी गरे।

भारतीपुर गाविस-५ का विष्णुलाल श्रेष्ठको घरमा ०५८ माघ १२ गते माओवादीहरूले मट्टितेल ल्याएर माओवादीले आगो लगाए। पीडकहरूले पीडितकी पत्नी र छोरालाई बाँधेर घरमा आगो लगाएका थिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

कुश्मा गाविस-६ का निवर्तमान जिविस सदस्य तथा नेपाल सद्भावना पार्टीका जिल्ला सदस्य सचिव सुरेन्द्रकुमार पटेललाई ०५९ पुस ९ गते सैनिकले कुटपिट गरेको घटनाको विरोधमा सर्वदलीय प्रतिनिधि मण्डलले सीडीओसँग भेट गरी सुरक्षाकर्मीहरूद्वारा यस्तो कार्य हुनु दुःखद हो भन्दै त्यसप्रकारको क्रियाकलापको पुनरावृत्ति हुन नदिन अनुरोध गऱ्यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लामा ३६ पुरुष र ४५ महिला गरी ८१ जनाले आत्महत्या गरे। सवारी दुर्घटनामा २९ पुरूष, ७ महिला र ६ नाबालक गरी ४२ जना पीडित भए। भवितव्यमा ६ नाबालक, ३ पुरुष र १ महिला गरी १० जनाको मृत्यु भयो। १ जना महिला र ३ जना पुरूषको लास फेला पऱ्यो।

अग्यौली गाविस-७ स्थित साना किसान सहकारी संस्थाबाट ०५८ चैत १९ गते माओवादीहरूले ५५ हजार ७ सय ३ रूपैयाँ, क्यामरा, क्याल्कुलेटरलगायतका सामाग्री लुट्नुका साथै कार्यालयका सम्पूर्ण कागजपत्र बाहिर ल्याई जलाए।

तिलकपुर गाविस-६ ग्रामीण विकास बैंकको कार्यक्रम अन्तरगत स्थानीय महिलाहरूसँग बचत तथा ब्याज असुली गर्दा ०५९ साउन २८ गते माओवादीहरूले "जनता ठग्न पाईंदैन" भन्दै बैंकका खरदारको हातबाट १० हजार ४ सय ४६ रूपैयाँ लुटेर लगे।

रामनगर गाविस-५ सिमरानमा ग्रामीण विकास बैंकको ऋण तथा बचत संकलन कार्यक्रमअन्तर्गत ०५९ भदौ २३ गते स्थानीय महिला समूहले बचत तथा ब्याज असुल गर्दा बैंकका व्यवस्थापक माया पाण्डेको हातबाट माओवादीहरूले ६ हजार २ सय ५ रूपैयाँ लुटेर लगे।

३.८ रूपन्देही

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बुटवल नपा-११ मालिकापथका २२ वर्षीय गणेश ढकाल र पडसरी गाविस-१ का २४ वर्षीय टिकाराम गौतमलाई माओवादीको आरोपमा ०५९ जेठ ३ गते सेमलार गाविस-७ बेलभरियामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू मारिएको कुरा स्थानीय पत्रिकामा प्रकाशित भएपछि गणेशका पिताले छोराको लास पाउन राष्ट्रिय मानव अधिकार आयोगसमक्ष निवेदन दिएका थिए। लास सुरक्षाकर्मीले नै बेपत्ता पारेका थिए।

माओवादीबाट

दुधराक्ष गाविस-७ का ३५ वर्षीय टेकबहादुर थापा मगरलाई माओवादी पार्टी छोडेको आरोपमा ०५९ साउन २६ गते राति माओवादीले गोली हानी हत्या गरे।

मुनहिया गाविस-१ का ३० वर्षीय महावीर हरिजनलाई ०५९ साउन ३० गते आफ्नो साथीको पेन्सन खासंकाले फिर्ता माग्दा नदिएका कारण माओवादीहरूले गोली हानी हत्या गरे।

देवदह गाविस-५ खैरेनीबजारमा कार्यरत प्रहरी २१ वर्षीय सुन्दरसिंह सामन्त र २५ वर्षीय उत्तम थापालाई ०५९ भदौ २२ गते ड्युटीमा रहेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे।

तनहुँ जिल्ला घर भई इलाका प्रहरी कार्यालय बुटवलमा कार्यरत २८ वर्षीय खेमबहादुर अधिकारीलाई ०५९ पुस १ गते दुधराक्ष गाविस-५ बाँसगढीमा ड्युटिमा रहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

आनन्दवन गाविस-४ मा डेरा गरी बस्ने थारू जातका एक जना मजदुर ०५८ पुस २४ गते सुरक्षाकर्मीलाई देखेर भाग्दै गर्दा सुरक्षाकर्मीको गोलीद्वारा घाइते भए। पीडितको उपचार बुटवलस्थित अञ्चल अस्पतालमा भयो।

भगवानपुर गाविस-९ का ३० वर्षीय जोगेन्द्र यादवलाई ०५८ फागुन ५ गते प्रहरीले गिरफ्तार गर्न खोज्दा भागेकाले प्रहरीले गोली प्रहार गर्दा घाइते भए।

जेल र बन्दीहरू

यो जिल्लाको जेल "ख" श्रेणीमा पर्दछ। ६० जना बन्दी क्षमता भएको यस जेलमा हाल कैद तोकिएका ६० र

नतोकिएका १ सय ८ गरी १ सय ६८ जना बन्दी छन्। यस जेललाई २ भागमा विभाजन गरिएको छ। जेलको भौतिक अवस्था जीर्ण छ। बन्दीहरू सबै पुरूष छन्। एक जनालाई माओवादीको आरोपमा ०५९ कार्तिक ३ गतेदेखि यस वर्षको अन्त्यसम्म थुनामा राखिएको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बुटवल नपा-७ का ३० वर्षीय रविमान श्रेष्ठलाई ०५८ चैत ४ गते सिद्धार्थनगर नपा-८ स्थित होटलमा जान लाग्दा सादा पोशाकमा रहेका प्रहरीले कुटपिट गरे।

सेमरा गाविस-४ का २८ वर्षीय राजु यादवलाई ०५८ चैत १७ गते मर्चवार इलाका प्रहरी कार्यालयका प्रहरीले कुटपिट गरे।

बुटवलबाट प्रकाशित हुने दैनिक लुम्बिनीका सम्पादक मोहन चापागाई र सहसम्पादक दिपक ज्ञवालीलाई ०५९ जेठ २२ गते काममा हिँडेको अवस्थामा विनाकारण प्रहरी भिख्खु थारुले धम्की दिई अभद्र व्यवहार गरे। पीडकलाई कारवाही गरी सरूवा गरियो।

जनसंख्या	:	७१००४५
साक्षरता प्रतिशत	:	४६
महिला साक्षरता प्रतिशत	:	३३
क्षेत्रफल (वर्ग कि. मि.)	:	१४०१
गाविस / नपा संख्या	:	६९/२
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३१५
क्याम्पस / उच्च मा.वि.	:	७/१६
अस्पताल / स्वास्थ्य चौकी	:	६/६९
टेलिफोन लाइन	:	१४०००
मोटर सडक (कि. मि.)	:	१०९२.६४
प्रहरी कार्यालय संख्या	:	४६
हुलाक संख्या	:	६९
मानव विकास सूचकांक	:	०.३६१
प्रति एक डाक्टर जनसंख्या	:	१८६४३
प्रति परिवार सरदर संख्या	:	६.०१

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

जनमोर्चा नेपालले ०५९ मंसिर ११ गते शाही घोषणाको विरोधमा कार्यक्रम संचालन गर्दा सभास्थलबाटै १९ जनालाई प्रहरीले गिरफ्तार गरी २ घण्टापछि रिहा गरे। गिरफ्तार गरिनेहरूमा जनमोर्चाका कार्यकर्ताहरू लक्ष्मीकान्त पौडेल, चन्द्रबहादुर के.सी., रिता थापा, पुष्कर सापकोटा, लेखनाथ खनाल, कमला खड्का, सन्दीप सापकोटा, दिपक परियार, किरण जिमी, भरत अधिकारी, हिरा थापा, कृष्ण पोखरेल, हरि के.सी., प्रेम थापा, कृष्ण बम मल्ल, केशव पौडेल, नारायण अधिकारी, सरोज अधिकारी र चन्द्रप्रकाश न्यौपाने थिए।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका गणेश ढकाल

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका ४ सय ८४ र यस वर्ष दर्ता भएका ९ सय ६४ गरी कूल १ हजार ४ सय ४८ मुद्दा फर्स्यौट हुन बाँकी छन्। जिल्ला प्रहरी कार्यालयमा यस वर्ष १ सय ७२ मुद्दा दर्ता भए। जिल्ला प्रशासन कार्यालयमा यस वर्ष फर्स्यौट नभएका मुद्दाको संख्या ७० रह्यो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बुटवल नपा-९ बाणगंगाको ३० वर्षीय यमा बन्जाडेलाई माओवादीको आरोपमा ०५८ पुस २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

पर्वत जिल्ला हुवास गाविस-९ का २५ वर्षीय नुमाकान्त भुर्तेललाई माओवादी गतिविधिमा सहयोग गरेको आरोपमा ०५८ पुस २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरि ०५९ वैशाख १९ गते पर्वत लगे। पीडितलाई वैशाख २९ गतेदेखि नजरबन्दमा राखियो र साउन २५ गते रिहा गरियो।

बुटवल नपा-१० मा डेरा गरी बस्ने रामबहादुर बञ्जाडेलाई माओवादीको आरोपमा ०५८ पुस २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल रिहा गरिएको छ।

बुटवल नपा-८ का ४० वर्षीय गुणराज आचार्यलाई सोधपुछका लागि भनी ०५८ पुस २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ १ गते रिहा गरे।

परोहा गाविस-६ का ४१ वर्षीय प्रेमप्रसाद घिमिरे, सोही ठाउँका ३५ वर्षीय रामबहादुर कुवँर, ५५ वर्षीय केशवराज पौडेल, ४० वर्षीय चण्डि भट्टराई र ३५ वर्षीय पदम सुवेदीलाई सोधपुछका लागि भनी ०५८ माघ १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ १४ गते रिहा गरे।

कपिलवस्तु जिल्लाका कमल चुदालीलाई माओवादीको आरोपमा ०५८ फागुन ३ गते बुटवल बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

घटनाको प्रकार	गैर राज्यपक्षबाट							राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१६	१५	२	१७	४	५	५	४	५		५
घाइते								२	२		२
गिरफ्तारी/यातना								६	१२	१	१३
कुटपिट	२	२		२				२	२		२
धम्की								२	४		४
महिला अधिकार	६		६	६							
बालअधिकार	५	१	४	५							
जम्मा	२९	१८	१२	३०	४	५	५	१६	२५	१	२६

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिविसको एक प्रतिवेदन अनुसार यस जिल्लामा १ हजार ५ सय ६८ परिवार सुकुम्बासी छन्। विगतमा विघटित सुकुम्बासी समस्या समाधान आयोग यस वर्ष पनि गठन गरिएन।

बालअधिकार

बुटवलस्थित बाल सम्पर्क केन्द्रमा यस वर्ष १६ जना बालबालिका वसेको जानकारी प्राप्त भयो।

आफ्ना आमा-बाबुसँग जेलमा रहेका ४१ जना बालबालिकालाई यस वर्ष बाल कल्याण केन्द्र, भैरहवामा ल्याई संरक्षण गरियो।

सिद्धार्थनगर नपा-११ की ३० वर्षीय स्वास्थ्य स्वयम् सेविकालाई ०५८ माघ ९ गते सोही ठाउँमा पोलियो थोपा खुवाउने कार्यमा संलग्न भएको अवस्थामा सोही ठाउँका ३५ वर्षीय सन्तराम गडेरियाले दुर्व्यवहार गरे। पीडकलाई गाउँलेहरूले सजग बनाई मुक्त गरे।

करहिया गाविस-२ की ५ वर्षीय एक बालिकालाई ०५८ फागुन १९ गते सोही ठाउँका १८ वर्षीय गोरे राना मगरले बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरेकोमा रिहा गरियो।

दुधराक्ष गाविस-५ की १२ वर्षीय एक बालिकालाई ०५८ चैत २५ गते रूद्रपुर गाविस-९ का २२ वर्षीय पप्पु थापा मगरले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सिद्धार्थनगर नपा-१ की ७ वर्षीय एक बालिकालाई ०५९ असार २२ गते सोही ठाउँका १८ वर्षीय राजेश भरले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बोदवार गाविस-९ की ७ वर्षीय एक बालिकालाई ०५९ कार्तिक १ गते सोही ठाउँका १७ वर्षीय मुवारक मीर मुसलमानले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

नुवाकोट जिल्ला शिखरवेंशी गाविस-९ की २५ वर्षीय सिर्सेनी नामाङलाई ०५९ कार्तिक ५ गते सोही ठाउँका ३० वर्षीय राजु नामाङले पतिसँग पुर्‍याउने निहुँमा विक्री गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गर्दा बेलहिया प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरे। पीडकलाई थुनामा राखिएको छ।

विष्णुपुर गाविस-९ का १२ वर्षीय प्रमोद यादवलाई ०५९ मंसिर १२ गते विद्यालयबाट घर जान लाग्दा अज्ञात व्यक्तिहरूले अपहरण गरी ३ दिनपछि मुक्त गरे।

महिला अधिकार

सिद्धार्थनगर नपा-४ की १८ वर्षीय एक युवतीलाई ०५८ पुस २७ गते सोही ठाउँका ४३ वर्षीय कमल शाहीले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

मक्रहरू गाविस-९ की ३३ वर्षीय एक महिलालाई ०५८ फागुन २५ गते सोही ठाउँका २६ वर्षीय अशोक विकले बलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सिपवा गाविस-५ की ३५ वर्षीय पुष्पादेवी श्रीवास्तवलाई ०५९ कार्तिक २० गते आफ्नै पति कृष्णमुरारी श्रीवास्तवले सोही ठाउँका त्रिभुवन यादवलाई कुटपिट तथा यौन दुर्व्यवहार गर्न लगाए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा कृष्णमुरारीलाई सोधपुछपछि रिहा गरियो भने त्रिभुवनलाई थुनामा राखिएको छ।

बुटवल नपा-५ की ३० वर्षीय लक्ष्मी श्रेष्ठलाई सोही ठाउँकी आफ्नै भाउजु ३६ वर्षीय रत्नेश्वरी श्रेष्ठले ०४७ सालदेखि गृहबन्दी बनाई घरमा नै थुनेर राख्दै आएको कुरा ०५९ असार २६ गते प्रकाशमा आयो। विच्छिप्त अवस्थामा पुगी कुजी भएकी पीडितको उपचार गर्दागर्दै ०५९ असार २९ गते मृत्यु भयो।

दुधराक्ष गाविस-२ की १९ वर्षीय प्रतिमा पराजुलीलाई ०५९ वैशाख १० गते आफ्नै पति २७ वर्षीय शिवलाल पोख्रेलले कुटपिट गरे।

३.९ पाल्पा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

तानसेन नपा-११ बाँसटारी नजिकै रानीवनमा ०५८ चैत १ गते विहान करिव ४ वजे १९ वर्षीय रूपा रावल, १७ वर्षीय यामकुमारी विक र २१ वर्षीय माया घलेको सुरक्षाकर्मीको गोलीद्वारा हत्या भयो।

सोमादी गाविस-१ का ३१ वर्षीय विष्णुप्रसाद खरेल, २७ वर्षीय हिमलाल श्रेष्ठ र नाम, ठेगाना खुल्न नसकेका ७ जना गरी ९ जना माओवादी कार्यकर्ताहरूको ०५८ चैत ६ गते विहान सोमादी गाविस-१ का एक व्यक्तिको घरमा सुरक्षाकर्मीको गोलीद्वारा हत्या भयो।

मित्याल गाविस-३ वुढावास नजिक ०५८ चैत २९ गते माओवादीहरूको कार्यक्रम भइरहेको अवस्थामा सुरक्षाकर्मीको गोलीद्वारा ६२ वर्षीय घनश्याम ज्ञवाली, ४८ वर्षीय यमनाथ पाठक, २२ वर्षीय भीमकुमारी वि.क., १९ वर्षीय यामकुमारी विकको हत्या भयो।

झडेवा गाविसका २२ वर्षीय गैरे भनिने कोषवहादुर नेपाली, सोमादीका २१ वर्षीय अर्जुन पोखरेल र गुल्मी जिल्ला जुनियाका २२ वर्षीय केशव परियारको ०५९ वैशाख १३ गते छहरा गाविस-८ स्थित वाटोमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। आफूहरूको निर्देशन नटेरी भाग्न खोज्दा गोलीद्वारा मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

देउराली गाविसका २१ वर्षीय यामवहादुर गना, १९ वर्षीय राजु नेपाल र सिद्धेश्वर गाविसका २२ वर्षीय चुनवहादुर पल्ली मगरको ०५९ साउन २ गते राति कुसुङ्ग्वोला गाविस-७ स्थित जंगलमा सुरक्षाकर्मीको गोलीद्वारा हत्या गरे। माओवादीको सेल्टर चिनाउन भालुखाङ पुग्दा घेरा तोडी भाग्न खोजेको आरोपमा गोली प्रहार गरिएको थियो। पीडितहरूलाई सुरक्षाकर्मीले ०५९ असार १७ गते गिरफ्तार गरेका थिए।

कुसुङ्ग्वोला गाविस-८ स्थित वाटोमा २ जना अज्ञात व्यक्तिहरूको ०५९ कार्तिक २१ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। गस्तीमा गएका सुरक्षाकर्मीसँग सशस्त्र माओवादीहरू प्रतिरोध गर्न आएकाले सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

जनसंख्या	:	२६७८७३
साक्षरता प्रतिशत	:	५४
महिला साक्षरता प्रतिशत	:	४०.५
क्षेत्रफल (वर्ग कि. मि.)	:	१३६६
गाविस / नपा संख्या	:	६५/१
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	४५२
क्याम्पस / उच्च मा.वि.	:	५/२३
अस्पताल / स्वास्थ्य चौकी	:	२/६५
टेलिफोन लाइन	:	१४१९
मोटर सडक (कि. मि.)	:	४४७
प्रहरी कार्यालय संख्या	:	२
हुलाक संख्या	:	६६
मानव विकास सूचकांक	:	०.३३७
प्रति एक डाक्टर जनसंख्या	:	४४७.५९७
प्रति परिवार सरदर संख्या	:	५.३८

माओवादीबाट

दर्लमडाँडा गाविस-४ का ६२ वर्षीय मानवहादुर गाहालाई सुराकी गरेको आरोपमा ०५८ माघ ३ गते राति माओवादीहरूले घरबाट केही पर लगी गोली हानी हत्या गरे। माओवादीहरूले पीडितलाई सुराकीको आरोप पत्र सार्वजनिक गरे।

मित्याल गाविसका अध्यक्ष ३४ वर्षीय केमवहादुर खाम्चालाई सुराकीको आरोपमा ०५९ वैशाख ३१ गते वेलुका गाविस कार्यालयबाट आफ्नो घरतर्फ जाँदै गर्दा माओवादीहरूले धारिलो हतियार प्रहारद्वारा टाउको गिंडी हत्या गरे।

झडेवा गाविस-६ का नेकपाका कार्यकर्ता ५५ वर्षीय रवीकुमार थापा मगरलाई सेल्टर नदिएको र सुराकीको आरोपमा ०५९ असार १ गते आफ्नै घरमा आमाको किरियामा वसेको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे।

जेल र बन्दीहरू

कूल ३ सय ५० वन्दी क्षमता भएको पाल्पा जेलमा हाल २ सय ४ वन्दी छन्। वन्दीहरूमध्ये कैद नतोकिएका ३१ पुरूष र ७ महिला तथा तोकिएका १ सय २८ पुरूष र ३६ महिला छन्। यसवाहेक आश्रित नावालक १ र नावालिका १ छन्। वन्दीहरूमध्ये १० जना भारतीय छन्। संकटकालीन स्थितिको घोषणापछि ३१ जनालाई नजरवन्दमा राखिएको छ। जेलमा निमाविस्तरका एक विद्यालय छ। घरेलु कार्यालयद्वारा संचालित तानज भए पनि विग्रेकाले केही मात्र चलेका छन्। उत्पादित वस्तुको वजार राम्रो नभएकाले राम्रो ज्याला पाउन नसकेको गुनासो वन्दीहरूको छ। जेलमा गोरखापत्र, कान्तिपुर दैनिक नियमित रूपमा उपलव्ध हुने गरेको छ। वन्दीहरूका लागि एउटा टिभीको व्यवस्था छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

भैरवस्थान गाविसस्थित भैरव जनता उच्च माविका प्रधानाध्यापक ४३ वर्षीय निलकराम पौडेललाई ०५८ फागुन १४ गते १७-१८ जना माओवादीले घरबाट केही पर लगी दुवै हात र खुट्टा भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा गरियो।

मन्यवनी गाविस-१ वुढाखर्कका ३६ वर्षीय

ढालवहादुर रानालाई ०५९ साउन ५ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले उठाई खुकुरी र बन्दुकको कुन्दा प्रहार गरी बायाँ खुट्टा र दायाँ हात भाँचिदिए। पीडितले माओवादीहरूलाई वास वस्न र खाना खान नदिएको र अन्य छिमेकीलाई पनि त्यसो गर्न उक्साएको आरोप माओवादीहरूले हस्तलिखित पर्चामार्फत् सार्वजनिक गरे।

अन्य

तेल्घा गाविस७ का ३८ वर्षीय मोहनलाल गैरेलाई ०५९ पुस ९ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा ७ जना हतियारधारी व्यक्तिले "हामी माओवादी हौं, जिल्लामा सेना-प्रहरी के-कति छ?" भन्नेजस्ता प्रश्न गर्दै ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

नेकपा (एमाले) का जिल्ला नेताहरू फणेन्द्रबहादुर जिसी, लेखनाथ पोखरेल, राधाकृष्ण कँडेल, दलबहादुर रानासमेतको समूह निर्वाचन प्रचारप्रसारको क्रममा ०५९ असोज ३ गते गोठादी गाविसको जगात पुग्दा सशस्त्र माओवादीहरूले चुनाव प्रचार-प्रसारमा नहिँड्न चेतावनी दिँदै कार्यक्रम गर्न बन्देज लगाए।

पूर्व सांसद एवम् नेकपा (एमाले) जिल्ला नेता यादवबहादुर रायमाझीलाई ०५९ असोज ४ गते सिद्धेश्वर गाविसमा चुनाव प्रचार-प्रसार गर्ने काम नगर्नू भनी सशस्त्र माओवादीहरूले कार्यक्रम गर्न बन्देज लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा विगतको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी ४ सय ७३ वटा मुद्दा रहे। जसमध्ये २ सय ५९ फर्स्यौट भई २ सय १४ बाँकी रहे। २ वर्ष नाघेका ७ वटा मुद्दा छन्। थुनुवा मुद्दा १६ वटा छन्।

जिल्ला प्रशासन कार्यालयमा गत वर्षको जिम्मेवारी सरेर आएका ३ र यस वर्ष दर्ता भएका ९ गरी १२ वटा मुद्दा रहेकोमा ८ वटा फर्स्यौट भई ४ वटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रामपुर, दर्छा, कुसेनी, अर्गली गाविस तथा तानसेन नपाका विभिन्न वडाहरू सुकुम्बासी वस्ती भएका मुख्य क्षेत्र पर्दछन्। यहाँ करिब ५ सय सुकुम्बासीहरू बसोबास गर्दछन्।

जिल्लामा ४ सय १८ जनालाई अशक्त भत्ता उपलब्ध गराईंदै आएको छ।

आन्तरिक द्वन्द्वका कारण जिल्लाका विभिन्न गाविसका व्यक्तिहरू विस्थापित भएका छन्। २३ जना व्यक्तिले जिल्ला प्रशासन कार्यालयबाट विस्थापित भत्ता लिने गरेका छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तेल्घा गाविस-५ प्रवासबाट १९ वर्षीय घनश्याम वस्याल र ४३ वर्षीय केशव पौडेललाई माओवादीको आरोपमा ०५८ माघ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई यातना दिइयो। ९० दिनपछि दुवैजनालाई रिहा गरियो।

नायरनंतलेस गाविस-५ का २५ वर्षीय केशव रायमाझी, ३४ वर्षीय तुलसी न्यौपाने र २७ वर्षीय मञ्जु थापालाई माओवादीहरूलाई सहयोग गरेको आरोपमा ०५८ पुस २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई ७ दिनपछि रिहा गरियो।

बालअधिकार

चिर्तुङधारा गाविस घोरबन्दाका कुमाल जातिका १४ वर्ष मुनिका २ सय ४७ बालबालिकाले तानसेनमा ट्रकमा ल्याइएका निर्माण सामग्री बोक्दछन्। तर ज्याला भने आधा मात्र पाउँदछन्।

जिल्लाका आर्यभञ्ज्याङ, हार्थोक, वर्तुङ, केराबारी र

घटनाको प्रकार	गैर राज्यपक्षबाट							राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	१	५	३	३	३	६	१२	२	२२	३६
गिरफ्तारी/यातना								३	२	६		८
कुटपिट	१				२	१	१					
जातीय विभेद	१	१		१								
महिला अधिकार	३		३	३								
जम्मा	१०	५	४	९	५	४	४	९	१४	८	२२	४४

किरिया बसिरहेको अवस्थामा माओवादीद्वारा हत्या गरिएका खीकुमारथापा

तानसेनका अधिकांश होटलहरूमा १० देखि १४ वर्षसम्मका बालबालिका काम गर्दछन्। होटल र जीप तथा ट्याक्सीमा काम गर्ने बालबालिकाको संख्या करिब १ सय २० रहेको अनुमान छ।

यस वर्ष माविस्तरका २ वटा सहित कूल ११ वटा बोर्डिङ स्कूल माओवादीका कारण बन्द भए। यसबाट ती विद्यालयमा अध्ययनरत कूल १ हजार ८ सय ८५ जना विद्यार्थीको शिक्षाको अधिकार हनन भयो।

महिला अधिकार

पिपलडाँडा गाविस-२ नौसियाकी २६ वर्षीय एक महिलालाई ०५९ असोज १८ गते राति ४ जना अज्ञात व्यक्तिहरूले हतियार देखाई पतिलाई बाँधेर बलात्कार गरे।

खस्यौली गाविस-४ नेपालटारका २८ वर्षीय एक महिलालाई ०५९ असोज २१ गते राति अज्ञात व्यक्तिले बलात्कार गर्‍यो।

एक महिलालाई बोक्सीको आरोप लगाई इज्जत जाने बहानामा आफ्नै छोराले हत्या गरे।

विविध

संरचना क्षति

माओवादीहरूले ३ वटा गाविस भवन र ५ वटा प्रहरी चौकीमा माओवादीले बम विस्फोट गरी क्षति पुर्‍याए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मस्याम गाविस-८ मस्यामथुमस्थित भैरव मन्दिरमा प्रवेश गर्न रोक लगाएबापत् ०५९ असोज २१ गते पूर्व गाविस अध्यक्षसमेतको रोहवरमा कर्णबहादुर विकको नेतृत्वमा दलितहरूले मन्दिर प्रवेश गरे।

तानसेन क्याम्पस प्रमुख र स्ववियुको मिलेमतोमा स्ववियुको रकम हिनामिना भएको उल्लेख गर्दै अनेरास्ववियुले ०५९ पुस ३ गते एक विज्ञप्ति जारी गरी विरोध जनायो।

मुलुकमा विद्यमान संकटकालीन अवस्थाको दुरूपयोग भएको उल्लेख गर्दै नेकपा (एमाले) र संजमोले ०५९ जेठ ४ गते छुट्टाछुट्टै विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लामा ९ पुरूष र ७ महिला गरी १६ जनाले आत्महत्या गरे। सवारी दुर्घटनाका ११ घटनामा १९ पुरूष र ११ महिला गरी ३० जनाको मृत्यु भयो। आगलागी, खोलाले बगाएर, ढुङ्गाले किचेर र पहिरोमा परी गरेर ७ जनाको मृत्यु भयो। अन्य भवितव्यका घटनामा २ जनाको मृत्यु भयो।

३.१० कपिलवस्तु

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

शिवगढी गाविसस्थित जंगलमा ०५८ चैत १ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा २ जना माओवादीको मृत्यु भयो।

लालपुर गाविस-५ गम्वापुरका ३५ वर्षीय सकुर मनिहारको ०५९ वैशाख १९ गते यातनाका कारण मृत्यु भयो। एक भारतीय व्यक्तिको हत्यामा संलग्न भएको आशंकामा सकुरलाई गिरफ्तार गरिएको थियो। सकुरको मृत्यु हृदयाघातबाट भएको दाबी प्रहरीले गरेता पनि निर्मम यातना कारण भएको कुरा पीडितका आफन्तले बताए। भारतीय नागरिक बुधराम कुर्मीको लास फेला परेकोमा सकुर र उनका छोरा ननकु मनिहारलाई सो कार्यमा संलग्न भएको आशंकामा प्रहरीले गिरफ्तार गरेका थिए। कृष्णनगरस्थित इलाका प्रहरी कार्यालयको हिरासतमा राखिएका सकुर र ननकुलाई भेट्न गएकी सकुरकी पत्नीलाई प्रहरीले भेट्न दिएनन्। भेट्न नपाई फर्किएकी सकुरकी पत्नी घर पुग्न नपाउँदै प्रहरीले पुनः कृष्णनगर जान दबाब दिए र त्यसतर्फ जाँदै गर्दा बीच सडकबाटै कृष्णनगरको सट्टा बहादुरगञ्ज अस्पतालमा सकुरको

लास जबर्जस्ती बुझाएका थिए। आफ्ना पतिको मृत्युबारे सोध्दा हृदयाघातबाट भएको प्रहरीले बताएता पनि पीडितलाई बन्दुकको कुन्दा र बुटले टाउको, छाति, घाँटी र पेटमा हिर्काइएको दाग स्पष्ट देखिएको आफन्तले बताएर दाहसंस्कारको बेला खिचिएको तस्वीरसमेत प्रहरीले बरामद गरे। घटनापश्चात् क्षेत्रीय प्रहरी इकाई कार्यालय, भैरहवाबाट प्रहरी नायब उपरीक्षकको नेतृत्वमा गएको टोलीले अनुसन्धान गरी फर्किएपछि सो घटना प्रहरीका कारणबाट नै भएको ठहर गरे पनि के-कस्तो कारवाही भयो भन्नेबारे सार्वजनिक गरिएन।

बरकलपुर गाविस-८ डुमरामा ०५९ कार्तिक २६ गते सुरक्षाकर्मीको गोलीद्वारा एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

महेन्द्रकोट गाविस चाङघाटमा ०५९ जेठ २९ गते सुरक्षाकर्मीको गोलीद्वारा एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो। घरमा लुकेर बसेका माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरी केही पर लगी गोली प्रहार गरिएको स्थानीय बासिन्दाहरूले बताए।

जनसंख्या	४९१५९२
साक्षरता प्रतिशत	३३.८१
महिला साक्षरता प्रतिशत	२०.३६
क्षेत्रफल (वर्ग कि. मि.)	१७३८
गाविस / नपा संख्या	७७/१
निर्वाचन क्षेत्र	४
विद्यालय	२७२
क्याम्पस / उच्च मा.वि.	१/५
अस्पताल / स्वास्थ्य चौकी	२/७८
टेलिफोन लाइन	१३९०
मोटर सडक (कि. मि.)	१५०७
प्रहरी कार्यालय संख्या	१०
हुलाक संख्या	८९
मानव विकास सूचकांक	०.२८६
प्रति एक डाक्टर जनसंख्या	६८८५४
प्रति परिवार सरदर संख्या	६.६१

मरणासन्न बनाए। पीडकहरूले "पानी खान नदिनू" भनेर धम्की दिएका कारण पीडितलाई कसैले पानीसमेत दिएनन्। केही समयपछि आँगनमै पीडितको मृत्यु भयो।

उदयपुर गाविस-७ का सिसवाका वडाध्यक्ष ६० वर्षीय जब्बार भनिने हुसेन मनियारलाई ०५९ असार १७ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले बाहिर निकाली धारिलो हतियार प्रहार गरी हातखुट्टा काटिएकोमा अत्यधिक रक्तश्राव भयो। पीडितको प्राथमिक उपचार बहादुरगञ्ज अस्पतालमा गरी लुम्बीनी अञ्चल अस्पताल, बुटवल लगी उपचार गर्दागर्दै भोलिपल्ट मृत्यु भयो।

वाणगंगा गाविस-६ का नेकाका स्थानीय नेता ५१ वर्षीय आदित्य ज्ञवालीलाई ०५९ साउन २ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले घर घेरा हाली घरको माथिल्लो तल्लाबाट जबर्जस्ती बाहिर निकाली आँगनको छेउमा खुकुरी र गोली प्रहार गरी हत्या गरे। माओवादीहरूले पीडितलाई खुकुरीले टाउकाको दुवैतर्फ कानमाथि प्रहार गरेका थिए भने छाती र ढाडमा गोली प्रहार गरेका थिए।

माओवादीबाट

चनई गाविस बनकट्टीका ४० वर्षीय मेघबहादुर जिसीलाई सुराकीको आरोपमा ०५८ पुस १९ गते बेलुका छिमेकीको घरमा बसिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी केही पर पुऱ्याएर दुवै हातखुट्टा काटी हत्या गरे।

हरिहरपुर गाविस-१ का ४९ वर्षीय काशिराम थारूलाई सुरक्षा निकायलाई सहयोग गरेको आरोपमा ०५८ माघ २७ गते आफ्नै घर अगाडि माओवादीले धारिलो हतियार प्रहार गरी टुक्रा-टुक्रा पारेर हत्या गरे।

मोतिपुर गाविस-१ का ५८ वर्षीय भोला अधिकारीलाई सुराकीको आरोपमा ०५८ चैत १४ गते माओवादीले घरबाट अपहरण गरी करिब ५ सय मिटर पर लगी निर्मम कुटपिट गरी कलभटमुनि फ्याँकिदिए। पीडितलाई गाउँलेहरूले अचेत अवस्थामा फेला पारेकोमा उपचार गराउन लैजाँदा-लैजाँदै बाटोमा मृत्यु भयो। माओवादीले पीडितका परिवारलाई कोठामा थुनेर अपहरण गरेका थिए।

शिवगढी गाविसका ३५ वर्षीय इन्द्रबहादुर थापालाई सुराकीको आरोपमा ०५८ चैत १५ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले बाहिर निकाली कुटपिट गरी

खुरहुरिया गाविस-७ का ४७ वर्षीय गोरखनाथ कलवारलाई ०५९ भदौ ३० गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले घरदेखि केही पर लगी कुटपिट गर्नुका साथै हातखुट्टा काटिदिए। पीडितको अत्यधिक रक्तश्राव भएका कारण उपचारार्थ गोरखपुर लैजाँदालैजाँदै मृत्यु भयो। सो घटनामा छुटाउन गएका पीडितका भाइ र पत्नीलाई समेत माओवादीहरूले कुटपिट गरी घाइते बनाएका थिए भने घरमा रहेको ट्याक्टरमा पेट्रोल खन्याई आगो लगाएका थिए।

महेन्द्रकोट गाविस-२ बसन्तपुरका सिद्धार्थ स्मारक उच्च माविका प्रावि शिक्षक ५७ वर्षीय बालकृष्ण घिमिरेलाई ०५९ असोज २५ गते बिहान छिमेकीको पूजामा गएको अवस्थामा माओवादीहरूले गोली हानी हत्या गरे। छिमेकीको घरतर्फ जाँदै गरेका पीडितलाई एक जना माओवादीले "सरसँग केही काम छ" भनी अलीपर लगेकोमा त्यहाँ लुकेर बसेका अन्य हतियारधारी माओवादीहरूले केही बोल्न नपाउँदै गोली प्रहार गरेका थिए।

बरकलपुर गाविस-२ का ४० वर्षीय बुधई यादवलाई सुराकीको आरोपमा ०५९ मंसिर ११ गते आफ्नै घरमा बसिरहेको

अवस्थामा माओवादीहरूले घरबाट केही परको जंगलमा लगी धारिलो हतियार प्रहार गरी टुक्रा-टुक्रा पारेर हत्या गरे।

पाल्पा जिल्ला छहरा गाविस-१ घर भई बहादुरगञ्जस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान नारायण खत्रीलाई ०५९ पुस ९ गते राति कार्यालय नजिक ड्युटिमा बसेको अवस्थामा मोटरसाइकलमा आएका माओवादीहरूले गोली हानी हत्या गरे।

जेल र बन्दीहरू

कूल सय जना बन्दी क्षमता भएको कपिलवस्तु जेलमा यस वर्षको अन्त्यमा १ सय ५ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ७० पुरुष र १३ महिला तथा कैद तोकिएका २१ पुरुष र २ महिला छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा १० महिलासहित ३० जना बन्दी छन्। भवन चर्केको र पानी चुहिने अवस्थामा छ। चर्पी खुल्ला भएका कारण कोठामा पनि दुर्गन्ध फैलने गरेको बन्दीहरू बताउँछन्। बन्दीहरूलाई सीपमूलक तालिमको व्यवस्था छैन। सञ्चार सुविधामा कान्तिपुर दैनिक उपलब्ध गराइन्छ भने पुरुषतर्फ एउटा टिभी र एउटा रेडियो छ।

बेपत्ता /अपहरण

राज्यबाट

महेन्द्रकोट गाविस-६ वीरपुरका १८ वर्षीय मञ्जु परियारलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ जेठ १७ गते दुविया गाविस-३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितका बाबुले कतै पनि फेला पार्न नसकेपछि इन्सेक जिल्ला प्रतिनिधिसमक्ष अनुरोध गरेपछि पीडितको खोजविनको लागि र सार्वजनिक गर्न प्रहरी प्रशासनमा दवाव दिएपछि ०५९ साउन १८ गते थुनामा राखियो।

माओवादीबाट

चनई गाविसका निवर्तमान अध्यक्ष ४० वर्षीय वकिल मुसलमानलाई चन्दा नदिएको रिसमा माओवादीहरूले पटक-पटक धम्की दिने गरेकोमा ०५८ फागुन १२ गते घरमा पर्वको अवसरमा खाना खाइरहेको अवस्थामा अपहरण गरे। गाउँलेहरूले माओवादीहरूलाई लखेटेका कारण पीडितलाई छोडेका थिए। पीडितलाई माओवादीहरूले फागुन १६ गते पनि अपहरणको प्रयास गरेका थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बहादुरगञ्ज गाविस-१ जवानगढियामा साइकलमा हिँड्ने विभिन्न १८ जना व्यक्तिलाई ०५९ असार २० गते सुरक्षाकर्मी र राजस्व गस्ती टोलीले कुटपिट गरे। मल बोकेर आइरहेका २ जना व्यक्तिलाई राजस्व गस्ती टोलीले कुटपिट गरेपछि "किन कुटपिट गरेको ?" भन्दा बाटोमा यात्रा गरिरहेका व्यक्तिहरूलाई कुटपिट गरिएको थियो। सोही क्रममा सुरक्षाकर्मी आई बाटोमा हिड्ने र सोधपुछ गर्ने सबैलाई कुटपिट गरेका थिए। पीडितहरूलाई कुटपिटका साथै पानीको खाल्डोमा राख्ने, चर्को घाममा बाटोमा सुताउने, छातीमा बुटले कुल्चने जस्ता यातना दिइएको थियो। बाटोमा हिँडिरहेको अवस्थामा "किन पिटेको ? अन्य कारवाही गरे राम्रो हुन्थ्यो।" भन्दा आफूलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२			२	११	१२		१२	५	३		२	५
घाइते	३	३			३	४	१९		१९	१	३		१५	१८
बम विस्फोटन						१								
गिरफ्तारी/यातना										२२	३७			३७
बेपत्ता										१	१			१
धम्की						१		१	१					
भूमिहीन/सुकुम्बासी										५			९५०	९५०
महिला अधिकार	३		३		३					१		२		२
बालअधिकार	२			२	२									
आर्थिक/सामाजिक अधिकार	४	७		१	८									
अपहरण						१	१		१					
जम्मा	१४	१२	३	३	१८	१८	३२	१	३३	३५	४४	२	९६७	१०१३

कुटपिट गरिएको कुरा शिक्षक रामबालक जैसवालले बताए। त्यसैगरी आफूले परिचयपत्र देखाउँदा "तँ जस्ताले देश खायौ" भन्दै कुटपिट गरिएको पीडितले बताए।

माओवादीबाट

दुविया गाविस-७ का निवर्तमान गाविस उपाध्यक्ष तथा नेकांका कार्यकर्ता ४५ वर्षीय डिलाराम भट्टराईलाई सुराकीको आरोपमा ०५८ फागुन ९ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीहरूले बाहिर निकाली कुटपिट गरी हात-खुट्टा र पिठ्युँको हाड भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा भयो। पीडित गाउँबाट विस्थापित भए।

दुविया गाविस-९ टाकुका ५२ वर्षीय गणेश बेलबासेलाई सुराकीको आरोपमा ०५९ भदौ २९ गते माओवादीले घरबाट अपहरण गरी केही पर लगी हातखुट्टामा धारिलो हतियार प्रहार गरे। पीडितको उपचार बुटवलमा भयो।

गजेहडा गाविस-४ का ४५ वर्षीय मोती चन्दलाई ०५९ भदौ ३० गते बेलुका करिब ९ बजेतिर घरमै बसिरहेको अवस्थामा माओवादीहरूले बाहिर निकाली कुटपिट गरी धारिलो हतियार प्रहार गरे।

गजेहडा गाविस-१ का नेकपा (एमाले) का कार्यकर्ता ४० वर्षीय पूर्ण पंगेनीलाई ०५९ कार्तिक २२ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीहरूले केही करिब आधा किमी पर लगी कुटपिट गर्नुका साथै राजनीति नगर्न धम्की दिए।

अन्य

कपिलवस्तु नपाका अधिकृत ४५ वर्षीय नरेन्द्रबहादुर थापालाई चेकमा हस्ताक्षर नगरेको र अन्य विवादका कारण ०५९ असार २६ गते नगरप्रमुख रामदास गुप्ताको कार्यालय कोठामा बोलाई ८-९ जनाले कुटपिट गरी घाइते बनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी देवानी मुद्दा १ हजार ५२ वटा तथा फौज्दारी मुद्दा ३ सय ८४ गरी १ हजार ४ सय ३६ वटा रहे। जसमध्ये देवानी ४ सय १२ र फौज्दारी १ सय २७ वटा फर्स्यौट भए। फर्स्यौट हुन बाँकी मुद्दामा देवानी ६सय ४० तथा फौज्दारीमध्ये सरकारवादी ५५ र दुनियावादी २ सय १ गरी कूल ८ सय ९६ वटा रहे। मुद्दाहरूमध्ये २ वर्ष नाघेका देवानी २८ र फौज्दारी १९ वटा छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ७६ र यस वर्ष दर्ता भएका २० गरी ९६ मुद्दा रहेकोमा ३१ वटा फर्स्यौट भई ६५ वटा बाँकी रहे।

शिवपुर गाविस-४ हर्रवाका २८ वर्षीय कल्लुराम थारू, २२ वर्षीय दुःखु थारू, ३२ वर्षीय बयारू थारू र ४८ वर्षीय रघुप्रसाद थारूलाई ०५६ माघ १० गते सोही गाविसका डा.

माओवादीद्वारा हत्या गरिएका आदित्य झवाली र शोकाकुल आफन्तहरू

इकवाल अहमद खाँलाई माओवादीहरूले हत्या गरेपश्चात् सो हत्यामा संलग्न भएको आशंकामा ०५६ माघ २४ गते गिरफ्तार गरी थुनामा राखिएकोमा ३१ महिनापछि ०५९ भदौ ३० गते जिल्ला अदालतले निर्दोष सावित गरी फैसला गर्‍यो। छिटो-छरितो मुद्दा फर्स्यौट नहुँदा निर्दोष व्यक्तिहरू लामो समय थुनामा बस्नुपर्‍यो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चनई गाविसका ४२ वर्षीय तुलसीराम पोखरेललाई माओवादीको आशंकामा ०५८ पुस २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ महिनापछि रिहा गरे।

मोतिपुर गाविस-९ का विष्णु पोखरेल, सुमन पाण्डे, दुवारी थारू र मोतिप्रसाद घिमिरेलाई माओवादीको आशंकामा ०५८ पुस २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

जयनगर गाविस-९ वडहराका ३५ वर्षीय विष्णु पौडेललाई माओवादीको आरोपमा ०५८ माघ ३ गते गोरुसिङ्गे बजारमा मोटरसाइकलमा यात्रा गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

कपिलवस्तु नपा तौलिहवास्थित रेग्मी ल फर्मका कानून व्यवसायी ४२ वर्षीय फणिन्द्रराज रेग्मीलाई माओवादीको आशंकामा ०५८ माघ ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

राष्ट्रिय जनमोर्चाका कार्यालय सचिव शिव पौडेललाई ०५८ माघ ५ गते निग्लीहवास्थित आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोधपुछपश्चात् रिहा गरे। सुरक्षाकर्मीले मार्क्सवादसम्बन्धी पुस्तकहरू पनि बरामद गरेका थिए।

बुद्धी गाविस-३ का अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष तथा जनादेश साप्ताहिकका सम्वाददाता ३१ वर्षीय रुद्र बञ्जाडेलाई ०५८ माघ २२ गते सुरक्षाकर्मीले

गिरफ्तार गरी ७–८ दिन हिरासतमा राखे। उनलाई हाल थुनामा राखिएको छ।

कपिलवस्तु नपा–३ मा पुस्तक पसल गर्ने पत्रकार तथा मानवअधिकारकर्मी नारायण पौडेललाई माओवादीहरूलाई सहयोग पुग्नेगरी लेख लेख्ने, भाषण गर्ने गरेको आरोपमा ०५८ माघ २३ गते आफ्नै पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ४ दिनपछि रिहा गरे।

कपिलवस्तु नपा–४ का ३० वर्षीय होमनाथ पाण्डे र ३१ वर्षीय विष्णु मुराउलाई ०५८ फागुन २६ गते विवाहको निम्तोमा जानेक्रममा वीरपुर गाविसको चन्द्रौटाबजार नजिक बाटोमा हिँडिरहेको अवस्थामा गस्तीमा हिँडेका सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे। सो दिन माओवादीहरूले विद्युत प्राधिकरणमा बम विस्फोट गराएको र त्यसमा संलग्न भएको आशंकामा गिरफ्तार गरिएको थियो।

कोपवा गाविस–८ मनहरीपुरका २८ वर्षीय श्यामबहादुर थापालाई ०५९ वैशाख ५ गते कृष्णनगरबाट तार ल्याई घर फर्किरहेको अवस्थामा माओवादीको एम्बुसका लागि तार ल्याएको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरी ५ दिनपछि रिहा गरे।

तिनिखीं गाविसका नेकपा (एमाले) जिल्ला सदस्य सिताराम रविदासलाई माओवादीलाइ सहयोग गरेको आरोपमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

बरकलपुर गाविस–८ का नेकपा (एमाले) को भातृ संगठन अनेकिसंघ जिल्ला सदस्य ४० वर्षीय वेजप्रसाद थारूलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ वैशाख १७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

गजेहडा गाविस–३ का ३५ वर्षीय रघु पाठकलाई माओवादीको आशंकामा ०५९ साउन ८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी २ दिन हिरासतमा राखेर तारेखमा रिहा गरियो।

शिवपुर गाविस हरैहवाका २८ वर्षीय कल्लु थारू, २२ वर्षीय दुःखु थारू, ३२ वर्षीय बमारु थारू र ४८ वर्षीय रघुप्रसाद थारूलाई ०५९ भदौ ३० गते जिल्ला अदालतले निर्दोष ठहऱ्याई रिहा गर्ने आदेश दिएपछि रिहा गर्नेबित्तिकै प्रहरीले अदालतको परिसरबाट पुनः गिरफ्तार गरे। पीडितहरूलाइ ३ दिनपछि रिहा गरियो।

निग्लीहवा गाविस–१ का २० वर्षीय विजय खनाल, ३२ वर्षीय धुरे केवट र १५ वर्षीय राजेश सिंहलाइ माओवादी गतिविधिमा संलग्न भई गाविस भवनमा आगो लगाएको आरोपमा ०५९ कार्तिक २४ गते दिउँसो सहरको बाटो बनाइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी तौलिहवास्थित ब्यारेकमा शारीरिक तथा मानसिक यातना दिएर जिल्ला प्रहरी कार्यालयमा बुझाएकोमा ३ दिनपछि रिहा गरियो। यातनाका कारण धुरेको मानसिक असन्तुलन भएको छ भने अन्य २ जनाको शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडितहरूलाई बन्दुकको कुन्दाले हिर्काएको घाउहरूसमेत थियो।

यस वर्ष यो जिल्लामा १ सय ७६ जनालाई माओवादी गतिविधिमा संलग्न भएको वा सहयोग पुऱ्याएको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ३० जनालाई थुनामा राखियो, ६८ जनाले आत्मसमर्पण गरे भने अन्यलाई सोधपुछ र हिरासतपछि रिहा गरियो।

यस वर्ष माओवादी गतिविधिमा संलग्न भएको आरोपमा १ सय ७६ जनालाई गिरफ्तार गरिएकोमा ३० जनालाई थुनामा राखिएको छ। ७६ जनाले आत्मसमर्पण गरे। अन्यलाई छानबिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

तिलौराकोट गाविस–६ बर्मेली टोलमा बसोबास गर्दै आएका सुकुम्बासीहरूलाई कुनै वैकल्पिक व्यवस्थाविना ०५८ चैत ९ गते ७० वटा सुकुम्बासी छाप्राहरू वन सुरक्षाकर्मीले आगो लगाई ध्वस्त बनाए। जसबाट ७० परिवार सुकुम्बासीहरू घरबार विहीन भए।

शिवपुर गाविस कालापुरस्थित नदी किनारमा ०५६ सालदेखि बसोबास गर्दै आएका सुकुम्बासीहरूका छाप्रामा पटक–पटक वन सुरक्षाकर्मीले आगो लगाई लखेट्ने कार्य गरे। सोही क्रममा ०५८ चैत १० गते लगाइएको आगोबाट ३ सय २० घरपरिवार सुकुम्बासीहरू विस्थापित भए।

बाणगंगा गाविस राजपुर र नन्दनगरमा विगत केही वर्षदेखि बसोबास गर्दै आएका सुकुम्बासीहरूका छाप्रामा ०५८ चैत १० गते वन कार्यालयका सुरक्षाकर्मीहरूले आगो लगाई ध्वस्त बनाए। राजपुरमा ५० र नन्दनगरमा ४० छाप्रामा आगो लगाइएको थियो।

मोतिपुर गाविस बन्डेलीमा गाविसको पहलमा बसोबास गर्दै आएका सुकुम्बासीका १ सय ७५ वटा छाप्राहरूमा ०५८ चैत १० गते वन सुरक्षाकर्मीहरूले आगो लगाई ध्वस्त बनाए।

यस्ता घटनाहरूमा गरी यस वर्ष कुल ६ सय ८५ परिवारका करिब २ हजार ५ सय ८० जना सुकुम्बासी पीडित भए।

यस जिल्लामा सुकुम्बासी समस्या समाधान हुनुको सट्टा झन् बढी समस्या थपिन लागेको छ। साधारणतया छाप्राहरू बनाएर नदी किनार र खाली जग्गामा बसेका भूमिहीन, सुकुम्बासीहरूलाई घरबारविहिन बनाउने कार्य गरेको र सुकुम्बासी समस्या समाधान आयोगको व्यवस्था नभएकाले यो समस्या झनै जटिल भएको छ। केही ठाउँमा सुकुम्बासीहरू पाल टाँगेर बस्न बाध्य भएका छन्।

जिल्लामा भूमिहीन, सुकुम्बासीको यकिन तथ्यांक नभएता पनि करिब १६ हजारदेखि २२ हजारसम्म रहेको अनुमान छ।

आन्तरिक द्वन्द्वका कारण यस जिल्लाका निवर्तमान जनप्रतिनिधिहरू घर छाडि सुरक्षित स्थानमा बस्न बाध्य भए। १०-१२ जना निवर्तमान गाविस अध्यक्ष जिल्ला सदरमुकाम र राजधानीमा विस्थापित भएका छन्।

मोतिपुर गाविसका निवर्तमान अध्यक्ष नेत्रज्योती गिरी माओवादीहरूले लगाएका आरोप र धम्कीका कारण घर छोडि सदरमुकाम तौलिहवामा डेरामा बस्न बाध्य भए। माओवादीहरू घरमा आई परिवारलाई धम्की दिने र "जनअदालत" का पूर्जी काट्ने गरेका कारण सदरमुकाममा बस्न बाध्य भएको पीडितले बताए।

आन्तरिक द्वन्द्वके कारण विस्थापित हुनेहरूमा महेन्द्रकोट र ऋजहवा गाविसका निवर्तमान अध्यक्षहरू क्रमशः वीरेन्द्र मिश्र र महेन्द्र कंसी घर छोडि राजधानीमा बस्न पुगेका छन् भने जहदी गाविसका निवर्तमान अध्यक्ष पनि घर छाडि अन्यत्र बसेका छन्।

निग्लीहवा गाविसका निवर्तमान गाविस अध्यक्ष दिपक गुरूङ विस्थापित भई काठमाण्डौं बसेका छन् भने पत्थरदेहिया, सुरखुरिया, लालपुर र भगवानपुर गाविसका निवर्तमान अध्यक्षहरू पनि घर छाडी अन्यत्र बसेका छन्। राजनीतिक कार्यकर्ताहरू पनि विस्थापित भए। नेकांका कार्यकर्ता तथा जिविसका निवर्तमान सदस्य महेन्द्रकोट गाविसका केशव श्रेष्ठ, बुद्धी गासिका रामप्रसाद घिमिरे, टेकराज घिमिरे, मलवाडका हरि घिमिरे र निग्लीहवाका निवर्तमान जिविस सदस्य ललित गुरूङ छन् भने नेकपा (एमाले) का वीरसिंह राना घर छाड्न बाध्य छन्।

दुवियाका गाविस उपाध्यक्षलाई माओवादीहरूले कुटपिट गरी हातखुट्टा भाँचिदिएको र घर छाडन बाध्य पारेका कारण विस्थापित भएका छन्। नेकांका क्षेत्रीय सभापति दुविया गाविसका सुरेन्द्र आचार्य माओवादी धम्कीका कारण विस्थापित भएका छन्।

यसरी २१ जना विभिन्न राजनीतिक दल कार्यकर्ताहरू विस्थापित भएका छन्। विस्थापितहरूमध्ये केही राजधानी, केही बुटवल र केही जिल्ला सदरमुकाममा बसोबास गर्दछन्। कतिपय भारततर्फ गएका छन्।

यस वर्ष ९ महिनासम्म वृद्ध भत्ता वितरण गरिएन।

आर्थिक अधिकार

श्री ५ को सरकारले कृषि मजदुरहरूको न्यूनतम ज्याला दैनिक ६० रूपैयाँ तोकेको भएता पनि सिसवा गाविसका कृषि मजदुरहरूले दैनिक २० देखि ३० रूपैयाँसम्म मात्र पाउने गरेका छन्।

बालअधिकार

यस जिल्लाका होटल, इँटा कारखाना, सवारी साधन आदिमा बालमजदुरहरू कार्यरत छन्। शहरी क्षेत्रमा घरेलु बालश्रमिकको रूपमा पनि बालबालिका कार्यरत छन्।

कक्षा १ देखि ५ सम्म सरकारको घोषित नीति अनुसार, निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने नीतिअनुरूप विगत वर्षहरूमा श्रोत भर्ना हुनेगरी खरिद गरिएका पाठ्यपुस्तकहरूको भुक्तानी १ वर्ष बितिसक्दा समेत विद्यार्थीहरूले नपाएका कारण धेरै विद्यालयका बालबालिका निःशुल्क शिक्षाबाट वञ्चित भए। सो कार्यबाट बालबालिकाले हितविपरित भनी मानवअधिकार संस्था हुर्लेस्कले राष्ट्रिय मानव अधिकार आयोगमा पत्र पठायो। साथै, रकम वितरणका लागि मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि र हुर्लेस्कले ०५९ वैशाख २५ गते जिल्ला शिक्षा कार्यालयमा ज्ञापनपत्र बुझाए।

बहादुरगञ्ज गाविसकी ७ वर्षीय एक बालिकालाई ०५९ वैशाख २७ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा सोही गाविसका २५ वर्षीय शेरअली मुसलमानले सिनाघाट भन्ने ठाउँमा पुर्याई बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

महिला अधिकार

शिवगढी गाविसका २ जना छात्रालाई ०५८ चैत २० गतेदेखि शुरू भएको एसएलसी परीक्षा दिन आएको अवस्थामा बहादुरगञ्ज गाविसस्थित इलाका प्रहरी कार्यालयका कार्यरत प्रहरी हवल्दार हिरामणि अर्याल र प्रहरी जवान रामबहादुर खड्काले चिट चोराउने प्रलोभन देखाई परीक्षा अवधिभर यौन शोषण गरे। १० दिनसम्म छोरीहरू हराएपछि अभिभावकहरूले खोजी गर्दा पीडकहरूको कोठामा फेला पारे। प्रहरी, राजनीतिक पार्टीका प्रतिनिधिहरू लगायत्का व्यक्तिको सहयोगमा पीडितहरूलाई मुक्त गरियो। पीडकहरूले ती छात्राहरूलाई विवाह गर्ने भनी पुनः ल्याए। पीडकहरूमध्ये हिरामणिलाई गोरखा सरूवा गरियो भने रामबहादुरलाई तौलिहवा पठाइयो। हिरामणि गोरखा सरूवा भएपछि खोज्दै आएकी एक छात्रालाई जिप्रकाले हिरामणि बिदामा बसेको बताएपछि उनले गोरखामै झुण्डिएर आत्महत्या गरिन्।

मलवाड गाविस-१ की एक महिलालाई ०५८ पुस २४ गते राति सुतिरहेको अवस्थामा ४ जना अज्ञात व्यक्तिहरूले धारिलो हतियार देखाई बाहिर लगी बलात्कार गरे। पीडकहरूमध्ये राजु परियारलाई प्रहरीले गिरफ्तार गरे। आफूले बलात्कार नगरेको र बलात्कार गर्ने अन्य फरार रहेको राजुले बताए।

वीरपुर गाविस-५ चनौटा बजारकी ४१ वर्षीय समसुरन मियालाई ०५८ फागुन २० गते आफ्नै पति ४२ वर्षीय रहमान अलिले कुटपिट गर्नुका साथै खान, लाउन र बस्न दिएनन्। पीडकले एक वर्षअघि दोश्रो विवाह गरेपछि पीडित

ससुरनलाई त्यस्तो व्यवहार गरेका थिए। इन्सेक र राजनीतिक पार्टीको पहलमा पीडक र पीडित दुवैलाई राखी समझदारीमा पारिवारिक झगडा मिलाइयो।

विविध

संरचना क्षति

यस वर्ष माओवादीले ४५ वटा गाविस भवन, १६ वटा हुलाक, १२ वटा उपस्वास्थ्य चौकी, २ वटा साना किसान विकास परियोजनाका भवन, एउटा साझा संस्थाको कार्यालय, ५ वटा वन कार्यालय, ३ वटा प्रहरी कार्यालय र एक-एक वटा मालपोत कार्यालय र चिनी मिलमा आक्रमण गरी क्षतिग्रस्त बनाए। नेपाल विद्युत प्राधिकरणको चनौटास्थित सवस्टेशनमा माओवादीहरूले ०५८ फागुन २५ गते बम विस्फोट गराउँदा १ करोड रूपैयाँ बराबरको क्षति हुनुका साथै कृष्णनगर, बहादुरगञ्ज, चनौटा, गोरुसिङ्गे, पिपरालगायत्का ठाउँमा १५ दिनसम्म विद्युत प्रशारण बन्द भयो। त्यसैगरी विद्यार्थीहरूले ३ वटा विद्यालयमा आगो लगाई प्रशासनकक्षमा क्षति पुऱ्याए भने माओवादीहरूले एउटा माविको कक्षा कोठामा माओवादीहरूले बम विस्फोट गराउँदा एसएलसी परीक्षा दिइरहेका ४ सय विद्यार्थी प्रभावित भए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

शिवपुर गाविस हर्रहवाका २८ वर्षीय कल्लु थारू, २२ वर्षीय दुःखु थारू, ३२ वर्षीय बमारु थारू र ४८ वर्षीय रघुप्रसाद थारूलाई ०५९ भदौ ३० गते प्रहरीले अदालतको परिसरबाट पुनः गिरफ्तार गरेको विरोधमा मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि र मानवअधिकार संस्था हर्लेक्सले प्रेस विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

पूर्व अर्थराज्यमन्त्री दिपकुमार उपाध्यायको घरमा ०५९ जेठ २८ गते राति माओवादीहरूले बम विस्फोट गरी क्षति पुऱ्याए। माओवादीहरूले घर परिवारलाई बाहिर निकाली बम विस्फोट गराएका थिए।

माओवादी गतिविधि परित्याग गरेको जनाउँदै यस वर्ष ७६ जनाले प्रशासन समक्ष आत्मसमर्पण गरे।

यस वर्ष यो जिल्लामा सवारी दुर्घटनामा १० जना पुरूष पीडित भए। पानीमा डुबेर २ जना महिलाको मृत्यु भयो। व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १५ पुरूष र ६ महिला पीडित भए। १ महिला र १ पुरूषले विष सेवन गरेर तथा २ महिला र १ पुरूषले झुण्डिएर आत्महत्या गरे। चिसोका कारण १ जना बालकको मृत्यु भयो। १ जना पुरूष र १ जना महिलाको लास फेला पऱ्यो।

३.११ अर्घाखाँची

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

केरुङ्गा गाविस-७ हटियावजारका ३२ वर्षीय राजेश भनिने खिमबहादुर श्रेष्ठ र मैदान गाविस-३ का गजन भनिने रामबहादुर वि.क.लाई माओवादीको आरोपमा ०५९ वैशाख १३ गते सन्धिखर्क गाविस-६ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिमलपानी गाविस-५ मा ०५९ साउन २२ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

सिद्धारा गाविस-६ मा ०५९ कात्तिक १ गते सुरक्षाकर्मीको गोलीद्वारा एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो। सो घटनामा सुरक्षाकर्मीले माओवादीबाट ४८ हजार ५ सय ८० रूपैयाँ नगद, २ थान सकेट बम, ९ एमएमको पेस्तोलका ३ सय ४८ वटा गोली लगायत्का हातहतियारसमेत बरामद गरेको जनायो। कपिलवस्तु जिल्ला गोरुसिङ्गेबाट आएका सुरक्षाकर्मीद्वारा सो घटना भएको थियो।

बाँगी गाविस-१ कर्नमारेका २० वर्षीय टोपलाल पन्थीलाई माओवादीको आरोपमा ०५९ मंसिर १ गते अर्घा गाविस-४ सर्लामखोलामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

केरुङ्गा गाविस-१ वल्कोटका गाविस अध्यक्ष तथा नेकां महासमिति सदस्य ५५ वर्षीय राममणि ज्ञवालीलाई सुराकीको आरोपमा ०५८ फागुन २९ गते राति आफ्नै घरमा माओवादीले खुकुरी प्रहार गरी टुक्रा-टुक्रा पारेर हत्या गरे। पीडित इन्सेक आवद्ध संस्था प्रागका भूपू सदस्य हुनुहुन्थ्यो।

सन्धिखर्क गाविस-६ मा ०५९ भदौ २६ गते दिउँसो माओवादीद्वारा छोडिएको बम विस्फोट हुँदा १ जना सुरक्षाकर्मीको मृत्यु हुनुका साथै ३ जना सुरक्षाकर्मी घाइते भए।

वाँगी गाविस-१ कर्नमारेका नेकपा क्षेत्र नं. १ का सदस्य भेषबहादुर क्षेत्रीलाई सुराकीको आरोपमा ०५९ कार्तिक ७ गते बेलुका माओवादीले खुकुरी प्रहार गरी हत्या गरे।

अर्घाखाँची र कपिलवस्तु जिल्लाको सीमानामा पर्ने सिद्धारा गाविस-४ का ५२ वर्षीय ताराप्रसाद पोखरेल र उनका भाइ ४८ वर्षीय तेजप्रसाद पोखरेललाई सुराकीको आरोपमा ०५९ कार्तिक ३० गते आफ्नै घरबाट माओवादीहरूले अपहरण गरी लगेकोमा कपिलवस्तु जिल्ला कमिटीको निर्णय अनुसार "सफाया" गरिएको कुरा मंसिर १८ गते एउटा हस्तलिखित पम्प्लेटमार्फत् सार्वजनिक गरे। घटना सार्वजनिक भएपछि पीडितका आफन्त एवं पत्नीले आफ्ना पतिलाई "सफाया" गरिएको भए लास, नगरिएको भए सास उपलब्ध गराइयोस् भनी मानवअधिकार संस्था एवम् पत्रकारमार्फत् सहयोग गरिदिन लिखित निवेदन दिए। तर, माओवादीहरूले आफन्तलाई लास बुझाएनन्।

जनसंख्या : २३८८३९
साक्षरता प्रतिशत : ४७.४
महिला साक्षरता प्रतिशत : ३२
क्षेत्रफल (वर्ग कि. मि.) : ११९३
गाविस / नपा संख्या : ४२/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ४२४
क्याम्पस / उच्च मा.वि. : २/८
अस्पताल / स्वास्थ्य चौकी : १/४१
टेलिफोन लाइन : १८४
मोटर सडक (कि. मि.) : ५८
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ४२
मानव विकास सूचकांक : ०.३३१
प्रति एक डाक्टर जनसंख्या : ४१६७८
प्रति परिवार सरदर संख्या : ५.१०

दोहोरो भिडन्त

जिल्ला सदरमुकाम सन्धिखर्कमा ०५९ भदौ २३ गते माओवादीहरूले आक्रमण गरी ६९ जना सुरक्षाकर्मी, २ जना कर्मचारी र १ जना सर्वसाधारणको हत्या गरे। सो घटनामा मृत्यु हुने सुरक्षाकर्मीहरूमध्ये ३३ जना जनपथ प्रहरी, १६ जना सशस्त्र प्रहरी र २० जना सैनिक थिए। माओवादीहरूको आक्रमणमा मृत्यु हुनेहरूमा सन्धिखर्क गाविस-६ की ७२ रम्भादेवी भुसाल, सितपुर गाविस-५ घर भई राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत ५१ वर्षीय केशरसिंह थापा, सन्धिखर्क गाविस-३ छापडाँडा घर भई जिल्ला शिक्षा कार्यालयमा कार्यरत ४४ वर्षीय छविलाल भुसाल थिए। त्यसैगरी प्रहरी जवानहरू हरिकृष्ण दिक्षित, हिमबहादुर राना, लालप्रसाद तिवारी, रामचन्द्र ढुंगाना, रामबहादुर राना, राजु अर्याल, पुनम पुन, होमबहादुर दर्लामी, प्रभुलाल चौधरी, रेन्मीराज अर्याल, अवदेशकुमार सिंह, डिल्लीराज पन्थी, सुकबहादुर गुरूङ, राजेश यादव, रकमबहादुर पंगेनी, विकास बस्नेत, प्रितमान राना, श्याम पुन, सूर्य थापा, भरत ठकुरी, रूद्र बाँगटी, प्रेमबहादुर राना, तेजबहादुर कुवँर, लालबहादुर कुवँर, हरिप्रसाद पाल, तेजबहादुर नेपाली, गुनबहादुर महत, शिव पाण्डे, सुन्दर लोहनी, विष्णुबन्धु दाहाल, ओमबहादुर बस्नेत, बालकृष्ण थनेत, नरेश यादव, असीम श्रेष्ठ, रामहरि खनाल, महादेव गुरूङ, सुधीर सिंह, कामेश्वर मण्डललगायत् थिए। पीडितहरूमध्ये छविलालको शिक्षा कार्यालयमा आगोमा परी मृत्यु भएको थियो। माओवादीहरूले अपहरण गरी लगेका सैनिकहरूमध्ये एकजनालाई बाटोमा हत्या गरेका थिए। सो घटनामा पर्वत जिल्ला वाच्छा गाविसकी गिता वि.क., पाङ्लाङ गाविस-२ का रेशम सुनार, स्याङ्जा जिल्ला रत्नपुर गाविस-६ का वीरेन्द्र घिमिरेलगायत् ५९ जना माओवादीको मृत्यु भएको थियो। तीमध्ये ३ वटा लास महिलाका थिए। सरकारी पक्षले माओवादीतर्फ १ सय ७० जनाको मृत्यु भएको सार्वजनिक गर्‍यो। सहायक सिडियो सहित ५८ जना सुरक्षाकर्मीलाई माओवादीहरूले अपहरण गरी लगेकोमा भोलिपल्ट हंसपुर गाविस भवनबाट मुक्त गरियो। सो आक्रमणका क्रममा माओवादीहरूले राष्ट्रिय वाणिज्य बैंकबाट ११ करोड रूपैयाँबराबरको धनमाल लगेको सरकारी पक्षले जनायो भने माओवादीहरूले ४ करोड ८० लाख नगद र १ करोड रूपैयाँ बराबरको सुनचाँदी लगेको कुरा सार्वजनिक गरे। घटनाकै क्रममा सन्धिखर्क गाविस-६ का ४६ वर्षीय श्यामलाल पाण्डे माओवादीको गोली लागी घाइते भए भने ८८ जना सुरक्षाकर्मी पनि घाइते भए। माओवादीतर्फ पनि सयौंको संख्यामा घाइतेहरूलाई बोकेर लगेको प्रत्यक्षदर्शीहरूले बताए। घटनाको भोलिपल्ट हंसपुरमा भएको भीडन्तमा ४ जना माओवादीको मृत्यु भयो।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

सन्धिखर्क गाविस-६ सन्धिखर्कका ३१ वर्षीय हिमलाल कुमाल ०५९ असार २३ गते सुरक्षाकर्मीद्वारा राखिएको एम्बुसमा परी सख्त घाइते भए। पीडितको हाल काठमाण्डौंमा उपचार भइरहेको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

धनचौर गाविस-५ का नेकपा (एमाले) इलाका सचिव ४२ वर्षीय तारा भट्टराई र सोही गाविस-४ का सोही पार्टीका गाउँ कमिटी सदस्य ४० वर्षीय वासुदेव पाण्डेलाई माओवादीको प्रतिकार गरेको आरोपमा ०५९ असोज २३ गते माओवादीहरूले

माओवादीद्वारा सन्धिखर्क आक्रमणको क्रममा मारिएका एक सुरक्षाकर्मी

अपहरण गरे। पीडितहरूमध्ये वासुलाई सोही दिन र नारालाई ४ दिनपछि मुक्त गरियो।

ढिकुरा गाविस-२ गहते घर भई जिल्ला प्रशासन कार्यालयमा कार्यरत नासु हरिप्रसाद दमासेलाई ०५९ पुस ५ गते वेलुका आफ्नै घरवाट माओवादीहरूले अपहरण गरे। पीडितलाई पुस १२ गते धनचौरवाट मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

केरूङ्गा गाविस-१ वल्कोटका ५० वर्षीय पुष्पा खनाललाई सुराकीको आरोपमा ०५८ फागुन २९ गते माओवादीहरूले कुटपिट गरी घर र गोठमा वम विस्फोट गराइदिए।

खनदह गाविस-१ का नेकपा (एमाले) डलाका सदस्य यमलाल खनाल, विष्णुप्रसाद खनाल, सोही गाविस-२ का केशवराज खनाल, सोही ठाउँका दामोदर खनाल र खिमानन्द खनाललाई माओवादी गतिविधिको विरोध गरेको आरोपमा ०५९ कार्तिक १५ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

पोखराथोक गाविस-१ का सोही गाविसका अध्यक्ष ४० वर्षीय नारायण भट्टराईलाई ०५८ फागुन १६ गते माओवादीहरूले जवर्जस्ती राजीनामा गराउनुका साथै ज्यानमार्ने धम्की दिए।

घानिवाङ गाविस-८ का गाविस अध्यक्ष ५२ वर्षीय मणिराज पौडेललाई सुराकीको आरोपमा ०५८ चैत १८ गते माओवादीहरूले जवर्जस्ती राजीनामा गराउनुका साथै ज्यानमार्ने धम्की दिए।

पणेना गाविस-६ का गाविस अध्यक्ष ५० वर्षीय घानानन्द पौडेललाई ०५९ वैशाख २ गते माओवादीहरूले ज्यानमार्ने धम्की दिई जवर्जस्ती राजीनामा गराए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०५९ भदौ २३ गते माओवादीहरूले आगो लगाएर ध्वस्त पारेपछि गत वर्षका सम्पूर्ण मुद्दासम्बन्धी कागजपत्र जलेर नष्ट भए। भदौ २४ गतेदेखि यस वर्षको अन्त्यसम्मका मुद्दाहरूमा दुनियावादी देवानी ९४ वटामध्ये ४ वटा फर्स्योट भई ९० वटा वाँकी रहे। त्यसैगरी दुनियावादी संक्षिप्त ६, दुनियावादी फौज्दारी ८ र सरकारवादी फौजदारी २ वटामध्ये एउटा दुनियायादी फौज्दारी मुद्दा फर्स्योट भयो। दुनियावादी संक्षिप्त फौजदारी एउटा मुद्दा दर्ता भयो। यसवाहेक दुनियावादी विशेष फौज्दारी ३ वटा मुद्दा फर्स्योट हुन वाँकी छन्। यसरी जिल्ला अदालतमा कूल १ सय ९ वटा मुद्दा फर्स्योट हुन वाँकी छन्।

जिल्लाका सवैजसो गाविसमा सचिवहरू नहुँदा कुनै पनि काम हुन सकेनन्। सामान्य सिफारिस गर्नुपरेमा समेत आम जनता सदरमुकाममै जानुपर्ने स्थिति उत्पन्न भयो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

अर्घातोष गाविस-३ चिदीपानीका ३५ वर्षीय दोमवहादुर नेपाली, २९ वर्षीय यमवहादुर नेपाली, ३६ वर्षीय मानवहादुर नेपाली, २८ वर्षीय ईश्वरी लम्साल, ३५ वर्षीय मिना श्रेष्ठ, २८ वर्षीय हिमकुमारी श्रेष्ठ, २७ वर्षीय आरती कुवँर, ३३ वर्षीय तुलवहादुर नेपाली, ३७ वर्षीय इन्द्रकला कार्की र ३८ वर्षीय भोजवहादुर नेपालीलाई माओवादीको आरोपमा ०५८ पुस १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक हप्तापछि तारेखमा रिहा गरियो।

मरेङ गाविस-३ का टिकाराम आचार्य र ४५ वर्षीय श्याम पाण्डेलाई माओवादीको आरोपमा ०५८ पुस २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूले आत्मसमर्पण गरेपछि ३ महिनापछि तारेखमा रिहा गरियो।

अर्घा गाविस-१ का ३२ वर्षीय इन्दिरा भुसाल, २८ वर्षीय गणेश परियार, ५५ वर्षीय भोजराज आचार्य, २२ वर्षीय ऋषिराम भुसाल, सोही गाविस-२ का ३४ वर्षीय शान्ता भुसाल र सोही गाविस-३ का ३५ वर्षीय मणिराम आचार्यलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई १५ दिनपछि रिहा गरियो।

ठूलापोखरा गाविस-२ का ६० वर्षीय खुमानन्द पन्थी, २५ वर्षीय मिठु थापा र २७ वर्षीय लक्ष्मी सेनलाई माओवादीको आरोपमा ०५८ माघ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई २५ दिनपछि तारेखमा रिहा गरियो।

वाँगी गाविस-५ का ५५ वर्षीय तुल्सीराम मिश्र, ३९ वर्षीय मानवहादुर पाण्डे र ३१ वर्षीय खुमा खनाललाई

माओवादीको आरोपमा ०५८ माघ ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई १७ दिनपछि रिहा गरियो।

ठूलापोखरा गाविस-२ धैरेनीका ३५ वर्षीय गोपाल पाण्डे, ३८ वर्षीय कृष्ण पन्थी, २६ वर्षीय कमला खनाल र ३९ वर्षीय गिरीराज पन्थीलाई माओवादीको आरोपमा ०५८ माघ ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई १ महिनापछि तारेखमा रिहा गरियो।

वाङ्ला गाविस-२ का पाणिनी क्याम्पसका प्रमुख ५५ वर्षीय ज्ञानहरि आचार्यलाई प्रहरी प्रशासनलाई गाली बेइज्जती गरेको आरोपमा ०५८ माघ ८ गते राति प्रहरीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरियो।

खिल्जी गाविस-४ बेल्बोटका ३८ वर्षीय ठाकुर बेल्बासेलाई माओवादीको आरोपमा ०५८ माघ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १३ दिनपछि तारेखमा रिहा गरियो।

अर्घातोष गाविस-८ का २५ वर्षीय विनोद भुसाल र हंसपुर गाविस-९ की २४ वर्षीय बसन्ता खनाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ माघ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई एक हप्तापछि तारेखमा रिहा गरियो।

पोखराथांक गाविस-१ का २५ वर्षीय देवराज गौतमलाई माओवादीको आरोपमा ०५८ माघ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १५ दिनपछि तारेखमा रिहा गरियो।

सन्धिखर्क गाविस-५ का २५ वर्षीय बाबुराम बस्याललाई माओवादीको आरोपमा ०५८ माघ २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई आत्मसमर्पणपछि एक हप्तापछि तारेखमा रिहा गरियो।

खिदिम गाविस-८ का २४ वर्षीय शिवराज गौतमलाई माओवादीको आरोपमा ०५८ फागुन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १ महिनापछि तारेखमा रिहा गरियो।

कपिलवस्तु जिल्ला वाणगंगा गाविस-१ का ३८ वर्षीय तेजबहादुर थापा र अर्घाखाँची जिल्ला किमडाँडा गाविस-५ का ३९ वर्षीय रूमकान्त पौडेललाई माओवादीको आरोपमा ०५८ फागुन १० गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भोलिपल्ट रिहा गरियो।

मैदान गाविस-३ का ३९ वर्षीय गोविन्द घिमिरेलाई माओवादीको आरोपमा ०५८ फागुन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २ महिनापछि तारेखमा रिहा गरियो।

भगवती गाविस-५ बाँगीगाउँका शिक्षक ३३ वर्षीय कृष्ण पाण्डेलाई माओवादीको आरोपमा ०५८ फागुन १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आत्मसमर्पणपछि रिहा गरे।

सन्धिखर्क गाविस-९ का ३५ वर्षीय दुर्गा भुसाललाई माओवादीको आरोपमा ०५८ चैत १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

खिन गाविस-४ का ३१ वर्षीय खिमानन्द खनाललाई माओवादीको आरोपमा ०५९ कार्तिक ८ गते अर्घा गाविस-४ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई सैनिक ब्यारेकसम्म पुर्‍याई सोही दिन रिहा गरियो।

अर्घातोष गाविस-२ का ३२ वर्षीय गोमबहादुर नेपाली, ३० वर्षीय मनबहादुर नेपाली, २६ वर्षीय मिना श्रेष्ठ, २८ वर्षीय लक्ष्मी नेपालीलाई माओवादीको आरोपमा ०५८ मंसिर २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये गोमबहादुरलाई सोही दिन र अन्यलाई एक हप्तापछि तारेखमा रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा २ सयदेखि २ सय ५० सम्म वास्तविक सुकुम्बासी भएता पनि उनीहरूले हालसम्म पनि जग्गा पाउन सकेका छैनन्।

१ हजार ३ सय पुरुष र १ हजार १ सय ७ महिला गरी २ हजार ४ सय ७ जनाले बृद्धभत्ता पाउँदै आएता पनि यस वर्ष कसैले पनि उक्त भत्ता पाएनन्। अशक्त अपाङ्ग भत्ता ५०

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२		१	१	२	११	९	१	२	१२	८	६		६४	७०
घाईते	१	१			१										
गिरफ्तारी/यातना											१८	३०	११		४१
धम्की	१	२			२	५	१०			१०					
महिला अधिकार	१		१		१										
अपहरण						३	६०			६०					
जम्मा	५	३	२	१	६	१९	७९	१	२	८२	२६	३६	११	६४	१११



माओवादीद्वारा सन्धिखर्कमा गरिएको आक्रमणमा घाइते सुरक्षाकर्मीहरू

जनालाई र विधवा भत्ता ११ जनालाई विगत वर्ष दिइएता पनि यस वर्ष उपलव्ध गराइएन।

बालअधिकार

यस वर्ष एक जना नवजात बालिकालाई जन्मने वित्तिकै उनकै आमाले हत्या गरेको घटना सार्वजनिक भयो।

महिला अधिकार

ठूलापोखरा गाविस-४ कोलडाँडाकी ३० वर्षीय पार्वती



माओवादीद्वारा सन्धिखर्क आक्रमणपछि आगो लगाई क्षतिग्रस्त भएको जिल्ला प्रशासन कार्यालय

माओवादीद्वारा हत्या गरिएका राममणी ज्ञवाली

पाण्डेलाई ०५९ वैशाख २५ गते उनकै पति ३३ वर्षीय कृष्णप्रसाद पाण्डे र ससुरा खिमानन्द पाण्डेले कुटपिट गरी गुप्ताङ्गमा लाठी घुसाइदिए। पीडित उपचार गर्दै माइतीमा बसेकी छिन् भने पीडक फरार छन्।

विविध

संरचना क्षति

जिल्ला सदरमुकामका सबै सरकारी भवनमा माओवादीले बम विस्फोट गराई ध्वस्त पारेपछि सरकारी काम कारवाहीमा अवरोध उत्पन्न भयो। माओवादीले ०५९ भदौ २३ गते सदरमुकाम आक्रमण गरी जिल्ला अस्पताल, भू-संरक्षणको कार्यालय, सिंचाई शाखा, नापी कार्यालय, विद्युत र सहकारी कार्यालयबाहेक सम्पूर्ण सरकारी कार्यालयहरू ध्वस्त बनाए। माओवादीहरूले ४२ वटा गाविसमध्ये २७ वटामा ०५९ कार्तिक २७, २८ र २९ गते आगो लगाई ध्वस्त बनाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका कुटपिटका ११ वटा घटनामा १९ जना पीडित भए। विष सेवन गरी ४ जनाको मृत्यु भयो। ४ महिला र ८ पुरूषले झुण्डिएर आत्महत्या गरे। सवारी दुर्घटनामा ११ जना पीडित भए।

यस वर्ष यो जिल्लामा ४ सय २ जनाले माओवादी गतिविधिमा संलग्न नहुने भनी प्रशासनसमक्ष आत्मसमर्पण गरे। त्यसरी आत्मसमर्पण गर्नेहरूमध्ये ५० प्रतिशतभन्दा बढी १६ वर्षमुनिका विद्यार्थी थिए।

३.१२ गुल्मी

जनसंख्या	: २९६६५४
साक्षरता प्रतिशत	: ६६
महिला साक्षरता प्रतिशत	: ५३
क्षेत्रफल (वर्ग कि. मि.)	: ११४९
गाविस / नपा संख्या	: ७९/०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५४३
क्याम्पस / उच्च मा.वि.	: ३/१२
अस्पताल / स्वास्थ्य चौकी	: १/८०
टेलिफोन लाइन	: ३७२
मोटर सडक (कि. मि.)	: २३१
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ७
मानव विकास सूचकांक	: ०.३२८
प्रति एक डाक्टर जनसंख्या	: ४९.४४२
प्रति परिवार सरदर संख्या	: ५.०१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

दोहोली गाविस-१ का ३७ वर्षीय महेन्द्र थापालाई ब्यारेक भित्रबाट भाग्न खोजेको आरोपमा ०५८ माघ २३ गते सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडितलाई माओवादीको आशंकामा ०५८ माघ १२ गते तम्घास गाविस-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

खड्गकोट गाविस-३ का ३२ वर्षीय गोविन्द ढकाललाई ०५८ फागुन ३ गते रेसुङ्गाको जंगलमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई ०५८ पुस ५ गते शान्तिपुर गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। रक्षा मन्त्रालयको विज्ञप्तिमा पीडित माओवादी कमाण्डर रहेको र दोहोरो भिडन्तमा मारिएको उल्लेख गरियो।

धमिर गाविस-१ का २४ वर्षीय गोकुल कुमाललाई ०५८ फागुन १५ गते सोही गाविस-८ को जंगलमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई माओवादीको आरोपमा ०५८ माघ २८ गते गिरफ्तार गरिएको थियो।

पाल्पा जिल्ला दोभान गाविस-६ का २९ वर्षीय जगतबहादुर थापा मगर र सोही ठाउँका २८ वर्षीय उपेन्द्र थापालाई माओवादीको आरोपमा ०५८ फागुन १६ गते अर्खले गाविस-९ स्थित जंगलमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू जंगलमा खोटो संकलन गर्न गएका थिए।

हाडहाडे गाविस-१ का माओवादी कार्यकर्ता २९ वर्षीय दिनेश गैरे भनिने खिमबहादुर नेपालीलाई ०५९ वैशाख ४ गते मलागिरीको जंगलमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

कुर्घा गाविस-९ की २० वर्षीय कोपिला गौतमलाई ०५९ वैशाख १५ गते वामी गाविस-९ टोड्के वनमा भाग्न खोजेको आरोपमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितलाई माओवादी गतिविधिमा लागेकाले कतै हिँडडुल गर्न रोक लगाइएकोमा घरबाहिर हिँडेको देखेपछि गिरफ्तार गरिएको थियो।

पूर्कोट गाविस-२ की १८ वर्षीय मिना नेपाली र नुवाकोट जिल्ला घर बताउने २१ वर्षीय अनिल अधिकारीको ०५९ वैशाख ३० गते घमिर गाविस-८ स्थित जंगलमा सुरक्षाकर्मीले चलाएको गोलीद्वारा मृत्यु भयो।

धमिर गाविस-८ स्थित जंगलमा ०५९ जेठ २८ गते सुरक्षाकर्मीको गोलीद्वारा एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो। पीडितको नाम, ठेगाना थाहा हुन सकेन।

मरभुङ गाविस-६ दगासमा ०५९ जेठ २८ गते सुरक्षाकर्मीको गोलीद्वारा एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो। पीडित तनहुँ जिल्लाका मनबहादुर विक रहेको बताइयो।

माओवादीबाट

स्याङ्जा जिल्ला घर भई गुल्मी जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार ३४ वर्षीय लिला उपाध्यायलाई ०५८ फागुन १६ गते तम्घास गाविस-१ पुतलीबजारमा माओवादीहरूले गोली हानी हत्या गरे।

रूरू गाविस-६ रिडीबजारका ५१ वर्षीय शक्तिप्रसाद श्रेष्ठलाई ०५९ असोज २६ गते माओवादीहरूले गोली प्रहार गरेकोमा काठमाण्डौमा उपचार गर्दागर्दै कार्तिक १६ गते मृत्यु भयो।

गोली/बम/एम्बुस द्वारा घाइते
माओवादीबाट

दुविचौर गाविस-४ को भंगारीखोलामा ०५८ पुस २५ गते सुरक्षाकर्मी चढेको बा. १ फ ५८९३ नं.को गाडीमा माओवादीहरूले एम्बुस विस्फोट गराउँदा शिवदल गुल्ममा कार्यरत लमजुङका उपसेनानी ४४ वर्षीय रेशलाल गुरूङ, तनहुँका ३३ वर्षीय हवल्दार राजकुमार शाही, कञ्चनपुरका चन्द्र रोकाय, गोरखाका २२ वर्षीय भिमबहादुर लामा, २४ वर्षीय एकबहादुर गुरूङ, कास्कीका २४ वर्षीय गोविन्द वाग्ले र ३० वर्षीय विष्णु ओझा र पशुसेवा कार्यालयमा कार्यरत ड्राइभर विष्णु वाग्ले घाइते भए।

जेल र बन्दीहरू

कूल २५ जना बन्दी क्षमता भएको गुल्मी जेलमा हाल ३३ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद ननाकिएका १५ पुरुष र ३ महिला गरी १८ जना तथा कैद तोकिएका १२ पुरुष र ३ महिला गरी १५ जना बन्दी छन्। यसबाहेक १ जना आश्रित नाबालक पनि छन्। बन्दीहरूमध्ये ७ जना राजनीतिक बन्दी

छन्। जेल भवन जीर्ण रहेता पनि सम्वन्धित निकायवाट सुधारका लागि उल्लेखनीय सहयोग भएको पाइएन। जेलमा वस्नका लागि कपडाको कमी र सिमेन्टको कारण चिसो भएको बन्दीहरू वताउँछन्।

बेपत्ता /अपहरण

माओवादीबाट

खड्गकोट गाविस-४ का २४ वर्षीय वलराम गौतमलाई प्रहरीमा जागिर खाएको आरोपमा ०५९ असार १९ गते माओवादीहरूले अपहरण गरी एक हप्तापछि मुक्त गरे। पीडित रूपन्देही जिल्लाको भैरहवामा वडा प्रहरी कार्यालयमा कार्यरत थिए।

नयाँगाउँ गाविस-९ की २० वर्षीय शान्ता पोखरेललाई ०५९ असोज ६ गते आफूलाई माओवादी वताउने सशस्त्र व्यक्तिहरूले अपहरण गरी केही रकमसमेत लुटेर लगे। पीडितलाई एक घण्टापछि मुक्त गरिएको थियो।

अर्वेनी गाविसका निवर्तमान अध्यक्ष ४२ वर्षीय देवीप्रसाद न्यौपानेलाई ०५९ मंसिर ७ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई कुटपिट गरी खड्गकोट गाविसको जंगलमा पुर्‍याएकोमा भागेर रूपन्देही जिल्लाको बुटवल गए।

स्थानीय विकास अधिकारी ४३ वर्षीय नारायणप्रसाद काफ्ले र गुल्मी-अर्घाखाँची ग्रामीण विकास परियोजना (गार्डेप) का गाडी चालक ५२ वर्षीय किरण गुरुङलाई ०५९ पुस ६ गते रूरू गाविस-४ रिडिबजारवाट माओवादीहरूले अपहरण गरी हँसरा गाविसको साहाघाट वजारमा पुर्‍याई मुक्त गरे। माओवादीहरूले सीडी-७२-०३१ नं. को गाडी पनि कब्जामा लिएकोमा यसवर्षको अन्त्यसम्म पनि मुक्त गरेनन्।

नयाँगाउँ गाविस-७ का ५४ वर्षीय गणेश मल्ललाई ०५९ पुस ९ गते आफ्नै घरवाट माओवादीहरूले अपहरण गरी १० दिनपछि मुक्त गरे। पीडितलाई विभिन्न ठाउँ डुलाई शारीरिक तथा मानसिक यातना दिए। पीडित माओवादी कार्यकर्ता भएकोमा आत्मसमर्पण गरी वसेका थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

दर्लिङ गाविस-२ का ३६ वर्षीय डोरवहादुर अधिकारी र सोही ठाउँका ४० वर्षीय डोरवहादुर खत्रीलाई माओवादीको विरोध गरेको आरोपमा ०५८ फागुन ३ गते माओवादीले कुटपिट गरे। पीडितको उपचार पाल्पामा गरियो। हाल विस्थापित भएका छन्।

गौंडाकोट गाविस-७ का ४५ वर्षीय इन्द्रवहादुर टण्डनलाई तुल वनाउने कपडा नदिएको आरोपमा ०५८ फागुन १ गते माओवादीले कुटपिट गरे। पीडितको उपचार काठमाण्डौमा भयो।

सिर्सेनी गाविस-४ का ६० वर्षीय टंकप्रसाद अर्याल र सोही गाविस-१ का युद्ध जिसीलाई एमालेको राजनीति गरेको, जनविरोधी काम गरेको जस्ता आरोपमा ०५८ फागुन ११ गते आफ्नै घरमा माओवादीले कुटपिट गरे।

इस्मारजस्थल गाविसका अध्यक्ष ६८ वर्षीय रामचन्द्र रिजालको घरवाट ०५८ चैत १० र २७ गते माओवादीहरूले खाद्यान्न लुटेर लग्नुका साथै घरमा ताला लगाइदिए। माओवादीहरूले खेतबारीमा खेती गरेमा कारवाही गर्ने धम्की समेत दिए। पीडित र उनका परिवार विस्थापित भए।

धमिर गाविस-२ का ३२ वर्षीय चन्द्रमणि लम्साललाई ०५९ वैशाख ३ गते तम्घास आउँदै गर्दा अर्जे गाविस-८ मा माओवादीहरूले वाटो छेकी कडा कारवाही गर्ने धम्की दिए।

जुहाङ गाविस-५ का ३४ वर्षीय सुवर्ण ढकाल र उनकै भाइ २६ वर्षीय रामकृष्ण ढकाललाई सुराकीको आरोपमा ०५९ वैशाख १२ गते माओवादीहरूले कुटपिट गर्नुका साथै सिनेमा घर र मोटरसाइकल जलाइदिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	१	५	२	९		९	९	७	२	२	११
घाईते					१	१		१					
गिरफ्तारी/यातना									४४	६५	५		७०
कुटपिट	१	१		१	१०	१३		१३					
धम्की					२६	३३		३३					
महिला अधिकार	१		१	१									
अपहरण					५	५	१	६					
जम्मा	७	५	२	७	४४	६१	१	६२	५३	७२	७	२	८१

दोँघा गाविस-८ का ५५ वर्षीय लोकबहादुर ज्ञवालीलाई ०५९ असार १५ गते माओवादीहरूले दुवै हात बाँधेर कुटपिट गरे। पीडितको दाहिने खुट्टा भाँचियो भने ३ दिनसम्म बेहोस भए। पीडितको उपचार यस वर्षको अन्त्यसम्म पनि काठमाण्डौमा भइरह्यो।

अमरपुर गाविस-४ का ४२ वर्षीय जीवलाल गौतमलाई ०५९ भदौ ३० गते सशस्त्र माओवादीहरूले सामन्तीको आरोपमा कुटपिट गरी पसलका सामान लुटेर लगे। माओवादीहरूले पसलका खाता पनि जलाए।

दिगाम गाविस-२ श्रीङ्गाका ३८ वर्षीय मुक्ति कँडेलको घरमा ०५९ भदौ ३१ गते सशस्त्र माओवादीहरू आई बाबु-आमालाई कुटपिट गरे। माओवादीहरूले मुक्तिलाई नभेट्टाएपछि बाबुआमालाई कुटपिट गरेका थिए।

पिपलधारा गाविस-९ का ३१ वर्षीय कृष्णमुरारी जिसीलाई सुराकीको आरोपमा ०५९ असोज ४ गते माओवादीहरूले कुटपिट गरी सामान, नगद रकम र सुन लुटेर लगे।

दिगाम गाविस-५ का ५५ वर्षीय वेदप्रसाद पन्तलाई गाविस अध्यक्ष हुँदा भ्रष्टाचार गरेको र माओवादीहरूको विरोध गरेको आरोपमा ०५९ कार्तिक २९ गते माओवादीहरूले कुटपिट गरे।

अस्लेवा गाविस-३ का ३५ वर्षीय माधव ढकाललाई अनैतिक काम गरेको आरोपमा ०५९ मंसिर ४ गते माओवादीहरूले कुटपिट गरी दायाँ हात भाँचिदिए।

नयाँगाउँ गाविस-१ का सोही गाविसका सचिव ४८ वर्षीय ठाकुर पाण्डेलाई गाविसको काम गरेको आरोपमा ०५९ मंसिर १४ गते माओवादीहरूले घरमा गई धम्की दिनुका साथै झोलामा रहेका कागजपत्र जलाइदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा १ सय ५३ वटा दर्ता भएकोमा ३५ वटा फस्र्याेट भई १ सय १८ वटा बाँकी रहे। सरकारवादी फौज्दारी मुद्दा ३१ वटा दर्ता भएकोमा २ वटा फस्र्याेट भई २९ बाँकी रहे। दुनियावादी फौज्दारी मुद्दा ९० वटा दर्ता भएकोमा ३१ वटा फस्र्याेट भई ५९ वटा बाँकी रहे। त्यसैगरी २ वर्ष नाघेका देवानी ९, सरकारवादी फौज्दारी २ र दुनियावादी १ वटा मुद्दा रहे। १ वर्षसम्म फस्र्याेट नभएका मुद्दामध्ये देवानी १ सय ९, सरकारवादी फौज्दारी २७ र दुनियावादी फौज्दारी ५८ वटा रहे।

जिल्ला प्रशासन कार्यालयमा यस वर्ष हातहतियार खरखजाना र सार्वजनिक अपराधसम्बन्धी १-१ वटा मुद्दा दर्ता भए। जिल्ला प्रहरी कार्यालयमा यस वर्ष ५२ वटा मुद्दा दर्ता भएकोमा धेरैजसो फस्र्याेट भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

तम्घास गाविस-४ मा डेरा गरी बस्ने ४३ वर्षीय वेदप्रसाद कुवँरलाई माओवादीको कार्यक्रममा गएको आरोपमा ०५८ पुस १७ गते नेपाल बार एशोसिएसनको कार्यालयबाट प्रहरीले गिरफ्तार गरी भोलिपल्ट दैनिक तारेखमा रिहा गरियो। उनलाई लामो समयसम्म तारेखमा राखिएको थियो।

दुवीचौर गाविस-१ का २६ वर्षीय बाबुराम विश्वकर्मा, २१ वर्षीय सुरज विश्वकर्मा, १६ वर्षीय ललिता तनामी मगर र ५५ वर्षीय रोमबहादुर विकलाई माओवादीको आशंकामा ०५८ पुस २० गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये बाबुराम र सुरजलाई माघ ८ गते दैनिक तारेखमा रिहा गरियो भने रोमबहादुरलाई पुस २५ गते र ललितालाई माघ २ गते दैनिक तारेखमा रिहा गरियो।

हुंगा गाविस-१ का ४० वर्षीय दण्डपाणि पाण्डेलाई माओवादीको आशंकामा ०५८ पुस २१ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २० दिनसम्म हिरासतमा राखियो र ०५८ माघ १५ गते दैनिक तारेखमा रिहा गरियो।

रूरू गाविस-५ की ४० वर्षीय तुलसादेवी बगाललाई माओवादीको आरोपमा ०५८ पुस २५ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २० दिन हिरासतमा राखि रिहा गरियो। यस वर्षको अन्त्यसम्म पनि तारेखमा राखिएको थियो।

बिरबास गाविस-१ का २३ वर्षीय बाबुराम कँडेललाई माओवादीको आशंकामा ०५८ माघ १८ गते तम्घासबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा केही दिन हिरासतमा राखी रिहा गरियो।

नयाँगाउँ गाविस-५ का ५४ वर्षीय कुसुम मल्ललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ माघ २६ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५९ असोज २३ गतेसम्म सुरक्षाकर्मीको हिरासतमा राखी यसवर्षको अन्त्यसम्म थुनामा राखियो।

हाडहाडे गाविस-१ का २० वर्षीय गणेश भुसाल र सोही गाविस-६ का ४० वर्षीय छविलाल काउछा र २७ वर्षीय भिमबहादुर काउछालाई माओवादीको आशंकामा ०५८ माघ २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा जिल्ला प्रहरी कार्यालयमा राखी ७ दिनपछि रिहा गरियो।

पुर्कोटदह गाविस-१ का २५ वर्षीय जीवलाल घर्ती मगर र सोही गाविस-९ का २२ वर्षीय विष्णुबहादुर पुनलाई माओवादीको आशंकामा ०५८ माघ २८ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा जिल्ला प्रहरी कार्यालयमा राखी क्रमशः फागुन ३ र ४ गते रिहा गरियो।

तुराङ गाविस-२ का ४० वर्षीय शिवलाल पोखरेल,

२२ वर्षीय प्रकाश अर्याल र २४ वर्षीय इन्द्रमणि अर्याललाई माओवादीको आशंकामा ०५८ फागुन २ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। प्रकाश र इन्द्रमणिलाई ११ दिन सुरक्षाकर्मीको हिरासतमा राखी रिहा गरियो भने शिवलाललाई ०५९ असोज २३ गतेदेखि थुनामा राखिएको छ।

अर्खले गाविस-९ का २१ वर्षीय तेजेन्द्र थापा मगर, १८ वर्षीय नामबहादुर बस्नेत, १७ वर्षीय अनिल बस्नेत, १५ वर्षीय कमल विक र ४७ वर्षीय छविलाल पाण्डेलाई ०५८ फागुन १६ गते अर्खले गाविस-८ स्थित जंगलबाट खोटो संकलन गर्न गएको अवस्थामा माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ३ दिनपछि रिहा गरियो।

बम्घा गाविस-६ का ४५ वर्षीय कृष्णप्रसाद ज्ञवाली, सोही ठाउँका ४४ वर्षीय शेषनारायण ज्ञवाली र सोही गाविस-८ का ३७ वर्षीय पदमबहादुर कुवँरलाई माओवादीको आरोपमा ०५८ फागुन १७ गते जिल्ला प्रहरी कार्यालयबाट प्रहरीले गिरफ्तार गरेकोमा ५ दिन हिरासतमा राखी हप्ताको १ दिन तारेखमा रिहा गरियो।

पूर्तिघाट गाविस-१ का ४९ वर्षीय लक्ष्मीचन्द्र प्रधानलाई माओवादीको आशंकामा ०५८ फागुन २२ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरियो र चैत २८ गते र ०५९ वैशाख २० ते कास्की जिल्ला पोखरा विजयपुरस्थित ब्यारेकमा तारेखमा बोलाइयो।

जुनिया गाविस-३ का २९ वर्षीय हरि विश्वकर्मालाई माओवादीको आरोपमा ०५८ फागुन २४ गते आफ्नै घर नजिकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कास्की जिल्लाको पोखरास्थित सुरक्षाकर्मीको ब्यारेकमा ९ दिनसम्म यातना दिई ०५८ चैत २५ गते गुल्मीस्थित शिवदल गुल्ममा हाजिर हुनेगरी रिहा गरियो।

ज्वाहाङ गाविस-७ का ५५ वर्षीय जगन्नाथ ढकाललाई माओवादीले लुटेर लगेको अन्न राखिदिएको आरोपमा ०५८ फागुन २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ९ दिनसम्म कास्की जिल्लाको पोखरास्थित ब्यारेकमा राखी ०५८ चैत २५ गते गुल्मीस्थित ब्यारेकमा हाजिर हुनेगरी रिहा गरियो।

नयाँगाउँ गाविस-८ का २३ वर्षीय बलबहादुर गुरुङलाई ०५८ फागुन २७ गते जिल्ला प्रहरी कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। बलबहादुर माओवादीद्वारा घोषित जिल्ला जनसरकारका सदस्य भएकाले आत्मसमर्पण गर्न फागुन १६ गतेदेखि जिल्ला प्रहरी कार्यालयमा हाजिर हुँदै आएका थिए। पीडितलाई चैत ९ गते तारेखमा रिहा गरियो।

अनेकिसंघ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष तथा माओवादीद्वारा घोषित जिल्ला जनसरकारका सदस्य नयाँगाउँ गाविस-७ का ५३ वर्षीय गणेश मल्ललाई आत्मसमर्पणका लागि ०५८ फागुन १६ गतेदेखि जिल्ला प्रहरी कार्यालयमा उपस्थित हुँदै आएकोमा ०५८ फागुन २७ गते सोही कार्यालयबाट सोधपुछका लागि भनी सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ३२ दिन सुरक्षाकर्मीको ब्यारेकमा र ५ दिन प्रहरी हिरासतमा राखी तारेखमा रिहा गरियो।

भार्से गाविस-४ का २५ वर्षीय होमबहादुर विकलाई माओवादीको आरोपमा ०५८ चैत १ गते आफ्नै गाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५९ मंसिर ५ गतेसम्म सुरक्षाकर्मीको हिरासतमा राखि थुनामा पठाइयो।

बलेटक्सार गाविस-७ का १५ वर्षीय दिपक ज्ञवाली र पल्लीकोट गाविस घर भई दिगाम गाविस-२ मा व्यापार गरी बस्ने १९ वर्षीय नवराज खनाललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ चैत ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखे। पीडितहरूलाई ८ दिनसम्म यातना दिई रिहा गरियो।

हरेवा गाविस-७ घर भई तम्घास गाविस-१ मा होटल गरी बस्ने ३२ वर्षीय हिक्मन श्रेष्ठलाई माओवादीको आशंमामा ०५८ चैत ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा ७ दिनसम्म हिरासतमा राखी रिहा गरियो।

अर्खले गाविस-७ का २१ वर्षीय कृष्णबहादुर पाण्डेलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ चैत १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २० दिनसम्म प्रहरी र सुरक्षाकर्मीको हिरासतमा राखी आत्मसमर्पणपश्चात् तारेखमा रिहा गरियो।

तुराङ गाविस-७ का २७ वर्षीय गुनबहादुर परियारलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ चैत १६ गते बलिथुम गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २६ दिनसम्म सुरक्षाकर्मीको हिरासतमा राखी तारेखमा रिहा गरियो।

अर्खले गाविस-७ का ३५ वर्षीय ठाकुर पाण्डेलाई माओवादीको आशंकामा ०५८ चैत १६ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५९ कार्तिक ३ गते रिहा गरियो।

अर्खले गाविस-८ का ३३ वर्षीय बलबहादुर कुवँर, ३९ वर्षीय ढालेन्द्र कुवँर र दुविचौर गाविस-८ का २७ वर्षीय कृष्ण बस्नेतलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ चैत १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ४ दिनपछि तारेखमा रिहा गरियो।

वाग्ला गाविस-७ का शिक्षक नेपाल शिक्षक संगठनका जिल्ला सदस्य ३८ वर्षीय नारायण घिमिरेलाई माओवादीको आशंकामा ०५८ चैत १९ गते तम्घास गाविस-१ बाट प्रहरीले गिरफ्तार गरे।

हर्दिनेटा गाविस-५ का २९ वर्षीय चुडामणि

अर्याललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ चैत २८ गते तम्घासबाट प्रहरीले गिरफ्तार गरी ५ दिन हिरासतमा राखी रिहा गरे।

मिमीचौर गाविस-५ का ३६ वर्षीय शिवकुमार घिमिरेलाई माओवादीलाई सहयोग गरेको आशंकामा ०५९ वैशाख २६ गते जिल्ला प्रहरी कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक ३ गते रिहा गरे।

अर्खावाङ गाविस-४ घर भई जिल्ला वन कार्यालयमा कार्यरत २८ वर्षीय खुमानन्द भट्टराईलाई ०५९ वैशाख २८ गते कार्यालय परिसरबाट प्रहरीले गिरफ्तार गरे। पीडितसँग माओवादी गतिविधिका बारेमा सोधपुछ गरी २० दिन हिरासतमा राखेर दैनिक तारेखमा रिहा गरियो।

सिर्सेनी गाविस-१ का १९ वर्षीय ईश्वर गिरीलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५९ जेठ १० गते तम्घासबाट प्रहरीले गिरफ्तार गरेकोमा ६ दिनपछि रिहा गरियो। पीडितले आफू दश जोड दुईको परीक्षा दिन तम्घास आएको बताए।

ठूलो लुम्पेक गाविस-७ की २१ वर्षीय लिला थापा मगर र पराल्मी गाविस-८ की १८ वर्षीय निता गर्इलाई माओवादीको आरोपमा ०५९ जेठ १० गते अस्लेवा गाविस रामबारीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। लिलालाई यस वर्षको अन्त्यसम्म पनि सुरक्षाकर्मीको हिरासतमा राखियो। नितालाई सुरक्षाकर्मीको सहयोगमा पढ्ने व्यवस्था मिलाइयो।

फोक्सिङ गाविस-८ का २३ वर्षीय रूद्रनारायण श्रेष्ठ र १७ वर्षीय गोविन्दप्रसाद श्रेष्ठलाई आत्मसमर्पण गर्न गएको अवस्थामा ०५९ जेठ १६ गते जिल्ला प्रहरी कार्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

हरेवा गाविस-७ की २० वर्षीय कृष्णा नेपालीलाई माओवादीको आरोपमा ०५९ असार ६ गते दिब्रुङ गाविस-३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर ६ गतेदेखि थुनामा राखियो।

दर्लामचौर गाविस-४ का ३६ वर्षीय लोकबहादुर महतलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ असार १८ गते जिल्ला प्रहरी कार्यालयबाट प्रहरीले गिरफ्तार गरी १० दिनसम्म हिरासतमा राखी रिहा गरे।

आँपचौर गाविस-५ का शिक्षक २१ वर्षीय जीवलाल खरेललाई ०५९ असार १८ गते सोही गाविस-७ स्थित चण्डेश्वरी प्राविबाट सादा पोशाकमा रहेको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई बामीटक्सारस्थित सुरक्षाकर्मीको शिविरमा लगी शारीरिक यातना दिइयो। पछि गाउँलेहरूको सहयोगमा पीडितलाई रिहा गरियो।

पिपलधारा गाविस-८ का ३५ वर्षीय चनबहादुर खड्कालाई माओवादीको आशंकामा ०५९ साउन १५ गते तम्घासबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई साउन १७ गते तारेखमा रिहा गरिएकोमा ०५९ भदौ ७ गते तारेखमा आएको अवस्थामा जिल्ला प्रहरी कार्यालयबाट प्रहरीले पुनः गिरफ्तार गरि १ महिना हिरासतमा राखी तारेखमा रिहा गरियो।

हस्तिचौर गाविस-७ का २४ वर्षीय दिपक मुखिया र २६ वर्षीय रामु मुखियालाई चामल बोकेको आरोपमा ०५९ कार्तिक ७ गते तम्घास गाविस-१ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूले वडागाउँ गाविस-५ का व्यापारी इन्द्रबहादुर सोमैको पसलको चामल बोकेका थिए। प्रहरीका अनुसार प्रशासनले जिल्लाको पश्चिमतिर माओवादीले खाद्यान्न लैजाने आशंकाले खाद्यान्न रोकेको अवस्थामा चामल बोकेको हुँदा गिरफ्तार गरेको बताए।

तम्घास गाविस-१ का ३५ वर्षीय हरिप्रसाद खनाल र वडागाउँ गाविस-५ का ४० वर्षीय इन्द्रबहादुर सोमैलाई चामल खरीद बिक्री गरेको आरोपमा ०५९ कार्तिक ९ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे। प्रशासनले खाद्यान्न बिक्रीमा रोक लगाएको अवस्थामा पनि सो कार्य गरेकाले गिरफ्तार गरिएको प्रहरीले बताए।

जिल्ला विकास समितिको कार्यालयमा कार्यरत बिरबास गाविस-१ का २७ वर्षीय होमनाथ चुंदालीलाई माओवादीको आशंकामा ०५९ कार्तिक ११ गते तम्घास गाविस-१ बाट प्रहरीले गिरफ्तार गरी कार्तिक १७ गते तारेखमा आउनेगरी रिहा गरे।

बिरबास गाविस-८ का ३३ वर्षीय बसन्त ठकुरी र ३४ वर्षीय शिवलाल विश्वकर्मालाई माओवादीको आशंकामा ०५९ कार्तिक १२ गते आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई ५ दिन हिरासतमा राखी रिहा गरियो।

अर्खावाङ गाविस-८ का शिक्षकहरू २८ वर्षीय खुमानन्द अर्याल, ३१ वर्षीय जनक अर्याल, २९ वर्षीय बुद्धिमान रेग्मी र सोही गाविस-९ का शिक्षक २६ वर्षीय छविलाल भट्टराईलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ कार्तिक १३ गते जिल्ला प्रहरी कार्यालयबाट प्रहरीले गिरफ्तार गरी ४ दिन हिरासतमा राखी तारेखमा रिहा गरे।

खड्गकोट गाविस-३ का ३५ वर्षीय रामजी ढकाल र ४५ वर्षीय तिलक ढकाललाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५९ कार्तिक २१ गते प्रहरीले गिरफ्तार गरेकोमा यस वर्षको अन्त्यसम्म पनि रिहा गरिएन।

घमिर गाविस-३ का २० वर्षीय कृष्णबहादुर बुढा मगरलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ मंसिर २४ गते प्रहरीले गिरफ्तार गरे।

दौंघा गाविस-४ का २५ वर्षीय पूर्णबहादुर थापालाई माओवादीको आशंकामा ०५९ पुस १ गते प्रहरीले गिरफ्तार गरे। आफू नेकपा (मसाल) समर्थित एकता समाजको कार्यकर्ता भएको पीडितले बताए।

मुरभुङ गाविस-१ का १९ वर्षीय केशु गिरीलाई माओवादीको आशंकामा ०५९ पुस १ गते तम्घासबाट प्रहरीले गिरफ्तार गरी ९ दिन हिरासतमा राखेर तारेखमा रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

हत्या-हिंसाको स्थितिका कारण यस जिल्लाका राजनीतिक कार्यकर्ता, शिक्षक, जनप्रतिनिधि आदि गरी ५६ जना विस्थापित भएका छन्। त्यसमध्ये ३९ जनाले जिल्ला प्रशासन कार्यालयबाट विस्थापित भत्ता लिने गरेका छन्। विस्थापितहरू हाल सदरमुकाम, बुटवल र काठमाण्डौमा बस्ने गरेका छन्।

महिला अधिकार

सिमिचौर गाविस-४ की ३७ वर्षीय मिनाकुमारी कुवँरलाई उनका पति ३७ वर्षीय कृष्णबहादुर पाण्डेले ०४९ सालमा कान्छी पत्नीका रूपमा विवाह गरेको र उनको साथमा ९ वर्षीय एक छोरी रहेकोमा ०५१ साल पुसदेखि ससुरा नेत्रप्रसाद पाण्डेले घरमा बस्न, खान नदिएका र पतिले पनि बेवास्ता गर्दै आएका थिए। पीडित माइतीमै बस्दै आएकी थिइन्। हालसम्म छोरीको जन्मदर्ता र आफ्नो नागरिकताको नाता प्रमाणित नभएकाले पतिलाई पटक-पटक आग्रह गर्दा वास्ता नगरेपछि पीडित स्थानीय प्रशासन र मानवअधिकारकर्मीहरूसमक्ष धाउन थालेकी छिन्। हाल विभिन्न संघ-संस्था, आमा समूह आदि समक्ष खाने, बस्ने व्यवस्था गरिदिन अनुरोध गर्दै आएकी छिन्।

विविध

संरचना क्षति

यस जिल्लाका ७५ वटा गाविसका भवन तथा कागजपत्र माओवादीहरूले जलाई क्षतिग्रस्त बनाए। माओवादीहरूले एउटा इलाका वन कार्यालय र ४ वटा रेञ्जर पोष्ट जलाए भने सदरमुकामस्थित जिल्ला मालपोत कार्यालय र जिल्ला पशुसेवा कार्यालयमा बम प्रहार गरे। एउटा टेलिफोन रिपिटर स्टेशनमा बम प्रहार गरी क्षतिग्रस्त बनाए। त्यसैगरी एउटा विद्युत ट्रान्सफर्मरमा बम प्रहार गरे। एउटा विद्यालयमा माओवादीहरूबाट र २ वटामा अज्ञात व्यक्तिहरूबाट आगलागी गरियो। एउटा हुलाक माओवादीहरूले जलाए। यस वर्ष सुरक्षाकर्मीमा जागिर खाएको आरोपमा १३ जना व्यक्तिको घरमा माओवादीहरूले आगलागी गर्नुका साथै सामान लुटेर लगे। एउटा निजी ट्रक, एउटा निजी ट्याक्टर तथा जनकपुर चुरोट कारखाना लिमिटेडको एउटा ट्याक्टर र चुरोट माओवादीहरूले जलाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

माओवादी गतिविधिमा संलग्न भएकाहरूमध्ये यस वर्ष १ सय ७ जनाले जिल्ला प्रशासन कार्यालयसमक्ष आत्मसमर्पण गरे। तीमध्ये २६ जना महिला थिए।

यस वर्ष यो जिल्लामा १२ महिला र ७ पुरुष गरी १९ जनाले आत्महत्या गरे। सवारी दुर्घटनामा ५ जना पुरुष र ५ जना महिलाको मृत्यु भयो। चोरीका ३ र डकैतीका २ वटा घटना भए। दैवी प्रकोपबाट ५ पुरुष र १ महिला गरी ६ जनाको मृत्यु भयो। पानीमा डुबेर १ जनाको मृत्यु भयो भने २ वटा बेवारिसे लास फेला परे।

खज्र्याङ गाविस-३ का ४२ वर्षीय पूर्णलाल श्रेष्ठको घरबाट ०५८ चैत २६ गते माओवादीहरूले केही नगद रकम र सुन लुटेर लगे।

हुँगा गाविस-१ का ४० वर्षीय दण्डपाणि पाण्डेलाई सुराकीको आरोपमा ०५९ भदौ ११ गते माओवादीहरूले घर तोडफोड गर्नुका साथै राइस मिल जलाइदिए।

३.१३ बाग्लुङ

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

म्याग्दी जिल्ला बराङ्जाका माओवादी कार्यकर्ता मिसन भनिने मनबहादुर विकलाई म्याग्दीबाट गिरफ्तार गरी ल्याइएकोमा ०५८ पुस १८ गते रेश गाविसको जंगलमा सुरक्षाकर्मीको घेरा तोड्न खोजेकाले गोलीद्वारा मृत्यु भएको जनाइयो। उक्त घटना अन्यत्र भएको भएता पनि सो ठाउँमा भएको घोषणा गरिएको थियो।

हरिचौर गाविस-९ नेपाने घर भई मल्म गाविस-९ फिर्कास्थित मामाघर बस्ने १८ वर्षीय मनबहादुर थापालाई ०५८ पुस २५ गते मामाघरबाट आफ्नो घरतर्फ जाँदै गर्दा हटिया र हरिचौरबीचको पुलबाट सुरक्षाकर्मीले गिरतार गरी गोली हानी हत्या गरे। पीडित अनेरास्ववियु (क्रान्तिकारी) प्रारम्भिक कमिटीका कोषाध्यक्ष थिए।

अमलाचौर गाविस-९ तल्लो सरङ्गीका ३८ वर्षीय तिलक चापागाई र २८ वर्षीय नारायण आचार्यलाई ०५८ माघ ७ गते बिहान नारायणस्थान गाविस-८ नागबगरमा लुक्नका लागि गएको अवस्थामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

कुम्मीसेरा गाविस-३ टारका २९ वर्षीय झलक आचार्य र इलाम जिल्लाका २४ वर्षीय जीवन सुब्बालाई ०५८ माघ ७ गते चन्दा उठाउन आएको अवस्थामा अमलाचौर गाविस-९ स्थित नदी किनारमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा जीवनको मृत्यु भयो भने झलकको नदीले बगाएर मृत्यु भयो।

दुवै जना माओवादी कार्यकर्ता थिए।

धम्जा गाविस-६ चियानडाँडाका २४ वर्षीय यामबहादुर घर्तीलाई माओवादीको आरोपमा ०५८ माघ १९ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी तंग्राम गाविसस्थित साना जलविद्युत आयोजनाको कार्यालयनजिक गोली हानी हत्या गरे।

विहुँ गाविस-३ इनारेपानीका ३८ वर्षीय चेतराम कँडेललाई माओवादी भएको उजुरीका आधारमा ०५८ फागुन ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी वाग्लुङबजार ल्याउँदै गर्दा पाला गाविस-५ ठूलोसालको मोटरबाटोको घुम्तीमा घेरा तोड्न खोजेको भनी गोली हानी प्रहार गर्दा मृत्यु भयो। भारतको मद्रासमा नोकरी गर्ने पीडित घरमा आएको अवस्थामा सो घटना भएको थियो। पीडित माओवादीसँग सम्बन्धित नरहेको पीडित पक्षले बताए।

खुङ्गा गाविस-६ रूपावलीका २१ वर्षीय थमबहादुर विक, वुतिवाङ गाविस-२ कुतथाल्लोका २० वर्षीय मिथुन महत र १८ वर्षीय हिक्मत महतलाई माओवादीको आरोपमा ०५८ फागुन १६ गते वुतिवाङ गाविस-२ मा गोली प्रहार गर्दा मृत्यु भयो।

वाग्लुङ नपा-११ का २९ वर्षीय राजु विकलाई माओवादीको आरोपमा ०५८ फागुन १७ गते बेलुका आफ्नै घरमा खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी ब्यारेकभित्र गोली हानी हत्या गरियो र ट्र्याक्टरमा राखी वाग्लुङ अस्पतालमा लगि पोष्टमार्टम गरी पीडितका बाबुलाई जिम्मा लगाइयो। पीडित निर्दोष भएको दाबी गर्दै पीडित पक्षबाट राष्ट्रिय मानव अधिकार आयोगसमक्ष निवेदन दिइयो।

तारा गाविस-२ माटेबिसौनाका वीरबहादुर दर्जी र

माओवादीद्वारा हत्या गरिएका भूमिराज गौतम क्षेत्री

जनसंख्या	:	२६८९३७
साक्षरता प्रतिशत	:	४३.४०
महिला साक्षरता प्रतिशत	:	२७.५
क्षेत्रफल (वर्ग कि. मि.)	:	१७८४
गाविस / नपा संख्या	:	५९/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४७०
क्याम्पस / उच्च मा.वि.	:	१/१२
अस्पताल / स्वास्थ्य चौकी	:	२/६०
टेलिफोन लाइन	:	१२००
मोटर सडक (कि. मि.)	:	३५
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	६२
मानव विकास सूचकांक	:	०.३२६
प्रति एक डाक्टर जनसंख्या	:	४९४४२
प्रति परिवार सरदर संख्या	:	५.०१

म्याग्दी जिल्ला रूम गाविसका काले दर्जी र ठूले दर्जीलाई माओवादीको आरोपमा ०५८ फागुन २७ गते तारा गाविस-२ माटेबिसौनामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू माओवादीसँग असम्बन्धित, काठको काम गर्ने मजदुर भएको कुरा पीडित पक्षले जनायो।

अर्गल निमाविका शिक्षकहरू अर्गल गाविस-९ का ३४ वर्षीय रिमबहादुर थापा मगर र सोही गाविस-८ का २८ वर्षीय अम्मरबहादुर घर्ती मगरलाई माओवादीको आरोपमा ०५८ फागुन २८ गते अर्गलडाँडामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

दलिङ गाविसको खहरेमा १ जना र सम्पास्वानीमा २ जना गरी ३ जना अज्ञात माओवादी कार्यकर्ताको ०५८ फागुन २९ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको कुरा रक्षा मन्त्रालयले सार्वजनिक गऱ्यो। तर, यसको तथ्य पत्ता लाग्न सकेन।

वाग्लुङ नपा-६ ढिकीचौर घामलथर घर भई पोखरामा बस्ने २६ वर्षीय हिरालाल विकलाई माओवादीको आरोपमा ०५८ फागुन २९ गते वाग्लुङ नपा-६ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई सुरक्षाकर्मीले सो ठाउँमा लगी गोली प्रहार गरेको पीडित पक्षको भनाई छ।

देवीस्थान गाविस-१ हर्पेका रोशनध्वज महत, सोही गाविस-६ बाहुनगाउँका ४१ वर्षीय टिकाबहादुर छन्त्याल र ४० वर्षीय डोरबहादुर छन्त्याललाई भिमगोठेस्थित सुरक्षा टुकडीमा खोजी भएकाले स्वयम् उपस्थित भएको अवस्थामा गिरफ्तार गरियो र हिरासतमा राखिएकोमा ०५८ चैत १ गते हेलिप्याडबाट अर्गल गाविस-८ गयाडाँडामा पुऱ्याई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू राष्ट्रिय जनमोर्चाका कार्यकर्ता थिए। यसै घटनाका सम्वन्धमा रक्षा मन्त्रालयले चैत ३ गते दोहोरो भिडन्तमा "आतंककारी" मारिएको पुष्टि भएपछि हेर्ने क्रममा पीडितहरू फेला परेका थिए। यस घटनाको विरोधस्वरूप राष्ट्रिय जनमोर्चा केन्द्रीय कार्यालयले चैत १० गते एक विज्ञप्ति जारी गरी राजनीतिक पूर्वाग्रहका कारण पीडितहरूको हत्या गरिएको जनाउँदै दोषीहरूमाथि कारवाही गर्नुपर्ने माग गऱ्यो।

वुर्तिवाङ गाविस-९ का यमवहादुर छन्त्याललाई ०५९ वैशाख ५ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडित वहिरो भएको र सुरक्षाकर्मीको संकेत वुझ्न नसकेकाले सो घटना भएको कुरा पीडित पक्षले जनायो।

वाग्लुङ नपा-५ बोक्सेमा ०५९ वैशाख ११ गते मंगोलियन अनुहारको २५-२६ वर्षीय एक अज्ञात युवकको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितको नाम, ठेगाना थाहा हुन सकेन। पीडितको सनगत वाग्लुङ नपा-५ वडा कार्यालयले गऱ्यो।

काँडेवास गाविसका रामवहादुर विकलाई माओवादीको आरोपमा ०५९ वैशाख १४ गते वेलुका भिमगिठे गाविसस्थित जंगलमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितलाई दिउँसो गिरफ्तार गरी वेलुका गोली प्रहार गरेको वनाइन्छ।

वाग्लुङ नपा-१ स्थित वगरमा ०५९ वैशाख १६ गते उमेश र जिनेट भनिने माओवादी कार्यकर्ताहरूको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूको नाम, ठेगाना थाहा हुन सकेन। पीडितहरूको सतगत वाग्लुङ नपा-५ वडा कार्यालयले गऱ्यो।

सिगान गाविस-४ वास्कोटका सिगानगाउँ जनसरकार प्रमुख २२ वर्षीय टंक खड्का र वाग्लुङ नपा-६ का अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य २१ वर्षीय दिपक विकलाई ०५९ जेठ ८ गते दिउँसो सिगान निमावि लामीचौरमा चन्दा उठाउन गएको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो।

राजकुत गाविस-८ कुडुला घर भई बुर्तिवाङ गाविस-१ घमसेनमा होटल गरी बस्ने ४४ वर्षीय दलभक्त तामाङलाई माओवादीको आरोपमा ०५९ असार १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सुरक्षाकर्मीको क्याम्पतर्फ ल्याउनेक्रममा हातखुट्टा भाँची घाइते वनाइयो। भिमगिठे र वुर्तिवाङको सीमाना नुरतुरेस्थित खोलामा आफैं हाम फालेको रक्षा मन्त्रालयले सार्वजनिक गऱ्यो। पीडितकी पत्नीले प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै सुरक्षाकर्मीले खोलामा वगाएको वताइन्। पीडितको लास फेला परेन।

भिमगीठे गाविस-१ की १९ वर्षीय सुशिला माझीलाई ०५९ साउन १० गते राति आमा विरामी भएकाले डाक्टर वोलाउन भनी सुरक्षाकर्मीको क्याम्पतिर जाँदा कर्फ्यु उल्लंघन गरेको भनी सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडित सुरक्षाकर्मीसँग परिचय भएकाले सुरक्षाकर्मीका डाक्टर वोलाउन त्यसतर्फ गएको कुरा पीडित पक्षले वताए।

वाग्लुङ नपा-७ ठाडास्वारकी १९ वर्षीय यमुना भनिने मिरा विकलाई ०५९ साउन ३० गते सोही नपा-९ लहरेपिपलमा चन्दा उठाउँदै गरेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा भोलिपल्ट सोही नपा-८ र ९ को वीचमा पर्ने लंगाउँमा गोली हानी हत्या गरियो।

दलिङ गाविसमा गस्ती गरेको अवस्थामा गिरफ्तार गरिएका एक जना माओवादी कार्यकर्ताको ०५९ भदौ ४ गते दर्लिङ गाविस र भिमगीठे गाविसको वढिघाट खोलाको कालिदह पुलमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितको नाम, ठेगाना थाहा हुन सकेन।

वाग्लुङ नपा-४ का २६ वर्षीय वालकृष्ण शर्मा पौडेललाई ०५९ कार्तिक २६ गते वेलुका वाग्लुङ वजारवाट घरतर्फ जाँदै गरेको अवस्थामा सोही नपा-४ गत्माटा सरस्वती मन्दिरनजिक सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडितको मानसिक स्थिति ठिक नभएको सुरक्षाकर्मीको संकेत नवुझेकाले सो घटना भएको थियो।

ग्वालीचौर गाविस-७ का १९ वर्षीय प्रकाश चुके, गुल्मी खरखरे घर भई ग्वालीचौर गाविस-७ वस्ने विजय कुमाल, सोही ठाउँका छविलाल गौतम र युवराज महत, वोवाङ गाविसका गोरे विक र एक घुमन्ते लाटी महिलालाई ०५९ कार्तिक २५ गते सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। पीडितहरू सर्वसाधारण थिए।

दमेक गाविस-२ चैरागका ३० वर्षीय ३० वर्षीय देवेन्द्र खत्रीलाई माओवादीको आरोपमा ०५८ चैत १६ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	२	१	३	५	७	१	८	२६	४१	३	४४
घाईते					५	९		९	१	१		१
हिरासत/थुनामा मृत्यु									१	१		१
गिरफ्तारी/यातना									२०	२५	६	३१
वेपत्ता									३	३	१	४
कुटपिट					४	४		४				
धम्की	१	१		१	१	१		१				
अपहरण					१०	१३		१३				
जम्मा	४	३	१	४	२५	३४	१	३५	५१	७१	१०	८१

बिहान घरबाट सुरक्षाकर्मीले बाँदर मार्ने भाँच्चिएको भरूवा बन्दुकसहित गिरफ्तार गरी बेलुका ४ बजेतिर नारायणस्थान गाविस-८ नागबगरमा गोली प्रहार गर्दा मृत्यु भयो। पीडित राष्ट्रिय जनमोर्चाका समर्थक थिए।

भकुण्डे गाविस-१ निफन्ने घर भई तित्याङ्ग गाविस-६ स्थित माइतिमा बस्दै आएकी २७ वर्षीय देवी किसानलाई माओवादी कार्यकर्ता भएको आरोपमा ०५९ वैशाख १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही गाविस-७ सिमलपाटा पुर्‍याई गोली हानी हत्या गरे।

माओवादीबाट

पाला गाविस-२ जैसिथोकका ५५ वर्षीय नगेन्द्रबहादुर थापा र उनकी पत्नी ४२ वर्षीय भद्रकली थापालाई ०५८ फागुन २२ गते राति माओवादीले गोली र खुकुरी प्रहार गरी हत्या गरे।

कालिदल गुल्मका सुरक्षाकर्मी ०५८ फागुन २६ गते अर्गल, हिल र तारा गाविसमा खोजतलासका लागि गएको अवस्थामा अर्गल गाविस-८ स्थित जंगलमा माओवादीको एम्बुसमा पर्दा १ जना सुरक्षाकर्मीको मृत्यु भयो भने ५ जना घाइते भए।

हरिचौर गाविस-५ दरबारका पृथ्वी उच्च माविका शिक्षक माधव बम मल्ललाई ०५९ वैशाख ३१ गते माओवादीहरूले गोली हानी हत्या गरे।

वाग्लुङ नपा-५ का ७६ वर्षीय भूमिराज गौतम क्षेत्रीलाई सुराकीको आरोपमा ०५९ कार्तिक २५ गते बेलुका पाला गाविस-५ सिलिखेतमा खलो खुकँदै गरेको अवस्थामा माओवादीले अपहरण गरी भिमपोखरा गाविस-३ मा पुर्‍याई हत्या गरे।

भिमगिठेस्थित सुरक्षाकर्मीको क्याम्पबाट खोजतलासको क्रममा निस्केका सुरक्षाकर्मीलाई लक्षित गरी ०५९ कार्तिक २५ गते ग्वालीचौर गाविस-७ दारेगौंडामा माओवादीले विच्छ्याएको एम्बुसमा परी २ जना सुरक्षाकर्मी घाइते भएकोमा कास्की जिल्ला पोखरास्थित मणिपाल अस्पतालमा उपचार गर्दागर्दै १ जनाको मृत्यु भयो भने १ जनाको उपचार भयो।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

वाग्लुङ नपा-११ पारवाथरका ३१ वर्षीय होमनाथ शर्मा ०५९ कार्तिक ७ गते सोही ठाउँको बारीमा घाँस काट्न गएको अवस्थामा सुरक्षाकर्मीद्वारा फ्याँकिएको बम विस्फोट हुँदा घाइते भए। पीडितको दायाँ हात र खुट्टामा चोट लागेकाले उपचारार्थ पोखरा लगियो। उपचारको सम्पूर्ण खर्च आफैंले व्यहोर्नुपरेको पीडितको गुनासो छ।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका रघु वि.क.

ग्वालीचौर गाविस-७ अदुवाबारीका खिमबहादुर जिसी, सोही ठाउँकी पवित्रा आचार्य र कमी कान्छो, भिमगिठे गाविसका नरबहादुर सिंजाली र १ जना बालकलाई ०५९ कार्तिक २५ गते सुरक्षाकर्मीले गोली प्रहार तथा कुटपिट गरी घाइते बनाए।

माओवादीबाट

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी दिलबहादुर सुनार ०५९ पुस २ गते पाला गाविस-५ मा माओवादीले विच्छ्याएको एम्बुसमा परी घाइते भए। पीडितको उपचार काठमाण्डौमा भयो।

जेल र बन्दीहरू

वाग्लुङ जेल "घ" श्रेणीको हो। २५ जना बन्दी क्षमता भएको यस जेलमा हाल कैद तोकिएका १५ र नतोकिएका २३ गरी ३८ बन्दी छन्। १ आश्रित नाबालक पनि छन्। बन्दीहरूमध्ये ३२ पुरूष र ६ महिला छन्। पुरूष बन्दीहरूमा कैद तोकिएका १३ र नतोकिएका १९ छन्। महिलाहरूमध्ये कैद तोकिएका २ र नतोकिएका ४ जना छन्। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत १० पुरूष र २ महिला छन्। जेलको भौतिक अवस्था सन्तोषजनक छ।

बेपत्ता /अपहरण

राज्यबाट

वाग्लुङ नपा-२ श्रीनगरटोलका माओवादी कार्यकर्ता ४० वर्षीय सूर्यप्रसाद शर्मालाई ०५८ माघ १ गते बिहान आत्मसमर्पण गर्न घरमा आएको अवस्थामा आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारियो। पीडितको खोजीका लागि पीडितकी पत्नीले राष्ट्रिय मानव अधिकार आयोगसमक्ष निवेदन दिइन्।

बुङ्गादोभान गाविस-८ लिगाका ४४ वर्षीय प्रेमकुमारी सुनार, ४१ वर्षीय गोरीकुमारी सुनार र खुङ्खानी गाविस-३ घर भई माइतीमा आएकी १८ वर्षीय देउकुमारी विकलाई ०५९ जेठ २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी घरमा आगो लगाइदिए। पीडितहरूको अवस्था हालसम्म अज्ञात नै रहेको छ।

बुङ्गादोभान गाविस-९ मनसुङका ३० वर्षीय कुलबहादुर खत्री र २७ वर्षीय हेमलाल खत्रीलाई गोठ छाउँदै गरेको अवस्थामा र २९ वर्षीय गंगाबहादुर पुनलाई आलु खन्दै गरेको अवस्थामा ०५९ जेठ २३ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये

गंगाबहादुरलाई सुरक्षाकर्मीसँगै हिँडाइयो भने अन्य २ जनालाई बेपत्ता पारिएको छ।

माओवादीबाट

पाला गाविस-२ का ३२ वर्षीय लालबहादुर थापालाई ०५८ फागुन २२ गते राति माओवादीहरूले अपहरण गरे। पीडितलाई ६३ दिनपछि मुक्त गरियो।

पैयुँपाटा गाविस-८ का वडाध्यक्ष पदमबहादुर खत्रीलाई ०५९ असार २८ गते माओवादीहरूले अपहरण गरी असार ३१ गते मुक्त गरे।

अमलाचौर गाविस वटडाँडाका नेकां (प्रजातान्त्रिक) जिल्ला कार्य समिति सदस्य ५२ वर्षीय टुकनाथ शर्मालाई ०५९ भदौ २२ गते आमाको किरिया बसेको अवस्थामा माओवादीहरूले अपहरण गरे। पीडितलाई ४८ दिनपछि मुक्त गरियो। त्यसपछि मात्र पीडितले किरिया पूरा गरे।

कुश्मीसेरा गाविस-९ टिम्मुरखोलाका २२ वर्षीय सुमन मल्ललाई प्रहरीमा जागिर खाएको आरोपमा ०५९ भदौ २२ गते निजमा दिदी लिन आएको अवस्थामा नारायणस्थान गाविसबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई ४८ दिनपछि मुक्त गरियो।

विहुँ गाविस-३ का अमृतपानी निमाविका शिक्षक चन्द्रीश्वर कँडेललाई ०५९ मंसिर ११ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई ३६ दिनपछि मुक्त गरियो।

पर्वत जिल्ला खुर्कोट गाविस-४ लाम्पाटा घर भई तग्राम गाविस सचिवमा कार्यरत चक्रपाणि सुवेदीलाई ०५९ पुस ४ गते गाविस भवन परिसरबाट माओवादीहरूले अपहरण गरे। पीडितलाई जनप्रतिनिधिको जिम्मा नलिने आग्रहसहित पुस ८ गते मुक्त गरियो।

विहुँ गाविस-३ तल्ला पिडाल्लाका २३ वर्षीय भानु कँडेललाई सुराकीको आरोपमा ०५९ मंसिर २१ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई मंसिर २५ गते रिहा गरियो।

रंश गाविस-४ आरिमपाटाका सोही गाविसका सचिव

माओवादीद्वारा कुटपिट गरी खुट्टा भाँचिदिएका टेकबहादुर क्षेत्री अस्पतालको शैयामा

चुर्णबहादुर कार्कीलाई ०५९ पुस ७ गते माओवादीहरूले अपहरण गरे। पीडितलाई गाविसको अध्यक्षको काम नगर्ने आग्रह गरी ९ गते रिहा गरियो।

कुस्मीसेरा गाविस-४ का डिल्लीप्रसाद आचार्य र सोही ठाउँ घर भई जिविसमा कार्यरत भेषराज पौडेललाई ०५८ फागुन २८ गते माओवादीहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

तारा गाविस-२ सिपका तुलबहादुर रोका, सोही गाविस-७ राक्सेका बाजिन्द्र घर्ती, सोही गाविस-१ की भिमकुमारी गौचनलाई गत वर्ष मंसिरबाट नजरबन्दमा राखिएकोमा तारा गाविस अध्यक्षको रोहवरमा ०५८ फागुन २७ गते मुक्त गरी पुनः हिरासतमा राखियो। पीडितहरूमध्ये तुलबहादुरलाई ०५९ वैशाख १६ गते दुर्लुङ पर्वतको भिडन्तमा मारिएको भनी लास बुझाइयो भने अन्य २ जनालाई बेपत्ता पारिएको छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

दमेक गाविस-१२ विरौनीका ४८ वर्षीय उमाकान्त सापकोटालाई ०५८ पुस २० गते घरमा सशस्त्र माओवादीहरू आई नगद र सामान गरी ७ लाख रूपैयाँ बराबरको धनमाल लुटी कहिँकतै कुरा गरेमा ज्यानमार्ने धम्की दिए।

पाला गाविस-२ घिमीका गणेश थापा र टेकबहादुर थापालाई ०५८ फागुन २२ गते राति माओवादीहरूले कुटपिट गरे।

नरेठाँटी गाविस-२ नरेठाँटी बजारका ४७ वर्षीय डिलबहादुर बस्नेतलाई ०५९ वैशाख ९ गते बेलुका माओवादीहरूले कुटपिट गरी खुट्टा भाँचिदिए। पीडितलाई गण्डकी अञ्चल अस्पतालमा उपचार गरियो।

पैयुँपाटा गाविस-१ सातबिसेका नेपाल तरूण दलका जिल्ला सदस्य ३४ वर्षीय सहदेव पौडेललाई ०५९ भदौ २२ गते माओवादीहरूले कुटपिट गरी दायाँ खुट्टाको पिँडुला काटी घाइते बनाए। पीडितको उपचार पोखरामा भयो।

बुर्निवाङ गाविस-१ घमसेनका सोही गाविसका सचिव नन्दराम भुसाललाई नेपाल बन्दमा विद्यालय खोल्न लगाएको आरोपमा ०५९ असोज ४ गते राति माओवादीहरूले घरबाट उत्तरगंगा उच्च माविको कोठामा लगी कुटपिट गरेर दायाँ हातसमेत भाँचिदिए। पीडितको उपचार काठमाण्डौमा भयो।

बुर्निवाङ गाविस-१ पुल्चोकका भूपू प्रहरी गोपाल पाण्डेलाई ०५९ भदौ ४ गते माओवादीहरूले भिरले दुवै खुट्टामा प्वाल पारिदिनुका साथै दायाँ हातको एक औंला भाँचिदिए। पीडितलाई उपचारार्थ पोखरा लगिएकोमा आर्थिक अभावका कारण समस्या भएको पीडितले बताए।

भिमपोखरा गाविस-५ गैराथोकका नरबहादुर किसानलाई नक्कली माओवादी बनी ठगी गरेको आरोपमा ०५९

भदौ १७ गते माओवादीले बाँधी कुटपिट गरेर कान समाई ५० पटक उठबस गर्न लगाउनुका साथै १० हजार रूपैयाँ जरिवाना गरे।

सर्कुवा गाविस-३ का बाबुराम पौडेललाई चन्दा नदिएको आरोपमा ०५९ कार्तिक २१ गते माओवादीहरूले कुटपिट गरे।

विहुँ गाविस-३ ज्यामिरेका निवर्तमान वडाध्यक्ष ६३ वर्षीय देवीप्रसाद कँडेललाई सुराकीको आरोपमा ०५९ मंसिर ११ गते बेलुका माओवादीहरूले कुटपिट गरी दायाँ खुट्टा काटिदिए। पीडितको उपचार काठमाण्डौमा भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्षको अन्त्यसम्म जिल्ला अदालतमा व्यक्तिवादी देवानी ९१, व्यक्तिवादी फौज्दारी ३६ र सरकारवादी फौज्दारी १७ गरी १ सय ४४ वटा मुद्दा छन्। दुनियावादी देवानी मुद्दा गत वर्षबाट जिम्मेवारी सरेर आएका ९१ मध्ये ४३ फर्स्यौट भई ४८ बाँकी रहे भने यस वर्ष दर्ता भएका ४५ मध्ये २ फर्स्यौट भई ४३ बाँकी रहे। त्यसैगरी दुनियावादी फौज्दारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २१ मध्ये ९ फर्स्यौट भई १२ बाँकी रहे भने यस वर्ष दर्ता भएका २८ मध्ये ४ फर्स्यौट भई २४ बाँकी रहे। सरकारवादी फौज्दारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका एउटा फर्स्यौट भई १० वटा बाँकी रहे भने यस वर्ष दर्ता भएका ७ वटा बाँकी नै छन्। दुई वर्ष नाघेका मुद्दा ९ वटामध्ये सरकारवादी फौज्दारी ५ र देवानी ४ छन्।

जिल्ला प्रशासन कार्यालयमा फर्स्यौट हुन बाँकी मुद्दामध्ये अधिकांश प्रतिवादी फरार रहेका र तामेली हुन नसकेका मुद्दा छन्। सार्वजनिक अपराधका मुद्दामा यस वर्ष कमी आयो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

वाग्लुङ नपा-५ लामेलाका महेन्द्र क्याम्पसका स्ववियु उपसभापति २२ वर्षीय शम्भुराज पन्तलाई ०५८ पुस १७ गते आत्मसमर्पण गर्न जिल्ला प्रशासन कार्यालयमा आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी माघ ११ गते आत्मसमर्पणपछि तारेखमा रिहा गरे।

वाग्लुङ नपा घैरेनीका अधिवक्ता केशवराज पराजुलीलाई माओवादीको मुद्दा हेरेकाले सो गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १८ गते अदालतको गेटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ ११ गते तारेखमा रिहा गरियो।

मालिका गाविस-७ पंचासेका वीरबहादुर सापकोटालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ पुस १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा माघ ११ गते आत्मसमर्पणपछि रिहा गरियो।

मालिका गाविस-९ साघस्वोलाका २० वर्षीय गोविन्द किसानलाई माओवादीको आरोपमा ०५८ पुस १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ ११ गते आत्मसमर्पणपछि तारेखमा रिहा गरे।

दलिङ गाविसका अध्यक्ष तथा राष्ट्रिय जनमोर्चाका कार्यकर्ता रामप्रसाद भट्टराई र सोही गाविस-१ की कुसुम बुढालाई ०५८ पुस १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ४ दिनपछि रिहा गरियो।

वाग्लुङ नपा-३ का ३० वर्षीय बाबुलाल शाक्यलाई माओवादीद्वारा घोषित जनसरकारको जिल्ला सदस्य भई नेकपा (माले) मा फर्किएको अवस्थामा ०५८ पुस २२ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी ०५८ माघ २८ गते आत्मसमर्पणपछि जिविस उपसभापतिको जमानीमा तारेखमा रिहा गरियो।

पाला गाविस-५ करिनाका २० वर्षीय रतन थापालाई ०५८ पुस २२ गते महेन्द्र बहुमुखी क्याम्पसमा गएको अवस्थामा माओवादीको आरोपमा सोधपुछका लागि सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५८ माघ १४ गते तारेखमा रिहा गरियो।

वाग्लुङ नपा-११ घर भई सोही नपा-२ श्रीनगर टोलमा व्यापार गरी बस्ने २९ वर्षीय थीरनाथ शर्मालाई ०५८ माघ ४ गते आत्मसमर्पण गर्न सुरक्षा निकायमा गएको अवस्थामा गिरफ्तार गरी थुनामा राखियो। पीडितलाई ७५ दिनपछि दैनिक तारेखमा रिहा गरियो। आफूलाई हिरासतमा राखी पैतालामा हिर्काई यातना दिइएको पीडितले बताए।

वाग्लुङ नपा-९ तिनतलेका ३२ वर्षीय जगत विकलाई माओवादीको आरोपमा ०५८ माघ ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ०५८ माघ २८ गते आत्मसमर्पणपछि तारेखमा रिहा गरियो।

वाग्लुङ नपा-१ रामरेखाका रविप्रसाद शर्मालाई सुरक्षाकर्मीलाई बन्दुक नबुझाएको आरोपमा ०५८ फागुन १६ गते सुरक्षाकर्मीले आँखामा पट्टी बाँधी यातना दिनुका साथै ४ दिन सुरक्षाकर्मीको हिरासतमा राखी रिहा गरे।

माओवादीद्वारा कुटपिट गरी घाइते सहदेव पौडेल

नरेठाँटी गाविस-२ नरेठाँटी बजारका ४७ वर्षीय डिलबहादुर बस्नेत, ४० वर्षीय खिमबहादुर भण्डारी, ४६ वर्षीय खिमानन्द गौतम र १५ वर्षीय सिता गौतमलाई ०५८ चैत २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये सितालाई तत्काल रिहा गरियो भने अन्यलाई आँखामा पट्टी बाँधी हटियास्थित सुरक्षाकर्मीको क्याम्पमा राखी चैत ४ गते तारेखमा रिहा गरियो।

नरेठाँटी गाविस-५ का मेघबहादुर कुवँरलाई माओवादीको आरोपमा ०५९ वैशाख १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितलाई ०५९ साउन २० गते आत्मसमर्पणपछि तारेखमा रिहा गरियो।

पाल्पा गाविस-५ करिमाका २० वर्षीय राजु रानालाई माओवादीको आरोपमा ०५९ वैशाख ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०५९ जेठ २७ गतेदेखि नजरबन्दमा राखियो। पीडितलाई भदौ १८ गते रिहा गरियो।

सिगान गाविस-४ का गणेश थापालाई माओवादीको आरोपमा ०५९ जेठ ७ गते बेलुका बाग्लुङ बजारबाट घरतर्फ जाँदै गर्दा बाग्लुङ नपा-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन

सिगान गाविस-४ चनौटेकी लालकुमारी रानालाई माओवादीको आरोपमा ०५९ जेठ ८ गते बाग्लुङ बजारमा आएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी जेठ २७ गते नजरबन्दमा राखे। पीडितलाई भदौ १८ गते रिहा गरियो।

सिगान गाविस-४ ठोकनफाँट घर भई जिल्ला भू-संरक्षण कार्यालयमा कार्यरत ३४ वर्षीय कृष्ण खड्कालाई सुरक्षाकर्मीले खोजेका कारण ०५९ जेठ ९ गते हाजिर हुन गएको अवस्थामा गिरफ्तार गरी यातना दिइयो। पीडितलाई २० दिनपछि रिहा गरियो।

मकुण्डे गाविस-७ राजुवाका रणबहादुर थापा र सोही ठाउँका डिल्लीप्रसाद शर्मालाई माओवादीको आरोपमा ०५९ असार १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखे। पीडितलाई ०५९ पुस १० गते रिहा गरिया।

सिगान गाविस-५ कोरिल्योलाका ३० वर्षीय भोजबहादुर जिसी, पाल्पा गाविस-५ ढुलोसालका सेते थापा र भीमबहादुर थापालाई ०५९ पुस २ गते सोधपुछका लागि सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिनपछि रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या समाधानका लागि यस वर्ष कुनै पहल भएन।

वृद्ध, विधवा भत्ता समयमा नपाएको र ६ महिना बितिसक्दा ३ महिनाका मात्र पाउन गरेको वृद्ध, विधवाहरू गुनासो गर्दछन्।

यस जिल्लाका करिब २ सय परिवारका १ सय ६१ जना विस्थापित भएका छन्। विस्थापितहरू जिल्ला सदरमुकाम, काठमाण्डौ, बुटवल, चितवन आदि ठाउँमा गएको पाइन्छ। जिल्ला प्रशासन कार्यालयमा ८१ विस्थापित परिवारले निवेदन दर्ता गराएका छन्। माओवादीबाट पीडित भएका परिवारका केही महिलाहरूलाई सिलाई-कटाई तालिम दिइयो। गत वर्ष नाग गाविसबाट विस्थापित भएकाहरूमध्ये केही घर फर्किए। बुर्तिबाङ गाविसबाट अत्यधिक मानिस विस्थापित भएका छन्।

आर्थिक अधिकार

ग्रामीण क्षेत्रमा खच्चडबाट सामान ढुवानीमा रोक लगाइँदा खच्चड व्यापारीहरू अन्य जिल्ला जान बाध्य भए। गाउँमा स्वतन्त्रतापूर्वक खाद्यान्न ढुवानीमा रोक लगाइयो। बुर्तिबाङका व्यापारी टिकाराम पौडेललाई चाउचाउ बिक्री गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। कृषि क्षेत्रमा काम गर्ने महिला र पुरुषबीच असमान ज्यालाको स्थिति कायम रहेको पाइयो।

महिला अधिकार

यस वर्ष बहुविवाहका ३ वटा घटना सार्वजनिक जानकारीमा आए। तर, उजुरी गरेको पाइएन।

विविध

संरचना क्षति

माओवादीले जिल्लाका ५७ गाविस, १ नपा, उपस्वास्थ्य चौकी २ वटा, प्रहरी चौकी ४ वटा, रेञ्जपोष्ट ४ वटा, सामुदायिक भवन ३ वटा, ढोरपाटन शिकार आरक्षण १ वटा, खाद्य डिपो १, अतिरिक्त हुलाक १ लगायत व्यक्तिगत घर ३ वटामा क्षति पुऱ्यायो।

राज्यपक्षबाट सर्वसाधारणका १० घरमा आगो लगाइयो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पैयुँपाटा गाविस-१ सालविसेका नेपाल तरुण दलका जिल्ला सदस्य ३४ वर्षीय सहदेव पौडेललाई माओवादीले कुटपिट गरी दायाँ खुट्टाको पिँडुला काटिदिएको र अमलाचौर वटडाँडाका टुकनाथ शर्मालाई आमाको किरिया बसिरहेको अवस्थामा अपहरण गरेको घटनाको विरोध गर्दै ०५९ भदौ २३ गते नेकां (प्रजातान्त्रिक) ले एक विज्ञप्ति जारी गर्दै अपहरितको मुक्तिको माग गऱ्यो। त्यसैगरी पीडित टुकनाथका छोरा झलक पौडेलले भदौ २४ गते एक विज्ञप्ति जारी गरी सकुशल मुक्तिको माग गरे।

बाग्लुङ नपा-५ का ७६ वर्षीय भूमिराज गौतम ०५९ कात्तिक २५ गते माओवादीहरूले अपहरण गरी हत्या गरेको घटनाका सम्बन्धमा कारण पत्ता लगाई दोषीमाथि कारबाहीका लागि सहयोग गर्न पीडित परिवारले ०५९ मंसिर २ गते एक विज्ञप्ति जारी गरी मानवअधिकार संस्था, पत्रकार, राजनीतिक

पार्टी तथा नागरिक समाजसमक्ष अनुरोध गरे।

विहुँ गाविस-३ का अमृतपानी निमाविका शिक्षक चन्द्रीश्वर कँडेललाई ०५९ मंसिर ११ गते माओवादीहरूले अपहरण गरेको घटनालाई लिएर ०५९ मंसिर १५ गते नेराशिसंगठन, जिल्ला समितिले एक विज्ञप्ति जारी गरी मुक्तिको माग गर्‍यो।

सर्कुवा गाविस-३ का बाबुराम पौडेललाई ०५९ कार्तिक २१ गते माओवादीहरूले कुटपिट गरेको विरोधमा राष्ट्रिय जनमोर्चाले एक विज्ञप्ति जारी गर्‍यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष जिल्लामा आगलागीका ७ वटा घटना भए। दुर्घटनाका ६ वटा र चोरीका ४ वटा घटना भए। सवारी दुर्घटनामा १ जनाको मृत्यु भयो भने १२ जना घाइते भए। ७ जना पुरूष र ३ जना महिलाले आत्महत्या गरे। माटोले पुरिएर १ बालिका र भीरबाट लडेर २ पुरूषको मृत्यु भयो।

यस वर्ष यो जिल्लामा व्यक्तिगत कारणले भएका हत्याका ३ वटा घटनामा एक जना ९ वर्षीय बालकसहित २ पुरूष र १ महिलाको हत्या भयो।

३.१४ पर्वत



जनसंख्या	: १,७८,५४१
साक्षरता प्रतिशत	: ६२
महिला साक्षरता प्रतिशत	: ५१
क्षेत्रफल (वर्ग कि. मि.)	: ५३६.८६
गाविस / नपा संख्या	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२६
क्याम्पस / उच्च मा.वि.	: ३/९
अस्पताल / स्वास्थ्य चौकी	: २/५७
टेलिफोन लाइन	: ५००
मोटर सडक (कि. मि.)	: २१६
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ५६
मानव विकास सूचकांक	: ०.३५७
प्रति एक डाक्टर जनसंख्या	: ५२६०९
प्रति परिवार सरदर संख्या	: ४.८२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पिपलटारी गाविस-६ का १४ वर्षीय गणेश नेपाली (डल्ले) लाई ०५८ पुस २२ गते कटुवाचौपारीमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उपचारार्थ आफ्नो बाबुसँग म्याग्दी जिल्लाको बेनी पुगेर फर्कंदा आफन्तको घरमा बसेका पीडितलाई २२ गते बिहान आफ्नो घरतर्फ फर्किरहेको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए। पीडित सुस्त-मनस्थिति भएका लङ्गडो थिए।

कटुवाचौपारी गाविस-९ का २८ वर्षीय दिपक दर्जीलाई माओवादीको आरोपमा ०५८ माघ १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोधपुछको क्रममा हिरासतमा यातना दिंदा माघ १६ गते मृत्यु भयो। रक्षा मन्त्रालयद्वारा प्रकाशित विज्ञप्तिमा उनले सुरक्षा घेरा तोड्न लाग्दा गोली प्रहार गर्दा मृत्यु भएको उल्लेख गरियो।

स्याङ्जा जिल्ला रापाकोट गाविस मुलाबारीका गणेश विक र नाम, ठेगाना थाहा हुन नसकेका एक व्यक्तिको ०५८ माघ २८ गते बिहान मुडिकुवा गाविस मोदीबेनीघाट नजिक सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

खुर्कोटको घुम्तीमा संजय र साहस भनिने माओवादी कार्यकर्ताहरूको ०५८ चैत ८ गते बिहान सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूलाई पोखराबाट गिरफ्तार गरी ल्याइएको कुरा सार्वजनिक भएको थियो।

अर्मादी डिक नजिक ०५८ चैत २३ गते बिहान सुरक्षाकर्मीको गोलीद्वारा २ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। पीडितहरूको नाम, ठेगाना खुल्न सकेन।

थापाठाना गाविस-६ का रूद्रप्रसाद पौडेललाई ०५८ चैत २८ गते सोही ठाउँको एक चौतारीमा बसी पात बजाइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित केही समय प्रहरी सेवामा कार्यरत थिए भने गत वर्ष सरकार र माओवादी वार्ताको समयमा माओवादी गतिविधिमा संलग्न भएको बताइयो। पीडित संकटकाल लागू भएपछि घरमा बसेका थिए।

राम्जा देउराली गाविस-९ का २४ वर्षीय राजु गिरीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ वैशाख ४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी पकुवा गाविसमा गोली हानी हत्या गरे।

चुवा गाविस-५ का ३५ वर्षीय रामबहादुर दर्जीलाई ०५९ वैशाख ११ गते बेलुका तिलाहार गाविस गिज्यानमा घर बनाउने काम सकी आफ्नो घर फर्कने क्रममा सुरक्षाकर्मीको गस्ती टोली देखी भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

तारास्वोला गाविस-२ का तुलबहादुर रोकालाई ०५८ फागुन २७ गते नजरबन्दबाट रिहा हुने वित्तिकै सुरक्षाकर्मीले पुनः गिरफ्तार गरेकोमा ०५९ वैशाख १६ गते दुर्लुङमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

पारवापानी गाविस-३ का २३ वर्षीय ज्ञानप्रसाद शर्मा भनिने मनोज रेग्मीलाई ०५८ फागुन १७ गते देवीस्थान गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०५९ वैशाख २७ गते गोली हानी हत्या गरे। रक्षा मन्त्रालयको विज्ञप्तिमा दुर्लुङमा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भएको उल्लेख गरियो।

चुवा गाविसमा ०५९ वैशाख २७ गते एक जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितको सनाखत हुन सकेन।

वाग्लुङ जिल्ला बुङ्गादोभानका एक महिला र एक पुरूषलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी पर्वत जिल्ला नाङ्लीवाङ गाविस-१ खानियाघाटमा गोली हानी हत्या गरे। पीडितहरूको सनाखत हुन सकेन।

भगरा गाविसका २२ वर्षीय विवेक भनिने हरिप्रसाद शर्मा, कास्कीकी रक्षा भनिने शारदा त्रिपाठी र नाम, ठेगाना थाहा नभएकी एक महिलालाई माओवादीको आरोपमा ०५९ असार ४ गते तिलाहार गाविस-८ दराकमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू हरिप्रसाद र शारदालाई कास्की जिल्ला पोखरा विन्ध्यवासिनीबाट गिरफ्तार गरेको वुझिएको छ।

पारवापानीका माओवादी कार्यकर्ता निर्सना भनिने माया अधिकारीलाई ०५९ भदौ ३० गते नेपाल वन्दका लागि विद्यालयहरूमा पर्चा वितरण गर्दै हिँडेको र खुर्कोट गाविस-८ गगनपानी गोले बिसाउनामा सुरक्षाकर्मीहरूलाई देखेर भागी एक घरमा लुकी वसेको अवस्थामा सुरक्षाकर्मीले फेला पारी पत्रे चट्टानमा लगी गोली प्रहार गरी हत्या गरे।

आर्थर डाँडाखर्क गाविस-२ घर भई वाग्लुङमा कार्यरत सैनिक जवान २४ वर्षीय कृष्णबहादुर जिसीलाई विदामा घर आएर ०५९ भदौ २४ गते विदा सकिएकाले कार्यालयमा हाजिर हुन जाँदै गर्दा पकुवा गाविसको गंगटेमा सादा पोशाकमा गएका सुरक्षाकर्मीले नक्कली माओवादी वनी सोधपुछ गरेपछि साँच्चिकै माओवादी भन्ठानी भाग्दै गर्दा सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो। प्रत्यक्षदर्शीले बताए अनुसार पीडितलाई सुरक्षाकर्मीहरूले "के छ कमरेड, वैठक बस्न हिँडेको? कता जाने हो?" भनी सोधेपछि आफ्नो झोलामा सुरक्षाकर्मीको ड्रेस, परिचय पत्र, विदा कार्ड रहेको हुँदा भागेका थिए। सुरक्षाकर्मीले माओवादी भन्ठानी पीछा गरे। केही समयपछि पीडित लडेपछि सुरक्षाकर्मीले गोली हानेका थिए।

उरामपोखरा गाविस-५ का चन्द्र माविका प्रधानाध्यापक ४४ वर्षीय यादवकुमार भुसाललाई ०५९ कार्तिक २४ गते बिहान घरमा सुतेको अवस्थामा सुरक्षाकर्मीले घर घेरा हाली बाहिर निस्केको अवस्थामा गोली प्रहार गर्दा मृत्यु भयो। उनको घरमा आएर बसेका माओवादी कमाण्डर प्रेम नगरकोटीको सुरक्षाकर्मीसँगको मुठभेडमा मृत्यु भयो।

माओवादीबाट

तिलाहार गाविस-६ डिमुवास्थित प्रहरी चौकीमा ०५८ फागुन १७ गते राति माओवादीहरूले आक्रमण गर्दा गोरखा जिल्ला घर भई चितवनमा वस्दै आएका प्रहरी हवल्दार ३० वर्षीय नारायण घिमिरेको मृत्यु भयो।

वाग्लुङ जिल्ला अर्जेवा गाविस-९ का सुरक्षाकर्मीका लेसनायक बुद्धिवहादुर क्षेत्री विदामा कुश्मासम्म घरपरिवारलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१	२	३	३		३	१७	१४	३	२	१९
घाइते	१	१		१	८	७	१	८	३	३			३
हिरासत/थुनामा मृत्यु									१	१			१
गिरफ्तारी/यातना									१५४	१९९	१३		२१२
कुटपिट	१	१		१	१	१		१	२	२			२
धम्की	१	१		१	२	२		२					
महिलाअधिकार	५		५	५									
बालअधिकार	२		२	२									
अमानवीय व्यवहार	१		१	१									
अपहरण					४	४		४					
जम्मा	१३	४	९	१३	१८	१७	१	१८	१७७	२१९	१६	२	२३७

भेट्न आउँदा ०५९ असोज २० गते मुडिकुवा गाविसको भुके खोलानजिक माओवादीहरूले समाती केही पर लगी गोली हानी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

टकलक गाविस-९ की ४९ वर्षीय पार्वती भुसालालाई आफूहरूलाई खाना खान नदिएको आरोपमा ०५९ असार १८ गते बिहान माओवादीहरूले गोली हानी घाइते बनाए। घरमा कोही नभएको अवस्थामा ४०-५० जना माओवादी आई खाना पकाउन भनेपछि इन्कार गर्दा माओवादीहरूले प्रहार गरेको गोली पीडितको खुट्टामा लागेको थियो। पीडितको उपचार पाल्पा जिल्ला तानसेनस्थित अस्पतालमा भयो।

जेल र बन्दीहरू

पर्वत जेल "घ" श्रेणीको हो। २५ जना बन्दी क्षमता भएको यो जेलमा हाल कैद तोकिएका १३ जना र नतोकिएका ९ जना बन्दी छन्। यसबाहेक ३ जनालाई नजरबन्दमा राखिएको छ। बन्दीहरूमध्ये २१ पुरुष र ४ महिला छन्। यस वर्ष जेलको भौतिक सुधारको काम भएन। खेलकुदका सामान नभएकाले खेल खेल्न नपाएको बन्दीहरूको गुनासो छ। बन्दीहरूका लागि टिभी र गोरखापत्र दैनिकको व्यवस्था गरिएको छ। सिमेन्टको चिसोमा बस्नुपर्ने भएकोले समस्या भएको बन्दीहरू बताउँछन्।

बेपत्ता अपहरण

माओवादीबाट

राम्जा देउराली गाविस-७ का ३६ वर्षीय दण्डपाणि तिमिल्सिनालाई ०५९ साउन २७ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले अपहरण गरी साउन ३० गते मुक्त गरे।

उरामपोखरा गाविस-५ का चन्द्र माविका प्रधानाध्यापक डिल्लीरमण भुसाललाई सुरक्षाकर्मीद्वारा मारिएका आफ्नो भाइको लास "आतंककारी" भनी सहीछाप गरेर बुझेको आरोपमा ०५९ मंसिर १३ गते माओवादीहरूले अपहरण गरी मंसिर १७ गते मुक्त गरे।

बेउलीबास गाविस-९ का भुपू अध्यक्ष एवम् नेकपा (एमाले) इलाका सदस्य ४८ वर्षीय गोपीचन्द्र काफ्ले र उराम‌पोखरा गाविस-९ का गाविस सचिव ४२ वर्षीय पुण्यप्रसाद काफ्लेलाई ०५९ पुस १३ गते माओवादीहरूले अपहरण गरी मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

रानीपानी गाविसका गाविस अध्यक्ष ४६ वर्षीय मनबहादुर क्षेत्री र उपाध्यक्ष ४२ वर्षीय डलबहादुर क्षेत्री र २८ वर्षीय रामहरि शर्मालाई माओवादीहरूबारे जानकारी नगराएको आरोपमा ०५८ माघ ७ गते सुरक्षाकर्मीले कुटपिट गरी सख्त घाइते बनाए।

पाङराङ गाविस-६ का सिद्ध माविका प्रधानाध्यापक ३७ वर्षीय चित्रबहादुर पाठक, गाविस उपाध्यक्ष ५१ वर्षीय दुर्गाबहादुर नेपाल, २० वर्षीय दिपक सुनारलाई माओवादीहरूबारे जानकारी नगराएको आरोपमा ०५८ माघ १९ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

पाङराङ गाविस-७ का ४१ वर्षीय नारबहादुर कुवँरलाई सुराकीको आरोपमा ०५८ माघ १० गते राति माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडितलाई उपचारार्थ २ महिनासम्म अस्पतालमा राखियो। पीडित हाल विस्थापित छन्।

राम्जा देउराली गाविस-६ का माओवादीहरूद्वारा घोषित गाउँ जनसरकारका प्रमुख ३५ वर्षीय बसन्तराज तिमिल्सिनाले प्रशासनसमक्ष आत्मसमर्पण गरेपछि रकम हिनामिना गरेको, पार्टीको नीति विपरीत कार्य गरेको आरोपमा ०५९ साउन २८ गते माओवादीले घरमा सूचना टाँसी जग्गा जमीन उपभोग गर्न नपाउने र कसैले खनजोत गरेमा ज्यानमार्ने धम्की दिए।

भगरा गाविसका कार्यवाहक अध्यक्ष ६६ वर्षीय दलबहादुर क्षेत्रीलाई आफूहरूविरुद्ध भाषण गरेको र छोरालाई सेनाबाट फिर्ता नगराएको आरोपमा ०५८ फागुन १९ गते राति थापाठाना गाविसको खुंगामा माओवादीले बञ्चरो प्रहार गरी खुट्टा भाँचिदिए। पीडित हाल विस्थापित छन्।

पकुवा गाविस-४ का ६७ वर्षीय तीर्थबहादुर पौडेल क्षेत्रीलाई सुराकी गरेको आरोपमा ०५८ माघ २३ गते माओवादीले कुटपिट गरी हात भाँचिदिए।

लुंखु देउराली गाविस-१ का गाविस सचिव ४५ वर्षीय लक्ष्मीप्रसाद उपाध्यायलाई सुराकीको आरोपमा ०५८ फागुन ३ गते राति आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरी सख्त घाइते बनाए। पीडितको उपचार पोखरास्थित अञ्चल अस्पतालमा गरियो।

कुर्घा गाविस-५ का ६२ वर्षीय टिकाराम उपाध्यायलाई सुराकीको आरोपमा ०५८ फागुन ११ गते माओवादीहरूले कुटपिट गरी सख्त घाइते बनाए। पीडित हाल भएका विस्थापित छन्।

ठानामौला गाविस-७ का २८ वर्षीय बलराम गुरुङलाई माओवादीको नाममा चोरी डकैती गरी आफ्नो पार्टीको बेइज्जती गरेको आरोपमा ०५८ फागुन २ गते राति माओवादीले कुटपिट गरी सख्त घाइते बनाए।

राम्जादेउराली गाविस-६ का बसन्तराज तिमिल्सिनालाई माओवादीबाट लुटिएको रकम नदिएको,

पार्टीप्रति गद्दारी गरेको, पार्टी हित विपरीत कार्य गरेको आरोपमा उनको जग्गा जमिन खनजोत लगायत् उपभोग गर्न नपाउने भनी ०५९ साउन २८ गते घरमा माओवादीले सूचना टाँसे।

तिलाहार गाविस-६ का २८ वर्षीय मिना के.सी.लाई सुराकी गरेको, तरुणदलको सदस्य रहेको र रेडक्रसमा राजनीतिकरण गरेको आरोपमा ०५९ भदौ २५ गते राति माओवादीहरले कपाल मुण्डन गरिदिनुका साथै कुटपिट समेत गरे।

कार्कीनेटा गाविसका डिएसपी रवीन्द्र पौडेलको घरमा ०५९ भदौ २३ गते माओवादीले सूचना टाँसी जग्गा जमीन उपभोग गर्न नपाउने र घरभाडा पनि उठाउन नपाउने व्यहोराको धम्की दिए।

तिलाहार गाविस-६ का पूर्व वडाध्यक्ष तथा नेकांका कार्यकर्ता रणबहादुर लामिछानेलाई बन्दुक प्रशासनमा बुझाएको र सुराकीको आरोपमा ०५९ भदौ २५ गते माओवादीले कुटपिट गरी दाहिने खुट्टा भाँचिदिए।

देविस्थान गाविस-६ का ६३ वर्षीय टेकबहादुर क्षेत्रीलाई माओवादीको संगठन र घर चिनाएको आरोपमा ०५९ भदौ २९ गते माओवादीहरूले कुटपिट गरी दायाँ खुट्टा भाँचिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ६५ र यस वर्ष दर्ता भएका २२ गरी १ सय ८७ वटा रहेकोमा १ सय १५ फर्स्यौट भई ७२ बाँकी रहे। दुनियावादी फौज्दारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ६० र यस वर्ष दर्ता भएका १४ गरी ७४ वटामध्ये ४६ वटा फर्स्यौट भई २८ वटा बाँकी रहे। सरकारवादी मुद्दा जिम्मेवारी सरेर आएका ३१ र यस वर्ष दर्ता भएका ५ वटा गरी ३६ वटामध्ये २१ वटा फर्स्यौट भई १५ वटा बाँकी रहे। यसबाहेक सवारी ज्यानसम्बन्धी १, सम्बन्ध विच्छेदको ४, ठगी २ र कर्तव्य ज्यान मुद्दा ३ वटा रहे। यस अदालतमा २ वर्ष नाघेका २ वटा देवानी मुद्दा छन्।

जिल्ला प्रशासन कार्यालयमा गत वर्षको जिम्मेवारी सरेर आएका सार्वजनिक अपराध तथा हातहतियार सम्बन्धी ७ वटा मुद्दा भएकोमा २ वटा फर्स्यौट भई ५ वटा बाँकी रहे। यस वर्ष मुद्दा दर्ता भएनन्।

माओवादीद्वारा कुटपिट गरिएका रणबहादुर लामिछाने

मालपोत कार्यालयमा हकसफासम्बन्धी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका १ वटा बाँकी रहेको र यस वर्ष दर्ता नभएको स्थिति रह्यो। नामसारी मुद्दा जिम्मेवारी सरेर आएका २ सय ९२ र यस वर्ष दर्ता भएका ९५ गरी ३ सय ८७ मध्ये २९ बाँकी रहे। दाखेल खारेज मुद्दा जिम्मेवारी सरेर आएका ८७ र यस वर्ष दर्ता भएका १४ गरी १ सय १ मध्ये सय वटा फर्स्यौट भई एउटा बाँकी रह्यो। छुट जग्गा दर्तासम्बन्धी मुद्दा ३ सय ७५ मध्ये ३७ फर्स्यौट भई ३ सय ३८ वटा बाँकी रहे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

खौला लाकुरी गाविस-४ का कान्तिपुर दैनिकका सम्वाददाता २७ वर्षीय लालप्रसाद शर्मालाई ०५८ पुस २२ गते सुरक्षाकर्मीद्वारा मारिएका गणेश नेपाली (डल्ले) को हत्यासम्बन्धी समाचार सम्प्रेषण गरेको आरोपमा ०५८ पुस २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी आइन्दा अनुमति लिएर मात्र समाचार लेख्ने शर्तमा भोलिपल्ट रिहा गरे।

देउपुर गाविस-९ का ३५ वर्षीय मित्रप्रसाद तिमिल्सिनालाई माओवादी क्रियाकलापमा संलग्न भएको आरोपमा ०५८ माघ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ ३ गते तारेखमा रिहा गरे।

भोक्सिङ गाविस-३ का महेन्द्रोदय माविका शिक्षक ३४ वर्षीय नरेन्द्रबहादुर क्षेत्रीलाई शिक्षा शाखाबाट पत्र गई हाजिर हुन आउँदा जिल्ला प्रहरी कार्यालय पठाइएकोमा ०५८ माघ ३ गते सुरक्षाकर्मीले माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरी माघ १२ गते रिहा गरे।

नवलपरासी जिल्ला प्रगतिनगर गाविस घर भई शालिग्राम गाविसस्थित उपस्वास्थ्य चौकीमा कार्यरत अहेव टेकनाथ न्यौपानेलाई माओवादी क्रियाकलापमा संलग्न भई सहयोग गरेको आरोपमा ०५८ माघ ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ ७ गते तारेखमा रिहा गरे।

कुर्घा गाविस-६ का २४ वर्षीय कुलप्रसाद चपाईं, २० वर्षीय दण्डपाणि कँडेल, देविस्थान गाविस-३ का ३६ वर्षीय गोपाल चपाईं, साँह्रै गाविस-५ का २० वर्षीय विजय शर्मा, १९ वर्षीय विकास शर्मा र खानीगाउँ गाविस-४ का २० वर्षीय पर्शुराम सुवेदीलाई माओवादीको आशंकामा ०५८ माघ १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये विकास, पर्शुराम, कुलप्रसाद र दण्डपाणिलाई फागुन १९ गते तारेखमा रिहा गरियो भने गोपाल र विजयलाई फागुन २३ गतेदेखि नजरबन्दमा राखियो।

तिलाहार गाविस-८ दगकका ६५ वर्षीय तुलसी



सुरक्षाकर्मीद्वारा यातना पिडितका नरेन्द्रबहादुर क्षेत्री र प्रेमबहादुर पौडेल

गिरीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ माघ २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई फागुन २३ गतेदेखि नजरबन्दमा राखी ०५९ भदौ २३ गते रिहा गरियो।

देवीस्थान गाविस-१ का ३९ वर्षीय ठाकुर रानालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ माघ २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी २८ गते तारेखमा रिहा गरे।

पकुवा गाविस-८ घर भई पातीचौरमा पसल गरी बस्ने ४० वर्षीय टंकप्रसाद चपाईं र थर्मजुङका शिक्षक ३७ वर्षीय रामचन्द्र पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ माघ ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितहरूमध्ये टंकप्रसादलाई फागुन ४ गते र रामचन्द्रलाई फागुन ७ गते तारेखमा रिहा गरियो।

वाजुङ गाविस-१ का इन्द्रबहादुर पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ माघ ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिई फागुन ४ गते तारेखमा रिहा गरे।

पाङ गाविस-४ का ३२ वर्षीय बलबहादुर अर्याललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ फागुन २ गते सुरक्षाकर्मीले गिरतार गरी यातना दिए। पीडितलाई फागुन ६ गते रिहा गरियो।

कटुवाचौपारी गाविस-१ का ४? वर्षीय चन्द्रबहादुर क्षेत्री, २४ वर्षीय सरोज अधिकारी र २५ वर्षीय सुरेन्द्र अधिकारीलाई माओवादी गतिविधिमा सहयोग पुऱ्याएको आरोपमा ०५८ फागुन ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूमध्ये सरोज र सुरेन्द्रलाई फागुन ५ गते र चन्द्रबहादुरलाई फागुन ७ गते रिहा गरियो।

ठूलीपोखरी गाविस-३ का २१ वर्षीय अच्युत सुवेदी, सोही गाविस-५ का १८ वर्षीय श्याम सुवेदी र १८ वर्षीय सन्तोष सुवेदीलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५९ फागुन १५ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा श्याम र सन्तोषलाई फागुन १९ गते तारेखमा रिहा गरे भने अच्युतलाई फागुन २३ गतेदेखि नजरबन्दमा राखी ०५९ साउनमा रिहा गरे।

आर्थर डाँडाखर्क गाविस-१ का २२ वर्षीय गोविन्द पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५८ फागुन ४ गते बाटोमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन १३ गते तारेखमा रिहा गरे।

चित्रे गाविस-५ की २० वर्षीय अन्जु केसीलाई अनेरास्ववियु (क्रान्तिकारी) को सदस्य रहेको र माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ फागुन १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तारेखमा रिहा गरे।

भगरा गाविस घर भई शिवालय गाविस-८ मा होटल गरी बस्ने ३६ वर्षीय देवी भुसाललाई माओवादीहरूलाई खाना खान दिएको तथा माओवादी नेताहरूसँग सम्पर्क गरेको आरोपमा ०५८ फागुन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन १७ गते तारेखमा रिहा गरे।

राम्जादेउराली गाविस-७ घर भई चित्रे गाविसस्थित उपस्वास्थ्य चौकीमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता टेकबहादुर घर्ती क्षेत्री जिल्ला अस्पतालबाट पत्र गएकाले हाजिर हुन आउँदा ०५८ फागुन २९ गते जिल्ला प्रहरी कार्यालयमा पठाइएकोमा प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिए। पीडितलाई ०५८ चैत ६ गते रिहा गरियो।

राम्जादेउराली गाविस-९ का पशुपति उच्चमाविका शिक्षक ४७ वर्षीय यदुप्रसाद शर्मा र सोही गाविस-६ का २८ वर्षीय मुहान केसीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ चैत ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी केही दिनपछि तारेखमा रिहा गरे।

रानीपानी गाविस-३ का सरस्वती प्राविका प्रधानाध्यापक ३५ वर्षीय जीवलाल पराजुलीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ चैत १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तारेखमा रिहा गरे।

देविस्थान गाविसका २५ वर्षीय किरण कुमाल, खानीगाउँका २२ वर्षीय कमल सापकोटा र २० वर्षीय प्रदीप श्रेष्ठलाई माओवादीको आरोपमा ०५८ चैत २६ गते मुडिकुवाको नयाँबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी २७ गतेदेखि नजरबन्दमा राखी ०५९ साउन १६ गते रिहा गरियो।

भोक्सिङ गाविस-३ का महेन्द्रोदय माविका शिक्षक ३४ वर्षीय नरेन्द्रबहादुर क्षेत्री, उरामपोखरा गाविस-३ का लक्ष्मी निमाविका शिक्षक ३४ वर्षीय शेरबहादुर राना, त्रिवेणी गाविस-७ का शिक्षक टेकबहादुर थापालाई शिक्षा शाखाबाट पत्र गई हाजिर हुन आएको अवस्थामा जिल्ला प्रहरी कार्यालय पठाएपछि माओवादीलाई चन्दा दिएको आरोपमा प्रहरीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितहरूमध्ये नरेन्द्रबहादुरलाई वैशाख ३१ गते, शेरबहादुर र टेकबहादुरलाई जेठ ५ गते रिहा गरियो।

वाजुङ गाविस-१ पानीचौरका ४२ वर्षीय प्रेमबहादुर

पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ वैशाख २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई वैशाख ३० गते रिहा गरियो।

ठानामौला गाविस-९ का २७ वर्षीय पदमबहादुर विकलाई माओवादीको आशंकामा ०५९ जेठ १२ गते मुडिकुवा गाविस-५ नयाँबजारबाट घरतर्फ गइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेठ २४ गतेदेखि नजरबन्दमा राखी ०५९ साउनमा रिहा गरियो।

पाङ गाविस-९ का २५ वर्षीय चित्रराम विकलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ जेठ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेठ १७ गते तारेखमा रिहा गरे।

पाङराङ गाविस-७ का रेशम कुवँरलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ असार २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी असार ३० गते रिहा गरे।

धाडरिङ गाविस-९ का ३० वर्षीय दुर्गाबहादुर दर्जीलाई माओवादीको आशंकामा ०५९ साउन ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी साउन १० गते रिहा गरे। पीडितलाई पुनः साउन १५ गते गिरफ्तार गरी साउन २२ गते रिहा गरियो।

नवलपरासी जिल्ला सुनवल गाविस-३ घर भई आत्मनिर्भर विकास मञ्चमा फिल्ड संयोजक पदमा कार्यरत ३७ वर्षीय वीरबहादुर विकलाई माओवादीलाई सहयोग पुर्‍याएको आरोपमा ०५९ साउन ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी साउन २२ गते रिहा गरे।

थापाठाना गाविस-४ का ३० वर्षीय राजेन्द्र पौडेललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ साउन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी साउन २८ गते रिहा गरे।

खानीगाउँ गाविस-८ का ३५ वर्षीय नारायणबहादुर कुवँरलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ साउन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा पछि नजरबन्दमा राखेकोमा हाल रिहा गरिएको छ।

गम्जाडेउराली गाविस-७ का १८ वर्षीय मनहरी तिमिल्सिनालाई जिल्ला प्रशासन कार्यालय, उदयपुरमा आत्मसमर्पण गर्न गएको अवस्थामा प्रहरीले गिरफ्तार गरी भदौ १९ गते पर्वत ल्याई हिरासतमा राखियो। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

शिवालय गाविस-४ कुस्मामा औषधी पसल र ग्रिल उद्योग गरी बस्ने ४५ वर्षीय यामबहादुर विकलाई माओवादीको आशंकामा ०५९ भदौ ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी असोज २१ गते तारेखमा रिहा गरे। आफूलाई शारीरिक यातना दिइएको कुरा पीडितले बताए।

शिवालय गाविस-५ मा कपडा पसल र फर्निचर उद्योग सञ्चालन गरी बस्ने ३६ वर्षीय गोपी अधिकारीलाई माओवादीको आशंकामा ०५९ भदौ ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा यस वर्षको अन्त्यसम्म थुनामा राखिएको छ।

उरामपोखरा गाविस-६ का ४० वर्षीय रामप्रसाद काफ्लेलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ असोज १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा कार्तिक १० गतेदेखि नजरबन्दमा राखियो।

कटुवाचौपारी गाविस-७ का ४३ वर्षीय रामप्रसाद अधिकारीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ कार्तिक ५ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक २९ गते तारेखमा रिहा गरे।

पकुवा गाविस-४ का शिक्षक ३५ वर्षीय झलक सुवेदी र सोही गाविस-१ का ४१ वर्षीय गंगाबहादुर नेपालीलाई माओवादीसँग सम्पर्क गरेको आरोपमा ०५९ कार्तिक ६ गते क्रमशः विद्यालय र घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर ९ गते रिहा गरियो।

उरामपोखरा गाविस-५ का २० वर्षीय जनककुमार भुसाल, सोही गाविस-४ का इन्द्रप्रसाद बस्याललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ कार्तिक १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा जनकलाई बाबु यादवकुमारको किरिया गर्न ०५९ कार्तिक २५ गते तारेखमा रिहा गरियो।

चन्द्र माविका शिक्षकद्वय बहाकी गाविस-६ का ४१ वर्षीय पारेश्वर भुसाल र सोही गाविस-८ का २९ वर्षीय लेखनाथ न्यौपानेलाई माओवादीलाई लेवी बुझाएको र खाना खान दिएको आरोपमा ०५९ कार्तिक १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा तारेखमा रिहा गरियो।

शालिग्राम गाविस-५ घर भई बहाकी उपस्वास्थ्य चौकीमा कार्यरत टिकाराम भट्टराईलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ कार्तिक १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिए। पीडितलाई मंसिर १४ गते तारेखमा रिहा गरियो।

तिलाहार गाविस-८ का ५५ वर्षीय गम्भीरसिंह नेपाली र २८ वर्षीय ज्योतेन्द्र नेपालीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ कार्तिक २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक २८ गते तारेखमा रिहा गरे।

पाखापानी गाविस-१ का जीतबहादुर केसीलाई माओवादीलाई सहयोग गरेको आशंकामा ०५९ कार्तिक २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक २८ गते तारेखमा रिहा गरियो।

पाङ गाविस-९ का ५६ वर्षीय चन्द्रबहादुर क्षेत्रीलाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५९ पुस ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई पुस ८ गते रिहा गरियो। उनलाई यस अघि पनि पटक पटक गिरफ्तार गरिएको बताइयो।

यसबाहेक यस वर्ष यो जिल्लामा सुरक्षाकर्मीहरूद्वारा माओवादीको आरोपमा गिरफ्तार गरी सोही दिन र भोलिपल्ट रिहा गरिएकाहरूको संख्या ६३ पुरुष र ११ महिला गरी ७४ रह्यो। त्यसैगरी २ दिनपछि रिहा गरिएकाहरूको संख्या ३२ पुरुष र ३ जना महिला गरी ३५ रह्यो। ३ दिनपछि रिहा गरिएकाहरूको संख्या १९ पुरुष र १ महिला गरी २० रह्यो भने

१६ पुरूषलाई ४ दिनपछि रिहा गरियो। १ जना पुरूषलाई ५ दिनपछि रिहा गरियो।

त्यसैगरी पाङराङ गाविस-३ की २६ वर्षीय सरस्वती सुनार र राम्जादेउराली गाविस-७ घर भई निलाहार गाविस-६ मा पसल गरी बस्ने २६ वर्षीय कृष्णप्रसाद निमिल्सिनालाई माओवादीको आरोपमा गिरफ्तार गरिएकोमा ७ दिनपछि रिहा गरियो। वराचौर गाविस-६ का गाविस सचिव ४० वर्षीय छविलाल शर्मालाई केही दिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष सुकुम्वासीसम्बन्धी केही कार्य भएन।

राम्जा देउराली गाविस-६ का वसन्तराज निमिल्सिनाको सपरिवार नै विस्थापित भएका छन्। त्यसैगरी विस्थापित भएका ९ जना विस्थापितमध्ये ४ जनाले प्रशासन कार्यालयबाट विस्थापित भत्ता लिएका छन्।

यस जिल्लामा ३ हजार ३ सय ४२ जनाले वृद्धभत्ता प्राप्त गरेका छन्। असहाय तथा विधवा गरी ३ हजार ६ सय ६६ जनाले अपाङ्ग ५० जनाले छात्रवृत्ति प्राप्त गरे।

आर्थिक अधिकार

कास्की जिल्ला पोखरा उमनपाका एचए कन्स्ट्रक्सनका मालिक हरि पन्तको डोजर वालिङ-हुवास सडक मर्मतका लागि ल्याइएकोमा माओवादीहरूले ५ लाख रूपैयाँ चन्दा मागी ०५९ असोज १७ गते डोजरको चावी खोसे। माओवादीहरूले केही दिनपछि सो चावी फिर्ता गरे।

बालअधिकार

खुर्कोट गाविस-१ का हिमालय मावियमा ६ कक्षामा अध्ययनरत ११ वर्षीय हरिहर बाँस्नोलालाई शिक्षकलाई हात फर्काएको आरोपमा ०५८ माघ ५ गते विद्यालयका शिक्षक वालकृष्ण शर्माले कार्यालय कोठामा लगी वेहोस हुनेगरी कुटपिट गरे। कुटपिटका कारण पीडितको मानसिक सन्तुलन समेत विग्रियो। माघ ५ गते विद्यालयका दुई जना विद्यार्थीहरूबीच झगडा हुँदा त्यसमा संलग्न नभएका हरिहरलाई शिक्षक दुर्गाप्रसाद शर्माले कुटपिट गर्दा हात रोकेको हुँदा शिक्षकले "हात फर्कायो" भनी कार्यालयमा उजुरी गरेपछि पीडितलाई वेहोस हुनेगरी कुटपिट गर्नुका साथै निष्काशन समेत गरिएको पीडित पक्षले बताए।

एकजना भर्खरै जन्मिएको शिशुलाई आफ्नै बाबुआमाले हत्या गरे।

महिला अधिकार

वालकोट गाविस-८ की २८ वर्षीय नैनाकुमारी श्रेष्ठलाई आफ्नै पति गोपालप्रसाद श्रेष्ठ र सौता रम्भा श्रेष्ठले खान, बस्न, लाउन नदिनुका साथै कुटपिट गरी घरबाट निकालीदिएका कारण ०५९ असार ३ गते नैनाकुमारीले मुद्दा दायर गरिन्।

जातीय विभेद

माझफाँट गाविस-८ की १८ वर्षीय गुमा दर्जी र सोही ठाउँका मीनवहादुर विक बीच प्रेम सम्वन्ध भई गुमा गर्भवती भएपछि ०५९ कार्तिक ३ गते महिला समूहलगायत् गाउँले जम्मा भएपछि गुमालाई घर भित्र्याउन राजी भएका मिनवहादुर भागेर भारत गए। ०५९ कार्तिक १५ गतेदेखि गुमा मीनवहादुरकै घरमा धर्ना दिएर बसेकीमा हाल बच्चा जन्माइसकेकी छन्। तल्लो जात भनेर घर भित्र्याउन नमान्ने मिनवहादुरका बुवाआमाले गुमालाई खान लाउन दिएका छैनन्।

विविध

संरचना क्षति

माओवादीहरूले नमूना बोर्डिङ स्कूलमा आगो लगाए भने बम विस्फोटनबाट मोदी खोला जलविद्युत आयोजना क्षतिग्रस्त भयो। यसबाहेक ४ वटा रेन्जपोष्ट, २ वटा गाविस कार्यालय र जाइकाको कार्यालयका कागजपत्र जलाए। २ वटा गाविसमा माओवादीहरूले आगो लगाई क्षतिग्रस्त बनाए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

राम्जा देउराली गाविस-७ का ३६ वर्षीय दण्डपाणि निमिल्सिनालाई माओवादीहरूले अपहरण गरेको घटनालाई लिएर ०५९ साउन २८ गते नेकपा (एमाले) जिल्ला कमिटीले प्रेस विज्ञप्ति जारी गर्‍यो।

उग्रमपोखरा गाविस-५ का यादवकुमार भुसाल र प्रेम नगरकोटीको हत्या गरिएको विषयमा ०५९ मंसिर १५ गते माओवादीले एक विज्ञप्ति जारी गर्‍यो।

दण्डपाणि निमिल्सिनालाई माओवादीले अपहरण गरेपछि पृथ्वीनारायण क्याम्पसका सहप्राध्यापक कालीदास शर्मालगायत् परिवारका सदस्यहरूले ०५९ साउन २९ गते एक प्रेस विज्ञप्ति जारी गरे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित

यस वर्ष यो जिल्लामा प्राकृतिक विपत्तिको एउटा घटना भयो। आत्महत्याका २ वटा घटना भए। लडेर २ र डुबेर २ जनाको मृत्यु भयो भने चट्याङका कारण १० जना घाइते भए। सवारी दुर्घटनामा १९ जनाको मृत्यु भयो। २ वटा लास फेला परे। ठगीको एउटा घटना सार्वजनिक जानकारीमा आयो।

माओवादी गतिविधिमा संलग्न नहुने भनी २ सय ६४ जनाले जिल्ला प्रशासन कार्यालयसमक्ष आत्मसमर्पण गरे। त्यसमध्ये १८ वर्षमुनिका ६५ प्रतिशत र १८ वर्षभन्दा माथिका ३५ प्रतिशत थिए। शालिजा माविकामात्र १८ जना विद्यार्थीले आत्मसमर्पण गरेका थिए।

३.१५ म्यागदी

जनसंख्या	:	११५४१२
साक्षरता प्रतिशत	:	४०.२१
महिला साक्षरता प्रतिशत	:	१३
क्षेत्रफल (वर्ग कि. मि.)	:	२२९७
गाविस / नपा संख्या	:	४०/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	२०६
क्याम्पस / उच्च मा.वि.	:	१/२
अस्पताल / स्वास्थ्य चौकी	:	१/४२
टेलिफोन लाइन	:	४८४
मोटर सडक (कि. मि.)	:	१४
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	३८
मानव विकास सूचकांक	:	०.३०९
प्रति एक डाक्टर जनसंख्या	:	३८१४९
प्रति परिवार सरदर संख्या	:	४.६८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पुलाचौर गाविस-९ चुत्रेनीमा ०५८ पुस १९ गते एम्बुस विस्फोट गराउनेहरूको खोजी गर्नेक्रममा घटनास्थलभन्दा केही परको जंगलमा सुरक्षाकर्मीले मनोज विक, काशी कठायत र वीरबहादुर बुढालाई गोली हानी हत्या गरे। पीडितहरूको सद्‌गत सोही गाविसले गऱ्यो।

सिङ्गा गाविसको तातोपानीमा ०५८ पुस २३ गते विहान ४ वजे सुरक्षाकर्मीको गोलीद्वारा वाग्लुङ जिल्ला तमान गाविसका दुर्गाबहादुर बुढा, ओमबहादुर बुढा र प्रेमबहादुर घर्तीको मृत्यु भयो भने एक जना घाइते भए। पीडितहरू म्याग्दीको तातोपानीमा नुहाउन आएका थिए।

अर्मन गाविस-६ का खेमबहादुर बुढाथोकीलाई माओवादीको आरोपमा ०५८ पुस २४ गते दरवाङ्ग गाविस-९ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई सुरक्षाकर्मीले तीन दिनअघि गिरफ्तार गरिएको परिवारले बताए।

माओवादी कार्यकर्ता चन्द्र वि.क.को ०५८ पुस २४ गते वावियाचौर गाविसमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितको ठेगाना खुल्न सकेन।

पुलाचौर गाविस-९ घर भई जिल्ला खानेपानी कार्यालयमा कार्यरत २५ वर्षीय पूर्णबहादुर वि.क.लाई माओवादीको आरोपमा ०५८ पुस २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०५८ पुस २७ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सुरक्षा घेरा तोडी भाग्ने प्रयास गर्दा गोली प्रहार गरिएको सुरक्षाकर्मीले बताए।

सिङ्गा गाविस-६ का माओवादी कार्यकर्ता राजाराम कार्कीको ०५८ माघ ९ गते अर्थुङ्ग गाविस-८ डम्बरामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

दलित मुक्ति मोर्चाका जिल्ला सदस्य दुर्गाबहादुर दर्जीको ०५८ माघ ११ गते वरंजा गाविसमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितको ठेगाना खुल्न नसकेको सुरक्षानिकायले जनायो।

पाखापानी गाविस-९ ठाडाखानीमा ०५८ माघ २४ गते दिउँसो सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा नाम, ठेगाना नखुलेका एक जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

अर्थुङ्ग गाविस-१ बेनीका माओवादी कार्यकर्ता २३ वर्षीय मदन केसीको ०५८ माघ २८ गते दरवाङ्ग गाविस-९ को दुःखुमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

वावियाचौर गाविस-२ मिठेलाका तिलक दर्जीको ०५८ फागुन २४ गते सिङ्गा गाविसमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितले प्रशासनसमक्ष आत्मसमर्पणपछि तारेखमा रहेको कुरा पीडितका आफन्तहरूले बताए।

पाखापानी गाविस-९ का ४३ वर्षीय सुकबहादुर छन्त्यालको ०५८ चैत ९ गते राति सदरमुकाम बेनीबजारस्थित सुरक्षाकर्मीको गणको घेराभित्र प्रवेश गर्न खोजेको आरोपमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडित सुस्त मनस्थितिको भएको कुरा पीडितका आफन्तहरूले बताए।

वावियाचौर गाविस-४ का भेषनाथ उपाध्याय र वरंजा गाविसका प्रेमबहादुर रोकाको ०५८ चैत १० गते भगवती गाविस-२ बेसरीमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूलाई ०५८ मंसिर २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी पुस १२ गते नजरबन्दमा राखिएको र फागुन २९ गते रिहा गरिएको थियो। वाग्लुङ-बेनी-जोमसोम सडक निर्माण कार्यमा संलग्न सुरक्षाकर्मीलाई एम्बुस थाप्न सक्रिय अवस्थामा कारवाही गरिएको कुरा सुरक्षाकर्मीले बताए।

शिख गाविस-८ मा ०५८ चैत १२ गते एक घरमा खाना खाँदै गरेका माओवादी कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले घेरा हाल्दा तोडेर भाग्न लागेको अवस्थामा सुरक्षाकर्मीले गोली प्रहार गर्दा एक जना नाम, ठेगाना खुल्न नसकेका माओवादी कार्यकर्ताको मृत्यु भयो।

ज्यामरूककोट गाविस-२ का जगत खड्का, घतान गाविस-७ की पुरन सुवेदी, वावियाचौर गाविस-२ की सृजना खड्का र राम्चे गाविस-७ का मानबहादुर वि.क.को ०५८ चैत १३ गते शिख गाविस-१ खिवाङ्गको थुमाडाँडामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूलाई अघिल्लो दिन घारगाउँबाट गिरफ्तार गरिएको गाउँलेहरूले बताए।

माओवादीद्वारा हत्या गरिएका मणिलाल शर्मा, इन्सेटमा पीडितको फोटो

दाना गाविसका मुक्ति पुन र नाम, ठेगाना थाहा हुन नसकेका एक व्यक्तिको ०५८ चैत १५ गते नारच्याङ गाविस-९ को भालेवासमा सुरक्षाकर्मीमाथि एम्बुस थाप्न संलग्न भएको अवस्थामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सो घटनामा एम्बुस विस्फोट हुँदा दुई जना सुरक्षाकर्मी सामान्य घाइते भएका थिए।

कुहुँ गाविसका माओवादी समर्थक मनवहादुर सार्कीको ०५९ वैशाख १२ गते सोही गाविस-५ मा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सिङ्गा गाविसका कुलवहादुर किसानको ०५९ वैशाख २१ गते बाबियाचौर गाविसमा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडित सुरक्षाकर्मीलाई एम्बुस थाप्ने कार्यमा संलग्न भएको सुरक्षाकर्मीले वताए।

कुहुँ गाविस-७ की अनेमसंघ (क्रान्तिकारी) की जिल्ला सदस्य जमुना सुवेदी, देविस्थान गाविसकी मनकुमारी विक र यामबहादुर विकको ०५९ वैशाख २२ गते देविस्थान गाविसको जंगलमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रौतहट जिल्ला औरही गाविस-२ घर भई अमर मावीमा कार्यरत शिक्षक रामचन्द्र ठाकुर र नाम, ठेगाना खुल्न नसकेका एक व्यक्तिको ०५९ जेठ ३० गते चिमखोला गाविस-१ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित रामचन्द्रको कोठामा माओवादीहरू बैठक बसिरहेको अवस्थामा गोली प्रहार गरिएको सो गाउँका वासिन्दाहरूले बताए।

बाबियाचौर गाविस-२ का नन्दवहादुर खड्काको ०५९ भदौ २ गते कुहुँ गाविस-५ रातामाटामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

पुलाचौर गाविसमा ०५९ कार्तिक २ गते सुरक्षाकर्मीको गोलीद्वारा ठेगाना थाहा हुन नसकेका माओवादी कार्यकर्ता तीर्थबहादुर थापाको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

दरवाङ्ग गाविस-९ का माओवादीद्वारा घोषित देउराली गाउँ जनसरकारका प्रमुख २८ वर्षीय नुकप्रसाद रोकाको ०५९ पुस २ गते पुलाचौर गाविस-७ डुवामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। सो ठाउँका एक व्यक्तिको घरमा रेडियो सुनेर बसिरहेका तीन माओवादी कार्यकर्ताहरू सुरक्षाकर्मी आएको थाहा पाई भाग्दा सुरक्षाकर्मीको गोलीद्वारा नुकप्रसादको मृत्यु भएको थियो भने अन्य २ जना भागेका थिए।

रूम गाविस-७ का २३ वर्षीय कृष्णवहादुर बुढा र १४ वर्षीय हेमेन्द्र सिउठानीको ०५९ पुस ४ गते ओखरबोट गाविस-१ फुलबारीमा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तका क्रममा गोलीद्वारा मृत्यु भयो। पीडितहरू निर्दोष भएको स्वीकार गरी स्थानीय सुरक्षा निकायले क्षतिपूर्तिका लागि जिल्लाबाट माथिल्लो निकायमा सिफारिश गर्‍यो।

सिङ्गा गाविस-१ सोतामा ०५९ पुस ६ गते सुरक्षाकर्मीको गोलीद्वारा माओवादी कार्यकर्ता दरवाङ गाविसका ओमप्रसाद रोकाको मृत्यु भयो। गस्तीमा रहेको सुरक्षाकर्मीको टोलीमाथि एम्बुस थाप्न सक्रिय रहेको अवस्थामा कारवाही गरिएको कुरा सुरक्षाकर्मीले बताए। एम्बुसमा परी एक जना सुरक्षाकर्मी घाइते भएका थिए।

माओवादीबाट

पुलाचौर गाविस-९ चुत्रेनीमा माओवादीले थापेको एम्बुसमा परी ०५८ पुस १९ गते दुई जना सैनिकको मृत्यु भयो भने १२ जना घाइते भए।

दरवाङ्ग गाविस-३ का नेकांका कार्यकर्ता तथा भूपू गाविस उपाध्यक्ष ६१ वर्षीय शेरबहादुर शेरचनलाई ०५८ पुस २० गते माओवादीले घरबाट केही पर लगी गोली हानी हत्या गरे।

ज्यामरूककोट गाविस-९ का भुपू गाविस उपाध्यक्ष तथा नेकांका कार्यकर्ता ६२ वर्षीय भिमवहादुर घिमिरेलाई ०५८ माघ ५ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीले खुकुरी प्रहार गरी हत्या गरे।

दोवा गाविस-८ घर भई शिख गाविस-९ भीरकोटमा वस्ने दोवा गाविसको भुपू अध्यक्ष एवम् नेकपा (एमाले) जिल्ला कमिटीका सल्लाहकार सदस्य तुलप्रसाद पुर्जालाई ०५९ भदौ २७ गते घर

घटनाको प्रकार	माओवादीबाट पीडित			राज्यबाट पीडित				
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या		८	८	२१	२१	४	१२	३७
गिरफ्तारी/यातना				४	१९			१९
कुटपिट	५	५	५					
धम्की	२	२	२					
अपहरण	४	४	४					
जम्मा	११	१९	१९	२५	४०	४	१२	५६

नजिकै माओवादीहरूले घाँटी रेटेर हत्या गरे। पीडितको दुवै हात पछाडि फर्काई बाँधेर र मुखमा रुमाल कोचेर हत्या गरिएको अवस्थामा भोलिपल्ट बिहान लास फेला परेको थियो।

शाही नेपाली सेनाका सिपाही माधव महतको ०५९ असोज ५ गते भकिम्ली गाविसमा माओवादीसँगको दोहोरो भिडन्तका क्रममा माओवादीको ग्रिनेड आक्रमणबाट मृत्यु भयो।

सिङ्गा गाविस-४ तातोपानीका महेन्द्र मावि, बरंजाका प्रधानाध्यापक, नेराशिसंगठनका केन्द्रीय प्रतिनिधि तथा नेकपा (एमाले) जिल्ला सचिवालय सदस्य ५३ वर्षीय मणिलाल शर्मालाई ०५९ कार्तिक १ गते बेलुका १०-१५ जनाको समूहमा आएका माओवादीले हत्या गरे। पीडितलाई माओवादीले "तपाईंसँग हाम्रा ठूला नेताहरूले भेटघाट गर्न बोलाउनु भएको छ" भनी घरनजिकैको सरस्वती प्राविको कार्यालय अगाडि लगी छुरा प्रहार गर्नुका साथै घाँटी र टाउकोमा धारिलो हतियारले रेटेर हत्या गरे।

जेल र बन्दीहरू

यस जिल्लामा २५ जना बन्दी क्षमता भएको "ख" श्रेणीको जेल छ। जेलमा हाल कैद नतोकिएका १३ र तोकिएका १० गरी २३ बन्दी छन्। यसबाहेक अन्य १२ जनालाई नजरबन्दमा राखिएको छ। जेलमा महिला र बालबालिका छैनन्। बन्दीहरूका लागि टिभी, रेडियो, क्यासेट प्लेयर, क्यारेमबोर्ड, चेस र भलिबल जस्ता खेलकुद तथा मनोरञ्जनका सामाग्री तथा पत्रपत्रिकाको व्यवस्था गरिएको छ। सिपमूलक तालीम दिने गरिन्छ।

ज्यानमुद्दामा बन्दी जीवन बिताइरहेका चिमखोला गाविस-७ का ५८ वर्षीय तुलचन्द्र पुनको क्यान्सर रोगका कारण ०५९ कार्तिक २८ गते जेलभित्र मृत्यु भयो।

बेपत्ता /अपहरण

माओवादीबाट

बरंजा गाविस-३ आग्वाङ्का नेकपा (एमाले) का इलाका सचिव ४६ वर्षीय रुद्र गेकालाई ०५८ पुस १७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई माघ ३० गते मुक्त गरियो।

कुहुँ गाविस-१ का नेकपा (एमाले) का कार्यकर्ता तथा भुपू गाविस अध्यक्ष प्रेमप्रसाद रेग्मीलाई ०५९ असोज १ गते बेलुका आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई असोज ६ गते मुक्त गरियो।

ज्यामरुककोट गाविस-६ का अर्जुन माविका शिक्षक ४६ वर्षीय टिकाबहादुर कार्कीलाई ०५९ कार्तिक २३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई मंसिर १५ गते मुक्त गरियो।

बुर्तिवाङ गाविस-२ टाम्खिनका २३ वर्षीय जीतबहादुर कुवँरलाई ०५९ वैशाख २२ गते राति माओवादीले अपहरण गरी आँखामा पट्टी बाँधी कुटपिट गरे। पीडितलाई २४ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

शिख गाविस-७ का नेका जिल्ला सदस्य ५८ वर्षीय नरबहादुर बरूवाललाई राजनीतिक पूर्वाग्रहका कारण ०५८ पुस २४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरे।

चिमखोला गाविस-१ का पूर्व जिविस सभापति ६० वर्षीय भोगबहादुर पुनलाई राजनीतिक पूर्वाग्रहका कारण ०५८ माघ १४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरी दायाँ हात भाँचिदिए।

पुलाचौर गाविस-५ का २३ वर्षीय हरिराम खत्रीलाई ०५९ भदौ ८ गते माओवादीले कुटपिट गरे। माओवादीले सादा पोशाकका सुरक्षाकर्मी हौं भनी दिउँसोदेखि उनकै घरमा बसेर बेलुका खाना पनि खाएका थिए।

अर्मन गाविस-६ घर भई दरवाङ्ग उपस्वास्थ्य चौकीमा कार्यरत अहेव हेमनाथ कँडेललाई ०५९ भदौ २५ गते माओवादीले कुटपिट गरे।

दरवाङ्ग गाविस-२ मा खाद्य गोदाम गरी बस्ने खिमबहादुर पुर्जाको पसलबाट ०५८ माघ १० गते र पाखापानी गाविस-२ का जगनारायण गौचनको घरबाट ०५८ माघ १४ गते माओवादीले सम्पत्ति लुटेर लगे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

अर्थुङ्गे गाविस-१ बेनीकी सबी बानियाँ र ज्यामरुककोट गाविसकी बिजुला किसानलाई माओवादीको आरोपमा ०५८ माघ २० गते कुहुँ गाविस-१ पूर्णगाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल बाग्लुङ जेलमा नजरबन्दमा राखिएको छ। सुरक्षाकर्मीले ग्रिनेट बम र माओवादीका दस्तावेजहरूसहित पीडित गिरफ्तार गरेको जनाए।

पुलाचौर गाविस-८ घर भई सदरमुकाममा बस्दै आएका पूर्व सांसद चन्द्रप्रकाश बानियाँलाई स्थानीय "म्याग्दी सन्देश" पत्रिकामा प्रकाशित लेखमार्फत् माओवादीहरूलाई सहयोग पुग्ने व्यवहार भएको आरोपमा ०५९ असोज १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी १८ गते नजरबन्दमा पठाए। पीडितलाई असोज २६ गते रिहा गरियो।

बाग्लुङ जिल्ला गमरेखा घर भई म्याग्दीको सदरमुकाममा कपडा पसल गरी बस्ने राजाराम पुरीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ मंसिर १९ गते प्रहरीले गिरफ्तार गरेकोमा पुस २ गते रिहा गरे। पीडितलाई

एमालेले आफ्नो पार्टीको सदस्य भनी जिम्मा लिएपछि रिहा गरिएको थियो।

वरंजा गाविस-९ का प्रेमवहादुर रोका र नरवहादुर रोकालाई ०५८ माघ ५ गते, चिन्तामणि सुवेदीलाई माघ १५ गते, वरंजाका मुक्तमान थापा, सोही गाविस-५ का स्विमवहादुर पुन, होमवहादुर पुन, गमवहादुर पुन, अर्मन गाविस-६ का चुडामणि गौतम, पुलाचौर गाविस-१ का मोहन वानियाँ र वावियाचौर गाविस-१ का पूर्णवहादुर विकलाई ०५८ फागुन १ गते, ज्यामरूककोट गाविस-२ का कृष्णवहादुर कार्की र कृष्णवहादुर शर्मालाई ०५९ वैशाख ३ गते, वरंजा गाविसका शिरवहादुर पुन, ओमवहादुर थापा र शेरवहादुर कंसीलाई ०५९ जेठ ७ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। प्रेमवहादुर, स्विमवहादुर, होमवहादुर, गमवहादुर, चुडामणि, मोहन र पूर्णवहादुरलाई ०५९ वैशाख २९ गते, कृष्णवहादुर कार्कीलाई ०५९ भदौ १३ गते, ओमवहादुर र शेरवहादुरलाई भदौ १३ गते रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

आन्तरिक द्वन्द्वका कारण जिल्लावाट अहिले जिल्लामा आधिकारिक रूपमा ३ सय २५ जना सदरमुकाममा आन्तरिक विस्थापित भएको तथ्यांक छ। जिल्ला प्रशासन कार्यालयले यो तथ्यांकको पुनर्मूल्यांकन गर्न समिति गठन गरेको छ।

पुलाचौर गाविस-५ का प्रहरी इन्स्पेक्टर मेखवहादुर खत्रीको घरमा ०५९ कार्तिक २५ गते, पिप्ले गाविस-२ घर भई शाही नेपाली सेनामा कार्यरत चित्रवहादुर चन्दको घरमा ०५९ कार्तिक २४ गते, अर्थुङ्गे गाविस-५ घर भई जिल्ला प्रशासन कार्यालयका तत्कालीन सिडियो पशुपतिनाथ शर्माको घरमा ०५९ कार्तिक २४ गते र शिख गाविस-८ घर भई शाही नेपाली सेनामा कार्यरत दिपक वरूवालको घरमा ०५९ पुस १० गते माओवादीले वम विस्फोट गराई ध्वस्त वनाएका कारण परिवार विस्थापित भए।

माओवादीको आक्रमणका कारण तथा सरकारले स्थानीय निकायका जनप्रतिनिधिहरूको अवधि नवढाई स्थानीय निकायलाई जनप्रतिनिधिविहीन वनाएपछि गाविस सचिवहरू सदरमुकाममा सरेका कारण जिल्लाका कुनै पनि गाविसमा वृद्ध भत्ता, अपाङ्ग तथा विधवा, असहाय भत्ता वितरण भएको छैन।

बाल अधिकार

भकिम्ली गाविस-९ की १५ वर्षीय एक वालिकालाई ०५९ पुस १० गते अर्थुङ्गे गाविस-८ का २४ वर्षीय ठूहरवहादुर खत्रीले आफू माओवादी भएको वताई खुकुरी देखाएर धम्की दिई वलात्कार गरे। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

विविध

संरचना क्षति

यस जिल्लाका २० वटा गाविस भवनमा माओवादीले आगो लगाई ध्वस्त वनाए। यसवाहेक अन्य १९ गाविसका कागजपत्र जलाइदिए। माओवादीले यस जिल्लाका २ वटा हुलाक कार्यालय, ३ वटा वन कार्यालय, दूरसञ्चार संस्थानका ३ वटा टेलिफोन टावर, एउटा भूसंरक्षणको कार्यालय, ६ वटा प्रहरी पोष्ट, एउटा विद्युत पावरहाउस र एक्यापको २ वटा पर्यटक चेकपोष्टमा आक्रमण गरी क्षतिग्रस्त वनाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित

यस वर्ष वाढी पहिरोका कारण ५ जनाको मृत्यु भयो। नदीमा डुवेर २ जना र सडक निर्माणका क्रममा १ जनाको मृत्यु भयो। २ जना पुरूषले आत्महत्या गरे। १ जनाको लास फेला पर्‍यो।

पुलाचौर गाविस-८ का मिनवहादुर वानियाँ, मिङ्गा गाविस-७ का गोविन्द पौडेल, वरंजा गाविसका गमवहादुर श्रीप र यमनाथ कँडेलको घरमा ०५८ फागुन १९ गते राति वम विस्फोट गरी ध्वस्त पारियो। सो घटना सुरक्षाकर्मीले गराएको आरोप पीडित पक्षले लगाएका छन्।

३.१६ मुस्ताङ

जेल र बन्दीहरू

मार्फा गाविस-८ स्थित जेलको क्षेत्रफल ६ रोपनी २ आना १ पैसा छ। माटोको छाना तथा ढुङ्गाको गारो भएको यस जेलमा आठ वटा साना र अँध्यारा कोठा छन्। जेलमा हाल गौ-हत्यामा २ पुरुष बन्दी छन्। केही वर्ष अगाडिदेखि बन्दीले नियमानुसार पाउनुपर्ने सुविधा अन्तर्गत सम्बन्धित निकायबाट लगाउने लुगा/कपडा तथा ओढ्ने-ओच्छ्याउने सुकुल, कम्बल प्राप्त नभएको र भवनभित्र शौचालयको सुविधा नहुँदा रातको समयमा दिसापिसाब गर्न असुविधा रहेको गुनासो बन्दीहरूको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गाउँघरमा भएका विभिन्न घटना र मुद्दाहरू सम्बन्धित सरकारी निकायमा पुऱ्याउने चलन छैन। धेरैजसो मुद्दाहरू गाउँघरमै जनप्रतिनिधि, मुखिया, भलादमी आदिद्वारा फैसला गरिन्छन्। जिल्लाको उपल्लो भेगमा अझै पनि मुस्ताङ्ग राजाद्वारा मुद्दा-मामिलाहरू मिलाउने काम हुने गर्दछ।

जिल्ला अदालतमा यस वर्ष कुनै मुद्दा दर्ता भएनन्। विगतमा दर्ता गरिएको चोरीसम्बन्धी मुद्दामा सफाइ दिइएको छ भने कुटपिटको एउटा मुद्दामा वादीले दावा छाडेकाले दुवै पक्षबीच मिलापत्र भयो।

जिल्ला प्रशासन कार्यालयमा पनि यस वर्ष कुनै मुद्दा दर्ता भएन।

जिल्ला प्रहरी कार्यालयमा भवितव्यबाट मृत्यु भएको ५ वटा, आत्महत्याका २ वटा र हातहतियार तथा खरखजाना सम्बन्धी एउटा गरी ८ वटा मुद्दा दर्ता भए।

जनसंख्या	: १४८८०
साक्षरता प्रतिशत	: ५५.५८
महिला साक्षरता प्रतिशत	: ५०.४५
क्षेत्रफल (वर्ग कि. मि.)	: ३५७३
गाविस / नपा संख्या	: १६/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ६६
क्याम्पस / उच्च मा.वि.	: ०
अस्पताल / स्वास्थ्य चौकी	: २/१७
टेलिफोन लाइन	: १०३
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १३
हुलाक संख्या	: १६
मानव विकास सूचकांक	: ०.३१६
प्रति एक डाक्टर जनसंख्या	: ३८१४९
प्रति परिवार सरदर संख्या	: ४.६२

घटनाको प्रकार	राज्यबाट पीडित		
	घटना संख्या	पुरुष	जम्मा
गिरफ्तारी/यातना	२	४	४
जम्मा	२	४	४

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

नाग्च्याङ गाविस-८ का २३ वर्षीय वेलबहादुर पुनलाई माओवादीलाई सहयोग, समर्थन गरेको आशंकामा ०५८ माघ २७ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई फागुन ६ गते रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

यस जिल्लामा ०५८ माघ २५ गतेदेखि विभिन्न तहका विद्यालयहरूमा कार्यरत ११ जना शिक्षक-शिक्षिकालाई जिल्ला शिक्षा कार्यालयले अवकाशपत्र दियो। आफूले अध्यापन गरेको अवधिको पनि पारिश्रमिक नपाएको गुनासो पीडितहरूको छ।

बालअधिकार

यस जिल्लाको घाँसलेतेदेखि जोमसोम, मुक्तिनाथसम्मका होटल-लज तथा केही धनी किसानहरूका घरमा बालश्रमिकहरू छन्। कतिपय बालश्रमिक बाहिरी जिल्लाबाट ल्याइएका छन्। उनीहरूलाई एकदमै कम पारिश्रमिक दिइन्छ।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लामा १ पुरुष र १ महिला गरी २ जनाले आत्महत्या गरे। टाउकोमा चोट लागी १ पुरुषको मृत्यु भयो।

मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रुकुम
४.६ बाँके
४.७ वर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला

४.१ दाङ

जनसंख्या	:	४६२३८०
साक्षरता प्रतिशत	:	५७.७०
महिला साक्षरता प्रतिशत	:	४६.७२
क्षेत्रफल (वर्ग कि. मि.)	:	२९५५
गाविस / नपा संख्या	:	३९/२
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	३९६
क्याम्पस / उच्च मा.वि.	:	३/
अस्पताल / स्वास्थ्य चौकी	:	२/३६
टेलिफोन लाइन	:	३१५०
मोटर सडक (कि. मि.)	:	१३९
प्रहरी कार्यालय संख्या	:	२८
हुलाक संख्या	:	४६
मानव विकास सूचकांक	:	०.२९९
प्रति एक डाक्टर जनसंख्या	:	४६२३८
प्रति परिवार सरदर संख्या	:	५.६०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

तुलसीपुर नपा-६ घर भई त्रिभुवन नपा-८ मा डेरा गरी बस्ने ४१ वर्षीय चेतबहादुर कुँवरलाई ०५८ पुस २० गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित पिसाब फेरी घरभित्र जान लागेको अवस्थामा गोली हानिएको थियो।

ढिकपुर गाविस-८ का ४२ वर्षीय टोपबहादुर बस्नेतलाई माओवादीको आरोपमा ०५८ माघ २० गते दिउँसो सुरक्षाकर्मीले फुलबारी गाविस-८ सिमलखुटीमा गोली हानी हत्या गरे।

काभ्रे गाविस-६ का ४० वर्षीय रविलाल पन्त, ४५ वर्षीय घनश्याम पुरी र ३९ वर्षीय अनंश पुनलाई माओवादीको आरोपमा ०५८ माघ २६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूलाई गाउँमा खसी काट्ने मानिसहरू जम्मा भएका स्थानबाट कुद्दै लगिएको थियो।

हेकुली गाविस-३ का ३९ वर्षीय जुद्धबहादुर विकलाई माओवादीको आरोपमा ०५८ माघ २७ गते दिउँसो सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

हापुर गाविस-७ का ३७ वर्षीय प्रदिप शर्मा, २२ वर्षीय संजय, २७ वर्षीय जुनर र २३ वर्षीय संग्राम भनिनेलाई माओवादीको आरोपमा ०५८ फागुन ३ गते राति सुरक्षाकर्मीले हापुर गाविस गणेशपुरमा हत्या गरे।

तुलसीपुर नपा-११ का २३ वर्षीय पुरन्धर चौधरीलाई माओवादीको आरोपमा ०५८ फागुन ५ गते प्रहरीले गोली हानी हत्या गरे। पीडित लगायत चार जनालाई सोही दिन बिहान घरबाट गिरफ्तार गरिएको थियो। इलाका प्रहरी कार्यालयबाट भाग्दै गर्दा सो घटना भएको सुरक्षानिकायले जानकारी गरायो।

हेकुली गाविस-७ का २६ वर्षीय माधु चौधरीलाई ०५८ फागुन ८ गते दिउँसो सुरक्षाकर्मीले श्रीगाउँ गाविस-६ मा गोली हानी हत्या गरे।

उरहरी गाविस-४ का २१ वर्षीय कालिप्रसाद चौधरीलाई माओवादीको आरोपमा ०५८ चैत २ गते सुरक्षाकर्मीले सोही गाविसको क्वाडीमा हत्या गरे।

रामपुर गाविस-४ का १९ वर्षीय तेजप्रसाद अधिकारी, २८ वर्षीय मधु रेग्मी र सतबरिया गाविस-३ का १९ वर्षीय दिनेश परियारलाई माओवादीको आशंकामा ०५८ चैत १३ गते सुरक्षाकर्मीले रामपुर गाविस-७ मा गोली हानी हत्या गरे। पीडितहरू सर्वसाधारण कृषक रहेको बताइयो।

उरहरी गाविस-४ का ज्वाला भनिने २१ वर्षीय कान्छाराम चौधरीलाई माओवादीको आरोपमा ०५८ चैत २५ गते सुरक्षाकर्मीले हत्या गरे।

लोहारपानी गाविसको मुर्कुटीमा नाम, ठेगाना थाहा नभएका २४ जना माओवादीलाई ०५९ वैशाख १ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू चैलाही गाविस लमहीको इलाका प्रहरी कार्यालय र सशस्त्र प्रहरी बेस क्याम्प सतबरियामा आक्रमण गरी प्युठानतर्फ फर्किरहेका भनिएको छ।

त्रिभुवन नपाको कटुवाखोलामा नाम ठेगाना नखुलेका तीन जना माओवादीलाई ०५९ वैशाख ३ गते राति ११ बजे सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बेला गाविस-२ का ३० वर्षीय छटकबहादुर चौधरीलाई माओवादीको आरोपमा ०५९ वैशाख ६ गते सुरक्षाकर्मीले रामपुर गाविसमा गोली हानी हत्या गरे। पीडित सर्वसाधारण मजदुर थिए।

बेला गाविस-२ का १९ वर्षीय उदयराज चौधरी, २१ वर्षीय भीमबहादुर चौधरी, २० वर्षीय हरिलाल चौधरी, १९ वर्षीय धनिराम चौधरी, २२ वर्षीय केदार चौधरी र २३ वर्षीय खिमबहादुर पुनलाई माओवादीको आरोपमा ०५९ वैशाख ७ गते दिउँसो सुरक्षाकर्मीले लक्ष्मीपुर गाविस-१ मसोट जंगलमा हत्या गरे। पीडितहरूलाई वैशाख ६ गते गिरफ्तार गरिएको थियो।

सैंधा गाविस-५ का १७ वर्षीय माधव रावत, १८ वर्षीय बमबहादुर रावतलाई माओवादीको आरोपमा ०५९ वैशाख ९ गते दिउँसो सुरक्षाकर्मीले जुनीपहरामा हत्या गरे। पीडितहरूलाई अघिल्लो दिन घोराही बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

श्रीगाउँ गाविस-२ का २९ वर्षीय मंगु चौधरी, २५ वर्षीय शंकर भन्ने आइतुराम चौधरी र २२ वर्षीय टिकाराम सार्कीलाई माओवादीको आरोपमा ०५९ वैशाख १२ गते दिउँसो सुरक्षाकर्मीले बागर सडकमा हत्या गरे।

लालमटिया गाविस-७ का ३८ वर्षीय सिन्टु चौधरी र कपिलवस्तु जिल्ला चन्द्रौटा गाविसका ४५ वर्षीय तारेमान गिरीलाई माओवादीको आरोपमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले गोवर्डिहा गाविस-१ को जंगलमा हत्या गरे। पीडित तारेमान गिरी भारतीय सेना भएको र त्यहाँ इष्टमित्र भेट्न आएका थिए।

नारायणपुर गाविस-२ का २८ वर्षीय अर्जुन घर्तीलाई माओवादीको आरोपमा ०५९ जेठ १ गते नारायणपुरमा सुरक्षाकर्मीले हत्या गरे।

त्रिभुवननगर नपा स्थित सेवार खोलामा नाम, ठेगाना नखुलेका ६ जना माओवादीलाई ०५९ जेठ २ गते सुरक्षाकर्मीले हत्या गरे।

तुलसीपुर नपा-५ घोराही चोकमा नाम, ठेगाना नखुलेको एक व्यक्तिलाई ०५९ जेठ २ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

तुलसीपुर नपा-३ का १८ वर्षीय ईश्वरी नेपाली र ३५ वर्षीय कल्लु भन्ने कालिबहादुर सार्कीलाई कर्फ्यू उल्लंघन गरेको आरोपमा ०५९ जेठ ४ गते राति सुरक्षाकर्मीले हत्या गरे। उक्त घटनामा तारादेवी नेपाली र चम्फी सार्की घाइते भए।

त्रिभुवननगर नपा-११ भरतपुरमा नाम, ठेगाना थाहा नभएको एक जनालाई ०५९ जेठ ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित गणे भनिने गणेश थापा भएको आशंका गरिएको छ।

त्रिभुवननगर नपा-९ का ५२ वर्षीय गोरे कामीलाई कर्फ्यू तोडेको र माओवादीको आरोपमा ०५९ असार ३ गते बेलुका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

त्रिभुवननगर नपा-२ की १८ वर्षीय सीता चौधरी, २१ वर्षीय प्रेमबहादुर दमाई र सोही नपा-११ का २० वर्षीय दुर्गाबहादुर चौधरीलाई माओवादीको आरोपमा ०५९ असार ८ गते सोही नपा-२ कर्जाईमा सुरक्षाकर्मीले हत्या गरे।

बेला गाविस-२ मा नाम, ठेगाना थाहा नभएका तीन जनालाई माओवादीको आरोपमा ०५९ असार १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। गिरफ्तार गरिएका व्यक्ति भाग्न खोज्दा सुरक्षाकर्मीको कारवाहीमा परेको जिल्ला प्रहरी कार्यालयले जनायो।

सल्यान जिल्ला भिम्मे गाविस-४ घर भई तुलसीपुर नपा-५ बस्ने ४० वर्षीय जयबहादुर खड्कालाई माओवादीको आशंकामा ०५९ असार १५ गते सुरक्षाकर्मीले टरिगाउँ गाविस-४ मा हत्या गरे। पीडितलाई ५ दिन पहिले सादा पोशाकमा रहेका व्यक्तिले बिहान ७ बजेतिर गाडीमा राखी घरबाट गिरफ्तार गरिएको पीडित पक्षले जनाए।

गोलटाकुरी गाविस-९ का २४ वर्षीय विजय बस्नेत, २२ वर्षीय बुद्धिराम चौधरी र २१ वर्षीय लक्ष्मण चौधरीलाई माओवादीको आशंकामा ०५९ असार २५ गते सुरक्षाकर्मीले कौवाघारीमा हत्या गरे।

त्रिभुवननगर नपा-१ का २८ वर्षीय बसन्तकुमार न्यौपानेलाई कर्फ्यू तोडेको आरोपमा ०५९ असार २८ गते साँझ ८:३० बजे सुरक्षाकर्मीले सोही नपा-५ मा गोली हानी हत्या गरे।

त्रिभुवननगर नपा-७ को जंगलमा नाम, ठेगाना नखुलेका तीन जनालाई माओवादीको आशंकामा ०५९ असार २८ गते दिउँसो सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरुलाई रोल्पाबाट गिरफ्तार गरी ल्याएको आशंका गरिएको छ।

गोलटाकुरी गाविस-८ का ३९ वर्षीय रामलाल सार्की, २२ वर्षीय सम्राट सार्की, ४१ वर्षीय नानो भनिने देवीराम सार्की, २४ वर्षीय मंगलबहादुर सार्की, २९ वर्षीय भूपाल सार्की, २७ वर्षीय रामप्रसाद सार्की, २८ वर्षीय रमेशराज सार्की, ३९ वर्षीय नेपबहादुर सार्की र फुलवारी गाविस-५ का ४६ वर्षीय लखन

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	६		६	२४	१११		१११	३९	२२३	४	७०	२९७
घाईते	८	९	५	१४	१८	६६	२	६८	८	१२			१२
गिरफ्तारी/यातना									३२	६६	१४		८०
बेपत्ता									२	२			२
धम्की	१	१	१	२	१	१		१	१	१			१
महिला अधिकार	१		१	१					१		१		१
आर्थिक/सामाजिक अधिकार	१	१		१	१	१		१					
अपहरण					९	१५		१५					
जम्मा	१७	१७	७	२४	५३	१९४	२	१९६	८३	३०४	१९	७०	३९३

विकलाई माओवादीको आरोपमा ०५९ साउन १६ गते विहान १० वजेतिर सुरक्षाकर्मीले गोलटाकुरी गाविस-१ को कौवाधारी जंगलमा हत्या गरे।

धर्ना गाविस-९ को मन्नानेमा नाम, ठेगाना थाहा नभएको "वर्षात" भनिने र नाम नखुलेका एक जना माओवादीलाई ०५९ भदौ १६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

फुलवारी गाविस-४ का २८ वर्षीय टोपवहादुर नेपाली, ५० वर्षीय चुडामणि श्रेष्ठ, ४० वर्षीय टोपवहादुर विक, २४ वर्षीय रामकुमार सार्की, २३ वर्षीय मनोज सार्की र ३५ वर्षीय "घाइरे" भनिने धर्मबहादुर सार्कीलाई माओवादीको आरोपमा ०५९ भदौ २३ गते दिउँसो सुरक्षाकर्मीले सांही गाविसको वास्रेमा हत्या गरे। पीडितहरू तीज पर्वको लागि राँगो काटिरहेका थिए।

डुरुवा गाविस-५ का ३९ वर्षीय सोहन र २४ वर्षीय जनकलाई माओवादीको आरोपमा ०५९ भदौ २५ गते सुरक्षाकर्मीले मानपुरको डोक्रेनामा हत्या गरे। पीडित सोहन र जनक नाम सुरक्षाकर्मीको विज्ञप्तिमा दिएकाले पीडित सोहनलाल चौधरी जनक भनिने चनाकु चौधरी भएको आशंका गरिएको छ। पीडितहरूलाई भदौ २१ गते घरवाट गिरफ्तार गरिएको थियो।

विजौरी गाविस-३ बेलफुण्डीमा २३ वर्षीय मार्वल भनिने एक माओवादीलाई ०५९ भदौ ३१ गते दिउँसो सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त दिन माओवादीले दाङ वन्द गरेका थिए।

तुलसीपुर नपा-१ रानागाउँमा नाम, ठेगाना थाहा नभएका २२ वर्षीय ज्योती भनिने सोना थापा, हलवार गाविस-६ की २४ वर्षीय चण्डाल भनिने फत्तेबहादुर थापा, २६ वर्षीय सतिस भनिने संजय चौधरी र २८ वर्षीय संघर्ष भन्ने मनवीर चौधरीलाई ०५९ असोज २१ गते विहान सुरक्षाकर्मीले हत्या गरे।

माओवादीका फुलबारी क्षेत्रका इन्चार्ज बताइएका ३० वर्षीय केशव भनिने मदन चौधरी, २९ वर्षीय वलदेव भनिने रेशम चौधरी, डुरूवा गाविस-९ का ३१ वर्षीय मनबहादुर चौधरी र मानपुर गाविस-२ की माधवी वस्नेतलाई ०५९ असोज २३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित माधवी र मानबहादुरलाई डुरूवा गाविसमा र अन्य दुई जनालाई कार्निकको जंगलमा मारिएको भनिएको छ। पीडितहरूलाई फुलबारी गाविस-८ वराखुटी कात्तिकेबाट गिरफ्तार गरिएको थियो।

तुलसीपुर नपा-८ की २१ वर्षीय अनिता भनिने अनिसा चौधरी, पवननगर गाविस-३ की १८ वर्षीय उपासना भनिने चन्द्रकला भट्टराईलाई ०५९ असोज २७ गते सुरक्षाकर्मीले बेलुवामा गोली हानी हत्या गरे। पीडितहरू माओवादी कार्यकर्ता रहेको वताइयो।

लक्ष्मीपुर गाविस-३ का १४ वर्षीय शरद चौधरी, २२ वर्षीय छेलु चौधरी, १७ वर्षीय रामबहादुर चौधरी, २४ वर्षीय इन्द्रलाल चौधरी, १७ वर्षीय ढुण्डीराज चौधरी, १६ वर्षीय पृथ्वीनारायण चौधरी, १५ वर्षीय बुद्धिराम चौधरी, २१ वर्षीय विनोद कुमार चौधरी र २३ वर्षीय असौरी चौधरीलाई ०५९ मसिर १८ गते बेलुका सुरक्षाकर्मीले माओवादीको आरोपमा गोली हानी हत्या गरे। पीडितहरू मध्ये असौरी चौधरीलाई गोग्ली सडक नजिक र अन्य सबैलाई वेलुवा गाउँको चौबाटोमा गोली हानी हत्या गरे।

माओवादीबाट

सोनपुर गाविस-८ का २४ वर्षीय हरि रिजाललाई

सुरक्षाकर्मीद्वारा लक्ष्मीपुर गाविसको बेलुवामा मारिएकाहरू

सुराकीको आरोपमा ०५८ पुस २६ गते बेलुका माओवादीले घर नजिकै गोली हानी हत्या गरे।

लालमटिया गाविस-७ का नेका क्षेत्र १ का सभापति ५५ वर्षीय श्रीराम चौधरीलाई विभिन्न आरोप लगाउँदै ०५८ माघ २ गते राति माओवादीले घर अगाडि कुटपिट गर्दै गोली हानी हत्या गरे।

सैंघा गाविस-७ का २७ वर्षीय गिरबहादुर थापा, त्रिभुवननगर नपा-८ का २१ वर्षीय उत्तम जि. सी. र सोही नपा-१० का १८ वर्षीय सुभाष रेकाल्लाई सुराकीको आरोपमा ०५८ फागुन १० गते राति सोही नपा-८ मा माओवादीले हत्या गरे।

त्रिभुवननगर नपा-६ का ३५ वर्षीय वसन्त लम्साललाई सुराकीको आरोपमा ०५८ फागुन १८ गते माओवादीले सोही नपा-४ मा हत्या गरे।

श्रीगाउँ गाविस-९ का ४५ वर्षीय नागनाथ योगीलाई सुराकीको आरोपमा ०५८ फागुन २० गते बेलुका माओवादीले हत्या गरे। पीडित बाबुको किरिया बसेका थिए।

सतबरिया गाविस-१ का ७४ वर्षीय रामबहादुर सिंह ठकुरीलाई सुराकीको आरोपमा ०५८ फागुन २४ गते माओवादीले घरबाट बाहिर निकाली मुङ्ग्रो, दाउराले हानी हत्या गरे।

त्रिभुवननगर नपा-८ का ३२ वर्षीय प्रहरी हवल्दार नारायण गिरीलाई ०५८ फागुन २९ गते बेलुका माओवादीले रतनपुरमा गोली हानी हत्या गरे। उक्त घटनामा दैलेख जिल्ला घर भई जिल्ला प्रहरी कार्यालयका ३४ वर्षीय प्रहरी जवान चन्द्रबहादुर न्यौपाने र नवलपरासी जिल्ला घर भएका २९ वर्षीय असई तुलसीराम न्यौपाने घाइते भए।

त्रिभुवननगर नपा-४ का २८ वर्षीय लक्ष्मण थापालाई सुराकीको आरोपमा ०५८ चैत २ गते माओवादीले कावेरे गाविसको कमिचौरमा हत्या गरे। पीडितलाई अघिल्लो दिन अपहरण गरिएको थियो।

सैंघा गाविस-५ का ४२ वर्षीय लालबहादुर घर्तीलाई सुराकीको आरोपमा ०५८ चैत २ गते राति त्रिभुवन नपा-६ मा माओवादीले हत्या गरे।

त्रिभुवननगर नपा-५ का ३२ वर्षीय शंकरप्रसाद घर्तीलाई सुराकीको आरोपमा ०५८ चैत ६ गते राति माओवादीले लक्ष्मीपुर गाविस-४ मा हत्या गरे। पीडितलाई सोही दिन घरबाट लगिएको थियो।

टरिगाउँ गाविस-२ का ३२ वर्षीय तेजबहादुर बस्नेतलाई सुराकीको आरोपमा ०५९ असार ११ गते माओवादीले हत्या गरे। पीडित कान्छा बाबुको मलाम गई घर फर्कदा बाटोमा हत्या गरिएको थियो।

बिजौरी गाविस-६ का बसन्तबहादुर बुढाथोकीलाई सुराकीको आरोपमा ०५९ असार २२ गते दिउँसो माओवादीले बिजौरीमा खुकुरी प्रहार गरी हत्या गरे।

धुर्कोट गाविस-७ का २१ वर्षीय शरदकुमार अधिकारीलाई गुप्तचर प्रहरी भएको आरोपमा ०५९ असोज ४ गते रामपुर गाविसको रामपुरमा माओवादीले हत्या गरे।

त्रिभुवननगर नपा-६ का ३१ वर्षीय कृष्णबहादुर शाहलाई सुराकीको आरोपमा ०५९ कार्तिक ४ गते बेलुका माओवादीले घरबाट बाहिर चौबाटोमा ल्याई कुटपिट र गोली हानी हत्या गरे।

नवलपरासी जिल्ला नारायणी गाविस-२ घर भई हाल त्रिभुवननगर नपा-१० का ३५ वर्षीय छेदीलाल चौधरीलाई ०५९ मंसिर ३ गते बेलुका माओवादीले बिजौरी गाविस-५ हेमन्तपुरमा गोली हानी हत्या गरे। पीडित ड्राइभर हुन्। उनले ना २ ख ५४३५ नं. को बसबाट सुरक्षा सैनिकहरूलाई घोराहीतर्फ लाँदै थिए।

त्रिभुवननगर नपा-१ का ३५ वर्षीय सुदन भन्ने निमबहादुर बस्नेतलाई यौन दुराचार गरेको भनी ०५९ मंसिर ४ गते राति माओवादीले हत्या गरे।

सौडियार गाविस-५ का ४३ वर्षीय विदुर शाहलाई सुराकी गरेको आरोपमा ०५९ मंसिर २ गते माओवादीले दिउँसो अपहरण गरी गाउँ नजिकको चिरमा हत्या गरे।

कोइलाबास गाविसस्थित सिमा प्रहरी चौकीमा ०५९ पुस ३ गते माओवादीले आक्रमण गर्दा प्युठानका सई ३५ वर्षीय गोपालसिं विष्ट, प्रहरी हवल्दारहरू गैनहटका प्रेमबहादुर श्रेष्ठ, प्युठानका कुलप्रसाद भण्डारी, प्रहरी जवानहरू यज्ञबहादुर राना, मानबहादुर बुढा, गणेशनाथ कार्कीको मृत्यु भयो। सो घटनामा असई अमरबहादुर जयसवाल र प्रहरी हवल्दार चुडा खड्का समेत ६ जना घाइते भए।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका नेपबहादुर सार्की रमेशराज सार्की (ठूलो) रामलाल सार्की र सम्राट सार्की

दोहोरो भिडन्त

त्रिभुवननगर नपा-११ घर भई इलाका प्रहरी कार्यालय लमहीका इन्चार्ज इन्स्पेक्टर ४५ वर्षीय पदम अधिकारी, असईहरू ४० वर्षीय गणेश शाही, ३८ वर्षीय

रामबहादुर सुनुवार, मोहमद समसुद्धिन हुसेन, प्रहरी हवल्दारहरू ३५ वर्षीय रामबहादुर के.सी., ३० वर्षीय बालाराम कुवर, प्रहरी जवानहरू २५ वर्षीय उदय सुनार, २७ वर्षीय मोहनराज हर्के, २३ वर्षीय जितबहादुर कार्की, सर्वसाधारण लालमटिया गाविस-३ का महेन्द्र श्रेष्ठ, बर्दियाका कुसेन्द्र रवईल र सिसहनिया गाविस-६ का पुरण चौधरीलाई ०५८ चैत २९ गते राति माओवादीहरूले आक्रमण गरी हत्या गरे। ड्राइभर पुरण चौधरी र टेक्टर दुर्घटनाबाट एक जना घाइते भएकाले हिरासनमा राखिएको छ।

सशस्त्र प्रहरी बेस सतवरियाका डि. एस. पी. ४६ वर्षीय धनबहादुर बस्नेत, निरीक्षक ४१ वर्षीय अर्जुन थापा, निरीक्षक ४२ वर्षीय दिपकराज थापा र प्रहरी सहायक निरीक्षक ४० वर्षीय होमबहादुर जि. सी. लगायत ३७ जनाको ०५८ चैत २९ गते राति माओवादीहरूले आक्रमण गरी हत्या गरे। उक्त घटनामा २९ जना घाइते भए।

माओवादीले आक्रमण गर्दा भएको दोहोरो भिडन्तमा ठूलो संख्यामा माओवादीको मृत्यु भयो। सरकारी निकायले ९२ जना माओवादीको मृत्यु भयो भने माओवादी पक्षले ३२ जनाको मात्र मृत्यु भएको सार्वजनिक गऱ्यो।

सशस्त्र प्रहरी तालिम केन्द्र भालुवाङका २६ वर्षीय प्रहरी हवल्दार अमृत तामाङको ०५९ जेठ १६ गते सिसहनिया गाविस-५ महेन्द्र राजमार्गमा माओवादीको आक्रमणमा परी मृत्यु भयो। माओवादीले गस्ती प्रहरीको गाडीलाई थापिएको एम्बुस नपड्कंपछि दोहोरो भिडन्त भएको थियो। उक्त घटनामा दुई जना घाइते भए।

शाही नेपाली सैनिक ब्यारेक दाङका २४ वर्षीय सैनिक जवान हरिकृष्ण थापाको ०५९ कार्तिक ५ गते बिहान लक्ष्मीपुर गाविसको कुइरेपानीमा माओवादीसँग दोहोरो भिडन्तमा मृत्यु भयो। उक्त घटनामा ८ जना घाइते भए।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

श्रीगाउँ गाविस-२ का ४५ वर्षीय खोरे गाइन भन्ने रेशम बहादुर गाईन ०५९ वैशाख १२ गते बिहान सुरक्षाकर्मीले बागरमा गोली चलाउदा घाइते भए। माओवादीको तीन दिने दाङ बन्दको समयमा विच्छ्याएका ढुंगा सुरक्षाकर्मीले फाल्न लाग्दा मन्दिरनेरबाट कसैले विच्छ्याउने, कसैले फाल्ने भन्दै हाँस्दै गएको र कर्फ्यूको समय पनि भएकाले सुरक्षाकर्मीले गोली चलाई घाइते बनाए। पीडितलाई उपचारको लागि सुरक्षाकर्मीले लिएर गए।

त्रिभुवननगर नपा-६ का ३५ वर्षीय बोर्णबहादुर रानालाई कर्फ्यू तोडेको आरोपमा ०५९ भदौ १५ गते सुरक्षाकर्मीले गोली चलाउँदा घाइते भए।

वेला गाविस-१ घर भई हाल त्रिभुवन नपा-१० का ३२ वर्षीय भगतसिंह विकलाई ०५९ मंसिर २१ गते बेलुका कर्फ्यू तोडी सडकमा हिंडेको आरोपमा सुरक्षाकर्मीको गोली लागी घाइते भए।

माओवादीबाट

शाही सैनिक ब्यारेक दाङका २४ वर्षीय सैनिक जवान पदमबहादुर घिमिरे, २६ वर्षीय प्युठबहादुर थापाको ०५८ चैत ७ गते एक ट्रक सैनिक बुटवलतर्फ जाँदै गर्दा लक्ष्मीपुर गाविसको मसोट जंगलमा माओवादीको आक्रमणमा परी घाइते भए।

लक्ष्मीपुर गाविस-२ का ६ वर्षीय निर्मल चौधरी, ९ वर्षीय खुसिलाल चौधरी, १० वर्षीय दिपेन्द्र चौधरीको ०५९ जेठ २४ गते दिउँसो सोही ठाउँको खेतमा बेवारिसे अवस्थामा रहेको बम खेलाउँदा विस्फोट हुँदा घाइते भए।

लोहारपानी गाविस-८ का १२ वर्षीय थमन घर्तीको ०५९ असोज १९ गते बिहान बारीमा जाँदा बेवारिसे अवस्थामा बारी र बाटोको किनारामा राखिएको बम विस्फोट भई घाइते भए।

जेल र बन्दीहरू

"घ" श्रेणीको तुलसीपुर जेलको बन्दी क्षमता १ सय जनाको रहेको छ। यस जेलमा ८२ जना कैद नतोकिएका र ७४ जना कैद तोकिएका छन्। ती मध्ये कैद नतोकिएका महिला ८, कैद तोकिएका महिला ५ रहेका छन्। बालबालिका ५ जनामा ४ बालक र १ बालिका छन्।

यस कारागारमा बन्दी २८ पुरूष, ४ महिला र थुनुवा १ सय २६ पुरुष, १५ महिला लगायत जम्मा १ सय ७३ जना छुटेको जानकारी प्राप्त भयो।

बेपत्ता /अपहरण

राज्यबाट

उरहरी गाविस-३ का २९ वर्षीय खोपीराम चौधरीलाई माओवादीको आरोपमा ०५९ वैशाख ११ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

सुरक्षाकर्मीद्वारा सतबरियामा मारिएका माओवादी कार्यकर्ताहरूका पुरिएका लास

सनवरिया गाविस-७ का २५ वर्षीय मोतिराम चौधरीलाई ०५८ फागुन २० गते सशस्त्र प्रहरीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

पवननगर गाविस-४ का ३५ वर्षीय त्रिमप्रसाद गैरेलाई ०५९ मंसिर ३ गते बिहान घरबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

माओवादीबाट

काभ्रे गाविस-७ का गाविस अध्यक्ष ३६ वर्षीय भेषराज के.सी. लाई न्याय सम्पादनमा पक्षपात गरेको आरोपमा ०५९ वैशाख १७ गते बिहान माओवादीले अपहरण गरे। पीडितलाई ५० हजार असुल गरी १९ गते मुक्त गरे।

बेला गाविस-९ का ४४ वर्षीय कर्णबहादुर बुढाथोकीलाई ०५९ साउन २८ गते माओवादीले काठ हिनामिना गरेको आरोपमा अपहरण गरे।

श्रीगाउँ गाविस-२ का ३८ वर्षीय चेतबहादुर डाँगीलाई ०५९ भदौ १६ गते बागर बजारबाट माओवादीले अपहरण गरे। पीडितलाई तीन दिनपछि मुक्त गरे।

हेकुली गाविस-६ का २७ वर्षीय छबिलाल चौधरीलाई ०५९ मंसिर २४ गते दिउँसो माओवादीले सैनिक भएको आरोपमा अपहरण गरे। पीडितलाई सैनिक ब्यारेकमा नफर्कने र पुस १५ गते भित्र १५ हजार रूपैयाँ बुझाउने शर्तमा मंसिर २८ गते मुक्त गरे।

बिजौरी गाविस-३ का २२ वर्षीय वीरेन्द्र खड्कालाई ०५९ मंसिर २९ गते माओवादीले अपहरण गरे। पीडितलाई पुस ११ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सौडियार गाविस-४ का २७ वर्षीय दिनेश चौधरी र ४२ वर्षीय बिहारीलाल चौधरीलाई ०५८ चैत २३ गते सुरक्षाकर्मीले माओवादीलाई गास, बास दिएको आरोपमा कुटपिट गरे।

पार्टी कार्यालयमा धर्ना दिँदै नेकपा कार्यकर्ताहरू

सनवरिया गाविस-७ का २१ वर्षीय कालीराम चौधरी र ३५ वर्षीय डण्डीराम चौधरीलाई ०५८ चैत ३० गते सुरक्षाकर्मीले माओवादीलाई २९ गते घर प्रयोग गर्न दिएको आरोपमा कुटपिट गरे।

बिजौरी गाविस-५ का १४ वर्षीय सन्तोष वहकरीलाई ०५९ वैशाख १२ गते सुरक्षाकर्मीले रूखको टुप्पामा बाँधेको झण्डा निकाल्न नसक्ने भनेको आरोपमा कुटपिट गरे।

त्रिभुवननगर नपा-६ का २४ वर्षीय बसन्त खड्का र सोही नपा-१० का ३७ वर्षीय पदम बस्नेतलाई ०५९ भदौ ११ गते सशस्त्र प्रहरी चेकपोष्ट अर्जुनखोलाले माओवादीको आरोपमा कुटपिट गरे। पीडित खड्का सैनिक क्याप्टेन हुन्।

माओवादीबाट

उरहरी गाविस-४ का ५२ वर्षीय शक्ति मजगैयालाई संस्कृत पठाएको आरोपमा ०५८ फागुन २६ गते दिउँसो माओवादीले कुटपिट गरे। पीडित निमावि हरिपौरीका प्रधानाध्यापक हुन्।

धनौरी गाविस-७ का ४७ वर्षीय मधु शाहलाई ०५८ फागुन २६ गते बेलुका पंचकुले गाविस-५ की ४२ वर्षीय गीना शाहीलाई ०५८ फागुन २८ गते, सौडियार गाविस-२ का ४२ वर्षीय यमबहादुर एस. सी. लाई ०५८ चैत २६ गते राति सिसहनिया गाविस-९ का ४५ वर्षीय जगतनारायण चौधरीलाई ०५९ वैशाख ८ गते राति, उरहरी गाविस-१ का २७ वर्षीय पुष्कर गिरीलाई ०५९ वैशाख ९ गते राति, पंचकुले गाविस-२ का ४२ वर्षीय शेरबहादुर वलीलाई ०५९ जेठ २८ गते, रामपुर गाविस-८ का ४६ वर्षीय विन्तिराम यादवलाई ०५९ साउन ११ गते, सिसहनिया गाविस-९ का २६ वर्षीय रामलाल चौधरीलाई ०५९ साउन १४ गते, सनवरिया गाविस-१ का ४२ वर्षीय मनसाराम चौधरीलाई ०५९ साउन २८ गते, डुरूवा गाविस-७ का ८० वर्षीय जितबहादुर रेग्मी, ५४ वर्षीय कृष्ण रेग्मीलाई ०५९ साउन २९ गते राति, तुलसीपुर नपा-१० का ५० वर्षीय भीमबहादुर वलीलाई ०५९ कार्तिक १९ गते दिउँसो माओवादीले कुटपिट गरे।

अन्य

मानपुर गाविस-७ का ४१ वर्षीय छविलाल वलीलाई ०५९ मंसिर ७ गते त्रिभुवन नगर नपा-११ का २४ वर्षीय लुमासिंह बस्नेतले कुटपिट गरे। पीडकलाई जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

हलवार गाविस-१ का ३६ वर्षीय प्रहरी हवल्दार अर्जुन बहादुर जि. सी. लाई ०५९ भदौ ९ गते जिल्ला प्रहरी कार्यालयले प्रतिवादीलाई सहयोग पुर्‍याउने कार्य गरेको

आरोपमा निलम्बन गऱ्यो। उनले घटना मिति ०५९ जेठ २७ राख्नु पर्नेमा असार ४ गते राखिदिएकाले निलम्बन गरिएको हो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत र पुनरावेदन अदालत गरी २ वटा अदालत छन्। गत वर्षको जिम्मेवारी सरी आएको ४ सय १६ मुद्दा रहेका छन् भने यस वर्ष न्याय सम्पादनका लागि ३ सय १२ मात्र आए। जिम्मेवारी सरेर आएका ४ सय १६ मुद्दा मध्ये व्यक्तिवादी देवानी २ सय २९ मध्ये फर्स्यौट ६२ भए। व्यक्तिवादी फौज्दारी १ सय १५ मा फर्स्यौट १५ वटा भए भने सरकारवादी फौज्दारी ७२ मा २८ वटा फर्स्यौट भए। यसैगरी यस वर्ष कूल ३ सय १२ दुनियावादी फौज्दारी ७५ मा १५ फैसला, संक्षिप्त फौज्दारी १२ मध्ये ७ फैसला, विशेष फौज्दारी १० मध्ये २ फैसला, सरकारवादी फौज्दारी ५५ मा २१ फैसला भए भने देवानी १ सय ६० मा ३५ फैसला भए। कूल फैसला ८० भए भने बाँकी २ सय ३२ रहेका छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

हेकुली गाविस-५ का २४ वर्षीय कृष्णप्रसाद भण्डारी, २७ वर्षीय वसन्तकुमार भट्टराई र टरिगाउँ घर भई तुलसीपुर नपा-५ का ३१ वर्षीय कालिचरण चौधरीलाई माओवादीलाई संरक्षण दिएको आरोपमा ०५८ पुस १७ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल रिहा गरियो।

सिसहनीया गाविस-६ का १६ वर्षीय नारायण भण्डारी, वेला गाविस-१ का २८ वर्षीय शेरबहादुर चौधरीलाई माओवादीको आशंकामा ०५८ पुस १७ गते प्रहरीले लमहीबाट गिरफ्तार गरे। पीडितहरूलाई रिहा गरियो।

तुलसीपुर नपा-५ की २० वर्षीय दुर्गी भन्ने दुर्गा कुमारी दमाईलाई माओवादीको आरोपमा ०५८ फागुन ३ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०५९ वैशाख २ गते रिहा गरियो।

तुलसीपुर नपा-११ का २० वर्षीय धरमबहादुर चौधरी, २२ वर्षीय कालिमैया चौधरी, १८ वर्षीय सुनिता चौधरी र ५५ वर्षीय मनिराम चौधरीलाई माओवादीको आरोपमा ०५८ फागुन ५ गते विहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई कार्तिकमा रिहा गरियो।

तुलसीपुर नपा-६ का ४८ वर्षीय भीमप्रसाद गौचनलाई माओवादीको आरोपमा ०५८ फागुन १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०५९ मंसिरमा रिहा गरियो।

मानपुर गाविस-९ का ४५ वर्षीय शिव घिमिरेलाई माओवादीको आरोपमा ०५८ फागुन १९ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

बिजौरी गाविस-७ का ३९ वर्षीय सिताराम चौधरीलाई माओवादीको आरोपमा ०५८ चैत २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिएर ९ दिनपछि रिहा गरे।

चैलाही गाविस-४ का २० वर्षीय भग्वा चौधरी, ३५ वर्षीय सलैया चौधरी, ४० वर्षीय राधाराम चौधरी, ४८ वर्षीय रामकृष्ण अधिकारी, ४१ वर्षीय शिवु चौधरी, २० वर्षीय श्याम चौधरी र १८ वर्षीय रामबहादुर चौधरीलाई माओवादीको आरोपमा ०५९ साउन १४ गते प्रहरीले गिरफ्तार गरे। पीडित भग्वा चौधरी मध्ये अरू सबैलाई ३० गते रिहा गरियो।

डुरूवा गाविस-८ का ४५ वर्षीय कुइँकेल भन्ने कृष्णबहादुर खत्री, सोही गाविस-१ का ४१ वर्षीय घनश्याम पौडेल, मानपुर गाविस-८ का ३० वर्षीय कमल बस्नेत र सल्यान जिल्ला घर भई हाल दाङको डुरूवा क्षेत्रका उत्तर नामले चिनिनेलाई ०५९ भदौ ३ गते सुरक्षाकर्मीले डुरूवा गाविस-१ बाट गिरफ्तार गरे। पीडितहरू मध्ये कुइँकेललाई तत्कालै रिहा गरियो भने घनश्याम पौडेललाई कारागारमा राखिएको छ।

हापुर गाविस-७ का २४ वर्षीय सुनिल चौधरी, २८ वर्षीय कल्लु चौधरी र २० वर्षीय कालिबहादुर चौधरीलाई माओवादीको आरोपमा ०५९ असोज ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई हालसम्म रिहा गरिएको छैन।

डुरूवा गाविस-५ का ३५ वर्षीय चन्द्रलाल चौधरीलाई माओवादीको आरोपमा ०५९ असोज २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल रिहा गरिएको छैन।

पवननगर गाविस-३ का ३५ वर्षीय धनिराम कँडेल, सोही गाविस-८ का २० वर्षीय ठागु चौधरी, ४३ वर्षीय ठागुराम चौधरी, ४२ वर्षीय वासु चौधरी, २९ वर्षीय धनीराम चौधरी, २५ वर्षीय दशुराम चौधरीलाई माओवादीको आरोपमा ०५९ कार्तिक ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। ठागुराम चौधरी र धनीराम कँडेललाई क्रमशः कार्तिक र मंसिर ७ गते रिहा गरियो भने अन्य ४ जनालाई कारागारमा राखिएको छ।

बिजौरी गाविस-५ का २८ वर्षीय दुधवा चौधरी, ४६ वर्षीय मानबहादुर चौधरी, सतबरिया गाविस घर भई हाल बिजौरी गाविस-५ का ३९ वर्षीय गणेश बुढा, ३८ वर्षीय टोपबहादुर विक लगायत ११ जनालाई माओवादीको आरोपमा ०५९ मंसिर ३ गते राति सुरक्षाकर्मीले माओवादीलाई आश्रय दिएको आरोपमा गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिए।

नारायणपुर गाविस-७ की २० वर्षीय आशा चौधरीलाई ०५९ पुस ९ गते बेलुकी ५ बजे त्रिभुवननगर नपा-२ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल कारागार शाखा तुलसीपुरमा राखिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाका ३९ गाविस मध्ये १४ गाविसले मात्र

०५९ साउन महिनासम्मको जेष्ठ नागरिक, असहाय, विधवा भत्ता पाएका छन् भने अन्य १५ गाविसले ०५९ वैशाखदेखि उक्त सुविधा पाउनबाट वंचित भएको छ।

महिला अधिकार

हाँसीपुर गाविस-८ की १७ वर्षीय एक युवतीलाई ०५८ माघ २७ गते तीन जना सशस्त्र प्रहरीले सामूहिक बलात्कार गरे। पीडित एक महिनासम्म घरदेखि बाहिर छिमेकीको घरसम्म ननिस्केको बताउँ छन् भने खोजतलासको समयमा संवेदनशील ठाउँहरूमा सुरक्षाकर्मीले कडा शब्द बोल्न सक्ने अनैतिक कार्य नगर्ने र यो झूठो आरोप भएको कुरा तत्कालीन निमित्त सीडिओले बताए।

विविध

संरचना क्षति

यस जिल्लाका ३९ गाविस मध्ये ३५ वटा गाविस भवनमा माओवादीले जलाएर क्षति पुऱ्याए। ती मध्ये १२ वटा गाविसमा दुई पटक क्षति पुऱ्याएको थियो। यसबाट १ करोड ६० लाख १६ हजार ६ सय १९ रूपैयाँ मूल्य बराबरको क्षति भएको जिविसले अनुमान गरेको छ। लमही-घोराही खण्डमा पर्ने मुसोट खोलामा रहेको पुलमा माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

महेन्द्र संस्कृती विश्वविद्यालयको बेलझुण्डीस्थित केन्द्रीय कार्यालयमा माओवादीले तोडफोड र आगो लगाई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

यस वर्ष व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा २० जना पुरूष, १५ जना महिला पीडित भए। ६ जना धम्कीबाट पीडित भए। ९ वटा आतंकका घटनामा ६० जना पीडित भए। बम प्रहार/एम्बुसबाट ७ जना पीडित भए। ६८ वटा दुर्घटनाबाट ७३ पुरूष १७ महिला पीडित भए भने २६ पुरूष १९ महिलाले आत्महत्या गरे। चोरी/डकैतीका ३२ वटा घटना भए। ५ पुरूष २ महिला गरी ७ वटा लास फेला परे। आगलागीका १८ घटना भए।

भोजपुर जिल्ला घर भई सशस्त्र प्रहरी क्याम्प तुलसीपुरमा कार्यरत २८ वर्षीय सशस्त्र प्रहरी जवान नन्दबहादुर बस्नेतको ०५९ असोज २० गते दिउँसो सल्यान रोडमा आफैले बोकेको बम विस्फोट हुँदा मृत्यु भयो।

गंगापुर गाविस-७ का ९ वर्षीय अनिलकुमार चौधरीको ०५९ कार्तिक २८ गते बिहान निमावि चैनपुरको प्रांगणमा बम विस्फोट हुँदा मृत्यु भयो।

४.२ प्यूठान

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

दाखाक्वाडी गाविस-१ चिसापानीमा पहाड भनिने २८ वर्षीय गंगा पुनलाई ०५८ पुस २० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

चुजा गाविस-५ खर्कका ४५ वर्षीय निमप्रसाद शर्मालाई ०५८ माघ ९ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित शर्मा माओवादीद्वारा गठित चुजा गाउँ जनसरकार प्रमुख रहेको र माघ ९ गते राति सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ल्याउँदै गर्दा बीच बाटोबाट भाग्न खोज्दा गोली हानिएको बताइएको थियो।

माझकोट गाविस-२ लम्याङ्ग धर्मावती मावि नजिक २८ वर्षीय शंकर दर्लामीलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित सोही ठाउँमा माओवादीको कार्यक्रम सकी सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले फेला पारी हत्या गरेका थिए।

रम्दी गाविस-४ का ३३ वर्षीय चित्रबहादुर खड्कालाई ०५८ फागुन २९ गते खैरा गाविसबाट मजदुरी गरी फर्किरहेको अवस्थामा सोही गाविस-५ जुजुनेटामा बसेको सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनामा सुरक्षाकर्मीको गोलीबाट ५३ वर्षीय भुपबहादुर खड्कालाई दाहिने तिघ्रामा गोली हानी घाइते भए। पीडित भूपबहादुर खड्कालाई प्युठान अस्पतालमा ल्याई उपचार गरियो।

सारी गाविस-४ उपल्लोसारीमा २९ वर्षीय चेनबहादुर रावतको ०५९ वैशाख १९ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

खाल खर्गद्वारी नस भन्ने ठाउँमा माओवादी कार्यकर्ता ओमप्रकाश पुन र पुष्प खनालको ०५९ वैशाख २१ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। पीडितहरूको ठेगाना थाहा नभएको सुरक्षानिकायले बतायो।

फोकली गाविस-४ का ३० वर्षीय झकबहादुर पुनलाई माओवादीको आशंकामा ०५९ वैशाख २१ गते सुरक्षाकर्मीको

गस्ती टोलीले गोली हानी हत्या गरे। पीडित राप्रपाका कार्यकर्ता रहेका स्थानीय गाउँलेले बताए।

स्वैरा गाविसका २८ वर्षीय नारायणप्रसाद वैदिक (प्रशान्त) लाई ०५९ वैशाख २२ गते सुरक्षाकर्मीको गस्ती टोलीले विजयनगर गाविस-४ रिचीमा गोली हानी हत्या गरे। पीडितको लासलाई तीन दिन पछि विजयनगर गाविसले पुरेको थियो।

नयाँगाउँ गाविस-५ का ४२ वर्षीय श्यामबहादुर कार्कीलाई माओवादीको शंकामा ०५९ असार ८ गते घर नजिकै खोलामा नुहाउन गएको अवस्थामा सुरक्षाकर्मीको गस्ती टोलीले गोली हानी हत्या गरे। पीडितको सबलाई असार १० गते गाविस अध्यक्ष लगायत छिमेकीहरूले सुरक्षाकर्मीको स्वीकृति लिई दाहसंस्कार गरे।

धर्मावती माओवादीद्वारा घोषित गाजस प्रमुख देवेन्द्र गिरी, उपप्रमुख विजय थापा (जीवन) र नाम नखुलेका एक महिलाको ०५९ कार्तिक ९ गते माझकोट गाविस-५ मा सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। मृतक उपप्रमुख विजय थापाको लास पुरिएको अवस्थामा फेला परेको पारिवारिक सूत्रले जनाए। घर परिवारले लास निकाली हिन्दू परम्परा अनुसार दाहसंस्कार गरी काजकिरिया समेत गरे।

जनसंख्या	: २१२५२२
साक्षरता प्रतिशत	: ३५
महिला साक्षरता प्रतिशत	: १७
क्षेत्रफल (वर्ग कि. मि.)	: १३०९
गाविस / नपा संख्या	: ४९/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३६३
क्याम्पस / उच्च मा.वि.	: १/१
अस्पताल / स्वास्थ्य चौकी	: १/११
टेलिफोन लाइन	: १९०
मोटर सडक (कि. मि.)	: १५०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ५०
मानव विकास सूचकांक	: ०.३२३
प्रति एक डाक्टर जनसंख्या	: १४१६६
प्रति परिवार सरदर संख्या	: ५.२९

सैनिक ६७ वर्षीय गिरबहादुर खड्कालाई ०५८ माघ ४ गते आफ्नै घरबाट बोलाई माओवादीले गोली हानी हत्या गरे। पीडितको लास ०५८ माघ ६ गते प्युठान अस्पताल विजुवारमा ल्याई पोष्टमार्टम गरियो।

नयाँगाउँ चकचके ५५ वर्षीय कृष्णबहादुर के.सी.लाई ०५८ फागुन ८ गते बेलुका घरबाट बोलाई अरङ्ग खोला पुल नजिक लगी माओवादीले धारिलो हतियार प्रयोग गरी हत्या गरे। पीडितको लास फागुन ९ गते प्युठान अस्पतालमा पोष्टमार्टम गरियो।

विजुवार गाविस-६ का शाही नेपाली सेना लामाचौरमा कार्यरत सैनिक जवान २५ वर्षीय नरेन्द्र धानकुलाई ०५९ भदौ ११ गते शिवलाल श्रेष्ठको दोकानमा पाइन्टको कपडा छानिरहेको अवस्थामा बिहान माओवादीहरूले गोली हानी हत्या गरे। सदरमुकाम खलंगा र लामाचौरको सुरक्षाकर्मी आएर पीडितको लास उठाइयो।

धर्मावती गाविस-४ का ३६ वर्षीय रेशमबहादुर थापालाई ०५९ पुस ६ गते घरबाट माओवादीले अपहरण गरी २/४ दिनपछि फोप्ली विकट क्षेत्रमा हत्या गरेका थिए। पीडितको लास परिवारले पुस ३० गते फेला पारेका थिए।

सारी गाविस-४ तल्लो सारीमा नाम ठेगाना नखुलेका एक माओवादीको ०५९ वैशाख १८ गते, भिंगृमा नाम, ठेगाना खुल्न नसकेका एक माओवादीको ०५९ साउन १२ गते, स्यानीलेख भन्ने ठाउँमा नाम ठेगाना खुल्न नसकेका तीन जना माओवादीको ०५९ साउन २१ गते, विजयनगर ओखरकोट भन्ने ठाउँमा ३० वर्षीय अर्जुन भनिने एक माओवादीको ०५९ कार्तिक १० गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

माओवादीबाट

धरमपानी गाविस-३ सालखोलाका ५८ वर्षीय भूपू सैनिक ओमप्रकाश अधिकारीलाई ०५८ पुस २९ गते घरबाट बोलाई माओवादीले गोली हानी हत्या गरे। पीडित अधिकारीको लाश ०५८ माघ १ गते खलंगा सदरमुकाममा ल्याई पोष्टमार्टम गरियो।

टाक्सावाडी गाविस-५ चिनिखोलाका भूपू भारतीय

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

नयाँगाउँ गाविस-४ का ४० वर्षीय सीता कार्कीलाई ०५९ असार ४ गते घाँस काट्न गएको अवस्थामा सुरक्षाकर्मीको गस्ती टोलीले फायरिङ्ग गर्दा गोली लागी घाइते भइन्। पीडितलाई उपचारको लागि असार ५ गते नेपालगञ्ज लगियो।

माओवादीबाट

चुजा गाविस-१ का ७२ वर्षीय प्रेमबहादुर घर्तीलाई ०५८ फागुन २० गते माओवादीले सामान्य भनाभनको कारण गोली हानी घाइते बनाए। पीडित घर्तीलाई उपचारको लागि नेपालगञ्ज लगिएको थियो।

जेल र बन्दीहरू

"घ" श्रेणीको प्युठान जेलको क्षमता २५ जनाको रहेता पनि हाल ४३ जना बन्दी राखिएको छ। जसमध्ये केंट

तोकिएका २१ र नतोकिएका २२ जना छन्। यस जेलमा पुरुष ३३ र महिला १० जना छन्।

यो कारागार निकै जीर्ण अवस्थामा रहे पनि केही सुधार गरिएको छ। कारागारभित्र वन्दी र थुनुवाहरूको लागि टिभि, रेडियोको व्यवस्था छ। कारागारभित्रै धारा/चर्पी र विजुलीको सुविधा छ। वन्दी र थुनुवाको स्वास्थ्य उपचारका लागि सदरमुकाम स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा लगिन्छ। त्यहाँ उपचार हुन नसके विरामी बाहिर लाने व्यवस्था छैन। कारागारभित्र टोपी, गलवन्दी आदि बुनिन्छ। हप्ताको दुई पटक आइतबार र बिहीबार बन्दी, थुनुवाहरूलाई भेट्न पाइन्छ।

बेपत्ता /अपहरण

माओवादीबाट

उदयपुरकोट गाविसका अध्यक्ष श्रीधर अधिकारी र भैराम महरा सहित अन्य दुई जनालाई ०५८ माघ १ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई केही दिनपछि मुक्त गरियो।

ख्वाल स्वर्गद्वारीका ४० वर्षीय डांमवहादुर, ४४ वर्षीय वोमबहादुर पुनलाई ०५८ माघ ७ गते माओवादीले अपहरण गरे।

तिराम गाविसका अध्यक्ष ४३ वर्षीय तुलवहादुर रोका, सोही गाविस-१ का जिविस सदस्य ४९ वर्षीय नमवहादुर खत्री, सोही गाविस-२ का ३५ वर्षीय श्यामवहादुर, मर्कावाड गाविस-१ का गाविस सचिव ४८ वर्षीय चिन्तावहादुर पुनलाई ०५८ माघ ९ गते माओवादीले अपहरण गरे। पीडितहरू मध्ये तुलवहादुर रोका, नमवहादुर खत्री, श्यामवहादुरलाई ०५८ माघ ११ गते र सचिवलाई केही दिन पछि मुक्त गरे।

रोल्पा जिल्ला मिरूल गाविस-२ का धनवहादुर रोका, सोही गाविस-५ का पूर्णवहादुर शाही र सोही गाविस-६ का नरेश बुढा, गाडी हेल्पर वासु अधिकारी र गाडी कन्डक्टर दिपकलाई ०५९ साउन १६ गते लिवाङ्गवाट काठमाण्डौंतर्फ लागिरहेको रात्री सेवा वस ना २ ख १५९८ गाडीमा यात्रा गरिरहेको अवस्थामा भिंगृ जलुकेवाट माओवादीले अपहरण गरे। सोही वसमा यात्रा गरिरहेका व्यापारीद्वय लिवाङ्ग रोल्पाकै कृष्णप्रसाद गुरागाईवाट ३४ हजार र राजन श्रेष्ठवाट २० हजार माओवादीले लुटे। पीडितहरू मध्ये गाडी हेल्पर वासु अधिकारी र गाडी कन्डक्टर दिपकलाई अर्को दिन मुक्त गरे। रेडियो नेपालको क्षेत्रीय प्रशारण केन्द्र सुर्खेतमा कार्यरत पत्रकार धनवहादुर रोकाको अवस्था अज्ञात छ।

मरनठाना गाविस-७ का ४७ वर्षीय टेकुलाल गिरी र ४६ वर्षीय मोहन गिरीलाई ०५९ कार्तिक २० गते तिहारको दिन माओवादीले घरवाटै अपहरण गरे। टेकुलाललाई ४२ र मोहनलाई ७३ दिनपछि मुक्त गरे। पीडित टेकुलाललाई माओवादीको शंकामा राज्यपक्षवाट ०५८ मंसिर १८ गते गिरफ्तार गरी फागुन २२ गते ९४ दिनपछि रिहा गरिएको थियो।

धरमपानी गाविस-७ का ४२ वर्षीय हरिबहादुर थापालाई ०५९ कार्तिक २० गते माओवादीहरूले अपहरण गरे। पीडित हरिवहादुर थापालाई ९७ दिनपछि मुक्त गरे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

विजुवार गाविस-४ पुण्यस्वांलाका ४० वर्षीय उमाराम पौडेललाई माओवादीलाई चन्दा दिएको आरोपमा ०५८ चैत ५ गते सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरे। पीडित पौडेललाई सोधपुछ गरी ५ दिनपछि नारेस्वमा रिहा गरियो। पीडित नेकपा (एमाले) जिल्ला कमिटी सदस्य हुन्।

लुङ्ग गाविस-६ वाहनेका व्यापारी शंकर के.सी. लाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ फागुन १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ७६ दिनपछि रिहा गरियो।

विजयनगर गाविस-१ रानमाटाका १८ वर्षीय शान्ता नामाङलाई ०५८ चैत ३० गते एसएलसी परीक्षा सकेर घर

घटनाको प्रकार	गैर राज्यपक्षबाट							राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२	५	५	५	१४	१८	२	२०
घाईते					१	१	१	२	१	१	२
गिरफ्तारी/यातना								८	११	३	१४
वालअधिकार	१		१	१							
आर्थिक/सामाजिक अधिकार					१	१	१				
अपहरण					६	१६	१६				
जम्मा	३	१	२	३	१३	२३	२३	२४	३०	६	३६

फर्कने बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल पुर्पक्षकालागि थुनामा राखिएको छ।

तिरामकी १७ वर्षीय हरिकला पुन र मर्कावाङ्गकी १८ वर्षीय उमा ओजालीलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई केही दिन हिरासतमा राखी माओवादीको आशंकामा ०५९ वैशाख १८ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस जिल्लामा सुरक्षाकर्मीले विभिन्न मितिमा माओवादीको आशंकामा ४२ वर्षीय लिलाप्रसाद पौडेललाई ०५९ असार, १७ वर्षीय पिनबहादुर खड्का, २१ वर्षीय मनबहादुर राना, २४ वर्षीय जोखबहादुर पुनलाई ०५९ असोजमा, २३ वर्षीय तुल्सी सुनार ०५९ मंसिर र २१ वर्षीय गीता पुन ०५९ पुसमा गिरफ्तार गरे। पीडितहरूमध्ये लिलाप्रसादलाई डाँका सम्बन्धी मुद्दा लगाइएको छ भने अन्य ५ जनालाई आतंककारी तथा विध्वंसात्मक कार्य (सजाय तथा नियन्त्रण) ऐन अन्तर्गत मुद्दा लगाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बाल अधिकार

खलङ्गा गाविस-५ का ४६ वर्षीय रनलाल कसाईले १३ वर्षीय आफ्नै छोरीलाई अनुचित सम्बन्ध राखी ८ महिनाको गर्भ रहेको ०५९ पुस १ गते थाहा भयो। पीडित बालिका गर्भ बुवाको हो र म अरू केही भन्न र गर्न सक्दिन भन्छिन्।

महिला अधिकार

तुषारा गाविस-२ थापचौरकी २० वर्षीय कमला बस्नेतलाई ०५९ कार्तिक २० गते भाइ टीका दिन बेलुका ९ बजे सोही ठाउँका रेकमबहादुर रोका, भक्तबहादुर रोका, गिरबहादुर रोका, बोमबहादुर रोका, नरबहादुर रोकाले सामूहिक बलात्कार गरे। पीडितको बलात्कार पछि मृत्यु भयो। कमला बस्नेत २२ दिनको सुत्केरी थिइन्। पीडकहरू एउटै घरका ५ रोका परिवार हुन् र उनीहरूलाई तुषाराका नेकपा एमाले जिल्ला कमिटी सदस्य मोहन जि. सी., रेकम जि. सी. लगायतका गाउँलेहरूले जिल्ला प्रहरी कार्यालयमा बुझाए।

विविध

संरचना क्षति

यस जिल्लामा माओवादीले विभिन्न समय र मितिमा क्षति पुऱ्याएका बिजुवार कार्यालयहरूमा शाखा तथ्यांक कार्यालय, कृषि विकास उपकेन्द्र, सहकारी संस्था, कृषि सामाग्री संस्थान, इलाका रेञ्ज पोष्ट, महिला विकास शाखा, नेपाल विद्युत प्राधिकरण, नेपाल दूरसंचार टावर, जिल्ला सिंचाई कार्यालय, जिल्ला खानेपानी कार्यालय, नेपाल खाद्य संस्थान डिपो र नयाँगाउँ कार्यालयहरूमा जिल्ला सडक र झिमरूक जल विद्युत कार्यालय छन्। त्यसैगरी माओवादीले यस जिल्लाका ४९ गाविस मध्ये ४७ गाविसमा नष्ट पारेका छन्।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष आत्महत्याका १८ घटनामा १३ पुरुष र ६ महिलाले झुण्डिएर र विष सेवन गरेर मृत्यु भयो भने दुर्घटनामा ७ पुरुषको मृत्यु भयो। एक महिलाले आफ्नो जीउमा आगो लगाई आत्महत्या गरिन्। सवारी दुर्घटनामा ७ जनाको मृत्यु भयो।

दाखा क्वाडी गाविस-४ का टोपाराम शर्माको घर ०५९ भदौ १९ गते माओवादीले ध्वस्त पारे। पीडित शर्माको छोरा राष्ट्रिय अनुसन्धान प्रमुख देविराम शर्मा घर नभएको बेला घटना भएको थियो।

दाखाक्वाडी गाविस-६ का डिएसपी. जगतबहादुर विष्टको घर २०५९ भदौ १९ गते माओवादीले बम प्रहार गरी ध्वस्त पारे।

दाखाक्वाडी गाविस-४ का राष्ट्रिय अनुसन्धानका हवल्दार सुरेश विष्टको घर ०५९ कार्तिक २१ गते माओवादीले ध्वस्त पारे।

खैरा गाविस-७ का प्रहरी निरीक्षक श्यामकुमार आचार्यको घरबाट ०५९ कार्तिक २१ गते राति माओवादीले घरका सम्पूर्ण सामानहरू लगी घरमा आगो लगाई ध्वस्त पारे।

खलंगा गाविस-९ बासखोला स्थित प्रहरी इन्स्पेक्टर नरेश शाहको घरबाट ०५९ कार्तिक २७ गते माओवादीले घरमा भएको सम्पूर्ण सामान निकालेर लगी बम हानी ध्वस्त पारे।

भिंगृ गाविस-९ किमिचौरका इमानसिंह गिरीको घरबाट ०५९ कार्तिक २१ गते माओवादीले घरमा भएको पसलको सामान लग्नुका साथै घर ध्वस्त पारे।

ओखरकोट गाविस-४ स्थित सुरक्षाकर्मीले खोजतलास गर्ने क्रममा शाही नेपाली सेनाका क्याप्टेन ४० वर्षीय उदय रानाको ०५९ भदौ २७ गते आफ्नै हातमा ग्रिनेट पड्कँदा मृत्यु भयो। रानाको लासलाई हेलिकप्टरबाट काठमाण्डौ लगियो।

४.३ रोल्पा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

डुब्रिङ गाविस-९ स्वाराका ५२ वर्षीय कर्णबहादुर घर्तीलाई माओवादीको आरोपमा ०५८ पुस २० गते दिउँसो सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी सोही गाउँको स्वारा नर्सरीनेर लगी गोली हानी हत्या गरे।

दुविडाँडा गाविस-४ जसपुरका ४८ वर्षीय कुलबहादुर खत्रीलाई माओवादीको आरोपमा ०५८ पुस २१ गते दिउँसो सुरक्षाकर्मीले आफ्नो घरबाट गिरफ्तार गरी घरदेखि माथि लगी गोली हानी हत्या गरे।

दाङ जिल्ला सैघा गाविस-२ तोसका चन्द्रवीर विकलाई माओवादीको आरोपमा ०५८ पुस २४ गते दिउँसो सुरक्षाकर्मीले माओवादीको आरोपमा डुब्रिङ गाविस-९ स्वारामा गोली हानी हत्या गरे।

खुमेल गाविस-६ गोठमारेका ३१ वर्षीय बालाराम विकलाई माओवादीको आरोपमा ०५८ फागुन ८ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी घरदेखि केही पर लगेर गोली हानी हत्या गरे।

कोटगाउँ गाविस-४ का २८ वर्षीय टेउचन विकलाई माओवादीको आरोपमा ०५८ फागुन १० गते सुरक्षाकर्मीले घरबाट भाग्दै गर्दा सोही गाउँको खोलावाङमा गोली हानी हत्या गरे।

जनसंख्या	:	२१०८५९
साक्षरता प्रतिशत	:	५२.८४
महिला साक्षरता प्रतिशत	:	२२.८८
क्षेत्रफल (वर्ग कि. मि.)	:	१८७९
गाविस / नपा संख्या	:	५१/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३०१
क्याम्पस / उच्च मा.वि.	:	०/२
अस्पताल / स्वास्थ्य चौकी	:	१/५१
टेलिफोन लाइन	:	२
मोटर सडक (कि. मि.)	:	५१
प्रहरी कार्यालय संख्या	:	२
हुलाक संख्या	:	५१
मानव विकास सूचकांक	:	०.२६४
प्रति एक डाक्टर जनसंख्या	:	१०५००२
प्रति परिवार सरदर संख्या	:	५.४५

लिवाङ गाविस-९ सार्नालिउवाङका २५ वर्षीय वसन्त विकलाई माओवादीको आरोपमा ०५८ फागुन २० गते दिउँसो सुरक्षाकर्मीले घर छाएर खाना खान भित्र गएको समयमा घर घेरा हाली गिरफ्तार गरे। पीडितलाई सोही गाविसको मसिना भन्ने जंगलमा लगी बेलुका ५ बजे गोली हानी हत्या गरे। उक्त घटनाको बारेमा मसिना इलाकामा सुरक्षाकर्मी र आतंककारी बीच भिडन्त हुँदा एक जना आतंककारीको मृत्यु भएको रेडियो नेपालबाट प्रशारण गरियो।

खुमेल गाविस-७ खेवासेका ४८ वर्षीय जगबहादुर परियार, लिवाङ गाविस-१ हरिगातीनाका पर्शुराम थापालाई माओवादी भएको आशंकामा ०५८ फागुन २४ गते दिउँसो आमाको दाहसंस्कारबाट घरतिर फर्किरहेको अवस्थामा सुरक्षाकर्मीले लिवाङ गाविस-१ हरिगातीनाको लाखुरी धारानिर गोली हानी हत्या गरे।

लिवाङ गाविस-१ करीगाउँका ४० वर्षीय कविराम खत्री, सोही गाविस जिमरेनीका ३९ वर्षीय रचन खत्री र सोही गाविस हरिगातीनाका ३८ वर्षीय धनिराम वली सोही गाउँका ४७ वर्षीय मनसराम वलीको घर मर्मत गर्ने काठ ल्याउन गएको अवस्थामा माओवादीको आरोपमा ०५८ फागुन २४ गते सुरक्षाकर्मीले सोही गाउँको च्यानधारा नेर विश्राम गरिरहेको अवस्थामा गोली चलाउँदा विराम खत्रीको खुट्टामा गोली लागी घाइते भए। घाइतेलाई बोकाएर रचन खत्री र धनिराम वलीलाई सुरक्षाकर्मीले लिवाङतिर ल्याएकोमा उनीहरूलाई बेपत्ता पारियो। पीडितहरूलाई लिवाङ गाविस-५ र ९ को सिमाना पर्ने धार हाल्ने जंगलमा लगी हत्या गरिएको आशंका गरिएको छ। सोही घटनाको बारेमा हरिगातीना इलाकामा सुरक्षाकर्मी र आतंककारी बीच दोहोरो भिडन्त हुँदा ४ जना आतंककारीको मृत्यु भएको र हातहतियार बरामद भएको रेडियो नेपालबाट प्रशारण गरियो।

सिउरी गाविस-८ वुढाढेराका ५९ वर्षीय दिलबहादुर वुढा, ३२ वर्षीय सेती वुढा, २० वर्षीय सहला वुढा, ३५ वर्षीय गोपाल वुढा, १५ वर्षीय गुठी वुढालाई ०५८ चैत १ गते सुरक्षाकर्मीले सोही गाविस-२ स्यान्वाफ छेडामा आलु र मकै गोडिरहेको अवस्थामा गोली हानी हत्या गरे। उक्त घटना हुनु भन्दा अघि सोही ठाउँमा माओवादीद्वारा बम विस्फोट गराएको

सुरक्षाकर्मीद्वारा हत्या गरिएका भानसिं पुन

र वम विस्फोट कसले गराउको भनी पीडितहरूलाई सोध्दा हामीले देखेनौं भनेपछि गोली हानिएको थियो। पीडितहरू मध्ये दिलवहादुर नेकांबाट गाविस अध्यक्ष थिए।

गुम्चाल गाविस-५ गुम्चालका २४ वर्षीय आइते वुढाथोकी र सोही गाविस-२ का २० वर्षीय खगेन्द्र वहादुर बुढाथोकीलाई माओवादीले अपहरण गरी लगेकोमा अपहरणकै अवस्थामा ०५८ चैत ४ गते सुरक्षाकर्मीले घेरा हाली गोली हानी हत्या गरे।

जेलवाङ गाविसकी २० वर्षीय भानमला रोका, २२ वर्षीय मनसरा रोका, १९ वर्षीय हिमाल सरी रोका, १९ वर्षीय मायासरा रोका, १८ वर्षीय विना रोका, २६ वर्षीय माया पुन, १७ वर्षीय सुवानी पुन, ३९ वर्षीय सरी पुन, सोही गाविस रूलवाङकी २२ वर्षीय धनीसरा पुन, १९ वर्षीय नैनसरी पुन, सोही गाविस खिवाङका १९ वर्षीय दलै बुढा, जैमाकसला गाविस-३ भवाङकी २२ वर्षीय पुर्ना पुन, मिम्फिङ गाविस-९ कोइराल खर्कका २४ वर्षीय जुद्धवहादुर महरा, सिर्प गाविस-३ जुतुङखोलाकी १७ वर्षीय देविकला परियार, १७ वर्षीय श्याम वि. क., सोही गाविस सिमिगिठाका २८ वर्षीय मनवहादुर वि. क., तेवाङ गाविसका २४ वर्षीय डोरबहादुर पुन, १५ वर्षीय समुन्द्र घर्ती, १४ वर्षीय पाक्ती परियार, ३२ वर्षीय रूद्रबहादुर बुढाथोकी, १६ वर्षीय पुनें विष्ट, १६ वर्षीय गोविन्द वि. क., १८ वर्षीय वालसरी रोका, १६ वर्षीय सभुन्द्रा घर्ती, पाङ गाविस-६ का वडाध्यक्ष ५० वर्षीय वि के विष्ट, गुञ्चाल गाविस-५ पाटेगुम्चाल काव्राका १८ वर्षीय लालमति पुन, २० वर्षीय क्षनबहादुर पुन, १६ वर्षीय जिउरा पुन, १८ वर्षीय तुमे बुढाथोकी, ३५ वर्षीय सेरे पुन, १६ वर्षीय कामे पुन, ५५ वर्षीय वल पुन, ३२ वर्षीय पुर्णे पुन, ५० वर्षीय भमन गुरूङ, ३६ वर्षीय भिमु रोका, १७ वर्षीय रत्ना गुरूङ, २१ वर्षीय आइते वुढा, ३६ वर्षीय खिमे थापालाई ०५८ चैत ४ गते विहान सुरक्षाकर्मीले गुम्चाल गाविस-५ पाटेगुम्चाल काव्रामा घेरा हाली गोली हानी हत्या गरे। घटनामा ६५ जना माओवादीको दोहोरो भिडन्तमा मत्यु भएको भनी रेडियो नेपालवाट प्रशारण गरियो। घटनामा ४४ जनाको मृत्यु भएकोमा ३९ जनाको नाम खुल्यो भने अन्य ५ जनाको नाम खुलेको छैन।

खुमेल गाविस-७ खेवासेका ४३ वर्षीय महावीर घर्तीलाई माओवादीको आरोपमा ०५८ चैत ६ गते विहान ७ बजे सुरक्षाकर्मीले सोही गाविस-८ वाँठा चौरको घरवाट गिरफ्तार गरे। पीडितलाई सोही दिन दिउँसो ४ बजे लिवाङ गाविस-७ र खुमेल गाविसको खाल भन्ने जंगलमा लगी गोली हानी हत्या गरिएको आशंका गरिएको छ। उक्त घटना बारे सुरक्षाकर्मीले खोज तलासी गर्न जाँदा आतंककारी बीच मुठभेड हुँदा एक जना आतंककारीको मृत्यु भएको र हातहतियार बरामद भएको रेडियो नेपालबाट प्रशारण गरियो।

होमा गाविस-८ होमाका २५ वर्षीय मुलमान बुढालाई माओवादीको आरोपमा ०५८ चैत ८ गते बिहान घरवाट भाग्न खोज्दा सुरक्षाकर्मीले सोही गाउँको कामीडेरामा गोली हानी हत्या गरे।

होमा गाविस-८ होमा हुलाक कार्यालयका हुलाकी ३५ वर्षीय आसमन बुढा, सोही ठाउँका ३१ वर्षीय भालु कामी, सोही गाउँको प्राथमिक विद्यालयका शिक्षक २७ वर्षीय शिवराम कार्कीलाई ०५८ चैत ८ गते ९ बजे सुरक्षाकर्मीले आ-आफ्नो घर र डेराबाट गिरफ्तार गरी सोही दिन विहान होमा गाविस-८ होमाको प्राथमिक विद्यालय नजिकको जंगलमा लगी गोली हानी हत्या गरे। उक्त घटनाबारे होमा इलाकामा सुरक्षाकर्मी खोजतलासमा गएको समयमा जवाफी कारवाहीमा चार जना आतंककारीको मृत्यु भएको र हातहतियार, विस्फोटक पदार्थ वरामद भएको रेडियो नेपालबाट प्रशारण गरियो।

गजुल गाविस-९ मन्याकी २१ वर्षीय चमेली घर्ती,

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित			माओवादीबाट पीडित									
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				१५	१३४			१३४	७०	१६९	४०	१३	२२२
घाइते									२	४	३		७
बम विस्फोटन				१			१	१					
गिरफ्तारी/यातना									४१	३९	६		४४
बेपत्ता									१०	१०	१		११
धम्की				२	२			२					
वालअधिकार	१	१	१										
आर्थिक/सामाजिक अधिकार				५	५			५					
अपहरण				२२	१७	५		२२					
जम्मा	१	१	१	४५	१५८	५	१	१६४	१२३	२२२	५०	१३	२८४

सोही ठाउँकी १७ वर्षीय लालमनि घर्ती, १८ वर्षीय वीरमति घर्ती, ४८ वर्षीय निलमाया घर्ती, ८ वर्षीय सिता घर्ती, फगाम गाविस-४ धारथोककी २ वर्षीय चमेली पुन, सोही ठाउँकी दाङसीवाङकी १६ वर्षीय लालमनि घर्ती, ५५ वर्षीय मनवहादुर घर्ती, ६५ वर्षीय नाम नखुलेकी एक महिलालाई माओवादीको आरोपमा ०५८ चैत १२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूमध्ये कोही तोरी छिनिरहेका, काँम काटिरहेका, मल वोकिरहेको समयमा फगाम गाविस-७ दाङसीवाङको लेकमा माओवादीले वम विस्फोट गरेपछि सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउदा मृत्यु भएको थियो। घटना वारे रेडियो नेपालवाट गजुल इलाकामा १३ जना आतंककारीको दोहोरो भिडन्तमा मृत्यु भएको र हातहतियार, वम, दस्तावेज वरामद भएको भनी प्रशारण गरियो।

ओत गाविस-५ मितावाङका २५ वर्षीय पले घर्तीलाई ०५८ चैत १६ गते विहान ७ वजे सुरक्षाकर्मीले माओवादीको आरोपमा आफ्नो घर नजिक घेरा हाल्दा भाग्न खोज्दा गोली हानी हत्या गरे। घटना वारे सुरक्षाकर्मीको खानतलासीको क्रममा १ जना आतंककारीको मृत्यु भएको र केही हातहतियार वरामत भएको रेडियो नेपालवाट प्रशारण गरियो।

गाम गाविस-६ वाहिरी कुलांगाउँका ५० वर्षीय डम्वर घर्तीलाई माओवादीको आरोपमा ०५८ चैत १७ गते सुरक्षाकर्मीले सोही गाविस भ्याँक्रिखोला निर सोधपुछ गरी गोली हानी हत्या गरे।

थवाङ गाविस-६ ठूलोगाउँका २३ वर्षीय लोचन रोकालाई माओवादीको आरोपमा ०५८ चैत २० गते सुरक्षाकर्मीले सोही गाविस-१ फुक्लीवाङ स्कूलनिर गोली हानी हत्या गरे।

थवाङ गाविस-२ गोवाङका २९ वर्षीय जिनबहादुर घर्तीलाई माओवादीको आरोपमा ०५८ चैत २० गते मकै रोप्न जान लाग्दा घर नजिक सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

दाङ जिल्ला मानपुर गाविस-७ वनकट्टा घर भई जेदवाङ स्थित प्रावि जगती पोखरा पूर्णगाउँका शिक्षक नेववहादुर डाँगीलाई माओवादीको आरोपमा ०५९ वैशाख ३ गते दिउँसो सुरक्षाकर्मीले विद्यालयवाट गिरफ्तार गरी विद्यालयदेखि २ सय मिटर टाढा वारीमा लगी गोली हानी हत्या गरे। घटना वारे रेडियो नेपालवाट जेदवाङ इलाकामा एक जना आतंककारीको मृत्यु भएको भनी प्रशारण गरियो।

सिउरी गाविस-५ कामीडेराका २७ वर्षीय दुर्गे वि. क., ३० वर्षीय लिल्के नेपाली, सोही गाविस-६ कामी डेराका २२ वर्षीय भक्के वि. क. लाई माओवादीको आरोपमा ०५९ वैशाख १८ गते दिउँसो सुरक्षाकर्मीले आ-आफ्नो घरवाट गिरफ्तार गरे। पीडितहरूको लास सोही गाविस-९ खुरगुलमा फेला परेको थियो। घटनावारे रेडियो नेपालवाट खुरगुल इलाकामा तीन जना आतंककारीको मृत्यु भएको भनी प्रशारण गरियो।

नेवाङ गाविस-९ भैसीपुरका २४ वर्षीय दुर्गे महरालाई माओवादीको आरोपमा ०५९ वैशाख १९ गते सुरक्षाकर्मीले आफ्नो घर नजिक गोली हानी हत्या गरे।

नेवाङ गाविस-१ नेवाङका ५२ वर्षीय दिलमन थापालाई माओवादीको आरोपमा ०५९ वैशाख १९ गते विहान ७ वजे सुरक्षाकर्मीले नेवाङ गाविस-८ वाट गिरफ्तार गरी सोही गाविस-९ भैसीपुरमा लगी सोही दिन गोली हानी हत्या गरे।

नेवाङ गाविस-९ आरूखर्कका १२ वर्षीय मुक्ते वि. क. लाई ०५९ वैशाख १९ गते राति सुरक्षाकर्मीले सोही गाविसको चाखापानीनिर गोली हानी हत्या गरे।

नेवाङ गाविस-४ नेवाङकी ४२ वर्षीय दुरमती के. सी., सोही गाविस-९ की पक्छी थापा, १८ वर्षीय पक्ची विष्टलाई माओवादीको आरोपमा ०५९ वैशाख २० गते सुरक्षाकर्मीले सोही गाविस-९ भैसीपुरवाट गिरफ्तार गरे। पीडितको लास सोही ठाउँको केही परको खोल्सामा फेला पऱ्यो।

नेवाङ गाविस-२ नेवाङका २५ वर्षीय कृतिराम विष्टलाई ०५९ वैशाख २० गते सुरक्षाकर्मीले सोही गाविस-५ नेवाङकी खीमा रोकाको सोही गाविस-९ भैसीपुरको गोठ छाइरहेको अवस्थामा गोली हानी हत्या गरे।

गैरीगाउँ गाविस-९ कवर गाउँका २३ वर्षीय इन्द्रवहादुर डाँगी, १८ वर्षीय गंगावहादुर डाँगी, करेटी गाविस-६ की ४७ वर्षीय हस्ता बुढा, १८ वर्षीय कर्मधन बुढालाई

सुरक्षाकर्मीद्वारा हत्या गरिएका आसमन बुढा शिवराम सार्की जगवहादुर परियार र मनकुमार बुढा

माओवादीको आरोपमा ०५९ वैशाख २० गते दिउँसो २ बजे सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू सर्वसाधारण थिए। घटना बारे रेडियो नेपालबाट ४ जना आतंककारीको दोहोरो भिडन्तमा मृत्यु भएको भनी प्रशारण गरियो।

तेवाङ गाविस-४ तेवाङकी ४५ वर्षीय थुमकुमारी रिजाललाई ०५९ वैशाख २१ गते बिहान ७ बजे सुरक्षाकर्मीले सोही गाविस-९ खरिखोलाबाट घरतिर गोरू लगिरहेको अवस्थामा सोही गाविस भैसीपुरेबाट गिरफ्तार गरी केही पर लगी गोली हानी हत्या गरे। पीडित महिलासँग ८ वर्षीय छोरा रहेको र छोरालाई कुटपिट गरिएको बताइयो।

घोडागाउँ गाविस-८ थुमपाकीका ४० वर्षीय दिलबहादुर महरालाई माओवादीको आशंकामा ०५९ वैशाख २३ गते सुरक्षाकर्मीले सदरमुकाम आइरहेको अवस्थामा सोधपुछ गर्दा गोली हानी हत्या गरे।

धवाङ गाविस-३ पेवाकी दिलसरा रोका, सोही गाविस-६ का सुकबहादुर बुढा, सोही गाविस-२ का भरि पुन, गञ्जबहादुर थकाली, सोही गाविस-३ पेवाका रामसिं रोका र होमा गाविस-८ होमाको सेमबहादुर बुढालाई ०५९ वैशाख २३ गते धवाङ गाविस-२ धवाङ ठूलोगाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

लिवाङ गाविस-७ बामरूकका १६ वर्षीय चित्रबहादुर महरालाई माओवादीको आरोपमा ०५९ वैशाख २३ गते सुरक्षाकर्मीले धवाङ गाविस-७ धवाङमा गोली हानी हत्या गरे।

पाछावाङ गाविस-२ सल्लीबोटका १८ वर्षीय कविराम दमाईलाई माओवादीको आरोपमा ०५९ वैशाख २५ गते बिहान सुरक्षाकर्मीले पाखापानी गाविसमा पर्ने दलसिंगे बजारमा सामान किन्न गइरहेको अवस्थामा दाउखानी भन्ने ठाउँमा गोली हानी हत्या गरे। सोही दिन पाखापानी गाविस-२ धजा हाल्ने खोलामा एक जना महिला र ४ जना पुरूषलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले गोली हानी हत्या गरेका थिए। मृतकहरूको नाम ठेगाना हालसम्म जानकारीमा आएको छैन।

लिवाङ गाविस-१ हरिगातीनाका २९ वर्षीय धनबहादुर घर्तीलाई माओवादीको आरोपमा ०५९ जेठ ७ गते दिउँसो १२



माओवादीद्वारा गाम आक्रमणको क्रममा मारिएका प्रहरी हवल्दार कृष्णबहादुर थापाको लास र इन्सेटमा बाबुको फोटोमा श्रद्धाञ्जली दिँदै उनका छोराहरू

बजे सुरक्षाकर्मीले सोही गाउँको झाक्री धारामा जोतिरहेको अवस्थामा सोही गाउँका जसराम थापाको घर नजिक बारीमा ल्याएर गोली हानी हत्या गरे। घटना बारे रेडियो नेपालबाट हरिगातीना इलाकामा आतंककारीसँग भिडन्त हुँदा एक जना आतंककारीको मृत्यु भएको र घटनास्थलबाट माओवादी दस्तावेज, सकेटबम फेला परेको भनी प्रशारण गरियो।

लिवाङ गाविस-७ की १९ वर्षीय रमिता थापा, सोही गाविस-७ की १८ वर्षीय रमिता महरालाई माओवादीको आरोपमा ०५९ जेठ २३ गते सुरक्षाकर्मीले धवाङ गाविस-७ धवाङमा गोली हानी हत्या गरे।

लिवाङ गाविस-८ सरेगाउँका ३४ वर्षीय जुक्तबहादुर गुरूङलाई माओवादीको आरोपमा ०५९ असार ६ गते सुरक्षाकर्मीले धवाङ गाविस-४ गापामा गोली हानी हत्या गरे।

धवाङ गाविस-५ घाङसीकी २१ वर्षीय सुनमाया बुढालाई ०५९ साउन ७ गते बिहान सुरक्षाकर्मीले आफ्नो दिदीको गोठमा नास्ता खाइरहेको अवस्थामा गोली हानी हत्या गरे। पीडित उक्त दिन दिदीको बारीमा कोदो रोप्न गए।

सिर्प गाविस-३ जुतुङखोलाका २६ वर्षीय मीना खड्का, प्यूठान जिल्ला फब्ली गाविस-९ खालका २५ वर्षीय चन्द्र खड्का र नाम थाहा हुन नसकेका एक जनालाई ०५९

माओवादीद्वारा हत्या गरिएका मानसिं रोका प्रकाश मल्ल तिलक नेपाली र रुद्रप्रसाद गौतम

साउन १५ गते बिहान ७ बजे सुरक्षाकर्मीले गोठमा गएको अवस्थामा प्यूठान जिल्ला फल्ली गाविस-९ ग्वाल र रोल्पा जिल्ला सिर्प गाविस-३ जुतुङ खोलाको सीमानास्थित मेराभारमा घेरा हाली गोली हानी हत्या गरे।

थवाङ गाविस-२ डुलिडाँडाका ३२ वर्षीय मनभक्त बुढालाई ०५९ भदौ ५ गते सुरक्षाकर्मीले घरबाट भाग्न खोज्दा सोही गाउँको गोवाङ भन्ने ठाउँमा गोली हानी हत्या गरे।

थवाङ गाविस-६ ठूलोगाउँका २८ वर्षीय रामचन्द्र रोकालाई माओवादीको आरोपमा ०५९ भदौ ५ गते सुरक्षाकर्मीले घर नजिकै गोली हानी हत्या गरे।

थवाङ गाविस-६ राचीवाङका ४४ वर्षीय दुते रोका र उनका दाई नाम थाहा नभएका एक जना, सोही गाविस-२ दलीडाँडाका २४ वर्षीय पूर्ण बुढालाई माओवादीको आरोपमा ०५९ भदौ ५ गते सुरक्षाकर्मीले थालावाङमा गोली हानी हत्या गरे।

पाङ गाविस-३ ऐपेका १७ वर्षीय भिमलाल घर्ती, १२ वर्षीय ओमबहादुर घर्ती, २७ वर्षीय गाएन घर्ती, २७ वर्षीय वाँने घर्ती, २८ वर्षीय निखे घर्ती, सोही गाविस-२ पाङका २१ वर्षीय भेजे पुन, १८ वर्षीय वेगम पुन, सोही गाविस-१ का २१ वर्षीय वेलमान पुन, २१ वर्षीय भिमे पुन, २२ वर्षीय हुकुम बहादुर पुन, सोही गाविस-४ दाइवाङका १८ वर्षीय भिमे रोका, सोही गाविस बास्खेखोरका १८ वर्षीय गोरबहादुर घर्ती, हार्जङ गाविस घरेखुङका नाम थाहा नभएका एकजनालाई ०५९ असोज ५ गते बिहान ९ बजे सुरक्षाकर्मीले पाङ गाविस-३ ऐपेको असौजे मेलामा चारैनिर घेरी गोली हानी हत्या गरे। पीडितहरू मध्ये नाम थाहा नभएका एक जना माओवादी समर्थक भएको र अन्य सबै सर्वसाधारण रहेका थिए।

जैमाकसला गाविस-४ पोवाङका ४० वर्षीय चैत्य विक, उनका छोरा २२ वर्षीय नन्दबहादुर विक, बुहारी २० वर्षीय दिलमाया विक र सोही गाउँका दुजा बुढालाई माओवादीको आरोपमा ०५९ असोज ७ गते सुरक्षाकर्मीले सोही गाउँमा गोली हानी हत्या गरे।

जैमाकसला गाविस-४ पोवाङका वार्ल्लीस रोकालाई माओवादीको आरोपमा ०५९ असोज ७ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी असोज ८ गते सोही गाउँको हेल्थपोष्टको लगेकोमा लास फेला पर्‍यो।

सेरम गाविस-३ ठूलोगाउँ स्थित स्वास्थ्य चौकीका पियन ५० वर्षीय धनबहादुर पुन, गाम गाविस-३ पाङवाङका ५६ वर्षीय ओखे सुनार, ४० वर्षीय जोखे घर्ती, ३५ वर्षीय धनराज घर्ती, ५० वर्षीय हिरासिं घर्ती, ५५ वर्षीय भिङसिङ घर्ती, सोही गाविस-७ कुलोगाउँका ४६ वर्षीय नरविर घर्ती, ४९ वर्षीय कुलविर घर्ती, ४९ वर्षीय हस्त घर्ती, ५७ वर्षीय मन्त्री घर्ती, ४१ वर्षीय सुकमन विक, सोही गाविस-१ कुलोगाउँका ५८ वर्षीय पहल घर्ती, १९ वर्षीय गोविर घर्तीलाई ०५९ असोज ६ गते सुरक्षाकर्मीले आ-आफ्नो घरबाट गिरफ्तार गरी सेरम गाविस रूङकसे भिर नजिक असोज ७ गते टिउँसो गोली हानी हत्या गरे। घटनाबारे रेडियो नेपालबाट रोल्पा जिल्लाको विभिन्न स्थानमा भिडन्त हुँदा पचासौं जना आतंककारीहरूको मृत्यु भएको भनी प्रशारण गरियो।

थवाङ गाविस-४ जुरवाङका ५६ वर्षीय कर्म झाँक्रीलाई माओवादीको आरोपमा ०५९ असोज ८ गते सुरक्षाकर्मीले सोही गाउँको सलाने भन्ने ठाउँमा गोली हानी हत्या गरे।

थवाङ गाविस-६ चिर्निवाङका ५२ वर्षीय भक्त रोकालाई ०५९ असोज १२ गते सुरक्षाकर्मीले सोही गाविस-१ एक घरबाट गिरफ्तार गरी सोही गाविसको चावाङ नजिक गोली हानी हत्या गरे।

घोडागाउँ गाविस-५ कोटका २४ वर्षीय धर्मेन्द्र शाह, सोही गाउँका ३० वर्षीय जनार्दन खत्री, १८ वर्षीय ललिता घर्ती र १५ वर्षीय सुस्मिता विकलाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते बिहान सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरी सोही गाउँको प्रावि नजिकको शिवालय थाननिर कुटपिट गरी गोली हानी हत्या गरे। घटना बारे रेडियो नेपालबाट दोहोरो भिडन्तमा ४ जना आतंककारीको मृत्यु भएको भनी प्रशारण गरियो।

कोटगाउँ इलाकामा सुरक्षाकर्मीको जवाफी कारवाहीमा परी एक जना आतंककारीको मृत्यु भएको र हातहतियार बरामत भएको रेडियो नेपालबाट प्रशारण गरिएको थियो।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका रचन खत्री कविराम खत्री शेरबहादुर रोका

माओवादीबाट

भावाङ गाविस-४ झौवाङका गाविस पियन अमृतबहादुर खत्रीलाई सुराकीको आरोपमा ०५८ माघ १८ गते माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडितलाई सोही गाविस-५ वाग्मामा लगी ०५८ चैत २२ गते हत्या गरे।

लिवाङ गाविस-५ धनमुराका प्रावि हरिगातीनाका शिक्षक २५ वर्षीय तिलक नेपालीलाई सुराकीको आरोपमा ०५८ फागुन

२६ गते माओवादीले सोही गाविस-१ हरिगातीनाको च्यानधाराबाट विद्यालयबाट घर फर्कन लाग्दा अपहरण गरे। पीडितको ०५८ चैत १४ गते लिवाङ गाविस-३ रेउघा, सिवाङमा लास फेला पऱ्यो। पीडितको शरीरमा माओवादीले घर परिवारलाई लेखेको चिठी, आरोप लगाएको पर्चा फेला परेको थियो।

कोटगाउँ गाविस-३ का ४९ वर्षीय प्रसाद बुढालाई सुराकीको आरोपमा दाङबाट फर्कदै गर्दा सोही गाविस-६ दार्वोटबाट माओवादीले अपहरण गरेकोमा ०५८ चैत १५ गते राति सोही गाविस-४ खोलावाङमा त्यही ल्याएर गोली हानी हत्या गरे जुन ठाउँमा टेउचन विकलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरेका थिए।

पाखापानी गाविस-२ जितेमारेका ५३ वर्षीय हरिप्रसाद वली, सोही गाविस-४ महानेटाका २८ वर्षीय जयप्रकाश मल्ललाई सुराकीको आरोपमा ०५८ चैत १८ गते आ-आफ्नो घरबाट माओवादीले अपहरण गरी सोही गाविस-३ सिमखोलामा लगी चैत १९ गते बेलुका हत्या गरे।

गुम्चाल गाविस-९ तल्लो गुम्चालका प्रस्तावित मावि गुम्चालका प्रधानाध्यापक ५२ वर्षीय मानसिंह रोका क्षेत्रीलाई सुराकीको आरोपमा ०५९ वैशाख ३ गते आफ्नै घरबाट बोलाएर सोही गाउँको प्राथमिक विद्यालय नजिक गोली हानी हत्या गरे। पीडितलाई माओवादी भएको आशंकामा सुरक्षाकर्मीले लिवाङमा आएको बेला ०५८ फागुनमा एकहप्तासम्म थुनामा राखी एकहप्ता पछि प्रत्येक महिना उपस्थित हुने गरी तारेखमा रिहा गरिएको थियो।

गुम्चाल गाविस-२ उपल्लो गुम्चालका ३० वर्षीय कर्णबहादुर बुढाथोकीलाई सुराकीको आरोपमा ०५९ वैशाख ६ गते माओवादीले अपहरण गरे। पीडितलाई वैशाख ९ गते सोही गाविस-३ उपल्लो गुम्चालको ठाढो ढुंगा निर हत्या गरे।

होमा गाविस-६ चोपबाङका २२ वर्षीय काले भनिने सुनिल कामीलाई सुराकीको आरोपमा ०५९ असोज ५ गते माओवादीले लिवाङ गाविस-८ धाङसी खोलामा हत्या गरे।

तनहुँ जिल्ला मिलुङ गाविस-८ चामबोटका अमल्दार कृष्णबहादुर थापाको ०५९ मंसिर २८ गते संयुक्त सुरक्षाकर्मी तालाबाङ गाविसबाट गस्ती गरी सदरमुकाम लिवाङमा फर्कन लाग्दा भवाङ गाविस सरूवाडाँडामा सुरक्षाकर्मीमाथि माओवादीले आक्रमण गर्दा मृत्यु भयो।

दोहोरो भिडन्त

खुमेल इलाकामा ०५८ फागुन ९ गते सुरक्षाकर्मी गस्तीमा जाँदा एक जना आतंककारीको मृत्यु भएको रेडियो नेपालबाट प्रशारण गरियो।

वर्दिया जिल्ला गुलरीया नपाका प्रहरी जवान रामबहादुर चौधरीको ०५९ वैशाख १९ गते माओवादी र सुरक्षाकर्मी बीच तेवाङ गाविस-९ लिम्नेमा भिडन्त हुँदा मृत्यु भयो। घटना बारे रेडियो नेपालबाट ३ सय ५० जनाको मृत्यु भएको प्रशारण गरियो। घटनामा ४ जना माओवादी र ८ जना सर्वसाधारण गरी १२ जनाको मृत्यु भएको जानकारीमा आयो।

धादिङ जिल्ला मार्पाक गाविस-३ घर भई शाही नेपाली सेनामा कार्यरत अमल्दार ढलबहादुर तामाङ, दैलेख बालुवाटार गाविस-६ का सिपाही रूपकसिंह ठकुरीको ०५९ वैशाख १९ गते तेवाङ गाविस-९ लिम्नेमा माओवादीसँग दोहोरो भिडन्त हुँदा मृत्यु भयो।

स्याङ्जा लिल्ला फेदिखोला खहरेका प्रहरी सई यामबहादुर अधिकारी, गुल्मी देविस्थान गाविस-४ का प्रहरी इन्स्पेक्टर विष्णुबहादुर थापा, पाल्पा तनहुँ गाविस-८ का प्रहरी असई तिलकराम श्रेष्ठ, वैतडी दुर्गाभवानी गाविस-२ का केशव नाथ, प्रहरी हवल्दार तनहुँ तनहुसुर गाविस-६ का बालचन्द्र आचार्य, तनहुँ चोक गाविस-३ का रामशरण भण्डारी, धादिङका रामजीप्रसाद उपाध्याय, प्युठान बाँङगेमरठा गाविस-९ का कृष्णबहादुर थापा, बाँके कोहलपुर-४ का गुरूप्रसाद चौधरी, प्रहरी जवानहरू रोल्पा सिउरी गाविस-८ का प्रविन पुन, रूकुम खलंगा गाविस-२ का खड्कबहादुर वि. सी., वर्दिया मोनिपुर गाविस-४ का होमबहादुर अधिकारी, सोही गाविसका केदारबहादुर चौधरी, काभ्रे रविओपी गाविस-६ का हरिसुन्दर थापा, सुर्खेत मेहलकुना गाविस-७ का चन्द्रबहादुर थापा क्षेत्री, वर्दिया डेउडाकला गाविस-३ का दत्तबहादुर शाही, बाँके वनकटुवा गाविस-५ का अम्मरबहादुर विक, तनहुँ छाङ्ग गाविस-९ का कमलबहादुर केसी, रोल्पा गजुल गाविस-१ का टोपबहादुर के. सी., दैलेख नाउलीकटुवाल गाविस-८ का यशबहादुर खड्का, सुर्खेत बडिचौरका आनन्द गौतम, दाङ त्रिननपा-६ का निमशरण थापा, मुगु कोटडाँडा गाविस-६ का मनबहादुर कार्की, बाँके सितापुर गाविस-३ का खिमबहादुर थापा, रोल्पा लिवाङ गाविस-५ थलिवाङका भक्तबहादुर डाँगी, सप्तरी धरमपुर गाविस-२ का रामबाबु चौधरी, रोल्पा जेदवाङ गाविस-९ दिसुनधाराका ओमप्रकाश रावत, बाँके हिमर्मुनिया गाविस-८ का बल्लु सिंह चौहान, रूकुम विजयश्वरी गाविस-४ का तेजबहादुर सुनार, रोल्पा भावाङ गाविस-६ का रणबहादुर बुढा, सल्यान कजेरी गाविस-६ का जितबहादुर बुढाथोकी, दैलेख नारायण नपा-९ का चन्द्रबहादुर थापा, नवलपरासी रामग्राम गाविस-१ का कृष्णबहादुर चौधरी, वर्दिया जमुनीका रूपबहादुर विक, बाँके महादेवपुरका प्रकाश वटाला, कालिकोट थिर्पु गाविस-२ का सिंहबहादुर वम, सल्यान हिउलया गाविस-७ का ज्ञानबहादुर कुँवर, वर्दिया धधवार गाविस-६ का सिताराम चौधरी, सुर्खेत बादेपिपल गाविस-८ का तेजबहादुर जिरी, सुर्खेत कलिमर्चा गाविस-८ का दलबहादुर घर्ती, अर्घाखाँची कसुवाका हिराकुमार श्रेष्ठ, गोरखा भुलनीचोकका चोकबहादुर राना, गोरखा हंसपुरका भिमबहादुर धिताल, गोरखा फलेजाका विष्णुकुमार पाण्डे, बाँके नौवस्ता गाविस-२ का हस्तबहादुर कटुवालको ०५९ वैशाख २४ गते राति गाम

गाविसमा संयुक्त सुरक्षाकर्मीका स्ट्राटेङ वेस क्याम्पमा माओवादीले आक्रमण गर्दा मृत्यु भयो। भिडन्तमा परी शाही सेनातर्फ मृत्यु हुनेहरूमा भक्तपुर नाथनी गाविस-४ का सेनानी निलकण्ठ खड्का, ललितपुर धापाखेल गाविस-६ का उपसेनानी चित्रवहादुर थापा, लम्जुङ गाउशहर गाविस-८ का जमदार पुष्पराज थापा, सोही जिल्ला नोधर गाविस-२ का हवल्दार बद्रिनाथ अधिकारी, बाँके नौवस्ता गाविस-२ अमलदार शुक्रवहादुर थामी, सिन्धुपाल्चोक हेलङ गाविस-१ का अमल्दार विष्णुवहादुर थामी, ओखलढुंगा मारुवा गाविस-४ का प्युठ जितवहादुर राई, सोही जिल्ला नलुवा गाविस-१ का प्युठ माइकाजी निरौला, मोरङ अम्वरदह गाविस-५ का प्युठ रेवन्त राई, धादिङ ज्यामरुङ गाविस-६ का नमशरण इटनी, मोरङ इन्द्रपुर गाविस-९ का प्युठ शामिन मान पोम्वेल्ल, इलाम बाँझो गाविस-९ का प्युठ राधाप्रसाद योङ्हाङ, मोरङ इन्द्रपुर गाविस-९ का प्युठ राजकुमार खड्का, चितवन मंगलपुर गाविस-६ का सिपाही नारायण गिरी, मोरङ वोलवारी गाविस-६ का सिपाही सनकुमार धिमाल, तनहुँ कोटदरबार गाविस-४ का सिपाही खेमवहादुर थापा, अर्घाखाँची हंसपुर गाविसका सिपाही रेशमकुमार विक, सुर्खेत उत्तरगंगा गाविस-४ का सिपाही डम्वर वहादुर चौधरी, बाँके सितापुर गाविस-३ का सिपाही गोविन्द पौडेल, कंचनपुर तिलापुर गाविस-३ का सिपाही मदनकुमार वस्याल, रोल्पा गाम गाविस-५ का सैन्य जयवहादुर घर्ती, सोही जिल्ला सोही गाउँका सैनिक वमवहादुर वुढा, सैनिक भकेन्द्र वुढाका साथै निजामती कर्मचारीहरू रुद्रप्रसाद गौतम सहित ६ जनाको मृत्यु भयो। माओवादी तर्फ ३५ जनाको मृत्यु भएको आशंका गरिएको छ। स्ट्राटेङ वेस क्याम्पमा निजामती कर्मचारीहरूलाई विकासको कामका लागि लगिएको थियो।

ललितपुर जिल्ला सिस्नेरी गाविस-१ का शाही नेपाली सेनाका सांची शम्भु विसुकेको ०५९ भदौ ४ गते सुरक्षाकर्मी अप्रेशनमा गएको अवस्थामा थवाङ गाविस कुर्तीवाङमा माओवादीसँग दोहोरो भिडन्त हुँदा मृत्यु भयो।

गाम गाविस-२ पाङवाङका ३८ वर्षीय केशलाल घर्ती र सोही गाविस-७ का ३६ वर्षीय सार्की घर्तीलाई ०५९ असोज ६ गते सुरक्षाकर्मीले आ-आफ्नो घरबाट माओवादीको आशंकामा गिरफ्तार गरी भारी बोकाएर लगिएकोमा ०५९ असोज ७ गते जैमाकसला गाविस ४ पोवाङमा सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा मृत्यु भयो।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

ओत गाविस-२ खेतका ५० वर्षीय तिमवहादुर डाँगी, उनका जेठा छोरा २० वर्षीय मनवहादुर डाँगी, वहिनी १७ वर्षीय गीमरा डाँगी र जेठी छोरी १३ वर्षीय निदरा डाँगी, माइली छोरी ११ वर्षीय ओमसरा डाँगी, माइलो छोरा १८ वर्षीय गामवहादुर डाँगी दाउरा लिएर वनबाट घर फर्कदा सोही गाविसको चौतारीनेटर वसिरहेको अवस्थामा ०५८ फागुन १९ गते दिउँसो शाही नेपाली सेनाको हेलिकप्टरबाट गोली चलाउँदा गोली घाइते भए। घाइते मध्ये १५ वर्षीय गोमवहादुर डाँगीको पेटमा गोली लागेको थियो। पीडितलाई लिवाङमा बोकाएर ल्याई लिवाङबाट सैनिक हेलिकप्टरमा उपचारका लागि काठमाण्डौं लगियो।

गजुल गाविस-९ मन्धाका ३५ वर्षीय लालसिंह घर्तीलाई माओवादीको आरोपमा ०५८ चैत १२ गते सुरक्षाकर्मीले सोही गाउँको वारीमा जोतिरहेको अवस्थामा गोली हानी सख्त घाइते बनाए।

जेल र बन्दीहरू

"घ" श्रेणीमा रहेको रोल्पा जेलको क्षमता ५० जनाको रहेको छ। यस वर्ष यो जेलमा ४४ जना बन्दी छन्। जसमध्ये कैद नतोकिएका ३६ पुरुष, ४ महिला गरी ४० जना र कैद नतोकिएका ३ पुरुष, १ महिला गरी ४ जना छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार भई मुद्दा लागेका १ महिला र २४ जना पुरुष गरी जम्मा २५ जना छन्। व्यक्तिगत मुद्दामा १ महिला, २ पुरुष छन्। यस वर्ष ४६ पुरुष र ३ महिला गरी ४९ जना थुनामा परे। माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा गिरफ्तार भई ९० दिन नजरवन्दका लागि ४३ पुरुष, ३ महिलाहरूलाई थुनामा राखियो। ती मध्ये ३२ पुरुष नजरवन्द पूरा गरी छुटेका छन् भने १४ पुरुष, ३ महिला गरी १७ जना बाँकी रहेका छन्। यो वर्ष कैद नतोकिएका ३८ पुरुष बन्दी रिहा भए। गत वर्षका थुनुवा १९ पुरुष, १ महिला, बन्दीहरू १ महिला र ३ पुरुष गरी जम्मा २४ जना रहेका छन्। अभिभावकसँग तीन जना नावालक रहेका छन्। १ जना बन्दी केन्द्रीय कारागार शाखा काठमाण्डौमा स्थानान्तरण गरेर लगियो। जेलमा महिला र पुरुष बन्दी गृह एउटै भएकाले महिलाहरूलाई राति एउटै कोठामा ताला लगाएर राखिन्छ, जसले गर्दा महिलाहरूले दिसा, पिसाब पनि कोठामा नै गर्नुपर्ने बाध्यता छ। बन्दीहरूलाई विरामी भएमा हेल्थपोष्ट र हेल्थसेन्टरमा उपचार गरिन्छ। बन्दीहरूका लागि टिभि राखिएको छ भने केही पत्रिकाको व्यवस्था गरिएको छ। जिल्ला न्यायाधीश कम बस्ने हुँदा ०५२ सालमा गिरफ्तार भएका बन्दीहरू मुद्दा फर्स्यौट नभएका कारण जेलमा बस्नु परेको छ।

बेपता /अपहरण

राज्यबाट

ओत गाविस-५ सिनावाङका मनवहादुर पुन, ३८ वर्षीय मनकुमारी वुढालाई माओवादीको आरोपमा ०५८ चैत १४ गते विहान सुरक्षाकर्मीले आफ्नो घरबाट गिरफ्तार गरे। पीडितहरूको हालको अवस्था अज्ञात छ।

लिवाङ गाविस-१ हरिगार्नीनाका ४१ वर्षीय हर्कलाल थापालाई माओवादीको आरोपमा ०५८ चैत २० गते दिउँसो सुरक्षाकर्मीले आफ्नै घरमा खाना खाइरहेको अवस्थामा घर घेरा हाली गिरफ्तार गरी सदरमुकाम लगेकोमा हालसम्म बेपता

पारिएको छ। गिरफ्तार गरिएको दिन बेलुका ५ बजे सोही गाविस-५ र ९ को सिमानामा पर्ने धारहाल्ने लेकमा हत्या गरिसकेको आशंका गरिएको छ। उक्त घटनाबारे रेडियो नेपालबाट हरिगातीना इलाकामा दोहोरो भिडन्त हुँदा एक जना आतंककारीको घटनास्थलमै मृत्यु भएको भनी प्रशारण गरियो।

थवाङ गाविस-१ खेरवाङकी १९ वर्षीय कट्करी रोकालाई माओवादीको आरोपमा ०५८ चैत २० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितको सोही गाविस-४ चवाङ निर हत्या गरी लास गाडेको आशंका गरिएको छ।

गाम गाविस-२ वाङवाङका १८ वर्षीय टेकबहादुर वि.क. लाई ०५८ चैत २५ गते स्टाटिङ बेस क्याम्प गाममा आत्मसमर्पण गर्न गएको अवस्थामा चैत २६ गते सोही गाविस-२ भाङग्रीडाँडा निर लगी हत्या गरेको आशंका गरिएको छ। घटना बारे रेडियो नेपालबाट भाङग्रीडाँडामा आतंककारीको मृत्यु भएको भनी प्रशारण गरियो। पीडितको अवस्था अज्ञात छ।

गाम गाविस-७ वाङवाङका ५३ वर्षीय केशलाल घर्तीलाई ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता पारे। पीडितको हत्या गरिएको आशंका गरिएको छ।

मिउरी गाविस-२ सिकुङका १८ वर्षीय चित्रबहादुर गुरुङलाई माओवादीको आरोपमा ०५९ वैशाख २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

ओत गाविस-४ किरचौरका ४५ वर्षीय भुप्पल घर्ती र २४ वर्षीय दलजित घर्तीलाई ०५९ मंसिर २६ गते सुरक्षाकर्मीले सोही गाविसबाट भारी बोकाएर लगे। पीडितहरूको अवस्था अज्ञात छ।

माओवादीबाट

खुङग्री गाविस-२ खुङग्रीका निवर्तमान गाविस अध्यक्ष ६० वर्षीय मुक्त गिरीलाई आफूहरू विरुद्ध गतिविधि संचालन गरेको आरोपमा ०५८ पुस १८ गते माओवादीले अपहरण गरे। पीडित केही दिनपछि भागेर लिवाङ आई बसेका छन्।

मिरूल गाविस-६ मिरूलका १९ वर्षीय नरेशबहादुर बुढालाई ०५८ पुस २६ गते आफ्नै गाउँबाट माओवादीले अपहरण गरे। पीडित माघ ११ गते सोही गाविसबाट भाग्न सफल भई लिवाङ आई बसेका छन्।

जंकोट गाविस-६ रोगरखुटीका २९ वर्षीय खड्कबहादुर खत्रीलाई ०५८ माघ ७ गते दिउँसो होमा गाविस-८ बाट खसि लिएर लिवाङ आउँदै गर्दा सुरक्षाकर्मीसँग मिलेर गाउँलेहरूलाई गिरफ्तार गर्न लगाएको आरोपमा माओवादीले अपहरण गरे। पीडित चैत १८ गते राति धवाङ र जेल्वाङ गाविसको सीमानामा पर्ने जंगलबाट भागेर कोटगाउँ माडीचौरमा रहेको सुरक्षाकर्मीको ब्यारेकमा आए। माओवादीले ४५ दिनसम्म आँखामा पट्टी बाँधी राखेको पीडित बताउँछन्।

गजुल गाविस-१ दलंघाका ३० वर्षीय अरूण सुवेदीलाई सुराकीको आरोपमा ०५८ माघ ९ गते माओवादीले अपहरण गरे। पीडित ०५८ चैत २८ गते फगाम गाविसबाट भागी लिवाङमा बसेका छन्।

जंकोट गाविस-१ माडीचौरकी १८ वर्षीय खिमा के.सी., सोही गाविस-७ नरलीकी १७ वर्षीय अमृता श्रेष्ठलाई ०५८ फागुन २ गते माओवादीले अपहरण गरे। पीडितलाई चैत ३ गते मुक्त गरे।

जंकोट गाविस-१ माडीचौरकी १७ वर्षीय सुनकुमारी राना, १७ वर्षीय सरिता के.सी. लाई ०५८ फागुन २ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई फागुन ७ गते मुक्त गरे।

खुङग्री गाविस-८ खलसिङरोका ४४ वर्षीय श्यामलाल पुनलाई सुराकीको आरोपमा ०५८ फागुन २३ गते बिहान माओवादीले अपहरण गरे। पीडित ०५८ चैत ३० गते जौली पोखरी गाविस-९ उमाबाट भागी लिवाङ आई बसेका छन्।

डुब्रिङ गाविस-९ खाराका टोपबहादुर खत्रीलाई सुराकीको आरोपमा ०५८ चैत १२ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई ०५९ वैशाखमा मुक्त गरियो।

तेवाङ गाविस-९ तेवाङकी १९ वर्षीय तेलमाया रोकालाई ०५९ वैशाख १७ गते बेलुका ५ बजे गजपोखराबाट माओवादीले अपहरण गरे। पीडितलाई जेठ १ गते सिर्पबाट मुक्त गरियो।

तेवाङ गाविस-३ तेवाङका ४२ वर्षीय चिन्नबहादुर रोका र ९२ वर्षीय रामचन्द्र थापालाई सुराकीको आरोपमा ०५९ वैशाख १७ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन र हत्या गरिएको आशंका गरिएको छ।

गजुल गाविस-१ दलंका नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रोल्पाका मन्त्री, मावि गजुलका प्रधानाध्यापक तथा नेपाल शिक्षक संघ जिल्ला कार्य समिति अध्यक्ष ४८ वर्षीय नारायणप्रसाद सुवेदीलाई ०५९ वैशाख २९ गते बेलुका माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडितलाई साउन २५ गते मावि गजुलमा ल्याई मुक्त गरे।

कोटगाउँ गाविस-४ कोटगाउँका गाविस सचिव ३७ वर्षीय अमरसिं घर्तीलाई मालपोत उठाएको र सुराकीको आरोपमा ०५९ असार २७ गते राति माओवादीले अपहरण गरे। घर्तीले ४५ हजार जरिवाना तिरी साउन ३ गते सोही गाविस-६ रिमसकको जंगलबाट मुक्त गरे। पीडितलाई अपहरण पछि शारीरिक र मानसिक यातना दिइएको बताए।

घर्तीगाउँ गाविस-१ घर्तीगाउँका ३६ वर्षीय वीरबहादुर घर्तीलाई सुराकीको आरोपमा ०५९ कार्तिक १८ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई मंसिर १६ गते २५ हजार रुपैयाँ धरौटी राखी मुक्त गरे।

घर्तीगाउँ गाविस-१ घर्तीगाउँस्थित इलाका हुलाक कार्यालयका हलकारा ३९ वर्षीय निर्मल घर्तीलाई मृगकोको आरोपमा ०५९ कार्तिक १८ गते बलुको माओवादीले घरबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

दाङ जिल्ला त्रिभुवननगर नपा-६ रमेना घर भई राङ्सी श्रोत केन्द्रमा कार्यरत श्रोत व्यक्ति ४४ वर्षीय पदमबहादुर पुनलाई माओवादीको स्थानीय सेनाको अनुमति विना श्रोत केन्द्रहरूमा आफू खुशी कार्यक्रम गरेको आरोपमा ०५९ मंसिर १३ गते दिउँसो मावि गङ्गीबाट माओवादीले अपहरण गरे। पीडितलाई ०५९ पुस ४ गते मुक्त गरे।

लिवाङ गाविस-७ वामरूकका नारायणघाटमा कार्यरत शाही नेपाली सेनाका जवान २५ वर्षीय मक्कबहादुर घर्तीलाई ०५९ मंसिर १५ गते राति आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई पुस १५ गते मुक्त गरियो।

जेलवाङ गाविस-८ रूलबाङका १६ वर्षीय सूर्यकुमार बुढालाई ०५९ मंसिर २० गते बेलुका ६ बजे आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

जंकोट गाविस-१ माडिचौरका २२ वर्षीय बलीराम पुनलाई ०५९ पुस ४ गते राति सोधपुछका लागि भनी माओवादीले अवहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ७ वर्ष वा सो भन्दा बढी समयसम्म फर्स्यौट नभएका सरकारवादी मुद्दा १, ६ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सरकारवादी फौज्दारी मुद्दा ८ वटा, ५ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सरकारवादी फौज्दारी मुद्दा २ वटा, २ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सरकारवादी फौज्दारी मुद्दा ७, देवानी २ र साधारण फौज्दारी १ गरी जम्मा १०, एक वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सरकारवादी फौज्दारी मुद्दा १, देवानी २, संक्षिप्त फौज्दारी १, साधारण फौज्दारी १ गरी जम्मा ५, ६ महिना वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सरकारवादी फौज्दारी ३, देवानी ४, संक्षिप्त फौज्दारी ४, साधारण फौज्दारी १ गरी जम्मा १२, जम्मा सरकारवादी फौज्दारी २२, देवानी ८, संक्षिप्त फौज्दारी ५, साधारण फौज्दारी ३ गरी जम्मा ३८ वटा मुद्दा फर्स्यौट हुन बाँकी छन्।

यस वर्ष सरकारवादी फर्स्यौट २, देवानी ५, संक्षिप्त फौज्दारी ५, साधारण फर्स्यौट १ गरी १४ मुद्दा दर्ता भए। गत वर्षका २४ मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

रोल्पा जिल्ला प्रशासन कार्यालयमा ८ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका केही सार्वजनिक अपराध मुद्दा ८, सात वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका केही सार्वजनिक अपराध मुद्दा ७, ६ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका केही सार्वजनिक अपराध मुद्दा ९, हातहतियार खरखजाना २, विस्फोटक पदार्थ ५ गरी जम्मा १६, ५ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सार्वजनिक अपराध मुद्दा ७, हातहतियार खरखजाना ४, विस्फोटक पदार्थ १ गरी जम्मा १२, ४ वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सार्वजनिक अपराध १, हातहतियार खरखजाना ३ गरी जम्मा ४, तीन वर्ष भन्दा बढी समयसम्म फर्स्यौट नभएका सार्वजनिक अपराध १, हातहतियार खरखजाना १, आवश्यक वस्तु संरक्षण मुद्दा १ गरी जम्मा ३, दुई वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सार्वजनिक अपराध मुद्दा १, हातहतियार खरखजाना ४, विस्फोटक पदार्थ १ गरी जम्मा ६, एक वर्ष वा सोभन्दा बढी समयसम्म फर्स्यौट नभएका सार्वजनिक अपराध मुद्दा २, हातहतियार खरखजाना १ गरी ३ वटा, यसवर्ष सार्वजनिक अपराध मुद्दा ३६, हातहतियार खरखजाना १५, विस्फोटक पदार्थ ७, आवश्यक वस्तु संरक्षण १ गरी जम्मा ५९ मुद्दा फर्स्यौट हुन बाँकी छन्।

सार्वजनिक अपराध मुद्दा ३६ वटामा ३ सय ४१ जनालाई, हातहतियार खरखजाना मुद्दा १५ वटामा १ सय ४६ जनालाई, विस्फोटक पदार्थ मुद्दा ७ वटामा १ सय १० जनालाई, आवश्यक वस्तु संरक्षण मुद्दा १ वटामा १४ जनालाई गरी जम्मा ६ सय ११ जनालाई मुद्दा लागेको छ।

यस वर्ष सार्वजनिक अपराध मुद्दा १, हातहतियार खरखजाना मुद्दा १ गरी जम्मा २ मुद्दा फर्स्यौट भए। यस वर्ष मुद्दा दर्ता भएनन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कुरेली गाविस-९ सर्पुबारीका ३३ वर्षीय गञ्जबहादुर बुढालाई माओवादीको आरोपमा ०५८ माघ १ गते काठमाण्डौ जान लाग्दा लिबाङ ब्यारेकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी माघ ३ गते नजरबन्दका लागि कारागार चलान गरियो। पीडितलाई फागुन ३ गते रिहा गरियो।

घोडागाउँ गाविस-१ घोडागाउँका जिल्ला शिक्षा कार्यालयमा कार्यरत श्रोत व्यक्ति ४० वर्षीय केशवराज पोखरेललाई ०५८ माघ १३ गते जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन बोलाएकोमा जाँदा माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा बयान लिएको र माघ १५ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी माघ १७ गते नजरबन्दका लागि कारागारमा राखियो। पीडितलाई माघ २६ गते रिहा गरियो।

दाङ जिल्ला बिजौरी गाविस-१ का जिल्ला शिक्षा कार्यालय रोल्पामा कार्यरत श्रोत व्यक्ति ४१ वर्षीय मदनकुमार शर्मालाई माओवादीको आशंकामा ०५८ माघ १३ गते जिल्ला प्रशासन कार्यालयमा बोलाई माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उपस्थित भई बयान गराइयो र माघ १५ गते पुनः

वोलाई प्रहरी हिरासतमा राखी माघ १७ गते नजरवन्दमा राखियो। पीडितलाई माघ २३ गते रिहा गरियो।

गजुल गाविस-४ पानीपोखराका सोही गाविसको मावि गजुलका शिक्षक ४३ वर्षीय राजेश सुवेदीलाई माओवादीको आशंकामा ०५८ माघ १३ गते जिल्ला प्रशासन कार्यालयमा वोलाई माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराएर वयान लिइयो। पीडितलाई १५ गते पुनः वोलाई जिल्ला प्रहरी कार्यालको हिरासतमा राखी जिल्ला प्रशासन कार्यालयले माघ १७ गते ९० दिन नजरवन्दमा राख्नको लागि कारागार चलान गरियो। पीडितलाई फागुन १७ गते रिहा गरियो।

घोडागाउँ गाविस-१ घोडागाउँका सोही गाविस स्थित मावि घोडागाउँका शिक्षक ३४ वर्षीय नेवलाल पोख्रेललाई माओवादीको आशंकामा ०५८ माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा वोलाई सोही दिन जिल्ला प्रशासन कार्यालयले ९० दिनका लागि नजरवन्दमा राखियो। पीडितलाई फागुन ३ गते रिहा गरियो।

कोटगाउँ गाविस-३ कोटगाउँकी २६ वर्षीय विमला घर्तीलाई माओवादीको आरोपमा ०५८ माघ २७ गते विहान सुरक्षाकर्मीले आफ्नै घरवाट गिरफ्तार गरी कोटगाउँ व्यारेकमा लगे। पीडितलाई दुई दिन व्यारेकमा र दुई दिन जिल्ला प्रहरी कार्यालयमा राखी ०५८ फागुन ३ गते नजरवन्दका लागि कारागार चलान गरियो। ९० दिन पूरा गरेपछि पटक पटक जिल्ला प्रहरी कार्यालयमा पुर्‍याउने र पुनः नजरवन्दको लागि कारागार चलान गरी हाल थुनामा राखिएको छ।

गजुल गाविस-५ पानीहाल्नाका खुमेल गाविस-५ सानदोवाटामा पसल गरी वस्ने ४१ वर्षीय दिनमणि भण्डारीलाई माओवादीको आशंकामा ०५८ फागुन ७ गते विहान सुरक्षाकर्मीले गिरफ्तार गरी सानदोवाटा व्यारेकमा लगे। पीडितलाई ३९ दिनपछि ०५८ चैत १६ गते तारेखमा उपस्थित हुने गरी रिहा गरियो।

प्युठान जिल्ला विजुवार गाविस-४ विजुवारका जिल्ला कृषि विकास शाखा गेल्पाका जेटिए ३८ वर्षीय ऋषिराम भण्डारीलाई माओवादीको आरोपमा ०५८ फागुन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगी फागुन २७ गते नजरवन्दकालागि कारागार चलान गरियो। पीडितलाई कारागारमा रहेको अवस्थामा आमाको मृत्यु भएपछि काजकिरियाका लागि चैत १ गते तारेखमा रिहा गरियो। आमाको काजकिरिया सकिएपछि ०५९ कार्तिक २४ गते हाजिर हुन गएको र सोही दिनदेखि रिहा गरियो।

डरिवाङ गाविस-१ नाफेका १९ वर्षीय श्यामवहादुर वुढा, सोही गाविस-५ विर्मोनाका १९ वर्षीय जीवनप्रवेश रोकालाई ०५८ चैत २३ गते सुरक्षाकर्मीले एसएलसी परीक्षा दिन गएको अवस्थामा माओवादीको आरोपमा गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगी ०५८ चैत ३० गते नजरवन्दमा राखियो। पीडितलाई ०५९ असार २६ गते रिहा गरियो।

लिवाङ गाविस-७ मेवाङका ३५ वर्षीय शेरवहादुर कुँवरलाई माओवादीको आरोपमा ०५९ वैशाख ३० गते सुरक्षाकर्मीले आफ्नै घरवाट गिरफ्तार गरी लिवाङ व्यारेकमा लगी जेठ ७ गते नजरवन्दकालागि कारागार चलान गरी यातना दिई भदौ २ गते रिहा गरियो।

लिवाङ गाविस-७ मेवाङका ३५ वर्षीय विपिन कुँवर, सोही गाउँका ३७ वर्षीय लालवहादुर कुँवरलाई माओवादीको आरोपमा ०५९ वैशाख ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगी जेठ ७ गते नजरवन्दका लागि कारागार चलान गरियो। पीडितलाई भदौ २ गते रिहा गरियो।

जंकोट गाविस-३ जंकोटका १८ वर्षीय लालवहादुर पुनलाई माओवादीको आरोपमा ०५९ जेठ ५ गते सुरक्षाकर्मीले लिवाङ गाविस-५ सिमल वोट निर तरकारी विक्री गर्न आएको अवस्थामा दिउँसो गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय लगे। पीडितलाई जेठ १४ गते ९० दिन नजरवन्दका लागि कारागार चलान गरी भदौ ९ गते रिहा गरियो।

जंकोट गाविस-३ जंकोटका १८ वर्षीय लालवहादुर पुनलाई माओवादीको आरोपमा ०५९ जेठ ५ गते सुरक्षाकर्मीले सदरमुकाम लिवाङ आएको अवस्थामा गिरफ्तार गरी जेठ १४ गते नजरवन्दका लागि कारागारमा चलान गरे। पीडितलाई विभिन्न मितिमा म्याद थप गरी कारागारमा राखिएको छ।

लिवाङ गाविस-६ की २० वर्षीय युवती आचार्य, उनका वावु ५२ वर्षीय इन्द्रकुमार आचार्यलाई माओवादीको आरोपमा ०५९ जेठ १६ गते सुरक्षाकर्मीले पसलवाट गिरफ्तार गरी यातना दिई जिल्ला प्रहरी कार्यालयमा लगे। पीडितलाई ०५९ जेठ १९ गते रिहा गरियो।

राङसी गाविस-९ राङखुङका ५२ वर्षीय जयवहादुर घर्तीलाई माओवादीको आरोपमा ०५९ असार ३० गते काठमाण्डौ जाँदा काठमाण्डौ जिल्ला थानकोट सुरक्षा चेक पोष्टले सोही ठाउँवाट माओवादीको आरोपमा गिरफ्तार गरी जगदल छाउनीमा ९० दिन राखी असोज २६ गते नेपालगञ्जमा पुर्‍याई कार्तिक ४ गते गोरखवहादुर गण लिवाङ लगी मंसिर १० गते देखि जिल्ला प्रहरी कार्यालय पुर्‍याइयो। पीडितलाई यस वर्षको अन्त्यसम्म कारागारमै राखिएको छ।

जेदवाङ गाविस-८ लाफखोलाका ५० वर्षीय धनवहादुर डाँगीलाई माओवादीको आरोपमा ०५९ साउन २८ गते सुरक्षाकर्मीले सोही गाविस-६ लिवाङवाट गिरफ्तार गरी लिवाङ व्यारेक पुर्‍याई भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा लगी थुनुवा विना पुर्जी हिरासतमा राखियो। पीडितलाई भदौ २५ गते रिहा गरियो।

कुरेली गाविस-८ ढानावागका १७ वर्षीय नन्दकुमार भाँक्री र सोही गाविस डपाखोलाका १८ वर्षीय खिमप्रसाद रोकालाई माओवादीको आरोपमा ०५९ भदौ १२ गते सुरक्षाकर्मीले लिवाङ गाविस-५ थालिवाङवाट गिरफ्तार गरी

नजरबन्दका लागि भदौ १९ गते कारागार चलान गरियो। पीडितलाई मंसिर १७ गते रिहा गरियो।

खुङ्ग्री गाविस-१ हिलेका दिलाराम वि. क., सन्ने पुरी, रेखे दमाई र मने गिरीलाई माओवादीको आरोपमा ०५९ असोज १० गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगी असोज १५ गते नजरबन्दका लागि कारागार चलान गरियो। पीडितलाई ०५९ पुस १५ गते रिहा गरियो।

वडाचौर गाविस-५ वोज्याङका २५ वर्षीय दुर्गा वि. क., ३५ वर्षीय खिण्डे विक, २० वर्षीय चन्द्रबहादुर रोकालाई माओवादीको आरोपमा ०५९ कार्तिक १ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी सदरमुकाम ल्याइ कार्तिक ६ गते नजरबन्दकालागि कारागार चलान गरियो। पीडितलाई ०५९ माघ ७ गते रिहा गरियो।

वडाचौर गाविस-५ वोज्याङकी २५ वर्षीय काली वि. क., २० वर्षीय श्यामकली गुरुङलाई ०५९ कार्तिक १ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले आ-आफ्नो घरबाट गिरफ्तार गरी सदरमुकाम लिवाङ ल्याइ ६ दिनसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखियो। हाल पीडितलाई रिहा गरिएको छ।

वडाचौर गाविस-५ वेज्याङका ५५ वर्षीय फुर्रे वि. क., २० वर्षीय टेकबहादुर वि. क.लाई माओवादीको आरोपमा ०५९ कार्तिक १ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सदरमुकाम ल्याई कार्तिक ६ गते नजरबन्दकालाागि कारागार चलान गरियो। पीडितलाई ०५९ माघ ७ गते रिहा गरियो।

घोडागाउँ गाविस-५ की २१ वर्षीय सरस्वती शाहलाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते विहान घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय लगे। पीडितलाई एक दिन हिरासतमा राखी जिल्ला प्रशासन कार्यालयले ९० दिन नजरबन्दका लागि कार्तिक ६ गते कारागार चलान गरिएकोमा हाल पीडितलाई थुनामा राखिएको छ।

घोडागाउँ गाविस-१ भेरुलाकी २१ वर्षीय सरिता कुँवरलाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते विहान सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय लगे। पीडितलाई १ दिन नजरबन्दमा राखी कार्तिक ७ गते कारागारमा चलान गरियो। हाल पीडित नाम महिनाकी छोरी रिमा कुँवरसँग थुनामा रहेकी छन्।

जैमाकस्ना गाविस चिसापानीका २३ वर्षीय टेकु रोका, सोही गाविसका ४१ वर्षीय लालबहादुर पुन, ५६ वर्षीय भिमबहादुर विष्टलाई माओवादीको आरोपमा ०५९ कार्तिक १२ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी लिवाङ व्यारेक लगे। पीडितलाई कार्तिक १६ गते रिहा गरिया।

धवाङ गाविस-९ भुमका जिल्ला हलाक कार्यालय रोल्पाका खरिदार ४८ वर्षीय कलबहादुर ...लाई माओवादीलाई सुरक्षाकर्मी आएको जानकारी गराई भगाएको आरोपमा ०५९ कार्तिक २२ गते दिउँसो सुरक्षाकर्मीले आफ्नै घरबाट कुटपिट गर्दै गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगी कार्तिक २७ गते नजरबन्दका लागि जेल चलान गरियो। पीडितलाई मंसिर ११ गते रिहा गरियो।

धवाङ गाविस-९ भुमका ३२ वर्षीय तिलकबहादुर गिरीलाई माओवादीको आरोपमा ०५९ कार्तिक २२ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगे। पीडितलाई ६ दिनसम्म हिरासतमा राखी कार्तिक २७ गते रिहा गरियो।

लिवाङ गाविस-७ वामरुकका २८ वर्षीय शिवबहादुर पुन, ४४ वर्षीय खिमबहादुर पुनलाई माओवादीको आरोपमा ०५९ मंसिर १६ गते सुरक्षाकर्मीले आ-आफ्नो घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयाम लगी मंसिर १७ गते नजरबन्दका लागि जेल चलान गरियो। पीडितलाई ०५९ माघ १९ गते रिहा गरियो।

मिरुल गाविस-७ भित्री वनका २५ वर्षीय शेरबहादुर बुढालाई माओवादीको आरोपमा ०५९ मंसिर १९ गते सुरक्षाकर्मीले लिवाङ गाविस-६ बाट गिरफ्तार गरी एक दिन प्रहरी हिरासतमा राखी मंसिर २० गते नजरबन्दका लागि जेल चलान गरियो। पीडितलाई हालसम्म थुनामा राखिएको छ।

मिरुल गाविस-४ गपाका २७ वर्षीय प्रताप बुढा, २७ वर्षीय मुलबहादुर बुढालाई माओवादीको आरोपमा सुरक्षाकर्मीले लिवाङ गाविस- ६ बाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगे। पीडितलाई ०५९ पुस २ गते नजरबन्दका लागि थुनामा राखिएको छ।

धवाङ गाविस-८ चुरेखर्कका ३५ वर्षीय पुरनबहादुर महरालाई ०५९ पुस ९ गते सुरक्षाकर्मीले सदरमुकाम आएको अवस्थामा लिवाङ गाविस-६ लिवाङ बजारबाट गिरफ्तार गरे। पीडितलाई हाल ज्यानमार्ने उद्योग अन्तर्गत पुर्पक्षका लागि थुनामा राखिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा वृद्ध भत्ता ९ सय ६५, विधवा भत्ता १ हजार ९ सय ४७, अपाङ्ग भत्ता ४९ जनालाई वितरण गरिएको जानकारी जिविसबाट प्राप्त भयो।

विविध

आगलागी, बम विस्फोट र लुटपाट

राज्यबाट

यस वर्ष सुरक्षाकर्मीले माओवादीको आरोपमा व्यक्तिगत घरहरु आगो लगाइ, बम विस्फोट गरे। ती मध्ये केही तल उल्लेख गरिएको छ।

गाजुल गाविस-१ मस्याका ५० वर्षीय मनबहादुर घर्ती,

४० वर्षीय रूले घर्तीको घरमा ०५८ चैत १२ गते, तेवाङ गाविस-९ का ४० वर्षीय हिमबहादुर रोकाको घरमा ०५८ चैत १२ गते, बडाचौर गाविस-२ ठूलो नम्जाका ५० वर्षीय स्वैराम खड्का, ४७ वर्षीय तुलराम खड्काको घरमा ०५८ चैत १३ गते, बडाचौर गाविसका ५५ वर्षीय शुकलाल रोकाको घरमा ०५८ चैत १४ गते, थवाङ गाविस-६ का ३८ वर्षीय वर्तमान झाँक्री, सोही गाविस राचिवाङका ४९ वर्षीय हिरालाल रोका, सोही गाविस-६ का ३२ वर्षीय जयप्रकाश रोका, २४ वर्षीय हिकमत रोका, २९ वर्षीय इमानजी घर्ती, ४० वर्षीय ज्वारलाल घर्ती, ४८ वर्षीय पूर्णबहादुर रोका, ५८ वर्षीय माया घर्ती, २९ वर्षीय विनप्रसाद रोका, ४८ वर्षीय तारा रोकाको घरमा ०५८ चैत २० गते, जैमाकसला गाविस-२ का ३० वर्षीय दोन्ते पुन, ५८ वर्षीय दलमणि घर्ती, ६० वर्षीय लुतराम पुन, ६५ वर्षीय ओविलाल पुन, सोही गाविस-१ नारवाङका ३३ वर्षीय कमरा विष्टको घरमा ०५८ चैत २८ गते, जैमाकसला गाविस-१ का ४५ वर्षीय चरे विष्टको घरमा ०५८ चैत ३० गते, सोही गाविस-६ का ५२ वर्षीय लालपति बुढाथोकीको घरमा ०५९ वैशाख २ गते, सोही गाविस-७ का २८ वर्षीय हर्के दमाईको घरमा ०५९ वैशाख २ गते, राङकोट गाविस-१ का २४ वर्षीय किसार घर्ती, ३२ वर्षीय प्यारे दमाईको घरमा ०५९ असोज ६ गते, जैमाकसला गाविस-४ का २५ वर्षीय हस्तबहादुर पुनको घरमा ०५९ असोज ७ गते, थवाङ गाविस-१ का ६० वर्षीय हर्कमान झाँक्री, ३४ वर्षीय प्रेम पुन, ४४ वर्षीय तेजप्रसाद झाँक्री, ३८ वर्षीय सतप्रसाद गुरूङको घरमा ०५९ असोज १२ गते, कोर्चावाङ गाविस-७ का ३४ वर्षीय देवीबहादुर पुन, ३१ वर्षीय मैसरी घर्ती, ५८ वर्षीय शहवीर घर्ती, सोही गाविस-९ का ३४ वर्षीय दिपेन्द्र पुनको घरमा ०५९ वैशाख ४ गते, तेवाङ गाविस-५ का ५० वर्षीय श्यामबहादुर रोकाको घरमा ०५९ वैशाख २२ गते, तेवाङ गाविस-९ का २२ वर्षीय देवबहादुर थापा, सोही गाविस-२ का ५० वर्षीय भालु सिफालको घरमा ०५९ वैशाख २२ गते, तेवाङ गाविसका नकमान खड्काको घरमा ०५९ वैशाख २३ गते, सोही गाविस-५ का २९ वर्षीय जनक घर्ती, २४ वर्षीय प्रकाश घर्ती, ७१ वर्षीय झर्मन घर्तीको घरमा ०५९ वैशाख २४ गते, तेवाङ गाविस-८ का निम रोका, सोही गाविस-७ का २४ वर्षीय तिले रोका, ३८ वर्षीय वल रोका, सोही गाविस-६ का ५९ वर्षीय नेपाले रोका, सोही गाविस-३ का ४५ वर्षीय हर्मे राहुको घरमा ०५९ वैशाख २३ गते, तेवाङ गाविस-६ तेवाङका ३८ वर्षीय पूर्णबहादुर रोका, सोही गाविस-४ का २६ वर्षीय पाराश्वर रिजालको घरमा ०५९ वैशाख २३ गते, सिर्प गाविस-३ का ४६ वर्षीय खुमान सिं पुन, ५२ वर्षीय मने पुन, ४२ वर्षीय नैने पुन, ३४ वर्षीय प्रेम पुन, ३२ वर्षीय धर्मे पुन, २८ वर्षीय भाइराम पुन, ४२ वर्षीय वीरबहादुर घर्ती, निमबहादुर पुन, तेवाङ गाविस-८ का ३९ वर्षीय देकबहादुर रोका, सोही गाविस-३ का ५६ वर्षीय नन्दे विष्ट, सोही गाविस-८ का ३५ वर्षीय भक्तबहादुर वि. क., सोही गाविस-६ का ४५ वर्षीय हिराबहादुर रोका, ७३ वर्षीय अम्मर सिं रोका, सोही गाविस-८ का ३६ वर्षीय आइते रोका, रि रोका, सोही गाविस-५ का ५१ वर्षीय आइते रोका, सोही गाविस-७ का ४० वर्षीय देमु रोका, ३६ वर्षीय दाइने रोकाको घरमा ०५९ वैशाख २२ गते, तेवाङ गाविस-७ का ७० वर्षीय दुजे घर्ती, ५० वर्षीय हुते घर्ती, सोही गाविस-९ का ५० वर्षीय पर्शुराम पुन, २६ वर्षीय जुठे पुनको घरमा ०५९ वैशाख २३ गते सुरक्षाकर्मीले आगो लगाए भने थवाङ गाविस-५ का ४२ वर्षीय गणेश बुढा र ४० वर्षीय रेशम शाहको घरमा ०५८ चैत २० गते सुरक्षाकर्मीले बम विस्फोट गरी ध्वस्त पारे। त्यसैगरी थवाङ गाविस-४ का ४८ वर्षीय आसीमान बुढा, सोही गाविस-७ का ४३ वर्षीय तिर्थबहादुर सार्की र ३४ वर्षीय देउप्रसाद विकको घरमा ०५८ चैत २० गते सुरक्षाकर्मीले लञ्चर प्रहार गरी ध्वस्त बनाए।

माओवादीबाट

घर्तीगाउँ गाविस-२ गैरागाउँका ३५ वर्षीय थमबहादुर सुनार घर ०५८ फागुन १९ गते, कोर्चावाङ गाविस-७ मिसिडाँडाका ४५ वर्षीय महेन्द्र पुनको घर ०५८ चैत ३० गते, मिफिङ गाविस-८ बाग्माका ६० वर्षीय जुमान सिं पुनको घर ०५९ जेठ १ गते, गुम्चाल गाविस-७ तल्लो गुम्चालका गाविस सचिव ४० वर्षीय केशरबहादुर विष्टको घर ०५९ जेठ ९ गते, गुम्चाल गाविस-२ उपल्लो गुम्चालका गाविस अध्यक्ष ४४ वर्षीय यक्षबहादुरको घर ०५९ जेठ ९ गते, मिफिङ गाविस-९ कोइरालखर्कका ३७ वर्षीय कमल महराको घर ०५९ जेठ १७ गते र तेवाङ गाविस-३ सराय पोखराका ४७ वर्षीय डम्बरबहादुर रोकाको घर ०५९ जेठ १८ गते माओवादीले लुटपाट गरे भने जेलवाङ गाविस-८ रूलवाङका ५० वर्षीय पूर्णबहादुर पुनको घरमा ०५९ जेठ १९ गते विभिन्न आरोप लगाई आगो लगाए। त्यसैगरी खुङग्री गाविस-२ का ४० वर्षीय डमान सिं गिरीको घर ०५९ कार्तिक २३ गते माओवादीले बम विस्फोट गरी पसलका सामान लुटे।

संरचना क्षति

माओवादीले १४ वटा गाविस भवन भत्काए। त्यसैगरी ३ वटा सेवा केन्द्र पनि भत्काए।

४.४ सल्यान

जनसंख्या	२१४५८३
साक्षरता प्रतिशत	४६
महिला साक्षरता प्रतिशत	२८
क्षेत्रफल (वर्ग कि. मि.)	१९५१
गाविस / नपा संख्या	४७/०
निर्वाचन क्षेत्र	२
विद्यालय	३२७
क्याम्पस / उच्च मा.वि.	१/२
अस्पताल / स्वास्थ्य चौकी	१/४७
टेलिफोन लाइन	३९
मोटर सडक (कि. मि.)	१६०
प्रहरी कार्यालय संख्या	१
हुलाक संख्या	४७
मानव विकास सूचकांक	०.२५०
प्रति एक डाक्टर जनसंख्या	१५१६१
प्रति परिवार सरदर संख्या	५.६१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

फलावाङ गाविस-९ का २७ वर्षीय शेरबहादुर विष्टलाई ०५८ पुस २१ गते सुरक्षाकर्मीले भागेको आरोपमा सोही गाविस-७ मा गोली हानी हत्या गरे। पीडित कान नसुन्ने र मुख पनि नलाग्ने सर्वसाधारण व्यक्ति थिए।

भिम्मे गाविस-९ का २३ वर्षीय नेवबहादुर डाँगीलाई माओवादीको आरोपमा ०५८ पुस २२ गते सुरक्षाकर्मीले छायाँक्षेत्र गाविस-१ मा पर्ने नयाँघर नजिकै गोली हानी हत्या गरे।

रामपुर गाविस-८ निगालेको जंगलमा नाम, ठेगाना थाहा नभएका ४ जनालाई आफूउपर गोली चलाएको आरोपमा ०५९ पुस २८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सितलपाटी इलाकामा तीन जना माओवादीलाई ०५८ फागुन १० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेको रक्षा मन्त्रालयको प्रेस विज्ञप्तिमा उल्लेख गरिए पनि स्थानीय रूपमा पुष्टि हुन सकेको छैन।

लक्ष्मीपुर गाविस-४ का २९ वर्षीय एकलाल रावतलाई ०५८ फागुन २० गते सुरक्षाकर्मीले माओवादीको आरोपमा कार्यरत स्कूल प्रांगणबाट गिरफ्तार गरी चैत ८ गते सोही गाविसको जंगलमा गोली हानी हत्या गरे।

नाम, ठेगाना थाहा नभएका एक जना माओवादीलाई ०५८ फागुन २१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनाको स्थानीय रूपमा पुष्टि हुन सकेको छैन।

धनवाङ गाविस कपुरकोटमा एक जनालाई माओवादीको आरोपमा ०५८ फागुन २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेको प्रेस विज्ञप्तिमा आएता पनि उक्त घटनाको स्थानीय रूपमा पुष्टि हुन सकेन।

स्वीकोट गाविसको फारुली खोलामा तीन जना माओवादीहरूलाई ०५८ फागुन २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

यस जिल्लाका विभिन्न ठाउँहरूमा ४ जना माओवादीलाई ०५८ फागुन २८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनाको स्थानीय रूपमा पुष्टि हुन सकेन।

भिम्मे गाविस-२ का ३५ वर्षीय रामबहादुर बुढाथोकीलाई माओवादीको आरोपमा ०५८ चैत १३ गते सुरक्षाकर्मीले आफ्नै घरमा गोली हानी हत्या गरे।

जिल्लाका विभिन्न भागमा दुई जना माओवादीलाई ०५८ चैत २३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेको रक्षाको विज्ञप्तिमा उल्लेख गरिएको भए पनि स्थानीय रूपमा पुष्टि हुन सकेको छैन।

मार्के गाविस-२ को बागचौर इलाकामा एक जना माओवादीलाई ०५८ चैत २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेको रक्षाको विज्ञप्तिमा उल्लेख भए पनि स्थानीय रूपमा पुष्टि हुन सकेको छैन।

कापुरचौर गाविसको हात्तीढुंगा इलाकामा तीन जना माओवादीलाई ०५९ जेठ ११ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेको रक्षाको विज्ञप्तिमा उल्लेख भए पनि स्थानीय रूपमा पुष्टि हुन सकेको छैन।

शिवरथ गाविस-२ का २२ वर्षीय प्रेमबहादुर वलीलाई माओवादीको आरोपमा ०५९ जेठ २७ गते रुकुमबाट आफ्नो घरतर्फ आउँदै गरेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। रक्षा मन्त्रालयको प्रेस विज्ञप्तिमा झुलनेटा इलाका भनेता पनि त्यसको स्थानीय रूपमा पुष्टि हुन सकेन।

बाँफकाँडा गाविस-४ पटारमा चेक पोष्ट राखी बसेका माओवादीलाई ०५९ जेठ ३० गते बस चेक गर्दै गरेको अवस्थामा सो बसमा बसेर आएका एक सैनिक जवानले गोली हानी हत्या गरे।

दमाचौर इलाकामा एक माओवादीलाई बम फाली आक्रमण गरेको आरोपमा ०५९ जेठ ३० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेको रक्षाको विज्ञप्तिमा उल्लेख भए पनि पुष्टि हुन सकेको छैन।

दार्माकोट गाविसका २८ वर्षीय रुद्रबहादुर वलीलाई बम फाली आक्रमण गरेको आरोपमा ०५९ असार २० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनाको बारेमा रक्षा मन्त्रालयको प्रेस विज्ञप्तिमा दार्माकोट इलाका भनेको तर सो कुरा स्थानीय रूपमा पुष्टि हुन सकेको छैन।

मानडाँडा इलाकामा मुठभेड हुँदा दुई जना

माओवादीद्वारा अपहरण गरिएका पुष्कर बस्नेत, भैरव शाह केवार शाह दुर्गा बस्नेत र अमृतलाल थापा

माओवादीलाई ०५९ असार ३२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनाको सम्बन्धमा रक्षा मन्त्रालयको प्रेस विज्ञप्तिमा उल्लेख भए पनि स्थानीय रूपमा पुष्टि हुन सकेको छैन।

शिवरथ गाविस-२ का नाम खुल्न नसकेका एक जना सर्वसाधारण व्यापारीलाई ०५९ भदौ १ गते घरतर्फ जाँदै गरेको अवस्थामा सोही गाविस-९ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

डाँडागाउँ गाविस-९ का २९ वर्षीय लोकसिंह कुवरलाई ०५९ भदौ २८ गते भाग्दै गरेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनामा सुरक्षाकर्मीले अर्को एक जना माओवादीलाई मारेको कुरा रक्षाको प्रेस विज्ञप्तिमा उल्लेख गरेको भए पनि स्थानीय रूपमा पुष्टि हुन सकेको छैन।

स्यानीखाल गाविस-६ का १८ वर्षीय अर्जुन कुँवरलाई माओवादीको आरोपमा ०५९ असोज ४ गते सुरक्षाकर्मीले खलंगा गाविस-२ श्रीनगर बजारबाट भाग्दै गरेको अवस्थामा गोली हानी हत्या गरे।

कुपिण्डेदह गाविस-८ का २१ वर्षीय नन्दलाल डाँगीलाई माओवादीको आरोपमा ०५९ असोज ७ गते सुरक्षाकर्मीले नजिकैको जंगलमा गोली हानी हत्या गरे। पीडितलाई त्यसैदिन प्रावि स्वाँराबाट गिरफ्तार गरिएको थियो। पीडित विद्यालयका पियन थिए।

लक्ष्मीपुर गाविस-८ का एकलाल रेउलेलाई माओवादीसँग सुराकी गरेको आरोपमा ०५९ असोज १९ गते सुरक्षाकर्मीले नरसिंह दल गुल्ममा भित्रै गोली हानी हत्या गरे। पीडितलाई ०५९ असोज १७ गते खलंगाबाट प्रहरीले गिरफ्तार गरी १८ गते सेनालाई हस्तान्तरण गरेको थियो। पीडित माओवादीको कारणले विस्थापित भई एक वर्षदेखि खलंगामा बस्दै आएका थिए।

गर्पा गाविस-६ का डम्बरबहादुर वलीलाई माओवादीको आरोपमा ०५९ मंसिर २३ गते सुरक्षाकर्मीले धनवाङ गाविस-७ कपुरकोटमा सुतेको अवस्थामा फेला पारी गोली हानी हत्या गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					६	४१		४१	२८	६३		५९	१२२
घाइते					२	३	४	७	१	१			१
गिरफ्तारी/यातना									२६	५६	३		५९
बेपत्ता									६	७	२		९
कुटपिट	२	२		२	११	२४	१	२५	५	४	३		७
महिला अधिकार	३		३	३									
बालअधिकार	१		१	१									
अमानवीय व्यवहार	१		१	१									
अपहरण					२६	५१		५१					
जम्मा	७	२	५	७	४५	११९	५	१२४	६६	१३१	८	५९	१९८

माओवादीबाट

दमाचौर गाविस-९ मा ४ जना गस्तीमा गएका सुरक्षाकर्मीलाई ०५९ जेठ २९ गते माओवादीले आक्रमण गरी हत्या गरे।

कोटवाग गाविस-९ का तेजवीर परियारलाई ०५९ असार २५ गते घरमा पत्नीसँग झगडा गरेको आरोपमा माओवादीले कुटपिट गर्दा मृत्यु भयो। उक्त घटनालाई पासो लगाई आत्महत्या गरेको बनाइयो।

लक्ष्मीपुर गाविस-१ का शिक्षक २९ वर्षीय चन्द्रवहादुर वस्नेतलाई ०५९ साउन २८ गते माओवादीले भाइलाई भगाएर भारत पठाएको आरोपमा सोही गाविस-७ मा यातना दिई हत्या गरे। उक्त घटनाको बारेमा जो कोहीलाई जानकारी दिएमा हत्या गर्ने धम्की दिए।

रोल्पा जिल्ला जिनावाङ गाविस घर भई दाङ वस्ने २३ वर्षीय नविन के.सी. लाई ०५९ असोज २१ गते डाँडागाउँ गाविस-६ को सालघारीमा माओवादीले टाउको काटी हत्या गरे। पीडितलाई कहाँबाट अपहरण गरेर ल्याएका हुन् पुष्टि हुन सकेन। पीडितको लास दुवै हात बाँधेकै अवस्थामा रहेको प्रत्यक्षदर्शीले बताए।

कालागाउँ गाविस-५ का ३६ वर्षीय जनकप्रसाद रेग्मीलाई माओवादी विरुद्ध काम गरेको आरोपमा ०५९ कार्तिक २९ गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे। कुटपिटको कारण ०५९ मंसिर १ गते उपचार गर्दागर्दै पीडितको मृत्यु भयो।

दोहोरो भिडन्त

खलंगा गाविस-२ स्थित इलाका प्रहरी कार्यालयमा ०५८ फागुन ९ गते माओवादीले आक्रमण गरे। सो घटनामा कार्यरत प्रहरी निरीक्षक मोहनबाबु पाण्डे, रामबन्धु के.सी., प्रहरी नायव निरीक्षक विष्णु वस्नेत, जंगवहादुर मोक्तान, पदम जोशी, प्रहरी सहायक निरीक्षक उत्तम डाँगी देववहादुर भण्डारी, प्रहरी हवल्दार हेमन्तवहादुर जि. सी., गोविन्द पन्थी, महावीर विष्ट, यामनारायण श्रेष्ठ, गोपाल नगर्जी, राकेशमणि पौडेल, हरिवहादुर विष्ट, प्रहरी जवान लोकवहादुर बुढाथोकी, मेमवहादुर भण्डारी, मणिराम चौधरी, वेगराज वस्नेत, पुष्कर वस्नेत, हर्कवहादुर बुढा, हिरावहादुर बुढा, रविन्द्र थापा, हरिवहादुर रोकाया, निमवहादुर वली, नयवहादुर वस्नेत धनवहादुर विष्ट, मनोज हमाल, पुष्कर पंथी, गगन सिंह धामी र नरवहादुर थापाको मृत्यु भयो।

माओवादीले आक्रमण गरेकोमा प्रहरीले त्यसको प्रत्याक्रमण गर्दा ६ जना माओवादीको मृत्यु भयो।

काप्रेचौर गाविसका कालीदह इलाकामा दोहोरो भिडन्तमा हुँदा ७ जना माओवादीको ०५९ वैशाख १० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेका रक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख भए पनि घटनाको पुष्टि हुन सकेको छैन।

दमाचौर गाविस-९ मा सुरक्षाकर्मी र माओवादी बीच ०५९ जेठ २९ गते दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीले ५३ जना माओवादी र सोही ठाउँका ४५ वर्षीय वलवहादुर वस्नेत र ५० वर्षीय मुक्तिवहादुर योगीलाई गोली हानी हत्या गरे। वलवहादुर वस्नेतलाई शरीरका सम्पूर्ण कपडा फुकाली शरीरमा मट्टितेल हालेर आगो लगाई जलेर उफ्रँदै गरेको अवस्थामा गोली हानेको कुरा प्रत्यक्ष दर्शीले बताए।

अन्य

देवस्थल गाविस-७ सल्लीवजारमा ०५९ पुस १३ गते अज्ञात व्यक्ति वा समूहद्वारा फ्याँकेको वम विस्फोट भई सोही ठाउँमा व्यापार गरी वस्ने १४ वर्षीय पूर्णवहादुर पुनको घटनास्थलमै मृत्यु भयो भने ४२ वर्षीय कृष्णा पुन, ३६ वर्षीय मानवहादुर पुन, २८ वर्षीय इन्द्रा पुन, ३४ वर्षीय वुद्धिवहादुर सिंह, ३५ वर्षीय हिरावहादुर खत्री र गाडी ड्राइभर २८ वर्षीय लक्ष्मण के.सी. सख्त घाइते भए।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

दार्माकोट गाविस-८ का १९ वर्षीय जितवहादुर डाँगीलाई ०५८ माघ २१ गते विवाहका लागि रूपैयाँ सापट लिएर आउँदै गरेको अवस्थामा साथमा धेरै रूपैयाँ राखेकाले माओवादी भएको आरोपमा सोही गाविस-३ मा सुरक्षाकर्मीले गोली हानी घाइते बनाए।

माओवादीबाट

दर्माचौर गाविस-९ मा सुरक्षाकर्मीको गस्ती टोली माथि ०५९ जेठ २९ गते माओवादीले आक्रमण गर्दा २६ जना सेना गोली लागी घाइते भए।

जेल र बन्दीहरू

"ख" श्रेणीको सल्यान जेलको क्षमता २० जनाको छ। यस जेलमा १२ जना कैद तोकिएका बन्दीहरूमा सवै पुरुष छन्। त्यसैगरी १४ पुरुष र ३ महिला गरी १७ जना थुनुवाहरू छन् भने १ वालक र १ वालिका गरी ३ जना नावालक रहेका छन्।

जेलमा पानीको समस्या भइरहेको बन्दीहरूका नाइके टेकवहादुर भण्डारी बताउँछन्। जेलका सुरक्षाकर्मी, कर्मचारी र बन्दीहरू बीच कुनै किसिमको मनमुटाव रहेको छैन। सार्वजनिक सुरक्षा ऐन अन्तगत ३ जना थुनुवाहरू रहेकोमा ६ महिना पुरा गरी सवै छुटिसकेका छन्।

बेपत्ता /अपहरण

राज्यबाट

सिनवाङ गाविस-३ का ३६ वर्षीय फौदवहादुर खड्का र ४० वर्षीय भिमवहादुर परियार, सोही गाविस-६ का २८

वर्षीय वेदबहादुर वोहरा र ३२ वर्षीय मानबहादुर खड्कालाई माओवादीको आरोपमा ०५८ पुस १८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरू मध्ये भिमबहादुर परियार र मानबहादुर खड्कालाई यातना दिएर ०५८ पुस २१ गते रिहा गरियो भने अन्य दुई जनालाई कहाँ राखिएको छ हालसम्म थाहा हुन सकेको छैन।

धनवाङ्ग गाविस-९ का २३ वर्षीय मंगलसिंह विके लाई माओवादीको पक्षमा कुरा गरेको आरोपमा ०५८ माघ ८ गते आत्मसमर्पण गरिसकेपछि पनि खलंगा गाविस-६ बाट प्रहरीले गिरफ्तार गरी माघ ९ गते सेनालाई हस्तान्तरण गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

कालिमाटी रामपुर गाविस-९ का ३१ वर्षीय वीरबहादुर सिजालीलाई माओवादीको आरोपमा ०५८ पुस ९ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई थला पर्ने गरी राइफलको कून्दाले कुटपिट गरेर बोरामा बन्द गरी हेलिकप्टरमा राखेर लगेको प्रत्यक्षदर्शीहरूले बताए। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

कुपिण्डेदह गाविस-४ का ३३ वर्षीय हरिलाल परियारलाई ०५८ माघ २७ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा सोही गाविस-९ बाट गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

माओवादीबाट

निगल्चुला गाविस-६ का ३३ वर्षीय नेत्रलाल वलीलाई जनविरोधी क्रियाकलाप गरेको आरोपमा ०५८ पुस २२ गते माओवादीहरूले सोही गाविस-६ बाट अपहरण गरे। पीडितलाई ज्यानमार्ने धम्की तथा कुटपिट गरेर ५० हजार लिई ०५८ माघ १९ गते मुक्त गरे।

जिमाली गाविस-२ का २८ वर्षीय लोरबहादुर भण्डारीलाई पत्नीसँग झगडा गरेको आरोपमा ०५८ माघ ६ गते माओवादीले अपहरण गरे। पीडितलाई अपहरण गरिसकेपछि माओवादीहरूले भान्से काममा लगाएर करीब साढे एक महिनापछि मुक्त गरे।

थारमारे गाविस-४ का १९ वर्षीय रेशम भण्डारी, तिलक के.सी., गणेश भण्डारी र दमाचौर गाविस-४ नवराज लामिछाने लगायत १५ जना युवाहरूलाई सुरक्षाकर्मीले संचालन गरेको बाटो खन्न गएको आरोपमा ०५८ माघ १० गते वाङ्गलाखुरीबाट माओवादीले अपहरण गरे। पीडितहरूमा १३ जनालाई कुटपिट गरी ११ गते मुक्त गरे भने रेशम भण्डारी, नवराज लामिछाने लगायतलाई कुटपिट ०५८ माघ १० गते मुक्त गरे।

जिमाली गाविस-१ का २९ वर्षीय निले बुढाथोकीलाई सापट लिएको ५ सय रूपैयाँ नदिएको आरोपमा ०५८ माघ १२ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई धम्की दिएर २६ हजार ५ सय रूपैयाँ दिन्छु भनी तमसुक गराई ०५८ माघ १४ गते मुक्त गरे।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकी नन्दा के सी

दार्माकोट गाविस-३ का १८ वर्षीय शमशेर चन्द र सोही गाविस-२ का १९ वर्षीय लालबहादुर सुनारलाई सुराकीको आरोपमा ०५८ माघ १८ गते सैनिक क्याम्पसमा ढाकाडाम गाविस-६ बाट माओवादीले अपहरण गरे। पीडितहरूलाई कुट्ने मार्ने र गोलीद्वारा उडाइ दिने जस्ता शब्द प्रयोग गरी कुटपिट गरी ०५८ माघ २१ गते मुक्त गरे।

खलंगा गाविस-८ का २५ वर्षीय प्रशान्त जि.सी., कोटमौला गाविस-५ का २४ वर्षीय पवन के.सी. लाई ०५८ माघ १९ गते सुरक्षाकर्मीलाई सहयोग गरेको आरोपमा त्रिवेणी गाविस-१ बाट माओवादीले अपहरण गरे। सुरक्षाकर्मीका लागि ल्याएको सम्पूर्ण खाद्य सामाग्री बसबाट निकालेर जलाईदिनुका साथै सामान ल्याउने पवन के.सी. लाई पनि शारीरिक यातना दिएर ०५८ माघ २० गते मुक्त गरे।

चँदि गाविस-३ का २३ वर्षीय धनबहादुर रोकालाई मालपोत उठाएको आरोपमा ०५८ चैत २ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई ४ हजार लिई चैत ३ गते मुक्त गरे।

कजेरी गाविस-२ का ३० वर्षीय अमृतलाल थापालाई अनुमति नलिएर दाउरा काटि बेचेको आरोपमा ०५९ वैशाख १९ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई तीन दिनसम्म मानसिक यातना दिएर ०५९ वैशाख २१ गते मुक्त गरे।

भल्चौर गाविस-३ का ४८ वर्षीय दलबहादुर के. सी. लाई गाविस अध्यक्ष हुँदा लिएको भत्ता फिर्ता नगरेको आरोपमा ०५९ जेठ ११ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई २० दिनपछि मुक्त गरे।

कुपिण्डेदह गाविस-८ का ५८ वर्षीय रूद्रवीर खत्रीलाई सुराकीको आरोपमा ०५९ असार ५ गते माओवादीले सोही गाविस-६ बाट अपहरण गरे। पीडितलाई सात महिनापछि मुक्त गरे।

कालागाउँ गाविस-२ का ३९ वर्षीय भैरवबहादुर शाहलाई गाविस अध्यक्ष भई भत्ता नदिनका साथै पुलको ठेकेदार भई भ्रष्टाचार गरेको आरोपमा ०५९ साउन ८ गते शिवरथको वाङ्गलाकुरीबाट माओवादीले अपहरण गरे। पीडितलाई विभिन्न तरिकाले मानसिक यातना दिएर पुस १ गते खलंगा नजाने शर्तमा मुक्त गरे।

झिम्मे गाविस-२ का ६४ वर्षीय नोखिराम बुढाथोकीलाई छोराले छिमेकीसँग कुटपिट तथा झगडा गरेको आरोपमा ०५९ भदौ ३ गते आफ्नै घरबाट माओवादी अपहरण गरे। पीडितलाई ५४ दिनसम्म आफ्नो कब्जामा राखी ०५९ असोज २६ गते मुक्त गरे।

कुपिण्डेदह गाविस-८ का ६३ वर्षीय डिलबहादुर गवतलाई ०५३ सालमा सम्पन्न खानेपानी योजनामा भ्रष्टाचार गरेको आरोपमा ०५९ भदौ १३ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई एक महिनापछि मुक्त गरे।

थारमारे गाविस-३ का ४२ वर्षीय दुगा बस्नेतलाई टकुलामा लेखेका नाम मेटेको, झण्डा फालेको र पत्नीलाई जागिरमा लगाएको आरोपमा ०५९ भदौ १९ गते बाँफकाँडा गाविस-९ बाट माओवादीले अपहरण गरे। पीडित बाँफकाँडा गाविस-९ शान्ति प्राविका शिक्षक हुन्। पीडित ०५९ भदौ २१ गते भागेर मुक्त भए।

खलंगा गाविस-२ का ४० वर्षीय नृगन्ध गई र बाँफकाँडा गाविस-९ का ३३ वर्षीय पुष्कर बस्नेतलाई ०५९ भदौ २४ गते आफू बसेको घर श्रीनगरबाट माओवादीले अपहरण गरे। पीडित पुष्करलाई एक लाख रुपैयाँ दिने शर्तमा ०५९ असोज ५ गते मुक्त गरे भने नृगन्धलाई एक महिना आफ्नो कब्जामा राखी मुक्त गरे।

कालागाउँ गाविस-४ का ३६ वर्षीय तिलक बुढाथोकीलाई ०५९ असोज ४ गते आफ्नै भाई गोत्यारलाई कुटपिट गरेको भनी माओवादीले अपहरण गरी श्रम केंद्रमा राखे। पीडितलाई अझै केंद्रबाट मुक्त गरिएको छैन।

कर्जेगी गाविस-२ का ५० वर्षीय गिर्दल थापालाई ०५९ असोज १२ गते छोरो प्रहरीमा पठाएको आरोपमा आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई लगेको समयदेखि मुक्त गर्ने समयसम्म लगातार कुटपिट गरी ०५९ असोज १५ गते मुक्त गरे।

कर्जेगी गाविस-२ का ३२ वर्षीय अमृतलाल थापालाई ०५९ असोज १२ गते गाविसमा पार्टी स्थापित हुन नदिएको आरोपमा बाँफकाडा गाविस२ पटारेबाट माओवादीले अपहरण गरे। पीडितलाई खलंगा जान नपाइने शर्तमा ०५९ असोज २३ गते मुक्त गरे।

त्रिवेणी गाविस-७ लुहामका ४० वर्षीय केदार शाहलाई प्रतिकार समिति गठन गरेको आरोपमा ०५९ कार्तिक ४ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले शरीरमा बेलना लगाउने, खुट्टाको पैतला फर्काएर लाठीले हान्ने, रक्तसंचार बन्द हुने गरी हातनका नाडीमा डोरीले बाँधेर कठोर यातना पछि १६ हजार ९ सय रुपैयाँ लिएर पुस ११ गते मुक्त गरे।

दाङ जिल्ला हलवार गाविस-१ परसेनी घर भई खलंगा गाविस-२ श्रीनगरका व्यापारी २० वर्षीय प्रकाशलाई सुराकीको आरोपमा ०५९ कार्तिक १३ गते माओवादीले आफ्नै पसलबाट अपहरण गरे। पीडितलाई कुटपिट गरी ०५९ पुस २५ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

यस वर्ष राज्यद्वारा कुटपिट गरिएका १५ घटनामा ४५ जना सर्वसाधारण व्यक्तिहरू पीडित भए।

माओवादीबाट

कालिमाटी रामपुर गाविस-५ का ६० वर्षीय भूपेन्द्र खत्रीलाई ०५८ माघ १६ गते सुराकी गर्नुका साथै खाना खान समेत नदिएको आरोपमा माओवादीले कुटपिट गरी हातखुट्टा भाँचिदिए।

त्यसैगरी माओवादीद्वारा कुटपिट गरिएका १२ घटनामा २५ जना सर्वसाधारण पीडित भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

कर्जेगी गाविस-१ का १९ वर्षीय रमेश गौतम र खलंगा गाविस-९ का २२ वर्षीय विजयशरण आचार्यलाई ०५९ असार ४ गते अनेरास्ववियुको प्रा. क. गठन गर्न गएको अवस्थामा माओवादीको आरोप लगाई सुरक्षाकर्मीले राइफलको कुन्दा प्रहार गरे। पीडितहरू मध्ये रमेश अनेरास्ववियु जिल्ला कमिटी अध्यक्ष हुन् भने विजय जिल्ला कमिटी सदस्य हुन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

शिवरथ गाविस-९ का ३९ वर्षीय धनबहादुर पुनलाई ०५८ पुस १७ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा स्थानीय विद्यालयबाट गिरफ्तार गरे। पीडितलाई नजरबन्द र थुनामा गरी ९ महिनापछि रिहा गरियो।

लेखपोखरा गाविस घर भई धनबाङ गाविस-१ स्थित मावि किमिचौरमा कायरत ४७ वर्षीय शिक्षक भुवन वलीलाई माओवादीलाई चन्दा दिएको आरोपमा ०५८ पुस २२ गते सुरक्षाकर्मीले धनबाङ गाविस-७ कपुरकोटको डेरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ११ दिनसम्म नजरबन्दमा राखी मानसिक यातना दिई माघ ३ गते रिहा गरियो।

दमाचौर गाविस-५ का ३२ वर्षीय युवराज खड्कालाई माओवादी गतिविधिमा लागेको आरोपमा ०५८ पुस २४ गते सुरक्षाकर्मीले दाङतर्फ जाने क्रममा धनबाङ गाविस-१ कपुरकोटबाट गिरफ्तार गरे। पीडितलाई १५/२० दिनसम्म नजरबन्दमा राखी विभिन्न किसिमले शारीरिक र मानसिक यातना दिई रिहा गरियो।

काभा गाविस-. का ३३ वर्षीय देवबहादुर रोका, २५ वर्षीय कुलबहादुर घर्ती २६ वर्षीय जुनकिरी राम्जा, वृद्धिराम

गम्जा र सोही गाविस-६ का २४ वर्षीय धनबहादुर विक, १८ वर्षीय चूडा नेपालीलाई माओवादीको आरोपमा ०५८ माघ ५ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरू मध्ये धनबहादुरलाई १२ दिनपछि रिहा गरियो। यातनाको कारण उनी अपाङ्ग भए। अन्यलाई त्यसभन्दा पहिले नै रिहा गरिसकिएको थियो।

लक्ष्मीपुर गाविस-१ का २९ वर्षीय भक्तबहादुर डाँगीलाई माओवादीको आरोपमा ०५८ माघ २६ गते प्रहरीले जिल्ला प्रशासन कार्यालयबाट गिरफ्तार गरे। पीडित जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गर्न आएका थिए। उनलाई करीव १ महिनासम्म मानसिक तथा शारीरिक यातना सहित नजरबन्दमा राखी ०५९ फागुन २२ गते रिहा गरियो।

कुपिण्डेदह गाविस-२ का ३० वर्षीय खेमराज कुँवर र १८ वर्षीय गणेश कुँवरलाई माओवादीको आरोपमा ०५८ माघ ३० गते सुरक्षाकर्मीले संजवाल्लठाकुरा गाविस-४ मार्केबाट गिरफ्तार गरे। पीडितहरू मध्ये खेमराजबाट २०/२५ दिनपछि नरसिंह दल गुल्मबाटै भागे भने गणेशलाई ८३ दिनपछि रिहा गरियो।

सिद्धेश्वरी गाविस-३ का २४ वर्षीय रत्नलाल परियार, सोही गाविस-८ का गौरीलाल परियार र २७ वर्षीय अर्जुन परियारलाई माओवादीको आरोपमा ०५८ फागुन १९ गते सुरक्षाकर्मीले धनवाङ गाविस-१ कपुरकोटबाट गिरफ्तार गरे। पीडितहरूलाई करीव तीन महिनाको नजरबन्द पछि रिहा गरियो।

धनवाङ गाविस-३ की २३ वर्षीय पार्वती सुवेदीलाई माओवादीको आरोपमा ०५८ फागुन २३ गते प्रहरीले खलंगा गाविस-५ बाट गिरफ्तार गरी सेनालाई हस्तान्तरण गरे। पीडितलाई एक हप्तापछि फागुन २९ गते सैनिक हिरासतबाट रिहा गरियो।

त्रिवेणी गाविस-७ का ५२ वर्षीय घमण्डबहादुर वलीलाई माओवादीको आरोपमा ०५८ फागुन २९ गते सुरक्षाकर्मीले स्थानीय बजार लुहामबाट गिरफ्तार गरे। पीडितलाई अमानवीय तवरले शारीरिक र मानसिक यातना पश्चात् ०५८ चैत ५ गते रिहा गरियो। यातनाका कारण पीडित लामो समयसम्म अस्वस्थ भए।

वाँफकाँडा गाविस-४ का ४६ वर्षीय बलबहादुर वुढाथोकी, सोही गाविस-५ का २१ वर्षीय वेदबहादुर वुढाथोकी, २३ वर्षीय खुनल वुढाथोकी, ३० वर्षीय ओजबहादुर वुढाथोकी, ४४ वर्षीय निमबहादुर वुढाथोकी, सोही गाविस-६ का २३ वर्षीय ओमप्रकाश वुढाथोकी, २० वर्षीय टपेन्द्र वुढाथोकी, २१ वर्षीय वृद्धिराम वुढाथोकी, २३ वर्षीय मेघबहादुर वुढाथोकी र सोही गाविस-७ का २० वर्षीय धनबहादुर वुढाथोकीलाई माओवादीको आरोपमा ०५८ चैत ८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई विभिन्न समयमा गरी तीन महिना पछि रिहा गरियो।

कजेरी गाविस-७ काँछेका २७ वर्षीय चित्रबहादुर डाँगीलाई माओवादीको आरोपमा ०५९ वैशाख १६ गते खलंगा गाविस-५ बाट प्रहरीले गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिए। पीडितलाई ९ महिनासम्म नजरबन्दमा राखी ०५९ पुस १४ गते अदालतबाटै प्रहरीले पुनः गिरफ्तार गरी एक हप्तापछि रिहा गरियो।

कजेरी गाविस-७ का २८ वर्षीय ईश्वरी वुढाथोकीलाई माओवादीको आरोपमा ०५९ वैशाख ३१ गते प्रहरीले खलंगा गाविस-५ बाट गिरफ्तार गरे। पीडितलाई कठोर शारीरिक र मानसिक यातना दिई ०५९ जेठ १ गते रिहा गरियो।

कजेरी गाविस-६ का २२ वर्षीय तिलक विकलाई ०५९ जेठ १० गते प्रहरीले खलंगा गाविस-५ स्थित क्याम्पसबाट गिरफ्तार गरे। पीडितलाई ४२ दिन हिरासतमा, ६ महिना थुनामा र १२ दिन पुनः हिरासतमा राखी ०५९ पुस २६ गते रिहा गरियो। पीडितलाई पहिले भन्दा दोस्रो पटकको हिरासतमा शारीरिक यातना दिइयो।

डाँडागाउँ गाविस-८ का ३३ वर्षीय कुलबहादुर गिरी, बाँफाडाँडा गाविस-९ का ३१ वर्षीय पुष्कर बस्नेत र खलंगा गाविस-२ का ४८ वर्षीय जितबहादुर वुढाथोकीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ जेठ १२ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरूलाई फरक-फरक मितिमा गरी एक महिना भित्र रिहा गरियो।

काल्चे गाविस-८ का ५१ वर्षीय चन्द्रबहादुर सुनारलाई माओवादीको आरोपमा ०५९ जेठ १५ गते सुरक्षाकर्मीले जिल्ला हुलाक कार्यालयबाट गिरफ्तार गरे। पीडितलाई ३७ दिनसम्म हिरासतमा राखी ०५९ असार २० गते रिहा गरियो।

थारमारे गाविस-४ का २५ वर्षीय चोबे सार्की र २० वर्षीय रते सार्कीलाई माओवादीको आरोपमा ०५९ असार १७ गते सुरक्षाकर्मीले जिल्ला प्रशासन कार्यालयबाट गिरफ्तार गरे। पीडितहरू त्यहाँ नागरिकता बनाउनका लागि आएका थिए। पीडितहरूलाई एक महिनापछि रिहा गरियो।

सिद्धेश्वरी गाविस-६ का २२ वर्षीय खिमबहादुर वोहरा, २२ वर्षीय नन्दलाल रेउले, सोही गाविस-८ का १८ वर्षीय शशीराम वुढाथोकी, १७ वर्षीय लिलाधर वोहरा र १७ वर्षीय कुलबहादुर वुढाथोकीलाई माओवादीको आरोपमा ०५९ असार २८ गते सुरक्षाकर्मीले जिल्ला प्रशासन कार्यालयबाट गिरफ्तार गरे। पीडितहरू नागरिकता बनाउन आएकोमा विभिन्न समयमा गरी एक महिना पछि रिहा गरियो।

मिनवाङ गाविस-६ का २२ वर्षीय उदीराम परियारलाई माओवादीको आरोपमा ०५९ साउन १८ गते सुरक्षाकर्मीले खलंगा गाविस-२ बाट गिरफ्तार गरे। पीडितलाई दुई महिनापछि रिहा गरियो।

लक्ष्मीपुर गाविस-४ की ३० वर्षीय नन्दा गवतलाई माओवादीको आरोपमा ०५९ भदौ २४ गते सुरक्षाकर्मीले घरबाट

गिरफ्तार गरे। पीडितलाई चार महिना भन्दा बढी सैनिक हिरासतमा राखी ०५९ पुस २६ गते रिहा गरियो। पीडिनका साथ एक तीन वर्षीय बालिका पनि थिइन्।

कुपिण्डेदह गाविस-८ स्थित जनकल्याण प्राविका शिक्षक ३८ वर्षीय टिकाराम ज्ञवाली र ३५ वर्षीय ईश्वरीप्रसाद गैरेलाई माओवादीसँग मिलोमतो गरेको आरोपमा ०५९ असोज ७ गते सुरक्षाकर्मीले विद्यालयबाट गिरफ्तार गरेर नरसिंह दल गुल्ममा ल्याई शारीरिक यातना दिएर असोज ८ गते रिहा गरे।

कजेरी गाविस-२ का २४ वर्षीय चन्द्र बुढाथोकी, ३८ वर्षीय बुद्धिराम विक, २७ वर्षीय निलहंश खत्री र साही गाविस-३ का २६ वर्षीय किशोर बुढाथोकीलाई माओवादीको आरोपमा ०५९ कार्तिक १७ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरू मध्ये तीन जनालाई मंसिर १ गते रिहा गरियो भने किशोरलाई केही दिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष जिल्ला अदालतमा देवानी १३, फौज्दारी सरकारवादी २ र दुनियावादी ६ गरी जम्मा २१ वटा मुद्दा दर्ता भए भने देवानी ९, फौज्दारी १ र दुनियावादी ४ गरी जम्मा १४ वटा मुद्दा फर्स्यौट भए। यस अदालतमा देवानी ४४, फौज्दारी २२ र दुनियावादी १३ गरी जम्मा ७९ मुद्दाहरू फर्स्यौट हुन बाँकी भएको अदालतका शाखा अधिकृत भुवन सिंह थापा बताउँछन्। यस अदालतमा ०५४ सालदेखि दर्ता भएका मुद्दाहरू फैसला हुन बाँकी रहेका छन्।

धार्मिक स्वतन्त्रता

कुपिण्डेदह गाविस-९ का ६० वर्षीय तुल्सीराम वलीलाई ०५९ जेठ १० गते धर्म परिवर्तन गरेको आरोपमा आफ्नै घरबाट माओवादीले अपहरण गरेर कुटपिट गरे। पीडितबाट ९ हजार रूपैयाँ लिएर १८ दिनपछि मुक्त गरे।

बालअधिकार

कुपिण्डेदह गाविस-४ की १३ वर्षीय छोरी मुसी थापालाई ०५९ साउन ९ गते ढोले थापाले विवाह गर्दिन भनेर विलाप गरी रूँदारूँदै ०५९ साउन २९ गते साही ठाउँका ३५ वर्षीय वलवीरसँग विवाह गरिदिए।

यस जिल्लामा सुरक्षाका कारणले २३ वटा विद्यालयका २ हजार ५ सय ४६ छात्र र १ हजार ८ सय २० छात्रा उचित शिक्षा पाउनबाट वञ्चित छन्। जसमध्ये युवा जनता प्रा. वि. दारिमटाकुरा चाँद र कृष्ण प्रा. वि. कोट्टे कुपिण्डेदहका दुई वटा विद्यालय दशैं बिदादेखि हालसम्म खुलेका छैनन्।

विविध

संरचना क्षति

माओवादीको बम विस्फोटनबाट २० वटा सरकारी भवनहरू क्षतिग्रस्त तथा ध्वस्त भए। जिल्लाकै एक मात्र पक्की पुल क्षतिग्रस्त भयो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

बम विस्फोट भएर १ जना सैनिकको मृत्यु भयो भने आफैंले बोकेको बन्दुक पड्केर १ जना महिला माओवादीको मृत्यु भयो। झुण्डिएर ३ जना, विषय सेवन गरी १ जना, घाँटी रेटी १ जनाले आत्महत्या गरे भने पोखरीमा डुबेर १ जना, टाउकोमा ढुंगाले हानेर १ जना गरी दुई जनाको मृत्यु भयो।

४.५ रूकुम

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

छिवाङ गाविस-१ का ३२ वर्षीय वीरेन्द्र भन्ने धनवीर विष्टलाई माओवादीको आरोपमा ०५८ पुस १९ गते सुरक्षाकर्मीले बाँफीकोट गाविस-१ बाँफीकोटमा गोली हानी हत्या गरे। पीडितको मानसिक सन्तुलन ठीक थिएन।

चुनवाङ गाविस-९ का ३२ वर्षीय स्वर्कबहादुर पुनलाई माओवादीको आरोपमा ०५८ माघ ५ गते सुरक्षाकर्मीले घर नजिकै जंगलमा गोली हानी हत्या गरे। पीडित साधारण किसान थिए।

झुला गाविस-९ का ३० वर्षीय कर्णबहादुर गिरीलाई माओवादीको आरोपमा ०५८ माघ २१ गते सुरक्षाकर्मीले साही गाविसको पुरानो ठाँटीमा गोली हानी हत्या गरे।

सल्यान जिल्लाको त्रिपुनी विद्यालयका दुई शिक्षक र एक अर्को व्यक्तिलाई माओवादीको आरोपमा ०५८ फागुन १६ गते सुरक्षाकर्मीले सल्यान र रूकुमको सीमानामा पर्ने जलेखर्क जंगलमा गोली हानी हत्या गरे।

स्वाग गाविस-८ का २० वर्षीय चैतन्यप्रकाश वलीलाई माओवादीको आरोपमा ०५८ फागुन १६ गते सुरक्षाकर्मीले मुरू गाविसको मुरूखोलामा गोली हानी हत्या गरे।

छिवाङ गाविस-३ का २८ वर्षीय स्वम्वसिंह दमाईलाई

माओवादीको आरोपमा ०५८ फागुन १७ गते सुरक्षाकर्मीले पेउघा गाविसको टाड्केमा गोली हानी हत्या गरे।

साँस्व गाविस-५ का २१ वर्षीय अमरबहादुर पुनलाई माओवादीको आरोपमा ०५८ फागुन २६ गते सुरक्षाकर्मीले घर नजिकै गोली हानी हत्या गरे। पीडित माओवादी कार्यकर्तासँग बसिरहेको अवस्थामा सुरक्षाकर्मीले फेला पारेका थिए।

स्यालापास्वा गाविस-३ का मा. वि. छिङ्का प्रधानाध्यापक ४४ वर्षीय जंगवहादुर वि.सी., सोही विद्यालयका शिक्षक ३८ वर्षीय टेकवहादुर वि.सी, ४६ वर्षीय तिलकबहादुर पुन, किसानहरू ३२ वर्षीय सूर्यबहादुर रोका, २८ वर्षीय पदमबहादुर रोका, ४१ वर्षीय भद्रवीर वली, २६ वर्षीय नरवीर बुढाथोकी, ४३ वर्षीय जगे दमाई र ४१ वर्षीय वले दमाईलाई माओवादीको आरोपमा ०५८ चैत ६ गते सुरक्षाकर्मीले गोली हानी सामूहिक हत्या गरे।

स्यालापास्वा गाविस-५ का २३ वर्षीय महेन्द्र सिंह, २५ वर्षीय लछिराम पुन, सोही गाविस-६ का १९ वर्षीय दलबहादुर बुढा, १८ वर्षीय टेकबहादुर बुढा र १८ वर्षीय गंगा घर्तीलाई माओवादीको आरोपमा ०५८ चैत ६ गते सुरक्षाकर्मीले सोही गाविसको लम्पाकोट र झिमखोलामा गोली हानी हत्या गरे।

शोभा गाविस-३ का २६ वर्षीय चन्द्रबहादुर थापालाई माओवादीको आरोपमा ०५८ चैत १४ गते सुरक्षाकर्मीले सोही गाविस-४ दोभई खोलामा गोली हानी हत्या गरे। उक्त घटनामा सोही गाविस-६ का १९ वर्षीय तारा श्रेष्ठ घाइते भए।

दुली गाविस-६ की २८ वर्षीय कमला पुनलाई माओवादीको आरोपमा ०५८ चैत २० गते सुरक्षाकर्मीले घर नजिकै गोली हानी हत्या गरे।

बाँफीकोट गाविस-५ की २१ वर्षीय मिना पुन र दुली गाविसकी नाम थाहा नभएको एक युवतीलाई माओवादीको आरोपमा ०५८ चैत २३ गते सुरक्षाकर्मीले गोतामकोट गाविसको छिमिभन्कामा गोली हानी हत्या गरे।

स्यालापास्वा गाविस-६ की ३२ वर्षीय रिटी पौडेललाई माओवादीको आरोपमा ०५८ चैत २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रूँघा गाविस-५ का शक्ति भनिने २४ वर्षीय धनबहादुर पुन, पिपल गाविसका संगीन भनिने २७ वर्षीय विश्वेश्वर पुन, खारा गाविस-९ का २८ वर्षीय भागीराम वली र सोही गाविस-८ का २६ वर्षीय राजु के.सी. लाई माओवादीको आरोपमा ०५८ चैत २५ गते सुरक्षाकर्मीले रूँघा गाविसमा गोली हानी हत्या गरे।

जनसंख्या	:	१८८४३८
साक्षरता प्रतिशत	:	३९.५
महिला साक्षरना प्रतिशत	:	२८.६०
क्षेत्रफल (वर्ग कि. मि.)	:	२८७७
गाविस / नपा संख्या	:	४३/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३१०
क्याम्पस / उच्च मा.वि.	:	१/४
अस्पताल / स्वास्थ्य चौकी	:	१/४४
टेलिफोन लाइन	:	३
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	४३
मानव विकास सूचकांक	:	०.२७०
प्रति एक डाक्टर जनसंख्या	:	६२६१३
प्रति परिवार सरदर संख्या	:	५.६२

मुरू गाविस-५ का ३४ वर्षीय खड्कबहादुर वली र ६२ वर्षीय पलमान वलीलाई माओवादीको आरोपमा ०५८ चैत ३० गते सुरक्षाकर्मीले सोही गाविसकै जंगलमा गोली हानी हत्या गरे।

पेउघा गाविस-८ का ४० वर्षीय दुर्गबहादुर बुढा, ६२ वर्षीय खिमलाल खड्का, मुरू गाविस-८ का २८ वर्षीय हिरामणि विक र पेउघा गाविस-५ का ४३ वर्षीय द्रोणबहादुर खड्कालाई माओवादीको आरोपमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले गहुँ काटिरहेको अवस्थामा कसैलाई घरबाट गिरफ्तार गरी पेउघा गाविसको दमदमे भन्ने स्थानमा पुर्‍याई गोली हानी हत्या गरे।

स्यालापास्वा गाविस-२ का २२ वर्षीय दीपक बोहरालाई माओवादीको आरोपमा ०५९ वैशाख १२ गते सुरक्षाकर्मीले सोही ठाउँको जंगलमा लगी गोली हानी हत्या गरे।

महत गाविस-५ की २२ वर्षीय रामकुमारी घर्ती र सोही गाविस-६ की **२५ वर्षीय डिलकुमारी** पुनलाई माओवादीको आरोपमा ०५९ वैशाख १५ गते सुरक्षाकर्मीले रूकुमको महत र रोल्पाको थवाङ गाविस बीचको जंगलमा गोली हानी हत्या गरे।

पिपल गाविस-३ का २८ वर्षीय चन्द्रबहादुर के.सी, २९ वर्षीय यामबहादुर के.सी., २१ वर्षीय नविन के.सी. र २७ वर्षीय कलबहादुर कामीलाई माओवादीको आरोपमा ०५९ वैशाख १८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी स्यालापास्वा गाविस-३ गीलवाङ खोलामा पुर्‍याई गोली हानी हत्या गरे।

साँस्व गाविस-६ का ४१ वर्षीय देवीलाल पाण्डेलाई माओवादीको आरोपमा ०५९ जेठ ३ गते सुरक्षाकर्मीले वैरीदहमा गोली हानी हत्या गरे। पीडितलाई घरबाटै गिरफ्तार गरिएको थियो।

साँस्व गाविस-३ का ५५ वर्षीय टोपबहादुर पाण्डे र २१ वर्षीय नविन बोहरालाई माओवादीको आरोपमा ०५९ जेठ ५ गते सुरक्षाकर्मीले सोही गाविस नजिकै जंगलमा गोली हानी हत्या गरे।

रूँघा गाविस-७ का गाउँ जनसरकार प्रमुख ३४ वर्षीय रणबहादुर के.सी., सोही गाविस-९ का २८ वर्षीय कुलबहादुर बुढा, सोही गाविस-२ का २१ वर्षीय कुलबहादुर कठायत, २४ वर्षीय डिल्ली बुढाथोकी, २३ वर्षीय तिलक दमाई र नाम नखुलेका एक जनालाई माओवादीको आरोपमा ०५९ जेठ ७ गते सुरक्षाकर्मीले बाँदरपानीमा गोली हानी हत्या गरे।

कोटजहारी गाविस-४ का २८ वर्षीय केशर के.सी. लाई माओवादीको आरोपमा ०५९ जेठ १४ गते सुरक्षाकर्मीले सोही गाविसको सालडाँडा भन्ने ठाउँमा गोली हानी हत्या गरे।

मुरू गाविस-१ का १६ वर्षीय सुवर्ण वली र १७ वर्षीय उषा पुनलाई माओवादीको आरोपमा ०५९ जेठ १६ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी स्वारा र मुरूको सीमानाको जंगलमा लगेर गोली हानी हत्या गरे।

स्वारा गाविस-७ जिवाङका ३४ वर्षीय दलबहादुर कामीलाई माओवादीको आरोपमा ०५९ जेठ २० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित सुरक्षाकर्मीलाई देखेर भाग्न खोज्दा गोली हानिएको थियो।

स्वारा गाविस-५ की २६ वर्षीय मनसरी खड्कालाई माओवादीको आरोपमा ०५९ जेठ २९ गते सुरक्षाकर्मीले जंगलमा घाँस काटिरहेको अवस्थामा गोली हानी हत्या गरे।

साँख गाविस-८ की ३५ वर्षीय चन्द्रकली रावललाई माओवादीको आरोपमा ०५९ असार १३ गते सुरक्षाकर्मीले घर नजिकै दाउरा राख्ने कटेरोमा गोली हानी हत्या गरे।

चुनवाङ गाविस-१ का ४२ वर्षीय बलबहादुर पुन, ३८ वर्षीय गणबहादुर पुन, ३६ वर्षीय हिरादेवी पुनलाई माओवादीको आरोपमा ०५९ साउन २८ गते सुरक्षाकर्मीले सोही गाविसको तारल र चिप्लेपानलमा गोली हानी हत्या गरे।

तकसेरा गाविस-३ का ५५ वर्षीय राजीमान बुढालाई माओवादीका आरोपमा ०५९ असोज २१ गते सुरक्षाकर्मीले दस्यू डाँडामा गोली हानी हत्या गरे। सोही घटनामा माओवादी जिल्ला जनसरकार सदस्य भनिने टेकबहादुर पुनको भीरबाट लडेर मृत्यु भयो।

स्वारको घटनामा सुरक्षाकर्मीद्वारा मारिएका माओवादी कार्यकर्ताहरु

काँक्री गाविस-४ की २५ वर्षीय फर्की विकलाई माओवादीको आरोपमा ०५९ असोज २० गते सुरक्षाकर्मीले मकै बारीमा गोली हानी हत्या गरे।

जाङ गाविस-६ का २६ वर्षीय कुमारजङ मल्ल, २४ वर्षीय खलबहादुर मल्ल, २१ वर्षीय अर्जुन मल्ललाई सुरक्षाकर्मीले माओवादीको आरोपमा ०५९ असोज २३ गते घरबाट गिरफ्तार गरी गाउँकै मकै बारीमा लगी गोली हानी हत्या गरे।

राङ्सी गाविस-५ का १८ वर्षीय नन्दसिंह बुढालाई माओवादीको आरोपमा ०५९ असोज २७ गते सुरक्षाकर्मीले सोही गाविसमा गोली हानी हत्या गरे। पीडित कृषक थिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४		१	५	१७	४१		१२	५३	५१	७१	१३	३४३	४२७
घाइति	१	३	१		४						१	१			१
बम विस्फोटन											१			१	१
गिरफ्तारी/यातना											१३	२१		३६	५७
बेपत्ता											१	१			१
कुटपिट						१९	२२		५	२७	३	५			५
धम्की	७	६	१	१	८	१२	१९	१६	१	३६	२	१		३	४
महिला अधिकार	२		२		२	१	१			१					
बाल अधिकार	१		१		१										
आर्थिक/सामाजिक अधिकार						२	२			२					
अपहरण						५६	७४	६		८०					
जम्मा	१६	१३	५	२	२०	१०७	१५९	२२	१८	१९९	७२	१००	१३	३८३	४९६

गोनामकोट गाविस-७ का ३९ वर्षीय भक्त विष्टलाई माओवादीको आरोपमा ०५९ कार्तिक ११ गते सुरक्षाकर्मीले घट्टबाट घर फर्किरहेको अवस्थामा गोली हानी हत्या गरे। पीडित सर्वसाधारण कृषक थिए।

छिवाङ गाविस-५ का माओवादीद्वारा घोषित गाजस उपप्रमुख २९ वर्षीय मानबहादुर विष्टलाई माओवादीको आरोपमा ०५९ मंसिर ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनामा गिरफ्तार गरिएका माओवादी जिल्ला कमिटी सदस्य प्वाङ गाविस-८ का ३४ वर्षीय लक्षिराम के.सी. र एरिया सदस्य छिवाङ गाविस-८ का ३२ वर्षीय लालसिङ वलीलाई सिम्ली गाविसको सुलिहाल्यामा माओवादीद्वारा निर्मित गेटको दुवै खम्बामा बाँधेर सुरक्षाफौले गोली हानी हत्या गरे।

माओवादीबाट

मग्मा गाविस-२ का ३८ वर्षीय डिलबहादुर खनाललाई सुराकीको आरोपमा ०५८ माघ १४ गते माओवादीहरूले अपहरण गरी एक महिनापछि अज्ञात ठाउँमा हत्या गरे। हत्या गरेको घोषणा माओवादीहरूले जनसभा गरी सार्वजनिक गरेका थिए।

स्यालापाखा गाविस-६ का पूर्व अध्यक्ष ४७ वर्षीय माधवप्रसाद चन्द र २४ वर्षीय रविलाल बुढालाई सुराकीको आरोपमा ०५९ वैशाख ३ गते माओवादीहरूले खलंगा गाविस-२ मठमा धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडित चन्द नेकांबाट निर्वाचित उपाध्यक्ष थिए।

आठबिसकोट गाविस-२ राडिज्यूलामा ०५९ वैशाख २४ गते जाजरकोटबाट रूकुमतिर आइरहेका माओवादीहरूलाई सुरक्षाकर्मी ठानी माओवादीहरूले एम्बुसमा पार्दा ८ जनाको मृत्यु हुनुका साथै दुई जना घाइते भए।

साँख गाविस-७ का नेकां जिल्ला समितिका उपसभापति ५१ वर्षीय बलबहादुर विष्टलाई सुराकीको र सैनिक ब्यारेक स्थापना गरेको आरोपमा ०५९ वैशाख २८ गते माओवादीहरूले सोही गाविस-३ मा गहुँ काटिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरी हत्या गरे। उक्त घटना पीडितका भाइ ४५ वर्षीय धर्मराज विष्टलाई पनि खुकुरी प्रहार गरी घाइते बनाए। पीडितको उपचार साँख स्थित सैनिक ब्यारेकमा गरियो।

चौरजहारी गाविस-९ का २३ वर्षीय कमलबहादुर घर्तीलाई सुराकीको आरोपमा ०५९ जेठ २९ गते माओवादीहरूले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितलाई एक महिना अघि अपहरण गरिएको थियो।

पोखरा गाविस-८ का शिक्षक ३५ वर्षीय शक्तबहादुर विकलाई सुराकीको आरोपमा ०५९ असार १ गते माओवादीहरूले सदरमुकामबाट घर गइरहेको अवस्थामा स्यालापाखा गाविस-३ बागखोरबाट निर्मम यातना दिई सानोभेरी नदीमा फालेर हत्या गरे। पीडित एमालेका संगठित सदस्य थिए।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका खिमलाल खड्का

मुहत गाविस-२ का ३२ वर्षीय भीमप्रकाश बुढालाई ०५९ असोज ७ गते सुरक्षफौजको सामान बोकेर गएको अवस्थामा महत र शोभा गाविसको सीमानामा रूकुमगार खोलामा माओवादीहरूले गोली हानी हत्या गरे। पीडित बुढा माओवादी के कारण विस्थापित भई दुई वर्ष अघिदेखि सदरमुकाममा बस्दै आएका थिए।

आठबिसकोट गाविस-२ का शिक्षक ३५ वर्षीय वीरेन्द्रकुमार शाहलाई सुराकीको आरोपमा ०५९ भदौ २८ गते आठबिस डाँडागाउँ गाविस गोडरीमा माओवादीहरूले काठ चिर्ने आराले चिरेर सख्त घाइते बनाए। पीडितले आफूलाई मार्ने नै हो भने गोली हानेर मार गोलीको पैसा आफै दिन्छु भनेपछि गोली हानेर हत्या गरे। घटना पछि पीडितको पत्नीबाट एउटा गोलीको मूल्य वापत प्रति गोली १ सय ७५ रूपैयाँका दरले तीन वटा गोलीको रकम माओवादीले असुली गरे।

दोहोरो भिडन्त

चौखाबाङ गाविस-५ की ३२ वर्षी सीता वलीको ०५८ चैत १२ गते माओवादी र सुरक्षाकर्मीको दोहोरो भिडन्तमा सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। पीडित साधारण किसान थिए।

खारा र मुरू गाविसको सीमानामा रहेको सतियोले स्थित सैनिक आधार शिविरमा ०५९ जेठ १३ गते राति माओवादीहरूले आक्रमण गरी ५ जना सैनिकहरूलाई गोली हानी हत्या गरे। सोही घटनामा परी २० सैनिक जवानहरू घाइते भए। घाइतेहरूको उपचार काठमाण्डौमा गरिएको थियो। सोही घटनामा २ सय ५० माओवादी मारिएको र त्यसकै हाराहारीमा घाइते भएको सुरक्षाकर्मीले जनाएको थियो भने माओवादीले आफ्ना ३५ जना छापामारहरू मात्र मारिएको कुरा सार्वजनिक गरेका थिए। स्थानीय बासिन्दाहरूका अनुसार २ सय भन्दा बढी मारिएका थिए र घाइते पनि धेरै भएका थिए। उक्त घटनामा झुला गाविस-५ का ३२ वर्षीय नवराज के.सी.को माओवादीको गोली लागि मृत्यु भएको थियो। पीडित सेनाको रासन ठेकेदारका सहयोगी थिए।

सल्यान र रूकुमको सीमानामा पर्ने खोलाछिर्ना भन्ने ठाउँमा ०५९ कार्तिक १७ गते माओवादीहरूले थापेको विद्युतीय धरापमा परी एक सुरक्षाकर्मीको मृत्यु भयो भने एक जना घाइते भए। घाइतेको उपचार काठमाण्डौमा गरियो। सोही घटनामा सोही ठाउँमा पसल गरी बस्ने खारा गाविस-२ का २७ वर्षीय दुर्गाप्रसाद वलीलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

महत गाविस-२ मा ०५९ असोज ७ गते माओवादी र सुरक्षाकर्मी बीच दोहोरो भिडन्त हुँदा

माओवादीको गोलीबाट सैनिक जमदार कृष्णवहादुर भण्डारी र साँख गाविस-९ का २९ वर्षीय सुरक्षाकर्मीका भरिया रामवहादुर के.सी.को मृत्यु भयो भने सुरक्षाकर्मीको गोलीबाट महत गाविस-२ का ४० वर्षीय गजधान बुढा, ५१ वर्षीय हिर्ने बुढा, ५६ वर्षीय कुथु बुढा, दुई जना बोल्न नसक्ने लाटाहरू, सोही गाविस-१ का ४२ वर्षीय तुले विक, ३३ वर्षीय डम्वलाल बुढा, ६ वर्षीय सुकमाया बुढा, १० वर्षीय मैना बुढा र १४ वर्षीय तारा बुढाको घटनास्थलमै मृत्यु भयो। उक्त घटनामा ५५ जना मारिएको सुरक्षाकर्मीले जनाए पनि माओवादीहरूले ७ जना छापामारहरू मात्र मारिएको सार्वजनिक जानकारी गराए।

दुली गाविस-६ मा माओवादी र सुरक्षाकर्मी बीच ०५९ कार्तिक १ गते दोहोरो भिडन्त हुँदा माओवादीको गोलीबाट सोही ठाउँका ६० वर्षीय नरसिङ खत्रीको मृत्यु भयो भने सुरक्षाकर्मीको गोलीबाट सोही गाविस-५ का ३५ वर्षीय काँशु जैसी लगायत अन्य तीन जनाको मृत्यु भयो।

अन्य

झुला गाविस-९ का राप्रपाका कार्यकर्ता २८ वर्षीय गणेश विकलाई ०५८ माघ २५ गते सोही ठाउँका नेकांका कार्यकर्ताहरू लोकवहादुर चन्द, नवराज शाही र नदीराम शाहीले ढुंगाले हानेर हत्या गरी सानो भेरीमा वगाइदिए। घटनास्थलमा पीडितको एउटा दाँत, कपालका गेँडहरू, दुई वटा रगतका खाल्टा, दुई जोडा चप्पल, एउटा सर्ट-पेन्ट, एउटा खाली वेल्ट र दुई वटा लाठीहरू थिए। पीडितको लास घटनास्थलदेखि ३ सय मिटर तल सानो भेरीको छालमा पानी भित्रै थियो। स्थानीय गाउँलेहरूको सक्रियतामा दाहसंस्कार भयो।

साँख गाविस-१ का ४० वर्षीय खम्वसिंह वाठालाई ०५८ माघ २७ गते अज्ञात व्यक्तिहरूले राति घरवाट अपहरण गरे। पीडितको केही दिनपछि लास सैनिक व्यारेक नजिकै साँखमा फेला परेको थियो।

स्यालापाखा गाविस-५ का २६ वर्षीय मनवहादुर पुनलाई ०५९ असोज ८ गते माओवादीमा लागेको आरोपमा आफ्नै दाजु ४६ वर्षीय घांडली पुनले धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडक आफैं जिल्ला प्रहरी कार्यालयमा हाजिर हुन आएका थिए। पीडकलाई कुनै कारवाही भएन।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

विजयश्वरी गाविस-३ की ४२ वर्षीय गवानी वली ०५९ फागुन १८ गते माओवादीले खेतमा छोडेको ग्रिनेट विस्फोट हुँदा गम्भीर घाइते भइन्। पीडितको उपचार नेपालगञ्जमा गरियो।

प्रहरीद्वारा कुटपिट गरिएका विद्यापति रिजाल अस्पतालमा

शोभा गाविस-५ की ३५ वर्षीय भगवती गौतम घरवाट नारी दिवस मनाउन सदरमुकाम आइरहेको अवस्थामा ०५८ फागुन २३ गते साँझ स्थित सैनिक व्यारेक नजिकै विद्युतीय धराप विस्फोट हुँदा दाहिने खुट्टाको पैताला छुट्टिएर घाइते भइन्। पीडितको उपचार काठमाण्डौं शिक्षण अस्पतालमा गरियो।

दोहोरो भिडन्त

स्यालापाखा गाविस- १ का २० वर्षीय छविलाल पुन माओवादी र सुरक्षाकर्मीको दोहोरो भिडन्तमा ०५८ पुस १७ गते सुरक्षाकर्मीको गोलीद्वारा घाइते भए।

जेल र बन्दीहरू

"घ" श्रेणीको रूकुम जेलको बन्दी क्षमता १५ जनाको छ। शान्ति सुरक्षाका कारण सबै बन्दीहरूलाई दाङको तुलसीपुर कारागारमा स्थानान्तरण गरेपछि अहिले खाली छ। जेलमा बन्दी नराखिने भएकोले गिरफ्तारीमा पर्नेहरू मारिने चिन्ताले थप मानसिक पीडा महसुस गर्छन्।

बेपता /अपहरण

राज्यबाट

खलंगा गाविस-८ का अनेरास्ववियु जिल्ला कमिटी सदस्य २१ वर्षीय नरविर विक लाई ०५८ फागुन १२ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा खलंगा बजारवाट गिरफ्तार गरी सेमुमा पुऱ्याएको र सोही दिन साँझ बाहरा गाउँ स्थित बज्रदल गुल्ममा पुऱ्याए। पीडितलाई हाल कहाँ राखिएको छ थाहा छैन। सुरक्षाकर्मीसँग सम्पर्क गर्दा पीडितलाई रिहा गरिएको बताइयो तर कहाँ र कसको रोहवरमा छोडियो वताइएन।

माओवादीबाट

मग्मा गाविस-८ का ४७ वर्षीय शेरवहादुर खत्रीलाई सुराकीको आरोपमा ०५८ पुस २२ गते माओवादीले घरवाट अपहरण गरे। पीडितलाई १५ दिनपछि मुक्त गरियो।

मग्मा गाविस-१ का ३४ वर्षीय मनवीर कुसारीलाई सुराकीको आरोपमा ०५८ माघ ९ गते माओवादीले अपहरण गरे। पीडितलाई ९ दिनपछि मुक्त गरे।

पेउघा गावस-८ का ३२ वर्षीय खम्ववहादुर खड्कालाई पत्नीको हत्या गरेको भनी ०५८ माघ १० गते माओवादीले घरवाट अपहरण गरे। पीडित तीन महिनापछि भाग्न सफल भए।

मग्मा गाविस-१ का ३७ वर्षीय धनवहादुर खत्रीलाई सुराकीको आरोपमा ०५८ माघ १३ गते माओवादीले अपहरण गरे। पीडित

दुई दिनपछि भाग्न सफल भई दुई दिन जंगलमै बसी १८ गते बिहान सदरमुकाम आएका थिए।

मग्मा गाविस-२ का २८ वर्षीय हर्कबहादुर खनाललाई सुराकीको आरोपमा ०५८ माघ १४ गते माओवादीले अपहरण गरे। पीडितलाई २१ दिनपछि मुक्त गरे।

मग्मा गाविस-३ का २६ वर्षीय नरेन्द्र नेपाली र ३२ वर्षीय कालीबहादुर खत्रीलाई सुराकीको आरोपमा ०५८ माघ १५ गते माओवादीले अपहरण गरे। पीडितलाई १९ दिनपछि मुक्त गरे।

बाँफीकोट गाविस-२ का ४५ वर्षीय शेरबहादुर मल्ल र ३६ वर्षीय नरबहादुर चन्दलाई सुराकीको आरोपमा ०५८ चैत ५ गते माओवादीले अपहरण गरे। पीडितलाई एक महिनापछि मुक्त गरियो।

चौखावाङ गाविस-७ का ५२ वर्षीय खलबहादुर सुनारलाई सुराकीको आरोपमा ०५९ वैशाख ३ गते माओवादीले अपहरण गरे। पीडितसँग ८० हजार रूपियाँ लिई ७ दिनपछि मुक्त गरे।

चौखावाङ गाविस-९ का ४५ वर्षीय धनमाया कुँवर, ३२ वर्षीय नरबहादुर वली र ३२ वर्षीय दीपबहादुर वलीलाई सुराकीको आरोपमा ०५९ वैशाख ७ गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये नरबहादुरलाई एक महिनापछि मुक्त गरे भने दीपबहादुर तीन महिनापछि र धनमाया चार महिनापछि भागे।

चौखावाङ गाविस-५ का २७ वर्षीय मालबहादुर वलीलाई सुराकीको आरोपमा ०५९ वैशाख २५ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई ७ महिनापछि मुक्त गरे।

खलंगा गाविस-७ का २३ वर्षीय शाही नेपाली सेनाका जवान खुमराज मल्ललाई ०५९ वैशाख ३१ गते थवाङस्थित सैनिक आधार शिविरबाट घर आइरहेको अवस्थामा शोभा गाविस-५ बाट माओवादीले अपहरण गरे। पीडित ५ महिनापछि भाग्न सफल भए।

आठबिसकोट गाविस-२ का ४७ वर्षीय दियाराम उपाध्याय र ५१ वर्षीय शेरबहादुर शाहलाई ०५९ जेठ १ गते विनाकारण घरबाट माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी ७ दिनपछि मुक्त गरे।

नुवाकोट गाविस-७ का ३२ वर्षीय रत्नलाल जैसीलाई सुराकीको आरोपमा ०५९ जेठ १ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई निर्मम यातना दिई १० दिनपछि मुक्त गरे।

साँख गाविस-२ का ४२ वर्षीय देवबहादुर पाण्डे, ३८ वर्षीय खिमबहादुर पाण्डे, ४० वर्षीय रामबहादुर पाण्डेलाई सुराकीको आरोपमा ०५९ असार १ गते सुरक्षाकर्मीलाई माओवादीले घरबाट अपहरण गरे। पीडित दुई जनालाई तीन दिनपछि मुक्त गरे भने रामबहादुर पाण्डेको अवस्था अज्ञात रहेको छ।

बाँफीकोट गाविस-९ का शिक्षक पूर्णबहादुर के.सी. लाई सुराकीको आरोपमा ०५९ असार १० गते माओवादीहरले घरबाट अपहरण गरे। पीडित असार ११ गते भागेर ६ दिनपछि सदरमुकाम आइपुगे।

पोखरा गाविस-५ का पियन ३८ वर्षीय कर्णबहादुर नेपालीलाई प्रतिक्रियावादी सत्ताको काम गरेको आरोपमा ०५९ असार १२ गते माओवादीहरूले सदरमुकाम आइरहेको अवस्थामा सोही गाविसको ढाँकाबाट अपहरण गरे। पीडितलाई तीन महिनापछि मुक्त गरे।

आठबिसकोट गाविस-६ का ३४ वर्षीय कर्णसिंह डाँगीलाई सुराकीको आरोपमा ०५९ असार १२ गते माओवादीले अपहरण गरे। पीडितलाई निर्मम यातना दिई १० दिनपछि मुक्त गरे।

स्यालापाखा गाविस-९ का ३५ वर्षीय गोबर्धन रावललाई सुराकीको आरोपमा ०५९ असार १३ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई मंसिर १० गते मुक्त गरे।

बाँफीकोट गाविस-६ का २८ वर्षीय गोपाल के.सी., ३६ वर्षीय रामप्रसाद के.सी., ३८ वर्षीय धर्मलाल के.सी. र २७ वर्षीय छविलाल के.सी. लाई ०५९ असार १५ गते अभियुक्तलाई संरक्षण गरेको भनी माओवादीले अपहरण गरे। पीडितहरू मध्ये गोपाल के.सी. सँग २१ हजार रूपैयाँ लिई १७ दिनपछि मुक्त गरे भने अन्यलाई ८ दिनपछि मुक्त गरे।

पोखरा गाविस-४ का कार्यवाहक गाविस अध्यक्ष ३२ वर्षीय देविलाल खड्कालाई भ्रष्टाचार गरेको आरोपमा ०५९ असार १५ गते माओवादीले घरबाट अपहरण गरे। पीडितसँग १७ हजार रूपैयाँ लिई ५ महिनापछि मुक्त गरे।

बाँफीकोट गाविस-४ की २१ वर्षीय कमला धितालालाई विनाकारण ०५९ असार १८ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई असार २३ गते मुक्त गरे।

माओवादीद्वारा अपहरण गरी कुटपिट गरिएका बागसिंह वली दिपबहादुर वली र धनमाया कुँवर

स्यालापाख्वा गाविस-९ का १९ वर्षीय पूर्णबहादुर बुढालाई विनाकारण ०५९ असार १८ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

स्यालापाख्वा गाविस-९ का २८ वर्षीय लालबहादुर नेपालीलाई विनाकारण ०५९ असार २१ गते माओवादीले अपहरण गरे। पीडितलाई २१ दिनपछि मुक्त गरे।

बाँफीकोट गाविस-६ का एमाले जिल्ला सल्लाहकार कमिटी सदस्य ३४ वर्षीय डिल्लीबहादुर के.सी.लाई सुराकीको आरोपमा ०५९ असार २२ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

पोखरा गाविस-८ की २१ वर्षीय लक्ष्मी घर्तीलाई सुराकीको आरोपमा ०५९ साउन १ गते माओवादीले अपहरण गरे। पीडितलाई भदौ २६ गते मुक्त गरे।

प्वाङ गाविस-४ का अहेव २९ वर्षीय हरिबहादुर केसीलाई सहयोग नगरेको आरोपमा ०५९ भदौ २२ गते माओवादीहरूले अपहरण गरे। पीडितसँग १८ हजार ५ सय रूपैयाँ लिई १५ दिनपछि मुक्त गरियो।

शोभा गाविस-९ का ३५ वर्षीय मोहनलाल नेपालीलाई ०५९ साउन २३ गते माओवादीहरूले घरबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

खलंगा गाविस-१ का ३९ वर्षीय प्रमोदकुमार शर्मालाई ०५९ भदौ ३१ गते स्कूलबाट घर फर्किरहेको अवस्थामा अज्ञात समूहले अपहरण गरे। पीडितको हाल अवस्था अज्ञात छ।

पोखरा गाविस-८ का शिक्षक ४५ वर्षीय परशुराम शर्मालाई सहयोग नगरेको आरोपमा ०५९ असोज ८ गते माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

काँडा गाविस-६ का २४ वर्षीय अनन्त विक यात्रीलाई सुराकीको आरोपमा ०५९ असोज २ गते माओवादीहरूले प्वाङ गाविस-८ नयाँगाउँबाट अपहरण गरे। पीडितलाई मंसिर २५ गते शोभा गाविसबाट मुक्त गरियो।

स्यालापाख्वा गाविस-४ का ३४ वर्षीय गणबहादुर बोहरालाई सुराकीको आरोपमा ०५९ असोज २८ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

चुन्वाङ गाविस-१ का ७६ वर्षीय दलवीर खत्री, २४ वर्षीय नन्दकुमार खत्री, ४३ वर्षीय पोप्टे खत्रीलाई सुराकीको आरोपमा ०५९ असोज २९ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई हालसम्म मुक्त गरिएको छैन।

पिपल गाविस-२ का ३६ वर्षीय भीमबहादुर मल्ललाई सहयोग नगरेको आरोपमा ०५९ कार्तिक ५ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई मंसिर ३ गते मुक्त गरे।

चुन्वाङ गाविस-३ का नेपाल राष्ट्रिय मावि चुन्वाङका प्रधानाध्यापक ४२ वर्षीय भीमबहादुर विष्ट र गोही गाविस-२ का शिक्षक ३९ वर्षीय कमानसिंह डाँगीलाई पार्टीका नेताहरूलाई आँच पुग्ने कुरा बोलेको आरोपमा ०५९ कार्तिक २७ गते माओवादीले घरबाट अपहरण गरे। पीडितहरूलाई हालसम्म मुक्त गरिएको छैन।

चुन्वाङ गाविस-२ का नेपाल राष्ट्रिय मा. वि. चुन्वाङका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ४५ वर्षीय धनीप्रसाद बुढालाई सुराकीको आरोपमा ०५९ मंसिर २ गते माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

चुन्वाङ गाविस-३ का हुलाकी ३३ वर्षीय राजीमान विकलाई सुराकीको आरोपमा ०५९ पुस ९ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बाँफीकोट गाविस-६ का नेकपा (एमाले) जिल्ला कमिटी रुकुमका सदस्य ४५ वर्षीय विद्यापति रिजाललाई माओवादीको आरोपमा ०५९ वैशाख २१ गते सदरमुकामबाट घर फर्किरहेको अवस्थामा खलंगा गाविस-८ मा जिल्ला प्रहरी कार्यालय रुकुममा कार्यरत प्रहरी जवान लोकबहादुर बाँठाले कुटपिट गरे। पीडितको उपचार काठमाण्डौमा गरियो।

माओवादीबाट

गोतामकोट गाविस-१ का एमाले कार्यकर्ता ४९ वर्षीय जयबहादुर शाही माओवादी विरुद्ध लागेको आरोपमा घरमा रहेको सम्पूर्ण सम्पत्ति ०५८ फागुन १२ गते माओवादीहरूले लुटे। पीडितको घरजग्गा अधीकरण गर्ने सार्वजनिक घोषणा गरे।

तकसेरा गाविस-३ का ३२ वर्षीय राजीधन बुढालाई ०५८ चैत १० गते सदरमुकामबाट घर फर्किरहेको अवस्थामा माओवादीहरूले स्यालापख्वा गाविस-३ मा छातीमा ग्रिनेट राखी निर्मम यातना दिएर घर जान वंचित गरी पुनः सदरमुकाम फर्काए।

आठबिस डाँडागाउँ गाविस-५ का माओवादीद्वारा घोषित गाजस प्रमुख भनिने गनो कामीलाई आफ्नै कार्यकर्तालाई गर्भवती बनाएको आरोपमा ०५९ जेठ १४ गते माओवादीहरूले १२ वर्षसम्म राजनीति गर्न नपाउने गरी श्रमकैदमा राखे।

खारा गाविस-४ का २१ वर्षीय बागसिंह वलीलाई सुराकीको आरोपमा ०५९ असार ६ गते माओवादीहरूले स्यालापाख्वा गाविस-३ मा कुटपिट गरी गम्भीर घाइते बनाए।

खलंगा गाविस-६ का काँडा गाविस सचिव ३७ वर्षीय हरिबहादुर नेपालीलाई मतदाता नामावली संकलन गरेको आरोपमा ०५९ साउन ३ गते माओवादीले कुटपिट गरे।

पिपल गाविस-३ का शिक्षक ३६ वर्षीय नरजित बस्नेतको परिवारलाई ०५९ भदौ २८ गते माओवादीले एक महिनाभित्र घर नछोडे ज्यानमार्ने धम्की दिए। पीडितको सम्पूर्ण परिवार हाल सदरमुकाममै बसेका छन्।

पोखरा गाविस-४ का ५५ वर्षीय कामी खड्कावाट ०५९ भदौ ३० गते माओवादीले ज्यानमार्ने धम्की दिई २५ हजार रूपैयाँ लुटे।

पिपल गाविस-१ का चन्द्रबहादुर खत्रीलाई ०५९ असोज २ गते सहयोग नगरेको आरोपमा माओवादीले ज्यानमार्ने धम्की दिई २० हजार रूपैयाँ लिए।

स्यालापाखा गाविस-१ का ४५ वर्षीय कमलबहादुर घर्तीलाई ०५९ असोज २५ गते गाविस सचिव भएको आरोपमा माओवादीले सदरमुकामबाट आमाको काजकिरिया गर्न घर गइरहेको अवस्थामा सोही गाविस-३ मा कुटपिट गरे। पीडित भागेर भोलिपल्ट बिहान सदरमुकाम पुगे।

पोखरा गाविस-९ का ३६ वर्षीय हिरालाल के. सी. र २५ वर्षीय लोकबहादुर के.सी. सँग ०५९ कार्तिक ५ गते माओवादीले १६ र १३ हजार रूपैयाँ लिए।

अन्य

स्यालापाखा गाविस-९ का माओवादी कार्यकर्ता ३२ वर्षीय रविलाल नेपालीलाई स्थानीय व्यक्तिहरूलाई ०५९ मंसिर १२ गते कुटपिट गरेको आरोपमा स्थानीय बासिन्दाहरूले मरणासन्न हुने गरी कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा ५ वर्षदेखि फर्स्यौट नभएका ४ वटा, चार वर्षदेखिका ४ वटा, तीन वर्षदेखिका १ वटा, दुई वर्षदेखिका १२ वटा र एक वर्ष देखिका २० वटा मुद्दा छन्। कतिपय पुराना मुद्दा जग्गा सम्बन्धी छन्। अमिनको अभाव र शान्ति सुरक्षाका कारण ती मुद्दाहरू फर्स्यौट हुन सकेका छैनन्। यस वर्ष यो अदालतमा २० वटा मुद्दाहरू दर्ता भए भने ८ वटा मुद्दाहरू फर्स्यौट भए। हाल देवानी २७ र फौज्दारी १४ गरी ४१ वटा मुद्दा छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

खलंगा गाविस-१ का २८ वर्षीय खिमबहादुर वली, २४ वर्षीय पूर्णबहादुर वली, चौखावाङ गाविस-८ का ३१ वर्षीय देविलाल विष्ट, रूँघा गाविस-८ का राजकुमार के.सी. र भद्रबहादुर के.सी. लाई ०५८ माघ ८ गते सुरक्षाकर्मीले माओवादीलाई सहयोग गरेको आरोपमा खलंगा बजारबाट गिरफ्तार गरे। पीडितहरूमध्ये तीन जनालाई १० गते रिहा गरियो भने खिमबहादुर र देविलाललाई १२ गते रिहा गरियो।

झुला गाविस-८ का २४ वर्षीय तुलबहादुर खड्का र २८ वर्षीय रामबहादुर गिरीलाई माओवादीको आरोपमा ०५८ माघ २१ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई जेलमा राखिएको छ।

कोटजहारी गाविस-४ का २१ वर्षीय डिल्लीबहादुर शाही र २३ वर्षीय दलबहादुर केसीलाई माओवादीको आरोपमा ०५८ माघ २७ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई ७ दिनपछि रिहा गरियो।

साँख गाविस-३ का मानसिक सन्तुलन ठीक नभएका ३१ वर्षीय हुकुमबहादुर पाण्डेलाई माओवादीको आरोपमा ०५८ फागुन १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी निर्मम यातना दिई तीन दिनपछि रिहा गरियो।

रूँघा गाविस-८ का २२ वर्षीय तुलसीराम वलीलाई माओवादीको आरोपमा ०५८ फागुन ८ गते सुरक्षाकर्मीले खलंगा बजारबाट गिरफ्तार गरे। पीडितलाई फागुन १० गते जेल चलान गरियो।

साँख गाविस-९ का ५० वर्षीय कालिबहादुर बुढालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ फागुन ९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ११ गते जेल चलान गरी तीन महिनापछि रिहा गरियो।

स्यालापाखा गाविस-३ का २८ वर्षीय जक्ते खत्रीलाई माओवादीको आरोपमा ०५८ फागुन ११ गते सुरक्षाकर्मीले खलंगा बजारबाटै गिरफ्तार गरे। पीडितलाई ४ दिनपछि रिहा गरियो।

खलंगा गाविस-१ का १७ वर्षीय गोपाल शर्मालाई माओवादीको आरोपमा ०५९ जेठ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ७ दिनपछि रिहा गरियो।

नुवाकोट गाविस-८ का २० वर्षीय प्रेमबहादुर डाँगीलाई माओवादीको आरोपमा ०५९ जेठ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ७ दिनपछि रिहा गरियो।

गोतामकोट गाविस-५ का २४ वर्षीय गजेन्द्र खड्कालाई माओवादीको आरोपमा ०५९ मंसिर १६ गते सुरक्षाकर्मीले खलंगा बजारबाट गिरफ्तार गरे। पीडितलाई ४ दिनपछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रोल्पा जिल्ला पाछावाङ गाविसका रूकुम महत गाविसमा कार्यरत सचिव ३७ वर्षीय मस्तबहादुर रोका सदरमुकामबाट विधवा, वृद्ध, अपाङ्ग भत्ता लिएका र महत गाविसतर्फ आइरहेको अवस्थामा ०५९ असार २३ गते माओवादीले स्यालापाखा गाविस-३ मा केरकार गरी उनीसँग रहेको ५५ हजार रूपैयाँ लुटे।

आन्तरिक द्वन्द्वका कारण १ सय ६ परिवारका ५ सय २९ जना विस्थापित भएका छन्। ०५९ असोज २७ गते हुकाम गाविसबाट २३ जनालाई माओवादीहरूले लखेटे।

विविध

आगलागी

माओवादीद्वारा घोषित मुरु गाविस-२ का गाजस उपप्रमुख ३६ वर्षीय प्रेम बाँठाको घरमा ०५९ जेठ १४ गते, पेउघा गाविस-२ का गाजस उपप्रमुख ३२ वर्षीय डिल्लीबहादुर गिरीको घरमा ०५९ जेठ १६ गते सुरक्षाकर्मीले आगो लगाई ध्वस्त पारे।

शोभा गाविस-३ का ३८ वर्षीय मानबहादुर बस्नेत र ३८ वर्षीय जितमान कामीको घर ०५९ साउन ६ गते माओवादी भएको आरोपमा सुरक्षाकर्मीले भत्काइदिए।

खलंगा गाविस-५ मा रहेको प्रहरी डीआईजी शेरबहादुर शाहको घर ०५९ कार्तिक २४ गते माओवादीहरूले आगो लगाई ध्वस्त पारे। माओवादीहरूले घरमा रहेको सम्पूर्ण सामानहरू पनि लुटे।

हुकाम गाविस-६ का ३३ वर्षीय फर्कबहादुर घर्ती, २७ वर्षीय काले रोका र सोही गाविस-४ का ३६ वर्षीय ओमप्रसाद घर्तीको घर ०५९ असोज २० गते सुरक्षाकर्मीले आगो लगाई ध्वस्त पारे।

संरचना क्षति

विजयश्वरी गाविस-१ स्थित शाही नेपाल वायु सेवा निगमको विमानस्थल टावर, कृषि विकास बैंक, इलाका प्रहरी कार्यालय, राष्ट्रिय वाणिज्य बैंक र विजयश्वरी इङ्लिस बोर्डिङ स्कूलमा ०५८ पुस २५ गते माओवादीले आक्रमण गरी ध्वस्त पारे। माओवादीहरूले राष्ट्रिय वाणिज्य बैंकबाट नगद र जिन्सी गरी ११ लाख रुपैयाँ बराबरको रकम लुटे।

खलंगा गाविस-२ स्थित शाही नेपाल वायु सेवा निगमको टर्मिनल भवनमा ०५८ चैत १६ गते माओवादीहरूले बम प्रहार गरी ध्वस्त पारे। सोही दिन खाद्य संस्थानको गोदामबाट २ सय क्विन्टल मसिनो चामल लुटी बाँकी ४ सय ५७ क्विन्टल चामलमा आगो लगाउनुको साथै जिल्ला पशु सेवा कार्यालयको माइक्रोस्कोप एक, आवासेट एक लगायतका सामानहरू लुट्नुको साथै तोडफोड गरे। शाही नेपाल वायु सेवा निगमको टिकट घर तोडफोड गरी जिल्ला अस्पतालको साइनबोर्ड, वायु सेवा निगमको साइनबोर्ड समेत फालिदिए। सोही दिन नेपाल राष्ट्रिय शिक्षक संघका जिल्ला समिति अध्यक्ष ४८ वर्षीय प्रजित रावलको घरमा आई तोडफोड गर्नुका साथै रावललाई ज्यानमार्ने धम्की समेत दिए।

खलंगा गाविस-३ स्थित विभिन्न ८ वटा सरकारी कार्यालयहरू माओवादीले ०५८ चैत १६ गते तोडफोड गरी कम्प्युटर २, हाते कलहरू, जेनेरेटर १ र लिथो मेसिन लगायतका सामानहरू लुटे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले), नेका, नेका (प्रजातान्त्रिक), जनमोर्चा नेपाल र राप्रपाले ०५९ असोज ३० गते आफ्ना कार्यकर्ताहरू माओवादीबाट अपहरित हुने र बेपत्ता पारिने क्रम तीव्र भएको र १८ जनाको स्थिति सार्वजनिक गरिनु पर्ने, ७ जनालाई शीघ्र मुक्त गरिनु पर्ने र १६ जनाको सर्वस्व हरण भएको विवरण सार्वजनिक गर्दै एक संयुक्त विज्ञप्ति प्रकाशित गरे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष रुखमा झुण्डिएर एक महिला र एक पुरुष, नदीमा बगेर एक पुरुष, पहिरोले पुरिएर एक पुरुष र भीरबाट लडेर एक महिलाको मृत्यु भयो।

पेउघा गाविस-६ पेदीखेतका ४३ वर्षीय वीरबहादुर खड्कालाई सुराकीको आरोपमा ०५९ वैशाख ५ गते माओवादीहरूले ५ लाख रुपैयाँको सम्पत्ति लुटे।

४.६ बाँके

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

नौबस्ता गाविस-२ पीनमार्ग डाँडामा एक अज्ञात व्यक्तिलाई माओवादीको आशंकामा ०५८ पुस १७ गते दिउँसो २ बजे गस्तीमा आएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले लिएर गए।

बनकटुवा गाविस-४ जी गाउँका ३५ वर्षीय कमल दाहाललाई ०५८ पुस १८ गते बिहान सुरक्षाकर्मीले माओवादी गतिविधिमा संलग्न भएको आरोपमा महेन्द्र राजमार्ग नजिकै जी गाउँमा गोली हानी हत्या गरे। पीडित सोही ठाउँका प्रभात मावि अरनिकोनगरका शिक्षक थिए। पीडितलाई जी गाउँबाट ०५८ पुस १७ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। संकटकाल लाग्नु भन्दा पहिला प्रहरी प्रशासनमा पीडितले आत्मसमर्पण गरेको परिवार स्रोत बताउँछन्।

महादेवपुरी गाविस-२ उदायनका १७ वर्षीय महेन्द्र रोकाया, सोही गाविस-६ का २५ वर्षीय अग्नी भनिने निमप्रसाद कुमारी र एक जना नाम थाहा नभएका माओवादी कार्यकर्तालाई

जनसंख्या	: ३८५८४०
साक्षरता प्रतिशत	: ५७.३६
महिला साक्षरता प्रतिशत	: ४८.९४
क्षेत्रफल (वर्ग कि. मि.)	: २३३७
गाविस / नपा संख्या	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: २६५
क्याम्पस / उच्च मा.वि.	: ६/८
अस्पताल / स्वास्थ्य चौकी	: २/३९
टेलिफोन लाइन	: ३९६६
मोटर सडक (कि. मि.)	: ४७५
प्रहरी कार्यालय संख्या	: १३
हुलाक संख्या	: ४७
मानव विकास सूचकांक	: .३०९
प्रति एक डाक्टर जनसंख्या	: १२४४६
प्रति परिवार सरदर संख्या	: ५.७४

०५८ फागुन ११ गते दिउँसो सुरक्षाकर्मीले आफ्नो कब्जामा लिई गोली हानी हत्या गरे। पीडितहरूमध्ये महेन्द्र रोकायाको लास गहुँबारीमा भेटिएको थियो भने दुई जनाको लास सुरक्षाकर्मीले लिएर गएको प्रत्यक्षदर्शीहरूले बताए।

महादेवपुरी गाविस-२ उदायनस्थित वली थरको एक व्यक्तिको घरमा ०५८ फागुन ११ गते माओवादीका जिल्ला स्तरीय कार्यकर्ता आई खाना आइरहेको अवस्थामा सुरक्षाकर्मीले घर घेरा हाली कोहलपुर गाविस-४ मसुरीखेतकी १८ वर्षीय कोपिला भनिने दमन्ती पुन, रविन्द्र भनिने नाम थाहा नभएको व्यक्तिलाई आफ्नो कब्जामा लिए। सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्तमा महादेवपुरी गाविस-२ ढकेरीमा माओवादी कार्यकर्ताहरू फागुन १७ गते सुरक्षाकर्मीको प्रतिकार गर्दा रविन्द्र, अनुप भनिने डम्बर रानाभाट, शिथिल भनिने अशोक रोकाया, कोपिला भनिने दमन्ती पुन, विनोद भनिने महेन्द्र रोकायाको मृत्यु भएको समाचार सार्वजनिक गरे। घटना सम्बन्धी अध्ययन गर्दा डम्बर रानाभाट, दमन्ती पुन, रविन्द्रलाई घाइते अवस्थामा सुरक्षाकर्मीले गाडीमा राखी लगेकोमा बेपत्ता छन्।

कोहलपुर गाविस-३ का २८ वर्षीय ईश्वरी सुवेदी, वर्दिया जिल्लाका ३६ वर्षीय हुकुमदास चौधरी, फत्तेपुर गाविसका २१ वर्षीय दलबहादुर पुन, सितापुर गाविस-७ नयाँबस्तीका २३ वर्षीय अमर अधिकारीलाई ०५९ जेठ १९ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा हत्या गरे। पीडितहरू वागेश्वरी गाविस-९ का प्रेमबहादुर बुढाक्षेत्रीको घरमा सुतिरहेको अवस्थामा राति ९ बजेतिर सुरक्षाकर्मी आई घेरा हाली आफ्नो कब्जामा लिए। पीडितहरू मध्ये हुकुमदास भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे भने अमर अधिकारी र दलबहादुर पुनलाई बन्दुकको कून्दा र लाठीले हिर्काएर निर्ममतापूर्वक हत्या गरे। पीडित ईश्वरी सुवेदीलाई आत्मसमर्पण गर्दा लाठी र लातले हिर्काउँदै घाइते अवस्थामा लिएर गए। सोही घटनामा घर मालिक प्रेमको पनि सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। उक्त घटनालाई रक्षामन्त्रालयले एक विज्ञप्ति जारी गर्दै दोहोरो मुठभेडमा ५ जना माओवादी मरेको सार्वजनिक गरेको थियो।

कोहलपुर गाविस-६ जामुनेका १५ वर्षीय नन्दराम घर्तीमगर समेत १४ जनालाई ०५९ जेठ २७ गते बिहान ५ बजे सुरक्षाकर्मीले माओवादीको गतिविधिमा संलग्न भएको आरोपमा गिरफ्तार गरे। सुरक्षाकर्मीको यातनाबाट नन्दरामको मृत्यु भयो। पीडित नन्दरामसमेत अन्यलाई कोहलपुर इलाका प्रहरी कार्यालयमा राखिएको र सुरक्षाकर्मीको यातनाबाट गम्भीर यातना पाएको र यातनाको पीडाले शरीर पूरै सुन्निएको प्रहरी हिरासतमा रहेका बन्दीहरूले रिहा भइसकेपछि बताए। यातनाबाट नन्दरामको ०५९ असार २४ गते उपचारको सिलसिलामा मृत्यु भएपछि प्रहरीले पीडितका बाबु हर्कसिंह बुढालाई घरबाट मोटरसाइकलमा बसाएर नेपालगञ्ज ल्याई लासको मुचुल्का गरी लासलाई राप्तीमा गाडे।

फत्तेपुर गाविस स्थित अगैयाको जंगलमा माओवादी कार्यकर्ता संदिप भनिने मनोज रोकायालाई ०५९ असार २ गते सुरक्षाकर्मीको गोली हानी हत्या गरे।

नेपालगञ्ज नपा-२ धम्बोजीका २४ वर्षीय अधिराजकुमार शर्मालाई ०५९ असार २५ गते बेलुका घर नजिकैको चिया पसलमा दुई जना मुस्लिम आपसमा झगडा गरिरेको अवस्थामा झगडा छुट्याउन गएको बेला धुमुवा प्रहरीसँग सामान्य विवाद भएपछि प्रहरीले गोली हानी हत्या गरे।

खासकुश्मा गाविस-२ वैरियाका २४ वर्षीय चन्द्रबहादुर सुनारलाई ०५९ कार्तिक १ गते बिहान ७ बजे सुरक्षाकर्मीले माओवादीको आरोपमा हत्या गरे।

शमशेरगञ्ज गाविस-३ चण्डहवाका ३७ वर्षीय जागेश्वर थारूलाई माओवादीले ०५९ कार्तिक ९ गते राति ११ बजे आफ्नै घरबाट अपहरण गरी घरदेखि ५ सय मिटर टाढा लगी गोली हानी हत्या गरे। पीडितको लास खोलाको छेउमा भेटिएको थियो।

माओवादीबाट

फत्तेपुर गाविस-७ का ५० वर्षीय घमण्ड गिरीलाई सुराकीको आरोपमा ०५९ वैशाख १ गते माओवादीले घरबाट अपहरण गरी लगेको तीन दिनपछि लास फेला परेको थियो।

सिद्धार्थ नपा-२ पक्लीहवा रूपन्देही घर भई हाल बाँके जिल्ला शमशेरगञ्ज गाविस-९ पर्सेनीपुर बस्ने भूपू इन्स्पेक्टर ५१ वर्षीय धर्मराज गुरुङ्गलाई ०५८ चैत १० गते बेलुका

माओवादीले अपहरण गरी घरदेखि ५ सय मिटर टाढा गहुँबारीमा लगी गोली हानी हत्या गरे।

नेपालगञ्ज नपा-५ फुलटेक्राका भूपू प्रहरी हवल्दार ४५ वर्षीय नोकबहादुर रावतलाई ०५९ जेठ २१ गते नेपालगञ्जस्थित आफ्नै घरबाट माओवादीले अपहरण गरी जेठ २४ गते राप्ती नदीमा लगी हत्या गरे।

कोहलपुर गाविस-४ निवुवाका २५ वर्षीय चोकबहादुर खत्रीलाई सुराकीको आरोपमा ०५९ जेठ २२ गते राति माओवादीले गाउँ घेरा हाली आफ्नो कब्जामा लिई काठको अचानोमा राखी छिर्काएर हत्या गरे। पीडित वागेश्वरी बहुमुखी क्याम्पस कोहलपुरमा वि. ए. मा अध्ययनरत रहेका थिए। उनको घरमा माओवादीले वम विस्फोट गराई पूर्ण क्षति पुऱ्याए। उक्त घटनामा माओवादीका एक जना कार्यकर्ताको वम विस्फोट गराउँदा मृत्यु भयो।

कोहलपुर गाविस-४ निवुवाका ४१ वर्षीय भोजबहादुर चन्दलाई सुराकीको आरोपमा ०५९ जेठ २२ गते राति माओवादीले गोली हानी हत्या गरे। पीडित प्लान इन्टरनेशनल, बाँकेका कार्यकर्ता थिए। उनको घरमा भएको कार्यालयको रकम ३६ हजार रूपैयाँ र आफ्नो तलव बुझी ल्याएको १४ हजार रूपैयाँ र सुनको सिक्री समेत माओवादीले लगेको घरपरिवार बताउँछन्।

शमशेरगञ्ज गाविस-१ का ४२ वर्षीय मोतिलाल तमौली र सोही गाविस-२ का सोहन अहिर (यादव) लाई माओवादी प्रतिकार समूहमा बसेको र सुराकीको आरोपमा ०५९ असार २५ गते राति माओवादीको एक समूहले लाठी, भाला र खुकुरी प्रयोग गरी निर्ममतापूर्वक हत्या गरे। पीडित मोतिलाल नेकपा (एमाले) का कार्यकर्ता र सोहन राप्रपा कार्यकर्ता हुन्।

नेपालगञ्ज नपा-१६ कोरियनपुरमा गस्तीमा गएका प्रहरी जवान बाराकोट गाविस-८ का २४ वर्षीय देवबहादुर चन्द र डाँडागाउँ गाविस-७ का २२ वर्षीय रामसिंह नेपालीलाई ०५९ असार १ गते बेलुका माओवादीले गोली हानी हत्या गरे।

इलाका प्रहरी कार्यालय अवलसिंह सुर्खेतमा कार्यरत प्रहरी जवान २७ वर्षीय दिलबहादुर थापालाई ०५९ साउन १ गते काजमा नेपालगञ्ज आएको बेला फत्तेपुर गाविस-८ मा परिवारलाई भेटघाट गर्न गएको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

नौवस्ता गाविस-१ उत्तरलदौराका ४५ वर्षीय रामप्रसाद थारूलाई ०५९ भदौ ३० गते राति ९ बजेतिर माओवादीको एक समूहले घरवाट जबरजस्ती निकाली आफ्नो कब्जामा लिएर घर नजिकै लाठी र भाला प्रहार गरी हत्या गरे।

बागेश्वरी गाविस-९ का ४५ वर्षीय त्रिवेणीप्रसाद गुप्ता र ४२ वर्षीय सहाजाद अलिशेषलाई सुराकीको आरोपमा ०५९ असोज ६ गते राति १० बजे माओवादीले गाउँलाई कब्जामा लिई घरबाट बाहिर निकाली निर्ममतापूर्वक यातना दिएर हत्या गरे। उक्त गाउँमा १५ वर्षमाथिका १६ जनालाई कुटपिट गर्दै गोली हान्ने धम्की समेत माओवादीले दिएको स्थानीय बासिन्दा बताउँछन्।

दोहोरो भिडन्त

नौवस्ता गाविस-६ नर्सरीको जंगलमा ०५९ साउन २७ गते सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा १० जना माओवादी कार्यकर्ताको मृत्यु भएको सुरक्षाकर्मीले जनाए। स्थानीयवासीहरूले उक्त इलाकामा कुनै घटना नभएको बताए।

कोहलपुर गाविस-५ भरैयाको जंगलमा ०५९ भदौ ८

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	१	३	४	८	१४	१४	१	२०	३५	२०	११		५४	६५
घाइते	१	१			१	९	१८	२		२०					
बम विस्फोटन						६			६	६	१			१	१
गिरफ्तारी/यातना											९५	१०९	६	१७	१३२
बेपत्ता											४४	५८	३	४	६५
कुटपिट	३	३			३	१०	१४	२		१६	३४	४१	९	१२४	१७४
धम्की						१	३			३	६	७	१		८
महिला अधिकार	१४		१४		१४	३	६	१		७	६	१	५		६
बाल अधिकार	५		५		५						१	१			१
अपहरण	१	१			१	१	२			२					
जम्मा	२९	६	२२	४	३२	४४	५७	७	२६	९०	२०७	२२८	२४	२००	४५२

गते बिहान सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा माओवादीद्वारा घोषित वडा जनसरकार प्रमुख उद्धव, रमिला, रोहित, उज्ज्वल र विवश भनिने ५ जना माओवादी कार्यकर्ताको मृत्यु भएको रक्षा मन्त्रालयले जानकारी दियो। घटनास्थलमा केही नभएको पाइयो।

नौवस्ता गाविस-६ वनखेत स्थित नर्सरीमा नाम नखुलेका ५ जना ०५९ असोज २८ गते माओवादी कार्यकर्ताको दोहोरो मुठभेडमा मृत्यु भएको रक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख गरिए पनि उक्त स्थानमा घटना भएको जानकारी पाइएन।

टिटिहिरीया गाविस-३ मा सुरक्षाकर्मीको ०५९ भदौ ३ गते मुठभेडमा माओवादी कार्यकर्ता गगन, संघर्ष, दिवश, सिद्धान्त तथा धरोहर भनिनेको मृत्यु भएको रक्षा मन्त्रालयले विज्ञप्ति प्रकाशित गरी जनायो। सुरक्षाकर्मीको गाडी आएको र ३/४ फायर गोली चलेको आवाज सुनेको तर लाश नभेटिएको सो ठाउँका बासिन्दाले बताए।

शमशेरगञ्ज गाविस-३ चण्डहवामा ०५९ भदौ ११ गते सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा बाँके-बर्दिया जिल्ला जिल्ला सदस्य जीवन भनिने शेरबहादुर थारू, एरिया कमाण्डर अखण्ड भनिने नवीन थारू, बाँके वनकटवा गाविस-४ जी गाउँका अविनाश भनिने २९ वर्षीय राजेन्द्रप्रसाद दाहालको घटनास्थलमा मृत्यु भयो। पीडितहरूको लास सुरक्षाकर्मीले लगे।

रझेना गाविस-४ मा ०५९ भदौ १३ गते राति ११ बजे सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्तमा गौरव, दर्पण, प्रकाश भनिने समेत ६ जना माओवादी कार्यकर्ताको मृत्यु भएको सुरक्षाकर्मीले बताए। उक्त ठाउँमा कुनै भिडन्त नभएको सो ठाउँका बासिन्दाले बताए।

काठमाण्डौदेखि डडेल्धुरातर्फ आइरहेको रात्री सेवाको बसमाथि ०५९ वैशाख ७ गते राति २ बजे बाँके जिल्ला स्थित बागेश्वरी सशस्त्र प्रहरी गण शमशेरगञ्ज नजिकै अज्ञात स्थलबाट आएको गोली लागी मेलौली गाविस-५ की २० वर्षीय सुनपति क्षेत्रीको घटनास्थलमै मृत्यु भयो भने अर्का यात्रु धादिङ जिल्ला मुलपानी गाविस-३ का पदमबहादुर थापालाई दायाँ खुट्टामा गोली लागी गम्भीर घाइते भए। सुरक्षाकर्मीले माओवादीसँग दोहोरो भिडन्त भएको जनाए।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

नौवस्ता गाविस-७ सुतैयाका २७ वर्षीय राजाराम चौधरीलाई माओवादीको आशंकामा ०५९ असार १९ गते राति खेतमा पानी लगाउन टर्च बालेर जाँदा गस्तीमा गएका सुरक्षाकर्मीले गोली चलाउन गोली लागी घाइते भए।

माओवादीद्वारा हत्या गरिएका भोजबहादुर चन्द र घोकबहादुर वली

पीडितलाई घाइते अवस्थामा सुरक्षाकर्मीले आफ्नो कब्जामा लिएका थिए।

माओवादीबाट

वनकटवा गाविस-४ जीगाउँका गाविसका निवर्तमान अध्यक्ष तथा नेकपा (एमाले) जिल्ला सचिव ३६ वर्षीय भिमबहादुर पुन मगरलाई ०५९ असोज १० गते बिहान राजनीतिक प्रतिशोधका कारण माओवादीले गोली हानी घाइते बनाए। पीडित पुन मोटरसाइकलमा गइरहेको अवस्थामा गोली प्रहार गरिएको थियो।

जेल र बन्दीहरु

"ख" श्रेणीको बाँके जेलको बन्दी क्षमता २ सय जनाको छ। हाल यस जेलमा कैद तोकिएका ७३ पुरूष र १२ महिला गरी ८५ र कैद नतोकिएका १ सय ६७ पुरूष र १२ महिला गरी १ सय ७९ जना बन्दीहरू छन्। यस बाहेक दुई जना आश्रित नाबालक पनि छन्। बन्दीहरूका लागि महिला तर्फ २ र पुरूष तर्फ १६ वटा कोठा रहेका छन्। जेलमा महिला तर्फ १ र पुरूष तर्फ ३ वटा धारा तथा एक/एक वटा पानी ट्याङ्कीको व्यवस्था गरिएको छ। बन्दीहरूको मनोरञ्जनको लागि रंगीन टिभी एक र तीन वटा श्यामश्वेत टि भी उपलब्ध गराइएको छ। बन्दीहरूको अध्ययनको लागि प्राथमिक स्तरको विद्यालयको व्यवस्था गरिएको छ। स्थानीय व्यक्तिहरूलाई हप्ताको २ पटक र बाहिरका व्यक्तिलाई सबै दिन बन्दीहरूसँग भेट गर्न दिइन्छ। जेलमा एक जना डाक्टरको दरबन्दी भए पनि डाक्टर नभएकाले भेरी अञ्चल अस्पतालमा उपचार गर्न लगिन्छ। त्यहाँ पनि उपचार हुन नसकेका सिफारिस अनुसार बाहिर लगिने व्यवस्था भएको जेलर बताउँछन्।

प्रहरी हिरासतमा कुटपिटबाट घाइते भई उपचार हुँदाहुँदै मृत्यु भएका नन्दराम घर्ती

यस जेलमा पुरूषहरूले ढाकाको टोपी बुन्ने, तान काट्ने, उनी तथा अन्य सामान कपडाको धारो कात्ने र महिला बन्दीमा कुनै कामको तालिम नदिइएको जेलर बताउँछन्। यो

जेल जीर्ण छ। वर्षातमा पानी चुहिने र गर्मीमा व्यापक गर्मीले सताउने गरेको बन्दीहरूको गुनासो छ।

थुनामा मृत्यु

नेपालगञ्जस्थित महेश्वरी सशस्त्र गण क्षेत्रीय कार्यालयको नियन्त्रणमा रहेका सशस्त्र प्रहरी जवान केशरबहादुर खत्रीको ०५९ साउन २३ गते दिउँसो मृत अवस्थामा हिरासतमा लास फेला परेको सशस्त्र गणले जनायो। मृतक दाङ जिल्ला सतवरियामा माओवादीले आक्रमण गरेपछि भागेर बर्दिया जिल्ला ठाकुरद्वारामा खत्री माओवादीसँग मिलेर काम गरेको आशंकामा जागिरबाट बर्खास्त गरी सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिएको थियो।

बेपत्ता /अपहरण

राज्यबाट

कचनापुर गाविस-७ टिकुलीपुरका सिद्धार्थ भनिने २१ वर्षीय धिरेन्द्र खड्कालाई ०५८ पुस २१ गते दिउँसो सशस्त्र प्रहरीले सर्च गर्ने क्रममा सोही ठाउँको जंगलबाट गिरफ्तार गरी हालसम्म बेपत्ता पारे।

जुम्ला जिल्ला बड्की गाविस-१ घर भएका २३ वर्षीय सर्जन बहादुर शाहीलाई ०५८ पुस २३ गते नेपालगञ्ज स्थित जमुनाह प्रहरी चौकीबाट खटिएका सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारे। पीडितसँग सुरक्षाकर्मीले ४० हजार रूपैयाँ कब्जामा लिएको थाहा हुन आएको छ।

नौवस्ता गाविस-७ की २३ वर्षीय धनकुमारी चौधरीलाई ०५८ पुस २९ गते चिसापानी ब्यारेकमा हाजिर हुन गएको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। उनलाई अघिल्लो दिन घरमा गई ब्यारेकमा हाजिर हुन पठाउनु भनी बाबु सतिराम चौधरीसँग सुरक्षाकर्मीले अनुरोध गरेका थिए। एक प्रत्यक्षदर्शीले धनकुमारी ब्यारेकभित्र पसेको जानकारी गराएता पनि सुरक्षाकर्मीले सो कुरालाई इन्कार गर्दै आएका छन्।

बर्दिया जिल्ला मोतिपुर गाविस-७ सत्तरीया घर भई माओवादी कार्यकर्ता निर्मल भनिने २२ वर्षीय जगत चौधरीलाई ०५८ माघ ५ गते सुरक्षाकर्मीले कोहलपुर चौराहबाट गिरफ्तार गरी हालसम्म बेपत्ता पारेको घर परिवार बताउँछन्।

रझेना गाविस-६ का ६५ वर्षीय भंगी थारूलाई माओवादीको आशंकामा ०५८ चैत १५ गते इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिआएका प्रहरीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारे।

बर्दिया जिल्ला मोतिपुर गाविस-७ सत्तरीयामा घर भई टिटिरिहिया गाविस-५ थपुवा गाउँबाट ३३ वर्षीय कृष्ण चौधरीलाई ०५९ वैशाख १० गते माओवादीको आरोपमा गस्तीमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारेको परिवार बताउँछन्।

कोहलपुर गाविस-३ सृजनानगरका ३० वर्षीय देवीप्रसाद अधिकारी र एक जना नाम थाहा नभएको व्यक्तिलाई ०५९ वैशाख १४ गते बिहान ९ बजे प्रहरीले माओवादी कार्यकर्ताको आरोपमा सोही गाविस-८ पिपरीबाट गिरफ्तार गरी हालसम्म बेपत्ता पारे।

रझेना गाविस-७ गोवाका २१ वर्षीय गोपाल चौधरीलाई माओवादीको आशंकामा ०५९ जेठ २६ गते कोहलपुर गाविस-४ चप्परगौडीबाट प्रहरीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारे।

कोहलपुर गाविस-६ लखना जामुनेका ३० वर्षीय यज्ञ बुढामगर र १७ वर्षीय नरे बुढामगरलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५९ जेठ २६ गते बिहान गस्तीमा आएका सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी हालसम्म बेपत्ता पारे।

कोहलपुर गाविस-६ जामुनेका १८ वर्षीय गगन बुढामगरलाई माओवादीमा संलग्न भएको आशंकामा ०५९ जेठ २६ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी हालसम्म बेपत्ता पारे। पीडित श्रीराम मावि बैजापुरमा कक्षा ७ मा अध्ययनरत थिए।

बनकटवा गाविस-३ का ३८ वर्षीय माधव लामिछाने र नाम ठेगाना थाहा नभएका एक माओवादी कार्यकर्ता १८

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका धनकुमारी चौधरी नरे बुढा मगर र प्रतिमा गौतम

वर्षीय मीना चौधरीलाई ०५९ असार १ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू मध्ये माधव लामिछानेलाई माओवादीलाई खाना खुवाएको आरोपमा प्रहरी गुल्म बाँकेमा राखिएको र मीना चौधरीलाई हालसम्म बेपत्ता पारिएको छ।

सीतापुर गाविस-७ ए गाउँ घर भई महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा आई. ए. दोस्रो वर्षमा अध्ययनरत २२ वर्षीय प्रतिमा गौतमलाई ०५९ मंसिर २५ गते उठारापुर गाविस-२ पुरैनास्थित घरमा माओवादी गतिविधिबारे छलफल गरिरहेको समयमा प्रहरीले घर छापा मारी प्रतिमा गौतमलाई प्रहरीले आफ्नो कब्जामा लिई कुटपिट गर्दै गिरफ्तार गरी हालसम्म बेपत्ता पारे।

कोहलपुर गाविस-३ कालिकानगरका ४८ वर्षीय धनबहादुर विक, १९ वर्षीय हिक्मत विष्ठ, २८ वर्षीय राममिलन भंगी (बाल्मिकी), १६ वर्षीय पेन्टा वि. क. लाई ०५९ वैशाख १३ गते, सोही ठाउँका १९ वर्षीय टेकबहादुर विश्वकर्मालाई ०५९ वैशाख १३ गते, रझेना गाविस-२ मैटवाका १६ वर्षीय पवन कुमार थारूलाई ०५९ असार १६ गते, रझेना गाविस-८ का ५२ वर्षीय रतन थारूलाई ०५८ माघ ११ गते, महादेवपुरी गाविस-५ ढकेरीका २१ वर्षीय राजीव शाहीलाई ०५८ माघ ११ गते, कोहलपुर गाविस-३ बसपार्कका ३१ वर्षीय रामप्रसाद पोखरेललाई ०५८ माघ ११ गते, शमशेरगञ्ज गाविस-३ का ४३ वर्षीय भगवती थारूलाई ०५९ वैशाख ४ गते, सोही गाविसका २९ वर्षीय राजकुमार थारू र सोही ठाउँका २५ वर्षीय पहाडीया थारूलाई ०५९ वैशाख ४ गते, कोहलपुर गाविस-३ का २६ वर्षीय ईश्वरी सुवेदीलाई ०५९ जेठ २० गते, कोहलपुर गाविस-२ का अनेरास्ववियु (क्रान्तिकारी) का पूर्व जिल्ला अध्यक्ष १८ वर्षीय महेन्द्र विक्रम वली र निर्माण चौधरी एक जनालाई ०५८ फागुन २३ गते, कोहलपुर गाविस-४ का २७ वर्षीय जीनबहादुर पुन र सोही ठाउँका २६ वर्षीय चन्द्रबहादुर विश्वकर्मालाई ०५९ वैशाख ३० गते, वनकटवा गाविस-८ का ४३ वर्षीय रामप्रसाद थारूलाई ०५८ फागुन १० गते, नौवस्ता गाविस-८ बानियभारका २३ वर्षीय कर्णबहादुर थारूलाई ०५९ साउन २९ गते सुरक्षाकर्मीले विभिन्न आरोप लगाउँदै हालसम्म बेपत्ता पारे।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका दलबहादुर थापा उनकी पत्नी पार्वती थापा
छोरी दिपा थापा बाबुको साथ २ घाइते अवस्थामा

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

दाङ जिल्ला गोबर्डिया गाविस-३ का जिल्ला निर्वाचन कार्यालय, बाँकेमा पियन पदमा कार्यरत २० वर्षीय रामपाल थारूलाई ०५९ असोज १४ गते राति १० बजेतिर जिल्ला प्रशासन कार्यालय बाँकेका प्रशासकीय शाखा अधिकृत वासुदेव कोइरालाले मदिरा सेवन गरी कुटपिट गरी जागिर खाइदिने धम्की दिए।

महादेवपुरी गाविस-७ का ४० वर्षीय जोशी कुमार थापालाई ०५८ पुस २६ गते, वनकटुवा गाविस-८ का ४५ वर्षीय गणेश खत्रीलाई ०५८ पुस २८ गते, नौवस्ता गाविस-७ सुनैयाका २९ वर्षीय श्यामबहादुर थापालाई ०५८ पुस २९ गते, नौवस्ता गाविस-४ का २७ वर्षीय रामबहादुर थारूलाई ०५८ माघ १ गते, महादेवपुरी गाविस-६ का ३८ वर्षीय टोपबहादुर खड्कालाई ०५८ माघ २ गते, नौवस्ता गाविस-६ का १७ वर्षीय शिलकुमार थारूलाई ०५८ माघ २ गते, कालिकोट जिल्ला कालिका गाविस मूग्राहका २६ वर्षीय अमरराज शाहीलाई ०५८ माघ २६ गते, नेपालगञ्ज नपा-१६ का ३५ वर्षीय दरका नाईलाई ०५८ माघ २७ गते, महादेवपुरी गाविस-८ पेनारीका ३२ वर्षीय प्रेमबहादुर विकलाई ०५८ फागुन १० गते कोहलपुर गाविस-९ का ३५ वर्षीय रामदयाल थारूलाई ०५८ फागुन ७ गते, कोहलपुर गाविस-३ का ४२ वर्षीय लालबहादुर शाहीलाई ०५८ फागुन २२ गते, कोहलपुर गाविस-५ का ३२ वर्षीय अतुवारी थारू, ३० वर्षीय राधेश्याम थारू, २८ वर्षीय कुरकुट थारू, २५ वर्षीय शिवचरण थारू र १८ वर्षीय टिकाराम जैसीलगायत २४/२५ जनालाई ०५८ माघ १५ गते, वैजापुर गाविस-३ का ४५ वर्षीय जीतबहादुर चौधरी, ६० वर्षीय पासीराम थारूलाई ०५९ वैशाख ६ गते, कम्दी गाविस-६ का चुन्नु क्षेत्रीलाई ०५९ वैशाख १३ गते महादेवपुरी गाविस-१ की १९ वर्षीय दिलमाया दर्लामी, १७ वर्षीय धनकुमारी दर्लामी र १६ वर्षीय यामकुमारी दर्लामी मगर, वैजापुर गाविस-५ का ४५ वर्षीय टिकाराम चौधरी र उनका छोरा बालकृष्ण चौधरीलाई ०५८ चैत ३० गते, वनकटवा गाविस-८ का ३२ वर्षीय धुन्सुराम थारू, २८ वर्षीय शिवहरी थारू र ३२ वर्षीय श्रीराम थारूलाई ०५८ फागुन ९ गते विभिन्न आरोप लगाई सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

शमशेरगञ्ज गाविस-१ र २ मा पर्ने अकलघरूवाका १६ वर्ष माथिका पुरूषहरूलाई घरबाट निकाली गाउँको बीच कुवामा लगी २५ वर्षीय रमेश नमौली, ३२ वर्षीय

रामकुमार यादव, २५ वर्षीय धनिराम यादव, २० वर्षीय इन्दल यादव, ६२ वर्षीय राम मिलन तमोली र ४० वर्षीय जगदीश अहिरलाई सुराकीको आरोपमा ०५९ असार २५ गते राति लाठी, भाला र बन्दुकको कुन्दाले मरणासन्न हुने गरी कुटपिट गरे।

बागेश्वरी गाविस-९ भण्डारीयाका ६० वर्षीय चेनप्रसाद शर्मालाई ०५९ असोज ६ गते राति माओवादीले गाउँलाई आफ्नो कब्जामा लिई लाठी र भाला प्रयोग गरी मरणासन्न हुने गरी कुटपिट गरे। गाउँका १२ जनालाई समेत धम्की दिई कुटपिट गरे। पीडित शर्मालाई उपचारार्थ भेरी अञ्चल अस्पतालमा ल्याएको र माओवादीको यातनाबाट दायाँ हात समेत काट्नु पर्‍यो भने बायाँ हात काम नलाग्ने अवस्थामा रहेको चिकित्सकहरू बताउँछन्।

खासकुश्मा गाविस-६ की ४५ वर्षीय धन कुमारी, २२ वर्षीय दिला भण्डारी, २४ वर्षीय शेरबहादुर भण्डारी र ६० वर्षीय ठाकुरप्रसाद थापालाई पश्चिम नेपाल बन्द आह्वान उल्लंघन गरी काम गरेको आरोपमा ०५९ भदौ ३१ गते आ-आफ्नै घरमा आई माओवादीले कुटपिट गरी गोली हान्ने धम्की दिए।

खासकुश्मा गाविस-१ का २८ वर्षीय भीमबहादुर खड्कालाई ०५८ पुस २४ गते, बैजापुर गाविस-३ का ५० वर्षीय हिरामणि चौधरी र उनकी छोरा बुहारी ३५ वर्षीय गोमा चौधरी र सोही ठाउँका ३० वर्षीय खुशीराम थारूलाई ०५९ वैशाख ९ गते, नियापुर गाविस-६ का ४७ वर्षीय कमल खाँलाई ०५९ वैशाख १० गते, कचनापुर गाविस-५ मधवाका ३२ वर्षीय कलुवा थारूलाई ०५९ जेठ ११ गते, शमशेरगञ्ज गाविस- का ४० वर्षीय राममिलन तमौलीलाई ०५९ असार ५ गते, शमशेरगञ्ज गाविस-७ का १८ वर्षीय सन्तोष कुमार तमौलीलाई ०५९ असार ५ गते विभिन्न आरोप लगाई माओवादीले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुई वटा अदालत छन्। यस वर्ष पुनरावेदन अदालतमा देवानी ३ सय ७९ र फौज्दारी १ सय ६४ वटा मुद्दा दर्ता भएकोमा देवानी १ सय ३८ फर्स्योट भए र फौज्दारी ४६ फर्स्योट भए। दुई वर्षसम्म नाघेका मुद्दाको जिम्मेवारी सरेका देवानी २ र फौज्दारी ५ रहेका छन्। यस वर्ष बन्दी प्रत्यक्षीकरण मुद्दामा २ वटा दर्ता भएकोमा एउटा मात्र फर्स्योट भयो। यस वर्ष रिट निवेदनमा १ सय ९ दर्ता भएकोमा ५८ वटा फर्स्योट भए। दुई वर्ष नाघेका ३ वटा मुद्दा छन्।

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका जगदीश अहिर

यस वर्ष जिल्ला अदालतमा देवानी १ हजार १ सय ५६ मुद्दा दर्ता भएकोमा २ सय ९९ मात्र फर्स्योट भए भने फौज्दारी १ सय ५१ दर्ता भएकोमा ४४ वटा मात्र फर्स्योट भए। गत वर्षको जिम्मेवारी सरेका देवानी ७ सय ९५ र फौज्दारी ९८ मुद्दा अझै बाँकी छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

कोहलपुर गाविस-३ का १६ वर्षीय चेतकान्त भण्डारीलाई पैसा चोरेको आरोपमा ०५९ जेठ २९ गते इलाका प्रहरी कार्यालयबाट खटिएका प्रहरीले गिरफ्तार गरे। पीडित भण्डारी त्रिभुवन मावि कोहलपुरमा कक्षा १० मा पढिरहेको अवस्थामा एक्कासी छिमेकी भारतीय लाहुरेको घरमा राखेको भारू १० हजार चोरीको अभियोगमा प्रहरीले गिरफ्तार गरी कुटपिट र यातनाबाट साबित गराए। पीडित हिनताबोधका कारणले विष खाई आत्महत्या गर्न खोज्दा तत्काल उपचारका लागि लगियो।

बनकटुवा गाविस-४ जी गाउँका ३१ वर्षीय कुबेर रिजाललाई ०५८ पुस १७ गते सुरक्षाकर्मीले आफ्नै घरबाट माओवादी गतिविधिमा लागेको आरोपमा गिरफ्तार गरे। पीडितलाई तीन महिनापछि तारेखमा रिहा गरियो।

नौबस्ता गाविस-८ नेउलापुरका ३३ वर्षीय विषराम थारू र सोही ठाउँका ३० वर्षीय प्रेमबहादुर थापालाई ०५८ पुस २१ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। विषराम एमालेका सक्रिय कार्यकर्ता र प्रेमबहादुर सोही ठाउँमा पसल गरी बस्ने साधारण व्यक्ति थिए। पीडितहरूलाई चिसापानी ब्यारेकबाट माघ २० गते तारेखमा रिहा गरियो। पीडित मध्येका विषराम थारूलाई पटक पटक गिरफ्तार गरी मानसिक यातना दिइएको पीडितले बताए।

नौबस्ता गाविस-५ मछनीयाका ३२ वर्षीय विविक चौधरीलाई ०५८ पुस २१ गते बिहान आफ्नै खेतमा काम गरिरहेको अवस्थामा सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। पीडितलाई छानबिन गरी ६ दिनपछि रिहा गरियो। हिरासतमा पीडितलाई मानसिक यातना दिइएको बताए।

नेपालगञ्जस्थित बीबीसी सम्वाददाता एवं रेडियो नेपालका स्थानीय सम्वाददाता २५ वर्षीय शरद कंसीलाई ०५८ पुस २१ गते दिउँसो सुरक्षाकर्मीले रेडियो नेपाल नेपालगञ्ज कार्यालयबाट आँखामा

पट्टी बाँधेर फुलटेकका स्थित सैनिक क्याम्पमास विना पूर्जी गिरफ्तार गरे। पीडितलाई सोधपुछ गरी दुई घण्टापछि रिहा गरियो।

नेपालगञ्ज स्थित औद्योगिक क्षेत्र मित्र संचालन भइरहेको भवन नं. १६ मा दुर्गा इन्जिनियरिङ्ग वर्कसपमा कार्यरत ३० वर्षीय गोविन्द गिरी र २८ वर्षीय सुभाष भण्डारीलाई ०५८ पुस २७ गते सुरक्षाकर्मीले माओवादीका बारेमा जानकारी दिन भनी गिरफ्तार गरे। पीडितहरू मध्ये सुभाषलाई तीन दिनपछि रिहा गरियो भने गोविन्दलाई दुई हप्तापछि रिहा गरियो।

बिलौना गाविस-५ का २९ वर्षीय कमल खड्कालाई माओवादीको आरोपमा ०५८ पुस २७ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई हाल जिल्ला कारागारमा राखिएको छ।

रझेना गाविस-८ का ५३ वर्षीय भूपाल पाठकलाई माओवादीको आरोपमा ०५८ माघ ९ गते राति सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई ०५९ असोज २४ गते तारेखमा रिहा गरियो।

कोहलपुर गाविस-५ भरैयाका ५५ वर्षीय मुन्सी थारूलाई माओवादीको आरोपमा ०५८ माघ ११ गते सशस्त्र प्रहरी बलले आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई कहिले कारागार र कहिले प्रहरी गुल्ममा राख्दै पछि रिहा गरियो।

महादेवपुरी गाविस-२ उदायनमा अनेमसंघ (क्रान्तिकारी) जिल्ला सदस्य २२ वर्षीय चम्फा विश्वकर्मालाई ०५८ माघ १३ गते सुरक्षाकर्मीले बागेश्वरी गाविस-२ बाट गिरफ्तार गरे। पीडितलाई हाल नजरबन्दमा राखिएको छ।

खासकुश्मा गाविस-२ का ३३ वर्षीय रामबहादुर वलीलाई माओवादीको आरोपमा ०५८ माघ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी चिसापानी ब्यारेकमा राखियो। पीडित हाल रिहा भइसकेका छन्।

नौवस्ता गाविस-२ सुकुम्बासी टोलमा बस्दै आएका माओवादी जिल्ला सचिव ३० वर्षीय जगत भण्डारीलाई माओवादी भएको आशंकामा ०५८ माघ २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई डेढ महिनापछि रिहा गरियो।

वनकटवा गाविस-८ छमनीयाका ४० वर्षीय सिताराम थारूलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५८ फागुन ९ गते राति सुरक्षाकर्मीले घरमा छापा मारी गिरफ्तार गरे। पीडितलाई गम्भीर यातना दिई १३ दिनपछि रिहा गरियो।

महादेवपुरी गाविस-२ की गणेश माध्यमिक विद्यालय ढकेरीमा कक्षा-६ मा अध्ययनरत १३ वर्षीय ज्योतिकुमारी वलीलाई माओवादीको आरोपमा ०५८ फागुन ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माओवादी घरमा आएपछि सूचना पठाउने शर्तमा एक हप्तापछि रिहा गरियो। माओवादी आफ्नो घरमा नआएका सूचना नपाएपछि सुरक्षाकर्मीले पटक-पटक घरमा आई दुःख दिने गरेको पीडित बताउँछिन्। उनका परिवारका अन्य सदस्य माओवादीमा गएको स्वीकार्दै आफू उक्त पार्टीमा नभई पढाईलाई निरन्तरता दिएको बताउँछिन्।

महादेवपुरी गाविस-१ का तत्कालीन वडाध्यक्ष २८ वर्षीय शिवु रानामगरलाई माओवादीलाई खाना खुवाई सहयोग गरेको आरोपमा ०५८ फागुन २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित नेकांका सक्रिय कार्यकर्ता थिए। पीडितलाई ०५९ जेठमा रिहा गरियो।

कोहलपुर गाविस-३ का ३० वर्षीय तेजप्रसाद शर्मा (चापागाई) लाई माओवादीको आरोपमा ०५८ फागुन २८ गते सुरक्षाकर्मीले आफ्नै घरमा सुतिरहेको अवस्थामा घरमा छापा मारी गिरफ्तार गरे। पीडितलाई हाल जेल चलान गरिएको छ।

नेपालगञ्ज नपा स्थित औद्योगिक क्षेत्रभित्र भवन नं. १६ मा सञ्चालन सिद्धार्थ इन्जिनियरिङ्ग वर्कसपका शेयरधनी ३८ वर्षीय नवराज पुरीलाई माओवादीको आरोपमा ०५८ चैत २ गते सुरक्षाकर्मीले रझेना गाविस-३ स्थित घरबाट छापा मारी गिरफ्तार गरे। पीडितलाई चिसापानी सैनिक ब्यारेकमा राखियो।

रूकुम जिल्ला कोटजहारी गाविस-७ स्थायी घर भई हाल नेपालगञ्ज नपा-५ सल्यानीबागमा मल्ल होटल सञ्चालन गरी बसेका ३० वर्षीय भद्रबहादुर मल्ललाई ०५८ चैत ३१ गते भक्तबहादुर मल्ल भनी प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०५९ साउन २ गते तारेखमा रिहा गरियो।

कोहलपुर गाविस-४ चप्परगौडीका २८ वर्षीय राजु भनिने गोपाल थापा क्षेत्रीलाई ०५९ वैशाख १६ गते बिहान ११ बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीले सोही ठाउँ स्थित आफ्नै पान पसलबाट गिरफ्तार गरे। पीडितलाई वैशाख १७ गते चिसापानी ब्यारेकबाट रिहा गरिएको र थप रिपोर्टका आधारमा वैशाख १८ गते पुनः सुरक्षाकर्मीले गिरफ्तार गरी ०५९ जेठमा रिहा गरियो।

शमशेरगञ्ज गाविस-६ चौधरी गाउँका ६० वर्षीय हरिराम थारू र सोही गाविस-६ का ४१ वर्षीय मुन्सी थारूलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५९ जेठ ४ गते बिहान ६ बजे सुरक्षाकर्मीले सोही ठाउँ नजिकै आफ्नै दाइको घरमा गएको अवस्थामा गिरफ्तार गरे। पीडितलाई जिल्ला कारागारबाट ९ महिनापछि रिहा गरियो।

शमशेरगञ्ज गाविस-५ का ६६ वर्षीय झुर्रा थारूलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५९ जेठ ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल सशस्त्र प्रहरी क्याम्पमा राखिएको छ।

कचनापुर गाविस-५ मधुवाका २७ वर्षीय घनश्याम शाहीलाई ०५९ जेठ १० गते आफन्तको घरमा कामको लागि आएको अवस्थामा महादेवपुरी गाविस-७ बाट सशस्त्र प्रहरी बलले गिरफ्तार गरे। पीडितलाई हाल सशस्त्र प्रहरी क्याम्प शमशेरगञ्जमा राखिएको छ।

शमशेरगञ्ज गाविस-५ चौधरी गाउँका ४० वर्षीय फग्गु थारूलाई बलले माओवादीको आरोपमा ०५९ जेठ ११ गते

प्रहरीले आफ्नै घरबाट विहानै लगाई गिरफ्तार गरे। पीडितलाई हाल सशस्त्र क्याम्पमा राखिएको छ।

कचनापुर गाविस-५ का ३३ वर्षीय चुलुवा थारू र सोही ठाउँका २३ वर्षीय हरिवहादुर खत्रीलाई माओवादीको आशंकामा ०५९ जेठ १२ गते विहान सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरूलाई हाल शमशेरगञ्ज सशस्त्र क्याम्पमा राखिएको छ।

नेपालगञ्ज नपा-१७ घर भई सोही नपा-१२ चारवाहिनी स्थित कानुनी उपचार केन्द्रका अधिवक्ता ५० वर्षीय टिकाजंग सिंहलाई ०५९ जेठ १५ गते आफ्नै ल फर्मबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई विरामी अवस्थामा चिसापानी व्यारेकमा राखिएको र औषधि लिएर परिवार पटक-पटक भेटघाट भएको बताउँछन्।

फत्तेपुर गाविस-८ जरैयाका १८ वर्षीय राजु चौधरीलाई माओवादीको आशंकामा ०५९ जेठ २६ गते कोहलपुर गाविस-४ चप्परगौडीबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई आफन्तको घरमा आएको अवस्थामा गिरफ्तार गरिएको थियो। उनलाई ०५९ असोज २५ गते तारेखमा रिहा गरियो।

कोहलपुर गाविस-६ खलनाका १८ वर्षीय भरत वुढामगर, १६ वर्षीय भिमवहादुर वुढामगर, २६ वर्षीय इन्द्रवहादुर घर्तीमगर, २१ वर्षीय धनवहादुर घर्तीमगर, १७ वर्षीय धनवीर घर्तीमगर, ३० वर्षीय भीमवहादुर खत्री, २२ वर्षीय लालवहादुर खत्री, २६ वर्षीय कर्णवहादुर वुढा, २४ वर्षीय योगेन्द्र ढकाल र ३५ वर्षीय ओमप्रकाश श्रेष्ठलाई ०५९ जेठ २६ गते विहान ५ बजे गस्तीमा आएका सुरक्षाकर्मीले घरमा छापा मारी गिरफ्तार गरे। पीडितहरू मध्ये ओमप्रकाश श्रेष्ठलाई २१ दिनपछि तारेखमा रिहा गरियो भने अन्यलाई ०५९ भदौ २४ गते रिहा गरियो।

वर्दिया जिल्ला नेउलापुर गाविस-९ गोडनपुरका विवश भनिने २६ वर्षीय दिपवहादुर वोगटी, कालिकोट जिल्ला नामीकोट गाविस-८ का ३० वर्षीय कटकवहादुर शाहीलाई माओवादीको आशंकामा ०५९ असार ३ गते बेलुका नेपालगञ्ज नपा-२ घरवारीटोल स्थित वसन्त होटलमा खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई यातना दिई अशक्त वनाएको र यातनाबाट गम्भीर रूपमा चिन्ताजनक अवस्था भएपछि दुई दिनपछि रिहा गरी तत्काल भेरी अञ्चलमा उपचार गर्न पठाइयो।

नौवस्ता गाविस-८ वानियाभारका २२ वर्षीय सिताराम थारूलाई ०५९ साउन २१ गते दिउँसो कोहलपुर वजारबाट चामल खरीद गरी साइकलमा घर ल्याइरहेको अवस्थामा गस्तीमा आएका सुरक्षाकर्मीले माओवादीको निम्ति चामल ल्याएको आरोपमा घर नजिकै रत्न राजमार्गबाट गिरफ्तार गरे।

वर्दिया जिल्ला मोहम्मदपुर गाविस-८ की २१ वर्षीय जानकी चौधरी र मोतिपुर गाविस-७ का २२ वर्षीय कृष्ण चौधरीलाई माओवादीको आरोपमा ०५९ वैशाख ८ गते दिउँसो वाँके जिल्लाको फत्तेपुर गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

कोहलपुर गाविस-२ शान्तिनगरका ४२ वर्षीय ऋषि पोखरेललाई माओवादीको आरोपमा ०५९ साउन ४ गते दिउँसो सादा पोशाकमा आएका सुरक्षाकर्मीले तपाईसँग काम छ भनी बोलाएर गिरफ्तार गरे। पीडितलाई पटक पटक गिरफ्तार गर्ने र तारेखमा रिहा गर्ने गरिएको छ। पहिलोपटक गिरफ्तार गरेर जेठ २८ गते तारेखमा रिहा गरियो भने पछिल्लो पटक ०५९ असोज १७ गते तारेखमा रिहा गरियो।

नेपालगञ्ज नपा-१३ भृकुटीनगर अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य २३ वर्षीय सुरेश वलीलाई ०५९ कार्तिक २४ गते सुरक्षाकर्मीले घर छापामारी गिरफ्तार गरे। पीडितले संगठन छोडेर पढाइमा निरन्तर दिएको हुनाले ०५९ मंसिर १० गते तारेखमा पृतना हेडक्वाटर इमामनगरबाट रिहा गरियो।

नौवस्ता गाविस-२ जब्दहवाका २२ वर्षीय ओविराम थारूलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५९ भदौ १० गते गस्तीमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई इलाका प्रहरी कार्यालयमा राखी २५ दिनपछि तारेखमा रिहा गरियो।

कोहलपुर गाविस-३ का ४३ वर्षीय नारायण लम्सालालाई ०५९ साउन ४ गते दिउँसो सुरक्षाकर्मीले माओवादीलाई सहयोग गरेको आरोपमा गिरफ्तार गरे। पीडितलाई पृतना हेडक्वाटर इमामनगरबाट ०५९ असोज १७ गते तारेखमा रिहा गरियो।

नेपालगञ्ज नपा-१३ भृकुटीनगरका भूपू प्रहरी असई ४७ वर्षीय पञ्चनारायण श्रेष्ठलाई ०५९ भदौ १६ गते राति सुरक्षाकर्मीले घर छापामारी माओवादीलाई सहयोग गरेको आरोपमा गिरफ्तार गरे। पीडितलाई हाल चिसापानी व्यारेकमा राखिएको घरपरिवारले जानकारी दिए।

नौवस्ता गाविस-८ वानियाभारका २५ वर्षीय फूलराम चौधरी र सोही ठाउँका १८ वर्षीय राजवहादुर थारूलाई माओवादीको आशंकामा ०५९ भदौ १३ गते विहान सुरक्षाकर्मीले घरमा छापामारी गिरफ्तार गरे। पीडित फूलराज चौधरी कृष्ण जन्माष्टमीको दिन व्रत वसेका र राति उठेर वत्ती हाली घरवाहिर भित्र गर्ने क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरेको घरपरिवार वताउँछन्। पीडितहरूलाई चिसापानी व्यारेकमा राखिएको छ।

रोल्पा जिल्ला लिवाङ घर भएका ३४ वर्षीय चन्द्रप्रकाश घर्तीमगर र नाम ठेगाना थाहा नभएकी एक महिलालाई माओवादीको आरोपमा ०५९ असोज १४ गते नेपाल-भारत सीमाना स्थित जमुनाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई अनुसन्धानको लागि प्रहरी गुल्ममा राखिएको छ।

वेलहनी गाविस-९ उचवास्थित घर भई जनमोर्चा नेपाल, वाँके जिल्ला कमिटीका उपाध्यक्ष ४६ वर्षीय कमलप्रसाद अधिकारीलाई ०५९ मंसिर १६ गते वेलुका नेपालगञ्ज

सदरमुकामबाट घरतर्फ गइरहेको अवस्थामा पुरैना गाविसको विर्ता भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

महादेवपुरी गाविस-२ बुचापुरका ४६ वर्षीय डम्बरबहादुर शाही र ५० वर्षीय वीरबहादुर वलीलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५९ मंसिर २० गते राति सुरक्षाकर्मीले घर छापामारी गिरफ्तार गरे। पीडितहरूलाई चिसापानी क्यारेकबाट एक महिनापछि तारेखमा रिहा गरियो।

कोहलपुर गाविस-५ भरैयाका ५५ वर्षीय मुन्सी थारूलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५८ माघ १५ गते प्रहरीले आफ्नै घरबाट कुटपिट गर्दै गिरफ्तार गरे। पीडितलाई प्रहरी गुल्म बाँके राखी कारागार चलान गरी मानसिक तथा शारीरिक यातना दिने गरेको पीडित बताउँछन्।

यस वर्ष फत्तेपुर गाविस-८ की ५५ वर्षीय सोहनीया थारू र सोही गाविस-७ की ३२ वर्षीय माघी थारूलाई ०५८ पुस १७ गते, वनकटुवा गाविस-४ जी गाउँका ४५ वर्षीय लिलासिंह गिरी र सोही ठाउँका ३० वर्षीय राजु सापकोटालाई ०५८ पुस १७ गते, नौवस्ता गाविस-३ गनापुरका ५१ वर्षीय हिरालाल सुनारलाई ०५८ पुस १७ गते, सोही गाविस-८ नेउलापुरका ३० वर्षीय भोटे वादीलाई ०५८ पुस १७ गते, वर्दिया जिल्ला वेलवा गाविस-७ घर भई प्लान इन्टरनेशनल नेपाल, कोहलपुर शाखामा कार्यरत २८ वर्षीय दिलबहादुर सुनारलाई ०५८ पुस २३ गते, वनकटुवा गाविस-६ वनकट्टीका ३० वर्षीय शिवप्रसाद थारू, ३५ वर्षीय गेहेन्द्र थारू, २५ वर्षीय रामचिरत थारू, २७ वर्षीय अयोध्या थारू, २५ वर्षीय जलमता थारू, २३ वर्षीय सिना सुनार, ३० वर्षीय गोहिनी थारू, ३५ वर्षीय टिकाराम थारू, २७ वर्षीय मो. गुलाफ दर्जी, २२ वर्षीय सरिक दर्जी, ४२ वर्षीय नरूसलाम दर्जी, २३ वर्षीय भिखु थारूलाई ०५८ पुस २७ गते, जाजरकोट जिल्ला पजारू गाविस-१ जग्तीपुर घर भई बाँके नौवस्ता गाविस-६ वनखेतमा आफन्तको घरमा आएका ३४ वर्षीय वीरभद्र बुढा र नेरा प्रा. वि. घाईराका शिक्षक २८ वर्षीय गोविन्द आचार्यलाई ०५८ माघ ९ गते, वैजापुर गाविस-६ खैरीका २३ वर्षीय चिलबहादुर थारूलाई ०५८ पुस १९ गते, जाजकोट जिल्ला घर भई बाँके नौवस्ता गाविस-६ वनखेतमा आफन्तको घरमा आएका २६ वर्षीय केशवप्रसाद शर्मालाई ०५८ माघ १९ गते, नौवस्ता गाविस-८ बानियाभारका २४ वर्षीय झलकचन्द्रलाई ०५९ वैशाख ४ गते, कोहलपुर गाविस-३ कालिकानगरस्थित घर भई हाँक साप्ताहिक सम्वाददाता २५ वर्षीय रघुनाथ पौड्याल र जनएकता साप्ताहिकका २३ वर्षीय गंगेलाल कार्कीलाई ०५९ कार्तिक ९ गते, कोहलपुर गाविस-३ कालिकानगर स्थित घर भई रझेना गाविस-३ स्थित श्रीराम जानकी विद्या निकेतन बोर्डिङ्ग स्कुलका शिक्षक २६ वर्षीय नरबहादुर विश्वकर्मालाई ०५९ मंसिर ६ गते, महादेवपुरी गाविस-४ का १७ वर्षीय रमेश खड्का र १६ वर्षीय भूपेन्द्र खड्कालाई ०५८ फागुन ११ गते, सल्यान जिल्ला देवस्थल गाविसका अध्यक्ष ३५ वर्षीय दिल्लीबहादुर वि. सी. लगायत तीन जनालाई ०५८ फागुन १० गते, रझेना गाविस-७ का ४० वर्षीय तालुकदार थारूलाई ०५८ पुस २७ गते, नौवस्ता गाविस-२ सुकुम्बासी टोलका ३२ वर्षीय धनबहादुर बुढालाई ०५८ फागुन १४ गते, बाजुरा जिल्ला कालासीला गाविस स्थित उपस्वास्थ्यचौकीमा कार्यरत २८ वर्षीय विष्णुप्रसाद सञ्याललाई ०५८ फागुन २४ गते, नेपालगञ्ज नपा घर भई पुनरावेदन बार इकाईका तत्कालीन अध्यक्ष ३५ वर्षीय शालिकराम सापकोटालाई ०५८ फागुन २८ गते, नेपालगञ्ज नपा-२ घरवारी टोल घर भई नेपालगञ्ज उद्योग वाणिज्य संघका सदस्य एवं जनमोर्चा नेपालका कार्यकर्ता ३२ वर्षीय दामोदर आचार्यलाई ०५८ फागुन २८ गते, नेपालगञ्ज नपा-३ बागेश्वरी टोलका व्यापारी ४५ वर्षीय मजीद मनियार (सिद्धिकी) लाई ०५८ फागुन २८ गते, सोही नपा-२ धम्बोजी चोकका २७ वर्षीय नारायण प्रसाईलाई ०५८ फागुन २८ गते, रझेना गाविस-३ स्वतन्त्रनगरका ३८ वर्षीय विष्णुकुमार अर्याललाई ०५८ चैत २ गते, रझेना गाविस-३ स्वतन्त्रनगर घर भई सोही ठाउँमा संचालित उप्रेती पोल एण्ड पाइप कम्पनी (प्रा. लि.) का चौकीदार ४५ वर्षीय गोपालप्रसाद भुसाललाई ०५८ चैत २ गते, कम्दी गाविस-९ घर भई महादेवपुरी गाविस-७ मा दाजुको घरमा गएको अवस्थामा २६ वर्षीय पूर्णबहादुर रावत र दाजु चन्द्रबहादुर रावतलाई ०५८ चैत ४ गते, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा अध्ययनरत २२ वर्षीय दलबहादुरलाई ०५८ पुस १९ गते, महादेवपुरी गाविस-६ घर भई सोही गाविस-७ स्थित भगवती प्राविका प्रधानाध्यापक ४७ वर्षीय कमान सिंह खनाललाई ०५९ वैशाख २५ गते, कोहलपुर गाविस-२ का ३२ वर्षीय प्रमोद श्रेष्ठलाई ०५९ वैशाख २६ गते, नौवस्ता गाविस-८ का १७ वर्षीय सूर्यबहादुर शाहलाई ०५९ जेठ १९ गते, कोहलपुर गाविस-४ का २५ वर्षीय भगवती चौधरीलाई ०५९ जेठ २५ गते, फत्तेपुर गाविस-८ का ३८ वर्षीय ताराबहादुर थापालाई ०५९ जेठ २६ गते, फत्तेपुर गाविस-७ का ४३ वर्षीय लालबहादुर थापा र सोही गाविस-८ का ४० वर्षीय नागप्रसाद कसेरालाई ०५९ जेठ २६ गते, शमशेरगञ्ज गाविस-६ का ६२ वर्षीय राम लौटन थारूलाई ०५९ असार १ गते, नौवस्ता गाविस-८ का २७ वर्षीय प्रकाश के.सी.लाई ०५९ जेठ १३ गते, कोहलपुर गाविस-४ का २१ वर्षीय राजेश चौधरीलाई ०५९ असार १४ गते, कोहलपुर गाविस-४ लक्ष्मी किराना पसलमा काम गर्ने १७ वर्षीय गोपाल चौधरी र १९ वर्षीय राधनी चौधरीलाई ०५९ जेठ २८ गते. बागेश्वरी गाविस-२ का २४ वर्षीय क्रान्ति भनिने अन्तरिक्ष देवकोटालाई ०५८ चैत ९ गते, नौवस्ता गाविस-७ का ४२ वर्षीय पुष्पराज लामिछाने र सोही ठाउँका ४८ वर्षीय लोहन चौधरीलाई ०५८ चैत २८ गते, कोहलपुर गाविस-३ विद्युतमार्गमा बस्दै आएका २८ वर्षीय नारायणप्रसाद आचार्यलाई ०५९ साउन १८ गते, रझेना गाविस-४ का ३४ वर्षीय खिलप्रसाद भुसाललाई ०५९ साउन ६ गते, वर्दिया जिल्ला मनाउ गाविस-३ घर भई नौवस्ता

गाविस इलाकामा कार्यरत सामाजिक परिचालक २८ वर्षीय मोहन विक्रम अर्याललाई ०५९ साउन २६ गते, कोहलपुर गाविस-३ वसपार्कमा पत्रपत्रिका स्टेशनरी संचालन गर्ने ३० वर्षीय हरिप्रसाद सुवेदीलाई ०५९ साउन ३० गते, नौवस्ता गाविस-८ वानियाभारका २१ वर्षीय नवराज आचार्यलाई ०५९ साउन १० गते, वनकटवर गाविस-८ का २७ वर्षीय तुल्सीराम थारूलाई ०५८ फागुन ९ गते र नौवस्ता गाविस-८ का २३ वर्षीय मुकुन्द सिंह वलीलाई ०५९ असोज १३ गते सुरक्षाकर्मीले माओवादी सम्वन्धी विभिन्न आरोप लगाई गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

भूमिसुधार कार्यालयको सर्वेक्षण अनुसार घरवार विहीन मुक्त कमैया परिवार ३ हजार १ सय ५५, घर भएका तर जग्गा नभएका मुक्त कमैया परिवार १ हजार १ सय १९, दुई कठ्ठासम्म जग्गा भएका मुक्त कमैया परिवार १ हजार २० र अन्य वर्गीकरण वाहेक नामावली संकलन गरिएका मुक्त कमैया परिवार १ हजार ६ सय ५५ गरी जम्मा ६ हजार ९ सय ४९ घरपरिवार छन्। मुक्त कमैयाहरूलाई रातो र नीलो परिचयपत्रको व्यवस्था गरिएको छ। रातो परिचय पत्र पाउनेको संख्या २ हजार ६ सय ९१ छ। जसमध्ये २ हजार १ सय ३२ परिवारलाई ४ सय ३५ विगाहा १५ कठ्ठा जग्गा वितरण गरिएको भएता पनि हालसम्म १ हजार २ सय ९ जनालाई मात्र जग्गा चिनाइएको मुक्त कमैया वताउँछन्। नीलो परिचयपत्र पाउनेहरू १ हजार ३ सय १० जना मध्ये ७ सय ३५ जनालाई १ सय २० विगाहा १६ कठ्ठा जग्गा वितरण गरिएता पनि हालसम्म १ सय १६ जनालाई जग्गा देखाइएको छ। पहेंलो र सेतो परिचयपत्र पाएका मुक्त कमैयाहरूलाई कुनै व्यवस्था गरिएको छैन।

बालअधिकार

नौवस्ता गाविस-८ नेउलापुरकी दश महिने नावालिका दिपा थापा ०५९ भदौ २५ गते राति ८:३० बजे वावुआमासँगै सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले चलाएको गोली लागी गम्भीर घाइते भइन्। पीडित वालिकाका वावुआमाको सुरक्षाकर्मीको गोलीवाट मृत्यु भयो।

फत्तेपुर गाविस-७ का साढे ४ वर्षीय मनिषा थारूको ०५९ असोज ४ गते वेलुकी ७ बजे माओवादीले थोकेको वम विस्फोट भई आफ्नै घरमा मृत्यु भयो। माओवादीले जवरजस्ती घरमा वसी खाना खाइरहेको अवस्थामा वम विस्फोट भएको थियो।

नेपालगञ्ज नपा-१ धम्बोजीकी ७ वर्षीय एक वालिकालाई ०५९ असोज २३ गते सोही ठाउँका १४ वर्षीय शिवकुमार गोडियाले वलात्कार गरे।

वेलभार गाविस-१ की १० वर्षीय एक वालिकालाई ०५९ कार्तिक ५ गते सोही ठाउँका १८ वर्षीय रामसनोहर काँधुले वलात्कार प्रयास गरे।

नेपालगञ्ज नपा-५ गणेशपुरकी ७ वर्षीय एक वालिकालाई ०५९ पुस २ गते २३ वर्षीय खिमवहादुर डि. सी. ले वलात्कार गरे।

यस जिल्लामा प्रावि तहमा ५ सय ५२ जना छात्रछात्राहरूले गरिव तथा जेहेन्दार छात्रावृद्धि वार्षिक २ सय ५० रूपैयाँका दरले जम्मा १ लाख ३० हजार ५ रूपैयाँ र दलित छात्रावृत्ति १ हजार ८१ जनालाई २ सय ५० का दरले वार्षिक २ लाख ७० हजार २ सय ५० रूपैयाँ निकासा भई वितरण भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

महिला अधिकार

वागेश्वरी गाविस-९ खजुराकी ४२ वर्षीय एक महिलालाई ०५८ फागुन ६ गते राति २ बजे ८-१० जनाको नकावधारी एक समूहले हातपात गरी वलात्कार गर्ने प्रयास गरेको पीडितले वताइन्।

कचनापुर गाविस-७ टिकुलपुरकी ३५ वर्षीय महिलालाई ०५९ असार ३२ गते सोही ठाउँका २१ वर्षीय हरिलाल खत्रीले राति ११ बजे घरमा आई हातपात गरी वलात्कार गर्ने प्रयास गरे। पीडक हरिलाल खत्री शाही नेपाली सेनामा कार्यरत भई विदामा घर आएको वेला सो घटना भएको थियो।

नेपालगञ्ज नपा-३ वागेश्वरीटोल स्थित दुई किशोरीलाई ०५९ असार ७ गते साँझ ८ बजे चिसापानी सैनिक व्यारेकवाट आएको सुरक्षाकर्मीले आफ्नो कब्जामा लिई व्यारेकभित्र तीन दिनसम्म राखी मुक्त गरे। पीडित १७ वर्षीय र १६ वर्षीय किशोरी दिदी वहिनीले दोस्रो दिन व्यारेकभित्र शारीरिक सम्पर्क गरेको पीडितहरूको आरोप छ। एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदनमा क्याप्टेन र साहेव सरले जवरजस्ती वलात्कार गरेको उल्लेख भएको र प्रतिवेदन सार्वजनिक भएपछि चिसापानीका सुरक्षाकर्मीले पीडितको घरमा आई खण्डन गर्न दवाव दिएको र जिल्ला प्रशासन कार्यालय बाँकेका प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा सार्वजनिक सुनुवाईमा घटनाको वारेमा हो या होइन भन्ने संकेतमा दवाव दिइएको अन्य पक्षको आरोप छ। ०५८ फागुन २८ गते मजिद मनियारलाई हातहतियार तथा माओवादीलाई विस्फोटक पदार्थ ओसार-पसार गरेको आरोपमा गिरफ्तार गरिएको थियो। ०५९ असार २ गते उपचारको लागि तारेखमा रिहा भएको र तारेख लिन नआएपछि सुरक्षाकर्मीले ०५९ असार ७ गते मजिद मनियारकी छोरी र भतिजीलाई गिरफ्तार गरेको थियो।

वेलभार गाविस-१ की १४ वर्षीय एक वालिकालाई ०५९ कार्तिक ५ गते वेलुका सोही ठाउँका १८ वर्षीय रामसनोहर काँधुले वलात्कारको प्रयास गरे।

नेपालगञ्ज नपा-२ पुष्पलाल चोककी ११ वर्षीय एक

बालिकालाई ०५९ भदौ २० गते बेलुका अज्ञात व्यक्तिले बलात्कार गरी फरार भए।

नौवस्ता गाविस-८ बानियाभारकी २४ वर्षीय एक महिलालाई माओवादीको आशंकामा ०५९ भदौ १४ गते बिहान ४ बजे गस्तीमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी घर खानतलासी गर्ने क्रममा कोठामा एक्लै सुताई तेरो लोग्नेलाई ल्याइदिन्छु भनी चुल्ठो समातेर जबरजस्ती कोठामा लिन लाग्दा रोइकराई फुत्किएर अरू परिवारको सहयोगले सुरक्षाकर्मीले छोडे।

महादेवपुरी गाविस-५ ढकेरीकी लिला नामले चिनिने ३२ वर्षीय चंखी थारूलाई ०५९ कार्तिक ३ गते बिहान ९ बजे सोही ठाउँका कमल र उनका गिरी परिवारले बोक्सीको आरोपमा कुटपिट गर्न घरमा आए। पटक-पटक बोक्सीको आरोप लगाएको कुरा पीडितका पति मोतिलाल थारू बताउँछन्। कुपोषणले गर्दा पिठ्यूँमा खटिरा भएको र समयमा उपचार नभएकोले शरीर बिग्री कुप्री हुनु परेको र मलाई कुप्री बोक्सी भनेर हेला गरी समाजमा अपमान गर्नुका साथै गाई, गोरू मर्दा र गाई भैंसीले दुध नदिंदा "बोक्सीले आँखा लगाउँदा यस्तो भएको" भन्दै दोष लगाइएको पीडितले बताइन्।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष विष सेवन गरेर १९ महिला र १६ पुरूष, झुण्डिएर ७ महिला र २ पुरूष, आगो लगाएर १ महिला, पानीमा डुबेर १ महिला, आफैले धारिलो हतियार प्रयोग गरेर १ पुरूष, कर्तव्य ज्यानका घटनामा ५ महिला र ६ पुरूष, सडक दुर्घटनामा १२ पुरूष र ५ महिला, २ नाबालक सहित ७७ जनाको मृत्यु भयो। सडक दुर्घटनामा ४८ जना घाइते भए। आगजनीमा ७



माओवादीद्वारा बम विस्फोट गरी क्षति पुऱ्याइएको टिटिहीरिया गाविस भवन जहाँ हेल्थपोष्ट र हुलाक समेत रहेका थिए

घर प्रभावित भए। ४ जनाको वेवारिसे लास फेला पऱ्यो भने व्यक्तिगत कारणले कुटपिटका ३९ जना पीडित भए। ७ वटा वहुविवाहको मुद्दा सार्वजनिक जानकारीमा आए। जंगली हात्तीले यस वर्ष जिल्लाका चिसापानी, महादेवपुरी, बैजापुर, कचनापुर र खासकुश्मा गाविसमा १० लाख रूपैयाँ बराबरको अन्नबाली नष्ट पाऱ्यो।

फत्तेपुर गाविस-७ स्थित जोखु थारूको घरमा २० जना माओवादी कार्यकर्ताहरू आएर जबरजस्ती बसिरहेको अवस्थामा ०५९ असोज ४ गते साँझ ७ बजे माओवादीसँग भएको बम विस्फोटनमा परी ४६ वर्षीय जोखु थारूको घर पूर्ण क्षति भयो भने नातिनी साढे ४ वर्षीय मनिषा थारूको घटनास्थलमै मृत्यु भयो। उक्त घटनामा परी २६ वर्षीय कोईली थारू गम्भीर घाइते भइन्। स्थानीय बासिन्दाहरूका बम विस्फोटमा परी ८-९ जना माओवादीको मृत्यु भएको र १२-१३ जना गम्भीर घाइते भएको बताए। घाइते माओवादीहरूलाई तत्काल जंगलतर्फ लगेको स्थानीय बासिन्दाले बताए।

४.७ बर्दिया

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बेलवा गाविस-४ स्थित नर्सरीमा नाम थाहा नभएका दुई जनालाई माओवादीको आरोपमा ०५८ पुस २९ गते राति सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

गोला गाविस-२ का माओवादी बाँके-बर्दिया इन्चार्ज आयाम भनिने ३० वर्षीय ज्ञानप्रसाद चालिसे, प्युठान जिल्ला निराम गाविस-३ का विजय भनिने ३१ वर्षीय ऋषि घिमिरे र धधवार गाविस-७ का रूपलाल थारूलाई माओवादीको आरोपमा ०५८ माघ २८ गते सुरक्षाकर्मीले हिरासतबाट बेलवा गाविस-७ बेतहनी जंगलमा लगी गोली हानी हत्या गरे। पीडितहरू मध्ये ज्ञानप्रसादलाई ०५८ मंसिर २६ गते बाँके, कोहलपुर गाविस-३ बाट, ऋषिलाई ०५८ मंसिर १६ गते नेपालगञ्ज नपा-५ र रूपलाललाई ०५८ पुस ९ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

पाताभार गाविस-१ का २५ वर्षीय हर्कबहादुर वैद्यलाई ०५८ फागुन २३ गते बिहान सुरक्षाकर्मीले सोही गाविस-२ मा बसका मालिकलाई सुरक्षा जाँच गर्न लाग्दा भागेको कारण गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले लिएर गए।

गोला गाविस-७ का २२ वर्षीय युवराज भण्डारी, पशुपतिनगर गाविस-२ का १६ वर्षीय धर्मप्रकाश थारू, सोही

ठाउँका २८ वर्षीय पुन्सा थारू, पाताभार गाविस-२ का २३ वर्षीय गणेश थारू र नाम थाहा नभएका एकजनालाई ०५८ फागुन २३ गते गोला गाविस-७ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मोतिपुर गाविस-७ का २५ वर्षीय बुद्धि चौधरीलाई माओवादीको आरोपमा ०५८ फागुन २७ गते दिउँसो २ बजे नेउलापुर गाविस-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले लिएर गए।

धधवार गाविस-८ का २५ वर्षीय सुरेश चौधरी, सोही ठाउँका २८ वर्षीय कान्छा चौधरी र २४ वर्षीय कन्हैया थारूलाई ०५८ चैत १ गते सोही ठाउँको वेलभारमा सुरक्षाकर्मी जाँदा भागेको कारण माओवादी भनी सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पशुपतिनगर गाविस-८ का २८ वर्षीय केशर चौधरी, सोही गाविस-३ का २९ वर्षीय ठाकुर चौधरी, पाताभार गाविस-९ का ३३ वर्षीय कुलवहादुर थारू र बाँके खजुरा घर भई राजापुर इलाकामा कार्यरत ३५ वर्षीय खडकवहादुर खड्कालाई माओवादीको आरोपमा ०५८ चैत ६ गते सुरक्षाकर्मीले आ-आफ्नो घरवाट गिरफ्तार गरे। पीडितहरूलाई चैत ७ गते पाताभार गाविस-९ वनकट्टीमा लगी गोली हानी हत्या गरे।

धधवार गाविस-८ को वेलभार जंगलमा नाम, ठेगाना थाहा नभएका ६ जनालाई माओवादीको आरोपमा ०५८ चैत १० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरू वाहिरी जिल्लाको भएको आशंका गरिएको छ।

ढोढरी गाविस-९ मा नाम, ठेगाना थाहा नभएका १३ जनालाई ०५८ चैत २५ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गोली हानी हत्या गरे। रक्षा मन्त्रालयले २५ गते वर्दियाको कोठियाघाट इलाकामा सुरक्षाकर्मीसँग भएको भिडन्तमा १३ जना माओवादीको मृत्यु भएको वतायो।

पानाभार गाविसमा नाम, ठेगाना थाहा नभएका ४ जनालाई ०५८ चैत २६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा हत्या गरे।

वगनाहा गाविस-२ का ३२ वर्षीय रामदास थारूलाई माओवादीको आरोपमा ०५८ चैत २६ गते सुरक्षाकर्मीले ठाकुरद्वारा गाविसमा लगी हत्या गरे। उक्त घटना सम्बन्धमा रक्षा मन्त्रालयले चैत २६ गते ठाकुरद्वारा इलाकामा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो मुठभेडमा माओवादी जिल्ला सदस्य रामदास थारू सहित दुई जनाको मृत्यु भएको वतायो। घटनामा शिवपुरी गाविस-२ का २७ वर्षीय शिक्षक जगत भण्डारीको पनि हत्या भएको आशंका गरिएको छ। पीडितहरूलाई सुरक्षाकर्मीले चैत २५ गते घरवाट गिरफ्तार गरेको थियो।

वगनाहा गाविस-७ का ३८ वर्षीय कल्लु धरकटुवा, सोही गाविस-१ का २९ वर्षीय रामदिन थारूको माओवादीको आरोपमा ०५८ चैत २८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूलाई ०५८ चैत २७ गते राति सुरक्षाकर्मीले घरवाट गिरफ्तार गरेको थियो।

राजापुर गाविस-२ मा ०५८ चैत २९ गते सुरक्षाकर्मीले १५ जनालाई गोली हानी हत्या गरे। उक्त घटनामा मनाउ गाविस-८ का १६ वर्षीय चिल्लु थारू, २२ वर्षीय नुवा चौधरी, १८ वर्षीय सोनिया चौधरी, २५ वर्षीय मोहना थारू, २३ वर्षीय प्रिमा चौधरी, २४ वर्षीय रघुवा चौधरी, १७ वर्षीय कमला चौधरी, गोला गाविस-५ का २५ वर्षीय दयाराम थारू, सोही गाविस-३ का २८ वर्षीय राजेन्द्र थारू, २६ वर्षीय टेकलाल थारू, खैरीचन्दन गाविस-२ का १६ वर्षीय केशव चौधरी, सोही ठाउँका २५ वर्षीय भगवती थारू र २६ वर्षीय पनिराम थारूको हत्या भएको हुनसक्ने आशंका गरिएको छ। पीडितहरूलाई सुरक्षाकर्मीले चैत २८ गते राति आ-आफ्नो घरबाट गिरफ्तार गरेको थियो।

नेउलापुर गाविसमा ०५९ वैशाख १ गते सुरक्षाकर्मीले हत्या गऱ्यो। उक्त घटनामा नेउलापुर गाविस-५ का ३७ वर्षीय मोहम्मद जाकिर सेन, वेलवा गाविस-७ घर भई नेउलापुर गाविस-५ वस्ने २६ वर्षीय यज्ञवहादुर रावल, शिवपुर गाविस-९ का २२ वर्षीय चन्द्रवहादुर थारू, सोही गाविस-८ का २० वर्षीय शिव चौधरी र ठाकुरद्वारा गाविस-१ का २४ वर्षीय हिरामणि थारूलाई हत्या गरेको आशंका गरिएको छ। पीडितहरूलाई ०५८ चैत ३१ गते सुरक्षाकर्मीले आ-आफ्नो घरवाट गिरफ्तार गरेको थियो।

सूर्यपटुवा गाविस-४ का ५५ वर्षीय धनवहादुर विक र नाम, ठेगाना थाहा नभएका दुईजनालाई माओवादीको

जनसंख्या	:	३८२६४९
साक्षरता प्रतिशत	:	४५.४१
महिला साक्षरता प्रतिशत	:	३५.६४
क्षेत्रफल (वर्ग कि. मि.)	:	२०२५
गाविस / नपा संख्या	:	३१/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	२५६
क्याम्पस / उच्च मा.वि.	:	१/५
अस्पताल / स्वास्थ्य चौकी	:	१/३
टेलिफोन लाइन	:	६१०
मोटर सडक (कि. मि.)	:	२९०
प्रहरी कार्यालय संख्या	:	७
हुलाक संख्या	:	३३
मानव विकास सूचकांक	:	०.३०४
प्रति एक डाक्टर जनसंख्या	:	६३७७५
प्रति परिवार सरदर संख्या	:	६.४२

आशंकामा ०५९ वैशाख ६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी घर नजिकैको जंगलमा लगी गोली हानी हत्या गरे।

सूर्यपटुवा गाविस-४ का ५५ वर्षीय दुर्गा सापकोटा र अरू तीन जना नाम, ठेगाना थाहा नभएकालाई माओवादीको आरोपमा ०५९ वैशाख ८ गते राति घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी घरदेखि नजिकको जंगलमा गोली हानी हत्या गरे।

महम्मदपुर गाविस-८ का १४ वर्षीय कलिराम थारू, सोही ठाउँकै १४ वर्षीय प्रेमलाल थारू र १७ वर्षीय शिवप्रसाद थारूलाई माओवादीको आरोपमा ०५९ वैशाख १२ गते खेतमा मुसा मारिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी गुलरीया नपा वालापुरको नर्सरीमा गली गोली हानी हत्या गरे। पीडितहरूको लास सुरक्षाकर्मीले नै लिएर गए।

मगरागाडी गाविस-९ डन्डुवा खोलामा नाम, ठेगाना थाहा नभएका ८ जनालाई माओवादीको आरोपमा ०५९ जेठ १ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको लास सुरक्षाकर्मीले नै लिएर गए।

ठाकुरद्वारा गाविस-६ मा कालिकोट जिल्ला घर भएका नाम थाहा नभएको एक जनालाई माओवादीको आरोपमा ०५९ जेठ १० गते दिउँसो सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितसँग माओवादीका दस्तावेज भेट्टाएको सुरक्षाकर्मीले बताए।

नेउलापुर गाविस-४ का २४ वर्षीय भौना थारूलाई माओवादीको आरोपमा ०५९ जेठ १४ गते दिउँसो घरमा खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले घरमा छोडिदिए।

वेलवा गाविस-४ का २५ वर्षीय चन्द्रिकाप्रसाद थारूलाई माओवादीको आरोपमा ०५९ जेठ १४ गते बिहान घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले घरभित्रै गोली हानी हत्या गरे।

ठाकुरद्वारा गाविस-१ का २० वर्षीय चाउरे थारू, सोही ठाउँका २२ वर्षीय प्रदेशनी थारू, २१ वर्षीय सुशिला थारू, १८ वर्षीय कलावती थारू र ठेगाना थाहा नभएकी १९ वर्षीय सौनी थारूलाई ०५९ जेठ २५ गते राति १२ बजे घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही गाविस-४ दोन्द्रा पुलमा लगी गोली हानी हत्या गरे। पीडितहरूको लास सुरक्षाकर्मीले सोही पुलको ढिकमा गाडेका थिए।

ठाकुरद्वारा गाविसमा नाम, ठेगाना थाहा नभएका दुई जनालाई माओवादीको आरोपमा ०५९ असार १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उक्त घटनालाई रक्षा मन्त्रालयले मुठभेडमा दुई जना माओवादी मरेको जनायो।

बानियाभार गाविस-१ का २६ वर्षीय कृष्ण थारूलाई माओवादीको आशंकामा ०५९ असार २५ गते दिउँसो सुरक्षाकर्मीको गस्ती टोलीले गाउँमा सर्च गर्न जाँदा भागेपछि गोली हानी हत्या गरे। पीडितको मुखमा मट्टितेल छर्केर आगो लगाई लास सोही गाविस-२ मङ्गहवाटोल नजिक बुढी कुलामा गाडियो।

डेउढाकला गाविस-३ की २३ वर्षीय सिताकुमारी चौधरीलाई माओवादीको आरोपमा ०५९ असार २८ गते राति घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी नजिकको जंगलमा लगी गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले नै लगे। सोही दिन ठेगाना थाहा नभएका मिलन चौधरी, रामप्यारी चौधरी र पदम चौधरीको पनि हत्या भएको थियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	२		१	३	१६	२२	२		२४	४२	६०	६	७२	१३८
घाईते						३९	६१	५		६६	१३	१८	२	३	२३
बम विस्फोटन						१			१	१					
हिरासत वा थुनामा मृत्यु											१	३			३
गिरफ्तारी/यातना											६१	९२	६	५	१०३
बेपत्ता											२५	४१	१	४	४६
कुटपिट						४	५			५					
धम्की						१		१		१					
महिला अधिकार	४		४		४										
अमानवीय व्यवहार	१	१			१										
अपहरण						१०	११			११					
जम्मा	८	३	४	१	८	७१	९९	८	१	१०८	१४२	२१४	१५	८४	३१३

सोरहवा गाविस-२ की १२ वर्षीय रूपा थारूलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५९ साउन ५ गते राति घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले आँखामा पट्टी बाँधी गिरफ्तार गरी घरदेखि ५० मिटर दक्षिण कुवा चोकमा लगी गोली हानी हत्या गरे। पीडितको लास गुलरीया नपा स्थित सरजु पुल नजिक गाडियो।

मोतिपुर गाविस-५ का ३० वर्षीय ठग्गा थारूलाई माओवादीको आरोपमा ०५९ असोज १६ गते राति १ बजे सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले नै लगे।

खैरीचन्दनपुर गाविस-९ का २० वर्षीय कृष्ण न्यौपाने, सोही ठाउँके ४५ वर्षीय कमला लामिछाने, २५ वर्षीय भुन्भुनुवा थारूलाई माओवादीको आरोपमा ०५९ कार्तिक ३ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट राति गिरफ्तार गरी भारतको जंगलमा लगी गोली हानी हत्या गरे। पीडितको लास ६/७ दिन सडेको अवस्थामा आफन्तले फेला पारे।

कालिका गाविस-५ की ४९ वर्षीय पिंगल पौडेलको ०५९ कार्तिक ५ गते बेलुका माओवादीलाई हान्दा प्रहरीको गोली लागी मृत्यु भयो।

भिम्मापुर गाविस-७ का २१ वर्षीय चन्द्रबहादुर चौधरी, सोही ठाउँका १८ वर्षीय लल्लु चौधरी, २३ वर्षीय बीरबल चौधरी, सोही गाविस-४ का २२ वर्षीय लौटन थारूलाई माओवादीको आरोपमा ०५९ कार्तिक ६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सोही गाविस-४ नजिकको जंगलमा लगी गोली हानी हत्या गरे।

पशुपतिनगर गाविस-४ का ३० वर्षीय राधेश्याम चौधरीलाई माओवादीको आरोपमा ०५९ कार्तिक ७ गते सुरक्षाकर्मीले हत्या गरी लास मनाऊ गाविस-१ मा फालिदिए। पीडितलाई कार्तिक ६ गते राति घरबाट हतियार सहित गिरफ्तार गरिएको थियो।

खैरीचन्दनपुर गाविस-६ का २५ वर्षीय सूर्यलाल थारू, सोही ठाउँका ४५ वर्षीय सोहनलाल थारू, १९ वर्षीय राधुलाल थारू र नाम थाहा नभएका अन्य गरी १० जनालाई माओवादीको आरोपमा ०५९ कार्तिक १४ गते दिउँसो सुरक्षाकर्मीले हतियार सहित गिरफ्तार गरी सोही गाविस-६ को गेरूवा नदीको किनारमा लगी गोली हानी हत्या गरे। पीडितहरूको लास गेरूवा नदीको किनारमा बालुवामा पुरियो।

राजापुर गाविस-४ का २५ वर्षीय हिरा चौधरीलाई माओवादीको आरोपमा ०५९ कार्तिक ३० गते बिहान सुरक्षाकर्मीले राजापुर गाविस-६ मा गोली हानी हत्या गरे। पीडितको लास माओवादीले सोही गाविस-४ मा भण्डा ओडाएर गाडे।

पाताभार गाविस-९ का माओवादी बादल भनिने २४ वर्षीय भिमबहादुर चौधरीलाई माओवादीको आरोपमा ०५९ मंसिर १८ गते सुरक्षाकर्मीले बदालपुर गाविस-५ बाट गिरफ्तार गरी अज्ञात स्थानमा लगी गोली हानी हत्या गरे।

मनाऊ गाविस-४ का २८ वर्षीय देवराज चौधरीलाई माओवादीको आरोपमा ०५९ पुस ६ गते दिउँसो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन राति मनाऊ गाविस-६ हात्तीखल्लामा लगी गोली हानी हत्या गरे। पीडितको लास घटनास्थलमै गाडिएको अवस्थामा पाइयो।

माओवादीबाट

गुलरीया गाविस-४ का ६५ वर्षीय श्रीराम शंकर यादवलाई ०५८ पुस २४ गते राति ८ बजे घरमा बसिरहेको अवस्थामा माओवादीको विरूद्धमा उत्रेको आरोप लगाई माओवादीले धारिलो हतियार प्रहार गरी हत्या गरे।

मनाऊ गाविस-८ का ७२ वर्षीय बृद्ध अमृतमान श्रेष्ठलाई ०५८ माघ २० गते राति ९:३० बजे घरमा बसिरहेको अवस्थामा सुराकी गरेको आरोप लगाई माओवादीहरूले घरबाट बाहिर निकाली बन्दुकको कुन्दा र लाठीले हिर्काई हत्या गरे।

पाताभार गाविस-१ का ३२ वर्षीय सैनिक जवान ठाकुरप्रसाद चौधरीलाई ०५८ फागुन १ गते बेलुका घरमा बसिरहेको अवस्थामा माओवादीहरूले विना कारण गोली हानी हत्या गरे। पीडित घर बिदामा बसेका थिए।

नयाँगाउँ गाविस-८ घर भई इलाका प्रहरी कार्यालय राजापुरमा कार्यरत २१ वर्षीय प्रहरी जवान प्रकाश दहितलाई ०५८ चैत १३ गते मनाउ गाविस-८ मा माओवादीहरूले हत्या



सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका बुद्धि थारू, लोकबहादुर थारू, पतिराम थारू र भुवनकुमार चौधरी

गरे। पीडित घर बिदामा बसेको अवस्थामा ०५८ फागुन २३ गते माओवादीले अपहरण गरेका थिए।

मकवानपुर जिल्ला घर भई खैरापुर प्रहरी चौकीमा कार्यरत २२ वर्षीय प्रहरी जवान गणेशबहादुर थापालाई ०५९ जेठ ९ गते बेलुका सेन्ट्री बसेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे।

काठमाण्डौ जिल्ला घर भई शाही बर्दिया राष्ट्रिय निकुञ्जका मेजर (सेनानी) ३८ वर्षीय राकेश श्रेष्ठ, सोही निकुञ्जमा कार्यरत हुँदा नवराज आले, अमलदार दिपक विक, प्युठ कृष्णबहादुर गुरूङ, प्युठ रणबहादुर थापा ०५८ चैत २४ गते दिउँसो १ बजे गस्तीमा जीपमा हिंडेको अवस्थामा ढोढरी गाविस-९ खाता रेन्जपोष्टमा माओवादीद्वारा विच्छ्याइएको विद्युतीय धरापमा परि मृत्यु भयो। सोही घटनामा सेनानी ३३ वर्षीय लव रायमाझी सति ५ जना सैनिक घाइते भए। घाइतेहरूलाई उपचारार्थ काठमाण्डौस्थित वीरेन्द्र सैनिक अस्पतालमा लगियो।

बेलवा गाविस-१ का ३२ वर्षीय रामप्रसाद थारूलाई सुराकीको आरोपमा ०५९ जेठ २० गते माओवादीले सोही गाविसको चौरमा लगी गोली हानी हत्या गरे।

बगनाहा गाविस-२ का ५८ वर्षीय गोपाल काफ्लेलाई सुराकीको आरोपमा ०५९ असार १७ गते राति १२ बजे घरबाट माओवादीले अपहरण गरी कुटपिट गरी हत्या गरे। पीडितको लास सोही गाविस-१ ढंग्रवा जंगलमा असार २९ गते सडेको अवस्थामा फेला पऱ्यो।

बानियाभार गाविस-१ का ३१ वर्षीय महेन्द्रभक्त ओलीलाई सुराकीको आरोपमा ०५९ साउन १५ गते राति घरमा सुतेको अवस्थामा लगाई माओवादीले घरदेखि एक कि. मि. दक्षिण राजिपुर चोकमा लगी गोली हानी हत्या गरे।

महम्मदपुर गाविस-८ का ३० वर्षीय रामनारायण चौधरीलाई ०५९ भदौ १९ गते राति घरमा सुतिरहेको अवस्थामा सेनामा कार्यरत भाइलाई जागिर नछोड्याएको आरोप लगाई धारिलो हतियार र बन्दुकको कून्दाले हिर्काए। ०५९ भदौ २५ गते भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार गर्दागर्दै पीडितको मृत्यु भयो।

पाताभार गाविस-६ का ४३ वर्षीय निवर्तमान गाविस उपाध्यक्ष हरिराम थारूलाई ०५९ भदौ २५ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले "तपाईसँग एक छिन काम छ" भनी अपहरण गरेर सोही ठाउँको खेतमा लगी गोली हानी हत्या गरे। पीडितको लास भदौ २९ गते मात्र पोष्टमार्टम गरियो।

बेलवा गाविस-३ का ३२ वर्षीय हंसराज चौधरीलाई सुराकीको आरोपमा ०५९ भदौ ३१ गते घरमा रहेको अवस्थामा माओवादीले घरदेखि ३० मिटर पश्चिम गोठमा लगेर लाठीले कुटपिट गरे। पीडितलाई उपचार गर्न लैजाँदा बाटोमै मृत्यु भयो।

गुलरीया नपा-१ का ४३ वर्षीय गोपाल वि. क. लाई ०५९ असोज २ गते राति घरमा सुतिरहेको अवस्थामा तपाईसँग केही सोधपुछ गर्नु छ भनी माओवादीले घरदेखि ५० मिटर पर लगी लाठीले कुटपिट गरी हत्या गरे।

मिम्मापुर गाविस-४ का १४ वर्षीय राजु थारूलाई सुराकीको आरोपमा ०५९ कार्तिक २२ गते राति माओवादीले राजापुर गाविस-२ बुढीकुलाको पुलमाथि धारिलो हतियारले घाँटी काटेर हत्या गरे। पीडितलाई कार्तिक १७ गते अपहरण गरिएको थियो। घटनास्थलमा सुराकीलाई यस्तै कारवाही गरिने प्रेस वक्तव्य माओवादीले टाँसेका थिए।

धधवार गाविस-९ का २४ वर्षीय कमलास्वाँरलाई सुराकीको आरोपमा ०५९ कार्तिक २६ गते राति माओवादीले घरदेखि बाहिर निकाली लाठीले कुटपिट गरी दुवै खुट्टा भाँचिदिए। ०५९ मंसिर २ गते उपचार गर्दागर्दै भेरी अञ्चल अस्पताल नेपालगञ्जमा पीडितको मृत्यु भयो।

दौलतपुर गाविस-७ का ३८ वर्षीय रितेश जङ शाहलाई सुराकीको आरोपमा ०५९ मंसिर ३ गते दिउँसो घरबाट माओवादीले अपहरण गरी सोही वडाको दौलतपुर घाटमा सोही दिन राति धारिलो हतियारले प्रहार गरी हत्या गरे। पीडितको लास घाटमा छोडियो।

इलाका प्रहरी कार्यालय भुरीगाउँमा कार्यरत २६ वर्षीय प्रहरी हवल्दार निरकबहादुर परियार, प्रहरी जवान २३ वर्षीय निर्मल लोनिया र बगनाहा गाविस-१ की ५५ वर्षीय विधुवा महिला भुमा कुमारी काफ्लेलाई ०५९ मंसिर ९ गते दिउँसो

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका पल्टा थारु, रेड्ना चौधरी श्रीराम थारु र तीर्थबहादुर थापा

नेउलापुर गाविस-७ मा माओवादीले प्रहरी ड्युटीमा बसेको अवस्थामा गोली हानी हत्या गरे।

मानपुरटपरा गाविस-५ का ५० वर्षीय भक्तबहादुर क्षेत्रीलाई सुराकीको आरोपमा ०५९ मंसिर २५ गते बेलुका आफ्नै घरमा लाठीले कुटपिट गरी हातखुट्टा भाँचिदिए। पीडितको मंसिर २६ गते उपचार गर्न गुलरीया लैजाँदा-लैजाँदै बाटोमै मृत्यु भयो।

पाताभार गाविस-९ की २५ वर्षीय हुमादेवी सुनारलाई सुराकीको आरोपमा ०५९ पुस १४ गते बेलुका घरमा बसिरहेको अवस्थामा लगाई माओवादीले धारिलो हतियार प्रहार गरी हत्या गरे।

दोहोरो भिडन्त

नेउलापुर गाविस-१ मा माओवादी र सुरक्षाकर्मी बीच ०५८ चैत २३ गते भएको दोहोरो भिडन्तमा ५ जना माओवादीको सुरक्षाकर्मीको गोलीबाट मृत्यु भएको रक्षा मन्त्रालयले बताए पनि उक्त स्थान कुनै भिडन्त नभएकाले सुरक्षाकर्मीले हिरासतमा राखेकालाई हत्या गरेको आशंका गरिएको छ।

मगरागाडी गाविस-९ मा नाम, ठेगाना थाहा नभएका तीन जनालाई ०५८ चैत २८ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा मृत्यु भएको रक्षा मन्त्रालयले बतायो। उक्त दिन सो ठाउँमा कुनै भिडन्त भएको पुष्टी हुन सकेन।

डेउढाकला गाविस-३ का २४ वर्षीय सिताराम थारूको ०५९ कार्तिक १ गते मगरागाडी गाविस-७ रम्मापुरमा सुरक्षाकर्मीसँग भएको दोहोरो मुठभेडमा गोली लागी मृत्यु भयो।

गोला गाविस-४ का सुरक्षाकर्मी र माओवादी बीच ०५९ पुस १ गते दोहोरो भिडन्तमा परी नाम थाहा नभएका एक जना महिला र ५ जना पुरुषको गोली लागी मृत्यु भयो।

अन्य

ढोढरी गाविस-३ का शिक्षक ४४ वर्षीय लेखनाथ पोखरेललाई ०५९ असार २८ गते बेलुका सोनहवा गाविस-९ मा मोटरसाइकल चढी नेपालगञ्जबाट गुलरिया गइरहेको अवस्थामा मोटरसाइकलमै आएको अज्ञात व्यक्तिले नाम, काम सोधी "वरूणादेवी सुवेदीलाई गिरफ्तार गराउने नै तैं होस्" भनी गोली हानी हत्या गरे।

मानपुरटपरा गाविस-७ का ५५ वर्षीय गुरूचरण थारूलाई ०५९ साउन ११ गते राति १० बजे घरको आँगनमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिले धारिलो हतियार प्रहार गरी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

धधवार गाविस-४ का ३५ वर्षीय पाचु थारूलाई माओवादीको आशंकामा ०५८ पुस २७ गते बिहान खेतमा आगो तापिरहेको अवस्थामा सुरक्षाकर्मीलाई देखेपछि भाग्न खोज्दा गोली हानी घाइते बनाए। पीडितलाई गोली खुट्टामा लागेको थियो।

मगरागाडी गाविस-३ का १७ वर्षीय चुलुवा थारू र बानियाभार गाविस-१ का नाम थाहा नभएका एक जनालाई माओवादीको आशंकामा ०५८ चैत १ गते धधवार गाविस-८ मा सुरक्षाकर्मीको टोलीलाई देखी भागेपछि सुरक्षाकर्मीले गोली हानी घाइते बनाए। घाइतेहरूलाई माओवादीले उपचार गर्न लगे।

राजापुर गाविस-२ की १४ वर्षीय जानकी थारूलाई ०५९ कार्तिक ५ गते साँझ ५ बजे बदालपुर गाविस-८ मा धान काटिरहेको अवस्थामा माओवादीलाई लखेट्दै गोली हान्दा गोली माओवादीलाई नलागेर जानकीलाई लागी घाइते भइन्। पीडितलाई काठमाण्डौ स्थित विरेन्द्र सैनिक अस्पतालमा उपचारका लागि लगियो।

माओवादीबाट

मोतिपुर गाविस-८ का ५२ वर्षीय पूर्व प्रहरी अमई मिमबहादुर घर्ती मगरलाई ०५८ पुस २१ गते बेलुका घरभित्र बसिरहेको अवस्थामा विना आरोप माओवादीले गोली हानी घाइते बनाए। पीडितको छाती र कोखामा गोली लागेकोले उपचारार्थ काठमाण्डौ लगियो।

कञ्चनपुर जिल्ला घर भई इलाका प्रहरी कार्यालय भुगीगाउँमा कार्यरत प्रहरी अमई २५ वर्षीय विरबहादुर बुढाऐरलाई ०५८ माघ १६ गते बेलुका नेउलापुर गाविस-७ ग्यारेजमा रहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए। उक्त घटनामा नेउलापुर गाविस-९ की २०वर्षीय निर्मला मगरलाई पनि गोली लागेर घाइते बनाए।

कैलाली जिल्ला, पथरैया गाविस-४ घर भई जिविस बर्दियामा कार्यरत २१ वर्षीय हरिकृष्ण चौधरी ०५८ माघ २७ गते राति माओवादीद्वारा गुलरीया नपा-६ स्थित जिल्ला विकास समिति भवनमा बम प्रहार गर्दा घाइते भए। पीडितलाई उपचारार्थ नेपालगञ्ज लगियो। उक्त विस्फोटबाट १० लाख रूपैयाँ बराबरको क्षति भयो।

दैलेख जिल्ला घर भई इलाका प्रहरी कार्यालय राजापुरमा कार्यरत प्रहरी जवान २३ वर्षीय रतन बुढालाई ०५८ चैत १८ गते राति ११ बजे राजापुर गाविस-१ मा ड्युटीमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए। पीडितको खुट्टामा गोली लागेकोले उपचारको लागि नेपालगञ्ज लगियो।

मोतिपुर गाविस-६ की १२ वर्षीय सम्झना पौडेल ०५९ वैशाख २४ गते आफ्नै घर नजिक भैंसी चराउँदै गर्दा माओवादीद्वारा राखिएको बम भैंसीले कुल्चन गई बम विस्फोटमा परी घाइते भइन्। घाइतेको उपचार नेपालगञ्जमा गरियो।

इलाका प्रहरी कार्यालय भुरीगाउँमा कार्यरत प्रहरी जवान २१ वर्षीय अर्जुन रावल, २० वर्षीय कमल विक, कैलाली जिल्ला बलिया गाविस घर भई श्री त्रि. मा. वि. भुरीगाउँमा अध्ययनरत विद्यार्थीहरू १४ वर्षीय पुष्पा भण्डारी, १३ वर्षीय किरण राजवंशी र शिवपुर गाविस-९ का २८ वर्षीय हरि रोकायलाई ०५९ मंसिर ९ गते दिउँसो नेउलापुर गाविस-७ मा प्रहरीलाई ताकेर माओवादीले गोली हान्दा घाइते भए। पीडितहरूलाई उपचारार्थ कोहलपुर लगियो।

मानपुरटपरा गाविसस्थित सुरक्षाकर्मीको क्याम्पमा कार्यरत प्रहरी जवानहरू २४ वर्षीय निमशमशेर रोउले र २० वर्षीय राममणि पण्डित ०५९ पुस २ गते टौलनपुर गाविस-७ मा गस्तीको क्रममा हिंडेर जाँदा एम्बुसमा परी घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज र काठमाण्डौमा गरियो।

इलाका प्रहरी कार्यालय बासगढीमा कार्यरत प्रहरी अम्र्ड २५ वर्षीय लक्ष्मी थापा र हवल्दार २० वर्षीय खुसीराम थारूलाई ०५९ पुस ४ गते दिउँसो मोतिपुर गाविस-८ बेरियलमा सेन्ट्री बसेको अवस्थामा माओवादीले गोली हानी घाइते बनाए।

जेल र बन्दीहरू

"ग" श्रेणीको बर्दिया जेलको क्षमता १ सय जना छ। हाल यस जेलमा १ सय ३७ जना बन्दीलाई राखिएको छ। बन्दीहरूमध्ये कैद ननोकिएका ७४ पुरुष र १४ महिला तथा कैद तोकिएका ४७ जना पुरुष र २ जना महिला छन्। कैद ननोकिएका मध्ये ४३ पुरुष र १३ महिलालाई मुलुकमा संकटकालीन स्थिति घोषणा भएपछि माओवादीको आरोपमा गिरफ्तार गरी राखियो। यस जेलमा हप्तामा दुई पटक मात्र भेटघाट गर्न दिइन्छ र जेलभित्र ३ वटा टोपी बुन्ने तान संचालनमा रहेको छ।

यस जेलमा १५ वर्ष देखि ४५ वर्षसम्मका १ सय २७, ४५ वर्ष भन्दा माथिका १० जना छन्।

बेपत्ता /अपहरण

राज्यबाट

बेलवा गाविस-७ का ३८ वर्षीय रोइना थारूलाई ०५८ पुस २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

मोतिपुर गाविस-७ की ३० वर्षीय जुना चौधरी समेत ५ जनालाई ०५९ मंसिर २९ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा घरबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई कसैसँग भेटघाट गर्न नदिई पुस १६ गते रिहा गरियो।

बानियाभार गाविस-७ का ३० वर्षीय सुरेशकुमार ओलीलाई ०५९ पुस ७ गते नेउलापुर गाविस-५ भुरीगाउँबाट प्रहरीले माओवादीको आशंकामा गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई प्रहरीले सूर्यपट्वाको जंगलमा माओवादीको सेल्टर देखाउन लैजाँदा जंगलबाट भागेको प्रहरीले स्रोतले बताए।

मोतिपुर गाविस-५ का २२ वर्षीय दरबारी थारू, सोही ठाउँका २५ वर्षीय लच्छीराम थारू र २३ वर्षीय तुल्सीराम थारूलाई ०५८ माघ १२ गते, ठाकुरद्वारा गाविस-४ का ३३ वर्षीय अमर बुढालाई ०५८ फागुन २७ गते, बगनाहा गाविस-९ का २८ वर्षीय अजित शाहलाई ०५८ फागुन २७ गते, ठाकुरद्वारा गाविस-४ का ३० वर्षीय शिक्षक भूपेन्द्र के.सी. लाई ०५८ चैत २५ गते, धधवार गाविस-७ का शिक्षक २३ वर्षीय धनिराम थारूलाई ०५८ चैत २४ गते, धधवार गाविस-३ का शिक्षक ४० वर्षीय भिमबहादुर चौधरीलाई ०५९ वैशाख ४ गते, डेउढाकला गाविस-९ का ३० वर्षीय फिरू थारूलाई ०५९ जेठ ६ गते, डेउढाकला गाविस-३ का २४ वर्षीय बमबहादुर शाही, सोही ठाउका २३ वर्षीय हिरासिंह बाढा, २१ वर्षीय श्रीराम थारू, १८ वर्षीय श्रीराम थारू र २६ वर्षीय तीर्थबहादुर थापा मगरलाई ०५९ जेठ ८ गते, तारानाल गाविस-७ का २६ वर्षीय दिपक रोकायालाई ०५९ जेठ ११ गते, डेउढाकला गाविस-३ का २५ वर्षीय जनकप्रसाद उपाध्यायलाई ०५९ असार ३ गते, बानियाभार गाविस-९ की १८ वर्षीय पुन्नी थारू, महमदपुर गाविस-८ का २० वर्षीय बलिराम थारू, टेटराम थारू र रविन्द्र थारूलाई ०५९ असार ८ गते, मगरागाडी गाविस-१ का १८ वर्षीय श्रीराम थारू र २५ वर्षीय जिल्ला सन्देश थारूलाई ०५९ भदौ १ गते, मोतिपुर गाविस-७ का २३ वर्षीय भवन चौधरी, सोही ठाउँका २४ वर्षीय लाहानु थारू, २५ वर्षीय भोखलाल थारू, २४ वर्षीय पतिराम थारू, २३ वर्षीय शेरबहादुर थारू र २२ वर्षीय बुधिराम थारूलाई ०५९ भदौ १६ गते, मगरागाडी गाविस-२ का ४३ वर्षीय नरबहादुर रानालाई ०५९ असोज १४ गते, मोतिपुर गाविस-५ का २० वर्षीय कालिराम चौधरी, सोही ठाउँका २० वर्षीय बाबुराम चौधरी, २५ वर्षीय बाधु थारूलाई ०५९ असोज १६ गते, डेउढाकला गाविस-३ का २१ वर्षीय विराजु थारूलाई ०५९ कार्तिक ९ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता पारे।

बेलुका गाविसका पल्टा थारू सुरक्षाकर्मीद्वारा बेपत्ता पारिए। उनलाई ०५८ पुस १४ गते गिरफ्तार गरिएको थियो।

माओवादीबाट

मगरागाडी गाविस-३ का प्रहरी जवान २३ वर्षीय रामकुमार थारूलाई ०५८ चैत १० गते राति घरबाट माओवादीले अपहरण गरे। पीडित हालसम्म बेपत्ता छन्।

गोला गाविस-५ का ३१ वर्षीय दिलबहादुर के.सी., उनकै भाइ २४ वर्षीय दिपकबहादुर वि. सी. लाई सुराकीको आरोपमा ०५९ साउन ८ गते राति घरबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई आँखामा पट्टी बाध्ने, बन्दुकको कुन्दा, लाठी र हातले कुटपिट गरी घाइते बनाए। दीपकलाई सोही दिन राति र दिलबहादुरलाई साउन ११ गते मुक्त गरे। घाइतेको उपचार नेपालगञ्जमा गरियो।

पाताभार गाविस-९ की ३८ वर्षीय कृष्णदेवी रावललाई सुराकीको आरोपमा ०५९ साउन ९ गते दिउँसो

माओवादीले अपहरण गरे। पीडित दौलतपुर गाविस-६ बाट साउन १० गते आफैं भागेर आएन।

पशुपतिनगर गाविस-२ का ३२ वर्षीय योगेन्द्र सिंह डि. सी. लाई सुराकीको आरोपमा ०५९ साउन १० गते पानाभार गाविस-३ बाट माओवादीले अपहरण गरी आँखामा पट्टी बाँधी साउन १४ गते मुक्त गरे। पीडितलाई मुक्त गरेको दिन उनकै घरमा ल्याई बन्दुकको कुन्दा र लाठी प्रहार गरी कुटपिट गरे। पीडितको उपचार नेपालगञ्जमा गरियो।

गोला गाविस-५ का २६ वर्षीय दिनेश थारुलाई सुराकीको आरोपमा ०५९ साउन १[illegible] गते दिउँसो पानाभार गाविस-५ बाट माओवादीले अपहरण गरे। पीडितलाई कुटपिट गरी हात भाँचेर साउन २० गते मुक्त गरिया। पीडितको उपचार नेपालगञ्जमा गरियो।

बानियाभार गाविस-६ का ३६ वर्षीय तरुण दलका जिल्ला अध्यक्ष परशुराम थारुलाई सुराकीको आरोपमा ०५९ कार्तिक ३ गते माओवादीले अपहरण गरे। पीडितलाई कार्तिक १० गते मुक्त गरे।

डंउढाकला गाविस-७ का ३४ वर्षीय रोजन अलीलाई ०५९ कार्तिक सुराकीको आरोपमा २५ गते राति माओवादीले अपहरण गरी बेपत्ता पारे।

दौलतपुर गाविस-९ की ४५ वर्षीय गीताजङ्ग शाहलाई सुराकीको आरोपमा ०५९ मंसिर ५ गते बेलुका माओवादीले अपहरण गरी मंसिर १५ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बगनाहा गाविस-६ का २७ वर्षीय शिक्षक नवराज ढुंगानालाई ०५९ जेठ १ गते जिल्ला प्रहरी कार्यालयमा थुनी भेट्न जाँदा माओवादी भनी छातीमा "म किसान निम्न माध्यमिक विद्यालयको प्रधानाध्यापक नवराज ढुंगाना आतंककारीलाई सहयोग गर्ने आतंककारी हुँ" भनी लेखेको कागज टाँसी फोटो खिचे। पीडितलाई जेठ ५ गतेसम्म माओवादीका सम्पूर्ण दस्तावेज पेश गर्न भनी धम्की दिए।

गुलरीया नपा-६ का ३८ वर्षीय पत्रकार कमल पन्थीलाई ०५९ साउन १७ गते साँझ ८ बजे सोही नपा-८ राधाकृष्ण चोकमा सुरक्षाकर्मीले चालाइ कुटपिट गरे। पीडितको आँखामा चोट लागेकाले काठमाण्डौमा उपचार गरियो। पीडित हाल रुपन्देही, बुटवलमा बस्छन्।

यस्तै खालका घटनाहरूमा राज्यपक्षबाट १० घटना भए, जम्मा १३ जना पीडित भए।

माओवादीबाट

मनाऊ गाविस-[illegible] का [illegible] [illegible] चन्द्रमान श्रेष्ठलाई सुराकीको आरोपमा ०५[illegible] माघ [illegible] गते राति घरमा रहेको अवस्थामा माओवादीले बन्दुक [illegible] र [illegible] लाठीले कुटेर चार हातखुट्टा भाँचिदिए। पीडितको नेपालगञ्जमा उपचार गरियो।

डंउढाकाला गाविस-३ का ४५ वर्षीय केशवबहादुर के. सी. लाई ०५९ असार १३ गते राति १० बजे चन्दा नदिएको आरोपमा माओवादीले घरमा गई दुवै हात बाँधेर बन्दुकको कुन्दा र धारिलो हतियारले हिकाई दुवै खुट्टा भाँचिदिए। पीडितलाई उपचारार्थ काठमाण्डौं लगियो।

माओवादी पक्षबाट सुराकीको गरेको र चन्दा नदिएको कारण ३५ घटनामा ५८ जना पीडित भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बेलवा गाविस-१ का ३३ वर्षीय कुमार परियारलाई माओवादीको आरोपमा ०५८ पुस १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा लाठीले पैताला र गोलीगाँठामा हिर्काई यातना दिए। पीडितलाई माघ ३ गते रिहा गरियो।

धधवार गाविस-४ का १७ वर्षीय सुरेश चौधरी, सोही ठाउँकै २२ वर्षीय फुलरानी चौधरी, २५ वर्षीय जन्जिर चौधरी र २३ वर्षीय कृष्ण बहादुर चौधरीलाई माओवादीको आरोपमा ०५८ पुस २२ गते बिहान ७ बजे सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई चिसापानी सैनिक ब्यारेकमा राखिएको छ।

नेउलापुर गाविस-५ का २४ वर्षीय प्रदेशी थारुलाई माओवादीको आरोपमा ०५८ पुस २४ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस २९ गते तारेखमा रिहा गरियो।

बानियाभार गाविस-८ का ३० वर्षीय मुन्सी थारु र सोही ठाउँका २८ वर्षीय पदम थारुलाई माओवादीको आरोपमा ०५८ पुस २८ गते प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई माघ ५ गते रिहा गरियो।

महम्मदपुर गाविस-८ की २२ वर्षीय सुभरानी चौधरीलाई माओवादीको आरोपमा ०५८ पुस २९ गते सानोश्री गाविसबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई हालसम्म नजरबन्दमा राखिएको छ।

मैनापोखरी गाविस-६ का ४४ वर्षीय मनिराम थारुलाई माओवादीको आरोपमा ०५८ माघ १ गते राति घरबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई माघ १० गते रिहा गरियो।

सानोश्री गाविस-३ का २८ वर्षीय नरबहादुर शाहीलाई माओवादीको आरोपमा ०५८ माघ ४ गते प्रहरीले घरबाट गिरफ्तार गरे। पीडितलाई माघ १४ गते तारेखमा रिहा गरियो।

मोतिपुर गाविस-५ का २५ वर्षीय दुर्गा चौधरीलाई माओवादीको आरोपमा ०५८ माघ २७ गते जिल्ला प्रहरी कार्यालय गुलरीयामा तारेख लिन आएको अवस्थामा प्रहरीले कार्यालयबाट गिरफ्तार गरे। पीडितलाई फागुन १४ गते तारेखमा रिहा गरियो।

मोतिपुर गाविस-८ का २७ वर्षीय हरिहर भण्डारी र

२८ वर्षीय मणि अर्याललाई माओवादीको आरोपमा ०५८ माघ २८ गते सुरक्षाकर्मीले पसलबाट गिरफ्तार गरे। पीडितलाई हिरासतमा लाठीले खुट्टामा हिर्काई यातना दिएर फागुन ६ गते रिहा गरियो।

पशुपतिनगर गाविस-१ का १६ वर्षीय डम्बरबहादुर विष्टलाई माओवादीको आरोपमा ०५८ फागुन २ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई फागुन ८ गते रिहा गरियो।

पाताभार गाविस-१ का २७ वर्षीय बलबहादुर चौधरी र सोही ठाउँका २७ वर्षीय पूर्णबहादुर चौधरीलाई माओवादीको आशंकामा ०५८ फागुन २ गते दिउँसो प्रहरीले गिरफ्तार गरे। पीडितलाई फागुन १४ गते तारेखमा रिहा गरियो।

गोला गाविस-४ का २८ वर्षीय भगवती थारू र सोही ठाउँका १७ वर्षीय खगेन्द्रप्रसाद काफ्लेलाई माओवादीको आरोपमा ०५८ फागुन ३ गते दिउँसो सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि रिहा गरियो।

महम्मदपुर गाविस-८ का ३० वर्षीय गोविन्द चौधरीलाई माओवादीको आरोपमा ०५८ चैत २१ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा लाठीले हिर्काएर निधारमा दाग बसेको छ। पीडितलाई ०५९ कार्तिकदेखि कारागार बर्दियामा राखेको छ।

डेउढाकला गाविस-९ का ६० वर्षीय पूर्णभद्र अधिकारीलाई माओवादीको आरोपमा ०५९ वैशाख २६ गते विहान ११ बजे सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई कसैसँग भेटघाट गर्न नदिई ०५९ जेठ २ गते रिहा गरियो।

मगरागाडी गाविस-७ की ५५ वर्षीय शिवा पौडेल र छोरी २० वर्षीय सुलोचना पौडेललाई ०५९ जेठ ८ गते सुरक्षाकर्मीले "केही सोधपुछ गर्नु छ" भनी गिरफ्तार गरे। पीडितलाई कसैसँग भेटघाट गर्न नदिएर बाँके चिसापानी ब्यारेकबाट ०५९ भदौ १६ गते तारेखमा रिहा गरियो।

सोरहवा गाविस-३ की १८ वर्षीय सीता चौधरीलाई माओवादीको आरोपमा ०५९ असार २८ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालय, गुलरीयामा राखिएको छ।

पाताभार गाविस-१ का २४ वर्षीय कृष्ण वैद्य र सोही ठाउँका २५ वर्षीय राजेश वैद्यलाई माओवादीको आरोपमा ०५९ असार ३० गते गुलरीया नपा-८ बाट प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला कारागार बर्दियामा राखिएको छ।

शिवपुर गाविस-९ का ३६ वर्षीय गाविस उपाध्यक्ष खुशीराम थारूलाई माओवादीको आशंकामा ०५९ असार ३२ गते विहान ७ बजे खेतबाट सुरक्षाकर्मीले आँखामा पट्टी बाँधेर गिरफ्तार गरे। पीडितलाई हिरासतमा लाठीले कुइनामा र अन्य शरीरमा कुटपिट गरी साउन १ गते तारेखमा रिहा गरियो।

डेउढाकला गाविस-९ का २७ वर्षीय राधेकृष्ण थारूलाई माओवादीको आरोपमा ०५९ साउन ५ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कसैसँग भेटघाट गर्न नदिई साउन १७ गते चिसापानी ब्यारेकबाट रिहा गरियो।

सोरहवा गाविस-२ का १६ वर्षीय दिनेश थारूलाई माओवादीलाई खाना खुवाएको आरोपमा ०५९ साउन ५ गते राति ११ बजे घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कसैसँग भेटघाट गर्न नदिई ०५९ साउन १८ गते बाँके, चिसापानी ब्यारेकबाट रिहा गरियो।

मगरागाडी गाविस-५ का २२ वर्षीय हरिराम थारू र सोही ठाउँके टेटराम थारूलाई माओवादीको आरोपमा ०५९ साउन २४ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई बाँके, चिसापानी ब्यारेकमा राखिएको छ।

मगरागाडी गाविस-५ का ३० वर्षीय राम भरोसे थारू, सोही ठाउँका ४१ वर्षीय जगतराम थारू, ४८ वर्षीय जग्गु थारू, २३ वर्षीय जग्गन थारूलाई माओवादीको आरोपमा ०५९ साउन २६ गते विहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई बाँके, चिसापानी सैनिक ब्यारेकमा राखिएको छ।

मानतिपुर गाविस-७ का २२ वर्षीय कालिगढ चौधरीलाई माओवादीको आशंकामा ०५९ भदौ १६ गते बसमा महेन्द्रनगर गएको अवस्थामा मगरागाडी गाविस-७ मा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्दा गिरफ्तार गरे। पीडितलाई कसैसँग भेटघाट गर्न नदिएर हिरासतमा लाठीमा रबरले बेरेर पैतला, पेटमा र अन्य भागमा पिट्ने, आँखामा खाना खाने समय बाहेक पट्टी बाध्ने गरियो र ०५९ असोज २१ गते तारेखमा रिहा गरियो।

डेउढाकला गाविस-३ का ४५ वर्षीय अम्मरबहादुर खड्कालाई माओवादीको आरोपमा ०५९ असोज १४ गते राति ३ बजे घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा कसैसँग भेटघाट गर्न नदिएर प्लास्टिकको पाइपले पैतला, ढाड र हातका कुइनामा घाउ हुने गरी कुटपिट गरी असोज २१ गते रिहा गरियो।

सोरहवा गाविस-३ का २२ वर्षीय राजन थारूलाई माओवादीको आरोपमा ०५९ कार्तिक ४ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा कसैसँग भेटघाट गर्न नदिई मंसिर ३ गते जिल्ला प्रहरी कार्यालय, गुलरीयाबाट रिहा गरियो।

पशुपतिनगर गाविस-२ का ३६ वर्षीय सुरतबहादुर रावतलाई माओवादीको आरोपमा ०५९ कार्तिक ७ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा कसैसँग भेटघाट गर्न नदिई लाठीले हातका औंला, पैतला र शरीरमा नीलडाम हुने गरी कुटपिट गरी मंसिर २ गते रिहा गरियो।

शिवपुर गाविस-७ का ४३ वर्षीय शिक्षक गोपीलाल चौधरीलाई माओवादीको आरोपमा ०५९ पुस ३ गते दिउँसो विद्यालयबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कसैसँग भेटघाट गर्न नदिएर शाही बर्दिया राष्ट्रिय निकुञ्ज ठाकुरद्वारामा राखिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदी

माओवादीहरूले यस वर्ष क्षेत्र नं. ३ को राजापुर क्षेत्रका ११ गाविसहरूमा सुरक्षाकर्मीले ०५९ कार्तिकमा खोजतलास अभियान गरेपछि सुरक्षकर्मीमा कार्यरत भएकाहरूको घरमा गई १५ दिन भित्र आफ्नो छोराछोरीलाई जागिर छोडी बोलाउन भनेको र यदी १५ दिनभित्र जागिर छोडी नआएमा मार्ने धम्की दिए पछि उक्त क्षेत्रका १ सय ७७ जना सुरक्षाकर्मीका परिवार यस वर्ष विस्थापित भए। त्यस्तै अन्य राजनीतिक पार्टीसँग सम्बद्ध भएकै कारण यस वर्ष विस्थापित भएका राजनीतिक विस्थापित १ सय १५ घर परिवार गरी यो जिल्लामा हालसम्म २ सय ९२ घर परिवार विस्थापित भए। विस्थापित मध्ये केही आफ्नो छोरा सेना/प्रहरीमा जुन जिल्लामा कार्यरत छन् त्यही जिल्लामा गए, कोही घरका अन्य परिवार ल्याई सदरमुकाममा डेरा गरे भने केही मजदूरी गरी बसेका छन्।

माओवादीले गाविस ध्वस्त बनाएपछि राजापुर क्षेत्रका ११ गाविसहरू हाल गुलरीया नगरपालिका कार्यालयबाटै संचालन हुँदा राजापुर क्षेत्रका बृद्धहरूले भत्ता पाएका छैनन्।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी हत्या गरिएकी रुपा थारुको शोकमग्न परिवार

माओवादीद्वारा क्षति पुर्‍याइएको राजापुर स्थित खाद्य संस्थानको गोदाम

बालअधिकार

सोरहवा गाविस-३ मुक्त कमैया स्थायी शिविरमा ०५८ फागुन २१ गते आगलागी हुँदा कुहिरे थारुको चार वर्षीय बालकको मृत्यु भयो। तीन कमैयाका छाप्रा जलेर ध्वस्त भए।

महिला अधिकार

सोरहवा गाविस-८ की ५५ वर्षीय हाममाया क्षेत्रीलाई ०५९ भदौ १७ गते सोही गाविस-८ कै २६ वर्षीय गोमा हमाललाई विरामी भएको वेला धामी बस्दा हमालले वोक्सी भनी नाम सार्वजनिक गरी वेइज्जत गरिन्।

यस वर्ष वहुविवाहका ३ वटा घटना सार्वजनिक भए।

विविध

संरचना क्षति

माओवादीहरूले जिल्लाका २५ गाविसहरू ध्वस्त बनाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष सडक दुर्घटनाका ८ वटा घटनामा ८ जनाको मृत्यु भयो। झुण्डिएर ३५ जनाले आत्महत्या गरे भने २० जनाले विष खाएर आत्महत्या गरे। त्यस्तै चट्याङबाट दुई जनाको मृत्यु भयो।

४.८ सुर्खेत

जनसंख्या	: २८८६९१
साक्षरता प्रतिशत	: ६२.४८
महिला साक्षरता प्रतिशत	: ५१.४९
क्षेत्रफल (वर्ग कि. मि.)	: २१२३.३८
गाविस / नपा संख्या	: ५०/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४६१
क्याम्पस / उच्च मावि	: २/५
अस्पताल / स्वास्थ्य चौकी	: १/५
टेलिफोन लाइन	: १४८५
मोटर सडक (कि. मि.)	: २३०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: १
मानव विकास सूचकांक	: ०.३५७
प्रति एक डाक्टर जनसंख्या	: २६९८७
प्रति परिवार सरदर संख्या	: ५.३४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

थाला गाविसका माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुखकी पत्नी भावना र अर्का एक माओवादी कार्यकर्तालाई ०५८ माघ ११ गते सेल्टरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित भावना तीन महिनाको गर्भवती भएको स्थानीय गाउँलेले बताए।

तरंगा गाविस-४ का तर्कवीर भनिने ३६ वर्षीय न्याउले कामीलाई माओवादी भएको आरोपमा ०५८ फागुन १ गते सुरक्षाकर्मीले बड्डिचौर बजारमा गोली हानी हत्या गरे।

विद्यापुर गाविसमा १४ वर्षीय एक बालक र अन्य एक जनाको ०५८ फागुन १ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। पीडितहरूको लास जिल्ला सदरमुकाम ल्याइएको थियो।

लाटीकोइली गाविस-८ का १९ वर्षीय सर्वजीत चौधरी र उत्तरगंगा गाविस-८ का २१ वर्षीय महतरा थरका व्यक्तिलाई ०५८ फागुन ९ गते बेलुका सुरक्षाकर्मीले गोली प्रहार गर्दा सर्वजीतको घटनास्थलमै मृत्यु भयो भने महतरा घाइते भए। पीडित सर्वजीत चौधरीको बायाँ छातीमा गोली लागी ढलेपछि सुरक्षाकर्मीले भ्यानमा राखी लगेका थिए। पीडित आतंककारी भएको र खोजतलासको क्रममा मारिएको सुरक्षानिकायले जनायो।

पाम्का गाविस-४ का माओवादीका एरिया कमिटीका उपसचिव अटल भनिने ३५ वर्षीय कर्णबहादुर रानालाई ०५८ फागुन ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

वीरेन्द्रनगर नपा-७ इत्रामका हिमाल भनिने ३२ वर्षीय खडानन्द काफ्लेलाई ०५८ फागुन ९ गते सुरक्षाकर्मीले विद्यापुरमा गोली हानी हत्या गरे। स्थानीय बासिन्दाका अनुसार पीडितलाई सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितको लास फागुन ११ गते सम्बन्धित घर परिवारले प्रशासनबाट बुझी अन्त्येष्टी गरे।

हरिहरपुर गाविस-४ का माओवादीद्वारा घोषित गाजस प्रमुख २३ वर्षीय जंगबहादुर विकलाई ०५८ फागुन १० गते उत्तरगंगाबाट गाउँतिर हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले फलाँटेमा गोली हानी हत्या गरे।

गुठु गाविस-५ का १४ वर्षीय प्रेम जैसी (गर्तौला) लाई ०५८ फागुन १० गते सुरक्षाकर्मीले विद्यालयमा पढिरहेको अवस्थामा गोली हानी हत्या गरे। सुरक्षाकर्मीले पीडितलाई आतंककारी घोषणा गरे।

विजौरा गाविस-८ का २३ वर्षीय लोकराज देवकोटालाई माओवादीको आरोपमा ०५८ फागुन ११ गते आफ्नै घर नजिकै सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित नेकांका कार्यकर्ता थिए।

बर्दिया जिल्ला घर भएका थारूवान मुक्ति मोर्चाका जिल्ला अध्यक्ष ३६ वर्षीय गोपीलाल चौधरी र वीरेन्द्रनगर नपा-५ का २७ वर्षीय विष्णु ढुंगानाको ०५८ फागुन १३ गते सुरक्षाकर्मीको कारवाहीमा परी गडी गाविसमा मृत्यु भयो।

रामघाट गाविस-४ रातमाटामा सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीद्वारा ०५८ फागुन २२ गते बर्दिया जिल्ला घर भएका विज्ञान भनिने २९ वर्षीय विवेक चौधरी र केदार भनिने चक्रबहादुर बुढाको मृत्यु भयो। पीडितहरू सुरक्षाकर्मीलाई विद्युतीय धराप विच्छ्याउदै गरेको अवस्थामा कारवाहीमा परेको सुरक्षाकर्मीले जनायो। सोही ठाउँबाट नाम नखुलेका एक जना २६ वर्षीय युवकलाई गिरफ्तार गरियो।

काफलकोट गाविस-४ का २० वर्षीय मानबहादुर बाँठा र वडा सदस्य ४५ वर्षीय चन्द्रबहादुर बाँठालाई ०५८ फागुन २५ गते रामघाट गाविस-४ मा रहेको सुरक्षाकर्मीले नियन्त्रणमा लिई बेलुकी सोही ठाउँमा गोली हानी हत्या गरे। पीडितहरू कामको खोजीमा भारत जान लागेका मजदुर थिए।

छिन्चु गाविस-७ बजारमा मेडिकल पसल गरी बस्ने ३१ वर्षीय लक्ष्मीप्रसाद गौतम र सोही ठाउँ होटल चलाई बस्ने ४५ वर्षीय कृष्णप्रसाद खनाललाई ०५८ फागुन २५ गते बेलुका सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरी रामघाट गाविस-४ रानामाटा वेश क्याम्पमा पुर्‍याई बेलुकी हत्या गरे। पीडितका परिवारले ९ दिन पछि मात्र लासको अन्त्यष्ठी गरे।

रामघाट गाविस-४ रातामाटामा रहेको सुरक्षा वेस क्याम्पका सुरक्षाकर्मीले ०५८ फागुन २६ गते नाम नखुलेका दुई जनालाई माओवादीको आरोपमा हत्या गरी खोल्सामा पुरे।

रजेना गाविसका २७ वर्षीय कर्णबहादुर सुनार र २२ वर्षीय जीवन सुनारलाई ०५८ फागुन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जंगलमा ल्याई हत्या गरे। सुरक्षाकर्मीले आतंककारी मारिएको विज्ञप्ति निकाले पनि पीडित दुवै सर्वसाधारण रहेको स्थानीय प्रत्यक्षदर्शीले बताए।

कुनाथरी गाविस-८ को जंगलमा माओवादी र सुरक्षाकर्मीको दोहोरो मुठभेडमा ०५८ फागुन २७ गते सनाखत हुन नसकेका तीन जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

नेटा गाविस-९ फालिकोटका २७ वर्षीय टिकाराम चपाई र २३ वर्षीय बलबहादुर चपाईलाई ०५८ फागुन २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक दिनभरि हिंडाई दशरथपुर गाविसको सिमले भन्ने ठाउँमा पुऱ्याई हत्या गरे। पीडितहरू नेकपा एमाले समर्थक थिए।

अवलचौड गाविस-८ धरमपोखरा प्राविका शिक्षक ३२ वर्षीय प्रकाश जिसीलाई ०५८ फागुन २७ गते सुरक्षाकर्मीले विद्यालय परिसरबाट गिरफ्तार गरी रानीवास गाविस र चिङ्गार खोलाको बीचमा पुऱ्याई हत्या गरे।

सहारे गाविस-९ पोखरेका १९ वर्षीय नन्दलाल पुन, २३ वर्षीय मोतिसिं बुढामगर, २२ वर्षीय पहलमान बुढा र घुमखहरे गाविस-३ का ३८ वर्षीय काशीराम बुढाक्षेत्रीलाई ०५८ फागुन २७ गते पोखरेबजारको पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सडक नजिकै गोली हानी हत्या गरे। पीडितहरू मध्ये कोही पसलमा सामान किन्न कोही बजारको एक पसलमा बसेका थिए। दुई वटा गाडीमा आएका सुरक्षाकर्मीले उनीहरूलाई माओवादीको आरोप लगाउँदै गिरफ्तार गरी लगेको र पछि नजिकै सडक छेउमा हत्या गरिएको पीडितका प्रत्यक्षदर्शी आफन्तहरू बताउँछन्।

नेटा गाविसको जंगलमा ०५८ फागुन २८ गते चार जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भयो।

कुनाथरी गाविस-९ ओदालनालका २९ वर्षीय ज्ञानबहादुर सुनार, ३९ वर्षीय हर्कबहादुर पुलामी, ३२ वर्षीय अमरबहादुर सुनारलाई ०५८ फागुन २९ गते नकाबधारी सशस्त्र सुरक्षाकर्मीको समूहले घरमा सुतिरहेको अवस्थामा गिरफ्तार गरी घरभन्दा केही पर हुर्के भन्ने ठाउँमा टाउको काटी हत्या गरे। मृतकहरू सर्वसाधारण रहेको प्रत्यक्षदर्शी बताउँछन्।

गढी गाविसका ३५ वर्षीय गोकुल खन्सु मगरलाई ०५८ चैत ४ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा हत्या गरे।

सुर्खेतबाट खटिएको सुरक्षाकर्मी र माओवादी बीच ०५८ चैत ७ गते छिन्चु सडकको ६७ कि. मि. भन्ने स्थानमा दोहोरो भिडन्तमा जन्जीर नामको एक जना माओवादीको घटनास्थलमै मृत्यु भयो।

बेताल गाविस-१ का ४३ वर्षीय लालबन्दी रानालाई माओवादीको आरोपमा ०५८ चैत ८ गते सर्चमा गएको सुरक्षाकर्मीले दिउँसो घरबाट गिरफ्तार गरी केही पर पुऱ्याई गोली हानी हत्या गरे। पीडित राप्रपाका कार्यकर्ता थिए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	१०	१३			१३	६९	१०७	१०	६	१२३
घाइते	२	१	१	२	२२	३६	१		३७	१०	१३			१३
बम विस्फोटन					१			१	१					
गिरफ्तारी/यातना										९२	१५२	७	१९	१७८
बेपत्ता										१	२			३
कुटपिट					११	१६	३		१९	१०	१५		५	२०
धम्की					२५	४८	३	४	५५	१	१			१
महिला अधिकार	८		११	११						१		१		१
आर्थिक/सामाजिक अधिकार	१	१		१	२	२			२					
अपहरण					२६	३६	४		४०					
जम्मा	१४	५	१२	१७	९७	१५१	११	५	१६७	१८४	२९०	१८	३०	३३८

विजौरा गाविसको विजौरामा ०५८ चैत ९ गते सुरक्षाकर्मी र माओवादी बीच मुठभेड हुँदा ५ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। सोही दिन सोही गाविस-२ मा एक जना माओवादीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

जबुर्टा गाविस-१ का ३६ वर्षीय कुमार घर्तीलाई ०५८ चैत २३ गते सादा पोशाकमा रहेका सुरक्षाकर्मीले छिमेकी भुपाल सलामीको घरबाट दिउँसो ३ बजे गिरफ्तार गरी कपासेको देवस्थल भन्ने जंगलमा लगी हत्या गरे।

उत्तरगंगा गाविस-१ का १७ वर्षीय युवक थानीलाई ०५८ चैत ३० गते रेडियो नेपाल नजिक रहेका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित एसएलसी परीक्षा सकेर टेम्पो चढी घरको गेट नजिक पुगेपछि नियमित चेक गर्ने सुरक्षाकर्मीले गोली चलाएको प्रत्यक्षदर्शी बताउँछन्।

मैनतडा गाविस-१ हेल्थपोष्टमा कार्यरत अहेबको ०५९ वैशाख ९ गते सुरक्षाकर्मीको कारवाहीबाट मैनतडाको जमारखोलामा मृत्यु भयो।

रामघाट गाविस-८ का टाइगर भनिने वडा समिति प्रमुख ४१ वर्षीय प्रेम थापा र रजेना गाविस-२ का विश्वास भनिने खमानसिं पुनको माओवादीको आरोपमा ०५९ वैशाख ९ गते सुरक्षाकर्मीले रफेनामा गोली हानी हत्या गरे।

मेहलकुना गाविस-९ का एकजना बालकलाई ०५९ वैशाख ९ गते खोजतलासमा गएका सुरक्षाकर्मीले गोली चलाई मेहलकुनामा हत्या गरे। पीडितको लास त्यहीं छाडी हिंडेको पीडित आफन्त बताउँछन्।

रामघाट गाविस-६ का २४ वर्षीय प्रेम रसाइली र सनाखत नभएका दुई जना माओवादी कार्यकर्ताको ०५९ वैशाख ९ गते रामघाटको जंगलमा सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भयो। पीडितहरूको लास घटनास्थलमै छाडी सुरक्षाकर्मी सदरमुकाम हिंडेको प्रत्यक्षदर्शी बताउँछन्।

बाबीयाचौर गाविस घर भएका ३६ वर्षीय जीवन चौधरीको ०५९ वैशाख १४ गते सर्चमा गएको सुरक्षाकर्मीको कारवाहीबाट बाबीयाचौर बजारमा मृत्यु भयो। प्रत्यक्षदर्शीका अनुसार पीडित स्थानीय व्यापारीसँग पार्टीको नाममा चन्दा उठाउँदै थिए।

बर्दिया जिल्लाका ३० वर्षीय दिनेश चौधरी र वीरेन्द्रनगर नपा-८ इन्नामकी अनेमसंघ (क्रान्तिकारी) जिल्ला अध्यक्ष ३३ वर्षीय सीता नेपालीको ०५९ वैशाख १४ गते सुरक्षाकर्मीको कारवाहीमा परी बाबियाचौरमा मृत्यु भयो। पीडितहरू स्थानीय बजारमा बसेको समयमा घेरामा परी सुरक्षाकर्मीले नियन्त्रणमा लिइसकेपछि हत्या भएको प्रत्यक्षदर्शी बताउँछन्।

जर्बुटा गाविस-५ का ३० वर्षीय खुमप्रसाद चपाईको ०५९ वैशाख २० गते सर्चमा खटिएका सुरक्षाकर्मीले कल्याण र साथावानी बीच चिङ्गार खोलामा हत्या गरे। पीडित साथ रहेका दुई जना माओवादी फरार भए। सर्वसाधारण जनतालाई चामल ढुवानी गर्न लगाई पीडित चपाई नुहाइरहेको समयमा सुरक्षाकर्मीले फेला पारेका थिए। पीडितको लास २१ गते जिल्ला प्रशासनबाट आफन्तले बुझी अन्त्येष्टी गरे।

गुढु गाविसका २७ वर्षीय विकास र कालिकोट जिल्ला घर भएका समुद्र भनिने माओवादी कार्यकर्तालाई ०५९ जेठ २ गते सर्चमा गएको सुरक्षाकर्मीले घुमखहरे गाविस-९ भेडावाडी गाउँबीचमा गोली हानी हत्या गरे। पीडितहरू दुवै निशस्त्र अवस्थामा स्थानीय जनताबीच बसेका थिए।

खहरे गाविस-९ का ३२ वर्षीय उदयराज गिरी, सोही गाविस-६ का ५५ वर्षीय लालबहादुर विक, ५० वर्षीय इमानसिं नेपालीलाई ०५९ जेठ २ गते सर्चमा गएको सुरक्षाकर्मीले भेडावाडी पुलबाट गिरफ्तार गरे। पीडितहरूलाई छिन्चु सुरक्षा गुल्ममा राखी बेलुकी सुर्खेततिर हिंडाएको र भेरी पुल आसपासमा हत्या गरी फालेको हुनसक्ने प्रत्यक्षदर्शी बताउँछन्। घुमखहरे इलाकामा तीन आतंककारीको मृत्यु भएको रक्षाको विज्ञप्तिमा जनाइयो।

साटाखानी गाविस-१ भुप्राखोलामा ०५९ जेठ ८ गते सर्चमा गएको सुरक्षाकर्मीको कारवाहीमा परी नाम नखुलेका एक जना माओवादी कार्यकर्ताको हत्या भयो। उक्त कुरा सुरक्षाकर्मीको विज्ञप्ति मार्फत सार्वजनिक गरियो।

लेखगाउँ गाविस गोठीकाँडामा ०५९ जेठ १० गते सर्चमा गएको सुरक्षाकर्मीको कारवाहीमा परी ३७ वर्षीय अर्जुन डोटेलको हत्या भयो। सोही दिन मेहलकुना गाविस-५ मा सुरक्षाकर्मीको सर्च टोलीको कारवाहीमा एक जना माओवादीको हत्या भयो। मृतकको सनाखत हुन सकेन।

हरिहरपुर गाविस-४ कालपुर रानीघाटका ३८ वर्षीय लालवीर नेपालीको ०५९ जेठ २६ गते सुरक्षाकर्मीले आफन्तको

सुरक्षाकर्मीद्वारा हत्या गरिएका सर्वजीत चौधरी

घरबाट गिरफ्तार गरी केही टाढा लगी हत्या गरे।

माओवादी कार्यकर्ता ३६ वर्षीय इन्द्रबहादुर सार्की, वीरेन्द्रनगर नपा बुढबुढीघरका २० वर्षीय मल्ल भनिने भूमिसरा वली र नेटा गाविसकी १९ वर्षीय गंगा घर्तीको ०५९ जेठ २९ गते दिउँसो विद्यालय कार्यक्रम स्थलमा सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भयो। प्रत्यक्षदर्शीका अनुसार एक जना खुट्टामा गोली लागेको र एक जना पीडितलाई दशरथपुर बजारबाट घिसारेर ल्याई घुम्ने तल्लो र रामघाट बजारमा कर्फ्यू लगाई गोली चलाएको आवाज मात्र सुनेको तर भेरीको पारवामा पुलबाट दुई वटा लास फालेकोमा दोस्रो दिन माओवादीले लासको अन्त्यष्टी गरेको बताउँछन्।

माओवादीद्वारा हत्या गरिएका यज्ञबहादुर गुरुङ

रामघाट गाविस-८ घर भएका माओवादी कार्यकर्ता पंकज भनिने डिलबहादुर थापाको ०५९ जेठ २९ गते सुरक्षाकर्मीले कुनाथरी गाविसको चेपाङमा गिरफ्तार गरी जंगलमा ल्याई हत्या गरे।

हरिहरपुर गाविस-५ पाम्माका ३२ वर्षीय सुरेश भारती, ३२ वर्षीय रामप्रसाद पौडेल र साटाखानी गाविस-८ का माओवादीद्वारा घोषित वडाप्रमुख ४० वर्षीय बलराम आचार्यलाई ०५९ असार २७ गते सुरक्षाकर्मीले गाउँमा फेला पारी हत्या गरे।

पाम्का गाविस-४ ढुङ्गीका ३३ वर्षीय वीरबहादुर सार्कीलाई ०५९ भदौ २ गते पार्टी कामको सिलसिलामा छिमेकी गाउँमा गएको अवस्थामा जम्काभेट भई खानतलासी गरेपछि सुरक्षाफौले केही टाढा लगी गोली हानी हत्या गरे।

छिन्चु गाविस-१ गेरुवानीका २५ वर्षीय गंगाराम वली र उनका भाई १९ वर्षीय दुर्गा बली र २८ वर्षीय दलवीर परियारलाई ०५९ भदौ १२ गते राति सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही ठाउँको हातारवाल र गेरुवनीको बीचमा पुर्याई गोली हानी हत्या गरे। सुरक्षाकर्मीले उक्त घटनाको विषयमा मुठभेडमा तीन जना आतंककारीको मृत्यु भएको सार्वजनिक गर्यो।

रामघाट गाविस-७ सितापुरका कक्षा ७ मा अध्ययनरत १४ वर्षीय अशोकचन्दको ०५९ भदौ १७ गते बेलुका नीजको नाच हेर्न गइरहेको अवस्थामा गम्तीमा रहेको सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भयो। उक्त घटनामा सोही ठाउँका १५ वर्षीय प्रकाश थापा गोली लागी घाइते भए। घटनाका सम्बन्धमा इलाका प्रहरी कार्यालय छिन्चुका इन्स्पेक्टर रामप्रसाद घर्ती, विद्यालयका प्रधानाध्यापक धर्नसिं खड्का, नेता तथा समाजसेवी टीकाराम सुवेदी र एक जना स्थानीय समाजसेवी बीच सर्जमिन मुचुल्का बनाई सुरक्षाकर्मीले आफ्नो पक्षबाट गल्ती भएकोले मृतकलाई क्षतिपूर्ति दिने, आतंककारी शब्द नराख्ने मौखिक बचन दिएपछि पोष्टमार्टम गरी आफन्तले लास बुझी लिए। क्षतिपूर्ति भने जिल्लाले दिन नमानेको बताइयो।

सहारे गाविस-४ की २० वर्षीय विष्णुकुमारी हमालको ०५९ भदौ २० गते मेहलकुना गाविस-३ कोप्पिमा पेन्टिङ्ग गरिरहेको अवस्थामा सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। उक्त घटनामा ५ माओवादी फरार भए। सुरक्षा फौजले घटना मुठभेडमा भएको जनायो।

रामघाट गाविस-२ का ३१ वर्षीय हस्तबहादुर मिजारको ०५९ असोज २८ गते भारतबाट दशैं मान्न घर आएको अवस्थामा सुरक्षाकर्मीले छिन्चु बजारमा गोली हानी हत्या गरे। पीडितको लासलाई सुरक्षाकर्मीले आफन्तको जिम्मा लगाए।

मैनतडा गाविस-८ का २८ वर्षीय झलकराज र सल्यान कालिमाटी घर भएका अर्का एक माओवादी कार्यकर्ताको ०५९ कार्तिक १३ गते छिन्चुबाट गएको सुरक्षाकर्मीले मैनतडा गाविस-९ झिर्नामा माओवादीको आरोपमा हत्या गरे। पीडितका पत्नी अनुसार खेतमा काम गरी थकित भई खाना खाई सुत्ने समयमा तीन जना माओवादी आएर हाम्रो कार्यक्रम छ भनी लग्न खोज्दा उहाँले "म थाकेको



सुरक्षाकर्मीद्वारा हत्या गरिएका नन्दलाल पुन बायाँबाट झलकराज शर्मा र प्रकाश जि सी

छु जान सक्दिन भन्दा हैन कार्यक्रम सकेर फर्किहाल्नु होला" भनी लिएर गए। दोस्रो दिन हत्या भएको खबर आयो।

सिमा गाविस-२ का २१ वर्षीय बुद्धिबहादुर घर्ती, जुँगा थापाचौर गाविस-७ का प्रेम कठायत र नाम थाहा नभएका १८ वर्षीय महिला माओवादीको ०५९ कार्तिक २० गते छेरा खोलामा सुरक्षाकर्मीको कारवाहीबाट मृत्यु भयो।

सहारे गाविस-४ का समिर भनिने २१ वर्षीय वीरबहादुर सार्की र बाँके जिल्ला घर भएका १९ वर्षीय राजनको ०५९ कार्तिक २६ गते सुरक्षाकर्मीले बोटेचौरमा हत्या गरे। स्थानीय प्रत्यक्षदर्शीका अनुसार बोटेचौर बजारमा बसेको अवस्थामा सुरक्षाकर्मीले हत्या गरेका थिए।

सालकोट गाविस-३ का ३६ वर्षीय उज्ज्वल भनिने उदय विक, एक माओवादी महिला कार्यकर्ता र वीरेन्द्रनगर नपा घर भई कुनाथरी गाविस-३ माइतीघरमा बसेका २७ वर्षीय खगेन्द्र विटालुको ०५९ मंसिर २८ गते कुनाथरी गाविस-३ मा सुरक्षाकर्मीले हत्या गरे। पीडितहरू मध्ये दुई जना माओवादी र खगेन्द्र विटालु सर्वसाधारण थिए।

अवलचीङ गाविस-३ का कक्षा १० मा अध्ययनरत १७ वर्षीय चन्द्रबहादुर रानाको माओवादीको आरोपमा ०५९ पुस १२ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी गोली हानी हत्या गरे।

माओवादीबाट

वीरेन्द्रनगर नपा-२ नेका जिल्ला कार्य समिति सदस्य एवं जिल्ला खेलकूद विकास समिति अध्यक्ष ४३ वर्षीय यज्ञबहादुर गुरूङको ०५८ पुस २८ गते बेलुकीको खाना खाइरहेको समयमा माओवादीले गोली हानी हत्या गरे।

छिन्चु गाविस-७ का ट्रेड युनियन कांग्रेस जिल्ला अध्यक्ष ४१ वर्षीय गणेश शाहीलाई ०५८ चैत १४ गते बिहान ३ बजे घरपरिवार सँगै सुतिरहेको अवस्थामा माओवादीले घरबाट सडकमा ल्याई हत्या गरे।

खानीखोला गाविस-२ चोल्पाका सशस्त्र प्रहरीमा कार्यरत २५ वर्षीय नरजंग सुनारलाई ०५९ वैशाख १० गते बाबुको किरिया बस्न भनी विदामा घर गइरहेको अवस्थामा मैनतडा गाविस-३ पुल नजिकबाट माओवादीले अपहरण गरे। पीडितलाई चैत १४ गते छिन्चु बजारमा ल्याई गोली हानी हत्या गरे। पीडितको घरपरिवारलाई खबर गरेपछि १६ गते अन्त्येष्ठी गरियो।

विद्यापुर गाविस-३ का प्रावि प्रधानाध्यापक ३४ वर्षीय सूर्यप्रसाद पौडेललाई सुराकीको आरोपमा ०५९ वैशाख २० गते राति ८ बजे माओवादीले घरबाट अपहरण गरी गोली हानी हत्या गरे।

मैनतडा गाविस-३ का २१ वर्षीय डिलबहादुर विक र सोही गाविस-२ सातपोखरीका २० वर्षीय पर्शुराम विकको ०५८ फागुन ७ गते मैनतडाबाट माओवादीले अपहरण गरे। पीडितलाई सोही राति मेहलकुना बजारमा पुऱ्याई हत्या गरे। पीडितहरू ६ महिनाको सशस्त्र प्रहरीको तालिम सकेर आमाबाबुसँग भेटघाट गर्न घर आएका थिए।

लेख पराजुल सीमामा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीद्वारा विच्छ्याइएको एम्बुसमा परी ०५९ भदौ २० गते चालक सुबेदार मानबहादुर तामाङको घटनास्थलमा मृत्यु भयो भने मेजर सहित ४ जना घाइते भए।

साटार गाविस-८ का नेकाबाट निर्वाचित पूर्व अध्यक्ष ३५ वर्षीय लोकप्रसाद कडेललको ०५९ असोज १ गते राति घरबाट माओवादीले अपहरण गरी केही टाढा लगी ढुंगा प्रहार गरी हत्या गरे।

दोहोरो भिडन्त

कुनाथरी गाविस-४ खोतखोलामा ४१ वर्षीय लेसनायक जंगबहादुर गोलेको ०५९ असोज ३ गते माओवादीको एम्बुसमा परी मृत्यु भयो। सो घटनामा ३७ वर्षीय हवल्दार नारायण श्रेष्ठ र जवान दिलबहादुर तामाङ सख्त घाइते भए। घाइतेहरूलाई उपचारको लागि काठमाण्डौ लगियो। सोही घटनामा सडकमा काम गर्ने मजदूर हरिरपुर गाविस-३ सिस्नेरीका २८ वर्षीय स्याम हिस्सीमगरलाई सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

लेखपराजुल गाविस-६ की ३५ वर्षीय द्रौपती थापा ०५८ चैत ६ गते खोलामा पानी भरिरहेको अवस्थामा सुर्खेतबाट छिन्चु तिर गएको सुरक्षाकर्मीको माओवादीसँग भिडन्त हुँदा गोली लागी घाइते भइन्। पीडितलाई सुरक्षाकर्मीले उपचारार्थ जिल्ला अस्पताल लगे। छिन्चु गाविस-९ सडकमा एकजना माओवादी कार्यकर्ताको हत्या भयो। उक्त घटनामा केही माओवादीले सुरक्षाकर्मीसँग गरेको मुठभेडको प्रयास असफल भएको थियो।

विजौरा गाविस-२ स्थानीय जनतासँग बसेका माओवादीका दुई जना कार्यकर्ता सुरक्षाकर्मी आएको थाहा पाई

माओवादीद्वारा अपहरण तुलसिं राना र डम्बरबहादुर सारु

भाग्न खोज्दा ०५८ चैत ८ गते सुरक्षाकर्मीको गोलीबाट घाइते भए। घाइतेलाई हतियार सहित सुरक्षाकर्मीले नियन्त्रणमा लिएको प्रत्यक्षदर्शी बताउँछन्।

दशरथपुर गाविस-४ रतामाटाका २४ वर्षीय ललित अधिकारीलाई ०५८ चैत १४ गते घरमा खाना खाइरहेको अवस्थामा सर्चमा गएको सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा चिउडामा गोली लागी घाइते भए। घाइतेलाई तुरुन्तै उपचारको लागि जिल्ला अस्पताल लगियो।

रानीवास गाविस-९ का मावि रानीवासमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय इमानसिं हमाल र सोही गाविस-१ का कक्षा ७ मा अध्ययनरत १३ वर्षीय भक्तबहादुर राना ०५९ जेठ २० गते विद्यालयबाट घरतिर जाँदै गर्दा सुरक्षाकर्मीको हवाई फायरिङ्गमा परी घाइते भए। पीडितहरूलाई सुरक्षाकर्मीले उपचार गरे। उपचार खर्चबापत् पीडितहरूलाई सरकारी कोषबाट प्रतिव्यक्ति २५ हजार रुपैयाँ पाएको अभिभावकले बताए।

वीरेन्द्रनगर नपा-१ नयाँ मोली छोप्टेकी ५१ वर्षीय गौरी नेपाली ०५९ पुस १५ गते भान्सामा पाहुनालाई खाना खुवाइरहेको समयमा सुरक्षाकर्मीले अन्धाधुन्ध चलाएको गोली लागी घाइते भइन्। पीडितलाई उपचारकोलागि प्रहरीले अस्पताल लगे।

माओवादीबाट

राकम गाविस-२ जामुनेबजारमा ०५८ पुस २८ गते स्थानीय जनताबीच कुटपिट भइरहेको समयमा जाजरकोट जिल्ला सल्ला गाविसका सुशील भनिने तिलकबहादुर रावत आफ्नै ग्रिनेट पड्की घाइते भए। घाइतेलाई उपचारको लागि अन्यत्रै लगियो।

सुर्खेतबाट सर्चमा गएको सुरक्षाकर्मी र माओवादी बीच ०५८ फागुन २२ गते भिडन्त हुँदा सशस्त्र प्रहरी जवान २७ वर्षीय यमबहादुर डाँगी र शाही नेपाली सेनाका दुई जवान घाइते भए। घाइतेलाई उपचारको लागि काठमाण्डौं र सुर्खेत लगियो।

दोहोरो भिडन्त

रामघाट गाविस-४ मदानेचौरमा ०५८ फागुन २७ गते सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा घरमा बसिरहेका १३ वर्षीय बालक हेमराज खड्का घाइते भए। पीडितलाई उपचारको लागि सुर्खेत लगियो।

जेल र बन्दीहरू

कुल २५ जना बन्दी क्षमता भएको यस कारागारमा ५६ जना बन्दी छन्। राज्य विरुद्ध अपराधका १२ जना मध्ये बाँके घर भएका विकास गुरुङ्ग, कालिकोटका विन्दमान विष्ट, सुर्खेत रामघाटका रामबहादुर रिसाइली, सुर्खेतका भक्कबहादुर मल्ल, कैलालीका लोकेश शाही, सल्यान खारीका मोतिराम राना, सुर्खेतका गोपाल कार्की, गणेश भण्डारी, बर्दियाका विष्णु चौधरी, पुष्पराज चौधरी, कैलालीका देवीराम देवकोटा, कृष्ण कटुवाल रहेका छन् भने कर्तव्य ज्यानका ११ जनामा सुर्खेतका पुष्कर बली, भक्तबहादुर शाही, रत्नबहादुर दर्लामी, कुलबहादुर दर्लामी, हरिबहादुर रावल, खुमबहादुर पुन, अमरबहादुर रावत, मुगुका नन्दराम निमिल्सिना, दैलेखका चन्द्र न्यौपाने, सिन्धुपाल्चोकका लोकबहादुर चलाउने छन्। जीउ मास्ने बेच्नेमा सुर्खेतका वीरेन्द्र शाही, गोर्खाका धनबहादुर परियार, राज्य विरुद्धमा उज्ज्वल खड्का, वीरेन्द्र विक, चक्रबहादुर विक रहेका छन्।

जिल्ला कारागार सुर्खेतमा विभिन्न आरोपमा राखिएका ३० जना कैदीहरू ०५८ माघ २ गते बिहान ५ बजे सुरुङ खनी फरार भए।

बेपत्ता /अपहरण

राज्यबाट

दिमे गाविसका ३१ वर्षीय मोतिराम मल्ल र नाम थाहा नभएका माओवादी कार्यकर्तालाई ०५८ माघ ११ गते सुरक्षाकर्मीले थाला गाविसको रेकरबाट गिरफ्तार गरी चैत महिनाबाट बेपत्ता पारे। पीडितको हालको अवस्थाबारे जानकारीको लागि उनकी पत्नीले सार्वजनिक गर्न माग गरेकी छन्।

माओवादीबाट

घुमखहरे गाविस-८ का २७ वर्षीय तिलक विष्टलाई ०५८ फागुन १९ गते माओवादीले अपहरण गरे। पीडितलाई मानसिक तनाव दिई फागुन २१ गते मुक्त गरे।

सल्यान जिल्ला कापिुरीचौर गाविस-२ का १७ वर्षीय धनसरा रोका, १७ वर्षीय दिलकुमार परियार, १९ वर्षीय सावित्रा रोका, २९ वर्षीय होमलाल दमाई, सोही गाविस-१ का २२ वर्षीय पूर्णकला घर्ती, २० वर्षीय टीका कुमार शर्मा, १५ वर्षीय कुमारी परियार, २५ वर्षीय देवबहादुर कामी, ३३ वर्षीय अमरबहादुर दमाई, ३७ वर्षीय भिमबहादुर घर्ती, १९ वर्षीय स्वर्णबहादुर पाण्डे, ३७ वर्षीय मानबहादुर घर्ती, ३० वर्षीय नोकबहादुर दमाई १७ वर्षीय अमृता दमाईलाई ०५९ वैशाख १० गते माओवादीले कार्यक्रम छ भनी कापुरीचौर र सुर्खेत मेहलडा गाविसको सिमानाबाट अपहरण गरे। सुरक्षाकर्मी तत्काल घटनास्थलमा पुगी पीडितहरूलाई मुक्त गराए।

बाबियाचौर गाविस अध्यक्ष ३८ वर्षीय जंगबहादुर खड्कालाई ०५९ वैशाख १५ गते विभिन्न आरोप लगाई माओवादीले अपहरण गरे। पीडितलाई विभिन्न ठाउँ घुमाई वैशाख १७ गते बिहान मुक्त गरे। पीडित हाल सदरमुकाममा बस्दै आएका छन्।

कापुरीचौर गाविस-१ च्युरेखरका ३८ वर्षीय बलबहादुर रावतलाई माओवादी पार्टी छाडी घरमा बसेको आरोपमा ०५९ जेठ १ गते माओवादीले अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

रतु गाविसका भूपू अध्यक्ष जर्बुटा गाविस-४ का ५० वर्षीय भूपेन्द्र चपाईलाई ०५९ भदौ १ गते बेलुकी ९ बजे माओवादीले अपहरण गरे। पीडितलाई भोलिपल्ट फर्काउछौं भन्ने पनि विभिन्न ठाउँ घुमाई भदौ ४ गते मुक्त गरे।

अवलाचिङ गाविस-७ का जिल्ला विकास समिति सदस्य ३२ वर्षीय तुलसिं रानालाई ०५९ भदौ १० गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई विभिन्न अनुसन्धान, शारीरिक, मानसिक यातना दिएर पछि घर नछाड्ने सर्तमा भदौ ८ गते मुक्त गरे। उनी हाल सदरमुकाममा बस्दै आएका छन्।

घुमखहरे गाविसका १९ वर्षीय धनबहादुर खत्री र २० वर्षीय रेशम वलीलाई ०५९ भदौ १० गते मैननडा गाविसबाट माओवादीले अपहरण गरे। पीडितहरूको हालको अवस्था अज्ञात रहेको छ।

रानीवास गाविस-१ पुन्माका ४१ वर्षीय विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोपीलाल हमाललाई माओवादीमाथि हानपान गरेको आरोपमा ०५९ भदौ २५ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई शारीरिक र मानसिक यातना दिई भदौ ३० गते मुक्त गरियो।

छाप्रे गाविस-९ का ६ वर्षीय कुन्दन कँडेल, ४ वर्षीय डिल्ली कडेललाई बाबु सशस्त्र प्रहरी भएको आरोपमा ०५९ भदौ ३१ गते राति माओवादीले अपहरण गरी अज्ञात स्थलतिर लगे। पीडित बालकहरूलाई भदौ ३२ गते मुक्त गरे। पीडितका बाबु काठमाण्डौमा भएकाले घरमा बस्न नसकेकाले सदरमुकाम आएको र घरको सबै सम्पत्ति माओवादीले लुटेका थिए।

कुनाथरी गाविस-४ पोखरीकाडाका सूर्यज्योती माविका शिक्षक ३४ वर्षीय डम्बरबहादुर सारूलाई ०५९ असोज ३ गते बेलुका विद्यालयबाट घरतिर जाँदै गर्दा माओवादीले अहपरण गरे। पीडितको अवस्था अज्ञात छ।

बाँके जिल्ला कोहलपुर घर भई विद्यापुर उच्च माविका शिक्षक ३१ वर्षीय खड्कबहादुर थापालाई ०५९ असोज ३ गते विद्यालयबाट फर्किदै गर्दा माओवादीले बाटैबाट अपहरण गरे। पीडितको हालको अवस्था अज्ञात छ।

बाबीयाचौर गाविस-२ का ३२ वर्षीय मनबहादुर विकलाई विरोधी भएको आरोपमा ०५९ असोज २४ गते दिउँसो माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडितलाई असोज २७ गते मुक्त गरे। पीडित नेकपा एमाले गाउँ कमिटी सचिव थिए।

मालारानी गाविसका पूर्व गाविस अध्यक्ष ४५ वर्षीय चित्रबहादुर थापालाई ०५९ असोज २८ गते विभिन्न आरोप लगाई माओवादीले घरबाट अपहरण गरे। पीडितलाई शारीरिक र मानसिक पीडा दिई कार्तिक ७ गते मुक्त गरे।

सहारे गाविस-५ मालुखोलाका ६७ वर्षीय खिनबहादुर रोकालाई सामन्ती भएको आरोपमा ०५९ कार्तिक ३ गते माओवादीले अपहरण गरे। पीडितलाई घर-जग्गा छाड्ने, २५ हजार धरौटी दिनु पर्ने सहमतिमा मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

रामघाट गाविस-७ मा पसल गरी बस्ने ४३ वर्षीय दयाराम गिरी र खड्कबहादुर चन्दलाई माओवादीलाई सार्वजनिक टेलिफोन बुथमा फोन गर्न सहयोग गरेको आरोपमा ०५८ फागुन २६ गते सुरक्षाकर्मीले रामघाट बजारमा कुटपिट गरे।

घुमखहरे गाविस-५ मेहलकुनाका मावि शिक्षक ३८ वर्षीय मानबहादुर खत्री, ३४ वर्षीय काजी विसी र भीमबहादुर खत्रीलाई माओवादीको आरोपमा ०५९ जेठ ७ गते सुरक्षाकर्मीले कुटपिट गरे।

लेखपराजुल गाविस-६ देवस्थल सिम्नेगैका शिक्षक ३२ वर्षीय बलबीर सुनारलाई ०५८ फागुन २१ गते विद्यालय समयमा सर्चमा आएका सुरक्षाकर्मीले माओवादीको आरोपमा कुटपिट गरे।

पाम्का गाविस-४ का नि. मावि शिक्षक ३३ वर्षीय शेरबहादुर रानालाई ०५८ फागुन २६ गते सुरक्षाकर्मीले घरमा बसिरहेको अवस्थामा माओवादीको आरोपमा धम्की दिए।

छिन्चु गाविस-८ का ४० वर्षीय नरबहादुर घर्तीलाई ०५८ फागुन २६ गते, कुनाथरी गाविस-३ का ३६ वर्षीय जितबहादुर रावत र ३५ वर्षीय यमलाल आचार्यलाई ०५९ जेठ १ गते, घुमखहरे गाविस-६का ३६ वर्षीय चन्द्रमणि गौतमलाई ०५९ जेठ १४ गते, विभिन्न आरोप लगाई सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

बजेडीचौर गाविस-९ की ४५ वर्षीय मैनकला महतरा, १४ वर्षीय नोना महतरा, १२ वर्षीय प्रकाश महतरालाई ०५८ पुस २५ गते पती र छोरा कहाँ पठाईस् भन भन्दै माओवादीले हानपातगरी धम्की दिए। पीडित मैनकला महतरा नेकपा (एमाले) जिल्ला कमिटी सदस्य र नेत्रलाल अनेरास्ववियु जिल्ला कमिटी उपसचिव हुन्। सोही समयमा एमाले गाउँ कमिटी सचिव ३४ वर्षीय रामा ढकाललाई धम्की दिई हानपात गरे। पीडितलाई तीन दिनभित्र घर खाली गर्ने अन्यथा आगो लगाइदिने धम्की दिए।

घोंग्टा गाविस-२ का प्रावि शिक्षक ३४ वर्षीय पृथ्वीबहादुर हमाल र ३२ वर्षीय प्रेम खत्रीलाई ०५८ पुस २६ गते विद्यालयबाट घरतिर जाँदा माओवादीले अपहरण गरी जाजरकोट सुर्खेत सीमाना बीचको खोलामा पुऱ्याइ कुटपिट गरे।

रकम गाविस-२ जामुने बजारमा पसल गरी बस्ने ३४

वर्षीय घनश्याम बस्नेतलाई ०५८ पुस २८ गते बेलुकी ८ बजे पसलबाट बाहिर निकाली माओवादीले फलामे छड, लाठी, बन्दुकको कुन्दाले कुटपिट गरे। पीडितका बाबु ६५ वर्षीय गणेश बस्नेतलाई घरमा गएर छोरालाई देखा भनी धम्की दिए। पीडित घनश्यामको शरीरमा नीलडाम, टाउकोमा घाउ र हिंडडुल गर्न नसक्ने अवस्थामा सदरमुकाममा उपचार गर्न लगियो।

आग्रिगाउँ गाविस-१ का भूपू गाविस अध्यक्ष ४८ वर्षीय गणेशबहादुर बुढालाई ०५८ माघ ५ गते माओवादी विरोधी आरोप लगाई माओवादीले कुटपिट गरी धम्की दिए। पीडित हाल विस्थापित भई प्रवासमा जीवन निर्वाह गरिरहेका छन्।

बाबियाचौर गाविस-३ का जिल्ला विकास समिति भूपू सदस्य ४५ वर्षीय मयाराम कँडेल र जिल्ला विकास समिति सदस्य ३९ वर्षीय महेन्द्र ढुंगानालाई ०५८ फागुन २० गते घर छाडी सदरमुकाम बसेको आरोपमा माओवादीले घरपरिवारलाई धम्की दिए। पीडितहरूका सम्पूर्ण परिवार विस्थापित भई सदरमुकाममा बसेका छन्।

लेखगाउँ गाविस-६ का ३९ वर्षीय नैनसिं पुलामीलाई सुराकीको आरोपमा ०५९ जेठ २८ गते माओवादीले कुटपिट गरे। पीडितलाई खेतमा काम गरी घरतिर फर्किरहेको अवस्थामा बीच बाटोमा माओवादीले रोकी ढुंगामुढा प्रयोग गरी शरीर थिचेर राखे। पीडितलाई उपचारकोलागि अस्पतालमा लगिएकोमा उनको दुवै खुट्टाको हड्डी टुक्रिएकोले काटेर फाल्नु परेको बताइयो।

रामघाट गाविस-२ काशीपुर घर भएका भक्तबहादुर गुल्म काठमाण्डौमा कार्यरत ३३ वर्षीय गोकर्ण रावतको घरपरिवारलाई ०५९ असार १९ गते र छिन्चु गाविस-२ कालिटमारकी १७ वर्षीय सुशीला वलीलाई ०५९ असार २४ गते पतिलाई सेनामा पठाएको आरोपमा माओवादीले तत्काल घर खाली गर्ने धम्की दिए। माओवादीले घरको सम्पूर्ण सम्पत्ति लुटेकोले पीडित हाल सदरमुकाम आएर बसेकी छिन्।

रानीघाट गाविस-४ की २२ वर्षीय माया पन्तलाई पति टोपेन्द्र पन्त सशस्त्र प्रहरी भएको आरोपमा ०५९ मंसिर ५ गते माओवादीले पतिलाई नबोलाएमा ज्यानमार्ने धम्की दिए। पीडित हाल ४ महिनाको बच्चा सहित सदरमुकाम आएर बसेकी छन्।

राकम गाविस-२ का ४५ वर्षीय खगेन्द्र पोखरेल, ३२ वर्षीय यज्ञबहादुर मल्ललाई ०५८ माघ १२ गते, छिन्चु गाविस-७ का ३७ वर्षीय कृष्ण खनाललाइ ०५८ फागुन २० गते, लेखगाउँ गाविस-४ ५८ वर्षीय डम्बर बहादुर हमाललाई ०५८ चैत १८ गते, लेखपराजुल गाविसका ३३ वर्षीय लालबहादुर खत्रीलाई ०५८ चैत २० गते, लेखपराजुल गाविस-१ का २२ वर्षीय इन्द्रबहादुर गुरुङ, १५ वर्षीय नगेन्द्र थापालाई ०५९ वैशाख २४ गते, विद्यापुर गाविस-[illegible] का ६५ वर्षीय चन्द्रप्रकाश सापकोटा, २८ वर्षीय टीकाराम सापकोटालाई ०५९ वैशाख २० गते, गुमी गाविस-२ का ४८ वर्षीय पदम गुरुङलाई ०५९ वैशाख ३१ गते, पाम्का गाविस-४ का ४५ वर्षीय नामकली रानालाई ०५९ जेठ २३ गते, लेखपराजुल गाविस-१ का ३७ वर्षीय इन्द्रबहादुर गुरुङलाई ०५९ जेठ २४ गते, पाम्का गाविस-४ का ५० वर्षीय धनवीर रानालाई ०५९ असार २८ गते, डाडाबारी गाविस घर भई राकम गाविस-२ जामुने बजारमा पसल गरी बस्ने ३८ वर्षीय शाही थरका एक व्यक्तिलाई ०५९ भदौ १२ गते, सहारे गाविस-५ का १५ वर्षीय फडेन्द्रराज शाह, २६ वर्षीय अर्जुन सोमै, १८ वर्षीय टेकबहादुर डांगीलाई ०५९ भदौ ७ गते, बाबियाचौर गाविस-६ का टगबहादुर बुढालाई ०५९ भदौ ५ गते, खारीखोला गाविस-३ का ३८ वर्षीय प्रेमबहादुर शाहीलाई ०५९ भदौ १७ गते, बाबीयाचौर गाविस-५ का २१ वर्षीय विष्णु कार्की, २२ वर्षीय प्रेम रावललाई ०५९ भदौ ७ गते, सोही गाविस-५ का ३५ वर्षीय चन्द्रबहादुर सार्कीलाई ०५९ असोज २४ गते, नेटा गाविसका ४७ वर्षीय दिलबहादुर शाही, सोही ठाउँका शिक्षक २९ वर्षीय रत्नबहादुर शाहीलाई ०५९ असोज २८ गते, घमुरबहरे गाविस-९ का ३३ वर्षीय भिमबहादुर खत्रीलाई ०५९ असार ९ गते विभिन्न आरोप लगाई माओवादीले कुटपिट गरी केहीलाई धम्की समेत दिए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

बर्दिया जिल्ला घर भई सुर्खेत लेखपराजुल गाविस-८ मोहतीका अस्थायी शिक्षक २६ वर्षीय नारायण चालिसेलाई अखिल (क्रान्तिकारी) का जिल्ला सदस्य भएको आरोपमा ०५८ पुस २६ गते सुरक्षाकर्मीले विद्यालयबाटै गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी ०५९ साउन ८ गते रिहा गरियो।

जाजरकोट जिल्ला दिमे गाविसका ३१ वर्षीय मोतिराम मल्ल, नाम थाहा नभएका अर्का एक पुरुष, खलंगा गाविस-७ रित्राकी १५ वर्षीय चन्द्रा थापा, नाम थाहा नभएकी १७ वर्षीय एक महिला, गुमीका गाविस-५ का २१ वर्षीय हरिबहादुर खड्का, रानीवास गाविस-५ का २५ वर्षीय नन्दवीर खड्कालाई ०५८ माघ ११ गते सुरक्षाकर्मीले जाजरकोट जिल्ला थाला गाविस-१ बाट गिरफ्तार गरी सुर्खेत गुल्ममा राखे। पीडितहरु मध्ये चन्द्रा थापा र अर्की एक महिलालाई ०५८ चैतमा, हरिबहादुर खड्का र नन्दवीर खड्कालाइ ०५८ चैत २३ गते रिहा गरियो भने मोतिराम मल्ल र अर्को एक जनालाई बेपत्ता पारियो।

साटाखानी गाविस-४ गन्धपानीका २७ वर्षीय मानबहादुर दर्लामी, परेली दुइ भाइ र एक महिलालाई सशस्त्र अवस्थामा ०५८ माघ २१ गते बिहान ५ बजे सुरक्षाकर्मीले सेल्टरबाट गिरफ्तार गरे। पीडितहरुलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

छिन्चु गाविस-४ का ३५ वर्षीय ढलबहादुर घर्तीलाई माओवादीको आरोपमा ०५८ माघ २० गते सुरक्षाकर्मीले नेपालगञ्ज जाँदै गर्दा गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

वड्डिचौर गाविस-४ का ४० वर्षीय अर्जुन बुचा र २२ वर्षीय छविलाल दमाईलाई माओवादीको आरोपमा ०५८ फागुन २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई सुरक्षा गुल्ममा राखी शारीरिक र मानसिक यातना दिइयो।

वीरेन्द्रनगर नपा-६ का ३९ वर्षीय दुर्गाप्रसाद ढकाललाई माओवादीको आरोपमा ०५८ फागुन ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई जेल चलान गरियो।

छिन्चु गाविस-८ का ४२ वर्षीय धर्मराज वि. सी., सोही गाविस-७ का ५७ वर्षीय रत्न चपाई, ३८ वर्षीय कृष्ण पौडेल, ३९ वर्षीय रत्न प्रसाद आचार्य, ३३ वर्षीय यामलाल कडेल र सोही गाविस-८ का ६० वर्षीय भद्रबहादुर रानालाई माओवादीको आरोपमा ०५८ फागुन १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखे। पीडितहरू मध्ये यामलाल कडेल बाहेक अन्यलाई रिहा गरियो।

माओवादी कार्यकर्ता ३१ वर्षीय धनराज विष्टलाई ०५९ असार १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ १३ गते जेल चलान गरियो।

कुनाथरी गाविस-९ ओदालनालका ४५ वर्षीय ललित विकलाई माओवादीको आरोपमा ०५९ असार २१ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई गुल्ममा राखिएको छ। आफन्तहरूका अनुसार पीडितलाई शारीरिक र मानसिक यातना दिइएको बताए।

कालिकोट जिल्ला घर भई वीरेन्द्रनगर नपा-१ लाटिकोइली बजारमा कपडा पसल गरी बस्ने ३९ वर्षीय हरिचन्द्र पाण्डे, ३६ वर्षीय तिलकप्रसाद कोइराला हिरासत मुक्त भई तारेख लिन गएको समयमा ०५९ भदौ ८ गते पुनः गिरफ्तार गरी हिरासतमा राखिएको छ।

मालारानी गाविस-७ का ३५ वर्षीय भूपेन्द्र गैरेलाई माओवादीको आरोपमा ०५९ भदौ ८ गते भारतबाट घर आउँदा सुरक्षाफौले कोहलपुर इलाका प्रहरी कार्यालयमा माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई असोज २२ गते रिहा गरियो। पीडितलाई इलाका प्रहरी कार्यालयको हिरासतमा २२ दिन र कारागारमा २८ दिन राखिएको थियो।

मेहनडा गाविस-१ का ४५ वर्षीय उदय खत्रीलाई सुरक्षाकर्मीले दुई महिना अगाडि माओवादी गतिविधिमा लागेको कारण देखाई ०५९ भदौ २८ गते घरबाट गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखिएको छ।

हरिहरपुर गाविस-३ सिस्नेरीका ३३ वर्षीय ओमबहादुरलाई कुनाथरी गाविस-५ सोताखोलामा माओवादीसँग मिली एम्बुस थापेको आरोपमा ०५९ असोज ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई बेपत्ता पारिएको हुनसक्ने अनुमान गरिएको छ।

साहोर गाविस-१ निग्लेनीका १७ वर्षीय तारा विकलाई ०५९ कार्तिक २६ गते बोरेचौर बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

अवलचिङ गाविस-३ का १८ वर्षीय इन्द्रबहादुर राना, १७ वर्षीय महेन्द्र राना र १८ वर्षीय देविलाल विकलाई माओवादीको आरोपमा ०५९ पुस १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरू मध्ये महेन्द्र रानालाई सम्बन्धित मान्छेको जिम्मा छोड्ने र अन्यलाई जेल चलान गर्ने जानकारी प्रशासनबाट पाएको पीडितका आफन्त बताउँछन्।

उत्तरगंगा गाविसका ३२ वर्षीय मानबहादुर विकलाई ०५८ पुस २१ गते, उत्तरगंगा स्थित तातोपानी प्र. नि. मावि चेपाङका शिक्षक ४१ वर्षीय तुल्सीप्रसाद शर्मालाई ०५८ पुस २१ गते, लेखपराजुल गाविस-८ का २४ वर्षीय रत्नबहादुर शाहलाई ०५८ पुस २२ गते, कुनाथरी गाविसका सब ओभरसियर २८ वर्षीय सुशीललाई ०५८ पुस २३ गते, वीरेन्द्रनगर नपा-३ का ७५ वर्षीय मदन भट्टलाई ०५८ पुस २६ गते, वीरेन्द्रनगर नपा-२ का ३६ वर्षीय डम्बर नेपालीलाई ०५८ पुस २९ गते, लाटीकोइली गाविस-७ का २५ वर्षीय हर्कबहादुर लामा, २१ वर्षीय मानबहादुर सिंहलाई ०५८ माघ ३ गते, रामघाट गाविस-९ का २८ वर्षीय नवराज शर्मालाई ०५८ माघ ७ गते, वीरेन्द्रनगर नपा-६का ३६ वर्षीय इश्वर श्रेष्ठलाई ०५८ माघ १६ गते, रामघाट गाविस-५ का ४३ वर्षीय दयाराम गिरी, सोही गाविस-८ का ५१ वर्षीय पदमबहादुर वली, ३६ वर्षीय कर्णबहादुर रावत, सोही गाविस-६ का २४ वर्षीय खलवीर भण्डारी, १८ वर्षीय कर्णबहादुर बुढालाई ०५८ माघ १९ गते, लेखपराजुल गाविस-६ का १९ वर्षीय गगन सुनारलाई ०५८ माघ २८ गते, दशरथपुर गाविस-५ का शिक्षक ४९ वर्षीय गोविन्द जि. सी., ४६ वर्षीय गौरी लामिछाने, ५७ वर्षीय पदमलाल पौडेल, २८ वर्षीय घनश्याम पौडेल, ३४ वर्षीय गोविन्द चपाई, २७ वर्षीय पदमलाल चपाई र गणेश थापालाई ०५८ माघ १९ गते, रामघाट गाविस-७ का १८ वर्षीय कर्णबहादुर बुढा, सोही गाविस-५ का २८ वर्षीय हेमराज भट्टराईलाई ०५८ माघ १९ गते, लेखपराजुल गाविस-६ का २८ वर्षीय गणेश थापालाई ०५८ माघ १९ गते, लेखपराजुल गाविस-७ का ४६ वर्षीय खिलाल रूसेरालाई ०५८ माघ २१ गते, दशरथपुर गाविस-६ का ३२ वर्षीय डिलबहादुर राना र रामघाट गाविस-८ का डिलबहादुर खड्कालाई ०५८ माघ २१ गते, जुम्ला जिल्ला घर भई जिल्ला शिक्षा कार्यालय सुर्खेतमा कार्यरत ३८ वर्षीय हरि रावतलाई ०५८ माघ २२ गते, उत्तरगंगा गाविस-४ का ४७ वर्षीय रूपलाल आचार्यलाई ०५८ माघ २५ गते, वड्डिचौर गाविस-४ का २५ वर्षीय अमृत सुनार र सोही गाविस-१ का ३६ वर्षीय तुल्सी ढकाललाई ०५८ फागुन ९ गते,

छिन्चु गाविस-५ की २३ वर्षीय केशरी देवकोटालाई ०५८ फागुन १८ गते, वीरेन्द्रनगर नपा-५ का १९ वर्षीय बालाराम डुंगेललाई ०५८ फागुन १८ गते, रामघाट गाविस-८ का २९ वर्षीय चित्रबहादुर बुढालाई ०५८ फागुन २४ गते, छिन्चु गाविस-८ का ५२ वर्षीय भद्रबहादुर थापालाई ०५९ जेठ ५ गते, कुनाथरी गाविस-१ का ४५ वर्षीय डिलबहादुर सुनारलाई ०५९ असार २१ गते, गोही गाविस-५ का २० वर्षीय ललित सुनारलाई ०५९ असार २९ गते, कुनाथरी गाविस-१ का ५१ वर्षीय हर्कबहादुर चुनारालाई ०५९ साउन ६ गते, सहरी गाविस-५ जुढेनारका ५० वर्षीय चक्रबहादुर हमाललाई ०५९ साउन २६ गते, रजेना गाविस-४ का ४५ वर्षीय देविलाल दमाई, ३३ वर्षीय बुद्धबहादुर बली, ४५ वर्षीय भूपेन्द्र अधिकारीलाई ०५९ भदौ १२ गते सुरक्षाकर्मीले विभिन्न आरोप लगाई गिरफ्तार गरी रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ४ सय घर परिवार सुकुम्बासी छन्।

यस वर्ष वृद्ध, अशक्त, असहाय भत्ता गाउँ गाउँमा वितरण हुन सकेको छैन।

बालअधिकार

दहचौर गाविस-३ किटेनीका १४ वर्षीय भरत मल्ल, १४ वर्षीय बलबहादुर बुढा, १४ वर्षीय हरिलाल गुरुङसमेत १५ जना बालकहरूलाई ०५८ फागुन २७ गते माओवादीले घरमा आई माओवादीमा लाग्न धम्की दिए।

दहचौर गाविस-३ का १४ वर्षीय एक बालिकालाई ०५८ फागुन ८ गते आफ्नै हजुरबाबु ४७ वर्षीय कुलबहादुर दमाइले बलात्कार गरे। पीडकलाइ माओवादीले अपहरण गरे।

लाटीकोइली गाविसका ९ वर्षीय एक बालिकालाई ०५९ असोज १२ गते वीरेन्द्रनगर नपा-११ का १६ वर्षीय प्रेमबहादुर विश्वकर्माले जंगलमा लगी बलात्कार गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे फरार छन्।

महिला अधिकार

दहचौर गाविस-३ की १७ वर्षीय एक युवतीलाई ०५८ पुस १७ गते आफ्नै बाबु ४६ वर्षीय कालो दमाइले बलात्कार गरे। पीडित आमाबाट अलग भइ बाबुसँगै बस्दै आएकी थिइन्।

दैलेख जिल्ला लिमुगाउँकी १७ वर्षीय एक युवतीलाई ०५८ पुस २५ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरीले वीरेन्द्रनगर नपा-६ होटलमा लगी बलात्कार गरे। पीडितले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि पीडकलाई कारबाही गरिएको छैन।

गुढ गाविसकी २८ वर्षीय एक महिलालाई ०५८ माघ ३ गते माओवादीद्वारा घोषित विद्यापुर गाउँ जनसरकार प्रमुख ३७ वर्षीय कृष्णप्रसाद उपाध्यायले माइतीघरमा बसिरहेको अवस्थामा बलात्कार गरे। पीडितका तीन छोरा छन्। पीडक र पीडित दुवैलाई माओवादीले माघ ९ गते अबिर लगाई विवाह गरीदिए।

खानीखोला गाविस-८ की २७ वर्षीय एक महिलालाई ०५८ माघ २५ गते घुमखहरे गाविसका माओवादी इन्चार्ज अक्कल भनिने ३१ वर्षीय खगेन्द्र खत्रीले डर त्रास देखाई बलात्कार गरे। माओवादीले पीडक फरार रहेका छन्।

काप्रिचौर गाविस-१ माओवादीद्वारा गठित वडा प्रमुख २४ वर्षीय बलबहादुर रावतले ०५८ माघ २६ गते आफ्नै भाउजु नातापर्नेलाई धम्की दिई बलात्कार गरे। पीडितको पति भारत गएको समयमा उक्त घटना भएको थियो। घटना बारे कहीं कतै नबताउन पीडकले धम्की समेत दिएका थिए।

विविध

संरचना क्षति

छिन्चु इलाका प्रहरी कार्यालय, हुलाक कार्यालय, बैंक, कृषि शाखा कार्यालयमा ०५८ फागुन ११ गते, कुनाथरी गाविस-९ बदालनालमा रोजिन एण्ड टर्पेन युनाईटेडको (डिपो) खोटा कम्पनीमा ०५८ फागुन १३ गते, सरहारे गाविस-८ बोटिचौरमा रहको सेवा केन्द्र भवन, दुग्ध संस्थानको चिस्यान, विद्युत प्राधिकरणका उपकरणहरू, गाविसको कार्यालयमा ०५८ चैत १७ गते, मैनतडा गाविस भवन र हुलाक अफिसमा ०५९ वैशाख २२ गते, उत्तरगंगा गाविसको कार्यालयमा ०५९ मंसिर ४ गते, कुनाथरी गाविस-९ स्थित इलाका वन कार्यालयमा ०५९ मंसिर ४ गते, लाटीकोइली गाविस-८ मा रहेको सशस्त्र वन रक्षकको भवनमा ०५९ मंसिर २ गते, उत्तरगंगा गाविस भवनमा ०५९ मंसिर ४ गते, कुनाथरी गाविस-९ स्थित इलाका वन कार्यालयमा ०५९ मंसिर ४ गते माओवादीले आगो लगाई तोडफोड गरे।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र सुर्खेतका समाचार वाचक ३३ वर्षीय धनबहादुर रोकालाई ०५९ साउन १३ गते रोल्पाबाट सुर्खेत आउँदा माओवादीले अपहरण गरी बेपत्ता पारेकोमा पत्रकार महासंघ, सुर्खेत र कर्मचारी संघले सकुशल मुक्त गराउन छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गरे।

अबलचिङ गाविसका जिविस सदस्य ३२ वर्षीय तुलसी रानालाई आफ्नै घरबाट माओवादीले ०५९ भदौ १० गते अपहरण गरेकोमा नेकपा एमाले जिल्ला कमिटी सुर्खेतले ०५९ भदौ १८ गते सकुशल मुक्त गर्न एक प्रेस विज्ञप्ति प्रकाशित गऱ्यो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र सुर्खेतका समाचार वाचक ३३ वर्षीय धनबहादुर रोकालाई ०५९ साउन १३ गते रोल्पाबाट सुर्खेत आउँदा माओवादीले अपहरण गरी बेपत्ता पारेकोमा पत्रकार महासंघ, सुर्खेत र कर्मचारी संघले सकुशल मुक्त गराउन छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गरे।

अवलचिङ गाविसका जिविस सदस्य ३२ वर्षीय तुलसी रानालाई आफ्नै घरबाट माओवादीले ०५९ भदौ १० गते अपहरण गरेकोमा नेकपा एमाले जिल्ला कमिटी सुर्खेतले ०५९ भदौ १८ गते सकुशल मुक्त गर्न एक प्रेस विज्ञप्ति प्रकाशित गऱ्यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यस जिल्लामा ३ जना पुरुष विष सेवन गरी, १ जना महिला र १ पुरूषले रूखमा पासो लगाई, १ जना वृद्धाले भेरीमा हामफाली आत्महत्या गरे। एक जनाको बेवारिसे लास फेला पऱ्यो भने कलभर्ट भत्किएर १४ वर्षीय बालकको मृत्यु भयो।

दशरथपुर गाविस-३ पिटडाँडाका १४ वर्षीय बालक धनबहादुर पोखरेलको ०५९ असार २ गते माओवादीले छाडेको बम विस्फोट भई मृत्यु भयो। पीडितको घरमा माओवादीले जबरजस्ती खाना पकाउन लगाई खाएको र हिंड्दा ग्रिनेट छाडी गएको लगत्तै पड्की उक्त घटना भएको थियो। उक्त घटनामा १० वर्षीय बालिका कुमारी पोखरेल र ७ वर्षीय आत्माराम पोखरेल घाइते भए। घाइतेहरूलाई उपचारकालागि नेपालगञ्ज पुऱ्याए।

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका घनश्याम बस्नेत

साटाखानी गाविसका पूर्व गाविस अध्यक्ष ३८ वर्षीय टोवबहादुर ताम्लाङ्गीको घरमा ०५९ असोज २७ गते, घुमखहरे गाविस-५ ठिग्नी गाउँका २८ वर्षीय कृष्णबहादुर नेपालीको घरमा ०५९ असोज २८ गते, दहचौर गाविस-४ का ४५ वर्षीय भूपू आर्मी नरबहादुर घर्तीको घरमा ०५९ असोज २८ गते, दहचौर गाविस-४ का २४ वर्षीय गम्भीर गुरूङ्गको घरमा ०५९ कार्तिक १ गते, सोही गाविसका पूर्व अध्यक्ष ४७ वर्षीय इन्द्रबहादुर सलामीको घरमा माओवादीले लुटपाट गरे।

४.९ जाजरकोट

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

थलारैकर गाविस-२ थालाका खड्के वादी र जगतीपुर गाविस-६ की भावना भनिने भूमि विकलाई ०५८ माघ १३ गते सोही गाविसको खेतनामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

खलंगा गाविस डिङ्गाका सेतिराम चन्दलाई ०५८ फागुन २४ गते खलंगाबाट खटिएको सुरक्षाकर्मीले सोही गाविस-७ निमिलेबाट गिरफ्तार गरी सोही गाविस-६ स्याउली बजारमा गोली हानी हत्या गरे।

डाँडागाउँ गाविस-६ टट्टाका वीरजित पुनलाई ०५८ चैत १२ गते सुरक्षाकर्मीले सोही गाविस-३ चिसामा गोली हानी हत्या गरे।

पुन्मा गाविस-३ ईभरका ससे गवत, वीरबाने वस्नेत र सुरबहादुर पुनलाई माओवादीको आरोपमा ०५८ चैत १४ गते अपरान्ह आ-आफ्नै घरमा बसेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी सोही ठाउँको जंगलमा गोली हानी हत्या गरे।

पैंक गाविस-५ पैंकका मानबहादुर विक, ढिमे गाविस-९ नारेका उमेश शाहीलाई माओवादीको आरोपमा ०५८ चैत १८ गते सुरक्षाकर्मीले खलंगा गाविस-६ रिसाङ्गमा गोली हानी हत्या गरे। पीडितहरूलाई खलंगा गाविस-२ को भिन्दाभिन्दै ठाउँबाट प्रहरीहरूले चैत ६ गते गिरफ्तार गरेका थिए।

रग्दा गाविस-९ हितानगाउँका देविलाल मल्ल, २० वर्षीय पूर्णबहादुर सिंह र रग्दा गाविस-७ बाँनिया गाउँका ४० वर्षीय विष्णुबहादुर बानियालाई माओवादीको आरोपमा ०५८ चैत २३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

खलंगा गाविस-७ डिङ्गाका १४ वर्षीय डिला थापालाई माओवादीको आरोपमा ०५९ जेठ ७ गते खलंगाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही ठाउँमा गोली हानी हत्या गरे।

सीमा गाविस-९ स्याँपी छेडामा माओवादी कार्यकर्ताहरू प्रदेशी, ध्रुव, उपहार र प्रणालीलाई ०५९ कार्तिक २१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

लहँ गाविस-६ खलटाकुराका २५ वर्षीय बगालीबहादुर वलीलाई माओवादीको आरोपमा ०५९ मंसिर ८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

मजकोट गाविस-४ मजकोटका १९ वर्षीय शारदा शाहीलाई ०५८ चैत १३ गते सामान्य विवादका कारण माओवादीले कुटपिट गरी हत्या गरे।

पुन्मा गाविस-४ छिप्रेनाका गगन चन्दलाई ०५९ जेठ ७ गते माओवादीले अपहरण गरी हत्या गरे।

खलंगा गाविस-७ डिङ्गाका देविलाल थापालाई ०५९ जेठ २३ गते सुराकीको आरोपमा माओवादीले घरमै बसिरहेको अवस्थामा अपहरण गरी डाँडागाउँ गाविस-३ चिउरीमा जेठ २६ गते घाँटी रेटी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

खगेनकोट गाविस-४ काडादल्लीका १३ वर्षीय सीना सुनारलाई ०५९ मंसिर ८ गते अपरान्ह ५ बजे सुरक्षाकर्मीले हेलिकप्टरबाट गरिएको हवाई फायरिङ्गबाट गोली लागी घाइते भइन्।

जनसंख्या	:	१३९६८०
साक्षरता प्रतिशत	:	३९.३६
महिला साक्षरता प्रतिशत	:	२८.९३
क्षेत्रफल (वर्ग कि. मि.)	:	२२३०
गाविस / नपा संख्या	:	३०/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	२३८
क्याम्पस / उच्च मावि	:	१/१
अस्पताल / स्वास्थ्य चौकी	:	२/३२
टेलिफोन लाइन	:	३
मोटर सडक (कि. मि.)	:	१०७
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	१
मानव विकास सूचकांक	:	०.२१०
प्रति एक डाक्टर जनसंख्या	:	४४९५६
प्रति परिवार सरदर संख्या	:	५.५९

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय खलंगा गाविस-२ तल्लोथाप्ले स्थित चेक पोष्टमा खटिएको प्रहरी गस्ती टोलीमाथि ०५९ भदौ २९ गते माओवादीले विहान ७:४५ बजे गोली चलाउँदा प्रहरी जवान ललितनाथ गोली लागी घाइते भए।

माओवादीद्वारा हत्या गरिएका गगन चन्द

जेल र बन्दीहरू

"घ" श्रेणीको जाजरकोट जेलको बन्दी क्षमता २५ जनाको रहेको छ। यस जेलमा हाल कैद तोकिएका र नतोकिएका गरी ४६ जना रहेका छन्। जेल बाहिर साघुरो कम्पाउण्ड रहेको र कम्पाउण्डभित्र कैदीहरूलाई विहान १० बजेदेखि अपरान्ह ५ बजेसम्म कम्पाउण्ड भित्र छोडिने गरेको जेलर हरिबहादुर श्रेष्ठ बताउनु हुन्छ। जेलभित्र पुस्तकालय, खेलकुद सामाग्री र अन्य आय आर्जन सम्बन्धी तालिमको व्यवस्था हुनुपर्ने बन्दीहरू बताउँछन्।

बेपता /अपहरण

माओवादीबाट

खलंगा गाविस-९ कोलचौरकी पुनली नेपालीलाई ०५८ पुस १९ गते, दैलेख जिल्ला घर भई उपस्वास्थ्य चौकी सुवानाउली गाविसमा कार्यरत अहेव भिमबहादुर के.सी. लाई ०५९ वैशाख २२ गते माओवादीले अपहरण गरे। पीडितलाई तीन दिनपछि मुक्त गरे।

लहँ गाविस-६ का शेरबहादुर पन्थ, सोही ठाउँका वीरजित घर्तीलाई ०५८ पुस २३ गते, दशेरा गाविस-८ का ५९ वर्षीय पदमबहादुर शाहीलाई ०५८ माघ १२ गते, सुर्खेत जिल्ला घर भई हाल भाग्रा गावसको सचिव पदमा कार्यरत टोपबहादुर गनालाई ०५९ जेठ १ गते, खलंगा गाविस घर भई टट्टा प्रावि मा कार्यरत शिक्षक क्षेत्रबहादुर श्रेष्ठलाई ०५९ जेठ ८ गते, गमीडाँडा गाविस-७ का जसवीर बुढालाई ०५९ जेठ १५ गते, नायकवाडा गाविस-१ तोलखानाका घमण्डबहादुर शाहीलाई ०५९ जेठ १५ गते, लहँ गाविस-७ लैखमका प्रेमबहादुर सिंहलाई ०५९ जेठ २३ गते, पुन्मा गाविस-१ घर भई जिल्ला विकास समिति जाजरकोटमा कार्यरत शिक्षक भद्रबहादुर शाहीलाई ०५९ जेठ २० गते, कार्कीगाउँ गाविस-८ थानवाडाका लोकबहादुर खत्रीलाई ०५९ जेठ २५ गते, नायकवाडा गाविस उपाध्यक्ष पृथ्वीबहादुर सिंहलाई ०५९ जेठ २८ गते, सोही गाविस-३ का पूर्व जिल्ला विकास समिति सदस्य कालिबहादुर सि.हलाई ०५९ जेठ २८ गते, खलंगा गाविस-२ सिमलगैरी घर भई जिल्ला वन कार्यालयमा कार्यरत घोडासैस जंगवीर नेपाली, सोही ठाउँका जिल्ला शिक्षा कार्यालयमा घोडासैस पदमा कार्यरत पदमबहादुर नेपालीलाई ०५९ जेठ ३१ गते, नेकपा एमाले इलाका नं. ६ का सचिव एवं नायकवाडा गाविस-२ का नरेन्द्रबहादुर शाहलाई ०५९ जेठ ३१ गते, गमीडाँडा गाविस-६ सिल्पाचौरका निलकबहादुर थापालाई ०५९ असार २ गते माओवादीले अपहरण गरे।

सुवानाउली गाविस अध्यक्ष गोरखबहादुर थापालाई ०५८ माघ १३ गते, ढिमें गावस-८ समाईलाका ३३ वर्षीय कर्णवहादुर सार्कीलाई ०५८ माघ १८ गते, लहँ गाविस-८ का भक्तबहादुर वलीलाई ०५८ माघ २३ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई केही दिनपछि मुक्त गरे।

पुन्मा गाविसका उपाध्यक्ष तप्तबहादुर शाहीलाई ०५८ फागुन २७ गते घरमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई ४ दिनपछि मुक्त गरे।

लहँ गाविस-४ का चित्रप्रसाद शर्मालाई ०५८ चैत ५ गते खलंगा गाविस-२ थाप्लेबाट, खलंगा गाविस-१ का २२ वर्षीय केशव श्रेष्ठलाई ०५८ चैत २२ गते सोही गाविस-६ दारबाट माओवादीले अपहरण गरे।

पुन्मा गाविसका अध्यक्ष मधु चन्दलाई ०५८ चैत २१ गते, खलंगा गाविस-१ घर भई इलाका स्वास्थ्य केन्द्र गर्खाकोट गाविसमा कार्यरत स्वास्थ्य कार्यकर्ता गोविन्दबहादुर शाहीलाई ०५९ वैशाख ३ गते, दैलेख जिल्ला घर भई हाल उपस्वास्थ्य चौकी सुवानाउली गाविसमा कार्यरत अहेव भिमबहादुर के.सी. लाई ०५९ वैशाख २२ गते, नायकवाडा गाविस-१ का नारायणबहादुर सिंहलाई ०५९ वैशाख २४ गते, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका केन्द्रीय पार्षद २५ वर्षीय डिल्लीबहादुर थापालाई ०५९ वैशाख २८ गते, खलंगा गाविस-८ पिपेका ३१ वर्षीय हेमन्तबहादुर बस्नेतलाई ०५९ जेठ ४ गते, मान्नेढुङ्गा मावि टालेगाउँका प्रधानाध्यापक वालमिकी प्रसाद सिंहलाई ०५९ वैशाख २३ गते, नेपाल राष्ट्रिय शिक्षक परिषद् जिल्ला कार्य समितिका अध्यक्ष एवं मान्ने ढुङ्गा मावि टालेगाउँमा कार्यरत शिक्षक पृथीबहादुर सिंहलाई ०५९ जेठ २ गते, मजकोट गाविस-४ का २९ वर्षीय प्रेमबहादुर शाहीलाई ०५९ जेठ ३ गते, पैंक गाविस-१ का २९ वर्षीय सुरेश आर. सी. लाई ०५९ जेठ १० गते, मजकोट गाविस-७ का २८ वर्षीय

जाजरकोट जेल

पुर्नबहादुर शाहीलाई ०५९ जेठ १४ गते, नायकवाडा गाविस-७ कार्की जिउलाका हरिबहादुर थापालाई ०५९ जेठ २८ गते, अनेरास्ववियु जिल्ला कमिटी जाजरकोटका सचिव नायकवाडा गाविस-२ का लोकबहादुर सिंहलाई ०५९ जेठ २८ गते, रोकायागाउँ गाविसका अध्यक्ष भिमबहादुर सिंहलाई ०५९ जेठ २८ गते, लहँ गाविस घर भई खलंगा गाविस-२ स्याँलाका ललितबहादुर वलीलाई ०५९ असार १९ गते, जगतीपुर गाविस-७ कुदुका सुर्यबहादुर रोकालाई ०५९ असार २१ गते, जगतीपुर गाविस-७ कुदुस्थित भगवती प्रावि का शिक्षक प्रताप रोकायालाई ०५९ असार ३१ गते, जगतीपुर गाविस-७ कुदुका टीकाराम रावनलाई ०५९ असार ३१ गते, पजारू गाविस-३ छाउनीका पदमबहादुर महतरा, टेकबहादुर महतरा, सर्पे महतरा, टेकबहादुर महनरा, खड्कबहादुर महतरालाई ०५९ साउन ६ गते, खलंगा गाविस-१ भगवतिटोलका लालबहादुर विक, सोही ठाउँका पदम परियारलाई ०५९ साउन ७ गते, खलंगा गाविस-२ घरभई जिल्ला जनस्वास्थ्य कार्यालय, जाजरकोटमा कार्यरत ग्रामीण स्वासथ्य कार्यकर्ता केशवजंग शाह, कृष्ण जंग शाहलाई ०५९ साउन ८ गते, खलंगा गाविस-९ कालेगाउँका १९ वर्षीय

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित			माओवादीबाट पीडित									
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				३	२	१		३	११	१५	३		१८
घाइते				२	२			२	१		१		१
वम विस्फोटन				३			३	३					
गिरफ्तारी/यातना									१०	११		४	१५
कुटपिट				९	९	२		११	१	१			१
धम्की				११	११	१	३	१५					
महिला अधिकार	४	४	४										
आर्थिक/सामाजिक अधिकार				५	५			५	१			१	१
अपहरण				६७	७७			७७					
जम्मा	४	४	४	१००	१०६	४	६	११६	२४	२७	४	५	३६

सत्यलाल बस्नेतलाई ०५९ साउन ८ गते, खगेनकोट गाविस-१ दल्लिका १९ वर्षीय जनकबहादुर सिंहलाई ०५९ साउन १० गते, पजाए गाविस-८ घांगीका नेकपा एमाले गाउँ कमिटी सचिव तथा प्रायुसंघ जिल्ला कमिटी सदस्य करवीर चदारा, सोही ठाउँका गोरखबादुर बुढालाई ०५९ साउन २६ गते, गर्खाकोट गाविस-१ का जयबहादुर बस्नेतलाई ०५९ भदौ १५ गते, लहँ गाविस-४ का १५ वर्षीय जनार्दन रावतलाई ०५९ भदौ १६ गते, खलंगा गाविस-२ का १९ वर्षीय जनक के.सी., १८ वर्षीय झलक रोकाय र सोही गाविस-३ रामजानकी टोलका १६ वर्षीय सन्तोष दवाडीलाई ०५९ भदौ २९ गते, रामीडाँडा गाविस-३ बगेटोलीका कुसबहादुर बुढालाई ०५९ असोज २९ गते, नायकवाडा गाविस-१ का ६९ वर्षीय गाविस अध्यक्ष अजवीर सिंहलाई ०५९ मंसिर १४ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका पत्रकार दिनेश चौधरी

खलंगा गाविस-१ का १९ वर्षीय प्रदिपजंग शाहलाई ०५८ चैत २२ गते दिउँसो सोही गाविस-६ बाहुनथानाबाट माओवादीले अपहरण गरे। पीडितलाई चैत २४ गते मुक्त गरे।

पुन्मा गाविस-३ छिप्रेनाका कर्णबहादुर शाहीलाई ०५९ वैशाख २४ गते माओवादीले अपहरण गरे। पीडित माओवादीको कब्जाबाट उम्कन सफल भए।

ढिमे गाविस-६ घरङ्गाका ५१ वर्षीय प्रेमबहादुर शाहीलाई ०५९ वैशाख १२ गते माओवादीले अपहरण गरे। पीडितलाई वैशाख १५ गते मुक्त गरे।

डोल्पा जिल्ला घर भई हाल खलंगा गाविस-२ तल्लो थाप्लेका दुध विक्रम शाहीलाई ०५९ असार २० गते माओवादीले सोही ठाउँबाट अपहरण गरी बेपत्ता पारे।

झापा गाविस-२ का बालकृष्ण माविकालाढुंगाका शिक्षक निमबहादुर खत्रीलाई ०५९ भदौ ८ गते माओवादीले अपहरण गरे। पीडितलाई तीन महिनापछि मुक्त गरे।

गर्खाकोट गाविस-१ का १९ वर्षीय गजेश चदारालाई ०५९ कार्तिक ४ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई एक महिनापछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

खलंगा गाविस-१ भगवतीटोलका २७ वर्षीय प्रचण्डजंग शाहलाई ०५९ असोज २६ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा कार्यरत प्रहरी इन्स्पेक्टर सुदर्शन थापाले कुटपिट गरे।

यस वर्ष राज्यबाट ४ वटा धम्कीका घटनामा १९ जना पीडित भए।

माओवादीबाट

झाप्रा गाविस-१ का जिल्ला विकास समिति सदस्य सार्कीवरलाई ०५८ पुस १८ गते माओवादीले निर्मम तरिकाले कुटपिट गरी गम्भीर घाइते बनाए।

झाप्रा गाविस-४ का जयलाल जैसी र उनकी पत्नी नानकली जैसीलाई ०५९ पुस १८ गते राति १० बजे माओवादीले घरमै कुटपिट गरे।

पैंक गाविस-८ का मानबहादुर थापालाई ०५९ असोज २८ गते माओवादीले धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाए।

माओवादीबाट कुटपिट तथा विभिन्न खाले धम्कीका ६९ घटनामा ६३ जना प्रत्यक्ष पीडित भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पजारू गाविस अध्यक्ष एवं गाविस महासंघ जिल्ला शाखा जाजरकोटका अध्यक्ष तथा नेकपा एमाले जिल्ला कमिटीका सचिव लालबहादुर महतरालाई ०५८ माघ ४ गते राति ७ बजे प्रहरीले खलंगा गाविस-१ सृजनाटोलबाट गैरकानुनी तरिकाबाट गिरफ्तार गरे। पीडितलाई मानसिक यातना दिई माघ २५ गते रिहा गरियो।

जगतीपुर गाविस अध्यक्ष गोपाल बटालालाई ०५८ फागुन २६ गते अपरान्ह ४ बजे प्रहरीले घरमै रहेको अवस्थामा गैर कानुनी तरिकाले गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई फागुन २७ गते विहान सामान्य सोधपुछ पछि रिहा गरियो।

खलंगा गाविस-५ राडसिका हरिश खड्कालाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ चैत २७ गते प्रहरीले गैर कानुनी तरिकाबाट एसएलसी दिइरहेको



माओवादीद्वारा अपहरण गरिएका अमरबहादुर सिंह, जनक के सी र सत्यनारायण शाह

अवस्थामा गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई ०५९ वैशाख ५ गतेदेखि जिल्ला कारागारमा थुनामा राखिएको छ।

खलंगा गाविस-५ पोखाका गोपाल जंग शाहलाई ०५८ चैत २७ गते बिहान प्रहरीले खलंगा गाविस-२ थाप्ले स्थित त्रिभुवन उच्च मावि परीक्षा केन्द्रबाट गिरफ्तार गरे।

खलंगा गाविस-७ डिङ्गाका जगतराम शाहीलाई ०५८ चैत २७ गते प्रहरीले सोही गाविस-२ थाप्लेबाट गैरकानुनी तरिकाबाट गिरफ्तार गरे।

सरस्वती मावि पुन्माका शिक्षक भिमबहादुर शाहीलाई ०५९ जेठ २८ गते दिउँसो प्रहरीले गैर कानुनी तरिकाबाट गिरफ्तार गरी हिरासतमा यातना दिई रिहा गरियो।

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका मानबहादुर थापा

जनता नि. मावि समाईलामा कार्यरत शिक्षक गोरखबहादुर नेपाली, नरबादुर बुढा र योगेन्द्रनाथ चौलागाईं ०५९ भदौ २६ गते खलंगा गाविस-२ ठाटीबाट प्रहरीहरूले गैरकानुनी रूपमा गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरूलाई २ दिनपछि भदौ २८ गते सामान्य सोधपुछ पछि प्रत्येक दिन जिल्ला प्रहरी कार्यालयमा हाजिर हुने गरी तारेखमा रिहा गरियो।

खलंगा गाविस-५ का २२ वर्षीय ललितबहादुर वली, सोही ठाउँका २४ वर्षीय ललितबहादुर रोकाया, २० वर्षीय रत्नबहादुर खत्री र सोही गाविस-६ बाहुनथानका २२ वर्षीय प्रेमबहादुर खत्रीलाई माओवादीको आशंकामा ०५९ कार्तिक १३ गते प्रहरीले खलंगा गाविस-१ गैरीखालीबाट गिरफ्तार गरी हिरासतमा राखे। पीडितहरूलाई कार्तिक १७ गते प्रत्येक हप्ता कार्यालयमा हाजिर हुने गरी तारेखमा रिहा गरियो।

खलंगा गाविस-१ घर भई स्पेसटाइम दैनिकका जाजरकोट स्थित सम्वाददाता दिनेश कुमार चौधरीलाई ०५९ कार्तिक १६ गते प्रहरीले माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा घरमा बसिरहेको अवस्थामा गैरकानुनी तरिकाबाट

क्षतिग्रस्त खलंगा गाविस भवन

गिरफ्तार गरे। पीडितलाई हिरासतमा राखी शान्ति सुरक्षा अन्तर्गत कार्तिक २४ गतेदेखि कारागारमा थुनामा राखियो। पीडितलाई पुस १७ गते रिहा गरियो।

खलंगा गाविस-२ घर भई त्रिभुवन उच्च मावि मा कार्यरत शिक्षक भिमबहादुर सिंहलाई ०५९ कार्तिक १६गते प्रहरीले गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अन्तर्गत कार्तिक २४ गतेदेखि जिल्ला कारागारमा थुनामा राखे। पीडितलाई पुस १७ गते रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिविसबाट सिफारिस लिई विस्थापित हुनेको संख्या १ हजार २ सय ७७ छ।

धार्मिक स्वतन्त्रता

प्रत्येक वर्ष मनाउँदै आइरहेको दोस्रो ठूलो महान चाड भाइटीकाको समयमा खलंगा गाविस भित्र खेलिने भैलो, देउसी खलंगा गाविस-१, २, ३ र ४ मा जिल्ला प्रशासन कार्यालय जाजरकोटले ०५९ कार्तिक १७ गतेदेखि अघोषित रूपमा प्रतिबन्ध लगायो।

विविध

संरचना क्षति

यस वर्ष माओवादीद्वारा जिल्लामा रहेको जिल्ला अदालत, वन कार्यालय र गाविस भवन गरी ८ वटा भौतिक संरचना ध्वस्त पारे। २४ वटा गाविस भवन, २९ इलाका तथा अतिरिक्त हुलाक पूर्ण रूपमा बन्द रह्यो।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मानवअधिकार तथा शान्ति समाज जिल्ला शाखा जाजरकोटले ०५९ साउन १४ गते राति खलंगा गाविस-२ थाप्ले स्थित रहेको जिल्ला सिंचाई कार्यालयमा माओवादीले बम विस्फोट गराएको विरूद्ध एक प्रेस विज्ञप्ति प्रकाशित गर्‍यो।

नेपाल युवा रेडक्रस सर्कल त्रिभुवन उच्च मावि खलंगाले ०५९ असोज ४ गते उक्त अपिल प्रकाशित गरी नेपाल रेडक्रस युवा सर्कल खलंगाका अध्यक्ष जनक के.सी. र साधारण सदस्य झलक प्रकाश रोकायालाई माओवादीले अपहरण गरेकोमा यथाशीघ्र रिहाइको लागि सम्वन्धित पक्षसँग अपिल गरे।

४.१० दैलेख

जनसंख्या	२२५२०१
साक्षरता प्रतिशत	४७.४४
महिला साक्षरता प्रतिशत	३१.८२
क्षेत्रफल (वर्ग कि. मि.)	१५०२
गाविस / नपा संख्या	५५/१
निर्वाचन क्षेत्र	२
विद्यालय	४३०
क्याम्पस / उच्च मावि	१/४
अस्पताल / स्वास्थ्य चौकी	१/६२
टेलिफोन लाइन	१७७
मोटर सडक (कि. मि.)	१६८
प्रहरी कार्यालय संख्या	२
हुलाक संख्या	५६
मानव विकास सूचकांक	०.२४६
प्रति एक डाक्टर जनसंख्या	५६३००
प्रति परिवार सरदर संख्या	५.४७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

राकम कर्णाली गाविस-५ स्थित तारबजारको पुलबाट दुई जना माओवादीलाई ०५८ फागुन ६ गते सुरक्षाकर्मीले कब्जामा लिई नजिकैको नदी किनारको टापु भन्ने ठाउँमा लगी गोली हान्दा एक जनाको घटनास्थलमै मृत्यु भयो भने अर्का एक जनाको गोली लागी घाइते भए। घाइते एक जनालाई राति माओवादी आई लगेको स्थानीय प्रत्यक्षदर्शीले बताए। उक्त घटनाको बारेमा सुरक्षा निकायले दुवैको मृत्यु भएको रेडियोबाट प्रशारण गर्‍यो।

सिगौली गाविस-६ स्थित साईको बेलखेत भन्ने ठाउँमा ०५८ फागुन ६ गते तीन जना हतियारधारी माओवादीलाई सुरक्षाकर्मीले नदीको किनारको (कर्णाली) बालुवामा आँखामा पट्टि बाँधी उभ्याएर गोली हानी हत्या गरे। मृतकहरूको पूरा विवरण प्राप्त हुन सकेको छैन।

ब्रम्हा गाविसको तालपोखरी भन्ने ठाउँमा ०५८ फागुन २५ गते शंकास्पद एक जना ट्रकमा यात्रा गरिरहेको एक व्यक्तिलाई सुरक्षाकर्मीले गिरफ्तार गर्न खोज्दा भाग्न खोजेकाले सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। मृतकको पूरा विवरण प्राप्त हुन सकेन।

सल्लेरी गाविसको तल्लो नावली भन्ने ठाउँमा अन्जना भनिने एक गर्भवती महिलालाई ०५९ जेठ १० गते सुरक्षकर्मीले अचानक भेटी गोली हानी हत्या गरे। पीडितको लासलाई सोही ठाउँमा छोडी सुरक्षाकर्मी फर्केपछि माओवादी आई दाहसंस्कार गरे।

भैरीकालिकाथुम गाविस-३ की लक्ष्मी शर्मा र लक्ष्मी कुमारी शाहीलाई ०५९ जेठ १९ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी कमव्याक्ट ड्रेस लगाई बडलम्जी गाविसको छडने भन्ने ठाउँमा लगी गोली हानी हत्या गरे। उक्त घटनामा सोही गाविसका माओवादी कार्यकर्ता विष्णुप्रसाद न्यौपानेलाई पनि सोही दिन कब्जामा लिई खुट्टा, छाती र मुखमा गोली हानी हत्या गरे। पीडित युवतीहरूलाई बलात्कार गरेपछि हत्या गरिएको हुनसक्ने लास देख्नेकाहरू बताउँछन्।

गमौडी गाविसका फुर्से साकी, नेपा गाविसका डम्बर नेपालीसमेत चार जनालाई माओवादीको आरोपमा ०५९ जेठ २५ गते लाकुरी गाविस-५ कटुकेवन लोहोरेखोलामा गस्तीमा रहेका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

दैलेख तोली गाविस-५ नौमूले बजारमा फोन सेवा संचालन गरी बसेका रतिमान मल्ललाई ०५९ जेठ २६ गते दैलेख बजारबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले घरबाटै गिरफ्तार गरी केही दिन हिरासतमा राखी पगनाथ गाविस-७ को जंगलमा लगी गोली हानी हत्या गरे। उक्त घटनामा नाम, ठेगाना नखुलेका अन्य व्यक्तिहरूको लास सोही ठाउँमा अलपत्र छोडी सुरक्षाकर्मी फर्किए। सुरक्षाकर्मीले बाटकट्टि इलाकामा दोहोरो भिडन्तमा तीन जना माओवादीको मृत्यु भन्ने प्रशारण गरे।

कट्टि गाविस-९ का मानबहादुर खड्कालाई ०५९ कार्तिक २२ गते गस्तीमा रहेको सुरक्षाकर्मीले पगनाथ गाविस-७ मा पर्ने बासुधारा जंगलको नजिकै रहेको भीरको टुप्पामा लगी कन्चटमा गोली हानी हत्या गर्दा लास १ सय ५० मिटर तल खोलामा खस्यो। लासलाई भोलिपल्ट माओवादीले दाहसंस्कार गरे।

रानीवन गाविस-५ घर भई नारायण नपा-६ कालचौरमा होटल गरी बस्ने कर्मबहादुर बुढामगरले ०५९ कार्तिक २२ गते रक्सी सेवन गरी सुरक्षाकर्मीको गस्ती टोलीमाथि जाई लागेपछि सुरक्षाकर्मीले कुटपिट गर्दा रगत बान्ता गरी मृत्यु भयो।

नारायण नपा स्थित देशीगाडे बजार (भैरेखोर) भन्ने स्थानमा ०५९ मंसिर ४ गते बन्दूक र ग्रिनेट सहित सेन्ट्रीमा बसेका माओवादी छापामारलाई गस्तीमा रहेको सुरक्षाकर्मीले आफ्नो कब्जामा लिई उसैको सहयोगमा खान खान बसेका अन्य माओवादी कार्यकर्ताहरूमाथि गोली चलाउँदा दुई जना पुरूष र एक जना महिलाको घटनास्थलमै मृत्यु भयो भने अन्य भागे।

माओवादीबाट

रानीवन गाविसका भूपू अध्यक्ष तथा नेकाका कार्यकर्ता नारायण नपा-१ दैलेख बजारमा बस्दै आएका वीरबहादुर सिंहलाई सुराकीको र आर्थिक अनियमितता गरेको आरोपमा ०५८ फागुन १८ गते माओवादीले घरमा खाना खाँदै गरेको

अवस्थामा गोली हानी घाइते पारे। पीडितको काठमाण्डौ शिक्षण अस्पतालमा उपचार गराउँदा गराउँदै मृत्यु भयो।

गोरखा जिल्ला घर भई शाही नेपाली सेनामा कार्यरत जवान रामबहादुर कुमालको ०५८ चैत ७ गते दैलेख काडाचौरमा माओवादीले राखेको तुलबम विस्फोट हुँदा मृत्यु भयो भने प्रहरी जवान तेजबहादुर घाइते भए।

कल्लेरी गाविस-२ का लालबहादुर रोकायालाई ०५८ चैत २९ गते चौराठा गाविस-४ मा ससुराली भेट गर्न गएको अवस्थामा ससुरालीबाटै माओवादीले अपहरण गरी सोही गाविस-६ खेताना भन्ने ठाउँको चौबाटोमा लगी ०५९ वैशाख ३ गते गोली हानी हत्या गरे।

नारायण नपा-३ का २० वर्षीय श्यामप्रसाद कोइरालालाई ०५९ वैशाख ९ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरी सोही नपा-६ काडाचौर चौबाटोमा ०५९ वैशाख १२ गते पछाडि फर्काई हात बाँधी, कान काटी, जिब्रो र ओठ समेत काटी गुद्दद्वारबाट गोली हानी हत्या गरे। पीडित प्रहरीमा जागिर खान फाराम भरेका थिए।

लालीकाडा गाविस-४ घर भई प्रावि सिर्पसैन खोरियाका प्रधानाध्यापक अम्बरबहादुर खड्कालाई ०५९ असार ३ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरी असार ४ गते नीलडाम र खुकुरी प्रहार गरी हत्या गरे। पीडितको लास सोही गाविस-२ धरमपोखरा भन्ने ठाउँमा क्षतविक्षत अवस्थामा फेला पर्‍यो।

डाँडापराजुल गाविस-४ आग्रका प्रेमबहादुर वि. सी. लाई ०५९ असार २२ गते गोगनपानी गाविस-९ भैंसेखोर ससुराली घरबाट सुराकीको आरोपमा माओवादीले अपहरण गरी पिलाडी गाविस-६ कल्याण भन्ने ठाउँमा अवलपराजुलको पराजुली खोलामा हातखुट्टा भाँची घट्टको चक्का घसी हत्या गरे। पीडितको लास असार २३ गते भेटिएको थियो।

दुल्लु गाविस-५ साँहुवाडाका भूतपूर्व गाविस अध्यक्ष तथा नेकां क्षेत्रीय सभापति ४१ वर्षीय पूर्णबहादुर भण्डारीलाई ०५९ असोज ११ गते राति ८ बजे सुराकीको आरोपमा माओवादीको एक समूहले घरमा आई केही सोधपुछ गर्नु छ भनी लगी असोज ९ गते बडलम्जी गाविसको सिलङ्गी भन्ने ठाउँमा गला रेटी हत्या गरे। माओवादीले तीन दिनपछि आफन्तहरूलाई जुठो नबार्न भनी रोकेका थिए।

नारायण नपा-४ का ६५ वर्षीय पत्मा सिंहलाई ०५९ कार्तिक ३ गते राति घर छोड्न भन्दा नमानेको आरोपमा माओवादीले कालिमाटी देशी गाउँ बजारमा लगी कुटपिट गरी हत्या गरे।

दोहोरो भिडन्त

दैलेख र सुर्खेतको सिमामा रहेको रानीमत्ता राताजाङला टावरबाट गस्तीमा गएको सुरक्षाफौले डाडापराजुल गाविसको तल्लो तौलपोखरी भन्ने ठाउँमा अकस्मात जम्काभेट हुँदा लालीकाडा गाविसका उमेश भनिने माओवादी कार्यकर्तालाई ०५९ मंसिर २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर २२ गते रानीमत्ता राताजाङलामा लगी दोहोरो भिडन्तमा मारियो भन्ने समाचार प्रशारण भएको तर पूरा विवरण कतैबाट आएन।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

नारायण नपा-६ काडाचौरमा होटल गरी बस्ने ४९ वर्षीय नन्दा कुमारी शाहीलाई ०५८ चैत ३१ गते गस्तीमा रहेको सुरक्षाकर्मीले गोली हानी घाइते पारे। पीडितको दैलेख अस्पतालमा उपचार गरियो।

नारायण नपा-२ का भद्रबहादुर थापालाई ०५९ जेठ १९

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१	१४	१३	१	२	१६	१९	२५	३	२१	४९
घाइते					१७	१८		१	१९	५	२	२	४	८
बम विस्फोटन					३			३	३	१	१			१
गिरफ्तारी/यातना										४३	७३	१	१	७५
कुटपिट	५	५		५	२१	२२			२२	२६	४०	१		४१
धम्की	१	२		२	३५	४७	१०	४	६१	१	२			२
महिला अधिकार	१		१	१										
अमानवीय व्यवहार					१	१			१					
अपहरण					४७	५९	१		६०					
जम्मा	८	८	१	९	१३८	१६०	१२	१०	१८२	९५	१४३	७	२६	१७६

गते सुरक्षाकर्मीले कर्फ्यू उल्लंघन गर्दा गोली हानी घाइते पारे। पीडितको भेरी अञ्चल अस्पतालमा उपचार गरियो।

द्वारी गाविस-६ गोपेनीकी १९ वर्षीय गर्भवती सुना सुनार ०५९ साउन १९ गते सुरक्षाकर्मीको हवाई फायरिङ्गबाट घाइते भइन्।

माओवादीबाट

चामुण्डा गाविस-४ का २१ वर्षीय विनीबहादुर शाहीलाई ०५८ चैत २९ गते माओवादीले गोली हानी घाइते बनाए।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत दिवसराज उदास ०५८ चैत १४ गते, बलध्वज सलामी ०५९ भदौ ३ गते र वृषबहादुर बस्नेत ०५९ कार्तिक २० गते माओवादीको गोली लागी घाइते भए।

जेल र बन्दीहरू

"ङ" श्रेणीको दैलेख कारागारको बन्दी क्षमता १६ रहेको छ। जेल साँघुरो र जीर्ण अवस्थामा रहेको छ। जेलमा पत्रपत्रिकामा कान्तिपुर, स्पेसटाइम पढ्न दिइन्छ भने ढाकाटोपी बुन्ने तान दुई वटा रहेको छ। यस जेलमा राजनीतिक बन्दीहरूमा विष्णुप्रसाद न्यौपाने, जनक पाण्डे, नरबहादुर दमाई, छविलाल गुरूङ्ग, मानबहादुर गुरूङ्ग, धिरेन्द्र रावल, महेश विष्ट र मनोज शाही छन्। त्यसैगरी कर्तव्य ज्यान अन्तर्गत कैद तोकिएकाहरूमा नरबहादुर रावल, छविलाल पाठक, खडानन्द जैसी, हरिबहादुर, सुनार, हर्कबहादुर सिंह, ज्यान कर्तव्य थुनुवामा नैने सार्की, चन्द्रकुमारी तिरवा, प्रेम दमाई रहेका छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

यस वर्ष माओवादीले विभिन्न मितिमा विविध किसिमका आरोपहरू लगाउँदै अपहरण गरी मुक्त गरेका छन्। जसमा कुसापानी गाविसका पूर्व प्रधानपञ्च कमलबहादुर राना, तोलीजैसी गाविसका गणेशबहादुर शाही, वासी गाविका नरबहादुर शाही, वासी गाविसका मनबहादुर बुढा, गमौडी गाविसका वेदबहादुर शाही, नेपा गाविसका तेजबहादुर महत, मेहलटोली गाविसका विष्णु रेग्मी, चामुण्डा गाविसका विष्णुबहादुर विष्ट, चामुण्डा गाविसका कवलापति सुवेदी, वेलपाटा गाविसका जीनबहादुर के.सी., मालिका गाविसका ठकेन्द्र बहादुर शाही, चामुण्डा गाविसका कनक शाही, भैरीकालिकाथुम गाविसका रामबहादुर शाही, रामबहादुर थापा, शेरबहादुर थापा, पिलागी गाविसका कर्ण वली, वेलपाटा गाविसका टोपबहादुर डि. सी., ब्रह्म गाविसका सूर्यबहादुर शाही, मालिका गाविसका अमरबहादुर शाही, लपाटी विन्द्रासैनी गाविसका वासुदेव शर्मा, गौमडी गाविसका रामबहादुर खड्का, सल्लेरी गाविसका गंगाराम सुवेदी, विशाला गाविसका मनोज गौतम, वालुवाटार गाविसका भद्रबहादुर शाही, गोगनपानी गाविसका पदमबहादुर शाही, पादुका गाविसका तिलक पौड्याल, विशाला गाविसका लिलाराम बडुवाल, काँसीकाध गाविसका जंगबहादुर शाही, रानीवन गाविसका चन्द्र आचार्य, पर्शुराम जैसी, लालबहादुर रावत, सर्पानन्द पाण्डे, बमबहादुर सिंह, इन्द्रलाल पाण्डे, पूर्ण शाही, जम्मुकाँध गाविसका सूर्यबहादुर शाही, राजबहादुर बुढा, झम्कप्रसाद शर्मा, पादुका गाविसका वरूनाथ योगी, नावले गाविसका लोकबहादुर खड्का, भैरीकालिकाथुम गाविसका नरेन्द्र शाही, तोली गाविसका नामाख्वर शर्मा, तोलीजैसी गाविसका राजबहादुर शाही, कुसापानी गाविसका प्रेम बुढा, भवानी गाविसका रामप्रसाद उपाध्याय, नारायणी नपा-४ का तिर्थबहादुर कठायत, सिगौडी गाविसका पदमबहादुर शाही, हृदय खनाल, विनी रिजाल, थीरबहादुर शाही, नारायण नपा-७ का मोहन भण्डारी रहेका छन्।



सुरक्षाकर्मीद्वारा हत्या गरिएका रतिबहादुर मल्ल

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तिलेपाटा गाविस-४ घर भई सिगौडी गाविस-६ दुनिबगरमा व्यापार गर्ने ४० वर्षीय हरिबहादुर बडुवालको ०५८ फागुन ५ गते व्यापारको लागि ल्याइएको सामानहरू चामल, दाल तथा अन्य सामान सुरक्षाकर्मीले आफ्नो कब्जामा लिई माओवादीलाई सहयोग गरेको आरोपमा कुटपिट गरे। सुरक्षाकर्मीले कब्जामा लिएको सामान उद्योग वाणिज्य संघ र जिल्ला प्रशासन कार्यालयको पहलमा तीन महिनापछि प्राप्त गरे।

भानु नि. मावि तोटायाका शिक्षक रत्नबहादुर शाहीलाई ०५८ फागुन २५ गते सुरक्षाकर्मीले कामको सिलसिलामा शिक्षा शाखा कार्यालयमा आउँदै गर्दा माओवादीको ब्यानर हटाउन भन्दा डरले हिचकिचाउँदा बाटोमै निर्ममतापूर्वक कुटपिट गरे।

सिगौडी गाविस-९ जाक्सीका ४९ वर्षीय लोकबहादुर कार्कीलाई माओवादीको आरोपमा ०५८ चैत ५ गते सुरक्षाकर्मीले साइखोला भन्ने ठाउँमा शरीरमा पानी खन्याउँदै लाठी, बुट र कून्दाले घाइते हुने गरी कुटपिट गरे। पीडित साधारण व्यक्ति थिए।

वालुवाटार गाविसका निवर्तमान अध्यक्ष रामबहादुर सिंहलाई ०५९ जेठ २९ गते सुरक्षाकर्मीले नारायण नपा-१ स्थित बजारमा विनाकारण बुटले कुटपिट गरे।

गौरी गाविस-१ दह घर भई हाल नारायण नपा-१ मा होटल गरी बस्ने ४१ वर्षीय नमराज दाहाललाई ०५९ साउन ४ गते राति ८ बजे सुरक्षाकर्मीले घरबाट बाहिर ल्याई बाटोमा गाली गर्दै कुटपिट गरे।

रामेछाप जिल्ला गुन्सीभदौरेल गाविस-९ घर भई दैलेख बजारमा पसल गरी बस्ने २५ वर्षीय सुनिल लामालाई ०५९ साउन

८ गते पसलमै सुरक्षाकर्मीले लाठीले हिर्काई घाइते बनाए। पसल अगाडि क्यारेमबोर्ड खेलिरहेका ४ जनालाईसमेत सुरक्षाकर्मीले कुटपिट गरेका थिए।

नारायण नपामा कार्यरत टाइपिष्ट मुखिया सुरेन्द्रजंग थापा, मुखिया विष्णुप्रसाद उपाध्याय र ड्राइभर पुष्कर थापालाई ०५९ भदौ २६ गते सोही नपा-६ काडाचौरमा माओवादीद्वारा राखिएको दुईवटा बम निस्क्रिय पारी फर्किरहेको सुरक्षाकर्मीले तिमीहरू को हौ भन्ने प्रश्नको जवाफ नदिएको कारण कार्यालयभित्रै प्रवेश गरी गालीगलौज गर्दै कुटपिट गरे।

माओवादीबाट

सातला गाविस-५ घर भई सोही गाविस स्थित सातला प्रस्तावित मावि मा शिक्षक चेतबहादुर थापालाई ०५८ पुस १८ गते सुराकीको आरोपमा माओवादीले घरबाट अपहरण गरी केही पर जंगलमा लगी तलमाथि ढुंगा राखी खुट्टा थिच्दा दायाँ खुट्टा थिलथिलो गरी भाँचियो। पीडितको काठमाण्डौमा उपचार गरियो।

कट्टि गाविसका उपाध्यक्ष तथा एमाले जिल्ला कमिटी सदस्य मानबहादुर खड्कालाई ०५९ वैशाख १५ गते माओवादीले घर नजिकैबाट लगी गोठमा राखी लाठीले पालैपालो कुटपिट गरी सख्त घाइते बनाए। पीडितलाई एक महिनासम्म उपचार नगर्न र बाहिर नजाने धम्की समेत दिएका थिए। पीडितको तिघ्रा, पिठ्यूमा ११ वटा नीलडाम थिए भने मुखबाट रगत बगेको थियो। पीडित एक महिनापछि काठमाण्डौ गई उपचार गरे।

रावतकोट गाविस-३ घर भई प्रावि थापावाडाका शिक्षक ३२ वर्षीय भक्तबहादुर विष्टलाई ०५९ साउन ९ गते माओवादीले घरमा आई कुटपिट गर्न लाग्दा ७० वर्षीय बाबु टीकाराम विष्ट गई छुट्याउन खोज्दा कुटपिट गरी दाहिने हात भाँचिदिए। पीडितहरूको उपचार नेपालगञ्जमा गरियो।

भैरीकालिकाथुम गाविस-२ का नेकपा (एमाले) गाउँ कमिटी सचिव तथा इलाका कमिटी सदस्य हिक्मत विकलाई ०५९ कार्तिक १८ गते बिहान ८ बजे माओवादीको तिव्र विरोध गरेको कारण माओवादीको एक समूहले कब्जामा लिई सोही गाविसको सिलङ्गी चौतारमा लगी लाठी, बुट र कून्दाले कुटपिट गरे। पीडितको पिठ्यू, निघ्रामा नीलडाम हुनुका साथै आँखामा गम्भीर चोट लागेको थियो। पीडितलाई माओवादीले १४ दिनसम्म उपचार गर्न नदिई घरमा राखी पछि नेपालगञ्ज अस्पतालमा गरियो।

सल्लेरी गाविस-६ का ललिते चन्दलाई ०५९ साउन २३ गते, भवानी गाविसका नमराज शाहीलाई ०५९ साउन १४ गते, शिक्षक दिपक हमाललाई ०५९ साउन १९ गते, अवलपराजुल गाविस-५ का खड्गबहादुर खत्री, पिलाडी गाविसका लोकबहादुर बुढा, लकान्द्र गाविसका तुले कामी र मोती शाहीलाई ०५९ असार ५ गते सुराकीको र विरोध गरेको आरोपमा माओवादीले कुटपिट गरे।

नेपा गाविस-२ तल्लीपाँधर उच्च माविका शिक्षक केशव भण्डारीलाई ०५९ वैशाख २७ गते सुराकीको आरोपमा माओवादीले कुटपिट गर्दा खुट्टा भाँचिएको, रावतकोट माविका प्रधानाध्यापक रामप्रसाद शर्मालाई ०५९ वैशाख २६ गते माओवादीले कुटपिट गर्दा बायाँ हातका औंला र दाया खुट्टा तलमाथि ढुंगा राखी थिची खुट्टा भाँचेका, नारायण नपा-७ का किमगाउँ माविका शिक्षक पूर्णबहादुर मल्ललाई वैशाख २६ गते माओवादीले कुटपिट गरी बायाँ हात र खुट्टा भाँचिदिएका थिए।

तिलेपाटा गाविस-७ त्रावली घर भई तर्कु प्रावि का शिक्षक मानबहादुर सिंजापती, काशीकाँध गाविसका पूर्व अध्यक्ष ४८ वर्षीय पदमबहादुर थापा, चौतारा गाविसका पूर्व अध्यक्ष रत्नबहादुर चन्द, खरीगैरा गाविसका माधवप्रसाद उपाध्याय, रामबहादुर रावत, बडाखोला गाविसका पूर्व अध्यक्ष प्रतापबहादुर थापा, रानीवन गाविसका नेकपा एमाले जिल्ला कमिटी सदस्य तथा पूर्व गाविस अध्यक्ष हरिप्रसाद उपाध्याय, मनकेशरी कोइराला, नारायण नपा भूर्तिका सूर्यबहादुर शाही, विशाला गाविस-८ का डिलबहादुर खड्का, चन्दूकला खड्का, लालीकाडाका गाविसका पूर्व अध्यक्ष मोतिराम खड्का, लालीकाँडा गाविसका दशरथ खड्का, कट्टि गाविसका होमबहादुर शाही, नेकां (प्रजातान्त्रिक) जिल्ला सभापति तथा जिल्ला विकास समिति सभापति भूपू लोकेन्द्र दर्लामी, सेरी गाविसका बमबहादुर शाही, विशाला गाविसका पूर्व अध्यक्ष दिलिप थापा, लाकुरी गाविसका लटिम खड्का गमौडीलाई विभिन्न मितिमा माओवादीले धम्की दिएका थिए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

रावतको गाविस-३ का शिक्षक नागरमल विष्टलाई

सुरक्षाकर्मीको हवाइ फायरिङबाट घाइते सुना सुनार

माओवादीको आशंकामा ०५९ भदौ २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल रिहा भएका छन्।

लाकुरी गाविस-९ घर भई त्रिभुवन उच्च मावि मा अध्ययन गर्ने महेश विष्टलाई माओवादीको आशंकामा ०५९ असोज २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

बिन्द्रासैनी गाविसका धीरेन्द्र रावललाई माओवादीको आरोपमा ०५९ असोज ११ गते दैलेख बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

लाकुरी गाविस-९ का मानबहादुर गुरूङ, छविलाल गुरूङलाई माओवादीको आरोपमा ०५९ कार्तिक २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

यसैगरी केही समय माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखी रिहा गरिएकाहरूमा रानीवन गाविसका दानबहादुर रना, रानीवन गाविसका गणेशबहादुर शाही, चौराठा गाविसका टेकबहादुर थापा, मनबहादुर रना, गोपाल थापामगर, दलबहादुर थापा, अमरबहादुर चन्द, नरबहादुर थापा, रत्नबहादुर थापा, प्रेमबहादुर चन्द, रामबहादुर बस्नेत, चौराठा गाविसका चन्द्रबहादुर नेपाली रहेका छन् भने छोटो समयमै रिहा हुनेहरूमा नारायण नपाका कर्मबहादुर खड्का, पादुका गाविसका पूर्णनाथ योगी, द्वारी गाविसका शशीराम रोका, जबमुकाँध गाविसका महेन्द्रकुमार शाही, सल्लेरी गाविसका अर्जुन चन्द, तोली गाविसका कृष्ण बुढा, नेकपा एमाले दैलेखका सचिव अम्बरबहादुर थापा, कान्तिपुर दैनिकका दैलेख सम्वाददाता हरिहरसिंह राठौर, तोली गाविसका लछिराम शर्मा, नैनसिंह रोकाया, बिन्दवासिनी गाविसका प्रेम दमाई, जमुकाँध गाविसका धिरेन्द्रकुमार शाही, बलबहादुर शाही, कटकबहादुर शाही, हर्कबहादुर शाही, विष्णुप्रसाद शर्मा, चामुण्डा गाविस कवला प्रसाद सुवेदी, खड्गबहादुर विष्ट, देविराम जैसी, परे वडुवाल, तिलक कडेल, शंकर आचार्य र मनोज शाही लगायतका अन्य व्यक्तिहरू रहेका छन्।

महिला अधिकार

बडाखोला गाविस-२ को २७ वर्षीय एक महिलालाई ०५८ फागुन ५ गते घरमा कोही नभएको समयमा खरीगैरा गाविस-१ का २५ वर्षीय जगतबहादुर थापाले छुरी देखाई बलात्कार गरे।

जातीय विभेद

गमौडी गाविस-६ बेदेगाउँ घर भई सोही ठाउँ स्थित पंचकोशी प्रस्तावित माविका प्रधानाध्यापक ५६ वर्षीय खगेन्द्रनाथ योगीलाई ०५९ वैशाख २७ गते दिउँसै विद्यालय हातामा माओवादीलाई असहयोग गरेको बहानामा माओवादीले कालो मोसो दली जुत्ताको माला लगाई सार्वजनिक बेइज्जत गरी ज्यानमार्ने धम्की समेत दिए।

विविध

आगलागी

लालीकाडा गाविस-५ का चक्रबहादुर बुढाको घरमा ०५९ जेठ २० गते, सल्लेरी गाविस-४ का छविलाल शाहीको घरमा ०५९ जेठ ११ गते गस्तीमा रहेको सुरक्षाकर्मीले माओवादी पार्टीमा लागी आतंक सिर्जना गरेको भन्दै आगो लगाए।

प्रतिनिधिसभाका सांसद शिवराज जोशी र राष्ट्रिय सभाका सांसद रङ्गनाथ जोशीको तीन तले घर ०५९ वैशाख १२ गते माओवादीले आगो लगाए।

संरचना क्षति

दुल्लुस्थित ऐतिहासिक एक सय वर्ष पुरानो दरबार ०५९ वैशाख ८ गते माओवादी आगो लगाई ध्वस्त पारे। यसैगरी यस जिल्लामा ४० भन्दा बढी गाविस भवन, नगरपालिका कार्यालय भवन, २१ हुलाक कार्यालय, २ विद्यालय, कृषि सेवा केन्द्रहरु, कृषि अनुसन्धान केन्द्र, सिंचाई, वन, शिक्षा कार्यालय र टेलिफोन टावरमा समेत आक्रमण गरी ५ करोड भन्दा बढीको नोक्सानी पुऱ्याए।

क्षतिग्रस्त कृषि सेवा केन्द्र र दूरसञ्चार टावर

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला सदस्य एवं इलाका नं. ३ बाट जिल्ला विकास समितिमा निर्वाचित जिल्ला विकास समिति सदस्य तेजबहादुर चन्द र नेपाल राष्ट्रिय स्वतन्त्र भूतपूर्व सैनिक संगठनका जिल्ला कमिटी उपाध्यक्ष एवं एमाले इलाका नं. ३ का सदस्य तथा चौराठा गाविसका अध्यक्ष रत्नबहादुर चन्दलाई ०५९ पुस ११ गते माओवादीले अपहरण गरेको घटनाप्रति नेकपा (एमाले) जिल्ला कमिटीले घोर निन्दा र भर्त्सना गर्दै पीडितलहरूलाई २४ घण्टाभित्र रिहा गर्न आह्वान गऱ्यो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

रूम गाविस-५ मा दुध संकलन गरी खीर खाँदै गरेको अवस्थामा अचानक बम विस्फोट भई दुई जना माओवादी कार्यकर्ताको ०५९ असार ९ गते घटनास्थलमै मृत्यु भयो।

कट्टि गाविस-७ माझगाउँका ३३ वर्षीय दशरथ खड्काको ०५९ जेठ २६ गते माओवादीले घर लुटपाट गरी कब्जामा लगी ९ जनाको परिवारलाई गाउँबाट निकाले। माओवादीले १० लाखको सामान लुटपाट गरेको पीडित बताउँछन्। यसैगरी घर सहित कब्जा र लुटपाटमा पर्नेहरूमा कासिकाँध गाविसका भूपू अध्यक्ष शेरबहादुर शाही, कट्टि गाविसका दुर्गबहादुर खड्का, बिन्ध्यासिनी गाविस-९ का वीरबहादुर मल्ल, तोली गाविसका कलाधर सापकोटा, वडाभैरव गाविसका नरबहादुर बुढा, लाकुरी गाविसका कृष्णबहादुर थापा, वडा भैरव गाविसका यामबहादुर थापा, नौमूले गाविसका तुलबहादुर तारामी समेका रहेका छन्। पीडितहरूको घरबाट माओवादीले लाखौंको धनमाल नोक्सान गरेका थिए।

४.११ डोल्पा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

कालिका गाविस-५ का १९ वर्षीय लोकबहादुर रोकाया, सोही गाविस-६ का २० वर्षीय सर्पजित सार्की, २५ वर्षीय दले सार्की, १८ वर्षीय कन्ने सार्की, मनराज सार्कीलाई ०५८ फागुन २ गते सर्चमा गएको सुरक्षाफौले माओवादीको आरोपमा आ-आफ्नै घरबाट गिरफ्तार गरी कालिका मावि पुरानो भवनमा लगी गोली हानी हत्या गरे। सुरक्षाकर्मीले पीडितहरूलाई भिडन्तमा मारिएको बताएता पनि उनीहरूलाई आ-आफ्नै घरबाट गाउँ भरिका मानिसलाई कुटपिट गर्दै सबैलाई कालिका माविको पुरानो भवनमा जम्मा गरी कोठामा लगी छानेर ४ जनालाई कोठा भित्रै र एकजनालाई बाहिर सबैका अगाडि नै गोली हानी हत्या गरेका थिए। पीडितहरू दुई जना माओवादी छोडेर दुई महिनादेखि घरमा बस्दै आएका थिए भने अन्य तीन जना माओवादीबाट जबरजस्ती बनाइएका जनमिलिया थिए।

ल्हाँ गाविस-८ की २३ वर्षीय धनरूपी रोकायालाई ०५८ फागुन २७ गते दिउँसो सोही गाविसकै पालङ्ग खोलामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माझफल गाविस-८ का १९ वर्षीय पशुपति बुढालाई ०५८ चैत २२ गते माओवादीबाट बिदा लिई भेटघाट गर्न घर तर्फ आइरहेको अवस्थामा ल्हाँ गाविसको खदाङ्गमा सर्चमा गएको सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास ४/५ दिन बेवारिसे अवस्थामा रहेको र माओवादी आई खाल्डो खनी गाडेका थिए।

ल्हाँ गाविस-६ का २१ वर्षीय ज्ञानबहादुर चलाउने अनेरास्ववियु (क्रान्तिकारी) को जिल्ला सम्मेलनमा आदर्श माध्यमिक विद्यालय जुफालबाट विद्यार्थी, शिक्षक र माइक मागेर लिन जुफाल आएको अवस्थामा ०५९ जेठ २४ गते दिउँसो ३ बजे सिभिल ड्रेसमा आएका सुरक्षाकर्मीले फेला पारी लखेटेर समाती कुटपिट गर्दै गोली हानी हत्या गरे। पीडितलाई माओवादी आई तीन दिनपछि खाडल खनी गाडे।

नारायण नपा-३ का ३५ वर्षीय नारायण शर्मा, जाजरकोट जिल्ला खलंगा गाविसकी ३२ वर्षीय यामकुमारी खड्का, सोही गाविसकी २२ वर्षीय जयन्ती घर्ती, २४ वर्षीय फर्कविर राना, रग्दा गाविस जाजरकोटका १५ वर्षीय कर्णबहादुर सिंह, खलंगा गाविस जाजरकोटकी १६ वर्षीय लक्ष्मी विक, रिमी गाविस-३ डोल्पाकी १४ वर्षीय राजु बोहोरा, जुगाथापाचौर जाजरकोटका २३ वर्षीय भिजन भनिने नाम थाहा नभएका जनालाई ०५९ भदौ ७ गते बिहान ५ बजे सुरक्षाकर्मीको घेरा तोडी भाग्न खोज्दा माझफाल गाविस-३ माझपाल गाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले पीडितहरूलाई डोरी बाँधी घिसार्दै लगी गाउँकै चौतारीमा छोडेर गएका थिए। उनीहरूको लास दुई दिनसम्म बेवारिसे अवस्थामा रहेकोमा माओवादी आई खाल्डो खनी पुरेका थिए। सोही घटनामा माझफाल गाविसका माओवादीद्वारा गठित गाजस प्रमुख सुरक्षा भनिने चन्द्रबहादुर रोकाया, नगेन्द्र एक जना सेक्सन कमाण्डर गरी ४ जना घाइते एका थिए।

लिकु गाविस-३ का २३ वर्षीय रन्जमान रोकाया,

लावन गाविस-३ की १८ वर्षीय लेजिन रोकायालाई ०५९ कार्तिक ८ गते विहान सर्चमा गएको सुरक्षाकर्मीले लिकु गाविसको सुँगाउँमा गोली हानी हत्या गरे। पीडित माओवादीद्वारा गठित लिकु गाजस प्रमुख रत्नमानलाई घाँस काट्न गएको अवस्थामा समातेर कुट्दै गाउँमा पुऱ्याएर गोली हानी हत्या गरे भने माओवादी कार्यकर्ता रोकायालाई भाग्न लाग्दा सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो।

माओवादीबाट

लिकु गाविस-५ का ३९ वर्षीय भूपू गाविस सचिव कालिवहादुर बोहोरालाई ०५९ असार १७ गते माओवादीले सुराकीको आरोपमा अपहरण गरी साउन २१ गते राति कुटपिट गरी हत्या गरे। माओवादीले २१ दिन पछाडि पीडितकी पत्नीलाई सफाई गरिएको भनी हत्या गरेको जानी दिए। पीडितलाई यातना दिने क्रममा हत्या गरेर बोरामा हाली भेरी नदीमा वगाएको हुन सक्ने कालिकावासीहरूको अनुमान रहेको छ।

जुफाल गाविस-२ घर भई जाजरकोट खलंगामा वस्दै आएका ३६ वर्षीय दुध विक्रम शाहीलाई ०५९ साउन १० गते सुराकीको आरोपमा माओवादीले अपहरण गरी डाँडागाउँ गाविसको जंगलमा लगी निर्ममतापूर्वक हातखुट्टा काटी हत्या गरे। पीडितको लास सुरक्षाकर्मी आफैंले दाहसंस्कार गरे।



जनसंख्या	:	२९५५४
साक्षरता प्रतिशत	:	३४.६६
महिला साक्षरता प्रतिशत	:	१९.६१
क्षेत्रफल (वर्ग कि. मि.)	:	७८८९
गाविस / नपा संख्या	:	२३/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	११३
क्याम्पस / उच्च मावि	:	०/१
अस्पताल / स्वास्थ्य चौकी	:	०/२३
टेलिफोन लाइन	:	३
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	१८
मानव विकास सूचकांक	:	०.२१८
प्रति एक डाक्टर जनसंख्या	:	२२०७१
प्रति परिवार सरदर संख्या	:	५.०८

जेल र बन्दीहरू

"घ" श्रेणीमा रहेको डोल्पा जेलमा एक जना वन्दीलाई तारेखमा हाजिर गराउने गरिएको छ। ०५७ असोज ८ गते राति माओवादीले जेल ध्वस्त पारेका थिए। दुई वर्ष वितिसक्दा पनि जेलको पुनर्निर्माण गरिएको छैन।

बेपत्ता /अपहरण

माओवादीबाट

कालिका गाविस-५ का ३४ वर्षीय ओमवहादुर रोकायालाई ०५९ असोज १६ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरे। पीडितहरूलाई गाउँलेहरूको अनुरोधमा ५ दिनपछि २१ गते मुक्त गरे। अपहरण गरी लगेदेखि मुक्त नहुन्जेल कसैसँग भेटघाट गर्न नदिनुका साथै बयान गराउने नाममा प्रत्येक दिन राति बुट, वन्दूकको कुन्दाले कुटपिट गर्ने, प्रत्येक दिन सुनाउन लग्दा अब भोलि मान्छेहरूसँग होइन गोलीसँग भेट हुन्छ भनी मार्ने धम्की दिने गरेको पीडितहरू बताउँछन्। पीडितहरू मध्ये सूर्योदय प्रावि भोटगाउँका शिक्षक ओमबहादुर रोकायालाई फेरी कारवाही हुने माओवादीको धम्की आएपछि हाल घर छोडी सदरमुकाम आई वसेका छन्।

त्रिपुराकोट गाविस-२ का ३० वर्षीय देवीकृष्ण उपाध्यायलाई ०५९ मंसिर १३ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई आफ्नो जनअदालतमा राखी १४ दिनपछि मंसिर १६ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नेपालगञ्ज नपा-१ धम्बोजी घर भई हाल जिल्ला अदालत डोल्पामा नायव सुब्बा पदमा कार्यरत ३४ वर्षीय वीरेन्द्रवहादुर मल्ललाई ०५९ असोज २९ गते वेलुका ६ वजे नायक भन्ने बुद्धी तामाङको नेतृत्वमा आएका सुरक्षाकर्मीको गस्ती टोलीले अदालत परिसरभित्रै कुटपिट गरी घाइते वनाए। पीडितको उपचारमा २ लाखभन्दा बढी खर्च भइसके पनि ठीक नभएपछि मित्रराष्ट्र भारतको लखनउमा उपचार भइरहेको छ।

रिमी गाविस-१ का ३६ वर्षीय धनवहादुर शाहीलाई ०५९ कार्तिक ८ गते राति लिकु गाविस-९ घोरास्वोरको होटलमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले वाहिर बोलाउँदा वाहिर आउन ढिला गरेको भन्दै कुटपिट गरे। पीडित शाही जडिबुटी ल्याएर विक्री गर्न विमानस्थल जुफालतिर आउने क्रममा घोरास्वोरमा वास वसेका थिए।

काइगाउँ गाविस-५ का २७ वर्षीय भानु बुढालाई माओवादीको आशंकामा र रिमी गाविस-२ का ४१ वर्षीय इन्द्रवहादुर बोहोरालाई माओवादी भगाएको आरोपमा सर्चमा गएको सुरक्षाकर्मीले वन्दूकको कुन्दा, बुटले कुटपिट गरे। पीडितहरू मध्ये इन्द्रवहादुर बोहोरा जिल्ला वन कार्यालयका वन पाले हुन्।

लिकु गाविस-२ का ३७ वर्षीय जुवालाल बुढालाई ०५९ कार्तिक ८ गते विहान सर्चमा गएको सुरक्षाकर्मीले माओवादी भगाएको आरोपमा कुटपिट गरे। पीडितलाई वढी बोले मार्ने धम्की समेत दिए।

माओवादीबाट

सूँ गाविस-५ का ५१ वर्षीय चम्फ के.सी., ३६ वर्षीय सूर्य के.सी. र २६ वर्षीय काल्या के. सी. लाई माओवादीलाई खाना नदिनु भनी गाउँलेहरूलाई उक्साएको आरोपमा ०५८ पुस १९ गते माओवादीले एकै ठाउँमा राखी नाङ्गै पारी रातभरि पटक पटक कुटपिट गरी भोलिपल्ट विहान मुक्त गरे।

त्रिपुराकोट गाविस-२ का २८ वर्षीय गोरखापत्र दैनिकका समाचारदाता विष्णुप्रसाद देवकोटालाई सरकारी सञ्चार माध्यममा काम गरेको र सुराकीको आरोपमा ०५८ माघ ९ गते राति ९ बजे लाठी, बन्दूकको कून्दा र बुटले कुटपिट गरे। पीडितलाई रेडियो नेपालको समाचारदातावाट राजिनामा गर्न लगाएर त्यो राजिनामा र उनीसँग भएको रेकर्डर माओवादीले लगे।

सर्मी गाविस-७ का २१ वर्षीय मनवहादुर सार्कीलाई ०५८ माघ ३० गते आफ्नो पार्टी छोडेको आरोपमा माओवादीले उनैको घरवाट पछाडी हात वाँधी पिट्‌दै कालिका गाविस पुऱ्याई लाठी, बन्दूकको कून्दा र बुटले मरणासन्न हुने गरी कुटपिट गर्दै मार्ने धम्की दिए। सर्चमा गएको सुरक्षाकर्मी घटनास्थलमा पुग्दा माओवादी भागेका थिए। पीडितलाई सेनाको हेलिकोप्टरबाट नेपालगञ्ज लगिएकोमा हाल कहाँ र कस्तो अवस्थामा राखिएको छ थाहा भएको छैन।

नर्कु गाविस-२ का २२ वर्षीय अमरबहादुर शाहीलाई ०५९ असार ३१ गते आफूले बनाएको गाजस उपप्रमुखवाट राजिनामा गरी प्रशासनसँग आत्मसमर्पण गरेको आरोपमा, से-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा ग्याम स्काउटमा कार्यरत ४४ वर्षीय वृषवहादुर शाहीलाई सुराकीको आरोपमा माओवादीले ज्यानमार्ने धम्की दिँदै वन्दूकको कुन्दा, लाठी र बुटले कुटपिट गरे।

सर्मी गाविस-२ घर भई हाल सदरमुकाम दुनै गाविस-१ मा बस्ने ३४ वर्षीय सुनरूपा ठकुल्लालाई ०५९ मंसिर २८ गते राति १२ वजे दुनै गाविस-९ लोचा गाउँका आफन्तको घरमा सुतिरहेको अवस्थामा सुराकीको आरोपमा माओवादीले कुटपिट गरे। पीडितलाई सुराकी गर्न नछाडे ज्यानमार्ने धम्की समेत दिए।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका झानु गुरुङ र बेपत्ता पारिएका विश्वचन्द्र बुढा

लावन गाविस-५ का ५२ वर्षीय कर्णबहादुर विष्टलाई ०५९ मंसिर २८ गते सुराकीको आरोपमा माओवादीले गाउँ फर्के ज्यानमार्ने धम्की दिँदै २ घोडा सहित धनमाल लुटी गाउँबाट लखेटे। पीडित हाल परिवार सहित सदरमुकाममा आई बसेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा २ वर्ष नाघिसकेका ४ वटा मुद्दा छन्। १ वर्ष नाघेका २ र ६ महिना नाघेका ३ वटा मुद्दा छन्। हाल जिल्ला न्यायाधीश जिल्लामै भएका कारण गत सालको जस्तो मुद्दा फर्स्यौट वा किनारमा ढिलाई भएको छैन। विविध कारणले अंग नपुगेका, प्रक्रियामा पुग्न अप्ठेरा मुद्दाहरू मात्र रहेका छन्।

जिल्ला प्रशासन कार्यालयमा ३ वर्ष नाघेका ३ वटा र २ वर्ष नाघेका ३ वटा, लामो समयसम्म किनारा हुन नसकेका ६ वटा मुद्दा छन्। यी मुद्दा मध्ये सार्वजनिक अपराधका २ मुद्दा छन् भने अरू सबै निर्माण कार्यमा अनियमितता तथा भ्रष्टाचारका छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					२	२		२	६	१३	५		१८
घाईते	१	१		१	४	४	१	५	४	५			५
गिरफ्तारी/यातना									४	१	५	१४	२०
धम्की					२	१	१	२					
महिला अधिकार	१		१	१									
आर्थिक/सामाजिक अधिकार					१	१		१					
अपहरण					२	२		२					
जम्मा	२	१	१	२	११	१०	२	१२	१४	१९	१०	१४	४३

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

दुनै गाविस-९ का २५ वर्षीय कमल क्षेत्री, दुनै गाविस-२ का २१ वर्षीय गिर्वाण बुढा, सोही गाविस-८ का ३५ वर्षीय राजी विक, सोही गाविस-६ का १८ वर्षीय लालबहादुर रोकाया र त्रिपुराकोट दुनै गाविस-६ का २१ वर्षीय विश्वचन्द्र बुढालाई सुरक्षाकर्मीले नेपालगञ्ज नपा डेवाफुलवारी स्थित डेराबाट विना पूर्जी गिरफ्तार गरी ४ महिना गायव गरी राखे। पीडितहरूलाई सशस्त्र प्रहरीको हिरासतमा राखी अत्यन्त क्रूर तवरले यातना पाएपछि विरामी भएका कारण उपचारको लागि ०५९ जेठमा भेरी अञ्चल अस्पताल ल्याइएकोमा कमल, गिर्वाण, राजी र लालबहादुरलाई डोल्पाकी एक नर्सले भेटपछि उनीहरूको आफन्तले थाहा पाएका थिए। कमल क्षेत्री, र्वािण बुढा, राजी विक र लालबहादुर रोकायालाई ०५९ भदौ २० गते तारेखमा रिहा गरियो। यातनाका कारण अपाङ्ग भएका लालबहादुर रोकाया आईएनएफ अस्पताल नेपालगञ्जमा क्षयरोगको उपचार गराइरहेका छन्।

प्रहरीको यातनाका कारण अपांग भएका लालबहादुर रोकाया

रिमी गाविस-४ की १६ वर्षीय राजु विक, रिमी गाविस-२ का ३५ वर्षीय सिद्धिमान बोहोरा, रिमी गाविस-१ का ४६ वर्षीय दलबहादुर शाही, सोही गाविस- ४ का ४५ वर्षीय पशु कामी, काइगाउँ गाविस-९ का २८ वर्षीय मरे कामी, सोही गाविस-८ का ३५ वर्षीय कर्णप्रसाद थापा, २८ वर्षीय पञ्चलाल बोहोरा, ३२ वर्षीय गोर्ख बोहोरा, ३५ वर्षीय ललितप्रसाद लामा, सोही गाविस-९ का ४३ वर्षीय तुल कामी, सोही गाविस-८ का ३८ वर्षीय विरबहादुर थापा, सोही गाविस-९ का २१ वर्षीय कुमा कामी, २८ वर्षीय वैचन्द्र कामीलाई ०५८ फागुन २ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा आ-आफ्नो घरबाट विना पूर्जी गिरफ्तार गरे। गिरफ्तार गरिएका १३ जना सबैलाई हेलिकोप्टरमा हाली सदरमुकाम लगियो। गिरफ्तार गरिएका १२ जनालाई सम्बन्धित गाविस रिमी र काइगाउँ गाविसका अध्यक्षको जमानी ०५८ फागुन ३ गते रिहा गरियो भने राज्कु विकलाई भने माओवादी भएको कारण थुनामा राखियो। उनलाई नेपालगञ्ज थुनामा पठाइएको छ।

जाजरकोट जिल्ला अर्थली गाविस-९ की १६ वर्षीय निर्मला रेग्मी, ज्योतिनगर गाविस-५ की १६ वर्षीय रामकला घर्तीमगर, खलंगा गाविस-९ की १६ वर्षीय चन्द्रकला पुन, डाँडागाउँ गाविस-३ की १७ वर्षीय शर्मिला विक र पजारू गाविस-३ की जना घर्ती मगरलाई ०५९ भदौ ७ गते माझफाल गाविस-३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई कारागार चलान गरिएको भए पनि कारागार शाखा डोल्पामा सुरक्षाकर्मीको व्यवस्था नरहेकाले भैरवप्रसाद गुल्मको हिरासतमा राखिएको थियो। उनीहरूलाई मंसिर ६ गते रिहा गरियो।

सूँ गाविस-५ घर भई महादेव प्राविका शिक्षक २७ वर्षीय ज्ञानु गुरूङ्गलाई ०५९ असोज १२ गते सुरक्षाकर्मीले सोधपुछ छ भनी आउनु भनी भैरवप्रसाद गुल्ममा आएको अवस्थामा माओवादीलाई सहयोग गरेको आरोपमा आँखामा पट्टि बाँधी गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई ९ दिन पछि तारेखमा प्रत्येक महिना हाजिर हुने गरी असोज २० गते रिहा गरियो।

विविध

संरचना क्षति

से-फोक्सुण्डो राष्ट्रिय निकुञ्जका कर्मचारीले सुराकीको आरोपमा ०५९ असार १३ गते राति माओवादीले राष्ट्रिय निकुञ्जका ११ वटा भवनहरू आगो लगाई ध्वस्त पारे।

जुफाल गाविस-१ अवस्थित डोल्पाको एक मात्र यातायातको साधान जुफाल विमानस्थलको हवाई टावर ०५८ चैत २० गते साँझ ६ बजे माओवादीले बम विस्फोट गराई आगो लगाई ध्वस्त पारे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

जुफाल गाविस-२ का २७ वर्षीय कमल शाहीको नेपालगञ्जमा मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएकोमा पति वियोग खप्न नसकी पत्नी २२ वर्षीय कमला न्यौपानेले ०५९ जेठ १२ गते भेरी नदीमा हामफाली आत्महत्या गरिन्।

फोक्सुण्डो गाविस-६ का लाक्पा लामाको ०५९ भदौ ३ गते रक्सी सेवन गरी आफ्नै घरको छतबाट खसी मृत्यु भयो।

कालिका गाविस-९ का ४१ वर्षीय भक्तबहादुर थापाको घर ०५९ भदौ २० गत सुरक्षाकर्मीसँग मिली सुराकीको आरोपमा माओवादीले लुटे। पीडित हाल विस्थापित भई सदरमुकाम दुनैमा परिवारसहित बसेका छन्।

रिमी गाविस-७ का ३३ वर्षीय चन्द्रमान रोकायालाई ०५९ जेठ २ गते गाउँ जनसरकार पदाधिकारीहरूलाई आत्मसमर्पण गराएको आरोपमा घरबाट ९ वटा खच्चर र भारी बोकाउन आवश्यक पर्ने सबै सामान माओवादीले लुटे।

४.१२ जुम्ला

जनसंख्या	:	८९४२७
साक्षरता प्रतिशत	:	३२.४१
महिला साक्षरता प्रतिशत	:	१६.७०
क्षेत्रफल (वर्ग कि. मि.)	:	२५३१
गाविस / नपा संख्या	:	३०/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	१२५
क्याम्पस / उच्च मावि	:	१/०
अस्पताल / स्वास्थ्य चौकी	:	१/३८
टेलिफोन लाइन	:	२
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	६
हुलाक संख्या	:	३१
मानव विकास सूचकांक	:	०.२१८
प्रति एक डाक्टर जनसंख्या	:	२३०७५
प्रति परिवार सरदर संख्या	:	५.६५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

चन्दननाथ गाविस-५ भण्डारीवाडाका ३० वर्षीय सन्देस भनिने वृषबहादुर भण्डारीलाई ०५८ माघ ५ गते सुरक्षाकर्मीले गर्जाङ्गकोट गाविस-२ गर्जाङ्गकोटमा खाना खाइरहेको अवस्थामा घर घेरा हाली गोली हानी हत्या गरे।

तातोपानी गाविस-४ राँकाका टेकबहादुर भनिने माओवादीद्वारा गठित जिल्ला जनसरकार प्रमुख ३५ वर्षीय परानबहादुर घराला, सोही गाविस-२ का २३ वर्षीय तिला रावलाई ०५८ फागुन २ गते जिल्ला सदरमुकामबाट सिविलमा गएको सुरक्षाकर्मीको गस्ती टोलीले घरबाट गिरफ्तार गरी बुलबुले भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे। पीडित परानबहादुर आफ्नो घरमा छोराको न्वारन गर्न आएका थिए। लासलाई स्थानीय बासिन्दाले सोही दिन राति जलाए।

देवालगाउँका १८ वर्षीय जटिल भनिने वालकृष्ण भण्डारी, गर्ज्याङकोटका १८ वर्षीय हिमाल भनिने दानबहादुर नेपाली र २१ वर्षीय आनन्द भनिने दत्त महरालाई ०५८ फागुन ५ गते गर्ज्याङकोट गाविस-५ धोलापुरमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

गर्जाङ्गकोट गाविस-४ खल्लवाडाका प्रविन भनिने २५ वर्षीय कालिप्रसाद पाण्डे र अन्य दुई जनालाई ०५८ चैत १२ गते डिल्लीचौर गाविस-६ स्थित जिउलेमा सुरक्षाकर्मीले हत्या गरे।

तातोपानी गाविस-६ जर्मिका २३ वर्षीय हरिबहादुर बुढा सोही गाविस-५ वाविराका भेलका भनिने २४ वर्षीय रामवहादुर बुढालाई ०५८ चैत २७ गते दिउँसो २ वजे सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

गर्जाङ्गकोट गाविसको खल्लावाडा गाउँको आसपासमा ०५९ जेठ ८ गते विहान सुरक्षाकर्मीले घेरा हानी कारवाही गर्दा तीन जना माओवादीको मृत्यु भयो। मृत्यु हुनेहरूमा स्थानीय गर्जाङ्गकोट गाविस खल्लवाडाका ३५ वर्षीय नेकोन भनिने जवती प्रसाद न्यौपाने, रोक भनिने २९ वर्षीय लालप्रसाद र अन्य एक जना नाम नखुलेका रहेका थिए। मृत्यु हुनेहरूमा सबै माओवादी रहेको माओवादीको पर्चामा उल्लेख गरिएको छ।

कुडारी गाविस-१ रावनवाडा स्थित खोलामा ०५९ जेठ २८ गते बेलुकी ४ बजे जिल्लाबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीलाई सकेटबम प्रहार गरी आक्रमण गर्न खोज्ने २१ वर्षीय पार्टी नाम मुक्ति र २३ वर्षीय सडपाको सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। पीडित व्यक्तिहरूको नाममा माओवादीले जेठ २९ गते शोक सभा गरेका थिए।

तातोपानी गाविस-१ दागिवाडा गाउँमा सुरक्षाकर्मीले सर्च गर्दा भागेर गाउँ जाने प्रयास गरेका माओवादी कार्यकर्ता ३१ वर्षीय राकेस र २४ वर्षीय अमृतको ०५९ जेठ २९ गते सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। पीडितहरू तातोपानी लीलाकोटका लक्ष्मीमान रावल र चन्द्रबहादुर बुढा भएको माओवादीले सार्वजनिक जानकारी गराए।

पानरासी गाविस-३ र ४ पेरे गाउँमा खाना खाइरहेका माओवादी कार्यकर्ताहरू २५ वर्षीय पासाङ भनिने दान रावत र साहसी पार्टी नाम गरेका एक जनालाई ०५९ साउन २८ गते सुरक्षाकर्मीको गस्ती टोलीले घेरा हाली भाग्न खोज्दा गोली हानी हत्या गरे।

डिल्लीचौर गाविस-६ तिर्खुका दिलिप भनिने २३ वर्षीय गोरेबहादुर बोहोरालाई ०५९ साउन २० गते सुरक्षाकर्मीको गस्ती टोलीले तिर्खु जिउलीमा घेरा हाली भाग्न प्रयास गर्दा गोली हानी हत्या गरे।

तातोपानी गाविस-४ बाबिराका ५५ वर्षीय सुकविर सार्कीलाई ०५९ असोज ६ गते छुपीगाउँ खोला नजिकै सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सदरमुकामबाट आएका सुरक्षाकर्मीलाई एम्बुसमा पार्दा सुरक्षाकर्मीले चलाएको गोली लागी पीडितको मृत्यु भएको थियो।

तातोपानी गाविस-६ राँकाका हरिश्चन्द्र कठायत भनिने १७ वर्षीय चन्द्रबहादुर कठायतलाई ०५९ असोज २३ गते सुरक्षाकर्मीको घेरा तोडी भाग्न खोज्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

डिल्लीचौर गाविस-५ की कल्पना बुढा र सागर शाही भनिने माओवादीलाई ०५९ कार्तिक १ गते दिउँसो २ वजे गाउँको घरमा खाना आई बसिरहेको अवस्थामा सुरक्षाकर्मीको गस्ती टोलीले पटमरा गाविस-४ पटमरा गाउँको वरिपरी घेरा हाल्दा घेरा तोडी भाग्ने खोज्दा सुरक्षाकर्मीले गोली हानी हत्या

गरे। पीडितहरूको लासलाई वेलुका माओवादी आई तुल ओडाएर गएका थिए।

टेपाल गाउँ र गर्जाङ्गकोट गाविसको बीचमा पर्ने स्थानीय जिउलोमा धान काटिरहेका ९ जना माओवादीलाई ०५९ कार्तिक ७ गते सुरक्षाकर्मीको गस्ती टोलीले गोली हानी हत्या गरे। पीडितहरू स्थानीय बासिन्दाहरूलाई धान काट्न सहयोग गरिरहेको अवस्थामा सुरक्षाकर्मीको गस्ती टोली आएको देखी भाग्न खोज्दा उक्त घटना भएको थियो।

टेपाल गाउँ गाविस स्थित टानसागुमा माओवादीका छापामार कमाण्डर बादल भनिने हरिश्चन्द्र बुढा सहित ४ जनालाई ०५९ कार्तिक २३ गते सुरक्षाकर्मीको गस्ती टोलीले घेरा हाली भाग्न खोज्दा गोली हानी हत्या गरे।

कुडारी गाविस-५ रावतवाडामा जिल्ला सदरमुकाम आक्रमण गरी फर्केका १६ जना माओवादीलाई ०५९ कार्तिक २९ गते दिउँसो ४ बजे सुरक्षाकर्मीले घेरा हालि हत्या गरे। माओवादीबाट सुरक्षाकर्मीले दुई थान थ्रि नट थ्रि राइफल, दुई थान रिभल्वर लगायत विभिन्न खाले बम, आतंकारी दस्तावेजहरू बरामद गरे।

नाम्ती इलाकामा खलंगा आक्रमण गरी फर्किएका माओवादीलाई ०५९ कार्तिक ३० गते सुरक्षाकर्मीले खोजतलासको क्रममा १५ जना माओवादीको हत्या गरे। माओवादीबाट सुरक्षाकर्मीले जिन्सी सामानहरू बरामद गरे।

माओवादीबाट

तलिहुम गाविस-१ र २ श्रीढुङ्का र लाम्रा गाविसको सिमानामा पर्ने उमगाडामा ०५८ फागुन २१ गते दिउँसो २ बजे जिल्ला प्रहरी कार्यालय जुम्लाबाट गएको प्रहरी गस्ती टोलीमाथि माओवादीले आक्रमण गर्दा प्रहरी हवल्दार ३० वर्षीय मोहन शाह, प्रहरी जवान २९ वर्षीय मनिराम पुन गोली लागी घाइते भए। घाइतेहरू मध्ये प्रहरी हवल्दार मोहन शाहलाई माओवादीले घटनास्थलमा पुनः समाती हत्या गरे।

नातोपानी गाविस-५ लाछुमा शाही सेनाका एक जवानलाई ०५९ जेठ २९ गते माओवादीले सोधपुछ गरी सुराकीको आरोपमा कुटपिट गरी हत्या गरे। पीडितलाई लाससलाई माओवादीले ढुंगाले दाबेर पानीमा डुबाएर फालिदिए। लासलाई पछि सुरक्षाकर्मीले पानीबाट निकालेर लगे।

स्याङ्जा जिल्ला घर भई जुम्ला स्थित स्थानीय त्रिभुवन नि. मावि भारभुवला गाविसका ३८ वर्षीय प्रधानाध्यापक कृष्णप्रसाद चालिसे, गर्जाङ्गकोट गाविस-५ कुन्डीका ४१ वर्षीय हरिप्रसाद न्यौपानेलाई सुराकीको आरोपमा माओवादीले ५ दिन अगाडि अपहरण गरी विभिन्न भागमा घुमाई शारीरिक र मानसिक यातना दिई सख्त घाइते हुने गरी कुटपिट गरे। पीडितहरूलाई गर्जाङ्गकोट गाविसको दोचालगाड भन्ने ठाउँमा ल्याई हत्या गरी फालेको अवस्थामा ०५९ असार ७ गते स्थानीय बासिन्दाले फेला पारे।

कार्तिकस्वामी गाविस-३ पिपलगाउँका १५ वर्षीय सेरबहादुर भण्डारीलाई ०५९ असोज ३ गते दिउँसो २ बजे सुराकीको आरोपमा माओवादीले महत गाविस-३ छिना स्थित डम्बरबहादुर थापाको घरमा काम गरिरहेको अवस्थामा घर अगाडि गोली हानी घाइते पारे। पीडितलाई उपचारको लागि स्थानीय बासिन्दाहरूले अस्पताल पुर्‍याएपछि बेलुकी मृत्यु भयो।

हाँकु गाविस-७ गिडीखोलाका ३० वर्षीय धनलक्ष्मी पाण्डेलाई सुराकीको आरोपमा ०५९ असोज २६ गते माओवादीले शारीरिक र मानसिक यातना दिई हत्या गरे। हाल पीडितका सम्पूर्ण परिवार जिल्ला सदरमुकाममा आई बसेका छन्।

दोहोरो भिडन्त

यस जिल्लाको सदरमुकाममा ०५९ कार्तिक २८ गते राति माओवादीले आक्रमण गरी दोहोरो भिडन्त हुँदा सिडियो दामोदर पन्त, डिएसपी शिवनारायण मण्डल सहित ३४ जना प्रहरी, ४ जना सैनिक, २ जना परिचर ३ जना बन्दी समेतको

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१	४	४९	२		५१	१९	८८	८	३१	१२७
घाईते					१	१			१					
गिरफ्तारी/यातना										४०	४३	१		४४
कुटपिट					६	८			८	३	६			६
महिला अधिकार	३		४	४										
बाल अधिकार										१	१			१
अपहरण					२१	४३	२	९९	१४४					
जम्मा	४	१	४	५	३२	१०१	४	९९	२०४	६३	१३८	९	३१	१७८

मृत्यु भयो। मृत्यु हुनेहरूमा सई भक्त जि.सी., असई नरेशबहादुर सिंह र धर्म घर्ती, हवल्दारहरू पृथ्वी शाही, भिमबहादुर वस्नेत, धनन्जय भट्टराई, जयबहादुर बुढा, प्रहरी जवानहरू झलकबहादुर थापा, भोला शर्मा, मुनसिं बुढा, कुमार राई, मदनमोहन शर्मा, गगन वि.क., हस्तबहादुर बुढा, दत्तराज मल्ल, लक्ष्मण चौधरी, भवानी खत्री, प्रेम खड्का, धिरेन्द्र वली, दुर्गा खड्का, भवानी सहानी, वासुदेव दसौंदी, छल्लु चौधरी, चित्र वली, ज्ञानबहादुर शाही, शिव चौधरी हरि के.सी., हरि पुन, दिलिप वि.सी. लगायत थिए।

माओवादीद्वारा अपहरण गरिएका धिरेन्द्रराज गिरि

माओवादी तर्फ मृत्युहरूको टुँडिखेल, छिनासाँघु, दानसाँघु, कुलेखानी, मालाडिड र नाम्सीमा गरी ५७ जनाको लास फेला परेको थियो। तर, माओवादीतर्फ १ सय ८ जनाको मृत्यु भएको सुरक्षानिकायले जनायो। केही सुरक्षाकर्मीहरूलाई माओवादीले अपहरण गरेकोमा सबैलाई मुक्त गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

महत गाविस-५ स्थित नरबहादुर महतको घर नजिक प्रहरी सेन्ट्री बस्ने स्थानमा ०५९ असोज २९ गते राति ७ बजे माओवादीले बम विस्फोट गराउँदा महत गाविस-५ का २६ वर्षीय वीरेन्द्र महत घाइते भए। बम प्रहरीलाई लक्ष्य गरी विस्फोट गराउँदा उक्त घटना भएको थियो।

जेल र बन्दीहरू

"घ" श्रेणीको जुम्ला जेलको क्षमता ६० जनाको रहेको छ। यस जेलमा कार्तिक २८ गते राति माओवादीले आक्रमण गरेपछि हाल यस जेलमा कैदी र थुनुवा कोही पनि रहेका छैनन्। उक्त घटनामा माओवादीले कारागार भित्र रहेका २२ जना कैदी र थुनुवाहरू मध्ये केहीलाई आफूसँग लगेका थिए भने तीन जनालाई पार्टीबाट सुरक्षाकर्मी समक्ष आत्मसमर्पण गरेर सुराकीको आरोपमा हत्या गरेका थिए। जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकाय भवनहरू ध्वस्त भइसकेकोले कैदीहरू मध्येका गंगा महत र कालु महतले हाल आफ्नै निवासमा होटेल चलाएर बसेका छन् भने कैदी तथा थुनुवाहरूको कुनै खास व्यवस्था भएको देखिदैन।

बेपत्ता /अपहरण

माओवादीबाट

हाँकु गाविस-७ थप्पेनीका ४६ वर्षीय हरिभक्त रावललाई पार्टीविरोधी काम र सुराकीको आरोपमा ०५९ जेठ ५ गते माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

प्रस्तावित निमावि झराजुवालवाट ०५९ असार १ गते माओवादीले आयोजना गरेको अनेरास्ववियु (क्रान्तिकारी) को कार्यक्रम सफल बनाउनका लागि स्कूलबाट जबरजस्ती विद्यार्थीहरूलाई ४ दिनसम्म बेपत्ता पारी पछि मुक्त गरियो।

नराकोट गाविस-५ स्थित श्री भैरव मावि नराकोटबाट अनेरास्ववियु (क्रान्तिकारी) को कार्यक्रम सफल पार्नको लागि ०५९ असार ३ गते स्कूलका २ सय ५० विद्यार्थीहरूलाई अपहरण गरी एक दिन राति असार ४ गते मुक्त गरे।

हाँकु गाविस-५ गिडिखोलाका २३ वर्षीय माया खत्रीलाई आफ्नो पार्टी विरोधी गतिविधिमा संलग्न भएको आरोपमा माओवादीले मानसिक रूपमा समाजमा बेइज्जति गराउनुका साथै शारीरिक रूपमा घाइते हुने गरी कुटपिट गरी अपहरण गरे। पीडितलाई आँखामा पट्टि बाँधी जिल्लाका विभिन्न भागमा घुमाएर ०५९ भदौ १७ गते मुक्त गरे।

कमु माडिचौर गाविस-५ कुमुका २६ वर्षीय दलबहादुर बुढालाई ०५९ साउन २८ गते राति सुतिरहेको अवस्थामा माओवादी विरोधी गतिविधि गरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई शारीरिक र मानसिक यातना दिई कुटपिट गरे। पीडित राति सुतिरहेको अवस्थामा पिसाब फेर्ने निहुँ

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका गोरेबहादुर नेपाली लोकेन्द्रप्रसाद तिमिल्सिना र पदमबहादुर बेक्कोटा

गरी माओवादीलाई छक्याएर भागे। पीडित हाल जिल्ला सदरमुकाममा विस्थापित छन्।

यस वर्ष यो जिल्लामा माओवादी विभिन्न किसिमका आरोप लगाई टेपालगाउँ गाविस-५ टेपालगाउँका ५० वर्षीय जगतबहादुर महतलाई ०५९ वैशाख १२ गते, सोही गाविस-८ कुडारीका ४० वर्षीय मिनबहादुर भण्डारी र सोही गाविस-८ का ४५ वर्षीय जंगबहादुर भण्डारीलाई ०५९ वैशाख १३ गते, गर्जाङ्कोट गाविस-७ का ५२ वर्षीय धनकृष्ण न्यौपानेलाई ०५९ वैशाख १४ गते, सोही ठाउँका ३५ वर्षीय जजारीलाल खत्रीलाई ०५९ वैशाख १५ गते, टेपालगाउँ गाविस-८ कुडारीका ४६ वर्षीय पूर्णबहादुर भण्डारीलाई ०५९ वैशाख १८ गते, हाँकु गाविस-८ का २८ वर्षीय नरेन्द्र रोकाया, सोही गाविस-५ पत्पेनीका ५६ वर्षीय रामभक्त चौलागाई र उनको पत्नी ५० वर्षीय लक्ष्मी चौलागाईलाई ०५९ जेठ १ गते, सोही गाविस-३ का २५ वर्षीय धर्मराज न्यौपानेलाई ०५९ जेठ २ गते, सोही गाविस-५ का ३५ वर्षीय धनकृष्ण पाण्डेलाई ०५९ जेठ २ गते, तलिउम गाविस-३ उमगाडाका ४० वर्षीय जगतबहादुर खत्रीलाई ०५९ जेठ ४ गते, हाँकु गाविस-१ की ३० वर्षीय मन्नु पाण्डेलाई ०५९ भदौ १० गते, हाँकु गाविस-५ गिडिखोलाका ३५ वर्षीय पुरिचन्द्र शर्मालाई ०५९ भदौ १० गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

महत गाविस-७ पिचाका २६ वर्षीय चेतनबहादुर रावललाई ०५९ कार्तिक ३० गते प्रहरीले जिल्ला आक्रमण भएको प्रक्रिया बारे स्थानीय व्यक्तिहरूसँग कुराकानी गरिरहेको अवस्थामा जान्ने बनेको भनी धम्की दिंदै कुटपिट गरे।

महत गाविस-६ का २२ वर्षीय धनबहादुर महत, २१ वर्षीय टेकबहादुर महत, २४ वर्षीय वीरेन्द्र महत र २६ वर्षीय राजु सेजुवाललाई ०५९ कार्तिक ९ गते राति ५ बजे सुरक्षाकर्मीको गस्ती टोलीले होटलमा बसेर क्यारमबोर्ड खेलिरहेको अवस्थामा कुटपिट गरे।

माओवादीबाट

घुमचौर गाविस-४ का ४३ वर्षीय गोविन्दबहादुर रावतलाई ०५८ चैत २९ गते माओवादी विरूद्ध सुराकीको आरोपमा माओवादीले घरमा बन्दूकको कून्दाले कुटपिट गरे।

कार्तिकस्वामी गाविस-५ गैरगाउँ घर भएका तलिहुम गाविस-१ श्री दुसका भगवती प्रावि का प्रधानाध्यापक तुलाराम न्यौपानेलाई ०५९ जेठ ३ गते अखिल क्रान्तिकारीले आह्वान गरेको नेपाल बन्दमा स्कूल खोलेको आरोपमा स्कूल भित्रै कुटपिट गरे।

हाँकु गाविस-८ गिडीखोलाका २५ वर्षीय नरेन्द्र रोकाया, २५ वर्षीय अमरबहादुर रोकाया र ३२ वर्षीय कृष्णप्रसाद पाण्डेलाई ०५९ जेठ ६ गते माओवादीको विरोध गरेको आरोपमा माओवादीले कुटपिट गरे।

टेपालगाउ गाविस-१ का ४५ वर्षीय हरिप्रसाद खत्रीको घरमा ०५९ असार ७ गते राति माओवादीहरूले घर घेरा हाली कुटपिट गर्नुका साथै सम्पूर्ण धनमाल समेत लुटे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

चन्दनाथ गाविस स्थित कर्णाली प्राविधिक शिक्षालयका शिक्षक ५० वर्षीय तिलबहादुर राना मगरलाई ०५८ पुस २४ गते सुरक्षाकर्मीले माओवादीलाई पूर्ण सहयोग गरेको आरोपमा गिरफ्तार गरे। पीडितलाई हाल कारागारमा राखिएको छ।

गर्जाङ्कोट गाविस-२ का ५० वर्षीय धर्मसिं बुढालाई ०५८ पुस २८ गते जिल्ला प्रहरी कार्यालयबाट गएको सुरक्षाकर्मीले माओवादीलाई सहयोग गरेको आरोपमा गिरफ्तार गरे। पीडितलाई आवश्यक छानबिन पछि ०५८ चैत १४ गते तारेखमा रिहा गरियो।

कार्तिकस्वामी गाविस-१ बोहोरा गाउँका ५८ वर्षीय नथुलाल सुनारलाई ०५८ माघ २२ गते सुरक्षाकर्मीले माओवादीको सामान ओसार पसार गरेको आरोपमा गिरफ्तार गरे। पीडितलाई तीन महिना थुनामा राखी हाल रिहा गरियो।

चन्दननाथ गाविस-६ सिमखाडाका २३ वर्षीय लोकेन्द्रप्रसाद तिमिल्सिनालाई ०५८ पुस २० गते, कार्तिकस्वामी गाविस-१ बोहोरागाउँका ३० वर्षीय उमाशंकर न्यौपानेलाई ०५८ पुस २० गते, महत गाविस-५ महतगाउँका २९ वर्षीय नरेन्द्र महतलाई ०५८ पुस २४ गते, महत गाविस-४ का २५ वर्षीय जयबहादुर महतलाई ०५८ पुस २५ गते, कार्तिकस्वामी गाविस-३ पिपलगाउँका ३० वर्षीय बलबहादुर बुढालाई ०५८ पुस २९ गते, चन्दननाथ गाविस-५ कामिटोलका ३३ वर्षीय दानबहादुर सुनारलाई ०५८ माघ ९ गते, चन्दननाथ गाविस-५ का ३० वर्षीय विमला शाहीलाई ०५८ माघ १० गते, कार्तिकस्वामी गाविस-१ का ४५ वर्षीय जानकीदत्त हमाललाई ०५८ माघ १९ गते, नाम्रा गाविस-१ का ३५ वर्षीय बमबहादुर रोकायालाई ०५८ माघ २० गते, चन्दननाथ गाविस-२ का ४४ वर्षीय गौरीनन्द आचार्य, महत गाविस-६ का ४० वर्षीय विष्णु बहादुर महतलाई ०५८ माघ २० गते, तातोपानी गाविस-१ स्थायी घर भई हाल महत गाविस-१ विजयनगर स्थित क्याड हाउस

माओवादीद्वारा सदरमुकाम आक्रमणको क्रममा क्षति पुऱ्याइएको हुलाक कार्यालय

माओवादीद्वारा सदरमुकाम आक्रमणको क्रममा क्षति पुऱ्याइएका कारागार र कृषि कार्यालय

होटलमा काम गर्ने २३ वर्षीय गोरबहादुर नेपालीलाई ०५८ माघ २१ गते, तातोपानी गाविस-४ का २३ वर्षीय धर्मराज डाँगीलाई ०५९ भदौ २२ गते, गर्जाङ्कोट गाविस-४ स्वल्लवाडाका ३० वर्षीय शिवलक्ष्मी उपाध्यायलाई ०५८ माघ २५ गते, तातोपानी गाविस स्थित हिमशिखर मावि तोपानीका प्रधानाध्यापक ४५ वर्षीय विष्णु देवकोटालाई ०५८ माघ २९ गते, महत गाविस-५ की २७ वर्षीय नानी महतलाई ०५८ फागुन १२ गते, चन्दननाथ गाविस-४ भण्डारीका २५ वर्षीय गजेन्द्र भण्डारीलाई ०५८ फागुन २५ गते, कार्तिकस्वामी गाविस-१ का २४ वर्षीय चक्रबहादुर रोकायालाई ०५८ चैत १ गते, चन्दननाथ गाविस-७ का २४ वर्षीय भिमबहादुर बुढाथापालाई ०५८ चैत ४ गते, गुठीचौर गाविस-२ गडिगाउँका ३० वर्षीय काजिराम एडीलाई ०५८ चैत ९ गते, गुठीचौर गाविस-२ गोठीगाउँका ४० वर्षीय मोतिलाल ऐडी र सोही ठाउँका ४० वर्षीय दलबहादुर एडीलाई ०५८ चैत १० गते, गुठीचौर गाविस-४ मुडुलीका ३० वर्षीय रामबहादुर बुढालाई ०५८ चैत ११ गते, सोही गाविस-४ मुडुलीका ४० वर्षीय कालिबहादुर बुढा र सोही ठाउँका ३१ वर्षीय सुकलाल बुढालाई ०५८ चैत १२ गते, गुठीचौर गाविस-७ गोठिगाउँका २३ वर्षीय लालबहादुर बोहोरालाई ०५९ वैशाख २५ गते, पानरासी गाविस-४ पैरेका ५० वर्षीय टसीबादुर बुढालाई ०५९ जेठ ३ गते, तलिहुम गाविस-५ रोकायावाडाका ५५ वर्षीय गोरबहादुर बुढालाई ०५९ जेठ ७ गते, तलिहुम गाविस-३ वयलकाठीयाका ३३ वर्षीय चाउ गिरीलाई ०५९ जेठ ८ गते, महत गाविस-६ का २७ वर्षीय हरिकृष्ण महत, ३० वर्षीय वलवहादुर महत, ९ वर्षीय सुरेन्द्र महत, २२ वर्षीय वीरेन्द्र महतलाई ०५९ कार्तिक २ गते, महत गाविस-१ विजयनगरका ३५ वर्षीय कालीवहादुर बुढालाई ०५९ कार्तिक २९ गते, डिल्लीचौर गाविस-४ का ४० वर्षीय मुनवहादुर बुढालाई कार्तिक २९ गते, गर्जाङ्कोट गाविस-५ स्वल्लवाडाका २५ वर्षीय टानराज स्वत्रीलाई ०५९ पुस १० गते, चन्दननाथ गाविसका कान्तिपुर/रेडियो नेपालका पत्रकार नवराज शाहीलाई ०५९ पुस १३ गते, कार्तिकस्वामी गाविस-४ गैरागाउँका ५० वर्षीय नन्दे कामीलाई ०५९ पुस २९ गते, सुरक्षाकर्मीले विभिन्न आरोप लगाई गिरफ्तार गरी केही दिनपछि मुक्त गरे।

बालअधिकार

महत गाविस-६ का ९ वर्षीय सुरेन्द्र महतलाई ०५९ कार्तिक २ गते बाबुसँग होटलमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले कर्फ्यूको समयमा होटलमा किन बसेको भनी गिरफ्तार गरे। पीडितलाई ५ दिनपछि रिहा गरियो।

भारसर इन्फ्लुएन्जाका कारण १० जना बालबालिकाको मृत्यु भयो

महिला अधिकार

यस वर्ष जुम्लामा जारीका ६ वटा र बहुविवाका ५ वटा घटना भए।

विविध

संरचना क्षति

माओवादीद्वारा ०५९ कार्तिक २८ गते सदरमुकाम आक्रमणको क्रममा २७ वटा सरकारी कार्यालय, ४ वटा सर्वसाधारणका घर समेतमा ठूलो क्षति पुऱ्याए। यस वर्ष दुरसञ्चार टावर, कृषिकेंन्द्र, विद्युतगृह, भेंडा फाराम लगायतका कार्यालयमा क्षति पुऱ्याए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जुम्ला आक्रमणपछि जुम्ला पुनर्निर्माण समितिले ०५९ मंसिर ३ गते माओवादी र सरकार दुवैलाई एक प्रेस वक्तव्य प्रकाशित गऱ्यो। अध्यक्ष डिल्लीबहादुर महतद्वारा हस्ताक्षरित वक्तव्यमा माओवादीलाई हत्या हिंसा बन्द गर्न आह्वान गरिएको थियो भने सरकारलाई जुम्लालाई तत्काल पुनःनिर्माण गरियोस् भनी उल्लेख गरिएको थियो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

लागु औषधी सेवन गरेर २ जनाले आत्महत्या गरे। वेवारिसे ३ वटा लासहरू फेला परे। आगलागीबाट ५ घरमा लाखौंको क्षति भयो। झाडापखालाबाट एक जनाको मृत्यु भयो।

४.१३ कालिकोट

जनसंख्या	: १०५५८०
साक्षरता प्रतिशत	: २७.५१
महिला साक्षरता प्रतिशत	: १६.९८
क्षेत्रफल (वर्ग कि. मि.)	: १७४१
गाविस / नपा संख्या	: ३०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १४९
क्याम्पस / उच्च मावि	: ०/२
अस्पताल / स्वास्थ्य चौकी	: १/१३
टेलिफोन लाइन	: १
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: २९
मानव विकास सूचकांक	: ०.१७७
प्रति एक डाक्टर जनसंख्या	: ५०७५५
प्रति परिवार सरदर संख्या	: ५.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

ओदानकु गाविस-६ का ४० वर्षीय धिरबहादुर सिंह, ३८ वर्षीय शिक्षक दानबहादुर सिंह, २५ वर्षीय तेजबहादुर सिंह र २५ वर्षीय राजबहादुर सिंहलाई माओवादीको आरोपमा ०५८ फागुन ११ गते सुरक्षाकर्मीको संयुक्त गस्ती टोलीले गोली हानी हत्या गरे। पीडितहरू माओवादीका धीरबहादुर सिंह किसान संघका अध्यक्ष, दानबहादुर बुद्धिजीवी संघका सचिव, तेजबहादुर र राजबहादुर भलिवल टिमका अध्यक्ष थिए।

जाजरकोट जिल्ला चामुण्डा गाविस-९ काफलगैरा घर भई कालिकोट जिल्ला मर्तामा व्यापार गरी बस्ने प्रदिप रावतलाई माओवादीको आरोपमा ०५८ फागुन १३ गते गस्तीमा गएको सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

कुमालगाउँ गाविस-९ का २८ वर्षीय मने नेपाली, सोही गाविस-९ का १८ वर्षीय गम्बे कामी र २० वर्षीय चैने चँदरालाई माओवादीको आरोपमा ०५८ फागुन १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

कोटवाडा गाविस-३ सुनथगली विमानस्थल निर्माणमा संलग्न ठेकेदार र कामदारलाई माओवादीको आरोपमा ०५८ फागुन १२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सो घटनामा धादिङ जिल्ला जोगिमारा र अन्य जिल्लाका गरी कुल २९ जना कामदारहरुलाई हत्या गरिएको थियो। सैनिक हेलिकप्टर अवतरण गर्दा पीडितहरूले विमानस्थल निर्माणको क्रममा ढुङ्गा उठाउने र खम्बा गाड्ने काम गरिरहेका थिए। सो घटनामा हत्या गरिनेहरूमा मोरङका कृष्ण थापा, भोजपुरका नरकुमार खत्री, सोलुखुम्बुका चित्रबहादुर गुरुङ, मकवानपुरका बुधमान च्याङ्वा, काभ्रेका पासाङ लामा, प्रेम लामा, नमेछापका हर्के तामाङ, नवहुँका जन्तरे लाटामगर, इलामका प्रदीप गुरुङ, गोरखाका कुमार थापा, धादिङका चित्रबहादुर प्रजा, दिल्ला प्रजा, शेरबहादुर प्रजा, कुम्ले प्रजा, रामबहादुर प्रजा, विकास प्रजा, टेकबहादुर विक, सानु विक, टेकबहादुर गुरुङ, गोकर्णबहादुर गुरुङ, कान्छा प्रजा, बुधबहादुर प्रजा, मञ्जु थापा मगर, राजकुमार श्रेष्ठ, राजकुमार विक, भीमबहादुर थापा मगर र जानबहादुर थापा मगर र नाम, ठेगाना खुल्न नसकेका अन्य २ जना गरी २९ जना थिए।

कोटवाडा गाविस-३ का नेकपाका तर्फबाट निर्वाचित वडाध्यक्ष ४१ वर्षीय लालबहादुर कठायत, सोही ठाउँका ३८ वर्षीय गोरखबहादुर कठायत, १८ वर्षीय गंगाबहादुर विष्ट, १६ वर्षीय भीमबहादुर कठायत र सोही गाविस-२ का १५ वर्षीय टेकबहादुर विष्टलाई माओवादीको आरोपमा ०५८ फागुन १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। त्यसैगरी १६ वर्षीय टेकबहादुर विष्ट, गंगा विष्ट, सोलुखुम्बु जिल्ला घर भई केही समयअघिदेखि कोटवाडामा बस्दै आएका तेन्जिङ नोर्बु शेर्पा र उनका भतिजा ३ वर्षीय नोर्बु शेर्पालाई पनि सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुकाटिया गाविस-१ का ३८ वर्षीय रत्नबहादुर शाही र सोही गाविस-२ भाटगाउँका ३४ वर्षीय हस्त चौलागाईंलाई ०५८ फागुन १४ गते सुरक्षाकर्मीको संयुक्त गस्ती टोलीले माओवादीको आरोपमा घाँचु खोलामा गोली हानी हत्या गरे।

सुकाटिया गाविस-१ ठानाका २१ वर्षीय टेकबहादुर शाहीलाई ०५८ फागुन १४ गते सुरक्षाकर्मीको संयुक्त गस्ती टोलीले माओवादीको आरोपमा सोही ठाउँमा गोली हानी हत्या गरे। पीडित महादेव उच्च मावि राराकाटियामा अध्ययनरत थिए।

सुकाटिया गाविस-७ का ३२ वर्षीय रवि बोहरा र सोही गाविस-९ हाउडीका ५६ वर्षीय सहदेव वादीलाई ०५८ फागुन १६ गते सुरक्षाकर्मीको संयुक्त गस्ती टोलीले माओवादीको आरोपमा सोही गाविसको विद्यालयमा गोली हानी हत्या गरे। पीडित रवि बोहरा मिलिसिया कमाण्डर र सहदेव वादी नाल र बन्दूक बनाउने पेशामा लागेको बताइएको छ।

सुकाटिया गाविस-८ आचार्यबाडाका ३० वर्षीय डिल्ली आचार्यलाई ०५८ फागुन १७ गते सुरक्षाकर्मीको गस्ती टोलीले माओवादीको आरोपमा सोही ठाउँमा गोली हानी हत्या गरे। पीडित नेकपा एमालेबाट निर्वाचित वडा सदस्य थिए।

जुम्ला जिल्ला मर्चा घर भएका नाम नखुलेको एक व्यक्तिलाई माओवादीको आरोपमा ०५८ चैत ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

छाप्रे गाविस-२ का २२ वर्षीय ऐनबहादुर बमलाई

०५८ चैत ९ गते सुरक्षर्कीको सर्च टोलीले माओवादीको आरोपमा गोली हानी हत्या गरे।

दाहाँ गाविस-२ का पंचदेव उच्च माविमा अध्ययनरत २३ वर्षीय धर्मप्रसाद चौलागाईंलाई माओवादीको आरोपमा ०५९ वैशाख ४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई उनकै पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। सदरमुकाम ल्याउने क्रममा उनलाई हत्या गरिएको थियो।

भर्ता गाविस-७ का नाम नखुलेका ५५ वर्षीय किसानलाई ०५९ जेठ १० गते सुरक्षाकर्मीको संयुक्त गस्ती टोलीले माओवादीको आरोपमा गोली हानी हत्या गरे। पीडित साधारण किसान थिए।

भर्ता गाविस-८ का ७५ वर्षीय वीरबहादुर शाहीलाई माओवादीको आरोपमा ०५९ जेठ ११ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी सोही गाविसको जंगलमा लगी गोली हानी हत्या गरे।

मान्म गाविस-३ की इन्सान भनिने २१ वर्षीय मैनाकुमारी बराल र कोहलपुर गाविस-४ चापागोडीकी शारदा भनिने १८ वर्षीय भविसरा खड्कालाई माओवादीको आरोपमा ०५९ असोज १४ गते मुग्राहा गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

दाँहा गाविस-५ का ४० वर्षीय सर्पसिंह शाहीलाई ०५९ भदौ २५ गते सुरक्षाकर्मीको संयुक्त गस्ती टोलीले माओवादीको आरोपमा सदरमुकामदेखि नजिकैको ताडी भन्ने ठाउँमा गोली हानी हत्या गरे।

भर्ता गाविस-२ का माओवादीद्वारा घोषित गाजस प्रमुख २५ वर्षीय नैने नेपालीलाई ०५९ असोज २९ गते सुरक्षाकर्मीको संयुक्त गस्ती टोलीले माओवादीको आरोपमा गोली हानी हत्या गरे।

भर्ता गाविस-४ का २० वर्षीय रत्न सुनारलाई माओवादीको आरोपमा ०५९ कार्तिक ५ गते दिउँसो सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी गोली हानी हत्या गरे।

राम्नाकोट गाविस-५ का २० वर्षीय मनिषा भनिने एक महिला र नाम खुल्न नसकेका २१ वर्षीय एक पुरूषलाई ०५९ मंसिर १३ गते जिल्ला प्रहरी कार्यालय र भैरहवा गुल्मबाट गस्तीमा गएका संयुक्त सुरक्षाकर्मीले माओवादीको आरोपमा बदालकोट गाविसको सिकु भन्ने ठाउँमा गोली हानी हत्या गरे। पीडितहरू माओवादीका जनमिलिसिया थिए।

कोटवाडा गाविस-१ मा नाम, ठेगाना नखुलेका एक जनालाई ०५९ मंसिर १६ गते राज्यपक्षको सुराकी भन्ने आरोप लगाई माओवादीले गाविस भरी घुमाएर निर्ममतापूर्वक हत्या गरे।

पाँखा गाविस-४ का ७६ वर्षीय चन्द्र चौलागाईंलाई माओवादीको आरोपमा ०५९ मंसिर १८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सोही दिन सोही गाविस-४ का ३५ वर्षीय लालु दमाईलाई सुरक्षाकर्मीले दाहाँ गाविसको रातादाव भन्ने ठाउँमा गोली हानी हत्या गरे।

माओवादीबाट

सुकाटिया गाविस-१ का ३२ वर्षीय शिक्षक राजबहादुर शाहीलाई ०५८ चैत २३ गते सुराकीको आरोपमा माओवादीले सोही गाविस-६ अन्तर्गत पर्ने जंगलमा लगी विभिन्न प्रकारको यातना दिई गोली हानी हत्या गरे। पीडित महादेव उच्च माविका शिक्षक थिए।

मान्म गाविस-५ का ४५ वर्षीय पदमबहादुर शाहीलाई ०५९ असार १२ गते सुराकीको आरोपमा माओवादीले गेला गाविसको एउटा जंगलमा खुकुरी प्रहार गरी हातखुट्टा काटेर हत्या गरे। पीडित नेकांबाट वडा सदस्यमा विजयी भएका थिए।

सिपखाना गाविस-४ का ४५ वर्षीय शिक्षक नवराज

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या					५	६		६	३३	६४	४	६८
घाईते	१	१		१	३	६	३	९				
गिरफ्तारी/यातना									१		१	१
बेपत्ता									१	१		१
कुटपिट					१४	१५	१	१६	१	३		३
धम्की					१	१		१				
महिला अधिकार	३		३	३								
आर्थिक/सामाजिक अधिकार					३	३		३				
अपहरण					७	८		८				
जम्मा	४	१	३	४	३३	३९	४	४३	३५	६७	५	७३

कोटवाडामा सुरक्षाकर्मीद्वारा हत्या गरिएका मजदुर
भिमबहादुर थापा र मञ्जु कुमार श्रेष्ठ

शर्मालाई ०५९ जेठ २९ गते आफू विरूद्धको लेख प्रकाशित गरेको र सुराकीको आरोपमा माओवादीले अपहरण गरी हत्या गरे। पीडितको लास सिपखाना खोलामा फेला परेको थियो। पीडितले कालिकोटबाट कदम साप्ताहिक प्रकाशित गर्दै आएका थिए।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

मान्म गाविस-९ मा पर्ने गल्ली भन्ने ठाउँमा ०५९ कार्तिक ५ गते माओवादी कार्यकर्ताको हत्या गरेको आरोपमा माओवादीले बिहान ६ बजे एम्बुस विस्फोट गरी दुई जना शाही सेनाका जवान र एक जना गाइड गरी तीन जना घाइते भए। पीडितलाई सैनिक अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरू

"ङ" श्रेणीको कालिकोट जेलको बन्दी क्षमता २५ जना रहेको छ। ०४१ सालमा बनेको पुरानो ढाँचाको भएकोले बन्दी र सुरक्षा गार्ड प्रहरी राख्ने छुट्टै कोठा र ब्यारेक नभएकाले बन्दी र सुरक्षाकर्मी दिनभरि सँगसँगै रहनु पर्ने अवस्था भएकोले जीर्ण रहेको छ। बन्दीहरू बस्न नमिल्ने भएबाट ०५८ मंसिरदेखि ०५९ भदौसम्म बन्दीहरूलाई जिल्ला प्रहरी कार्यालयको नयाँ भवनमा राख्ने गरिएको छ।

कारागारमा रहेका कर्तव्यज्यानमा रहेका पुरुष बन्दी ९, विस्फोटक पदार्थ सम्बन्धी मुद्दाका १ जना समेत १० जना बन्दीलाई केन्द्रीय कारागार शाखा बाँकेमा स्थानान्तरण गरिएकोले हाल यस कारागारमा बन्दी छैनन्। कारागारका कागजात सहित जिल्ला प्रशासनमा राखी सम्पूर्ण कर्मचारीहरू जिल्ला प्रशासन कार्यालयमा कार्यरत छन्।

बेपत्ता /अपहरण

माओवादीबाट

सुकाटिया गाविस-१ का ३२ वर्षीय राजबहादुर शाहीलाई ०५८ चैत १९ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई मुक्त गरिएको छैन।

मान्म गाविस-५ का २६ वर्षीय लोगबहादुर शाहीलाई ०५९ असार ३ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई असार १० गते मुक्त गरे।

मान्म गाविस-५ का ४५ वर्षीय पदमबहादुर शाहीलाई ०५९ असार ८ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई हाल हत्या गरिसकेको छ।

दाहाँ गाविस-१ का १६ वर्षीय लालसिंह हमाललाई ०५९ साउन ५ गते प्रहरी भएको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई हाल मुक्त गरियो।

थिर्पु गाविस-५ का ४७ वर्षीय मनसिंह रोकायालाई ०५९ मंसिर १५ गते आफ्नो दाजुको हत्या गरेको आरोपमा माओवादीले अपहरण गरी आफ्नो जनअदालतमा बन्दी बनाए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पाँखा गाविसका २६ वर्षीय हर्कबहादुर मल्ल र सांही गाविसका शेरबहादुर मल्ललाई माओवादीको आरोपमा ०५९ मंसिर १८ गते सुरक्षाकर्मीले कुटपिट गरे। पीडितहरूलाई सुरक्षाकर्मीले आफ्नो सामान बोकाएर सदरमुकाम पुऱ्याई छाडिदिए।

माओवादीबाट

जुबिथा गाविस-३ का शिक्षक दयाराम न्यौपानेलाई ०५९ जेठ ९ गते, भर्ता गाविस-२ का ३० वर्षीय मनशोभा शाहीलाई ०५८ माघ २ गते, सुकाटिया गाविस-५ का ३५ वर्षीय ऐनबहादुर शाही र सांही गाविस-७ का ३१ वर्षीय कुन्न रोकायालाई ०५८ चैत २३ गते, दाँहा गाविस-१ का २६ वर्षीय रत्नबहादुर शाहीलाई ०५९ असार १८ गते, थिर्पु गाविस-४ का ३३ वर्षीय कर्मसिंह बमलाई ०५९ भदौ २८ गते, लालु गाविस-४ का ५० वर्षीय मानबहादुर शाहलाई ०५९ असोज २० गते, थिर्पु गाविस-३ का ६० वर्षीय टलसुर बमलाई ०५९ कार्तिक ३० गते, थिर्पु गाविस-३ का ३८ वर्षीय टन्नबहादुर विष्टलाई ०५९ पुस १० गते, थिर्पु गाविस-३ का ४५ वर्षीय अजवीर बमलाई ०५९ पुस १५ गते विभिन्न किसिमका आरोपमा माओवादीले कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की समेत दिए।

सुकाटिया गाविस-१ का ७२ वर्षीय पदमबहादुर शाहीको घरमा ०५८ चैत १९ गते राति माओवादीले सम्पूर्ण

सामान लुट्नका साथै बृद्धलाई मरणासन्न हुने गरी कुटपिट गरे।

सुकाटिया गाविस-५ का ५० वर्षीय बलबहादुर शाही र सांही गाविस-६ का ५६ वर्षीय भक्तबहादुर शाहीलाई ०५८ चैत २१ गते छोरा तरूण दलमा भएको आरोपमा माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

दाँहा गाविस-१ का २६ वर्षीय नवराज शाहीलाई ०५९ असार २८ गते आफ्नो पार्टीको सिफारिस नलिएको भन्ने आरोपमा माओवादीले कुटपिट गरे। पीडितलाई जुम्लासम्म ५० किलो चामल बोक्ने सजाय तोकेका थिए।

मेहलमुडी गाविस-३ का अनेरास्ववियुका भूपू अध्यक्ष २२ वर्षीय विश्वराज बमलाई सुराकीको आरोपमा ०५९ असोज १८ गते दाहाँ गाविसको साउद भन्ने लेकमा खसी लिई मान्म आइरहेको अवस्थामा माओवादीले अपहरण गरी कुटपिट गरे। पीडित सुकाटिया गाविसबाट भागे। पीडितले ल्याएका खसी सबै माओवादीले लुटेर लगे।

थिर्पु गाविस-९ का ४० वर्षीय कमलराज बमको घरमा ०५९ कार्तिक २५ गते माओवादीको विरूद्धमा गएको भन्ने आरोपमा माओवादीले घरमा रहेको सम्पूर्ण नगद जिन्सी समेत लुटे। पीडित नेपालगञ्जमा विस्थापित भएर बसेका छन्।

पाँखा गाविस-१ का ४० वर्षीय पदमबहादुर मल्लको घर ०५९ मंसिर १८ गते सुराकीको आरोपमा माओवादीले घरमा रहेको सम्पूर्ण नगद, जिन्सी लुटे। पीडित विस्थापित भई सदरमुकाम आएर बसेका छन्।

पाँखा गाविस-४ का ४३ वर्षीय मानबहादुर मल्लको घर ०५९ मंसिर २१ गते माओवादीको सुराकीको आरोपमा माओवादीले घरमा भएको सम्पूर्ण नगद, जिन्सी सबै लुटेर लगे। पीडित गाउँबाट विस्थापित भएर सदरमुकाम आई बसेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दर्ता भएका ५६ मुद्दाहरू मध्ये फस्यौंट भएका दुनियावादी देवानी ३१, दुनियावादी फौज्दारी १६ र सरकारवादी ४ वटा छन्। यसमा दुनियावादी देवानीमा परेका मुद्दा ५, दुनियावादी फौज्दारीमा परेका ८ र सरकारवादी ९ गरी जम्मा २२ वटा मुद्दा परेका थिए।

त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध सम्बन्धी हातहतियार खरखजना २ र विस्फोटक पदार्थ सम्बन्धी १ मुद्दा दर्ता भए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

मान्म गाविस-१ का २० वर्षीय निर्मल वोगटीलाई ०५९ मंसिर २० गते प्रहरीले माओवादको आरोपमा मान्म बजारबाट गिरफ्तार गरे। पीडितलाई हालसम्म रिहा गरिएको छैन।

माओवादीद्वारा कुटपिट गरिएका कर्मसिं बम र मानबहादुर मल्ल

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

थिर्पु गाविस-३ की ३५ वर्षीय डल्ली बमको ०५९ जेठ २० गते आफ्नै कालगतिले मृत्यु भएकाले दाहसंस्कार गर्ने तयारीमा लाग्दा माओवादीले कपाल मुण्डन समेत गर्न नदिएका र गाउँमा जति मानिसको मृत्यु भए पनि काजक्रिया गर्न दिएका छैनन्।

माओवादीको दवाबका कारण यस जिल्लाका १ सय ८० जना विस्थापित भएका छन्, जसमध्ये गत वर्ष लागू गरिएको संकटकालभन्दा अघि ८५ जना थिए भने संकटकालपछि अन्य ९५ जना छन्।

विविध

संरचना क्षति

माओवादीले यस वर्ष ३ वटा पुल भत्काए। ८ वटा गाविस भवन तथा सामाग्रीहरू ध्वस्त पारे भने एउटा टेलिफोन क्षतिग्रस्त बनाए। त्यसैगरी प्रहरी चौकी र स्ट्राइकिङ फोर्सको वेस गरी सुरक्षा निकायका ५ वटा भौतिक संरचनामा क्षति पुऱ्याए। यस जिल्लामा ७ वटा इलाका र २२ वटा अतिरिक्त हुलाक रहेकोमा सबै बन्द भए, माओवादीले सम्पूर्ण सामान लुटेर लगे।

आगलागी

लालु गाविस-२ का माओवादीद्वारा घोषित गाजस प्रमुख, लोकेन्द्रबहादुर विष्ट, सांही गाविस-१ का उराठ लोहार र सांही गाविस-८ का पंखे बोहोरालाई माओवादीको आरोप लगाई ०५८ फागुन १३ गते सुरक्षाकर्मीले घरमा आगो लगाइदिए।

मान्म गाविस-६ का ४८ वर्षीय श्रीलाल आचार्यलाई माओवादीको आरोपमा ०५९ कार्तिक ६ गते दिउँसो गस्तीमा गएका सुरक्षाकर्मीले घरमा आगो लगाई ध्वस्त बनाइदिए।

दाहाँ गाविस-३ का कालीबहादुर शाही र मानबहादुर शाहीलाई माओवादीको आरोपमा ०५९ मंसिर १९ गते दिउँसो गस्ती गएका सुरक्षाकर्मीले घरमा आगो लगाइदिए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

पाँखा गाविस-४ का ८ वर्षीय भैरवबहादुर मल्ल, सोही गाविस-४ का ९ वर्षीय खेमराज मल्लको ०५८ पुस १८ गते सदरमुकाम नजिकै धारामा माओवादीले छोडेको बम विस्फोट हुँदा मृत्यु भयो। सोही घटनामा स्युना गाविस-४ का ७ वर्षीय सुजी शाही, मान्म गाविस-५ का ८ वर्षीय नमिता भण्डारी, लाटीकोइली गाविस-८ सुर्खेतका ७ वर्षीय सन्तोष रोकाया, पाँखा गाविस४ की ५ वर्षीय सन्जु मल्ल र मान्म गाविस-५ का ७ वर्षीय नमिता दमाई घायते भए। घाइतेहरूको सुर्खेत अस्पतालमा उपचार गरियो।

थिर्पु गाविस-३ मा ०५८ फागुन २७ गते आएको बाढीले खेतमा लगाइएको गहुँ समेत बगायो। बाढीबाट प्रभावित हुने परिवारमा सोही ठाउँका पूर्णबहादुर बम, रणबहादुर बम र चक्रबहादुर बम रहेका छन्।

४.१४ मुगु

जनसंख्या : ४३९३७
साक्षरता प्रतिशत : २७.७९
महिला साक्षरता प्रतिशत : ९.१९
क्षेत्रफल (वर्ग कि. मि.) : ३५३५
गाविस / नपा संख्या : २४/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १२४
क्याम्पस / उच्च मावि : ०/२
अस्पताल / स्वास्थ्य चौकी : १/२५
टेलिफोन लाइन : ३
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : २
मानव विकास सूचकांक : ०.१४७
प्रति एक डाक्टर जनसंख्या : ३१४६५
प्रति परिवार सरदर संख्या : ५.३२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

रोवा गाविस-५ लुम्सका माओवादी महिला कार्यकर्ता पैरखी र प्रतिभा नाम गरेकालाई ०५८ चैत १६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रूगा गाविस निर्प गाउँ नल कर्णाली नदीको किनारको बाटोमा हिँडिरहेका ७ जना माओवादी कार्यकर्तालाई ०५९ जेठ ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सेरी गाविस-९ बामपानीका नगेन्द्र नाम गरेका माओवादी छापामारलाई ०५९ जेठ २१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जिभा गाविस सिपगाउँका ३० वर्षीय लालबीर कामीलाई माओवादीको आशंकामा ०५९ साउन २ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

काले गाविस गिलाहा गाउँमा माइकल जक्सन लगायत ५ जना माओवादी कार्यकर्तालाई ०५९ साउन ६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

धनेकोट गाविसमा माओवादी कार्यकर्ता चट्टान लगायत तीन जनालाई ०५९ साउन २४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुकाढीक गाविस-९ झ्लुङ्गे पुलमा माओवादी कार्यकर्ता विद्रोही, शीतल, सरोज लगायत ५ जनालाई ०५९ साउन २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

श्रीकोट गाविस-१ बगनका ३० वर्षीय रड्के बानियालाई ०५९ मंसिर २ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सेरी गाविस-८ का २७ वर्षीय कैले मल्ललाई ०५९ मंसिर २ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गोली हानी हत्या गरे।

माओवादीबाट

जिल्ला विकास समितिका पूर्व सभापति तथा नेकांका कार्यकर्ता ४३ वर्षीय बखतबहादुर शाहीलाई ०५८ माघ ३ गते राति ७:३० बजे माओवादीले गोली हानी हत्या गरे।

कोटडाँडा गाविस-१ टिख्याका ३५ वर्षीय रत्नबहादुर शाहीलाई ०५८ फागुन १८ गते सुराकीको आरोपमा माओवादी यातनाका कारण मृत्यु भयो। पीडित नेकांका समर्थक थिए।

रारा गाविस-९ मुर्मगाउँका २२ वर्षीय राजबहादुर रोकायालाई ०५९ पुस २९ गते राति माओवादीले घरबाट अपहरण गरी पुस २९ गते मिकोट गाविस रोलमा पुऱ्याई हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

सेरी गाविस-१ सेरी गाउँबाट विद्यालय पढाउन जान लागेकी शिक्षिका २३ वर्षीय नन्दादेवी मल्ललाई ०५९ जेठ २१ गते सुरक्षाकर्मीले गोली हानी घाइते पारे। पीडितको नेपालगञ्ज अस्पतालमा उपचार गरियो।

रोवा गाविस स्थित लुम्स नजिक ०५८ माघ १ गते राति माओवादीले थापेको एम्बुसमा परी एक जना सुरक्षाकर्मी घाइते भए।

माओवादीबाट

रोवा गाविस लुम्स जाने बाटोमा माओवादी कार्यकर्ताले थापेको एम्बुसमा परी ०५८ फागुन २ गते एक जना सुरक्षाकर्मी घाइते भए।

रोवा गाविस लुम्स निकट माओवादी कार्यकर्ता गोकर्ण नाम गरेका कार्यकर्ताको ०५८ फागुन ४ गते आफ्नै बम विस्फोट हुँदा अङ्गभङ्ग भई घाइते भए।

जेल र बन्दीहरू

यस जिल्लामा ०५८ चैत २३ गते माओवादीले बम विस्फोट गराई जेलमा क्षति पुऱ्याए। जेलमा बन्दी छैनन्।

बेपत्ता /अपहरण

माओवादीबाट

कोटडाँडा गाविस रातापानी स्थानमा सडक निर्माणमा सर्भे गर्न आएका इन्जिनियर विश्व किरण गौचन, इन्जिनियर अशोक पराजुली, सबओभरसियर धनबहादुर थापा, कोटवाडा गाविस सचिव कर्णबहादुर कार्की लगायत एक जना भरियालाई ०५९ मंसिर २८ गते माओवादीले अपहरण गरी अज्ञात स्थानमा लगे। पीडित कर्णबहादुर कार्की बाहेक अन्यलाई एक महिना पछि गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

गम्था गाविस-५ का जनप्रतिनिधि भूपू कार्यवाहक अध्यक्ष जपबहादुर रावत र सांही गाविस- ६ का २५ वर्षीय हरिकृष्ण उपाध्याय, २३ वर्षीय कालिप्रसाद सन्न्यासलाई ०५९ साउन २३ गते सुरक्षाकर्मीले कुटपिट र गाली गरी घण्टा आफूसँग हिडाई अपरान्ह रिहा गरे।

मिकोट गाविस-१ बगनका २५ वर्षीय अनिरूद्ध बानियालाई ०५९ मंसिर ८ गते सुरक्षाकर्मीले अनाहकमा कुटपिट गरी रिहा गरे।

माओवादीबाट

गम्था गाविस-५ रावतडाँडाका ७० वर्षीय सर्वजीत रावललाई ०५९ वैशाख १५ गते माओवादीले महिलासँग यौन सम्पर्क राखेको आरोपमा कुटपिट गरे दिए।

सुकाढीक गाविस डाँडाकोट प्रावि का शिक्षक उत्तमबहादुर कार्कीलाई ०५९ वैशाख १५ गते माओवादीले सुराकीको आरोपमा कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी सरकारवादी मुद्दा नभएको, देवानी दुनियावादी २२ मध्ये ७ वटा फर्स्यौट भई बाँकी १५ रहेको छ। फौज्दारी सरकारवादी मुद्दा ३ मध्ये ३ वटा फर्स्यौट भए। फौज्दारी दुनियावादी २३ रहेकोमा १६ वटा फर्स्यौट भई ७ मुद्दा बाँकी रहे। यसरी यस वर्ष जिल्ला अदालतको मुद्दाको लगत संख्या ४८ मध्ये २६ वटा फर्स्यौट भएकोमा बाँकी २२ रहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिल्ला प्रशासन कार्यालयका अनुसार १६ जना परिवार जिल्लाबाट विस्थापित भएका छन् भने ४ जना थप परिवारको जानकारी जिल्लामा नभएकोले जम्मा विस्थापित परिवारको संख्या २० रहेको छ।

विविध

संरचना क्षति

यस वर्ष कार्कीवाडा गाविस ०५९ जेठ २ गते, माग्री गाविस ०५८ चैत २१ गते, रेवा गाविस ०५९ वैशाख १६ गते,

घटनाको प्रकार	माओवादीबाट पीडित			राज्यबाट पीडित			
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	४	४	१०	३३	६	३८
घाइते	४	४	४	३	४	१	५
कुटपिट	१	१	१				
आर्थिक/सामाजिक अधिकार	१	१	१				
अपहरण	२	८	८				
जम्मा	१२	१८	१८	१३	३६	७	३३

रूगा गाविस ०५९ वैशाख २६ गते, श्रीकोट गाविस ०५९ वैशाख १७ गते, गम्था गाविस, खमाले गाविस, सुकाढीक गाविस, सेरी गाविस, कोटडाँडा गाविस, फोतु गाविस ०५९ वैशाख १२ गते, नाथर्पु गाविस, भिर्ई गाविस, जिमा गाविस, धैन गाविस, काले गाविस र रारा गाविसका विभिन्न सामाग्रीहरू माओवादीले नष्ट पारे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष भित्र विभिन्न मितिमा गाविस कार्यालयको सामान आगो लगाई नष्ट गरेको, कार्कीवाडा गाविस भवनमा आगो लगाई सम्पूर्ण सामान नष्ट भए। श्रीकोट गाविसको सामनहरू नष्ट गर्नुका साथै १ लाख १३ हजार ७ सय ३० रूपैयाँ लुटे। यस जिल्लामा भट्टचौर झोलुङ्गे पुल ०५९ वैशाख ८ गते, सुनाथ झोलुङ्गे पुल ०५९ वैशाख ८ गते, सुम्ली झोलुङ्गे पुल ०५९ साउन २० गते, माटिभिट्ट काठे पुल ०५९ जेठ ८ गते माओवादीले ध्वस्त पारे।

मिकोट गाविस- ५ का ३५ वर्षीय धनराज शाहीको घरबाट ०५९ वैशाख १७ गते माओवादीले विभिन्न जिन्सी सामान लुटपाट गरी लगे।

गम्था गाविस-८ थारको १२ वर्षीय जम्मेनी विक को ०५९ मंसिर १५ गते भैलो खेल्न कोटडाँडा गाविस लुई गई फर्किएको अवस्थामा भीरबाट लडेर मृत्यु भयो।

४.१५ हुम्ला

जनसंख्या	:	४०५९५
साक्षरता प्रतिशत	:	२६.६२
महिला साक्षरता प्रतिशत	:	११.५२
क्षेत्रफल (वर्ग कि. मि.)	:	५६५५
गाविस / नपा संख्या	:	२७/०
निर्वाचन क्षेत्र	:	१
विद्यालय	:	११२
क्याम्पस / उच्च मावि	:	०/१
अस्पताल / स्वास्थ्य चौकी	:	१/२६
टेलिफोन लाइन	:	२
मोटर सडक (कि. मि.)	:	६५
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	१
मानव विकास सूचकांक	:	०.२४४
प्रति एक डाक्टर जनसंख्या	:	१३५३२
प्रति परिवार सरदर संख्या	:	५.८४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

माओवादी कार्यकर्ता बादल भनिने हाँसबहादुर शाही र नविना भनिने समकुमारी रोकायालाई ०५९ असार ९ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी नदीको किनारमा गोली हानी हत्या गरे। एक जनाको नदी तर्ने क्रममा घाटबाट हाम फाल्दा मृत्यु भयो।

माओवादी कार्यकर्ता सुरेन्द्र भनिने जयबहादुर बुमी र अर्का नाम थाहा नभएका एक जनालाई ०५९ असार २६ गते डाँडाफमा बाटोमा विदेशी पर्यटकबाट चन्दा उठाउन पार्टीबाट खटिएको अवस्थामा सुरक्षाकर्मीले सदरमुकाम सिमिकोटबाट विदेशीको भेषमा गई गिरफ्तार गरी गोली हानी हत्या गरे।

माओवादीका एरिया कमाण्डर भूकम्प भनिने कालु बोहरा र उनका निजी गार्ड सगरमाथा भनिने मागे रोकायालाई ०५९ असोज ८ गते सुरक्षाकर्मीले ताक्ला गाउँमा गोली हानी हत्या गरे।

अनेमसंघ (क्रान्तिकारी) की सदस्य प्रगति भनिने उपाल लामालाई ०५९ कार्तिक ७ गते सुरक्षाकर्मीको गस्ती टोलीले केर्मी गाउँमा फेला पारी भाग्न खोज्दा गोली हानी हत्या गरे। उक्त घटनामा अरू माओवादी भाग्न सफल भए भने एक जनालाई गिरफ्तार गरी सोधपुछमा राखिएकोमा सोही दिन राति भागे।

माओवादीबाट

नेकां जिल्ला कार्य समिति सदस्य एवं महासमिति सदस्य ४९ वर्षीय कालिबहादुर भण्डारीलाई तोके बमोजिमको चन्दा समयमा नदिई आलटाल तथा सुराकी गरेको आरोपमा ०५९ वैशाख १३ गते माओवादीले घरबाट बोलाई गाउँ नजिकै गोठभित्र पस्ने बित्तिकै गोली हानी हत्या गरे।

सिमिकोट गाविस-८ का होटल व्यवसायी एवं भूपू असई पामा मुटुप लामालाई ०५९ वैशाख १४ गते प्रहरीमा रहँदा माओवादी विरूद्ध कार्य गरेको र गाउँ गाउँमा व्यापारीको भेषमा सुराकीको आरोपमा माओवादीले ठेह गाविसको ग्यागरू भन्ने ठाउँमा हत्या गरे। पीडितका आफन्तले पछिल्लो दिन दाहसंस्कार गरे।

श्रीनगर गाविस-१ का ५१ वर्षीय मनसुर भण्डारीलाई ०५९ जेठ ३ गते सूर्योदय माविको छात्रावास भवनको निर्माणमा भ्रष्टाचार गरेको आरोपमा माओवादीले सोधपुछ गर्ने क्रममा यातना दिंदा माओवादीले हत्या गरे।

पर्वन जिल्ला घर भई सिद्धार्थ नि. मावि बुगउसेका

शिक्षक ३८ वर्षीय भोजराज भूसाललाई ०५९ भदौ ३० गते दिउँसो विद्यालय परिसरबाटै माओवादीले बोलाई अपहरण गरे। पीडितलाई केही दिनपछि हत्या गरिएको माओवादीले पर्चा पम्प्लेटबाट सार्वजनिक जानकारी गराएका थिए।

पर्वत जिल्लाका सिद्धार्थ नि. मावि बुराउसेका शिक्षक ३८ वर्षीय भोजराज भूषाललाई ०५९ भदौ ३१ गते विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीले अपहरण गरी असोज १५ गते मारिएको कुरा पीडक पक्षद्वारा सार्वजकि गरियो। पीडित शिक्षक संघसँग आबद्ध थिए।

रायां गाविस घर भई हुम्ला नि. मावि रायामा कार्यरत शिक्षिका ३६ वर्षीय जुना कुमारी बुढालाई ०५९ असोज १२ गते सुराकीको आरोपमा माओवादीले कर्णाली नदीको किनारमा निर्मम तरिकाले आँखामा पट्टि बाँधी ज्यूँदै खसाली हत्या गरे। पीडित सदरमुकाम वारम्वार गइरहने भनी सुराकीको आरोप लगाएका थिए।

जैर गाविस-५ का २५ वर्षीय कर्ण रावतलाई ०५९ पुस ३ गते दिउँसो वनमा दाउरा लिन गएको अवस्थामा सदरमुकाम भन्दा एक घण्टा पैदल टाढा स्याब्ने भन्ने ठाउँमा माओवादीले पत्नीले अनुहारमा काटी नून खुर्सानी छर्की हत्या गरेका थिए। पीडित रावत माओवादीको एरिया कमाण्डर भई भदौ महिनाको ५ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरी सिमिकोट टावरको हाकिमको भात पकाई साधारण जीवन यापन गर्दै आएका थिए। उक्त घटनाको भोलिपल्ट पुस ४ गते सदरमुकामबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले खोजतलास गर्दा खार्पूनाथ स्याब्ने घटना स्थलमा पुगी रातिको समयमा खार्पूनाथ गाविस खार्पेल गाउँमा माओवादीका जिल्ला कमिटी सदस्य डिसीएम हिमाल भनिने धनबहादुर लामा उनका सुरक्षा वडी गार्डलाई गिरफ्तार गरी गाउँ नजिकै वर सदरमुकाम आउने बाटो चोरखारा भन्ने ठाउँमा गोली हानी हत्या गरे।

अन्य

मैला गाविस-४ का ४१ वर्षीय रणवीर थापालाई ०५९ साउन ३१ गते घरबाट शिकार खेल्न जंगलमा गएको अवस्थामा अज्ञात व्यक्तिले घाँटी रेटी हत्या गरे। पीडितलाई माओवादीले दुई पटक अपहरण गरी लगेका थिए।

दोहोरो भिडन्त

सदरमुकामबाट गस्ती गर्न गएको प्रहरी र माओवादीबीच ०५८ चैत २१ गते दोहोरो भिडन्त हुँदा छिप्रा गाविसको नल्ला नदी वरिपरि साँझी समयमा कर्णाली नदीमा माछा मार्न गएका गाविस उपाध्यक्ष ३८ वर्षीय गोर्खबहादुर शाहीको घाँटीमा राइफलको छर्रा लागी घाइते भए। उक्त घटनामा प्रहरी र माओवादी कुनै हताहत भएनन्। पीडितको उपचार जिल्ला अस्पतालमा गरियो।

माओवादी र सुरक्षाकर्मीबीच ०५९ जेठ ९ गते दोहोरो भिडन्त हुँदा डाँडाफया गाविस-२ की ३१ वर्षीय रूमला शाहीको झ्यालबाट बाहिर हेर्दा दाहिने हातमा गोली लागी घाइते भइन्। उक्त घटनामा २ प्रहरी र २ माओवादी घाइते भए। प्रहरीलाई तत्काल हेलिकप्टर गई उपचारको लागि नेपालगञ्ज लगियो भने पीडित शाहीलाई पनि उपचारको लागि नेपालगञ्ज लगियो।

जेल र बन्दीहरू

"घ" श्रेणीको हुम्ला जेलको बन्दी क्षमता ३६ जनाको छ। यस वर्ष कैद नतोकिएका आतंककारी तथा विध्वंस सजाय ऐन अन्तर्गत ६ जना बन्दी छन्। जेल जीर्ण छ।

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या						८	७	१		८	६	८	२		१०
घाइते						१	२	१		३	२	१		२	३
वम विस्फोटन						१			१	१	१			२५	२५
गिरफ्तारी/यातना											२२	३७			३७
कुटपिट	१			१	१	१८	२०	३		२२	२	१		२०	२१
धम्की						१०	९	२		११	१	१			१
जातीय विभेद	३	२	१		३										
महिला अधिकार	४		४		४										
बालअधिकार	२	१	२		३										
आर्थिक/सामाजिक अधिकार	१	१			१	४	४			४					
अमानवीय व्यवहार	१	१			१										
अपहरण						२९	३९	१	२	४२					
जम्मा	१२	५	७	१	१३	७१	८१	८	३	९२	३४	४८	२	४७	९७

बेपत्ता /अपहरण

माओवादीबाट

कालिका गाविसका अध्यक्ष ४[illegible] वर्षीय विष्णु बुढालाई ०५८ माघ २२ गते माओवादीले अपहरण गरे। पीडितलाई श्रीनगर गाविससम्म पुऱ्याइ तीन दिनपछि मुक्त गरे।

श्रीमष्टा गाविस पिनाङका प्रहरी जवान सूर्यबहादुर शाही, उनकी पत्नी र छोरालाई ०५८ फागुन २ गते माओवादीले श्रीनगर गाविसबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

स्वार्पूनाथ गाविस घर भई जिल्ला पशु सेवा कार्यालयका पियन ३८ वर्षीय दलबहादुर शाहीलाई ०५८ फागुन १० गते माओवादीले घरमा गएको बेला अपहरण गरे। पीडितलाई कुटपिट गरी २५ दिनपछि मुक्त गरियो।

सर्किटेउ गाविस-५ का २७ वर्षीय भीमबहादुर फडेरा, सोही गाविस-६ का ३० वर्षीय दलवीर कार्कीलाई सुराकीको आरोपमा ०५८ फागुन १५ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई १३ दिनपछि मुक्त गरियो।

दार्मा गाविस-४ का २२ वर्षीय प्यारीलाल शाहीलाई तरुण दलको सचिव भई सुराकीको आरोपमा ०५८ फागुन ३० गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई दुई महिनासम्म आफूसँगै राखी हाल घरबाट बाहिर अन्त कतै नजाने चेतावनी दिइ मुक्त गरियो।

मदना गाविस-६ का ४५ वर्षीय हर्कबहादुर बुढालाई ०५९ वैशाख ४ गते जाली निवेदन दिइ भत्ता खान खोजेको आरोप लगाई माओवादीले अपहरण गरे। पीडितलाई दुई हप्तापछि मुक्त गरे।

नेकपा एमाले जिल्ला कमिटी सदस्य एवं जिल्ला विकास समिति सदस्य ४५ वर्षीय बलबहादुर हमाललाई ०५९ वैशाख १९ गते राति माओवादीले अपहरण गरे। पीडितलाई दुई दिनपछि श्रीनगर गाविसबाट एक समारोहमा भाषण गराई आइन्दा राजनीति नगर्न चेतावनी दिइ मुक्त गरे।

उपस्वास्थ्यचौकी श्रीनगरका इन्चार्ज २६ वर्षीय अमृत महतरा, श्रीनगर गाविस-१ का ६८ वर्षीय अकबर भण्डारीलाई ०५९ जेठ ४ गते घरबाट बोलाई माओवादीले अपहरण गरे। पीडितहरूलाई चार दिनपछि मुक्त गरे।

श्रीनगर गाविस-४ का [illegible] वर्षीय अक फडेरालाई ०५९ जेठ ५ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई ३६ हजार नगद लिइ मुक्त गरे।

डाडाफया गाविस-७ का [illegible] वर्षीय डम्बरबहादुर शाही र उनका दुइ छोरालाई ०५९ जेठ [illegible] गते घरबाट बोलाई माओवादीले अपहरण गरे। पीडितहरूमध्ये दुइ जनालाई असार ५ गते मुक्त गरे भने अन्य एक जनालाई हालसम्म मुक्त गरिएको छैन।

कालिका गाविस-[illegible] का [illegible] वर्षीय मक्कबिर छत्याल, सोही गाउँका [illegible] वर्षीय मेघनाथ [illegible] ०५९ जेठ [illegible] गते माओवादीले अपहरण गरे। पीडितहरूलाई कुटपिट गरी केही रकम लिइ भोलिपल्ट एक दिनपछि मुक्त गरे।

मदना, कालिका, मैला श्रीनगर, जैर गाविसका हरेक गाउँका दुई दुई जनालाई ०५९ जेठ २८ गते घरबाट बोलाई ६ दिनसम्म माओवादीले कार्यक्रमका लागि घुमफिर गराए। पीडितहरूलाई मिलिसिया तालिममा सहभागी गराएको थाहा भएको छ।

जिविस सदस्य मानबहादुर शाहीलाई ०५९ असार ६ गते घरमा गएको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई सदरमुकाम नजाने नजरबन्द राखिन मुक्त गरे। पीडित हाल सदरमुकाम आउन पाएका छैनन्।

श्रीनगर गाविसका अध्यक्ष ४३ वर्षीय दीपबहादुर महतरालाई ०५९ असार १० गते माओवादीले बोलाई घरबाट अपहरण गरे। पीडितलाई सदरमुकाम नजान भनी मुक्त गरे।

मेल्छाम गाविस अध्यक्ष सूर्य बुढालाई ०५९ असार १२ गते माओवादीले अपहरण गरे। पीडितलाई सदरमुकाम नजाने शर्तमा मुक्त गरे।

राया गाविस-४ का ३६ वर्षीय कर्ण बुढा, सोही गाउँका ३९ वर्षीय दन्न रावललाइ ०५९ असार २६ गते सदरमुकामबाट घर जाँदा किन सदरमुकाम बसेको भनी माओवादीले अपहरण गरे। पीडितहरूलाई एक दिनपछि सोधपुछ गरी मुक्त गरे।

मेल्छाम गाविस मास्मीधाराका ३७ वर्षीय किर्तिबहादुर शाहीलाई ०५९ असार २७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। हाल मुक्त गरिसकेको छ।

गोठी गाविस-५ का ४५ वर्षीय नरेन्द्रबहादुर शाहीलाई ०५९ साउन १५ गते गाविस अध्यक्ष हुँदा भ्रष्टाचार गरेको आरोपमा माओवादीले अपहरण गरे। पीडितलाई १५ दिनपछि माओवादीको कब्जामा भाग्न सफल भए।

रलिङ्ग प्रस्तावित मावि वरगाउँमा कार्यरत ४१ वर्षीय दयाराम लम्सालललाई ०५९ भदौ ३० गते दिउँसो विद्यालयबाट माओवादीले अपहरण गरे। पीडितलाई स्थानीय वरगाउँकी महिलाहरूको सक्रियतामा सर्कीदेउ गाविसबाट मुक्त गरे।

श्रीनगर गाविस-१ का ६८ वर्षीय पदम भण्डारीलाई ०५९ असोज ५ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे। पीडित भण्डारीको गत वर्ष घरमा भएको अन्न भाडा वर्तन माओवादीले लुटेर लगेका थिए।

सर्किदेउ गाविस-६ का २६ वर्षीय डिल्ली महतरालाई ०५९ असोज १० गते आफ्नो पार्टीमा लाग्न भनी र आफ्नो पार्टीका डिसीएस अजयको हत्या काण्डमा सुराकीको आरोपमा घरबाट माओवादीले अपहरण गरे हालसम्म बेपत्ता पारेका छन्। पीडित बुटवल आई एस सी मा अध्यापन गर्दै थिए र दशैं बिदामा घर आएका थिए।

कालिका गाविस-३ की २१ वर्षीय सौमती ऐडी र सोही गाउँकी १८ वर्षीय प्याउका रावललाइ ०५९ असोज २५ गते आफूहरूलाई नसोधी सदरमुकाममा पतिसँग भेट गर्न गएकोले माओवादीले अपहरण गरे। पीडितहरूलाई मदना गाविसमा पुऱ्याई १५ दिनपछि मुक्त गरे।

मैला गाविस-३ का २६ वर्षीय मनरुपी जैसीलाई ०५९

कार्तिक २७ गते घरबाट भागी सदरमुकाम आउकोले दशैंमा घर गएको बेलामा घरबाट माओवादीले अपहरण गरे। पीडितसँग चन्दा लिई दुईदिनपछि मुक्त गरे।

मदना गाविस-३ का ४० वर्षीय सुरेन्द्रबहादुर कार्कीलाई ०५९ कार्तिक २८ गते गाविस अध्यक्ष हुँदा भ्रष्टाचार गरेको भनी माओवादीले अपहरण गरे। पीडितलाई सोही गाविस-५ बाट मुक्त गरे।

हिमचुली प्रावि कर्गैइका प्रधानाध्यापक एवं कालिका गाविस-४ का ४८ वर्षीय प्रधानाध्यापक महावीर छत्याललाई ०५९ कार्तिक ३० गते चुनाव हुँदा घूस खाएको गाउँको सामुदायिक वनको रकम हिनामिना गरेको भनी माओवादीले अपहरण गरे। पीडितलाई एक हप्तापछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बरगाउँ गाविस-४ का २८ वर्षीय उगने लामालाई ०५९ असार १० गते दिउँसो गाउँमा बसिरहेको अवस्थामा गस्ती प्रहरी टोलीले धम्की दिनु का साथै कुटपिट गरे।

माओवादीबाट

कालिका गाविस-७ का ५३ वर्षीय धनपति जैसीलाई ०५८ माघ ७ गते आफ्नो पार्टीको विरोध गरेकोमा माओवादीले मोसो दली पूरै गाउँ घुमाए।

श्रीनगर गाविस-४ फडेरागाउँका ७० वर्षीय नरिवान फडेरालाई ०५८ माघ १९ गते माओवादी विरुद्ध बोलेको आरोपमा माओवादीले घरबाट बोलाई मोसो लगाई दमाहा बोकाई गाउँ भरि घुमाए।

जैर गाविस-४ का ५० वर्षीय सिंग दमाई र ३८ वर्षीय उनकी पत्नीलाई ०५८ फागुन १३ गते चोरी गरेको भनी माओवादीले कुटपिट गरे।

कालिका गाविस-३ का ४६ वर्षीय पूर्व प्रधानपञ्च बलबहादुर सिंहलाई ०५८ जेठ ५ गते चन्दा दिनु भनी एक पत्र पठाई चन्दा नदिए पछि ज्यानमार्ने धम्की दिए। पीडितले पछि आफूले ५ हजार चन्दा दिएको बताए।

मैला गाविस-४ का ३६ वर्षीय लालभक्र मल्ल, सोही गाउँका ३६ वर्षीय धनरूप थापा, डाँडाफया गाविसका ३८ वर्षीय गोर्ख शाहीलाई ०५८ चैत २५ गते जुवा तास खेलिरहेको अवस्थामा माओवादीले फेला पारी प्रति व्यक्ति ४ हजार चन्दा लिए।

राया गाविसका अध्यक्ष ६९ वर्षीय जगवीर रावललाई ०५९ वैशाख २० गते उनकै घरमा माओवादीले गाविसको कागजात लिई मोसो दली गाउँ घुमाए।

माओवादीद्वारा हत्या गरिएका कालिबहादुर भण्डारी मन्सुर भण्डारी र पासाङदुप लामा

मैला गाविसका अध्यक्ष ४९ वर्षीय विर्खबहादुर शाहीलाई ०५९ साउन २१ गते माओवादीले सदरमुकाम नजान र गएमा ज्यानमार्ने धम्की दिए।

पर्वत जिल्ला घर भई मोतिराम प्रावि का शिक्षक ३६ वर्षीय रामप्रसाद भूसाल र सोही विद्यालयकी २५ वर्षीय तारा भूसाललाई ०५९ असोज १३ गते दाइको रिहाइको लागि ठाउँ ठाउँमा प्रेस विज्ञप्ति निकाली प्रचार प्रसार गरेको आरोपमा माओवादीले लाठीले कुटपिट गरी गाउँबाट जबरजस्ती निकाले। पीडितको दाई भोजराज भूषाललाई माओवादीले अपहरण गरी हत्या गरेका थिए।

यस वर्ष विभिन्न आरोप लगाउँदै माओवादीद्वारा कुटपिट गरिएका घटनाहरू निकै भए। जसमध्ये- सर्कीदिउ गाविस-६ का ४९ वर्षीय हर्षबहादुर महतारलाई ०५८ पुस २२ गते, कालिका गाविस-५ का ५८ वर्षीय मनसिं बुढालाई ०५८ चैत २६ गते, डाडाफया गाविस घर भई जिल्ला खानेपानी कार्यालयमा कार्यरत ३७ वर्षीय सार्कीबहादुर शाहीलाई ०५९ जेठ २३ गते, बरगाउँ गाविस-६ का ४२ वर्षीय छिरिङ्ग लामालाई ०५९ वैशाख ४ गते, मेल्छाम गाविस-४ का ३६ वर्षीय विरमान बुढा, सोही गाविस-५ का प्रमोसिं सिरालाई ०५९ जेठ ५ गते, कालिका गाविस-५ का ६८ वर्षीय धनबहादुर बुढालाई ०५९ असार १९ गते, कालिका गाविस-८ की २५ वर्षीय पञ्चमा जैसीलाई ०५९ साउन २५ गते, शौर्य शक्ति केन्द्रका ४२ वर्षीय नि. कार्यालय प्रमुख रूद्रलाल जैसीलाई ०५९ असोज २७ गते, मैला गाविस-१ का २८ वर्षीय आदित चन्द्र जैसीलाई ०५९ कार्तिक २५ गते, कालिका गाविस-२ का २४ वर्षीय शिक्षक खड्कबहादुर शाहीलाई ०५९ कार्तिक १६ गते माओवादीले विभिन्न किसिमका आरोपहरू लगाई कुटपिट गरे।

अन्य

जैर गाविसको हरेक वर्ष मनाइने दशहरा मेलामा रमाइलो गरी नमनाउन चेतावनी दिएपछि माओवादीलाई ०५९ असार २० गते गाउँले सबै मिली हुलदंगा गरी माओवादीलाई कुटपिट गरी गाउँबाट भगाए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

भूतपूर्व जिल्ला विकास समिति सभापति ४८ वर्षीय विरजंग शाहीलाई ०५८ पुस २५ गते सुरक्षाकर्मीले माओवादीलाई सहयोग गरेको आरोपमा घरबाट गिरफ्तार गरी नजरबन्दमा राखे। पीडित शाहीको घरमा प्रहरीले छापा मारी कहीं माओवादीसँग निकट पत्रपत्रिका चिठी फेला पारी ल्याएको थियो। पीडितलाई ९० दिनपछि रिहा गरियो।

ठेहे गाविस-२ का २९ वर्षीय जोर वाहोरलाई ०५९ जेठ १३ गते हातमा पेपर कटर समातेको देखेका कारण सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई सदरमुकाम ल्याइ पूर्पक्षका लागि थुनामा राखिएकोमा एक हप्तापछि तारेखमा रिहा गरियो।

लाली गाविस-५ का २५ वर्षीय जयबहादुर शाही, सोही ठाउँका २५ वर्षीय मानबहादुर र एक जना नाम थाहा नभएकालाई ०५८ फागुन १६ गते सुरक्षाकर्मीले घर अगाडि झण्डा झुण्ड्याएको आरोपमा गिरफ्तार गरे। पीडितहरु मध्ये मानबहादुर माओवादी परित्याग गरेता पनि हाल कैदमा थुनुवा रहेका छन् भने अन्य दुई जनालाई रिहा गरियो।

दूरसञ्चार कार्यालय हुम्लाका चौकीदार २७ वर्षीय रामबहादुर बोहोरा, खानेपानी कार्यालयका ओभरसियर देवी ऐडीलाई ०५९ वैशाख २५ गते सुरक्षाकर्मीले माओवादीसँग मिली दूरसञ्चार कार्यालयमा बम हानी ध्वस्त पारेको आरोपमा गिरफ्तार गरे। पीडितहरुलाई पुपक्षका लागि ९० दिनसम्म हिरासतमा राखी हाल तारेखमा रिहा गरियो।

मैला गाविस-५ का २८ वर्षीय शिक्षक मानबहादुर शाहीलाई माओवादीको आरोपमा ५९ साउन १९ गते सुरक्षाकर्मीले सदरमुकाम सीमकोट काम विशेषले गएको अवस्थामा बजारबाट गिरफ्तार गरी ब्यारेकमा लगे। पीडितलाई सोधपुछ गर्ने क्रममा शारीरिक यातना दिइ तीन दिनसम्म प्रहरी हिरासताम राखे। पीडितलाई हाल हरेक महिनाको २० गते हाजिर हुन भनी तारेखमा रिहा गरियो।

मैला गाविस-१ का २५ वर्षीय बालकृष्ण जैसी र सोही गाविस-२ का २५ वर्षीय लक्क कार्कीलाई माओवादीको आशंकामा ०५९ साउन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरुलाई थुनामा राखी केही दिनपछि मुद्दा चलाइ धरौटीमा रिहा गरियो।

खार्पुनाथ गाविस-७ का २० वर्षीय मन्दिर ऐडी र सोही ठाउँका १८ वर्षीय चतुर सिंह रोकायालाई ०५९ साउन २३ गते ताक्लाकोट जाँदै गर्दा सुरक्षाफौजले स्याक स्याक भन्ने ठाउँमा माओवादीको आरोपमा गिरफ्तार गरी प्रहरी हिरासतमा राखे। पीडितहरुलाई एक महिनापछि तारेखमा रिहा गरियो।

जैर गाविस घर भइ लोरन्स पनजी गाम्वा हुम्लाका प्रमुख ६३ वर्षीय आकलबहादुर [illegible]लाई ०५९ असोज ७ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई पूर्पक्षका लागि १५ दिन हिरासतमा राखे। पीडित जनमोर्चा नेपालको पूर्व जिल्ला अध्यक्ष हुन्।

थिप्रा गाविस-८ घर भइ सीमिकोटमा होटल गरी बस्ने २७ वर्षीय नैनसिं भण्डारीलाई ०५९ असोज ९ गते सुरक्षाकर्मीले माओवादीलाई सदरमुकामबाट जुत्ता किनि पठाएको आरोपमा होटलबाटै गिरफ्तार गरी प्रहरी हिरासतमा राखे। पीडितलाई एक महिनापछि तारेखमा रिहा गरियो।

ठेहे गाविस-३ का २१ वर्षीय डबल भण्डारीलाई ०५९ असोज २० गते सुरक्षाकर्मीले माओवादीको शंकामा आफ्नै घरबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयमा पूर्पक्षका लागि थुनामा राखे। हाल पीडित नजरबन्दमा छन्।

डाँडाफया गाविस-२ का २९ वर्षीय पूर्णबहादुर शाही, ३९ वर्षीय डामबहादुर शाही र सोही गाविस-४ का भीमलाल सिंहलाई ०५९ असोज २८ गते सुरक्षाकर्मीले सदरमुकाम जिल्ला वन कार्यालयको सामुदायिक वन उपभोक्ता समितिको तालिम लिई घरतर्फ फर्कदै गर्दा सेनाको ब्यारेक अगाडि गिरफ्तार गरे। पीडितहरुलाई एक हप्तासम्म प्रहरी हिरासतमा राखी महिनाको एक पटक जिल्ला प्रहरी कार्यालयमा हाजिर हुने गरी तारिखमा रिहा गरियो।

यस वर्ष यस जिल्लामा सुरक्षाकर्मीले विभिन्न आरोप लगाई डाँडाफया गाविस-४ का २६ वर्षीय जयबहादुर शाहीलाई ०५८ पुस २३ गते, रोडीकोट गाविस-१ का २९ वर्षीय धन्ने ऐडी र सोही गाउँका ४० वर्षीय ज्ञाने रोकायालाई ०५९ जेठ १५ गते, भूतपूर्व सांसद छक्कबहादुर लामालाई ०५९ असार २७ गते, प्रजातान्त्रिक राष्ट्रिय युवा संघका जिल्ला अध्यक्ष २८ वर्षीय हस्तबहादुर शाहीलाई ०५९ असार २९ गते, छिप्रा गाविस-८ का उपाध्यक्ष गोरखबहादुर शाही, सोही गाविसका अहेव ३२ वर्षीय कालीबहादुर शाही, सोही ठाउँका ४१ वर्षीय डबलबहादुर शाहीलाई ०५९ साउन १ गते, खार्पुनाथ गाविस-७ का ३० वर्षीय देवीसिं रोकायालाई ०५९ साउन २२ गते, स्याडा गाविस-३ का २८ वर्षीय मेगबहादुर दमाईलाई ०५९ भदौ २४ गते गिरफ्तार गरी रिहा गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष जिल्लाका २७ गाविसहरुका राजनीतिक कार्यकर्ताहरु माओवादीले धम्की, डर, लुटपाट गरी घरबार विहिन भई विस्थापित भए। जिल्ला प्रशासन कार्यालय हुम्लामा आफूहरु माओवादीबाट विस्थापित भएको भनी १० जनाले निवेदन दर्ता गराएका छन्।

यस वर्ष गाविसहरुमा अशक्त, वृद्ध, विधवा भत्ता कसैले पाएनन्।

बालअधिकार

मदना गाविस-१ का ११ वर्षीय मोहनदेव ढकाल र सोही गाउँकी ८ वर्षीय सीता [illegible]लाई ०५९ वैशाख २५ गते

दुवै वावु आमा मिली विवाह गरे। विवाह पश्चात् वालबालिका आ-आफ्नै घरमा बसेका छन्।

महिला अधिकार

दार्मा गाविस-७ की ११ वर्षीय एक वालिकालाई ०५९ साउन ३१ गते सोही गाउँका २७ वर्षीय जंग बुढाले दिउँसो गोरू चराउन गएको वेला जंगलमा डर त्रास देखाई बलात्कार गरे। पीडितका आफन्तले माओवादीसँग उजुरी गरेपछि पीडकलाई कारवाही सहित जरिवाना गरे।

मैला गाविस-५ की २१ वर्षीय शौभाग्य शाहीलाई ०५९ जेठ १५ गते आफ्नै पति मानबहादुर शाहीले आफ्नै घरमा देहव्यापार गरेको आरोपमा नाबालक छोरा सहित छोडपत्र गरी अलग भए।

कालिका गाविस-४ की २३ वर्षीय रूपा शाहीलाई ०५९ असार ५ गते बच्चा नपाएको आरोपमा आफ्नै पति गोविन्द छत्यालले १० हजार नगद जिन्सी दिई सम्वन्ध विच्छेद गरे। पीडित हाल माइती घरमा बसेकी छन्।

मैला गाविस-३ की २१ वर्षीय हस्तकला जैसीलाई ०५९ जेठ २० गते बोक्सीको आरोपमा आफ्नै पति गौरीलाल जैसी र उनका गाउँका साथीको सहयोगमा कुटपिट गरे। पीडितलाई राति राति अर्काको घरमा बोक्सी गर्न जान्छ भनी रातभरि डोरीले बाँधी कुटे। पीडकलाई कुनै कारवाही भएन।

कालिका गाविसका ३१ वर्षीय हर्क बहादुर शाहीलाई ०५९ असार २६ गते सोही गाउँकी सरूपा टमटासँग चार वर्ष पहिले छोरा पाई त्यत्तिकै छोडिएकोले माओवादीले उक्त बच्चा सहित आमालाई उनको घरमा बुझाए।

जातीय विभेद

मदना गाविस-८ का ६८ वर्षीय धनसुर बुढालाई ०५९ असार २५ गते दलितको हातबाट मासु भात पानी जवरजस्ती खुवाउन लाग्दा माओवादीले कुटपिट गरी छुवाछूविरूद्धको अभियानमा खाँदिन भन्नेलाई कुटपिट गरी खुवाए।

विविध

संरचना क्षति

यस वर्ष बराई गाविस अध्यक्ष ३२ वर्षीय चन्द्रबहादुर बुढाको घरमा ०५८ चैत २५ गते, मैला गाविस-८ का ६२ वर्षीय विरवहादुर रिठालको घरमा ०५८ चैत २१ गते, जिल्ला विकास समिति साभपति ४१ वर्षीय जीवन बहादुर शाहीको घरमा ०५८ चैत २५ गते, छिप्रा गाविस-२ का ६१ वर्षीय शिवलाल हमालको घरमा ०५९ वैशाख १७ गते, छिप्रा गाविस-९ का २८ वर्षीय सुन्त जेठाराको घरमा ०५९ वैशाख १८ गते, बरगाउँ गाविसका गाविस अध्यक्ष ३९ वर्षीय पदम लामाको घरमा ०५९ वैशाख २३ गते, जिल्ला विकास समिति उपसभापति ५१ वर्षीय विर्खबहादुर महतको घरमा ०५९ वैशाख १६ गते माओवादीले विभिन्न आरोप लगाई लुटे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

साँया गाविस-५ की १७ वर्षीय विष्णुमाया शाहीलाई ०५९ जेठ २८ गते पार्टी छोडी प्रशासन समक्ष आत्मसमर्पण गरी घरमा सामान्य जीवन बिताइरहेकीले पार्टीको सुराकी गर्न सक्ने आशंकामा माओवादीले घरबाट अपहरण गर्न खोज्दा भागी नजिकै कर्णाली नदीमा हाम फाली आत्महत्या गरिन्।

मैला गाविसका सचिव ३० वर्षीय कालीबहादुर हमाल गाविसमा वृद्ध अशक्त भत्ता बाँड्न गाउँमा जाँदा ०५९ वैशाख १० गते रामा गाउँबाट माओवादीले ५४ हजार ५५ रूपैयाँ लुटेर लगे।

कान्तिपुर दैनिकका जिल्ला सम्वाददाता जयबहादुर रोकायाको घरमा ०५९ भदौ २४ गते राति माओवादीले प्रेसर कुकुर वम विस्फोट गराई घरको झ्याल ढोका ध्वस्त पारी बाहिरी पर्खाल समेत फाले। सोही राति द रेयूकाई नेपाल शाखा हुम्ला र स्नोल्याण्ड क्लव हुम्लाको अफिसमा समेत वम विस्फोट गरी क्षति पुऱ्याए।

सदरमुकाम आउने जाने कर्णाली नदीमा रहेका खाईनाथ र नल्ला स्थित झोलुङ्गे पुल ०५९ वैशाख १६ र १७ गते माओवादीले काटेर आवत जावत वन्द गराए। यस पुलबाट जिल्लाका १८ वटा गाविसहरूको सम्पर्क गर्न विहीन भए। स्थानीय गाउँलेले सदरमुकाम आवत जावत गर्न, नल्ला गाउँका मानिसले लगाएको घाट माओवादीले ०५९ भदौ २६ गते काटी फाले। एक जनाको भीरबाट लडेर मृत्यु भयो। एक जना महिला नदीमा हामफालेर आत्महत्या गरिन। एक जना माओवादी कार्यकर्ताको खुट्टा चिप्ली कर्णाली नदीमा खसेर मृत्यु भयो। हिम पैरोमा परी एक पुरूषको लडेर मृत्यु भयो। एक जना विद्यार्थी भीरबाट लडेर मृत्यु भयो।

आगलागीका दुई वटा घटना भए। एक जना व्यापारीले आफ्नै घाँटीमा पासो लगाई आत्महत्या गरे।



सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ वैतडी

५.९ दार्चुला

५.१ कैलाली

जनसंख्या	६१६१३१
साक्षरता प्रतिशत	३१.२
महिला साक्षरता प्रतिशत	१५.७
क्षेत्रफल (वर्ग कि. मि.)	३२३५
गाविस / नपा संख्या	४२/२
निर्वाचन क्षेत्र	५
विद्यालय	६३५
क्याम्पस / उच्च मा.वि.	३/४
अस्पताल / स्वास्थ्य चौकी	२/४९
टेलिफोन लाइन	२५३६
मोटर सडक (कि. मि.)	२३७.४
प्रहरी कार्यालय संख्या	२९
हुलाक संख्या	५७
मानव विकास सूचकांक	०.२९९
प्रति एक डाक्टर जनसंख्या	२८०३२
प्रति परिवार सरदर संख्या	६.५३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बर्दिया जिल्ला घर भएका २४ वर्षीय प्रल्हाद चौधरीको ०५८ माघ १६ गते नारायणपुर गाविस-१ इन्द्रईया भन्ने ठाउँमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित माओवादी कार्यकर्ता रहेको बताइयो।

चौमाला गाविस कठौतीका १४ वर्षीय मञ्जुकुमारी सिंहलाई ०५८ फागुन १४ गते बडीमालीका सशस्त्र प्रहरीगण बनबेहडाका प्रहरी जवान २१ वर्षीय कवि बोहराले गोली हानी हत्या गरे। पीडितलाई अघिल्लो दिन पीडकले बलात्कार गरेकोमा सो घटना बारे प्रहरीगणमा जानकारी भई कारवाहीमा परिने डरले पीडकले हत्या गरेको बताइयो।

लालबोझी गाविसको लालबोझीमा नाम नखुलेका एक जनालाई ०५८ फागुन ४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षानिकायले पीडित माओवादी भएको जनायो।

सुगरखाल गाविसको नाम नखुलेका ७ जनालाई ०५८ चैत ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षानिकायले पीडितहरू माओवादी भएको जनायो।

पथरैया गाविस-१ पथरैया भन्ने स्थानमा नाम नखुलेका २ जना माओवादी कार्यकर्तालाई ०५९ जेठ २१ गते लम्की टिकापुर खण्डमा पर्ने सडकमा रहेको एक कलवर्ट मुनी वाल्टिन बम विस्फोटन गराउन बसेको अवस्थामा सुरक्षाकर्मीलाई देखी भाग्न खोज्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

टिकापुर नपा-१ का खिडिया चौधरी तथा सोही ठाउँका खुसीराम चौधरीलाई माओवादीको आरोपमा ०५९ जेठ २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। स्थानीय बासिन्दाका अनुसार खिडिया बीउ कुरेर बसेको र खुसीराम गाई गोठाला गएका थिए।

लालबोझी गाविस-६ कर्मदेवका भागीराम चौधरीको घरमा ०५९ असार २ गते सेनाको गोलीबाट भागीरामका दुई पत्नी तथा छोरीहरू रोशनी र रीना सहित अन्य ३ जना माओवादी कार्यकर्ताको मृत्यु भयो। सो घटनामा माओवादीका जिल्ला स्तरीय नेता जोखन चौधरीको पनि मृत्यु भएको बताइयो। भागीराम चौधरीलाई सेनाले पक्राउ गरी लगेको थियो। उनको अवस्था अज्ञात छ।

बर्दिया जिल्लाका नाम खुल्न नसकेका एक जना माओवादी कार्यकर्तालाई ०५९ असार १४ गते प्रतापपुर गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पहलमानपुर गाविसको पहलमानपुर बजार नजिकैको जंगलमा सुरक्षाकर्मीले नेकपा माओवादीका कार्यकर्ताहरू रामशिखरझाला गाविसका १८ वर्षीय वासु चौधरी, २९ वर्षीय कृष्ण चौधरी, दरख गाविसका १७ वर्षीय रूपेश चौधरी र १७ वर्षीया माया चौधरीलाई ०५९ असार १७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। रामशिखरझाला गाविस-६ मा दोहोरो भिडन्त भएको सुरक्षानिकायले दावी गरे पनि पीडितहरूलाई सो स्थानबाट गिरफ्तार गरी पहलमानपुर जंगलमा ल्याई गोली हानी हत्या गरिएको थियो।

मसुरीया गाविस-६ महादेवाकी १८ वर्षीय जमुनादेवी बस्नेतलाई ०५९ साउन १३ गते गस्तीमा गएको सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सोही घटनामा परी २४ वर्षीय धनादेवी बस्नेत तथा २ वर्षीय बालिका इन्दीरा बस्नेत घाइते भए।

उर्मा गाविसको उर्मा भन्ने ठाउँमा सोनुराम चौधरी र पञ्चराम चौधरीलाई माओवादीको आरोपमा ०५९ साउन २३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रामशिखरझाला गाविसको गणेशपुरमा विकास चौधरीलाई माओवादीको आरोपमा ०५९ भदौ १ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुगरखाल गाविस-६ फलेविसौनमा सुरक्षाकर्मीले नेकपा माओवादीद्वारा गठित कैलाली जिल्ला जनसरकार उपप्रमुख माया भाट सहित ५ माओवादी कार्यकर्तालाई ०५९ भदौ ८ गते गोली हानी हत्या गरे।

पथरैया गाविस-२ अमौराका १९ वर्षीय सुखराम चौधरी, १९ वर्षीय दीपक चौधरी, १६ वर्षीय सुनिना चौधरी र १७ वर्षीय डिला चौधरीलाई माओवादीको आरोपमा ०५९ भदौ २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

धनगढी नपा-७ पटेलावाट नाम नखुलेका तीन जनालाई ०५९ भदौ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी वेलादेवीपुरको धानेचौरमा लगी गोली हानी हत्या गरे।

दोदोधरा गाविस कुम्बीयाका रामअवतार राना, विष्णु चौधरी र चन्द्रपती चौधरीलाई माओवादीको आरोपमा ०५९ भदौ २६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

थापापुर गाविसको माहादेउलीमा नाम नखुलेका एक जना व्यक्तिलाई माओवादीको आरोपमा ०५९ कार्तिक ९ गते सेनाले गोली हानी हत्या गरे।

नेकपा माओवादीका एरीया कमाण्डर भनिने २७ वर्षीय पतिराम चौधरीलाई ०५९ कार्तिक २४ गते उदासीपुर गाविस ६, उदासीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी मसुरीया गाविसमा पर्ने एक जंगलमा ल्याई गोली हानी हत्या गरे।

पहलमानपुर गाविस २ का हेमसागर बराललाई ०५९ कार्तिक २६ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले दोहोरो भिडन्त परेको बताएको थियो।

जोशीपुर गाविसको जोशीपुर भन्ने ठाउँमा नाम नखुलेका ७ जनाको ०५९ मंसिर १४ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

मसुरीया गाविस ऐठपुर भन्ने ठाउँमा ३३ वर्षीय कांग्रेसीया चौधरीलाई माओवादीको आरोपमा ०५९ मंसिर २१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीद्वारा हत्या गरिएका चक्र डगौरा

कोटा तुल्सीपुरकी २६ वर्षीया विमनी देवी चौधरीलाई ०५९ मंसिर २२ गते बौनिया नजिकके महेन्द्रराजमार्गमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

कोटातुल्सीपुर गाविसको चमेलीपुरमा ४ जना अज्ञात व्यक्तिलाई ०५९ मंसिर २९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

लालवोझी गाविसको पृथ्वीपुर भन्ने स्थानमा एकजना व्यक्तिको ०५९ पुस १५ गते सुरक्षाकर्मीको गोलीबाट एकजना व्यक्तिको मृत्यु भयो। पीडितको सनाखत हुन सकेन।

माओवादीबाट

थापापुर गाविसका उपाध्यक्ष ३५ वर्षीय पर्शुराम चौधरीलाई सुराकीको आरोपमा ०५८ माघ ४ गते माओवादीले कुटपिट गरी हत्या गरे। गाविस कार्यालयमा बसेका पीडितमाथि सांघातिक आक्रमण गरिएको थियो।

मसुरीया गाविस - ५ वडैपुरमा भीम आयल स्टोरका सञ्चालक २१ वर्षीय मिनबहादुर वमलाई सुराकीको आरोपमा ०५८ माघ ८ गते माओवादीले नजिकैको जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरे।

जिविस कैलालीका सब-ओभरसियर ३१ वर्षीय दीपक जोशीलाई जानकीनगर गाविस कार्यालयमा ०५८ माघ १० गते माओवादीले निर्घात रूपमा कुटपिट गरी हत्या गरे। पीडितलाई कार्यालय भित्र लगि आधा घण्टा जति लाठी र मुंग्राले पिटेर माओवादीहरू त्यहाँबाट भागेपछि उपचारार्थ धनगढी ल्याउँदै

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१		२	२४	४६	३		४९	२४	१२	८	३६	५६
घाईते						७	१२		५	१७	१		२		२
बम विस्फोटन						३			३	३					
गिरफ्तारी/यातना											२१	३६			३६
बेपत्ता											६	३	४		७
कुटपिट						२१	२१	३		२४	९	१७			१७
धम्की						३	४	१	७	१२	१	२			२
महिला अधिकार	१		१		१						३		३		३
वालअधिकार											१	१			१
आर्थिक/सामाजिक अधिकार	१			१	१										
अमानवीय व्यवहार						२	२			२					
अपहरण						४	२		१४	१६					
जम्मा	४	१	२	१	४	७४	८७	७	२९	१२३	६६	७१	१७	३६	१२४

गर्दा वाटोमा नै मृत्यु भयो। जोशी चढेर गएको मोटरसाइकल माओवादीले आगो लगाई जलाए।

दोंदोधरा गाविस-८ का वडाध्यक्ष तथा राप्रपाका कार्यकर्ता ३० वर्षीय विषुराम चौधरीलाई सुराकीको आरोपमा ०५८ माघ १२ गते माओवादीले खुकुरी प्रहार गरी हत्या गरे।

जिप्रका कैलालीका एसपी रामविनय सिंह सहित ४ जना प्रहरीको ०५८ माघ १५ गते माओवादीले फुलवारी-७ स्याउलेमा विच्छाएको विद्युतीय धरापमा परी मृत्यु भयो भने दुई जना प्रहरी घाइते भए। मृत्यु हुनेहरूमा राजेन्द्र जोशी, प्रेमबहादुर रावत, छेवराज भट्ट रहेका छन् भने घाइतेहरूमा रामबहादुर चन्द तथा दानसिंह खत्री रहेका छन्।

मसुरीया गाविस-५, गिधनियाका ४५ वर्षीय गंगाराम आचार्यलाई ०५८ माघ १६ गते माओवादीले धारिलो हतियार प्रयोग गरी हत्या गरे। मानसिक अवस्था ठीक नभएका आचार्यको हत्या गर्नु पर्ने कारणका वारेमा माओवादीका तर्फबाट केही कुरा आएको छैन।

टिकापुर नपा ३ का ४० वर्षीय सुरेन्द्र जोशीलाई ०५८ माघ २३ गते माओवादीले राति आई कुटपिट गरी हत्या गरे। पीडित का क्रियाशील सदस्य थिए।

वलिया गाविस ७, मोतीपुरस्थित इप्रकामा ०५८ चैत ६ गते राति माओवादीले गरेको आक्रमणमा परी प्रहरी सहायक निरीक्षकद्वय वभाङका जयबहादुर ढाँट र कैलालीका लोकबहादुर चौधरी, प्रहरी हवल्दार वैतडीका दान सींह भाट, डडेल्धुराका प्रेम सिजापती, प्रहरी जवान रौतहटका उमेश रावत, सिन्धुपाल्चोकका धिरज श्रेष्ठ र बाजुराका प्रेम विष्टको मृत्यु भयो।

फुलवारी गाविस डीपोबजार घर भई शाही चितवन राष्ट्रिय निकुञ्जमा कार्यरत शाही नेपाली सेनाका जवान कमल प्रसाद काफ्लेलाई ०५९ वैशाख १४ गते राति घरबाटै माओवादीले अपहरण गरी मसुरीया गाविसको लिक्मामा पुऱ्याई हत्या गरे। पीडित विदामा घर आएका थिए।

हसुलिया गाविस-९ का नेकांका कार्यकर्ता ४४ वर्षीय बुद्धुराम चौधरीलाई ०५९ वैशाख ३१ गते माओवादीले धारीलो हतियार प्रहार गरी हत्या गरे।

पथरैया गाविस-१ पथरैयाकी ८५ वर्षीय लालमतीदेवी जैशीलाई खाना नदिएको आरोपमा ०५९ जेठ २१ गते राति माओवादीले कुटपिट गरी हत्या गरे। माओवादी कार्यकर्ताले खाना खुवाउन दवाव दिंदा नसक्ने वताएपछि वृद्धालाई कुटपिट गरेको प्रत्यक्षदर्शीले वताए।

टिकापुर नपा-९ वनगाउँका १९ वर्षीय तुलाराम चौधरीलाई सशस्त्र प्रहरीमा जागीर खाएको आरोपमा ०५९ असार १३ गते माओवादीले अपहरण गरी हत्या गरे।

पहलमानपुर गाविस-५ का ४९ वर्षीय शोभाकर शर्मा र सोही गाविस-२ का रामप्रसाद सुवेदीलाई सुराकीको आरोपमा ०५९ भदौ १८ गते राति माओवादीले घाँटी रेटी हत्या गरे। पीडितको लास महेन्द्र राजमार्गको पहलमानपुर चौतारामा राखिएको थियो भने टाउको वेपत्ता पारिएको थियो।

रामशिखरझाला गाविस-१ रतिपुरका नेकां गाउँ कमिटीका सभापति ४० वर्षीय जगतबहादुर शाहलाई ०५९ भदौ १८ गते राति माओवादीले घाँटी रेटी हत्या गरे। पीडितको टाउको पनि वेपत्ता पारिएको थियो।

नारायणपुर गाविस-१ भगवानपुरका ४१ वर्षीय गणेश कुँवरलाई ०५९ भदौ २३ गते राति माओवादीले अपहरण गरी गोली हानी हत्या गरे।

उर्मा गाविस-२ डुगलीयाका वडाध्यक्ष तथा राप्रपाका कार्यकर्ता ४५ वर्षीय धनीराम चौधरीलाई सुराकीको आरोपमा ०५९ असोज १ गते माओवादीले गोली हानी हत्या गरे।

वेलादेवीपुर गाविस-१ का राप्रपाका कार्यकर्ता ३० वर्षीय रामअवतार रानालाई ०५९ कार्तिक १३ गते माओवादीले अपहरण गरी कार्तिक १७ गते हत्या गरे।

वलिया गाविस-७ अमौरा भन्ने स्थानमा ०५९ कार्तिक ३ गते माओवादीले राखेको एम्बुसमा परी प्रहरी इन्स्पेक्टर कमल जोशी, प्रहरी सई मेघबहादुर बस्नेत तथा चालक प्रहरी जवान धनबहादुर थापाको मृत्यु भयो।

पहलमानपुर गाविस-१ मदैपुरका ४४ वर्षीय विष्णुप्रसाद चौधरीलाई सुराकीको आरोपमा ०५९ कार्तिक ९ गते राति माओवादीले खुकुरी प्रहार गरी हत्या गरे।

लालवोझी गाविस-७ कुसुमघाटमा विशेष प्रहरी जवान भोजराज पन्तलाई ०५९ कार्तिक ९ गते माओवादीले खुकुरी प्रहार गरी हत्या गरे।

रामशीखरझाला गाविस-१ रतिपुरका ७० वर्षीय जनकबहादुर शाहीलाई ०५९ कार्तिक २५ गते राति माओवादीले खुकुरी प्रहार गरी हत्या गरे।

दोंदोधरा गाविस-४ रामपुरका २५ वर्षीय रामनारायण चौधरीलाई ०५९ कार्तिक २५ गते राति माओवादीले गोली हानी हत्या गरे। पीडित सशस्त्र प्रहरीगण वर्दघाट नवलपरासीमा कार्यरत थिए। पीडित क्षय रोग लागेकोले उपचारकालागि घर आएका थिए।

माओवादीले राखेको बम विस्फोटबाट मृत्यु भएका श्यामसुन्दर यादव

धनगढी नपा सदभावनाटोलका नेकपा (एमाले) राष्ट्रिय परिषद् सदस्य तथा पूर्व सांसद चक्रबहादुर डगौरा चौधरीलाई चन्दा नदिएको आरोपमा ०५९ कार्तिक २ गते माओवादीले गोली हानी हत्या गरे।

पथरैया गाविस-२ पथरैयाका हरिराम डगौरालाई प्रहरीमा जागिर खाएको आरोपमा ०५९ कार्तिक १६ गते राति माओवादीले अपहरण गरी हत्या गरे।

टिकापुर नपा-७ मनिकापुरका राप्रपाका केन्द्रीय पार्षद हरिहरप्रसाद अधिकारीलाई ०५९ कार्तिक ३० गते माओवादीले अपहरण गरी गोली हानी हत्या गरे।

रामशिखरझाला गाविस-१ का अनेरास्ववियु (एकीकृत) का जिल्ला उपाध्यक्ष ज्ञानेन्द्र हमाललाई ०५९ कार्तिक ३० गते इलाका प्रहरी कार्यालय सुखडबाट तारेख लिन जाँदा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी बेपत्ता पारियो। जनमोर्चाका उपाध्यक्ष मनोज भट्टको संयोजकत्वमा गठित छानविन समितिले सार्वजनिक गरेको प्रतिवेदनमा पीडितको लास फेला पारिएकोले हत्या गरिएको ठहर गर्‍यो।

मसुरीया गाविस-६ शंकरपुरमा एक व्यक्तिको सुराकी गरेको आरोपमा ०५९ मंसिर ४ गते माओवादीले घाँटी रेटी हत्या गरे। पीडितको शरीरमा सागर मल्ल लेखिए पनि सो नाम गरेको व्यक्ति मसुरिया गाविसमा नभएको स्थानीय बासिन्दाले बताए।

पथरैया गाविस-२ का निवर्तमान वडाध्यक्ष ३१ वर्षीय बेलबहादुर चौधरीलाई सुराकीको आरोपमा ०५९ मंसिर ८ गते माओवादीले अपहरण गरी हत्या गरे।

पहलमानपुर गाविस-८ शिवपुरका निवर्तमान गाविस अध्यक्ष शिनलदास चौधरीलाई ०५९ मंसिर २० गते माओवादीले घाँटी रेटी विभत्स ढंगले हत्या गरे।

जिप्रका कैलालीमा असई दिपेन्द्र हमाललाई सुराकी गरेको आरोपमा ०५९ मंसिर २२ गते माओवादीले गोली हानी हत्या गरे।

कोटानुल्सीपुर गाविस-२ छनिवन गाविसका ३६ वर्षीय पूर्णसिंह कामी र ३० वर्षीय वीरबहादुर भूललाई ०५९ पुस १ गते माओवादीले अपहरण गरी हत्या गरे।

इलाका प्रहरी कार्यालय, टीकापुरमा कार्यरत प्रहरी हवल्दार कर्णबहादुर विष्टलाई ०५९ पुस ३ गते टिकापुरस्थित आफ्नै घरमा माओवादीले गोली हानी हत्या गरे।

गोली/बम/एम्बुस द्वारा घाइते

माओवादीबाट

जोशीपुर गाविसको जोशीपुर नजिकै ०५८ माघ ५ गते माओवादीले विच्छयाएको विद्युतीय धरापमा परी जनस्वास्थ कैलालीका जीप चालक ३५ वर्षीय नरबहादुर बोगटी घाइते भए। पीडित थापापुर गाविसमा पोलियो थोपा पुर्‍याई धनगढी फर्कने क्रममा थिए।

खैलाड गाविसको किर्तिपुर भन्ने स्थानमा दूरसञ्चार कैलालीका जीप चालक ४५ वर्षीय गगन महतारा तथा प्राविधिक ३२ वर्षीय लोकबहादुर खड्का ०५८ पुस २९ गते माओवादीले विच्छयाएको विद्युतीय धरापमा परी घाइते भए।

खैलाड गाविसको हरिनगरमा माओवादीले राखेको एम्बुसमा परी ०५९ कार्तिक १८ गते ४ जना सुरक्षाकर्मी घाइते भए।

खैलाड गाविसको कीर्तिपुर भन्ने ठाउँमा माओवादीले राखेको एम्बुसमा परी ०५८ पुस २९ गते दुरसञ्चारका २ जना कर्मचारी घाइते भए।

धनगढी नपा-१ क्याम्पसरोडका ३५ वर्षीय प्यारेलाल रानालाई ०५९ भदौ १२ गते माओवादीले गोली हानी घाइते बनाए।

जेल र बन्दीहरू

वि.स. १९९७ सालमा निर्माण गरिएको कैलाली कारागार अहिले जीर्ण अवस्थामा रहेको छ। ७५ जनाको क्षमताको जेलमा यस वर्षको अन्त्यसम्ममा १ सय २० जना बन्दी राखिएको छ।

यस जेलमा कैद तोकिएका ५५ जना, १ नाबालक, ६४ जना कैद नतोकिएका रहेका छन्। यसमध्ये ३ जना राज्य विरूद्धको अपराधमा थुनामा रहेका छन्।

बेपत्ता /अपहरण

राज्यबाट

नारायणपुर गाविस-८ की २० वर्षीय जानकी चौधरीलाई ०५८ चैत ३० गते प्रहरीले गिरफ्तार गरी बेपत्ता पारे। जानकीसँगै गिरफ्तार गरिएकी १९ वर्षीय संगीता चौधरीलाई केही समय पछि रिहा गरियो।

रामशिखरझाला गाविस-१ रतिपुरका नारायण चौधरीलाई ०५९ मंसिर २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। स्थानीय मानवअधिकार संस्थाहरूले चौधरीको स्थिति सार्वजनिक गर्न अपील गरेपछि स्थानीय प्रशासनले कुनै जानकारी उपलब्ध गराएन।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएकी जानकी चौधरी

माओवादीद्वारा घोषित जिल्ला जनसरकार प्रमुख विनोद चौधरीलाई ०५८ फागुन २१ गते सुरक्षाकर्मीले रामशिखरझालाबाट गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई गिरफ्तारपछि सेनाको तेघरी ब्यारेकमा राखिएको थियो। पीडित हाल कहाँ र कस्तो अवस्थामा छन् भन्नेबारे जानकारी दिइएको छैन।

मसुरीया गाविस १ की १३ वर्षीय कुमारी दमाईलाई ०५९ असोज ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। पीडितको अवस्थाबारे हालसम्म कुनै जानकारी प्राप्त भएको छैन।

भजनी गाविसकी १८ वर्षीय कुसुम चौधरीलाई सुरक्षाकर्मीले ०५९ कार्तिक २७ गते गिरफ्तार गरी बेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

खैलाड गाविस अध्यक्ष तथा नेकपा (एमाले) कैलाली जिल्ला कमिटी सदस्य चक्रबहादुर बोगटी तथा जिल्ला सल्लाहकार रतन शिलाधरलाई ०५८ फागुन १३ गते डफ्रका चौमालाका प्रहरी जवान रमेश सुनारले धम्की दिनुका साथै गाली बेइज्जती गरे।

टिकापुर नपा बन्दीपुरका ३२ वर्षीय महावीर चौधरी तथा पथरैया गाविसका प्रेम चौधरीलाई माओवादीको लास बोकेको आरोपमा ०५८ चैत ७ गते बलिया गाविसको लम्कीमा सुरक्षाकर्मीले कुटपिट गरे।

दुर्गौली गाविस-९ जगतपुरका २५ वर्षीय वासुदेव देवकोटा, २२ वर्षीय प्रेम चौधरी तथा २१ वर्षीय मदन चौधरीलाई सशस्त्र प्रहरी टिकापुरका जवानले टिकापुरमा कुटपिट गरी घाईते बनाए।

टिकापुर नपा-७ झफटपुरका २४ वर्षीय राजु कार्कीलाई ०५९ वैशाख १४ गते गस्तीमा गएका सुरक्षाकर्मीले कुटपिट गरे।

दरख गाविस-९ सुखडका ४५ वर्षीय कपुरे वादीलाई ०५९ वैशाख १७ गते धनगढी नपा-२ को चन्दननाथ मिलमा सुतेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरे।

मसुरीया गाविस-६ अण्डैयाका २१ वर्षीय लालबहादुर नाथलाई ०५९ साउन १३ गते सुरक्षाकर्मीले कुटपिट गरे।

धनगढी नपा-१३, कैलाली गाउँमा जनमोर्चा नेपालका नेता कर्ण ध्वज केसी, रामचन्द्र भट्ट, हिक्मतसिंह राना, छिपु रानालाई माओवादीको आरोपमा ०५८ फागुन १७ गते सेनाले कुटपिट गरे।

माओवादीबाट

नारायणपुर गाविसस्थित सत्ति बजारमा देवीबहादुर राई, धनसिंहपुर गाविसका गोविन्द श्रेष्ठ, प्रतापपुर गाविसका मनबहादुर मतो, जानकी बम, दीर्घसिं बमको ०५८ माघ १३ गते नाम सार्वजनिक गरी माओवादीले कारवाही गर्ने धम्की दिए।

फुलवारी गाविस-५ डिपोबजारका ४२ वर्षीय बलराम पौडेल तथा उनकी पत्नी राधादेवी पौडेललाई ०५८ फागुन २८ गते माओवादी हौं भन्ने समूहले राति कुटपिट गरी घाईते बनाए।

पहलमानपुर गाविस-१ पहलमानपुरका ८२ वर्षीय दानबहादुर बमलाई ०५० वैशाख २० गते राति माओवादीले कुटपिट गरे।

उर्मा गाविस-७ पथरीका ३२ वर्षीय धनीराम चौधरीलाई ०५९ जेठ ५ गते माओवादीले कुटपिट गरे।

प्रतापपुर गाविस-२ प्रतापपुरका ५० वर्षीय फिरुलाल चौधरीलाई ०५८ जेठ ६ गते माओवादीले कुटपिट गरी हात भाँचिदिए।

जोशिपुर गाविस-४ का वडाध्यक्ष ४५ वर्षीय जंगलीप्रसाद चौधरीलाई ०५९ असार २० गते माओवादीले कुटपिट गरे।

जोशीपुर गाविस-६ का वडाध्यक्ष ५० वर्षीय भुगनलाल कठरीयालाई ०५९ असार २३ गते माओवादीले कुटपिट गरे।

सुगरखाल गाविस सोल्टाका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ६० वर्षीय नवलसिंह रावललाई ०५९ साउन ४ गते माओवादीले कुटपिट गरी घाइते बनाए।

हसुलिया गाविस हसुलियाका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ५० वर्षीय दिलबहादुर बोहोरालाई पार्टीको प्रचार गरेको आरोपमा ०५९ भदौ २२ गते माओवादीले कुटपिट गरे।

बसौटी गाविसका अध्यक्ष कैलाशकुमार चौधरीलाई ०५९ भदौ २२ गते माओवादीले कुटपिट गरे।

मसुरीया गाविस बडैपरकी सीता चन्दलाई सुराकी गरेको आरोपमा ०५९ असोज १ गते माओवादीले कुटपिट गरे।

थापापुर गाविस-१ का ३२ वर्षीय सेवकराम चौधरीलाई सुराकी गरेको आरोपमा ०५९ कार्तिक ७ गते माओवादीले कुटपिट गरे।

थापापुर गाविस-१ का जुगराम चौधरीलाई ०५९ कार्तिक ८ गते माओवादीले कुटपिट गरे।

पहलमानपुर गाविस-३ शिसैयाकी नानु चौधरी तथा छेदीलाल चौधरीलाई सुराकी गरेको आरोपमा ०५९ कार्तिक ९ गते माओवादीले कुटपिट गरे।

चुहा गाविसका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य शंकरमान बोहोरालाई ०५९ असोज २९ गते माओवादीले कुटपिट गरे।

जानकीनगर गाविस-८ खर्गौलीका २६ वर्षीय श्रीकृष्ण चौधरीलाई सुराकीको आरोपमा ०५९ कार्तिक १७ गते प्रतापपुर गाविसको प्रतापपुरमा माओवादीले कुटपिट गरे।

भजनी गाविस-९ वर्दवाफाँटका ५० वर्षीय भागीराम जैशीलाई सुराकीको आरोपमा ०५९ कार्तिक २१ गते माओवादीले कुटपिट गरे।

श्रीपुर गाविस-१ बढयाहाका ५० वर्षीय भोजराज भण्डारीलाई सुराकीको आरोपमा ०५९ कार्तिक २२ गते राति माओवादीले कुटपिट गरे।

फुलवारी गाविस-३ डिपोबजारका २६ वर्षीय नवराज स्नेही र २७ वर्षीय जंगबहादुर रोकायालाई ०५९ कार्तिक २४ गते माओवादीले कुटपिट गरे।

भजनी गाविस-३ भजनीका २३ वर्षीय दिलीप हमाललाई ०५९ कार्तिक २ गते माओवादीले कुटपिट गरे।

खैलाड गाविसका २७ वर्षीय गोपाल मल्ललाई ०५९ मंसिर २४ गते माओवादीले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, कैलालीमा यस वर्ष विभिन्न प्रकृतिका गरी जम्मा १ सय १४ वटा मुद्दा दर्ता भए। दर्ता भएका मुद्दाहरू मध्ये २२ वटा फर्स्योट भए भने ९२ वटा फर्स्योट हुन बाँकी रहे।

जिल्ला अदालतका अनुसार करकाप सम्वन्धी मुद्दा ३, जवरजस्ती करणी मुद्दा १, करार १, कुटपिट, गाली, वेइज्जती, नकवजनी चोरी २ वटा, सम्वन्धविच्छेद ४ वटा, लुटपाट ४, लेनदेन १०, वहाल भराउने १, आगो लगाएको ३, जग्गा खिचला १३, दर्तावदर २, लिखत वदर १, जालसाजी ८, कर्तव्य ज्यान ५, गर्भपतन १, भवितव्य १, सवारीज्यान १२, अंश २५, जारी १ र नाता कायम १ मुद्दा परेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा ६ हजार १ सय ५७ जना कमैया रहेका छन्। जिल्ला भूमिसुधार कार्यालयले दिएको जानकारी अनुसार २ हजार ४ सय ८८ ले रातो कार्ड, १ हजार ८ सयले नीलो कार्ड, ५ सय ९८ ले सेतो कार्ड र १ सय ८९ ले पहेंलो कार्ड प्राप्त गरेका छन्। मुक्त कमैयालाई ७ सय ७५ विगाहा जग्गा वितरण गरिएको छ। जिल्लाका करीव एक हजार मुक्त कमैयाहरू परिचयपत्र तथा जग्गा प्राप्त गर्नवाट वन्चित रहेका छन्।

माओवादी समस्यावाट १ हजार ९ सय ४८ जना आन्तरिक रूपमा विस्थापित रहेको जानकारी प्राप्त भयो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

फुलवारी गाविसका नमप्रसाद शर्मा, गजु सुनार, अशोक मोक्तान, राम वस्नेत, रेशम काफ्ले, होमनाथ चापागाईं र अफिलाल कठायतलाई माओवादीको आरोपमा ०५८ माघ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी माघ १६ गते तारेखमा रिहा गरे।

पति-पत्नी नाता कायम गर्न चक्र रावलको घरमा धर्ना दिंदै नन्दा सार्की

नारायणपुर गाविस-९ वेंदीका २५ वर्षीय सिंगुवा चौधरी र २४ वर्षीय प्रेमलाल चौधरीलाई माओवादीको आरोपमा ०५८ माघ १७ गते प्रहरीले गिरफ्तार गरे।

टिकापुर नपा-१ मोरनियाका २३ वर्षीय पर्शुराम चौधरीलाई माओवादीको आरोपमा ०५८ माघ १७ गते प्रहरीले गिरफ्तार गरी तारेखमा रिहा गरियो।

जाजरकोट जिल्ला डौडागाउँ गाविस-४ का ३५ वर्षीय जयवहादुर रावललाई वसको हुडमा राखेको सामान नदेखाएको आरोपमा ०५८ माघ १९ गते प्रहरीले कुटपिट गरी यातना दिए।

टिकापुर नगरपालिका बन्दीपुरका ३२ वर्षीय बलवीर चौधरीलाई ०५८ माघ २१ गते रामावि मनिकापुरमा पढाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितलाई माघ २३ गते तारेखमा रिहा गरियो।

थापापुर गाविस कटानपुरका मानसिक रूपले पीडित ३० वर्षीय भड्डु चौधरीलाई माओवादीको आरोपमा ०५८ पुस १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ०५८ फागुन २० गते तारेखमा रिहा गरियो।

फुलवारी गाविस डिपो बजारका ३२ वर्षीय लोकेन्द्र वानिया, ४२ वर्षीय नगेन्द्र वस्नेत र २५ वर्षीय प्रकाश सुवेदीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५८ फागुन २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तारेखमा रिहा गरे।

फुलवारी गाविस-५ डिपोवजारका २५ वर्षीय सरोज खनाललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०५८ चैत ६ गते सेनाले गिरफ्तार गरे। पीडितलाई अनुसन्धानपछि रिहा गरियो।

फुलवारी गाविस-४ का ३० वर्षीय डिल्ली मिश्र र सुरज रेग्मीलाई माओवादीको आरोपमा ०५९ असार २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

मुसरीया गाविस-६ का ३५ वर्षीय बुद्धिसागर चौलागाईं, ३६ वर्षीय शिवकुमार घिमिरे, ३४ वर्षीय पिताम्बर भट्टराई, ३६ वर्षीय देवकोटा र ४० वर्षीय गणेश पौडेललाई माओवादीको आशंकामा ०५९ साउन १७ गते प्रहरीले गिरफ्तार गरे।

नारायणपुर गाविस-९ वेंदीका नेकपा (एमाले) का कार्यकर्ता ३० वर्षीय गोविन्द कोइरालालाई माओवादीको आशंकामा ०५९ साउन २९ गते टिकापुर गाविस-८ लम्कीवाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नारायणपुर गाविस-४ का पत्रकार राम थापा तथा शिक्षक प्रकाश आचार्यलाई ०५९ असोज २१ गते तारेखमा लिन टिकापुर गएको अवस्थामा सडेले अमानवीय रूपमा कुटपिट गरी यातना दिए।

बालअधिकार

हुराइस, कैलालीले टीकापुर नगरपालिका क्षेत्रमा गरेको एक सर्वेक्षण अनुसार ईंटाभट्टामा मात्रै १ सय ३० बालमजदुर रहेको पाइयो। यस जिल्लामा तीन हजार भन्दा वढी बालश्रमिक रहेको अनुमान गरिएको छ।

चौमाला गाविस-७ राजीपुरको जंगलमा रहेको विस्फोटक पदार्थ विष्फोटन हुँदा सोही ठाउँ बस्ने १० वर्षीय मीना पौडेलको मृत्यु भयो भने ११ वर्षीय तुल्सी पौडेल घाईते भइन्। माओवादीले उक्त बम राखेको भनिए पनि कसले राखेको हो भन्ने बारेमा स्पष्ट भएको छैन।

धनगढी नपा-८ की १३ वर्षीय एक बालिकालाई ०५९ असोज १२ गते होटलमा जिप्रकामा कार्यरत प्रहरी जवान बमबहादुर कठायतले बलात्कार गरे।

क्षतिग्रस्त सरकारी कार्यालय

महिला अधिकार

थापापुर गाविस-७ थापापुरकी ४५ वर्षीय वढिया डगौरालाई बोक्सीको आरोपमा ०५८ फागुन १३ गते आफ्नै देवर ३५ वर्षीय रून्चे डगौराले हसिया प्रहार गरी घाईते बनाए।

पथरैया गाविस २, अमौराकी २६ वर्षीय एक महिलालाई ०५९ भदौ २५ गते सशस्त्र प्रहरीका जवानले बलात्कारको प्रयास गरे।

पथरैया गाविस-२ अमौराकी २१ वर्षीय महिलालाई ०५९ भदौ २५ गते सशस्त्र प्रहरीका जवानले घरमा गई आँखामा पट्टी बाँधी वलात्कार गरे।

जातीय विभेद

गोदावरी गाविस, ओलानीका चक्र रावलले स्थानीय नन्दा सार्कीलाई गर्भवती वनाई वच्चा जन्मिएपछि पनि स्वीकार नगरी नन्दा सार्कीलाई विचल्लीमा पारेका छन्। नाता प्रमाणित गर्नका लागि नन्दाले अदालतमा उजुरी दिएकी छन्। नन्दा सार्कीले चक्र रावलको घरमा बस्न पाउनुपर्ने दाबी गर्दै धर्ना दिएकी थिईन्।

विविध

संरचना क्षति

यस जिल्लाका ४० गाविस र १ नगरपालिकामा माओवादीले आक्रमण गरी क्षति पुऱ्याए। जिल्लाका दुई ठूला टेलिफोन एक्सचेन्ज, लम्की र टीकापुरमा माओवादीले क्षति पुऱ्याए। विभिन्न स्थानमा रहेको भि. एच. एफ. तथा मार्टसिस्टमबाट संचालित टेलिफोन पनि ध्वस्त पारे। लम्की रहेको एक विद्युत सवस्टेशन पनि ध्वस्त पारे।

अतिरिक्त जानकारीहरु

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष १६ जनाले विष सेवन गरेर, २७ जनाले झुण्डिएर आत्महत्या गरे। दुर्घटनामा परी २२ जनाको मृत्यु भयो भने ४ वटा बेवारिसे लास फेला पऱ्यो। भवितव्यबाट १२ जनाको मृत्यु भयो।

५.२ अछाम

जनसंख्या : २२४१८६
साक्षरता प्रतिशत : २८.५
महिला साक्षरता प्रतिशत : ११
क्षेत्रफल (वर्ग कि. मि.) : १६८०
गाविस / नपा संख्या : ७५/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३४४
क्याम्पस / उच्च मा.वि. : २/४
अस्पताल / स्वास्थ्य चौकी : २/७६
टेलिफोन लाइन : ०
मोटर सडक (कि. मि.) : २७
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : ६९
मानव विकास सूचक : ०.२३५
प्रति एक डाक्टर जनसंख्या : ७७०९५
प्रति परिवार सरदर संख्या : ५.२६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

साकेट गाविस स्थित जंगलमा नाम नखुलेका ८ जनालाई ०५८ पुस २४ गते प्रहरीले गोली हानी हत्या गरे।

रामारोशन गाविस-३ का २२ वर्षीय सस्या दासलाई माओवादीको आरोपमा ०५८ फागुन ८ गते बेलुका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भाटाकाटिया गाविस-५ का २२ वर्षीय शेरबहादुर साउद र २७ वर्षीय नैनबहादुर साउदलाई माओवादीको आरोपमा ०५८ फागुन ८ गते घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रामारोशन गाविस-९ पातालका ३५ वर्षीय मन रोकाया, पौभल रोकायालाई माओवादीको आरोपमा ०५८ फागुन ८ गते बानल गाठेछाना नजिक जंगलमा भैंसी चराउन लागिरहेको अवस्थामा सुरक्षाकर्मीले पछाडिबाट गोली हानी हत्या गरे।

द्वारी गाविस-१ का २० वर्षीय प्रताप शाह, १९ वर्षीय रूद्रबहादुर शाह, सोही गाविस-१ का २४ वर्षीय मानबहादुर शाहलाई माओवादीको आरोपमा ०५९ असार ३ गते बगुडामा स्वेन जोन्न लागिरहेको अवस्थामा बाजुरा जिल्लाबाट आएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बर्दादेवी गाविस-१ का शिक्षक ४२ वर्षीय मोहन भुल र कालिका गाविस-२ का हिरण्य गवललाई माओवादीको आरोपमा ०५९ भदौ २९ गते सुरक्षाकर्मीले मंगलसेन गाविसको कैलाश खोला नजिक गोली हानी हत्या गरे। शिक्षक मोहनलाई घरबाट र हिरण्यलाई जयगढ बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

बन्ला गाविस बगुडामा रागदा भनिने महिला माओवादी सहित २ जनालाई ०५९ साउन ४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

कालिका गाविस- ९ का ११ वर्षीय मथुराकुमारी साउदलाई माओवादीको आरोपमा वर्कानामा बाख्रा चराउन लागिरहेको अवस्थामा ०५९ मंसिर ८ गते साँफेबगरबाट आएका प्रहरीले गोली हानी हत्या गरे।

सदरमुकाम मंगलसेनमा ०५८ फागुन ५ गते सडकमा काम गर्ने एक जना मजदुर र ०५८ फागुन ६ गते काठ चिर्ने २ जनालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

अछामको सदरमुकाम आक्रमण भएपछि ०५८ फागुन १० गते अछाम र सुर्खेतको सिमानामा १५ जना माओवादी र सोही दिन अछाम र कालिकोटको सिमानामा १३ जना माओवादीको मृत्यु भएको कुरा सुरक्षाकर्मीले बताए। तर मृतकको को हुन् भन्ने जानकारीमा आएन।

जनाली बडाली गाविसस्थित जंगलमा एक जना माओवादीको ०५९ वैशाख १ गते सुरक्षाकर्मीले हत्या गरे।

बर्दादेवी गाविस जयगढ बजार नजिक ज्ञानेन्द्र बोहरालाई ०५९ पुस ९ गते साँफेबगरबाट आएको सशस्त्र प्रहरीले गोली हानी हत्या गरे।

माओवादीबाट

जुपु गाविस-४ का जुपु गाविस सचिव ५० वर्षीय केशरबहादुर गवललाई माओवादीले भ्रष्टाचारी र हत्याराको आरोपमा ०५९ असोज ८ गते राति घरमा बसिरहेको अवस्थामा घरबाट बोलाई धारिलो हतियार प्रयोग गरी हत्या गरे।

दोहोरो भिडन्त

अछाम जिल्लाको सदरमुकाम मंगलसेन र साँफेबगर विमानस्थलमा ०५८ फागुन ४ गते रातिदेखि भोलिपल्ट बिहानसम्म माओवादीहरूले आक्रमण गर्दा ७७ प्रहरी, ५५ सैनिक, २ सर्वसाधारण, ३ कर्मचारी गरी कूल १ सय ३७ जनाको मृत्यु भयो। मृत्यु हुनेहरूमा सिडियो मोहनसिं खत्री, राष्ट्रिय अनुसन्धान विभागका अधिकृत लोकराज उप्रेती र उनकी पत्नी तुलसा उप्रेती, सई लोकबहादुर खड्का, डिल्लीप्रसाद तिमिल्सिना, टेकबहादुर शाही, असई खडकबहादुर भुकाल, केशवदत्त जोशी, प्रेमासी फसाबु, नरेन्द्र रोकाया, देवदत्त जोशी, विनोदकुमार भरू, प्रहरी हवल्दारहरू गोविन्द भुसाल, पूर्णबहादुर भंडारी, जयबहादुर चन्द, चन्द्रबहादुर सिंह, कर्णबहादुर बोहरा, चक्रबहादुर सिंह, रामसिं बडाल, रमेशकुमार चौरसिया, अर्जुनबहादुर कपाडी, भीमबहादुर विष्ट, शेरबहादुर मौनी, दौलतसिंह थापा, मीनबहादुर खड्का, विक्रम चौधरी, यादव जोशी र प्रहरी जवानहरू शिवप्रसाद जोशी, कृष्ण थापा,

दौलतसिं भण्डारी, राजेन्द्र सिहानी, नृप बोहरा, गणेश गिरी, मोहनचन्द्र, नवराज जोशी, उद्धवसिं रावल, सुरतबहादुर बुढा, केशवदत्त जोशी, राजकिशोर पासवान, डवलबहादुर बोगटी, मानसिं धामी, रामआधार राउत, सुरेन्द्रसिं विष्ट, महेशसिं धामी, तेजबहादुर चन्द, प्रेम नाथ, सञ्जयप्रसाद शाह, अम्मरनाथ चौधरी, विजयकुमार मिश्र, खडकबहादुर खडका, महोम्मदसेरुव अली, गोपाल जप्रेल, पुष्कर कुँवर, रमेशदत्त पाण्डे, विनोदकुमार वटाल, केशवराज भरू, नवराज भरू, रामदत्त भरू, परशुराम विश्वकर्मा, लालबहादुर खडका, ऐनबहादुर हमाल, अभयराज पन्त, राजेन्द्रप्रसाद भरू, धनान्द जोशी, सालीमानसिं साउद, लक्ष्मणसिं साउद, जीवन कुँवर, टेकबहादुर साउद, सन्दबहादुर मल्ल, हेमान्नद पन्त, तेजबहादुर धानुक, मानबहादुर साउद, अंगबहादुर धामी, राजन कटुवाल, टेकबहादुर खत्री, यर्कबहादुर ओली, निमादौन लामा, परिचर चक्रप्रसाद जोशी, टिका थापा, हर्कराज भण्डारी, हुलाक कर्मचारी नायव सुब्बा नन्दसिं साउद र सर्वसाधारण रूपराज ढुंगाना लगायत छन्।

माओवादीतर्फ मृत्यु हुनेहरूमा कमाण्डर अर्जुन, पीभीएलएल, जेनाभा सहित वावुलाल, विश्वास। दृष्टि, अविरल, कर्णाली, पहाड, चट्याङ, पृथ्वी, क्रान्ति, जीवन, वीरवल, राजेन्द्र, तुफान, गोपाल, भीमसेन, निरञ्जन, प्रमाण, वदला तथा अन्य तीन जनाको मृत्यु भएको थियो। माओवादीहरूले सोही घटनामा राष्ट्रिय वाणिज्य बैंकबाट ६ करोड रूपैयाँ लुट्नुका साथै हातहतियार आफ्नो कब्जामा लिए। आगो लगाएका कार्यालयहरूमा जिल्ला प्रशासन कार्यलय, अदालत, जिल्ला प्रहरी कार्यालय, जिल्ला विकास समिति, सिंचाई कार्यालय कृषि विकास, पशु सेवा, मालपोत, कारागार, दूरसञ्चार, नापी शाखा, वन कार्यालय, राष्ट्रिय बाणिज्य बैंक, सरकारी वकिलको कार्यालय र गैरसरकारी संस्थाहरूमा अछाम जीवन यापन सुरक्षा आयोजना, सहभागितात्मक जिल्ला विकास कार्यक्रम, युएमएन, डीपीसीपी आदिका कार्यालयका सम्पूर्ण कागजपत्र ध्वस्त पारेका थिए।

वर्दादेवी गाविस स्थित जयगढ बजारमा माओवादी र सुरक्षाकर्मी बीच दोहोरो भिडन्त हुँदा ०५९ असोज ७ गते १ जना माओवादीको मृत्यु भयो।

अन्य

चण्डिका गाविस-९ का २४ वर्षीय युवराज कुँवर र १८ वर्षीय मोहनसिं कुँवर गोरू चराउन बाटामा बसिरहेको अवस्थामा ०५९ जेठ १६ गते अज्ञात व्यक्तिले राखेको बम पड्केर घाईते भए। पीडितको उपचार जिल्ला अस्पताल मंगलसेनमा भयो।

जेल र बन्दीहरू

कूल २५ जना बन्दी क्षमता रहेको अछाम जेल "घ" श्रेणीको हो। ०५८ फागुन ४ गते रातिको घटनामा माओवादीहरूले भत्काएका थिए र जेलमा रहेका सम्पूर्ण बन्दीहरूलाई भगाएका थिए। हाल यस जेलमा कर्तव्य ज्यान मुद्दाका १ जना छन्। जेलको भौतिक अवस्था सुधार कार्य भएको छैन। बन्दीकालागि कुनै आयमूलक तालिमको व्यवस्था छैन।

बेपत्ता /अपहरण

राज्यबाट

भाटाकाटिया गाविस ६ का ३५ वर्षीय हर्कबहादुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित			माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१	१	३	७९	२	५५	१३६	१९	१३	२	४७	६२
घाइति				१	२			२	१	१			१
बम विस्फोटन				१			१	१					
गिरफ्तारी/यातना									३	६			६
बेपत्ता									३	३			३
कुटपिट	१	१	१	६	६			६	११	१३	१	३६	५०
महिलाअधिकार									१		१		१
आर्थिक/सामाजिक अधिकार				४	३		१	४	१	१			१
अमानवीय व्यवहार				१			३	३					
अपहरण				१	२	२		४					
जम्मा	२	२	२	१७	९२	४	६०	१५६	३९	३७	४	८३	१२४

शाहलाई ०५८ फागुन ११ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा घरबाट नै वेपत्ता पारे। पीडितको स्थिति हालसम्म अज्ञात छ।

रामारोशन गाविस-१ का ३८ वर्षीय मानबहादुर साउदलाई घरमा माओवादीको झोला भेट्टाएको आरोपमा ०५८ फागुन ११ गते मंगलसेन बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। हेलिकप्टरमा नेधरी व्यारेकमा लगेको र यातना दिएको कुरा पीडितले बताए।

रामारोशन गाविस ८ का १८ वर्षीय हर्क रोकायालाई ०५८ फागुन ११ गते सुरक्षाकर्मीले घरबाट वेपत्ता पारे। पीडितको बारेमा कुनै जानकारी नभएको कुरा स्थानीय बासिन्दा बताउँछन्।

माओवादीबाट

समाज विकास सचेतन केन्द्र, सोडाकका अध्यक्ष ३५ वर्षीय भक्तराज ढुंगाना, २३ वर्षीय माया शाहा र २० वर्षीय विन्दुदेवी रावललाइ ०५८ माघ ७ गते मंगलसेन विनायक बजारबाट माओवादीले अपहरण गरी २ दिनपछि मुक्त गरे।

अछाम जिविस सभापति ४० वर्षीय कृष्णप्रसाद जैशी र उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष ३५ वर्षीय भिम बहादुर जनाललाई ०५९ असोज १ गते माओवादीहरूले डोटी जिल्लाको सानागाउँबाट अपहरण गरे। भीमबहादुर जनाललाई त्यसै दिन मुक्त गरे भने कृष्णप्रसाद जैशीलाई ३७ औं दिन पछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

वर्दादेवी गाविस जयगढ बजारका २३ वर्षीय सर्व साउद, २४ वर्षीय रामाराम साउद, ३१ वर्षीय लोकबहादुर साउद, २९ वर्षीय बलबहादुर साउद, ३० वर्षीय जगतबहादुर भण्डारी, २२ वर्षीय प्रकाश तामाकार, ४५ वर्षीय कमला ताम्राकार, २२ वर्षीय हरिकेश तामाकार, २५ वर्षीय नारद ताम्राकार, बहार्जी बड, ३५ वर्षीय गगन सिं बड र जनालीकोट गाविसका ३० वर्षीय गणेश सुनार, २७ वर्षीय सुरेन सुनार, २१ वर्षीय भेष सुनार, २९ वर्षीय नप कार्की, ४३ वर्षीय कुस सुनारलाई माओवादीको कार्यक्रम भन्दा भाग लिएको आफूले नदेखेको कुरा बताउँदा ०५८ चैत ३१ गते सुरक्षाकर्मीले कुटपिट गरे।

पायल गाविस-२ का २२ वर्षीय रूपबहादुर कुँवर र सोर्ही गाविस-९ का २७ वर्षीय रमेश कुवरलाई ०५८ फागुन ५ गते बुढिगंगा नजिक चोटट भन्ने ठाउमा सुरक्षाकर्मीले कुटपिट गरे।

पेड्गा माबि मगलसेनका शिक्षक देवेन्द्र, अछाम क्याम्पसका प्रमुख जम्भुनाथ मिश्र र प्रधानाध्यापक रामनाथ ज्वालीलाइ ०५८ फागुन ५ गते मगलसेन सदरमुकाम आक्रमण भएको भोलिपल्ट सुरक्षाकर्मीले कुटपिट गरे।

सुनार गाविस अध्यक्ष तप्त भण्डारीलाई माओवादीले घरछानामा चामल राखेको आरोपमा ०५९ वैशाख ३० गते सुरक्षाकर्मीले निर्ममतापूर्वक कुटपिट गरे।

चण्डिका गाविस-३ बहालपाटा बजारमा नवाठाना गाविसका व्यापारी २७ वर्षीय रूपबहादुर बुढा र चण्डिका गाविस-१ का १६ वर्षीय रेवन्त कठायतलाई विना आरोपमा ०५९ जेठ ३० गते सुरक्षाकर्मीले कुटपिट गरे।

चण्डिका गाविस-५ का २६ वर्षीय यदिन मियाँ, भागेश्वर गाविस-३ का शिक्षक बलबहादुर विष्टलाई विना आरोपमा ०५९ असार ४ गते सुरक्षाकर्मीले बयालपाटा बजारमा कुटपिट गरे।

जनालबंडाली गाविस-२ का १९ वर्षीय गीता बोगटी र २१ वर्षीय भरत बोगटीलाई ०५९ असार ३ गते गाउँमा माओवादीले रैली जुलुस निकाल्दा तिमीहरू पनि थियौ भन्दा आफू संलग्न नभएको बताउँदा सुरक्षाकर्मीले कुटपिट गरे। पीडित दुवैलाई मंगलसेन व्यारेकमा ल्याई ०५९ असार ४ गते रिहा गरे।

चण्डिका गाविस-१ का स्वच्छ वातावरण तथा मानव विकास मञ्च (लाईफ) का सामाजिक परिचालक २० वर्षीय एकिन्द्र कुँवरलाई साँफेबगरबाट एक पेटी चाउचाउ ल्याएको आरोपमा ०५९ मंसिर २५ गते प्रहरीले पेटमा हातले हाने र चाउचाउ बेच्ने व्यापारी दीपक खड्कालाई कुटपिट गरी ठूलो ढुंगा बोक्न लगाए।

सिद्धेश्वर गाविस-१ का २५ वर्षीय रोम कुँवरलाई "ए माओवादी यो झण्डा निकाल" भन्दा "आफूले म गाउँले हुँ" भनेको आरोपमा ०५९ वैशाख २९ गते सुरक्षाकर्मीले साँफेबगरमा कुटपिट गरे।

माओवादीबाट

जनालीबंडाली गाविस-४ का ५८ वर्षीय गोरे च्यातलाई देवता आएको आरोपमा ०५९ वैशाख १९ गते माओवादीले घरबाट बोलाएर कुटपिट गरे। पीडितलाई अब देखि देउता आएमा ज्यानमार्ने धम्की पनि दिए।

कुर्न्लीबंडाली गाविसका ६० वर्षीय रोदे साउदलाई १ वर्ष अगाडि पत्नीको मृत्यु पश्चात् स्थानीय चाल चलन अनुसार बाजा बजाएर दाहसंस्कार गरन लगेको आरोपमा ०५९ वैशाख २२ गते माओवादीले कुटपिट गरी यातना दिए।

गाज्रा गाविस-८ का शिक्षक २४ वर्षीय तेजबहादुर बोहरालाई झुटो बोलेको र तास खेल्दा खेल्दै भेटाएको आरोपमा ०५९ जेठ १३ गते घरमा बसिरहेको अवस्थामा माओवादीले कुटपिट गरी हात भाँचिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा २ वटा मुद्दा दर्ता भए। जसमा एक कर्तव्य ज्यान र डाँका चोरी, ५८ फागुन ६ गते दायर भएको

थियो, जसको फैसला ०५९ मंसिर २९ भैसकेको छ। डाँका चोरी अन्तर्गत ०५९ भदौ ३ गते दायर भएको र फैसला हुन बाँकी नै छ। अरू रेकर्ड ०५८ फागुन ४ गते रातिको घटनामा ध्वस्त भयो।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

अछाम सन्देश साप्ताहिकका सह-सम्पादक २२ वर्षीय विनोद थापालाई ०५८ पुस २४ गते ९ बजे कोठामा अध्ययन गरिरहेको अवस्थामा राति प्रहरीले गिरफ्तार गरे। पीडितलाई २ घण्टासम्म जिप्रकामा राखी कागज बनाएर रिहा गरिएको भोलिपल्ट विहान पुनः सोधपुछका लागि गिरफ्तार गरियो।

देवीस्थान गाविस-३ का ३५ वर्षीय टिकाराम खड्का र कृष्ण वडुलाई माओवादीसँग खिचेको फोटो भेट्टाएको आरोपमा र टिकाराम खड्कालाई पसलमा माओवादीको झोला भेट्टाएको आरोपमा ०५८ फागुन ४ गते को घटनामा कारागारमा नै उनको मृत्यु भएको थियो।

मंगलसेन गाविस-६ का २५ वर्षीय गणेश ढुंगाना, सोही गाविस-२ का २१ वर्षीय डण्डी ढुंगाना र ४० वर्षीय शिक्षक पदम टमटालाई माओवादीको आरोपमा ०५९ जेठ १९ गते २ जनालाई घरवाट र १ जनालाई स्कूलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

वैद्यनाथ गाविस-३ का झंकर विकलाई माओवादीको आरोपमा ०५९ जेठ २२ गते सुरक्षाकर्मीले मंगलसेन सदरमुकाम आउँदा बाटोबाट गिरफ्तार गरे।

महिला अधिकार

रामरोशन गाविसकी १७ वर्षीय एक युवतीलाई ०५८ फागुन १० गते सुरक्षाकर्मीले ढल्यान गोठ छानामा बसिराखेको अवस्थामा माओवादीको आरोपमा नजिकको जंगलमा लगी बलात्कार गरे।

विविध

आगलागी

कुइका गाविस-४ का ३७ घरका परिवारमा माओवादीको आरोपमा ०५९ मंसिर १४ गते सुरक्षाकर्मीले आगो लगाई १ सय ५३ जना पीडित भए। जसमा ८० महिला र ७३ पुरूष रहे।

जिल्लाका ७४ वटा गाविसहरूमा माओवादीहरूले आगजनी र वम विस्फोट गरी क्षति पुऱ्याए।

रामरोशन गाविस-१ का ३८ वर्षीय मानवहादुर साउदको घरमा माओवादीले राखेको झोला भेटाएको आरोपमा ०५९ फागुन १० गते सुरक्षाकर्मीले घरमा आगो लगाए।

संरचना क्षति

मंगलसेन गाविस कैलाश खोलास्थित साना जलविद्युत आयोजनाको पावर हाउसमा ०५९ जेठ ३ गते माओवादीले वम विस्फोट गराई मेशीन तोडफोड गरिदिए।

सिउडी गाविस स्थित सिउडी दूरसञ्चारको टावरमा ०५९ वैशाख ८ गते माओवादीले वम विस्फोटन गराई टावर ध्वस्त पारे।

रिडिकोट गाविस गोडनाडी वड स्थित दोस्रो पहाडी सिंचाई आयोजना र जाल्पादेवी गाविस भकाले स्थित सडक विभागको कार्यालयमा ०५९ जेठ ५ गते माओवादीले आगो लगाई ध्वस्त पारि दिए।

माण्टामाण्डौ गाविस साफेवगर स्थित नेपाल परिवार नियोजनको कार्यालयमा ०५९ जेठ ७ गते माओवादीले कार्यलयको ताला तोडफोड गरी कागज पत्र, कुर्सी, औषधी सम्पूर्ण जलाई दिए।

वदादेवी गाविस कार्यालय, माण्टामाण्डौ गाविस कार्यालय, खानेपानीको कार्यालय, साफेवगर समाज सेवा, उत्पीडित जनजाती तथा महिला सचेतन केन्द्र (वाक), रामारोशन विकास समाज, मालिका वहुउद्देश्यीय सहकारी संस्था, यु.एम.एन. कोड कार्यालय साफेवगर, कृषि विकास, इलाका वन कार्यालय मा ०५८ चैत २७ गते चण्डीका गाविस वयालपाटामा गैगोत्री ग्रामीण विकास मंच, महिला विकास शाखा, रेञ्जरपोष्ट कार्यालय, जाल्पादेवी गाविस भवन र इलाका हुलाक कार्यालयमा, ०५८ चैत १८ गते रिडिकोट गाविस भवनमा चण्डीका गाविस भवन जनालीकोट गाविस भवनमा, ०५८ चैत २३ गते भाग्यश्वर गाविस भवनमा, ०५८ चैत २४ गते माओवादीले सरकारी संरचना भत्काउने आरोपमा छुट्टाछुट्टै स्थानमा गाविस कार्यालय गैरसरकारी संस्थाको कार्यालयमा आगो लगाई भवन कागजातपत्रहरू जलाई ध्वस्त पारे।

सिउडी गाविस कार्यालय, इलाका हुलाक कार्यालय, राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय भवन, रेञ्जर पोष्ट कार्यालय, इलाका कार्यालय र पायल गाविस कार्यालय ०५८ चैत २४ गते माओवादीले हुलाक कार्यालय भवनमा आगो लगाई कार्यालयका कागजपत्र जलाए।

वैद्यनाथ गाविस कार्यालय, लुग्रा गाविस कार्यालय अतिरिक्त हुलाक कार्यालय रोकट गाविस कार्यालय, हुलाक कार्यालय, मार्कु गाविस कार्यलयमा ०५८ चैत २५ गते माओवादीले आगो लगाई कागजपत्र जलाए।

जिल्ला विकास समिति, अछामको वा.१ झ ४८७२ नम्बरको महेन्द्र गाडीलाई माओवादीले ०५९ जेठ ८ गते जाल्पादेवी गाविसको श्रीकोटमा आगो लगाई जलाईदिए।

रिडिकोट गाविसका पूर्व सांसद गोविन्दवहादुर शाहको घरमा माओवादीले आगो लगाई जलाई दिए।

माण्टामाण्डौ गाविस स्थित साँफेवगरमा क्षेत्रीय हुलाक कार्यलय दिपायलवाट र वाजुरा जिल्लावाट आएको डाँक ०५९ जेठ ३० गते र वयालपाटा वजारमा साफेवगर मंगलसेन

सदरमुकामबाट आएको डाँक स्वामी ०५९ जेठ ३१ गते माओवादीले जलाइदिए।

कालागाउँ गाविस-६ का कालु टमाटा, पूर्ण टमाटालाई माओवादी भएको आरोपमा ०५९ असार ९ गते सुरक्षाकर्मीले घरमा आगो लगाई ध्वस्त पारे। पीडितका परिवारले घरमा बस्न नपाई कसैको गाउँमा बस्नु परेको थियो।

मण्टामाण्डौ गाविस स्थित साँफेवगरमा खाद्य संस्थानको अफिसमा र विमानस्थलको टावरमा ०५९ भदौ ४ गते माओवादीले पुनः आगो लगाई जलाइदिए।

गाञ्रा गाविस-४ का पूर्व प्रहरी महानिरीक्षक मोतिलाल वोहराको घरमा माओवादीले ०५९ कार्तिक २४ गते घरमा आफ्नो ताला लगाई झण्डा गाडी प्राङ्गणमा बनाइएको काठको खरको छानामा आगो लगाइदिए। घर बाहिर बम विस्फोटन गराए।

लुग्रा गाविस-९ का अन्दाजी ७२ वर्षीय वृद्धि खड्काको घरमा शोपक सामग्रीको आरोपमा ०५९ कार्तिक ३० गते घरमा भएका घोडा वास्त्रा वाहिर खेदाई माओवादीले आगो लगाई जलाई दिए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

स्वच्छ वातावरण तथा मानव विकास मञ्च (लाईफ) अछामले विश्व मानवअधिकार दिवसको दिन ०५९ मंसिर २४ गते साफेवगरमा मौन शान्ति र्‍याली निकाले जसमा समाजसेवी, वुद्धिजीवी, स्थानीय वासिन्दाको सहभागिता थियो।

५.३ डोटी

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

लडागडा गाविस र अछाम जिल्लाको सोकटगाउँ सीमानामा १ जना महिला सहित ९ जनालाई माओवादीको आरोपमा ०५८ पुस २३ गते प्रहरीले गोली हानी हत्या गरे। पीडितहरूको सनाखत हुन सकेन।

वारपाटा गाविस अम्डाराका शिक्षक ३५ वर्षीय पदमवहादुर वलायर र ३५ वर्षीय महावीर वलायरलाई माओवादीको आशंकामा ०५८ चैत ११ गते सेनाले गोली हानी हत्या गरे। पीडितले मदिरा सेवन गरेको र सुरक्षाकर्मीलाई देखेपछि भाग्न खोजेकाले माओवादीको आशंकामा गोली हानिएको थियो।

वछैन गाविस अन्तर्गत पर्ने छेडागाउँ नजिकैको जंगलमा नाम नखुलेका ५३ जनालाई माओवादीको आरोपमा ०५९ वैशाख १९ गते सुरक्षाकर्मीद्वारा गोली हानी हत्या गरियो।

जनसंख्या	: २१२६७०
साक्षरता प्रतिशत	: ३०
महिला साक्षरता प्रतिशत	: ११
क्षेत्रफल (वर्ग कि. मि.)	: २०२५
गाविस / नपा संख्या	: ५०/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२४
क्याम्पस / उच्च मा.वि.	: १/६
अस्पताल / स्वास्थ्य चौकी	: ४/५१
टेलिफोन लाइन	: ३६२
मोटर सडक (कि. मि.)	: २३५
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ५३
मानव विकास सूचक	: ०.२४९
प्रति एक डाक्टर जनसंख्या	: ३४५११
प्रति परिवार सदस्य संख्या	: ५.६८

लाटामाण्डौ गाविसको गोपघाट वजारदेखी डेढ कि.मि. पर जंगलमा वसेका नाम नखुलेका ५ जनालाई माओवादीको आरोपमा ०५९ वैशाख २१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

वछैन गाविसको विपी नगरमा ३० वर्षीय खडकबहादुर वोहरा र नाम नखुलेका एक जनालाई माओवादीको आरोपमा ०५९ असोज ११ गतेका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

केदार अखडा गाविस-२ मा ३३ वर्षीय लालवहादुर वोहरा र नाम नखुलेका एक जनालाई माओवादीको आरोपमा ०५९ असोज २४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

डोड गाविस-४ घड्गारेका नेकाका जिल्ला कार्यसमितिका कोषाध्यक्ष ६० वर्षीय भक्तवहादुर वोगटीलाई सुराकीको आरोपमा ०५९ असोज ५ गते राति घरबाट वाहिर लोलाई माओवादीले खुकुरीले घाँटी रेटी हत्या गरे। माओवादीले हत्या गरेको भनी सूचना टाँसेका थिए।

निरौली गाविस-७ विपीनगर स्थित दुर्गा प्रावि लमौनेका शिक्षक २४ वर्षीय मिनराज जोशीलाई

सुराकीको आरोप ०५९ कार्तिक ९ गते माओवादीले अपहरण गरी ०५९ कार्तिक १३ गते हत्या गरे। हत्या गरिए पश्चात "मिनराज जोशीको सफाया" शीर्षक राखी सूचना सार्वजनिक गरिएको थियो।

घण्टेश्वर गाविसको गैरामा बभाङ जिल्ला सुर्मा गाविस-५ का १३ वर्षीय मीनबहादुर बोहराको ०५९ मंसिर २७ गते माओवादीले सडकमा राखेको बम विष्फोटनमा परि मृत्यु भयो भने १२ वर्षीय विनोद चुंदारा घाइते भए।

जेल र बन्दीहरू

"ग" श्रेणीको डोटी जेलको क्षमता ४५ जना छ। जेलमा यस वर्षको अन्त्यसम्म ३ जना महिला र २२ जना पुरूष गरी जम्मा २५ जना बन्दी छन्। बन्दीहरूमध्ये कैद नतोकिएका ३ महिला र ११ पुरुष गरी जम्मा १४ जना तथा कैद तोकिएका ११ जना पुरूष छन्।

जेलको अवस्था ज्यादै जीर्ण छ। पानी पर्दा जेल चुहिने भएकोले बन्दीहरूका लागि बस्न अप्ठ्यारो छ। जेलमा बन्दीहरूका लागि मनोरञ्जन, खानेपानी तथा स्वास्थ्य उपचारको राम्रो व्यवस्था नभएको बन्दीहरू बताउँछन्।

बेपत्ता /अपहरण

माओवादीबाट

घागल गाविसका सचिव ३६ वर्षीय रूपबहादुर विकलाई ०५९ साउन २९ गते बयाल भन्ने ठाउँबाट माओवादीले अपहरण गरी कुटपिट गरेर २ दिन पछि मुक्त गरे।

माओवादीहरूले १ सय ८६ विद्यार्थी अपहरण गरे। जसमध्ये १ सय ४४ जनालाई मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

महादेवस्थान गाविस काँडी गाउँका २४ वर्षीय लोकबहादुर रोकायालाई माओवादीको आशंकामा सुरक्षाकर्मीले सोधपुछ गर्दा डरले वास्तविक परिचय दिन नसकेकाले लामिखाल गाविसको तलारामा कुटपिट गरी घाईते बनाए।

तिखान्नर गाविस-३ बाउजिलाका १८ वर्षीय चक्रबहादुर लुहारलाई माओवादीको आशंकामा ०५९ असोज १८ गते सुरक्षाकर्मीले नोकरी गर्न भारततर्फ गइरहेको अवस्थामा जंगलमा कुटपिट गरी घर पठाइदिए।

माओवादीबाट

गाँजरी गाविस- ७ गाँजरीका ४० वर्षीय धनबहादुर कुँवरलाई ०५८ पुस २० गते माओवादीले ज्यानमार्ने धम्की दिनुका साथै घरबाट धनमाल लुटे।

छपाली गाविस-२ कौराडीका ३० वर्षीय नरबहादुर देउवालाई नेकपा (एमाले) पार्टीको सक्रिय समर्थक भएको भनी ०५९ भदौ १६ गते माओवादीले घरमा गई कुटपिट गरी आइन्दा पार्टीमा सक्रिय नहुन धम्की दिए।

छपाली गाविस-२ कौराडीका ३५ वर्षीय मोहनबहादुर देउवालाई राजनीतिक तथा अन्य आरोप लगाई ०५९ भदौ २० गते माओवादीले घरमा गएर कुटपिट गरे।

लामिखाल-६ तलाराका ३२ वर्षीय खडकबहादुर भट्टराईलाई आफ्नो पार्टीको विरूद्ध भ्रम फैलाएको भनि ०५९ असोज २० गते माओवादीले पत्रमार्फत् ज्यानमार्ने धम्की दिएकाले घर छोडेर अन्यत्रै बस्न बाध्य भए।

जिजोंडामाण्डौ-१ उच्चाकोटका ६० वर्षीय ईश्वरबहादुर साउदलाई मदिरा बेचबिखन गरेको भनी ०५९ कार्तिक ३ गते माओवादीले घरमा गई घरबाट बाहिर बोलाई कुटपिट गरी घाईते बनाए।

लाटामाण्डौ गाविसका २५ वर्षीय लोकबहादुर कठायतलाई चोरी गरेको आरोपमा ०५९ कार्तिक ४ गते माओवादीले राति घरमा गई कुटपिट गरे।

महादेवस्थान-३ भुवागाउँका गाविस अध्यक्ष

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या					३	३		३	६	६	११५	१२१
घाईते	२	२		२	२	२		२				
कुटपिट	३	१	२	३	४	४		४	३	३		३
धम्की					४	११		११				
महिला अधिकार	४		४	४								
बालअधिकार	३		३	३	१		१६	१६				
अपहरण					४	५६		५६				
जम्मा	१२	३	९	१२	१८	७६	१६	९३	९	९	११५	१२४

लालबहादुर खड्काको घरमा गाविस अध्यक्ष हुँदा भ्रष्टाचार गरेको आरोपमा धम्की दिंदै ०५९ कार्तिक २८ गते माओवादीहरूले घर आगो लगाई दिंदा भौतिक सामाग्री जलेर नष्ट भए।

निगैली गाविस-७ लमौतेका ५५ वर्षीय वद्रिनाथ जोशीको घरमा सुराकीको आरोपमा ०५९ मंसिर ४ गते माओवादीहरूले घरमा ताल्चा समेत लगाई सपरिवार विस्थापित गराए। घरमा फिर्ता भएमा ज्यानमार्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी मुद्दा ४० वटा दर्ता भएकोमा ३३ वटा फर्स्यौट भई ७ वटा बाँकी रहे भने सरकारवादी फौज्दारी १६ वटा दर्ता भएकोमा ८ वटा फर्स्यौट भई ८ वटा बाँकी रहे। त्यसैगरी दुनियावादी फौज्दारी २८ वटा दर्ता भएकोमा १७ वटा फर्स्यौट भई ११ वटा बाँकी रहे। एक वर्ष लामो अवधिदेखि फर्स्यौट नभएका मुद्दा ७ वटा छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लक्ष्मीनगर गाविसका ४५ वर्षीय जयबहादुर हमाल, ४४ वर्षीय शेरबहादुर साउद, ४५ वर्षीय हर्कबहादुर शाही, २७ वर्षीय नरबहादुर कपड्याल र ४६ वर्षीय डिलसिंह बोहरालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ मंसिर ६ गते प्रहरीले गिरफ्तार गरी १ महिना पछि तारेखमा रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

आन्तरिक द्वन्द्वका कारण १४ घरपरिवार सहित १ सय ९२ जना विस्थापित भए।

बालअधिकार

वगलेक गाविस-३ वगलेक गाउँकी १४ वर्षीय एक वालिकालाई ०५८ माघ १५ गते सोही ठाउँका २५ वर्षीय बहादुर ठकुल्लाले गाउँदेखि घर गइरहेको अवस्थामा नजिकैको जंगलमा बलात्कार गरे।

दिपायल सिलगढी नपा-१३ की १३ वर्षीय एक वालिकालाई ०५८ माघ २५ गते सिलगढी नपा-१४ पागरी लेकगाउँका ३४ वर्षीय विरु विष्टले सोही नपा-१३ र १४ को सिमानामा पर्ने ठाउँमा बलात्कार गरे। पीडित पक्षबाट जिप्रकामा उजुरी दिएपछि घटनामा संलग्न सोही नपा-१४ लेकगाउँका ३० वर्षीय लोकबहादुर विष्ट लगायत्का ५ जनालाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाइएकोमा ४० हजार रूपैयाँ धरौटीमा सार्वजनिक मुद्दामा रिहा गरियो।

महिला अधिकार

दिपायल सिलगढी नपा-१ शिलगाउँकी १७ वर्षीय धनसरा नेपालीलाई ०५९ माघ १९ गते आफ्नै पति १८ वर्षीय तिलक नेपालीले कुटपिट गर्नुको साथै शारीरिक तथा मानसिक यातना दिए। पीडितले पतिसँग सम्बन्ध विच्छेदका लागि जिल्ला अदालतमा मुद्दा दायर गरेकी छिन्।

जातीय विभेद

तिम्वात्तर गाविस-३ डुम्राकोटका १८ वर्षीय तेजबहादुर विकलाई सोही गाविसको होटेलमा चिया पिउँदा होटल मालिकले तल्लो जाति भएको भन्दै भाँडा माझ्न लगाउनुका साथै गाली बेइज्जती गरे।

विविध

संरचना क्षति

यस जिल्लामा माओवादीले ३० गाविसका कागजात र अन्य भौतिक सामाग्री जलाई क्षति पुऱ्याए भने अन्य ५ वटा गाविस भवन पूर्ण रूपमा ध्वस्त भए।

४ वटा अतिरिक्त हुलाक, एक उपस्वास्थ्य चौकी, ९ वटा टेलिफोन लाइन, २ इलाका प्रहरी चौकी र ४ वटा घरमा माओवादीले तोडफोड गर्नुका साथै आगो लगाई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष यो जिल्लाका ४ जनाले आत्महत्या गरे। दुर्घटनामा परी ८ जनाको मृत्यु। चोरी डकैतिका ३ वटा घटना भए।

खिरसैन गाविस-४ फुलोटका जिविस सभापति ५५ वर्षीय भरतबहादुर खड्काको घरमा ०५८ पुस २२ गते माओवादीहरूले आगो लगाउँदा घरका सम्पूर्ण भौतिक सामाग्री जलेर नष्ट भयो।

५.४ बाजुरा



जनसंख्या : १००६२६
साक्षरता प्रतिशत : ३०
महिला साक्षरता प्रतिशत : १०
क्षेत्रफल (वर्ग कि. मि.) : २११८
गाविस / नपा संख्या : २७ /०
निर्वाचन क्षेत्र : १
विद्यालय : १५३
क्याम्पस / उच्च मा.वि. : १ /३
अस्पताल / स्वास्थ्य चौकी : १ /२८
टेलिफोन लाइन : ११५
मोटर सडक (कि. मि.) : ३०
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : २७
मानव विकास सूचकांक : ०.२०१
प्रति एक डाक्टर जनसंख्या : ५०३१३
प्रति परिवार सरदर संख्या : ५.३४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पाण्डुसेन गाविसका माओवादी कार्यकर्ता डवल लुहारलाई ०५८ माघ ५ गते सुरक्षाकर्मीले पाण्डुसेनबाट गिरफ्तार गरी मार्तडी गाविसको चुथी भन्ने ठाउँमा कुटपिट गरी हत्या गरे।

मार्तडी गाविस-२ सिराडीका मालिका उच्चमावि कक्षा ९ मा अध्ययनरत शुक्रराज विकलाई धोका दिएको आरोपमा ०५९ वैशाख १० गते बेलुका माओवादीले घरबाट अपहरण गरे। पीडितको असाज ११ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

कोल्टी गाविसस्थित एयरपोर्ट छेउनेर तथा दैया र थिपिचौर बीचको खोलाको पुल नजिकै सर्वसाधारण र माओवादी कार्यकर्ता गरी २३ जनालाई ०५९ वैशाख २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

धलपुरा प्रावि लुमका प्रधानाध्यापक सतधन विक, जगन्नाथकै काला विष्ट, धन्या कामी लगायत ६ जनालाई ०५९ जेठ ६ गते राति जुगडा गाविसको सिमखेल जङ्गलमा लगि सुरक्षाकर्मीले हत्या गरे। पीडितहरूलाई वैशाख २७ गते जगन्नाथबाट गिरफ्तार गरी ल्याएका १३ जना मध्ये ६ जनाको हत्या गरिएको थियो।

कोल्टी गाविस-३ मा नाम नखुलेका २ जना माओवादी कार्यकर्तालाई ०५९ जेठ २१ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। कोटिला गाविस-७ का एक कृषक चन्द्र शाहीलाई एक जना घाईते माओवादी पालेको आरोपमा सुरक्षाकर्मीले कोल्टी ल्याई गोली हानी हत्या गरे।

काँडा गाविस-४ का ७० वर्षीय सर्प्या भुलको ०५९ भदौ २० गते भवानी माविको प्राङ्गणमा माओवादीको कार्यक्रम हेरिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली चलाउँदा मृत्यु भयो।

काँडा गाविस-२ सेरागाउँका गवल थरका एक व्यक्तिको माओवादीको आशंकामा ०५९ साउन ७ गते स्वप्नड इलाकामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

मार्तडी गाविस-१ रजातोली भन्ने गाउँको एउटा घरमा सुतिरहेको अवस्थामा गिरफ्तार गरी माओवादीले अपहरण गरी आफुसँग बाँधेर राखेका मार्तडी गाविस-२ सिरादीका विद्यार्थी शुक्रराज विक सहित ५ जना माओवादी कार्यकर्ताहरूलाई ०५९ असोज ११ गते बिहान सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पाण्डुसेन-५ का रामलाल दमाई, सोही गाविस-७ का नरबहादुर बोहरा, तुलाबहादुर रावत, सौरे रावत, चन्द्रबहादुर बोहरा, रूप दमाई र काँशी सार्कीलाई ०५९ कार्तिक ११ गते राति पाण्डुसेन गाविस-७ अंगोपानीको एक पसलमा तास खेलिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पाण्डुसेन गाविस-८ का पदमबहादुर शाहीलाई सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिँदै पोरखे लेकमा गोली हानी हत्या गरे।

कोटिला गाविस-२ खोयामा ध्रुव भनिने माओवादी कार्यकर्ता र जगन्नाथ गाविस-४ का लुम भनिने रन्दीप सार्कीलाई ०५९ मंसिर ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

छतरा गाविस-८ सिमला भन्ने ठाउँमा नाम नखुलेका २ जना माओवादी कार्यकर्तालाई ०५९ मंसिर १४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पाण्डुसेन गाविस-९ रिगी छहरा भन्ने ठाउँमा नाम नखुलेका ३ जना माओवादी कार्यकर्तालाई ०५९ पुस १३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

कल्लेरी गाविसस्थित दानसाँघुमा ०५८ चैत ९ गते माओवादीहरूले बेवारिसेरूपमा राखेको बम पड्केर कोल्टी गाविस-५ का कर्ण थापा (भोटे) का १० वर्षीय छोरा पासाङ्ग र ५ वर्षीया छोरी निभा थापाको मृत्यु भयो भने ८ वर्षीय छोरी मिनु थापा गम्भीर घाईते भइन्।

वाई गाविस-७ का जिल्ला हुलाक कार्यालय बाजुराका पियन शेरबहादुर गिरी, सोही गाविस-८ का भानु रोकाया र सोही गाविस- ४ का अंगलाल बोहराको ०५८ चैत ३१ गते मार्तडी गाविस-२ मा माओवादीले थापेको एम्बुसमा परी मृत्यु भयो।

साप्पाटा गाविसका पूर्व गाविस अध्यक्ष नरपति

वुढालाई विभिन्न आरोप लगाई ०५९ वैशाख २ गते माओवादीले घर भन्दा पर लगि कुटपिट गरी हत्या गरे।

कोटिला गाविस-१ मा ०५९ मंसिर ७ गते माओवादीले बीच गाउँमा वम विस्फोट गराउँदा कोटिला गाविस-१ लालचन्द्र चदाराको घर ध्वस्त हुनुका साथै लालचन्द्र चंदारा, उनकी छोरी सावित्री चदारा र कल्च्या लुवारको घटनास्थलमै मृत्यु भयो भने घर निर्माण कार्यमा लागेका मजदुर कोल्टी गाविस-४ का डवल सहानी गम्भीर घाईते भए।

कोल्टी गाविस-८ का टम्वु रोकायालाई सुराकीको आरोपमा ०५९ असार १० गते रातिससुराली घर जुगाडा गाविस-८ रजालीवाट माओवादीले विभिन्न ठाउँ घुमाई यातना दिएर ०५९ असार २३ गते गोत्री इलाकामा हत्या गरे।

जेल र बन्दीहरू

यस जिल्लामा कूल २५ जना क्षमताको जेल छ। "घ" श्रेणीको यस जेलमा कैद तोकिएका ५ र कैद नतोकिएका ५ गरी कूल १० जना वन्दी छन्। जेलको पर्खाल एकदमै जीर्ण छ। सबै वन्दीहरू पुरूष छन्। बन्दीहरूका लागी बाहिर भित्र गरी २ वटा चर्पी र एउटा धारा छ भने मनोरञ्जनकालागि एउटा टिभी उपलब्ध गराइएको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

जगन्नाथ गाविस-१ वस्कंनाका जनकवहादुर शाहीलाई भ्रष्टाचार गरेको आरोपमा ०५९ वैशाख १० गते राति घरवाट बोलाएर माओवादीले अपहरण गरे। पीडितलाई ५ दिनसम्म विभिन्न प्रश्नहरू गरी चन्दा तोकी वैशाख १५ गते मुक्त गरियो।

जगन्नाथ गाविस-७ डिम्वरपानीका श्रीचन्द साहु र सरस्वती निमावि. ढाडाकोटका शिक्षक भरत गिरीलाई सुराकीको आरोपमा ०५९ जेठ १५ गते राति माओवादीले घरवाट अपहरण गरी पीडितलाई १२ दिनसम्म विभिन्न ठाउँमा घुमाई जेठ २७ गते मुक्त गरे।

सुपाना प्रावि साप्पाटाका शिक्षक मन रोकायालाई पार्टीलाई सहयोग नगरेको आरोपमा ०५९ असार ३ गते माओवादीले अपहरण गरे। पीडितलाई ३ दिन पछि रिहा गरे।

कोटिला गाविसका अंग रावललाई सुराकीको आरोपमा ०५९ असार १३ गते वेलुका कोल्टी एयरपोर्टवाट माओवादीले अपहरण गरी १० दिनपछि मुक्त गरे।

सरस्वती निमावि, ढाडाकोटका प्रधानाध्यापक गंगाराम पाध्यालाई सुराकीको आरोपमा ०५९ असोज ५ गते माओवादीले घरवाट अपहरण गरी पीडितलाई धेरै ठाउँ घुमाएर असोज २५ गते मुक्त गरे।

मार्तडी गाविस-१ रजातोलीका प्रावि शिक्षक धनलाल पाध्यालाई सुराकीको आरोपमा ०५९ असोज ९ गते वेलुका माओवादीले घरवाट अपहरण गरी विभिन्न ठाउँ घुमाई मानसिक यातना दिएर असोज २५ गते कोल्टीवाट मुक्त गरे।

कोटिला गाविस-२ का दलवहादुर मल्ललाई सुराकीको आरोपमा ०५९ कार्तिक १८ गते राति माओवादीले घरवाट बोलाई अपहरण गरी विभिन्न ठाउँ घुमाई ५ दिनपछि मुक्त गरे।

छतारा गाविस-८ का शिक्षकद्वय लक्ष्मी जोशी र जयराज जैशीलाई सुराकीको आरोपमा ०५९ मंसिर १६ गते माओवादीले घरवाट अपहरण गरी वेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

मार्तडी गाविस-२ का हर्क जैशी, अम्वरराज जैशी र तुलाराम जैशीलाई माओवादीले विच्छ्याएको विद्युतीय धरापका बारेमा थाहा भएर पनि जानकारी नदिएको आरोपमा ०५९ चैत ३१ गते विहान सुरक्षाकर्मीले कुटपिट गरे।

नेपाल रेडक्रस सोसाईटी, वाजुरा शाखाका कार्यालय सहायक रामबहादुर शाहलाई माओवादीहरूको नामावली भएको सूचना टाँस गर्दा अपहेलना गरेको आरोपमा ०५९ असार ४ गते दिउँसो सुरक्षाकर्मीले वजारमा कुटपिट गरे।

घटनाको प्रकार	माओवादीबाट पीडित					राज्यबाट पीडित				
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	१०	२	१७	२९	१२	२२	१	३९	६२
घाईते	१	१	१		२					
गिरफ्तारी/यातना						५	५		१३	१८
कुटपिट	११	१८	१		१९	४	६			६
धम्की	६	६			६					
आर्थिक/सामाजिक अधिकार	१	२		१	३					
अपहरण	१३	१५			१५					
जम्मा	३८	५२	४	१८	७४	२१	३३	१	५२	८६

छनाग गाविस-८ का नन्दलाल जोशीलाई माओवादीलाई घरमा बस्न दिएको आरोपमा ०५९ मंसिर १४ गते सुरक्षाकर्मीले छनाग मिमलामा कुटपिट गरी घाइते बनाए। पीडितलाई उपचारार्थ नेपालगञ्ज लगियो।

माओवादीबाट

जुकोट गाविस-३ का ७२ वर्षीय मणिजङ्ग शाहीलाई पञ्चायनकालमा प्रधानपञ्च भई भ्रष्टाचार गरेको आरोपमा ०५८ पुस २९ गते माओवादीले कुटपिट गर्नुका साथै घरमा रहेको अन्न लुटे।

रुगिन गाविस-५ का निवर्तमान जिविस सदस्य अजबहादुर मल्लकी पत्नी जमुना मल्ललाई ०५८ माघ १० गते माओवादीले धम्की दिएर साँचो मागी पसल र घरका सामान लुटे।

बाईं गाविसका मकरबहादुर सिंह, शंकरबहादुर सिंह, दलबहादुर शाही, नरबहादुर सिंह, ऐनबहादुर शाही र नन्दबहादुर शाहीलाई रक्सी बनाएको आरोपमा ०५८ चैत १६ गते राति माओवादीले कुटपिट गरी ५ हजार देखि १० हजार रूपैयाँसम्म चन्दा उठाए।

बाईं गाविस-७ का नर सञ्ज्याल र उनका परिवारका अन्य सदस्यलाई ०५९ वैशाख २ गते माओवादीले बोल्यौ भने ज्यानमार्ने धम्की दिई घर लुटे।

जुकोट गाविस-३ का जुकोट गाउँ कमिटी नेकपा (एमाले) का उप-सचिव दयालबहादुर शाहीलाई असहयोग गरेको र सुराकीको आरोपमा ०५९ वैशाख ७ बेलुका माओवादीले घरबाट बोलाई मुसलले हानी कुटपिट गरे। पीडितलाई उपचार गर्न दिइएन।

कोल्टी गाविस-३ की जिल्ला स्वास्थ्य कार्यालय बाजुराकी मासिका शान्ता रेग्मीलाई सुराकीको आरोपमा ०५९ असार २७ गते दिउँसो माओवादीले कोल्टी एयरपोर्टमा सार्वजनिक रूपमा कुटपिट गरे।

जगन्नाथ गाविस-७ की ऐना गिरीलाई सुराकीको आरोपमा ०५९ असोज १५ गते माइती घर कोल्टी आएको अवस्थामा तपाईसँग काम छ भनी माओवादीले कोटिला गाविसमा कुटपिट गरे।

कोल्टी गाविसका निवर्तमान अध्यक्ष एवं नेकपा (एमाले) जिल्ला कमिटीका उप-सचिव नागचन्द्र रेग्मीको घरका परिवारलाई धम्की दिई ०५९ कार्तिक २ गते माओवादीले जेठी पत्नीको भाग बाहेक सम्पूर्ण जायजेथा लुटी घर आफ्नो कब्जामा लिए।

जुकोट गाविस-५ का पूर्व सांसद हिक्मतबहादुर शाहीको जुकोट र कोल्टीमा रहेका घर ०५९ कार्तिक २० गते माओवादीले लुटे। जुकोटमा रहेका परिवारलाई केही नबोल्न धम्की दिई घरमा रहेको सम्पत्ति दुई भाग गरी एक भाग छोडेर गए।

कोटिला गाविस-७ का डबलबहादुर शाहीलाई विस्थापित व्यक्तिको सामान लुकाएर राखेको आरोपमा ०५९ कार्तिक २० गते माओवादीले घरमा कुटपिट गरे।

तोलीदेवलङ पुर्युना घर भएका पूर्व जिविस सदस्य मानबहादुर भण्डारीको घर ०५९ कार्तिक २१ गते माओवादीले घर र छिमेकीले कराएमा ज्यानमार्ने धम्की दिई सम्पूर्ण सम्मान र बस्तुभाउ समेत लुटे।

बाईं गाविस-२ का सरी कामी र खड्क्या विकलाई आफ्ना कार्यकर्तालाई हतोत्साहित गरेको आरोपमा ०५९ पुस १३ गते राति माओवादीले कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बाजुरमा यो वर्ष फैसला हुन बाँकी रहेका पुराना मुद्दाहरू १५ वटा छन्।

गत वर्षको जिम्मेवारी सरेर आएका ६ वटा र यो वर्ष परेका १३ गरी जम्मा १९ मुद्दाहरू परे। जसमा ४ वटा मुद्दाहरू फर्स्यौट भए भने १५ वटा बाँकी छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पाण्डुसेन गाविस-५ का शेरबहादुर शाही र नन्दबहादुर रोकायालाई माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा ०५८ माघ ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी चैत १ गते तारेखमा रिहा गरे।

जगन्नाथ गाविसका पूर्व अध्यक्ष मनबहादुर विष्टलाई गाउँ छोड्न नपाइने भनी ०५९ वैशाख १५ देखि सुरक्षाकर्मीले नजरबन्दमा राखी मानसिक यातना दिए।

राजधानी दैनिकका सम्वाददाता हरिनारायण सञ्ज्याललाई कर्फ्यू उल्लंघन गरेको भनी ०५९ वैशाख २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख २२ गते रिहा गरे।

अनेरास्ववियुका जिल्ला उपाध्यक्ष विक्रमबहादुर शाहीलाई माओवादीसँग सम्बन्धित किताब भेटिएको भनी ०५९ असोज १० गते मार्तडी पावरहाउस चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरी असोज १७ गते तारेखमा रिहा गरे।

जिल्ला स्वास्थ्य कार्यालयका पियन पृथ्वीबहादुर सिंहलाई माओवादी गतिविधिमा संलग्न भएको आशंकामा ०५९ कार्तिक २७ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिविसले रकम निकासा नगरेकाले चालु आर्थिक वर्षको वृद्ध भत्ता एवं असहायहरूले प्राप्त गरेका छैनन्। केही गाविसका वृद्ध-वृद्धाको दुई वर्षदेखि भत्ता नपाएको गुनासो छ।

जिल्ला शिक्षा कार्यलयवाट छात्रवृत्ति र दलित छात्रवृत्ति क्रमश १४ लाख ९ हजार २ सय ५० रूपैयाँ ५ हजार ६ सय ३७ जनालाई र २० हजार २ सय ५० रूपैयाँ ८ सय १ जनालाई वितरण गरिएको जनाइयो।

आन्तरिक द्वन्द्वका कारण यस वर्ष गाउँ १ हजार ४ सय ४५ जना विस्थापित छन्।

विविध

आगलागी

माओवादीले निर्माण गरेका गेडी गाविसका ३ भवन र सप्पाटा गाविसका एक भवनमा सुरक्षाकर्मीले आगो लगाई ध्वस्त पारे।

संरचना क्षति

माओवादीहरूले २७ गाविस मध्ये २६ गाविस भवन, १७ वटा सरकारी कार्यालय र २ वटा गैर सरकारी संस्थाका भवन जलाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यो वर्ष यस जिलामा एकजना महिलाले नदीमा हाम फालेर आत्महत्या गरिन्। एक महिलाको भीरवाट खसेर मृत्यु भयो।

कोल्टी गाविस-३ मा रहेको खाद्य संस्थानको ताला फोडी त्यहाँ राखिएको खाद्य संस्थानको १०० मे. टन र मुगुका लागि विश्व खाद्य कार्यक्रमको १ सय ६० मे.टन चामल माओवादीले लुटे।

जुकोट गाविस-३ का वीर शाहीको घर ०५९ वैशाख ३ गते राति माओवादीहरूले लुटे।

बाई गाविस-७ का हवल्दार कृष्ण गिरीको घर ०५९ कार्तिक २० गते राति माओवादीले सम्पूर्ण सामान लुटे।

कोटिला गाविस-२ का पूर्व अध्यक्ष पदमबहादुर मल्लको घर ०५९ कार्तिक २३ गते राति माओवादीले लुटे।

कोटिला गाविस- १ वीरसैनका पूर्व उपाध्यक्ष वेदप्रकाश पाध्याको वीरसैन स्थित घर ०५९ कार्तिक २४ गते राति माओवादीले लुटे।

प्राथमिक विद्यालय पौष्टिक आहार परियोजनाको पिठो र स्थानीय मार्तडी वजारका व्यापारी शिवलाल पण्डित, नुप थापा, ठाकुर ब्रदर्सको व्यापारिक सामान, भरियाहरू र खच्चडवालालाई ०५९ पुस १५ गते वाह्रविस ७ बाट माओवादीले धम्काएर २२ खच्चर २९ भरियाको सामान लुटे।

रंग बोहरा, पाण्डुसैन गाविस-८ का वृखलाल गिरीको घर पनि माओवादीले लुटे।

५.५ बझाङ

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सुवेडा गाविस-१ का ४१ वर्षीय वृखबहादुर सिंहलाई ०५८ माघ ८ गते सुरक्षाकर्मीले कचाली खोला नजिकै गोली हानी हत्या गरे।

मटेला गाविस-२ का जनप्रिय उच्चमावि, वगडगाउँमा कक्षा १० मा अध्ययरत १८ वर्षीय महेश गिरी र २० वर्षीय नवराज गिरीलाई माओवादीको विद्यार्थी संगठनको सदस्य वनेको आरोपमा ०५९ कार्तिक ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

चैनपुर गाविसको वाहुलीगाउँ नजिकको पुलमा ०५८ चैत २७ गते राति कर्फ्यू आदेश उल्लंघन गरेका कारण चैनपुर गाविस चैनपुर वजारका रंग वादीको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो। यस घटनामा मानसिक स्थिति ठिक नभएकी किणी देवी सुरक्षाकर्मीको गोलीवाट घाईते भइन्।

गयल गाविस-३ मा गस्ती गएका सुरक्षाकर्मीलाई ०५९ जेठ २२ गते एम्बुस थाप्न लागेका सौगान भनिने माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सुनकुटा गाविसको सैन्सुमा खोज तलासको क्रममा नाम नखुलेका तीन जनाको ०५९ जेठ २३ गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

गयल गाविस देउरामा अनन्तराम भट्टलाई ०५९ भदौ २४ खोजतलासको क्रममा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

सुवेडा गाविसको कचाली खोला भन्ने ठाउँमा शाही सेनाका २८ वर्षीय अर्जुन विकलाई आफ्नो विरूद्धमा सुराकीको आरोपमा ०५८ फागुन ९ गते माओवादीले हत्या गरी लास रुखमा झुण्ड्याए ।

झनाना हाट वजारवाट सदरमुकाममा सामान लिन गएका एक खच्चड व्यापारीलाई ०५९ जेठ १६ गते माओवादीले

मालुमेला भन्ने ठाउँमा गोली हानी हत्या गरे।

सुवेडा गाविसका २५ वर्षीय माओवादी कार्यकर्ता गोकर्णबहादुर बमलाई पार्टी महिला कार्यकर्तासँग यौन सम्पर्क गरेका कारण ०५९ जेठ ६ गते माओवादीले गोली हानी हत्या गरे।

भैरवनाथ गाविस-२ का ४५ वर्षीय मानबहादुर धामी, काठमाण्डौं जिल्ला घर भई प्लान इन्टरनेशनल, बझाङ्गमा कार्यरत ४० वर्षीय इश्वरनाथ पोखरेललाई आफ्नो पार्टी विरूद्ध सुराकी गरेको आरोपमा ०५९ जेठ १८ गते माओवादीले खुकुरीले छियाछिया पारी हत्या गरे।

कैलास गाविस-२ का ३५ वर्षीय रामबहादुर सिंहलाई आफ्नो पार्टीको विरूद्ध सुराकी गरेको आरोपमा ०५९ जेठ २१ गते माओवादीले रूखमा झुण्ड्याएर हत्या गरे।

देउलीकोट गाविस वुगलका प्रहरी जवान ३५ वर्षीय मिनबहादुर सिंहलाई ०५९ भदौ ५ गते आफ्नो बावुको किरिया गर्न घरमा आएको अवस्थामा माओवादीले कुटपिट गरी हत्या गरे।

जनसंख्या	: १६१०९२
साक्षरता प्रतिशत	: २७.३५
महिला साक्षरता प्रतिशत	: १२.१
क्षेत्रफल (वर्ग कि. मि.)	: ३४२२
गाविस / नपा संख्या	: ४७ / ०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२६
क्याम्पस / उच्च मा.वि.	: १ /३
अस्पताल / स्वास्थ्य चौकी	: १ /५०
टेलिफोन लाइन	: १३५
मोटर सडक (कि. मि.)	: ६०
प्रहरी कार्यालय संख्या	: १३
हुलाक संख्या	: ४७
मानव विकास सूचकांक	: ०.२०१
प्रति एक डाक्टर जनसंख्या	: ४१७५७
प्रति परिवार सरदर संख्या	: ५.८४

दोहोरो भिडन्त

कैलाश गाविस कैलाशताल लेकको जंगलमा ०५८ फागुन १ गते माओवादी र सुरक्षाकर्मी बीच भएको मुठभेडमा सुरक्षाकर्मीको कारवाहीबाट २५ वर्षीय विमल विक र २४ वर्षीय दीपक जोशीको मृत्यु भयो।

कडेल गाविसको मोते गाउँमा माओवादी र सुरक्षाकर्मी वीच ०५८ फागुन १४ गते दोहोरो मुठभेड हुँदा सुरक्षाकर्मीको गोलीद्वारा २ जना सर्वसाधारण र १ जना माओवादी महिला कार्यकर्ताको मृत्यु भयो। सुरक्षा सनिकायले ४ जना मारिएको भनेता पनि एक जनाको लास फेला परेन।

पाटादेवल गाविसको दारूमा सुरक्षाकर्मी र माओवादी वीच ०५८ चैत २ गते दोहोरो मुठभेड हुँदा सुरक्षाकर्मीको गोलीवाट २ जना माओवादीको मृत्यु भयो।

कैलाश गाविस अन्तरगत पर्ने कैलाश नालको जंगलमा ०५८ चैत १४ गते माओवादी र सुरक्षाकर्मी वीच भएको दोहोरो भिडन्तमा सुरक्षाकर्मीको गोलीवाट १ जनाको मृत्यु भयो।

रायल गाविस-३ रायल भन्ने ठाउँमा माओवादी र सुरक्षाकर्मी वीच ०५९ जेठ १४ गते भएको दोहोरो मुठभेडमा सुरक्षाकर्मीको गोलीद्वारा ६ जना माओवादी र २ जना विद्यार्थी गरी ८ जनाको मृत्यु भयो। पीडितहरूको सनाखत हुन सकेन।

रायल गाविस- ३ रायलमा खोजतलासको क्रममा ०५९ जेठ ३१ गते सुरक्षाकर्मी र माओवादीबीच मुठभेड हुँदा सुरक्षाकर्मीको गोलीद्वारा १ जनाको मृत्यु भयो। पीडितहरूको सनाखत हुन सकेन।

बेपत्ता /अपहरण

माओवादीबाट

भैरवनाथ गाविस-२ की ३५ वर्षीय डल्लीदेवी धामीलाई सुराकीको आरोपमा ०५९ जेठ १९ गते माओवादीले अपहरण गरे। ०५९ जेठ १८ गते माओवादीले पीडितका पतिको हत्या गरेका थिए। पीडितलाई हालसम्म बेपत्ता पारिएको छ।

कँडेल गाविस-६ का सैनपसेला गाविसका सचिव २७ वर्षीय सिद्धराज जोशीलाई गाविसको रकम हिनामिना गरेको आरोपमा ०५९ साल कार्तिक २५ गते माओवादीले अपहरण गरी २ दिन पछि मुक्त गरे।

व्याँसी गाविस-२ का चौघानपाटा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारी ३२ वर्षीय नवराज थापालाई ०५९ कार्तिक २५ गते माओवादीले कार्यलयबाट अपहरण गरी १ दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

मालुमेला गाविस- १ का ४५ वर्षीय रामबहादुर दर्जीलाई माओवादीको कपडा सिलाएको आरोपमा ०५८ माघ १५ गते सुरक्षाकर्मीले बन्दुकको कुन्दाले प्रहार गरी कुटपिट गरे।

माओवादीबाट

चौघारी गाविस-१ का माविका शिक्षक ३५ वर्षीय कृष्णवहादुर थापालाई सुराकीको आरोपमा ०५८ माघ ४ गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरी ज्यानमार्ने धम्की समेत दिए।

चौघारी गाविस-२ का ४० वर्षीय मदनबहादुर धामी र ४५ वर्षीय शिवजी थापाको पसलमा आफूले लेखेको नाग मेटाएको आरोपमा ०५८ माघ २० गते माओवादीले बन्दुकको कुन्दाले हिर्काई मरणासन्न हुनेगरी कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

ब्याँसी गाविस-५ का २५ वर्षीय अर्जुनवहादुर सिंह, सोही गाविस-४ का ५५ वर्षीय रामवहादुर खड्काको घरमा लेखेको नारा मेटाएका कारण ०५८ माघ २८ गते माओवादीले ज्यानमार्ने धम्की दिई वम प्रहार गर्न खोजे।

मलुमेला गाविस अन्तर्गत पर्ने जडारी गाडको खोला नजिक माओवादीले थापेको एमवुसमा परी ०५८ फागुन १ गते २ जना सैनिक जवान घाइते भए।

मटेला गाविस-३ का २५ वर्षीय प्रकाशवहादुर कठायतलाई मादक पदार्थ विक्री-वितरण गरेको आरोपमा ०५९ भदौ १७ गते माओवादीले ज्यानमार्ने धम्की दिई कुटपिट गरे।

ब्याँसी गाविस-५ का ६५ वर्षीय जीनवहादुर सिंहलाई खाना खुवाउँदा जातीय भेदभाव गरेको भन्ने आरोपमा ०५९ कार्तिक २५ गते माओवादीले कुटपिट गरी ज्यानमार्ने धम्की दिए।

वोज गाविस-४ का ४५ वर्षीय गणेश मल्ललाई ०५९ जेठ ३ गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरी घरमा भएको नगद, सुन, चाँदी गरी ५ लाख रूपैयाँ वरावरको धनमाल लुटे। पीडितलाई घटनाका वारेमा कुनै ठाउँमा पनि जानकारी गराएमा ज्यानमार्ने धम्की दिए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सुवेडा गाविस-१ का २२ वर्षीय नाम नखुलेका एकजना सर्वसाधारण व्यक्तिलाई सुराकीको आरोपमा ०५८ माघ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए।

मालुमेला गाविस-१ का ४१ वर्षीय सधनवहादुर दर्जीलाई माओवादीको कपडा सिलाएको आरोपमा ०५८ माघ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरेर सोही दिन रिहा गरियो।

मालुमेला गाविसकी २० वर्षीय राधिका कुमारी गिरी र सोही ठाउँका १८ वर्षीय विमलाकुमारी गिरीलाई ०५८ माघ १४ गते जनप्रिय उच्च मावि वडागाउँमा अध्ययन गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुर्व्यवहार गरी यातना दिएर केही समय पछि रिहा गरियो।

रिठापाटा गाविस-३ का २१ वर्षीय दिपकवहादुर कठायतलाई ०५८ माघ ८ गते कचाली खोला नजिक होटलमा चिया नास्ता गरिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए।

कडेल गाविस-३ का २८ वर्षीय विष्णुवहादुर रोकाया, २६ वर्षीय चन्द्रवहादुर कठायत लगायत ७ जना सर्वसाधारणलाई माओवादीको आशंकामा ०५८ फागुन १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी वालुवामा सुताई यातना दिए। पीडितलाई पछि रिहा गरियो।

मझीगाउँ गाविस-३ का नेपाल शिक्षक संगठनका क्षेत्रीय सदस्य ३५ वर्षीय शिवभक्त जोशीलाई ०५८ चैत १५ गते जिल्ला सदरमुकाम चैनपुरवाट सुरक्षाकर्मीले गिरफ्तार गरी पानीमा भिजाएको वोरा भित्र राखी वाँधेर यातना दिए। पीडितलाई ५ दिन पछि रिहा गरियो।

मालुमेला गाविस-२ का मालुमेला रेञ्जपोष्टमा कार्यरत्

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१		१	१	८	८		३	११	१२	६	१	१७	२४
घाइते	१	१		१	८	७		२	९	१		१		१
वम विस्फोटन					६			४	४	१			१	१
गिरफ्तारी/यातना										१२	११	३	१०	२४
कुटपिट					१	१			१	४	४			४
धम्की	१	१		१	१३	९		९	१८					
जातीय विभेद	१०	१०		१०										
महिला अधिकार	१५		१५	१५										
वालअधिकार	१	१		१	३			२५१	२५१					
आर्थिक/सामाजिक अधिकार	५	५		५	१			१	१					
अमानवीय व्यवहार					१		१		१					
अपहरण					४	३	१		४					
जम्मा	३४	१८	१६	३४	४५	२८	२	२७०	३००	३०	२१	५	२८	५४

३५ वर्षीय डवल गिरीलाई माओवादीको आशंकामा ०५९ जेठ १३ गते खोज तलासका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी लात्तीले हिर्काई यातना दिए।

मटेला गाविस-३ का १४ वर्षीय रामधन ओंडलाई ०५९ भदौ २५ गते खोज तलासको क्रममा सुरक्षाकर्मीले आफूहरू देखि भाग्न खोज्दा गिरफ्तार गरी मुखबाट रगत निस्कने गरी कुटपिट गरी यातना दिए।

महिला अधिकार

व्यासी गाविस - २ का ४० वर्षीय डवलवहादुर थापाले ०५९ भदौ १० गते आफ्नी पत्नीलाई घरमा कुटपिट गरी शरीरमा भएका सम्पूर्ण कपडा निकाली नाङ्गै पारी घरबाट निकालि दिए।

जातीय विभेद

सुनकुडा गाविस-१ का ३६ वर्षीय रामबहादुर विकलाई सार्वजनिक धारोमा पानी खाएको आरोपमा ०५८ फागुन ९ गते सोही गाविसका रामवहादुर खड्काले अपशव्द गाली बेइज्जती गरी ज्यानमार्ने धम्की दिए।

सैनपसेला गाविस-५ का ३६ वर्षीय मदनवहादुर लुहारले सार्वजनिक धारोमा पानी खान खोज्दा ०५९ वैशाख २१ गते सोही गाविसका २४ वर्षीय धनवहादुर जप्रेलले अपशव्द गाली बेइज्जति गरी पानी पिउनबाट वञ्चित गरे।

व्याँसी गाविस-६ का कृषक ४५ वर्षीय धनगिरी कामीलाई दलित भएकै कारण ०५९ आसोज २ गते सोही गाविस-४ का दलवहादुर खड्काले सार्वजनिक स्थानमा छाना निर्माण गरिरहेको अवस्थामा "ए डुम त्यो मेरो जग्गा हो त्यहाँ वस्न पाईदैन" भनी गाली बेइज्जती गरी घरछाना निर्माण गर्नबाट वञ्चित पारे।

विविध

संरचना क्षति

माओवादीले ४० वटा गाविस भवन र गाविस भवनमा रहेका सम्पूर्ण कागजपत्र जलाई नष्ट पार्नुका साथै हवाई कार्यालयको टावर, सडक विभागको कार्यालयमा रहेका सवारीका साधनहरू, खानेपानी जिल्ला कार्यालय, जिल्ला अदालत, झोता इलाका रेञ्जपोष्ट र सिंचाई कार्यालय, अतिरिक्त हुलाकका सम्पूर्ण कागजात तथा एउटा बिजुली पावर हाउसमा वम प्रहार गरी नष्ट पारे।

यस जिल्लामा रहेका सम्पूर्ण अतिरिक्त हुलाक, इलाका हुलाक सबै माओवादीले वन्द गराए। जिल्ला सदरमुकाममा रहेको जिल्ला हुलाक कार्यालय मात्र संचालित छ। हुलाक सेवामा कार्यरत कर्मचारीलाई माओवादीले काम नगर्न धम्की दिएका कारण कर्मचारीहरूले डर त्रासका कारण काम गर्न छाडिदिएका छन्। हुलाक सेवाबाट यस जिल्लाका जनता पूर्णरूपमा बञ्चित रहे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष ३ जना महिलाले आत्महत्या गरेको घटना सार्वजनिक जानकारीमा आयो। व्यक्तिगत कारणले भएका कुटपिटका घटनामा १५ जना पुरुष पीडित भए। चोरीका ३ वटा घटना सार्वजनिक जानकारीमा आए।

५.६ कञ्चनपुर

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

टैजी गाविस-८ चम्फापुरका ३५ वर्षीय रंगनाथ भण्डारी, १७ वर्षीय दीर्घराज भण्डारी, ४० वर्षीय टेकवहादुर रावल, २७ वर्षीय सिद्धराज पाण्डे र १८ वर्षीय हर्क सार्कीलाई माओवादीको आरोपमा ०५८ पुस १७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

शंकरपुर गाविस-४ मा नाम नखुलेका ३ जना महिला र २ जना पुरुषलाई माओवादीको आरोपमा ०५८ माघ ८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

दैजी गाविस-९ चथरीमा १ जना महिला सहित ४ जनालाई माओवादीको आरोपमा ०५८ माघ २२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको सनाखत हुन सकेन।

दैजी गाविस-१ मा एक जनालाई माओवादीको आरोपमा ०५८ फागुन ३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूको सनाखत हुन सकेन।

शंकरपुर गाविसको पर्सियामा नाम नखुलेका तीन जनालाई माओवादीको आरोपमा ०५८ फागुन २५ गते सुरक्षाकर्मीले हत्या गरे।

शंकरपुर गाविस-८ मा नाम नखुलेका तीन जनालाई माओवादीको आरोपमा ०५८ चैत २ गते सुरक्षाकर्मीले हत्या गरे।

झलारी गाविस-३ अमरपुरमा नाम नखुलेका ३ जनालाई माओवादीको आरोपमा ०५८ चैत १७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

वेलडाँडी गाविसको खैरीघाटमा नाम नखुलेका तीन जना माओवादी कार्यकर्ताको ०५९ वैशाख ८ गते वेलुका भएको दोहोरो भिडन्तमा घटनास्थलमा मृत्यु भयो भने २ जना महिला माओवादी सुरक्षाकर्मीको कब्जामा परेपछि हत्या गरियो। सो घटनामा १ जना निर्दोष महिला घाईते भएकी थिइन्।

रैकवार विचवा गाविस-७ पिपरीयामा एक महिलालाई ०५९ वैशाख २१ गते सुरक्षाकर्मीले बोलाउँदा नरोकिएपछि गोली हानी हत्या गरे।

झलारी गाविस-४ धरमपानीका सुन्दरलाल चौधरी, दुर्गादत्त जोशी, जानकी साउद, सन्त भनिने सहित ६ जना लाई माओवादीको आरोपमा ०५९ साउन १० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पिपलाडी गाविस-३ लक्ष्मीपुरका धनबहादुर चौधरी ०५९ भदौ ५ गते सुरक्षाकर्मी देखि डरले भागेपछि रोक्न खोज्दा नरोकिए पछि सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सोही दिन सोही गाविसका सरीता र प्रविना चौधरीलाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बाइसेविचवा गाविस-१ विनापुर्गमा रुपलाल चौधरी, लाहुन चौधरी, राजेश राना र मनमती सहित ६ जनालाई माओवादीको आरोपमा ०५९ भदौ १२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

पिपलाडी गाविस-५ का राष्ट्रिय मावि पिपलाडीमा कक्षा ७ मा अध्ययनरत सुन्दर चौधरी, ६ कक्षामा अध्ययनरत परदेशनीकुमारी चौधरी र यसै वर्ष पढाइ छाडेका प्रकाश चौधरीलाई माओवादीको आरोपमा ०५९ भदौ २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

दैजी गाविस-९ वडी देजीका रत्न प्राविका शिक्षक सुरेश राना र सरजु रानालाई माओवादीको आरोपमा ०५९ असोज १० गते राति घरवाटै गिरफ्तार गरी सुरेश रानालाई हत्या गरियो भने सरजु रानालाई वेपत्ता पारियो।

पिपलाडी गाविस-६ का २८ वर्षीय जगनराम चौधरीलाई ०५९ असोज १५ गते गाविसमा काम गर्दागर्दै खाना खाइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी १६ गते गोली हानी हत्या गरे।

जनसंख्या	: ३७७८९९
साक्षरता प्रतिशत	: ६६.५६
महिला साक्षरता प्रतिशत	: ५३.६१
क्षेत्रफल (वर्ग कि. मि.)	: १६१०
गाविस / नपा संख्या	: १२/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३१२
क्याम्पस / उच्च मा.वि.	: ८/११
अस्पताल / स्वास्थ्य चौकी	: २/२१
टेलिफोन लाइन	: २४७०
मोटर सडक (कि. मि.)	: २१५
प्रहरी कार्यालय संख्या	: १४
हुलाक संख्या	: २३
मानव विकास सूचकांक	: ०.३३२
प्रति एक डाक्टर जनसंख्या	: २०९९४
प्रति परिवार सरदर संख्या	: ६.२८

रामपुर विलासपुर गाविस-५ का गणेश चौधरी, सापकोटा थरको एक महिला र एक जना नाम नखुलेका व्यक्तिलाई माओवादीको आरोपमा ०५९ असोज २३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुरक्षाकर्मीको गस्तीलाई लक्षित गरी धराप थाप्ने एक जना माओवादीको ०५९ कार्तिक ३० गते सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो भने १ जना सुरक्षाकर्मी सामान्य घाईते भए।

महेन्द्रनगर नपा-१९ वागफाँटास्थित एक घरमा आश्रय लिई बसिरहेका ६ जना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरे।

माओवादीबाट

कृष्णपुर गाविस-४ धेयाका ६५ वर्षीय मदनराज जोशीलाई ०५८ माघ ५ गते माओवादीले आफ्नै घरवाट बाहिर लगी घाँटी रेटेर हत्या गरे।

दैजी गाविस-८ चम्फापुरका १८ वर्षीय हिक्मत विष्टलाई सुराकीको आरोपमा ०५९ माघ ७ गते माओवादीले घरवाट नजिकैको खोलाको किनारमा लगी घाँटी रेटेर हत्या गरे।

कालिका गाविस-५ का २७ वर्षीय पदमबहादुर थापालाई सुराकीको आरोपमा ०५९ फागुन २ गते माओवादीले हात पछाडी बाँधेर घर नजिकै घाँटी रेटेर हत्या गरे।

कृष्णपुर गाविस-७ का नेकाका सक्रिय सदस्य २६ वर्षीय निर्मल ओझालाई ०५८ फागुन १० गते माओवादीले घाँटी रेटेर हत्या गरे।

रामपुर विलासपुर गाविस-३ शिवनगरका २३ वर्षीय किसिमलाल चौधरीलाई सुराकीको आरोपमा ०५८ चैत-१५ गते घरमा सुतिरहेको अवस्थामा माओवादीहरुले गोली हानी हत्या गरे।

पिपलाडी गाविस-५ का चौधरी थरका एक व्यक्तिलाई ०५९ असोज ४ गते माओवादीले धारिलो हतियार प्रयोग गरी हत्या गरे।

महेन्द्रनगर नपा-१९ का नेका जिल्ला कार्य समिति सदस्य प्रेमबहादुर मल्ललाई सुराकीको आरोपमा ०५९ कार्तिक ७ गते माओवादीले हातखुट्टा भाँची गोली हानी हत्या गरे।

बाइसेविचवा गाविस नोगड्डाका ३५ वर्षीय मणीराज

पाण्डेलाई प्रहरीलाई ट्र्याक्टर दिनुका साथै सुराकी गरेको आरोपमा ०५९ कार्तिक १० गते माओवादीले हात पछाडि बाँधी घाँटी रेटेर हत्या गरे। माओवादीहरूले ट्र्याक्टरमा आगो लगाए।

त्रिभुवनवस्ती गाविस-१ का नेकां महाधिवेशन प्रतिनिधि मेघराज कोइरालालाई ०५९ कार्तिक २१ गते माओवादीले "एक जना घाइतेको उपचार गर्नुछ" भनी बोलाएर घाँटी रेटेर हत्या गरे।

पिपलाडी गाविस-४ का पूर्व वडाध्यक्ष तथा नेकांका कार्यकर्ता रमेशबहादुर थापालाई ०५९ मंसिर २ गते सोही गाविसको वंसाहर चौराहमा माओवादीले मुखमा विस्फोटक पदार्थ पड्काएर हत्या गरे।

सुडा गाविस-७ मुसेपानीका २७ वर्षीय पदमबहादुर भाटलाई ०५९ मंसिर २६ गते माओवादीले नजिकैको जंगलमा गोली हानी हत्या गरे।

रामपुर विलासपुर गाविस-९ रतनपुरका शिक्षक अन्तराम भट्टलाई सुराकीको आरोपमा ०५९ मंसिर ८ गते माओवादीले घरबाट बाहिर नहरमा लगी घाँटी रेटेर हत्या गरे।

इलाका प्रहरी कार्यालय, त्रिभुवनवस्तीमा कार्यरत स्वत्री थरका प्रहरी हवल्दारलाई सोही गाविस- ४ मा माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

महेन्द्रनगर नपा- १८ सालघारीमा ०५८ माघ २६ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा सेनाको गोलीबाट १ जना माओवादीको मृत्यु भयो भने सेना तर्फ २ जना सामान्य घाइते भए।

शंकरपुर गाविसको चान्देउमा ०५८ फागुन १७ गते भएको दोहोरो भिडन्तमा इलाका प्रहरी कार्यालय वेलौरीका सई ४० वर्षीय नैनसिंह विष्ट, असई ३८ वर्षीय रघुवीर बोहरा र प्रहरी ३० वर्षीय मदनसिंह धामीको मृत्यु भयो भने अन्तराम पन्त घाईते भए। सोही घटनामा २ जना माओवादीको मृत्यु भयो।

गोली/बम/एम्बुस द्वारा घाइते

राज्यबाट

महेन्द्रनगर नपा-४ बजारमा मानसिक सन्तुलन बिग्रेका एक व्यक्तिलाई ०५८ फागुन ९ गते सुरक्षाकर्मीले गोली हानी घाईते बनाए। उनलाई उपचारार्थ नेपालगञ्ज पठाइयो।

माओवादीबाट

दैजी गाविस- ९ मा ०५९ असार १९ गते माओवादीले थापेको विद्युतीय धरापमा परी १४ वर्षीय शान्ति घाइते भइन्।

कालिका गाविस स्यीएजी बोर्डिङ्ग स्कूलमा माओवादीले झुण्डाएको तुल बम निस्क्रिय पार्न खोज्दा ०५९ कार्तिक २२ गते प्रहरी जगत सिंह धामी घाइते भए।

श्रीपुर गाविस-४ शान्तिनगरका ४५ वर्षीय भगीरथ पाण्डेलाई ०५९ असोज १२ गते आफ्नै पसलमा माओवादीले गोली हानी घाइते बनाए।

देखतभुली गाविस-१ को चानदेउमा माओवादीले थापेको एम्बुसमा भारतीय नागरिक जयन्त जयसवाल चढेको गाडी से. १ ज १४४ एम्बुसमा परी बिस्फोट हुँदा ०५९ मंसिर ४ गते घटनास्थलमा मृत्यु भयो भने सो गाडीका चालक रामचन्द्र पन्त र अर्को एक भारतीय नागरिक नवलकिशोर द्विवेदी र अजय कुमार देवल घाईते भए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	४	१	५	१३	१६			१६	१७	३३	१५	१५	६३
घाईते					८	१२	१		१३	३	३			३
गिरफ्तारी/यातना										९	१५	३		१८
बेपत्ता										२	३			३
कुटपिट	१	१		१	६	६			६	१	१			१
धम्की					२	२		१	३	१	१			१
जातीय विभेद	१	१		१										
भूमिहीन/सुकुम्वासी										१			८०	८०
महिला अधिकार	२		३	३						१		१		१
जम्मा	९	६	४	१०	२९	३६	१	१	३८	३५	५६	१९	९५	१७०

जेल र बन्दीहरू

यस जिल्लामा रहेको जेल "ग" श्रेणीमा पर्दछ। ७५ जना क्षमता भएको उक्त जेलमा यस वर्षको अन्त्यमा कैद तोकिएका ६८ जनासमेत १ सय ६ जना बन्दी छन्। बन्दीहरूमध्ये ९ जना महिला छन्।

बेपत्ता /अपहरण

राज्यबाट

बेलडाँडी गाविस चवन्नी बजारका कक्षा ८ मा अध्ययनरत विष्ट थरका विद्यार्थीलाई ०५९ साउन २३ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी बेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

महेन्द्रनगर नपा-१८ स्थित नपाको कार्यालयमा कार्यरत नगर प्रहरी २६ वर्षीय करनसिंह कठायतलाई टाँगावालासँग ज्यादति गरेको आरोपमा ०५८ माघ ४ गते वडा प्रहरी कार्यालय, महेन्द्रनगरका सई डम्बरबहादुर थापाले कुटपिट गरे।

कृष्णपुर गाविस-१ सुन्दरीफाँटाका ३३ वर्षीय चामुलाल चौधरीलाई माओवादीको आरोपमा ०५९ साउन २९ गते सुरक्षाकर्मीले कुटपिट गरे।

राजधानी दैनिकका सम्वाददाता रवगेन्द्र पन्तलाई ०५९ पुस ९ गते जिल्ला प्रहरी कार्यालयका सई कुबेर चन्दले समाचार माग्दा अभद्र व्यवहार गर्दै ज्यानमार्ने धम्की दिए।

माओवादीबाट

लक्ष्मीपुर गाविस-९ खिर्गैयाका ४० वर्षीय जगतसिंह कुँवरलाई जुवातास तथा मदिरा बिक्री-वितरण गरेको भनी ०५८ माघ ६ गते राति माओवादीले कुटपिट गरे।

झलारी गाविस-४ का महादेव सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष तथा नेका समर्थक ४३ वर्षीय गगनसिंह ऐरीलाई ०५८ माघ ८ गते माओवादीले कुटपिट गरी हात भाँचिदिए।

कालीका गाविस-५ का ३४ वर्षीय छोटीलाल चौधरीलाई आफूहरू विरुद्ध प्रचार गरेको आरोपमा ०५८ फागुन ११ गते राति घरमा माओवादीले कुटपिट गरी घाइते बनाए।

झलारी गाविस-३ डोटीका ५२ वर्षीय सर्वसिंह ऐरलाई ०५८ फागुन २७ गते राति माओवादीले कुटपिट गरे।

महेन्द्रनगर नपा-४ र १८ का व्यापारीहरूलाई बन्दको दिन पसल खोलेको आरोपमा ०५८ चैत १८ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

पिपलाडी गाविस-५ का वडासदस्य पूर्णबहादुर डंगौरालाई ०५८ चैत २२ गते माओवादीले कुटपिट गरी बायाँ खुट्टा भाँचिदिए।

बेलडाँडी गाविस-५ का ५२ वर्षीय प्रेमसिं साउदलाई आफूहरू विरुद्ध भ्रम फैलाएको आरोपमा ०५८ चैत २८ गते माओवादीले घरमा आई ज्यानमार्ने धम्की दिए।

बेलडाँडी-४ रतनपुरका २६ वर्षीय अक्कलबहादुर विष्टलाई एमालेमा लागेको आरोपमा ०५९ असोज १२ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

लक्ष्मीपुर गाविस-६ का नगेन्द्र शाहीलाई सुराकीको आरोपमा ०५९ कार्तिक २५ गते माओवादीले खुकुरी, लाठी र ढुंगा प्रहार गरी कुटपिट गर्नुका साथै हातखुट्टा भाँचिदिए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

लक्ष्मीपुर गाविस-४ दिनापुरका नेकपा (एमाले) कार्यकर्ता ३७ वर्षीय पुस्कल चौधरी र राष्ट्रिय जनमोर्चाका सदस्य ३५ वर्षीय शरद चौधरीलाई माओवादीको आशंकामा ०५८ पुस २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई २ दिन पछि तारेखमा रिहा गरियो।

महेन्द्रनगर नपा-१८ जानकी टोलका ३९ वर्षीय पुस्कर शाहीलाई सैनिक पदमसिंह भाटलाई गोली प्रहार गरी घाइते तुल्याएको आरोपमा ०५८ पुस २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई ४ महिना पछि जिल्ला प्रहरी कार्यालयमा पुऱ्याइयो।

त्रिभुवनबस्ती गाविस- १ का १८ वर्षीय अमर सुनारलाई बलात्कार गरेको आरोपमा ०५९ साउन ९ गते प्रहरीले गिरफ्तार गरी कुटपिट गरे।

महेन्द्रनगर नपा- १९ बागफाटा हिरापुरटोलका ३३ वर्षीय मन्सा जौरालाई माओवादी भएको आशंकामा ०५९ भदौ ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए।

त्रिभुवनबस्ती बजारका जीवन अधिकारीलाई पसलमा तरकारी बेचेको रुपैयाँ माग्न जाँदा ०५९ भदौ ७ गते इलाका प्रहरी कार्यालय त्रिभुवनबस्तीका इन्सपेक्टरले एकरात थुनामा राखि मानसिक यातना दिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

टैजी, कृष्णपुर गाविस र ब्रह्मदेव खल्लामा लामो समयदेखि बस्दै आएका ८२ घर सुकुम्बासीका छाप्रा वन कार्यालयले विभिन्न मितिमा भत्काउनुका साथै आगो लगायो। सुकुम्बासीहरूलाई वन क्षेत्र अतिक्रमण गरेको आरोपमा उनीहरूका छाप्रामा आगो लगाइएको थियो।

आन्तरिक द्वन्द्व कारण २९ व्यक्ति विस्थापित भएको जानकारीमा आयो।

बालअधिकार

कालिका गाविसकी १३ वर्षीय एक बालिकालाई ०५९ जेठ २५ गते सोही ठाउँका जोगी धामी, मानसिंह धामी र राजेन्द्र सुनारले बलात्कार गरे। पीडकहरू फरार छन्।

दैजी गाविसमा मुक्त कमैया शिविरमा रहेकी ११ वर्षीय एक बालिकालाई ०५९ भदौ ३१ गते २ जना सादा पोशाकमा रहेका हतियारधारीले पालैपालो बलात्कार गरे। पीडितले पीडकहरू प्रहरी भएको बताइन्।

महिला अधिकार

महेन्द्रनगर नपा-१० तिलकंनिकी १७ र १६ वर्षीय दुई युवतीलाई ०५९ वैशाख १० गते सोही ठाउँका चन्द्रादेवी लुहार र राम लुहार सहितका व्यक्तिहरूले भारत लगी बिक्री गरे।

जातीय विभेद

पिपलाडी गाविस-९ का नन्दराम ओडलाई ०५९ असार २६ गते सोही ठाउँका दतबहादुर बोहरा, गम्भीरे धामी, वीरबहादुर कुवँर र अग्नी जोशीले जातीय रूपले अपहेलित गर्दै दुर्व्यवहार गरे। पीडितले झलारी थानामा उजुरी दिएपछि मिलापत्र भयो।

विविध

संरचना क्षति

माओवादीले १३ वटा गाविस जलाउनुका साथै बम विस्फोट गरे। त्यसैगरी साना किसान सहकारी बैंक जलाई बम विस्फोट गरे। बाणिज्य बैंक, बेलौरी शाखामा लुटपाट तथा तोडफोड गरे। त्यसैगरी ३ वटा प्रहरी चौकी तथा ९ वटा वन र आरक्षणका रेञ्जपोष्ट जलाए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष व्यक्तिगत कुटपिटका ८ वटा, चोरी-डकैतिका १० वटा, अत्यधिक मदिरा सेवनबाट मृत्युको एउटा घटना भयो। जंगली जनावर (हात्ती) को आक्रमणमा परी १ जना महिलाको मृत्यु भयो। त्यसैगरी १० वटा ठाउँमा माओवादीले बम राखी आतंकित पारे।

५.७ डडेल्धुरा

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

जोगबुडा गाविस-४ घुम्टेगाडामा ०५८ पुस १८ गते भाग्न खोज्ने एक जना महिला सहित दुई जना माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जोगबुडा गाविस-१ मा ०५८ माघ ३ गते सुरक्षाकर्मीको गोलीबाट तीन जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

आलिनाल गाविस-८ घिमडाका २१ वर्षीय प्रेम विटालु र डोटी जिल्ला बुडरका २० वर्षीय ठगी सार्कीलाई माओवादीको आरोपमा ०५८ माघ ११ गते जोगबुडा गाविस-१ गुदडी बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन जोगबुढा गाविस-१ खजुरानीमा गोली हानी हत्या गरे।

जोगबुढा गाविस-५ का १६ वर्षीय टिलबहादुर जाग्री र २१ वर्षीय दलबहादुर धामीलाई ०५८ माघ १८ गते सुरक्षाकर्मीले हिरामनबाट शिर्ष गाविस-७ गनामाटा भन्ने ठाउँमा पुऱ्याई गोली हानी हत्या गरे। पीडितहरूलाई माओवादीको आरोपमा माघ १५ गते दिउँसो जोगबुडा गाविस-१ लालढुंगा बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

आलिनाल गाविस-५ गोदाम बजारको एक पसलबाट अर्जुन शाहीलाई माओवादीको आरोपमा ०५८ फागुन ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन मौरी जंगलमा गोली हानी हत्या गरे।

शिर्षगाविस-७ कटालमा दुई जना माओवादी कार्यकर्तालाई ०५९ वैशाख २ गते सुरक्षाकर्मीले हत्या गरे।

जोगबुडामा एक जना माओवादी कार्यकर्तालाई ०५९ वैशाख २७ गते सुरक्षाकर्मीले हत्या गरे।

जोगबुडा गाविस-१ गुढडी बजारबाट ०५९ जेठ ११ गते सुरक्षाकर्मीले जोगीको भेषमा हिँडिरहेका एक माओवादी कार्यकर्तालाई गिरफ्तार गरी हत्या गरे। पीडित व्यक्तिको नाम, ठेगाना थाहा हुन सकेन।

जोगबुडा गाविस-७ भित्रिसालमा ०५९ जेठ २१ गते दिउँसो ४ बजे ट्रकमा गएको सुरक्षाकर्मीले गोली चलाउँदा तीन जना माओवादी कार्यकर्ताको मृत्यु भयो। मृत्यु हुनेहरूमा माओवादीद्वारा घोषित जिल्ला जनसरकार उपप्रमुख गोरख स्नेही, केशव भाट र एक जना थिए।

जोगबुडा गाविस-६ डंबरीमा ०५९ असार ४ गते

सुरक्षाकर्मीले सोही गाविस-६ कुयापानीबाट गिरफ्तार गरी ल्याएका ३० वर्षीय पूर्णबहादुर धामी नाम गरेका माओवादी कार्यकर्ताको हत्या गरे।

जोंगबुडा इलाका प्रहरी कार्यालयमा आत्मसमर्पण गर्न आएका ५५ वर्षीय लक्ष्मण धनुकलाई ०५९ असार ८ गते सुरक्षाकर्मीले निर्मम यातना दिंदा ०५९ असार २५ गते प्रहरी हिरासतमै मृत्यु भयो।

बगरकोट गाविस-५ सिराडमा ०५९ असार १६ गते सुरक्षाकर्मीले ५ जना सर्वसाधारणको गोली हानी हत्या गरे। पीडितहरूमा ५० वर्षीय बहादुर सिंह बोहरा, ४८ वर्षीय योगराज बोहरा, बगरकोट कृषि सडक सुपरभाइजर बहादुर सिंह चाड, कृष्णबहादुर बोहरा र चन्द्रबहादुर बोहरा छन्।

आलिताल गाविस-८ गणेश प्रावि, धिमडाका प्रधानाध्यापक कर्णबहादुर सावद र शिक्षक दानबहादुर मडैलाई ०५९ असार २८ गते राति १२ बजे तास खेलिरहेको अवस्थामा सुरक्षाकर्मीले गाउँकै एउटा पसलमा भेटी गोली हानी हत्या गरे। उक्त घटनामा गणेश दमाई घाइते भए।

जनसंख्या	: १२६१६२
साक्षरता प्रतिशत	: ५१.६२
महिला साक्षरता प्रतिशत	: ३३.०६
क्षेत्रफल (वर्ग कि. मि.)	: १५३८
गाविस / नपा संख्या	: २०/१
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २२६
क्याम्पस / उच्च मा.वि.	: १/५
अस्पताल / स्वास्थ्य चौकी	: २/२५
टेलिफोन लाइन	: ३७०
मोटर सडक (कि. मि.)	: २१०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ३०
मानव विकास सूचकांक	: ०.२६५
प्रति एक डाक्टर जनसंख्या	: ४२०५४
प्रति परिवार सरदर संख्या	: ५.७४

जोंगबुडा गाविस-९ पातलमा स्थानीयवासीको घरलाई सेल्टर बनाई बसिरहेका माओवादीद्वारा घोषित कञ्चनपुर जिल्ला जनसरकारका कार्यवाहक प्रमुख सागर भनिने पुष्कर शर्मालाई ०५९ असोज ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरे।

जोंगबुडा गाविस-४ का २२ वर्षीय हरिलाल धामीलाई माओवादीको आरोपमा ०५९ असोज ६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी हत्या गरे।

जोंगबुडा गाविस-४ सादनीकी दामा धामीलाई माओवादीको आरोपमा ०५९ असोज ६ गते जोंगबुडा गाविस-५ पुरानापानी भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरे।

शिर्ष गाविस-१ १५ वर्षीय लालबहादुर बोहरालाई ०५९ असोज ७ गते सुरक्षाकर्मीले सोही गाविस कोलस्वानमा भाग्दै गर्दा गोली हानी हत्या गरे।

बेलापुर गाविस-७ सेरीलेकमा ०५९ कार्तिक ९ गते ३ जना महिला र १ पुरुष गरी ४ जनालाई भाग्दै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बेलापुर गाविस-४ सिरोडमा पुनम बुढा मगर र पदम थापा नाम गरेका दुई जना माओवादी कार्यकर्तालाई ०५९ भदौ ४ गते सुरक्षाकर्मीले भाग्न लाग्दा गोली हानी हत्या गरे।

आलिताल गाविस-४ चौडवण्डलेका २६ वर्षीय लक्ष्मीदत्त पन्त र ३२ वर्षीय विर्खबहादुर धामीलाई ०५९ भदौ १५ गते आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरी जोंगबुडा गाविस-१ कैनपानी पुर्‍याई गोली हानी हत्या गरे।

सुरक्षाकर्मीद्वारा हत्या गरिएका दलबहादुर धामी र बिलबहादुर जाग्री

चिपुर गाविस-१ बाजीघर भन्ने ठाउँमा ०५९ कार्तिक ३० गते बेलुकी ५ बजेतिर तीन जना माओवादी कार्यकर्ताको सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

जोंगबुडा गाविस-४ लामिगाडाका नाम नखुलेकी १९ वर्षीय बोहरा थरकी एक महिलालाई माओवादीको आरोपमा ०५९ पुस ५ गते जोंगबुडा गाविस-५ पुरानापानीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरे।

माओवादीबाट

आलिताल गाविस-५ मौरीमा ०५८ पुस २९ गते बसको छतमाथि चढेका सुरक्षाकर्मी माथि जंगलबाट माओवादीले एक्कासी गोली चलाएपछि एक जना प्रहरी जवान विष्णु प्रसाद श्रेष्ठको घटनास्थलमै मृत्यु भयो भने प्रहरीको गोलीद्वारा एक जना नजिकै धारामा नुहाइरहेका सर्वसाधारण रज्च सार्कीको मृत्यु भयो। उक्त घटनामा एक जना प्रहरी जवान र एक जना बसको यात्रु गरी २ जना घाइते भए।

जोंगबुडा गाविस-१ का ५५ वर्षीय हरिलाल सावदलाई सुराकीको आरोपमा ०५८ माघ ११ गते बेलुका माओवादीले

अपहरण गरी एक सय पचास मिटर टाढा पुन्तुरा खोलामा लगी घाँटी रेटी हत्या गरे।

आलिताल गाविस सुनखोलाका ४० वर्षीय शिव सावदलाई ०५८ माघ १२ गते माओवादीले कुटपिट गरी हत्या गरे। सोही गाविसका ४५ वर्षीय अमर रावतलाई पनि माओवादीले कुटपिट गरी हत्या गरे।

मणिलेक गाविसका उपाध्यक्ष प्रेमबहादुर विष्टलाई सुराकीको आरोपमा ०५८ चैत १ गते बेलुका माओवादीले सोही गाविस-५ बेडपानीबाट अपहरण गरी धारिलो हतियारले घाँटी रेटी हत्या गरे।

जोगबुडा गाविस-१ मोटाहल्दुमा ०५९ असोज ६ गते प्रहरी हवल्दार हरिसिंह रावत र शाही नेपाली सेनाका जमदार लक्ष्मण सिलवालको माओवादीले राखेको बम विस्फोट हुँदा मृत्यु भयो भने दुई जवान गम्भीर घाइते भए।

बेलापुर गाविस-४ सिरोडका २८ वर्षीय खडक सावदलाई सुराकीको आरोपमा ०५९ असोज ९ गते राति घरमा बसिरहेको अवस्थामा माओवादीले बाहिर बोलाई निर्ममतापूर्वक घाँटी रेटी हत्या गरे।

जोगबुडा गाविस-१ कैनपानीका ३५ वर्षीय गोपाल सिंह बोहरालाई ०५९ असोज ३० गते दिउँसो माओवादीले घरबाट अपहरण गरी नजिकैको जंगलमा लगी गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

जोगबुडा गाविस-६ सतघाटमा ०५९ असोज ५ गते सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा ६ जना माओवादी कार्यकर्ताको मृत्यु भयो।

जेल र बन्दीहरू

"घ" श्रेणीको डडेल्धुरा जेलको बन्दी क्षमता २५ जनाको छ। हाल यस जेलमा कैद तोकिएका १५ जना, कैद नतोकिएका ३ जना महिला र ७ जना पुरूष गरी १० जना तथा नजरबन्दमा रहेका १२ जना गरी ३७ जना छन्। जेलमा २२ जना माओवादीको आरोपमा थुनिएका छन्। जसमध्ये, १० जनालाई विशेष अदालतमा मुद्दा चलाइएको छ।

बेपत्ता /अपहरण

माओवादीबाट

चिपुर गाविस-७ केलाडीकी १६ वर्षीय छोरी गीता भाटलाई ०५९ जेठ ६ गते राति माओवादीले घरबाटै अपहरण गरे।

रूपाल गाविस-४ लेकुडा घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत ३० वर्षीय प्रहरी जवान दुर्गादत्त जोशीलाई ०५९ जेठ १२ गते घर गइरहेको अवस्थामा सोही गाविस विर्खमबाट माओवादीले अपहरण गरी बेपत्ता पारे।

जालीगाडा गाविसका २६ वर्षीय ज्ञानेन्द्रबहादुर विष्टलाई ०५९ साउन २९ गते दिउँसो माओवादीले घरबाट अपहरण गरे। पीडितलाई आँखामा पट्टी बाँधेर घरदेखि पैदल एक दिन टाढा जोगबुडा गाविस-४ बड्डीमलास भन्ने ठाउँमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट								राज्यबाट पीडित				
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या		३		३	८	११		११	२३	३०	६	२	३८
घाइते					२	२		२	१	१			१
बम विस्फोटन									१	१			१
गिरफ्तारी/यातना									१६	२३	१		२४
बेपत्ता									२	३			३
कुटपिट	६	७		७	१८	२१		२१	९	१७			१७
धम्की	२	२		२	२१	२९	१	३०	१	१			१
महिलाअधिकार	३		३	३									
बालअधिकार	३	१	२	३	३		३००	३००					
आर्थिक/सामाजिक अधिकार					२	२		२					
अमानवीय व्यवहार					१	१		१					
अपहरण					६	७		७					
जम्मा	१४	१३	५	१८	६१	७३	३०१	३७४	५३	७६	७	२	८५

पुऱ्याई टाउकोमा हाते बम राखी हत्या गर्ने प्रयास गर्दा भाग्न सफल भएको पीडित बताउँछन्।

आलिताल गाविस-४ स्यालचौडी निमावि चौडवण्डलेका प्रधानाध्यापक महादेव भट्ट, उनका दाजु यज्ञराज भट्ट, सोही विद्यालयका व्यवस्थापन समिति अध्यक्षलाई ०५९ भदौ २३ गते दिउँसो घरबाट माओवादीले अपहरण गरी कुटपिट गरी ४-५ घण्टापछि मुक्त गरे।

माओवादीद्वारा अपहरण गरिएका
दुर्गादत्त जोशी

जोगबुडा गाविस-१ आमपानीका ६० वर्षीय भानदेव भट्टलाई सुराकीको आशंकामा ०५९ भदौ ३० गते माओवादीले घरबाट अपहरण गरी भोलिपल्ट विहान ८ बजे जोगबुडा गाविस-७ लामीजालामा लगी मुक्त गरे।

कैलपालमाण्डौ गाविस स्थित दिपायल सडकमा ०५९ कार्तिक १ गते माओवादीले गाडी रोकी गाडीबाट दुई जना सुरक्षाकर्मीलाई अपहरण गरी जंगलमा लगे। पीडितहरूलाई हत्या गर्न खुकुरी तयार गरिरहेको अवस्थामा भाग्न सफल भए।

जोगबुडा गाविस-१ बाट ४० वर्षीय जयानन्द भट्टलाई सुराकीको आरोपमा ०५९ कार्तिक २० गते सुराकी गरेको आरोपमा माओवादीले पसलमा बसिरहेको अवस्थामा अपहरण गरी नजिकैको जंगलमा एक घण्टा सोधपुछ गरी मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

डडेल्धुरा कारागार शाखामा कार्यरत प्रहरी असई यक्ष जोशीले ०५९ भदौ १ गते राति १२ बजे प्रहरी जवान नन्दराज जोशीलाई ड्युटी गरिरहेको अवथाममा रासन वापत पाउनु पर्ने पैसा नपाएको विषयमा विवाद हुँदा कुटपिट गरे।

जोगबुडा गाविस-४ का ३८ वर्षीय आनसिंह धामी, २० वर्षीय विमन सिंह धामीलाई ०५८ चैत १० गते, जोगबुडा गाविस-४ का २६ वर्षीय हरिसिंह बोहरालाई ०५८ पुस १८ गते, आलिताल गाविस-२ का २० वर्षीय कमल सिंह भण्डारीलाई ०५९ असार ३ गते, सोही गाविसका अध्यक्ष दलबहादुर कार्कीलाई ०५९ असार ७ गते, जोगबुडा गाविस-६ स्थित दुर्गा भगवती प्राथमिक विद्यालयका प्रधानाध्यापक भाष्कर शर्मा र शिक्षक तुलबहादुर पौडेललाई ०५९ असोज ६ गते, जोगबुडा गाविस-२ का बहादुर भट्टलाई ०५९ असोज ८ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

जोगबुडा गाविस-३ नानापानका २२ वर्षीय विश्राम खडायतलाई ०५९ असार १४ गते राति माओवादी कार्यकर्तालाई कुटपिट गरेको आरोपमा माओवादीले कुटपिट गरी मार्ने धम्की दिए।

बेलापुर गाविस-६ बेलापुर स्थित अतिरिक्त हुलाक कार्यालयमा ०५९ भदौ १ गते दिउँसो माओवादीले आक्रमण गरी कार्यालयमा रहेको कागजात जलाउनुका साथै बहिदार टेकबहादुर बोहरालाई कुटपिट गरे।

शीर्ष गाविस-४ का उदय सिंह पालीलाई ०५९ भदौ ६ गते माओवादीले छोरा प्रहरीमा रहेको र सुराकी गरेको आरोपमा धम्की दिए। पीडित हाल फरार छन्।

जोगबुडा गाविस-४ घुम्टेगाडाका मानबहादुर सावदलाई ०५९ भदौ ६ गते माओवादीको सेनामा भर्ना हुन दवाव दिए। पीडित भागेर सदरमुकाम आई बसे।

जोगबुडा गाविस-६ जफतीका ५५ वर्षीय मन्धीर सिंह बोहराले आफ्नो छोरा लगायत गाउँका केही युवाहरूलाई शाही सेनामा भर्ना हुन पठाएको आरोपमा ०५९ भदौ १७ गते माओवादीले घर घेरी अपहरण गर्न खोज्दा भागे। पीडित हालसम्म फरार छन्।

भागेश्वर मावि कटछालका प्रधानाध्यापक रामदत्त पाण्डेयसँग ०५९ भदौ २२ गते माओवादीले जवर्जस्ती चन्दाका लगि धम्की दिए।

अमरगढी नपा-७ पोखराका हरिसिंह ऐरलाई ०५९ भदौ २७ गते घरमा जवरजस्ती प्रवेश गरी कुटपिट गरे।

बगरकोट गाविस स्थित सारदा मावि बगरकोटका प्रधानाध्यापक मदनराज पाण्डेलाई ०५९ असोज २ गते माओवादीले धम्की दिई राजीनामा लेख्न लगाए।

बेलापुर गाविस-४ सिराडका ६८ वर्षीय जोगी सावदलाई सुराकीको आरोपमा ०५९ असोज ८ गते माओवादीले घरमा आई कुटपिट गरी हातखुट्टा भाँचे।

जोगबुडा गाविस-४ का भूपू गाविस उपाध्यक्ष दामोदर अवस्थीलाई सुराकीको आरोपमा ०५९ असोज १० गते माओवादीले पटक-पटक मार्ने धम्की दिए। पीडित हाल विस्थापित छन्।

शिर्ष गाविस-३ लदौलीका ३४ वर्षीय शेरबहादुर बोहरा र सोही गाउँका ४८ वर्षीय वीरबहादुर बोहरालाई खानेपानी योजनामा भ्रष्टाचार गरेको आरोपमा ०५९ असोज २६ गते माओवादीले ज्यानमार्ने धम्की दिए। पीडित हाल विस्थापित छन्।

अनेरास्ववियु जिल्ला कमिटी सचिव डम्वर सावदलाई ०५९ असोज ३० गते माओवादीले घरमा आई १० दिनभित्र संगठनको सचिव पदबाट राजीनामा गर्न धम्की दिए।

समैजी गाविस-८ का नेपाली कांग्रेसका सक्रिय सदस्य ३२ वर्षीय गणेश सिंह विष्ट, ३५ वर्षीय दत्त सिंह भण्डारीलाई

०५९ कार्तिक २ गते दिउँसो घरमा आई माओवादीले आफूहरूलाई सहयोग नगरे मार्ने धम्की दिए।

गाङखेत गाविस-७ का २१ वर्षीय गणेशबहादुर सावदलाई ०५९ मंसिर १५ गते चन्दा नदिएको आरोपमा माओवादीले कपाल मुण्डन गरी गाउँभरी घुमाउनुका साथै २५ हजार रूपैयाँ लुटे।

जोगबुडा गाविस-४ मादनीका मन्धीर सिंह धामीलाई ०५८ माघ १५ गते, अजयमेरू गाविस अध्यक्ष हिक्मत सिंह ऐरलाई ०५८ माघ ३० गते, असिग्राम गाविस-७ भल्काडाका ४० वर्षीय धर्मानन्द भट्टलाई ०५९ जेठ ६ गते, मणिलेक गाविस-३ वेडपानीका लक्ष्मण भट्ट र विजयराज उप्रेतीलाई ०५९ असार ९ गते, मणिलेक गाविस-५ बागलसैनका ३० वर्षीय देव ऐरलाई ०५९ साउन ३१ गते, अमरगढी नपा-७ पोखरा स्थित होटल व्यवसाय गरी बस्ने करविर सिंह सार्कीलाई ०५९ भदौ २८ गते, देवल गाविस-४ का लोकबहादुर पाल, चिपुर गाविस-९ का धर्मसिंह ऐरलाई ०५९ असोज १२ गते, भद्रपुर गाविस-१ स्थित भद्रपुर मा. वि. भद्रपुरका प्रधानाध्यापक नारायणदत्त पाण्डेलाई ०५९ असोज १३ गते, समैजी गाविस-१ का धर्मदत्त भट्टलाई ०५९ असोज २६ गते, मणिलेक गाविस-४ का महाविर खडायत, शेरबहादुर खडायतलाई ०५९ असोज २९ गते, नवदुर्गा गाविसका पूर्व अध्यक्ष यज्ञराज भट्टलाई ०५९ मंसिर २ गते, जोगबुडा गाविस- ३ का ३५ वर्षीय गणेशनाथलाई ०५९ मंसिर ७ गते, आलिताल गाविस-६ का जयभान बोहरलाई ०५९ मंसिर २५ गते, कोटेली गाविस-४ का हरिसिंह सावदलाई ०५९ पुस १६ गते माओवादीले विभिन्न आरोप लगाई कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत

जिल्ला विकास समिति, डडेल्धुराको भवनमा ०५८ फागुन १६ गते दिउँसो माओवादीले ताला लगाए। सोही दिन ताला खोलियो।

नेकपा (एमाले) को आलिताल गाविस-५ गोदाम स्थित गाउँ कमिटीको कार्यालयमा ०५९ भदौ २९ गते माओवादीले आक्रमण गरी झण्डा च्यात्नुका साथै साइनाबोर्ड फ्याँकिदिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ५८ वटा मुद्दा दर्ता भए। जसमध्ये ३४ वटा फर्स्यौट भई २४ वटा बाँकी रहे। कुल मुद्दा मध्ये दुनियावादी फौज्दारी मुद्दा १९ वटा मध्ये ११ फर्स्यौट र ८ वटा बाँकी रहे। सरकारवादी १८ वटा मुद्दा मध्ये ९ वटा फर्स्यौट भए भने ९ वटा बाँकी रहे। देवानी मुद्दा २१ मध्ये १४ वटा फर्स्यौट भए भने ७ वटा बाँकी रहे।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपाल दोस्रो जिल्ला सम्मेलन आयोजक कमिटीका सदस्य बहादुर सिंह महतालाई माओवादीको आरोपमा ०५८ पुस २७ गते जोगबुडा लालढुंगा बजारबाट प्रहरीले गिरफ्तार गरेकोमा हालसम्म थुनामा राखिएको छ।

जोगबुडा गाविस-६ डेवरीका विर्खबहादुर धामीलाई ०५८ माघ २३ गते प्रहरीले माओवादीको आशंकामा गिरफ्तार गरी फागुन २ गते रिहा गरे।

शिर्ष गाविस-१ कोलखान भगवती प्राविका शिक्षक देवबहादुर धामीलाई माओवादीको आरोपमा ०५९ जेठ २ गते सुरक्षाकर्मीले जोगबुडा गाविस-१ लालढुंगा बजारबाट गिरफ्तार गरे। पीडितलाई हिरासतमा यातना दिई हात भाँची एक हप्तापछि रिहा गरियो।

शिक्षा क्याम्पसमा स्नातक तह दोस्रो वर्षमा अध्ययनरत २५ वर्षीय हिक्मत भण्डारीलाई माओवादीको आरोपमा ०५९ जेठ २५ गते किरमडेबाट प्रहरीले गिरफ्तार गरी तीन महिनापछि रिहा गरियो।

असिग्राम गाविस भल्काडाका ४४ वर्षीय कृष्णदेव भट्टलाई माओवादीको आरोपमा ०५९ जेठ २६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी रातभरि यातना दिई भोलिपल्ट रिहा गरे।

आलिताल गाविस-३ का देवसिंह मडैलाई ०५९ भदौ २८ गते सुरक्षाकर्मीले बुडरबाट गिरफ्तार गरी तीन महिनासम्म कारागारमा राखी आत्मसमर्पणको कागज गराई रिहा गरे।

शीर्ष गाविस-६ का नेकपा (एमाले) जिल्ला कमिटी सदस्य चक्रप्रसाद स्नेही लगायत ८ जनालाई ०५९ असोज १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिई चार दिनपछि रिहा गरे। पीडितहरूलाई सोही गाविसमा विहान ९ बजे सुरक्षाकर्मीको गस्ती टोलीलाई लक्षित गरी माओवादीले एम्बुस पड्काउँदा एक जना सुरक्षाकर्मी घाइते भएपछि घटनास्थल नजिकको घरबाट गिरफ्तार गरिएको थियो।

सिद्धनाथ उच्च मावि, जोगबुडाका शिक्षक केशवदत्त जोशीलाई माओवादी क्रियाकलापमा संलग्न भएको आरोपमा ०५९ कार्तिक ६ गते बेलुका सुरक्षाकर्मीले बागबजारबाट गिरफ्तार गरी ३० दिनसम्म थुनामा राखी यातना दिए। पीडितलाई हाल रिहा गरिएको छ।

शिर्ष गाविस स्थित भुवनेश्वरी मावि, परिगाउँका शिक्षक डम्बर रवाललाई ०५८ फागुन १७ गते, भागेश्वर गाविस लामिकाडे अतिरिक्त हुलाक कार्यालयका खरिदार अग्नी मिश्रलाई ०५९ वैशाख २३ गते, आलिताल गाविस-५ हमनडका मंगले भनिने ४७ वर्षीय मानबहादुर बोहरा, २८ वर्षीय रामबहादुर धामी, जनज्योति प्रावि, हमनडका प्रधानाध्यापक

गरेर, खडायत, हमनड सामुदायिक वन उपभोक्ता समितिका कोषाध्यक्ष हरिसिंह बोहरालाई ०५९ जेठ ५ गते, जोगबुडा गाविस-४ साउदनीका महिला स्वास्थ्य स्वयम्सेविका भागरती धानुकलाई ०५८ पुस १८ गते, नेकपा (एमाले) जोगबुडा गाउँ कमिटीका सचिव अमरबहादुर विष्टलाई ०५८ पुस २६ गते, जोगबुडा गाविस-१ माझापानीका २४ वर्षीय नरसिंह थामी, ३० वर्षीय करवीर धामी, ३० वर्षीय दिपकबहादुर सिंह, २८ वर्षीय रतन धामी, जोगबुडा गाविस-५ का ३५ वर्षीय रथविर बोहरा, शिप गाविस-१ का नरसिंह ठगुन्ना, लाटामाण्डौ गाविसका २६ वर्षीय बमबहादुर कार्कीलाई ०५९ भदौ ५ गते, अमरगढी नपा-७ पोखराका टेकबहादुर भण्डारीलाई ०५९ असोज २ गते, जनमोर्चा नेपाल जिल्ला कमिटी अध्यक्ष एवं कानून व्यवसायी लालबहादुर जोशीलाई ०५९ कातिक १ गते, जोगबुडा गाविस-६ का ४० वर्षीय प्रेमसिंह धामीलाई ०५९ कातिक १८ गते सुरक्षाकर्मीले विभिन्न आरोप लगाई गिरफ्तार गरेकोमा रिहा गरिया।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

माओवादी डर र धम्कीका कारण ३५ परिवारका १ सय ५५ जना विस्थापित भए।

बालअधिकार

अमरगढी नपा-५ की १३ वर्षीय शान्ति राईको सोही ठाउँका कैलाश गुरुङसँग विवाह गरिदिए। शान्ति राईले विवाहपछि सासुबाट यातना खेप्नु परिरहेको छ।

माओवादीले परशुराम संस्कृत विद्यालय र आरभिसी बोर्डिङमा आगो लगाएपछि ३ सय विद्यार्थी प्रभावित भए।

महिला अधिकार

पारिवारिक हिंसाका दुई वटा घटनामा पत्नीहरूलाई आफ्ना पतिहरूले खान लाउन नदिएर कुटपिट गर्दै घर निकाला गरेका घटनाहरू सार्वजनिक जानकारीमा आए।

विविध

आगलागी

जोगबुडा गाविस-४ स्थित माओवादीका जिल्ला जनसरकार सदस्य धर्मसिंह नेगीको तोरी मिलमा ०५८ चैत १० गते सुरक्षाकर्मीले आगो लगाए।

संरचना क्षति

यस वर्ष माओवादी आक्रमणबाट ६३ वटा भौतिक संरचना ध्वस्त भए। ती मध्ये ० वटा टेलिफोन टावर, १९ वटा गाविस कार्यालय, १२ वटा हुलाक, ११ वटा वन कार्यालय, २ वटा कृषि सेवा केन्द्र, १ तरकारी बीउ उत्पादन केन्द्र, ३ वटा विद्यालय, ४ वटा प्रहरी कार्यालय, २ वटा विकास परियोजना कार्यालय र १ पशु कार्यालय पनि क्षतिग्रस्त भए।

अमरगढी नपा-५ स्थित जिविस र जिल्ला आयुर्वेदिक कार्यालयमा ०५९ भदौ २६ गते माओवादीले आक्रमण गरी क्षति पुऱ्याए।

जिल्ला वन कार्यालयको भवनमा ०५९ असोज ३० गते बिहान माओवादीले बम विस्फोट गराउँदा भवनका दुई कोठा पूर्ण रूपमा क्षतिग्रस्त भए।

जिल्लाका ८ वटा इलाका हुलाक कार्यालय मध्ये ६ वटा कार्यालयका कागजात माओवादीले जलाए। त्यसैगरी २३ अतिरिक्त हुलाक मध्ये ६ वटाका कागजात जलाए।

माओवादीले ग्रामीण क्षेत्रमा रहेका ८ वटा रेञ्जपोष्ट, १ वटा इलाका गरी ९ वटा कार्यालयको २० लाख रूपैयाँ बराबर क्षति पुऱ्याए। जिल्ला वन कार्यालयमा बम विस्फोटन गराई ३० लाख रूपैयाँ बराबरको क्षति पुऱ्याए। माओवादीले रोजिन एण्ड टर्पेनटाइनको ६० हजार, तरकारी बिउ उत्पादन केन्द्रको ७ लाख ५७ हजार ९ सय १२, कृषि सेवा केन्द्र, भागेश्वर ५ हजार, पीडिडिपि कार्यालय देवल १५ हजार रूपैयाँ बराबर क्षति पुऱ्याएको जनाइयो।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्ष व्यक्तिगत कुटपिटका घटना १२ वटा भए। ३ महिला र २ पुरुषले आत्महत्या गरे। ४ जनालाई बाघले आक्रमण गरी माऱ्यो। २ वटा लास फेला पऱ्यो। सडक दुर्घटनामा ४ जनाको मृत्यु भयो भने १२ जना घाइते भए। ४ वटा पसल चोरी भए।

जोगबुडा गाविस-३ का जगतसिंह खडायतको घरमा ०५८ माघ १२ गते, सोही गाविसका बलदेव नाथको घरमा रहेका कागजात, लालपुर्जा, नागरिकता, उधारो खाता ०५८ माघ १४ गते, शिर्ष गाविस-४ का उदयसिंह पालीको घर ०५८ फागुन ७ गते, अमरगढी नपा-७ पोखरा बजारमा रहेको खाली प्रहरी चौकी ०५८ चैत ६ गते, समैजी गाविस-८ पुडलेकमा रहेको खाली अस्थायी प्रहरी चौकीमा ०५८ चैत ९ गते, बगरकोट गाविस लाकम स्थित चार कोठे रेञ्ज भवनमा ०५८ चैत १५ गते, देवलदिव्यपुर गाविसको भवन, अतिरिक्त हुलाक कार्यालय, प्रहरी चौकीमा ०५८ चैत १५ गते, बगरकोट गाविस भवनमा ०५८ चैत १५ गते, जोगबुडा गाविस-३ स्थित चारकोठे रेञ्जपोष्ट भवन, अतिरिक्त हुलाक कार्यालयमा ०५८ चैत १६ गते, अजयमेरु गाविस भवनमा ०५८ चैत १७ गते, कोटेली गाविस भवनमा ०५८ चैत १७ गते, मणिलेक गाविस भवनमा ०५८ चैत १७ गते, समैजी गाविस भवनमा ०५८ चैत १७ गते, असिग्राम गाविस भवनमा ०५८ चैत १७ गते, गणेशपुर गाविस भवन, रेञ्जपोष्ट भवनमा ०५८ चैत १८ गते, चिपुर गाविस भवन, इलाका हुलाक कार्यालय, कृषि सेवा केन्द्रको भवनमा ०५८ चैत १८ गते, सप्तमाण्डौ गाविस भवनमा ०५८ चैत १८ गते, बेलापुर गाविस, नवदुर्गा गाविसका कागजातहरू ०५८ चैत

१८ गते, जोगबुडा गाविस-८ स्थित अतिरिक्त हुलाक कार्यालयका कागजातहरू ०५८ चैत १९ गते, भद्रपुर गाविसका कागजातहरू ०५८ चैत २० गते, भागेश्वर गाविस भवनमा र सोही भवनमा रहेको कृषि सेवा केन्द्र, पशु सेवा केन्द्रका कागजात ०५८ चैत २० गते, रूपाल गाविस भवन, रेञ्जपोष्ट भवनमा ०५८ चैत २१ गते, आलिताल गाविस-५ गोदाममा जिल्ला विकास समिति सदस्य भिमबहादुर सावदको ट्रक ०५९ वैशाख २ गते, आलिताल गाविस भवन ०५९ वैशाख २ गते, गाङखेत गाविस भवन ०५९ वैशाख २ गते, अमरगढी नपा भवन ०५९ वैशाख ६ गते, शिर्ष गाविस भवन ०५९ वैशाख ८ गते, असिग्राम गाविस भवन, रूवाखोलास्थित तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको घरमा ०५९ वैशाख १० गते, नवदुर्गा गाविस-४ स्थित इलाका वन कार्यालय भवन, इलाका हुलाक कार्यालय, कृषि सेवा केन्द्रमा ०५९ वैशाख ११ गते, कैलपालमाण्डौं गाविसका कागजातहरू ०५९ वैशाख २३ गते, शिर्ष गाविस-७ स्थित परशुराम संस्कृत मावि भवन ०५९ जेठ २ गते, बागबजारका पसले पुण्यराज पन्तको ट्रयाक्टर ०५९ असार १० गते, डडेल्धुराबाट बैतडी तर्फ गइरहेको बैतडी लघुउद्यम विकासको ७७-१-३३२ नम्बरको जीप ०५९ असार १४ गते, अमरगढी नपा-६ पोखरा स्थित बाल विद्या निकेतन निजी विद्यालयमा ०५९ भदौ २२ गते, देवलदिव्यपुर गाविस-१ स्थित विकास सम्बन्धी २ वटा परियोजनाका कार्यालयका कागजातहरू ०५९ भदौ २८ गते, शीर्ष गाविस-९ परिगाउँ स्थित निजी स्रोतबाट संचालित आरभिसी इङ्लीस बोर्डिङ्ग स्कूल ०५९ असोज १ गते, चिपुर गाविस-१ केलाडी स्थित भूपू गाविस अध्यक्ष कमलसिंह भाट, उनका माइ अमरसिंह भाटको घरमा ०५९ असोज २१ गते, भद्रपुर गाविस-१ भद्रपुरका भूपू गाविस अध्यक्ष उजलदत्त पनेरूको घरमा ०५९ असोज २२ गते माओवादीले आगो लगाए।

जोगबुडा गाविस-३ भोरकुण्डाका ५५ वर्षीय प्रेमसिंह खत्रीको घरबाट सुनचाँदी र अन्य सामान ०५८ माघ १३ गते, जोगबुडा गाविस-६ का भिमबहादुर सावदको पसल ०५८ माघ २० गते, बेलापुर गाविस-४ सिरोडका सशस्त्र प्रहरी हवल्दार कृष्णबहादुर सावद र उनका दाजु भिमबहादुर सावदको घर र पसलबाट गरगहना, सुनचाँदी, खुद्रा सामान जोगबुडा गाविसका भूपू उपाध्यक्ष दामोदर अवस्थीको सोही गाविस-४ सादनी स्थित घरबाट अन्न, भाडावर्तन र तातापानीमा रहेको पसलबाट ५० हजार बराबरको सामान माओवादीले लुटे।

५.८ बैतडी

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

ग्वालेक-६ चिलाउनेका ४२ वर्षीय मोहनदेव जोशीलाई माओवादीको आरोपमा ०५८ पुस १७ गते घरमा बसिरहेको अवस्थामा प्रहरीले गोली हानी हत्या गरे।

मेलौली र महारूद्र गाविसको सीमानामा पर्ने देनोलामा सुरक्षाकर्मी र माओवादी बीच ०५८ माघ २७ गते मुठभेड हुँदा २६ वर्षीय कुशध्वज र २८ वर्षीय शहदेव भट्ट र सलेना गाविस-८ बागगोडाका शिक्षक ५० वर्षीय भगीरथ बागलाई चन्दा नदिएको आरोपमा माओवादीले अपहरण गरेर लग्दै गरिएका र महारूद्र गाविस-३ का ३२ वर्षीय देवसिंह पुजारालाई सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

ग्वालेक गाविस-४ का ५२ वर्षीय लक्ष्मीदत्त जोशीलाई माओवादीको आरोपमा ०५९ वैशाख ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी देउलेख गाविस मुलपानीमा लगी गोली हानी हत्या गरे। पीडित भारतीय सेनाका भूपू सिपाही थिए।

डिलासैनी र न्वादेउको सीमानामा १९ वर्षीय कृष्णा बम, १७ वर्षीया कल्पना ठगुन्ना, २४ वर्षीय चैते बोहरा र २६ वर्षीय नारद पाण्डेयलाई ०५९ जेठ २२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सिद्धेश्वर गाविस बिप्याकटालमा ३७ वर्षीय उक्कलबहादुर विष्टलाई माओवादीको आरोपमा ०५९ जेठ २७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रूद्रेश्वर गाविस-४ सिमारमा तीन जना नाम नखुलेका माओवादी कार्यकर्ताको ०५९ असार ५ गते सुरक्षाकर्मी र माओवादीको मुठभेड हुँदा मृत्यु भयो।

सिद्धेश्वर गाविसको खोडपे बजारमा नाम नखुलेका दुई जना माओवादी कार्यकर्ताको ०५९ साउन १४ गते सुरक्षाकर्मीको मुठभेडमा परी मृत्यु भयो।

गाँजरी गाविस अन्तर्गत पर्ने इलाकामा ५६ वर्षीय रामसिंह धामी र नाम नखुलेका अर्का एक जनालाई माओवादीको आरोपमा ०५९ मंसिर ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

दशरथचन्द नपा-७ कन्सनीगाडको जंगलमा नाम नखुलेका एकजना १४ वर्षीय बालकलाई माओवादीको आरोपमा ०५९ मंसिर २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

चौरवाम गाविसको श्रीभावर क्षेत्रमा २६ वर्षीय लालसिंह स्वत्रीलाई माओवादीको आरोपमा ०५९ कार्तिक ७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

महादेवस्थान गाविसको ठाँट भन्ने ठाउँमा २३ वर्षीय रणवहादुर कुँवरलाई माओवादीको आरोपमा ०५९ कार्तिक ९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बैनडी जिल्लाको गोकुलेश्वर गाविसमा नाम नखुलेका २ जना माओवादी कार्यकर्तालाई ०५९ कार्तिक १७ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

दुर्गास्थान गाविस-३ का ३५ वर्षीय कृतवहादुर चन्दलाई ०५८ माघ १३ गते राति घरवाट माओवादीले अपहरण गरे। पीडितको भोलिपल्ट विहान घरदेखि लगभग १ किमी टाढा दक्षिण तिर पर्ने कोटेश्वर प्राविको परिसरमा लास फेला पर्‍यो।

रिठा चौपाता गाविसका १९ वर्षीय हर्कबहादुर साउदलाई सुराकीको आरोपमा ०५९ असार ७ गते वैतडी रूद्रेश्वर गाविस-४ चौतारा भन्ने ठाउँमा लगि माओवादीले कुटपिट गरी हत्या गरे।

पुर्चौडी गाविस-३ की २१ वर्षीय द्रौपदी कार्कीलाई सुराकीको आरोपमा ०५९ साउन १४ गते माओवादीले घरवाट एक किमी पूर्वतिर लगी धारिलो हतियार प्रयोग गरी हत्या गरे।

वझाङ्ग जिल्ला घर भई दीपेन्द्र आवासीय माविमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय किशोरको ०५९ कार्तिक २४ गते सिद्धिपुर गाविस-४ अनारखोली इलाकामा सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले अखवारमा बेरेर राखेको विस्फोटक पदार्थलाई अन्जानमा चलाउन खोज्दा विस्फोट भई मृत्यु भयो।

कोटपेटरा गाविसका नाम नखुलेकी २२ वर्षीय एक महिलालाई सुराकीको आरोपमा ०५९ मंसिर १७ गते माओवादीले घरवाट २ किमि टाढा लगी धारिलो हतियार प्रयोग गरी हत्या गरे।

जेल र बन्दीहरू

यस जिल्लामा २५ जना क्षमताको "घ" श्रेणीको जेल छ। कैद तोकिएका १५ र कैद नतोकिएका ४ जना गरी १९ जना वन्दी छन्। जेलमा पुरुष मात्र छन्। ती मध्ये माओवादीको आरोपमा थुनामा रहेका १२ वर्षीय बालक रमेश बोहरा पनि छन्।

जेल भित्र ८-१० वर्ष पुरानो एउटा टिभी छ। पुरानो क्यारमबोर्ड र पुरानो कपडा वुन्ने तान छ। जेल भित्र स्वेटर र टोपी वुन्ने काम हुन्छ। भौतिक अवस्था जीर्ण छ।

जनसंख्या	:	२३४४१८
साक्षरता प्रतिशत	:	५१.५५
महिला साक्षरता प्रतिशत	:	३३.४३
क्षेत्रफल (वर्ग कि. मि.)	:	१५१९
गाविस / नपा संख्या	:	६२/१
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३७५
क्याम्पस / उच्च मा.वि.	:	२/७
अस्पताल / स्वास्थ्य चौकी	:	१ /७०
टेलिफोन लाइन	:	१९७
मोटर सडक (कि. मि.)	:	१५५
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	१४
मानव विकास सूचकांक	:	०.२५६
प्रति एक डाक्टर जनसंख्या	:	४६८८४
प्रति परिवार सरदर संख्या	:	५.८०

बेपत्ता /अपहरण

माओवादीबाट

कटौजपानी गाविस-७ कलागाउँका ३३ वर्षीय नरेशबहादुर विष्टलाई ०५९ भदौ ४ गते माओवादीले अपहरण गरी घरवाट २ किमि टाढा लगी कुटपिट गरी एमाले परित्याग गरी माओवादीमा लाग्न दवाव दिए। पीडितको तीन वटा दाँत भाँचि दिनुका साथै कुटपिट गरी विभिन्न किसिमले मानसिक र शारीरिक यातना दिई सोही दिन मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

दुर्गास्थान गाविस-१ रौतागाउँकी २४ वर्षीय जानकी भट्टलाई ०५८ माघ २३ गते सुरक्षाकर्मीले ज्यान वचाउने भए माईतीमा गई वस्नु भनी धम्की दिए।

कैलपाल गाविस-२ किम्तोलामा नाम नखुलेका ८ जना स्थानीय व्यक्तिलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०५९ जेठ ११ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

दुर्गास्थान गाविस-३ स्थित केदारेश्वर उच्च माविका प्राचार्य ४५ वर्षीय हिक्मतवहादुर चन्दलाई विद्यालय समयभित्र समय उपलब्ध गराई आफ्नो संगठन विस्तार गर्न सहयोग नगरेमा माओवादीले ज्यानमार्ने धम्की दिई विद्यालय भवन समेत ध्वस्त पार्ने चेतावनी दिए।

गिरगाडा-६ जेवलकडायाका ५२ वर्षीय उत्तमवहादुर चन्दको घरमा ०५९ जेठ ५ गते राति माओवादी प्रवेश गरी घरमा सुतिरहेका चन्दका छोरा राजेन्द्र चन्द र भान्जा धनवीर चन्दलाई ज्यानमार्ने धम्की दिए। पीडितहरू भागेपछि माओवादीले सोही दिन घर पसल मिल समेत जलाएर ध्वस्त पारे।

गँजरी गाविसका ४८ वर्षीय नरेन्द्रवहादुर चन्दको घरमा ०५९ जेठ १० गते माओवादीले लुटपाट गरी पीडित चन्दलाई भेटमा ज्यानमार्ने धम्की दिई घरमा आगो लगाए।

रैलेश्वर गाविस-२ का २९ वर्षीय मानवहादुर महरालाई चन्दा नदिएको आरोपमा ०५९ साउन ४ गते माओवादीले खुकुरी प्रहार गरी घाईते वनाए।

कोदार गाविसका पूर्व अध्यक्ष कृष्ण भट्टलाई चन्दा नदिएको आरोपमा ०५९ साउन २२ गते माओवादीले कुटपिट गरे।

गुरूखोला गाविसको सनवाज चौराह इलाकामा, हुलाकी ४१ वर्षीय इश्वरी भाटलाई ०५९ भदौ १९ गते माओवादीहरूले कुटपिट गरी उनीसँग भएको चिठ्ठीपत्र समेत जलाई, हुलाकीको काम गरे ज्यानमार्ने धम्की दिए।

देउलेख गाविसको गोवडाका व्यापारी ४५ वर्षीय नरी चन्दलाई भनेजति चन्दा नदिएको आरोपमा ०५९ असार ७ गते माओवादीले घर पसल र मिल समेत आगो लगाई ध्वस्त पार्नुका साथै कुटपिट समेत गरे।

कैलपाल गाविस-७ का ४५ वर्षीय दली धामीलाई माओवादी कार्यकर्ताहरूलाई अमानवीय व्यवहार गरेको आरोपमा ०५९ भदौ १३ गते माओवादीले कुटपिट गरी एउटा हात भाँचिदिए।

गाँजरी गाविस-३ मेल्लेख भन्ने ठाउँमा हुलाक बोकेर हिडिरहेको अवस्थामा ३५ वर्षीय हुलाकी अजववहादुर चन्दलाई ०५९ असोज २७ गते माओवादीहरूले कुटपिट गरी डाँक समेत जलाई अबदेखि हुलाक बोकेमा ज्यानमार्ने धम्की दिए।

वाशुली गाविस- ५ का २७ वर्षीय लोकवहादुर चन्दले मादक पदार्थ सेवन गरी जथाभावी गरेको आरोपमा ०५९ असोज ३१ गते गुरूखोला गाविस-३ मा पर्ने सतवाँज चौराहमा माओवादीले कुटपिट गरे।

शर्माली गाविस अन्तर्गत पर्ने इलाका हुलाक कार्यालयमा कार्यरत हुलाकी र खरीदार गरी २ जना कर्मचारीलाई ०५९ मंसिर २९ गते माओवादीले कार्यालय खोलेमा ज्यानमार्ने धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा यो वर्ष ३३ वटा मुद्दा दर्ता भए। ती मध्ये १३ वटा फस्यौट र २० वटा फस्यौट हुन बाँकी छन्। देवानी ८, फौज्दारी ८, विशेष फौज्दारी ४ र सरकारवादी ४ मुद्दा छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

पुर्चौडीहाट गाविसका २३ वर्षीय भोजबहादुर बमलाई माओवादीको आरोपमा ०५८ पुस १९ गते वछेलाबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई थुनामा राखिएकोमा हाल रिहा गरिएको छ।

पुर्चौडीहाट गाविस- २ का ४२ वर्षीय शिक्षक आनन्दसिंह धामीलाई ०५८ पुस १८ गते प्रहरीले गिरफ्तार गरी थुनामा राखे। पीडित हाल रिहा भइसकेका छन्।

पाटन गाविस अन्तर्गत पाटन वजारका २५ वर्षीय विनोदकुमार विष्टलाई माओवादीलाई सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा एक हप्ता पछि रिहा गरियो।

दुर्गास्थान गाविस-२ कर्पनका २५ वर्षीय जनकराम लुहारलाई ०५८ चैत १४ गते भारतीय प्रहरीहरूले गिरफ्तार गरी नेपालस्थित इलाका प्रहरी कार्यालय, झूलाघाटलाई बुझाए। पीडितलाई एक हप्ता सम्म थुनामा राखि रिहा गरियो।

मेलौली गाविस-९ झुसीलका २१ वर्षीय अंगन चन्दलाई माओवादीको आरोपमा ०५९ वैशाख २४ गते वीरेन्द्र उच्च माविमा कक्षा १२ को परीक्षा दिई डेरा फर्कंदा सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्ता पछि रिहा गरे।

गोकुलेश्वर गाविसको इलाका अन्तर्गत दार्चुला निवासी १८ वर्षीय कमलाकुमारी खड्कालाई माओवादीको आरोपमा ०५९ असार १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई असार २१ गतेदेखि बैतडी जेलमा राखिएको छ।

घटनाको प्रकार	गैर राज्यपक्षबाट									राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट पीडित								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२	६	४	२		६	१२	२०	२	२२
गिरफ्तारी/यातना										८	११	१	१२
कुटपिट	८	८		८	१३	१४		५०	६४	३	५		५
धम्की					६	७			७	१		१	१
जातीय विभेद	१	१		१									
महिला अधिकार	२		२	२									
अपहरण					१	१			१				
जम्मा	१३	१०	३	१३	२६	२६	२	५०	७८	२४	३६	४	४०

देहिमाण्डौ गाविस-५ का २५ वर्षीय देवराम लुहार, २२ वर्षीय करनराम लुहार र ३० वर्षीय रामीराम लावडलाई माओवादीको आशंकामा ०५९ साउन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी २ दिन पछि रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

आन्तरिक द्वन्द्वका कारण विस्थापित भएका मध्ये २४ जनाले भत्ता पाइरहेको जिल्ला प्रशासन कार्यालयले जनायो।

सरकारले माओवादीबाट विस्थापित प्रति व्यक्ति दैनिक एक सय रूपैयाँका दरले भत्ता दिने भनी घोषणा गरे पनि सो अनुसारको रकम नपाएको पीडितहरूले बताए। आवश्यक रकमको अभावले मन्त्रालयबाट जिल्लामा प्राप्त भएको रकमलाई दामासाही वितरण गर्ने जिल्ला प्रशासन कार्यालयले दिएको छ।

जिल्ला सदरमुकाम तथा तराईका महेन्द्रनगर, धनगढी गई बस्नेहरूको यकिन तथ्यांक नभएपनि, राजनीतिकर्मी, विद्यार्थी, शिक्षक, कर्मचारी महिला, नाबालक गरी ९० जनाले विस्थापित सुविधा नपाएको गुनासो छ।

महिला अधिकार

मेलौली गाविस-५ तल्लागाउँका २७ वर्षीय मनवा दमाईले ०५९ कार्तिक १९ गते बिना कारण निहुँ खोजी आफ्नी कान्छी पत्नीलाई कुटपिट गरी घरबाट निकालि दिए। हाल पीडित आफ्नो माईती शिवनाथ गाविस स्थित बसेडी भन्ने ठाउँमा डेढ वर्षीय नाबालक छोरा सहित बसेकी छन्।

दशरथचन्द नपा-१० बगकोट घर भई दार्चुला जिल्ला गडम गाविस स्थित माईतीमा शरण लिई बसिरहेकी धनादेवी विष्टलाई उसको घरपरिवारका सदस्य सासु, ससुरा देवर, नन्दले झगडा गरी मानसिक यातना दिई घरबाट निकालिदिए। पीडितले जिल्ला अदालतमा ०५९ मंसिर २८ गते अंश मुद्दा दायर गरिन्।

जातीय विभेद

शिवनाथ गाविस-१ बसेडीका ३६ वर्षीय करडे लुहारलाई ०५९ साउन २ गते सोही ठाउँमा बस्ने २८ वर्षीय नारायण सुनार, ३८ वर्षीय वली सुनार र २२ वर्षीय मदन सुनार समेतले चलन अनुसार नचलेमा ज्यानमार्ने धम्की दिए। सुनार थरका ती व्यक्तिहरूले आफूहरूले भनेको कुनैपनि कुरा अस्वीकार गरेमा जातीय विभेद विरूद्ध आन्दोलन गरेमा, सो ठाउँका अन्य ४ घरपरिवारका उत्पीडितलाई बाटो, स्कूल, वन, पानी आदि सार्वजनिक स्थलमा समेत प्रवेश गर्न नदिने धम्की दिए।

विविध

संरचना क्षति

यस जिल्लामा माओवादीहरूले ६२ गाविसहरूमध्ये ४० वटा गाविस कार्यालय आगो लगाई जलाए भने १५ वटा विभिन्न कार्यालयहरू ध्वस्त पारे।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस वर्षमा व्यक्तिगत कुटपिटका १३ वटा घटनाहरू सार्वजनिक भए भने २ जनाको बस दुर्घटनाबाट मृत्यु भयो। झुण्डिएर आत्महत्या गर्नेमा २ जना, विष सेवन गरी १ जना र नदीमा हाम फालेर मर्नेहरूमा २ जना छन्। २ जनाको बेवारिसे लास फेला पर्‍यो भने माओवादीले ३ वटा घर लुटपाट गरे।

५.९ दार्चुला

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सुनसेरा गाविसका २७ वर्षीय ईश्वरसिंह कुवरलाई माओवादीको आरोपमा ०५८ माघ २ गते सुरक्षाकर्मीले खोज तलासको क्रममा गोली हानी हत्या गरे।

सुनसेरा गाविस-९ का २६ वर्षीय करनसिंह डडाललाई माओवादीको आशंकामा ०५८ माघ ३ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी धौलाकोट गाविस-३ स्थित भदेलभिडा भन्ने ठाउँमा गोली हानी हत्या गरे।

सुनसेरा गाविस-५ का १२ वर्षीय रमेशसिंह कुँवर र २३ वर्षीय जनकसिंह कुँवरलाई माओवादीको आशंकामा ०५८ माघ ३ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी धौलाकोट गाविसको दर्पा भन्ने ठाउँमा गोली हानी हत्या गरे।

खलंगा गाविसका ४५ वर्षीय मदनबहादुर निरौलालाई ०५८ माघ २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हत्या गरे।

हिकिला गाविसको गोकुल भन्ने ठाउँमा २८ वर्षीय कृपादत्त जोशी र ३० वर्षीय चक्रसिंह कुँवरलाई ०५८ फागुन ५ गते खोज तलासका क्रममा सुरक्षाकर्मीले हिकिला गाविस स्थित मावि भवन नजिक गोली हानी हत्या गरे।

गुल्जर गाविस- ५ ताकुका २१ वर्षीय दीपेन्द्रसिंह ठगुन्नालाई माओवादीको आशंकामा ०५९ वैशाख ७ गते राति खलंगा गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी केहि दिनपछि गोली हानी हत्या गरे।

सिप्टी गाविसका ३० वर्षीय जयलाल सिंह धामीलाई माओवादीको आरोपमा ०५९ जेठ ३१ गते सुरक्षाकर्मीले सिप्टीमा घेरा हाली गोली हानी हत्या गरे।

लाटिनाथ गाविसको वजार नजिक २२ वर्षीय अमर ठगुन्ना र ३२ वर्षीय लालसिंह विष्ट लगायत अरू तीन जनालाई माओवादीको आरोपमा ०५९ जेठ २१ गते सुरक्षाकर्मीले खोजतलासको क्रममा घेरा हाली गोली हानी हत्या गरे।

सिप्टी गाविस- ६ का निम्ठा प्राविका शिक्षक कुमारसिंह धामीलाई माओवादीको आशंकामा ०५९ असार २२ गते सुरक्षाकर्मीले खोजतलासको क्रममा घरबाट गिरफ्तार गरी काटै गाविस-५ स्थित राताकाँठा भन्ने ठाउँमा गोली हानी हत्या गरे।

शंकरपुर गाविसमा माओवादी एरीया कमाण्डर नैनसिंह बोहरालाई ०५९ साउन २ गते सुरक्षाकर्मीले घेरा हाली गोली हानी हत्या गरे।

जनसंख्या : १२१९९६
साक्षरता प्रतिशत : ४९.३९
महिला साक्षरता प्रतिशत : ३२.३८
क्षेत्रफल (वर्ग कि. मि.) : २३२२
गाविस / नपा संख्या : १
निर्वाचन क्षेत्र : २५४
विद्यालय : १ /६
क्याम्पस / उच्च मा.वि. : १ /४०
अस्पताल / स्वास्थ्य चौकी : २००
टेलिफोन लाइन : १७
मोटर सडक (कि. मि.) : १८
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४३
मानव विकास सूचकांक : ०.२८६
प्रति एक डाक्टर जनसंख्या : ४०६६५
प्रति परिवार सरदर संख्या : ५.८०

स्वरकाँडा गाविस-६ ओडीगाउँका पूर्व सैनिक जवान महादेव गिरीलाई ०५९ भदौ ४ गते सुरक्षाकर्मीले खोजतलासको क्रममा सोही ठाउँमा घेरा हाली गोली हानी हत्या गरे।

माओवादीबाट

हिकिला गाविस-६ का ३२ वर्षीय उदयसिंह धामीलाई सुराकीको आरोपमा ०५८ चैत ३ गते वेलुका माओवादीले घरवाट बाहिर निकाली मन्दिरमा लगि गोली हानी हत्या गरे।

हिकिला गाविसका पूर्व अध्यक्ष तथा राप्रपा जिल्ला कार्यसमिति सदस्य ५० वर्षीय पदमसिंह वडाललाई माओवादीले सुराकीको आरोपमा ०५८ चैत ३ गते राति घरवाट वाहिर निकाली खुकुरी तथा गोली हानी हत्या गरे।

हुनैनाथ गाविस-८ का शाही नेपाली सेनाका सिपाही २२ वर्षीय धनसिंह धामीलाई घर विदामा आएको अवस्थामा ०५९ असार २ गते माओवादीले घरवाट अपहरण गरी स्वरकडाँ गाविस-२ मा लगी हातखुट्टा नाछेर छातीमा गोली हानी हत्या गरे।

गोकुलेश्वर गाविस-७ का शाही नेपाली सेनाका सिपाही देवराम लुहारलाई ०५९ असार १४ गते माओवादीले घरबाट केही टाढा लगी हत्या गरे।

रानीशिखर गाविसका ३३ वर्षीय कृष्णसिंह ठगुन्नालाई सुराकीको आरोपमा ०५९ साउन ४ गते माओवादीले घरबाट केही टाढा पिपलचौतारामा लगी धारिलो हतियारले शरीर ताछी गोली हानी हत्या गरे।

सिप्टी गाविस-४ का ५० वर्षीय जयबहादुर धामीलाई सुराकीको आरोपमा ०५९ कार्तिक २८ गते माओवादीले घरबाट लगी मौरेधार भन्ने ठाउँमा कुटपिट गरी हत्या गरे।

जेल र बन्दी

यस जिल्लामा रहेको जेलमा ३८ जना बन्दीहरू मध्ये ११ जना नजरबन्दमा रहेका र २७ जना अन्य छन्। सबै बन्दी पुरूष मात्र छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

सिप्टी गाविसका शिक्षक ३८ वर्षीय रघुवीर सिंह धामीलाई सुराकीको आरोपमा ०५९ जेठ २४ गते माओवादीले घरका परिवारलाई धम्काई बाहिर निकाली ताला लगाए।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

सुनसेरा गाविस- ६ का प्रावि शिक्षक ३८ वर्षीय शंकरदत्त भट्टलाई माओवादीको आशंकामा ०५८ माघ २ गते राति सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी ४ दिनपछि जिल्ला प्रहरी कार्यालय दार्चुलाबाट रिहा गरियो।

हिकिला गाविस-१ का जिल्ला खानेपानी संस्थान जिल्ला कार्यालयमा प्लम्वर पदमा कार्यरत ३६ वर्षीय मदनसिंह वडाललाई माओवादीको आरोपमा ०५८ माघ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक हप्ता पछि रिहा गरे।

हिकिला गाविस-१ डांवका ३२ वर्षीय लालसिंह वडाललाई सुरक्षाकर्मीले माओवादीको आरोपमा ०५८ माघ ९ गते राति गिरफ्तार गरी १३ दिनपछि आत्मसमर्पणको कागज वनाई साप्ताहिक तारेखमा रिहा गरियो।

हिकिला-१ डांवका ४० वर्षीय गोरसिंह वडाल र उनका छोरा २३ वर्षीय खडकसिंह वडाललाई माओवादीको

आशंकामा ०५८ माघ ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी १७ दिनपछि आत्मसमर्पणको कागज बनाई साप्ताहिक तारेखमा रिहा गरे।

धुलीगाडा गाविसका नेकपा (एमाले) का कार्यकर्ता २२ वर्षीय जनक ठगुन्नालाई माओवादीको आशंकामा ०५९ वैशाख २६ गते महेन्द्र उच्च माविमा परीक्षा दिइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी आत्मसमर्पणको कागज बनाई केही दिनपछि रिहा गरे।

शंकरपुर गाविसका २३ वर्षीय शिवराज पन्तलाई माओवादीको आशंकामा ०५९ वैशाख २९ गते सांही ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय, दार्चुलामा बन्दी बनाई यातना दिए। पीडित हाल थुनामा छन्।

सितौला गाविस-२ का २३ वर्षीय चन्द्रसिंह महता र २५ वर्षीय मदनसिंह महतालाई माओवादीको आशंकामा ०५९ वैशाख २९ गते परीक्षा दिइरहेको अवस्थामा महेन्द्र उच्च माविबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडित हाल रिहा भइसकेका छन्।

लाटिनाथ गाविस-१ का ४० वर्षीय प्रकाश जोशीलाई माओवादीको आशंकामा ०५९ असार ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे। पीडित हाल रिहा भइसकेका छन्।

इयरकोट गाविस-५ साङ्पाङ्का महावीर सिंह ठगुन्ना लगायत १५ देखि ५ वर्षसम्मका नावालक र वृद्धहरूलाई माओवादीको आशंकामा ०५८ माघ २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी विभिन्न ठाउँमा पुऱ्याउँदै मानसिक र शारीरिक यातना दिए। गाउँका सबै मानिसलाई लाईन लगाएर कुटपिट गरियो।

कौट गाविस-९ का ४३ वर्षीय रनवीर सिंह डोबाललाई माओवादीको आशंकामा ०५८ फागुन ६ गते खलंगा गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी ७ दिन सम्म थुनामा राखी साप्ताहिक तारेखमा रिहा गरियो।

गुल्जर गाविस-९ का ४३ वर्षीय दशरथ ठगुन्नालाई माओवादीको आशंकामा ०५८ चैत ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३ दिन सम्म थुनामा राखी विभिन्न शारीरिक र मानसिक यातना दिई आत्मसमर्पणको कागज बनाई तारेखमा रिहा गरियो।

उकु गाविस-१ बाकुका ३५ वर्षीय काशीराम ओडलाई माओवादीको आरोपमा ०५९ वैशाख ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी १ महिनासम्म थुनामा राखि रिहा गरियो।

हिकिला गाविस-१ गौकुलका २२ वर्षीय खडक सिंह बडाललाई माओवादीको आरोपमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल थुनामा राखिएको छ।

शंकरपुर गाविसका मोहनसिंह धामीलाई माओवादीको आरोपमा ०५९ वैशाख २२ गते खलंगा गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल पीडितलाई थुनामा राखिएको छ।

डाँडाकोट गाविसका २३ वर्षीय अमृत गिरीलाई माओवादीको आशंकामा ०५९ वैसाख २२ गते प्रहरीले गिरफ्तार गरेकोमा हाल थुनामा राखिएको छ।

वैनडी जिल्ला रूदेश्वर गाविसका २५ वर्षीय तस्वीर वोहरालाई माओवादीको आशंकामा ०५९ वैशाख २२ गते परीक्षा दिई घर जाने बेला सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखे।

धुलीगाडा गाविस-७ का २२ वर्षीय जनकसिंह ठगुन्नालाई माओवादीको आरोपमा ०५९ वैशाख २२ गते महेन्द्र उच्च माविमा परीक्षा दिइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितलाई तीन दिन पछि रिहा गरियो।

हिकिला गाविस-१ का ४२ वर्षीय प्रेमसिंह बडाल र ३२ वर्षीय हरकसिंह बडाललाई ०५९ वैशाख २० गते खलंगा गाविस- ५ घाटबजार पसलमा तारा चिन्ह भएको टोपी राखे वापत सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। पीडितहरूलाई ९ दिन पछि रिहा गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट							राज्यबाट पीडित			
	अन्यबाट पीडित				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	२	१	१	२	६	६	६	११	१६	१	१७
घाईते					१	१	१				
गिरफ्तारी/यातना								२३	२६		२६
कुटपिट					१	१	१	१	१		१
धम्की					१	१	१				
आर्थिक/सामाजिक अधिकार					१	१	१				
अपहरण					१	१	१				
जम्मा	२	१	१	२	११	११	११	३५	४३	१	४४

शंकरपुर गाविसका २५ वर्षीय मोहनसिंह धामी र सोही गाविसका २२ वर्षीय मोहन रावतलाई माओवादीको आशंकामा ०५९ वैशाख २२ गते खलंगा गाविस महेन्द्र उच्च मावि परीक्षा केन्द्रबाट बाहिर आएको अवस्थामा प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई हाल थुनामा राखिएको छ।

हुनैनाथ गाविस रौतौडाका सुन्दरसिंह धामीलाई माओवादीहरूलाई खाना खुवाएको आरोपमा ०५९ साउन ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल तारेखमा रिहा गरियो।

खार गाविस-५ जामिरका शाही नेपाली सेनाका भूपू जवान ४० वर्षीय रघुवीरसिंह ठगुन्नालाई माओवादीको आशंकामा ०५९ साउन ६ गते खलंगा बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १९ दिन पछि रिहा गरियो।

हिकिला गाविस-४ का ४५ वर्षीय हरिबहादुर कार्कीलाई माओवादीको आशंकामा ०५९ असोज ८ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडित हाल थुनामा राखिएको छ।

लाटिनाथ गाविस-७ बजानीका एलजीपी कार्यक्रमको सामाजिक परिचालक ३५ वर्षीय चक्रानन्द जोशीलाई माओवादीको आशंकामा ०५९ साउन ३ गते खलंगा गाविस-४ स्थित आफ्नै कोठाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल पीडितलाई दैनिक तारेखमा रिहा गरियो।

विविध

संरचना क्षति

माओवादीले १ विद्युत केन्द्र, ३१ गाविस भवनका कागजपत्रहरू आगो लगाई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

यस बाहेक १ जना व्यक्तिको मदिरा सेवनद्वारा मृत्यु भयो। १ जना व्यक्तिले सडक खन्ने क्रममा ज्यान गुमाए, १ जना व्यक्तिले पासो लगाएर आत्महत्या गरे, २ जनाले महाकाली नदीमा हाम फालेर आत्महत्या गरे, १ जना व्यक्तिले भीरबाट लडी ज्यान गुमाए। माओवादीले एकजना जिविस सदस्यको घर र अन्य ४ जना व्यक्तिको घरमा आगो लगाए।

अनुसूची २

मानवअधिकार
उल्लंघन
तथ्याङ्क
२००२

परिशिष्ट १.१ : नेपाल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या															
घाँटी रेटेर हत्या	९	५	५		१०	११	१३			१३					
घाँटी थिचेर मारिएको	११	४	८		१२	४	४			४					
एम्बुस परी हत्या						१५	४७	३		५०					
बम विस्फोटनबाट हत्या						२९	६३	६		६९	४	३	२		५
बलात्कारपछि हत्या	९		९		९						३		३		३
आफ्नै एम्बुसमा परी मृत्यु						१	३			३					
आफ्नै बम विस्फोटनबाट मृत्यु						१०	१०	३	२४	३७					
झुण्डाएर हत्या	२		२		२										
विष दिएर हत्या	४	४	३		७										
यातना दिई हत्या						५	५			५	३	३			३
कुटपिट गरी हत्या	३८	२०	१६	२	३८	२८	२७	४		३१	३	४			४
गोलीबाट हत्या	२५	२०	७	३	३०	२५८	७६३	१०	१०४	८७७	१००३	१७९९	२२३	११७८	३२००
धारिलो हतियार प्रयोग गरी हत्या	१०३	९०	१८	४	११२	११५	१४१	४		१४५					
हत्याको प्रकृति नखुलेको	७३	५७	१९	१	७७	९०	१०३	५	१६	१२४	४४	६३	१३	६	८२
घाइते															
एम्बुसमा परी घाइते						१६	३३	२	७	४२					
बम विस्फोटनबाट घाइते						६०	११५	२५	७१	२११	७	८	१		९
आफ्नै बम विस्फोटन भई घाइते						४	४		१	५					
कुटपिटबाट घाइते	२५	४६	१५		६१	१२२	१६७	८		१७५	४८	८४	८	२०	११२
गोलीबाट घाइते	२०	२३	४		२७	५४	१३१	७	६	१४४	५९	११२	१९	११	१४२
धारिलो हतियार प्रयोग गरी घाइते	२४	४५	७		५२	२०	३२	२		३४					
हवाई फायरबाट घाइते						१	१	३		४					
बम विस्फोटन															
बम विस्फोटनबाट आतंक						८३			८४	८४	९	२		३१	३३
हिरासत वा थुनामा मृत्यु															
हिरासत/थुनामा मृत्यु											७	१०			१०
गिरफ्तारी/यातना															
गिरफ्तारी/यातना											१९०६	२८९३	२५२	२८५	३४३०
बेपत्ता															
बेपत्ता पारिएका											१५९	२०५	१९	९	२३३
कुटपिट															
कुटपिट	१७३	१७९	३७	२	२१८	३२६	४०२	२९	५७	४८८	२१५	३४६	२३	१८८	५५७
खुट्टा भाँचिएको						१०	१०	१		११					
हात भाँचिएको						९	९			९					
धम्की															
धम्की	५०	४८	१४	४	६६	२६३	३३७	४२	३९	४१८	३५	३९	३	६	४८
भेला/संगठित हुने अधिकार															
भेला/संगठित हुने अधिकार											४	९		२	११
जातीय विभेद															
मरुवा											५	५			५
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित	५	७	१		८										
अन्तरजातीय विवाह	८	७	७		१४										
जातीय छुवाछूत	१३	११	३		१४										
विभिन्न अवसरबाट वञ्चित	१२	११	२	१	१४										
निष्पक्ष जाँचपड्ताल र सुनुवाईको अधिकार											३	२		१	३

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
भूमिहीन/सुकुम्बासी															
भूमिहीन/सुकुम्बासी											१८	१४	१	१२४८	१२६३
महिलाअधिकार															
वेश्यावृत्तिमा लगाएको	४		४		४										
बलात्कार	६३		६६		६६						१२	१	१३		१४
बलात्कारको प्रयास	३२		३३		३३	५		५		५	६	१	६		७
बहुविवाह	७२		७६		७६										
महिला भएकै कारण यातना	४१		५८		५८										
महिला बेचबिखन	१६		१९		१९										
महिला बेचबिखनको प्रयास	१५		४२		४२										
जारी	७		८		८										
पारिवारिक हिंसा	६०		६४		६४										
यौन दुर्व्यवहार	११		११	१	१२										
कुटपिट	२७		२८		२८	३	७			७					
गर्भपतन	३		३		३										
धम्की						२	१	५		६					
बालअधिकार															
बालश्रम	११	१८	२		२०										
बालबालिका बेचबिखन	८	६	६		१२										
बालविवाह	४	१	४		५										
औषधोपचारबाट वञ्चित						१			२००	२००					
अपहरण	६	५	२		७	१			१८६	१८६					
नवजात शिशुको हत्या	१३	४	१	८	१३										
विभिन्न अवसरबाट वञ्चित	१			१	१						१			१	१
शिक्षाबाट वञ्चित	३	१		२	३	७			३६८	३६८					
शिक्षामा भेदभाव						२			२	२					
यौन दुर्व्यवहार	८६	२	९८		१००										
कुटपिट	६	६	२	२	१०	३	१	४		५	२	४			४
आर्थिक/सामाजिक अधिकार															
ज्यालाबाट वञ्चित	१७	४२	२	५	४९						२		१	१००	१०१
ट्रेड युनियन अधिकार											१	८			८
अन्य	२	३			३	१	१			१	१			१	१
आफ्नो सम्पत्तिको अधिकार	७	२०५	१		२०६	३८	३७		३	४०	४	३		१	४
जागिरबाट निष्कासन											३	९			९
धार्मिक स्वतन्त्रता	१			२०	२०										
अमानवीय व्यवहार															
बोक्सीको आरोपमा	७	७	४		११										
अन्य	३	३	१		४	२	२			२					
मुखमा कालोमोसो लगाएको						३	३			३					
जुत्ताको माला लगाएको						३	१	१	३	५					
उपलब्ध नभएको	३	३			३										
अपहरण															
अपहरण	३०	२७	१२		३९	५१६	७५४	३३	३२०	११०७					

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना	पुरुष	महिला	नखुलेको	जम्मा	घटना	पुरुष	महिला	नखुलेको	जम्मा	घटना	पुरुष	महिला	नखुलेको	जम्मा
संरचनामा क्षति															
रेन्जपोस्ट कार्यालय						३५			६२	६२					
राजनीतिक पार्टी कार्यालय						१			१	१	२			२	२
स्वास्थ्य केन्द्र						२३			३८	३८					
सडक						५			५	५					
संस्थान						६			६	६					
संचार क्षेत्र						३०			४२	४२					
सरकारी सवारी साधनहरू						२५			४०	४०					
सरकारी कार्यालयहरू						९३			२२२	२२२					
सामुदायिक भवन						१			३	३					
व्यक्तिगत घर						८३			१३३	१३३	९४			११७	११७
व्यक्तिगत सवारीसाधन						३१			४५	४५					
व्यक्तिगत कार्यालयहरू						२९			३०	३०					
ऐतिहासिक स्थल/भवनहरू						२			२	२					
बैंक						२३			२६	२६					
दूरसंचार टावर						१२			१६	१६					
भन्सार कार्यालय						५			५	५					
नागरिक उड्डयन कार्यालय						४			४	४					
नपा						२			२	२					
जलविद्युत आयोजना						२			३	३					
पुल						१७			१७	१७					
प्रहरी चौकी						५४			१४५	१४५					
सिनेमा हल						३			३	३					
जिल्ला वन कार्यालय						४८			७४	७४					
जिल्ला सिंचाई कार्यालय						४			४	४					
जिल्ला शिक्षा कार्यालय						१			१	१					
जिविस						१			१	१					
विद्युतसँग सम्बन्धीत क्षेत्र						३१			२७	२७					
विद्यालय	१			१	१	३१			४०	४०					
विश्वविद्यालय						१			१	१					
विमानस्थल टावर						६			७	७					
कृषि उपकेन्द्र						५			६	६					
गाविस						५७५			१४२८	१४२८					
गैर सरकारी संस्था						१३			१३	१३					
खाद्य संस्थान						२			२	२					
खानेपानीसँग सम्बन्धित कार्यालय तथा संरचना						१५			१६	१६					
हुलाक कार्यालय						११८			३१४	३१४					
हेलिकप्टर						१			१	१					
विस्थापन															
आन्तरिक द्वन्द्वका कारण							१६	१	११०६३	११०८०				३६२५	३६२५
अन्तरजातीय विवाहका कारण	२	३	१		४										
जातीय छुवाछूतका कारण	१	५			५										
प्राकृतिक प्रकोपका कारण	३			२०५०	२०५०									८००	८००
जम्मा	११८०	९१८	७३५	२१०७	३७५०	३४६१	२२४३	२०३	१५३४९	१८७९५	३६६३	५६२८	५२७	७६३२	१३८४७

परिशिष्ट १.२ : नेपाल - पीडितको प्रकार र संख्या उमेरको आधारमा

पीडितको प्रकार	१५ वर्ष मुनि				१५ देखि ४५ वर्ष			
	पुरुष	महिला	नखुलेको	जम्मा	पुरुष	महिला	नखुलेको	जम्मा
राजनीतिक कार्यकर्ता	३	४		७	१३८९	२०५	४	१५९८
स्वास्थ्यकर्मी					१०	१		११
सुकुम्वासी					१			१
सेना					६३			६३
गैरसरकारी कर्मचारी					२३८	६	१	२४५
सामाजिक कार्यकर्ता					३५	६		४१
सर्वसाधारण	७	१७		२४	२४९	६२		३११
नीजि व्यवसाय					६२९	४०		६६९
ईन्जीनियर					२			२
वन्दी					१०	२		१२
अशक्त अपाङ्ग व्यक्ति					२	१		३
मानवअधिकारकर्मी					८	१		९
मजदूर	२०	५		२५	३८९	४८		४३७
भारतीय नागरिक					५			५
वन सुरक्षाकर्मी					२			२
फोटोग्राफर					९			९
पत्रकार	२			२	७२	६		७८
प्रहरी					२८९	१		२९०
विद्यार्थी	९३	६८		१६१	४४९	११६	१	५६६
शिक्षक					५०४	२२	१	५२७
चोर तथा डाँका					७			७
कृषि	२४	१७		४१	२८९४	४९८	५	३३९७
कर्मचारी					७३८	११		७४९
कानून व्यवसायी					२०	१		२१
गृहिणी						६०		६०
खेलकुदसँग सम्वन्धित					४			४
धार्मिक व्यक्ति					१			१
शरणार्थी						१		१
उपलव्ध नभएको	२५	६६	२०७	२९८	४७१	१५४	१२	६३७
जम्मा	१७४	१७७	२०७	५५८	८४९०	१२४२	२४	९७५६

पीडितको प्रकार	४५ वर्ष भन्दा माथि				उमेर र लिंग नखुलेको	जम्मा			
	पुरुष	महिला	नखुलेको	जम्मा	जम्मा	पुरुष	महिला	नखुलेको	जम्मा
राजनीतिक कार्यकर्ता	१६५	३		१६८	२१२३	१५५७	२१२	२१२७	३८९६
स्वास्थ्यकर्मी	३			३		१३	१		१४
सुकुम्वासी	१			१		२			२
सेना					१२४	६३		१२४	१८७
गैरसरकारी कर्मचारी	१९	१		२०		२५७	७	१	२६५
सामाजिक कार्यकर्ता	१२			१२		४७	६		५३
सर्वसाधारण	२६	१०		३६	२१७	२८२	८९	२१७	५८८
नीजि व्यवसाय	१०१	२		१०३	२१	७३०	४२	२१	७९३
ईन्जीनियर						२			२
वन्दी						१०	२		१२
अशक्त अपाङ्ग व्यक्ति	१			१		३	१		४
मानवअधिकारकर्मी	१			१	१	९	१	१	११
मजदूर	३१	३		३४	६	४४०	५६	६	५०२
भारतीय नागरिक						५			५
वन सुरक्षाकर्मी						२			२
फोटोग्राफर	१			१		१०			१०
पत्रकार	२			२		७६	६		८२
प्रहरी	१			१	१९४	२९०	१	१९४	४८५
विद्यार्थी	२			२	८०८	५४४	१८४	८०९	१५३७
शिक्षक	७९	२		८१	६	५८३	२४	७	६१४
चोर तथा डाँका						७			७
कृषि	५९८	६१	१३	६७२	१४	३५१६	५७६	३२	४१२४
कर्मचारी	२६	१		२७	४३	७६४	१२	४३	८१९
कानून व्यवसायी	२			२		२२	१		२३
गृहिणी		३		३			६३		६३
खेलकुदसँग सम्वन्धित						४			४
धार्मिक व्यक्ति	१			१		२			२
शरणार्थी							१		१
उपलव्ध नभएको	५३	१०	२	६५	२१२८५	५४९	२३०	२१५०६	२२२८५
जम्मा	११२५	९६	१५	१२३६	२४८४२	९७८९	१५१५	२५०८८	३६३९२

नोट: *सेना र प्रहरीको संख्या मारिएकाहरुको मात्र उल्लेख गरिएको छ । घाइते तथा अन्य प्रकारले पीडित सेना र प्रहरीको संख्या तथा अन्य नखुलेको संख्यालाई एकमुष्ठ रुपमा "उपलब्ध नभएको" शिर्षक अन्तर्गत समावेश गरिएको छ ।*

परिशिष्ट १.३ : नेपाल - पीडित हुनेहरूको संख्या, घटनाको प्रकार र महिना

घटना प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
हत्या	२४०	५१६	४६३	६७५	८४७	३८३	१८३	२३४	४२३	३८५	४५४	१४९	४९५२
घाईते	८५	९०	१४१	१३२	४९	५१	६३	६१	१०१	७८	११२	५६	१०१९
वम विस्फोटन	१०	१९	१०	१५	३	२६		६	९	४	१२	३	११७
हिरासत वा थुनामा मृत्यु		३	२	१	२				१			१	१०
गिरफ्तारी/यातना	८२२	५३८	३८४	३१६	२६७	१९७	१८३	२०४	१२७	१३८	१५६	९८	३४३०
वेपत्ता	१८	१७	२५	२६	२७	३०	४	२६	१८	११	१९	१२	२३३
कुटपिट	१८२	९८	१३४	११६	२१७	९६	५४	८३	८३	६६	१०६	४८	१२८३
धम्की	५५	४१	३१	८९	३६	४८	३६	३०	४२	५५	५२	१६	५३२
भेला/संगठित हुने अधिकार			१					९			१		११
जातीय विभेद	१	३	१	७	११	६	८	८	५	३	२		५५
निष्पक्ष जाँचपड्ताल/सुनुवाईको अधिकार			१		१		१						३
भूमिहीन/सुकुम्वासी	२७८	३१	९५०	१			२	१					१२६३
महिला अधिकार	२६	३८	३९	२८	३२	३९	३९	४५	४२	४४	४७	२२	४५२
वाल अधिकार	१३	११	२१	६५	१६	११	२४	१६	१५	२१०	१२५	४१०	९३७
आर्थिक/सामाजिक अधिकार	११२	२०६	५	७	२१	१०	२४	२४	७	१५	५	६	४४२
अमानवीय व्यवहार	१	३	१	३	३	१	२		४	४	२	४	२८
अपहरण	८८	४८	३६	४७	६९	१२१	१२६	६५	२५७	५३	७३	६३	११४६
संरचनामा क्षति	१२७	२६९	६७९	७५१	९५	८५	९६	८५	१८१	१७७	३२६	३४	२९१५
विस्थापन	२१९४	१७०१	८७२५	१९०	८९६	३००	१४४५	६६४	३	८०८	४२०	२१८	१७५६४
जम्मा	४२७२	३६३२	११६४९	२४६९	२५९२	१४०४	२२९०	१५६१	१४२०	२०५१	१९१२	११४०	३६३९२

परिशिष्ट २.१ : पूर्वाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६७	५३	२३		७६	८८	१२८	३		१३१	१५०	१८६	१९	८९	२९४
घाइते	२७	४८	८		५६	२२	३४		२	३६	१५	१३	५		१८
वम विस्फोटन						५			५	५	१			१	१
हिरासत वा थुनामा मृत्यु											४	४			४
गिरफ्तारी/यातना											३१४	४६०	५१	२	५१३
वेपत्ता											२५	३३	१		३४
कुटपिट	४९	६०	१३	१	७४	६०	८६	५	२	९३	४०	७३	५	२	८०
धम्की	१४	१६	५		२१	२९	४५	५	४	५४	६	७		२	९
भेला/संगठित हुने अधिकार											२			२	२
जातीय विभेद	७	८	५	१	१४						५	५			५
निष्पक्ष जाँचइनाल/सुनुवाईको अधिकार											१	१			१
भूमिहीन/सुकुम्वासी											७	१४	१	५	२०
महिला अधिकार	८६		१२६		१२६	३	१	६		७	१	१			१
वालअधिकार	४४	४	४४	३	५१	३		१	२	३					
आर्थिक/सामाजिक अधिकार	५	११		२	१३	१	१			१	३	११			११
अमानवीय व्यवहार	१	२			२										
अपहरण	१०	६	८		१४	३८	५६	५		६१					
जम्मा	३१०	३०८	२३२	७	४४७	२५९	३५१	२५	१५	३९१	५७४	८०८	८२	१०३	९९३

परिशिष्ट २.२ : मध्यमाञ्चल -
घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०९	७४	४२	३	११९	१६२	२९७	१०	२०	३२७	१७२	२८९	२२	३१	३५२
घाईते	२९	४०	९		४९	८१	१३७	२१	७५	२३३	३३	११५	७	७	१२९
बम विस्फोटन						४६			४९	४९	२			२	२
हिरासत वा थुनामा मृत्यु											१	१			१
गिरफ्तारी/यातना											६४९	१०५८	९१	१५८	१३०७
बेपत्ता											२३	२८	४	१	३३
कुटपिट	७२	७३	२०		९३	३८	४४	४		४८	३०	४९	३		५२
धम्की	१४	११	२	३	१६	२७	२९	१	३	३३	९	९	१	१	११
भेला/संगठित हुने अधिकार											२	९			९
जातीय विभेद	११	१०	४		१४										
निष्पक्ष जाँचपड्ताल/सुनुवाईको अधिकार											२	१		१	२
भूमिहीन/सुकुम्वासी											२			१७१	१७१
महिला अधिकार	१४१		१४८	१	१४९	३		३		३	३		५		५
बाल अधिकार	५१	३०	३२	५	६७	३	१	३	१	५	२	१		१	२
आर्थिक/सामाजिक अधिकार	७	२२३	३	२०	२४६	४	४			४	५	७	१	१००	१०८
अमानवीय व्यवहार	८	९	३		१२	१	१			१					
अपहरण	१९	२०	४		२४	७६	१०२	३	२०५	३१०					
जम्मा	४६१	४९०	२६७	३२	७८९	४४१	६१५	४५	३५३	१०१३	९३६	१५६७	१४४	४७३	२१८४

परिशिष्ट २.३ : पश्चिमाञ्चल
घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५६	४३	१३	१	५७	८६	१०७	५	१५	१२७	१८३	२८१	५१	१२२	४५४
घाईते	७	७	२		९	२७	५१	५		५६	९	१०	३	१५	२८
बम विस्फोटन						६			६	६					
हिरासत वा थुनामा मृत्यु											२	२			२
गिरफ्तारी/यातना											३६२	५३१	४९	६	५८६
बेपत्ता											१०	१०	३		१३
कुटपिट	२१	१८	२		२०	४४	४३	४		४७	१८	४२	१	१	४४
धम्की	१०	९	५		१४	४२	५२	१	२	५५	४	६			६
जातीय विभेद	५	४	३		७										
भूमिहीन/सुकुम्बासी											८			९९२	९९२
महिलाअधिकार	४९		५८		५८						१		२		२
बालअधिकार	२४	६	२३	५	३४										
आर्थिक/सामाजिक अधिकार	६	८		२	१०						२	१		१	२
अमानवीय व्यवहार	१		१		१	१	१			१					
अपहरण						४०	१०२	३		१०५					
जम्मा	१६९	९५	१०७	८	२१०	२४६	३५६	१८	२३	३९७	५९९	८८३	१०९	११२७	२११९

परिशिष्ट २.४ : मध्य पश्चिमाञ्चल

घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२६	१९	४	६	२९	१४३	४६४	८	३४	५०६	४२१	९५८	१०६	६६९	१७३३
घाइते	१४	१६	७		३३	१२०	२२२	१९	१	२४२	५१	६२	१०	९	८१
बम विस्फाटन						१६			१६	१६	४	१		२७	२८
हिरासत वा थुनामा मृत्यु											१	३			३
गिरफ्तारी/यातना											४८६	७११	५३	९६	८६०
बेपत्ता											८९	१२२	७	८	१३७
कुटपिट	११	१०		१	११	१२४	१५६	१३	५	१७४	८४	११५	१३	१४९	२७७
धम्की	९	९	२	१	१२	१०१	१४२	३४	१२	१८८	१२	१३	१	३	१७
जातीय विभेद	३	२	१		३										
महिला अधिकार	४८		५२		५२	४	७	१		८	८	१	७		८
बालअधिकार	११	१	११		१२						१	२			२
आर्थिक/सामाजिक अधिकार	३	३			३	२५	२५			२५	१			१	१
अमानवीय व्यवहार	३	२	१		३	१	१			१					
अपहरण	१	१			१	३२९	४५८	१९	१०१	५७८					
जम्मा	१२९	६३	७८	८	१४९	८६३	१४७५	९४	१६९	१७३८	११५८	१९८८	१९७	९६२	३१४७

परिशिष्ट २.५ : सुदूर पश्चिमाञ्चल

घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्यबाट पीडित				
	अन्यबाट पीडित					माओवादीबाट पीडित									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१६	११	५		१६	८७	१८३	९	७५	२६७	१३४	१५८	३३	२७३	४६४
घाईते	३	३			३	२८	३९	२	७	४८	६	५	३		८
बम विस्फोटन						१०			८	८	२	१		१	२
गिरफ्तारी/यातना											९६	१३३	८	२३	१६४
बेपत्ता											१३	१२	४		१६
कुटपिट	१९	१८	२		२०	८०	९२	४	५०	१४६	४५	६७	१	३६	१०४
धम्की	३	३			३	५५	६९	१	१८	८८	४	४	१		५
जातीय विभेद	१२	१२			१२										
भूमिहीन/सुकुम्बासी											१			८०	८०
महिला अधिकार	२७		२८		२८						५		५		५
बालअधिकार	७	२	५		७	८			७५३	७५३	१	१			१
आर्थिक/सामाजिक अधिकार	६	५		१	६	९	८		३	११	१	१			१
अमानवीय व्यवहार						५	३	१	३	७					
अपहरण						३४	३६	३	१४	५३					
जम्मा	९३	५४	४०	१	९५	३१६	४३०	२०	९३१	१३८१	३०८	३८२	५५	४१३	८५०

सन् २००२ मा हत्या भएकाहरुको संख्या

गत वर्ष संकटकाल लागू भएपछि हत्याका घटनामा व्यापक वृद्धि भयो। ठूलो संख्यामा हताहतका घटना सार्वजनिक भए। सरकारको तर्फबाट विज्ञप्ति मार्फत् सार्वजनिक गरिएका तथा संचार माध्यमबाट सार्वजनिक भएका सूचनाहरूलाई आधार मानेर हामीले अद्यावधिक गरेको तथ्यांक र मानवअधिकार वर्ष पुस्तकको स्रोतबाट प्राप्त सूचनाका आधारमा तयार पारिएको तथ्यांक प्रस्तुत गरिएको छ। वर्ष पुस्तकद्वारा प्रस्तुत तथ्यांकमा राज्य र माओवादीद्वारा भएका हत्याका सबै प्रकारका पीडितहरू समाविष्ट छन्। जसमध्ये अधिकांश माओवादी जनयुद्धसँग सम्बन्धित र अत्यन्त न्यून मात्र अन्य आरोपमा मारिएका छन्।

सरकारी तथा अन्य सूचनाका आधारमा

क्र.सं.	जिल्ला	राज्यद्वारा	माओवादीद्वारा	जम्मा
१	झापा	१०		१०
२	इलाम	१२	६	१८
३	पाँचथर	१९	१३	३२
४	ताप्लेजुङ	१३	१९	३२
५	मोरङ	२२	८	३०
६	सुनसरी	१२	१	१३
७	धनकुटा	१	२	३
८	तेह्रथुम	३२	३	३५
९	भोजपुर	९	३	१२
१०	संखुवासभा	५५	१०	६५
११	सप्तरी	२३	२	२५
१२	सिरहा	३३	१९	५२
१३	उदयपुर	१५	१	१६
१४	खोटाङ	२७	८	३५
१५	ओखलढुंगा	७७	३	८०
१६	सोलुखुम्बु	११		११
१७	धनुषा	३	७	१०
१८	महोत्तरी		१	१
१९	सर्लाही	७	१९	२६
२०	सिन्धुली	३०	५७	८७
२१	रामेछाप	४१	१३	५४
२२	दोलखा	२९	८	३७
२३	रौतहट	२२	२२	४४
२४	बारा	५	७	१२
२५	चितवन	३०	२०	५०
२६	मकवानपुर	६	१५	२१
२७	ललितपुर	६	३	९
२८	भक्तपुर	१२		१२
२९	काठमाण्डौं	१०	१०	२०
३०	काभ्रे	१३	३०	४३
३१	धादिङ	३१	६	३७
३२	सिन्धुपाल्चोक	४५	१९	६४
३३	नुवाकोट	५०	१४	६४
३४	रसुवा	१७	१	१८
३५	तनहुँ	२२	६	२८
३६	गोरखा	५१	४७	९८

वर्ष पुस्तकका आधारमा

क्र.सं.	जिल्ला	राज्यद्वारा	माओवादीद्वारा	जम्मा
१	झापा	१५	२	१७
२	इलाम	१३	८	२१
३	पाँचथर	१८	१७	३५
४	ताप्लेजुङ	१५	२०	३५
५	मोरङ	१७	१०	२७
६	सुनसरी	८	४	१२
७	धनकुटा	३	१	४
८	तेह्रथुम	१४	२	१६
९	भोजपुर	८	६	१४
१०	संखुवासभा	३९	१९	५८
११	सप्तरी	१०	१	११
१२	सिरहा	२८	२१	४९
१३	उदयपुर	१२	३	१५
१४	खोटाङ	१४	१०	२४
१५	ओखलढुंगा	६७	६	७३
१६	सोलुखुम्बु	१३	१	१४
१७	धनुषा	३	८	११
१८	महोत्तरी	१	२	३
१९	सर्लाही	१०	२४	३४
२०	सिन्धुली	१७	५९	७६
२१	रामेछाप	३६	१२	४८
२२	दोलखा	२६	२९	५५
२३	रौतहट	१२	२१	३३
२४	बारा	१०	२०	३०
२५	पर्सा	६		६
२६	चितवन	३१	११	४२
२७	मकवानपुर	६	२१	२७
२८	ललितपुर	८	१३	२१
२९	काभ्रे	१६	३३	४९
३०	भक्तपुर	१२		१२
३१	काठमाण्डौं	११	१५	२६
३२	धादिङ	६३	१२	७५
३३	सिन्धुपाल्चोक	३५	३२	६७
३४	नुवाकोट	३७	१४	५१
३५	रसुवा	१२	१	१३
३६	तनहुँ	२२	८	३०

सरकारी तथा अन्य सूचनाका आधारमा

क्र.सं.	जिल्ला	राज्यद्वारा	माओवादीद्वारा	जम्मा
३७	लमजुङ	४७	६	५३
३८	स्याङ्जा	३४	२	३६
३९	कास्की	१४	६	२०
४०	नवलपरासी	१६	७	२३
४१	रूपन्देही	२	३	५
४२	पाल्पा	२६	३	२९
४३	कपिलवस्तु	७	७	१४
४४	अर्घाखाँची	१८८	७०	२५८
४५	गुल्मी	१०	१	११
४६	वाग्लुङ	५४	६	६०
४७	पर्वत	३५	२	३७
४८	म्याग्दी	५७	६	६३
४९	दाङ	१९३	९३	२८६
५०	प्युठान	३५	६	४१
५१	रोल्पा	७५६	९८	८५४
५२	सल्यान	९३	३८	१३१
५३	रूकुम	४२६	५	४३१
५४	वाँके	९२	४	९६
५५	वर्दिया	१९५	२०	२१५
५६	सुर्खेत	८६	१३	९९
५७	जाजरकोट	१४		१४
५८	दैलेख	४४	५	४९
५९	डोल्पा	१७		१७
६०	जुम्ला	१७१	४१	२१२
६१	कालिकोट	१५८	६	१६४
६२	मुगु	२४	१	२५
६३	हुम्ला	९	१	१०
६४	कैलाली	१३२	३८	१७०
६५	अछाम	६८	१३७	२०५
६६	डोटी	४८	१	४९
६७	वाजुरा	५३	५	५८
६८	वझाङ	४१	४	४५
६९	कञ्चनपुर	९०	१५	१०५
७०	डडेल्धुरा	६४	४	६८
७१	वैतडी	२१	२	२३
७२	दार्चुला	३०	३	३३
	जम्मा	४१५१	१०६२	५२१३

वर्ष पुस्तकका आधारमा

क्र.सं.	जिल्ला	राज्यद्वारा	माओवादीद्वारा	जम्मा
३७	गोरखा	४७	३६	८३
३८	लमजुङ	१०१	८	१०९
३९	स्याङजा	२३	३	२६
४०	कास्की	११	५	१६
४१	नवलपरासी	२३	७	३०
४२	रूपन्देही	५	५	१०
४३	पाल्पा	३६	३	३९
४४	कपिलवस्तु	५	१२	१७
४५	अर्घाखाँची	७०	१२	८२
४६	गुल्मी	११	९	२०
४७	वाग्लुङ	४४	८	५२
४८	पर्वत	१९	३	२२
४९	म्याग्दी	३७	८	४५
५०	दाङ	२९७	१११	४०८
५१	प्युठान	२०	५	२५
५२	रोल्पा	२२२	१३४	३५६
५३	सल्यान	१२२	४१	१६३
५४	रूकुम	४२७	५३	४८०
५५	वाँके	६५	३५	१००
५६	वर्दिया	१३८	२४	१६२
५७	सुर्खेत	१२४	१३	१३७
५८	जाजरकोट	१८	३	२१
५९	दैलेख	४९	१६	६५
६०	डोल्पा	१८	२	२०
६१	जुम्ला	१२७	५१	१७८
६२	कालिकोट	६८	६	७४
६३	मुगु	२८	४	३२
६४	हुम्ला	१०	८	१८
६५	कैलाली	५५	४९	१०४
६६	अछाम	६२	१३६	१९८
६७	डोटी	१२१	३	१२४
६८	वाजुरा	६२	२९	९१
६९	वझाङ	२४	११	३५
७०	कञ्चनपुर	६३	१६	७९
७१	डडेल्धुरा	३८	११	४९
७२	वैतडी	२२	६	२८
७३	दार्चुला	१७	६	२३
	जम्मा	३२९७	१३५८	४६५५

परिशिष्ट ४ : नेपाल - सन् २००२ डिसेम्बर महिनासम्म जेलमा रहेका बन्दीहरूको संख्या

क्र.सं.	जिल्ला	थुनावा	बन्दी	पुरुष	महिला	नाबालक	नाबालिका	जम्मा
१.१	झापा	१४३	१४३	२७१	१५	१		२८७
१.२	इलाम	६६	११०	१५७	१९	१	१	१७८
१.३	पाचथर	१९	२८	४७				४७
१.४	ताप्लेजुङ	३०	१४					४४
१.५	मोरङ	२१५	१८१		२३		२	३९८
१.६	सुनसरी	जेल छैन						
१.७	धनकुटा	२८	११	३९				३९
१.८	तेह्रथुम	१६	१८	२५	९			३४
१.९	भोजपुर	७	३२		२		१	४०
१.१०	संखुवासभा	११	२८	३५	४			३९
१.११	सप्तरी	६६	५१					११७
१.१२	सिराहा	१११	३७	१४३	५	१		१४९
१.१३	उदयपुर	१८	२३	४१				४१
१.१४	खोटाङ	३४	३४	६४	४	१		६९
१.१५	ओखलढुंगा	१४	५	१६	३			१९
१.१६	सोलुखुम्बु	बन्दी छैन						
२.१	धनुषा	जेल छैन						
२.२	महोत्तरी	९१	८७	१६८	१२	१	३	१८२
२.३	सर्लाही	५३	१९	६८	४			७२
२.४	सिन्धुली	३३	२२	५१	४			५५
२.५	रामेछाप	२०	११	२२	९			३१
२.६	दोलखा	१६	२२	३८				३८
२.७	रौतहट	८६	३६	११८	४			१२२
२.८	वारा	जेल छैन						
२.९	पर्सा	२१४	१७६	३६३	२७	१	३	३९४
२.१०	चितवन	२७	१०८	१२५	१०			१३५
२.११	मकवानपुर	३७	३८	७१	४		१	७६
२.१२	ललितपुर	१५१	७४	२२५				२२५
२.१३	काभ्रे	५६	६१	११७				११७
२.१४	भक्तपुर	जेल छैन						
२.१५	काठमाण्डौ	५८४	१२२७	१६९२	११७	४	७	१८२२
२.१६	धादिङ	४०	१२	४८	४			५२
२.१७	सिन्धुपाल्चोक	५२	१२	६१	३			६४
२.१८	नुवाकोट	५७	२	४६	१३			५९
२.१९	रसुवा	७	८	१४	१			१५
३.१	तनहुँ	१५	१६	३१				३१
३.२	गोरखा	४७	१३	५०	१०	१		६१
३.३	लमजुङ	२१	९	३०				३०
३.४	स्याङ्जा	१७	२३	४०				४०
३.५	कास्की	१०४	२५	१०२	२७	१	१	१३१
३.६	मनाङ	बन्दी छैन						
३.७	नवलपरासी	५७	९	६२	४			६६

क्र.सं.	जिल्ला	थुनावा	बन्दी	पुरुष	महिला	नाबालक	नाबालिका	जम्मा
३.८	रूपन्देहि	१०८	६०	१६८				१६८
३.९	पाल्पा	३८	१६४	१५९	४३	१	१	२०४
३.१०	कपिलबस्तु	८३	२३	९१	१५			१०६
३.११	अर्घाखाँची	जेल छैन						
३.१२	गुल्मी	१८	१५	२७	६			३३
३.१३	वाग्लङ	१५	२३	३२	६	१		३९
३.१४	पर्वत	१२	१३	२१	४			२५
३.१५	म्याग्दी	२५	१०	३५				३५
३.१६	मुस्ताङ		२					२
४.१	दाङ	७४	८२	१४३	१३	४	१	१६१
४.२	प्युठान	२२	११	३३	१०			३३
४.३	रोल्पा	४०	४	३९	५			४४
४.४	सल्यान	१७	१२	२६	३	१	१	३१
४.५	रूकुम	बन्दी छैन						
४.६	बाँके	१७९	८५	२४०	२४	२		२६६
४.७	वर्दिया	८८	४९	१२१	१६			१३७
४.८	सुर्खेत	–	–	–	–	–	–	५६
४.९	जाजरकोट	–	–	–	–	–	–	४६
४.१०	दैलेख	११	५	१५	१			१६
४.११	डोल्पा	१		१				१
४.१२	जुम्ला	बन्दी छैन						
४.१३	कालिकोट	बन्दी छैन						
४.१४	मुगु	बन्दी छैन						
४.१५	हुम्ला	६		६				६
५.१	कैलाली	६४	५५			१		१२०
५.२	अछाम		१	१				१
५.३	डोटी	१४	११	२२	३			२५
५.४	वाजुरा	५	५					१०
५.५	वभाङ	६	१३	१८	१			१९
५.६	कञ्चनपुर	६८	३८	९७	९		१	१०७
५.७	डडेल्धुरा	२२	१५	३४	३			३७
५.८	वैतडी	६८	३८		९		१	१०७
५.९	दार्चुला	११	२७	३८				३८
	जम्मा	३५५८	३४८६	५७४७	५०८	२२	२४	७१९२

अनुसूची ३

सन् २००२ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरूको धारणा

नेपाली कांग्रेस

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

राष्ट्रिय प्रजातन्त्र पार्टी

जनमोर्चा नेपाल

नेपाल मजदुर किसान पार्टी

नेपाली कांग्रेस (प्रजातान्त्रिक)

नेपाली कांग्रेस

प्रजातन्त्र र मानवअधिकार एक अर्काका पुरक पक्ष हुन्। प्रजातान्त्रिक परिपाटी कायम नभएको अवस्थामा मानवअधिकारको मर्यादा कायम हुन सक्दैन। मानवअधिकारको उचित तवरले पालना हुन सकेन भने प्रजातान्त्रिक पद्धतिको मुलभूत पक्ष नै कमजोर हुन जान्छ र यसको मर्यादा, उदारता र सहिष्णुता नै खण्डित हुन्छ। त्यसैले प्रजातन्त्र र मानवअधिकारको बीचमा अन्योन्याश्रित सम्बन्ध रहेको छ।

नेपालमा पनि प्रजातन्त्रको स्थापना सँगै मानवअधिकारको प्रत्याभूति वा यसको पालन प्रक्रिया प्रारम्भ भएको हो। नेपाल अधिराज्यको संविधान २०४७ ले मानवअधिकार सम्बन्धी केही आधारभूत विषयको कार्यान्वयनमा उचित अठोट व्यक्त गरेको छ।

दुईवटा प्रलयंकारी विश्वयुद्धको विभिषीका र ती युद्धमा लाखौं मानिसहरूले ज्यान गुमाउनु परेको हृदय विदारक घटना तथा त्यसबाट जर्जर भएका अनेक मुलुकहरूले युद्धको यस्तो मार फेरि कहिल्यै बेहोर्न नपरोस् भन्ने उत्कृष्ट चाहना राखे। त्यसपछि नै युद्धलाई मानव सभ्यताको सम्पूर्ण विनासको रूपमा हेर्न थालियो। त्यसलाई फेरि दोहरिन नदिन सबैले आपसमा सहमति, सद्भावना र एकतामा आवद्ध हुन आवश्यक सम्झे। कसैबाट कसैको अधिकारको हनन नै युद्धको कारण हो। त्यसैकारण मान्छेको यावत अधिकारको सम्मान हुनुपर्छ र कुनै पनि बाहनामा कसैले पनि मानवका कुनै पनि अधिकारको अपहरण गर्न हुँदैन भन्ने संकल्पमा संयुक्त राष्ट्र संघले सन् १९४८ मा संसारलाई एउटा नयाँ दिशा दियो, नयाँ उज्यालो दियो।

नेपाली कांग्रेसको आफ्नो स्थापनाकालदेखि नै मानवअधिकारका प्रति अटुट आस्था र दरिलो प्रतिबद्धता रहेको छ। नेपाली कांग्रेसको आफ्नो झण्डामा नै यो प्रतिबद्धता परिलक्षित छ। झण्डामा अंकित चार तारा यिनै चार आधारभूत मानवअधिकार, वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, आर्थिक स्वतन्त्रता एवं सुरक्षाको स्वतन्त्रताका प्रतिक हुन्।

नेपाली कांग्रेसको स्थापना कालमा मानवअधिकार अत्यन्त कुण्ठित अवस्थामा थियो, महत्वहीन र पराजित अवस्थामा थियो। जातजाति बीच भेदभाव, असमानता एवं छुवाछूतको भावना चरम रूपमा थियो। शोषण, दमन तथा अरू अनेक सामाजिक अन्याय सर्वत्र व्याप्त थियो। नेपाली कांग्रेसले यसको निमित्त प्रमुख रूपमा एकतन्त्रीय जहानिया शासनलाई नै जिम्मेवार ठहऱ्याएको थियो। त्यसको विरोधमा संघर्ष र सशक्त क्रान्ति गऱ्यो। तर राजनीतिक क्रान्तिसँगै सामाजिक क्रान्तिको पनि आवश्यक छ र त्यसैले नै समाजलाई समग्र परिवर्तन गर्न सकिन्छ भन्ने मान्यतामा राजनीतिक क्रान्तिसँगै नेपाली कांग्रेसले सामाजिक क्रान्ति पनि प्रारम्भ गऱ्यो। आफ्नो स्थापनासँग यसले देवव्रत परियारलाई केन्द्रीय कार्यसमितिको सदस्यमा राखेर छुवाछूत र जातिगत भेदभावलाई अस्वीकार गऱ्यो। त्यसपछि पनि वीपी कोइरालाले धनमानसिंह परियारलाई पार्टीको महामन्त्रीमा मनोनित गरेर त्यसबेलाको समाजलाई जातजातिको आधारमा भेदभाव गर्नु हुन्न भन्ने सशक्त सन्देश दिनु भएको थियो। महिला, केटाकेटी एवं वृद्धाहरूको हक र हितको निमित्त किसान, मजदूर र अन्य सबै वर्गको हक र हितको निमित्त तथा शोषण, दमन र सबै प्रकारका सामाजिक अन्यायको विरोधमा नेपाली कांग्रेस हमेशा कटिबद्ध भएर रहने कुरा वीपी कोइरालाद्वारा प्रस्तुत नेपाली कांग्रेसको घोषणापत्र-२००६ मा नै स्पष्ट उल्लेख गरिएको थियो। त्यसपछि ०१५ को चुनाव घोषणा पत्रमा पनि नेपाली कांग्रेसले आफ्नो यो प्रतिबद्धतालाई अझ प्रखर रूपमा व्यक्त गरेको थियो। त्यसपछि गठन भएको नेपाली कांग्रेसको पहिलो जननिर्वाचित सरकारले बेठी बेगारीको अन्त्य, बिर्ताको उन्मूलन, माहियानी हकको संरक्षण, राज्य रजौटा प्रथाको खारेजी, वेतन र ज्यालाको न्यूनतम सीमा निर्धारण आदिका साथै प्रचलित कानुनमा सुधार गरेर तथा अरू अनेक नयाँ नियम कानुनको तर्जुमा गरेर समाजलाई थिचोमिचोबाट उन्मुक्ति दिलाउने प्रयत्न गरेको थियो।

त्यसपछि ०४८, ०५१ र ०५६ को घोषणापत्रमा पनि नेपाली कांग्रेसले यो प्रतिबद्धतालाई दोहोऱ्याएर तथा त्यस अनुरूपका कार्यलाई अघि सारेर मानवअधिकारको सम्मान र सम्बर्द्धनमा नेपाली कांग्रेस सधैं उचित तवरले लागिरहेको हो। नेपाली कांग्रेसको सरकारले नै राष्ट्रिय मानव अधिकार आयोगको गठन गऱ्यो। कमैया प्रथा उन्मूलन गऱ्यो र विभिन्न जातजातिको भाषा, सांस्कृतिक र रीतिरिवाजहरूको संरक्षणलाई प्राथमिकता दियो।

मानवअधिकारको रक्षामा सबभन्दा आवश्यक तत्व शान्ति कायम हो। विगत केही वर्षदेखि हत्या, हिंसा र आतंकका अनेक जघन्य र बर्बर काण्डहरूले नेपाल पूर्ण रूपमा आक्रान्त रह्यो। मान्छेको बाँच्न पाउने अधिकार-"मानवअधिकार" एक परिहार्य र अविभाज्य अधिकार हो। हत्या, हिंसा र आतंकको पहिलो मार यसैमाथि पर्छ। यसैमा हाम्रा अनेक निर्दोष र निहत्था दाजुभाई, दिदीबहिनीहरूले ज्यान गुमाउनु पऱ्यो। अनेकौंले घर, गाउँ र जिल्ला छाडेर अति दयनीय जीवन यापन गर्नु पऱ्यो। यो स्थितिप्रति अत्यन्त संवेदनशील भएर नेपाली कांग्रेसले माओवादी पक्षलाई हिंसात्मक क्रियाकलाप छाडेर शान्तिपूर्ण राजनीतिक प्रक्रियामा आउन र सत्ता पक्षलाई पनि वार्ताद्वारा नै समस्याको अग्रगामी निकास खोज्न आह्वान गर्दै आएको हो। अहिले यी दुवै पक्षमा युद्ध विराम कायम भएको छ। यसलाई सफलता र परिणामसम्मत अवस्थामा पुऱ्याउनु पर्छ। यससम्बन्धी वार्ता र अरू सम्पूर्ण विषय पारदर्शी हुनुपर्छ। राजनीतिक पार्टीको सहयोग र सहमतिबाट मात्र यसलाई दीर्घकालीन र अग्रगामी परिणतिमा पुऱ्याउन सकिन्छ। दुवै पक्ष बीचको आचार संहिताको पालन तथा अरू यावत कुराको अनुगमन राष्ट्रिय

मानव अधिकार आयोग र अन्य मानवअधिकारवादी संस्थाहरुबाट हुनुपर्छ भन्ने नेपाली कांग्रेसको धारणा छ।

साथै, सम्पूर्ण राज्य शक्तिको स्रोत नेपाली जनता हुन् र नेपालको सार्वभौम सत्ता नेपाली जनतामा नै निहित छ भन्ने तथ्यलाई पनि कसैले बिर्सनु हुँदैन। ०४६ को जनआन्दोलनको उपलब्धीलाई कुण्ठित पार्ने प्रयत्न र कुनै पनि बाहनामा प्रजातान्त्रिक अधिकारहरुलाई कमजोर पार्ने प्रयास भए नेपाली कांग्रेसले त्यसको विरोधमा अग्रपंक्तिमा रहेर प्रतिकार गर्नेछ।

मानवअधिकारमाथि धेरैतिरबाट आक्रमण भइरहेको आजको अवस्थामा नेपाली कांग्रेस अत्यन्त संवेदनशील छ र यस प्रतिको आफ्नो प्रतिबद्धतालाई अझ सशक्त र अझ प्रगाढ रुपमा व्यक्त गर्न चाहन्छ। प्रत्येक मानिसलाई रोग, भोक, गरीबी, अभाव र अशिक्षाबाट मुक्त गरेर कुनै पनि शोषण र दमनबाट मुक्त गरेर तथा कुनै किसिमको भेदभाव एवं थिचोमिचोबाट मुक्त गरेर मानिसको बाँच्न पाउने हकलाई संरक्षण गर्न नेपाली कांग्रेस मन, वचन र कर्मले सँधै समर्पित भएर लागिरहने छ।

यता केही समयदेखि मानवअधिकारको विभिन्न क्षेत्रमा विभिन्न तहबाट आक्रमणहरु भइरहे। नेपालका विभिन्न मानवअधिकारवादी संस्थाहरुले ती प्रति आ-आफ्नो सरोकार देखाएर त्यस्ता आक्रमणहरु रोक्न तथा हत्या, हिंसा र आतंकका घटनाहरुको निराकरण गर्न र देशमा शान्ति कायम गराउन जुन प्रयत्नहरु गरे, ती अत्यन्त प्रशंसनीय छन्। नेपाली कांग्रेस ती सबैको हार्दिक सराहना गर्दछ।

पुरुषोत्तम बस्नेत
प्रेस प्रमुख

नेकपा (एमाले)

"प्रत्येक नेपाली नागरिकको आधारभूत मानवअधिकार सुरक्षित गर्ने" नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा ०४६ सालको जनआन्दोलनको एउटा महत्वपूर्ण उपलब्धी भएकोमा विवाद छैन। तर, मानवअधिकारलाई संविधानको प्रतिबद्धतामा सिमित नगरी व्यवहारमा समेत उतार्न तद्अनुरुपको कानुन निर्माण, कानुनको न्यायसंगत कार्यान्वयन र अनुगमनको प्रभावकारी व्यवस्था अपरिहार्य भएकोमा यसो हुन नसक्दा विगतमा झैं सन् २००२ को वर्ष पनि निराशाजनक रहेको छ। संकटकालको निरन्तरता र असोज १८ गतेको शाही घोषणा लगायतको प्रतिगमनकारी कामकारवाहीले त संविधानको क्रियाशिलतामै गम्भीर प्रश्न उठ्न गएको छ र परिणामस्वरुप मानवअधिकारको स्थिति यस वर्ष झन् नकारात्मक बन्न पुगेको छ। सन् २००२ को सन्दर्भमा मानव अधिकारको स्थिति कस्तो रह्यो भन्ने प्रश्नलाई देहायको आधारमा विचार गर्दा उपयुक्त हुन्छ।

१. संविधानको क्रियाशिलताको प्रश्न,
२. कानुन निर्माणको क्षेत्र,
३. कानुनको कार्यान्वयन र
४. अनुगमनको प्रभावकारी व्यवस्था।

१. संविधानको क्रियाशिलताको प्रश्न

संकटकालको निरन्तरताले मानवअधिकारको स्थिती प्रतिकूल भएको अवस्थामा असोज १८ को शाही घोषणा तथा तदअनुरुपका कामकारवाहीले देशको अवस्थालाई थप गम्भीर बनाएको छ। स्थानीय निकाय र प्रतिनिधिसभा भङ्ग गरिएको छ। देश जनप्रतिनिधिविहीन अवस्थामा छ र निर्वाचनको संकेत सम्म छैन। असंवैधानिक शाही घोषणाको परिणामस्वरूप अहिले देशमा संविधान विपरीत जनअनुमोदन नभएको सरकार क्रियाशील छ। सार्वभौम अधिकार सम्पन्न नेपाली जनता बालिग मताधिकारमा आधारित आवधिक निर्वाचनको अधिकारबाट वंचित भएका छन्। संक्षेपमा भन्नु पर्दा गएको वर्षको पछिल्लो अवधिदेखि देश जनताको प्रतिनिधिद्वारा संचालित छैन। परिणामस्वरूप, राज्य शक्तिको स्रोत जनतालाई मान्ने नेपाल अधिराज्यको संविधान २०४७ पूर्णतः क्रियाशील हुन नसकेको सम्बन्धमा गम्भीर प्रश्नहरु उठिरहेका छन् र मानवअधिकारको सन्दर्भमा यो दुर्भाग्यपूर्ण भएको प्रष्ट छ।

(२) कानुन निर्माणको क्षेत्र

(क) नेपाल अधिराज्यको संविधान, २०४७ को निर्माण भई लागू भएदेखि नै मानवअधिकारसँग सम्बन्धित एउटा प्रश्न गम्भीररुपमा उठ्ने गरेको छ। देशको बहुजाति, बहुधर्मी र बहुभाषी यथार्थलाई आत्मसात गर्न नसक्दा विशेषतः धर्म र भाषाको सम्बन्धमा संविधानमा भेदभावपूर्ण प्रावधानहरु रहन गएको विषयलाई संविधान जारी हुँदा नै हाम्रो पार्टीको तर्फबाट गम्भीरतापूर्वक उठाइएको थियो। तर, दुर्भाग्यवश यसलाई सच्याउन सकिएको छैन र यो स्थिति अहिले पनि कायम नै छ।

(ख) नेपाल अधिराज्यको संविधान, २०४७ ले सूचनाको हक र गोपनियताको हक सम्बन्धमा व्यवस्था गरेको छ। साथै महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रष्ट संवैधानिक प्रावधान छ। तर संवैधानिक व्यवस्थालाई व्यवहारमा उतार्न उल्लेखित विषयमा उपयुक्त कानुनहरुको निर्माण गर्ने तर्फ यस पटक पनि कुनै पहल सम्म भएको छैन।

(ग) व्यापक जनदबावको परिणामस्वरूप गरिएको मुलुकी ऐनको एघारौं संशोधन पश्चात् पनि महिला विरुद्धका भेदभावपूर्ण कानुनहरुलाई समाप्त गर्ने सन्दर्भमा अझ धेरै कार्यहरु गर्न बाँकी नै छन्। श्री ५ को सरकारद्वारा गठित "महिला विरुद्धको भेदभावपूर्ण कानुन

पुनरावलोकन गरी संशोधन मस्यौदा प्रतिवेदन तयार गर्न गठित उच्चस्तरीय समिति २०५८" ले सरकार समक्ष ०५९ कार्तिकमा आफ्नो प्रतिवेदन प्रस्तुत गरेको छ र महिला विरुद्धका भेदभावपूर्ण कानुनहरु वर्तमान अवस्थामा समेत व्यापक रुपमा विद्यमान रहेको तथ्यलाई स्थापित गरिदिएको छ। प्रतिवेदन अनुरुसार मुलुकी ऐन (एघारौं संशोधन) पश्चात् पनि मुलुकी ऐनमा २८ वटा व्यवस्थाहरु र प्रचलित विभिन्न २० वटा ऐनहरुमा २५ वटा व्यवस्थाहरु तथा विभिन्न ३६ वटा नियमावलीहरुमा ८५ वटा प्रावधानहरु महिला विरुद्ध भेदभावपूर्ण रहेका छन्। यसवाट स्थितिको गम्भीरता प्रष्ट हुन्छ।

(घ) देशमा विद्यमान ९३ वटा ऐनहरुमा पक्राउ, अनुसन्धान तथा मुद्दाको सुनुवाई एउटै निकायले गर्ने व्यवस्था रहेको र केही ऐनहरुले नियमावलीवाट सजाय निर्धारण गर्ने व्यवस्था गरेको सम्वन्धमा विगतमा पनि ध्यानाकर्षण गरिएको हो। तर, यसलाई सच्याउने तर्फ सकारात्मक पहल सम्म भएको छैन।

(३) **कानुनको कार्यान्वयन**

मानवअधिकारको क्षेत्रमा कानुनको न्यायसंगत कार्यान्वयन हुन नसक्नु र कानुन विपरीत काम कारवाही हुनु एउटा गम्भीर समस्याको रुपमा रहेको देखिन्छ। विगतको अनुभवलाई हेर्दा कानुनको ठाडो उल्लंघन भएवाट नै मानव अधिकार उल्लंघनका गम्भीर प्रश्नहरु उठन गएका देखिन्छन्। संकटकालको निरन्तरता र संविधान माथिको नाङ्गो प्रहारले गर्दा सन् २००२ को अवधि प्रस्तुत सन्दर्भमा थप नकारात्मक वन्न पुगेको छ। मानवअधिकार उल्लंघन सम्वन्धी यिनै केही गम्भीर प्रवृत्तिहरु वारे तल संक्षेपमा उल्लेख गरिएको छः

१. **राज्यपक्षको ज्यादती**

क. सन् २००२ को एउटा अवधिसम्म संकटकालले निरन्तरता पाउनु र पछिल्लो अवधिमा आएर संविधान माथि ठाडो प्रहार हुनुले यस अवधिमा जनताको सुसूचित हुने अधिकारमाथि गम्भीर आघात पुग्नुको साथै मानवअधिकारको स्थिति गम्भीर वन्न पुगेको देखिन्छ। उल्लेखित अवधिमा नागरिक प्रशासन नै कमजोर वन्न पुगेको कारणले पनि मानव अधिकारको स्थिति जटिल वन्न पुगेको देखिन्छ। यस अवधिमा सयौं सञ्चारकर्मीहरुको स्वेच्छाचारी गिरफ्तारीले स्थितिको गम्भीरतालाई देखाउँछ।

(ख) राज्यको तर्फवाट कानुन विपरीत हत्या गरिएका थुप्रै घटनाहरु यस वर्ष पनि सार्वजनीक भएका छन्। यस मध्येका कतिपय हत्याहरु सुरक्षाकर्मीद्वारा खोजविनकै क्रममा भएका छन् भने धेरै ठूलो संख्या गिरफ्तारीपश्चात् हत्या गरिएका घटनाहरु छन्। कतिपय व्यक्तिहरुको त सरकारको हिरासतमा लामो समय थुनामा राखेपश्चात् हत्या गरिएको छ। अपवादलाई छोडेर सरकारले यस्ता कुनै पनि घटनामा आफ्नो गल्ती स्वीकार गरेको छैन र मुठभेडमा आतंककारीहरुको मृत्यु भएको भनी सरकारी सञ्चार माध्यमद्वारा प्रचार गरिदिएको देखिएको छ। यथार्थमा हत्या गरिएका धेरै व्यक्तिहरु सामान्य नागरिक मात्र भएको र सबै जसो व्यक्तिहरु कथित झडप हुँदा निहत्था रहेको स्थानीय जनताको दावी रहेको छ। उदाहरणको लागि मोरङको रमिते खोला घटनामा प्रेमवहादुर मगर लगायत ४ जना, बाँकेको काम्दी घटनामा नाम थाहा नभएका ४ जना, बाँकेको वागेश्वरी घटनामा नाम थाहा नभएका ३ जना, सिराहाको कंशहा घटनामा वीरेन्द्र यादव समेत ३ जना, सिराहकै सोनेलाल मण्डल, झापा खुदुनावारी घटनामा देवकुमार आचार्य समेत ३ जना, मोरङको कानेपोखरी घटनामा भरत श्रेष्ठ समेत ३ जना, इलाममा कटकवहादुर साम्पाङ समेत ५ जना, काठमाण्डौको टोखा घटनामा कान्छा डंगोल, वाग्लुङ घटनामा नाम थाहा नभएका ३ जना र सिराहा कै विभिन्न घटनाहरुमा राज कुमार यादव लगायत ६ जनाको सुरक्षाकर्मीद्वारा भएको हत्यालाई लिन सकिन्छ। यी केही उदाहरण मात्र हुन्। राज्यपक्षद्वारा गरिएका गैरकानुनी हत्याका उल्लेखित घटनाहरुले मानव अधिकार उल्लंघनको गंभिरतालाई प्रष्ट रुपमा संकेत गर्दछ।

(ग) राज्यपक्षद्वारा गिरफ्तार गरी वेपत्ता पार्ने घटनाहरुमा यस वर्ष पनि कुनै कमी आएको छैन। सुरक्षाकर्मीहरुद्वारा गिरफ्तार गरी हिरासतमा राखिएको तथ्यलाई इन्कार गर्दै अदालत समेतलाई झुठो विवरण दिई वेपत्ता पारिएका थुप्रै घटनाहरु प्रमाणहरुद्वारा स्थापित भएको देखिन्छ। उदाहरणको लागि दाङमा सोहनलाल चौधरी, चनकु चौधरी तथा सोमराज चौधरी लगायत्का व्यक्तिहरु र सर्वोच्च अदालत समेतले प्रमाण झिकाई हेरिरहेको दाङकै गजवहादुर थारु समेतका व्यक्तिहरुलाई लिन सकिन्छ। राज्य पक्षद्वारा गाउँघर र आफन्तहरुको सामुन्ने गिरफ्तार गरी वेपत्ता वनाउने गरिएका यी घटनाक्रमहरुले स्थितिको गम्भिरतालाई देखाउँछ।

(घ) राज्यको तर्फवाट गिरफ्तार गर्दा कुटपिट गर्ने तथा अभद्र व्यवहार गर्ने र हिरासतमा यातना दिने जस्ता घटनाहरु यसवर्ष पनि व्यापकरुपमा भएको देखिएका छन्। सुरक्षाकर्मीहरुद्वारा भएका कुटपिट र अमानवीय व्यवहारलाई लिएर सम्वन्धित निकायमा तथ्ययुक्त उजुरीहरु समेत दिइएका छन्। हिरासतमा यातना दिदा अङ्गभङ्ग समेत भएका उदाहरणहरु हाल आएर सार्वजनिक भइसकेका छन्।

(ङ) कानुन विपरीत सयौं निर्दोष व्यक्तिहरुलाई गिरफ्तार गरी दुःख दिने घटनाहरुमा यस वर्ष पनि कमी आएका छैन।

कानूनको अख्तियारी नभएको निकायले गिरफ्तार गर्ने र कानून विपरीत हिरासतमा राख्ने जस्ता उदाहरणहरू थुप्रै छन्। उदाहरणको लागि काठमाण्डौं टोखाका नारायण दास डङ्गोल लगायतका व्यक्तिहरू र सिराहाको भोगेन्द्र यादव समेतको गैरकानूनी गिरफ्तारीलाई लिन सकिन्छ। साथै, प्रस्तुत सन्दर्भमा गैरकानूनी थुनालाई लिएर अदालतमा चुनौती दिँदै बढ्दो संख्यामा दर्ता भएका बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरूलाइ सकेतको रुपमा लिन सकिन्छ। तर, राज्य पक्ष भने यसबाट अलिकति पनि सचेत भएको छैन। उल्टै, नेपालकै इतिहासमा पहिलो पल्ट अदालतको आदेशलाई ठाडो अवज्ञा गर्दै राज्यले गैरकानूनी थुनामा रहेका बन्दीहरूलाई छोड्न इन्कार गरेको देखिएको छ।

(च) राज्य पक्षले गिरफ्तार गदा मात्र नभई हिरासतमा राख्दा समेत संविधान तथा सम्बद्ध कानूनको विपरीत मानवअधिकारको ठाडो उल्लंघन गरेको देखिएको छ। गएको १ वर्षमा काठमाण्डौं, नेपालगञ्ज र विराटनगरका कारागारहरूमा रहेका ४ सय ३६ जना बन्दीहरू मध्ये संविधान तथा सम्बन्धित कानूनको विपरीत ४ सय ४ जनाको स्वास्थ परीक्षण नगरिएको, २ सय ६० जनाले गिरफ्तारीको सूचना प्राप्त नगरेको, २ सय ८ ले थाहा नपाई बयान कागजमा सही गरेको, ३ सय २९ जनालाई गिरफ्तार गरेको २४ घण्टा भित्र अदालत नलगेको, २ सय ९ जनालाइ वकिल राख्न पाइन्छ भन्ने नै थाहा नभएको, २ सय २ जनालाइ शारीरिक यातना दिएको र महिला बन्दी २६ मध्ये १६ जनालाइ पुरुष प्रहरीले गिरफ्तार गरेको जस्ता तथ्याक सार्वजनिक भएको देखिएको छ। यसबाट देशको मानवअधिकारको स्थिति प्रष्ट हुन्छ।

(छ) सुरक्षाकर्मीहरूको हिरासतमा राखिएका व्यक्तिहरूलाई कानुन बमोजिम आफन्त, नातेदार तथा मित्रहरूसँग भेट गर्न नदिइएका व्यापक उदाहरणहरू छन्। विशेष गरी माओवादी गतिविधिमा लागेको भनी आरोपित व्यक्तिहरू प्रति यस्तो व्यवहार गरेका पाइएका छ र यस्ता व्यक्तिहरूलाई बाहिरबाट लुगाफाटो तथा खाना निषेध गर्नुको साथै आफ्नो कानून व्यवसायीसग भेट गर्न समेत नदिइएको देखिएको छ।

(ज) राज्यपक्षले आफ्नो हिरासतमा राख्न गरेको एक प्रकारका राजनीतिक पर्कानका व्यक्तिहरूको स्वास्थ जाँच नगर्ने र माथी उल्लेखित भइपमा मारिएका भनिएकाहरूको लास जाँच प्रतिवदन तयार नगर्ने आम प्रचलन देखिएको छ। यसबाट हिरासतको यातना र गैरकानूनी हत्या जस्ता मानव अधिकार उल्लंघनका गम्भीर घटनाहरू ढाकछोप हुन जाने देखिएको छ।

(झ) राज्य पक्ष माथि हिरासतमा बलात्कार भएको गम्भीर आरोप पनि सार्वजनिक रुपमा लाग्ने गरेको छ। विशेषत गएको वर्ष बाँके, चिसापानीको बलात्कार घटना निकै चर्चित छ।

३. माओवादी ज्यादती

राज्य पक्ष भएको नाताले मानव अधिकार उल्लंघनको सन्दर्भमा सरकारले नै मुख्य जिम्मेवारी वहन गर्नु पर्ने कुरामा विवाद हुन सक्दैन। तर, घटनाक्रमहरूलाई हेर्दा मानवअधिकार उल्लंघनको लागि माओवादी पक्ष पनि विगतका वर्षहरूमा धेरै जिम्मेवार देखिन्छन् र गएको वर्ष पनि यसमा अपवाद रहेको देखिँदैन।

माओवादी पक्षले विगतमा झैं गएको वर्ष पनि अन्य राजनीतिक दलका कार्यकर्ता तथा सामान्य जनताको क्रुरतापूर्वक हत्या गर्ने कार्य कायम नै राखेको देखिएको छ। उदाहरणको लागि पूर्व सांसद तथा नेकपा (एमाले) का लोकप्रिय व्यक्तित्व चक्रबहादुर डगोरा चौधरी, मोरङका पत्रकार अम्बिका तिमिल्सिना, भोजपुरका महेन्द्र राई, नेकपा (एमाले) सम्बद्ध टोलखाका लोकप्रिय व्यक्तित्व बुद्धिमान पाखिन लगायत धेरै व्यक्तिहरूको माओवादीद्वारा हत्या भएको छ।

माओवादी पक्षद्वारा अपहरण, कुटपिट, जबर्जस्ती चन्दा असुली र विपक्षी राजनीतिक दलका कार्यकर्ताहरूको प्रजातान्त्रिक अधिकारमाथी रोक लगाउने जस्ता काम कारवाहीहरू गएको वर्षमा पनि व्यापक रुपमा भएकाछन्।

४. अनुगमनको प्रभावकारी व्यवस्था

देशमा मानवअधिकारलाई व्यवहारमा समेत प्रत्याभूत गर्न अनुगमन सम्बन्धी निरन्तर र प्रभावकारी व्यवस्थाको अपरिहार्यताबारे विवाद हुन सक्दैन। यसका लागि एकातिर गैरसरकारी मानवअधिकारवादी संस्थाहरूको क्रियाशीलताको आवश्यकता छ भने अर्कोतिर कानुनद्वारा स्थापित राष्ट्रिय मानवअधिकार आयोगलाइ प्रभावकारी बनाइनुको विकल्प छैन। तर, राज्य पक्ष गैरसरकारी मानवअधिकारवादी संस्थाहरूलाई क्रियाशिल बन्ने वातावरणको सृजना गर्न उत्सुक नदेखिएको मात्र नभई अवरोधकको रुपमा देखिएको छ भने मानव अधिकार आयोगलाइ प्रभावकारी बनाउन आवश्यक सहयोग गर्न सम्म तयार देखिँदैन। स्वाभाविक रुपमा यो स्थिति मानव अधिकारको लागि सकारात्मक होइन।

निश्कर्ष

संक्षेपमा भन्नु पर्दा, उल्लेख गरिएअनुसार सन् २००२ मा मानवअधिकारको स्थिति सकारात्मक छैन।

काशीनाथ अधिकारी
सचिव
केन्द्रीय कार्यालय

राष्ट्रिय प्रजातन्त्र पार्टी

राष्ट्रिय प्रजातन्त्र पार्टी बहुदलीय, संसदीय, संवैधानिक राजतन्त्र, विधिको शासन, अखण्डित र अनुल्घनीय मानवधिकार प्रति सदैव प्रतिवद्ध र सचेत राजनैतिक पार्टी हो। विधिद्वारा समाज र राज्य संचालन हुनु पर्छ भन्ने मान्यतामा अडिग यो पार्टी कुनै पनि प्रकारका हत्या हिंसाद्वारा, अथवा जनताको भयरहित वातावरणमा जीउन पाउने हक माथि भएका वा हुन सक्ने सशस्त्र कारवाही जस्ता वर्वर र पाशविक क्रियाकलापको हामी विधिसम्मत तवरले विरोध निन्दा र प्रतिकार गर्दछौं। यस पृष्ठभूमिमा विगत सात वर्षदेखि जनयुद्धको नाममा चलाइएका आस्थाको आधार लगायतका अन्य वहानमा भएका व्यक्ति हत्या, हिंसा प्रति यो पार्टी यी तमाम विधिको शासन विपरितका क्रियाकलापको गम्भीर निन्दा गर्दछ।

विगत सन् २००२ मा यो देशले जनयुद्धका नाममा भएका हिंसक कारवाही माथि नियन्त्रण पाउने उपायको निमित्त संकटकाल व्यहोर्न वाध्य हुनुपरेको थियो। संकटकाल भन्ने वित्तिकै देशको असामान्य अवस्था हो भन्ने स्वतः पुष्टि हुन्छ। त्यसकारण मुलुकले असामान्य परिस्थिति भोग्नु पर्दा त्यस मुलुकका नागरिकहरूको स्थिति पनि असामान्य हुन्छ नै। अतएव संकटकालको वहाली ०५८ मंसिर ११ देखि ०५९ भदौ १२ सम्म जनताका आधारभूत मौलिक हकहरू निलम्वित अवस्थामा रहनु पर्नेवाट संविधान जनताको आधारभूत मानवअधिकार माथि भइरहेको उल्घनमा अझ वैधानिक तवरले राज्यपक्षवाट मानवाधिकार उल्लंघनको श्रृङ्खलाले निरन्तरता पायो।

गैर राज्य पक्षवाट चलाइएको हिंसक आन्दोलन तथा जनयुद्धका नाममा गरिंदै आएको अकल्पनीय व्यक्ति हत्याको श्रृङ्खला रोक्ने उपायका नामवाट प्रतिहिंसाको कारवाहीले गतिपाएको यर्थाथ हो। यो पार्टी जव हिंसामा विश्वास गर्दै भने प्रतिहिंसा माथी विश्वास गर्ने कुनै प्रश्न आउँदैन। तर हालमा आएर राज्य पक्ष र गैरराज्य पक्ष दुवैले हिंसा र प्रतिहिंसालाई निरन्तरता प्रदान गरेको देखिन्छ। यसकारण राज्यमा संघर्षरत दुवै पक्षवाट अकल्पनीय रूपमा मानवअधिकारको हनन भएको छ भन्ने कुरा यर्थाथ हो। सन् २००२ मा राज्यपक्षवाट हिरासतमा लिइएका मानिसहरू मारिएका छन्। उदाहरणको लागि झापा प्रहरी हिरासतमा रहेको गंगाराम मिश्र हिरासतमै मरेकोले उसको वावु र दाजुलाई प्रहरीले ०५९ पुस २ गते प्रहरी कार्यालयमा वोलाई दिएको जानकारीवाट पुष्टि हुन्छ। यसको निवेदन वोधार्थ पार्टीलाई प्राप्त भएको छ। यसैगरी वाँके जिल्लामा हिरासतमा लिइएका दुई मुस्लिम युवतिको वलात्कार भएको भन्ने जानकारी पनि हाम्रो पार्टीमा प्राप्त हुन आएको छ।

त्यसैगरी राज्यपक्षवाट वन्दी वनाइएका मानिसहरूलाई पटक-पटक अदालतको आदेश हुँदाहुँदै पनि नछोडिएका घटना दोहोरिएको छ। नारायण अधिकारी लगायतलाई थुनामुक्त नगरिएको अवस्था छ। गिरफ्तार गरिएको व्यक्तिलाई विधिको मान्य विधान विपरित सक्षम न्यायिक निकाय समक्ष प्रस्तुत नगरिने अथवा प्रस्तुत गरिए पनि चौविस घण्टा भन्दा धेरै ढिलो गरी प्रस्तुत गरिने, थुनुवा पुर्जि नदिइकनै धेरै लामो अवधि थुनामा राख्ने र अन्ततः हिरासतमै मृत्युसम्म हुने कुरा गंगाराम मिश्रको मृत्युको घटनाले प्रमाणित गरिरहेको छ।

सन् २००२ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरू सोमराज सार्की लगायत १२ जना होनहार नागरिकहरूलाई सुरक्षाफौजले ०४९ साउन १७ गते जंगलमा घाँस दाउरा गरिरहेको वखत अन्धाधुन्ध गोली प्रहार गरी ज्यान लिएको, यसैगरी ०५८ कार्तिक ५ गते महेन्द्र नारायण सिंह सिराहाका कार्यकर्ता प्रहरी कारवाहीद्वारा ज्यान लिइएका, विनाकारण ०५९ असोज ३ मा चितवन जिल्ला शुक्रनगर वस्ने भूपेन्द्र गिरि सुरक्षा फौजद्वारा गिरफ्तार गरिएका जस्को अवस्था अद्यावधि अज्ञात छ। ०५९ वैशाखमा सुरक्षा फौजद्वारा सुर्खेत जिल्ला वेतान गाविस रप्रपा भूपू अध्यक्ष लालवहादुर मगरको अकारण ज्यान लिने कार्य भएको छ।

उपरोक्त पृष्ठभूमिमा हेर्दा विगत सन् २००२ मा सरकारी पक्षवाट अकल्पनीय तवरमा सामान्य भन्दा सामान्य नागरिक देखि लिएर जिम्मेवार राजनैतिक पार्टीका राजनैतिक कार्यकर्ताहरू समेतको गैह्र कानुनी, गैह्र जिम्मेवारी ढंगवाट विवशत पूर्वक मृत्युवरण गराइएको पार्टीको अभिलेखवाट देखिन्छ।

हाम्रो जस्तो पिछडिएको समाज, भौगोलिक विकटता र सूचना सम्प्रेषणको प्रभावकारीता सम्मको पनि राम्रो ज्ञान नभएको पुरातनपन्थी समाजले सुरक्षाफौजको सम्पूर्ण ज्यादातिलाई यथासमय अभिव्यक्ति गर्न नसक्ने अनेकन कुण्ठाहरू छँदा-छँदै पनि उल्लेखित तथ्यहरूले राज्यपक्षवाट भएको मानवाधिकार उलंघनको कहालीलाग्दो कथा प्रष्ट पार्दछ।

उतातिर हतियारको भरमा राज्यसत्ता उल्टाउने अधिनायक वादी चिन्तनद्वारा अभिप्रेरित गैर राज्यपक्षवाट मानिसलाई आस्थाको आधारमा, सुराकीको आरोपमा, राज्यपक्षको सहयोगीको आरोपमा, वर्वर र पाशविक हत्याको श्रृङ्खला निरन्तर रूपमा माओवादी पक्षवाट चलाइएको तीतो यर्थाथ निकटको विगत हो। संकटकाल लाग्नु र नलाग्नु ले राज्यको विधान यसै पनि नमान्ने शक्तिका लागि तात्विक फरक पर्ने विषय थिएन । साथै संकटकाल लगाएर र अनुमोदन गराएर सरकारले सारतः विध्वंशमार्था कावु पाउन सकेन अपितु वर्तमान संविधानलाई पालना गर्ने नागरिकहरू नै राज्यपक्षवाट अझ

सताइए। साथै गैर राज्यपक्षबाट सताइने काममा पनि कुनै कमी आएको महसुस गर्न सकिएन। जुन आधार र कारणहरू उल्लेख गरेर संकटकालीन शक्तिको प्रयोग भएको थियो ती आधार र कारणहरू यथास्थिति अथवा झन् चर्को रूपमा बढिरहेका बखत संकटकालले निरन्तरता नपाए पनि सुरक्षा फौजको परिचालनमा निरन्तर रहेका कारणले गर्दा संकटकाल केवल संविधानको दायरमा रहने नागरिकहरूको जीवन कष्टकर तुल्याउने अथवा निर्दोषहरूका मानव अधिकार हनन् गर्न मिल्ने सुगम साधनका रूपमा राज्यले भरभरदर दुरुपयोग गर्न पाएको निकट विगत पनि यथार्थ हो। गैर राज्य पक्षले आफूलाई कुनै पनि रूपमा विश्वव्यापी मानव अधिकार घोषणाको कुनै पनि मूल्य मान्यता प्रस्थापना, र विवेक, मानवीय भावना सम्म पनि नराखी व्यक्ति हत्याको शृङ्खलालाई निरन्तरता प्रदान गरेको पनि त्यतिकै कहाली लाग्दो विगत हो।

संघर्षरत गैर राज्य पक्षले मानवाधिकारको मान्यता तथा प्रत्याभूतिलाइ आफूले आरम्भ गरेको हिंसा विरुद्धको प्रतिहिंसाका लागि राज्य विरुद्ध प्रयोग गर्ने साधनको रूपमा प्रचालित गर्ने तर आफ्नो हिंसाका शृङ्खलालाइ भने निरन्तरता प्रदान गरिने रहने कायल गर्दा कानूनको पालनाको नाममा राज्यले र कानूनको अवज्ञाको नाममा गैर राज्यपक्षले खुलेआम र बेरोकटोक मानवअधिकारको उल्लंघन गर्ने गरी आएको सन २००२ को यथार्थ हो।

राज्यपक्षबाट भएका मानवाधिकार उलंघनका घटनाहरू बारे सूचना प्राप्त गर्न जति सहयोग भएपनि गैर राज्य पक्षबाट भएका यस्ता घटना पहिचान गर्न नसकियोस भन्ने उद्देश्य र धारणाका साथ मानिसको गिड मात्र भेटिने, मृतक लासलाइं छिन्न भिन्न हुने गरी अनेक टुक्रामा विभाजन गर्ने, गैर राज्य पक्षद्वारा अपहरण गरि बन्दी बनाइएका वा यातना दिइएका र अन्तत मृत्युवरण गर्न विवश बनाइएका मानिसहरू बारे सम्पूर्ण समाजलाइ किञ्चित थाहा जानकारी हुन नसक्ने, जानकारी दिन नचाहने गैर राज्य पक्षको निरन्तर मानवाधिकार उल्लंघन तथा मानवीय कानूनको उलंघनको घटनाले विगतको वर्ष पताडित रह्यो।

माथिका तथ्यगत उल्लेखनबाट राज्यपक्ष र गैर राज्यपक्ष दुवैले आस्थाका आधारमा मानिसका जीवन लिला समाप्त पार्ने कार्यको निरन्तरता सन् २००२ साम पनि अनवरत चल्दै आएको तथ्यलाइ पुष्ट पार्दछ। यसैगरी राज्यपक्षबाट भएका बलात्कारका घटनाहरू हुने न हुने रूपले जानकारीमा आए पनि गैर राज्यपक्षबाट निरन्तर रूपमा हुन गरेको पुरुष महिलाको अपहरणको गुने लेखा छैन। यस्ता मानवाधिकारवादी संस्था लगायतबाट यसबारे कुनै खोज खबर आउन सकेको पनि छैन। हाम्रो राजनीतिक दलहरू आस्थाका आधारमा गैर राज्यपक्षबाट समेत हिंसक तत्वबाट समेत सताइँदै आएको पनि हाम्रो विगत हो। अतएव समग्रमा हिजोआज देशमा जहाँ विधिको शासनको अवज्ञा हानपाल्दा पनि स्वीकार गरिन्छ त्यहाँ निशस्त्र मानवाधिकार प्रताडित र निरिह नै रहने गर्दोरहेछ। यद्यापि भविष्य प्रतिको आशा भने निरन्तर जाज्वल्यमान रहन्छ भन्ने हाम्रो मान्यता हो।

खेमराज पण्डित
सदस्य
केन्द्रीय कार्य समिति

नेपाली कांग्रेस (प्रजातान्त्रिक)

२०४६ सालको जनआन्दोलनको उपलब्धीको रूपमा आएको नेपाल अधिराज्यको संविधान २०४७ ले बहुदलीय व्यवस्था, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र जनतामा निहित सार्वभौमिकतालाई स्थापित गर्दै मानवअधिकारलाई उच्च प्राथमिकता दिएको छ। महिला, उत्पीडित र पिछडिएका वर्ग र समुदायको उत्थानमा राज्यका तर्फबाट विशेष भूमिका निभाउनु पर्ने र जनताका आर्थिक, राजनीतिक, सामाजिक अधिकारहरू कुनै किसिमबाट पनि उल्लंघन हुन नहुने व्यवस्था गरेको छ। निकृष्ट किसिमको बालश्रमको उन्मूलनमा राज्यको तर्फबाट सचेत रहनु पर्ने र महिला र कमजोर वर्गको उत्थानमा विशेष जोड दिएको छ। शक्ति पृथकीकरणको सिद्धान्तलाइ २०४७ सालको संविधानले जोड दिएको हुँदा कार्यपालिकाबाट यदाकदा हुने नागरिकका मौलिक अधिकारको हननलाइ सम्मानित सर्वोच्च अदालतद्वारा निषेधाज्ञा, परमादेश, उत्प्रेषण लगायतका रिटहरूद्वारा रद्द गर्ने र स्थापित गर्ने गर्दछ। यसै परिपक्ष्यमा सर्वोच्च अदालतद्वारा महिलाहरूलाई पुरुष सरह सम्पत्तिमा समान अधिकारको व्यवस्था गर्नु भन्ने निर्देशनात्मक आदेशलाई कार्यान्वयन गर्दै विगतको जन निर्वाचित श्री शेरबहादुर देउवाको सरकारले मुलुकी ऐनको ११ औं संशोधन, महिला बेचबिखन निषेध गर्ने र घरेलु हिंसा विरुद्धका ऐनहरू एवं निकृष्ट बालश्रम निषेध गर्ने ऐन बनाएर हाल कार्यान्वयन समेत भइरहेका छन्। श्री शेरबहादुर देउवाको सरकारकै पालमा बनेका महिला र दलित आयोगहरू, आदिवासी/जनजाति विकास प्रतिष्ठाको स्थापना विशेष उल्लेख रहेका छन् भने राष्ट्रिय मानवअधिकार आयोग र प्रेस स्वतन्त्रताको प्रत्याभूति पनि सकारात्मक पक्षका रूपमा रहेका छन्।

महिला सशक्तिकरणलाइ कार्यान्वयन गर्न बेजिङ्ग कन्फेरेन्स र संयुक्त राष्ट्र संघद्वारा पारित मानवअधिकार सम्बन्धी प्रोटोकलहरूलाइ संसदले अनुमोदन गरिसकेको छ। संक्षिप्त रूपमा भन्नु पर्दा नेपाल अधिराज्यको संविधान २०४७ ले निर्देशन गरेको र संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय सम्मेलनहरूद्वारा स्वीकृत मानवअधिकारको संरक्षण र सम्वर्द्धनलाई नेपालले उच्च सम्मान प्रदान गरेको छ र यसप्रति हाम्रो पार्टी नेपाली कांग्रेस (प्रजातान्त्रिक) पूर्ण प्रतिबद्ध छ।

नेपालमा मानवअधिकारको स्थितिको सम्बन्धमा चर्चागर्दा विगत ७ वर्षदेखि संचालित माओवादी हत्या हिंसाको सापेक्षतामा हेर्नु पर्छ। यो सात वर्षमा करिव १० हजार भन्दा बढी मानिस मारिए। लाखौंको संख्यामा निरपराध सर्वसाधारण जनता स्वदेश र विदेशमा विस्थापित भए। हजारौं संख्यामा महिला, बालबालिकाहरू अभिभावक विहीन, टुहुरा हुन पुगे। विद्यालयहरू बन्द भए, स्वास्थ्य चौकीहरू ध्वस्त गरिए तथा ठूलो मात्रामा भौतिक पूर्वाधारको विनाशले सर्वसाधारण जनताको शिक्षा आर्जन गर्ने र बाँच्न पाउने अधिकार समेत अपहरित भयो।

इन्सेकद्वारा हरेक वर्ष नेपालमा मानवअधिकारको उल्लंघनलाई लिएर अनुगमन गर्ने, मानवअधिकारको संरक्षणमा राज्यलाई सचेत गराउने र नागरिकहरूलाई मानवअधिकारको उपभोगमा जागरूक र सतर्क रहन उत्प्रेरित गर्ने जुन काम गरेको छ, त्यसको हाम्रो पार्टी सह्राना गर्दछ। प्रत्येक वर्ष प्रकाशित हुने "मानवअधिकार वर्ष पुस्तक" नेपालको मानवअधिकारको "मापक" को रूपमा प्रकाशित हुने गरेको छ। नेपालको मानवअधिकारको स्थितिलाई लिएर सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थाहरू र नेपाललाई आर्थिक सहयोग गर्ने मित्र राष्ट्रहरूबाट यदाकदा जुन चिन्ता र चासो देखाइने गरेको छ त्यसलाई ध्यानमा राख्दै र हाम्रो आफ्नै अनुभवको आधारमा पनि यसमा परिमार्जन र सुधार गर्दै लग्नु आवश्यक छ।

जीवनप्रेम श्रेष्ठ
मुख्य सचिव

जनमोर्चा नेपाल

"मानवअधिकार", "न्याय, समानता र स्वतन्त्रता" को पर्यायवाची शब्दावली हो। तर यसको प्रयोग र व्याख्यामा विद्यमान वर्गीय समाजमा रहेका वर्गीय भिन्नतासँगै फरक-फरक हुने गरेको छ। त्यसैले "मानवअधिकार" पदावलीको प्रयोग र व्याख्या वर्ग सापेक्षतामा नै हुने गर्दछ। यसको सम्बन्ध समाज व्यवस्था, संस्कृति, आम रीति रिवाज र चालचलनसँग पनि जोडिएको छ भने त्यसको मूल पक्ष देश र समाजको सामाजिक, आर्थिक र राजनीतिक सम्बन्ध नै हो। मूर्त रूपमा भन्नुपर्दा, राज्य र समाज भित्र देखा पर्ने अन्तर्विरोधहरूको समाधानको दृष्टिकोण मानवअधिकार हो। अरूको अस्तित्व र अधिकारको अहस्तक्षेप र आफ्नो अधिकारको प्रयोग मानवअधिकार सारतत्व हो तर वर्ग र वर्ग स्वार्थका कारण विभाजित समाजमा त्यसको प्रयोग त्यति सरल देखिन्न। अन्यायका विरुद्ध विद्रोह गर्नु मानवअधिकार हो भने विद्रोहले मानवअधिकारको सरल अवधारणा प्रभावित हुन सक्छ।

"मानवअधिकार" को संरक्षण र उल्लंघनको प्रश्न समाज व्यवस्थाका उत्पन्न अन्तरविरोधहरू र त्यसको सही समाधानमा नितान्त रूपले प्रतिविम्बित भएको हुन्छ। राज्य त्यसको मूल पक्ष हो। चेतनाका दृष्टिले प्रकृतिको सर्वश्रेष्ठ प्राणी मानव हुँदा पनि लोभ, घृणा, इर्ष्या, अहंकार, प्रतिस्पर्धाका नकारात्मक प्रवृतिले बीसौं शताब्दीमा आएर परिभाषित भएको मानवअधिकारको अवधारणा र स्थितिको आँकलन गर्न थालिएको छ।

मानवअधिकार उल्लंघन र संरक्षणका दुईवटा संकायहरू रहेका छन्- समाज र राज्य। यदि समाजको कुनै अंग, पक्ष, व्यक्ति वा समूहले अर्को समाजको अंग, पक्ष, व्यक्ति वा समूहको मानवीय हकको उल्लंघन गर्न पुग्यो भने या त त्यो सामाजिक सन्तुलनमा त्यसको निराकरण या त्यसमाथि राज्यको हस्तक्षेप भयो भने त्यसलाई आवश्यक सन्तुलनमा ल्याउने प्रक्रिया अवलम्बन हुन्छ। अर्थात् उल्लंघन विरुद्ध दण्ड, आचारले त्यसलाई नियन्त्रण गरिन्छ। त्यसैले नागरिक अर्काको अधिकारको उल्लंघनको दण्डको भागी हुन्छ तर राज्य नै जब मानवअधिकारको उल्लंघनकर्ता बन्छ त्यतिबेला सामाजिक तथा कानुनी दण्ड, आचारले उसलाई छुँदैन र त्यसको परिणाम अपूरणीय हुन्छ। त्यसैले मानवअधिकार उल्लंघनको प्रमुख पक्ष वा उल्लंघनकर्ता "राज्य" हो भने "मानवअधिकार संरक्षण" आन्दोलनको धारणा रहेको छ। नागरिक समाज र मानवअधिकार उल्लंघन नियन्त्रण र अनुगमन निकायको जागरूकता र सचेततासे मानवअधिकार संरक्षणको स्थितिमा आउन सक्छ तर राज्यको दृष्टिकोण, चरित्र, उत्तरदायित्व र जिम्मेवारी देश र समाज अपेक्षित नभएसम्म मानवअधिकार सुरक्षाको ग्यारेन्टी रहन सक्दैन।

मानवअधिकारको उल्लंघन र संरक्षणको परिभाषा जटिल पनि छ। बीसौं शताब्दीको उत्तरार्धमा बिलगेट्सले कम्प्युटर प्रविधिमा विकास गरेर विश्वव्यापी तहल्का मच्चाए। उत्पादन बिक्रीबाट ठूलो धनराशी नाफामा कमाए। विकसित प्रविधिको मूल्य कति उपभोक्ताले कति तिर्नु पर्ने कति नपर्ने ? हतियार निर्माता कम्पनीले हतियार बिक्री गर्छ। त्यसको मूल्य र प्रयोगको प्रयोजन कति र कस्का लागि ? अमेरिकाले धेरै गहुँ र मकै उत्पादन गर्छ। विश्व बजार सन्तुलन राख्न अतिरिक्त अनाज समुद्रमा फ्याँकिन्छ वा स्वीट क्याप्सुल निर्माण गरिन्छ तर संसारमा करोडौं मानिस भोकभोकै मर्ने गरेका छन्। अमेरिकाको साम्राज्यवादी प्रतिष्ठा र धाक बचाई राख्न वा स्रोत कब्जा गर्न अफगानिस्तान, इराक, युगोस्लाभिया, कोरिया आदिमा आक्रमण र आक्रमणको धम्की भइरहेको छ र उसकै मानवअधिकारको वकालत? यो पनि मानवअधिकारको फराकिलो अवधारणाले ओगट्न सक्नु पर्छ।

हाम्रो मुलुक बहुभाषिक, बहुजातीय, बहुधार्मिक र असमान भौगोलिक धरातल एवं जलवायुयुक्त रहेको छ। त्यसैले बहु सांस्कृतिक (मानवकृत क्रियाकलाप) स्थितिमा

रहेको छ। कतिपय प्राकृतिक अनुमानहरूले निरपेक्ष समानता त रहन सक्दैन तर जब सापेक्षित समानता पनि अपहरित, दमित, विकृत र उपेक्षित भएको परम्परादेखि आजको समाजको स्थितिमा मूल्यांकन गर्नु उपयुक्त हुन्छ।

सामाजिक विभेदमा मानवअधिकार

ब्राम्हणवाद को अछूतवादी चरम सामन्ती रुढिवादी चिन्तन एक्काइसौं शताब्दीमा पनि लज्जास्पद विरासत हाम्रो समाजमा छ। झण्डै २४-२५ प्रतिशत जनसंख्या यो सामाजिक असमानताबाट पीडित छ। यसको प्रतिक्रिया परिस्थितिलाई जस्ताको त्यस्तै स्वीकार गर्नु वा विद्रोह गर्नु हुन्छ। यसको सम्बन्ध राज्य सत्तासँग सिधै जोडिएको हुन्छ। कानुन नियम संस्कार, परम्परा, सत्ताका जग हुन्। झण्डै ३०-३५ प्रतिशतको जनसंख्या आदिवासी जनजातिको रहेको छ। भाषिक, सांस्कृतिक र स्वशासन र आत्मनिर्णयका अधिकार अपहरणले मानवअधिकारको स्थिति प्रतिबिम्बित गर्छ। अझ राज्यले जातीय स्वभाव र आर्थिक सामाजिक पछौटेपनका कारण केवल भाडाको सैनिक वा सेवक वा श्रमिक मात्र बनाउने प्रवृत्तिले जातीय सम्मानमा ठेस लाग्नु स्वभाविकै हो।

जनसंख्याको ५१ प्रतिशत जति हिस्सा महिला सामाजिक भेदभावको चरम शिकार बनेको बन्दै छ। यौनजन्य अपराध, अवहेलना, बोक्सी, दाइजो र पुरुष अहंकार महिलाहरू सामाजिक "रीति" र "परम्परा" का नाममा हुने उपेक्षाको कुण्ठा बोक्न बाध्य छन्।

धर्म र सम्प्रदायका पर्खालहरू र राज्यको संरक्षण र अझ सिङ्गै देशलाई खास कुनै धर्मको देश रुपमा परिभाषित गरिनुले असन्तोषलाई नाजायज भन्न सकिन्न मात्र होइन प्राकृतिक न्यायको विपरित नै हुन्छ।

कानुनी विभेद र मानवअधिकार

हुनत सत्ता एउटा वर्गले अर्को वर्गलाई दमनका लागि नै निर्माण भएको संरचना हो र सत्ता सधैं वर्गीय हुन्छ। वर्गभेदको अन्त नभएसम्म "मानवअधिकार" को पुनःबहाली रहन सक्दैन। त्यसैले "मानवअधिकार संरक्षण आन्दोलन" भनेको उल्लंघनको न्यूनीकरण हो। कानूनहरू पनि वर्गसत्ता सापेक्ष नै हुन्छन्। ती त्यही वर्गको सत्ता संरक्षणका लागि निर्माण हुन्छन्, तर त्यसमा पनि यथोचित पालना हुँदैन। हाम्रो संविधान र कानूनहरू बाझिएका छन्। भेदभावमूलक कानूनहरू छन्। पूँजी र शोषणको संरक्षण गरिरहेका छन्। प्रजातन्त्रको आदर्शवादी पूँजीवादी मान्यता अनुकूल पनि शासक र शासन व्यवस्था छैन। सम्मान र अपमान हरेक मान्छे मात्रका सवाल हुन्। यी कुराले मानवअधिकारको स्थितिको आँकलन गर्दा हाम्रो देश समाजको हैसियत कुनै खास स्थान छैन।

शोषण र मानवअधिकार

मानवअधिकार उल्लंघनको प्रमुख स्रो सत्ता हो भने शोषण त्यसको रुप हो। आर्थिक, सामाजिक, धार्मिक, जातीय, क्षेत्रीय, लिङ्गीय शोषण वर्तमान व्यवस्थाका चरित्र रहेका छन्। उत्पादन शक्ति र उत्पादन सम्बन्ध बीच भयंकर ठूलो खाडल रहँदै आएको छ। धर्म बीचको प्रतिस्पर्धा विकासको क्षेत्रीय असन्तुलन, लैङ्गिक भेद बीच राज्य र राज्य शक्तिको दुरुपयोगले शोषण गर्ने विधिलाई शोषण कर्ताका निम्ति सहज बनाइ दिएको छ। त्यही नै मानवअधिकारको उल्लंघनको ज्वलन्त नमूना हो। मारकाट, थुनछेक, यातना अभिव्यक्तिका रूप हुन्।

साम्राज्यवादी हस्तक्षेप र मानवअधिकार

साम्राज्यवादी शक्तिहरू स्वयं रुपले मानवअधिकार उल्लंघनको सारतत्व हो। शक्तिशाली र अहंकारी स्वार्थी मुलुकले अर्को कमजोर मुलुक विरुद्धको बल प्रयोग वा आन्तरिक मामलामा हस्तक्षेप वा आफ्नो पिछलग्गु बनाउने प्रवृत्ति मानवअधिकारको उल्लंघन हो। अमेरिकी-ब्रिटिश साम्राज्यवादीद्वारा इराक, अफगानिस्तान माथिको आक्रमण, कोरिया माथिको धम्की जस्ता कैयन् हस्तक्षेप त्यसको उल्लंघन हो। युद्ध र हस्तक्षपले पार्ने मानवीय क्षति र आर्थिक विनासले अपुरणीय मानवअधिकारको क्षयीकरण हुन जान्छ। हाम्रो देशको सत्ता विश्व साम्राज्यवादको स्वार्थ अनुरुप त्यसको दलाल बनेको छ जसले अक्षम्य साम्राज्यवादी अपराधका निम्ति समर्थन साथ दिँदै आएको छ।

अब समग्रमा भन्नुपर्दा हाम्रो सामन्तवादी पूँजीवादी र साम्राज्यवादी स्वार्थ मिश्रित राज्यसत्ता र पछौटे सामाजिक चेतना र शोषणले मानवअधिकार संस्थागत हुन नसकेको मात्र हैन त्यो अवधारणाको नजिर रहेको उत्तरदायी राज्य प्रणाली समेत रहेको छैन।

विद्रोहको अधिकार र मानवअधिकार

विभेद, शोषण हस्तक्षपका विरुद्धको विद्रोह नैसर्गिक अधिकार रक्षाको न्यायपूर्ण आन्दोलन मानवअधिकारको वकालत हो। अन्याय सहनु पनि आफैं माथिको स्वतन्त्राको हस्तक्षेप हो। त्यसैले हरेक असमानता र अत्याचारका विरुद्धको मानवअधिकार हो।

घटना विशेषमा मानवअधिकार

पहिलो कुरा त राज्य लोककल्याणकारीसम्म चरित्रको नहुनु नै मानवअधिकारको स्थिति कमजोर हुनु हो। त्यसैले संघर्ष र विद्रोहहरू व्यापक रुपमा हुने गरेका छन्। विश्व मानव विकास प्रतिवेदनमा नेपालको स्थिति मानवअधिकार उल्लंघन गर्ने मुलुकमा विशेष स्थान राख्दछ। अहिले केही वर्षयता देखा परेका विद्रोहका घटनाले त्यसमा अझ दुरवस्थापूर्ण स्थिति रहेको छ।

०५२ सालमा नेकपा (माओवादी) ले "जनयुद्ध" का

नाममा शुरू गरेको विद्रोह पछि शायद यस वर्ष नै राज्य र माओवादी पक्षबाट नागरिकहरू मारिने संख्या र धनको क्षति सबभन्दा धेरै भएको वर्षको रूपमा रहेको छ। गत वर्ष मंसिरदेखि लागू गरिएको झण्डै ९ महिनाके संकटकालको अवधिमा (राज्यको स्रोत अनुसार) ७ हजार मानिसहरूको मृत्यु भएको छ। युद्धरत सरकार र माओवादी पक्ष बीचको हतियार बन्द भिडन्तका अलावा राज्य र माओवादी दुवैको बीचमा चेपुवामा परेका जनताहरूको संख्या नै मृत्युको संख्यामा अधिकांश रहेका छन्। माओवादी पक्षले आफ्नो "विद्रोह" लाई प्रभावकारी बनाउन राज्यलाई असक्षम कमजोर साबित गर्न र मनोबल कमजोर पार्न सैन्य र प्रहरीमाथि छापामार ढंगले आक्रमण गर्ने गरे र साथै निशस्त्र सैन्य तथा प्रहरी (घरमा गएका) लाई मार्ने आक्रमण गर्ने कार्यलाई तीव्र पारे भने राज्य प्रतिरक्षात्मक स्थितिमा पुग्यो। राज्यको शक्ति अधिकांश व्यारेक र सदरमुकाममा थुनियो। जब सेना प्रहरी अपरेशनमा गाउँमा पुग्यो त्यतिबेला निर्दोष जनतालाई माओवादीलाई चन्दा दिएको, खान दिएको, बास दिएको आरोपमा व्यापक गिरफ्तारी हत्या गर्न थाल्यो। माओवादीले सुराकीका नाममा कतिपय आफ्ना विचारसँग विमति राख्ने निशस्त्र मान्छेलाई अपहरण गर्ने र मार्ने गर्न थाले। राज्यले अन्धाधुन्ध अपरेशनका नाममा गोली हान्ने, गिरफ्तार गरेकालाई यातना दिँदै मार्ने, कतिपयलाई कप्टडीबाट झिकेर गोली ठोक्ने काम गऱ्यो। असंख्य उदाहरणहरू छन्। यहाँ प्रवृत्ति मात्र उल्लेख गर्न खोजिएको छ।

राज्यबाट मानवअधिकार उल्लंघनका प्रकृत्तिहरु

१. ०४६ सालके जनआन्दोलनको भावना, संविधानको समेत मर्मको विपरित आतंकवाद नियन्त्रण अपराध तथा सजाय ऐन ०५८ मंसिर ११ मा अध्यादेशका रूपमा जारी गरी आम नागरिकका संवैधानिक अधिकार समाप्त गर्ने काम भयो।
२. सत्ता लोलुपता र प्रतिगमनकारी प्रवृत्ति बीच साँठगाँठ स्वरूप ०५९ जेठ ८ गतेको आधा धारतमा संकटकालको अवधि नै संसद विघटन गर्ने काम भयो।
३. सर्वोच्च अदालत समेत संविधानको भावना र मर्म विपरित षड्यन्त्रमा सामेल हुन पुगी संसद विघटनलाई साथ दिन पुग्यो।
४. असोज १६ गते प्रधानमन्त्रीले चुनाव हुन नसक्ने बहाना बनाई संविधान विपरित एक वर्ष चुनाव सार्ने सिफारिस गर्न पुग्यो।
५. असोज १८ गते राजाद्वारा असंवैधानिक प्रतिगामी कदम स्वरूप प्रधानमन्त्रीलाई बर्खास्त गरी शासकीय अधिकार आफ्नो हातमा लिने काम भयो।
६. कानुनी राजको अवधारणा समाप्त पार्ने गरी गैर कानुनी हत्या आम प्रवृत्तिको रूपमा राज्यद्वारा अवलम्बन गरियो।
७. माओवादी विरोधी अपरेशनको बहानामा सुरक्षा निकायद्वारा अन्य राजनीतिक पार्टीका कार्यकर्ता समेतलाई दमन गर्ने, आतंकित पर्ने र मार्ने समेत काम भएको छ।
८. दोहोरो भिडन्तको नाममा निर्दोष जनता मारी लास बेपत्ता पार्ने वा बन्दुक हतियार भिराई, कम्ब्याट ड्रेस लगाएर फोटो खिच्ने काम राज्यतर्फबाट भएको छ।
९. तारिखमा बोलाइएकोलाई बेपत्ता पार्ने काम भएको छ।
१०. सर्च अपरेशनमा जाँदा जनतालाई कुटपिट, अंगभंग, तोडफोड गर्ने काम सुरक्षा निकायबाट विभिन्न ठाउँमा भएको देखिन्छ।
११. अपरेशन संचालन गर्दा महिलाहरूमाथि रेप जस्ता दुर्व्यवहार भएको पाइएको छ।
१२. सुरक्षा निकायमा रहेका सेना तथा प्रहरीका व्यक्तिहरूद्वारा वा मनाभन भएको स्थितिमा सुरक्षा शक्तिको नितान्त दुरुपयोग गरी हत्या गर्ने कामसम्म भएको छ। दृष्टान्तका लागि बर्दिया जिल्ला जनमोर्चा नेपालका जिल्ला अध्यक्ष एवं अनेजयु संघका जिल्ला सचिव टोपबहादुर कार्की एवं उनका पिता भोजबहादुर कार्कीलाई जग्गा विवादमा बर्दिया टपरामा रहेको सेना प्रहरी क्याम्पबाट नै घरमा गई राति ९ बजे घरबाट थुतेर गोली हानिएको घटना यथार्थ हो। त्यस्तै ओखलढुंगामा जनमोर्चाका दुई जना कार्यकर्ता मारिएको छ।
१३. कानुनी उपचारको दौरान अदालतले छाडेकालाई सुरक्षा निकायले अदालत परिसर तथा जेल ढोकाबाटै गिरफ्तार गर्ने, फर्जी मुद्दा लगाउने गरेको छ।

माओवादी पक्षबाट मानवअधिकार उल्लंघन प्रकृतिहरु

१. बल जफ्ती चन्दा असुली गर्ने, जनताका विरूद्ध बल प्रयोग गर्ने, यातना दिने।
२. खान, बस्नका लागि जनतामा त्रास पैदा गर्ने।
३. अपहरण गर्ने, बलजफ्ती माओवादी सेनामा भर्ति गर्ने।
४. सुराकीका नाममा निहत्था व्यक्तिको हत्या गर्ने।
५. विकासका आधारभूत संरचना, स्वास्थ्यचौकी, खानेपानी, स्कूल भत्काउने, आगो लगाउने।

मानवअधिकार, बहुदलीय व्यवस्था र हालको शासन प्रणाली

संसारमा शासन व्यवस्था संचालन गर्ने विधिहरू भिन्न भिन्न छन्। उत्पादनका साधनमा उत्पादन शक्तिको स्वामित्व र सम्बन्ध तथा उत्पादन वितरणमा समानता र सबै प्रकारका असमानताको विकराल स्थितिको अन्तरको समाप्ति र सापेक्षित समानता तथा भेदभाव मूलक विधिको अन्त र न्याय, समानता, स्वतन्त्रता कायम गर्न पूर्ण प्रजातन्त्र कायम गर्नु जनताको जनवादी शासन व्यवस्था कायम गर्ने दृष्टिकोण तथा पूँजीवादी स्वतन्त्रता सहितको बुर्जुवा शासन पद्धतिका भिन्नभिन्नै रूपहरू संसारमा विद्यमान छन्।

नेपालमा ०४६ सालको ऐतिहासिक जनआन्दोलनद्वारा

सामन्तवादी निरंकुश राजतन्त्रात्मक शासन विरुद्ध कसी मात्रामा स्वतन्त्रता कायम भएको बहुदलीय व्यवस्था स्थापित भएको थियो। बारम्बारका प्रत्यक्ष अप्रत्यक्ष प्रयत्नद्वारा प्रतिगमनको अभ्यास पश्चात् गत आश्विन १८ गते राजाद्वारा सेनाको बलमा प्रतिगामी घोषणा जारी गरी संविधान र संसदीय व्यवस्थालाई मृत प्रायः तुल्याइएको छ। संविधान क्रियाशील छैन। सरकार संविधान अनुसार बनेको छैन। संविधानको धारा १२७ को दुरुपयोग भएको छ। संवैधानिक मानिएको राजाको हातमा सत्ता केन्द्रित छ। "कानूनी शासन" को अवधारणाको अन्त्य भएको छ। व्यवस्था र संविधान छ/छैन को दोसाँधमा छ। संसद छैन, निर्वाचित निकाय कुनै छैनन्, "चुनाव गराउन अयोग्य" भनी प्रधानमन्त्री अपदस्थ गराउने राजाले चुनाव गराउने र समस्या निराकरण गर्ने खास वातावरण तयार भएको छैन। यस्तो बेला मानवअधिकारका सबै नर्मसहरु भत्किएका छन्।

यसैबीच गत माघ १७ गते देखि सरकार माओवादी बीचको सहमतिले युद्धविराम भएका छ र दैनिक हत्या र तोडफोड बन्द प्रायः मात्र भएको छ। निकास कुन रुपमा निस्कने अझै निधो छैन। मृत्युको घटनाहरु रोकिए पनि प्रतिगमनले हुकुमी राज कायम भएको छ। भावी स्थितिका बारे अझै अन्यौल छ। त्यसैले मानवअधिकारको स्थितिमा सुधारको सुनिश्चितता कायम भएको छैन।

लिलामणी पोखरेल
उपाध्यक्ष

नेपाल मजदुर किसान पार्टी

२०४६ सालको जनआन्दोलनले ३० वर्षीय निरंकुश व्यवस्थाको अन्त्य गरी राज्य शक्तिका स्रोत जनता नै हो भन्ने मान्यतालाई स्थापित गर्‍यो। आन्दोलनको उपलब्धी स्वरुप प्राप्त नेपाल अधिराज्यको संविधान २०४७ मा वालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रलाई स्वीकार गर्‍यो। तर विगत १२ वर्षमा सत्तामा पुगेका राजनीतिक पार्टीहरुले संविधानका भावना अनुरुप कार्य गरेनन्। तिनीहरु संविधानको मर्म अनुसार काम गर्न असफल भए।

प्रजातन्त्र सबै दलहरुको साझा चौतारी हो। विचारहरुको प्रतिस्पर्धा गर्न पाउनु नै प्रजातन्त्र हो। तर त्यो सिद्धान्तमा मात्र सीमित रह्यो। सत्तामा पुगेका पार्टीहरुले टाउका गन्तीलाई जोड दिई विचार र सिद्धान्तलाई गौण ठाने। तिनीहरुले सत्तालाई छानछानीलाई विकास पठाइन, भएपनि भए पनि आफ्ना नातागोताहरुलाई उच्च ओहदामा नियोजित गर्ने आ-आफ्नै मान्छेलाई ठेक्कापट्टा दिइ कमिशन खाने, मन्त्रीका भाइभतिजाहरु सबै मन्त्रीको काम गर्न पुग्ने तथा सिंहदरबारलाई आफ्नो निवास सम्झे। मन्त्रालय र विभागको बजेट आफ्नै निजी सम्पत्ति झैं खर्च गर्ने, संविधान र प्रचलित कानूनलाई सिधै उल्लंघन गरी आदेश नै कानून सम्झने जस्ता प्रवृत्तिहरु ती दलहरुमा देखिए। गलत र गैरजिम्मेवारपूर्ण कार्यशैलीको कारण जनताबीच ती राजनीतिक दलहरुका क्रियाकलापमाथि प्रश्न चिन्ह लाग्दै गयो।

सन् २००२ को अधिकांश समय संकटकाल मै बित्यो। मुलुकमा पहिलो संकटकाल लागू गर्दा मुलुकका जिम्मेवार पार्टीहरुले संकटकाल लागू गरेर राजनीतिक समस्या समाधान नहुने कुरा स्पष्ट गरेका थिए। तत्कालीन देउवा सरकारले "माओवादी" आन्दोलनलाई भौतिक रुपमै समाप्त पार्न जोड दियो। परिणामस्वरूप धेरै निर्दोष जनताको हत्या भयो, धेरै घाइते भए तथा कैयौं बेपत्ता भए। जनताको मौलिक अधिकारहरुको निलम्बन गर्नु प्रजातान्त्रिक मूल्य र मान्यता विपरित कार्य थियो। त्यो जनताको मानवअधिकारको हनन थियो। हरेक कुरा तर्क र विवेकले नगरी जबर्जस्ती गर्न खोज्दा देशमा आजको स्थिति उत्पन्न भयो।

संकटकालमा निर्वाचन हुने संभावना थिएन। यद्यपि शेरबहादुर देउवाले २०५८ जेठ ८ गते प्रतिनिधि सभा विघटन गरी देशलाई थप संकटमा पुर्‍याए। सत्तामा बसेर निर्वाचन गर्ने सपना देखेकै कारण यस्तो स्थिति उत्पन्न भएको हो। प्रमुख प्रतिपक्ष एमालेले संसद विघटनको लगत्तै स्वागत गरेर प्रतिपक्षको धर्म निभाउन चुक्यो।

मृत्युदण्ड दिने गरी कानून बनाउन नपाइने संवैधानिक व्यवस्थाको विपरित देउवा सरकारले माओवादी नेताहरुको जिउँदो या लास ल्याउनेलाई लाखौं पुरस्कारको घोषणा गर्‍यो। संविधान र प्रचलित कानून उल्लंघन स्वयं राज्य पक्षबाट अत्याधिक मात्रामा गरी संकटकालको समयमा सुरक्षाकर्मीहरुको तर्फबाट धेरै निर्दोष मानिसहरुको हत्या भयो। हत्या गरिएका अधिकांश मानिसहरुलाई आतंकवादीको आरोप लगाइयो। यथार्थमा घटनालाई कानूनी मान्यता दिन तिनीहरुले आतंकवादीको झुट्टा आरोपहरु लगाउने गरेका धेरै उदाहरणहरु छन्। विगतको वर्षमा झैं गत वर्षमा पनि नेपाल मजदुर किसान पार्टीप्रति आवद्ध कार्यकर्ताहरु सुरक्षाकर्मीहरु र "माओवादी" दुवै पक्षबाट पीडित भए। त्यसका केही उदाहरण निम्न बमोजिम छन्-

1. ०५९ वैशाख १३ गते नेपाल मजदुर किसान पार्टी बाँके जिल्ला समितिका सदस्य गोमादेवी शाहीलाई आफ्नै घरमा सुतिरहेको अवस्थामा रातको ११ बजे सुरक्षाकर्मीहरुले पक्राउ गरी लगे। निजलाई घरबाट प्रहरी कार्यालयसम्म लाँदा बाटामा प्रहरीहरुले धेरै कुटपिट गरे। श्रीमती शाहीले आफू नेपाल मजदुर किसान पार्टीको जिम्मेवार सदस्य भएको कुरा स्पष्ट पार्दा पार्दै पनि इन्सपेक्टर गोविन्द थापाको निर्देशनमा रात ३ बजेदेखि

घोप्टो पारी बन्दुकको कुन्दा र बाँसले निर्घातस्मित कुटपिट गरियो। अनेक दवावपछि मात्र निजलाई वैशाख १६ गते छाडियो।

२. नेपाल मजदुर किसान पार्टीको वर्गीय संगठन नेपाल क्रान्तिकारी शिक्षक संघ कालिकोटका उपाध्यक्ष ऐनबहादुर सिंहलाई सुरक्षाकर्मीहरूले २०५८ फागुन १३ गते घरबाट पक्राउ गरी लगेको १ घण्टापछि गोली हानी हत्या गरे।

३. २०५८ चैत २ गते शुक्रबार बेलुकी ७:४५ बजेतिर काठमाण्डौ जिल्ला टोखा सरस्वती गाविस बस्ने शंखनारायण डंगोल, नारायणप्रसाद डंगोललाई सुरक्षाकर्मीहरूले पक्राउ गरे। त्यसबेला तिनीहरू एउटा पसलमा बसिरहेका थिए। सुरक्षाकर्मीहरूले नियन्त्रणमा लिन खोज्दा गोली प्रहार गरे र कान्छा डंगोलको घटनास्थलमै मृत्यु भयो। पक्राउ परेका शंखनारायण डंगोल र नारायणदास डंगोललाई हिरासतमा सुरक्षाकर्मीहरूले अमानवीय यातना दिए। चैत ९ गते निजहरू रिहा भए।

४. नेपाल क्रान्तिकारी युवा संघ, बनेपा नगरसमितिका सदस्य लक्ष्मीप्रसाद कोजुलाई आफ्नै पसलबाट २०५८ चैत १ गते प्रहरीहरूले पक्राउ गरे। हिरासतमा रहँदा उनलाई शारीरिक र मानसिक यातना दिइयो। चैत ७ गते उनी रिहा भए।

शहरमा खुल्ला रूपमा बेचबिखन हुने मार्क्स, एंगेल्स, लेनिन, स्तालिन र माओ त्से तुङका किताबहरू समेतलाई सुरक्षाकर्मीहरूले आतंकवादी दस्तावेज देखे। समाजवादी साहित्यकै कारण कैयौं नेपालीहरूले अमानवीय यातना भोगे। विश्व सर्वहारा वर्गका महान नेताहरूले तस्वीर झुण्ड्याउन समेत नेपालीहरू वर्षौंसम्म वञ्चित भए।

विना हातहतियार भेला हुने स्वतन्त्रता, पक्राउ परेका २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थिति गराउनु पर्ने तथा आवतजावतको स्वतन्त्रता जस्ता संविधानद्वारा प्रदत्त मौलिक हकसमेत नेपाली जनताले उपभोग गर्न पाउनन्। सरकार जनतालाई शान्ति सुरक्षाको प्रत्याभूति दिन पूरै असफल रह्यो।

नेपाल मजदुर किसान पार्टीको वर्गीय संगठनहरूमा "क्रान्तिकारी" शब्द रहेकै कारण पार्टीप्रति आबद्ध धेरै कार्यकर्ताहरू सरकारी पक्षबाट पीडित भए। यस विषयमा पार्टीले सार्वजनिक रूपमा पटक पटक स्पष्ट पारी सकेतापनि सरकार कार्यकर्ताहरूलाई पक्राउ गर्ने, यातना दिने, तारेखमा राख्ने तथा हत्या गर्न समेत पछि परेन।

"माओवादी" गतिविधि अराजकतावादी गतिविधि हो भन्ने नेपाल मजदुर किसान पार्टीको स्पष्ट दृष्टिकोण छ। अराजकतावाद मार्क्सवादी विपरित विचार हुँदा पार्टी कार्यकर्ताहरूले माओवादीहरूसँग सैद्धान्तिक संघर्ष गरे। तर माओवादीहरूले बन्दुक देखाई डर-त्रास देखाउने, जबर्जस्ती चन्दा संकलन गर्ने, आफ्नो कार्यक्रमहरूमा सहभागी गराउने, गाउँ र क्षेत्र तोकी नाकाबन्दी लगाउने, आदेश पालना नगर्नेहरूमाथि भौतिक कारवाही गर्ने जस्ता कार्यहरू गर्दै समाजलाई आतंकितपारे। तिनीहरूले "माओवादी" को नाउँमा सर्वहारा वर्गका महान नेता माओ त्से तुङकै बदनाम गरे।

नेपाली जनता सरकार र माओवादी दुवै पक्षबाट पीडित भए। दुवै पक्षले संविधान र कानूनद्वारा प्रदत्त जनताका प्रजातान्त्रिक अधिकारलाई कुण्ठित पारे। भ्रष्टाचार, अन्याय-अत्याचार, शोषणको अन्त्य नहुञ्जेल द्वन्द्व चलिरहनु स्वभाविक हो।

प्रजातान्त्रिक देशमा मानवअधिकारको संरक्षणमा प्रतिपक्षहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। जहाँ प्रतिपक्षहरू सशक्त हुन्छ, त्यहाँ जनताका अधिकारहरू तुलनात्मक रूपमा सुरक्षित हुन्छन्। प्रमुख प्रतिपक्ष एमालेले आफ्नो जिम्मेवारीपूर्ण भूमिका निभाउन सकेको भए आजको जस्तो मानवअधिकारहरूको हनन हुने थिएन भनी अनुमान गर्न सकिन्छ।

१८ असोजको शाही घोषणा २०४६ सालको आन्दोलनका उपलब्धीहरूमाथि ठूलो प्रहार थियो। २५ असोजको दिन गठित चन्द सरकारले जनताका अधिकारहरू क्रमशः दरबारमा बुझाउने कार्य गर्दैछन्। यसबाट प्रतिगमनको खतरा बढिरहेको अनुभव सबैतिरबाट गरिदैछ। यी सबै कार्यहरू प्रजातन्त्रको नाउँमा सत्तामा पुग्ने पार्टीहरूको

सन् २००२ मा सुरक्षाकर्मीहरूद्वारा गिरफ्तार गरिएका कार्यकर्ताहरू

पार्टी तथा जनवर्गीय संगठनका कार्यकर्ताहरूलाई सुरक्षाकर्मीहरूले विभिन्न मितिमा गिरफ्तार गरी रिहा गरियो। गिरफ्तार गरिनेहरूमा सर्लाहीका कमला थापा, काठमाडौंका समुन महर्जन, सञ्जय महर्जन, दिनेश महर्जन, नारायणदास डंगोल, शंखनारायण डंगोल, भक्तपुरका लालबहादुर लामा, कालिकोटका ऐनबहादुर सिंह, काभ्रेका लक्ष्मीप्रसाद कोजु, जुम्लाका छक्क डाँगी, दैलेखका खड्गबहादुर थापा, जगत ओली, बाँकेका गोमादेवी शाही र जुम्लाका हरिचन्द्र गिरि रहेका छन्।

सन् २००२ मा जुम्ला र कालिकोटमा माओवादीद्वारा कुटपिट तथा अपहरण गरिएका कार्यकर्ताहरू

जुम्लाका नन्दराज तिवारी, पुष्करनाथ योगी, दीर्घबहादुर शाही, कालिबहादुर बुढा, तुलाराम न्यौपाने, दिल बुढा, गोपालबहादुर शाही, धनबहादुर डाँगी, नेघलाल धिताल र कालिकोटका कलबहादुर शाही, धना शाही, देवीलाल पाण्डे, धर्मदत्त पाण्डे, धनराज शाही, शेरबहादुर शाही, खगेन्द्रबहादुर शाही, कालिबहादुर शाही, खड्गराज पाण्डे, टेकबहादुर महतारा, सर्पराज शाही, जयबहादुर शाही, कुलचन्द्र पाण्डे, धनीचन्द्र बुढा, भक्तिप्रसाद कोइराला, भूमिचन्द्र कोइराला, शिवलाल कोइराला, कृष्णा भण्डारी, दयालाल न्यौपाने रहेका छन्।

स्वेच्छाचारिता र मनपरितन्त्रको कारण भएका हुन्।

त्यसैले प्रजातन्त्र सत्तामा पुग्नेहरूको मनपरितन्त्र होइन, प्रजातन्त्र टाउको गन्ति पनि होइन, प्रजातन्त्र एक जीवन पद्धति हो, प्रजातन्त्रलाई जीवन पद्धतिको रूपमा विकास गर्न नसकुञ्जेल मानवअधिकारको उल्लंघनका घटनाहरू असीमित रूपमा भैरहन्छन्।

पूँजीवादी देशमा व्यापक जनताको मानवअधिकारहरू हनन् हुने गर्छ किनभने मानवअधिकारको कुरा उत्पादनका साधनहरूसँग र आर्थिक समानतासँग सम्बन्धित छ। सीमित व्यक्तिको हातमा देशको अत्यन्त ठूलो उत्पादनका साधनहरूको स्वामित्व कायम रहेसम्म व्यापक जनताको मानवअधिकार संरक्षण हुन सक्दैन। उत्पादनका साधनहरू सामाजिकीकरण भएमा व्यापक जनताको काम-मामको बन्दोबस्त हुने र आर्थिक विषमता हटी मानवअधिकार हननका घटनाहरू स्वतः कम हुँदै जाने छन्।

हालै एक गैरसरकारी संस्थाले सार्वजनिक गरेको एक तथ्यांक अनुसार सन् २००२ को वर्षमा राज्यको तर्फबाट ४,१५१ र माओवादीको तर्फबाट १०६२ जना गरी जम्मा ५२१३ जना नागरिकहरू मारिएका छन्। कैयौं नागरिकहरू बेपत्ता पारिएका छन्। ती बेपत्ता पारिएकाहरूको संख्या यकिन भएको छैन। यद्यपि सार्वजनिक भएको तथ्यांक भन्दा धेरै मारिएको हुन सक्ने सहजै अनुमान गर्न सकिन्छ।

सन् २००२ इतिहासमा सबभन्दा बढी नागरिकहरूको हत्या भएको वर्षको रूपमा लेखिने छ। मानवअधिकार हननको दृष्टिले यो वर्षलाई कालो वर्षको रूपमा सबैले स्मरण गरी रहने छन्।

सुनिल प्रजापति
केन्द्रीय सदस्य

अनुसूची ४

सन् २००२ को मानवअधिकार स्थितिबारे विभिन्न निकायका धारणाहरू

मन्त्रिपरिषद् सचिवालय
परराष्ट्र मन्त्रालय
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
श्रम तथा यातायात मन्त्रालय
राष्ट्रिय मानवअधिकार आयोग
राष्ट्रिय दलित आयोग
प्रहरी प्रधान कार्यालय
नेपाल वार एशोसियशन

मन्त्रिपरिषद् सचिवालय

नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रत्याभूत गरिएका नागरिकका मौलिक हकहरूको सम्वर्द्धन गर्ने र मानव अधिकारको संरक्षण र सम्वर्द्धनका लागि प्रभावकारी उपाय अवलम्वन गर्ने सम्वन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा श्री ५ को सरकारवाट समय समयमा प्रतिवद्धता व्यक्त हुँदै आएको छ। सोही अनुरूप श्री ५ को सरकारले मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गर्ने निर्णय गरेको र श्री ५ को सरकारको यस निर्णय कार्यान्वयनको लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) द्वारा सहयोग गर्ने इच्छा व्यक्त गरे अनुरूप परियोजना दस्तावेज तयार भई २०५८ साल फागुण देखि मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा सम्वन्धी परियोजना कार्यान्वियनको चरणमा रहेकोछ।

श्री ५ को सरकार र UNDP द्वारा संयुक्तरूपमा सञ्चालित उक्त परियोजनाको दस्तावेज अनुसार परियोजनाको कामकारवाहीको रेखदेख र निर्देशनका लागि श्री ५ को सरकारको मुख्य सचिवको अध्यक्षतामा देहाय बमोजिमको एक निर्देशक समितिको व्यवस्था गरिएकोछ।

निर्देशक समिति

१. मुख्य सचिव, मन्त्रिपरिषद् सचिवालय - अध्यक्ष
२. सचिव, राष्ट्रिय योजना आयोग - सदस्य
३. सचिव, गृह मन्त्रालय - सदस्य
४. सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय - सदस्य
५. सचिव, महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय - सदस्य
६. सचिव, परराष्ट्र मन्त्रालय - सदस्य
७. सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय - सदस्य
८. सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय - सदस्य
९. प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग - सदस्य
१०. अध्यक्ष, नेपाल मानव अधिकार संगठन - सदस्य
११. महासचिव, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) - सदस्य
१२. अध्यक्ष, नेपाल वार एसोसिएशन - सदस्य
१३. अध्यक्ष, एविस्नी नेपाल - सदस्य
१४. अध्यक्ष, नेपाल पत्रकार महासंघ - सदस्य
१५ अध्यक्ष, दलित गैर सरकारी संस्था महासंघ - सदस्य
१६. अध्यक्ष, वालवालिका सम्वन्धी गै.स.सं. महासंघ - सदस्य
१७. संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) - पर्यवेक्षक

साथै उपर्युक्त निर्देशक समितिले देहाय बमोजिमको कार्यसमूह र सल्लाहकार समूहको गठन गरी यीनै समिति तथा समूहको सल्लाह एवं निर्देशन बमोजिम परियोजनाले कार्य संचालन गर्दै आएकोछ।

कार्यसमूह

१. सचिव, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय
२. सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय
३. महासचिव, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
३. सचिव, राष्ट्रिय मानव अधिकार आयोग

सल्लाहकार समूह

१. सभापति, मानवअधिकार तथा परराष्ट्र समिति, प्रतिनिधि सभा
२. डा. गौरीशंकर लालदास, सदस्य, राष्ट्रिय मानव अधिकार आयोग
३. डा. मथुरा प्रसाद श्रेष्ठ, मानव अधिकारवादी
४. श्री युवराज संग्रौला, निर्देशक, काठमाडौं स्कूल अफ ल
५. श्री सपना मल्ल, अधिवक्ता, महिला विकास कानून मञ्च
६. श्री गौरी प्रधान, अध्यक्ष, गै.स.सं. महासंघ
७. श्री परशुराम तामाङ, अध्यक्ष, नेपाल तामाङ घेदुङ

सो परियोजनाले मानव अधिकारसंग सम्वन्धित विभिन्न १२ वटा विषय क्षेत्र पहिचान गरी ती क्षेत्रमा देखा परेका समस्या पहिचान गर्दै समस्याको समाधानका लागि संचालन गरिनुपर्ने कार्यक्रमका वारे विभिन्न तह र क्षेत्रमा व्यक्ति, नागरिक समाज, संघ संस्था र सरकारी निकायका प्रतिनिधिहरूसंग राय सुझाव संकलन गरेको र यस क्रममा नेपाल अधिराज्यको प्रतिनिधिमूलक १३ जिल्लाहरूमा १३ वटा जिल्ला स्तरिय र पाँचै विकास क्षेत्रमा पाँचवटा क्षेत्रीयस्तरको कार्यशाला आयोजना गर्नुका साथै ती कार्यशालावाट प्राप्त राय सुझावका आधारमा कार्ययोजनाको प्रारम्भिक मस्यौदा तयार गरी सो उपर गत माघ महिनामा काठमाण्डौमा आयोजना गरिएको पहिलो राष्ट्रिय स्तरको कार्यशालामा व्यापक रूपमा छलफल गराइएको थियो। उक्त पहिलो राष्ट्रिय स्तरको कार्यशालावाट प्राप्त सुझावका आधारमा मस्यौदामा आवश्यक परिमार्जन गरिएको छ। यस परिमार्जित मस्यौदालाई अन्तिम रूप दिन गत फागुनको अन्तिम हप्तामा दोस्रो राष्ट्रिय परामर्श वैठक आयोजना गरिएको र हाल उक्त वैठकवाट प्राप्त सुझावलाई कार्ययोजनामा समावेश गरी अन्तिम मस्यौदा तयार गर्ने कार्य भइरहेकोछ।

श्री ५ को सरकारको दशौं पञ्च वर्षीय योजनामा नै मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धी नीतिगत विषय समावेश गर्न र दशौं पञ्च वर्षीय योजना स्वीकृत भएपछि त्यसमा उल्लेखित सिद्धान्त र कार्यक्रम समेतलाई आधारमानी मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनालाई अन्तिम रूप दिनु उपयुक्त हुने देखिएकोले राष्ट्रिय योजना आयोग संग परियोजनाले समन्वय राखि कार्य गरेको र उक्त योजनामा समावेश गर्ने विषयका सम्बन्धमा आयोगका सम्बद्ध पदाधिकारीहरूसंग विभिन्न चरणमा छलफल र सम्वाद गरी सो छलफल र सम्वाद समेतलाई आधार बनाई मानव अधिकारको छुट्टै परिच्छेद र कार्यक्रम सोच तालिका तयार गरी दशौं योजनामा समावेश गर्न राष्ट्रिय योजना आयोग समक्ष प्रस्तुत गरेको थियो। तर दशौं पञ्च वर्षीय योजना स्वीकृत हुन केही समय ढिला भएको कारणले गर्दा परियोजनाको कार्ययोजनालाई अन्तिम रूप दिने कार्यमा असर परेको भएपनि दशौं योजना सार्वजनिक हुनासाथ परियोजनाले कार्ययोजनाको मस्यौदा तयार गर्ने कार्यलाई तिव्रता दिई यसै अवधिमा पहिलो र दोश्रो राष्ट्रिय स्तरको कार्यशालामा सो मस्यौदामा विस्तृत रुपमा छलफल गराई मस्यौदालाई परिमार्जन गर्न सुझाव सकलन गर्ने र सो आधारमा मस्यौदामा आवश्यक परिमार्जन गर्ने कार्य भएकोछ।

दशौं योजनामा मानव अधिकारको प्रभावकारी सम्वर्द्धन र संरक्षणका लागि मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने र राष्ट्रिय मानव अधिकार आयोगलाई सुदृढ गर्ने गरी श्री ५ को सरकारको भूमिका स्पष्ट गरिएको छ। मानव अधिकारलाई परिच्छेद शिर्षकमानै समावेश गरी सुशासन, विकास प्रशासन र मानव अधिकारलाई एकै ठाउँमा राखी योजना तयार गरिएको यो पहिलो पटक हो। यसबाट नै श्री ५ को सरकारले मानव अधिकारलाई कति महत्व दिएको छ भन्ने स्पष्ट हुन्छ।

दशौं योजनाको मानव अधिकार क्षेत्रको उद्देश्य नेपाल अधिराज्यको संविधान, २०४७ र नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धिमा उल्लेखित एवं विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले व्यक्त गरेका प्रतिवद्धता अनुरुप जनताको आधारभूत मानव अधिकारको प्रत्याभूतिलाई सुनिश्चित गर्दै सिमित श्रोत र साधनको परिधिभित्र रही मानवअधिकार विकासको कार्यलाई राष्ट्रिय विकास कार्यक्रमसंग आवद्ध गरी गरिवी निवारणको कार्यमा सहयोग पुर्याउनु रहेको छ। उक्त उद्देश्य परिपूर्ति गर्न योजना अवधिमा मानव अधिकारको प्रभावकारी संरक्षण, सम्वर्द्धन र सम्मान गरी मानव अधिकार संस्कृतिको विकासमा जोड दिने रणनीति अवलम्वन गरिएकोछ। यस प्रयोजनका लागि कार्य योजनामा समावेश हुने बालबालिका, महिला, जनजाति, अल्पसंख्यक तथा दलित, श्रम, शिक्षा तथा संस्कृति, वातावरण तथा विकास, स्वास्थ्य, कारागार, न्याय प्रशासन, कानून र विधायन एवं द्वन्द व्यवस्थापन आदि मानव अधिकार सम्बन्धी कार्यक्रमलाई उपलब्ध श्रोत र साधनको परिधि भित्र रही समन्वयात्मक रुपमा संचालन गरिने छन्। मानव अधिकार र राष्ट्रिय कार्ययोजनाको बारेमा जनसरोकार अभिवृद्धि गर्न विभिन्न चेतनामूलक कार्यक्रम संचालनगर्ने, मानव अधिकारका मूलभूत मान्यता अनुरूप हुने गरी मौजुदा कानूनहरूमा समसामयिक सुधार गर्ने, राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, दलित आयोग, जनजाति प्रतिष्ठान लगायत मानव अधिकारसंग सम्वन्धित निकायको संस्थागत सुदृढीकरण गर्नुका साथै शिक्षण संस्था सरकारी स्तरबाट संचालन हुने तालिम केन्द्र, प्रशिक्षण प्रतिष्ठान आदिको पाठ्यक्रमहरूमा मानव अधिकार शिक्षालाई समावेश गर्ने कार्यक्रम समेत दशौं योजनाले निर्धारण गरेको छ।

यस योजना अवधिमा संचालन गरिने यी कार्यक्रमहरूबाट नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रदत्त मौलिक हक र नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूको प्रभावकारी रूपमा कार्यान्वयन हुन जानुका साथै मानव अधिकार प्रति सम्मान र संस्कृतिको विकास हुन जाने अपेक्षा गरिएको छ।

श्री ५ को सरकारबाट मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय जनजाति प्रतिष्ठान आदि जस्ता मानव अधिकारको क्षेत्रमा सक्रिय निकायहरूलाई अझ बढी सुदृढ र सवल बनाउने, मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने, सुरक्षा निकायहरू अन्तर्गत स्थापित मानवअधिकार सेलहरूलाई अझबढी सक्रिय बनाउने, मानव अधिकारको विषयमा क्रियाशिल गैरसरकारी संघ संस्था र नागरिक समाजसंग निकट सम्वन्ध राखी कार्य गर्ने आदि जस्ता नीतिहरू लिई तदनुरुप कार्यक्रम बनाई कार्यान्वयन गर्न श्री ५ को सरकार सक्रिय रहेको व्यहोरा निर्देशानुसार अनुरोध गरिन्छ।

केसवप्रसाद बास्तोला

उपसचिव

परराष्ट्र मन्त्रालय

संयुक्त राष्ट्र संघको वडापत्र प्रति नेपाल मानवअधिकार तथा आधारभूत स्वतन्त्रतालाई प्रवर्द्धन एवं प्रोत्साहन गर्नमा सधैं प्रतिवद्ध छ। नेपाल अधिराज्यको संविधान २०४७ का प्रमुख विशेषताहरू मध्ये मानवअधिकार घोषणापत्र लगायतको दस्तावेजमा उल्लेखित नागरिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, सामाजिक लगायतका मौलिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्नु रहेको छ। धेरैजसो यी अधिकारहरू संविधानका निर्देशक सिद्धान्तहरू अन्तर्गत राखिएका छन्।

नेपाल ६ मुख्य सन्धीहरू सहित अन्य १६ विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार दस्तावेजहरूमा पक्ष राष्ट्र भएको

छ। यसका अतिरिक्त नेपालले वालअधिकार महासन्धिका थप दुई ऐच्छिक प्रलेख र महिला वालअधिकार महासन्धिका थप दुई ऐच्छिक प्रलेख र महिला विरूद्ध हुने सवै प्रकारका भेदभाव सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक प्रलेख गरी ३ थप अन्तर्राष्ट्रिय महासिन्धको प्रलेख हस्ताक्षर गरिसकेको छ। राष्ट्रमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि श्री ५ को सरकारले स्वायत्त एवं स्वतन्त्र राष्ट्रिय मानवअधिकार आयोग, महिला आयोगको स्थापना तथा प्रत्येक जिल्ला अदालतमा वालवालिका सम्वन्धी मुद्दा हेर्ने छुट्टै इजलासको स्थापना गरेको छ। श्री ५ को सरकारको यी कदम र पहलवाट नेपाल मानवअधिकारको संरक्षण र सम्वर्द्धन प्रति प्रतिवद्ध छ भन्ने कुरा दर्शाएको छ।

नेपालको सन् २००२ को जस्तो विग्रदो स्थितिमा समेत श्री ५ को सरकारले आफूसँग भएको क्षमता र शक्तिको प्रयोगवाट नेपाल अधिराज्यको संविधानद्वारा प्रद्धत्त मौलिक अधिकारहरूको संरक्षण र सम्वर्द्धनको लागि कुनै पनि मौकालाई प्रयासलाई खेर जान दिएको छैन।

नेपालले अधिकारजनित संस्कृतिलाई वढावा दिनकै लागि भियनामा सम्पन्न भएको मानवअधिकार सम्वन्धी सम्मेलन १९९३ वाट दिइएको सुझाव अनुसार राष्ट्रिय मानवअधिकार कार्य योजनाको अँगिकार अन्तिम चरणमा पुगेको छ। त्यसैगरी, जनताका आधारभूत मानवअधिकारका मूल्य र मान्यतालाई अँगिकार एवं संरक्षण गर्नका लागि सरकारी निकायहरू मुख्य मन्त्रालयहरू र शाही नेपाली सेना तथा नेपाल प्रहरीमा समेत मानवअधिकार सेलको स्थापना भएको छ।

नेपाल पक्ष राष्ट्र भएका मानवअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूलाई राष्ट्रिय कानूनको स्वरूपमा ढाल्ने काममा श्री ५ को सरकारले उल्लेखनीय रूपमा प्रगति गरेको छ। त्यस्तै ६ वटा मुख्य सन्धि जनित कानुन अन्तर्गत पक्ष राष्ट्रले पूरा गर्नुपर्ने दायित्व, प्रतिवेदन पेश गर्नु पर्ने दायित्वको सम्वन्धमा नेपालले महिला विरूद्ध सवै प्रकारको भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धको संयुक्त दोस्रो र तेस्रो प्रतिवेदन सम्वन्धित समितिमा पेश गरिसकेको छ। जातीय भेदभाव उन्मूलन सम्वन्धी महासन्धीको सन्दर्भमा पन्ध्रौ पुरक प्रतिवेदन श्री ५ को सरकारले तयार गरिसकेको छ। हाल श्री ५ को सरकारले मानवअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको कार्यान्वयन गर्न गराउन तथा राज्यको प्रतिवेदन पेश गर्ने दायित्वलाई प्रभावकारी वनाउन अन्तरमन्त्री कार्यदलको गठन गरेको छ जसले विभिन्न मन्त्रालयहरूमा गठन भएको Focal point हरु वीच समन्वय गर्दछ। नेपालमा अन्तर्राष्ट्रिय रेडक्रसको समितिको कार्यालयको स्थापनाले पनि नेपाल मानवअधिकारको प्रत्याभूति वहाली प्रति सदा प्रतिवद्ध छ भन्ने कुराको पुष्टि गर्दछ।

भरतकुमार रेग्मी
शाखा अधिकृत

भूमीसुधार तथा व्यवस्था मन्त्रालय

नेपालको मध्य पश्चिम र सुदूर पश्चिम क्षेत्रका दाङ, वाँके, वर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूमा आफू तथा आफ्ना पिता पुर्खाले लिए खाएको ऋण कट्टा नहुँदासम्म ऋण दिने साहुका घरमा घरवालाको खटन पटनमा रही सपरिवार पुरै समय साहुका घरमा वसी घरायसी तथा कृषि सम्वन्धी काम गर्नुपर्ने प्रचलनवाट वाध्य भएका प्रायः थारू जातिका मानिसलाई स्थानीय थारू भाषामा "कमैया" भन्ने प्रचलन रहेको पाइन्छ। यसका अतिरिक्त यस शव्दले प्रत्येक माघे संक्रान्तिका दिनदेखि एक वर्षका लागि निश्चित नगदी वा जिन्सी ज्याला लिने शर्तमा घरवालाको खटन पटनमा रही पुरै समय सपरिवार घरवालाको घरायसी तथा कृषि सम्वन्धी काम गर्ने गरी मौखिक रूपमा अनुवन्धित भई काम गर्ने थारी जातिका मानिसलाई पनि वुझाउँछ।

आफू वा पिता पुर्खाले लिएको ऋण कट्टा गर्न कमैयाको रूपमा वस्ने व्यक्तिलाई उसको मञ्जुरीमा निजले लिएको ऋण साहुलाई वुझाए अर्को साहुले आफ्ना घरमा आफूले दिएको रकम कमैयाले पाउने ज्यलाावट कट्टा नहुँदासम्म कमैयाको रूपमा राख्ने गरी लैजान पनि पाउने प्रचलन पनि भएको देखिन्छ।

कमैयाहरू अर्काको घरमा वसेर काम गर्नुपर्ने, अशिक्षित, सिधासाधा भएकाले उनीहरूले कति ज्याला पाउनु पर्ने भन्ने कुराको आफूले राम्रो जानकारी थिएन। यस्तो अवस्थाको फाइदा उठाई टाठावाठा जग्गाधनीहरूले सामान्यतया वजार दर भन्दा कम ज्याला दिएर उनीहरूलाई काम लगाउने गर्दथे आफ्नो परिश्रमको उचित मजदुरी नपाउने भएपछि उनीहरूले पाउने ज्यालावाट उनीहरूका आवश्यकता पूरा हुन नसक्ने र विवाह जस्ता सामाजिक कार्य गर्नु पर्दा र औषधोपचार गर्दा लाग्ने थप रकम उनीहरूले जग्गाधनीवाट ऋणको रूपमा लिनु पर्दथ्यो। त्यस्तो रकम पनि उसले आफूले पाउनु पर्ने ज्यालावाट कट्टा गर्नु पर्दथ्यो। यस प्रक्रियाले उनीहरूलाई आफ्ना आवश्यकता धान्न सँधै श्रोतको कमी हुने र साहुसँग ऋण लिँदै रहनु पर्ने वाध्यता पर्ने गर्दथ्यो। यस्तो वाध्यताले गर्दा ऋण झन् झन् वढ्दै जाने र उनीहरूले आजीवन साहुको घरमा कमैयाको रूपमा रहनु पर्ने अवस्था थियो।

उनीहरूको यसतो दयनीय अवस्थालाई मनन गरेर सर्वप्रथम ०५२ सालमा कहाँ के कति कमैया रहेका छन् भनी श्री ५ को सरकारले लगत लिने काम गर्‍यो।

यसरी लगत लिइसकेपछि दयनीय अवस्थाको जीवन व्यतित गर्ग रहेका कमैयाहरुको जीवनस्तर उत्थान गर्नका निमित्त आ. व. ०५३/५४ देखि भूमिसुधार तथा व्यवस्था मन्त्रालयले कमैया वृत्ति विकास कार्यक्रम संचालन गर्न शुरु

गर्‍यो। यस कार्यक्रम अन्तर्गत कमैयाहरूलाई १० देखि २५ जनासम्मको एउटा समूह खडा गरी सबै कमैयाहरूलाई समूहमा आबद्ध गरियो। यसरी गठन गरिएका समूहको संख्या ७५२ थियो। त्यस्ता प्रत्येक समूहलाई ५ देखि २० हजार रुपैयाँसम्मको कोष उपलब्ध गराइयो। यो कोषबाट उनीहरूले आफ्ना समुह भित्रका सदस्यहरूलाई समूहले नै तोकेको ब्याज दरमा लगानी गर्ने र प्रत्येक व्यक्तिले प्रति महिना १० रुपैयाँ आफ्ना तर्फबाट पनि जम्मा गरी कोष बढाउने व्यवस्था गरियो। यसका अतिरिक्त कमैयाहरूलाई बिभिन्न किसिमका सिपमूलक तालिमहरू प्रदान गर्ने कार्यक्रम पनि संचालन गरियो। ती तालिमहरुमा सहाभगी हुने व्यक्तिको छनौट पनि कमैया समूहहरूले नै गरेर पठाउने व्यवस्था गरियो। यस प्रकार प्रदान गरिएका सिपमुलक तालिममा महिलाहरूलाई साक्षर बनाई सिलाई कटाई सम्बन्धी तालिम दिने र पुरुषहरूलाई डकर्मी, सिकर्मी, ड्राइभर, विद्युत जडान, बंगुरपालन, बाख्रापालन, रेडियो टिभी मर्मत तथा साइकल मर्मत जस्ता आय मुलक तालिम कार्यक्रम समावेश गरिएका थिए।

यस्ता सिपमुलक तालीम प्राप्त कमैयाहरू मध्ये केही कमैयाहरूले आफ्नो सिप अनुसार वैकल्पिक रोजगारीहरू सञ्चालन गरी आएका पनि देखिन्छन्। यी तालीम कार्यक्रमहरूलाई कमैयाले स्वीकार गरेका छन्। उनीहरू तालीम लिन लालायित देखिन्छन्। तालीम तथा समूह सञ्चालनबाट उनीहरूले आफ्नो आय आर्जन गर्ने माध्यमको रूपमा लिएका छन्। यस दृष्टिले हेर्दा सिमित मात्रामा भए पनि यो कार्यक्रमले उनीहरूको जीवनस्तर उकास्न केही हदसम्म सघाउ पुर्‍याएको छ भन्न सकिने अवस्था देखिन्छ।

कमैयाको मुक्ति

वर्तमान प्रजातान्त्रिक परिवेशमा पिता पुर्खाले खाएको ऋण कट्टा गर्न बँधुवा मजदूरको रूपमा रहेर जीवन व्यतित गर्नु पर्ने कमैयाको अवस्था एउटा जटिल एवं सोचनीय विषय भएकाले ०५७ साल श्रावण २ गतेका दिन श्री ५ को सरकारले एउटा आदेश जारी गरी कमैयाको मुक्तिको घोषणा गर्‍यो। यो घोषणामा अब उप्रान्त कमैयालाई कमैयाको रूपमा राख्न नपाउने र कमैयाले पनि कमैयाको रूपमा बस्न नहुने। यदि कसैले राखेमा कानूनी हिसाबले दण्डनीय हुनेछ र आफ्ना पिता पुर्खाले यस अघि खाएको ऋण कमैयाले तिर्न बुझाउन नपर्ने, त्यसै गरी त्यस्तमो ऋण साहुले असूल गर्न पनि नपाउने, यदि कसैले असूल गरेमा पनि दण्डनीय हुनेछ भन्ने कुरा उल्लेख भएको देखिन्छ।

यो सरकारी घोषणा पछि मुक्त कमैयाहरूले आफूलाई मुक्त भएको सम्झिएर साविक देखि बसेर काम गरी आएको घर धनीबाट निस्किएर विभिन्न ठाउँमा शिविर खडा गरेर बस्न लागे। वर्षादको समय भएको र बस्ने घर नभएकाले मुक्त घोषणा भए पछिका शुरुका दिन उनीहरूका लागि साह्रै नै दुःखमय रहे। उनीहरू पानी सम्म ओतिने छाप्रा तथा साधारण प्लाष्टिकका पालहरूमा बसेर जीवन धान्नु पर्‍यो। त्यतिखेर उनीहरूसंग खानको लागि अन्नको अभाव थियो भने श्रम गर्न शिविरहरूमा काम पनि उपलब्ध थिएन। त्यसैले श्री ५ को सरकार र केही गैर सरकारी संस्थाहरूले उनीहरू मध्ये साह्रै अप्ठ्यारो अवस्थामा परेकाहरूलाई अल्पकालिन सहयोग स्वरुप केही पाल, राहत स्वरूप केही नगद रकम तथा औषधी मुलो उपलब्ध गराउने काम भयो। यसै सहयोगको साहारामा उनीहरुले शुरूका २,३ महिना गुजारा गरे। त्यसपछि वर्षाद समाप्त भएपछि मात्र उनीहरूले केही काम पनि पाउन थाले र जीवन गुजारा गर्न केही सजिलो महसुस गर्न थाले।

मुक्तिको घोषणा हुने बित्तिकै श्री ५ को सरकारले फेरी कमैयाको लगत लिने काम गर्‍यो। यस पटक लिएको लगतका आधारमा दाङमा १ हजार १ सय २७, बांकेमा १ हजार ३ सय ४२, बर्दियामा ६ हजार ९ सय ७९, कैलालीमा ५ हजार ६सय ७३ र कञ्चनपुरमा ३ हजार १ सय ७० गरी जम्मा १८ हजार २ सय ९१ परिवार मुक्त कमैयाहरूको रहेको देखिन्छ।

मुक्तिको घोषणा भएको एक हप्ता भित्रै उनीहरूको पुनर्स्थापनाको व्यवस्था गर्न श्री ५ को सरकारले केन्द्रमा उप प्रधानमन्त्री तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा अन्य सम्बन्धित मन्त्रीहरू सदस्य रहेको ९ सदस्यीय केन्द्रिय समन्वय तथा अनुगमन समिति र हरेक मुक्त कमैया रहेका जिल्लाहरूमा जिल्ला विकास समितिका सभापतिहरूको अध्यक्षतामा ११ सदस्यीय अनुगमन तथा समन्वय जिल्ला कार्य समिति गठन गर्‍यो। यसरी गठन भएको समितिहरू मध्य केन्द्रको समितिलाई मुक्त कमैयाहरूको पुनर्स्थापना गर्न जग्गा व्यवस्था गर्ने जिम्मेवारी दिएको थियो भने जिल्ला कार्य समितिहरूलाई मुक्त कमैयाको पहिचान गरी घरबार केही नभएकालाई रातो सरकारी ऐलानी पर्तिमा बसोबास गर्दै गरेकालाई सिमा. २ कठ्ठासम्म जग्गा तथा घर हुनेलाई पहेंलो र २ कठ्ठाभन्दा बढी जग्गा हुनेलाई सेतो परिचय पत्र दिने र घरजग्गा केही नभएकालाई बढीमा ५ कठ्ठा सम्म जग्गा दर्ता गरी दिने र सरकारी ऐलानी पर्तिमा बसोबास गर्दै रहेकालाई उनीहरूले उपभोग गरेको जग्गा बढीमा ५ कठ्ठासम्म दर्ता गरी दिने अख्तियारी दिएको थियो।

मुक्त कमैयाहरूको वृत्ति विकास तथा पुनर्स्थापना सम्बन्धमा हालसम्म श्री ५ को सरकारबाट भएका प्रयासहरू :

बँधुवा मजदूरको रूपमा रही अत्यन्त दयनीय अवस्थाको जीवन यापन गर्न बाध्य भएका मुक्त कमैयाहरूलाई दासताको अवस्थाबाट मुक्ति गरी उनीहरूको वृत्ति विकास तथा पुनर्स्थापना गरेर सम्मान जनक रूपमा नागरिक जीवन बिताउन सक्ने अवस्थामा ल्याउन हालसम्म श्री ५ को सरकारले निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गरी सकेको छ।

(१) **मुक्तिको घोषणा** : मुक्त कमैयाहरूलाई एक प्रकारको बँधुवा मजदूरको रूपमा रही काम गर्न बाध्य हुनुपर्ने

अवस्थावावट उन्मुक्ति दिन श्री ५ को सरकारले ०५७ साल श्रावण २ गते कमैया मुक्ति को घोषणा गयो। यो घोषणा पछि अव कुनै पनि कमैयाले बँधुवा मजदूरको रूपवाट मुक्त पाएका छन् र अव उनीहरू मुक्त कमैया बन्न पुगेका छन्।

(२) **कमैया श्रम निषेध ऐन, ०५८ लागू** : ०५७ साल श्रावण २ गते गरेका कमैयाको मुक्तको घोषणालाई कानूनी रूप दिन श्री ५ को सरकार ०५८ सालमा कमैया श्रम निषेध ऐन संसदवाट पारित गराएर लागूगरेको छ। यो ऐन अनुसार अव कुनै पनि मुक्त कमैयाहरू परम्परागत रूपमा वस्न र कसैले त्यसरी राख्न नहुने यदि कसैले सो प्रावधान विपरित काम गरेमा सजायको भागी हुने मुख्य प्रावधान यस ऐनमा रहेको छ।

(३) **मुक्त कमैयाहरुको पुनर्स्थापनाको व्यवस्था** : मुक्त भएका कमैयाहरूलाई स्थायी रूपले बसोवास गराएर सम्मानजनकक नागरिक सरह जीवन व्यतित गर्न अनुकूल वातावरण तयार गर्ने उद्देश्यले श्री ५ को सरकारले निम्नानुसारका पुनर्स्थापन कार्यक्रम सञ्चालन गरेकोछ।

(क) घरजग्गा नभएका सुकुम्वारी मुक्त कमैयाहरूलाई वढीमा ५ कठ्ठा जग्गा दर्ता गर्ने र सरकारी ऐलानी पर्ति जग्गामा घर बनाई वसोवास गरी रहेका मुक्त कमैयाहरूलाई उनीहरूले भोग गरी रहेके ठाउँको वढीमा ५ कठ्ठासम्म जग्गा दर्ता गरी स्थायी रूपमा वसोबास गराई त्यसपछि सो पुनर्स्थापना गरिएका ठाउँमा अन्य विकासका पूर्वाधार सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने भन्ने श्री ५ को सरकारको नीतिगत अवधारणा अनुसार हालसम्म दाङमा ४ सय ५ परिवारलाई ७४ विगाहा १५ कठ्ठा ८ धुर, बाँकेमा ९ सय १ परिवारलाई १ सय १९ विगाहा १६ कठ्ठा ९ धुर, वर्दियामा ३ हजार ५ सय ९४ परिवारलाई १ सय ९५ विगाह १९ कठ्ठा १४ धुर, कैलालीमा ४ हजार ३ सय ९३ परिवारलाई ७ सय १३ कठ्ठा ३ धुर, कञ्चनपुरमा २ हजार ७ सय ९९ परिवारलाई ६ सय ८६ विगाह ८ कठ्ठा १५ धुर गरी जम्मा १२ हजार ९२ परिवारलाई २ हजार ३ सय ६१ विगाह १३ कठ्ठा ६ धुर जग्गा वितरण गर्ने कार्य सम्पन्न गरियो।

(ख) घरजग्गा नभएका मुक्त कमैयाहरूलाई घर निर्माण स्वरूप रू. १० हजार र हाल ३५ क्यूविक फिट काठ उपलव्ध गराउने भन्ने श्री ५ को सरकारले पश्चिम तराई गरिवी निवारण परियोजनावाट रू ९ करोड लिएर भूमि सुधार तथा व्यवस्था मन्त्रालय मार्फत उपलव्ध गराउने कार्यक्रम बनाएर हाल धमाधम रकम वितरण गर्ने काम भइ रहेको छ। यस कार्यक्रम अन्तर्गत ०५९ असार मसान्त सम्ममा पाँचवटै मुक्त कमैया जिल्लाका ७ हजार १ सय ४९ परिवारलाई कूल ५ करोड ७६ लाख ६ हजार रूपैयाँ वितरण भई सकेको छ।

घर वनाउन हाललाई ३५ क्यूविक फिट काठ उपलव्ध गराउने भन्ने श्री ५ को सरकारको नीति अनुसार वन तथा भू-संरक्षण मन्त्रालयवाट जिल्ला वन कार्यालयहरूलाई आदेश गई सकेको छ तर हालसम्म कैलाली जिल्लामा जम्मा १ सय ६७ परिवारलाई मात्र काठ उपलव्ध भई सकेको छ भने अरू काठ उपलव्ध हुने क्रममा रहेको छ। घर वनाउने सहयोग उपलव्ध गराइएका व्यक्तिमध्ये बाँके जिल्लाको रम्भना गाविस वनखेतमा बसोवास गराइएका करिव १५० व्यक्तिले नमुना घर निर्माण गरिसकेका छन् भने अन्य जिल्लाहरूमा पनि क्रमशः घर निर्माण गर्ने कार्य भई रहेको छ।

भरतमणि रिसाल
निमित्त सचिव

श्रम तथा यातायात मन्त्रालय

श्रम मन्त्रालयले श्रमिकहरूको संगठन गर्ने स्वतन्त्रता, मानवबोचित ज्याला र विश्राम, भेदभाव सहित व्यववहार, बालबालिकाको शोषणहरू श्रमवाट रक्षा जसता विषयहरूलाई मानवअधिकारका आधारभूत सिद्धान्तका रूपमा लिने गर्दछ। यस सम्वन्धमा श्री ५ को सरकारले आईएलओका महासन्धिहरू विश्राम सम्वन्धी महासन्धि, नं. १४ संगठित हुन पाउने र सामूहिक सौदावाजी गर्ने बारेको महासन्धि नं. ९८, सामान, कामका लागि समान ज्याला, सम्वन्धी महासन्धि नं. १००, भेदभाव विहीन रोजगारी सम्वन्धी महासन्धि नं. १११, न्यूनतम उमेर सम्वन्धी महासन्धि नं. १३१, काममा लगाउने न्यूनतम उमेर सम्वन्धी महासन्धि नं. १३८, वालश्रम उन्मूलन सम्वन्धी महासन्धि नं. १८२, आदिलाई अनुमोदन गरेको छ।

श्रम सम्वन्धी कानुनहरूको कार्यान्वयन तथा तर्जुमा गर्दा यी विषयहरूलाई आधारभूत विचारको रूपमा लिने गरिन्छ। श्रमको क्षेत्रमा यी महासन्धिहरू अनुरूप राष्ट्रिय कानुनहरू निर्माण गर्ने गरिएको छ।

संगठन गर्ने स्वतन्त्रता अन्तर्गत कामदार तथा कर्मचारीहरूले संगठन गर्ने अधिकार पाउका छन्। ट्रेड युनियन गठन गर्न, आफ्ना मर्काहरू हटाउन देशभर नै संगठनहरू स्वतन्त्र छन्। आफ्ना प्रतिष्ठानहरूमा माग राख्ने सौदावाजी गर्ने र सम्झौता गर्ने अधिकार संगठनहरूले निर्णय रूपमा उपभोग गरिरहेका छन्।

कार्यस्थलमा भेदभाव हटाउन श्रम कार्यालयहरूले निरीक्षण गर्ने र उजुरी परेमा कार्यवाही गर्ने व्यवस्था रहेको छ। वालश्रम उन्मूलन गर्ने, कारखानाहरूमा निरीक्षण गर्ने बालवालिका पाइएमा उद्दार गर्ने कार्यहरू श्रम कार्यालयहरूको नियमित कार्य हो। यो काम नियमित रूपमा हुने गरेको छ।

वालश्रम उन्मूलनका लागि मन्त्रालयले आई. एल. ओ. सित मिलेर सचेतना कार्यक्रमका साथै गरीव तथा वजारमा काम गर्न छोराछोरी पढाउन् पर्ने अवस्थाका परिवारको आय वढाउने कार्यक्रमहरू संचालन गरिएका छन्।

सिताराम उप्रेती
उपसचिव

राष्ट्रिय मानवअधिकार आयोग

सन् २००२ मा नेपालको मानवअधिकारको स्थिति संकटपूर्ण रह्यो। यस वर्षको अधिकांश अवधिमा संकटकाल लागू भयो। संकटकालमा मानवअधिकार उल्लंघनका घटनामा व्यापक वृद्धि भयो। यो वर्षभरमा लगभग ५ हजार जतिले हनाहकमा ज्यान गुमाए। देशमा आन्दोलनरत माओवादी समूह विगतका वर्षहरुका तुलनामा निकै आक्रमक रुपमा अघि बढेको र राज्य पनि प्रतिकारमा उत्रँदा व्यापक रूपमा मानवअधिकार उल्लंघनका घटनाहरु घटे। यस वर्ष राष्ट्रिय मानवअधिकार आयोगमा मात्र लगभग ४ सय जति मानवअधिकार उल्लंघनका विरुद्धमा उजुरी परे।

यो वर्ष राज्यपक्षबाट बेपत्ता पार्ने, गैरकानुनी थुनामा राख्ने, गिरफ्तार परेका व्यक्तिहरुलाई कानुनबमोजिम पेश गर्नुपर्ने, अधिकारीसमक्ष पेश नगर्ने, आफन्तलाई भेटघाट गर्न नदिने, सुरक्षा कार्वाहीमा मारिएकाहरुको सनाखत, पोष्टमार्टम र कानुनी अभिलेख राख्ने जस्ता काम नगर्ने क्रियाकलाप भए सथै सद्‌गति तथा मृत्युको सूचनाबाट मृतकका आफन्तहरु पनि वञ्चित भए। माओवादीलाइ फाइदा पुग्छ भन्ने निहुँमा जनताका खाद्यान्न, शिक्षा र स्वास्थ्य उपचार प्राप्त गर्नेजस्ता आधारभूत अधिकारहरुमा पनि असर पर्‍यो। सुरक्षा निकायबाट खानतलासी गर्दा मानवीय मर्यादालाई ख्याल गरिएन। महिलाहरुमाथि दुर्व्यवहारका घटनाहरु पनि घटे। राज्यले सर्वसाधारणको सुरक्षा र संरक्षण हुनसक्ने उचित वातावरण सिर्जना गर्न सकेन र दण्डहीनताका स्थितिलाइ न्युन गर्ने कार्यमा पनि सक्रियता देखिएन।

सरकारबाट आतंककारी घोषित हिंसात्मक आन्दोलनरत माओवादीहरुको राजनीतिक हत्या, सुराकीका नाममा गरिने हत्या, अपहरण र बेपत्ता, निर्मम र अमानवीय प्रकृतिको यातना र आफ्ना कब्जामा परेका सुरक्षाकर्मीको हत्या गर्ने जस्ता कार्यबाट मानवअधिकारको व्यापक हनन भयो। उनीहरुले निशस्त्र नागरिकहरुमाथि पनि आक्रमण गरे। बालबालिकाहरुलाई हिंसात्मक द्वन्द्वमा उपयोग गरेर बालअधिकारको व्यापक हनन भयो। जेनेभा कन्भेन्सनको साझा धारा ३ को भावना विरुद्ध युद्धका निशानाहरु छनौट गरिए। शिक्षक, व्यापारी एवं सर्वसाधारणहरुबाट समेत जवर्जस्ती चन्दा तथा जिन्सी असुल्ने काम भयो। आफुसँग असहमतहरुलाई धम्की दिने र बर्बर तरिकाले हत्या गर्ने कामहरु गरिए। महिलाहरु माथि दुर्व्यवहारका साथै सर्वसाधारणका घर र पहरी चौकीहरुमा लुटपाट र आगजनीका घटनाहरु घटाइए। शिक्षण संस्थामा पटक पटक आक्रमण र हड्ताल गरी शैक्षिक वातावरणलाइ धमिल्याउने काम भयो। यात्रुवाहक बस रोकेर आगो लगाउने तथा निर्दोष बालबालिकाको हत्या गर्नेसम्मका अमानवीय कार्यहरु गरिए।

यो अवधिमा प्रेसमाथि पनि नियन्त्रण गरियो। सञ्चार माध्यमहरुको सूचनामा पहुँच पुग्न सकेन। प्राप्त सूचना पनि सही रुपमा प्रवाह हुन सकेन। मानवअधिकारका सम्बन्धमा राजनीतिक दलहरुको पनि स्पष्ट दृष्टिकोण देखिएन। मानवअधिकारको उल्लंघन गर्नेहरुलाई कानुनी कार्वाही गर्ने तर्फ सरकार सक्रिय रहेन भने पीडित पक्षले पनि संवैधानिक एवं कानुनी हक नगन्य रुपमा मात्र प्राप्त गर्न सके। यस अवधिमा सबैभन्दा बढी सर्वसाधारण नै मानवअधिकारको हननका घटनाबाट पीडित भए।

यस अवधिमा व्यापक रुपमा मानवअधिकारको उल्लंघनका घटना माओवादी युद्धसँग सम्बन्धित रहे पनि अन्य घरायसी, सामाजिक, जातीय भेदभाव, अभिव्यक्ति स्वतन्त्रतामा अंकुश, श्रमशोषण आदि जस्ता कारणबाट पनि मानवअधिकार हननका घटनाहरु भए। तर माओवादी समस्याका कारण सिर्जित मानवअधिकार उल्लंघनका घटनाले यी घटनाहरुलाई उछिनेर छायामा पार्‍यो।

सन् २००२ को पछिल्लो समयमा संकटकाल हटे पनि स्थितिमा सुधार देखिएन। यो स्थिति हेर्दा संकटकालको कारणले मात्र मानवअधिकारको हननमा व्यापकता आएको भन्न पनि नसकिने अवस्था देखिन्छ। समग्रमा नेपालको सन्दर्भमा सन् २००२ मानवअधिकारको दृष्टिले हेर्दा ज्यादै निराशाजनक वर्षको रुपमा रह्यो।

अमृतबहादुर बस्नेत
उपसचिव

राष्ट्रिय दलित आयोग

शताब्दीऔं देखि सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रुपमा पछि पारिएका राज्यका लगभग एक चौथाई दलित समुदायका गरि आफ्नो हक, हित तथा अधिराज्यका साथमा देश विकासको मुलधारमा ल्याउने उद्देश्यले ०५८ साल चैत्र ६ गते राष्ट्रिय दलित आयोगको गठन श्री ५ को सरकारले गरेको छ। आयोगको कार्यक्षेत्र अन्तरगत जातिभेद तथा मानव अधिकार सम्बन्ध अध्ययन तथा अनुसन्धान समेत गर्ने भनी कार्यक्षेत्र तोकिएको हुँदा वर्तमान अवस्थामा भएको राष्ट्रिय समस्या दलितहरु के रहेछ भनि राष्ट्रिय दलित आयोगको टोली मानव अधिकारवादी तथा सामाजिक र संचारकर्मीहरुका साथमा अधिराज्यका ९ जिल्लाहरुमा भ्रमण गर्‍यो बारदेया, दाङ, कैलाली, बाँके, जुम्ला, रुकुम, अछाम, अर्घाखाँची तथा स्याङ्जालाई प्राथमिकता दिइ गरिएको थियो।

भ्रमण टोलीले यस आयोगमा बुझाएको प्रतिवेदन अनुसार वर्तमान अवस्थामा भएको राष्ट्रिय समस्यामा दलितको

आर्थिक अवस्थामा ज्यादै नाजुक भएको पाइयो। बसोवासको हैसियतमा खोलाको बगर, भिर जंगलको डाँडामा भएको पाइयो। वार्षिक आम्दानीले दुई महिना खान लगाउन नपुग्ने, पोषणका आधारमा भुटुन मसला थाहा नहुने। विद्यालय कुन चरीको नाम हो बालबालिकालाई थाहा नहुने। यातायात, बत्ति, पानी र स्वास्थ्य सेवाका सुविधाको लागि आकाशे खेतीको आशा गर्नुपर्ने। खुशियाली तथा सुखको दिनमा लागि बडा दशैं नै पर्खिनुपर्ने पाइयो। राजनैतिक दृष्टिकोणले कुनै पनि वडामा सदस्य समेत पाउन नसकिएको। वर्तमान अवस्थामा (वि.सं. ०५२ फागुन २ गते देखि हाल सम्ममा) मुख्य गरेर कामी, दमाई र सार्की तथा दलित समुदायका व्यक्तिहरूको घर परिवारमा हत्या युद्धका बंकरहरू खनिएका निर्दोष दलित नागरिकहरूलाई सुरक्षाकर्मीले माओवादीको आरोपमा थुनामा राखेका बेपत्ता पारिएका मरणासन्न पारि यातना दिएका र सेनाको गोलीबाट मारिएका पाइयो। त्यस्तै गरी माओवादी तर्फबाट दलितलाई जबरजस्ती विभिन्न कार्यक्रममा समावेश गराउने, दलित युवायुवतीहरूलाई मानव ढालको रूपमा प्रयोग गरेका घरमा भएको सामान्य खाद्यान्न पनि लुटेर खाइदिने, चन्दा माग्ने तथा वासस्थानलाई सेल्टरमा प्रयोग गर्ने। जबरजस्ती अपहरण गर्ने, सुराकीको आरोपमा शारीरिक यातना दिने, हत्या गर्ने तथा अंगभंगको सजाय दिने पाइयो।

यसै गरी माओवादी तथा सुरक्षाकर्मीहरूको दोहोरो मारमा परेका दलितलाई कारवाहीको शिकारमा परेपछि माओवादी तथा सुरक्षाकर्मीले कुनै दावी आ-आफ्नो तर्फबाट नगर्ने। आफ्नो पिडा व्यक्त गर्न प्रहरी, प्रशासन तथा अन्य सम्बन्धित निकायमा गएमा पुनः शिकार भइएला भन्ने त्रासमा परेका। उक्त विषयलाई लिएर राष्ट्रिय दलित आयोग त्यस तर्फ जाँदा निजहरू आश्चर्य व्यक्त गर्दै पीडा बताएको व्यहोरा उक्त प्रतिवेदनले जनाएको छ। उक्त प्रतिवेदन राष्ट्रिय दलित आयोगको वार्षिक कार्यक्रममा शब्द तथा दृश्य रूपले प्रसारित गरिएको व्यहोरा जानकारी गराइन्छ।

अन्तमा यसै गरी दलित समुदायका मानव अधिकार सम्बन्धी घटनाहरू नेपाल अधिराज्यका विभिन्न जिल्लाहरूमा ०५८ चैत देखि पुस १६ गतेसम्ममा छुवाछुतका १९ वटा उल्लेख्य घटनाहरू आयोगले टिपोट गरेको छ भने छुवाछुत सम्बन्धी एक, बलात्कार सम्बन्धी एक र भेदभाव सहितको कुटपिट एक गरी जम्मा ३ वटा निवेदन राष्ट्रिय दलित आयोगमा परेकोमा बलात्कारको निवेदन विचाराधीन रही अरू दुईटामा कारवाही भयो।

पुरुषोत्तम नेपाल

उपसचिव

नेपाल प्रहरी

आन्तरिक विद्रोहको विगतका वर्षहरूमा नागरिक समाज, सरकारी निकायहरू र द्वन्द्वका पक्षहरूलाई मानव अधिकारको सम्बर्द्धन र संरक्षण गर्न यस अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रशंसनीय कार्य गर्दै आएको छ। विगत वर्षका मानव अधिकार उल्लंघनका घटनाहरूको संकलन गरेर मानव अधिकार वर्ष पुस्तक निकाल्न लागेकोमा हामी बधाई ज्ञापन गर्न चाहन्छौं।

नेपाल प्रहरी राज्यमा शान्ति सुव्यवस्था स्थापना गर्ने एउटा महत्वपूर्ण र अत्यन्त जिम्मेवार निकाय हो। नेपाल प्रहरीका काम कर्तव्यलाई ऐन कानुनले निर्दिष्ट गरेका हुन्छन् र नेपाल प्रहरीको काम कारवाही राजयमा शान्ति सुव्यवस्था कायम गर्ने र नागरिकहरूको हक र मानव अधिकारको संरक्षण गर्ने मूल्य र आदर्शहरूबाट अभिप्रेरित हुने गर्दछन्।

कर्तव्य पालनाको सिलसिलामा प्रहरीबाट मानव अधिकारको हनन हुने वातावरण श्रृजना नहोस् भन्ने तर्फ नेपाल प्रहरीको हालको नेतृत्व अत्यन्त सचेत र संवेदनशील रहेको छ। विगतमा कतिपय अवस्थामा प्रहरी काम कारवाहीहरूबाट मानव अधिकार सम्बर्द्धनमा सहयोग नपुगेको भन्ने जस्ता संवेदनशी समाचारहरू बाहिर आउने गरेका र सो मा छानवीन गरी त्यस प्रकारका घटनाहरूको पुनरावृत्ति नहुने व्यवस्था मिलाउने एउटा संयन्त्रको स्थापना भई कतिपय दोषीहरू उपर विभागीय कारवाही समेत भएका छन्। सो कार्य उजुरी छानवीन र मानवअधिकार अनुगमन इकाईले गर्दै आएकोमा हाल प्रहरी महानिरीक्षकको सचिवालयमा नेपाल प्रहरी मानवअधिकार सेल गठन भई प्रभावकारी रूपमा मानव अधिकार संरक्षणका क्षेत्रमा महत्वपूर्ण कार्यहरू भइरहेका छन्। नेपाल प्रहरीले आफ्ना अधिकृत जवानहरूलाई मानव अधिकार सम्बन्धी तालिम र प्रशिक्षणको समेत नियमित व्यवस्था मिलाइएको छ। हिजो भएका गल्ती र त्रुटीहरूबाट सिकेर जनप्रिय र व्यवसायिक एवं गुणात्मक प्रहरी सेवा प्रदान गरी प्रजातान्त्रिक संस्कारको प्रतिस्थापनमा नेपाल प्रहरी हिजो भन्दा आज बढी सचेत, संवेदनशील र प्रतिवद्ध रहेको छ। नागरिकहरूको सुरक्षा र सम्मान भएमा समाजको प्रतिष्ठा अभिवृद्धि हुन्छ र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि हुन्छ भन्ने यथार्थलाई बुझेर प्रहरीको कार्यशैलीलाई समयानुकूल परिवर्तन र परिमार्जन गर्ने प्रयास गरिएको छ।

गत ७ वर्षसम्मको आन्तरिक विद्रोहले हाम्रा नागरिकहरू बीच सिर्जित हिंसा प्रतिहिंसाको अवस्थाको अन्त गर्नेतर्फ हाल लागू भएको युद्ध विरामलाई स्थायी शान्तिमा परिवर्तन गर्न सके मानवअधिकार उल्लंघनका घटनाहरु कम भई नागरिकले सदा चाहना गरेको शान्ति बहाल भई मानवअधिकारको उच्च संरक्षण र सम्बर्द्धन हुने वातावरणको

प्रतिस्थापन हुनेछ भन्ने हामीलाई लागेको छ। समग्रमा नेपाल प्रहरी मानवअधिकारको उल्लंघन हुन नदिन र त्यस्ता घटनाहरूको अनुसन्धान गरी कानुन बमोजिम कारवाही अघि बढाउन प्रतिबद्ध रहेको छ र सोही अनुसार अन्य सम्बद्ध पक्षहरू समेत सचेत र संवेदनशील रही आ-आफ्नो क्षेत्रबाट योगदान दिने वातावरण सृजना हुनु पनि त्यत्तिकै महत्वपूर्ण छ भन्ने हामीलाई लाग्दछ।

नवराज सिलवाल
प्रहरी नायब उपरीक्षक
नेपाल प्रहरी मानवअधिकार सेल

नेपाल बार एशोसियशन

जनयुद्ध सात वर्षको लामो हिंसात्मक श्रृङ्खला पछि हाल युद्ध विरामको स्थितिमा विश्राम लिएको छ। यो विश्राम दिगो एवं जीवन्त शान्तिमा परिणत हुनुपर्छ। वि. सं. २०६० साल यही शान्तिलाई मूर्तरूप दिन सफल हुनेछ, हामी सबैको आशा र विश्वास छ।

सन् २००२ साल युद्धको सँगसँगै शान्ति बहालीको प्रयासको निम्ति पनि अत्यन्तै सक्रिय वर्ष रह्यो। कतिपय मानिसहरूको जीवन लिला समाप्त भयो, कति नेपाली सुरक्षाकर्मीहरूको नियन्त्रणभित्र अमानवीय पीडा भोग्नु पर्‍यो, कतिले सुरक्षाकर्मीहरूको नजरबन्दबाटै आफ्नो परिवारजनहरू गायब पारिएका घटनाहरूबाट छटपटाई रहनु परेको छ। त्यस्तै माओवादीहरूबाट पनि संविधान र विद्यमान कानुन प्रतिकूल कामहरू भएको खबर प्राप्त भएको छ। जसबाट नागरिकहरूले भयभित हुनु पर्‍यो। सन् २००२ को मध्यान्तरमा विध्वंसात्मक तथा आतंककारी (नियन्त्रण) अध्यादेश २०५८ जसरी भयो जुन पछि गएर विध्वंसात्मक तथा आतंककारी (नियन्त्रण) ऐनको रूपमा संसदबाट पारित भयो। यही दौरानमा देशमा संकटकाल लागु भयो। माओवादीहरूलाई आतंककारी घोषित गरियो। माओवादीका नेताहरूको टाउकोको मूल्य सरकारले घोषित गर्‍यो।

माओवादीहरूको नाउमा रेड कर्नर नोटिस जारी गरियो। यस्तो विषम परिस्थितिमा मानवअधिकार उल्लंघनका घटनाहरूको तथ्यांक र प्रकृतिको विवरण पत्ता लगाउन सहज छैन। तत्काल बहाल रहेको प्रधानमन्त्री शेरबहादुर देउवाको सरकारबाट भए गरेका मानवअधिकार उल्लंघनका घटनाहरूप्रति राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ संगठनहरूप्रति देखाएको चासो अर्थपूर्ण एवं प्रभावकारी रह्यो। ती संघ संस्थाहरूबाट त्यस किसिमको चासो नदेखाएको भए स्थिति अझ कति भयावह हुन्थ्यो होला ? अनुमान गरौं।

नेपाल बार एसोसिएशनले मात्रै थुनामा राखिएको मानिसहरूको तर्फबाट सयौंको संख्यामा बन्दी प्रत्यक्षीकरणको रिट निवेदनहरू सर्वोच्च अदालनमा अन्य पुनरावेदन अदालतहरूमा दायर गरेको छ। दायर गरेका अधिकांश रिट निवेदनहरूमा बन्दीलाई छोड्ने आदेश भएका छन्। बन्दीलाई छोड्ने अदालतको आदेश हुँदाहुँदै पनि अदालतको आदेशलाई अवज्ञा गर्ने काम श्री ५ को सरकारबाट भए गरेका घटनाहरू प्रशस्त छ।

मानवअधिकारका उल्लंघनका घटनाहरू सम्प्रेषित भएको सालबसाली मानवअधिकार पुस्तक प्रकाशित गरेकोमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई हार्दिक बधाई छ।

मानवअधिकार पुस्तकले सबैको निम्ति अत्यन्त महत्वपूर्ण अभिलेखको रूपमा आफ्नो स्थान बनाएको छ।

मानवअधिकार पुस्तकले प्रस्तुत गरेका विवरणहरू वस्तुनिष्ट एवं तथ्यपरक छ। न्यायपालिका, कानुन व्यवसायी, सुरक्षाकर्मी, सञ्चारकर्मी, राजनीतिक दलहरू आमनागरिक सबैले यो पुस्तकको अध्ययनबाट २००२ सालमा नेपालमा मानवअधिकारको स्थितिको दायरा चित्रलाई आत्मसात गर्ने छन्। कुन निकायबाट मानवअधिकारको उल्लंघन एवं ज्यादती भएको छ, ती सबैको हिसाब किताब निकाल्न पनि यो पुस्तक महत्वपूर्ण दस्तावेज हुने विश्वास लिएको छु।

सिन्धुनाथ प्याकुरेल
वरिष्ठ अधिवक्ता
अध्यक्ष, नेपाल बार एशोसियशन

अनुसूची ५

क्रिया/प्रतिक्रिया

प्रत्येक वर्ष पुस्तक समसामयिक सन्दर्भहरूको समीक्षात्मक दृष्टिकोणसहित जिल्लागत घटनामालाको रूपमा प्रकाशित हुने गरेको हुँदा निकै उपयोगी छ। जसले, मानवअधिकार एवम् सामाजिक न्यायको आन्दोलनलाई हिम्मतका साथ प्रतिनिधित्व गरिरहेको पाइएको छ। जुन, प्रशंसनीय छ।

खड्ग राई, संयोजक, जिल्ला तदर्थ समिति, गैसस महासंघ, संखुवासभा

राज्यले सारा कलम भुत्ते बनाएको बेला पनि इन्सेकले आफ्नो कलमलाई धारिलो बनाई वर्ष पुस्तक प्रकाशनलाई निरन्तरता दिएकोमा इन्सेक धन्यवादको पात्र छ। कुनै खतराको परवाह नगरी इन्सेक र यसका प्रतिनिधिहरूले मानवअधिकार आन्दोलनका अथक सिपाहीको रूपमा रहेर तयार पारिएको यो वर्ष पुस्तकलाई अझ सर्वसुलभ रूपमा सबैले प्राप्त गर्न सकुन्।

गंगा विष्ट, संवाददाता, नेपाल टेलिभिजन, संखुवासभा

मानवअधिकार वर्ष पुस्तक २००२ प्राप्त भयो। उक्त पुस्नकमा मानवअधिकारसँग सरोकार राख्ने विविध विषयलाई समेटेर तयार पारिएको र त्यसबाट मानवअधिकार प्रवर्द्धनमा गहकिलो योगदान मिल्न गएको देखिन्छ। यस्तो कार्यको प्रशंसा गर्दै थप सफलताको लागि शुभकामना व्यक्त गर्दछु।

बाबुराम लामिछाने, प्रजिअ, धनुषा

सर्लाही जिल्लामा भएका मानवअधिकार हननका घटनाहरूलाई वर्ष पुस्तकले सकेसम्म समेट्ने प्रयास गरेको पाइयो। आगामी दिनका घटनाहरूलाई सूत्रबद्ध रूपमा यथार्थपरक ढंगले समेट्ने काम होस् भन्ने कामना गर्दछु।

प्रेमप्रसाद सिलवाल, जिल्ला न्यायाधीश, सर्लाही

मानवअधिकार वर्ष पुस्तक २००२ मानवअधिकार सम्बन्धी महत्वपूर्ण दस्तावेजको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा परिचित भएको छ। मानवअधिकारका घटनाहरूलाई बाहिर ल्याएर मानवअधिकारको रक्षा र सम्वर्द्धनमा मानवअधिकार वर्ष पुस्तक एउटा निरन्तर आन्दोलनका रूपमा स्थापित भएको महसूस गरिएको छ।

केशव ढुंगाना, सचिव, नेकपा (एमाले), सर्लाही

मानवअधिकारको क्षेत्रमा विगत एक दशकको यात्रामा यसले व्यहोर्नुपरेको उकाली-ओराली, आरोह-अवरोहप्रति हाम्रो सहानुभूति छ। मुलुकको बिग्रँदो मानवअधिकारको स्थितिप्रति इन्सेक अझ बढी सजग हुनु आजको आवश्यकता हो। यसमा उल्लेखित घटनाहरू प्रकाशित हुनुअघि वास्तविकतामा आधारित छ-छैन जान्न जरूरी हुन्छ। समग्रमा, इन्सेकको यो प्रयास सफल छ।

सुशील शर्मा, कार्यालय सचिव, नेका, सर्लाही

माओवादी पक्षबाट भएका यावत् मानवअधिकार हननका घटनाहरू तथा राज्यपक्षबाट भएका हननका घटनाहरूको प्रत्यक्ष वा परोक्ष रूपमा कुराहरू बाहिर आएका छन्। बालबालिका तथा निर्दोष आम नेपाली जनताको बाँच्न पाउनुपर्ने हक, अधिकार हनन दुवै पक्षबाट भएको छ। त्यसको विरूद्धमा यथार्थ कुरा जनतासमक्ष ल्याउन वर्ष पुस्तकले महत्वपूर्ण भूमिका खेलोस्, शुभकामना।

अधिवक्ता बेनीबहादुर कार्की, अध्यक्ष, जिल्ला बाल कल्याण समिति, सर्लाही

मानवअधिकार हनन भएको सवालमा राज्यले पीडित पक्षलाई उचित न्याय दिन सकिरहेको छैन, बरू राज्यकै तर्फबाट समेत मानवअधिकार उल्लंघन भएको प्रशस्तै उदाहरणहरू छन्। तर पनि इन्सेकले प्रकाशन गर्ने मानवअधिकार हननका समाचारले प्रथमतः पीडित पक्षले केही सहानुभुति वा मानसिक राहत महसुस गरिरहेको हुन्छ। त्यसैगरी यस्ता समाचारहरूले मानवअधिकारकर्मीहरूलाई तथा राज्यपक्षलाई समाजमा मानवअधिकार बहाली गराउने तथा पीडित पक्षलाई न्याय दिलाउने काममा घच्घच्याउने गरेको छ। त्यसलाई मानवअधिकार तथा सामाजिक न्यायको क्षेत्रमा भएको महत्वपूर्ण उपलब्धि मान्नुपर्छ।

हरिकृष्ण बोहरा, अध्यक्ष, प्रेस चौतारी नेपाल, सर्लाही

इन्सेकद्वारा प्रकाशित हुँदै आइरहेको मानवअधिकार वर्ष पुस्तकले नेपालको मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा अतुलनीय योगदान गरेको छ। मानवअधिकार हनन हुँदा राज्यबाट न्याय नपाए पनि पुस्तकमा प्रकाशित विवरणबाट पीडित पक्षले केही राहतको अनुभव गर्ने गरेको पाइन्छ। सामाजिक असमानता र चेतनाको अभावले मानवअधिकार हननका धेरै घटनाहरू समाजमै पच्ने र हराउने गरेका छन्। वर्ष पुस्तकले धेरै घटना उजागर गरेको छ तर पनि अझ अनगिन्ती घटना छन्, जो प्रकाशमा आउन सकेका छैनन्। अतः आगामी दिनमा सूक्ष्म अवलोकन गर्दै लुकेका घटनाहरू उजागर गर्ने दिशामा इन्सेक अझ क्रियाशील हुने आशा गर्दछु।

चूडामणि वाग्ले, कार्यकारी सम्पादक, नव परिचर्चा साप्ताहिक, सर्लाही

मानवअधिकार वर्ष पुस्तक २००२ मा उल्लेख भएको मानवअधिकार हननका सम्बन्धमा लेखिएका घटनाहरू यथार्थमा ढाली निकाल्न खोजेकाले सो कार्य प्रशंसनीय रहेकोले सो मानवअधिकार सम्बन्धी पुस्तकमा अझ यथार्थ कुराहरू समेटेर प्रस्तुत होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

अभिवक्ता मन्जुर मियाँ मुकेरी, सचिव, नेपाल बार एशोसिएसन, सर्लाही

इन्सेकले प्रत्येक वर्ष मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्ने कार्यको निरन्तरता दिएकोमा खुशी व्यक्त गर्नेपर्छ। सर्लाहीमा भएका मानवअधिकारका घटनाहरूलाई वर्ष पुस्तकले जस्ताको तस्तै प्रकाशित गरेको हाम्रो ठहर छ।

शंकर श्रेष्ठ, सभापति, नेपाल पत्रकार महासंघ, सर्लाही

मानवअधिकार वर्ष पुस्तकले अन्य क्षेत्रका घटनाहरूलाई समेटे जस्तै गरी कारागारका कर्मचारीहरूको समस्या तथा कैदी, बन्दीको पक्ष एवम् समस्यालाई स्थानीयस्तर र केन्द्रसम्म पुर्‍याउने गरी इन्सेकले पहल गरोस् भन्ने कामनाका साथै वर्ष पुस्तक आगामी दिनमा अझ परिमार्जित होस् भन्ने कामना गर्दछु।

अनिलकुमार आचार्य, जेलर, कारागार शाखा, सर्लाही

जिल्लाको साथसाथै मुलुककै मानवअधिकारको अवस्थाबारे स्थितिबोध हुन गएको र यस पुस्तकको नियमित प्रकाशनले मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

दीपककुमार जोशी, प्रजिअ, मकवानपुर

यस जिल्लामा भएका मानवअधिकार हनन सम्बन्धमा भएका विवरणहरूलाई यस पुस्तकले सकेसम्म समेट्ने प्रयास गरेको पाइयो। आगामी दिनमा मानवअधिकार सम्बन्धमा यस जिल्लामा भएका यावत् घटनाहरूलाई सूत्रबद्ध गरी यथार्थ प्रतिवेदन प्रकाशित गर्ने काममा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

रघुनाथ खुलाल, सचिव, नेकपा (एमाले), मकवानपुर

मानवअधिकार हनन सम्बन्धमा भएका विवरणहरू प्रस्तुत पुस्तकले सकेसम्म यथार्थमा ढाली प्रस्तुत गर्न खोजेको कार्य प्रशंसनीय भएको र आउने वर्षमा अझ यथार्थ विवरणहरू प्रस्तुत होस् भन्ने शुभकामना।

मंगलनारायण मानन्धर, सभापति, नेकां, मकवानपुर

मानवअधिकार वर्ष पुस्तकले मुलुकको मानवअधिकारको स्थिति बोध गराएको छ। यस पुस्तकलाई मैले मानवअधिकार सम्बन्धी दस्तावेजको रूपमा लिएको छु।

माइकल रामचन्द्र अर्याल, सभापति, नेकां (प्रजातान्त्रिक), मकवानपुर

मानवअधिकार वर्ष पुस्तकमा देशभर भएका मानवअधिकार हननका घटनालाई उजागर गरी सचेतकको भूमिका निर्वाह गरेको छ।

मधु अधिकारी, सचिव, राप्रपा, मकवानपुर

प्रहरी संगठनका लागि इन्सेकद्वारा नियमित रूपमा प्रकाशित मानवअधिकार वर्ष पुस्तक ज्यादै उपयोगी छ। यस पुस्तकले सबैलाई मानवअधिकारको अवस्था र सचेत गराउने काम गरेको छ।

नारायणप्रसाद बस्ताकोटी, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

राज्य तथा गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाका बारेमा उल्लेख गरिएको यस पुस्तकले सबै मानवअधिकारवादीलाई देशको मानवअधिकारको अवस्थाका सम्बन्धमा जानकारी दिएको छ भन्ने महसूस गरेको छु। मानवअधिकारको उल्लंघन भैसकेपछि पीडित व्यक्तिले उपचार प्राप्त गरेको भए सो सम्बन्धमा समेत उल्लेख गरिएमा अझ राम्रो हुने थियो।

किशोर घिमिरे, श्रेस्तेदार, जिल्ला अदालत, सिन्धुली

सरकारी र गैरसरकारी क्षेत्रबाट भए, गरेका मानवअधिकार उल्लंघनका घटनाहरू निष्पक्ष रूपमा प्रकाशन भएको पाइन्छ। मानवअधिकारको बहाली र मानवअधिकारको उल्लंघनबाट रोकथाम गर्न बम, बन्दुक र गोली, बारुद आदि हतियारद्वारा सम्भव नरही आत्मसचेतन र स्वस्थ आलोचनारूपी

हतियारले मात्र अहम् भूमिका निर्वाह गर्न सक्ने हुँदा वर्ष पुस्तकको प्रकाशनले सो कार्य गर्न सफल भइरहेको छ।

अधिवक्ता कुम्भलाल अधिकारी दनुवार, नेपाल बार एशोसिएसन, सिन्धुली

गम्भीर प्रकारका मानवअधिकार उल्लंघन भएका घटनाको मानवअधिकार वर्ष पुस्तक २००२ ले तथ्यसहित सार्वजनिक गरेको छ। यो अत्यन्तै सराहनीय छ। आउँदो वर्षमा अझै सत्यतथ्यमा आधारित भएर सर्वसाधारण जनताले समेत जानकारी लिनसक्ने गरी वर्ष पुस्तक निरन्तरता पाइरहोस् भन्ने कामना गर्दछु।

रामकुमार पौडेल, अध्यक्ष, जनमोर्चा नेपाल, सिन्धुली

मानवअधिकार वर्ष पुस्तक यस्तो नाम हो, जसले राज्य र गैरराज्य पक्षबाट घटाइएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई पाठकसामू सुसुचित हुने अवसर प्रदान गरेको छ। जुन उद्देशयबाट वर्ष पुस्तक निरन्तर प्रकाशित हुँदै आएको छ, त्यो दिशामा सदैव अगाडि बढ्न सकोस्, भावी दिनमा अझ सशक्त मानवअधिकार आन्दोलनको योद्धा बन्न सकोस्, यही शुभकामना।

कौशल कोइराला, कार्यालय सचिव, नेकपा (एमाले), सिन्धुली

आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा समग्र क्षेत्रमा ठूलो जनधनको क्षति हुनुका साथै सिंगो मुलुकको मानवअधिकार स्थिति नाजुक अवस्थामा पुगिसकेको कुरा वर्ष पुस्तकमा उल्लेख भएको पाइयो। वर्ष पुस्तक मोटाउनु भनेको आम जनताको मौलिक हक अधिकार हननका घटनाहरू बढ्दै जानु हो।

रुद्रबहादुर खड्का, अध्यक्ष, प्रगतिशील मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब, सिन्धुली

मानवअधिकारको स्थिति दयनीय बनिरहेको वर्तमान परिप्रेक्ष्यमा इन्सेक प्रतिनिधिहरूद्वारा विभिन्न जिल्लामा भएका घटनाहरू एवम् पीडितका पीडाजन्य तथ्यांकहरू समेत समावेश गरी तयार पारिएको प्रस्तुत पुस्तकले निश्चय नै मानवतावादी आन्दोलनमा अमूल्य योगदान पुऱ्याएको छ भन्ने मलाई लागेको छ।

पूर्णप्रसाद बाँस्तोला, जिल्ला न्यायाधीश, भक्तपुर

मानवअधिकार वर्ष पुस्तक २००२ अध्ययन गर्ने अवसर प्राप्त भयो। उक्त पुस्तकमा उल्लेख गरिएका मानवअधिकार उल्लंघनका घटनाहरू सत्य-तथ्यमा नै आधारित हुन् भने घटनाहरूलाई व्यवस्थित रूपमा प्रकाशन गरी सर्वसाधारण जनतालाई सुसूचित गराउने कार्यलाई प्रशंसनीय नै मान्नुपर्दछ। प्रस्तुत पुस्तक अझ परिमार्जित र व्यवस्थित रूपमा प्रकाशन हुनेछ भन्ने आशा राख्दछु।

उदयराज पौडेल, श्रेस्तेदार, जिल्ला अदालत, धादिङ

पुस्तकमा यस जिल्लामा हनन भएका मानवअधिकारका घटनाहरू यथार्थ रूपमा चित्रित भएको पाएँ। बारुदमाथि शान्तिको प्रतीक परेवा उपस्थित भएको चित्र कम मार्मिक छैन। अब प्रकाशित हुने वर्ष पुस्तकले हत्या, हिंसा, बलात्कार जस्ता दुर्दान्त घटनालाई जनताका सामु विगतमा झैं उजागर पार्ने नै छ भन्ने सुभेच्छासहित आम पाठकको क्रयशक्तिलाई ध्यानमा राखी मूल्यमा पुनरावलोकन र सामान्य नागरिकको पहुँच हुने गाविस एवम् विद्यालयस्तरमा निःशुल्क रूपमा पुग्ने ढंगले वितरण हुन सकेमा दुर्गम क्षेत्रका हरेक नागरिकले समेत देशभर भएका घटनाहरूबाट सुसूचित हुने अवसर प्राप्त भई अझै यसको महत्व र गरिमा बढ्ने कुरामा म विस्वस्त छु।

सीताराम अधिकारी, पूर्व अध्यक्ष, नेपाल निजामति कर्मचारी संगठन, धादिङ

देशमा विद्यमान विषम परिस्थितिका कारण राज्य र गैरराज्यको तर्फबाट मानवअधिकारको ठाडो उल्लंघन हुने गरेको तथ्य यस पुस्तकमार्फत् सार्वजनिक भएको छ। हत्या, हिंसा र आतंकका कारण प्रेस जगत र मानवअधिकारकर्मीहरू नै पीडित बन्नुपरेको बेला मानवअधिकार वर्ष पुस्तकले ठूलो चुनौतिको सामना गर्दै आफ्नो संस्करण गराइरहेको छ।

केशव अधिकारी, अध्यक्ष, मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब तथा अध्यक्ष नेपाल स्वतन्त्र पत्रकार समाज, धादिङ

वर्ष पुस्तकको प्रकाशन स्तुत्य छ, उपयोगी, सान्दर्भिक छ। उल्लेख भएका तथ्यांकहरू सरल छन् तर घटनाहरूको व्याख्या यथार्थपरक भन्दा पनि प्रतिनिधिहरूको मौलिक कलामा आधारित भएको छनक पाइन्छ।

नेत्रराज पौडेल, अध्यक्ष, मानवअधिकार र विकास मञ्च, धादिङ

राष्ट्रको मानवअधिकारको स्थितिसूचक इन्सेकद्वारा प्रकाशित वर्ष पुस्तक मात्र हो। यसर्थ यो महत्वपूर्ण एवम् पठनीय छ। तर, कुनै-कुनै घटनाहरू अस्पष्ट र अपूरा छन् भने कतिपयको व्याख्या राजनीतिबाट प्रेरित भएर गरिएकोझैं लाग्छ।

रमेश अधिकारी, सम्पादक सल्लाहकार, धादिङ आवाज साप्ताहिक, धादिङ

मानवअधिकार उल्लंघनका घटनाहरू प्रकाशित भएपछि सर्वसाधारणसम्म पुऱ्याउने व्यवस्था मिलाउनु पऱ्यो। घटनालाई पुष्टि गर्ने फोटोहरू कम भएकाले त्यसतर्फ ध्यान जानु पर्दैन र? मानवअधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन होस् भन्ने पूर्ण कामना सहित।

गोकर्ण रुपाखेती, काउन्सिलर, बाल विकास समाज, महादेववेंशी शाखा, धादिङ

इन्सेकले नेपालका पचहत्तरवटै जिल्लामा वर्षभरि भएका मानवअधिकार उल्लंघनसँग सम्बन्धित विभिन्न घटनाहरूको सूचना संकलन र सोको प्रकाशन गरी मुलुकको मानवअधिकार स्थितिको बारेमा सम्बन्धित सबैलाई सुसूचित गराएको छ। त्यसैले मानवअधिकार वर्ष पुस्तक उपयोगीसिद्ध भएको छ। तथापि, सूचनाको संकलन अझ सत्यतथ्य र यथार्थमा आधारित बनाउन अनि सोको निष्पक्ष ढंगले प्रस्तुति हुन सके पुस्तकको विश्वसनियता अरू बढ्ने अपेक्षा गर्न सकिन्छ।

गोविन्दमणि भुर्तेल, प्रजिअ, तनहुँ

गैरराज्य पक्षहरूबाट उल्लंघन भएका मानवअधिकारका सम्पूर्ण घटनाहरूलाई वर्ष पुस्तकले उजागर गरी त्यो पक्षलाई सचेत गर्न सकेमा मानवअधिकारको सम्वर्द्धन र संरक्षणमा यसले निर्वाह गरेको दायित्व अझ सार्थक रूपमा प्रमाणित हुनेछ।

गणेश के.सी., प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, तनहुँ

वर्ष पुस्तकले मानवअधिकारप्रति चासो राख्ने तथा अन्य सम्बद्ध सबैलाई देशको यथार्थ स्थिति बुझ्न महत्वपूर्ण हुने विश्वास लिएको छु। कुनै राजनीतिक वा प्रशासनिक आग्रह, पूर्वाग्रहविना वस्तुस्थितिलाई प्रस्तुत गर्ने यस पुस्तकको परम्परा अझ परिस्कृत हुँदै जान सकेमा मानवअधिकारको संरक्षणमा सहयोग पुग्न जानेछ।

कुमारप्रसाद पोखरेल, जिल्ला न्यायाधीश, तनहुँ

राज्यका तीनै अंगबाट सरोकार भए, गरिएका राम्रा–नराम्रा कुराहरू तथा मानवअधिकारका सम्बन्धमा वर्षभरिमा भएका घटनाहरू संकलन गरी विश्लेषणात्मक रूपमा तयार पारिएको यस वर्ष पुस्तक सबैका निमित्त पठनीय र उपयोगी लाग्यो। आगामी दिनहरूमा पनि यसले आफ्नो निरन्तरता र विश्वसनियता हासिल गर्दै जाओस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

कृष्णमुरारी शिवाकोटी, शिरस्तेदार, जिल्ला अदालत, तनहुँ

मानवअधिकार वर्ष पुस्तक २००२ को अंकलाई अध्ययन, विश्लेषण र मूल्यांकन गर्ने अवसर दिनुभएकोमा यस संस्थालाई धन्यवाद दिन चाहन्छु। विगत लामो समयदेखि नै विभिन्न पक्षबाट भइआएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई उद्घाटित गरी भविष्यमा त्यस्ता घटनाहरू क्रमशः कम गराउँदै लैजाने अभियानमा निरन्तर जुट्नु प्रशंसायोग्य काम हो। वर्ष पुस्तकले समग्रमा, देशमा भइरहेका घटनाहरूलाई यथार्थ रूपमा समाजमा ल्याएको देखिन्छ।

एकबहादुर राना, सचिव, नेकपा (एमाले), तनहुँ

कानूनी प्रकृयाका आधारमा अदालतमा चल्ने मुद्दा र अदालतबाट हुने निर्णय, साधारण अवस्थामा हुने घरायसी झगडाका कुरा, भूमिपति, भूमिहीन, सुकुम्वासी समस्या तथा अशक्त भत्ता एवं स्वुसीराजीबाट हुने प्रेमविवाह जस्ता मानवअधिकारका विषयसँग सम्बद्ध नहुने कुरा यस पुस्तकमा समावेश गर्नु जरूरत छैन। मानवअधिकार वर्ष पुस्तक २००२ को पेज नं. ४६९ मा उल्लेखित मेरो टिप्पणीमा मेरो नाम मात्र उल्लेख नभएको हुँदा सोझै पक्षपात भएको प्रमाणित हुन्छ। अब आइन्दा यस्तो नगर्नको लागि समेत सुझाव छ।

रघुनाथ पौडेल, सभापति, नेकां, तनहुँ

विगतका तुलनामा मानवअधिकार उल्लंघनका घटनाहरूमा तथ्यगत गहिराइसम्म पुगी यथार्थता अवगत गराएको जस्तो लाग्यो। झन् राजदरबार सम्बन्धी घटनाको प्रत्येक दिनको फेहरिस्त पुस्तकमा उल्लेख गरेकाले सुनमा सुगन्ध भएजस्तो पाएँ। नेपाली जनताका मौलिक मानवअधिकारले संविधानभित्रै बन्दी जीवन बिताइरहेको वर्तमान परिप्रेक्ष्यमा आगामी वर्ष पुस्तक अझ सशक्त ढंगले आम जनतासमक्ष प्रस्तुत हुनेछ भन्ने अपेक्षासहित उत्तरोत्तर प्रगतिको शुभकामना दिन चाहन्छु।

शिवदत्त ढकाल, का.वा. अध्यक्ष, नेपाल बार एशोसिएसन, तनहुँ

वर्ष पुस्तक २००२ मा चित्रण गरिएको मुलुकी प्रशासनको अवस्थाले स्वदेश र परदेशमा रहेका नेपाली तथा विदेशी समेतलाई दुःखित तुल्याए पनि निराश भने कति बनाएको छैन। यसमा उल्लेखित सुझावहरू नीति निर्माण र सफल कार्यान्वयनको लागि सघाउ पुग्न नसक्ने प्रकृतिका देखिँदैनन्। यो ऐतिहासिक महत्व राख्ने पुस्तकले स्वस्थ नागरिक समाज सृजना गर्ने र पीडितलाई प्रतिफल पुऱ्याउने किसिमका विषयवस्तु समावेश गरेर अझ बढी विश्वसनियता लिन सकोस्।

यज्ञप्रसाद बस्याल, जिल्ला न्यायाधीश, गोरखा

मानवअधिकार वर्ष पुस्तक २००२ अध्ययन गर्ने मौका

पाएँ। समाजमा भएका साना-ठूला सबै घटनालाई समेट्न धेरै सफल भएको पाइयो। आगामी अंकहरूमा पनि राजनीतिबाट मुक्त रही देशमा भएका सबै प्रकारका घटनालाई समाजमा छर्लङ्ग पनि सफल होस् भन्ने कामना गर्दछु।

रेशमबहादुर गुरुङ, जेलर, कारागार शाखा, गोरखा

मानवअधिकार वर्ष पुस्तक २००२ मानवअधिकारको क्षेत्रमा अत्यन्त महत्वपूर्ण पुस्तकको रूपमा रहेको छ। मानवअधिकार विरुद्धका अधिकांश घटना समेट्न सफल रहेको यस पुस्तकले मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा थप बल प्रदान गर्ने देखिन्छ। पुस्तकको प्रकाशन सराहनीय छ। आगामी दिनमा पुस्तक अझै निष्पक्ष र सर्वसुलभ हुन सकोस्। प्रकाशनको निरन्तरताको कामना गर्दछु।

स्थानेश्वर दुवाडी, सभापति, मानवअधिकार तथा शान्ति समाज, गोरखा

इन्सेकजस्तो मानवअधिकार र सामाजिक न्यायका निम्ति स्थापित संस्थाले मानवअधिकारको हनन भएका घटनाहरूको निष्पक्ष र यथार्थ निवेदन गर्नु आवश्यक छ। विगतका वर्ष पुस्तकहरूमा भन्दा वर्ष पुस्तक २००२ मा सरकारी र गैरसरकारी पक्षबाट भएका घटनाहरू तुलनात्मक रूपमा औंल्याइएको पक्ष स्वागतयोग्य मान्नुपर्छ। आउँदा अंकहरूमा मानवअधिकार उल्लंघनका घटनाहरूको विश्लेषण वस्तुपरक र यथार्थताको धरातलमा रहेर जति गर्न सक्यो त्यति नै यो संस्थाको गरिमा र प्रतिष्ठा बढ्दै जाने कुरा स्वतःसिद्ध छ।

शिवप्रसाद नेपाल, प्रजिअ, लमजुङ

मानवअधिकारको क्षेत्रमा चेतनामूलक सन्देश प्रवाह गर्ने मानवअधिकार वर्ष पुस्तकको योगदान प्रशंसनीय छ। प्रत्येक व्यक्ति, संस्था वा निकायले आ-आफ्नो कर्तव्यको हेक्का नराखी अधिकारको मात्र खोजी गर्ने प्रवृत्तिको कारण पनि मानवअधिकार उल्लंघनका घटनाहरू बग्रेल्ती हुने गरेका छन्। वर्ष पुस्तक प्रकाशन गर्दा तथ्यको पुनरावृत्ति नगर्नेतर्फ सजग रहँदै गैरराज्यपक्षबाट हुने गरेका मानवअधिकार उल्लंघनका घटनाहरूलाई समेत यथोचित उजागर गरेमा पीडकहरू निरुत्साहित भई घटनाको न्यूनीकरणमा सहयोग हुने र वर्ष पुस्तक निष्पक्ष एवम् पारदर्शी हुने तथ्यमा विश्वस्त हुन सकिन्छ। आगामी प्रकाशनमा यसतर्फ थप ध्यान पुग्नेछ भन्ने समेत अपेक्षा राख्दछु।

धर्मराज पौडेल, जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, स्याङ्जा

मानवअधिकार वर्ष पुस्तकमार्फत् इन्सेकले मानवअधिकार उल्लंघनका घटनाहरू र त्यसका विरुद्धमा चालिएका सचेत प्रयत्न समेत प्रकाशित गरेर प्रशंसनीय काम गरेको छ। यस कार्यमा थप उर्जा प्राप्त होओस् भन्ने शुभेच्छासहित उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

चक्रबहादुर पराजुली, सचिव, नेकपा (एमाले), स्याङ्जा

मानवअधिकार वर्ष पुस्तक २००२ हेर्ने अवसर पाएँ। पुस्तकले हरेक वर्षझैं यस वर्ष पनि नेपाल अधिराज्यभर भएका मानअधिकार हनन सम्बन्धी घटनाहरू उल्लेख गरेकोमा धन्यवाद दिनैपर्छ। गतवर्ष भन्दा यस वर्ष घटना प्रस्तुतिमा निष्पक्षता भेटिएको छ। स्याङ्जाको घटना प्रस्तुत भएको छ। प्रहरीहरूको समेत नाम उल्लेख भएको राम्रो लाग्यो।

जयप्रसाद पौडेल, प्रवक्ता, नेका, स्याङ्जा

यस प्रकारको वर्ष पुस्तकबाट समाजमा व्याप्त हत्या, हिंसा बन्द गर्नमा मद्दत पुर्‍याउनका लागि अझ सत्यतथ्य खोजमूलक र वस्तुसम्मत होस् र देशका सम्पूर्ण राजनीतिक पार्टी र संघ, संस्थाहरूलाई सर्वसुलभ तरिकाले पुस्तक प्राप्त हुन सकोस् भन्दै आगामी प्रकाशन हुने मानवअधिकार वर्ष पुस्तक २००३ को लागि हार्दिक शुभेच्छा गर्दछु।

खिमबहादुर राना मगर, अध्यक्ष, जनमोर्चा नेपाल, स्याङ्जा

मानवअधिकार वर्ष पुस्तक २००२ समयमा नै प्राप्त भयो। सदाको वर्षभन्दा पनि परिस्कृत यस पुस्तकले मानवअधिकारको क्षेत्रमा पुर्‍याएको योगदानप्रति नेपाली काँग्रेस, नवलपरासी धन्यवाद दिन चाहन्छ। आगामी वर्षहरूमा पनि यसरी नै निष्पक्ष रूपमा मानवअधिकारको अवस्थालाई चित्रण गरी यस पुस्तकले ऐनाको काम गरोस् भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

विष्णु लामिछाने, कार्यालय सचिव, नेका, नवलपरासी

अनौपचारिक क्षेत्र सेवा केन्द्रले आफ्ना आवधिक प्रतिवेदन तयार गर्न जति लगनशिलता देखाएको छ, त्यसरी नै घटना सम्बन्धी वस्तुनिष्ठ चित्र उतार्न र सोको विश्लेषण गर्न चनाखो हुनुपर्ने देखिन्छ। नेपाल अधिराज्यभित्र राज्य, राजनीतिक दलहरू एवम् विभिन्न संघ-संगठनहरूद्वारा हुनसक्ने मानवअधिकार अतिक्रमणका घटनालाई वस्तुगत, तार्किक एवम् निष्पक्ष र सुदृढ रूपमा प्रस्तुत गर्न इन्सेक सफल रहनेछ भन्ने कामना र विश्वास गर्दछु।

प्रजिअ, नवलपरासी

मानवअधिकार वर्ष पुस्तक २००२ सरसर्ती पढें। दुई भागमा भएको यस पुस्तकको प्रथम भाग हालको तातो बतासको बारेमा विस्तृत विश्लेषण भएकोले हामीजस्ता पाठक वर्गलाई अत्यन्त लाभदायी हुने नै पाएँ भने दोस्रो भागबाट देशका कुना-कुनाका घटनालाई छोटकरीमा समेटेकोले जिज्ञासुलाई लाभप्रद नै छ। घटना पूरै नपरे पनि मुख्य-मुख्य घटना

नछुटाएकाले सराहना गर्नुपर्दछ। पुष्टि हुन नसकेका घटनाहरूलाई पनि तेश्रो भागमा देखाई मात्र दिए पनि खोजीको विषय हुन सक्छ। अरू सबै राम्रो छ। मानवअधिकार वर्ष पुस्तक दुव्लाउँदै जाओस्- मेरो शुभकामना।

हिमनाथ दवाडी, नि. प्रजिअ, रूपन्देही

मानवअधिकारको कहाली लाग्दो उल्लंघनको परिप्रेक्ष्यमा तथ्यहरू संकलन गरेर प्रकाशमा ल्याउनु आफैमा स्तुत्य प्रयास मान्नुपर्छ। यस पुस्तकले नेपाली जनतामा मानवअधिकारको चेतना बढाउनमा थप मद्दत गर्नेछ भन्ने हामीलाई लागेको छ। राजनीतिक दलहरूको कमी-कमजोरीहरूको चर्चा गर्दा सबै दलहरूलाई एउटै कोटीमा राखेर हेर्ने अमूर्त तटस्थतावाट भने यो पुस्तक पनि अछुतो रहन सकेन। प्रजातन्त्र र मानवअधिकारको आन्दोलन एक-अर्काका पूरक हुन तथा यी कुराहरू आफैमा सापेक्ष विषयहरू हुन् भन्ने कुरा यहाँहरू आफैले स्वीकार्नु भएके छ।

विजयकुमार पौडेल, सचिव, नेकपा (एमाले), रूपन्देही

मानवअधिकार वर्ष पुस्तक २००२ अध्ययन गर्दा देशका विभिन्न स्थानमा भएका घटनाको संक्षिप्त रूपमा चित्रण समेत गरी आम जनसमुदायमा जानकारी गराउने उद्देश्य राखी तयार पारिएको देखियो। यस पुस्तकमा देखाइएका घटना तथा लेखहरूले मानव जातिका लागि उपयोगी रहेको पाइयो।

श्यामबहादुर सिंह, नि. जेलर, कारागार शाखा, रूपन्देही

मानवअधिकार वर्ष पुस्तक २००२ नेपाल अधिराज्यभरमा सन् २००१ मा सरकारी-गैरसरकारी क्षेत्रवाट मानवअधिकारका उल्लंघनका सम्वन्धमा भएका घटनाहरूको संकलन गरी विश्लेषण गरिएवाट मानवअधिकारका विषयमा चासो राख्ने जोसुकैका लागि उपलब्धिमूलक रहेको छ। आकर्षक आवरणसहित तथ्य र आँकडा सहित प्रकाशित यस पुस्तकको आगामी अंकहरू अझ निष्पक्ष, सामाजिक, आर्थिक, साँस्कृतिक कारणवाट भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई पनि समावेश गर्दै प्रकाशन हुन सके वेश हुने थियो।

खडानन्द तिवारी, श्रेस्तेदार, जिल्ला अदालत, रूपन्देही

विगतका प्रकाशनझैं यस पुस्तकले समेत मानवअधिकारका विषयमा यथार्थपरक जानकारी गराउनेछ भन्ने लाग्छ। मानवअधिकारका जानकारी गराउनुका साथै मानवअधिकार हनन भएमा के-कस्तो प्रक्रिया अवलम्वन गरी अधिकारको संरक्षण गराउन सकिने हो भन्नेतर्फ समेत यो प्रकाशनले अभियानको थालनी गर्नेछ भन्ने मलाई लागेको छ।

गुणराज ढुंगेल, जिल्ला न्यायाधीश, गुल्मी

मानवअधिकारको स्थितिमा सुधार ल्याउन राज्यपक्षवाट हुने उल्लंघनका घटनाहरू रोक्नुपर्ने आम मान्यता रहेको भएता पनि हरेक नागरिकलाई उसका मौलिक एवम् नैसर्गिक अधिकारहरूको अकुण्ठित उपभोगका लागि गैरराज्य पक्षजस्तो जानापत एवम् लिंगका आधारमा हुने भेदभावमूलक अवस्थाहरूमा समेत यस संस्थाका प्रकाशनले यथेष्ठ ध्यान पुऱ्याउन सकेमा समग्रमा मानवअधिकारको स्थितिमा सुधार ल्याउन मद्दत पुग्ने भएवाट यसतर्फ पनि आगामी प्रकाशनमा ध्यान पुऱ्याइनेछ भन्ने आशा लिएको छु।

नेत्रप्रसाद शर्मा, प्रजिअ, गुल्मी

मानवअधिकार वर्ष पुस्तक २००२ सर्सर्ती हेर्ने मौका पाएँ। यसमा उल्लेखित विवरणहरूमध्ये उक्त अवधिमा मैले कार्यक्षेत्र वनाएका जिल्लाका विवरणलाई आधार मानि हेर्दा विगतका विवरणहरूभन्दा बढी तथ्य र वस्तुपरक भएको पाएँ। तर, मानव भएर स्वतन्त्रतापूर्वक वस्न, वाँच्न र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारहरू उपर भएका अतिक्रमणलाई अझै जीवन्त रूपमा चित्रण गर्न सकेको भए वेश हुने थियो।

प्रेमनारायण शर्मा, प्रजिअ, वाग्लुङ

मुलुकले नचाहेको वाध्यात्मक परिस्थितिवस बेहोर्नुपरेको संकटकाललाई उल्लेख्य विषय वनाई सो अवधिमा भएका मानवअधिकार उल्लंघन सम्वन्धी घटनालाई उजागर गरी प्रस्तुत गरेको प्रशंसनीय छ। घटनाको विश्लेषण र प्रस्तुतिमा अझै आत्मसंयमको अभाव देखिँदा आगामी अंक अझै परिस्कृत रूपमा आउने अपेक्षा गर्दछु। मानवअधिकारको विषयमा प्रस्तुत पुस्तक सम्वन्धित सबैको लागि गतिलो खुराक भएको तथ्यमा दुईमत छैन।

लेखनाथ घिमिरे, जिल्ला न्यायाधीश, पर्वत

यो पुस्तकले हामीजस्ता सामुदायिक विकासमा क्रियाशील गैरसरकारी सामाजिक विकास संस्थाहरूलाई समेत सहयोग पुऱ्याउने विश्वासका साथ आगामी अंकहरू अझै तथ्यपरक, परिस्कृत र परिमार्जित रूपमा प्रकाशन हुँदै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

विश्वप्रकाश प्रसाई, अध्यक्ष, राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, पर्वत

केही वर्ष यता इन्सेकद्वारा प्रकाशन हुँदै आएको मानवअधिकार वर्ष पुस्तक अध्ययन गर्दै आउने क्रममा सन् २००२ मा प्रकाशित वर्ष पुस्तक समेतको अध्ययन एवम् विश्लेषण गर्दा मुलुकमा वर्षभरि भएका मानवअधिकार सम्वन्धी घटनाहरूको आँकलन भएको पाइयो।

देशीराम पिया, प्रजिअ, पर्वत

देशमा मानवअधिकारको क्षेत्रमा भइरहेका गतिविधिलाई समेटेर तथ्यपरक सूचना सम्प्रेषण गर्ने उद्देश्यले मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरी इन्सेकले प्रशंसनीय कार्य गरेको छ। यो प्रकाशनले राष्ट्रवासी तथा विदेशका मित्रहरूलाई मानवअधिकारको यथार्थ स्थितिबारे जानकारी उपलब्ध गराउँदै आएको छ। बिना पूर्वाग्रह तथ्यमा आधारित घटनाहरूको निडरतापूर्वक प्रकाशन गरी मानवअधिकारको क्षेत्रमा आफूलाई अझ सशक्त ढंगले प्रस्तुत गर्न सकोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु।

गणेश तिमिल्सिना, निवर्तमान जिविस सभापति, पर्वत

आफ्नो अधिकारप्रति सचेत रहन र अरूको अधिकारको सम्मान गर्न प्रेरित गर्दै इन्सेकले आफ्नो अभियान सफल पार्दै अगाडि बढोस्। मानवअधिकार वर्ष पुस्तक २००२ अध्ययन गर्दा जति कुराहरू समेटिएका छन्, ठिक छन् भन्ने लागेको छ। अझै धेरै जनतासमक्ष पुग्ने काममा आफ्नो क्षमताको वृद्धि गर्नेतर्फ इन्सेकले ध्यान पुऱ्याओस्। इन्सेकको उत्तरोत्तर प्रगति र लक्ष्यमा पुग्न सफलता मिलोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

मोतिप्रसाद पौडेल, सचिव, नेकपा (एमाले), पर्वत

घटनालाई अझै सत्यतथ्यमा आधारित भई समाचार प्रकाशन हुन सके यसको प्रभावकारितामा वृद्धि हुने देखिन्छ। कारागारमा रहेका कैदी, बन्दीहरूसँग वर्षको कम्तिमा २ पटक भेटघाट गरी समस्याका बारेमा इन्सेक प्रतिनिधि ज्यूले बुझ्ने कार्यबाट पनि आफ्ना समस्या भन्न पाउने अवस्था भएको हुँदा मानवअधिकारको पक्षमा राम्रो कार्य हुने देख्दछु। मानवअधिकार वर्ष पुस्तकले निरन्तरता पाइरहोस् भन्ने शुभकामना छ।

डिल्लीराम शर्मा पौडेल, जेलर, कारागार शाखा, पर्वत

मुलुकमा वर्षभरि भएका मानवअधिकार सम्बन्धी घटनाहरूको आँकलन भएको पाइयो। त्यस्ता घटनाहरूको विवरण प्रकाशन गर्दा अझ बढी वस्तुगत एवम् तथ्यपरक हुनु जरुरी देखिन्छ। पुस्तकमा मानवअधिकार हनन एवम् संरक्षण सम्बन्धी विभिन्न पक्षबाट भए, गरेका काम, कारवाहीहरू समेत उल्लेख भएमा पाठकहरूलाई बढी ग्राहक प्राप्त हुने थियो।

लक्ष्मण गुरुङ, नि. प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, पर्वत

मानवअधिकार जस्तो महत्वपूर्ण विषयलाई नेपाल र नेपालीको भावना र चाहना अनुरूप एउटै पुस्तकको माध्यमबाट नेपाल अधिराज्यभित्र भएका क्रियाकलापलाई समेटी गहिराइमा पुगेर अध्ययन गर्न खोजिएको प्रस्तुत पुस्तकबाट नेपाली जनतालाई आफ्नो अधिकार संरक्षण हेतु सचेत गराएको छ भने सरकारलाई पनि मानवअधिकारको परिपालना गराउन हेतु क्रियाशील हुन दत्तचित्त गराउने प्रयास गरेको कुरामा विवाद छैन जस्तो मैले ठान्दछु।

वीरेन्द्रकुमार वाटाजु, जिल्ला न्यायाधीश, दाङ

मानवअधिकारको संरक्षण र सम्वर्द्धनको सवालमा वर्ष पुस्तक प्रकाशनको माध्यमबाट इन्सेकले गरेको कार्यलाई मानवअधिकारको शिक्षण-प्रशिक्षण तथा खबरदारी समेतको अर्थबाट लिन सकिन्छ। यस वर्षको उल्लेख्य "संकटकाल" को कारण तथा असरका बारेमा केही विवेचना भए पनि औचित्यताका बारेमा भने पुस्तक प्रायः मौन छ। मानवअधिकारको रक्षाका लागि संकटकाल आवश्यक थियो वा थिएन? संकटकालीन अवस्थाको घोषणा उपलब्धिमूलक हुने लक्षण देखियो कि प्रत्युत्पादक? संकटकालले नेपाली मानव जातिको संकट कम गर्ने लक्षण देखियो कि बढ्ने? यतितिरको मूल्यांकनको अभावले प्रथम गासमै ढुंगा लागेको भान हुन्छ। माओवादीका बारेको राजनीतिक दलहरूको मूल्यांकन पनि अधुरो र एकांगी रहेको छ। कम्तिमा क्षेत्रीयस्तरमा पुस्तकको बारेमा चर्चा र समीक्षाको आवश्यकता खट्किएको छ। बम गोलाको थुप्रोमा रूमल्लिएको शान्तिको अवस्था देखाउने भनिएको आवरण कला झट्ट हेर्दा मानवहड्डीहरूमाथि परेवा बस्न खोजेको जस्तो लाग्दछ।

डिल्लीराज आचार्य, रजिष्ट्रार, पुनरावेदन अदालत तुल्सीपुर, दाङ

मानवअधिकार वर्ष पुस्तक २००२ पढ्ने मौका पाएँ। यसरी आतंकले थिचेर कहालीलाग्दो देशको अवस्थामा पनि यसरी तपाईंहरूको प्रयासले पुस्तक प्रकाशन तथा यसमा समेटिएका बुँदा असाध्यै राम्रा छन्। यसलाई अझ प्रभावकारी बनाउन प्रहरी प्रशासनको जानकारीमा नआएका घटना पनि सार्वजनिक गर्नेगरी कानूनलाई सहयोग हुने आशा राख्दछु।

बालकृष्ण थापा, प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, प्युठान

मानवअधिकार वर्ष पुस्तक विगत केही वर्षदेखि नै २००२ सम्म पढ्ने मौका पाइरहेका छौं र यस्तो स्थितिमा पनि जिल्ला, गाउँ-गाउँसम्म मानवअधिकार सम्बन्धी सचेत गराई यसरी लामो प्रयासले पुस्तक प्रकाशन तथा जिल्लाहरूको मानवअधिकार हनन सम्बन्धी यथार्थ घटना अभिलेख राखिएको प्रयास अझ राम्रो हुँदै जाओस् र आउँदा वर्षहरूमा पनि हाम्रो मुलुकमा भएका केही छुटेका घटनाहरू पनि सम्प्रेषण गराई अझ अगाडि बढोस् भन्ने आशा लिएका छौं।

अर्जुनकुमार कक्षपति, अध्यक्ष, कालिका युवा क्लब, बिजुवारबजार, प्युठान

विगतमा मुलुकमा भए, गरेका मानवअधिकार हनन सम्बन्धी घटना विवरणबारे पनि फलोअप, सम्प्रेषणमा पनि यसको निकै महत्वपूर्ण भूमिका हुनुपर्छ। यस्तो महत्वपूर्ण दस्तावेजलाई अझ बढी प्रयास गरी, निष्पक्ष र समयसापेक्ष, जनचाहना अनुरूप परिस्कृत गर्नु जरूरी देखिन्छ। घटनाको तथ्यमा पुग्न र पुष्टि गर्न अझ सशक्त होओस् र हुँदै जाओस्।

सूर्यबहादुर विक, नेपाल पत्रकार महासंघ, प्युठान

वर्ष पुस्तकको माध्यमबाट मानवअधिकार उल्लंघनका घटनालाई यथार्थ रूपमा राख्दै आएकोमा हामी पत्रकारहरू ज्यादै उत्साहित छौं। मानवअधिकार दिन-प्रतिदिन हनन हुँदै गएको हाम्रो मुलुकमा अरू गम्भीर भई आउँदो वर्ष गाउँघरमा लुकिछिपी भइरहेका घटनालाई समेट्न सफल रहने आशा लिएको छु।

इमानसिंह भारती, सम्पादक/प्रकाशक, प्युठान समाचार साप्ताहिक, प्युठान

मानवअधिकारको उल्लंघनकारी पक्षबाट भएका घटनाहरूलाई मानवअधिकार वर्ष पुस्तक २००२ मा समेटी प्रकाशन गर्न सक्नु अति सराहनीय कार्य ठान्दछु। यस पुस्तकमा देशका सम्पूर्ण स्थलहरूमा स्थलगत अध्ययन गरी घटनाहरूका बारेमा अझ विस्तृत र सूक्ष्म कुराहरू अध्ययन गरी प्रकाशन गर्न सकेमा र यस पुस्तकलाई सुपथ मूल्यमा सर्वसुलभ गराउन सकेमा जानकारीमूलक हुनेथियो भन्ने सुझाव प्रस्तुत गर्दछु।

यज्ञराज भट्ट, जिल्ला न्यायाधीश, डोल्पा

मानवअधिकार वर्ष पुस्तक २००२ समग्रमा भन्नुपर्दा राम्रो छ। मुलुकमा भएका विविध घटना र गतिविधिलाई समेटेर वर्ष पुस्तक प्रकाशन गरी जनतालाई सुसूचित गर्ने जुन काम भएको छ, यो सराहनीय छ।

श्रीबहादुर शाही, महासमिति सदस्य, नेकां, डोल्पा

देशमा भएका सम्पूर्ण घटनाहरूलाई समेटी समग्र पक्षमा विश्लेषण समेत गरी तयार गरिएको मानवअधिकार वर्ष पुस्तक २००२ लाई मैले इन्सेक परिवारको निरन्तर मेहनत र सफलताको दस्तावेजका रूपमा लिएको छु। यस पुस्तकमा प्रकाशित न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका सम्बन्धी विश्लेषणबाट आगामी दिनहरूमा राज्यका यी तीन अंगहरूलाई सबल र सक्षम बनाउन अझै केही सुधार गर्नुपर्ने आवश्यकता महसूस हुन्छ।

गोविन्दबहादुर शाही, नि. जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, डोल्पा

अनुसूची ६

वर्ष पुस्तक २००३ तयारीका क्रममा संलग्न व्यक्तिहरु

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

सुशील प्याकुरेल - मानवअधिकार वर्ष पुस्तकका दश वर्ष : नेपालमा मानवअधिकारको स्थिति

कुन्दन अर्याल - अन्यौलमा संविधान

प्रा. पवनकुमार ओझा - न्यायपालिका

शार्दुल भट्टराई - कार्यपालिका

कृष्णमुरारी भण्डारी - व्यवस्थापिका

पद्मप्रसाद खनिवडा - सन् २००२ को मानवअधिकार स्थिति समग्र मूल्यांकन

जिल्लागत प्रतिवेदन तथा तथ्यांक रुजु

१. गणेश भण्डारी
२. जीवन्त वाग्ले

जिल्ला प्रतिनिधिहरु

१. पूर्वाञ्चल

१.१ झापा - गणेश पोखरेल
१.२ इलाम - प्रकाश अधिकारी
१.३ पाँचथर - कृष्ण ओझा
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दिपेन न्यौपाने
१.६ सुनसरी - राम कोइराला
१.७ धनकुटा - रमेशचन्द्र अधिकारी
१.८ तेह्रथुम - छत्र निर्मिल्सिना
१.९ भोजपुर - चित्राङ्गत चौलागाई
१.१० संखुवासभा - विष्णु पोखरेल
१.११ सप्तरी - उषा पोखरेल
१.१२ सिराहा - देवराज पोखरेल
१.१३ उदयपुर - कुशलबाबु बस्नेत
१.१४ खोटाङ - युवराज राई
१.१५ ओखलढुंगा - गुरुवहादुर बस्नेत
१.१६ सोलुखुम्बु - तेजनारायण राजभण्डारी

२. मध्यमाञ्चल

२.१ धनुषा - रोशनदीप ढकाल
२.२ महोत्तरी - ईश्वरी काफ्ले
२.३ सर्लाही - विदुर प्याकुरेल
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल, वालकृष्ण शर्मा
२.७ रौतहट - विपिन गौतम, लक्ष्मणप्रसाद रेग्मी
२.८ वारा - रुद्र धिताल, कृष्ण लामा
२.९ पर्सा - प्रेम कार्की
२.१० चितवन - मुकुन्द दाहाल
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - जीवन्त वाग्ले
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमिल्सिना
२.१४ भक्तपुर - अकुर न्यौपाने
२.१५ काठमाडौं - गणेश भण्डारी
२.१६ धादिङ - सिताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नानिवाबु धिताल
२.१८ नुवाकोट - केशव मिश्र, रामचन्द्र भट्ट
२.१९ रसुवा - जीवन्त वाग्ले

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रेमप्रसाद पौडेल
३.२ गोरखा - भीमलाल श्रेष्ठ
३.३ लमजुङ - कृष्ण अधिकारी
३.४ स्याङ्जा - निर्मला तिवारी
३.५ कास्की - लक्ष्मीराज पौडेल
३.६ मनाङ - कमानवहादुर गुरुङ
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - भीष्मराज पन्थी
३.९ पाल्पा - कृष्णप्रसाद वस्याल
३.१० कपिलवस्तु - नन्दराम पौडेल
३.११ अर्घाखाँची - खिमप्रसाद मरासिनी
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ वाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - चन्द्रवहादुर गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - भरतमणि ढकाल
४.२ प्युठान - महेन्द्रप्रसाद श्रेष्ठ
४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - रामप्रकाश थापा
४.५ रुकुम - जिवन खड्का
४.६ बाँके - विजय चन्द
४.७ वर्दिया - नारायण सुवेदी
४.८ सुर्खेत - भूपेन्द्र रावत

४.९	जाजरकोट	- राजकुमार शाक्य
४.१०	दैलेख	- सूर्यबहादुर शाही
४.११	डोल्पा	- विष्णुलाल बुढा
४.१२	जुम्ला	- राजेन्द्र महत
४.१३	कालिकोट	- हर्कबहादुर बम, कुशराज शाही
४.१४	मुगु	- कृष्णमुरारी प्रसाद भट्ट
४.१५	हुम्ला	- रमेश ऐडी

५. सुदूर पश्चिमाञ्चल

५.१	कैलाली	- हेमन्त पौडेल
५.२	अछाम	- रतनबहादुर रावल
५.३	डोटी	- नरबहादुर आउजी, जगतबहादुर विष्ट
५.४	बाजुरा	- निरबहादुर शाही
५.५	बझाङ	- अर्जुनबहादुर सिंह
५.६	कंचनपुर	- कृष्णदेव पन्त
५.७	डडेलधुरा	- केशव बोहोरा, सिद्धराज पनेरू
५.८	बैतडी	- शेरबहादुर चन्द
५.९	दार्चुला	- नारायणदत्त भट्ट

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल

१. पोपराज अधिकारी २.

मध्यमाञ्चल

१. समझना श्रेष्ठ २. सृजना शर्मा

पश्चिमाञ्चल

१. सोमराज थापा २. जनक कँडेल

मध्य पश्चिमाञ्चल

१. भोला महत २. भजन चौधरी

सुदूर पश्चिमाञ्चल

१. खड्कराज जोशी २. राजकुमार चौधरी

फोटो स्रोत

१. इन्सेकको आफ्नै संकलन
२. नेपाल टेलिभिजन
३. नवयुग पाक्षिक

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले, अन्य पाँच जनालाई "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिने गरिएको छ। "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रू. ७०००।-, "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रू. ५०००।- र प्रशंसापत्र रहेको छ।

सर्वोत्कृष्ट
विजय चन्द, बाँके

उत्कृष्ट
कुशलबाबु बस्नेत, उदयपुर

उत्कृष्ट
नवराज पथिक, रामेछाप

उत्कृष्ट
निर्मला तिवारी, स्याङ्जा

उत्कृष्ट
रमेश ऐडी, हुम्ला

उत्कृष्ट
केशव बोहोरा, डडेलधुरा

इन्सेक पुस्तक ११० / २०५९

०५९ साल कार्तिकमा नेपाल अधिराज्यको संविधान ०४७ लागू भएको बाह्र वर्ष पूरा भयो। बाह्रौं संविधान दिवसका अवसरसम्म आइ पुग्दा-नपुग्दै वर्तमान संविधानको भविष्यसँग सम्बन्धित कैयन प्रश्नहरु खडा हुन पुगे। छयालीस सालको ऐतिहासिक जनआन्दोलनको ठोस उपलब्धीका रुपमा परिभाषित यो संविधान एउटा पनि संशोधन नभई अर्धमृत हुन पुग्यो।

कूल २३ वटा भाग, १ सय ३३ वटा धारा र ३ वटा अनुसूचीमा समेटिएको विद्यमान संविधानका सबै जसो धाराहरुको प्रयोग बितेका बाह्र वर्षमा भए। तर, सबै तिरबाट यस संविधानको पालनाका निम्ति सैद्धान्तिक प्रतिबद्धता दर्शाइदा-दर्शाईदै पनि सन् २००२ को अन्त्यसम्मै अन्यौलको अन्त्य हुन सकेन। संविधानको पालनका सम्बन्धमा राजनीतिक शक्तिहरुबीच उत्पन्न अविश्वासको वातावरणको अन्त्य फेरि पनि यसकै सम्मानबाट मात्र हुन सक्छ भन्ने मान्यता, क्रमशः कमजोर हुन थाल्यो।

इन्सेक insec

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्युचाटार, पत्र मजुषा : २७२६ काठमाण्डौ

फोन : ४२७८७७० फ्याक्स : ४२७०५५१

ईमेल : insec@insec.org.np

वेभ साइट : www.insec.org.np

ISBN 99933-751-8-7